अथ चतुर्दशोऽध्यायः

भक्तियोगको महिमा र ध्यानविधिको वर्णन

उद्धव उवाच (उद्धवले भने)

वदन्ति कृष्ण श्रेयांसि बहूनि ब्रह्मवादिनः ।

तेषां विकल्पप्राधान्यमुताहो एकमुख्यता ॥ १ ॥

पदार्थ—
कृष्ण = हे श्रीकृष्ण
ब्रह्मवादिनः = वेदवादीहरू
श्रेयांसि = कल्याणका साधन
बहूनि = धेरै
वदन्ति = बताउँछन्
तेषां = तिनीहरूमा
विकल्पप्राधान्यं = कहिले कुनै र कहिले कुनै मात्र प्रधान छ
उताहो = अथवा
एकमुख्यता = कुनै एकमा चाहिँ प्रधानता छ

वाक्यार्थ— हे श्रीकृष्ण ! वेदवादीहरूले आत्मकल्याणका धेरै किसिमका साधनहरू बताएका छन्। तिनमा आ-आफ्नो दृष्टिले सबै मुख्य छन् अथवा एउटै मात्र मुख्य छ ?

भवतोदाहृतः स्वामिन् भक्तियोगोऽनपेक्षितः ।

निरस्य सर्वतः सङ्गं येन त्वय्याविशेन्मनः ॥ २ ॥

पदार्थ—
स्वामिन् = हे प्रभु
भवता = हजुरद्वारा
अनपेक्षितः = निष्काम
भक्तियोगः = भक्तियोग चाहिँ
उदाहृतः = (परमात्मप्राप्तिको साधन हो भनेर) बताइयो
येन = जुन भक्तियोगद्वारा
सर्वतः = सबै विषयबाट
सङ्गं = आसक्तिलाई
निरस्य = हटाएर
मनः = मन
त्वयि = हजुरमा
आविशेत् = लागोस्

वाक्यार्थ— हे प्रभु ! हजुरले निष्काम भक्तियोग परमात्मप्राप्तिको साधन हो भनेर बताउनुभयो, त्यस्तो भक्तियोगद्वारा सबै विषयको आसक्तिबाट रहित भएको मन हजुरमा लागोस्।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

कालेन नष्टा प्रलये वाणीयं वेदसंज्ञिता ।

मयादौ ब्रह्मणे प्रोक्ता धर्मो यस्यां मदात्मकः ॥ ३ ॥

पदार्थ—
इयं = यो
वेदसंज्ञिता = वेदनामक
वाणी = वाणी
प्रलये = प्रलयावस्थामा
कालेन = कालको प्रभावले
नष्टा = नष्ट भयो
आदौ = (फेरि सृष्टिको) आरम्भमा

मया = मद्वारा
ब्रह्मणे = ब्रह्माजीलाई
प्रोक्ता = बताइयो
यस्यां = जुन वेदवाणीमा
मदात्मकः = चित्तलाई मतिर लगाउने
धर्मः = धर्म बताइएको छ

वाक्यार्थ– यो वेदनामक वाणी प्रलयावस्थामा कालको प्रभावले नष्ट भएको थियो। सृष्टिको आरम्भमा मैले यो वाणी ब्रह्माजीलाई बताएको थिएँ, त्यस्तो यो वेदवाणीमा चित्तलाई मतिर लगाइदिने धर्म बताइएको छ।

तेन प्रोक्ता च पुत्राय मनवे पूर्वजाय सा।
ततो भृग्वादयोऽगृह्णन् सप्त ब्रह्ममहर्षयः॥ ४॥

पदार्थ–
तेन = ती ब्रह्माजीद्वारा
सा = त्यो वेदवाणी
पूर्वजाय = पूर्वज
पुत्राय = आफ्ना छोरा
मनवे = स्वायम्भुव मनुलाई
प्रोक्ता च = बताइयो पनि
ततः = ती मनुबाट
भृग्वादयः = भृगु आदि
सप्त = सात
ब्रह्ममहर्षयः = ब्रह्मर्षिहरूले
अगृह्णन् = ग्रहण गरे

वाक्यार्थ– ब्रह्माजीले त्यो वेदवाणी आफ्ना ठुला छोरा स्वायम्भुव मनुलाई बताउनुभयो। फेरि मनुबाट भृगु आदि सात ब्रह्मर्षिहरूले त्यसलाई ग्रहण गरे।

तेभ्यः पितृभ्यस्तत्पुत्रा देवदानवगुह्यकाः।
मनुष्याः सिद्धगन्धर्वाः सविद्याधरचारणाः॥ ५॥
किंदेवाः किन्नरा नागा रक्षःकिम्पुरुषादयः।
बह्व्यस्तेषां प्रकृतयो रजःसत्त्वतमोभुवः॥ ६॥
याभिर्भूतानि भिद्यन्ते भूतानां मतयस्तथा।
यथाप्रकृति सर्वेषां चित्रा वाचः स्रवन्ति हि॥ ७॥

पदार्थ–
तेभ्यः = ती
पितृभ्यः = भृगु आदि पिताहरूबाट
तत्पुत्राः = उनका छोराहरू
देवदानवगुह्यकाः = देवता, दानव र गुह्यकहरूले
मनुष्याः = मनुष्यहरूले
सिद्धगन्धर्वाः = सिद्ध र गन्धर्वहरूले
सविद्याधरचारणाः = विद्याधर एवं चारणहरूले सहित
किंदेवाः = किंदेवहरूले
किन्नराः = किन्नरहरूले
नागाः = नागहरूले र
रक्षःकिम्पुरुषादयः = राक्षस तथा किम्पुरुष आदिले पनि (त्यो वेदवाणी ग्रहण गरे)
तेषां = ती प्राणीहरूको
रजःसत्त्वतमोभुवः = रजोगुण, तमोगुण र सत्त्वगुणबाट उत्पन्न हुने
प्रकृतयः = वासनाहरू
बह्व्यः = धेरै छन्
याभिः = जुन वासनाहरूद्वारा
भूतानि = प्राणीहरू
भिद्यन्ते = भिन्न-भिन्न हुन्छन् र

तथा = त्यस्तै	**हि** = त्यसैले	**चित्राः** = विभिन्न प्रकारका
भूतानां = प्राणीहरूका	**यथाप्रकृतिः** = आ-आफ्नो	**वाचः** = (वेदव्याख्यारूपी)
मतयः = बुद्धि पनि भिन्न-भिन्न	प्रकृति अनुसार	वाणीहरू
हुन्छन्	**सर्वेषां** = सबै प्राणीहरूको	**स्रवन्ति** = निक्लन्छन्

वाक्यार्थ– ती भृगु आदि पिताहरूबाट उनीहरूका पुत्रहरू देव, दानव, गुह्यक, मनुष्य, सिद्ध, गन्धर्व, विद्याधर, चारण, किंदेव, किन्नर, नाग, राक्षस र किंपुरुष आदिले पनि त्यो वेदवाणी ग्रहण गरे। ती प्राणीहरूका रजोगुण, तमोगुण र सत्त्वगुणबाट उत्पन्न हुने वासनाहरू अनेक छन्, जुन वासनाद्वारा प्राणीहरू बेग्लाबेग्लै हुन्छन् र उनीहरूको बुद्धि पनि भिन्न-भिन्न हुन्छ, त्यसैले वेदको व्याख्या गर्ने क्रममा विभिन्न किसिमका वाणीहरू निस्कन्छन्।

एवं प्रकृतिवैचित्र्याद् भिद्यन्ते मतयो नृणाम्।
पारम्पर्येण केषाञ्चित् पाखण्डमतयोऽपरे॥ ८॥

पदार्थ–

एवं = यसप्रकार	**नृणां** = मानिसहरूको	**अपरे** = अन्य कोही व्यक्ति
प्रकृतिवैचित्र्यात् = स्वभावको	**मतयः** = बुद्धि	**पाखण्डमतयः** = वेदविरुद्ध बुद्धि
विचित्रताले	**पारम्पर्येण** = उपदेशको परम्परा	भएका पनि हुन्छन्
केषाञ्चित् = कोही	अनुसार	
	भिद्यन्ते = बेग्लै हुन्छन् र	

वाक्यार्थ– यसरी आफ्नो स्वभावको विचित्रताले, वेदको उपदेश सुन्दासुन्दै मानिसहरूमा बेग्लाबेग्लै बुद्धि हुन्छ र कोही वेदविरुद्ध बुद्धि भएका (पाखण्डमतवाला) पनि हुन्छन्।

मन्मायामोहितधियः पुरुषाः पुरुषर्षभ।
श्रेयो वदन्त्यनेकान्तं यथाकर्म यथारुचि॥ ९॥

पदार्थ–

पुरुषर्षभ = हे पुरुषश्रेष्ठ	**पुरुषाः** = व्यक्तिहरू	को साधनलाई
मन्मायामोहितधियः = मेरो	**यथाकर्म** = आफ्नो कर्म अनुसार	**अनेकान्तं** = अनेक प्रकारले
मायाले बुद्धि मोहित भएका	**यथारुचि** = रुचि अनुसार पनि	**वदन्ति** = भन्दछन्
	श्रेयः = कल्याण (परम पुरुषार्थ)	

वाक्यार्थ– हे पुरुषश्रेष्ठ उद्धव! मेरो मायाले मोहित भएका व्यक्तिहरू आ-आफ्ना कर्म र स्वभाव अनुसार परमपुरुषार्थ र त्यसको साधनका विषयमा अनेक प्रकारका मत प्रकट गर्दछन्।

धर्ममेके यशश्चान्ये कामं सत्यं दमं शमम्।
अन्ये वदन्ति स्वार्थं वा ऐश्वर्यं त्यागभोजनम्॥ १०॥
केचित् यज्ञं तपो दानं व्रतानि नियमान् यमान्॥

पदार्थ—
एके = कोही
धर्मं = कर्मलाई
वदन्ति = (कल्याणको मार्ग) भन्दछन्
अन्ये = अरू
यशः = कीर्तिलाई
अन्ये च = फेरि अरू
कामं = कामभोगलाई
सत्यं = सत्य
दमं = बाह्य इन्द्रियनिग्रह
शमं = मनको निग्रह (आदिलाई कल्याणको मार्ग भन्दछन् भने अरूले)
वै = निश्चय नै
ऐश्वर्यं = ऐश्वर्यलाई
स्वार्थं = पुरुषार्थ (भनेर व्याख्या गर्दछन्, फेरि कोही)
त्यागभोजनं = शास्त्रमर्यादालाई त्यागेर विषयको भोग गर्नुलाई साधन भन्दछन्
केचित् = कोही
यज्ञं = यज्ञ गर्नु
तपः = तप गर्नु
दानं = दान गर्नु
व्रतानि = व्रताचरण गर्नु
नियमान् = शौच आदि नियमको पालना गर्नु र
यमान् = अहिंसा आदि यमको पालन गर्नु (कल्याणको साधन हो भनी भन्दछन्)

वाक्यार्थ— कोही धर्म नै कल्याणको साधन हो भन्दछन् भने कोही कीर्ति, कोही कामभोग, कोही सत्य, शम, दम आदि, कोही ऐश्वर्य, कोही शास्त्रमर्यादालाई छाडेर विषयभोग गर्नु, कोही यज्ञ आदि गर्नु र कोही तप, दान, व्रत, यम, नियम आदिको पालना गर्नु कल्याणको साधन हो भनी भन्दछन्।

आद्यन्तवन्त एवैषां लोकाः कर्मविनिर्मिताः।
दुःखोदर्कास्तमोनिष्ठाः क्षुद्रानन्दाः शुचार्पिताः॥ ११॥

पदार्थ—
एषां = यी साधनहरूको फलरूप
लोकाः = स्वर्ग आदि लोकहरू
कर्मविनिर्मिताः = कर्मद्वारा सम्पादित हुने हुनाले
आद्यन्तवन्तः एव = उत्पन्न र नष्ट हुन्छन् (त्यसैले यिनीहरू)
दुःखोदर्काः = पछि दुःख दिने
तमोनिष्ठाः = अन्तमा मोह उत्पन्न गराउने
क्षुद्रानन्दाः = तुच्छ आनन्द दिने र
शुचार्पिताः = शोकले युक्त छन्

वाक्यार्थ— यी धर्म आदि साधनका फलरूप स्वर्ग आदि लोकहरू कर्मद्वारा प्राप्त हुने हुनाले उत्पन्न र नष्ट हुनेवाला छन्, त्यसैले यिनीहरू भविष्यमा दुःख दिने, मोह उत्पन्न गराउने, तुच्छ आनन्द प्रदान गर्ने र शोकले युक्त छन्।

मय्यर्पितात्मनः सभ्य निरपेक्षस्य सर्वतः।
मयात्मना सुखं यत् तत् कुतः स्याद् विषयात्मनाम्॥ १२॥

पदार्थ—
सभ्य = हे विनम्र
मयि = ममा
अर्पितात्मनः = आफ्नो मनलाई अर्पण गरिसकेको र
सर्वतः = सबै विषयको सुखबाट
निरपेक्षस्य = विरक्त भइसकेको व्यक्तिलाई

आत्मना = आत्मस्वरूप
मया = मबाट
यत् = जुन
सुखं = सुख
स्यात् = हुन्छ
तत् = त्यो सुख
विषयात्मनां = विषयीहरूलाई
कुतः = कहाँबाट हुनु ?

वाक्यार्थ– हे विनम्र उद्धव ! ममा मन अर्पण गरिसकेको र सारा विषयबाट विरक्त भएको व्यक्तिलाई आत्मरूप मबाट जुन सुख हुन्छ, त्यो सुख विषयीहरूलाई कहाँबाट हुनु ? (हुन सम्भवै छैन।)

अकिञ्चनस्य दान्तस्य शान्तस्य समचेतसः ।
मया सन्तुष्टमनसः सर्वाः सुखमया दिशः ॥ १३ ॥

पदार्थ–
अकिञ्चनस्य = धन आदि सङ्ग्रह नगर्ने
दान्तस्य = जितेन्द्रिय
शान्तस्य = शान्त स्वभाव भएको
समचेतसः = समदर्शी र
मया = परमानन्दरूप मबाट
सन्तुष्टमनसः = सन्तुष्ट चित्त भएको व्यक्तिका लागि
सर्वाः = सबै
दिशः = दिशाहरू
सुखमयाः = सुखमय हुन्छन्

वाक्यार्थ– जसलाई धन आदिको सङ्ग्रह गर्ने इच्छा छैन, जो जितेन्द्रिय, शान्त र समदर्शी छ तथा परमानन्दरूप मेरो अनुभवबाट जो सन्तुष्ट छ, त्यस्ताको लागि सबै दिशाहरू सुखमय हुन्छन्।

विवरण– यहाँ भगवान्ले सन्तोषी व्यक्तिका लागि सबैतिर सुखै-सुख हुने कुरा बताउनुभएको छ। सन्तोषको सुख भनेको आफैँभित्रबाट आउने सुख हो, त्यसैले यो शाश्वत र अपरिमित छ, तर बाहिरी विषयहरूको भोग एवं सङ्ग्रहबाट आउने आनन्द अत्यन्त तुच्छ छ। संसारका पदार्थहरूको भोगबाट आउने आनन्द क्षणिक छ, किनभने सबै सांसारिक पदार्थहरू विनाशशील छन्। जुन वस्तु स्वयं विनाशशील छ, त्यसबाट अविनाशी नित्य सुखको अपेक्षा गर्न सकिँदैन। आत्माभन्दा अन्य विषयहरूको सङ्ग्रहबाट आनन्द लिन खोज्नेहरूलाई यहाँ **विषयात्मा** भनिएको छ। यहाँ आत्मा भनेर अन्तःकरणलाई बुझाउन खोजिएको हो। निरन्तर अनेक विषयहरूको चिन्तन गरिरहँदा त्यो अन्तःकरण पूर्णतः विषयरूप नै भइसकेको हुन्छ। यस्ता व्यक्तिहरूले जति नै सांसारिक विषयहरूको भोग गरे पनि पूर्ण आनन्द प्राप्त गर्न सक्दैनन्, किनभने विषयहरूको भोगमा असन्तुष्टि पनि सँगसँगै गाँसिएको हुन्छ। संसारका पदार्थहरू अनन्त भएकाले ती सबै पदार्थको भोगेच्छा कहिल्यै पनि पूरा हुँदैन र नयाँ-नयाँ कामनाहरू मात्र बढिरहन्छन्, असन्तुष्ट व्यक्ति जतिसुकै सुखसयलमा रहे पनि उसले आफूलाई प्राप्त नभएको पदार्थको चिन्ता गरिरहन्छ र ऊ सुखी हुन सक्दैन। त्यसैले शास्त्रहरूमा सुखी हुनका लागि सन्तोषको महत्त्व बताइएको छ।

ज्ञानीको स्वरूप बताउँदै भगवान् भन्नुहुन्छ– **यदृच्छालाभसन्तुष्टो द्वन्द्वातीतो विमत्सरः** (श्रीमद्भगवद्गीता ४.२२) अर्थात् अनायास प्राप्त भएको वस्तुबाट नित्य सन्तुष्ट रहने, सुख-दुःखबाट माथि उठेको र ईर्ष्यारहित ज्ञानी व्यक्ति संसारबन्धनमा पर्दैन। सन्तोषकै कारण ऋषिहरूले निर्जन वनमा अनायास मिलेका कन्दमूल आदि खाएर तपस्या गर्दै परमशान्तिलाई प्राप्त

गरेका छन्। व्यक्तिको जीवनमा सन्तोष नै ठुलो सम्पत्ति हो। **तेन त्यक्तेन भुञ्जीथाः** (ईशावास्योपनिषद् १) अर्थात् सबैलाई बाँडेर मात्र विषयहरूको भोग गर भनेर शास्त्रहरूले सम्झाएको उपदेशलाई ध्यान नदिई असन्तोषी मान्छेहरूले नै सम्पूर्ण संसारभरिको वैभव आफ्नै हुनुपर्ने भन्ने अत्यन्त स्वार्थी र सङ्कीर्ण व्यवहार दर्साउँछन्। शास्त्रमा बताइएको छ– **यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्** (श्रीमद्भगवद्गीता ४.३१) अर्थात् सत्कर्महरू गरेर बाँकी रहेको वस्तु अमृत हो र त्यसद्वारा जीविका चलाउने व्यक्तिहरूले सनातन ब्रह्मलाई प्राप्त गर्दछन्। तर सबै संसार नै आफ्नो बनाउन चाहने असन्तोषीहरूभित्र आफ्नो वस्तु अरूलाई पनि बाँड्ने उदारता कहाँ पाउनु ? त्यसैले तिनीहरू व्यावहारिक जीवनमा उच्च आदर्शको रूपमा स्थापित हुन पनि सक्दैनन् र पारमार्थिक रूपमा परम शान्तिको मार्गबाट पनि च्युत बन्दछन्। अनन्त, अविनाशी र अपरिमेय आफ्नो अस्तित्वबाट नै निरन्तर सन्तुष्ट रहने ज्ञानी व्यक्तिहरूका लागि सम्पूर्ण संसार सुखमय छ किनभने उनीहरूले आत्माको सुखरूपतालाई बुझेका छन्। त्यसैले भगवान् भन्नुहुन्छ– **मया सन्तुष्टमनसः** अर्थात् यस्ता व्यक्तिहरू आत्मस्वरूप मबाट नै सन्तुष्ट हुन्छन्। यसको तात्पर्य सन्तोषको सुख आत्मसुख नै हो भन्ने बुझिन्छ। सबै इन्द्रियहरूका विषयभोग गर्ने लालसाहरू नष्ट भई शान्त भएका सन्तोषी व्यक्तिहरूको प्रशंसा गरी यहाँ सन्तोषवृत्तिको महत्त्वलाई उजागर गरिएको छ।

न पारमेष्ठ्यं न महेन्द्रधिष्ण्यं न सार्वभौमं न रसाधिपत्यम्।
न योगसिद्धीरपुनर्भवं वा मय्यर्पितात्मेच्छति मद्विनान्यत्॥ १४॥

पदार्थ–
मयि = ममा
अर्पितात्मा = चित्त अर्पण गरिसकेको भक्तले
पारमेष्ठ्यं = ब्रह्मलोकको आधिपत्यलाई
न इच्छति = चाहँदैन
महेन्द्रधिष्ण्यं = स्वर्गलोकको आधिपत्य पनि
न = चाहँदैन (त्यस्तै)
सार्वभौमं = सबै भूमण्डलको आधिपत्य पनि
न = चाहँदैन
रसाधिपत्यं = पातालको साम्राज्य पनि
न = चाहँदैन
योगसिद्धीः = योगका सिद्धिहरू र
अपुनर्भवं वा = मोक्षलाई पनि
न = चाहँदैन (यति मात्र होइन)
मद्विना = मलाई छाडेर
अन्यत् = अरू केही पनि चाहँदैन

वाक्यार्थ– ममा चित्त अर्पण गरिसकेको मेरो भक्तले ब्रह्मलोकको, स्वर्गलोकको, भूमण्डलको र पातालको आधिपत्य पनि चाहँदैन। त्यस्तै उसले योगका सिद्धिहरू र मोक्षलाई पनि वास्ता गर्दैन र उसले मलाई छाडेर अरू केही पनि चाहँदैन।

न तथा मे प्रियतम आत्मयोनिर्न शङ्करः।
न च सङ्कर्षणो न श्रीर्नैवात्मा च यथा भवान्॥ १५॥

पदार्थ–
यथा = जसरी
मे = मेरा लागि
भवान् = तिमी (भक्त)
प्रियतमः = अत्यन्त प्यारा छौ
तथा = त्यत्तिको प्यारो
आत्मयोनिः न = ब्रह्माजी छैनन्
शङ्करः न = शङ्करजी छैनन्
सङ्कर्षणः च न = बलरामजी पनि छैनन्
श्रीः च न = लक्ष्मी पनि छैनन्
आत्मा न एव = मेरो आत्मा पनि छैन

वाक्यार्थ– हे उद्धव ! मेरा लागि मेरा भक्त तिमी जत्तिका प्यारा छौ, त्यत्तिका प्यारा ब्रह्माजी, शङ्करजी, बलरामजी र लक्ष्मी पनि छैनन्; यति मात्र नभई मलाई आफ्नै आत्मा पनि त्यत्तिको प्यारो छैन।

विवरण– माथिका श्लोकहरूमा भगवान्ले संसारबाट निरपेक्ष भएका आफ्ना भक्तहरूको प्रशंसा गर्नुभएको छ। भगवान्ले आफूमा नै सर्वस्व समर्पण गरेका भक्तहरूले इन्द्रलोक, ब्रह्मलोक, रसातल र पृथिवी आदिको सम्पूर्ण राज्य पनि नखोज्ने र भगवान्लाई छोडेर मोक्षको पनि अभिलाषा नराख्ने बताउनुभएको छ। मोक्ष चाहिँ नित्यप्राप्त र स्वयं भगवान्कै स्वरूप भएकाले भगवान्का अनन्य भक्तहरूले त्यसको प्राप्तिका लागि चिन्तित हुनै पर्दैन। यसरी सबैथरी व्यक्तिगत सुखसुविधालाई त्यागेर केवल भगवान्मा नै समर्पित त्यस्ता भक्तहरूसँग भगवान्ले गर्ने प्रेम पनि अलि विशिष्ट प्रकारको नै रहेको छ। त्यसैलाई अभिव्यक्त गर्दै यहाँ भगवान्ले आफ्ना लागि आफूभन्दा पनि भक्तहरू नै प्रिय रहेको बताउनुभएको छ।

भगवान् भन्नुहुन्छ– मेरा लागि ब्रह्मा, शङ्कर, दाजु बलराम र अर्धाङ्गिनी लक्ष्मी पनि त्यति प्रिय छैनन्, जति मेरा लागि तिमी प्रिय छौ। माथि बताइएका सबै देव-देवीहरू भगवान्का अत्यन्त प्रिय हुन्। व्यक्तिले संसारभरिमा सबैभन्दा बढी आफैँसँग प्रेम गर्दछ। उपनिषद्मा ऋषि याज्ञवल्क्य भन्नुहुन्छ– **आत्मनस्तु कामाय सर्वं प्रियं भवति** (बृहदारण्यकोपनिषद् २.४.५) अर्थात् आफ्ना लागि नै अन्य सबैमा प्रेम हुने गर्दछ। तर यहाँ त भगवान्ले आफ्ना भक्तहरू आफ्ना लागि स्वयं आफूभन्दा पनि बढी प्रिय लाग्ने कुरा बताउनुभएको छ। भक्तहरू भगवान्का आत्मा भएकाले तिनीहरू उहाँलाई आफूजत्तिकै प्रिय लाग्ने कुरासम्म दार्शनिक र व्यावहारिक दुबै रूपमा मिल्न आउँछ, तर भगवान्ले भक्तमाथि गर्ने प्रेम त यो भन्दा पनि माथि पुगेको देखिन्छ। भक्तिशास्त्रअनुसार भक्तले जति-जति आफ्नो स्वार्थ एवं सर्वस्वलाई भगवान्को चरणमा समर्पित गर्दछ, त्यति त्यति नै भगवान्ले पनि आफ्नो सर्वस्व भक्तलाई दिँदै जानुहुन्छ। जब भक्तले स्वयं आफूलाई नै भगवान्प्रति समर्पित गरिदिन्छ भने भगवान्ले पनि आफूलाई पूर्णतः भक्तप्रति समर्पित गरिदिनुहुन्छ। यसरी भक्तप्रति निरन्तर बढ्दो वात्सल्यका कारण भगवान्लाई आफूभन्दा आफ्नो भक्त नै मन परेको हो।

व्यवहारमा एउटी आमाले आफ्नो शिशुप्रति गर्ने प्रेम आत्मप्रेमभन्दा पनि गहिरो हुन्छ। यही दृष्टान्तले भक्त र भगवान्बिचको प्रेमलाई पनि अर्थ्याउन सकिन्छ। भगवान्ले स्वयंलाई गर्ने प्रेमभन्दा भक्तलाई गर्ने प्रेममा यही विशेषता छ कि त्यसमा भक्तप्रतिको वात्सल्यभावले गर्दा भगवान्को हृदय पूर्णतः पग्लिएको हुन्छ। वास्तवमा चित्त पग्लिनु नै प्रेम या भक्तिको सर्वोच्च स्वरूप हो, त्यसैले भगवद्भक्तिमा चित्त पग्लिई स्वयं आफूलाई पनि भगवान्मा समर्पित गरिदिने

भक्त अनि त्यसै गरी भक्तवात्सल्यका कारण चित्त पग्लिनाले आफ्नो निर्विशेष-निराकार स्वरूपलाई समेत त्यागी भक्तको अघि प्रकट हुने भगवान्बिचको प्रेम अद्वितीय रहेको बुझिन्छ। त्यसैले यी दुबैले आफूभन्दा पनि बढी एक-अर्कालाई प्रेम गरेका हुन्छन्।

निरपेक्षं मुनिं शान्तं निर्वैरं समदर्शनम्।
अनुव्रजाम्यहं नित्यं पूयेयेत्यङ्घ्रिरेणुभिः ॥ १६ ॥

पदार्थ–	**अहं** = म	**निर्वैरं** = वैरभावनारहित
अङ्घ्रिरेणुभिः = (मुनिको) पवित्र चरणको धूलिले	**नित्यं** = सधैँ	**मुनिं** = मुनिको
पूयेय इति = आफूलाई पवित्र गरूँ भनेर	**निरपेक्षं** = सांसारिक इच्छारहित	**अनुव्रजामि** = पछि-पछि लाग्दछु
	शान्तं = शान्त स्वभावका	
	समदर्शनं = समदर्शी	

वाक्यार्थ– मुनिको पवित्र चरण धूलिले आफूलाई पवित्र पारूँ भनेर म सधैँ सांसारिक इच्छारहित, शान्त, समदर्शी र वैरभावनारहित मुनिको अनुसरण गर्दछु।

विवरण– यहाँ भगवान्ले भक्तवात्सल्यले आफूलाई सधैँ भक्तहरूको पछि-पछि लगाउने रहस्यको खुलासा गर्नुभएको छ। संसारका सारा अपेक्षाहरूले रहित भएको समदर्शी मुनि परम आनन्दमय र परम पवित्र हुन्छ। हृदयभित्र परमात्मालाई निरन्तर धारण गर्नाले यस्तो व्यक्ति स्वयं तीर्थसमानको हुन्छ, तीर्थलाई पनि उसले पवित्र बनाउँछ– **तीर्थीकुर्वन्ति तीर्थानि स्वान्तःस्थेन गदाभृता** (श्रीमद्भागवत १.१३.१०) बाहिरी तीर्थहरूको सेवनले दुष्कर्महरूसम्मलाई पखाल्न सकिन्छ र यसबाट पुण्यार्जन पनि हुन्छ, तर दुष्कर्मका पनि मूल भएका मनभित्रका अनन्त वासनाहरूको मैलो पखाल्न भने तीर्थहरूले पनि सक्दैनन्। यसका लागि त आत्मनिष्ठ भगवद्भक्तरूपी तीर्थको नै सेवन गर्नुपर्ने देखिन्छ। यसै गरी पुण्य-पापले रहित भएको असङ्ग आत्माको यथार्थ ज्ञान पनि यिनै महापुरुषहरूको सेवाबाट मात्र प्राप्त हुन सक्दछ। त्यसैले यस्ता पुरुषहरूलाई जङ्गम तीर्थ भन्ने गरिन्छ। संसारबन्धनको तापबाट सन्तप्त भएका प्राणीहरू आफ्ना अपवित्रतालाई पखाल्न यिनीहरूकै आश्रय लिन्छन्। यसरी संसारका सामान्य प्राणीहरूले आफ्नो पाप पखाल्न र मुमुक्षु व्यक्तिहरूले चाहिँ अज्ञानको मैलो फाल्न सत्पुरुषहरूको चरणमा शरण लिने कुरा स्पष्ट छ। यहाँ त भगवान्ले स्वयं आफू पनि भक्तहरूका चरणरजबाट पवित्र बन्नका लागि उनीहरूको पछि-पछि लाग्ने बताउनुभएको छ।

मूलमा आएको **अङ्घ्रिरेणुभिः पूयेय** यस पदावलीलाई टीकाकारहरूले अनेक रूपले अर्थ्याउनुभएको छ। भगवान्को शरीरभित्र अनन्त ब्रह्माण्डहरू रहेका छन् र ती सबै ब्रह्माण्डलाई पवित्र गर्नका लागि भक्तको चरणरजको आवश्यकता पर्ने हुनाले भगवान् भक्तको पछि लाग्नुभएको हो भन्ने एकथरी विद्वान्हरूको आशय रहेको छ। यद्यपि सम्पूर्ण संसार परमात्माभित्र नै छ र परमात्मा परम पवित्र हुनुहुन्छ, तर पनि संसारमा पाप, दुर्वासना, अज्ञान, माया आदि अनेक दोषहरू विद्यमान छन्। भगवान्को सान्निध्यबाट पनि नहटेका यी दोषहरूलाई हटाउन त

भक्तकै सान्निध्य चाहिन्छ। यही आशयले श्रीधर स्वामी लेख्नुहुन्छ— **मदन्तर्वर्तिब्रह्माण्डं पवित्रीकुर्याम्** अर्थात् भक्तको चरणरजद्वारा आफूभित्रका ब्रह्माण्डहरूलाई पवित्र पारूँ भनी भगवान् उनीहरूको पछि–पछि लाग्नुहुन्छ।

सारार्थदर्शिनी टीकाकार विश्वनाथ चाहिँ भक्तको चरणरजले ब्रह्माण्डलाई मात्र नभई स्वयं भगवान्‌लाई नै पवित्र गर्ने बताउनुहुन्छ। उहाँ लेख्नुहुन्छ— **पूयेय– तद्‌भक्त्यनिष्कृतिदोषात् पवित्रितः स्याम्** अर्थात् भक्तले आफ्ना लागि गरेको भक्तिको ऋण चुकाउन नसकेको दोषबाट आफूलाई अलिकति भए पनि पवित्र गर्नका लागि भगवान् भक्तको पछि–पछि लाग्नुहुन्छ। भक्तको प्रेमद्वारा आफू सधैँ ऋणी रहने कुरा स्वयं भगवान्‌ले गोपीहरूलाई बताउनुभएको छ। **न पारयेऽहं निरवद्यसंयुजां स्वसाधुकृत्यं विबुधायुषापि वः** (श्रीमद्‌भागवत १०.३२.२२) अर्थात् हे गोपीहरू ! मैले देवताहरूको जति लामो आयु लिएर तिमीहरूको सेवा गरिरहेँ भने पनि तिमीहरूको प्रेमको बदला चुकाउन सक्दिनँ। संसारमा सबै वस्तुहरूको मूल्य छ, तर प्रेमको कुनै मूल्य हुन सक्दैन। त्यसैले त्यसको सट्टामा दिइने कुनै अर्को वस्तु सम्भव नै छैन। भावपूर्वक कसैले भगवन्नाम जप्यो भने त्यसबाट भगवान् ऋणी बन्नुहुन्छ। यो ऋण सर्वसमर्थ भगवान् स्वयंले पनि चुकाउन नसक्ने ऋण हो, अन्य कुनै प्रकारका दोषहरूले रहित भए पनि भक्तिको ऋण चुकाउन नसकेको दोष भगवान्‌मा निरन्तर छ र त्यो दोषबाट पवित्र हुन भगवान्‌ले भक्तको चरणरज खोज्नुहुन्छ। यहाँ के शङ्का हुन्छ भने सबै प्राणीहरूले आफ्ना सारा कल्मषहरूलाई नष्ट गर्न भगवान्‌को चरणरज लिए जस्तै भगवान्‌ले पनि आफ्नो ऋणरूपी दोषलाई नष्ट गर्न आफ्नै चरणरज लिए भइहाल्यो नि ? किन अरूको पछि–पछि दौडिनुपऱ्यो ? यसको उत्तर हो— समस्त संसारलाई पवित्र गर्ने भगवान्‌ले आफूलाई भने पवित्र बनाउन सक्नुहुन्न। किनभने आफ्नै सेवाबाट आफैँ दोषमुक्त हुन सम्भव छैन। फेरि जुन भक्तको ऋण आफूमाथि छ, उसकै सेवा नगरी कसरी ऋणमुक्त हुन सकिन्छ र ? त्यसैले भगवान्‌लाई पनि पवित्र हुन भक्तकै चरणरज चाहिन्छ।

अर्को थरी व्याख्याको आशय चाहिँ यस्तो छ— भक्तिको पहिलो सुरुवात महत्सेवाबाट हुन्छ। आत्मनिष्ठ एवं परमात्मभक्त महापुरुषहरूको चरणसेवाविना भक्ति प्राप्त हुँदैन। भक्तिविना भगवान्‌मा रहेको अनन्त माधुर्यको आस्वादन गर्न पाइँदैन। त्यसैले भगवान्‌ले आफ्नै माधुर्यको रसास्वादनका लागि भक्तहरूको चरणरज चाहनुभएको हो। यही आशय बताउँदै वंशीधर लेख्नुहुन्छ— **भक्तचरणधूलिग्रहणं विना भक्तिर्न स्यात्, भक्त्या विना मन्माधुर्यरसानुभवो न स्यात्** । भगवान्‌ले आफू पवित्र हुने बहानामा भक्तको चरणधूलिलाई पछ्याउँदै वस्तुतः आफ्नै अनन्त माधुर्यको आस्वादन गर्नुभएको हो भन्ने यो व्याख्याको आशय हो।

अर्काथरी विद्वान्‌हरूका अनुसार भगवान्‌ले आफू पवित्र हुन नभई भक्तलाई नै पवित्र गर्न उसको पछि–पछि लाग्नुभएको हो। भक्तको पछि–पछि हिँडिरहँदा हावाद्वारा आफ्नो चरणको धूलो भक्तमाथि पर्दछ र ऊ पवित्र हुन्छ भन्ने भगवान्‌को आशय छ— **स्वाङ्घ्रिरेणुभिः तं पूयेय शोधयामि इति**। केही विद्वान्‌हरूले **पूयेय** यसका ठाउँमा पूयेत भन्ने पाठभेदलाई मानेका छन्। यसअनुसार भक्तहरूको पछि–पछि भगवान् यसकारण हिँड्नुहुन्छ कि उसले देखे–छोएका सबै वस्तुहरूलाई पवित्र गरूँ।

वास्तवमा भगवान् प्रेमका कारण नै भक्तहरूको पछि लाग्नुभएको हो। न भगवान्लाई भक्तको चरणरजद्वारा पवित्र हुने आवश्यकता छ, न त भक्तलाई नै भगवान्को चरणरजद्वारा बारम्बार पवित्र बनिरहने आवश्यकता छ। भक्तहरूको अहैतुकी भक्तिबाट भगवान्माथि कुनै ऋण–दोष आदि आइपरेको पनि यथार्थ होइन, किनभने भगवान्ले त भक्तप्रेमका कारण आफूलाई स्वयं ऋणी ठान्नुभएको मात्र हो। भक्तले भगवान्माथि ऋण थोपरी उहाँलाई दोषयुक्त बनाउन भक्ति गरेको पनि होइन। त्यसैले भगवान्ले भक्तको चरणरजलाई पछ्याउनुको मतलब भगवान्ले भक्तनजिक रही ऊभित्रको प्रेमरसलाई अनुभव गर्नु हो। यसै गरी भक्तलाई आफ्नो चरणरजद्वारा पवित्र गर्न भगवान् उसको पछि लाग्नुभएको पनि होइन। भक्त त हृदयभित्र परमात्मस्मरण गर्दै निरन्तर परम पवित्र नै छ। स्वयं तीर्थलाई पनि पवित्र गराउन सक्ने भक्तलाई फेरि पवित्र गर्नुपर्ने के आवश्यकता ? भक्त र भगवान् परस्परका आत्मा हुनाले आफैंलाई आफूबाट पवित्र हुनु पर्दैन। त्यसैले भक्तहरूलाई पवित्र गर्ने त केवल निहुँ मात्र हो, वस्तुतः भगवान् प्रेमपरवश भएर नै उसको पछि लाग्नुभएको हो।

भगवान्ले यहाँ **अनुव्रजामि** अर्थात् पछि–पछि हिँड्छु भन्नुभएको छ। यसको तात्पर्य भक्त एक ठाउँबाट अर्को ठाउँमा हिँड्दा भगवान्ले उसलाई पछ्याउनुहुन्छ भन्ने हो। भक्तको सम्पूर्ण व्यवहार परमात्मामा समर्पित हुन्छ भने उसको यो हिँडाइ पनि परमात्माकै लागि होला। एकै ठाउँमा स्थिर भएर निरन्तर भगवत्स्मरण नगरी ऊ यताउति किन डुलिरहन्छ ? यसको कारण यही हो कि भगवत्प्रेमको छट्पटीका कारण नै ऊ उन्मत्त झैं यताउति घुमिरहन्छ। समस्त संसारभरि व्याप्त रहनुभएका भगवान्को अनन्तताले उसलाई पृथिवीको एक छेउदेखि अर्को छेउसम्म तानिरहन्छ र ऊ पनि अनन्त पदार्थहरूमा उनै चिरन्तर परमात्माकै स्वरूपको अनुभव गर्दै पुनः अनन्त अतृप्तिका साथ त्यसलाई प्राप्त गर्न छट्पटाउँछ। यसरी भक्तहरू छट्पटाउँदै हिँडेपछि स्वयं उनीहरूकै आत्मा भगवान् चाहिँ कसरी स्थिर रहन सक्नुहुन्थ्यो ? भक्त भगवान्का लागि छट्पटाएपछि भगवान् पनि भक्तका लागि छट्पटाउनुहुन्छ र भक्तसँगै तानिनुहुन्छ। भगवान् सर्वव्यापक हुनुभएकाले भक्त जहाँ पुग्छ, उहाँ त त्यहीं हुनुहुन्छ, त्यसैले किन पछि लाग्नुपर्दथ्यो र ? तर प्रेमका कारण छट्पटाएकाहरूलाई यो कुरा सम्झाउन सकिँदैन। जसरी भगवत्स्मरणबाट उत्पन्न भएको अनन्त छट्पटीलाई उनकै अनन्त स्वरूपको अनुभवद्वारा शान्त गर्न भक्तले तीर्थयात्रा आदिको बहाना बनाउँछ अनि यसको आवश्यकता प्रतिपादित गर्न आफूलाई पापी र दुष्कर्मी भएको बताउँछ। ठिक यसै गरी भक्तप्रेमको भावबाट छट्पटाउनुभएका भगवान् पनि निरन्तर भक्तको पछि लागी प्रेमरसको आस्वादन गर्न एउटा बहाना निकाल्नुहुन्छ र आफूमाथि भक्तिको ऋण भएकाले ऋणको दोष मेटाउन आफूलाई भक्तको चरणरज चाहिने कुरा बताउनुहुन्छ। निरन्तरको सान्निध्य हुँदाहुँदै पनि एक–अर्काको वियोगमा आत्तिई दुबैले एक–अर्कालाई पछ्याइरहनु यही नै प्रेमभावको पराकाष्ठा हो। भगवान्लाई भेट्न आत्तिँदै हिँडेको भक्त र भक्तलाई पछ्याउँदै हिँड्नुहुने भगवान्को यही प्रेमसम्बन्ध यस श्लोकमा प्रकट भएको छ।

निष्किञ्चना मय्यनुरक्तचेतसः शान्ता महान्तोऽखिलजीववत्सलाः।
कामैरनालब्धधियो जुषन्ति यत् तन्नैरपेक्ष्यं न विदुः सुखं मम ॥ १७ ॥

पदार्थ—
निष्किञ्चनाः = धन आदिको सङ्ग्रह नगर्ने
मयि = ममा
अनुरक्तचेतसः = चित्त लागेका
शान्ताः = शान्त स्वभावका
महान्तः = अभिमानशून्य
अखिलजीववत्सलाः = सम्पूर्ण प्राणीहरूलाई दया गर्ने र
कामैः = विषयहरूले
अनालब्धधियः = बुद्धिलाई आकर्षण नगरेका
मम = मेरा भक्तहरूले
नैरपेक्ष्यं = आसक्तिरहित व्यक्तिहरूलाई प्राप्त हुने
यत् = जुन
सुखं = सुख छ (त्यसलाई)
जुषन्ति = सेवन गर्दछन्
तत् = त्यो सुख (अरूले)
न विदुः = जान्न (अनुभव गर्न) सक्दैनन्

वाक्यार्थ— धन आदिको सङ्ग्रह नगरेका, ममा चित्त लगाएका, शान्त र निरभिमानी तथा सम्पूर्ण प्राणीहरूलाई दया गर्ने अनि जसको बुद्धिलाई विषयले तान्न सकेको हुँदैन त्यस्ता मेरा भक्तहरूले अरू वस्तुको अपेक्षा नहुने खालको जुन सुख प्राप्त गर्दछन्, त्यस्तो सुख अरूले अनुभव गर्न सक्दैनन्।

बाध्यमानोऽपि मद्भक्तो विषयैरजितेन्द्रियः।
प्रायः प्रगल्भया भक्त्या विषयैर्नाभिभूयते ॥ १८ ॥

पदार्थ—
अजितेन्द्रियः = इन्द्रियलाई जित्न नसकेको
विषयैः = विषयहरूद्वारा
बाध्यमानः अपि = आकर्षित भएको भए पनि
मद्भक्तः = मेरो भक्त
प्रगल्भया = अति दृढ
भक्त्या = भक्तिको कारणले
प्रायः = प्रायः गरेर
विषयैः = विषयहरूद्वारा
न अभिभूयते = पराजित हुँदैन

वाक्यार्थ— इन्द्रियलाई जित्न नसक्नाले विषयतिर आकर्षित भएको भए पनि मेरो भक्त दृढ भक्तिको कारणले प्रायः विषयहरूद्वारा पराजित हुँदैन।

यथाग्निः सुसमृद्धार्चिः करोत्येधांसि भस्मसात्।
तथा मद्विषया भक्तिरुद्धवैनांसि कृत्स्नशः ॥ १९ ॥

पदार्थ—
उद्धव = हे उद्धव
यथा = जसरी
सुसमृद्धार्चिः = बेसरी बलेको
अग्निः = अग्निले
एधांसि = दाउराहरूलाई
भस्मसात् करोति = डढाएर भस्म बनाउँछ
तथा = त्यस्तै
मद्विषया = मेरो
भक्तिः = भक्तिले
कृत्स्नशः = सम्पूर्ण
एनांसि = पापलाई (भस्म पारिदिन्छ)

वाक्यार्थ— हे प्रिय उद्धव ! जसरी बेसरी बलेको आगोले दाउरालाई भस्म बनाइदिन्छ, त्यस्तै मेरो

भक्तिले पनि सम्पूर्ण पापहरूलाई भस्म पारिदिन्छ।

न साधयति मां योगो न साङ्ख्यं धर्म उद्धव।
न स्वाध्यायस्तपस्त्यागो यथा भक्तिर्ममोर्जिता॥ २०॥

पदार्थ–	**यथा** = जसरी	**स्वाध्यायः** = स्वाध्यायले
उद्धव = हे उद्धव	**साधयति** = वशमा गर्दछ त्यसरी	**तपः** = तपस्याले र
उर्जिता = अतिशय बढेको	**योगः न** = योगले गर्न सक्दैन	**त्यागः** = त्यागले पनि
मम = मेरो	**साङ्ख्यं न** = साङ्ख्यले पनि गर्न सक्दैन र	**न** = वशमा राख्न सक्दैनन्
भक्तिः = भक्तिले	**धर्मः** = धर्मले	
मां = मलाई		

वाक्यार्थ– हे प्रिय उद्धव ! अतिशय बढेको भक्तिले जसरी मलाई वशमा राख्न सक्दछ, त्यसरी योग, साङ्ख्य, धर्म, स्वाध्याय, तप र त्यागले पनि वशमा राख्न सक्दैनन्।

भक्त्याहमेकया ग्राह्यः श्रद्धयात्मा प्रियः सताम्।
भक्तिः पुनाति मन्निष्ठा श्वपाकानपि सम्भवात्॥ २१॥

पदार्थ–	**श्रद्धया** = श्रद्धायुक्त	**भक्तिः** = भक्तिले
सतां = सज्जनहरूको	**एकया** = अत्यन्त	**श्वपाकान् अपि** = चाण्डाल-हरूलाई पनि
प्रियः = अत्यन्त प्रिय	**भक्त्या** = भक्तिद्वारा नै	**सम्भवात्** = जाति दोषबाट
आत्मा = आत्मारूप	**ग्राह्यः** = वशमा हुन्छु	**पुनाति** = पवित्र पार्दछ
अहं = म	**मन्निष्ठा** = मलाई गरिएको	

वाक्यार्थ– म सत्पुरुषहरूको अत्यन्त प्रिय एवं आत्मारूप छु। श्रद्धायुक्त अनन्य भक्तिद्वारा म उनीहरूको वशमा हुन्छु। ममा गरिएको भक्तिले चाण्डालहरूलाई पनि जातिदोषबाट पवित्र पार्दछ।

धर्मः सत्यदयोपेतो विद्या वा तपसान्विता।
मद्भक्त्यापेतमात्मानं न सम्यक् प्रपुनाति हि॥ २२॥

पदार्थ–	**अन्विता** = युक्त भएको	**सम्यक्** = राम्रोसँग
सत्यदयोपेतः = सत्य र दयाले युक्त भएको	**विद्या वा** = विद्याले पनि	**हि** = निश्चय नै
धर्मः = धर्मले	**मद्भक्त्या** = मेरो भक्तिले	**न प्रपुनाति** = शुद्ध पार्दैन
तपसा = तपस्याले	**अपेतं** = रहित भएको	
	आत्मानं = अन्तःकरणलाई	

वाक्यार्थ– सत्य र दयाले युक्त भएको धर्मले र तपस्याले युक्त भएको विद्याले पनि मेरो भक्तिले रहित भएको अन्तःकरणलाई राम्रोसँग शुद्ध पार्न सक्दैन।

कथं विना रोमहर्षं द्रवता चेतसा विना।

विनानन्दाश्रुकलया शुध्येद् भक्त्या विनाशयः ॥ २३ ॥

पदार्थ–	**चेतसा विना** = चित्तविना	**भक्त्या विना** = भक्तिविना
रोमहर्षं विना = रोमाञ्चविना	**आनन्दाश्रुकलया विना** =	**आशयः** = अन्तःकरण
द्रवता = भगवत्चिन्तनले	आनन्दले उत्पन्न भएको	**कथं** = कसरी
पग्लिएको	अश्रुबिन्दुविना	**शुध्येत्** = शुद्ध होला

वाक्यार्थ– रोमाञ्च नभइकन, भगवत्चिन्तनले चित्त नपग्लिकन, आनन्दले अश्रुधारा नबगिकन र यस्ता गतिविधिले युक्त भक्ति नभइकन अन्तःकरण कसरी शुद्ध होला र ?

वाग् गद्गदा द्रवते यस्य चित्तं रुदत्यभीक्ष्णं हसति क्वचिच्च।

विलज्ज उद्गायति नृत्यते च मद्भक्तियुक्तो भुवनं पुनाति ॥ २४ ॥

पदार्थ–	**अभीक्ष्णं** = बारम्बार	र (कहिलेकाहीँ)
यस्य = जुन भक्तको	**रुदति** = मलाई सम्झिएर रुन्छ	**नृत्यते च** = नाच्छ पनि
वाक् = वाणी	**क्वचित् च** = कहिलेकाहीँ	**मद्भक्तियुक्तः** = मेरो भक्तिले
गद्गदा = गद्गद् हुन्छ	**हसति** = हाँस्छ (फेरि कहिले)	युक्त भएको व्यक्तिले
चित्तं = चित्त	**विलज्जः सन्** = निर्लज्ज भएर	**भुवनं** = सारा संसारलाई
द्रवते = पग्लन्छ र जो	**उद्गायति** = मेरो चरित्र गाउँछ	**पुनाति** = पवित्र पार्दछ

वाक्यार्थ– जुन भक्तको वाणी प्रेमले गद्गद हुन्छ, चित्त पग्लन्छ र जो बारम्बार मेरो वियोगले रुन्छ, कहिले हाँस्छ फेरि कहिले निर्लज्ज भएर मेरो चरित्र गाउँछ र कहिले नाच्छ, यस्तो मेरो भक्तिले युक्त भएको व्यक्तिले सारा संसारलाई पवित्र पार्दछ।

यथाग्निना हेम मलं जहाति ध्मातं पुनः स्वं भजते च रूपम्।

आत्मा च कर्मानुशयं विधूय मद्भक्तियोगेन भजत्यथो माम्॥ २५॥

पदार्थ–	**पुनः** = फेरि	**कर्मानुशयं** = कर्मवासनालाई
यथा = जसरी	**स्वं** = आफ्नो	**विधूय** = हटाएर
अग्निना = आगोद्वारा	**रूपं च** = चम्किलो स्वरूपलाई	**अथो** = त्यसपछि तुरुन्त
ध्मातं = बेसरी तताइएको	**भजते** = प्राप्त गर्दछ (त्यसै गरी)	**मां** = मलाई
हेम = सुनले	**आत्मा च** = जीवात्माले पनि	**भजति** = प्राप्त गर्दछ
मलं = भित्रको कस्मललाई	**मद्भक्तियोगेन** = मेरो भक्तिको	
जहाति = त्याग्दछ र	प्रभावले	

वाक्यार्थ– जसरी आगोद्वारा बेसरी तताइएको सुनले आफूमा रहेको कस्मललाई त्याग्दछ र फेरि आफ्नो स्वरूप प्राप्त गर्दछ, त्यस्तै जीवात्माले पनि मेरो भक्तिको प्रभावले कर्मवासनाबाट मुक्त भएर तुरुन्त मलाई प्राप्त गर्दछ।

यथा यथात्मा परिमृज्यतेऽसौ मत्पुण्यगाथाश्रवणाभिधानैः।
तथा तथा पश्यति वस्तु सूक्ष्मं चक्षुर्यथैवाञ्जनसम्प्रयुक्तम्॥ २६॥

पदार्थ–
अञ्जनसम्प्रयुक्तं = गाजलले युक्त भएको
चक्षुः यथा = आँखाले झैँ
मत्पुण्यगाथाश्रवणाभिधानैः = मेरो पवित्र कथा श्रवण र कीर्तन गर्दा
आत्मा = अन्तःकरण
यथा यथा = जति-जति
परिमृज्यते = शुद्ध हुँदै जान्छ
तथा तथा = त्यति-त्यति
असौ = यो जीवात्माले
सूक्ष्मं वस्तु एव = सूक्ष्म वस्तु आत्मतत्त्वलाई
पश्यति = देख्दछ

वाक्यार्थ– जसरी गाजल लगाएको आँखा जति निर्मल हुँदै जान्छ, त्यति-त्यति सूक्ष्म वस्तुलाई देख्दै जान्छ, त्यसै गरी पुण्यप्रद मेरो कथालाई श्रवण गर्दै र कीर्तन गर्दै यो अन्तःकरण जति-जति शुद्ध हुँदै जान्छ, त्यति-त्यति सूक्ष्म आत्मतत्त्वलाई पनि यसले अनुभव गर्दै जान्छ।

विवरण– माथिका श्लोकहरूमा भक्तिबाट मात्र चित्त शुद्ध हुन्छ भन्ने कुरा र भगवत्तत्त्वसाक्षात्कारका लागि भक्ति नै प्रधान साधन हुन्छ भन्ने कुरा बताइएको छ। यद्यपि शास्त्रहरूमा तपस्या, शास्त्राध्ययन, दया आदि अनेकौँ साधनहरूको उपदेश गरिएको छ, तर भक्तिविना ती सबै साधनहरू भगवत्तत्त्वसाक्षात्कारका लागि पूर्णतः समर्थ हुँदैनन्। शास्त्रोक्त साधनहरूको लक्ष्य भनेको अन्तःकरणको शुद्धि नै हो। अन्तःकरणभित्र रहेका दुर्वासना, पाप संस्कार आदि आन्तरिक दोषहरूको निवृत्तिका लागि अपनाइने साधनहरू पनि आन्तरिक नै हुनुपर्दछ। तपस्या, यज्ञ, दान आदि कर्महरूले शरीरसँग बढी सम्बन्ध राख्दछन्। मनको दोष हटाउन त मनभित्रै प्रभाव पर्ने साधनको आवश्यकता पर्दछ। भक्ति भनेको मानसिक साधना हो, त्यसैले यसबाट चित्त शुद्ध हुनेमा कुनै शङ्का रहँदैन।

भक्तिको मुख्य स्वरूप भनेको भगवच्चिन्तनबाट चित्त पग्लिनु हो। पग्लिएको चित्तबाट समस्त आन्तरिक विकारहरू त्यसै गरी नष्ट हुन्छन्, जसरी सुन पगालेपछि त्यसबाट अरू धातुको मिसावट नष्ट हुन्छ। भगवान्का गुणकथा सुनेर या उहाँको अनन्त माहात्म्यको अनुभव गरेर चित्त पग्लिनुलाई नै भक्ति भनिएको छ। मधुसूदन सरस्वती भन्नुहुन्छ–

द्रुतस्य भगवद्धर्माद् धारावाहिकतां गता।
सर्वेशे मनसो वृत्तिर्भक्तिरित्यभिधीयते।।

अर्थात् भगवत्स्मरणमा पग्लिएको चित्त निरन्तर सर्वेश्वर परमात्मामा लागिरहनु नै भक्ति हो। यहाँ चित्तलाई लाहासँग तुलना गरिएको पाइन्छ। लाहालाई राम्ररी पगालेर त्यसमा जुन रङ्ग मिसाइन्छ, त्यसलाई कसैगरी पनि निकाल्न सकिँदैन। चित्त पनि पग्लेको वेलामा त्यसमा जुन पदार्थको आकार अङ्कित हुन्छ, त्यसलाई त्यहाँबाट निकाल्न सकिँदैन। अतः चित्त पग्लिएको

वेलामा त्यसमा गाढा रूपले अङ्कित भएको भगवद्भाव कहिल्यै पनि हराउँदैन।

भक्तिरसायनकार भन्नुहुन्छ, यद्यपि सांसारिक संवेदनाहरू सुख-दुःख, हर्ष आदिबाट पनि चित्त पग्लिए झैं लाग्छ, त्यसबाट मानिसका आँखामा आँसु आउने, रोमाञ्च हुने जस्ता लक्षणहरू पनि देखिन्छन्, तर वास्तवमा परिच्छिन्न एवं विनाशी वस्तुहरूसँग सम्बन्धित संवेदनाहरू स्वयंमा पूर्ण छैनन् र त्यसबाट चित्त पूर्णतः पग्लिएको हुँदैन। जसरी घाममा तताउँदा पनि लाहा बाहिर-बाहिर पग्लिए झैं देखिन्छ, तर पूर्ण रूपले पग्लिएको हुँदैन, त्यसै गरी सांसारिक संवेदनाहरूबाट मन पग्लिएको भ्रम मात्र हुन्छ, पूर्णतः पग्लिँदैन। परमात्मा पूर्ण, अपरिच्छिन्न र अविनाशी हुनुभएकाले उहाँसँग सम्बन्धित भावले मात्र चित्तलाई पूर्णतः पगाल्न सक्दछ। यही चित्तद्रुतिलाई भक्तिको प्रमुख स्वरूप मानिन्छ।

चित्त पग्लिएपछि त्यसको लक्षण बाहिर शरीरमा पनि प्रकट हुन्छ। जसरी घैँटोभित्र पानी पूरै भरिएपछि त्यसभन्दा बाहिर निस्कन थाल्दछ, त्यसै गरी भक्तको पनि मनभित्र आनन्द अटाउन नसकी बाहिर छचल्किन्छ। चित्त पग्लिएर आनन्दको प्रवाह जताततै फैलिने यी लक्षणहरूलाई भक्तिशास्त्रहरूमा आठवटा सात्त्विक भाव भनी वर्णन गरिएको छ—

स्तम्भः स्वेदोऽथ रोमाञ्चः स्वरभङ्गोऽथ वेपथुः।
वैवर्ण्यमश्रुप्रलयौ इत्यष्टौ सात्त्विकाः गुणाः।।

स्तम्भ भनेको शरीर जडवत् स्तब्ध हुनु हो, **स्वेद** भनेको शरीर पसिनाले निथ्रुक्क हुनु हो, **रोमाञ्च** भनेको रौँहरू खडा हुनु या रोमहर्ष हुनु हो, **स्वरभङ्ग** भनेको गद्‌गद वाणी भई बोली अस्पष्ट हुनु हो, **वेपथुः** भनेको शरीर काम्नु हो, **वैवर्ण्य** भनेको शरीरको रङ्ग अकस्मात् परिवर्तित हुनु हो भने **अश्रु** भनेको आँखाबाट बलिन्द्र धारा आँसु बर्सिनु हो र **प्रलय** भनेको मूर्च्छित भई ढल्नु र भाव अझै गाढा भएको खण्डमा प्राणान्त हुनु हो। रासलीलाको क्रममा भगवान्को विरहमा छट्पटिएका गोपीहरूमध्ये एकको प्राणान्त भएको थियो। यसप्रकार श्रेष्ठ भगवद्भक्तहरूमा यी लक्षणहरू देखापर्दछन् र यी लक्षणद्वारा भक्तको चित्त भगवान्मा पूर्णतः पग्लिएको छ भन्ने बुझिन्छ। भक्तको शरीर, मन आदिमा यस्ता परिवर्तनहरू यस कारणले देखिन्छन् कि, आजसम्म संसारका सुखदुःखलाई अनुभव गर्दै आएको उसले यो अकस्मात्को परमानन्दको प्रवाहलाई सम्हाल्न सक्दैन र सर्वथा नौलो यो परमानन्दको अप्रत्यासित अनुभवबाट इन्द्रिय, शरीर आदि सबै नियन्त्रणहीन हुन्छन्। पहिलासम्म अहङ्कारको नियन्त्रणमा रहेर सुखदुःख आदि संवेदनाको अनुभव गरेका इन्द्रियहरूले अहङ्कार गलाउने यो अनन्त सुखलाई थेग्न सक्दैनन् र आन्तरिक भाव अनुसार शरीर अनियन्त्रित रूपमा परिवर्तित हुन्छ। यो प्रेमभावको बहावमा सारा अभिमान, ममता, आदि बगेको व्यक्ति लोकलज्जाबाट पनि मुक्त हुन्छ र ऊ कहिले हाँस्ने अनि कहिले रुने गर्न थाल्दछ। वास्तवमा संसारव्यवहारका अनेक मिथ्या धारणाहरूलाई लिएर हिँडिरहुन्जेल र तिनको बन्धनमा नै रही साधना गरुन्जेल व्यक्ति कसरी बन्धनमुक्त बन्न सक्दछ र? त्यसैले संसारबन्धन पूर्णतः शिथिल भएको यस्तै भावमय अवस्थाहरूमा भक्तलाई पूर्ण मोक्षको अनुभव हुन्छ। नियन्त्रणहीन भावको बाढीबाट चित्त पूर्णतः नपखालिई त्यसभित्रका अनन्त दुर्वासनाहरू कसरी नष्ट हुन सक्छन् र? त्यसैले माथि तेईसौं श्लोकमा **भक्त्या विना आशयः कथं**

शुध्येत् ? अर्थात् भक्तिविना योगाभ्यास, सत्कर्म, तपस्या, यज्ञ, दान आदि बाहिरी कर्महरूबाट मात्र चित्त कसरी शुद्ध हुन सक्दछ र ? भनिएको हो।

यहाँ भक्तिद्वारा नै बन्धनबाट मुक्ति हुने कुरामा शङ्का उठाउँदै श्रीधर स्वामीले त्यसको समाधान गर्नुभएको छ। शास्त्रहरूमा भनिन्छ ज्ञानविना मोक्ष हुँदैन। **तमेव विदित्वा अतिमृत्युमेति** अर्थात् त्यस ब्रह्मतत्त्वलाई अपरोक्षरूपले जानेर नै मृत्युबन्धनबाट मुक्त हुन सक्छ **ब्रह्मविदाप्नोति परम्** अर्थात् ब्रह्मज्ञानीले परमात्मतत्त्वलाई प्राप्त गर्दछ भन्ने श्रुतिवचनहरूले ज्ञानद्वारा मात्र ब्रह्मभाव या मोक्ष मिल्ने कुरा जनाएका छन्। फेरि भक्तिबाट मात्र मोक्ष हुन सक्छ भन्नुको आशय के हो ? यसको उत्तर हो **भक्तेरेव अवान्तरव्यापारो ज्ञानं न पृथक्** (श्रीधरी) अर्थात् ज्ञान भनेको भक्तिको नै अवान्तर व्यापार हो, छुट्टै वस्तु होइन। भगवद्भक्ति अथवा निरन्तर स्वस्वरूपको अनुसन्धान गरिरहनुरूपी आत्मभक्तिद्वारा चित्त जति जति सूक्ष्म एवं समर्थ बन्दै जान्छ, त्यति त्यति त्यसमा सूक्ष्म पदार्थदर्शनको क्षमता बढ्दछ। अन्तमा भक्तिद्वारा चित्त पूर्णतः शुद्ध एवं समर्थ बनेपछि त्यही चित्तद्वारा परमात्मदर्शन हुन्छ। ज्ञान भनेको चित्त आत्माकार बन्नु नै हो, परमात्मचिन्तनमा चित्त आत्माकार त बनेकै हुन्छ। त्यसैले भक्तिको दृढ अवस्था या परिपाक नै ज्ञान भएकाले भक्तिद्वारा मोक्ष मिल्ने कुरा निःसन्दिग्ध छ।

भक्तिद्वारा नै ज्ञानप्राप्ति हुने भन्ने सन्दर्भमा अरू पनि अनेक शङ्काहरू उठ्ने गर्दछन्। तत्त्वज्ञानका लागि उपनिषद् शास्त्र एवं महावाक्यको श्रवण अनिवार्य मान्ने गरिन्छ। उपनिषद्प्रमाणद्वारा मात्र जानिने भएकाले आत्मालाई औपनिषद पुरुष भनेर पनि बताइएको छ– **तं त्वौपनिषदं पुरुषं पृच्छामि** (बृहदारण्यकोपनिषद् ३.९.२६)। पूर्ण विरक्त अधिकारीलाई वेदान्तवाक्यको श्रवणद्वारा नै ज्ञान हुन्छ एवं मध्यम अधिकारीलाई चाहिँ महावाक्यको श्रवणपछि मनन र निदिध्यासन पनि आवश्यक हुन्छ भन्ने वेदान्तसिद्धान्त छ। यसप्रकार ज्ञानका लागि श्रवण अनिवार्य साधन भएपछि श्रवणविना केवल भक्तिद्वारा नै कसरी ज्ञान हुन सक्छ भन्ने शङ्का हुनु स्वाभाविक नै हो। यसको समाधान हो, वास्तवमा श्रवण भनेको पनि कानले उपनिषद्का महावाक्यहरूलाई सुन्नु नभई त्यसको अर्थबोध गर्नु हो। श्रवणको लक्षण गर्दै भनिएको छ– **सर्वेषां वेदान्तवाक्यानामद्वितीये ब्रह्मणि तात्पर्यावधारणानुकूला मानसिकी क्रिया श्रवणम्** अर्थात् सम्पूर्ण वेदान्तवाक्यहरूको तात्पर्य अद्वितीय ब्रह्मबोधनमा नै छ भनी अर्थनिश्चय गर्नु नै श्रवण हो। यदि कानले वेदान्त सुन्नु मात्र श्रवण भएदेखि त एकपटक महावाक्य सुनेका सबै मानिसहरू ज्ञानद्वारा मुक्त भइसक्नुपर्ने थियो। तर श्रवण भनेको त अर्थबोध गर्नु हो। त्यसैले जसले अद्वितीय आत्मतत्त्वलाई निश्चयपूर्वक जान्यो, उसले उपनिषद्वाक्यको श्रवण गऱ्यो। भक्तिको उच्च अवस्थामा पनि जब व्यक्तिले ध्याता र ध्यान दुबैलाई बिर्सी केवल ध्येय तत्त्वमा मात्र आफूलाई विलीन गरिदिन्छ, त्यस अवस्थामा उसले अद्वितीय आत्मतत्त्वलाई बुझ्दछ र यसैबाट उसले वेदान्तश्रवण गरेको प्रयोजन सिद्ध हुन्छ। वेद-उपनिषद्को अध्ययन नगरेका तर पुराण आदि श्रवण गरेका भक्तहरूले भक्तिको उच्च अवस्थामा आफूलाई परमात्माभन्दा अभिन्न रूपमा जसरी अनुभव गर्दछन्, त्यो ज्ञान पनि उपनिषद्श्रवणद्वारा नै उत्पन्न भएको ज्ञान हो, किनभने उपनिषद् भनेको निश्चित शास्त्र मात्र नभई ब्रह्मविद्याको प्रतिपादन गर्ने ग्रन्थ हो। श्रीमद्भगवद्गीता जस्ता

ग्रन्थलाई उपनिषद् नै भनी मानिएको छ र ती शास्त्रहरू श्रवण गरी अर्जुन आदि अज्ञानमुक्त भएको प्रमाण पाइन्छ।

यसप्रकार भगवान्को भक्तले भक्तिको उच्च अवस्थामा गर्ने अद्वितीय आत्मतत्त्वको अनुभूति पनि उपनिषत्प्रमाणजन्य ज्ञान नै हो र ऊ यसैबाट मुक्त हुने कुरामा शङ्का हुनै सक्दैन। जो व्यक्तिहरू केवल वेदान्तवाक्यश्रवण एवं त्यसको अर्थचिन्तनद्वारा आत्मबोध गर्न कस्सिन्छन्, त्यस्ता व्यक्तिहरूलाई पनि विवेक, वैराग्य, स्थिरता, मनको चाञ्चल्यको नाश आदिका लागि भक्ति त आवश्यक छँदैछ। यसरी भक्तिबाट ज्ञानका साधन विवेक, वैराग्य आदि र स्वयं ज्ञानै पनि प्राप्त हुने देखिन्छ। यो कुरा श्रीमद्भगवद्गीतामा भगवान्ले अर्जुनलाई पनि बताउनुभएको छ। प्रीतिपूर्वक आफ्नो भक्ति गर्नेहरूलाई स्वयं भगवान्ले नै बुद्धियोग दिने कुरा त्यहाँ बताइएको छ— **ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते** (श्रीमद्भगवद्गीता १०.१०) अर्थात् मेरा अनन्य भक्तहरूलाई मैले नै तत्त्वज्ञान प्रदान गर्दछु र त्यसद्वारा ती सबैले मेरै स्वरूपलाई प्राप्त गर्दछन्। भक्ति भनेको चित्त परमात्मामा लागिरहनु हो भने ज्ञान भनेको पनि चित्त अखण्डरूपमा आत्माकार बनिरहनु हो। सबै प्राणीहरूभित्र अन्तर्यामी आत्मचैतन्यको रूपमा रहने परमात्मा नै भएकाले उहाँको कृपाद्वारा भक्तको चित्त निरन्तर परमात्माकार भइरहन के असम्भव छ र? वेदान्तशास्त्रअनुसार ज्ञान भनेको अखण्डाकार वृत्ति नै भएकाले भगवान्को भक्तलाई भक्तिको परिपाक अवस्थामा भगवत्कृपाद्वारा अखण्ड आत्मस्थिति प्राप्त हुन्छ। यही कारणले भक्तिद्वारा ज्ञानप्राप्ति हुन्छ र यो ज्ञान औपनिषद ज्ञान नै हो तथा यसबाट ऊ मुक्त हुन्छ भन्ने कुरा श्रुति, युक्ति र परीक्षित् आदिको शास्त्रसिद्ध अनुभव प्रमाणबाट पनि सिद्ध हुन्छ। यसप्रकार **ऋते ज्ञानान्न मुक्तिः** अर्थात् ज्ञानविना मोक्ष हुँदैन भन्ने कुरामा कुनै बाधा पर्दैन।

विषयान् ध्यायतश्चित्तं विषयेषु विषज्जते।
मामनुस्मरतश्चित्तं मय्येव प्रविलीयते॥ २७॥

पदार्थ—
विषयान् = विषयहरूको
ध्यायतः = चिन्तन गरिरहने व्यक्तिको
चित्तं = चित्त
विषयेषु = विषयहरूमा नै
विषज्जते = आसक्त हुन्छ भने
मां = मलाई
अनुस्मरतः = स्मरण गरिरहने व्यक्तिको
चित्तं = चित्त
मयि एव = ममा नै
प्रविलीयते = लीन हुन्छ

वाक्यार्थ— विषयहरूको चिन्तन गरिरहने व्यक्तिको चित्त विषयहरूमा आसक्त हुन्छ, अनि मलाई स्मरण गरिरहने व्यक्तिको चित्त ममा नै लीन हुन्छ।

तस्मादसदभिध्यानं यथा स्वप्नमनोरथम्।
हित्वा मयि समाधत्स्व मनो मद्भावभावितम्॥ २८॥

पदार्थ–
तस्मात् = त्यसैले
असदभिध्यानं = मिथ्या वस्तुको चिन्तनलाई
स्वप्नमनोरथं = स्वप्न र कल्पनाका पदार्थहरूलाई
यथा = जस्तै गरी
हित्वा = त्यागेर
मद्भावभावितं = मेरो चरित्र श्रवण र चिन्तनले शुद्ध भएको
मनः = मनलाई
मयि = ममा
समाधत्स्व = लगाऊ

वाक्यार्थ– त्यसैले मिथ्यावस्तुको चिन्तनलाई स्वाप्निक र काल्पनिक पदार्थलाई जैँ त्यागेर मेरो चरित्र श्रवण र चिन्तनले शुद्ध भएको मनलाई ममा लगाऊ।

स्त्रीणां स्त्रीसङ्गिनां सङ्गं त्यक्त्वा दूरत आत्मवान्।
क्षेमे विविक्त आसीनश्चिन्तयेन्मामतन्द्रितः॥ २९॥

पदार्थ–
आत्मवान् = जितेन्द्रिय र
अतन्द्रितः = आलस्यरहित व्यक्तिले
स्त्रीणां = स्त्रीहरूको र
स्त्रीसङ्गिनां च = स्त्रीसँग सङ्गत गर्ने व्यक्तिहरूको पनि
सङ्गं = सङ्गतलाई
दूरतः एव = टाढैबाट
त्यक्त्वा = त्यागेर
क्षेमे = निर्भय
विविक्ते = एकान्तमा
आसीनः = बसेर
मां = मलाई
चिन्तयेत् = चिन्तन गरोस्

वाक्यार्थ– जितेन्द्रिय व्यक्तिले आलस्यरहित भएर स्त्री र स्त्रीसङ्गीको सङ्गत नगरिकन निर्भय भई एकान्तमा बसेर मेरो चिन्तन गरोस्।

न तथास्य भवेत् क्लेशो बन्धश्चान्यप्रसङ्गतः।
योषित्सङ्गाद् यथा पुंसो यथा तत्सङ्गिसङ्गतः॥ ३०॥

पदार्थ–
अस्य = यो
पुंसः = पुरुषको
यथा = जसरी
योषित्सङ्गात् = स्त्रीको सङ्गतले र
यथा = जसरी
तत्सङ्गिसङ्गतः = स्त्रीसङ्गीको सङ्गतले
क्लेशः = कष्ट र
बन्धः च = बन्धन
भवेत् = हुन्छ
तथा = त्यस्तो बन्धन
अन्यप्रसङ्गतः = अरूको सङ्गतबाट
न = हुँदैन

वाक्यार्थ– स्त्रीको सङ्गत र स्त्रीसङ्गीको सङ्गतबाट पुरुषलाई जस्तो कष्ट र बन्धन प्राप्त हुन्छ, त्यस्तो अरू कसैको सङ्गतबाट हुँदैन।

उद्धव उवाच (उद्धवले भने)

यथा त्वामरविन्दाक्ष यादृशं वा यदात्मकम्।
ध्यायेन्मुमुक्षुरेतन्मे ध्यानं त्वं वक्तुमर्हसि॥ ३१॥

पदार्थ—
अरविन्दाक्ष = हे कमलनयन
मुमुक्षुः = मुमुक्षुले
यथा = जसरी
यादृशं = जस्तो
यदात्मकं वा = वा जुन स्वरूपका
त्वां = हजुरलाई
ध्यायेत् = ध्यान गर्ने हो
एतत् = त्यो
ध्यानं = ध्यानको विषयमा
त्वं = हजुर
मे = मलाई
वक्तुं = बताउन
अर्हसि = योग्य हुनुहुन्छ

वाक्यार्थ— हे कमलनयन प्रभु ! मुमुक्षुले जसरी जस्तो स्वरूपको हजुरलाई ध्यान गर्ने हो, त्यो ध्यानको विषयमा मलाई बताउनुहोस्।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

सम आसन आसीनः समकायो यथासुखम्।
हस्तावुत्सङ्ग आधाय स्वनासाग्रकृतेक्षणः॥ ३२॥

पदार्थ—
समे = सम्मो
आसने = आसनमा
यथासुखं = सुखपूर्वक
आसीनः = बस्दै
समकायः = शरीर सोझो बनाएर
हस्तौ = दुबै हातलाई
उत्सङ्गे = काखमा
आधाय = राखेर
स्वनासाग्रकृतेक्षणः = आफ्नो नाकको अगाडि दृष्टि दिनुपर्दछ

वाक्यार्थ— पहिले सम्मो आसनमा शरीरलाई सोझो पारेर सुखपूर्वक बस्नुपर्छ अनि दुबै हात काखमा राखेर नाकको अगाडि दृष्टि दिनुपर्छ।

प्राणस्य शोधयेन्मार्गं पूरकुम्भकरेचकैः।
विपर्ययेणापि शनैरभ्यसेन्निर्जितेन्द्रियः॥ ३३॥

पदार्थ—
निर्जितेन्द्रियः = जितेन्द्रिय भएर
पूरकुम्भकरेचकैः = पूरक, कुम्भक र रेचक प्राणायामद्वारा
प्राणस्य = प्राणको
मार्गं = मार्गलाई
शोधयेत् = शोधन गरोस्
विपर्ययेण अपि = विपरीत तरिकाले (रेचक, कुम्भक र पूरक) प्राणायामको
शनैः = बिस्तारै
अभ्यसेत् = अभ्यास गरोस्

वाक्यार्थ— जितेन्द्रिय भएर पूरक, कुम्भक र रेचक यस्तो प्राणायामको विधिद्वारा प्राणको मार्गलाई शोधन गरोस् र फेरि यसको विपरीत क्रमले पनि प्राणायाम गर्ने अभ्यास गरोस्।

हृद्यविच्छिन्नमोङ्कारं घण्टानादं बिसोर्णवत्।
प्राणेनोदीर्य तत्राथ पुनः संवेशयेत् स्वरम्॥ ३४॥

पदार्थ—
अविच्छिन्नं = निरन्तर
घण्टानादं = घण्टानाद झैं र
बिसोर्णवत् = कमलनालको तन्तु झैं सूक्ष्मरूपले
हृदि = हृदयमा

ओङ्कारं = ओङ्कारलाई	**अथ** = त्यसपछि	**स्वरं** = नादलाई
प्राणेन = प्राणवायुद्वारा	**पुनः** = फेरि	**संवेशयेत्** = स्थित गराओस्
उदीर्य = अभिव्यक्त गराएर	**तत्र** = त्यो हृदयमा नै	

वाक्यार्थ– अविच्छिन्नरूपले घण्टानाद झैं र अटुट तरिकाले सूक्ष्म कमलनालको तन्तु झैं ओङ्कारलाई प्राणवायुको सहाराले हृदयमा अभिव्यक्त गरोस् र फेरि बिस्तारै ओङ्कारको नादलाई त्यहीं प्रविष्ट गराओस्।

एवं प्रणवसंयुक्तं प्राणमेव समभ्यसेत्।
दशकृत्वस्त्रिषवणं मासादर्वाग् जितानिलः॥ ३५॥

पदार्थ–	**त्रिषवणं** = तीनै कालमा	**मासात् अर्वाक् एव** = एकमहिना भन्दा पहिले नै
एवं = यसरी	**दशकृत्वः** = दश-दश चोटि	**जितानिलः** = प्राणलाई जितेको हुनेछ
प्रणवसंयुक्तं = ओङ्कारसहित	**समभ्यसेत्** = अभ्यास गरोस् (त्यो व्यक्ति)	
प्राणं = प्राणलाई		

वाक्यार्थ– यसरी ओङ्कारको ध्यान र प्राणायामको अभ्यास दिनको तीन फेर दश-दश पटक गरोस्। यसरी अभ्यास गरिसकेपछि ऊ एक महिनाभन्दा पहिले नै प्राणजयी बन्नेछ।

हृत्पुण्डरीकमन्तःस्थमूर्ध्वनालमधोमुखम्।
ध्यात्वोर्ध्वमुखमुन्निद्रमष्टपत्रं सकर्णिकम्॥ ३६॥
कर्णिकायां न्यसेत् सूर्यसोमाग्नीनुत्तरोत्तरम्।
वह्निमध्ये स्मरेद् रूपं ममैतद्ध्यानमङ्गलम्॥ ३७॥

पदार्थ–	**अष्टपत्रं** = आठदल भएको	**वह्निमध्ये** = अग्निमण्डलको बिचमा
अन्तःस्थं = शरीरभित्र रहेको	**सकर्णिकं** = कर्णिकाले युक्त कमललाई	**मम** = मेरो
ऊर्ध्वनालं = नाल माथितिर भएको र	**ध्यात्वा** = ध्यान गरेर	**ध्यानमङ्गलं** = ध्यान गर्दा मङ्गल हुने
अधोमुखं = मुख तलतिर फर्किएको	**कर्णिकायां** = फेरि कर्णिकामा	**एतत्** = यस्तो
हृत्पुण्डरीकं = हृदयकमलको	**उत्तरोत्तरं** = क्रमशः	**रूपं** = रूपलाई
ऊर्ध्वमुखं = माथितिर फर्किएर	**सूर्यसोमाग्नीन्** = सूर्य, चन्द्रमा र अग्निको	**स्मरेत्** = ध्यान गरोस्
उन्निद्रं = विकसित भएको	**न्यसेत्** = ध्यान गरोस्	

वाक्यार्थ– शरीरभित्र माथितिर नाल र तलतिर मुख फर्किएको हृदयकमल छ, त्यसमा माथितिर मुख फर्किएको र पूर्ण विकसित आठदल भएको र कर्णिकायुक्त कमल छ, त्यसमा ध्यान गरी

फेरि त्यो कर्णिकामा क्रमशः सूर्य, चन्द्र र अग्निलाई ध्यान गर्दै अग्निमण्डलको बिचमा पुगेर त्यहाँ मङ्गलप्रद मेरो स्वरूपको ध्यान गरोस्।

समं प्रशान्तं सुमुखं दीर्घचारुचतुर्भुजम्।
सुचारुसुन्दरग्रीवं सुकपोलं शुचिस्मितम्॥ ३८॥
समानकर्णविन्यस्तस्फुरन्मकरकुण्डलम्।
हेमाम्बरं घनश्यामं श्रीवत्सश्रीनिकेतनम्॥ ३९॥
शङ्खचक्रगदापद्मवनमालाविभूषितम्।
नूपुरैर्विलसत्पादं कौस्तुभप्रभया युतम्॥ ४०॥
द्युमत्किरीटकटककटिसूत्राङ्गदायुतम्।
सर्वाङ्गसुन्दरं हृद्यं प्रसादसुमुखेक्षणम्॥
सुकुमारमभिध्यायेत् सर्वाङ्गेषु मनो दधत्॥ ४१॥

पदार्थ–
समं = मिलेका अङ्ग भएको
प्रशान्तं = प्रसन्न
सुमुखं = सुन्दर मुख भएको
दीर्घचारुचतुर्भुजं = लामा-लामा चारहातले युक्त
सुचारुसुन्दरग्रीवं = अति रमणीय सुन्दर घाँटी तथा
सुकपोलं = राम्रा गाला र
शुचिस्मितं = मन्दहास्यले युक्त
समानकर्णविन्यस्तस्फुरन्मकर-कुण्डलं = समान दुई कानमा देदीप्यमान मकराकार कुण्डलले. युक्त भएको
हेमाम्बरं = स्वर्णतुल्य पीताम्बर धारण गरेको
घनश्यामं = मेघजस्तो वर्ण भएको
श्रीवत्सश्रीनिकेतनं = श्रीवत्स र लक्ष्मीको निवासस्थानले युक्त
शङ्खचक्रगदापद्मवनमाला-विभूषितं = शङ्ख, चक्र, गदा, पद्म र वनमालाले विभूषित भएको
नूपुरैः = पाउजुले
विलसत्पादं = सुशोभित चरण भएको
कौस्तुभप्रभया = कौस्तुभमणिको कान्तिले
युतं = अलङ्कृत
द्युमत्किरीटकटककटिसूत्राङ्गदा-युतं = तेजयुक्त मुकुट, बाला, कटिसूत्र आदि गहनाले अलङ्कृत
सर्वाङ्गसुन्दरं = सबै प्रकारले सुन्दर र
हृद्यं = मनोहर
प्रसादसुमुखेक्षणम् = अनुग्रहको लागि सुन्दर मुख र नेत्रले युक्त
सुकुमारं = अति कोमल (मेरो रूपको)
सर्वाङ्गेषु = पाउदेखि शिरसम्म सबै अङ्गमा
मनः = मनलाई
दधत् = धारण गराउँदै
अभिध्यायेत् = ध्यान गरोस्

वाक्यार्थ– मिलेका अङ्गहरू भएको, प्रसन्न मुख, लामा लामा चार हात, अति रमणीय सुन्दर

घाँटी, मन्द मुस्कान तथा मनमोहक गाला, मकराकार कुण्डलले युक्त समान दुई कान, स्वर्णजस्तो पीताम्बरले युक्त शरीर, मेघजस्तो वर्ण, छातीमा श्रीवत्स र लक्ष्मीजीको निवासस्थानले सुशोभित, शङ्ख, चक्र, गदा, पद्म र वनमालाले युक्त विग्रह, पाउजुले सुशोभित चरण, कौस्तुभमणि चम्किरहेको, प्रकाशमान मुकुट, बाला, कटिसूत्र आदि आभूषणहरूले सम्पूर्ण अवयवहरू अतिमनोहर देखिएका, भक्तहरूमा अनुग्रहका लागि मुख र नेत्र सधैं प्रसन्न भएको र शरीर पनि अतिकोमल भएको यस्तो मेरो मनोहरस्वरूप छ, त्यसमा सबै चरणदेखि शिरसम्मका सबै अङ्गमा आफ्नो मन लगाओस् र ध्यान गरोस्।

इन्द्रियाणीन्द्रियार्थेभ्यो मनसाकृष्य तन्मनः।
बुद्ध्या सारथिना धीरः प्रणयेन्मयि सर्वतः॥ ४२॥

पदार्थ–
धीरः = धीर व्यक्तिले
इन्द्रियाणि = इन्द्रियहरूलाई
मनसा = मनद्वारा
इन्द्रियार्थेभ्यः = विषयहरूबाट
आकृष्य = फर्काएर
तत् = त्यो
मनः = मनलाई
सारथिना = सारथिस्वरूप
बुद्ध्या = बुद्धिद्वारा
सर्वतः = सबै ठाउँबाट फर्काई
मयि = ममा
प्रणयेत् = स्थिर गरोस्

वाक्यार्थ– धीर व्यक्तिले इन्द्रियहरूलाई मनद्वारा सम्पूर्ण विषयबाट फर्काई फेरि त्यो मनलाई पनि निश्चयात्मिका बुद्धिद्वारा सबैतिरबाट रोकेर ममा स्थिर गराओस्।

तत् सर्वव्यापकं चित्तमाकृष्यैकत्र धारयेत्।
नान्यानि चिन्तयेद् भूयः सुस्मितं भावयेन्मुखम्॥ ४३॥

पदार्थ–
तत् = त्यो
सर्वव्यापकं = सम्पूर्ण अङ्गमा पुगेको
चित्तं = चित्तलाई
आकृष्य = फर्काएर
एकत्र = कुनै एक अङ्गमा
धारयेत् = स्थिर गराओस्
सुस्मितं = मन्दहास्य युक्त
मुखं = मुखको
भावयेत् = ध्यान गरोस्
भूयः = त्यसपछि फेरि
अन्यानि = अरू अङ्गहरूलाई
न चिन्तयेत् = चिन्तन नगरोस्

वाक्यार्थ– यसरी सम्पूर्ण अङ्गको ध्यानमा व्याप्त भएको चित्तलाई सबै अङ्गबाट फर्काएर कुनै एक अङ्गमा स्थिर गराओस् र त्यसपछि अरू कुनै अङ्गहरूको पनि चिन्तन नगरी मन्दहास्ययुक्त मुखको मात्र ध्यान गरोस्।

तत्र लब्धपदं चित्तमाकृष्य व्योम्नि धारयेत्।
तच्च त्यक्त्वा मदारोहो न किञ्चिदपि चिन्तयेत्॥ ४४॥

पदार्थ–
तत्र = त्यस मुखको चिन्तनमा
लब्धपदं = स्थिर भएको

चित्तं = चित्तलाई
आकृष्य = (त्यहाँबाट पनि) फर्काएर
व्योम्नि = आकाशजस्तो व्यापक मेरो स्वरूपमा
धारयेत् = स्थिर गराओस्
मदारोहः = मेरो साथ एकतालाई प्राप्त गरेको
तत् च = त्यो चिन्तनलाई पनि
त्यक्त्वा = त्यागेर
किञ्चिदपि = केही पनि
न चिन्तयेत् = चिन्तन नगरोस्

वाक्यार्थ— यसरी मुखको चिन्तनमा स्थिर भएको चित्तलाई त्यहाँबाट पनि फर्काएर व्यापक मेरो स्वरूपको चिन्तनमा लगाओस्। यहाँ मेरो स्वरूपसँग एकतालाई प्राप्त गरेको चिन्तनलाई पनि त्यागेर अब केहीको पनि चिन्तन नगरोस्।

एवं समाहितमतिर्मामेवात्मानमात्मनि।
विचष्टे मयि सर्वात्मन् ज्योतिर्ज्योतिषि संयुतम्॥ ४५॥

पदार्थ—
एवं = यसरी
समाहितमतिः = बुद्धि निश्चय भएको योगीले
आत्मनि एव = आफैंमा नै
मां = मलाई
विचष्टे = देख्दछ (र फेरि)
ज्योतिषि = महाज्योतिमा
संयुतं = एकीभावमा रहेको
ज्योतिः = ज्योतिलाई झैं
सर्वात्मन् = सबैको आत्मास्वरूप
मयि = ममा
आत्मानम् = आफूलाई पनि (देख्न थाल्दछ)

वाक्यार्थ— यसरी बुद्धि निश्चल भएपछि योगीले आफैंमा सर्वव्यापक मलाई देख्दछ र महाज्योतिमा एक भएको ज्योतिलाई झैं फेरि सर्वव्यापक ममा आफूलाई पनि देख्न थाल्दछ।

ध्यानेनेत्थं सुतीव्रेण युञ्जतो योगिनो मनः।
संयास्यत्याशु निर्वाणं द्रव्यज्ञानक्रियाभ्रमः॥ ४६॥

पदार्थ—
इत्थं = यसरी
सुतीव्रेण = अति दृढ
ध्यानेन = ध्यानद्वारा
मनः = मनलाई
युञ्जतः = स्थिर गर्ने
योगिनः = योगीको
द्रव्यज्ञानक्रियाभ्रमः = देह आदिमा आत्मबुद्धि गर्ने द्रव्यभ्रम, मिथ्या ज्ञानद्वारा ज्ञानी बन्ने ज्ञानभ्रम र अकर्ता भएर पनि कर्ता हुँ भन्ने क्रियाभ्रम पनि
आशु = चाँडै नै
निर्वाणं = लयमा
संयास्यति = प्राप्त हुन्छ

वाक्यार्थ— यसरी तीव्र ध्यानद्वारा मनलाई स्थिर गर्ने योगीको देह आदिमा आत्मबुद्धि गर्ने द्रव्यभ्रम, मिथ्या ज्ञानद्वारा ज्ञानी बन्ने ज्ञानभ्रम र अकर्ता भएर पनि कर्ता हुँ भन्ने क्रियाभ्रम पनि चाँडै नै नाश हुन्छन्।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे चतुर्दशोऽध्यायः॥ १४॥

अथ पञ्चदशोऽध्यायः

सिद्धिहरूको स्वरूप र विशेषता

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

जितेन्द्रियस्य युक्तस्य जितश्वासस्य योगिनः।
मयि धारयतश्चेत उपतिष्ठन्ति सिद्धयः॥ १॥

पदार्थ–	**जितश्वासस्य** = प्राणलाई वशमा राखेको र	**धारयतः** = स्थिर गराएको
जितेन्द्रियस्य = इन्द्रियहरूलाई जितेको	**मयि** = ममा	**योगिनः** = योगीलाई
युक्तस्य = स्थिर चित्त भएको	**चेतः** = चित्त	**सिद्धयः** = सिद्धिहरू
		उपतिष्ठन्ति = प्राप्त हुन्छन्

वाक्यार्थ– इन्द्रियलाई जितेको, चित्त स्थिर भएको, प्राण निरोध गरेको र ममा चित्त लगाएको योगीलाई सिद्धिहरू प्राप्त हुन्छन्।

उद्धव उवाच (उद्धवले भने)

कया धारणया कास्वित् कथंस्वित् सिद्धिरच्युत।
कति वा सिद्धयो ब्रूहि योगिनां सिद्धिदो भवान्॥ २॥

पदार्थ–	**कया** = कुन	**सिद्धयः** = सिद्धिहरू
अच्युत = हे भगवान्	**धारणया** = धारणाले	**कति वा** = कति छन्
भवान् = हजुर	**का स्वित्** = कुन	**ब्रूहि** = बताउनुहोस्
योगिनां = योगीहरूलाई	**सिद्धिः** = सिद्धि	
सिद्धिदः = सिद्धि दिने हुनुहुन्छ	**कथंस्वित्** = कसरी प्राप्त हुन्छ र	

वाक्यार्थ– हे प्रभु ! हजुर योगीहरूलाई सिद्धि दिनेवाला हुनुहुन्छ, त्यसैले कुन धारणाले कसरी कस्तो सिद्धि पाइन्छ र ती सिद्धिहरू कति प्रकारका हुन्छन्, बताउनुहोस्।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

सिद्धयोऽष्टादश प्रोक्ता धारणायोगपारगैः।
तासामष्टौ मत्प्रधाना दशैव गुणहेतवः॥ ३॥

पदार्थ–	**धारणायोगपारगैः** = धारणा र	योगका पारङ्गत सिद्धहरूद्वारा

सिद्धयः = सिद्धिहरू	**अष्टौ** = अणिमा आदि आठवटा	**गुणहेतवः एव** = सत्त्वगुणको
अष्टादश = अठारवटा छन् भनेर	**मत्प्रधानाः** = मुख्य हुन् र ममा	वृद्धिद्वारा प्राप्त हुने सिद्धि हुन्
प्रोक्ताः = बताइएका छन्	नै रहन्छन्	
तासां = तिनीहरूमा	**दश** = अरू दशवटा	

वाक्यार्थ– धारणा र योगमा पारङ्गत भएका सिद्धहरूले अठार प्रकारका सिद्धि हुन्छन् भनेर बताएका छन्, तीमध्ये अणिमा आदि आठ सिद्धिहरू प्रधान हुन्, जो मुख्य रूपमा ममा रहन्छन् भने अरू दश चाहिँ सत्त्वगुणको वृद्धिद्वारा प्राप्त हुन्छन्।

अणिमा महिमा मूर्तेर्लघिमा प्राप्तिरिन्द्रियैः।
प्राकाम्यं श्रुतदृष्टेषु शक्तिप्रेरणमीशिता ॥ ४ ॥

पदार्थ–	**इन्द्रियैः** = इन्द्रियहरूसँग	छ
अणिमा = अणिमा	सम्बन्धित छ	**शक्तिप्रेरणं** = शक्तिलाई प्रेरित
महिमा = महिमा	**श्रुतदृष्टेषु** = पारलौकिक र	गर्ने
लघिमा = लघिमा सिद्धिहरू	दर्शनयोग्य पदार्थहरूमा	**ईशिता** = ईशिता नामको सिद्धि
मूर्तेः = शरीरका हुन्	**प्राकाम्यं** = भोगदर्शन सामर्थ्य	पनि छ
प्राप्तिः = प्राप्ति नामको सिद्धि	भएको प्राकाम्य नामको सिद्धि	

वाक्यार्थ– ती सिद्धिहरूमा अणिमा, महिमा र लघिमा शरीरका सिद्धिहरू हुन्, प्राप्ति नामको सिद्धि इन्द्रियहरूको हो। लौकिक र पारलौकिक इच्छाअनुसार अनुभव गर्ने प्राकाम्य नामको सिद्धि छ र माया र मायाको कार्यलाई सञ्चालित गर्ने शक्तिको प्रेरक ईशिता नामको सिद्धि पनि छ।

गुणेष्वसङ्गो वशिता यत्कामस्तदवस्यति।
एता मे सिद्धयः सौम्य अष्टावौत्पत्तिका मताः ॥ ५ ॥

पदार्थ–	सुखको इच्छा गर्दछ	**सिद्धयः** = सिद्धिहरू
गुणेषु = विषयभोगमा	**तद्** = त्यसलाई	**मे** = मेरा
असङ्गः = अनासक्त हुनु	**अवस्यति** = प्राप्त गर्दछ	**औत्पत्तिकाः मताः** =
वशिता = वशिता नामको सिद्धि	**सौम्य** = हे उद्धव	स्वभावसिद्ध छन्
हो र	**एताः** = यी	
यत्कामः = जुन-जुन वस्तु वा	**अष्टौ** = आठ	

वाक्यार्थ– विषयभोगमा अनासक्त हुनु वशिता नामको सिद्धि हो, यी सिद्धिबाट जुन-जुन सुखको इच्छा छ त्यसलाई प्राप्त गर्न सकिन्छ। यसरी यी आठ सिद्धिहरू मेरा स्वभावसिद्ध छन्।

अनूर्मिमत्त्वं देहेऽस्मिन् दूरश्रवणदर्शनम्।
मनोजवः कामरूपं परकायप्रवेशनम् ॥ ६ ॥

स्वच्छन्दमृत्युर्देवानां सहक्रीडानुदर्शनम् ।
यथासङ्कल्पसंसिद्धिराज्ञाप्रतिहता गतिः ॥ ७ ॥

पदार्थ–
अस्मिन् = यो
देहे = शरीरमा
अनूर्मिमत्त्वं = भोक, प्यास आदि नहुनु
दूरश्रवणदर्शनं = टाढाको शब्द सुन्नु र पदार्थलाई देख्नु
मनोजवः = मनको गति बराबर शरीरको गति हुनु
कामरूपं = इच्छाअनुसार रूप धारण गर्न सक्नु
परकायप्रवेशनं = अरूको शरीरमा प्रवेश गर्न सक्नु
स्वच्छन्दमृत्युः = इच्छाले मर्नु
देवानां = देवताहरूको
सहक्रीडानुदर्शनं = अप्सराहरूसँगको क्रीडालाई देख्नु
यथासङ्कल्पसंसिद्धिः = सङ्कल्पित वस्तुलाई प्राप्त गर्नु
अप्रतिहता गतिः = विना रोकतोक गति हुनु
आज्ञा = अरूले आज्ञा पालन गर्नु (यी दशवटा सिद्धिहरू हुन्)

वाक्यार्थ– शरीरमा भोक-प्यासको अनुभव नहुनु, टाढाको शब्द सुन्नु र टाढाको पदार्थलाई देख्नु, मनको गति बराबर शरीरको गति हुनु, इच्छाअनुसार रूप धारण गर्न सक्नु, अर्काको शरीरमा प्रवेश गर्न सक्नु, इच्छाअनुसार मृत्यु हुनु, देवताहरूको अप्सराहरूसँग हुने क्रीडालाई देख्नु, सङ्कल्पअनुसार वस्तुलाई प्राप्त गर्नु र विना रोकतोक सर्वत्र गति हुनु, अरूले आज्ञापालन गर्नु यी दश सिद्धिहरू सत्त्वगुणको उत्कर्षले हुन्छन्।

त्रिकालज्ञत्वमद्वन्द्वं परचित्ताद्यभिज्ञता ।
अग्न्यर्काम्बुविषादीनां प्रतिष्टम्भोऽपराजयः ॥ ८ ॥

पदार्थ–
त्रिकालज्ञत्वं = भूत, भविष्यत्, वर्तमान तीनै काललाई जान्नु
अद्वन्द्वं = शीत-उष्ण आदि द्वन्द्वबाट पीडित नहुनु
परचित्ताद्यभिज्ञता = अर्काको मनको कुरा बुझ्नु
अग्न्यर्काम्बुविषादीनां = आगो, घाम, पानी र विष आदिको
प्रतिष्टम्भः = शक्तिलाई रोकिदिनु र
अपराजयः = कहीँ पनि पराजित नहुनु (यी पाँच पनि योगीहरूलाई प्राप्त हुने सिद्धिहरू हुन्)

वाक्यार्थ– भूत, भविष्यत् र वर्तमान तीनै समयलाई जान्नु, शीत-उष्ण आदि द्वन्द्वबाट पीडित नहुनु, अर्काको चित्तको कुरा थाहा पाउनु, आगो, घाम, पानी र विष आदिको शक्तिलाई रोकिदिनु र कतै पराजित नहुनु पनि योगीहरूलाई प्राप्त हुने सिद्धिहरू हुन्।

एताश्चोद्देशतः प्रोक्ता योगधारणसिद्धयः ।
यया धारणया या स्याद् यथा वा स्यान्निबोध मे ॥ ९ ॥

पदार्थ–
एताः = यी
योगधारणसिद्धयः च = योगधारणाका सिद्धिहरू
उद्देशतः = सङ्क्षेपले
प्रोक्ताः = बताइए

यया = जुन	**स्यात्** = हुन्छ र	**मे** = मबाट
धारणया = धारणाद्वारा	**यथा वा** = अथवा जसरी	**निबोध** = सुन
या = जे	**स्यात्** = हुन्छ (ती सबै कुरा)	

वाक्यार्थ– मैले योगधारणाका सिद्धिहरूको विषयमा सङ्क्षेपमा बताएँ, अब यी धारणाहरूद्वारा के र कसरी हुन्छ भन्ने कुरा पनि मबाट सुन।

भूतसूक्ष्मात्मनि मयि तन्मात्रं धारयेन्मनः।
अणिमानमवाप्नोति तन्मात्रोपासको मम ॥ १० ॥

पदार्थ–	**मनः** = मनलाई	**अणिमानं** = अणिमा नामको सिद्धिलाई
भूतसूक्ष्मात्मनि = सूक्ष्म पञ्चभूत स्वरूप	**धारयेत्** = धारण गरोस्	**अवाप्नोति** = प्राप्त गर्दछ
मयि = ममा	**तन्मात्रोपासकः** = सूक्ष्म स्वरूपको उपासना गर्ने व्यक्तिले	
तन्मात्रं = तदाकार भएको	**मम** = मेरो	

वाक्यार्थ– सूक्ष्मभूत स्वरूप ममा तदाकार भएको मनलाई धारण गर्दै सूक्ष्म स्वरूपको चिन्तन गर्ने योगीले मेरो अणिमा नामको सिद्धिलाई प्राप्त गर्दछ।

महत्यात्मन्मयि परे यथासंस्थं मनो दधत्।
महिमानमवाप्नोति भूतानां च पृथक् पृथक् ॥ ११ ॥

पदार्थ–	**मनः** = मनलाई	**भूतानां** = आकाश आदि महाभूतमध्ये
महति = महत्तत्त्वरूप	**दधत्** = धारण गर्ने व्यक्तिले	**पृथक् पृथक् च** = अलग-अलग रूपले पनि मनलाई धारण गर्ने योगीले महिमालाई प्राप्त गर्दछ
परे आत्मन् = परमात्मस्वरूप	**महिमानं** = महिमा नामको सिद्धिलाई	
मयि = ममा	**अवाप्नोति** = प्राप्त गर्दछ र	
यथासंस्थं = यथायोग्य		

वाक्यार्थ– महत्तत्त्वरूपमा रहेको परमात्मस्वरूप ममा वा आकाश आदि पञ्चभूतमध्ये अलग-अलग रूपले रहेको ममा मन धारण गर्ने योगीलाई महिमा नामको सिद्धि प्राप्त हुन्छ।

परमाणुमये चित्तं भूतानां मयि रञ्जयन्।
कालसूक्ष्मार्थतां योगी लघिमानमवाप्नुयात्॥ १२ ॥

पदार्थ–	**मयि** = ममा	**योगी** = योगीले
भूतानां = वायु आदि महाभूतको	**चित्तं** = आफ्नो चित्तलाई	**कालसूक्ष्मार्थतां** = परमाणुरूप कालसमान सूक्ष्म बन्न सक्ने
परमाणुमये = परमाणुस्वरूप	**रञ्जयन्** = स्थिर गर्ने	

लघिमानं = लघिमा नामको	सिद्धि	**अवाप्नुयात्** = प्राप्त गर्दछ

वाक्यार्थ– वायु आदि महाभूतको परमाणुरूप ममा चित्तलाई स्थिर गरेर योगीले काल जस्तो सूक्ष्म बन्ने सामर्थ्यरूप लघिमा नामको सिद्धि प्राप्त गर्दछ।

धारयन् मय्यहंतत्त्वे मनो वैकारिकेऽखिलम्।
सर्वेन्द्रियाणामात्मत्वं प्राप्तिं प्राप्नोति मन्मनाः॥ १३॥

पदार्थ–	**मनः** = मनलाई	**आत्मत्वं** = अधिष्ठातृरूप
वैकारिके = सात्त्विक	**धारयन्** = धारण गर्ने	**प्राप्तिं** = प्राप्ति नामको सिद्धि
अहंतत्त्वे = अहङ्कारस्वरूप	**मन्मनाः** = मेरो उपासकले	**प्राप्नोति** = प्राप्त गर्दछ
मयि = ममा	**सर्वेन्द्रियाणां** = सम्पूर्ण	
अखिलं = एकाग्र	इन्द्रियहरूको	

वाक्यार्थ– सात्त्विक अहङ्कारस्वरूप ममा एकाग्र चित्तलाई स्थिर गराउने मेरो भक्तले सम्पूर्ण इन्द्रियहरूलाई प्रेरित गर्ने प्राप्ति नामको सिद्धि प्राप्त गर्दछ।

महत्यात्मनि यः सूत्रे धारयेन्मयि मानसम्।
प्राकाम्यं पारमेष्ठ्यं मे विन्दतेऽव्यक्तजन्मनः॥ १४॥

पदार्थ–	**मानसं** = मनलाई	**पारमेष्ठ्यं** = सर्वोत्कृष्ट
यः = जसले	**धारयेत्** = स्थिर गराउँछ (उसले)	**प्राकाम्यं** = प्राकाम्य नामको
सूत्रे = क्रियाशक्तिप्रधान	**अव्यक्तजन्मनः** = मायाजन्य	सिद्धि
महति आत्मनि = परमात्मा	सूत्रात्मरूप	**विन्दते** = प्राप्त गर्दछ
मयि = ममा	**मे** = मबाट	

वाक्यार्थ– जसले क्रियाशक्तिप्रधान महत्तत्त्वरूप परमात्मा ममा मनलाई स्थिर गराउँछ, त्यसले मायाजन्य सूत्रात्मरूप मबाट सर्वोत्कृष्ट प्राकाम्य नामको सिद्धि प्राप्त गर्दछ।

विष्णौ त्र्यधीश्वरे चित्तं धारयेत् कालविग्रहे।
स ईशित्वमवाप्नोति क्षेत्रज्ञक्षेत्रचोदनाम्॥ १५॥

पदार्थ–	अन्तर्यामीमा (जसले)	तदुपाधिक जीवलाई प्रेरित गर्ने
त्र्यधीश्वरे = त्रिगुणात्मिका	**चित्तं** = चित्तलाई	**ईशित्वं** = ईशित्व नामको
मायाको नियन्ता	**धारयेत्** = धारण गर्दछ	सिद्धिलाई
विष्णौ = सर्वव्यापक	**सः** = त्यसले	**अवाप्नोति** = प्राप्त गर्दछ
कालविग्रहे = कालस्वरूप	**क्षेत्रज्ञक्षेत्रचोदनां** = शरीर आदि र	

वाक्यार्थ– जसले त्रिगुणात्मिका मायाको नियन्ता सर्वव्यापक कालस्वरूप, अन्तर्यामीमा मनलाई स्थिर गर्दछ, त्यसले शरीर आदि र तदुपाधिक जीवलाई प्रेरित गर्ने ईशित्व नामको सिद्धि प्राप्त गर्दछ।

नारायणे तुरीयाख्ये भगवच्छब्दशब्दिते।
मनो मय्यादधद् योगी मद्धर्मा वशितामियात्॥ १६॥

पदार्थ–
तुरीयाख्ये = तुरीयस्वरूप
भगवच्छब्दशब्दिते = भगवान् यो शब्दद्वारा बताइने
नारायणे = नारायणस्वरूप
मयि = ममा
मनः = मनलाई
आदधत् = धारण गर्ने
मद्धर्मा = म समानको
योगी = योगीले
वशितां = विषयमा अनासक्तिरूप वशिता सिद्धि
इयात् = प्राप्त गर्दछ

वाक्यार्थ– सर्वोपाधिरहित तुरीयरूप भगवान् भनेर बताइने नारायणस्वरूप ममा मन लगाउने योगीले विषयमा अनासक्तिरूप वशिता नामको सिद्धि प्राप्त गर्दछ।

निर्गुणे ब्रह्मणि मयि धारयन् विशदं मनः।
परमानन्दमाप्नोति यत्र कामोऽवसीयते॥ १७॥

पदार्थ–
निर्गुणे = निर्गुण
ब्रह्मणि = ब्रह्मस्वरूप
मयि = ममा
विशदं = प्राणायाम आदिले शुद्ध
मनः = मनलाई
धारयन् = स्थिर गराउने योगीले
यत्र = जसको प्राप्तिमा
कामः = सम्पूर्ण कामनाहरू
अवसीयते = समाप्त हुन्छन्
(त्यस्तो)
परमानन्दं = परमानन्दरूप (कामावसायिता नामको) सिद्धिलाई
आप्नोति = प्राप्त गर्दछ

वाक्यार्थ– जो योगीले प्राणायाम आदिद्वारा शुद्ध भएको मनलाई निर्गुण ब्रह्मरूप ममा स्थिर गराउँछ, उसले जसको प्राप्तिमा सम्पूर्ण कामनाहरू समाप्त हुन्छन् त्यस्तो कामावसायिता नामको सिद्धि प्राप्त गर्दछ।

श्वेतद्वीपपतौ चित्तं शुद्धे धर्ममये मयि।
धारयञ्छ्वेततां याति षडूर्मिरहितो नरः॥ १८॥

पदार्थ–
शुद्धे = विशुद्ध
धर्ममये = धर्मको प्रवर्तक
श्वेतद्वीपपतौ = श्वेतद्वीपका पति अनिरुद्धमूर्ति
मयि = ममा
चित्तं = चित्तलाई
धारयन् = धारण गर्ने
षडूर्मिरहितः = भोक, तिर्खा, जन्म, मृत्यु, शोक, मोह यी छ विकारले रहित भएको
नरः = मानिसले
श्वेततां = शुद्धतालाई
याति = प्राप्त गर्दछ

वाक्यार्थ– शुद्ध धर्मस्वरूप अनिरुद्धमूर्ति ममा चित्तलाई धारण गर्ने मानिस भोक, तिर्खा, जन्म, मृत्यु, शोक, मोह यी छ भावविकाररहित हुन्छ र उसले शुद्धतालाई प्राप्त गर्दछ।

मय्याकाशात्मनि प्राणे मनसा घोषमुद्वहन्।
तत्रोपलब्धा भूतानां हंसो वाचः शृणोत्यसौ ॥ १९ ॥

पदार्थ–
आकाशात्मनि = आकाश जस्तो निर्मल र व्यापक
प्राणे = समष्टि प्राणस्वरूप
मयि = ममा
मनसा = मनद्वारा
घोषं = नादको
उद्वहन् = चिन्तन गर्दै
असौ = यो
हंसः = जीवले
तत्र = त्यहाँ
उपलब्धा = ज्ञाता भएर
भूतानां = प्राणीहरूका
वाचः = वाणीहरूलाई
शृणोति = सुन्दछ

वाक्यार्थ– आकाश जस्तो निर्मल र व्यापक समष्टि प्राणस्वरूप ममा जसले मनद्वारा नादको चिन्तन गर्दछ, त्यो जीवात्माले ज्ञाता भएर त्यहाँ रहेका प्राणीहरूका वाणी सजिलै सुन्दछ।

चक्षुस्त्वष्टरि संयोज्य त्वष्टारमपि चक्षुषि।
मां तत्र मनसा ध्यायन् विश्वं पश्यति सूक्ष्मदृक् ॥ २० ॥

पदार्थ–
चक्षुः = आँखालाई
त्वष्टरि = सूर्यमा
संयोज्य = स्थापित गरेर
त्वष्टारम् अपि = सूर्यलाई चाहिँ
चक्षुषि = आँखामा स्थापित गरेर
तत्र = ती दुईको संयोगमा
मनसा = मनद्वारा
मां = मलाई
ध्यायन् = ध्यान गर्दै
सूक्ष्मदृक् = सूक्ष्मदर्शी भएर
विश्वं = सम्पूर्ण विश्वलाई
पश्यति = टाढैबाट देख्दछ

वाक्यार्थ– आँखालाई सूर्यमा र सूर्यलाई आँखामा स्थापित गरेर ती दुईको संयोगमा मलाई मनद्वारा ध्यान गर्ने सूक्ष्मदर्शी व्यक्तिले सारा विश्वलाई टाढैबाट देख्दछ।

मनो मयि सुसंयोज्य देहं तदनु वायुना।
मद्धारणानुभावेन तत्रात्मा यत्र वै मनः ॥ २१ ॥

पदार्थ–
मनः = मन र
देहं = शरीरलाई
तदनु = तदनुवर्ती
वायुना = प्राणवायुसँग
मयि = ममा
सुसंयोज्य = स्थापित गरेर
मद्धारणा = मेरो चिन्तन गर्दछ भने
अनुभावेन = त्यसको प्रभावले
यत्र = जहाँ
मनः = मन जान्छ
तत्र = त्यहाँ
वै = निश्चय नै
आत्मा = शरीर पनि जान्छ

वाक्यार्थ– मन र शरीरलाई प्राणवायुसँगै स्थापित गराएर कसैले मेरो चिन्तन गर्दछ भने त्यसको

प्रभावले जहाँ मन पुग्दछ, त्यहाँ उसको शरीर पनि पुग्दछ।

यदा मन उपादाय यद् यद् रूपं बुभूषति।
तत्तद् भवेन्मनोरूपं मद्योगबलमाश्रयः॥ २२॥

पदार्थ–
यदा = जुन समयमा
मनः = मनलाई
उपादाय = उपादान कारण बनाएर
यद् यद् रूपं = जुन जुन देह आदिको रूपलाई
बुभूषति = धारण गर्न चाहन्छ
तत् तत् = त्यो त्यो
मनोरूपं = मनले इच्छा गरेको रूप
भवेत् = हुन्छ (किनभने)
मद्योगबलं = मेरो चिन्तनले भएको धारणारूप योगबल
आश्रयः = सम्पूर्ण सिद्धिहरूको आश्रय हो

वाक्यार्थ– जुन समयमा मनलाई उपादान कारण बनाएर योगीले जस्तो-जस्तो रूप धारण गर्न चाहन्छ, उसले त्यस्तो-त्यस्तो रूपलाई प्राप्त गर्दछ, किनभने मेरो चिन्तनले भएको धारणारूप योगबल नै सम्पूर्ण सिद्धिहरूको आश्रय हो।

परकायं विशन् सिद्ध आत्मानं तत्र भावयेत्।
पिण्डं हित्वा विशेत् प्राणो वायुभूतः षडङ्घ्रिवत्॥ २३॥

पदार्थ–
सिद्धः = योगीले
परकायं = अर्काको शरीरमा
विशन् = प्रवेश गर्दा
तत्र = त्यो प्रवेश गर्ने शरीरमा
आत्मानं = आफूलाई
भावयेत् = चिन्तन गरोस् र
प्राणः = प्राणप्रधान लिङ्ग शरीर उपाधिवाला आत्मा भएर
पिण्डं = शरीरलाई
हित्वा = त्यागी
वायुभूतः = बाह्य वायुमा मिलेर
षडङ्घ्रिवत् = भँवरा जैँ
विशेत् = प्रवेश गरोस्

वाक्यार्थ– अर्काको शरीरमा प्रवेश गर्न चाहने योगीले प्रवेश गर्ने शरीरमा आफ्नो चिन्तन गरोस् र प्राणप्रधान लिङ्ग शरीरलाई वायुरूप बनाई पहिलाको शरीरलाई त्यागेर भँवरा जैँ अर्कै शरीरमा प्रवेश गरोस्।

पार्ष्ण्यापीड्य गुदं प्राणं हृदुरःकण्ठमूर्धसु।
आरोप्य ब्रह्मरन्ध्रेण ब्रह्म नीत्वोत्सृजेत् तनुम्॥ २४॥

पदार्थ–
पार्ष्ण्या = कुर्कुच्चाले
गुदं = गुदद्वारलाई
आपीड्य = दबाई
प्राणं = प्राणलाई
हृदुरःकण्ठमूर्धसु = हृदय, वक्षःस्थल, कण्ठ र मस्तकमा
आरोप्य = आरोपित गरी
ब्रह्मरन्ध्रेण = ब्रह्मरन्ध्रद्वारा
ब्रह्म = प्राणलाई
नीत्वा = लगी
तनुं = शरीरलाई
उत्सृजेत् = त्यागोस्

वाक्यार्थ– योगीले कुर्कुच्चाद्वारा गुदद्वारलाई दबाई प्राणलाई हृदय, वक्षःस्थल, कण्ठ र मस्तकमा आरोपित गरी ब्रह्मरन्ध्रद्वारा ब्रह्ममा लीन गराई शरीरलाई त्यागोस्।

विहरिष्यन् सुराक्रीडे मत्स्थं सत्त्वं विभावयेत्।
विमानेनोपतिष्ठन्ति सत्त्ववृत्तीः सुरस्त्रियः॥ २५॥

पदार्थ–
सुराक्रीडे = देवताहरूको क्रीडास्थलमा
विहरिष्यन् = विहार गर्ने इच्छा भएको योगीले
मत्स्थं = ममा रहेको
सत्त्वं = सत्त्वगुणको
विभावयेत् = चिन्तन गरोस्
सत्त्ववृत्तीः = शुद्ध सत्त्ववृत्ति भएका
सुरस्त्रियः = अप्सराहरू
विमानेन = विमानद्वारा (उसको सेवामा)
उपतिष्ठन्ति = उपस्थित हुन्छन्

वाक्यार्थ– योगीलाई यदि देवताहरूको क्रीडास्थलमा विहार गर्न मन लाग्यो भने उसले मेरो सत्त्वगुणको चिन्तन गरोस्। त्यसपछि सत्त्ववृत्ति भएका अप्सराहरू विमानद्वारा उसको सेवामा उपस्थित हुन्छन्।

यथा सङ्कल्पयेद् बुद्ध्या यदा वा मत्परः पुमान्।
मयि सत्ये मनो युञ्जंस्तथा तत् समुपाश्नुते॥ २६॥

पदार्थ–
मत्परः = मेरो आराधनामा लागेको
पुमान् = व्यक्तिले
सत्ये = सत्यसङ्कल्पवाला
मयि = ममा
मनः = मनलाई
युञ्जन् = स्थिर गराएर
यदा = जहिले
यथा वा = जसरी पनि
बुद्ध्या = मनले
सङ्कल्पयेत् = सङ्कल्प (इच्छा) गर्दछ भने (त्यसै समयमा)
तथा = त्यसै गरी
तत् = त्यो वस्तुलाई
समुपाश्नुते = प्राप्त गर्दछ

वाक्यार्थ– मेरो आराधनामा लागेको व्यक्तिले सत्यसङ्कल्पवाला ममा मनलाई स्थिर गराएर जहिले जसरी जुन वस्तुलाई मनले सङ्कल्प गर्दछ, त्यहिले त्यसै गरी त्यो वस्तु प्राप्त गर्दछ।

यो वै मद्भावमापन्न ईशितुर्वशितुः पुमान्।
कुतश्चिन्न विहन्येत तस्य चाज्ञा यथा मम॥ २७॥

पदार्थ–
यः = जो
पुमान् = व्यक्ति
ईशितुः = सबको नियामक
वशितुः = स्वतन्त्र
मद्भावं = मेरो भावमा
आपन्नः = प्राप्त भएको छ
तस्य = उसको
आज्ञा = आज्ञा
मम यथा = मेरै आज्ञा झैँ
वै = निश्चय नै
कुतश्चित् च = कहिल्यै पनि
न विहन्येत = निष्फल हुँदैन

वाक्यार्थ– जो व्यक्ति सबको नियामक र स्वतन्त्र मेरो भावमा प्राप्त भएको छ, उसको आज्ञा मेरो आज्ञा झैँ हुन्छ, कहिल्यै पनि निष्फल हुँदैन।

मद्भक्त्या शुद्धसत्त्वस्य योगिनो धारणाविदः।
तस्य त्रैकालिकी बुद्धिर्जन्ममृत्यूपबृंहिता ॥ २८ ॥

पदार्थ–
मद्भक्त्या = मेरो भक्तिद्वारा
शुद्धसत्त्वस्य = शुद्ध चित्त भएको
धारणाविदः = मलाई चित्तमा धारण गरिरहेको
तस्य = त्यो
योगिनः = योगीको
जन्ममृत्यूपबृंहिता = जन्ममृत्युसहित
त्रैकालिकी = भूत, भविष्यत् र वर्तमान तीनै काललाई जान्ने
बुद्धिः = बुद्धि उत्पन्न हुन्छ

वाक्यार्थ– मेरो भक्तिद्वारा शुद्ध चित्त भएका र मलाई चित्तमा धारण गरिरहेको योगीलाई जन्म, मृत्युसहित भूत, भविष्यत् र वर्तमान तीनै काललाई जान्ने क्षमता उत्पन्न हुन्छ।

अग्न्यादिभिर्न हन्येत मुनेर्योगमयं वपुः।
मद्योगश्रान्तचित्तस्य यादसामुदकं यथा ॥ २९ ॥

पदार्थ–
मद्योगशश्रान्तचित्तस्य = ममा स्थिर गराउनाले चित्त विश्रान्त भएको
मुनेः = मुनिको
योगमयं = योगमय
वपुः = शरीर
अग्न्यादिभिः = अग्नि आदिद्वारा
यथा = जसरी
यादसां = जलजन्तुको शरीर
उदकं = जलद्वारा नष्ट हुँदैन (त्यस्तै)
न हन्येत = नष्ट हुँदैन

वाक्यार्थ– ममा चित्त स्थिर गराउनाले चित्त शान्त भएको योगीको योगमय शरीरलाई आगो आदिले पनि नष्ट पार्न सक्दैन, जसरी जलचरहरूको शरीरलाई जलले नष्ट पार्न सक्दैन।

मद्विभूतीरभिध्यायन् श्रीवत्सास्त्रविभूषिताः।
ध्वजातपत्रव्यजनैः स भवेदपराजितः ॥ ३० ॥

पदार्थ–
श्रीवत्सास्त्रविभूषिताः = श्रीवत्स र अस्त्र आदिले विभूषित
ध्वजातपत्रव्यजनैः = ध्वजा, छत्र र चामर आदिले युक्त भएको
मद्विभूतीः = मेरो अवतारलाई
अभिध्यायन् = ध्यान गर्ने व्यक्ति जो छ
सः = त्यो
अपराजितः = सर्वत्र विजयी
भवेत् = हुन्छ

वाक्यार्थ– जसले श्रीवत्स, अन्य अस्त्रहरू र ध्वजा, छत्र, चामर आदिले युक्त मेरा अवतारहरूलाई जसले चिन्तन गर्दछ त्यो व्यक्ति सर्वत्र विजयी हुन्छ।

उपासकस्य मामेवं योगधारणया मुनेः।

सिद्धयः पूर्वकथिता उपतिष्ठन्त्यशेषतः॥ ३१॥

पदार्थ–
एवं = यसरी
योगधारणया = अलग-अलग योगको धारणाद्वारा
मां = मलाई
उपासकस्य = उपासना गर्ने
मुनेः = मुनिलाई
पूर्वकथिताः = पहिला बताइएका
अशेषतः = सम्पूर्ण
सिद्धयः = सिद्धिहरू
उपतिष्ठन्ति = प्राप्त हुन्छन्

वाक्यार्थ– यसरी अलग-अलग योगको धारणाद्वारा मेरो उपासना गर्ने मुनिलाई पहिले बताइएका सम्पूर्ण सिद्धिहरू प्राप्त हुन्छन्।

जितेन्द्रियस्य दान्तस्य जितश्वासात्मनो मुनेः।

मद्धारणां धारयतः का सा सिद्धिः सुदुर्लभा॥ ३२॥

पदार्थ–
जितेन्द्रियस्य = इन्द्रियलाई जितेको
जितश्वासात्मनः = प्राण र अन्तःकरणलाई वशमा राखेको
मद्धारणां = शुद्धस्वरूपमा
धारयतः = चित्तलाई स्थिर गराएको
दान्तस्य = संयमी
मुनेः = मुनिका लागि
सा = त्यो
का = कुन चाहिँ
सिद्धिः = सिद्धि
सुदुर्लभा = दुर्लभ हुन्छ र

वाक्यार्थ– इन्द्रियलाई जितेको, प्राण र अन्तःकरणलाई वशमा राखेको र चित्तलाई शुद्धस्वरूप ममा स्थिर गराएको संयमी योगीका लागि कुन चाहिँ सिद्धि दुर्लभ छ र ?

अन्तरायान् वदन्त्येता युञ्जतो योगमुत्तमम्।

मया सम्पद्यमानस्य कालक्षपणहेतवः॥ ३३॥

पदार्थ–
उत्तमं = सर्वोत्तम
योगं = योगलाई
युञ्जतः = अनुष्ठान गर्ने भक्तको लागि
एताः = यी सिद्धिहरू
अन्तरायान् = विघ्न हुन् भनेर
वदन्ति = भन्दछन् (किनभने यी सिद्धिहरू)
मया = मसँग
सम्पद्यमानस्य = प्राप्त हुन लागेका भक्तहरूको लागि
कालक्षपणहेतवः = मेरो प्राप्तिमा विलम्ब गराउने कारण हुन्

वाक्यार्थ– मेरो उपासनारूप सर्वोत्तम योगको अनुष्ठान गर्ने व्यक्तिका लागि यी सिद्धिहरू विघ्न हुन् भनेर ज्ञानीहरू भन्दछन्, किनभने यी सिद्धिहरूले ममा प्राप्त हुन लागेका भक्तहरूलाई अलमल गराइदिन्छन्।

जन्मौषधितपोमन्त्रैर्यावतीरिह सिद्धयः।
योगेनाप्नोति ताः सर्वा नान्यैर्योगगतिं व्रजेत्॥ ३४॥

पदार्थ—
जन्मौषधितपोमन्त्रैः = जन्म, औषधि, तपस्या र मन्त्रबाट
इह = यो लोकमा
यावतीः = जति
सिद्धयः = सिद्धिहरू हुन्छन्
ताः = ती
सर्वाः = सबै सिद्धिहरू
योगेन = योगद्वारा योगीले
आप्नोति = प्राप्त गर्दछ
योगगतिं = योगको परमफल मोक्षलाई
अन्यैः = अरू साधनहरूद्वारा
न व्रजेत् = प्राप्त गर्न सकिँदैन

वाक्यार्थ— जन्म, औषधि, तपस्या र मन्त्रद्वारा यो लोकमा जति सिद्धिहरू हुन्छन्, ती सम्पूर्ण सिद्धिहरू योगीले योगबलद्वारा प्राप्त गर्दछ, तर योगको परम फल मोक्ष अरू कुनै साधनबाट पनि प्राप्त हुँदैन।

सर्वासामपि सिद्धीनां हेतुः पतिरहं प्रभुः।
अहं योगस्य साङ्ख्यस्य धर्मस्य ब्रह्मवादिनाम्॥ ३५॥

पदार्थ—
सर्वासाम् अपि = सबै
सिद्धीनां = सिद्धिहरूको
हेतुः = कारण
पतिः = पालक र
प्रभुः = मालिक पनि
अहं = म नै हुँ
योगस्य = योगको
साङ्ख्यस्य = ज्ञानको
धर्मस्य = धर्मको र
ब्रह्मवादिनां = ब्रह्मज्ञानीहरूको (पनि कारण, पालक र स्वामी)
अहम् = म नै हुँ

वाक्यार्थ— सम्पूर्ण सिद्धिहरूको कारण, पालक र स्वामी म नै हुँ भने योगको, ज्ञानको र ब्रह्मज्ञानीहरूको पनि कारण, पालक र स्वामी म नै हुँ।

अहमात्मान्तरो बाह्योऽनावृतः सर्वदेहिनाम्।
यथा भूतानि भूतेषु बहिरन्तः स्वयं तथा॥ ३६॥

पदार्थ—
सर्वदेहिनां = सम्पूर्ण प्राणीहरूको
आन्तरः = अन्तर्यामीरूपले रहेको
आत्मा = आत्मा र
बाह्यः = बाहिरी व्यापक
अनावृतः = अपरिच्छिन्न स्वरूप
अहं = म नै हुँ
यथा = जसरी
भूतेषु = प्राणीहरूमा
भूतानि = सूक्ष्म भूत नै
बहिः = बाहिर र
अन्तः = भित्र पनि रहेको हुन्छ
तथा = त्यस्तै
स्वयम् = म नै सर्वत्र छु

वाक्यार्थ— जसरी चारै प्रकारका प्राणीहरूमा सूक्ष्म महाभूत नै बाहिर र भित्र रहेको हुन्छ, त्यसै गरी सम्पूर्ण प्राणीहरूमा भित्र अन्तर्यामी आत्मारूपले र बाहिर अपरिच्छिन्न व्यापक रूपले म नै रहेको छु।

विवरण– यस प्रसङ्गमा भगवान्‌को भक्तिद्वारा नै सबै प्रकारका सिद्धिहरू प्राप्त हुने कुरा बताइएको छ। तन्त्रशास्त्र आदिमा अनेक सिद्धिहरूलाई प्राप्त गर्ने अनेक विधि र प्रयोगहरू बताइएका छन्। सिद्धिहरूमध्ये अष्टसिद्धिहरू मुख्य छन् र त्यससँगै अनेक उपसिद्धिहरूको पनि वर्णन शास्त्रहरूमा आउँछ। अष्टसिद्धि यसप्रकार छन्– अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व। अणिमा भनेको आफ्नो शरीरलाई अत्यन्त सानो बनाउन सक्नु र महिमा भनेको चाहिँ शरीरलाई अत्यन्त विशाल बनाउन सक्नु हो। गरिमा भनेको शरीरलाई अत्यन्त गह्रुङ्गो बनाउन सक्नु र लघिमा भनेको चाहिँ अत्यन्त हलुङ्गो बनाउन सक्नु हो। प्राप्ति भनेको चिताएको ठाउँमा तत्काल पुग्ने सामर्थ्य हो भने प्राकाम्य भनेको इच्छा गरेको वस्तु तत्काल प्राप्त हुने सिद्धि हो। ईशित्व भनेको सबैलाई इच्छाअनुसार नियन्त्रणमा गर्न सक्ने सामर्थ्य हो भने वशित्व भनेको चाहिँ सबैलाई आफ्नो वशवर्ती बनाउने शक्ति हो। यीभन्दा बाहेक पनि हजारौँ कोस टाढाको वस्तु देख्ने, त्यहाँको कुरा सुन्ने, अर्काको निर्जीव शरीरमा आफू प्रवेश गर्ने, अनेक शरीरहरू एकैपटक धारण गर्ने आदि धेरै प्रकारका सिद्धिहरू हुन्छन्। योगद्वारा प्राप्त हुने यी सिद्धिहरूलाई योगैश्वर्य या योगविभूति पनि भनिन्छ। सिद्धिको पराकाष्ठामा पुगेका व्यक्तिहरू संसारको सृष्टि, स्थिति र प्रलयबाहेक अन्य सबै काम गर्न सक्छन् भनी शास्त्रहरूमा बताइएको छ, तर यी सिद्धिहरूलाई भगवत्प्राप्तिमा भने विघ्न मानिन्छ। त्यसैले भगवान्‌ले यहाँ ममा मिल्न खोज्नेहरूका लागि यी सबै शक्तिहरू विघ्नस्वरूप हुन् भनी बताउनुभएको छ।

संसारमा आसक्त भएका प्राणीहरूले सिद्धिहरूलाई बढी महत्त्व दिए तापनि तिनीहरूका लागि सिद्धिहरू मानसिक सङ्कल्पबाहेक केही होइनन्। अनन्त शक्तियुक्त मायाको कार्य भएकाले सबै प्राणीहरूको मन अनन्त शक्तियुक्त छ। विषयवासनाहरूबाट ढाकिएका व्यक्तिको मनको सम्पूर्ण शक्ति विषयहरूतर्फ बाँडिएको छ, तर यसलाई साधनाद्वारा एकाग्र बनाउने हो भने मनको क्षमता तीव्र बन्न जान्छ। यसले अनेकौँ अन्तर्निहित शक्तिहरूलाई जगाइदिन्छ, यसैलाई लोकमा अलौकिक सिद्धि भनिन्छ। मनभित्र श्रेष्ठ सद्‌गुणहरूको धारणा गर्दागर्दै जब ती सद्‌गुण मनभित्र प्रतिष्ठित हुन्छन्, तिनैलाई मानिसहरू सिद्धि भन्दछन्। मनभित्र सद्‌गुणको प्रतिष्ठा हुनु राम्रो भए पनि सांसारिक व्यवहारमा त्यो क्षमताको प्रयोग हुने सम्भावना भएकाले सिद्धिहरूलाई विघ्नरूप मानिएको हो। सिद्धिप्राप्तिले व्यक्तिलाई अभिमानी बनाइदिन्छ, ऊ आफूलाई सामान्य मानिसहरूभन्दा श्रेष्ठ र पूज्य सम्झन थाल्दछ। फेरि अनेक सांसारिक कार्यका लागि सिद्धिहरूको प्रयोग गर्दा उसको मनको क्षमतामा पनि ह्रास आउँछ र पछि त्यस व्यक्तिको शक्ति पनि नष्ट हुन्छ। एकपटक यी सिद्धिहरूको प्रयोगमा फसिसकेको व्यक्ति फेरि ज्ञानी एवं भक्त बन्न सक्दैन। त्यसैले जिज्ञासु मुमुक्षुका लागि यी सिद्धिहरू विघ्नरूप छन्।

यहाँ भगवान्‌को भक्तिद्वारा पनि अनेक सिद्धिहरू पाइने वर्णन गरिएको छ। यी सिद्धिहरू कस्ता भक्तहरूलाई प्राप्त हुन्छन् र कस्तालाई प्राप्त हुँदैनन् भन्ने विषयमा पनि चर्चा गरिएको छ। जसको मन संसारमा आसक्त छ, तिनीहरूले मात्र सिद्धिहरू पाउँछन्। बहिर्मुखी व्यक्तिहरूले योगसाधना आदि गर्दा जब तिनीहरूको मन अलि एकाग्र र प्रबल बन्दछ, तब मानसिक शक्तिले उनीहरूभित्र रहेका विषयवासनाहरूलाई ग्रहण गर्दछ र तिनकै पूर्तिका लागि सिद्धिको रूपमा

प्रकट हुन्छ। वासनाशून्य भएका मानिसहरू त आफ्नो सम्पूर्ण मानसिक क्षमतालाई आत्मतत्त्वको अन्वेषणमा लगाउँछन् र त्यसद्वारा तत्त्वज्ञान प्राप्त गर्दछन्। त्यही मानसिक शक्ति वासनाद्वारा प्रभावित बन्दा सिद्धिहरूको रूपमा देखापर्दछ र वासनाहीन भई आत्माकार बन्दा ज्ञान या भक्तिको रूपमा प्रकट हुने स्पष्ट छ। त्यसैले यी सबै प्रकारका सिद्धिहरू ज्ञान एवं भक्तिका विरोधी भएकाले विघ्न हुन् भनिएको हो। आत्मज्ञानलाई पाउनका लागि जुन मानसिक एकाग्रता र क्षमताको प्रयोग गरिन्छ त्यसबाट वासनाहरू एक-एक गर्दै पूर्णतः नष्ट हुन्छन्, यसलाई वेदान्तमा मनोनाश, वासनाक्षय जस्ता शब्दहरूद्वारा बताइन्छ। यस अवस्थामा साधकको चित्त चिद्रूप ब्रह्मस्वरूपमा नै अवस्थित हुन्छ। यो चित्तको शुद्ध र निरुपाधिक अवस्था हो। तर मानसिक क्षमतालाई यदि संसारतिर नै प्रयोग गरियो भने त्यसबाट विषयवासनाहरू झन्-झन् बढ्दै जान्छन्। उसमा अभिमान, दम्भ आदि दुर्गुणहरू पनि थपिँदै जान्छन्। स्थूल विषयहरूतर्फ आसक्त हुनुलाई मन मोटाउनु भनिन्छ र स्थूल मनले सूक्ष्म परमात्मतत्त्वलाई कदापि ग्रहण गर्न सक्दैन। त्यसै गरी भक्तिको साधनाले मनलाई क्षीण गर्दछ र मनलाई उसको वास्तविक एवं सूक्ष्म स्वरूप परमात्मामा नै अवस्थित गराइदिन्छ। त्यसैले शास्त्रहरूमा आत्मस्थितिलाई नै वास्तविक सिद्धि भनी बताइएको पाइन्छ। भागवतश्रवणपछि परीक्षित् भन्दछन्— **सिद्धोऽस्म्यनुगृहीतोऽस्मि** (भागवत .१२.६.२) अर्थात् म हजुरले उपदेश गर्नुभएको भक्ति एवं तत्त्वज्ञानको प्राप्तिले सिद्ध भएको छु र म हजुरबाट अत्यन्त अनुगृहीत छु। अतः साधकहरूले यही वास्तविक सिद्धिलाई प्राप्त गर्न प्रयास गर्नुपर्दछ, सांसारिक सिद्धिहरूलाई होइन। यदि सिद्धि प्राप्त गर्ने उद्देश्य नहुँदा पनि केही सिद्धि मिलिहाले भने त्यसबाट आफ्नो मनमा अझै वासनाको साम्राज्य रहेछ भन्ने थाहा पाउनुपर्दछ र ती आत्मज्ञानका विघ्नहरूलाई उपेक्षा एवं अनादर गर्नुपर्दछ।

वास्तवमा विवेकपूर्वक विचार गरिएको खण्डमा यी सिद्धिहरूबाट पनि जिज्ञासुहरूले संसारको काल्पनिकतालाई बुझ्न सक्दछन्। एउटै योगीले मानसिक सङ्कल्पकै भरमा आफ्नो शरीरलाई सानो-ठुलो, गह्रुंगो-हलुङ्गो, या धेरै बनाउन सक्छन्। यदि शरीर वास्तविक पदार्थ भएदेखि त्यसमा यी अनेकौँ काल्पनिक परिवर्तनहरू कसरी आउन सक्थे ? शरीरका यी अनेक परिवर्तनहरूमध्ये त्यसको कुन चाहिँ अवस्थालाई स्थिर एवं नित्य मान्ने ? यसै गरी योगीले आफ्नो कल्पनाबाट व्यवहारमा सत्य मानिने अन्य स्थूल पदार्थहरूलाई पनि सजिलै उत्पन्न गर्न सक्ने हुनाले जिज्ञासुलाई सम्पूर्ण व्यावहारिक संसार पनि यसै गरी कल्पना मात्र हो भन्ने बुझ्न सजिलो पर्दछ। जिज्ञासुले अहिलेसम्म आफ्ना कल्पनालाई अस्थिर र संसारका पदार्थलाई त्यसभन्दा स्थिर अनुभव गरेकाले उसले सम्पूर्ण संसारलाई कल्पना मात्र हो भन्न सकेको थिएन, तर सिद्धयोगीहरूले कल्पनाशक्तिले व्यक्तिलाई सम्पूर्ण संसारको यथार्थता बुझाइदिन्छ। यही शिक्षा दिनका लागि योगेश्वर भगवान्ले योगसिद्धिहरूलाई प्रकट गर्नुभएको हो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे पञ्चदशोऽध्यायः ॥ १५ ॥

अथ षोडशोऽध्यायः

भगवान्का विभूतिहरू

उद्धव उवाच (उद्धवले भने)

त्वं ब्रह्म परमं साक्षादनाद्यन्तमपावृतम्।
सर्वेषामपि भावानां त्राणस्थित्यप्ययोद्भवः॥ १॥

पदार्थ–
त्वं = हजुर
अनाद्यन्तं = उत्पत्ति र विनाशरहित
अपावृतं = आवरणशून्य
साक्षात् = साक्षात्
परमं ब्रह्म = परम ब्रह्म स्वरूप हुनुहुन्छ र
सर्वेषां अपि = सम्पूर्ण
भावानां = पदार्थहरूको
त्राणस्थित्यप्ययोद्भवः = रक्षण, जीवन, नाश र उत्पत्तिको उपादान कारण पनि हुनुहुन्छ

वाक्यार्थ– हे भगवान्! हजुर उत्पत्ति र विनाशरहित, आवरणशून्य स्वतन्त्र साक्षात् परब्रह्म स्वरूप हुनुहुन्छ र सम्पूर्ण पदार्थहरूको रक्षण, जीवननाश र उत्पत्तिको उपादान कारण पनि हुनुहुन्छ।

उच्चावचेषु भूतेषु दुर्ज्ञेयमकृतात्मभिः।
उपासते त्वां भगवन् याथातथ्येन ब्राह्मणाः॥ २॥

पदार्थ–
भगवन् = हे भगवान्
ब्राह्मणाः = ब्रह्मवेत्ताहरूले
उच्चावचेषु = उच्च र निम्न
भूतेषु = प्राणीहरूमा रहेका
अकृतात्मभिः = चित्त शुद्ध नभएकाहरूद्वारा
दुर्ज्ञेयं = बुझ्न नसकिने
त्वां = हजुरलाई
याथातथ्येन = यथार्थरूपले
उपासते = उपासना गर्दछन्

वाक्यार्थ– हे भगवान्! उच्च र निम्न सबैखाले प्राणीमा रहेका र चित्त शुद्ध नभएकाले बुझ्न नसक्ने हजुरलाई ब्रह्मवेत्ताहरूले यथार्थरूपले उपासना गर्दछन्।

येषु येषु च भावेषु भक्त्या त्वां परमर्षयः।
उपासीनाः प्रपद्यन्ते संसिद्धिं तद् वदस्व मे॥ ३॥

पदार्थ–
येषु येषु च = जुन-जुन
भावेषु = पदार्थहरूमा
परमर्षयः = विवेकीहरूले
भक्त्या = भक्तिपूर्वक
त्वां = हजुरलाई
उपासीनाः = चिन्तन गरेर
संसिद्धिं = वास्तविक सिद्धिलाई
प्रपद्यन्ते = प्राप्त गर्दछन्

तत् = ती सबै कुरा	**मे** = मलाई	**वदस्व** = बताउनुहोस्

वाक्यार्थ— विवेकीहरूले जुन-जुन पदार्थमा भक्तिपूर्वक हजुरको उपासना गरेर वास्तविक सिद्धि प्राप्त गर्दछन्, ती सबै कुरा मलाई बताउनुहोस्।

गूढश्चरसि भूतात्मा भूतानां भूतभावन।

न त्वां पश्यन्ति भूतानि पश्यन्तं मोहितानि ते॥ ४॥

पदार्थ—	**भूतानां** = प्राणीहरूको (बिचमा)	**भूतानि** = प्राणीहरू
भूतभावन = हे सबैका कल्याणकारक प्रभु हजुर	**गूढः** = गुप्तरूपले	**पश्यन्तं** = सबैलाई हेरिरहनुभएको
भूतात्मा = सबैका अन्तर्यामी हुनुहुन्छ	**चरसि** = घुम्नुहुन्छ	**त्वां** = हजुरलाई
	ते = हजुरको मायाले	**न पश्यन्ति** = देख्दैनन्
	मोहितानि = मोहित भएका	

वाक्यार्थ— हे सबैका कल्याणकारक प्रभु ! हजुर सम्पूर्ण प्राणीहरूको अन्तर्यामी हुनुहुन्छ, सारा प्राणीहरूको बिचमा हजुर गुप्तरूपले घुम्नुहुन्छ, तर हजुरको मायाले मोहित भएका यी प्राणीहरूले हजुरलाई देख्दैनन्, हजुरले भने सबैलाई देखिरहनुभएको छ।

याः काश्च भूमौ दिवि वै रसायां विभूतयो दिक्षु महाविभूते।

ता मह्यमाख्याह्यनुभावितास्ते नमामि ते तीर्थपदाङ्घ्रिपद्मम्॥ ५॥

पदार्थ—	**भूमौ** = पृथिवीमा	**मह्यं** = मलाई
महाविभूते = हे परम ऐश्वर्यशाली प्रभु	**दिवि** = स्वर्गमा	**आख्याहि** = बताउनुहोस्
ते = हजुरको	**रसायां** = पातालमा र	**ते** = हजुरको
अनुभाविताः = प्रताप र शक्तिले युक्त	**दिक्षु** = दिक् दिगन्तरमा	**तीर्थपदाङ्घ्रिपद्मम्** = तीर्थहरूको पनि आश्रयरूप चरणकमललाई
याः काः च = जो कोही	**विभूतयः** = विभूतिहरू छन्	**नमामि** = म नमस्कार गर्दछु
	वै = निश्चय नै	
	ताः = ती विभूतिहरू	

वाक्यार्थ— हे परम ऐश्वर्यशाली प्रभु ! हजुरको प्रताप र शक्तिले सम्पन्न जो पृथिवीमा, स्वर्गमा, पातालमा र दिशाहरूमा विभूतिहरू छन्, ती विभूतिहरू मलाई बताउनुहोस्, म हजुरको सारा तीर्थहरूको आश्रयस्वरूप चरणकमललाई नमस्कार गर्दछु।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

एवमेतदहं पृष्टः प्रश्नं प्रश्नविदां वर।

युयुत्सुना विनशने सपत्नैरर्जुनेन वै॥ ६॥

पदार्थ—
प्रश्नविदां वर = हे प्रश्नको मर्म बुझेका उद्धव
एवं = यसै गरी
एतत् = यही
प्रश्नं = प्रश्न
अहं = म
विनशने = कुरुक्षेत्रमा
सपत्नैः = शत्रुहरूसँग
युयुत्सुना = युद्ध गर्न इच्छुक
अर्जुनेन = अर्जुनद्वारा
वै = निश्चय नै
पृष्टः = सोधिएको थिएँ

वाक्यार्थ— हे प्रश्नवेत्तामा श्रेष्ठ उद्धव ! यसै गरी यही प्रश्न मलाई कुरुक्षेत्रमा युद्ध गर्न लागेका अर्जुनले सोधेका थिए।

ज्ञात्वा ज्ञातिवधं गर्ह्यमधर्मं राज्यहेतुकम्।
ततो निवृत्तो हन्ताहं हतोऽयमिति लौकिकः॥ ७॥

पदार्थ—
अहं = म
हन्ता = मार्ने व्यक्ति हुँ र
अयं = यो
हतः = मरेको व्यक्ति हो
इति = यस्तो
लौकिकः = प्राकृतपुरुष झैं मोहित भएका अर्जुन
राज्यहेतुकं = राज्यका लागि
ज्ञातिवधं = बन्धुबान्धवको हत्यालाई
गर्ह्यम् = निन्दित कर्म र
अधर्मं = अधर्म भनेर
ज्ञात्वा = बुझी
ततः = त्यो युद्धबाट
निवृत्तः = निरत भएका थिए

वाक्यार्थ— म मार्ने व्यक्ति हुँ र यो मर्ने व्यक्ति हो भनी यसरी साधारण व्यक्ति झैं मोहित भएर राज्यका लागि बन्धुबान्धवलाई मार्नु निन्दित कर्म र अधर्म हो भन्ने बुझी अर्जुन युद्धबाट विमुख भएका थिए।

स तदा पुरुषव्याघ्रो युक्त्या मे प्रतिबोधितः।
अभ्यभाषत मामेवं यथा त्वं रणमूर्धनि॥ ८॥

पदार्थ—
तदा = त्यस बखतमा
रणमूर्धनि = युद्धको आरम्भमा
मे = मद्वारा
युक्त्या = युक्तिपूर्वक
प्रतिबोधितः = राम्रोसँग सम्झाइएका
सः = ती
पुरुषव्याघ्रः = पुरुषश्रेष्ठ अर्जुनले
यथा = जसरी
त्वं = तिमीले सोध्यौ
एवं = यसै गरी
मां = मलाई
अभ्यभाषत = सोधेका थिए

वाक्यार्थ— त्यसबखत युद्धको आरम्भमा युक्तिपूर्वक मैले सम्झाएपछि पुरुषश्रेष्ठ अर्जुनले जसरी तिमीले सोधेका छौ, त्यसै गरी सोधेका थिए।

अहमात्मोद्धवामीषां भूतानां सुहृदीश्वरः।
अहं सर्वाणि भूतानि तेषां स्थित्युद्भवाप्ययः॥ ९॥

पदार्थ–
उद्धव = हे उद्धव
अहं = म
अमीषां = यी
भूतानां = प्राणीहरूको
आत्मा = आत्मा
सुहृत् = हितैषी र
ईश्वरः = नियन्ता हुँ
सर्वाणि = सबै
भूतानि = प्राणीहरू पनि
अहं = म नै हुँ र
तेषां = ती प्राणीहरूको
स्थित्युद्भवाप्ययः = उत्पत्ति, पालन र नाशको हेतु पनि म नै हुँ

वाक्यार्थ– हे उद्धव ! यी सम्पूर्ण प्राणीहरूको आत्मा, हितैषी र नियन्ता म नै हुँ, सम्पूर्ण प्राणी पनि म नै हुँ र यिनीहरूको उत्पत्ति, स्थिति र विनाशको कारण पनि म नै हुँ।

अहं गतिर्गतिमतां कालः कलयतामहम्।
गुणानां चाप्यहं साम्यं गुणिन्यौत्पत्तिको गुणः॥ १०॥

पदार्थ–
अहं = म
गतिमतां = गतिशीलहरूमा
गतिः = गति शक्ति हुँ
अहं = म
कलयतां = आफ्नो अधीनमा राख्नेहरूमा
कालः = काल हुँ
गुणानां = सत्त्व आदि गुणहरूमा
साम्यं च = गुणको साम्यावस्था प्रधान हुँ र
अहं = म
गुणिनि = गुणवान् पदार्थहरूमा
औत्पत्तिकः = स्वाभाविक
गुणः अपि = गुण पनि हुँ

वाक्यार्थ– म गतिशील पदार्थहरूमा गतिशक्ति हुँ, वशमा राख्नेहरूमा काल हुँ, सत्त्व आदि गुणहरूमा गुणको साम्यावस्था प्रधान हुँ र गुणवान्हरूमा स्वाभाविक गुण हुँ।

गुणिनामप्यहं सूत्रं महतां च महानहम्।
सूक्ष्माणामप्यहं जीवो दुर्जयानामहं मनः॥ ११॥

पदार्थ–
अहं = म
गुणिनां अपि = सत्त्व आदि तीन गुणवालामा
सूत्रं = क्रियाशक्ति हुँ
अहं = म
महतां च = महान् पदार्थहरूमा
महान् = महत्तत्त्व हुँ
सूक्ष्माणां अपि = सूक्ष्म वस्तुहरूमा पनि
अहं = म
जीवः = जीव हुँ
दुर्जयानां = अजेय वस्तुहरूमा
अहं = म
मनः = मन हुँ

वाक्यार्थ– म गुणीहरूमा क्रियाशक्ति हुँ, महान् पदार्थहरूमा महत्तत्त्व हुँ, सूक्ष्म वस्तुहरूमा जीव हुँ र जित्न नसकिने वस्तुहरूमा मन हुँ।

हिरण्यगर्भो वेदानां मन्त्राणां प्रणवस्त्रिवृत्।
अक्षराणामकारोऽस्मि पदानिच्छन्दसामहम्॥ १२॥

पदार्थ–
वेदानां = वेदपाठीहरूमा
अहं = म

हिरण्यगर्भः = ब्रह्मा हुँ	**प्रणवः** = ओङ्कार हुँ	**पदानि** = त्रिपदा गायत्री
मन्त्राणां = मन्त्रहरूमा	**अक्षराणां** = अक्षरहरूमा	**अस्मि** = हुँ
त्रिवृत् = तीन अक्षर (अकार,	**अकारः** = अकार हुँ	
उकार र मकार)ले युक्त	**छन्दसां** = छन्दहरूमा	

वाक्यार्थ– वेदपाठीहरूमा म ब्रह्मा हुँ, मन्त्रहरूमा म तीन अक्षरयुक्त ओङ्कार हुँ, अक्षरहरूमा म अकार हुँ र छन्दहरूमा त्रिपदा गायत्री हुँ।

इन्द्रोऽहं सर्वदेवानां वसूनामस्मि हव्यवाट् ।
आदित्यानामहं विष्णू रुद्राणां नीललोहितः ॥ १३ ॥

पदार्थ–	**वसूनां** = अष्ट वसुहरूमा	**विष्णुः** = विष्णु नामक आदित्य
अहं = म	**हव्यवाट्** = हव्यवाट् नामक वसु	हुँ
सर्वदेवानां = सम्पूर्ण देवताहरूमा	हुँ	**रुद्राणां** = एकादश रुद्रहरूमा
इन्द्रः = इन्द्र	**आदित्यानां** = द्वादश आदित्यमा	**नीललोहितः** = नीललोहित
अस्मि = हुँ	**अहं** = म	नामक रुद्र हुँ

वाक्यार्थ– म सम्पूर्ण देवताहरूमा इन्द्र हुँ, अष्टवसुहरूमा हव्यवाट् नामक वसु हुँ, द्वादश आदित्यमा म विष्णु नामक आदित्य हुँ र एकादश रुद्रहरूमा म नीललोहित नामक रुद्र हुँ।

ब्रह्मर्षीणां भृगुरहं राजर्षीणामहं मनुः ।
देवर्षीणां नारदोऽहं हविर्धान्यस्मि धेनुषु ॥ १४ ॥

पदार्थ–	**अहं** = म	**नारदः** = नारद हुँ र
अहं = म	**राजर्षीणां** = राजर्षिहरूमा	**धेनुषु** = गाईहरूमा
ब्रह्मर्षीणां = ब्रह्मर्षिहरूमा	**मनुः** = स्वायम्भुव मनु हुँ	**हविर्धानी** = कामधेनु गाई हुँ
भृगुः = भृगु नामको ऋषि	**अहं** = म	
अस्मि = हुँ	**देवर्षीणां** = देवर्षिहरूमा	

वाक्यार्थ– म ब्रह्मर्षिहरूमा भृगु हुँ, राजर्षिहरूमा स्वायम्भुव मनु हुँ, देवर्षिहरूमा म नारद हुँ र गाईहरूमा म कामधेनु हुँ।

सिद्धेश्वराणां कपिलः सुपर्णोऽहं पतत्रिणाम् ।
प्रजापतीनां दक्षोऽहं पितॄणामहमर्यमा ॥ १५ ॥

पदार्थ–	**सिद्धेश्वराणां** = सिद्धेश्वरहरूमा	**पतत्रिणां** = पक्षीहरूमा
अहं = म	**कपिलः** = कपिल हुँ	**सुपर्णः** = पक्षिराज गरुड हुँ

प्रजापतीनां = प्रजापतिहरूमा	**दक्षः** = दक्षप्रजापति र	**अहं** = म
अहं = म	**पितॄणां** = पितृहरूमा	**अर्यमा** = अर्यमा हुँ

वाक्यार्थ– म सिद्धहरूमा कपिल हुँ, पक्षीहरूमा सुपर्ण (गरुड) हुँ, प्रजापतिहरूमा दक्ष हुँ र पितृहरूमा अर्यमा हुँ।

मां विद्ध्युद्धव दैत्यानां प्रह्लादमसुरेश्वरम्।
सोमं नक्षत्रौषधीनां धनेशं यक्षरक्षसाम्॥ १६॥

पदार्थ–	**असुरेश्वरं** = दैत्यराज	औषधिहरूमा मलाई
उद्धव = हे उद्धव	**प्रह्लादं** = प्रह्लाद भनेर	**सोमं** = चन्द्रमा भनेर जान र
दैत्यानां = दैत्यहरूमा	**विद्धि** = जान	**यक्षरक्षसां** = यक्ष र राक्षसहरूमा
मां = मलाई	**नक्षत्रौषधीनां** = नक्षत्र र	**धनेशम्** = कुबेर भनेर जान

वाक्यार्थ– हे उद्धव ! मलाई दैत्यहरूमा प्रह्लाद भनेर जान, नक्षत्र र औषधिहरूमा चन्द्रमा भनेर जान अनि यक्ष र राक्षसहरूमा कुबेर भनेर जान।

ऐरावतं गजेन्द्राणां यादसां वरुणं प्रभुम्।
तपतां द्युमतां सूर्यं मनुष्याणां च भूपतिम्॥ १७॥

पदार्थ–	**प्रभुं** = स्वामी	**सूर्यं** = सूर्य भनेर बुझ र
गजेन्द्राणां = हात्तीहरूमा	**वरुणं** = वरुण भनेर बुझ	**मनुष्याणां च** = मनुष्यहरूमा
ऐरावतं = ऐरावत भनेर बुझ	**तपतां** = ताप भएको र	पनि मलाई
यादसां = जलचरहरूमा	**द्युमतां** = प्रकाश भएकामा	**भूपतिम्** = राजा भनेर जान

वाक्यार्थ– म हात्तीहरूमा ऐरावत, जलचरहरूमा वरुण, तापयुक्त र प्रकाशयुक्तमा सूर्य र मनुष्यहरूमा राजा हुँ भनेर जान।

उच्चैःश्रवास्तुरङ्गाणां धातूनामस्मि काञ्चनम्।
यमः संयमतां चाहं सर्पाणामस्मि वासुकिः॥ १८॥

पदार्थ–	**काञ्चनं** = सुन	**सर्पाणां** = सर्पहरूमा पनि
तुरङ्गाणां = घोडाहरूमा	**अस्मि** = हुँ	**वासुकिः** = वासुकि नामको सर्प
उच्चैःश्रवाः = उच्चैःश्रवा नामको घोडा हुँ	**संयमतां च** = दण्डदाताहरूमा	**अस्मि** = हुँ
धातूनां = धातुहरूमा	**अहं** = म	
	यमः = यमराज हुँ	

वाक्यार्थ– म घोडाहरूमा उच्चैःश्रवा हुँ, धातुहरूमा सुन हुँ, दण्डदाताहरूमा यमराज हुँ र

सर्पहरूमा वासुकि सर्प हुँ।

नागेन्द्राणामनन्तोऽहं मृगेन्द्रः शृङ्गिदंष्ट्रिणाम्।
आश्रमाणामहं तुर्यो वर्णानां प्रथमोऽनघ ॥ १९ ॥

पदार्थ–
अनघ = हे निष्पाप उद्धव
नागेन्द्राणां = नागराजहरूमा
अहं = म
अनन्तः = शेषनाग हुँ
शृङ्गिदंष्ट्रिणां = सिङ र दाँतवालामा
मृगेन्द्रः = सिंह हुँ
आश्रमाणां = आश्रमहरूमा
अहं = म
तुर्यः = चतुर्थ संन्यास आश्रम हुँ र
वर्णानां = वर्णहरूमा
प्रथमः = प्रथम वर्ण ब्राह्मण हुँ

वाक्यार्थ– हे निष्पाप उद्धव ! म नागराजहरूमा शेषनाग हुँ, सिङ र दाँत भएका जीवहरूमा सिंह हुँ, आश्रमहरूमा संन्यास आश्रम हुँ र वर्णहरूमा प्रथम वर्ण ब्राह्मण हुँ।

तीर्थानां स्रोतसां गङ्गा समुद्रः सरसामहम्।
आयुधानां धनुरहं त्रिपुरघ्नो धनुष्मताम्॥ २० ॥

पदार्थ–
स्रोतसां = प्रवाहयुक्त
तीर्थानां = तीर्थहरूमा म
गङ्गा = गङ्गा हुँ
सरसां = सरोवरहरूमा
अहं = म
समुद्रः = समुद्र हुँ
आयुधानां = अस्त्रहरूमा
अहं = म
धनुः = धनु हुँ
धनुष्मतां = धनुर्धारीहरूमा म
त्रिपुरघ्नः = त्रिपुरासुरलाई मार्ने शिव हुँ

वाक्यार्थ– प्रवाहयुक्त तीर्थहरूमा म गङ्गा हुँ, सरोवरमा समुद्र हुँ, अस्त्रहरूमा धनु हुँ र धनुर्धारीहरूमा म त्रिपुरासुरलाई मार्ने शिव हुँ।

धिष्ण्यानामस्म्यहं मेरुर्गहनानां हिमालयः।
वनस्पतीनामश्वत्थ ओषधीनामहं यवः॥ २१ ॥

पदार्थ–
धिष्ण्यानां = निवासस्थानहरूमा
अहं = म
मेरुः = सुमेरु
अस्मि = हुँ
गहनानां = दुर्गम स्थानहरूमा
हिमालयः = हिमालय हुँ
वनस्पतीनां = वृक्षहरूमा
अश्वत्थः = पिपल हुँ र
ओषधीनां = अन्न आदि ओषधिहरूमा
अहं = म
यवः = जौ हुँ

वाक्यार्थ– म निवासस्थानहरूमा सुमेरु हुँ, दुर्गम स्थानहरूमा हिमालय हुँ, वनस्पतिहरूमा पिपल हुँ र अन्न आदि ओषधिहरूमा जौ हुँ।

पुरोधसां वसिष्ठोऽहं ब्रह्मिष्ठानां बृहस्पतिः।
स्कन्दोऽहं सर्वसेनान्यामग्रण्यां भगवानजः॥ २२॥

पदार्थ—
पुरोधसां = पुरोहितहरूमा
अहं = म
वसिष्ठः = वसिष्ठ हुँ
ब्रह्मिष्ठानां = ब्रह्मज्ञानीहरूमा
बृहस्पतिः = बृहस्पति हुँ
सर्वसेनान्यां = सम्पूर्ण सेनापतिहरूमा
अहं = म
स्कन्दः = स्वामी कार्त्तिकेय हुँ
अग्रण्यां = सन्मार्गका प्रवर्तकहरूमा
भगवान् अजः = भगवान् ब्रह्मा हुँ

वाक्यार्थ— पुरोहितहरूमा म वसिष्ठ हुँ, वेदार्थज्ञहरूमा बृहस्पति हुँ, सम्पूर्ण सेनापतिहरूमा म स्वामी कार्त्तिकेय हुँ र सन्मार्गका प्रवर्तकहरूमा म भगवान् ब्रह्मा हुँ।

यज्ञानां ब्रह्मयज्ञोऽहं व्रतानामविहिंसनम्।
वाय्वग्न्यर्काम्बुवागात्मा शुचीनामप्यहं शुचिः॥ २३॥

पदार्थ—
यज्ञानां = यज्ञहरूमा
अहं = म
ब्रह्मयज्ञः = ब्रह्मयज्ञ हुँ
व्रतानां = व्रतहरूमा
अविहिंसनं = अहिंसा व्रत हुँ
शुचीनाम् अपि = शोधक पदार्थहरूमा
अहं = म
शुचिः = नित्य पवित्र
वाय्वग्न्यर्काम्बुवागात्मा = वायु, अग्नि, सूर्य, जल, वाणी र आत्मा हुँ

वाक्यार्थ— यज्ञहरूमा म ब्रह्मयज्ञ हुँ, व्रतहरूमा अहिंसा व्रत हुँ, शोधक पदार्थहरूमा नित्य शुद्ध वायु, अग्नि, सूर्य, जल, वाणी र आत्मा हुँ।

योगानामात्मसंरोधो मन्त्रोऽस्मि विजिगीषताम्।
आन्वीक्षिकी कौशलानां विकल्पः ख्यातिवादिनाम्॥ २४॥

पदार्थ—
योगानां = योगहरूमा
आत्मसंरोधः = समाधि हुँ
विजिगीषतां = विजय चाहनेहरूमा
मन्त्रः = नीति
अस्मि = हुँ
कौशलानां = आत्मा र अनात्माको विवेचनरूपी कौशलमा
आन्वीक्षिकी = अध्यात्मविद्या (वेदान्तविद्या) हुँ र
ख्यातिवादिनां = ख्यातिवादी (संशयवादी दर्शन)हरूमा
विकल्पः = विकल्प हुँ

वाक्यार्थ— आठ प्रकारका योगहरूमा म समाधि हुँ, विजय चाहनेहरूमा म मन्त्र (नीति) हुँ, आत्मा र अनात्माको विवेचनरूपी निपुणतामा म वेदान्तविद्या हुँ र ख्यातिवादीहरूमा म विकल्प हुँ।

स्त्रीणां तु शतरूपाहं पुंसां स्वायम्भुवो मनुः ।
नारायणो मुनीनां च कुमारो ब्रह्मचारिणाम् ॥ २५ ॥

पदार्थ–	**पुंसां** = पुरुषहरूमा	**नारायणः** = नारायण हुँ र
स्त्रीणां तु = स्त्रीहरूमा त	**स्वायम्भुवः** = स्वायम्भुव नामक	**ब्रह्मचारिणां च** = ब्रह्मचारीहरूमा
अहं = म	**मनुः** = मनु हुँ	**कुमारः** = सनत्कुमार हुँ
शतरूपा = रानी शतरूपा हुँ	**मुनीनां** = मुनिहरूमा	

वाक्यार्थ– म स्त्रीहरूमा शतरूपा हुँ, पुरुषहरूमा स्वायम्भुव मनु हुँ, मुनिहरूमा नारायण हुँ र ब्रह्मचारीहरूमा सनत्कुमार हुँ।

धर्माणामस्मि संन्यासः क्षेमाणामबहिर्मतिः ।
गुह्यानां सूनृतं मौनं मिथुनानामजस्त्वहम् ॥ २६ ॥

पदार्थ–	**अबहिर्मतिः** = आत्मनिष्ठा हुँ	जोडीमा
धर्माणां = धर्महरूमा म	**गुह्यानां** = गोपनीय विषयहरूमा	**अहं** = म
संन्यासः = संन्यास धर्म	**सूनृतं** = प्रियवचन र	**अजः** = प्रजापति हुँ
अस्मि = हुँ	**मौनं** = मौन हुँ	
क्षेमाणां = निर्भय स्थानहरूमा	**मिथुनानां तु** = स्त्री–पुरुष	

वाक्यार्थ– धर्महरूमा म संन्यास धर्म हुँ, निर्भय स्थानमा म आत्मनिष्ठा हुँ, योग्य विषयहरूमा म प्रियवचन र मौन हुँ अनि स्त्रीपुरुषको जोडीमा म प्रजापति हुँ।

संवत्सरोऽस्म्यनिमिषामृतूनां मधुमाधवौ ।
मासानां मार्गशीर्षोऽहं नक्षत्राणां तथाभिजित् ॥ २७ ॥

पदार्थ–	**ऋतूनां** = ऋतुहरूमा	**मार्गशीर्षः** = मंसिर हुँ
अनिमिषां = कालको अवयवमा	**मधुमाधवौ** = वसन्त ऋतु हुँ	**तथा** = त्यस्तै
संवत्सरः = वर्ष	**मासानां** = महिनाहरूमा	**नक्षत्राणां** = नक्षत्रहरूमा
अस्मि = हुँ	**अहं** = म	**अभिजित्** = अभिजित् नक्षत्र हुँ

वाक्यार्थ– सम्पूर्ण कालको अवयवमा म संवत्सर (वर्ष) हुँ, ऋतुहरूमा वसन्त ऋतु हुँ, महिनाहरूमा म मंसिर हुँ र नक्षत्रहरूमा अभिजित् नामको नक्षत्र हुँ।

अहं युगानां च कृतं धीराणां देवलोऽसितः ।
द्वैपायनोऽस्मि व्यासानां कवीनां काव्य आत्मवान् ॥ २८ ॥

पदार्थ—
युगानां = युगहरूमा
अहं = म
कृतं = सत्य युग हुँ
धीराणां च = धीरहरूमा
देवलः = महर्षि देवल र
असितः = असित मुनि हुँ
व्यासानां = व्यासहरूमा
द्वैपायनः = द्वैपायन वेदव्यास
अस्मि = हुँ
कवीनां = कविहरूमा
आत्मवान् = सूक्ष्मदर्शी
काव्यः = शुक्राचार्य हुँ

वाक्यार्थ— युगहरूमा म सत्ययुग हुँ, विवेकीहरूमा महर्षि देवल र असित हुँ, व्यासहरूमा द्वैपायन व्यास हुँ र कविहरूमा मनस्वी शुक्राचार्य हुँ।

वासुदेवो भगवतां त्वं तु भागवतेष्वहम्।
किम्पुरुषाणां हनुमान् विद्याध्राणां सुदर्शनः॥ २९॥

पदार्थ—
भगवतां = षडैश्वर्यसम्पन्न भगवान्हरूमा
वासुदेवः = वासुदेव हुँ
भागवतेषु तु = भगवद्भक्तहरूमा
अहं = म
त्वं = तिमी (उद्धव) हुँ
किम्पुरुषां = वानरहरूमा
हनुमान् = म हनुमान् हुँ र
विद्याध्राणां = विद्याधरहरूमा
सुदर्शनः = सुदर्शन हुँ

वाक्यार्थ— छ वटै ऐश्वर्य हुने भगवान्हरूमा म वासुदेव हुँ, भगवद्भक्तहरूमा म उद्धव हुँ, वानरहरूमा हनुमान् हुँ र विद्याधरहरूमा सुदर्शन हुँ।

रत्नानां पद्मरागोऽस्मि पद्मकोशः सुपेशसाम्।
कुशोऽस्मि दर्भजातीनां गव्यमाज्यं हविःष्वहम्॥ ३०॥

पदार्थ—
रत्नानां = रत्नहरूमा
पद्मरागः = पद्मराग मणि
अस्मि = हुँ
सुपेशसां = सुन्दर रमणीय पदार्थहरूमा
पद्मकोशः = कमल
अस्मि = हुँ
दर्भजातीनां = काँस, दुबो आदि घाँसका जातिहरूमा
कुशः = कुश हुँ
हविःषु = हवनीय पदार्थहरूमा
अहं = म
गव्यं = गाईको
आज्यम् = घिउ हुँ

वाक्यार्थ— रत्नहरूमा म पद्मराग मणि हुँ, सुन्दर र रमणीय पदार्थहरूमा म कमल हुँ, घाँसका जातिमा म कुश हुँ र हवनीय पदार्थहरूमा म गाईको घिउ हुँ।

व्यवसायिनामहं लक्ष्मीः कितवानां छलग्रहः।
तितिक्षास्मि तितिक्षूणां सत्त्वं सत्त्ववतामहम्॥ ३१॥

पदार्थ—
व्यवसायिनां = व्यवसायीहरूमा
अहं = म
लक्ष्मीः = धनसम्पत्ति हुँ
कितवानां = छल गर्नेहरूमा म
छलग्रहः = जुवा हुँ

तितिक्षूणां = सहनशीलहरूमा	**अस्मि** = हुँ	**अहं** = म
तितिक्षा = क्षमा	**सत्त्ववतां** = धीरहरूमा	**सत्त्वम्** = धैर्य हुँ

वाक्यार्थ— व्यवसायीहरूमा म धनसम्पत्ति हुँ, कपटीहरूमा जुवा हुँ, सहनशीलहरूमा क्षमा हुँ र धीरहरूमा धैर्य हुँ।

ओजः सहो बलवतां कर्माहं विद्धि सात्त्वताम्।

सात्त्वतां नवमूर्तीनामादिमूर्तिरहं परा ॥ ३२ ॥

पदार्थ—	**सात्त्वतां** = भक्तहरूमा मलाई	आदि नौ मूर्तिहरूमा
बलवतां = बलवान्हरूमा	**कर्म** = निष्काम कर्म भनेर	**अहं** = म
अहं = म	**विद्धि** = बुझ	**परा** = सबको कारणभूत
ओजः = तेज र	**सात्त्वतां** = वैष्णवहरूको पूज्य	**आदिमूर्तिः** = आद्यमूर्ति वासुदेव
सहः = सहनशक्ति हुँ	**नवमूर्तीनां** = नारायण, हयग्रीव	हुँ

वाक्यार्थ— बलवान्हरूमा म तेज र सहनशक्ति हुँ, भक्तहरूमा भक्तियुक्त निष्काम कर्म हुँ, वैष्णवहरूका पूज्य नारायण आदि नौ मूर्तिहरूमा म सबैको कारणभूत आद्यमूर्ति वासुदेव हुँ।

विश्वावसुः पूर्वचित्तिर्गन्धर्वाप्सरसामहम्।

भूधराणामहं स्थैर्यं गन्धमात्रमहं भुवः ॥ ३३ ॥

पदार्थ—	**विश्वावसुः** = विश्वावसु हुँ र	**स्थैर्यं** = स्थिरता हुँ
गन्धर्वाप्सरसां = गन्धर्व र	**पूर्वचित्तिः** = पूर्वचित्ति हुँ	**भुवः** = पृथिवीमा
अप्सराहरूमा	**भूधराणां** = पर्वतहरूमा	**अहं** = म
अहं = म	**अहं** = म	**गन्धमात्रम्** = गन्धतन्मात्रा हुँ

वाक्यार्थ— गन्धर्वहरूमा विश्वावसु र अप्सराहरूमा पूर्वचित्ति हुँ, पर्वतहरूमा स्थिरता हुँ र पृथिवीमा गन्धतन्मात्रा हुँ।

अपां रसश्च परमस्तेजिष्ठानां विभावसुः।

प्रभा सूर्येन्दुताराणां शब्दोऽहं नभसः परः ॥ ३४ ॥

पदार्थ—	**तेजिष्ठानां च** = तेजस्वीहरूमा	**नभसः** = आकाशमा
अपां = जलमा	**विभावसुः** = अग्नि हुँ	**परः** = कारणभूत
अहं = म	**सूर्येन्दुताराणां** = सूर्य, चन्द्र र	**शब्दः** = शब्द हुँ
परमः = मधुर	ताराहरूमा	
रसः = रस हुँ	**प्रभा** = कान्ति हुँ र	

वाक्यार्थ– जलमा म मधुर रस हुँ, तेजस्वीहरूमा अग्नि हुँ, सूर्य, चन्द्र र ताराहरूमा म कान्ति हुँ र आकाशमा म कारणभूत शब्द हुँ।

ब्रह्मण्यानां बलिरहं वीराणामहमर्जुनः।

भूतानां स्थितिरुत्पत्तिरहं वै प्रतिसङ्क्रमः॥ ३५॥

पदार्थ–
ब्रह्मण्यानां = ब्राह्मणभक्तहरूमा
अहं = म
बलिः = बलि हुँ
वीराणां = वीरहरूमा
अहं = म
अर्जुनः = अर्जुन हुँ
वै = निश्चय नै
भूतानां = प्राणीहरूमा
अहं = म
स्थितिः = स्थिति
उत्पत्तिः = उद्भव र
प्रतिसङ्क्रमः = प्रलय हुँ

वाक्यार्थ– ब्राह्मणभक्तहरूमा म बलि हुँ, वीरहरूमा अर्जुन हुँ र प्राणीहरूमा उत्पत्ति, स्थिति र प्रलय हुँ।

गत्युक्त्युत्सर्गोपादानमानन्दस्पर्शलक्षणम्।

आस्वादश्रुत्यवघ्राणमहं सर्वेन्द्रियेन्द्रियम्॥ ३६॥

पदार्थ–
गत्युक्त्युत्सर्गोपादानं = गमन, भाषण, त्याग र ग्रहण तथा
आनन्दस्पर्शलक्षणं = आनन्द, स्पर्श र दर्शन आदि अनि
आस्वादश्रुत्यवघ्राणं = आस्वाद, श्रवण तथा गन्धग्रहण आदि ज्ञानेन्द्रिय र कर्मेन्द्रियका व्यापारहरू पनि म नै हुँ र
सर्वेन्द्रियेन्द्रियं = सम्पूर्ण इन्द्रियहरूको इन्द्रियशक्ति पनि
अहम् = म नै हुँ

वाक्यार्थ– गमन, भाषण, त्याग, ग्रहण तथा आनन्दरूप पञ्च कर्मेन्द्रिय र स्पर्श, दर्शन, आस्वाद, श्रवण र गन्धग्रहण यी पाँच ज्ञानेन्द्रियका व्यापारहरू पनि सबै म नै हुँ र इन्द्रियमा रहेको शक्ति पनि म नै हुँ।

पृथिवी वायुराकाश आपो ज्योतिरहं महान्।

विकारः पुरुषोऽव्यक्तं रजः सत्त्वं तमः परम्॥ ३७॥

अहमेतत्प्रसङ्ख्यानं ज्ञानं तत्त्वविनिश्चयः।

पदार्थ–
पृथिवी = गन्धतन्मात्रा
वायुः = स्पर्शतन्मात्रा
आकाशः = शब्दतन्मात्रा
आपः = रसतन्मात्रा
ज्योतिः = रूपतन्मात्रा
अहं = अहङ्कार
महान् = महत्तत्त्व
विकारः = पञ्चमहाभूत र अरू इन्द्रिय आदि
पुरुषः = जीव
अव्यक्तं = प्रकृति
रजः = रजोगुण
सत्त्वं = सत्त्वगुण र
तमः = तमोगुण अनि

परम् = परब्रह्म समेत
एतत् = यो सबै र
प्रसङ्ख्यानं = यिनीहरूको
गणना
ज्ञानं = यिनीहरूको ज्ञान र
तत्त्वविनिश्चयः =
तत्त्वसाक्षात्कार पनि
अहम् = म नै हुँ

वाक्यार्थ– गन्धतन्मात्रा, स्पर्शतन्मात्रा, शब्दतन्मात्रा, रसतन्मात्रा, रूपतन्मात्रा, अहङ्कार, महत्तत्त्व, पञ्चमहाभूतादि विकार, जीव, प्रकृति, सत्त्व, रज र तमोगुण र परब्रह्म समेत म नै हुँ र यिनीहरूको गणना, ज्ञान र तत्त्वसाक्षात्कार पनि म नै हुँ।

मयेश्वरेण जीवेन गुणेन गुणिना विना।
सर्वात्मनापि सर्वेण न भावो विद्यते क्वचित्॥ ३८॥

पदार्थ–
ईश्वरेण = ईश्वररूप
जीवेन = जीवरूप
गुणेन = गुणरूप
गुणिना = गुणीरूप
सर्वात्मना = सबैको आत्मस्वरूप
सर्वेण = सर्वरूप भएको
मया विना = मेरो अभावमा
भावः = भाव (अस्तित्व)
क्वचित् अपि = कहीं पनि
न विद्यते = रहन सक्दैन

वाक्यार्थ– म ईश्वर हुँ, जीव हुँ, गुण हुँ, गुणी हुँ, सबैको आत्मा हुँ र सर्वस्वरूप हुँ, त्यसैले मेरो अभावमा कहीं पनि कुनै अस्तित्व वा भाव पदार्थ रहन सक्दैन।

सङ्ख्यानं परमाणूनां कालेन क्रियते मया।
न तथा मे विभूतीनां सृजतोऽण्डानि कोटिशः॥ ३९॥

पदार्थ–
परमाणूनां = पृथिवी आदि परमाणुहरूको
सङ्ख्यानं = गणना कुनै प्रकारले
कालेन = लामो समय लगाएर
मया = मद्वारा
क्रियते = गर्न सकिएला
तथा = तर
कोटिशः = करोडौं
अण्डानि = ब्रह्माण्डहरूलाई
सृजतः = सृष्टि गर्ने
मे = मेरा
विभूतीनां = विभूतिहरूको परिगणना
न = गर्न सकिँदैन

वाक्यार्थ– कसै गरी पृथिवीका परमाणुहरूलाई लामो समय लगाएर गणना गर्न सकिएला तर करोडौं ब्रह्माण्डहरूलाई सृजना गर्ने मेरा विभूतिहरूको गणना गर्न सकिँदैन।

तेजः श्रीः कीर्तिरैश्वर्यं ह्रीस्त्यागः सौभगं भगः।
वीर्यं तितिक्षा विज्ञानं यत्र यत्र स मेंऽशकः॥ ४०॥

पदार्थ–
यत्र यत्र = जहाँ–जहाँ
तेजः = प्रभाव
श्रीः = सम्पत्ति
कीर्तिः = यश
ऐश्वर्यं = वैभव

ह्रीः = लज्जा	**वीर्यं** = बल	**सः** = त्यो सबै
त्यागः = वैराग्य	**तितिक्षा** = क्षमा	**मे** = मेरो
सौभगं = सौन्दर्य	**विज्ञानं** = यथार्थज्ञान (विशेष प्रकारले देखिन्छ)	**अंशकः** = विभूति हो
भगः = सौभाग्य		

वाक्यार्थ– जहाँ-जहाँ प्रभाव, सम्पत्ति, यश, वैभव, लज्जा, वैराग्य, सौन्दर्य, सौभाग्य, बल, क्षमा र यथार्थज्ञान आदि विशेषता पाइन्छन् ती सबै मेरा विभूति हुन्।

एतास्ते कीर्तिताः सर्वाः सङ्क्षेपेण विभूतयः।
मनोविकारा एवैते यथा वाचाभिधीयते॥ ४१॥

पदार्थ–	**सङ्क्षेपेण** = छोटकरीमा	होइनन्)
एताः = यी	**कीर्तिताः** = बताइए	**यथा** = जसरी (आकाशको फूल आदिलाई पनि)
सर्वाः = सबै	**एते** = यी विभूतिहरू	**वाचा** = वाणीद्वारा
विभूतयः = विभूतिहरू	**मनोविकाराः एव** = मनका विकार मात्र हुन् (वास्तविक	**अभिधीयते** = बताइन्छ
ते = तिमीलाई		

वाक्यार्थ– यी सबै विभूतिहरू मैले तिमीलाई सङ्क्षेपमा बताएँ। यी सबै पारमार्थिक होइनन्, केवल मनका विकार मात्र हुन्, जसरी खपुष्प (आकाशको फूल) आदि पनि वाणीद्वारा बताइन्छन्, तर वास्तविक हुँदैनन्।

वाचं यच्छ मनो यच्छ प्राणान् यच्छेन्द्रियाणि च।
आत्मानमात्मना यच्छ न भूयः कल्पसेऽध्वने॥ ४२॥

पदार्थ–	**प्राणान्** = प्राणहरूलाई	**आत्मानं च** = बुद्धिलाई पनि
वाचं = वाणीलाई	**यच्छ** = वशमा राख र	**यच्छ** = वशमा राख (त्यसपछि)
यच्छ = वशमा राख	**इद्रियाणि** = इन्द्रियहरूलाई	**भूयः** = फेरि
मनः = मनलाई	**आत्मना** = शुद्धसत्त्वसम्पन्न बुद्धिद्वारा	**अध्वने** = संसारमार्गमा
यच्छ = वशमा राख		**न कल्पसे** = आउनेछैनौ

वाक्यार्थ– हे उद्धव ! वाणीलाई, मनलाई, प्राणलाई र सारा इन्द्रियहरूलाई पनि आफ्नो वशमा राख र शुद्धसत्त्वगुण युक्त बुद्धिले बहिर्मुख बुद्धिलाई पनि नियन्त्रण गर अनि तिमी फेरि संसारमार्गमा आउनेछैनौ।

यो वै वाङ्मनसी संयगसंयच्छन् धिया यतिः।
तस्य व्रतं तपो दानं स्रवत्यामघटाम्बुवत्॥ ४३॥

पदार्थ–
वै = निश्चय नै
धिया = बुद्धिले
वाङ्मनसी = वाणी र मनलाई
संयक् = राम्रोसँग
असंयच्छन् = नियमन नगर्ने
यः = जो
यतिः = संयमी
तस्य = उसको
व्रतं = व्रत
तपः = तपस्या र
दानं = दान आदि सबै
आमघटाम्बुवत् = काँचो (आगोले नपोलेको) घडामा राखेको पानी जस्तै
स्रवति = चुहिएर नष्ट हुन्छ

वाक्यार्थ– जो संयमी व्यक्ति आफ्नो बुद्धिको सहाराले वाणी र मनलाई राम्रोसँग नियन्त्रण नगरिकन बस्छ, त्यसको व्रत, तपस्या र दान आदि शुभ कृत्यहरू काँचो (आगोले नपोलेको) घडामा राखिएको पानी झैँ चुहिएर नष्ट हुन्छ।

तस्मान्मनोवचःप्राणान् नियच्छेन्मत्परायणः।
मद्भक्तियुक्तया बुद्ध्या ततः परिसमाप्यते॥ ४४॥

पदार्थ–
तस्मात् = त्यसैले
मत्परायणः = मेरो शरणमा परेर
मद्भक्तियुक्तया = मेरो भक्तिले युक्त
बुद्ध्या = बुद्धिद्वारा
मनोवचःप्राणान् = मन, वचन र प्राणलाई
नियच्छेत् = नियमन गरोस्
ततः = त्यसपछि
परिसमाप्यते = कर्तव्य पूर्ण हुन्छ

वाक्यार्थ– त्यसैले हे उद्धव! मेरो शरणमा परेर मेरो भक्तिले युक्त बुद्धिद्वारा मन, वचन र प्राणलाई नियमन गरोस्। त्यसपछि उसको कर्तव्य पुरा हुन्छ।

अध्यायसार– यस अध्यायमा भगवान्का विभूतिहरूको वर्णन गरिएको छ। भगवान् यद्यपि सर्वरूप हुनुहुन्छ र सम्पूर्ण संसारमा उहाँभन्दा भिन्न अर्को कुनै वस्तु छँदैछैन, तर पनि परमात्माको सर्वरूपतालाई बुझ्न अत्यन्त कठिन छ। श्रीकृष्ण भगवान् बताउनुहुन्छ– **वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः** (श्रीमद्भगवद्गीता ७.१९) अर्थात् सम्पूर्ण संसार वासुदेव नै हो भनी बुझ्ने महापुरुष अत्यन्त दुर्लभ छ। सबैतिर भगवद्दृष्टि भइनसकेका यस्ता सामान्य अधिकारीहरूका लागि विशेष वस्तुहरूमा भगवद्भाव गर्न आदेश दिइन्छ। यसरी संसारभरका महत्त्वपूर्ण एवं विशेष वस्तुहरूमा गरिने भगवद्भावको अभ्यासलाई विभूतियोग भनिन्छ। श्रीमद्भगवद्गीतामा पनि दसौँ अध्यायमा भगवान्ले अर्जुनलाई आफ्ना मुख्य विभूतिहरूको उपदेश गर्नुभएको थियो, यहाँ उद्धवलाई पनि त्यसै गरी मुख्य विभूतिहरूको उपदेश गरिएको छ।

विभूतियोगको तात्पर्य दुई किसिमको छ। पहिले संसारका विशेष-विशेष वस्तुहरूमा परमात्मभाव हुन्छ, त्यसपछि मुख्य तात्पर्यको रूपमा चाहिँ यहाँ सबै जगत्भरि आत्मभाव हुँदै जान्छ। पहिलो तात्पर्य सामान्य जिज्ञासुहरूका लागि हो, जो जगत्भरि आत्माको अनुभव गर्न सक्दैनन्। दोस्रो तात्पर्य चाहिँ निर्मल दृष्टि भइसकेका ज्ञानीहरूका लागि हो। विभूतिको अर्थ **विशेषेण भूतिः भवनम्** अर्थात् विशेषरूपमा हुनु या प्रकट हुनु भन्ने हो। संसारका पदार्थहरूमध्ये जति पनि महत्त्वपूर्ण विशेष वस्तुहरू छन्, ती सबै भगवान्कै विभूति हुन्। अरू पदार्थमा भन्दा

तेज, विद्या, बल, ऐश्वर्य आदि गुणहरू विशेष मात्रामा प्रकट हुने यी मुख्य वस्तुहरूलाई भगवान्‌कै विशेष अभिव्यक्तिको रूपमा विभूतियोगमा उपदेश गरिएको पाइन्छ। श्रीमद्‌भगवद्‌गीताको दसौँ अध्यायमा र प्रस्तुत प्रसङ्गमा पनि भगवान्‌ले अर्जुन एवं उद्धवलाई आफू देवताहरूमध्ये इन्द्र, रुद्रहरूमध्ये नीललोहित, वेदहरूमध्ये सामवेद, देवर्षिहरूमध्ये नारद, पक्षीहरूमध्ये गरुड भएको बताउनुभएको छ। यी भगवान्‌का विशेष अभिव्यक्ति भएकाले विभूति हुन्। वास्तवमा चाहिँ सम्पूर्ण संसार नै भगवान्‌को विभूति हो। निर्विशेष ब्रह्मतत्त्व अनेक नाम-रूप पदार्थहरूको रूपमा प्रकट हुनु पनि त उहाँको विशेष अभिव्यक्ति नै त हो। यसैले विभूतियोगको उपदेशको उपसंहार गर्दै भगवान्‌ले बताउनुभएको छ— **विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत्** (श्रीमद्‌भगवद्‌गीता १०.४२) अर्थात् हे अर्जुन ! मेरो एक अंशमा नै चराचर जगत्‌को उत्पत्ति र अवस्थिति छ, त्यसैले यहाँ निर्देश गरिएका केही पदार्थहरूको रूपमा मात्र नभई म त सम्पूर्ण जगत्‌भरि नै व्याप्त छु। यसरी सम्पूर्ण जगत्‌भरि एउटै आत्मतत्त्वको अनुभव गराउनु विभूतियोगको लक्ष्य हो भने त्यसका लागि पहिले चाहिँ केही विशेष पदार्थहरूमा मात्र परमात्मभावको उपदेश गरिएको हो।

ब्रह्मतत्त्वलाई बुझाउने दुई प्रक्रिया छन्— अध्यारोप र अपवाद। त्यसैले भनिन्छ, **अध्यारोपापवादाभ्यां निष्प्रपञ्चं प्रपञ्च्यते** अर्थात् अध्यारोप र अपवादद्वारा प्रपञ्चातीत परमात्मालाई बताइन्छ। अध्यारोप भनेको **वस्तुनि अवस्त्वारोपः अध्यारोपः** अर्थात् सत्य वस्तुमाथि कुनै असत्य वस्तुको अरोप गर्नु हो। अपवाद भनेको चाहिँ **अवस्तुनो निराकरणमपवादः** अर्थात् सत्य वस्तुमा आरोपित भएको अवस्तुत्वको निराकरण गर्नु हो। जस्तै डोरीमा सर्पलाई आरोपित गरी यो सर्प हो भन्नु अध्यारोप हो भने यो त सर्प होइन डोरी नै रहेछ भन्नु अपवाद हो। यसलाई वेदान्तमा अध्यास र बाध भनेर पनि बताइन्छ। वेदान्तशास्त्रले आत्मतत्त्वको उपदेश त्यस समयमा गरिरहेका छन्, जब यहाँ माया र मायाको कार्यद्वारा सत्स्वरूप ब्रह्म ढाकिएजस्तो भएको छ र मिथ्या संसार मात्र दृष्टिगोचर भइरहेको छ। यस अवस्थामा परमात्मतत्त्वको वर्णन गर्दा शास्त्रहरूले पहिले अगाडि देखिइरहेको संसारलाई लक्षित गरी यो सम्पूर्ण संसार परमात्माबाट नै उत्पन्न भएको हो अथवा परमात्मा नै सम्पूर्ण संसारको रूपमा देखिनुभएको हो भनेर बताउँछन्। यो अध्यासदृष्टि अर्थात् अध्यारोपको प्रक्रियाले गरिएको परमात्माको वर्णन हो। परमात्माबाट जगत्‌को उत्पत्ति, स्थिति आदि हुन्छन् भनी बताउने उपनिषद्‌का **यतो वा इमानि भूतानि जायन्ते** (तैत्तिरीयोपनिषद् १.३.१) आदि वाक्यहरू र विभूतियोगको उपदेशप्रणाली पनि अध्यासदृष्टिकै उपदेश हो। अद्वितीय परमात्मा नै जगत्‌को रूपमा उत्पन्न हुनु या ती पदार्थहरूको रूपमा अवस्थित हुनु अध्यास हो। त्यसैले यो वर्णन-प्रक्रियालाई अध्यासदृष्टि भनिएको हो।

अध्यारोप अर्थात् बाधको प्रक्रियामा चाहिँ जगत्‌का सबै विशेष नामरूपहरूको निषेध गर्दै अद्वितीय आत्मतत्त्वलाई बुझाइन्छ। उपनिषद्‌का **नान्तःप्रज्ञं न बहिष्प्रज्ञं** (माण्डूक्योपनिषद् ७), **अस्थूलमनण्वह्रस्वमदीर्घम्** (बृहदारण्यकोपनिषद् ३.८.८) आदि सबै वाक्यहरूले यही तथ्यलाई बताएका छन्। परमात्मतत्त्वमा आरोपित भएका सबै उपाधिहरूको निषेध गर्दै निरुपाधिक आत्माको वर्णन यहाँ गरिएको छ। अध्यारोपको प्रक्रियाले जगत्‌लाई सत्य झैँ ठानी यो जगत्‌को

रूपमा ब्रह्मतत्त्व नै उत्पन्न भएको देखाउँछ भने अपवादको प्रक्रियाले चाहिँ वस्तुतः जगत्को प्रतीति आध्यासिक भएकाले देखिँदा देखिँदै पनि जगत् मिथ्या हो र ब्रह्मतत्त्व मात्र सत् वस्तु हो भनी बुझाउँछ। यी दुईमध्ये अपवाद प्रक्रियाको उपदेश श्रेष्ठ छ। त्यसैले यस अध्यायमा उद्धवलाई आफ्ना विभूतिहरूको वर्णन गर्दै भगवान् भन्नुहुन्छ— **मनोविकारा एवैते** अर्थात् सारा विभूतिहरू मनका विकार नै हुन्। जीवको वासनाअनुसार नै जगत्को उत्पत्ति भएकाले यो जगत् वास्तवमा मनकै कल्पना हो, त्यसैले जगत्का विशेष पदार्थहरूलाई परमात्माको रूपमा बताउनु पनि मनकै कल्पना हो, वास्तविक होइन।

यहाँ के कुरा बुझ्नु आवश्यक छ भने ज्ञानीहरूले सम्पूर्ण पदार्थहरूमा एउटै आत्माको अनुभव गर्ने सर्वात्मभाव र विभूतियोगका साधकहरूले ती-ती पदार्थहरूमा गर्ने परमात्मभावमा धेरै भिन्नता छ। ज्ञानीहरूको सर्वात्मभावमा जगत् पूर्णतः बाधित भइसकेको हुन्छ। उसले नामरूपात्मक जगत्लाई ब्रह्मरूपमा बुझेको हुन्छ, उसलाई त जगत्को प्रतीति नै नभई सर्वत्र केवल आत्माकै अनुसन्धान मात्र भइरहन्छ। मिथ्या जगत्को नामरूपको प्रतीति हराई केवल सत् चित् आनन्दस्वरूप ब्रह्मको मात्र भान भएको यो अवस्थालाई शास्त्रहरूमा सर्वात्मदर्शन भनिन्छ, तर वास्तवमा यहाँ ज्ञानीले सबै जगत्मा आत्मालाई देखेको नभई जगत्को प्रतीतिविना केवल आत्मालाई मात्र अनुभव गरेको हुँदा यो केवल आत्मदर्शन मात्र हो।

विभूतियोगका अभ्यासीहरूले चाहिँ जगत्का मिथ्या पदार्थहरूलाई त्यही रूपमा अनुभव गरी त्यसमा भगवद्भाव मात्र गर्दछन्। यहाँ साधकहरूको मिथ्याज्ञान या अध्यास हटेको हुँदैन। देवताहरूमध्ये इन्द्र, पितृहरूमध्ये अर्यमा, प्रजापतिहरूमध्ये दक्ष आदिमा भगवद्भाव गर्दा तिनीहरूको इन्द्रत्व, दक्षत्व आदि परिच्छिन्नभाव बाधित भएको हुँदैन। परिच्छिन्न भावहरूको बाध नहुन्जेलसम्म तिनीहरूको भगवद्रूपता प्रकट हुन सक्दैन। यसैले विभूतियोगका अभ्यासीहरूका लागि इन्द्र वास्तवमा इन्द्र नै हुन् र तिनमा केही समय भगवद्भाव गरिने मात्र हो। यो भगवद्भावको अभ्यास बढ्दै गएपछि जब व्यक्तिको चित्त शुद्ध हुन्छ, तब ज्ञानोत्पत्तिपछि मात्र उसले चिन्तन गरेका सबै विभूतिहरू वास्तवमा भगवत्स्वरूप नै भएको अनुभव गर्दछ। त्यसैले विभूतियोगको अभ्यास सामान्य अधिकारीहरूका लागि हो।

विभूतिनिरूपणको प्रयोजन बताउँदै यस अध्यायको प्रारम्भमा श्रीधर स्वामी लेख्नुहुन्छ—

अन्तश्चित्तेन यद्ध्यानमशक्यमकृतात्मनाम् ।
अतस्तद्योग्यताप्राप्त्यै विभूत्यादिनिरूपणम् ।।

अर्थात्, जसले अन्तर्मुख चित्तवृत्तिद्वारा हृदयभित्र निरन्तर परमात्मचिन्तन गर्न सक्दैनन्, त्यस्ता व्यक्तिहरूलाई चित्त बहिर्मुख भई संसारदर्शन गरिरहेको अवस्थामा पनि भगवत्स्मरण गराउनका लागि विभूतिनिरूपण गरिएको हो। यसबाट संसारका बाहिरी पदार्थमा भगवद्भाव गर्नुभन्दा हृदयभित्र परमात्मचिन्तन गरिरहनु नै श्रेष्ठ हो भन्ने तात्पर्य निस्कन्छ। शास्त्रकारहरूको भनाइ छ—

अग्निर्देवो द्विजातीनां हृदि देवो मनीषिणाम्।
प्रतिमाष्वल्पबुद्धीनां सर्वत्र विदितात्मनाम्।।

अर्थात्, द्विजातिहरू यज्ञ आदिद्वारा अग्निकै रूपमा परमात्मपूजन गर्दछन्, तत्त्वविचारक

मनीषिहरूका लागि हृदयभित्र नै परमात्मा हुनुहुन्छ, अल्पबुद्धि भएका साधारण व्यक्तिहरूका लागि निश्चित प्रतिमा या मूर्तिहरूमा मात्र भगवान् हुनुहुन्छ भने आत्मज्ञानीहरूका लागि चाहिँ सम्पूर्ण संसारभरि परमात्मा मात्र हुनुहुन्छ। द्विजातिहरूको अग्नि उपासना र तत्त्वज्ञानीहरूको सर्वात्मदर्शनलाई छाडिदिँदा यो श्लोकमा उपासनाका अन्य दुई रूप अवशिष्ट रहन्छन्। तीमध्ये एउटा बाहिरी वस्तु या मूर्ति आदिमा भगवद्भाव गर्नु हो भने अर्को चाहिँ हृदयभित्र परमात्मभावना गर्नु हो। विभूतियोगको अभ्यास यी दुईबिचकै अवस्थाको अभ्यास हो। यो अभ्यास मूर्तिमा मात्र भगवद्भाव गर्नुभन्दा श्रेष्ठ हो, किनभने यहाँ संसारका सबै श्रेष्ठ वस्तुहरूमा भगवद्भावको अभ्यास गरिन्छ। त्यसै गरी अन्तर्मुख चित्तले हृदयभित्रै परमात्मस्मरण गर्नुभन्दा अलि सामान्य स्तरको अभ्यास हो, किनभने यो अभ्यास बहिर्मुख चित्तवृत्तिले संसारका पदार्थहरूको ग्रहण गरिरहेकै अवस्थामा गरिन्छ।

ज्ञानको अधिकारको सम्बन्धमा विचार गर्दा विभूतियोगको अभ्यास गर्ने व्यक्ति सामान्य अधिकारी सिद्ध हुन्छ। उत्तम अधिकारीहरूलाई एक पटकको वेदान्तश्रवणबाटै चिन्तन–मननविना नै तत्त्वज्ञान हुन्छ। मध्यम अधिकारीहरूका लागि श्रवणले मात्र नपुगी मनन–निदिध्यासनको पनि आवश्यकता पर्दछ। यस्तो व्यक्ति अन्तर्मुख चित्तले निरन्तर आत्मचिन्तन गर्दै अन्तमा ज्ञानप्राप्ति गर्दछ। सामान्य अधिकारी चाहिँ चित्त अशुद्ध हुनाले निरन्तर अन्तर्मुख हुन सक्दैन र बहिर्मुख अवस्थामा संसारका सबै श्रेष्ठ पदार्थहरूमा भगवद्भाव गर्दै विभूतियोगको अभ्यास गर्दछ। केवल मूर्ति आदिमा मात्र भगवद्बुद्धि गर्ने व्यक्तिलाई चाहिँ भगवान्को मूर्तिबाहेक संसारका अरू पदार्थ पनि भगवान् नै हुन् भन्ने कुराको आँकलनसम्म हुँदैन। त्यसैले यस्तो व्यक्ति ज्ञानको अति सामान्य या निकृष्ट अधिकारी हो।

यसप्रकार विभूतियोग भनेको संसारका श्रेष्ठ पदार्थहरूमा भगवद्भाव गर्नु हो। यो अन्तर्मुखी चित्तवृत्तिले हृदयभित्रै निरन्तर परमात्मस्मरण गर्नुभन्दा सामान्य स्तरको हो। यसको फल चित्तशुद्धिद्वारा संसारका सबै पदार्थभरि परमात्मदर्शनको योग्यता प्राप्त गर्नु हो र यसको अभ्यास ज्ञानको सामान्य अधिकारीहरूका लागि बताइएको हो भन्ने स्पष्ट हुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे षोडशोऽध्यायः ॥ १६ ॥

अथ सप्तदशोऽध्यायः

वर्णाश्रम धर्म

उद्धव उवाच (उद्धवले भने)

यस्त्वयाभिहितः पूर्वं धर्मस्त्वद्भक्तिलक्षणः ।

वर्णाश्रमाचारवतां सर्वेषां द्विपदामपि ॥ १ ॥

पदार्थ–
त्वया = हजुरद्वारा
पूर्वं = पहिले
यः = जो
वर्णाश्रमाचारवतां = वर्ण र आश्रमको अनुकूल आचरण गर्ने
सर्वेषां अपि = सबै
द्विपदां = मानिसहरूको लागि
त्वद्भक्तिलक्षणः = हजुरको भक्तिको साधनभूत
धर्मः = धर्मको विषयमा
अभिहितः = बताइयो

वाक्यार्थ– हजुरले पहिले नै वर्णधर्म र आश्रमधर्मको आचरण गर्ने सबै मानिसहरूको लागि हजुरको भक्तिको साधनरूप धर्म बताउनुभएको थियो ।

यथानुष्ठीयमानेन त्वयि भक्तिर्नृणां भवेत् ।

स्वधर्मेणारविन्दाक्ष तत् समाख्यातुमर्हसि ॥ २ ॥

पदार्थ–
अरविन्दाक्ष = हे कमलनयन
यथा = जसरी
अनुष्ठीयमानेन = अनुष्ठान गरिएको
स्वधर्मेण = आ-आफ्नो धर्मबाट
नृणां = मानिसहरूको
त्वयि = हजुरमा
भक्तिः = भक्ति
भवेत् = हुन्छ
तत् = त्यो धर्मको अनुष्ठानको विषयमा
समाख्यातुं = बताउन
अर्हसि = योग्य हुनुहुन्छ

वाक्यार्थ– हे कमलनयन ! जुन प्रकारले अनुष्ठान गरेको स्वधर्मबाट हजुरमा भक्ति लाग्छ, त्यस्तो धर्मको अनुष्ठानको विषयमा बताउनुहोस् ।

पुरा किल महाबाहो धर्मं परमकं प्रभो ।

यत्तेन हंसरूपेण ब्रह्मणेऽभ्यात्थ माधव ॥ ३ ॥

पदार्थ–
महाबाहो = हे पराक्रमी
प्रभो = हे सर्वसमर्थ
माधव = हे माधव
पुरा = पहिले
तेन = त्यो
हंसरूपेण = हाँसको रूपमा आएर हजुरद्वारा
ब्रह्मणे = ब्रह्माजीलाई
यत् = जुन
परमकं = सर्वोत्कृष्ट
धर्मं = धर्म
अभ्यात्थ किल = बताइएको थियो नै

वाक्यार्थ– हे पराक्रमी सर्वसमर्थ प्रभु ! माधव ! पहिले हजुरले हंसको रूपमा आएर ब्रह्माजीलाई सर्वोत्कृष्ट धर्म बताउनुभएको थियो।

स इदानीं सुमहता कालेनामित्रकर्शन।

न प्रायो भविता मर्त्यलोके प्रागनुशासितः॥ ४॥

पदार्थ–	गरिएको धर्म	**कालेन** = समयले गर्दा
अमित्रकर्शन = हे शत्रुनाशक	**इदानीं** = अहिले	**प्रायः** = प्रायः लुप्त भइसक्यो र
सः = त्यो	**मर्त्यलोके** = मर्त्यलोकमा	**न भविता** = पछि रहनेछैन
प्रागनुशासितः = पहिला उपदेश	**सुमहता** = लामो	

वाक्यार्थ– हे शत्रुनाशक प्रभु ! हजुरले पहिला उपदेश गरेको धर्म समयको लामो अन्तरालले गर्दा यो मर्त्यलोकमा नष्ट भइसक्यो, त्यसैले पछि त्यो धर्म रहनेछैन।

वक्ता कर्ताविता नान्यो धर्मस्याच्युत ते भुवि।

सभायामपि वैरिञ्च्यां यत्र मूर्तिधराः कलाः॥ ५॥

पदार्थ–	छन् त्यस्तो	**वक्ता** = उपदेश दिने र
अच्युत = हे अच्युत	**वैरिञ्च्यां** = ब्रह्माजीको	**कर्ता** = अनुष्ठान गर्ने तथा
भुवि = पृथिवीमा र	**सभायां** = सभामा	**अविता अपि** = रक्षा गर्ने
यत्र = जहाँ	**ते** = हजुरदेखि	**न** = कोही पनि छैन
मूर्तिधराः = साक्षात् मूर्तिमती	**अन्यः** = अर्को	
कलाः = वेद आदि विद्याहरू	**धर्मस्य** = धर्मको विषयमा	

वाक्यार्थ– हे अच्युत ! यो पृथिवीमा र जहाँ मूर्तिमती वेद आदि विद्याहरू छन्, त्यस्तो ब्रह्माजीको सभामा पनि हजुरदेखि अर्को धर्मको विषयमा उपदेश दिने, धर्मको अनुष्ठान गर्ने र रक्षा गर्ने पनि कोही छैन।

कर्त्राविञा प्रवक्त्रा च भवता मधुसूदन।

त्यक्ते महीतले देव विनष्टं कः प्रवक्ष्यति॥ ६॥

पदार्थ–	**अवित्रा** = रक्षक र	**त्यक्ते** = त्यागिएपछि
मधुसूदन = हे मधुसूदन	**प्रवक्त्रा च** = उपदेशक	**विनष्टं** = नष्ट भएको धर्मलाई
देव = हे देव	**भवता** = हजुरद्धारा	**कः** = कसले
कर्त्रा = कर्ता	**महीतले** = पृथिवी	**प्रवक्ष्यति** = बताउला

वाक्यार्थ– हे मधुसूदन भगवान् ! धर्मको कर्ता, रक्षक र उपदेशक हजुरले पृथिवीलाई त्यागेपछि नष्ट भएको धर्मको उपदेश कसले गर्ला ?

तत्त्वं नः सर्वधर्मज्ञ धर्मस्त्वद्भक्तिलक्षणः ।
यथा यस्य विधीयेत तथा वर्णय मे प्रभो ॥ ७ ॥

पदार्थ—
तत् = त्यसैले
सर्वधर्मज्ञ = हे सम्पूर्ण धर्मका ज्ञाता
त्वद्भक्तिलक्षणः = हजुरको भक्ति उत्पन्न गर्ने
धर्मः = धर्म
नः = हामीहरूका लागि
यस्य = जुन वर्ण र आश्रमको अधिकारीलाई
यथा = जसरी
विधीयेत = विधान गरिएको छ
तथा = त्यसै प्रकारले (ती सबै धर्मको विषयमा)
प्रभु = हे सर्वसमर्थ प्रभु
त्वं = हजुरले
मे = मलाई
वर्णय = वर्णन गर्नुहोस्

वाक्यार्थ— त्यसकारण, हे धर्मका ज्ञाता प्रभु ! हजुरको भक्ति उत्पन्न हुने धर्म हामीहरूलाई वर्ण र आश्रमअनुसार जे जसरी विधान गरिएको छ त्यसै गरी मलाई बताउनुहोस् ।

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

इत्थं स्वभृत्यमुख्येन पृष्टः स भगवान् हरिः ।
प्रीतः क्षेमाय मर्त्यानां धर्मानाह सनातनान् ॥ ८ ॥

पदार्थ—
इत्थं = यसरी
स्वभृत्यमुख्येन = आफ्ना प्यारा भक्त उद्धवद्वारा
पृष्टः = सोधिएका
सः = ती
भगवान् = भगवान्
हरिः = श्रीहरिले
प्रीतः = प्रसन्न भएर
मर्त्यानां = मनुष्यहरूको
क्षेमाय = कल्याणका लागि
सनातनान् = सनातन
धर्मान् = धर्महरू
आह = बताउनुभयो

वाक्यार्थ— यसरी आफ्ना प्यारा भक्त उद्धवले सोधेपछि भगवान् श्रीकृष्णले प्रसन्न भएर मनुष्यहरूको कल्याणका लागि सनातन धर्महरू बताउनुभयो ।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

धर्म्य एष तव प्रश्नो नैःश्रेयसकरो नृणाम् ।
वर्णाश्रमाचारवतां तमुद्धव निबोध मे ॥ ९ ॥

पदार्थ—
उद्धव = हे उद्धव
तव = तिम्रो
एषः = यो
प्रश्नः = प्रश्न
धर्म्यः = धर्मयुक्त छ र
नृणां = मनुष्यहरूलाई
नैःश्रेयसकरः = कल्याणकारक पनि छ
वर्णाश्रमाचारवतां = वर्ण र आश्रममा रहने व्यक्तिहरूको
तं = त्यो धर्मलाई
मे = मबाट
निबोध = सुन

वाक्यार्थ– हे प्रिय उद्धव ! तिम्रो यो प्रश्न धर्मयुक्त छ र मनुष्यहरूको लागि कल्याणकारक पनि छ, त्यसैले वर्णाश्रममा रहने व्यक्तिहरूको धर्म मबाट तिमीले सुन।

आदौ कृतयुगे वर्णो नृणां हंस इति स्मृतः।
कृतकृत्याः प्रजा जात्या तस्मात् कृतयुगं विदुः॥ १०॥

पदार्थ–
आदौ = पहिले
कृतयुगे = सत्ययुगमा
नृणां = मनुष्यहरूको
वर्णः = वर्ण
हंसः इति = हंस नाम गरेको
स्मृतः = थियो (त्यस बखतमा)
प्रजाः = सम्पूर्ण प्रजाहरू
जात्या = जन्म वा स्वभावैले
कृतकृत्याः = कृतकृत्य थिए
तस्मात् = त्यसैले (त्यो युगलाई)
कृतयुगं = कृतयुग भनेर
विदुः = भनियो

वाक्यार्थ– पहिले सत्ययुगमा सबै मानिसहरू एउटै हंस वर्णका थिए, त्यस समयमा सम्पूर्ण प्रजाहरू स्वभावैले कृतकृत्य हुने भएकाले त्यो युगलाई कृतयुग भनेर भनियो।

वेदः प्रणव एवाग्रे धर्मोऽहं वृषरूपधृक्।
उपासते तपोनिष्ठा हंसं मां मुक्तकिल्बिषाः॥ ११॥

पदार्थ–
अग्रे = अघि सत्ययुगमा
वेदः = वेद
प्रणवः = ओङ्कारस्वरूप थियो र
वृषरूपधृक् = चतुष्पादरूप
धर्मः = धर्म
अहं एव = म नै थिएँ
तपोनिष्ठाः = तपस्यामा तत्पर भएका र
मुक्तकिल्बिषाः = पापरहित भएका मानिसहरूले
हंसं = शुद्धस्वरूप
मां = मलाई
उपासते = उपासना गर्दथे

वाक्यार्थ– पहिले सत्ययुगमा वेद ओङ्कारस्वरूप थियो र चार पाउ भएको धर्मको रूपमा म नै थिएँ। त्यस समयमा तपस्यामा लागेका र पापरहित भएका मानिसहरूले शुद्धस्वरूप मेरो उपासना गर्दथे।

विवरण– यस प्रसङ्गमा सत्ययुगमा धर्मको स्वरूप कस्तो थियो र त्यस वेला परमात्माको उपासना कसरी गरिन्थ्यो भन्ने कुरा बताइएको छ। सत्ययुगमा प्राणीहरूको वर्णविभाग र आश्रमविभाग थिएन। त्यसैले वर्णधर्म र आश्रमधर्मको पनि प्रवर्तन भएको थिएन। सत्ययुगका प्रजाहरूको हंस नामक एउटै मात्र वर्ण थियो। राजहंसले दुध र पानी मिसिएको ठाउँबाट दुध मात्र छानी लिएजस्तै आत्मा र अनात्माको परस्पर संसर्ग या अध्यास भएको यो संसारमा केवल चैतन्य ब्रह्मतत्त्वलाई मात्र ग्रहण गर्ने हुनाले यी प्रजाहरूलाई हंस भनिएको हो। अथवा हंसको अर्थ शुद्ध भन्ने पनि हुन्छ। परमात्मा परम पवित्र भएकाले हंस हुनुहुन्छ अनि उहाँको निरन्तर ध्यान गरी परमात्ममय बनेका प्राणीहरू पनि सम्पूर्ण पापले रहित भएकाले हंस नै हुन्। यसरी सत्ययुगका मानिसहरूलाई सत्-असत्को विवेक र अतिपवित्रताको दृष्टिले पनि हंस भनिएको हो।

आत्मलाभान्न परो लाभः अर्थात् आत्मप्राप्तिभन्दा अर्को कुनै महान् लाभ नभएकाले त्यसद्वारा नै पूर्णतः सन्तुष्ट बनेका तिनीहरू मिथ्या संसारको चाहना नै गर्दैनन्। यसरी सत्ययुगका प्रजाहरू सधैँ कृतकृत्य रहने हुनाले यसलाई कृतयुग पनि भनिन्छ।

सत्ययुगमा वेदहरू आफ्नो मूलस्वरूप प्रणवरूपमा नै थिए, तपस्वीहरू त्यही अनाहत नादको रूपमा प्रणवको चिन्तन गरिरहन्थे। प्रणवका अकार, उकार र मकारबाट क्रमशः ऋक्, यजुः र सामवेद यी त्रयी विद्याको प्रादुर्भाव हुने बताइएको छ। यो विभाग अप्रकट नै रहेकाले सत्ययुगमा प्रणवको स्वरूप पनि त्रिमात्रात्मक नभई अनुच्चार्य नादात्मक नै भएको स्पष्ट हुन्छ। प्रणवका तीन मात्राले तीन लोक, तीन वेद, तीन अवस्था, त्रिदेव आदि सम्पूर्ण संसारलाई नै बुझाउँछ, मात्रारहित प्रणव चाहिँ तुरीय आत्मतत्त्वको नै वाचक हो। सत्ययुगका तपस्वीहरू प्रणवद्वारा परमात्माकै चिन्तनमा लीन रहन्थे। मन र इन्द्रियहरूलाई एकाग्र गरी निरन्तर अन्तर्मुख बनिरहनु नै उत्तम तपस्या हो, त्यसमै अवस्थित रहनाले यिनलाई तपोनिष्ठ भनिएको हो।

सत्ययुगमा वेद शाखा-प्रशाखाको भेदका रूपमा प्रकट नभई मूल बीज रूपमा नै रहेकाले वैदिक अधिकारअनुसारका विभिन्न वर्ण र आश्रमहरूको धर्म भिन्न-भिन्न थिएन। यज्ञानुष्ठान आदि गर्न पनि वैदिक मन्त्रहरूको आवश्यकता पर्ने भएकाले तिनको पनि प्रचलन थिएन। यसरी अहिले धर्मको अङ्गको रूपमा आदर गरिएका मन्दिरप्रतिष्ठा, देवपूजन, तीर्थयात्रा, यज्ञ, पर्व, उत्सव, वर्ण र आश्रम अनुसारका शास्त्रीय कर्तव्य आदि केही पनि नरहेको स्पष्ट हुन्छ। उसो भए के सत्ययुगमा धर्मको अस्तित्व नै थिएन ? भन्ने शङ्कामा भगवान् बताउनुहुन्छ— **धर्मोऽहं वृषरूपधृक्** अर्थात् सत्ययुगमा मेरै स्वरूप भएको वृषरूपधारी धर्म थियो। यहँ वृषरूपधारी धर्म भनेर वृषभजस्तै चार पाउवाला धर्मलाई लिनुपर्दछ। धर्मका चार पाउहरू यसप्रकार छन्— तपस्या, शौच, दया र सत्य। सत्ययुगमा पूर्ण रूपमा चार पाउवाला धर्म रहन्छ भने त्रेता आदि युगमा एक-एक गरी धर्मका पाउहरू अधर्मका अंश बढ्नाले कमजोर बन्दै जान्छन्। यी चार पाउहरू धर्मका मूल स्वरूप भएकाले सत्ययुगमा बाहिर प्रकट हुने गरी मनाइने उत्सव, पूजा, व्रत आदि प्रचलित नभए पनि धर्मको पूर्णस्वरूप रहेको छ।

सत्ययुग समाजविकासको पूर्ण, श्रेष्ठतम र आदर्श अवस्था हो। शासक, शासन र शासितको भेद नहुने, जाति वर्ण र आश्रमहरूको विभाग नहुने, भौतिक पदार्थप्रतिको आसक्ति र ममताले शून्य, शास्त्रीय विधिनिषेधको आवश्यकता पनि नरहने, पूर्णतः तत्त्वचिन्तनशील स्वशासित समाजको अवस्था नै सत्ययुग हो। निकृष्ट आचरणको बाहुल्य रहने कलियुग आफ्नो चरम सीमामा पुगेपछि अकस्मात् हुने सर्वनाश एवं प्रलयपछि मानवसमाजको चिन्तन पूर्णतः परिवर्तित हुने र त्यहीँबाट सत्ययुगको आरम्भ हुने शास्त्रहरूको निर्णय छ। सत्ययुगको समाज पूर्णतः समतामूलक छ, तर त्यो समाज सङ्गठित एकाइको रूपमा भन्दा पनि मननशील व्यक्तिहरूको सामूहिक उपस्थितिको रूपमा रहेको हुन्छ। लामो आयु, प्रबल शारीरिक एवं मानसिक क्षमता र निरोगी जीवनले युक्त सबै तत्त्वदर्शीहरू आफूभित्रैको धर्मबाट नियन्त्रित हुन्छन्। यस्तो समाजको विषयमा बताउँदै शास्त्रमा भनिन्छ—

नैव राज्यं न राजासीन्न दण्डो न च दाण्डिकः।
धर्मेणैव प्रजाः सर्वाः पाल्यन्ते स्म परस्परम्।।

अर्थात् त्यो समयमा पृथिवीमा न राज्यहरूको भेद थियो, न त राजाहरू नै थिए। न दण्ड थियो र न दण्डदाता नै। सबै व्यक्तिहरू धर्मद्वारा नै परस्पर संरक्षित हुन्थे।

राज्यप्रशासन र दण्डव्यवस्थाको उपस्थिति अनिवार्य मानिने रामराज्यको अवस्थाभन्दा पनि यो सत्ययुगी अवस्था अरू उच्चकोटिको हो। यसरी राज्यका एकाइहरूले शून्य भएर पनि पूर्ण रूपमा सुखी, शान्त र उच्च विचारसम्पन्न समाजको पूर्णतम सत्ययुगी अवस्थाको वर्णन यहाँ गरिएको छ।

त्रेतामुखे महाभाग प्राणान् मे हृदयात् त्रयी।
विद्या प्रादुरभूत् तस्या अहमासं त्रिवृन्मखः॥ १२॥

पदार्थ—	**हृदयात्** = हृदयबाट	**त्रिवृत्** = होता, अध्वर्यु र उद्गातारूप तीन अवयव भएको
महाभाग = हे भाग्यशाली उद्धव	**त्रयी** = ऋक्, यजुः र सामरूपी	**मखः** = यज्ञस्वरूप
त्रेतामुखे = त्रेतायुगको आरम्भमा	**विद्या** = विद्या	**अहं** = म
मे = मेरो	**प्रादुरभूत्** = प्रकट भयो	**आसम्** = प्रकट भएँ
प्राणात् = प्राणद्वारा	**तस्याः** = त्यो विद्याबाट	

वाक्यार्थ— हे भाग्यशाली उद्धव ! त्रेतायुगको आरम्भमा मेरो प्राणको माध्यमले हृदयबाट ऋक्, यजुः र सामरूप त्रयी विद्या प्रकट भयो र फेरि त्यसबाट होता, अध्वर्यु र उद्गातारूप तीन अङ्ग भएको यज्ञको रूपमा म प्रकट भएँ।

विप्रक्षत्रियविट्शूद्रा मुखबाहूरुपादजाः।
वैराजात् पुरुषाज्जाता य आत्माचारलक्षणाः॥ १३॥

पदार्थ—	**मुखबाहूरुपादजाः** = मुख, हात, तिघ्रा र पाउबाट उत्पन्न भएका	**वैराजात्** = विराट्रूप
आत्माचारलक्षणाः = आ-आफ्नो आचरण नै परिचय भएका	**विप्रक्षत्रियविट्शूद्राः** = ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र	**पुरुषात्** = पुरुषबाट
ये = जो		**जाताः** = उत्पन्न भएका हुन्

वाक्यार्थ— आ-आफ्नो आचरण नै परिचय भएका ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र जाति क्रमशः विराट् पुरुष परमेश्वरको मुख, हात, तिघ्रा र पाउबाट उत्पन्न भएका हुन्।

गृहाश्रमो जघनतो ब्रह्मचर्यं हृदो मम।
वक्षःस्थलाद् वने वासो न्यासः शीर्षणि संस्थितः॥ १४॥

पदार्थ—	**मम** = मेरो	**जघनतः** = जाँघबाट

गृहाश्रमः = गृहस्थ आश्रम	**वक्षःस्थलात्** = छातीबाट	**न्यासः** = संन्यास आश्रम
हृदः = हृदयबाट	**वनेवासः** = वानप्रस्थ आाश्रम र	**संस्थितः** = उत्पन्न भएको हो
ब्रह्मचर्यं = ब्रह्मचर्य आश्रम	**शीर्षणि** = शिरबाट	

वाक्यार्थ– मेरो जाँघबाट गृहस्थ आश्रम, हृदयबाट ब्रह्मचर्य आश्रम, छातीबाट वानप्रस्थ आश्रम र शिरबाट संन्यास आश्रम उत्पन्न भएको हो।

वर्णानामाश्रमाणां च जन्मभूम्यनुसारिणीः।

आसन् प्रकृतयो नृणां नीचैर्नीचोत्तमोत्तमाः॥ १५॥

पदार्थ–

वर्णानां = वर्णहरूको र
आश्रमाणां च = आश्रमहरूको पनि
जन्मभूम्यनुसारिणीः = जन्मस्थानको अनुसार
नृणां = मनुष्यहरूको
नीचैः नीचोत्तमोत्तमाः = नीच पाउ आदिबाट उत्पन्न हुनाले नीच र उत्तम मुख आदि स्थानबाट उत्पन्न हुनाले उत्तम
प्रकृतयः = प्रकृतिहरू (स्वभाव)
आसन् = छन्

वाक्यार्थ– वर्ण र आश्रमहरू जस्तो-जस्तो ठाउँबाट उत्पन्न भए, त्यहीअनुसार मनुष्यहरूको अधम र उत्तम प्रवृत्ति वा स्वभाव हुन्छ।

शमो दमस्तपः शौचं सन्तोषः क्षान्तिरार्जवम्।

मद्भक्तिश्च दया सत्यं ब्रह्मप्रकृतयस्त्विमाः॥ १६॥

पदार्थ–

शमः = अन्तःकरणको निग्रह	**सन्तोषः** = सन्तोष	**सत्यं च** = सत्यभाषण पनि
दमः = बाह्येन्द्रियको निग्रह	**क्षान्तिः** = सहनशीलता	**इमाः तु** = यी
तपः = तपस्या	**आर्जवं** = सरलता	**ब्रह्मप्रकृतयः** = ब्राह्मणका स्वाभाविक धर्म हुन्
शौचं = पवित्रता	**मद्भक्तिः** = मेरो भक्ति गर्नु	
	दया = दया र	

वाक्यार्थ– बाहिरी र भित्री दुबैथरी इन्द्रियको निग्रह गर्नु, तपस्या, पवित्रता, सन्तोष, सहनशीलता, सरलता, मेरो भक्ति, दया र सत्यभाषण ब्राह्मणका स्वाभाविक धर्म हुन्।

तेजो बलं धृतिः शौर्यं तितिक्षौदार्यमुद्यमः।

स्थैर्यं ब्रह्मण्यमैश्वर्यं क्षत्रप्रकृतयस्त्विमाः॥ १७॥

पदार्थ–

तेजः = प्रताप	**धृतिः** = धैर्य	**औदार्यम्** = उदारता
बलं = बल	**शौर्यं** = शूरता	**उद्यमः** = उद्यम
	तितिक्षा = सहनशीलता	**स्थैर्यं** = स्थिरता

ब्रह्मण्यं = ब्राह्मणभक्ति र	**इमाः तु** = यी त	स्वाभाविक धर्म हुन्
ऐश्वर्यं = वैभव	**क्षत्रप्रकृतयः** = क्षत्रियका	

वाक्यार्थ– प्रताप, बल, धैर्य, शूरता, सहनशीलता, उदारता, उद्यम, स्थिरता, ब्राह्मणभक्ति र वैभव क्षत्रियका स्वाभाविक धर्म हुन्।

आस्तिक्यं दाननिष्ठा च अदम्भो ब्रह्मसेवनम्।
अतुष्टिरर्थोपचयैर्वैश्यप्रकृतयस्त्विमाः॥ १८॥

पदार्थ–		
आस्तिक्यं = आस्तिकता	**ब्रह्मसेवनं** = ब्राह्मणको सेवा गर्नु	**वैश्यप्रकृतयः** = वैश्यका
दाननिष्ठा च = दानमा तत्परता	**अर्थोपचयैः** = धनको तृप्तिले	स्वाभाविक धर्म हुन्
अदम्भः = दम्भ नहुनु	**अतुष्टिः** = सन्तोष नहुनु	
	इमाः तु = यी त	

वाक्यार्थ– आस्तिकता, दान गर्ने बानी, देखावटी नगर्नु, ब्राह्मणको सेवा गर्नु र धन कमाएर सन्तुष्ट नहुनु यी वैश्यका स्वाभाविक धर्म हुन्।

शुश्रूषणं द्विजगवां देवानां चाप्यमायया।
तत्र लब्धेन सन्तोषः शूद्रप्रकृतयस्त्विमाः॥ १९॥

पदार्थ–		
द्विजगवां = द्विजाति र गाईको	**शुश्रूषणं** = सेवा गर्नु र	**इमाः तु** = यी त
देवानां अपि = देवताहरूको पनि	**तत्र च** = त्यो सेवामा	**शूद्रप्रकृतयः** = शूद्रका
अमायया = निष्कपट भावले	**लब्धेन** = प्राप्त भएको वस्तुबाट	स्वाभाविक धर्म हुन्
	सन्तोषः = सन्तुष्ट रहनु	

वाक्यार्थ– ब्राह्मण आदि द्विजाति, गाई र देवताहरूको निष्कपट भावले सेवा गर्नु अनि सेवाबाट प्राप्त भएको वस्तुबाट सन्तुष्ट रहनु यी शूद्रका स्वाभाविक धर्म हुन्।

अशौचमनृतं स्तेयं नास्तिक्यं शुष्कविग्रहः।
कामः क्रोधश्च तर्षश्च स्वभावोऽन्तेवसायिनाम्॥ २०॥

पदार्थ–		
अशौचं = अपवित्रता	**शुष्कविग्रहः** = विनाकारण झगडा गर्नु	**तर्षः च** = धेरै लोभ हुनु
अनृतं = असत्यभाषण	**कामः** = विषयवासना अधिक हुनु	**अन्तेवसायिनां** = वर्णाश्रमहीन चाण्डाल आदिको
स्तेयं = चोरी	**क्रोधः च** = रिस र	**स्वभावः** = स्वभाव हो
नास्तिक्यं = नास्तिकता		

वाक्यार्थ– अपवित्रता, असत्य बोल्नु, चोरी गर्नु, नास्तिकता, विनाकारण झगडा, विषयप्रति अति

तृष्णा, रिस र धेरै लोभ हुनु वर्णाश्रमहीन चाण्डाल आदिको स्वभाव हो।

अहिंसा सत्यमस्तेयमकामक्रोधलोभता।
भूतप्रियहितेहा च धर्मोऽयं सार्ववर्णिकः॥ २१॥

पदार्थ–
अहिंसा = हिंसा नगर्नु
सत्यं = साँचो बोल्नु
अस्तेयं = चोरी नगर्नु
अकामक्रोधलोभता = काम, क्रोध र लोभ नगर्नु
भूतप्रियहितेहा च = प्राणीहरूको प्रिय र हितकर चेष्टा गर्नु
अयं = यो
सार्ववर्णिकः = सम्पूर्ण वर्णको
धर्मः = धर्म हो

वाक्यार्थ– हिंसा नगर्नु, साँचो बोल्नु, चोरी नगर्नु, काम, क्रोध र लोभरहित हुनु तथा प्राणीहरूको प्रिय र हितका लागि चेष्टा गर्नु आदि सम्पूर्ण वर्णको धर्म हो।

द्वितीयं प्राप्यानुपूर्व्याज्जन्मोपनयनं द्विजः।
वसन् गुरुकुले दान्तो ब्रह्माधीयीत चाहूतः॥ २२॥

पदार्थ–
द्विजः = ब्राह्मण आदि द्विजातिले
आनुपूर्व्यात् = क्रमैसँग
द्वितीयं = दोस्रो
उपनयनं = उपनयन संस्कार नाम गरेको
जन्म = जन्मलाई
प्राप्य = प्राप्त गरेपछि
गुरुकुले = गुरुकुलमा
वसन् = बसेर
दान्तः = जितेन्द्रिय भई
आहूतः च = आचार्यद्वारा बोलाइएपछि
ब्रह्म = वेदको
अधीयीत = अध्ययन गरोस्

वाक्यार्थ– ब्राह्मण आदि द्विजातिले गर्भाधान आदि क्रमैसँग उपनयन नाम गरेको दोस्रो जन्मरूप संस्कारलाई प्राप्त गरेपछि गुरुकुलमा बसेर जितेन्द्रिय भई आचार्यले बोलाएपछि वेदको अध्ययन गरोस्।

मेखलाजिनदण्डाक्षब्रह्मसूत्रकमण्डलून्।
जटिलोऽधौतदद्वासोऽरक्तपीठः कुशान् दधत्॥ २३॥

पदार्थ–
जटिलः = जटा धारण गरेको र
अधौतदद्वासः = सोखको लागि चाहिँ वस्त्र नधुने तथा
अरक्तपीठः = रङ्गीन आसन आदिमा नबस्ने ब्रह्मचारीले
मेखलाजिनदण्डाक्षब्रह्मसूत्र-कमण्डलून् = मेखला, मृगचर्म, दण्ड, जपमाला, यज्ञोपवीत र कमण्डलु तथा
कुशान् = कुश पनि
दधत् = धारण गरोस्

वाक्यार्थ– जटा धारण गर्ने तथा सोखको लागि चाहिँ वस्त्र नधुने, रङ्गीन आसनमा नबस्ने ब्रह्मचारीले मेखला, मृगचर्म, दण्ड, जपमाला, यज्ञोपवीत, कमण्डलु र कुश धारण गरोस्।

स्नानभोजनहोमेषु जपोच्चारे च वाग्यतः।

न च्छिन्द्यान्नखरोमाणि कक्षोपस्थगतान्यपि॥ २४॥

पदार्थ–
स्नानभोजनहोमेषु = स्नान, भोजन र हवन आदिको समयमा **जपोच्चारे च** = जप र मलमूत्र आदिको त्याग गर्दा **वाग्यतः** = मौन रहनु र **कक्षोपस्थगतानि अपि** = काखी एवं जननेन्द्रिय आदिमा भएको **नखरोमाणि** = केश र नङलाई **न छिन्द्यात्** = नकाटोस्

वाक्यार्थ– स्नान, भोजन र हवन आदि तथा जप र मलमूत्र आदि त्याग गर्ने वेलामा मौन रहोस् अनि काखी र जननेन्द्रिय आदिमा रहेका रौँ र नङ नकाटोस्।

रेतो नावकिरेज्जातु ब्रह्मव्रतधरः स्वयम्।

अवकीर्णेऽवगाह्याप्सु यतासुस्त्रिपदां जपेत्॥ २५॥

पदार्थ–
ब्रह्मव्रतधरः = ब्रह्मचारीले
जातु = कहिल्यै पनि
स्वयं = जानी–जानी
रेतः = वीर्य
न अवकिरेत् = स्खलित नगरोस्
अवकीर्णे = वीर्यस्खलित भएमा
अप्सु = जलमा
अवगाह्य = स्नान गरेर
यतासुः = प्राणायाम गरी
त्रिपदां = गायत्री
जपेत् = जपोस्

वाक्यार्थ– ब्रह्मचारीले कहिल्यै पनि जानी–जानी वीर्यपात नगरोस् यदि कथञ्चित् वीर्यस्खलन भएमा जलमा स्नान गरी प्राणायाम गरेर गायत्री जपोस्।

अग्न्यर्काचार्यगोविप्रगुरुवृद्धसुराञ्शुचिः।

समाहित उपासीत सन्ध्ये च यतवाग् जपन्॥ २६॥

पदार्थ–
सन्ध्ये = दुबै सन्ध्याकालमा
शुचिः = पवित्र भएर
समाहितः = एकाग्रचित्तले
यतवाक् = मौन रही
जपन् च = गायत्रीको जप गरी
अग्न्यर्काचार्यगोविप्रगुरुवृद्ध-सुरान् = अग्नि, सूर्य, आचार्य, गाई, ब्राह्मण, गुरु, वृद्ध र देवताहरूलाई
उपासीत = उपासना (वन्दना) गरोस्

वाक्यार्थ– दुबै सन्ध्याकालमा पवित्र भई मौन रहेर एकाग्र चित्तले गायत्रीको जप गरोस् र अग्नि, सूर्य, आचार्य, गाई, विप्र, गुरु, वृद्ध व्यक्ति र देवताहरूको वन्दना गरोस्।

आचार्यं मां विजानीयान्नावन्मन्येत कर्हिचित्।

न मर्त्यबुद्ध्यासूयेत सर्वदेवमयो गुरुः॥ २७॥

पदार्थ–
आचार्यं = आचार्यलाई
मां = मेरो स्वरूप

विजानीयात् = सम्झोस् र (आचार्यलाई) **कर्हिचित्** = कहिल्यै पनि **न अवन्मन्येत** = अपमान नगरोस् **मर्त्यबुद्ध्या** = मान्छे सम्झिएर **न असूयेत** = ईर्ष्या पनि नगरोस् (किनभने) **गुरुः** = गुरु **सर्वदेवमयः** = सर्वदेवस्वरूप हुन्

वाक्यार्थ– आचार्यलाई मेरै (भगवान्को) स्वरूप सम्झोस् र कहिल्यै पनि उनको अपमान नगरोस् अनि मनुष्य सम्झिएर उनीप्रति ईर्ष्या पनि नगरोस् किनभने गुरु सर्वदेवस्वरूप हुन्छन्।

सायं प्रातरुपानीय भैक्ष्यं तस्मै निवेदयेत्।
यच्चान्यदप्यनुज्ञातमुपयुञ्जीत संयतः॥ २८॥

पदार्थ–
सायं = सायङ्कालमा र **प्रातः** = प्रातःकालमा **भैक्ष्यं** = भिक्षा गरेको अन्न **उपानीय** = ल्याएर **तस्मै** = ती गुरुलाई **निवेदयेत्** = चढाओस् र **यत् च अन्यत् अपि** = जो अरू वस्तु प्राप्त हुन्छ, त्यो पनि (गुरुलाई चढाओस् र) **अनुज्ञातं** = गुरुबाट आज्ञा पाएपछि निर्दिष्ट वस्तु **संयतः** = मौन भएर **उपयुञ्जीत** = भोजन गरोस्

वाक्यार्थ– सायङ्कालमा र प्रातःकालमा भिक्षा गरेर ल्याएको भिक्षान्न र अन्य सामग्रीहरू पनि छन् गुरुलाई चढाओस् अनि गुरुबाट आज्ञा भएपछि मात्र मौन रहेर भोजन गरोस्।

शुश्रूषमाण आचार्यं सदोपासीत नीचवत्।
यानशय्यासनस्थानैर्नातिदूरे कृताञ्जलिः॥ २९॥

पदार्थ–
आचार्यं = आचार्यलाई **शुश्रूषमाणः** = सेवा गर्दै **नातिदूरे** = उनको नजिकै **यानशय्यासनस्थानैः** = गमन, शयन, आसन र बसाइद्वारा **नीचवत्** = सेवक झैँ **कृताञ्जलिः** = हात जोडेर **सदा** = सधैँ **उपासीत** = उपासना गरोस्

वाक्यार्थ– ब्रह्मचारीले आचार्यको सेवा गर्दै अति निकट भएर हिँड्दा, सुत्दा र आसन आदिमा बस्दा पनि आचार्यकै आज्ञाअनुसार सेवक झैँ सधैँ हात जोडेर आज्ञाको प्रतीक्षा गरी गुरुको उपासना गरोस्।

एवंवृत्तो गुरुकुले वसेद् भोगविवर्जितः।
विद्या समाप्यते यावद् बिभ्रद् व्रतमखण्डितम्॥ ३०॥

पदार्थ–
एवंवृत्तः = यस्तो आचरण गरेर **भोगविवर्जितः** = सम्पूर्ण भोग-विलासले रहित ब्रह्मचारी **यावत्** = जबसम्म **विद्या** = विद्याध्ययन

समाप्यते = समाप्त हुन्छ (त्यहाँसम्म)
अखण्डितं = अखण्डरूपमा
व्रतं = ब्रह्मचर्य व्रतलाई
बिभ्रत् = धारण गरेर
गुरुकुले = गुरुकुलमा
वसेत् = बसोस्

वाक्यार्थ– यस्तो आचरणमा रही सम्पूर्ण भोगविलासले रहित भएर ब्रह्मचारी जबसम्म विद्याध्ययन समाप्त हुँदैन तबसम्म अखण्डरूपमा ब्रह्मचर्य व्रतधारण गरेर गुरुकुलमा बसोस्।

यद्यसौ छन्दसां लोकमारोक्ष्यन् ब्रह्मविष्टपम्।
गुरवे विन्यसेद् देहं स्वाध्यायार्थं बृहद्व्रतः॥ ३१॥

पदार्थ–
यदि = यदि
असौ = ब्रह्मचारी
छन्दसां = वेदहरूको
लोकं = लोक
ब्रह्मविष्टपं = ब्रह्मलोकमा
आरोक्ष्यन् = जान इच्छुक छ भने (त्यस बखतमा उसले जीवनभरि)
बृहद्व्रतः = नैष्ठिक ब्रह्मचर्य व्रत धारण गरेर
स्वाध्यायार्थं = वेदाध्ययन आदिको गुरुदक्षिणास्वरूप
देहं = आफ्नो शरीर नै
गुरवे = गुरुलाई
विन्यसेत् = अर्पण गरोस्

वाक्यार्थ– यदि कोही ब्रह्मचारी मूर्तिमान् वेदहरू बस्ने ब्रह्मलोकमा जान चाहन्छ भने उसले जीवनभरि नैष्ठिक ब्रह्मचर्य धारण गरोस् र वेदाध्ययन आदिको निष्क्रयको लागि आफ्नो शरीर नै गुरुलाई अर्पण गरिदेओस्।

अग्नौ गुरावात्मनि च सर्वभूतेषु मां परम्।
अपृथग्धीरुपासीत ब्रह्मवर्चस्व्यकल्मषः॥ ३२॥

पदार्थ–
अपृथग्धीः = भेदबुद्धिरहित
ब्रह्मवर्चस्वी = वेदाभ्यासले तेजस्वी र
अकल्मषः = पापरहित बनेको ब्रह्मचारीले
अग्नौ = अग्निमा
गुरौ = गुरुमा
आत्मनि = आत्मामा
सर्वभूतेषु च = सम्पूर्ण प्राणीहरूमा पनि
परं = परमात्मस्वरूप
मां = मलाई
उपासीत = उपासना गरोस्

वाक्यार्थ– भेदबुद्धिरहित, वेदाभ्यासद्वारा तेजस्वी र पापरहित बनेको नैष्ठिक ब्रह्मचारीले, अग्निमा, गुरुमा, आत्मामा र सम्पूर्ण प्राणीहरूमा मेरो उपासना गरोस्।

स्त्रीणां निरीक्षणस्पर्शसंलापक्ष्वेलनादिकम्।
प्राणिनो मिथुनीभूतानगृहस्थोऽग्रतस्त्यजेत्॥ ३३॥

पदार्थ–
अगृहस्थः = ब्रह्मचारीले
स्त्रीणां = स्त्रीहरूको

निरीक्षणस्पर्शसंलापक्ष्वेलनादिकं = दर्शन, स्पर्श, उनीहरूसँगको कुराकानी र ख्यालठट्टा आदिलाई
त्यजेत् = त्यागोस् र
मिथुनीभूतान् = सहवास गर्दै गरेका
प्राणिनः = पशु, पक्षी आदि प्राणीहरूलाई पनि
अग्रतः = सामुन्नेमा पर्दा नहेरोस्

वाक्यार्थ– ब्रह्मचारीले स्त्रीहरूसँगको दर्शन, बोलचाल र ख्यालठट्टा आदि नगरोस् एवं अन्य प्राणीहरूको सहवास क्रिया पनि नहेरोस्।

शौचमाचमनं स्नानं सन्ध्योपासनमार्जवम्।
तीर्थसेवा जपोऽस्पृश्या भक्ष्यासम्भाष्यवर्जनम्॥ ३४॥
सर्वाश्रमप्रयुक्तोऽयं नियमः कुलनन्दन।
मद्भावः सर्वभूतेषु मनोवाक्कायसंयमः॥ ३५॥

पदार्थ–
कुलनन्दन = हे कुलवर्द्धक उद्धव
शौचं = पवित्रता
आचमनं = आचमन
स्नानं = स्नान
सन्ध्योपासनं = सन्ध्यावन्दना
आर्जवं = सरलता
तीर्थसेवा = तीर्थवास
जपः = मन्त्रजप
अस्पृश्याभक्ष्यासम्भाष्यवर्जनं = अस्पृश्यको स्पर्श गर्नु, अभक्ष्यको भक्षण गर्नु र असंभाष्यको भाषण गर्नु आदिको परित्याग
सर्वभूतेषु = सम्पूर्ण प्राणीहरूमा
मद्भावः = मेरो भावना गर्नु
मनोवाक्कायसंयमः = मन, वचन र शरीरलाई कुमार्गबाट रोक्नु आदि
अयं = यो कुरा
सर्वाश्रमप्रयुक्तः = सम्पूर्ण आश्रमको लागि तोकिएको
नियमः = धर्म हो

वाक्यार्थ– हे उद्धव ! पवित्रता, आचमन, स्नान, सन्ध्यावन्दना, सरलता, तीर्थसेवा, गायत्रीको जप अनि अस्पृश्य-स्पर्श, अभक्ष्य-भक्षण र असंभाष्यको भाषणको परित्याग गरी तथा सम्पूर्ण प्राणीहरूमा मेरो भावना गर्नु, मन, वचन र शरीरलाई कुमार्गबाट रोक्नु आदि यी सबै सम्पूर्ण आश्रमका लागि तोकिएका धर्म हुन्।

एवं बृहद्व्रतधरो ब्राह्मणोऽग्निरिव ज्वलन्।
मद्भक्तस्तीव्रतपसा दग्धकर्माशयोऽमलः॥ ३६॥

पदार्थ–
एवं = यसरी
बृहद्व्रतधरः = नैष्ठिक ब्रह्मचारी
ब्राह्मणः = ब्राह्मण
तीव्रतपसा = कठोर तपस्याद्वारा
दग्धकर्माशयः = अन्तःकरण शुद्ध भएको
मद्भक्तः = मेरो परम भक्तको रूपमा रही
अग्निः इव = आगो झैं
ज्वलन् = तेजस्वी बन्दै
अमलः = पापरहित बन्दछ

वाक्यार्थ– यसरी नैष्ठिक ब्रह्मचर्य धारण गरेको ब्राह्मण ब्रह्मचारी तीव्र तपस्याको कारणले

अन्तःकरण शुद्ध भई मेरो भक्त बनेर आगो झैं देदीप्यमान बन्दछ र पापरहित बन्दछ।

अथानन्तरमावेक्ष्यन् यथाजिज्ञासितागमः।
गुरवे दक्षिणां दत्त्वा स्नायाद् गुर्वनुमोदितः॥ ३७॥

पदार्थ—
यथाजिज्ञासितागमः = यथार्थरूपले वेदको अध्ययन गरेको ब्रह्मचारीले
अथ = त्यसपछि
अनन्तरं = दोस्रो गृहस्थाश्रममा
आवेक्ष्यन् = प्रवेश गर्दै
गुरवे = गुरुलाई
दक्षिणां = दक्षिणा
दत्त्वा = दिएर
गुर्वनुमोदितः = गुरुको आज्ञा अनुसार
स्नायात् = समावर्तन संस्काररूप स्नान गरोस्

वाक्यार्थ— वेदार्थलाई यथार्थरूपले विचार गरेको ब्रह्मचारीले त्यसपछि द्वितीय गृहस्थ आश्रममा जान चाहेमा गुरुलाई गुरुदक्षिणा दिएर गुरुकै आज्ञाअनुसार समावर्तन संस्काररूप स्नान गरोस्।

गृहं वनं वोपविशेत् प्रव्रजेद् वा द्विजोत्तमः।
आश्रमादाश्रमं गच्छेन्नान्यथा मत्परश्चरेत्॥ ३८॥

पदार्थ—
द्विजोत्तमः = श्रेष्ठ ब्रह्मचारी ब्राह्मण
गृहं = गृहस्थ आश्रममा
वनं वा = अथवा वानप्रस्थ आश्रममा
उपविशेत् = जाओस्
प्रव्रजेत् वा = अथवा संन्यास ग्रहण गरोस्
मत्परः = ममा मन लगाउँदै
आश्रमात् = एउटा आश्रमबाट
आश्रमं = अर्को आश्रममा
गच्छेत् = जाओस्
अन्यथा = तद्विपरीत
न चरेत् = आचरण नगरोस्

वाक्यार्थ— श्रेष्ठ ब्राह्मण ब्रह्मचारीले इच्छाअनुसार गृहस्थ, वानप्रस्थ र संन्यास आश्रममा प्रवेश गरी एक आश्रमबाट अर्को आश्रममा जाओस् तर त्यसको विपरीत आचरण गर्ने र विपरीत क्रमले आश्रम ग्रहण गर्ने काम नगरोस्।

गृहार्थी सदृशीं भार्यामुद्वहेदजुगुप्सिताम्।
यवीयसीं तु वयसा तां सवर्णामनुक्रमात्॥ ३९॥

पदार्थ—
गृहार्थी = गृहस्थ आश्रममा जान चाहने ब्रह्मचारीले
सदृशीं = आफ्नो स्वरूप
सवर्णाम् = सवर्णकी
अजुगुप्सितां = कुल र आचारले अनिन्दित
वयसा तु = उमेरले
यवीयसीं = आफूभन्दा कम उमेरकी
भार्याम् = स्त्रीसँग
उद्वहेत् = विवाह गरोस् (यदि कामवासना पूर्वक विवाह गर्न चाहे)
अनुक्रमात् = क्रमशः पहिलो वर्णकी (आफूभन्दा लगत्तै तल्लो वर्णकी)
ताम् = स्त्रीसँग विवाह गरोस्

वाक्यार्थ– गृहस्थ आश्रममा जान चाहने ब्रह्मचारीले आफूसमान वर्णकी, कुलाचारले अनिन्दित, आफूभन्दा कम उमेरकी स्त्रीसँग विवाह गरोस्। कामवासना पूर्वक विवाह गर्न लागेको हो भने क्रमशः आफूभन्दा तल्लो वर्णकी स्त्रीसँग विवाह गरोस्।

इज्याध्ययनदानानि सर्वेषां च द्विजन्मनाम्।
प्रतिग्रहोऽध्यापनं च ब्राह्मणस्यैव याजनम्॥ ४०॥

पदार्थ–
इज्याध्ययनदानानि = यज्ञ गर्नु, अध्ययन गर्नु र दान दिनु
सर्वेषां = सबै
द्विजन्मनां च = द्विजातिहरूको धर्म हो र
प्रतिग्रहः = दान लिनु
याजनं = यज्ञ गराउनु र
अध्यापनं च = पढाउनु
ब्राह्मणस्य एव = ब्राह्मणको मात्र धर्म हो

वाक्यार्थ– यज्ञ, अध्ययन र दान सम्पूर्ण द्विजाति (ब्राह्मण, क्षत्रिय र वैश्य)हरूको धर्म हो, तर दान लिनु, अध्यापन गराउनु र यज्ञ गराउनु ब्राह्मणको मात्र धर्म (वृत्ति) हो।

प्रतिग्रहं मन्यमानस्तपस्तेजोयशोनुदम्।
अन्याभ्यामेव जीवेत शिलैर्वा दोषदृक्तयोः॥ ४१॥

पदार्थ–
प्रतिग्रहं = दान लिनुलाई
तपस्तेजोयशोनुदं = तपस्या, तेज र यशको नाशकको रूपमा
मन्यमानः = सम्झने ब्राह्मणले
अन्याभ्यां एव = अरू दुई यजन र अध्यापनद्वारा नै
जीवेत = जीविका गरोस्
तयोः = ती दुईमा पनि
दोषदृक् = दोषदृष्टि गर्ने ब्राह्मणले
शिलैः वा = शिलवृत्तिद्वारा जीविका चलाओस्

वाक्यार्थ– दान लिनुलाई तपस्या, तेज र यशको घातक सम्झने ब्राह्मणले अरू दुई वृत्ति यजन र अध्यापनबाट जीविका चलाओस्, यदि तिनीहरूमा पनि उसको दोषदृष्टि छ भने सिलो खोजेर (खेतको मालिकले धान आदि काटेर लगिसकेपछि त्यहाँ खसेर बाँकी रहेका अन्नहरू टिप्नु) जीविका चलाओस्।

ब्राह्मणस्य हि देहोऽयं क्षुद्रकामाय नेष्यते।
कृच्छ्राय तपसे चेह प्रेत्यानन्तसुखाय च॥ ४२॥

पदार्थ–
हि = निश्चय नै
अयं = यो
ब्राह्मणस्य = ब्राह्मणको
देहः = शरीर
क्षुद्रकामाय = तुच्छ विषयभोगका लागि
न इष्यते = होइन
इह = यो जीवनकालमा
कृच्छ्राय = कष्टसहनको लागि
तपसे च = तपस्याको लागि पनि हो र
प्रेत्य च = मृत्युपश्चात् पनि
अनन्तसुखाय = अनन्त सुख (मोक्ष) प्राप्तिका लागि हो

वाक्यार्थ– अवश्य पनि ब्राह्मणको शरीर तुच्छ विषयभोगका लागि होइन, यो शरीर त जीवनकालमा कष्ट सहन र तपस्याका लागि हो र मृत्युपश्चात् मोक्षसुख प्राप्तिका लागि हो।

शिलोञ्छवृत्त्या परितुष्टचित्तो धर्मं महान्तं विरजं जुषाणः।
मय्यर्पितात्मा गृह एव तिष्ठन्नातिप्रसक्तः समुपैति शान्तिम्॥ ४३॥

पदार्थ–
शिलोञ्छवृत्त्या = सिलो खोज्ने र झरेका अन्नकणको संग्रह गरेर जीविका चलाउने कामद्वारा
परितुष्टचित्तः = सन्तुष्ट चित्त भएको
महान्तं = महान्
धर्मं = धर्मलाई
विरजं = निष्काम भावनापूर्वक
जुषाणः = सेवन गर्दै
मयि = ममा
अर्पितात्मा = चित्त अर्पण गरेको
नातिप्रसक्तः = परिवार, धन आदिमा आसक्त नभएको व्यक्तिले
गृहे एव = घरमा नै
तिष्ठन् = बसेर पनि
शान्तिं = शान्तिरूप मोक्षलाई
समुपैति = प्राप्त गर्दछ

वाक्यार्थ– सिलो खोज्ने र झरेका अन्नकणको संग्रह गरेर जीविका चलाउने कामद्वारा सन्तुष्ट चित्त भएको, महान् धर्मलाई निष्काम भावनापूर्वक सेवन गर्ने तथा ममा चित्त अर्पण गरेको साथै परिवार, धन आदिमा आसक्त नभएको व्यक्तिले घरमा बसेर पनि शान्तिरूप मोक्ष प्राप्त गर्दछ।

समुद्धरन्ति ये विप्रं सीदन्तं मत्परायणम्।
तानुद्धरिष्ये न चिरादापद्भ्यो नौरिवार्णवात्॥ ४४॥

पदार्थ–
सीदन्तं = वृत्तिको कारणले दुःख पाइरहेको
मत्परायणं = ममा समर्पित
विप्रं = ब्राह्मणलाई
ये = जसले
समुद्धरन्ति = उद्धार गर्दछन्
तान् = तिनीहरूलाई म
अर्णवात् = सागरबाट
नौः इव = डुङ्गालाई झैँ
न चिरात् = चाँडै नै
आपद्भ्यः = आपत्तिहरूबाट
उद्धरिष्ये = उद्धार गर्दछु

वाक्यार्थ– वृत्तिको कारणले दुःख पाइरहेको, ममा समर्पित ब्राह्मणलाई जसले उद्धार गर्दछन् तिनीहरूलाई म सागरबाट डुङ्गालाई झैँ आपत्तिहरूबाट चाँडै नै उद्धार गर्दछु।

सर्वाः समुद्धरेद् राजा पितेव व्यसनात् प्रजाः।
आत्मानमात्मना धीरो यथा गजपतिर्गजान्॥ ४५॥

पदार्थ–
राजा = राजाले
पिता इव = पिताले झैँ
सर्वाः = सबै
प्रजाः = प्रजाहरूलाई
व्यसनात् = कष्टबाट
यथा = जसरी
गजपतिः = गजराजले
गजान् = कष्टमा परेका

हात्तीहरूको उद्धार गर्दछ (त्यस्तै उद्धार गरोस् र)	**धीरः** = धीर भएर **आत्मना** = आफूले नै	**आत्मानं** = आफूलाई पनि **समुद्धरेत्** = उद्धार गरोस्

वाक्यार्थ– पितातुल्य भई राजाले आफ्ना सबै प्रजाहरूलाई गजराजले अन्य हात्तीहरूलाई उद्धार गरे झैं कष्टबाट उद्धार गरोस् र धीर भएर आफूलाई पनि आफैंले उद्धार गरोस्।

एवंविधो नरपतिर्विमानेनार्कवर्चसा।
विधूयेहाशुभं कृत्स्नमिन्द्रेण सह मोदते॥ ४६॥

पदार्थ– **एवंविधः** = यस्तो काम गर्ने **नरपतिः** = राजा **इह** = यो लोकमा **कृत्स्नं** = सम्पूर्ण	**अशुभं** = पापलाई **विधूय** = नष्ट गरेर **अर्कवर्चसा** = सूर्यसमान प्रकाशमान **विमानेन** = विमानद्वारा (स्वर्ग	गई) **इन्द्रेण सह** = इन्द्रसँग **मोदते** = सुखको अनुभव गर्दछ

वाक्यार्थ– प्रजाहरूलाई कष्टबाट उद्धार गर्ने यस्तो राजा यो लोकमा सारा पापलाई नष्ट पारेर सूर्यसमान तेजस्वी विमानद्वारा स्वर्ग गई त्यहाँ इन्द्रसँग सुखको अनुभव गर्दछ।

सीदन् विप्रो वणिग्वृत्त्या पण्यैरेवापदं तरेत्।
खड्गेन वापदाक्रान्तो न श्ववृत्त्या कथञ्चन॥ ४७॥

पदार्थ– **सीदन्** = शिलोञ्छवृत्तिद्वारा दुःख पाइरहेको **विप्रः** = ब्राह्मणले **वणिग्वृत्त्या** = वैश्यको वृत्ति **पण्यैः एव** = क्रय-विक्रय आदि	व्यवहारद्वारा **आपदं** = कष्टलाई **तरेत्** = निवारण गरोस् **अपदाक्रान्तः** = त्यसबाट पनि कष्ट नहटे **खड्गेन वा** = क्षत्रियवृत्तिद्वारा	कष्ट निवारण गरोस्, तर **श्ववृत्त्या** = नीचको सेवारूप वृत्तिद्वारा **कथञ्चन** = कहिल्यै पनि **न** = जीविका नगरोस्

वाक्यार्थ– यदि शिलोञ्छवृत्तिद्वारा ब्राह्मणलाई निर्वाह चलेन भने वैश्यवृत्ति क्रय-विक्रय आदि व्यवहारद्वारा कष्टको निवारण गरोस्। त्यति गर्दा पनि निर्वाह चलेन भने क्षत्रिय वृत्तिद्वारा कष्ट हटाओस् तर नीचको सेवा गर्ने वृत्ति कहिल्यै नगरोस्।

वैश्यवृत्त्या तु राजन्यो जीवेन्मृगययापदि।
चरेद् वा विप्ररूपेण न श्ववृत्त्या कथञ्चन॥ ४८॥

पदार्थ– **राजन्यः तु** = क्षत्रियले चाहिँ	**आपदि** = आपत्कालमा **वैश्यवृत्त्या** = वैश्यको वृत्ति	वाणिज्य आदिद्वारा **जीवेत्** = जीविका गरोस्

(त्यसबाट पनि जीविका नचले) **मृगयया** = शिकार खेल्ने आदि वृत्तिद्वारा
चरेत् = जीविका गरोस्
विप्ररूपेण वा = अथवा ब्राह्मणको वृत्ति अध्यापन आदिबाट निर्वाह गरोस् (तर)
कथञ्चन = कहिल्यै पनि
श्ववृत्त्या = नीचको सेवा आदि वृत्तिद्वारा
न = जीविका नगरोस्

वाक्यार्थ– क्षत्रियले चाहिँ आपत्कालमा वैश्यवृत्तिद्वारा जीविका गरोस् र त्यसबाट सम्भव नभए शिकार खेल्ने वा अध्यापन आदि ब्राह्मणको वृत्तिद्वारा निर्वाह गरोस् तर नीचको सेवन आदि वृत्तिद्वारा जीविका नगरोस्।

शूद्रवृत्तिं भजेद् वैश्यः शूद्रः कारुकटक्रियाम्।
कृच्छ्रान्मुक्तो न गर्ह्येण वृत्तिं लिप्सेत कर्मणा॥ ४९॥

पदार्थ–
वैश्यः = वैश्यले
शूद्रवृत्तिं = शूद्रको वृत्तिलाई
भजेत् = स्वीकार गरोस् र
शूद्रः = शूद्रले
कारुकटक्रियां = चकटी, गुन्द्री आदि बुन्ने काम गरोस् (यसरी)
कृच्छ्रात् = कष्टबाट
मुक्तः = मुक्त भएपछि
गर्ह्येण = निन्दित
कर्मणा = कर्मद्वारा
वृत्तिं = जीविका चलाउने
न लिप्सेत = लोभ नगरोस्

वाक्यार्थ– वैश्यले कष्ट परेमा शूद्रको वृत्तिलाई पनि स्वीकार गरोस् र शूद्रले चकटी, गुन्द्री आदि बुन्ने काम गरोस् र कष्टबाट मुक्त होस्, तर निन्दित कर्मद्वारा जीविका चलाइरहने लोभ नगरोस्।

वेदाध्यायस्वधास्वाहाबल्यन्नाद्यैर्यथोदयम्।
देवर्षिपितृभूतानि मद्रूपाण्यन्वहं यजेत्॥ ५०॥

पदार्थ–
वेदाध्यायस्वधास्वाहाबल्यन्नाद्यैः = ब्रह्मयज्ञ, श्राद्ध, होम, बलिहरण र अन्नपानीद्वारा
मद्रूपाणि = मेरै रूपमा रहेका
देवर्षिपितृभूतानि = देवता, ऋषि, पितृहरू र प्राणीहरूलाई
यथोदयं = आफ्नो वैभव अनुसार
अन्वहं = दिनदिनै
यजेत् = पूजा गरोस्

वाक्यार्थ– गृहस्थले ब्रह्मयज्ञ, श्राद्ध, होम, बलिहरण एवं अन्नपानीको दानद्वारा देवता, ऋषि, पितृहरू र अन्य प्राणीहरूलाई प्रतिदिन आफ्नो वैभव अनुसार पूजा गरोस्।

यदृच्छयोपपन्नेन शुक्लेनोपार्जितेन वा।
धनेनापीडयन् भृत्यान् न्यायेनैवाहरेत् क्रतून्॥ ५१॥

पदार्थ–
यदृच्छया = अनायासै
उपपन्नेन = प्राप्त भएको

उपार्जितेन वा = अथवा आफ्नो वृत्तिद्वारा आर्जन गरेको
शुक्लेन = शुद्ध
धनेन = धनद्वारा
भृत्यान् = सेवकवर्गलाई
अपीडयन् = कष्ट नदिइकन
न्यायेन एव = विधिपूर्वक नै
क्रतून् = यज्ञहरू
आहरेत् = सम्पादन गरोस्

वाक्यार्थ– अचानक प्राप्त भएको वा आफ्नो वृत्तिद्वारा उपार्जन गरेको शुद्ध धनद्वारा सेवकवर्गलाई कष्ट नदिइकन विधिपूर्वक यज्ञ सम्पादन गरोस्।

कुटुम्बेषु न सज्जेत न प्रमाद्येत् कुटुम्ब्यपि।
विपश्चिन्नश्वरं पश्येददृष्टमपि दृष्टवत्॥ ५२॥

पदार्थ–
विपश्चित् = विवेकी मानिस
कुटुम्बी अपि = परिवारवाला भएर पनि
कुटुम्बेषु = कुटुम्बहरूमा
न सज्जेत = आसक्त नहोस्
न प्रमाद्येत् = (भगवद्भजन आदिमा) लापर्वाही नगरोस्
अदृष्टं अपि = अदृष्ट स्वर्ग आदि सुखलाई पनि
दृष्टवत् = दृश्यमान पदार्थ जैँ
नश्वरं = नाशवान्‌कै रूपमा
पश्येत् = देखोस्

वाक्यार्थ– विवेकी मानिस परिवार सहितको भएर पनि परिवारमा आसक्त नबनोस् र भगवद्भजन आदिमा लापरबाही पनि नगरोस्। अदृष्ट स्वर्ग आदि सुखलाई पनि दृश्य पदार्थ जस्तै विनाशी नै सम्झोस्।

पुत्रदाराप्तबन्धूनां सङ्गमः पान्थसङ्गमः।
अनुदेहं वियन्त्येते स्वप्नो निद्रानुगो यथा॥ ५३॥

पदार्थ–
पुत्रदाराप्तबन्धूनां = छोरा, स्त्री, परिवार र बन्धुहरूको
सङ्गमः = सङ्गम
पान्थसङ्गमः = बटुवाहरूको भेटघाट जस्तै हो
एते = यी सबै व्यक्तिहरू
अनुदेहं = शरीरैपिच्छे
वियन्ति = फेरिइरहन्छन्
यथा = जसरी
निद्रानुगः = निद्राभित्रको
स्वप्नः = स्वप्नप्रपञ्च (निद्रा हटेपछि हट्दछ)

वाक्यार्थ– छोरा, स्त्री, परिवार र बन्धुहरूको भेटघाट बटुवाहरूको बिचबाटामा भएको भेटघाट जस्तै हो, यिनीहरू शरीरैपिच्छे संयुक्त हुन्छन् र वियुक्त पनि हुन्छन्। जसरी निद्राभित्रको स्वप्न निद्रा हटेपछि स्वतः हट्छ।

इत्थं परिमृशन् मुक्तो गृहेष्वतिथिवद् वसन्।
न गृहैरनुबध्येत निर्ममो निरहङ्कृतः॥ ५४॥

पदार्थ–
इत्थं = यसरी
परिमृशन् = विषयको

अनित्यतालाई विचार गर्दै
निर्ममः = देह आदिमा ममतारहित र
निरहङ्कृतः = अहङ्काररहित भएर
गृहेषु = गृहस्थ आश्रममा
अतिथिवत् = अतिथिसमान उदासीन भएर
वसन् = बस्दा
गृहैः = घरका कर्महरूद्वारा
न अनुबध्येत = बन्धनलाई प्राप्त गर्दैन
मुक्तः = जीवन्मुक्त बन्दछ

वाक्यार्थ– यसरी पदार्थको अनित्यतालाई विचार गर्दै देह आदिमा ममता र अहन्तालाई त्यागी गृहस्थ आश्रममा अतिथि झैँ बस्दा घरका कर्महरूद्वारा उसलाई बन्धन प्राप्त हुँदैन, बरु ऊ जीवन्मुक्त बन्दछ।

कर्मभिर्गृहमेधीयैरिष्ट्वा मामेव भक्तिमान्।
तिष्ठेद् वनं वोपविशेत् प्रजावान् वा परिव्रजेत्॥ ५५॥

पदार्थ–
भक्तिमान् = मेरो भक्ति भएको व्यक्ति
गृहमेधीयैः = गृहस्थका लागि विधान गरिएका
कर्मभिः = कर्महरूद्वारा
मां = मलाई
इष्ट्वा एव = आराधना गरेर नै
तिष्ठेत् = (घरमा) बसोस्
प्रजावान् = सन्तति भए
वनं = वानप्रस्थ आश्रममा
उपविशेत् वा = प्रवेश गरोस्
परिव्रजेत् वा = अथवा संन्यास लेओस्

वाक्यार्थ– मेरो भक्तिले युक्त भएको व्यक्तिले गृहस्थहरूका लागि विधान गरिएका कर्महरूको अनुष्ठान गर्दै मेरो आराधना गरोस् र घरमै सुखपूर्वक बसोस् वा सन्तति भए सबै छाडेर वनमा जाओस् वा संन्यास लेओस्।

यस्त्वासक्तमतिर्गेहे पुत्रवित्तैषणातुरः।
स्त्रैणः कृपणधीर्मूढो ममाहमिति बध्यते॥ ५६॥

पदार्थ–
यः तु = जो
मूढः = मूर्ख छ र
गेहे = घरमा
आसक्तमतिः = आसक्त बुद्धि भएको छ अनि
पुत्रवित्तैषणातुरः = पुत्रेच्छा र सम्पत्तिको इच्छाले व्याकुल छ
स्त्रैणः = स्त्रीलम्पट छ तथा
कृपणधीः = दीन र हीन बुद्धि भएको छ
मम अहम् इति = मेरो र म भन्ने अभिमान छ (त्यस्तो व्यक्ति)
बध्यते = बन्धनमा पर्दछ

वाक्यार्थ– जो मूर्ख घरमा आसक्त छ, पुत्रेच्छा र सम्पत्तिको इच्छाले व्याकुल छ र स्त्रीलम्पट तथा दीन र हीन बुद्धि भएको छ अनि म र मेरो भन्ने अभिमानले युक्त छ त्यस्तो व्यक्ति बन्धनमा पर्दछ।

अहो मे पितरौ वृद्धौ भार्या बालात्मजात्मजाः।
अनाथा मामृते दीनाः कथं जीवन्ति दुःखिताः॥ ५७॥

पदार्थ—
अहो = अहो
मे = मेरा
वृद्धौ = बुढा भएका
पितरौ = मातापिता
बालात्मजा = भर्खरका साना केटाकेटी भएकी
भार्या = पत्नी र
आत्मजाः = साना बालबच्चाहरू
माम् ऋते = मलाई छाडेर
अनाथाः = अनाथ हुनेछन्
दीनाः = दीनहीन भएर
दुःखिताः = अति दुःखी भएर
कथं = कसरी
जीवन्ति = बाँच्लान्

वाक्यार्थ— अहो ! मेरा बुढा मातापिता, केटाकेटी सानै भएकी पत्नी र यी साना बालबच्चाहरू मेरो अभावमा अनाथ हुनेछन् र दीनहीन भई अति दुःख पाएर कसरी बाँच्लान् ?

एवं गृहाशयाक्षिप्तहृदयो मूढधीरयम्।
अतृप्तस्ताननुध्यायन् मृतोऽन्धं विशते तमः ॥ ५८ ॥

पदार्थ—
एवं = यसरी
गृहाशयाक्षिप्तहृदयः = घरको वासनाले विक्षिप्त हृदय भएको
मूढधीः = मूढबुद्धिवाला
अयं = यो व्यक्ति
अतृप्तः = विषयबाट तृप्त नभएर
तान् = ती विषयहरूलाई
अनुध्यायन् = चिन्तन गर्दै
मृतः = मरेपछि पनि
अन्धं = अज्ञानमय
तमः = अन्धकारमा
विशते = प्राप्त हुन्छ

वाक्यार्थ— यसरी घर सम्बन्धी वासनाले विक्षिप्त चित्त भएको मूर्ख व्यक्ति विषयबाट तृप्त नभएर तिनै विषयहरूलाई चिन्तन गर्दै मर्दछ र मरेपछि पनि अज्ञानमय तामस अवस्थामा प्राप्त हुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे सप्तदशोऽध्यायः ॥ १७ ॥

अथ अष्टादशोऽध्यायः

वानप्रस्थ र संन्यास धर्म

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

वनं विविक्षुः पुत्रेषु भार्यां न्यस्य सहैव वा।

वन एव वसेच्छान्तस्तृतीयं भागमायुषः॥ १॥

पदार्थ—
वनं = वानप्रस्थ आश्रममा
विविक्षुः = प्रवेश गर्न चाहने व्यक्तिले
भार्यां = पत्नीलाई
पुत्रेषु = छोराहरूको संरक्षणमा
न्यस्य = छाडेर
सह एव वा = अथवा आफ्नै साथमा लिई
शान्तः = जितेन्द्रिय भएर
आयुषः = आयुको
तृतीयं = तेस्रो
भागं = भागसम्म (७५ वर्षसम्म)
वने एव = वनमा नै
वसेत् = बसोस्

वाक्यार्थ— वानप्रस्थ आश्रममा जान चाहने व्यक्तिले आफ्नी पत्नीलाई छोराहरूको जिम्मा लगाई अथवा साथमै लिएर शान्तचित्त र जितेन्द्रिय भई आयुको तेस्रो भागसम्म वा ७५ वर्षसम्म वनमा नै बसोस्।

कन्दमूलफलैर्वन्यैर्मेध्यैर्वृत्तिं प्रकल्पयेत्।

वसीत वल्कलं वासस्तृणपर्णाजिनानि च॥ २॥

पदार्थ—
वन्यैः = वनमा उत्पन्न भएका
मेध्यैः = पवित्र
कन्दमूलफलैः = कन्दमूल र फलद्वारा
वृत्तिं = जीवन निर्वाह
प्रकल्पयेत् = गरोस् र
वल्कलं = रूखका बोक्रारूप
वासः = कपडा तथा
तृणपर्णाजिनानि च = घाँसपातरूप वस्त्र वा मृगचर्म
वसीत = धारण गरोस्

वाक्यार्थ— वनमा आफैँ उत्पन्न भएका पवित्र कन्दमूल र फल आदि खाएर जीवन निर्वाह गरोस्, रूखका बोक्रारूप वस्त्र अथवा घाँस या पातरूप वस्त्र अथवा मृगचर्म धारण गरोस्।

केशरोमनखश्मश्रुमलानि बिभृयाद् दतः।

न धावेदप्सु मज्जेत त्रिकालं स्थण्डिलेशयः॥ ३॥

पदार्थ—
केशरोमनखश्मश्रुमलानि = केश, रौँ, नङ, दारी, जुँगा, मयल आदिलाई
बिभृयात् = धारण गरोस्
दतः = दाँत पनि
न धावेत् = नमाझोस्
त्रिकालं = तीनै कालमा
अप्सु = पानीमा
मज्जेत = स्नान गरोस् र
स्थण्डिलेशयः = भुइँमै सुतोस्

वाक्यार्थ– वानप्रस्थले केश, रौँ, नङ, दारी, जुँगा, मयल आदि धारण गरोस्, दाँत पनि नमाझोस्, तीन काल स्नान गरोस् र भुइँमा नै सुतोस्।

ग्रीष्मे तप्येत पञ्चाग्नीन् वर्षास्वासारषाड्जले।

आकण्ठमग्नः शिशिर एवंवृत्तस्तपश्चरेत्॥ ४॥

पदार्थ–
ग्रीष्मे = ग्रीष्म ऋतुमा
पञ्चाग्नीन् = पाँच अग्नि (अन्वाहार्य पचन वा दक्षिण, गार्हपत्य, आहवनीय, सभ्य र आवसथ्य)
तप्येत = तापोस्
वर्षासु = वर्षा ऋतुमा
आसारषाड् = मुसलधारे वर्षामा बसोस्
शिशिरे = शिशिर ऋतुमा
जले = चीसो जलमा
आकण्ठमग्नः = घाँटीसम्म डुबाएर बसोस्
एवंवृत्तः = यस्तो आचरण गरी
तपः = तपस्या
चरेत् = गरोस्

वाक्यार्थ– ग्रीष्मऋतुमा पञ्चाग्नि (दक्षिण, गार्हपत्य, आहवनीय, सभ्य र आवसथ्य) ताप्ने, वर्षा ऋतुमा मुसलधारे वर्षामा बस्ने र शिशिर ऋतुमा घाँटीसम्म जलमा डुबेर बस्ने गरी तपस्या गरोस्।

अग्निपक्वं समश्नीयात् कालपक्वमथापि वा।

उलूखलाश्मकुट्टो वा दन्तोलूखल एव वा॥ ५॥

पदार्थ–
अग्निपक्वं = अग्निद्वारा पाकेको
अथापि वा = अथवा
कालपक्वं = समयले पाकेको कन्दमूल आदि
समश्नीयात् = खाओस्
उलूखलाश्मकुट्टः वा = अथवा ओखल वा ढुङ्गामा कुटेर
दन्तोलूखलः एव वा = अथवा दाँतलाई नै ओखल बनाएर अन्न खाओस्

वाक्यार्थ– वानप्रस्थले अग्निमा पाकेको अथवा समयले पकाएको कन्दमूल आदि खाओस् र ओखल वा ढुङ्गामा कुटेको अन्न खाओस् अथवा दाँतले नै चपाएर खाओस्।

स्वयं सञ्चिनुयात् सर्वमात्मनो वृत्तिकारणम्।

देशकालबलाभिज्ञो नाददीतान्यदाहृतम्॥ ६॥

पदार्थ–
देशकालबलाभिज्ञः = देश, काल र आफ्नो शारीरिक बललाई जान्ने वानप्रस्थले
आत्मनः = आफ्नो
वृत्तिकारणं = वृत्तिको साधन
सर्वम् = सबै
स्वयं = आफैँले
सञ्चिनुयात् = सञ्चय गरोस्
अन्यदा = अरूद्वारा कालान्तरमा
आहृतं = ल्याइएको पदार्थलाई
न आददीत = स्वीकार नगरोस्

वाक्यार्थ– ठाउँ, समय र आफ्नो शारीरिक बललाई बुझेको वानप्रस्थले आफ्नो वृत्तिको साधन सबै आफैँले नै मिलाओस्, अरूले ल्याइदिएका वा पहिले नै सञ्चय गरेका सामग्रीलाई स्वीकार नगरोस्।

वन्यैश्चरुपुरोडाशैर्निर्वपेत् कालचोदितान्।
न तु श्रौतेन पशुना मां यजेत वनाश्रमी॥ ७॥

पदार्थ—
वनाश्रमी = वानप्रस्थले
वन्यैः = वनमा उत्पन्न भएका
चरुपुरोडाशैः = चरु र पुरोडाश आदिद्वारा
कालचोदितान् = समय अनुसारका आग्रयण आदि यागहरूको
निर्वपेत् = अनुष्ठान गरोस् र
श्रौतेन = श्रुतिले बताएको
पशुना तु = पशुयागद्वारा चाहिँ
मां = मलाई
न यजेत = यजन नगरोस्

वाक्यार्थ— वानप्रस्थ व्यक्तिले वनमा उत्पन्न भएका नीवार आदि अन्नद्वारा निर्मित चरुपुरोडाश आदिद्वारा समयोचित आग्रयण आदि यागको अनुष्ठान गरोस् तर श्रुतिले बताएको भएपनि पशुयागद्वारा चाहिँ मेरो यजन नगरोस्।

अग्निहोत्रं च दर्शश्च पौर्णमासश्च पूर्ववत्।
चातुर्मास्यानि च मुनेराम्नातानि च नैगमैः॥ ८॥

पदार्थ—
नैगमैः = वेदवादीहरूद्वारा
मुनेः = वानप्रस्थ मुनिको लागि
अग्निहोत्रं च = अग्निहोत्र कर्म
दर्शः च = दर्शयाग
पौर्णमासः च = पूर्णमासयाग र
चातुर्मास्यानि च = चातुर्मास्य याग
पूर्ववत् = गृहस्थ आश्रममा झैँ
आम्नातानि = विधान गरिएका छन्

वाक्यार्थ— वेदवादीहरूले वानप्रस्थको लागि अग्निहोत्र, दर्शयाग, पूर्णमासयाग र चातुर्मास्य याग पनि गृहस्थहरूलाई झैँ नै विधान गरेका छन्।

एवं चीर्णेन तपसा मुनिर्धमनिसन्ततः।
मां तपोमयमाराध्य ऋषिलोकादुपैति माम्॥ ९॥

पदार्थ—
धमनिसन्ततः = कठिन तपस्याले नसाको जालो देखिएका
मुनिः = मुनिले
एवं = यसरी
चीर्णेन = अनुष्ठान गरिएको
तपसा = तपस्याद्वारा
तपोमयं = तपोमय (ज्ञानस्वरूप)
मां = मलाई
आराध्य = आराधना गरेर
ऋषिलोकात् = ऋषिलोकबाट क्रमशः
मां = मलाई
उपैति = प्राप्त गर्दछन्

वाक्यार्थ— कठिन तपस्याको कारणले शरीरमा नसा मात्र देखिएका(दुब्लाएका) मुनिले यसरी तपस्याद्वारा ज्ञानस्वरूप मेरो आराधना गरेर ऋषिलोकबाट क्रमशः मलाई प्राप्त गर्दछन्।

यस्त्वेतत् कृच्छ्रतश्चीर्णं तपो निःश्रेयसं महत्।
कामायाल्पीयसे युञ्ज्याद् बालिशः कोऽपरस्ततः ॥ १० ॥

पदार्थ—
यः तु = जो व्यक्तिले
कृच्छ्रतः = कष्टपूर्वक
चीर्णं = अनुष्ठान गरिएको
निःश्रेयसं = मोक्षको साधन भएको
एतत् = यो
महत् = महान्
तपः = तपस्यालाई
अल्पीयसे = तुच्छ
कामाय = कामनापूर्तिको लागि
युञ्ज्यात् = उपयोग गर्दछ भने
ततः = ऊभन्दा
अपरः = अर्को
बालिशः = मूर्ख
कः = को होला

वाक्यार्थ— जो व्यक्ति कष्टसँग अनुष्ठान गरिएको मोक्षको साधन भएको यो महान् तपस्यालाई तुच्छ कामनापूर्तिको लागि उपयोग गर्दछ भने त्यो व्यक्तिभन्दा अर्को मूर्ख को होला र ?

यदासौ नियमेऽकल्पो जरया जातवेपथुः।
आत्मन्यग्नीन् समारोप्य मच्चित्तोऽग्निं समाविशेत्॥ ११ ॥

पदार्थ—
यदा = जब
असौ = यो वानप्रस्थ
जरया = वृद्धावस्थाले
जातवेपथुः = शरीर शिथिल भएर काँप्दै
नियमे = नियमको अनुष्ठानमा
अकल्पः = असमर्थ हुन्छ (त्यसपछि)
अग्नीन् = आहवनीय आदि अग्निलाई
आत्मनि = आत्मामा (हृदयमा)
समारोप्य = आरोप गरेर
मच्चित्तः = मेरै चिन्तन गरी
अग्निं = अग्निमा
समाविशेत् = प्रवेश गरोस्

वाक्यार्थ— जब वानप्रस्थले वृद्धावस्थाको कारण शिथिल भई आफ्नो नियमको पालन गर्न नसक्ने हुन्छ, त्यसपछि उसले आहवनीय आदि अग्निहरूलाई आफ्नै हृदयमा आरोप गरेर मेरो चिन्तन गरी अग्निमा प्रवेश गरोस्।

यदा कर्मविपाकेषु लोकेषु निरयात्मसु।
विरागो जायते सम्यङ्न्यस्ताग्निः प्रव्रजेत् ततः॥ १२॥

पदार्थ—
यदा = जब
निरयात्मसु = दुःखमय हुनाले नरकतुल्य
कर्मविपाकेषु = कर्मको फलस्वरूप
लोकेषु = स्वर्ग आदि लोकमा
सम्यक् = राम्रोसँग
विरागः = वैराग्य
जायते = हुन्छ (त्यसपछि)
न्यस्ताग्निः = अग्निलाई हृदयमा आरोप गरेर
ततः = त्यो वानप्रस्थबाट
प्रव्रजेत् = संन्यास लेओस्

वाक्यार्थ— यदि दुःख धेरै हुनाले नरकजस्ता कर्मका फलरूप स्वर्ग आदि लोकमा जान इच्छा

भएन र वैराग्य भयो भने अग्निलाई हृदयमा आरोपित गरेर वानप्रस्थ आश्रमबाट संन्यास लेओस्।

इष्ट्वा यथोपदेशं मां दत्त्वा सर्वस्वमृत्विजे।

अग्नीन् स्वप्राण आवेश्य निरपेक्षः परिव्रजेत्॥ १३॥

पदार्थ–
यथोपदेशं = शास्त्रको आज्ञा अनुसार
मां = मलाई
इष्ट्वा = यजन गर्दै
सर्वस्वं = सम्पूर्ण कुरा
ऋत्विजे = ऋत्विक्लाई
दत्त्वा = दिएर
अग्नीन् = अग्निहरूलाई
स्वप्राणे = आफ्नो आत्मामा
आवेश्य = आरोप गरेर
निरपेक्षः = निःस्पृह भएर
परिव्रजेत् = संन्यास आश्रममा प्रवेश गरोस्

वाक्यार्थ– शास्त्रको विधि अनुसार मलाई यजन गर्दै सम्पूर्ण वस्तु ऋत्विक्लाई दिएर अग्निलाई आफैंमा आरोप गरी निःस्पृह भई संन्यास आश्रममा प्रवेश गरोस्।

विप्रस्य वै संन्यसतो देवा दारादिरूपिणः।

विघ्नान् कुर्वन्त्ययं ह्यस्मानाक्रम्य समियात् परम्॥ १४॥

पदार्थ–
वै = निश्चय नै
संन्यसतः = संन्यास लिँदै गरेको
विप्रस्य = ब्राह्मणलाई
दारादिरूपिणः = स्त्री, पुत्र आदि रूपका
देवाः = देवताहरूले
अयं = यसले
हि = निश्चय नै
अस्मान् = हामीहरूलाई
आक्रम्य = अतिक्रमण गरेर
परं = परमपदमा
समियात् = पुग्नेछ भनेर
विघ्नान् = विघ्नहरू
कुर्वन्ति = गर्दछन्

वाक्यार्थ– संन्यास लिँदै गरेको ब्राह्मणलाई स्त्रीपुत्र आदिको रूपमा रहेका देवताहरूले यसले हामीलाई अतिक्रमण गरेर परम पदलाई प्राप्त गर्ने भयो भनेर विघ्न गर्दछन्।

बिभृयाच्चेन्मुनिर्वासः कौपीनाच्छादनं परम्।

त्यक्तं न दण्डपात्राभ्यामन्यत् किञ्चिदनापदि॥ १५॥

पदार्थ–
मुनिः = संन्यासीले यदि
वासः = कौपीनदेखि अतिरिक्त कपडा
बिभृयात् चेत् = धारण गर्न चाहन्छ भने
कौपीनाच्छादनं = कौपीनलाई ढाक्ने वा कौपीनजत्ति नै अर्को कपडा धारण गरोस्
परम् = तर
अनापदि = आपत्ति नपरिकन
दण्डपात्राभ्यां = दण्ड र पात्रबाहेक
अन्यत् = अरू
त्यक्तं = आफूले त्यागेका वस्तुहरूमध्ये
किञ्चित् = केही पनि
न = धारण नगरोस्

वाक्यार्थ– संन्यासीले यदि कौपीनदेखि बाहेक अरू कपडा पनि धारण गर्न चाहन्छ भने

कौपीनजत्ति नै अर्को कपडा धारण गरोस् र आफूले त्यागेका विषयहरूलाई आपत् नपरिकन दण्ड र पात्रबाहेक अरू केही पनि ग्रहण नगरोस्।

दृष्टिपूतं न्यसेत् पादं वस्त्रपूतं पिबेज्जलम्।
सत्यपूतां वदेद् वाचं मनःपूतं समाचरेत्॥ १६॥

पदार्थ–
दृष्टिपूतं = राम्रोसँग हेरेर मात्र
पादं = पाउ
न्यसेत् = राखोस्
वस्त्रपूतं = कपडाले छानेर पवित्र भएको
जलं = पानी
पिबेत् = पिओस्
सत्यपूतां = यो सत्य छ भनेर विचार गरेपछि मात्र
वाचं = बोली
वदेत् = बोलोस् र
मनःपूतं = मनले पवित्र र राम्रो छ भन्ने निश्चय भएपछि मात्र
समाचरेत् = कर्म गरोस्

वाक्यार्थ– राम्रोसँग हेरेर पवित्र ठाउँमा पाउ राखोस्, कपडाले छानेर शुद्ध बनाइएको जल पिओस्, सत्यताले पवित्र वाणी बोलोस् र मनले राम्रो भन्ने निश्चय गरेको काम गरोस्।

मौनानीहानिलायामा दण्डा वाग्देहचेतसाम्।
न ह्येते यस्य सन्त्यङ्ग वेणुभिर्न भवेद् यतिः॥ १७॥

पदार्थ–
अङ्ग = हे प्रिय उद्धव
यस्य = जुन संन्यासीको
वाग्देहचेतसां = वाणी, शरीर र मनको
दण्डाः = दण्डहरू
मौनानीहानिलायामाः = मौन, कर्मत्याग र प्राणायाम
एते = यी
न हि सन्ति = छैनन् (त्यो)
वेणुभिः = बाँसको दण्डद्वारा मात्र
यतिः = संन्यासी
न भवेत् = हुँदैन

वाक्यार्थ– हे उद्धव! जुन संन्यासीले वाणीको दण्ड मौन, शरीरको दण्ड काम्यकर्मत्याग र मनको दण्ड प्राणायाम गर्दैन, केवल बाँसको दण्ड मात्र लिएको छ भने त्यतिले मात्र ऊ संन्यासी हुँदैन।

विवरण– यस प्रसङ्गमा संन्यासधर्मको निरूपण गर्दै संन्यासीले इन्द्रिय र मनमाथि नियन्त्रण राख्नुपर्ने बताइएको छ। शास्त्रोक्त धर्महरूमध्ये संन्यासधर्म सर्वश्रेष्ठ हो। भगवान्ले उद्धवलाई आफ्ना विभूतिहरूको उपदेश गर्ने क्रममा **धर्माणामस्मि संन्यासः** (भागवत ११.१६.२६) अर्थात् म धर्महरूमध्ये संन्यास हुँ भनी संन्यास धर्मको श्रेष्ठता बताउनुभएको छ। श्रेष्ठ हुनका लागि अरूभन्दा केही विशेष गुणहरू आवश्यक हुन्छन्। संन्यासीको सर्वश्रेष्ठ गुण भनेको वैराग्यपूर्वकको त्याग नै हो। संन्यासी हुँदा पत्नी, पुत्र, परिवार र अन्य भौतिक सुखहरूसमेत सबै त्याग्नुपर्छ। परिवार र आफन्तहरूप्रतिको मोह अत्यन्त प्रबल छ, त्यसैले यो त्याग गर्न अत्यन्त कठिन हुन्छ। यहाँ भगवान्ले उद्धवलाई भन्नुभएको छ– ब्राह्मणले संन्यास लिन खोज्दा देवताहरूले उसका पुत्र, पत्नी आदि बनी उसलाई त्यस मार्गबाट विचलित पार्न खोज्दछन्। यहाँ देवताहरूले पुत्र

आदिको रूप लिने भन्ने भनाइ प्रतीकात्मक छ। उसका पुत्र परिवार त पहिलेदेखि नै छँदै थिए, त्यसैले देवताहरूले तिनीहरूको रूप धारण गर्नु सम्भव छैन। यसको तात्पर्य देवताहरूले ती पुत्र-परिवारप्रतिको मोहलाई बढाइदिन्छन् र त्यागतर्फ अग्रसर हुन दिँदैनन् भन्ने हो। देवताहरूको मोहशक्तिलाई पनि जित्ने गरी जसको वैराग्य प्रबल भइसकेको छ, या जो परमात्मामा समर्पित भई उहाँद्वारा संरक्षित हुनाले देवबललाई जित्न समर्थ छ, त्यस्ता व्यक्तिले मात्र यस्तो त्याग गर्न सक्दछ। प्रबल वैराग्य एवं पूर्ण शरणागतिविना संसारको प्रचण्ड आसक्तिलाई जित्न असम्भव छ। देवताहरूले संन्यास धारणमा विघ्न गर्ने कारण बताउँदै भगवान् भन्नुहुन्छ— **अस्मान् आक्रम्य समियात्** अर्थात् यसले हामीलाई पनि अतिक्रमण गरी परमात्मभावमा प्राप्त होला भन्ने चिन्ताले नै देवताहरूले विघ्न गर्दछन्। उपनिषद्मा पनि भनिएको छ— जसले अद्वितीय आत्मचैतन्यलाई नबुझी केवल देवताहरूको आराधना गर्दछ, त्यो अज्ञानी देवताहरूको पशु हो— **न स वेद यथा पशुरेवं स देवानाम्** (बृहदारण्यकोपनिषद् १.४.१०)। जसरी गाई आदि पशुहरूले मानिसहरूलाई दुध, दही आदि आवश्यक वस्तुहरू प्रदान गर्दछन्, ती मानिसहरूको बन्धनमा हुन्छन् र ती फुक्का भई स्वतन्त्र भएको मानिसहरू देख्न चाहँदैनन्, त्यसै गरी अज्ञानको बन्धनमा रहेका मानिसहरूले पनि श्रद्धापूर्वक यज्ञ-याग आदि गरी देवताहरूलाई अमृतभोग प्रदान गर्दछन् र तृप्त पार्दछन्, त्यसैले देवताहरूले पनि मानिसहरूलाई बन्धनमुक्त भएको देख्न चाहँदैनन्। यदि मानिसहरू मुक्त भए भने त संसारमा उनीहरूका लागि यज्ञीय आहुति कसले देला ? फेरि मानिसहरू देवताका सेवक भएकाले देवताहरू आफ्ना सेवकहरूले देवभावलाई पनि अतिक्रमण गरी परमात्मभावमा पुगेको कसरी हेर्न सक्छन् र ? यही स्वार्थ एवं ईर्ष्याको कारण आसक्तिको बन्धनबाट छुट्न खोज्ने व्यक्तिले पुत्र-परिवारको त्याग गर्न थाल्दा देवताहरूले मोहलाई जगाइदिई विघ्न गर्दछन्। यहाँ देवताहरूले मोहलाई जगाइदिने भनेर व्यक्तिको मनभित्र नयाँ मोहभावको उत्पत्ति गराइदिने भने होइन। कसैको मनभित्र नयाँ संस्कार जन्माइदिन अथवा पुरानो संस्कारलाई नष्ट गर्न देवताहरूले पनि सक्दैनन्। आफ्नो मनभित्र संस्कारहरूको आधान स्वयं सम्बन्धित व्यक्तिले नै गर्ने हो। यदि व्यक्तिका मनभित्र गुप्त रहेका भाव-संस्कारहरू रहेछन् भने देवताहरूले त्यसलाई प्रकट गरिदिने मात्र हुन्। स्वयं व्यक्तिको अन्तःकरणमा मोह, वासना आदि दुर्वृत्तिहरू भएनन् भने देवताहरूले त्यसलाई प्रकट गराउन सक्दैनन्। त्यसैले कल्याणको मार्गमा देवताहरूले विघ्न गर्नु भनेको स्वयं त्यो व्यक्ति कल्याणको पूर्ण अधिकारी नहुनुको प्रमाण पनि हो।

जब वासनाहरूको त्याग हुन्छ, तब व्यक्तिका मन एवं इन्द्रियहरू आफ्नो बहिर्मुखी प्रवृत्तिलाई छाडी अन्तर्मुख बन्दछन्। यसलाई ज्ञानका साधनचतुष्टय अन्तर्गत शम र दम भनिन्छ। इन्द्रिय र मनको निग्रहलाई भगवान्ले यहाँ दण्डधारण भन्नुभएको छ। शास्त्रीय नियमानुसार संन्यासीले सम्पूर्ण संसारलाई अभयदान गरेको प्रैषशब्द उच्चारण गरिसकेपछि पनि दण्डधारण भने गरिरहनुपर्दछ। यहाँ सम्पूर्ण संसारबाट निर्भय भएको र अरूलाई पनि अभयदान गरिसकेको व्यक्तिले हातमा दण्ड लिनुको अर्थ के होला भन्ने जिज्ञासा हुन्छ। संन्यासीले गर्ने दण्डधारणको प्रतीकात्मक व्याख्या गर्दै भगवान् भन्नुहुन्छ— वाणी, मन र शरीरको नियन्त्रण गर्नु नै दण्डधारण गर्नु हो। यो आन्तरिक दण्डधारण संन्यासको प्रधान अङ्ग हो।

भगवान् भन्नुहुन्छ– वाणीको दण्ड भनेको मौन नै हो, यसपछि वाणीद्वारा कुनै अनुचित शब्दको उच्चारण हुन सम्भव छैन। वास्तवमा मौन वाक्संयमको साधन मात्र नभई आत्मसुखप्राप्तिको पनि साधन हो। भगवत्पाद श्रीशङ्कराचार्य भन्नुहुन्छ– **नास्ति निर्वासनान्मौनात् परं सुखकृदुत्तमम्** (विवेकचूडामणि ५२८) अर्थात् आत्मज्ञानीका लागि वासनाले रहित भएको मौनभन्दा अर्को जीवन्मुक्तिको सुख आस्वादन गर्ने राम्रो साधन कुनै छैन। सामान्य व्यक्तिले गर्ने मौनमा भित्र-भित्र झन् वासनाहरूको कोलाहल हुन्छ। त्यसैले वैराग्ययुक्त व्यक्तिले मात्र वासनारहित मौनधारण गर्न सक्दछ। यही मौनको महत्त्व यहाँ बताइएको हो। यसै गरी देहको दण्ड भनेको **अनीहा** अर्थात् कर्म एवं त्यसबाट प्राप्त हुने सबै फलको कामनालाई त्यागिदिनु हो। चित्तको लागि दण्ड भनेको चाहिँ प्राणलाई नियन्त्रणमा गर्नु हो। प्राण र चित्तको सम्बन्ध हुने भएकाले प्राणायामद्वारा चित्त नियन्त्रित रहन्छ। अतः शरीर, मन एवं इन्द्रियहरूको नियन्त्रणका लागि संन्यासीले यी आन्तरिक दण्डहरूलाई धारण गरिरहनुपर्छ। यसविनाको बाहिरी दण्डधारण मात्र गर्नाले संन्यासी भइँदैन भन्ने भगवान्को वचनबाट आन्तरिक दण्डधारणको अनिवार्यता स्पष्ट हुन्छ।

भिक्षां चतुर्षु वर्णेषु विगर्ह्यान् वर्जयंश्चरेत्।
सप्तागारानसङ्क्लृप्तांस्तुष्येल्लब्धेन तावता ॥ १८ ॥

पदार्थ–
चतुर्षु = प्रतिग्रह, अध्यापन, यजन र शिलोञ्छवृत्तिरूप चार प्रकारको वृत्ति गर्ने
वर्णेषु = ब्राह्मणहरूमा
विगर्ह्यान् = निन्दित र पतितलाई
वर्जयन् = छाडेर
असङ्क्लृप्तान् = पहिले नै यहाँ जान्छु भनेर विचार नगरिकन
सप्तागारान् = सात घरमा
भिक्षां = भिक्षा
चरेत् = गरोस्
तावता = जति पाइयो त्यति नै
लब्धेन = प्राप्त भएको अन्नबाट
तुष्येत् = प्रसन्न होओस्

वाक्यार्थ– चारप्रकारको वृत्तिमा रहेका ब्राह्मणहरूमा निन्दित र पतितलाई छाडेर पहिला लक्ष्य नगरिकन जम्मा सात घरमा भिक्षा गरोस् र त्यहाँ जे जति प्राप्त हुन्छ, त्यसैमा सन्तोष गरोस्।

बहिर्जलाशयं गत्वा तत्रोपस्पृश्य वाग्यतः।
विभज्य पावितं शेषं भुञ्जीताशेषमाहृतम् ॥ १९ ॥

पदार्थ–
बहिः = गाउँभन्दा बाहिर
जलाशयं = जलाशयको नजिकमा
गत्वा = गएर
तत्र = त्यहाँ
उपस्पृश्य = आचमन गरी
वाग्यतः = मौन रही
पावितं = जलप्रोक्षण आदिले पवित्र बनाएको
आहृतं = ल्याइएको भिक्षालाई
विभज्य = अरू प्राणीहरूलाई पनि केही भाग दिई
शेषं = बाँकी रहेको
अशेषं = सबै
भुञ्जीत = भोजन गरोस्

वाक्यार्थ– गाउँभन्दा बाहिर जलाशयको नजिक गई त्यहाँ आचमन आदि गरोस् र जलसेचन गरेर भिक्षालाई पवित्र पारी केही भाग प्राणीहरूलाई छुट्याई बाँकी सबै भोजन गरोस्।

एकश्चरेन्महीमेतां निःसङ्गः संयतेन्द्रियः।
आत्मक्रीड आत्मरत आत्मवान् समदर्शनः॥ २०॥

पदार्थ–
एकः = एक्लै
निःसङ्गः = सङ्गरहित भई
संयतेन्द्रियः = जितेन्द्रिय बनी
आत्मक्रीडः = आफैँमा रमण गर्ने
आत्मरतः = आफैँमा सन्तुष्ट र
आत्मवान् = धीर तथा
समदर्शनः = समदर्शी बनी
एतां = यो
महीम् = पृथिवीमा
चरेत् = घुमोस्

वाक्यार्थ– एक्लै, असङ्ग भएर इन्द्रियलाई जिती आफैँमा रमण गर्दै र सन्तुष्ट हुँदै धीर र समदर्शी बनी पृथिवीमा घुमोस्।

विविक्तक्षेमशरणो मद्भावविमलाशयः।
आत्मानं चिन्तयेदेकमभेदेन मया मुनिः॥ २१॥

पदार्थ–
विविक्तक्षेमशरणः = एकान्त र निर्भयस्थानमा रहने
मद्भावविमलाशयः = मेरो भावनाले निर्मल अन्तःकरण भएको
मुनिः = संन्यासीले
मया = मसँग
अभेदेन = अभेदभावना गरेर
आत्मानं = आत्माको विषयमा
एकं = एकताको
चिन्तयेत् = चिन्तन गरोस्
(मसँग एकताको चिन्तन गरोस्)

वाक्यार्थ– एकान्त र निर्भय स्थानमा रहेको तथा मेरो चिन्तनले निर्मल चित्त भएको संन्यासीले मसँग अभेद भावना गरोस् र एकताको चिन्तन गरोस्।

अन्वीक्षेतात्मनो बन्धं मोक्षं च ज्ञाननिष्ठया।
बन्ध इन्द्रियविक्षेपो मोक्ष एषां च संयमः॥ २२॥

पदार्थ–
ज्ञाननिष्ठया = तत्त्वविचारले
आत्मनः = आत्माको
बन्धं = बन्धन र
मोक्षं च = मोक्षलाई पनि
अन्वीक्षेत = अनुसन्धान गरोस्
इन्द्रियविक्षेपः = इन्द्रियको विषयासक्ति
बन्धः = बन्धन हो भने
एषां = यिनै इन्द्रियहरूको
संयमः च = विषयबाट निरोध
मोक्षः = मोक्ष हो

वाक्यार्थ– तत्त्वको विचार गरेर आत्माको बन्धन र मोक्षको कारणलाई अनुसन्धान गरोस्। वास्तवमा विषयप्रति इन्द्रियको आसक्ति बन्धन हो भने विषयबाट इन्द्रियको निरोध मोक्ष हो।

विवरण– यहाँ मुमुक्षुहरूका लागि बन्धन र मोक्ष के हो भनी निरूपण गरिएको छ। भगवान्

भन्नुहुन्छ— **ज्ञाननिष्ठया अन्वीक्षेत** अर्थात् निरन्तरको ज्ञाननिष्ठाद्वारा यी दुबै विषयमा निरन्तर चिन्तन गरिरहनुपर्दछ। ज्ञाननिष्ठा भनेको निरन्तर आत्मचिन्तन एवं विचार गरिरहनु हो। यसलाई ब्रह्माभ्यास पनि भनिन्छ—

तच्चिन्तनं तत्कथनमन्योन्यं तत्प्रबोधनम्।
एतदेकपरत्वञ्च ब्रह्माभ्यासं विदुर्बुधाः।।

अर्थात् ब्रह्मतत्त्वकै चिन्तन गरिरहनु, त्यसकै विषयमा कुराकानी गर्नु, एक–आपसमा चर्चा गर्नु यसप्रकार एकै तत्त्वमा परायण भइरहनु यही नै ब्रह्माभ्यास हो। यसरी निरन्तर ज्ञाननिष्ठामा रहिरहने व्यक्तिले आफ्नो मनःस्थितिप्रति सचेत रहनु आवश्यक छ। मनभित्र विषयभोगको लालसा छ कि छैन, त्यसैबाट आफू बन्धनमा रहेको या मुक्त भएको थाहा हुन्छ। आत्मस्वरूपको साक्षात्कार हुनु र त्यहीँ अवस्थित रहनु नै मोक्ष हो। यो आफ्नै अपरोक्ष अनुभवद्वारा प्रमाणित हुने यथार्थ हो। त्यसैले भनिन्छ— **अनुभवावसाना हि ब्रह्मविद्या** अर्थात् ब्रह्मविद्याको अन्तिम पर्यवसान अपरोक्ष ब्रह्मानुभवमा गएर हुने गर्दछ। अनुभवमा नउत्रिएको शास्त्रीय ज्ञान केवल मस्तिष्कका लागि भार मात्र हो। जब ज्ञानद्वारा आफूभित्र पूर्ण तृप्तिको अनुभूति हुन्छ, त्यही नै मुक्तस्थिति हो। तृप्तिको अनुभूति तब हुन्छ जब मन एवं इन्द्रियहरूमा संसारका पदार्थहरूको आकर्षण या विक्षेप समाप्त हुन्छ। त्यसैले यहाँ भगवान् भन्नुहुन्छ— **बन्ध इन्द्रियविक्षेपो मोक्ष एषां च संयमः** अर्थात् इन्द्रियहरू वासनावश विषयतर्फ तानिनु यही नै बन्धन हो र यिनीहरू पूर्णतः निगृहीत हुनु यही नै मोक्ष हो।

संसारबन्धन भनेको बाहिर देखिने बन्धन होइन, यो त आन्तरिक वस्तु हो। आफैँ सच्चिदानन्दस्वरूप आत्मा भएर पनि आफू आनन्दित नहुनु, दुःखमय एवं तुच्छ सांसारिक विषयहरूको सङ्ग्रह गर्नु, तिनीहरूको भोगबाट अतृप्त हुनु र अनेक पटकको मृत्युपछि पनि फेरि संसारभोगकै वासनाका कारण संसारतर्फ नै तानिनु यही नै जीवहरूका लागि बन्धन हो। आफ्नो आनन्दरूपतालाई साक्षात्कार गरेपछि बाहिरी पदार्थहरूको लालसा नै हुँदैन। यही आसक्ति छुट्नु नै उसको संसारचक्र नष्ट गर्ने एक मात्र उपाय हो। मुक्ति चाहने मानिसले संसारका पदार्थमा दोषदृष्टि गरी वैराग्यपूर्वक त्यसलाई छाडिदिनुपर्दछ। अष्टावक्र ऋषिले राजा जनकलाई यही उपदेश गर्नुभएको छ—

मुक्तिमिच्छसि चेत् तात विषयान् विषवत् त्यज।
क्षमार्जवदयातोषसत्यं पीयूषवद् भज।।

अर्थात् हे जनक ! तिमी यदि मुक्ति चाहन्छौ भने विषयहरूलाई विष जस्तै सम्झी त्यागिदेऊ र क्षमा, सरलता, दया, सन्तोष, सत्य यी सद्गुणहरूलाई अमृतसमान सम्झी धारण गर।

शास्त्रहरूमा भनिन्छ, विषय पनि एकप्रकारको विष नै हो। विषले त खाने व्यक्तिलाई मात्र नष्ट गर्दछ, विषयले त चिन्तन मात्र गर्ने व्यक्तिलाई पनि कल्याणको मार्गबाट भ्रष्ट बनाइदिन्छ। त्यसैले वैराग्यपूर्वक विषयत्याग गर्नु मोक्ष हो भनिएको हो। यसैले मुमुक्षु साधकले यी सारा शास्त्रवचनहरूलाई आधार मानी विषयहरूबाट विरक्त भई तिनको त्याग गरिदिनुपर्दछ र आफ्नो मूल्याङ्कन आफैँ गरिरहनुपर्दछ।

तस्मान्नियम्य षड्वर्गं मद्भावेन चरेन्मुनिः ।
विरक्तः क्षुल्लकामेभ्यो लब्ध्वात्मनि सुखं महत् ॥ २३ ॥

पदार्थ—
तस्मात् = त्यसैले
षड्वर्गं = मनसहित पाँच ज्ञानेन्द्रियलाई
नियम्य = वशमा राखेर
क्षुल्लकामेभ्यः = तुच्छ सांसारिक विषयको कामनाबाट
विरक्तः = विरक्त भएको
मुनिः = संन्यासीले
मद्भावेन = मेरो भक्तिद्वारा
आत्मनि = आफ्नै अन्तःकरणमा
महत् = महान्
सुखं = सुखको
लब्ध्वा = अनुभव गर्दै
चरेत् = पृथिवीमा घुमोस्

वाक्यार्थ— त्यसैले मनसहित पाँच ज्ञानेन्द्रियको समूहलाई वशमा राखेर तुच्छ सांसारिक विषयको कामनाबाट विरक्त भई संन्यासीले मेरो भक्तिद्वारा आफैँभित्र महान् सुखको अनुभव गर्दै घुमोस् ।

पुरग्रामव्रजान् सार्थान् भिक्षार्थं प्रविशंश्चरेत् ।
पुण्यदेशसरिच्छैलवनाश्रमवतीं महीम् ॥ २४ ॥

पदार्थ—
पुरग्रामव्रजान् = नगर, गाउँ, गोठ र
सार्थान् = यात्रीहरूको समूहमा
भिक्षार्थं = भिक्षाका लागि
प्रविशन् = प्रवेश गर्दै
पुण्यदेशसरिच्छैलवनाश्रमवतीं = पवित्र स्थान, नदी, पर्वत र वन तथा आश्रमले युक्त
महीम् = पृथिवीमा
चरेत् = घुमोस्

वाक्यार्थ— संन्यासी नगर, गाउँ, गोठ र यात्रीहरूको समुदायमा भिक्षाको लागि प्रवेश गरोस् र पवित्र स्थान, नदीनाला, पर्वत, वन र आश्रमहरूमा घुमोस् ।

वानप्रस्थाश्रमपदेष्वभीक्ष्णं भैक्ष्यमाचरेत् ।
संसिध्यत्याश्वसम्मोहः शुद्धसत्त्वः शिलान्धसा ॥ २५ ॥

पदार्थ—
वानप्रस्थाश्रमपदेषु = वानप्रस्थहरूको आश्रममा
अभीक्ष्णं = बारम्बार
भैक्ष्यं = भिक्षाचरण
आचरेत् = गरोस् (किनभने)
शिलान्धसा = शिलोञ्छवृत्तिद्वारा उपार्जित हुनाले
शुद्धसत्त्वः = चित्त शुद्ध भई
असम्मोहः = मोहरहित भएर
आशु = चाँडै नै
संसिध्यति = सिद्धि प्राप्त हुन्छ

वाक्यार्थ— भिक्षुले वानप्रस्थहरूको आश्रममा बारम्बार भिक्षाचरण गरोस् किनभने शिलोञ्छवृत्तिद्वारा उपार्जित ती अन्नको उपयोगले चित्त शुद्ध हुन्छ र चाँडै नै सिद्धि प्राप्त हुन्छ ।

नैतद् वस्तुतया पश्येद् दृश्यमानं विनश्यति ।
असक्तचित्तो विरमेदिहामुत्र चिकीर्षितात् ॥ २६ ॥

पदार्थ—
एतत् = यी
दृश्यमानं = देखिएका पदार्थहरूलाई
वस्तुतया = पारमार्थिक रूपले
न पश्येत् = नहेरोस् (किनभने सबै कुरा)
विनश्यति = नष्ट हुन्छन्
असक्तचित्तः = यिनीहरूमा आसक्ति नगरिकन
इह = यो लोकका र
अमुत्र = परलोकका
चिकीर्षितात् = कर्तव्यबाट
विरमेत् = निवृत्त होओस्

वाक्यार्थ— यी देखापरेका पदार्थहरूलाई पारमार्थिक दृष्टिले नहेरोस् किनभने यिनीहरू एकदिन नष्ट हुन्छन्, त्यसैले यस लोक सम्बन्धी र परलोकसम्बन्धी कर्तव्यबाट संन्यासी निवृत्त होओस्।

यदेतदात्मनि जगन्मनोवाक्प्राणसंहतम्।
सर्वं मायेति तर्केण स्वस्थस्त्यक्त्वा न तत् स्मरेत्॥ २७॥

पदार्थ—
यत् = जो
एतत् = यो ममताको विषय
जगत् = संसार छ र
मनोवाक्प्राणसंहतं = मन, वचन, प्राण तथा अहङ्कारले युक्त शरीर आदि छन्
सर्वं = ती सबै
आत्मनि = आत्मामा
माया = मायाद्वारा कल्पित हुन् भन्ने
इति = यस्तो कुरा
तर्केण = तर्कपूर्वक निश्चय गरी
त्यक्त्वा = (ती सबैलाई) त्यागेर
स्वस्थः = आत्मनिष्ठ बनोस् र
तत् = फेरि त्यसलाई
न स्मरेत् = नसम्झोस्

वाक्यार्थ— जो ममताको विषय संसार छ र मन, वचन, प्राण र अहङ्कारले युक्त शरीर आदि छन् ती सबै आत्मामा मायाद्वारा कल्पित हुन्, वास्तविक होइनन् भन्ने कुरा तर्कपूर्वक निश्चय गरी तिनलाई त्यागोस् र आत्मनिष्ठ भएपछि फेरि त्यसको सम्झना पनि नगरोस्।

ज्ञाननिष्ठो विरक्तो वा मद्भक्तो वानपेक्षकः।
सलिङ्गानाश्रमांस्त्यक्त्वा चरेदविधिगोचरः॥ २८॥

पदार्थ—
विरक्तः = विषयबाट विरक्त
ज्ञाननिष्ठः वा = अथवा तत्त्वज्ञानी
अनपेक्षकः वा = अथवा मोक्षको पनि अपेक्षा नगर्ने
मद्भक्तः = मेरो भक्त
अविधिगोचरः = विधि र निषेधभन्दा माथि उठेर
सलिङ्गान् = त्रिदण्ड आदि चिह्नले युक्त भएको
आश्रमान् = संन्यास आदि आश्रमहरूलाई पनि
त्यक्त्वा = त्यागेर
चरेत् = घुमोस्

वाक्यार्थ— विरक्त, तत्त्वज्ञानी वा मोक्षको पनि इच्छा नराख्ने मेरो भक्त, विधि र निषेधलाई पनि ख्याल नगरी त्रिदण्ड आदि चिह्न भएका संन्यास आदि आश्रममा पनि आसक्ति छाडी स्वच्छन्द घुमोस्।

विवरण— यहाँ भगवान्ले आत्मज्ञानी यतिले संन्यासका चिह्नहरूलाई पनि त्यागिदिई नित्य ब्रह्मभावमा अवस्थित रहनुपर्ने बताउनुभएको छ। सम्पूर्ण संसारका आसक्ति, कर्मबन्धन आदि

त्यागिदिने संन्यासीहरूलाई संन्यासका चिह्नहरू (दण्डधारण आदि)को अनिवार्यता हुनु पनि एक प्रकारको बन्धन नै हो। त्यसैले ती चिह्नहरूलाई पनि त्यागिदिने उपदेश यहाँ गरिएको हो। यहाँ के कुरा बुझ्नु आवश्यक छ भने यो उपदेश आत्मज्ञानी यतिहरूका लागि हो, जिज्ञासुहरूका लागि होइन। जबसम्म ज्ञानद्वारा हृदयभित्रको अहङ्कारको ग्रन्थि नष्ट भइसकेको हुँदैन तबसम्म त्यस व्यक्तिले आश्रमधर्मको अतिक्रमण गर्न सक्दैन। सम्पूर्ण धर्म एवं शास्त्रमर्यादालाई पनि त्यही व्यक्तिले अतिक्रमण गर्न सक्दछ जसले अज्ञानलाई नष्ट गरी स्वरूपसाक्षात्कार गरिसकेको हुन्छ। यस्तो व्यक्तिलाई शास्त्रका विधि–निषेधहरूले पनि छुन सक्दैनन्। यहाँ भगवान्ले ज्ञानी व्यक्तिहरूका लागि जुन आश्रमधर्मको बन्धनलाई पनि त्यागिदिने उपदेश गर्नुभएको छ त्यो पनि ज्ञानीहरूमा स्वाभाविक रूपमा देखिने स्थितिको वर्णन मात्र हो। उनीहरूलाई आदेश दिइएको होइन। भगवान्कै प्रत्यक्ष वाणी भएको वेद पनि ज्ञानीहरूका लागि वेद रहँदैन भनी उपनिषद्मा नै बताइएको छ– **अत्र वेदा अवेदा भवन्ति** (बृहदारण्यकोपनिषद् ४.३.२०)।

यहाँ सलिङ्ग आश्रम अर्थात् चिनारीसहितको संन्यास आश्रमलाई त्यागिदिने प्रसङ्ग आएबाट संन्यासका दुईथरी भेद स्पष्ट हुन्छन्। आत्मज्ञान नभइकन त्यसलाई जान्ने इच्छाले विधिपूर्वक जुन संन्यास धारण गरिन्छ, त्यसलाई सलिङ्ग संन्यास अथवा विविदिषा संन्यास भनिन्छ। शास्त्रीय अनेक कर्म एवं विधिनिषेधको अधीनमा रहुन्जेल अखण्ड आत्मचिन्तन गर्न पाइँदैन, अनि गृहस्थ आदि आश्रममा रहुञ्जेल विषयभोग र पुत्र–परिवारप्रतिको आसक्तिलाई पूर्णतः छोड्न पनि गाह्रो हुन्छ। मनमा विषयभोगको इच्छा नभएपछि ती बन्धनहरूलाई किन स्वीकार गर्ने ? भन्ने विचारले विरक्त जिज्ञासुले सारा शास्त्रीय कर्मबन्धन र पुत्रपरिवारको बन्धनलाई पनि शास्त्रीय विधिअनुसार नै छाडिदिन्छ। यसप्रकार ज्ञानका लागि शास्त्रीय विधिद्वारा गरिने सर्वस्वत्यागलाई शास्त्रहरूमा विविदिषा संन्यास भनिएको छ। यसमा व्यक्तिले दण्ड, गैरिक वस्त्र आदि चिह्न धारण गरी निरन्तर आत्मविचार गरिरहनुपर्दछ। यी सबै लिङ्ग अर्थात् चिह्नलाई धारण गर्ने हुनाले यसलाई सलिङ्ग संन्यास भनिन्छ। वास्तवमा संन्यासको मुख्य स्वरूप आत्मज्ञान नै हो, तर आत्मज्ञानविना पनि संन्यास लिने प्रक्रियाको आवश्यकता बताउँदै भगवत्पाद श्रीशङ्कराचार्यले भन्नुभएको छ– **न हि कर्मछिद्रेषु ब्रह्मदर्शनम्** अर्थात् अनेकथरी कर्महरू गरेर बाँकी रहेको थोरै समयमा आत्मविचार गर्नाले मात्र अखण्डाकार वृत्ति उत्पन्न हुन सक्दैन, किनभने उसको चित्तवृत्ति कर्मानुष्ठानद्वारा छिद्रयुक्त भइरहेको हुन्छ। यसप्रकार जिज्ञासु भएर पनि निरन्तर आत्मविचार गर्न नपाएको व्यक्तिका लागि निरन्तर आत्मचिन्तन गर्ने समय मिलाइदिन शास्त्रहरूले नै विधिपूर्वक कर्मत्यागको व्यवस्था गरेका छन्। आफूखुसी कर्म त्याग्दा पाप लाग्ने हुनाले विधिपूर्वक नै कर्मत्याग गर्नुपर्दछ भन्ने शास्त्रीय निर्देश छ। यही भएर निरन्तर आत्मचिन्तन गर्न खोज्ने विरक्त अधिकारीको सुविधाका लागि पनि शास्त्रहरूले यो विविदिषा संन्यास अर्थात् सलिङ्ग संन्यासको व्यवस्था गरेका हुन्।

संन्यासको वास्तविक स्वरूप चाहिँ विद्वत्संन्यास अर्थात् ज्ञानद्वारा संसारबन्धनबाट स्वतः छुट्नु हो। यसमा साधकले कर्महरूलाई छोड्न पर्दैन, अपि तु तिनीहरू आफैँ छुट्दछन्। जसरी सूर्योदय भएपछि तुषारो र त्यसको प्रभावद्वारा उत्पन्न चिसोपन स्वतः हट्दछन्, त्यसै गरी

ज्ञानसूर्यको उदय भएपछि पनि अज्ञानरूपी तुषारो र त्यसबाट उत्पन्न कर्मबन्धन आदि अनेकौं उपद्रवहरू आफैं नष्ट हुन्छन्। ज्ञान भएपछि साधकलाई निरन्तर आत्मचिन्तन गर्ने, संन्यासका चिह्नहरू धारण गर्ने आदि कुनै नियमको पनि आवश्यकता छैन। उसका लागि आत्मचिन्तनको अभ्यास किन आवश्यक छैन भने उसलाई आत्मसाक्षात्कार भइसकेको हुन्छ। माताले पुत्रको जन्मपछि उसलाई यो मेरो छोरो हो भनी सहज स्वाभाविक रूपमा जान्दछिन्, त्यसलाई बारम्बार चिन्तन गरिरहनुपर्दैन। यसै गरी ज्ञानीले पनि आफूलाई सहज रूपमा नै अनुभव गर्दछ, चिन्तन गरिरहनुपर्दैन। यसै गरी ज्ञानी व्यक्तिलाई संन्यासका चिह्न धारण गरिरहनु पनि आवश्यक छैन, ज्ञानपछिको यो संन्यासलाई अलिङ्ग संन्यास पनि भनिन्छ। वास्तवमा यस्तो जीवन्मुक्त महापुरुष नै शास्त्रका विधिनिषेधभन्दा माथि हुने भएकाले पूर्ण स्वतन्त्र हुन सक्दछ। यसैले भगवान्ले यस्ता व्यक्तिहरू **अविधिगोचर** अर्थात् शास्त्रीय विधिहरूको अधीनमा नभई स्वच्छन्द विचरण गर्छन् भनी बताउनुभएको हो।

बुधो बालकवत् क्रीडेत् कुशलो जडवच्चरेत्।
वदेदुन्मत्तवद् विद्वान् गोचर्यां नैगमश्चरेत्॥ २९॥

पदार्थ–
बुधः = विवेकवान् भएर पनि
बालकवत् = बालक झैं
क्रीडेत् = क्रीडा गरोस्
कुशलः = सबै कुरामा निपुण भएर पनि
जडवत् = केही नजान्ने झैं गरी
चरेत् = घुमोस्
विद्वान् = विद्वान् भएर पनि
उन्मत्तवत् = मूर्खले झैं
वदेत् = बातचित गरोस् र
नैगमः = वेदार्थको ज्ञाता भएर पनि
गोचर्यां = पशुको झैं
चरेत् = आचरण गरोस्

वाक्यार्थ– संन्यासीले विवेकवान् भएर पनि बालक झैं क्रीडा गरोस्, सबै कुरामा निपुण भएर पनि केही नजान्ने झैं घुमोस्, विद्वान् भएर पनि मूर्खले झैं बातचित गरोस् र वेदार्थलाई बुझेर पनि पशुको जस्तो आचरण गरोस्।

विवरण– ज्ञानीहरूको आचरण स्वच्छन्द हुन्छ भनी बताउँदा उनीहरू के जथाभावी आचरण गर्दछन्? के उनीहरूलाई स्नान, शौच आदि कर्महरूको आवश्यकता रहँदैनन्? भन्ने शङ्का हुन सक्छ। यस विषयमा भगवान् भन्नुहुन्छ– ज्ञानीहरू संसारका दृष्टिमा उन्मत्त र जड झैं देखिए तापनि सम्पूर्ण मर्यादाहरूलाई उनीहरू जान्दछन् र धर्मसँग अविरुद्ध हुने आचरण मात्र गर्दछन्। सामान्यतया के सोच्ने गरिन्छ भने जीवन्मुक्ति या सिद्धावस्थामा शास्त्रीय मर्यादाको पालन गर्नुपर्दैन र आफूखुसी जेसुकै गरे पनि त्यसको पाप लाग्दैन। श्रीमद्भगवद्गीता (१८.१७)मा भगवान्ले पनि भन्नुभएको छ– **हत्वापि स इमान् लोकान् न हन्ति न निबध्यते** अर्थात् त्यो व्यक्तिले यी प्राणीहरूलाई मारे पनि न त उनीहरूलाई मारेको हुन्छ, न ऊ त्यसबाट बन्धनमा पर्दछ। यस्ता वचनहरूबाट शास्त्रमर्यादाको उल्लङ्घन गर्न खोज्ने स्वच्छन्दाचारीहरूलाई झन् बल मिल्दछ कि? भन्ने चाहिँ सोच्नु हुँदैन। यद्यपि ज्ञानीहरूको आचरण शास्त्रविधिद्वारा नियन्त्रित हुँदैन, तर यसको अर्थ ऊ अनियन्त्रित आचरण गर्दछ भन्ने होइन। पूर्ण ज्ञान प्राप्त गरिसकेको

व्यक्ति त स्वयं धर्मरूप नै बनिसकेको हुन्छ, उसले अधर्माचरण गर्ने प्रश्न नै उठ्दैन। शास्त्रप्रतिकूल आचरण गर्ने दुर्वासना अज्ञानी एवं स्वार्थी व्यक्तिहरूभित्र मात्र हुन्छ। ज्ञानीभित्र कुनै वासना छैन, यसैले उसले न शुभकर्म गर्दछ न अशुभ कर्म। ऊ त नैष्कर्म्य स्थितिमा आरूढ भइसकेको हुन्छ।

यहाँ भगवान्ले ज्ञानीहरूको व्यवहार बालक, मूर्ख, उन्मत्तको झैँ देखिए पनि उनीहरू विवेकी हुने बताउनुभएको छ। वास्तवमा उनीहरूको भित्री स्वभाव र बाहिरी व्यवहारमा कुनै विरोध छैन। भित्र र बाहिर अर्कैखाले व्यवहार गर्ने कुटिलता त अज्ञानीहरूमा मात्र हुने गर्दछ। उनीहरूको व्यवहार मूर्ख र उन्मत्तको जस्तो हुने कुरा लौकिक मानिसहरूका दृष्टिमा बताइएको हो। बालकमा कुनै कुराको विवेक नभए जस्तो ज्ञानीमा पनि मान–अपमान, निन्दा–स्तुति आदिको विवेक रहँदैन, यत्ति अर्थमा मात्र उनीहरू अविवेकी बालकसमान हुन्छन्। त्यसै गरी मूर्ख व्यक्तिले केही कुराको विचार गर्न नसकेजस्तो ज्ञानीले पनि कर्म गरेपछि प्राप्त हुने फल–स्वार्थ आदिको विचार गर्दैन। यसैले ज्ञानी स्वार्थी संसारको दृष्टिमा मूर्खसमान हुन्छ। परम ज्ञानवान् भएर पनि ज्ञानीको बोलीचाली उन्मत्त झैँ हुन्छ, किनभने जसरी पागलले अरूलाई प्रसन्न पार्नका लागि नभई आफ्नै सुरमा बोलिरहन्छ, त्यसै गरी ज्ञानीले पनि आफूलाई मनमा लागेको बोल्दछ, अर्काको चाप्लुसी गर्दैन। श्रद्धापूर्वक जसले जहाँ जे दिन्छ, त्यही वस्तु खाइदिनाले उसको आचरण गाई–गोरुको जस्तो लाग्दछ, तर अरू शास्त्रीय कर्तव्यहरूको अतिक्रमण उसले गर्दैन। ऊ त **नैगमः** अर्थात् वेदार्थनिष्ठ हुन्छ। यसप्रकार यहाँ ज्ञानीहरूको आचरण उन्मत्त, जड एवं पशुसमानको हुन्छ भनिएको हो।

वेदवादरतो न स्यान्न पाखण्डी न हैतुकः।
शुष्कवादविवादे न कञ्चित् पक्षं समाश्रयेत्॥ ३०॥

पदार्थ–
वेदवादरतः = वेदको अर्थवाद वाक्य (कर्मकाण्डको व्याख्यान)मा आसक्त
न स्यात् = नहोस्
पाखण्डी = श्रुतिस्मृतिविरुद्ध आचरण गर्ने पाखण्डी पनि
न = नहोस्
हैतुकः = केवल तर्क गर्ने पनि
न = नहोस् र
शुष्कवादविवादे = शुष्क भएको (बेकामको) वादविवादमा
कञ्चित् = कुनै पनि
पक्षं = पक्षलाई
न समाश्रयेत् = अवलम्बन नगरोस्

वाक्यार्थ– संन्यासी वेदको अर्थवाद वाक्यको आधारमा कर्मकाण्डमा आसक्त नहोस्, पाखण्डी पनि नबनोस्, केवल तर्क गर्ने मात्र पनि नहोस् र अरूको व्यर्थ वादविवादमा कुनै पनि पक्षको समर्थन पनि नगरोस्।

नोद्विजेत जनाद् धीरो जनं चोद्वेजयेन्न तु।
अतिवादांस्तितिक्षेत नावमन्येत कञ्चन॥
देहमुद्दिश्य पशुवद् वैरं कुर्यान्न केनचित्॥ ३१॥

पदार्थ—
धीरः = धीर संन्यासी
जनात् = अरूबाट
नोद्विजेत = भयभीत नहोस् र
जनं च = अरू व्यक्तिलाई पनि
न उद्वेजयेत् = भयभीत नबनाओस्
अतिवादान् तु = अरूको निन्दा या कटुवचनलाई
तितिक्षेत = सहोस्
कञ्चन = कसैलाई पनि
न अवमन्येत = तिरस्कार नगरोस् र
देहं = शरीरलाई
उद्दिश्य = उद्देश्य गरेर
पशुवत् = पशुहरूले झैँ
केनचित् = कोही सँग पनि
वैरं = वैरभाव
न कुर्यात् = नगरोस्

वाक्यार्थ— धैर्यवान् संन्यासी अरूबाट भयभीत नबनोस् र अरूलाई पनि भयभीत नबनाओस्। अरूको निन्दा या कटुवचनलाई सहोस्, कसैलाई अपमान नगरोस् र शरीरका लागि पशुहरूले वैरभाव गरे झैँ कोहीसँग पनि वैरभाव नगरोस्।

एक एव परो ह्यात्मा भूतेष्वात्मन्यवस्थितः।
यथेन्दुरुदपात्रेषु भूतान्येकात्मकानि च ॥ ३२ ॥

पदार्थ—
यथा = जसरी
उदपात्रेषु = पानी भरिएका भाँडाहरूमा
इन्दुः = चन्द्रमा एउटै देखिन्छ (त्यस्तै)
हि = निश्चय नै
भूतेषु = सम्पूर्ण प्राणीहरूमा
आत्मनि च = आफूमा पनि
परः = शरीर आदि भन्दा भिन्न
एकः एव = एउटै
आत्मा = आत्मा
अवस्थितः = अवस्थित छ (वास्तवमा)
भूतानि = सम्पूर्ण प्राणीहरू
एकात्मकानि = पाञ्चभौतिक दृष्टिले एक छन्

वाक्यार्थ— जसरी पानी भरिएका धेरै पात्रहरूमा एउटै चन्द्रमा देखिएको हुन्छ, त्यस्तै यी सम्पूर्ण प्राणीहरू र आफूमा पनि एउटै आत्मा अवस्थित छ। वास्तवमा पाञ्चभौतिक दृष्टिले सबैको शरीर एकै हो।

अलब्ध्वा न विषीदेत काले कालेऽशनं क्वचित्।
लब्ध्वा न हृष्येद् धृतिमानुभयं दैवतन्त्रितम्॥ ३३ ॥

पदार्थ—
धृतिमान् = धैर्यशाली संन्यासी
क्वचित् = कहिलेकाहीँ
काले काले = ठिक ठिक समयमा
अशनं = भोजन
अलब्ध्वा = नपाएर
न विषीदेत = खिन्न नहोस् र
लब्ध्वा = पाएर
न हृष्येत् = हर्षित पनि नहोस् किनभने
उभयं = मिल्नु र नमिल्नु दुबै
दैवतन्त्रितम् = दैवाधीन हो

वाक्यार्थ— धैर्यशाली संन्यासी कहिलेकाहीँ समयमा भोजन नपाएर खिन्न र पाएर हर्षित नहोस् किनभने भोजन पाउनु वा नपाउनु दुबै दैवाधीन छ।

आहारार्थं समीहेत युक्तं तत्प्राणधारणम् ।
तत्त्वं विमृश्यते तेन तद् विज्ञाय विमुच्यते ॥ ३४ ॥

पदार्थ—
आहारार्थं = भोजनको लागि भने
समीहेत = चेष्टा गरोस् किनभने
तत्प्राणधारणं = प्राणधारण गर्नु
युक्तं = आवश्यक छ
तेन = त्यो प्राणधारणद्वारा मात्र
तत्त्वं = तत्त्वको
विमृश्यते = विचार हुन्छ र
तत् = त्यो तत्त्वलाई
विज्ञाय = बुझेपछि
विमुच्यते = मुक्ति मिल्दछ

वाक्यार्थ— संन्यासीले भोजनको लागि भने चेष्टा गरोस् किनभने प्राण बचाउनु आवश्यक छ, प्राण बचाएपछि नै तत्त्वको विचार हुन्छ र तत्त्वलाई बुझेपछि मात्र मुक्ति मिल्दछ।

यदृच्छयोपपन्नान्नमद्याच्छ्रेष्ठमुतापरम् ।
तथा वासस्तथा शय्यां प्राप्तं प्राप्तं भजेन्मुनिः ॥ ३५ ॥

पदार्थ—
मुनिः = संन्यासीले
श्रेष्ठं = राम्रो (मिठो)
उत = अथवा
अपरं = नराम्रो (नमिठो)
यदृच्छया = प्रारब्धवश
उपपन्नान्नं = प्राप्त भएको अन्नलाई
अद्यात् = खाओस्
तथा = त्यस्तै
प्राप्तं प्राप्तं = जस्तो प्राप्त हुन्छ (त्यस्तै)
वासः = कपडा र
तथा = त्यस्तै
शय्यां = विस्तरालाई
भजेत् = ग्रहण गरोस्

वाक्यार्थ— संन्यासीले प्रारब्धवश राम्रो मिठो वा नमिठो जस्तो भोजन प्राप्त हुन्छ, त्यस्तै खाओस् र कपडा तथा विस्तरा पनि जस्तो-जस्तो प्राप्त हुन्छ, त्यस्तै-त्यस्तै ग्रहण गरोस्।

शौचमाचमनं स्नानं न तु चोदनया चरेत् ।
अन्यांश्च नियमाञ्ज्ञानी यथाहं लीलयेश्वरः ॥ ३६ ॥

पदार्थ—
ज्ञानी = ज्ञानीले
यथा = जसरी
अहं = म
ईश्वरः = सर्वसमर्थ भएर पनि
लीलया = आफ्नै मजाले क्रियाकलाप गर्छु (त्यस्तै स्वतन्त्रतापूर्वक)
शौचं = शौच
आचमनं = आचमन
स्नानं = स्नान र
अन्यान् च = अरू
नियमान् = नियमहरूको
चरेत् = आचरण गरोस्
न तु चोदनया = विधिको प्रेरणाले नगरोस्

वाक्यार्थ— जसरी म स्वतन्त्र ढङ्गले कसैको पराधीन नभइकन क्रियाकलाप गर्छु, त्यस्तै ज्ञानीले पनि विधिको प्रेरणाले नभइकन आफ्नै मजाले शौच, आचमन, स्नान र अरू नियमहरू गरोस्।

न हि तस्य विकल्पाख्या या च मद्वीक्षया हता।
आदेहान्तात् क्वचित् ख्यातिस्ततः सम्पद्यते मया॥ ३७॥

पदार्थ–
हि = निश्चय नै
तस्य = त्यो ज्ञानीलाई
विकल्पाख्या = भेदको प्रतीति
न = हुँदैन
या च = जो पहिला थियो त्यो पनि
मद्वीक्षया = मेरो सर्वात्मताको ज्ञानले
हता = नष्ट भयो
क्वचित् = कहिलेकाहीँ
आदेहान्तात् = शरीरको अन्त्य नहुन्जेलसम्म
ख्यातिः = जो बाधित भदेको प्रतीति हुन्छ, त्यो पनि
ततः = त्यसपछि (देहावसानपछि)
मया = मसँग
सम्पद्यते = मिल्दछ

वाक्यार्थ– ज्ञानी व्यक्तिलाई भेदको प्रतीति हुँदैन किनभने मेरो सर्वात्मताको ज्ञानले त्यो भेदप्रतीति नष्ट भइसकेको हुन्छ। यद्यपि शरीरको अन्त्य नहुन्जेलसम्म कहिलेकाहीँ बाधित भेदको प्रतीति भएपनि ज्ञानी पुरुष मसँग एकीभावलाई प्राप्त गर्दछ।

दुःखोदर्केषु कामेषु जातनिर्वेद आत्मवान्।
अजिज्ञासितमद्धर्मो गुरुं मुनिमुपव्रजेत्॥ ३८॥

पदार्थ–
दुःखोदर्केषु = परिणाममा दुःखरूप
कामेषु = विषयहरूमा
जातनिर्वेदः = विरक्त भएको
आत्मवान् = जितेन्द्रिय व्यक्ति यदि
अजिज्ञासितमद्धर्मः = मेरो प्राप्तिको साधन जान्दैन भने
मुनिं = मननशील
गुरुं = गुरुको शरणमा
उपव्रजेत् = जाओस्

वाक्यार्थ– दुःखरूप फल दिने विषयहरूमा वैराग्य भएपछि जितेन्द्रिय व्यक्तिले यदि मेरो प्राप्तिको साधनलाई जान्दैन भने ऊ मननशील गुरुको शरणमा जाओस्।

तावत् परिचरेद् भक्तः श्रद्धावाननसूयकः।
यावद् ब्रह्म विजानीयान्मामेव गुरुमादृतः॥ ३९॥

पदार्थ–
श्रद्धावान् = श्रद्धायुक्त
अनसूयकः = दोषदृष्टिरहित
भक्तः = गुरुको भक्ति गर्ने व्यक्तिले
यावत् = जहिलेसम्म
ब्रह्म = ब्रह्मको
विजानीयात् = ज्ञान हुन्छ
तावत् = त्यस समयसम्म
आदृतः = आदरपूर्वक
माम् एव = मैरै भावनाले
गुरुं = गुरुको
परिचरेत् = सेवा गरोस्

वाक्यार्थ– गुरुमा भक्ति गर्ने श्रद्धावान् र दोषदृष्टि नगर्ने व्यक्तिले जहिलेसम्म आफूलाई ब्रह्मज्ञान हुँदैन, तहिलेसम्म गुरुलाई मैरै भावना गरेर सेवा गरोस्।

यस्त्वसंयतषड्वर्गः प्रचण्डेन्द्रियसारथिः।
ज्ञानवैराग्यरहितस्त्रिदण्डमुपजीवति॥ ४०॥
सुरानात्मानमात्मस्थं निह्नुते मां च धर्महा।
अविपक्वकषायोऽस्मादमुष्माच्च विहीयते॥ ४१॥

पदार्थ–
यः तु = जो
असंयतषड्वर्गः = मनसहित ज्ञानेन्द्रिय षड्वर्ग वशमा नभएको
प्रचण्डेन्द्रियसारथिः = इन्द्रियको सारथिरूप बुद्धि अशान्त भएको
ज्ञानवैराग्यरहितः = ज्ञान र वैराग्यले हीन व्यक्ति यदि
त्रिदण्डं = त्रिदण्डलाई धारण गरेर
उपजीवति = जीविका गर्छ भने
अविपक्वकषायः = अशुद्ध अन्तःकरण भएको (त्यो)
धर्महा = धर्मत्यागी व्यक्तिले
सुरान् = देवताहरूलाई
आत्मानं = आफूलाई र
आत्मस्थं = आफैभित्र रहेको
मां च = मलाई पनि
निह्नुते = ठगिरहेको हुन्छ (त्यसैले त्यो)
अस्मात् = यो लोकबाट र
अमुष्मात् च = परलोकबाट पनि
विहीयते = भ्रष्ट हुन्छ

वाक्यार्थ– जो मनसहित इन्द्रियलाई नजिती इन्द्रियहरूको सारथिरूप बुद्धिलाई शान्त नपारी जीविकाको लागि त्रिदण्ड आदि संन्यासको चिह्न धारण गर्दछ, त्यो अन्तःकरण शुद्ध नभएको धर्मत्यागी मानिस हो। उसले देवताहरूलाई, आफूलाई र आफैभित्र रहेको मलाई पनि ठगिरहेको छ, त्यसैले ऊ यो लोक र परलोक दुबैबाट भ्रष्ट हुन्छ।

विवरण– यहाँ भगवान्ले अज्ञानी संन्यासीहरूको निन्दा गर्नुभएको छ। जसले भित्र वैराग्य नभए पनि बाहिर संन्यास धारण गर्दछ, उसले आफ्नै धर्मलाई नाश गर्दछ, त्यसैले उसलाई यहाँ **धर्महा** भनिएको छ। संन्यासधारण गर्दा प्रैष वाक्यहरूको उच्चारण गर्दै **भूः, भुवः** र **स्वः** यी सबै लोकहरूदेखि म संन्यस्त भएँ भन्नुपर्दछ। यसको अर्थ उसले अहिलेसम्म गरेका सत्कर्महरूको फलको प्रभावले ऊ स्वर्ग आदि दिव्य लोकहरूमा जान सक्थ्यो, ती सबैलाई उसले त्याग्छु भनेको हो। यसप्रकार संन्यासीले आफ्ना सबै पूर्ववर्ती धर्महरूलाई समाप्त गरिदिएको हुन्छ। अब संन्यास धारण गरेपछि सबै कुरा छाडेर केवल आत्मचिन्तनमा दृढ रहनु पर्दछ। संसारका अरू विधिव्यवहारमा ध्यान दिने होइन। यदि संन्यास धारणपछि पनि आत्मनिष्ठा भएन भने ऊ संन्यासधर्मबाट पनि भ्रष्ट हुन्छ। घर-परिवार आदि यो संसारको सुखभोगलाई त उसले त्यागिसकेकै छ। यसैले यस्ता व्यक्तिका लागि यो लोक एवं परलोक सबै नष्ट हुन्छन्।

वैराग्यविना त्यागको अधिकार कसैलाई पनि छैन। वैराग्यविनाको कर्मत्यागले मानिसलाई सबैथरी पुरुषार्थबाट भ्रष्ट बनाइदिन्छ। भगवत्पाद श्रीशङ्कराचार्य भन्नुहुन्छ– **वैराग्यान्न परं सुखस्य जनकं पश्यामि वश्यात्मनः** (विवेकचूडामणि ३७७) अर्थात् मोक्षार्थी व्यक्तिका लागि वैराग्यभन्दा अर्को सुखको साधन छैन। यसकै सुखको आड लिएर नै जिज्ञासुहरूले संसारसुखलाई त्यागिदिएका हुन्छन्। वैराग्य भएन भने त संसारसुख त्याग्नु अत्यन्त कष्टजनक हुन पुग्दछ,

किनभने संसारसुखप्रतिको उसको आसक्ति कम भएको छैन, अनि त्यसलाई भोग्न पनि पाइएको छैन। त्यो व्यक्ति ब्रह्मसुख र संसारसुख दुबैबाट भ्रष्ट हुने भएकाले विषयभोगी सामान्य संसारीहरूभन्दा पनि निकृष्ट हुन पुग्दछ। त्यसैले भनिन्छ—

संसारजसुखासक्तं ब्रह्मज्ञोऽस्मीति वादिनम्।
ब्रह्मकर्मोभयभ्रष्टं तं त्यजेदन्त्यजं यथा।।

अर्थात् जो व्यक्ति संसारसुखमा आसक्त छ, तर कर्मत्याग गरी म ब्रह्मनिष्ठ हुँ भन्दै हिँड्छ भने त्यो व्यक्ति ब्रह्म र कर्म दुबैबाट भ्रष्ट हुने भएकाले चाण्डाल झैँ त्याज्य हुन्छ।

संसारी व्यक्ति आफ्ना पुण्यकर्महरूको आश्रयमा रहनु ठिकै हो, तर संसारमा आसक्त भएको म ब्रह्मज्ञानी हुँ भन्दै हिँड्ने व्यक्ति त अज्ञानी भएकाले ब्रह्मबाट स्वतः भ्रष्ट छँदैछ, त्यसमाथि स्वधर्मको पालना नगर्नाले कर्मबाट पनि भ्रष्ट भएको हुन्छ। भगवान् भन्नुहुन्छ— **अस्मात् अमुष्मात् च विहीयते** अर्थात् यो लोक र परलोक दुबैबाट पतित हुन्छ। त्यसैले जसका इन्द्रियहरू विषयतिर नै आसक्त छन् र जसले काम, क्रोध आदिमाथि विजय गरेको छैन उसले कर्मत्याग गर्न नहुने भगवान्को आज्ञा रहेको छ। यदि कर्मत्याग गरिहाल्यो भने उसले शास्त्रीय कर्महरूबाट प्रसन्न गराइने देवताहरूलाई, कर्मको फल भोग्न पाउने आफू स्वयंलाई र उसको आत्मरूपमा अवस्थित हुने अन्तर्यामी परमात्मालाई समेत धोका दिन्छ।

भिक्षोर्धर्मः शमोऽहिंसा तप ईक्षा वनौकसः।
गृहिणो भूतरक्षेज्या द्विजस्याचार्यसेवनम्॥ ४२॥

पदार्थ—	**तपः** = शास्त्रविहित तपस्या र	**आचार्यसेवनं** = गुरुको सुश्रूषा गर्नु
भिक्षोः = संन्यासीको लागि	**ईक्षा** = तत्त्वचिन्तन गर्नु	**धर्मः** = मुख्य धर्म हो
शमः = इन्द्रियनिग्रह र	**गृहिणः** = गृहस्थको लागि	
अहिंसा = हिंसा नगर्नु	**भूतरक्षेज्या** = प्राणीको रक्षा गर्नु	
वनौकसः = वानप्रस्थका लागि	**द्विजस्य** = ब्रह्मचारीका लागि	

वाक्यार्थ— संन्यासीको लागि इन्द्रियनिग्रह गर्नु र हिंसा नगर्नु, वानप्रस्थका लागि तपस्या र तत्त्वचिन्तन गर्नु, गृहस्थको लागि प्राणीहरूको रक्षा गर्नु र पञ्चमहायज्ञ गर्नु अनि ब्रह्मचारीको लागि गुरुको सेवा गर्नु मुख्य धर्म हो।

ब्रह्मचर्यं तपः शौचं सन्तोषो भूतसौहृदम्।
गृहस्थस्याप्यृतौ गन्तुः सर्वेषां मदुपासनम्॥ ४३॥

पदार्थ—	**गृहस्थस्य अपि** = गृहस्थको पनि	**शौचं** = पवित्रतामा ध्यान दिनु
ऋतौ = ऋतुकालमा	**ब्रह्मचर्यं** = ब्रह्मचर्यमा रहने	**सन्तोषः** = सन्तोष गर्नु र
गन्तुः = पत्नीसँग समागम गर्ने	**तपः** = तपस्या गर्नु	**भूतसौहृदं** = प्राणीहरूलाई दया

गर्नु मुख्य धर्म हो भने | **मदुपासनं** = मेरो उपासना गर्नु | **सर्वेषाम्** = सबैको धर्म हो

वाक्यार्थ– ऋतुकालमा पत्नीसँग समागम गर्ने गृहस्थको पनि ब्रह्मचर्यमा रहनु, तपस्या गर्नु, पवित्र रहनु, सन्तोष गर्नु र प्राणीहरूलाई दया गर्नु धर्म हो भने मेरो उपासना गर्नु चाहिँ सबैको धर्म हो।

इति मां यः स्वधर्मेण भजेन्नित्यमनन्यभाक्।
सर्वभूतेषु मद्भावो मद्भक्तिं विन्दते दृढाम्॥ ४४॥

पदार्थ–
इति = यसरी
अनन्यभाक् = कुनै फलको आशा नराखिकन
यः = जसले
स्वधर्मेण = आफ्नो धर्मद्वारा
नित्यं = सधैँ
मां = मलाई
भजेत् = भजन गर्दछ (त्यो व्यक्तिले)
सर्वभूतेषु = सम्पूर्ण प्राणीहरूमा
मद्भावः = मेरो भावना गर्दै
दृढां = दृढ
मद्भक्तिं = मेरो भक्तिलाई
विन्दते = प्राप्त गर्दछ

वाक्यार्थ– यसरी जसले कुनै फलको आशा नराखिकन आफ्नो धर्मपूर्वक सधैँ मलाई भजन गर्दछ, त्यस व्यक्तिले सम्पूर्ण प्राणीहरूमा मेरो भावना गर्दै अन्त्यमा मेरो दृढ भक्तिलाई प्राप्त गर्दछ।

भक्त्योद्धवानपायिन्या सर्वलोकमहेश्वरम्।
सर्वोत्पत्त्यप्ययं ब्रह्म कारणं मोपयाति सः॥ ४५॥

पदार्थ–
उद्धव = हे उद्धव
सः = त्यो मेरो भक्तले
अनपायिन्या = अखण्डित
भक्त्या = भक्तिद्वारा
सर्वलोकमहेश्वरं = सम्पूर्ण लोकको अधिपति
सर्वोत्पत्त्यप्ययं = सारा जगत्को उत्पत्ति र प्रलय गर्ने
कारणं = कारण भएको
ब्रह्म = ब्रह्मस्वरूप
मा = मलाई
उपयाति = प्राप्त गर्दछ

वाक्यार्थ– हे प्रिय उद्धव ! मेरो भक्तले अखण्डित भक्ति गरेर सम्पूर्ण लोकको अधिपति, सारा जगत्को उत्पत्ति र प्रलयको मूलकारण ब्रह्मस्वरूप मलाई प्राप्त गर्दछ।

इति स्वधर्मनिर्णिक्तसत्त्वो निर्ज्ञातमद्गतिः।
ज्ञानविज्ञानसम्पन्नो न चिरात् समुपैति माम्॥ ४६॥

पदार्थ–
इति = यसरी
स्वधर्मनिर्णिक्तसत्त्वः = स्वधर्मको अनुष्ठानले अन्तःकरण शुद्ध भएको
निर्ज्ञातमद्गतिः = मेरो तत्त्वलाई राम्रोसँग बुझेको र
ज्ञानविज्ञानसम्पन्नः = ज्ञान र विज्ञानले युक्त भएको साधकले

न चिरात् = चाँडै नै	**मां** = मलाई	**समुपैति** = प्राप्त गर्दछ

वाक्यार्थ– यसरी स्वधर्मको अनुष्ठानले अन्तःकरण शुद्ध भएको मेरो तत्त्वलाई राम्रोसँग बुझेको र ज्ञान र विज्ञानले युक्त भएको साधकले चाँडै नै मलाई प्राप्त गर्दछ।

वर्णाश्रमवतां धर्म एष आचारलक्षणः।
स एव मद्भक्तियुतो निःश्रेयसकरः परः॥ ४७॥

पदार्थ–	**आचारलक्षणः** = आचारस्वरूप	युक्त भएर अनुष्ठान गरियो भने
एषः = यो	**धर्मः** = धर्म हो	**परः** = सम्पूर्ण साधनमा श्रेष्ठ
वर्णाश्रमवतां = वर्ण र	**सः एव** = यही धर्म नै यदि	**निःश्रेयसकरः** = मोक्षरूप फल
आश्रमवालाको	**मद्भक्तियुतः** = मेरो भक्तिले	प्रदान गर्ने हुन्छ

वाक्यार्थ– यो वर्णाश्रमवालाहरूको आचारस्वरूप जुन धर्म हो, यसै धर्मलाई पनि मेरो भक्तिपूर्वक गरियो भने यसले श्रेष्ठ साधन भएकोले मोक्ष प्रदान गर्दछ।

एतत् तेऽभिहितं साधो भवान् पृच्छति यच्च माम्।
यथा स्वधर्मसंयुक्तो भक्तो मां समियात् परम्॥ ४८॥

पदार्थ–	**स्वधर्मसंयुक्तः** = आफ्नो धर्मको	**समियात् च** = प्राप्त पनि गर्दछ
साधो = हे सज्जन उद्धव	पालन गर्ने	**एतत्** = यो सबै कुरा
यत् = जो	**भक्तः** = मेरो भक्तले	**ते** = तिमीलाई (मद्वारा)
भवान् = तिमीले	**यथा** = जसरी	**अभिहितम्** = बताइयो
मां = मसँग	**परं** = परमेश्वररूप	
पृच्छति = सोधेका थियौ र	**मां** = मलाई	

वाक्यार्थ– हे उद्धव ! जो तिमीले मसँग सोधेका थियौ, आफ्नो धर्मको पालन गर्ने व्यक्तिले मेरो भक्त भएर जसरी परमेश्वररूप मलाई प्राप्त गर्दछ, यी सबै कुरा मैले तिमीलाई बताएँ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे अष्टादशोऽध्यायः॥ १८॥

अथ एकोनविंशोऽध्यायः

भक्ति, ज्ञान र यम–नियम आदि साधनहरू

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

यो विद्याश्रुतसम्पन्नः आत्मवान् नानुमानिकः ।
मायामात्रमिदं ज्ञात्वा ज्ञानं च मयि सन्न्यसेत् ॥ १ ॥

पदार्थ–
यः = जो
विद्याश्रुतसम्पन्नः = शास्त्रीय र अनुभवनात्मक ज्ञानले युक्त छ
आत्मवान् = आत्मतत्त्व साक्षात्कार गरिसकेको छ अनि
आनुमानिकः = परोक्षज्ञान युक्त मात्र
न = छैन (त्यस्तो व्यक्तिले)
इदं = यो सारा द्वैत प्रपञ्च र
ज्ञानं च = वृत्तिरूप ज्ञानलाई पनि
मयि = म (परमात्मा)मा
मायामात्रं = माया मात्र वा कल्पित हो भन्ने कुरा
ज्ञात्वा = बुझेर
सन्न्यसेत् = सबै कुरालाई त्यागिदेओस्

वाक्यार्थ– जो आत्मानुभवले युक्त छ र जसले तत्त्वसाक्षात्कार गरिसकेको छ अनि परोक्षज्ञान मात्र नभएर अपरोक्षानुभूति नै जसलाई भइसकेको छ त्यस्तो व्यक्तिले सारा प्रपञ्चलाई र वृत्तिरूप ज्ञानलाई पनि म परमात्मामा कल्पित हो भनेर सबै त्यागिदेओस् ।

ज्ञानिनस्त्वहमेवेष्टः स्वार्थो हेतुश्च सम्मतः ।
स्वर्गश्चैवापवर्गश्च नान्योऽर्थो मदृते प्रियः ॥ २ ॥

पदार्थ–
ज्ञानिनः तु = ज्ञानीहरूको लागि
अहं एव = म नै
इष्टः = अपेक्षित
स्वार्थः = फल र
हेतुः च = मुख्य प्राप्तिको साधनको रूपमा
सम्मतः = मानिएको छु
मदृते = मलाई छाडेर
स्वर्गः = स्वर्ग
अपवर्गः = मोक्ष र
अन्यः = अरू
अर्थः च = पदार्थहरू पनि
प्रियः = प्यारो
न एव = हुन सक्दैन

वाक्यार्थ– ज्ञानीको लागि मन पर्ने वस्तु, खोजेको फल र अभीष्ट वस्तुप्राप्तिको साधन पनि सबै म नै हुँ, मलाई छाडेर ज्ञानीलाई स्वर्ग, मोक्ष वा अरू कुनै पनि पदार्थ प्रिय हुन सक्दैन ।

ज्ञानविज्ञानसंसिद्धाः पदं श्रेष्ठं विदुर्मम ।
ज्ञानी प्रियतमोऽतो मे ज्ञानेनासौ बिभर्ति माम् ॥ ३ ॥

पदार्थ–
ज्ञानविज्ञानसंसिद्धाः = ज्ञान र
विज्ञानले अन्तःकरण शुद्ध

भएका व्यक्तिहरू	**ज्ञानी** = ज्ञानी व्यक्तिले	**असौ** = त्यो व्यक्ति
मम = मेरो	**ज्ञानेन** = ज्ञानद्वारा	**मे** = मेरा लागि
श्रेष्ठं = उत्तम	**मां** = मलाई	**प्रियतमः** = अत्यन्त प्यारो हुन्छ
पदं = स्वरूपलाई	**बिभर्ति** = हृदयमा धारण गर्दछ	
विदुः = जान्दछन्	**अतः** = त्यसैले	

वाक्यार्थ— ज्ञान र विज्ञानद्वारा अन्तःकरण शुद्ध भएका व्यक्तिहरूले मेरो उत्तम स्वरूपलाई जान्दछन् र ज्ञानी व्यक्तिले ज्ञानद्वारा मलाई हृदयमा धारण गर्दछ, त्यसैले त्यस्तो व्यक्ति मेरो अत्यन्त प्यारो हुन्छ।

तपस्तीर्थं जपो दानं पवित्राणीतराणि च।
नालं कुर्वन्ति तां सिद्धिं या ज्ञानकलया कृता ॥ ४ ॥

पदार्थ—	**सिद्धिं** = शुद्धता	**पवित्राणि च** = अरू पवित्र
या = जो शुद्धता	**तपः** = तपस्याले	वस्तुहरूले पनि
ज्ञानकलया = ज्ञानको लेश	**तीर्थं** = तीर्थसेवनले	**अलं** = पर्याप्तरूपमा
मात्रले पनि	**जपः** = जपले	**न कुर्वन्ति** = गर्न सक्दैनन्
कृता = हुन्छ	**दानं** = दानले	
तां = त्यो	**इतराणि** = अरू कुराहरूले र	

वाक्यार्थ— जो पवित्रता ज्ञानको लेश मात्रले हुन्छ, त्यो पवित्रता तपस्या, तीर्थसेवन, जप, दान र अरू केही कुरा वा पवित्र वस्तुहरूबाट पनि सम्भव छैन।

तस्माज्ज्ञानेन सहितं ज्ञात्वा स्वात्मानमुद्धव।
ज्ञानविज्ञानसम्पन्नो भज मां भक्तिभावितः ॥ ५ ॥

पदार्थ—	**स्वात्मानं** = आफ्नो आत्मालाई	भएर
तस्मात् = त्यसैले	**ज्ञात्वा** = जानेर	**मां** = मलाई
उद्धव = हे उद्धव	**ज्ञानविज्ञानसम्पन्नः** = ज्ञान र	**भज** = भजन गर
ज्ञानेन = ज्ञानले	विज्ञानले युक्त भई	
सहितं = सहित	**भक्तिभावितः** = भक्तिभावले युक्त	

वाक्यार्थ— हे उद्धव ! ज्ञान अत्यन्त पवित्र वस्तु भएकाले ज्ञानले सहित आत्मालाई जानी ज्ञानविज्ञान र भक्तिभावले युक्त भई मेरो भजन गर।

ज्ञानविज्ञानयज्ञेन मामिष्ट्वात्मानमात्मनि।
सर्वयज्ञपतिं मां वै संसिद्धिं मुनयोऽगमन् ॥ ६ ॥

पदार्थ—
ज्ञानविज्ञानयज्ञेन = ज्ञान र विज्ञानरूपी यज्ञद्वारा
आत्मनि = अन्तःकरणमा
सर्वयज्ञपतिं = सम्पूर्ण यज्ञका अधिपति
आत्मानं = परमात्मस्वरूप
मां = मलाई
इष्ट्वा = यजन गरेर
मुनयः = मुनिहरू
वै = निश्चय नै
संसिद्धिं = परमसिद्धि वा मोक्षरूप
मां = मेरो स्वरूपमा
अगमन् = प्राप्त भए

वाक्यार्थ— ज्ञान र विज्ञानरूपी यज्ञद्वारा अन्तःकरणमा सम्पूर्ण यज्ञका अधिपति परमात्मस्वरूप मलाई यजन गरेर मुनिहरू परमसिद्धिरूप ममा प्राप्त भए।

त्वय्युद्धवाश्रयति यस्त्रिविधो विकारो
मायान्तरा पतति नाद्यपवर्गयोर्यत्।
जन्मादयोऽस्य यदमी तव तस्य किं स्यु-
राद्यन्तयोर्यदसतोऽस्ति तदेव मध्ये॥ ७॥

पदार्थ—
उद्धव = हे उद्धव
यः = जो
त्रिविधः = देह, इन्द्रिय र अन्तःकरणरूप तीन प्रकारको
विकारः = विकार
त्वयि = तिमीमा
आश्रयति = प्रतीत छ त्यो सबै
माया = माया मात्र हो
यत् = जो वस्तु
अन्तरा = बिचमा
पतति = प्रतीत हुन्छ
आद्यपवर्गयोः = सुरुमा र अन्तिममा
न = त्यो वस्तु हुँदैन
यत् = जो
अस्य = यो शरीरका
अमी = यी
जन्मादयः = जन्म आदि विकारहरू छन्, तिनीहरूले
तस्य = त्यो अधिष्ठानस्वरूप
तव = तिम्रो
किं स्युः = के बिगार्दछन्
असतः = मिथ्या वस्तुको पनि उत्पत्ति हुनुभन्दा
आद्यन्तयोः = सुरुमा र अन्तमा
यत् = जो हुन्छ
तद् एव = त्यही नै
मध्ये = बिच (प्रतीतिकाल)मा पनि
अस्ति = हुन्छ

वाक्यार्थ— हे उद्धव ! जो शरीर, इन्द्रिय र अन्तःकरणरूप तीन प्रकारको विकार तिमीमा प्रतीत छ, त्यो सबै माया मात्र हो, किनभने जो वस्तु बिचको समयमा मात्र देखा पर्दछ, त्यो सुरुमा र अन्त्यमा हुँदैन, त्यसैले यो शरीरमा जो जन्म आदि विकारहरू देखा परेका छन्, तिनले तिम्रो केही पनि बिगार्दैनन् किनभने ती विकारहरू तिमीमा छँदै छैनन्। वास्तवमा मिथ्यावस्तुतको प्रतीति हुनुभन्दा पहिले र पछि जे छ, प्रतीतिकालमा पनि त्यही मात्रै हुन्छ।

विवरण— यहाँ भगवान्ले आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी तीन दुःखहरू एवं जन्म, मृत्यु आदि छ प्रकारका भावविकारहरू आत्माका पनि होइनन् र वास्तवमा त ती शरीरका समेत होइनन् भनी उपदेश गर्नुभएको छ। सामान्य दृष्टिले विचार गर्दा त्रिविध ताप एवं षड्भावविकारहरू आत्माका होइनन् शरीरका हुन् भन्ने स्पष्ट छ। जन्म-मृत्यु आदि शरीरकै

भएको देखिन्छ, अनि सबैथरी तापहरूले पनि शरीर, इन्द्रिय र मनलाई नै दुःख दिएको अनुभव पनि गरिन्छ। यसकारण आत्मासँग यिनको सम्बन्ध नभए पनि शरीरसँग समेत यी विकारहरूको सम्बन्ध नहुनु अलि अनौठो लाग्दछ। तर भगवान् भन्नुहुन्छ– शरीर, इन्द्रिय आदि असत् भएकाले। यहाँ असत्को अर्थ वास्तवमा नभए पनि केवल देखिने वस्तु भन्ने हो।

भगवान् भन्नुहुन्छ– **आद्यपवर्गयोः न** अर्थात् शरीर आदि कार्यवर्ग आदि र अन्तमा नभएकाले त्यो **अन्तरा आपतति** अर्थात् बिचमा कतैबाट देखिएको मात्र हो, त्यसैले **माया** अर्थात् मिथ्या हो। जसरी डोरीमा पहिले पनि नभएको र ज्ञान भएपछि नरहने सर्प केवल बिचको समयमा मात्र देखिन्छ, त्यसै गरी शरीर आदि पनि अज्ञानकालमा मात्र देखिएका हुन्। यति मात्र नभई यो सम्पूर्ण संसार नै अज्ञानवश केही समयका लागि देखिएको मात्र हो। वास्तवमा नभए पनि देखिएको वस्तुलाई त्यसको जन्म भयो र नाश भयो भन्न मिल्दैन। कुनै पनि व्यक्तिले डोरीमा सर्प जन्मिएको र ज्ञानपछि मरेको भन्दैन, किनभने उसलाई सर्प मिथ्या भएकाले त्यसको वास्तवमा जन्म-मृत्यु भएकै छैन भन्ने थाहा छ। शरीर र सम्पूर्ण संसार वास्तविक पदार्थ होइनन्, किनभने यिनीहरू पहिले र पछि छैनन्। आचार्य गौडपाद भन्नुहुन्छ–

आदावन्ते च यन्नास्ति वर्तमानेऽपि तत्तथा।
वितथैः सदृशा सन्तोऽवितथा इव लक्षिताः।। (माण्डूक्यकारिका २.६)

अर्थात् जुन वस्तु उत्पत्तिभन्दा पहिले अस्तित्वमा छैन र पछि पनि अस्तित्वमा रहँदैन भने त्यसलाई असत् पदार्थ नै ठान्नुपर्दछ। बिचमा केही समय देखिए तापनि तिनीहरू वास्तवमा छैनन्, यसैले ती मिथ्या हुन्। यसप्रकार शरीर आदि मिथ्या सिद्ध भएपछि ती अवास्तविक पदार्थहरू जन्मनु र मर्नुको के अर्थ छ र ?

यहाँ के शङ्का हुन्छ भने संसारमा शरीर आदि पनि जन्मिएका होइनन्, झन् आत्मा त नित्य एवं अपरिणामी भएकाले जन्मिएकै होइन भने जन्मिने, बढ्ने, नष्ट हुने आदि व्यवहार कसको देखिएको हो त ? यसको उत्तर दिने क्रममा गौडपादाचार्यले शरीर, इन्द्रिय र सम्पूर्ण संसार यी सबै वास्तवमा नभएकाले यिनको उत्पत्ति सम्भव हुँदैन बरु, मायावश सत् वस्तुकै उत्पत्ति भए झैँ देखिन्छ भन्नुभएको छ–

सतो हि मायया जन्म युज्यते न तु तत्त्वतः।
असतो मायया जन्म तत्त्वतो नैव युज्यते। (माण्डूक्यकारिका ३.२७, २८)

अर्थात् सत् वस्तु नित्य एवं अपरिणामी भएकाले तत्त्वतः त्यो जन्मन सम्भव छैन, तर भ्रमद्वारा जन्मिए झैँ देखिन सक्छ। असत् वस्तु स्वयं असत् भएकाले त्यसको वास्तविक जन्म पनि सम्भव छैन र भ्रमवश जन्मन पनि सम्भव छैन, किनभने भ्रमको विषय हुनका लागि पनि त्यो वस्तु सत् हुनुपर्दछ। यसको दृष्टान्त दिँदै उहाँ बताउनुहुन्छ–

बन्ध्यापुत्रो न तत्त्वेन मायया वापि जायते। (३.२८)

अर्थात् बाँझीको छोरो न वास्तविक रूपमा जन्मन सक्छ, न त भ्रमद्वारा नै जन्मन सम्भव छ।

भ्रम हुनका लागि पनि त्यसको कुनै अधिष्ठान सत्य वस्तु चाहिन्छ। डोरीमा सर्पको भ्रम

हुँदा त्यहाँ भ्रमवशात् सर्प उत्पन्न भएको मानिँदैन, अपि तु डोरी नै अज्ञानको कारणले सर्पको रूपमा कल्पित भएको मानिन्छ। त्यसैले सत् वस्तुको नै भ्रम हुन सक्छ। आत्मा सत् वस्तु भएकाले भ्रमवशात् त्यही नै संसारको रूपमा देखिन सम्भव छ, तर संसारको उत्पत्ति भयो भन्नु तात्त्विक दृष्टिले सम्भव छैन। त्यसैले आचार्यहरू भन्दछन्— मायाद्वारा जन्मन पनि सत् वस्तु मात्र समर्थ छ, असत् होइन।

मायाद्वारा जन्मिनुको अर्थ वास्तवमा नजन्मिनु नै भन्ने हुन्छ। कुनै व्यक्तिले सपना देख्दा उसले सपनाभित्र आफूलाई समेत त्यहाँको पात्रको रूपमा उपस्थित भएको पाउँछ र अनेक व्यवहार गरी सपना सकिएपछि त्यहाँबाट बिलाउँछ। स्वप्नभ्रमका कारण त्यहाँभित्र उत्पन्न भएको र भ्रमको नाशपछि विलीन भएको देखिए तापनि स्वप्नभित्र त्यो व्यक्ति जन्मियो र अन्तमा मऱ्यो भनेर कदापि मान्न सकिँदैन। जसरी सपनाभित्र भ्रमवशात् व्यक्ति देखिए तापनि त्यो वास्तवमा त्यहाँ उत्पन्न भएको थिएन र स्वप्नसमाप्तिपछि त्यो मरेको पनि होइन, त्यसै गरी आत्मा मायाद्वारा उत्पन्न हुन्छ भने पनि त्यसलाई उत्पन्न भएको मानिँदैन।

यसप्रकार आत्मा स्वरूपतः नित्य र अपरिणामी भएकाले एवं मायाद्वारा जन्मिनु पनि काल्पनिक मात्र भएकाले वास्तवमा त्यसको जन्म सम्भव छैन। यसै गरी शरीर आदि पनि मिथ्या भएकाले तिनीहरूको पनि वास्तविक या काल्पनिक दुबै रूपमा उत्पत्ति सम्भव छैन।

अतः जिज्ञासुहरूले संसारमा प्रतीत भइरहेका जन्म, मृत्यु आदि विकारहरू र आध्यात्मिक आदि तापहरूलाई शरीरका र आत्माका समेत होइनन् भनी तिनको उपेक्षा गरिदिनुपर्छ।

उद्धव उवाच (उद्धवले भने)

ज्ञानं विशुद्धं विपुलं यथैतद् वैराग्यविज्ञानयुतं पुराणम्।
आख्याहि विश्वेश्वर विश्वमूर्ते त्वद्भक्तियोगं च महद्भिमृग्यम्॥ ८॥

पदार्थ—
विश्वेश्वर = हे विश्वका मालिक
विश्वमूर्ते = हे विश्वरूप प्रभु
विशुद्धं = अन्तःकरणलाई शुद्ध पार्ने
वैराग्यविज्ञानयुतं = वैराग्य र विज्ञानले युक्त भएको
पुराणं = अति प्राचीन
एतत् = यो
ज्ञानं = ज्ञानको विषयमा
विपुलं = विस्तारपूर्वक
यथा = जसरी सम्भव छ त्यसरी
आख्याहि = बताउनुहोस् र
महद्भिमृग्यं = महापुरुषहरूले चाहने
त्वद्भक्तियोगं च = हजुरको भक्तियोगको विषयमा पनि (बताउनुहोस्)

वाक्यार्थ— हे विश्वेश्वर ! हे विश्वरूप प्रभु ! अन्तःकरणलाई शुद्ध पार्ने वैराग्य र विज्ञानले युक्त भएको पुरानो ज्ञानको विषयमा मलाई विस्तारपूर्वक बताउनुहोस्। त्यस्तै महापुरुषहरूले पनि चाहने हजुरको भक्तियोगको विषयमा पनि बताउनुहोस्।

तापत्रयेणाभिहतस्य घोरे सन्तप्यमानस्य भवाध्वनीश।
पश्यामि नान्यच्छरणं तवाङ्घ्रिद्वन्द्वातपत्रादमृताभिवर्षात्॥ ९॥

पदार्थ–
ईश = हे सर्वसमर्थ प्रभु
तापत्रयेण = आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी तीन तापले
अभिहतस्य = पीडित भएका र
घोरे = अति भयङ्कर
भवाध्वनि = संसारमार्गमा
सन्तप्यमानस्य = सन्तप्त भइरहेको प्राणीको
अमृताभिवर्षात् = अमृत बर्साउने
तव = हजुरको
अङ्घ्रिद्वन्द्वातपत्रात् = चरणकमलरूपी छत्रबाहेक
अन्यत् = अरू
शरणं = शरण
न पश्यामि = देख्दिनँ

वाक्यार्थ– हे प्रभु ! आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी तीन तापले पीडित भएको र अति भयङ्कर संसारमार्गमा सन्तप्त भएको जीवको लागि अमृतवर्षा गराउने हजुरको चरणकमलरूपी छत्रबाहेक मैले अरू शरण केही देख्दिनँ।

दष्टं जनं संपतितं बिलेऽस्मिन् कालाहिना क्षुद्रसुखोरुतर्षम्।
समुद्धरैनं कृपयापवर्ग्यैर्वचोभिरासिञ्च महानुभाव ॥ १० ॥

पदार्थ–
महानुभाव = हे प्रभावशाली प्रभु
अस्मिन् = यो संसाररूपी
बिले = कुवामा
संपतितं = परेको
कालाहिना = कालरूपी सर्पले
दष्टं = डसेको र
क्षुद्रसुखोरुतर्षम् = क्षुद्र विषयको सुखमा नै तृष्णा राख्ने
एनं = यो
जनं = प्राणीलाई
कृपया = कृपा गरी
समुद्धर = उद्धार गर्नुहोस् र
अपवर्ग्यैः = मोक्षको साधनभूत
वचोभिः = वचनहरूद्वारा
आसिञ्च = सेचन गर्नुहोस्

वाक्यार्थ– हे महानुभाव प्रभु ! यो संसाररूपी कुवामा खसेको, कालरूपी सर्पले डसेको र क्षुद्र विषयसुखमा मोहित हुने प्राणीलाई कृपा गरेर उद्धार गर्नुहोस् र मोक्षको साधनभूत वचनरूपी अमृतद्वारा सेचन गर्नुहोस्।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

इत्थमेतत् पुरा राजा भीष्मं धर्मभृतां वरम्।
अजातशत्रुः पप्रच्छ सर्वेषां नोऽनुशृण्वताम् ॥ ११ ॥

पदार्थ–
इत्थं = यसै गरी
एतत् = यही कुरा
पुरा = पहिले
राजा = राजा
अजातशत्रुः = युधिष्ठिरले (जसको कुनै शत्रु जन्मिएको छैन त्यस्ता)
सर्वेषां = सबै
नः = हामीहरूले
अनुशृण्वतां = सुनिरहँदा
धर्मभृतां = धर्मात्माहरूमा
वरं = श्रेष्ठ
भीष्मं = भीष्मपितामहलाई
पप्रच्छ = सोधेका थिए

वाक्यार्थ– पहिले यसै गरी यही विषयमा धर्मात्माहरूमा श्रेष्ठ भीष्मपितामहसँग राजा युधिष्ठिरले

हामीहरूले सुन्दासुन्दै सोधेका थिए।

निवृत्ते भारते युद्धे सुहृन्निधनविह्वलः।
श्रुत्वा धर्मान् बहून् पश्चान्मोक्षधर्मानपृच्छत ॥ १२ ॥

पदार्थ–
भारते = महाभारतको
युद्धे = युद्ध
निवृत्ते = समाप्त भइसकेपछि
सुहृन्निधनविह्वलः = बन्धुहरूको हत्याले विह्वल भएका युधिष्ठिरले
बहून् = धेरै
धर्मान् = धर्महरू
श्रुत्वा = सुनेर
पश्चात् = पछि
मोक्षधर्मान् = मोक्षसम्बन्धी धर्महरू
अपृच्छत = सोधेका थिए

वाक्यार्थ– महाभारतको युद्ध समाप्त भइसकेपछि आफ्ना बन्धुबान्धवको हत्याले विह्वल भएका युधिष्ठिरले अरू धेरै धर्मको विषयमा सुनिसकेपछि मोक्ष धर्मको विषयमा सोधेका थिए।

तानहं तेऽभिधास्यामि देवव्रतमुखाच्छ्रुतान्।
ज्ञानवैराग्यविज्ञानश्रद्धाभक्त्युपबृंहितान् ॥ १३ ॥

पदार्थ–
देवव्रतमुखात् = भीष्मको मुखबाट
श्रुतान् = सुनेको
ज्ञानवैराग्यविज्ञानश्रद्धाभक्त्युपबृंहितान् = ज्ञान, वैराग्य, विज्ञान, श्रद्धा र भक्तिले युक्त भएको
तान् = ती मोक्षधर्महरू
अहं = म
ते = तिमीलाई
अभिधास्यामि = बताउनेछु

वाक्यार्थ– भीष्मको मुखबाट सुनेको ज्ञान, वैराग्य, विज्ञान, श्रद्धा र भक्तिले युक्त भएको मोक्षसम्बन्धी धर्महरू म तिमीलाई बताउनेछु।

नवैकादश पञ्च त्रीन् भावान् भूतेषु येन वै।
ईक्षेताथैकमप्येषु तज्ज्ञानं मम निश्चितम् ॥ १४ ॥

पदार्थ–
येन = जसद्वारा
वै = निश्चय नै
नव = नौ प्रकृति
एकादश = एघार इन्द्रिय
पञ्च = पाँच महाभूत
त्रीन् = तीन गुणसहित
भावान् = यी अट्ठाईस तत्त्वलाई
भूतेषु = ब्रह्मादेखि स्थावरसम्मका सम्पूर्ण प्राणीहरूमा
ईक्षेत = देखिन्छ र
अथ = त्यसपछि
एषु अपि = यिनीहरूमा पनि
एकं = एक तत्त्व परमात्मालाई देखिन्छ भने
तत् = त्यो तत्त्व चाहिँ
ज्ञानं = ज्ञान हो भन्ने
मम = मेरो
निश्चितम् = निश्चय छ

वाक्यार्थ– जसद्वारा प्रकृति, पुरुष, महत्तत्त्व, अहङ्कार र पञ्चतन्मात्रा यी नौ, पाँच ज्ञानेन्द्रिय, पाँच

कर्मेन्द्रिय र मन गरी एघार, पञ्चमहाभूत र तीन गुण गरी जम्मा अठ्ठाईस तत्त्व ब्रह्मादेखि स्थावरसम्म सम्पूर्ण कार्यवर्गमा देखिन्छ र ती कार्यवर्गमा पनि फेरि एकतत्त्व परमात्मतत्त्व अनुगतरूपमा देखिन्छ भने त्यो ज्ञान हो भन्ने कुरा मलाई निश्चय छ।

एतदेव हि विज्ञानं न तथैकेन येन यत्।
स्थित्युत्पत्त्यप्ययान् पश्येद् भावानां त्रिगुणात्मनाम्॥ १५॥

पदार्थ—	(केवल ब्रह्म मात्र देखोस्)	**भावानां** = देह आदि
यत् = जुन पदार्थहरूलाई	**हि** = निश्चय नै	पदार्थहरूको
येन = जो	**एतद् एव** = यही नै	**स्थित्युत्पत्त्यप्ययान्** = स्थिति,
एकेन = एक तत्त्वले (अनुगत	**विज्ञानं** = अपरोक्ष ज्ञान हो	उत्पत्ति र नाशको विषयमा
भएको पहिला देख्दथ्यो, अब)	**त्रिगुणात्मनां** = त्रिगुणात्मक	**पश्येत्** = विचार गरोस्
न तथा = त्यस्तो नदेखोस्	सावयव	

वाक्यार्थ— पहिला एक मात्र परमात्माले अनुगत भएका जुन पदार्थहरूलाई देख्दथ्यो, अब त्यस्तो नदेखी केवल ब्रह्म मात्र देखोस्। त्यही नै अपरोक्ष ज्ञान हो। त्यसपछि त्रिगुणात्मक देह आदि पदार्थको उत्पत्ति, स्थिति र लयको विषयमा विचार गरोस्।

विवरण— माथिका दुई श्लोकहरूमा परोक्ष र अपरोक्ष ज्ञानको निरूपण गरिएको छ। सामान्यतया परोक्ष रूपमा ब्रह्मसम्बन्धी शास्त्रोपदेशहरू सुनी त्यसको भावार्थ बुझ्नु परोक्ष ज्ञान हो। ब्रह्म सत्, चित् र आनन्दरूप हो भनी जसलाई सुनाए पनि उसले त्यसको भाव त बुझिहाल्दछ, तर त्यत्तिकैमा त्यसले ब्रह्मलाई परोक्षरूपमा जान्यो भन्न सकिँदैन। त्यसैले ब्रह्मको परोक्षज्ञान हुन पनि सामान्य व्यक्तिलाई अत्यन्त कठिन छ। उपदेशश्रवण गरेर त्यसको भाव बुझ्नु मात्र त ब्रह्मलाई परोक्ष रूपमा बुझ्नु कहाँ हो र? त्यो त शब्दको अर्थ मात्र बुझ्नु हो। परोक्ष ज्ञानको महत्त्व बताउँदै पञ्चदशीकार लेख्नुहुन्छ—

परोक्षं ब्रह्मविज्ञानं शाब्दं देशिकपूर्वकम्।
बुद्धिपूर्वकृतं पापं कृत्स्नं दहति वह्निवत्।।

अर्थात् गुरुसँग वेदान्तश्रवण गरेपश्चात् ब्रह्मको परोक्ष ज्ञान भयो भने पनि त्यसले मानिसका बुद्धिपूर्वक गरिएका सारा पापहरूलाई समेत नष्ट गरिदिन्छ। बुद्धिपूर्वक गरिएका पापहरूको नाश अनेक पुण्य कर्महरूद्वारा समेत गर्न सकिँदैन, तर ब्रह्मको परोक्षज्ञानले सबै पापलाई नष्ट गरिदिन्छ। यसबाट ब्रह्मको परोक्षज्ञान हुनु पनि कति महत्त्वपूर्ण रहेछ भन्ने स्पष्ट हुन्छ। वेदान्तश्रवणबाट ब्रह्मको विषयमा जानकारी लिएर मात्र उसका सारा पाप नष्ट भएका हुँदैनन्। त्यसैले ब्रह्मको परोक्ष र अपरोक्ष ज्ञान भनेको के हो? यसको निरूपण गर्नु आवश्यक देखिन्छ।

श्रीधर स्वामीले यहाँ पहिलो श्लोकमा बताइएको परोक्ष ज्ञानको स्वरूप बताउँदै लेख्नुहुन्छ— **कार्यकारणात्मकं जगत् पश्यन् परमकारणात्मकं एव एतत् न ततः पृथक् इति ज्ञानम्**

अर्थात् ब्रह्मादेखि लिएर स्थावरसम्मका सम्पूर्ण विश्वप्रपञ्चलाई कार्यकारणात्मक अट्ठाईस तत्त्वहरूद्वारा निर्मित भएको देख्नु र यी सबै तत्त्वहरूमा एउटै परमतत्त्व रहेको देख्नु यो आत्मतत्त्वको परोक्ष ज्ञान हो। सबै जगत्लाई परम चैतन्यरूप ब्रह्मतत्त्व भनेर जानिसकेपछि यो ज्ञान परोक्ष ज्ञान कसरी भयो त ? सबै जगत्भरि आत्मानुभव गर्नु त अपरोक्ष ज्ञान हुनुपर्ने ? भन्ने शङ्का उठ्दछ। यसको उत्तर के हो भने सम्पूर्ण जगत् आफ्नो कारणपरम्पराको क्रमले परमात्ममय छ भन्ने जान्दा जान्दै पनि जिज्ञासुले त्यो परमकारणतत्त्वलाई आफूदेखि अभिन्नरूपमा बुझ्न सकेको हुँदैन। उसले त्यसलाई आफूभन्दा भिन्न रूपमा नै जान्दछ। परमात्मतत्त्व अपरोक्ष हुनका लागि त त्यो प्रत्यगात्माभन्दा अभिन्न हुनै पर्दछ। अद्वितीय आत्मतत्त्वलाई **अहं** अर्थात् म भनी बुझ्नु यो अपरोक्ष ज्ञान हो भने त्यसलाई **सः** अर्थात् त्यो भनी बुझ्नु परोक्ष ज्ञान हो। जगत्को भ्रम अपरोक्ष भएकाले त्यसलाई हटाउनका लागि पनि अपरोक्ष ज्ञान नै चाहिन्छ, परोक्ष ज्ञानले अपरोक्ष भ्रमलाई हटाउन सक्दैन। त्यसैले सम्पूर्ण जगत् परमात्ममय नै हो भन्ने दृढ रूपमा जाने तापनि त्यसलाई आत्मरूपमा नजानेकाले परोक्ष ज्ञानले अपरोक्ष संसारभ्रम नहटेको हो। यसैले श्रीधर स्वामी लेख्नुहुन्छ– **परोक्षज्ञानेनापरोक्षभ्रमस्य निवृत्त्यभावात्तदात्मकं जगत् पश्यन्नप्यात्मनः पृथक् सदिति पश्यति** अर्थात् यस्तो व्यक्ति सम्पूर्ण जगत्लाई परमात्ममय देखेर पनि त्यस ज्ञानद्वारा जगत्को बाध हुन सक्दैन र बाध नहुन्जेल सम्पूर्ण जगत् सत्य रूपमा नै प्रतीत भइरहन्छ। यसबाट जसले परमात्मालाई आत्माभन्दा भिन्न रूपमा बुझ्दछ, त्यो व्यक्ति परोक्ष ज्ञानयुक्त भएकाले उसले संसारलाई सत्यरूपमा नै देख्छ र उसको संसारबन्धन पूर्णतः नष्ट भएको हुँदैन। यसकारणले परमात्मालाई आत्माभन्दा भिन्न मान्ने भेदवादीहरूले संसारलाई सत्य भन्दछन् र दिव्य लोकहरूको संसारमा प्रवेश गर्नुलाई नै मोक्ष भन्दछन्।

अपरोक्ष ज्ञान भनेको चाहिँ परम कारणरूप परमात्मतत्त्वलाई आत्माभन्दा अभिन्न रूपमा बुझ्नु हो। यो अपरोक्ष अनुभवबाट त्यस व्यक्तिको अपरोक्ष संसारभ्रम पूर्णतः नष्ट हुन्छ। यस्तो व्यक्तिले संसारलाई मिथ्या रूपमा बुझ्दछ र त्यसको अधिष्ठान आत्मामा नै अवस्थित रहन्छ। डोरीमा देखिएको सर्पभ्रम त्यही डोरीलाई अपरोक्ष रूपमा साक्षात्कार नगरुन्जेल हट्दैन, तर अपरोक्ष साक्षात्कारसँगै जब त्यो सर्प बाधित हुन्छ तब तत्कालै सर्पभ्रमबाट उत्पन्न कम्प, पसिना आदि सबै उपद्रव नष्ट हुन्छन्। यसै गरी संसारभ्रमको नाशपछि पनि संसारसँग सम्बन्धित वासना, संस्कार आदि सबै नष्ट हुन्छन्। प्रस्तुत प्रसङ्गमा भगवान्ले परमात्मालाई आफूभन्दा भिन्न मान्ने परोक्ष ज्ञान र आत्मरूप नै जान्ने अपरोक्ष ज्ञानको स्वरूप एवं फलको विषयमा सूत्ररूपमा सूचित गर्नुभएको छ।

आदावन्ते च मध्ये च सृज्यात् सृज्यं यदन्वियात्।
पुनस्तत्प्रतिसङ्क्रामे यच्छिष्येत तदेव सत्॥ १६॥

पदार्थ–
यत् = जुन तत्त्व
आदौ = सृष्टिकालमा
अन्ते च = अन्त्यको समयमा
मध्ये = बिचको समयमा र
सृज्यात् = कार्यबाट

सृज्यं च = कार्यान्तरमा पनि	**तत्प्रतिसङ्क्रामे** = त्यसको प्रलय	**शिष्येत** = बाँकी रहन्छ
अन्वियात् = अनुगत हुन्छ र	भइसकेपछि पनि	**तत् एव** = त्यही नै
पुनः = फेरि	**यत्** = जो	**सत्** = पारमार्थिक वस्तु हो

वाक्यार्थ— जुन तत्त्व सृष्टिकालमा, अन्त्यको समयमा, बिचको समयमा र एक कार्यबाट कार्यान्तरमा जाँदा पनि अनुगत हुन्छ र सबैको प्रलय कालमा पनि जुन बाँकी रहन्छ, त्यही वस्तु नै सत् वस्तु वा पारमार्थिक वस्तु हो।

श्रुतिः प्रत्यक्षमैतिह्यमनुमानं चतुष्टयम्।

प्रमाणेष्वनवस्थानाद् विकल्पात् स विरज्यते॥ १७॥

पदार्थ—

श्रुतिः = वेद (शब्द)	**अनुमानं** = अनुमान	मिथ्या निश्चित भएकाले
प्रत्यक्षं = प्रत्यक्ष	**प्रमाणेषु** = प्रमाणहरूमा	**सः** = त्यो विवेकी मानिस
ऐतिह्यं = ऐतिहासिक र	**चतुष्टयं** = चारै प्रमाणले	**विकल्पात्** = प्रपञ्चबाट
	अनवस्थानात् = प्रपञ्चको	**विरज्यते** = विरक्त हुन्छ

वाक्यार्थ— श्रुतिप्रमाण, प्रत्यक्षप्रमाण, ऐतिहासिक प्रमाण र अनुमान प्रमाणद्वारा प्रपञ्चको मिथ्यात्व निश्चित भएकाले विवेकी मानिस प्रपञ्चबाट विरक्त हुन्छ।

कर्मणां परिणामित्वादाविरिञ्च्यादमङ्गलम्।

विपश्चिन्नश्वरं पश्येददृष्टमपि दृष्टवत्॥ १८॥

पदार्थ—

कर्मणां = स्वर्ग आदि फल दिने यज्ञ आदि कर्महरू	**विपश्चित्** = विवेकीले	**दृष्टवत्** = लौकिक सुख झैँ
परिणामित्वात् = परिणामी हुनाले	**आविरिञ्च्यात्** = ब्रह्मलोकसम्मका	**अमङ्गलं** = दुःखमिश्रित र
	अदृष्टं अपि = अदृष्ट स्वर्ग आदि सुखलाई पनि	**नश्वरं** = नाशवान् भनेर
		पश्येत् = देखोस्

वाक्यार्थ— स्वर्ग आदि फल दिने यज्ञ आदि कर्महरू परिणामी हुनाले विवेकीले ब्रह्मलोकसम्मका सबै अदृष्ट सुखहरूलाई दृष्ट सुख झैँ दुःखमिश्रित र नाशवान् नै देखोस्।

भक्तियोगः पुरैवोक्तः प्रीयमाणाय तेऽनघ।

पुनश्च कथयिष्यामि मद्भक्तेः कारणं परं॥ १९॥

पदार्थ—

अनघ = हे निष्पाप उद्धव	विषयमा	**प्रीयमाणाय** = भक्तिमा प्रीति राख्ने
भक्तियोगः = भक्तियोगको	**पुरा एव** = पहिले नै	**ते** = तिमीलाई
	उक्तः = बताइयो	

पुनः च = फेरि पनि	**परं** = उत्तम	**कथयिष्यामि** = बताउनेछु
मद्भक्तेः = मेरो भक्तिको	**कारणं** = कारण	

वाक्यार्थ– हे निष्पाप उद्धव ! भक्तियोगको विषयमा मैले पहिले नै बताइसकेको छु। भक्तिमा विशेष प्रीति राख्ने तिमीलाई फेरि पनि मेरो भक्तिको उत्कृष्ट कारणको विषयमा म बताउनेछु।

श्रद्धामृतकथायां मे शश्वन्मदनुकीर्तनम्।
परिनिष्ठा च पूजायां स्तुतिभिः स्तवनं मम॥ २०॥

पदार्थ–	**शश्वत्** = सधैँ	**स्तुतिभिः** = स्तुतिहरूद्वारा
मे = मेरो	**मदनुकीर्तनं** = मेरो कीर्तन गर्नु	**मम** = मेरो
अमृतकथायां = अमृतमय कथाश्रवणमा	**पूजायां** = मेरो पूजामा	**स्तवनं च** = स्तवन गर्नु पनि भक्तिको लक्षण हो
श्रद्धा = श्रद्धा गर्नु	**परिनिष्ठा** = विशेष अनुराग राख्नु र	

वाक्यार्थ– मेरो अमृततुल्य कथाश्रवणमा श्रद्धा गर्नु, सधैँ मेरो कीर्तन गर्नु, मेरो पूजामा अनुराग राख्नु र स्तुतिहरूद्वारा मेरो स्तवन गर्नु भक्तिका स्वरूप हुन्।

आदरः परिचर्यायां सर्वाङ्गैरभिवन्दनम्।
मद्भक्तपूजाभ्यधिका सर्वभूतेषु मन्मतिः॥ २१॥

पदार्थ–	**अभिवन्दनं** = प्रणाम गर्नु	**सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा
परिचर्यायां = मेरो सेवामा	**अभ्यधिका** = अत्यन्त प्रेमले	**मन्मतिः** = मेरै भावना गर्नु भक्तिको स्वरूप हो
आदरः = आदरबुद्धि गर्नु	**मद्भक्तपूजा** = मेरो भक्तको पूजा गर्नु र	
सर्वाङ्गैः = सम्पूर्ण अङ्गले		

वाक्यार्थ– मेरो सेवामा आदर गर्नु, सम्पूर्ण अङ्गद्वारा ढोग गर्नु, मेरा भक्तहरूको प्रेमले पूजा गर्नु तथा सम्पूर्ण प्राणीहरूमा मेरो भावना गर्नु भक्तिको स्वरूप हो।

मदर्थेष्वङ्गचेष्टा च वचसा मद्गुणेरणम्।
मय्यर्पणं च मनसः सर्वकामविवर्जनम्॥ २२॥

पदार्थ–	**मद्गुणेरणं** = मेरो गुणको कीर्तन गर्नु	**सर्वकामविवर्जनम् च** = सम्पूर्ण कामना त्यागिदिनु पनि भक्तिको स्वरूप हो
मदर्थेषु = मैरै आराधनामा	**मनसः** = मनलाई	
अङ्गचेष्टा च = सारा शारीरिक व्यापार गर्नु	**मयि** = ममा	
वचसा = वाणीले	**अर्पणं** = अर्पण गरिदिनु र	

वाक्यार्थ— शरीरद्वारा मेरो आराधना गर्नु, वाणीद्वारा मेरै गुणको कीर्तन गर्नु, मनलाई ममा नै अर्पण गरिदिनु र सम्पूर्ण कामनालाई त्यागिदिनु भक्तिको स्वरूप हो।

मदर्थेऽर्थपरित्यागो भोगस्य च सुखस्य च।
इष्टं दत्तं हुतं जप्तं मदर्थं यद्व्रतं तपः॥ २३॥

पदार्थ—
मदर्थे = मेरा लागि
अर्थपरित्यागः = सम्पत्ति खर्च गर्नु र
मदर्थं = मेरै आराधनाको लागि
भोगस्य च = भोगको र
सुखस्य च = सुखको पनि परित्याग गर्नु अनि
यत् = जो
इष्टं = यज्ञ आदि वैदिक कर्म
दत्तं = दान आदि दत्त कर्म
हुतं = होम आदि कर्म
जप्तं = जप
व्रतं = व्रत र
तपः = तपस्या पनि मेरै आराधनाको लागि गर्नु भक्तिको स्वरूप हो

वाक्यार्थ— मेरै लागि सम्पत्ति खर्च गर्नु, भोग र सुख आदिको परित्याग गर्नु र यज्ञ, दान, होम, जप आदि कर्म र व्रत तथा तपस्या आदि पनि मेरै आराधनाका लागि गर्नु भक्तिको स्वरूप हो।

विवरण— माथिका चार श्लोकहरूमा भगवान्‌ले उद्धवलाई आफ्नो भक्तिका मुख्य कारणहरू के हुन् भन्ने कुराको उपदेश गर्नुभएको छ। यहाँ भक्तिका साधन बताउने क्रममा भगवान्‌ले भगवत्कथाश्रवण, कीर्तन, वन्दन, पूजन आदिको उपदेश गर्नुभएको छ। यस क्रममा भगवान्‌ले नवधा भक्तिका सबैजसो अङ्गहरूको उल्लेख गर्नुभएको छ। श्रवण, कीर्तन आदि त स्वयं नै भक्ति भइहाले, तिनलाई भक्तिको साधनको रूपमा किन बताइयो ? भन्ने शङ्का हुन सक्छ, यसको उत्तरमा आचार्यहरूले भन्नुभएको छ— भक्ति प्राप्त गर्ने साधन पनि स्वयं भगवान्‌कै भक्ति हो।

सेवार्थक **भज** धातुबाट भक्ति शब्द बन्दछ। यसबाट गुरु, परमात्मा आदिको सेवा गर्नु नै भक्ति हो भन्ने बुझिन्छ। परमात्माको सेवा नोकरले मालिकको सेवा गरेजस्तो स्वार्थी सेवा होइन, भगवान्‌को सेवामा प्रेम पनि रहेको हुन्छ। यसकारण विद्वान्‌हरूले सेवा र प्रीति मिलेर नै भक्ति बन्दछ भन्नुभएको छ। भक्तिको प्राप्ति अरू कुनै साधनको अधीनमा छैन, यो त परमात्माबाट बर्सिने कृपाकै एउटा स्वरूप हो। भगवान्‌का भक्त एवं भगवान्‌को कृपाद्वारा मात्र भक्ति प्राप्त हुने कुरा नारदभक्तिसूत्रमा पनि भनिएको छ— **मुख्यतः तु महत्कृपयैव भगवत्कृपालवलेशाद् वा** अर्थात् यो भक्ति भगवद्‌भक्त महापुरुषको कृपाबाट अथवा भगवान्‌कै कृपाद्वारा प्राप्त हुन्छ। भगवान् एवं उहाँका भक्तहरूको कृपा कहिले हुन्छ ? जब प्रीतिपूर्वक परमात्माको सेवा गरिन्छ। प्रीतिपूर्वक सेवा गर्नु स्वयं भक्तिकै स्वरूप हो। यसैले भक्ति प्राप्त गर्न भक्तिकै आश्रय लिनुपर्दछ भनिएको छ।

योगेश्वर प्रबुद्धले राजा निमिलाई उपदेश गर्ने क्रममा भन्नुभएको छ— **भक्त्या सञ्जातया भक्त्या** (श्रीमद्‌भागवत ११.३.३१) अर्थात् भक्तिद्वारा नै उत्पन्न भएको भक्तिद्वारा। यसको तात्पर्य साधन भक्तिद्वारा साध्य भक्तिको उदय हुन्छ भन्नु हो। साध्य भक्तिलाई परा भक्ति, ज्ञानलक्षणा भक्ति र रागात्मिका भक्ति पनि भनिन्छ। श्रवण, कीर्तन आदि वैधी भक्तिहरूको अभ्यास गर्दागर्दै

जब व्यक्तिले परमात्मामा अविच्छिन्न अखण्ड अनुराग प्राप्त गर्दछ, त्यो वेला उसको अखण्ड भक्ति पनि अखण्डाकार वृत्तिरूप ज्ञानस्वरूप नै हुन्छ। त्यसैले नारदले भक्तिलाई गुणरहित, कामनारहित, प्रतिक्षण वर्धमान, सूक्ष्मतर र अनुभवरूप भन्नुभएको छ– **गुणरहितं कामनारहितं प्रतिक्षणं वर्धमानं सूक्ष्मतरमनुभवरूपम्** (नारदभक्तिसूत्र ५४)। यस्तो भक्ति स्वयं फलरूप हुन्छ। भक्तलाई आत्मस्वरूप परमात्माको प्रीतिपूर्वक गरिने सेवाबाहेक अन्य कुनै पनि वस्तु प्रिय छैन। ज्ञानद्वारा आत्मक्रीडा र आत्मरतिको अवस्था प्राप्त भए झैँ साधनभक्तिद्वारा पनि परमात्मारतिको अवस्था प्राप्त हुन्छ। यो अवस्थाको भक्ति ज्ञानीहरूको जीवन्मुक्ति जस्तै स्वयं नै फलरूप छ। त्यसैले भनिन्छ, **फलरूपत्वात्** अर्थात् साध्य भक्ति स्वयं फलरूप हो। यहाँ पनि भगवान्ले **कोऽन्योऽर्थोऽस्यावशिष्यते** अर्थात् यस्तो व्यक्तिले पाउनुपर्ने अर्को कुन पुरुषार्थ छ र ? भनी भक्ति स्वयं फलरूप भएको कुरा सूचित गर्नुभएको छ।

एवं धर्मैर्मनुष्याणामुद्धवात्मनिवेदिनाम्।
मयि सञ्जायते भक्तिः कोऽन्योऽर्थोऽस्यावशिष्यते॥ २४॥

पदार्थ–
उद्धव = हे उद्धव
एवं = यसरी
धर्मैः = आफ्ना धर्महरूद्वारा
आत्मनिवेदिनां = आत्मनिवेदन गर्ने (आफू पूरै समर्पित हुने)
मनुष्याणां = मनुष्यहरूको
मयि = ममा
भक्तिः = प्रेमस्वरूपा भक्ति
सञ्जायते = उत्पन्न हुन्छ
अस्य = यस्तो भक्तको
अर्थः = अभिलषित वस्तु
अन्यः = अरू
कः = कुन चाहिँ
अवशिष्यते = बाँकी रहन्छ

वाक्यार्थ– हे उद्धव ! यसरी आ-आफ्ना धर्मद्वारा आफू पूरै समर्पित हुने मनुष्यहरूको ममा प्रेमलक्षण भक्ति उत्पन्न हुन्छ, त्यस्ता भक्तका लागि पाउनुपर्ने अरू कुनै वस्तु पनि बाँकी रहँदैन।

यदात्मन्यर्पितं चित्तं शान्तं सत्त्वोपबृंहितम्।
धर्मं ज्ञानं सवैराग्यमैश्वर्यं चाभिपद्यते॥ २५॥

पदार्थ–
यदा = जुन समयमा
सत्त्वोपबृंहितं = सत्त्वगुणले युक्त
शान्तं = शान्त
चित्तं = चित्त
आत्मनि = परमात्मस्वरूप ममा
अर्पितं = अर्पित हुन्छ (त्यही समयमा)
धर्मं = धर्मलाई
सवैराग्यं = वैराग्यले सहित
ज्ञानं = ज्ञानलाई र
ऐश्वर्यं च = ऐश्वर्यलाई पनि
अभिपद्यते = प्राप्त गर्दछ

वाक्यार्थ– जुन समयमा सत्त्वगुणले युक्त भएको शान्त चित्त परमात्मामा अर्पण गरिन्छ त्यसै समयमा नै भक्तले धर्म, वैराग्यले सहित ज्ञान र ऐश्वर्यलाई प्राप्त गर्दछ।

यदर्पितं तद् विकल्पे इन्द्रियैः परिधावति।
रजस्वलं चासन्निष्ठं चित्तं विद्धि विपर्ययम्॥ २६॥

पदार्थ–
यत् = जुन समयमा
तत् = त्यो
चित्तं = चित्त
रजस्वलं = रजोगुणले युक्त हुन्छ
असन्निष्ठं = विषयासक्त हुनाले
इन्द्रियैः = इन्द्रियहरू सहित
विकल्पे = देह, गृह आदिमा
अर्पितं = आसक्त भई
परिधावति = विषयतिर दौडन्छ
(त्यस समयमा)
विपर्ययं च = विपरीत दशा
(अधर्म, अवैराग्य, अज्ञान र अनैश्वर्य) प्राप्त हुन्छ भनेर
विद्धि = जान

वाक्यार्थ– जब चित्त रजोगुणले युक्त हुन्छ र विषयासक्त भई इन्द्रियसहित विषयतिर दौडन्छ, त्यसपछि विपरीत अर्थात् धर्म, अवैराग्य, अज्ञान र अनैश्वर्य प्राप्त हुन्छ।

धर्मो मद्भक्तिकृत् प्रोक्तो ज्ञानं चैकात्म्यदर्शनम्।
गुणेष्वसङ्गो वैराग्यमैश्वर्यं चाणिमादयः॥ २७॥

पदार्थ–
मद्भक्तिकृत् = मेरो भक्ति गर्नुलाई
धर्मः = धर्म भनेर
प्रोक्तः = बताइन्छ
ऐकात्म्यदर्शनं = सर्वत्र अभेदबुद्धि हुनुलाई
ज्ञानं = ज्ञान भनिन्छ र
गुणेषु = विषयहरूमा
असङ्गः = आसक्ति नगर्नुलाई
वैराग्यं = वैराग्य भनिन्छ र
अणिमादयः = अणिमा अदिलाई
ऐश्वर्यं च = ऐश्वर्य भनिन्छ

वाक्यार्थ– मेरो भक्ति धर्म हो, सर्वत्र अभेदबुद्धि हुनु ज्ञान हो, विषयमा अनासक्ति वैराग्य हो र अणिमा आदि ऐश्वर्य हुन्।

उद्धव उवाच (उद्धवले भने)

यमः कतिविधः प्रोक्तो नियमो वारिकर्शन।
कः शमः को दमः कृष्ण का तितिक्षा धृतिः प्रभो॥ २८॥

पदार्थ–
अरिकर्शन = हे शत्रुनाशक प्रभु
यमः = यम
नियमः वा = अथवा नियम
कतिविधः = कति प्रकारको
प्रोक्तः = बताइएको छ
कृष्ण = हे कृष्ण
शमः = शम भनेको
कः = के हो
दमः = दम भनेको
कः = के हो
प्रभो = हे स्वामी
तितिक्षा = तितिक्षा भनेको
धृतिः = धृति भनेको
का = के हो

वाक्यार्थ– हे शत्रुनाशक प्रभु ! यम र नियम कति प्रकारका हुन्छन् ? शम, दम र तितिक्षा तथा धृति भनेका के हुन् ?

किं दानं किं तपः शौर्यं किं सत्यमृतमुच्यते।
कस्त्यागः किं धनं चेष्टं को यज्ञः का च दक्षिणा॥ २९॥

पदार्थ–

दानं = दान	**शौर्यं** = शूरता	**इष्टं** = अभीष्ट
किं = केलाई	**सत्यं** = वचनको सत्यता र	**धनं च** = धन भनेको
उच्यते = भनिन्छ	**ऋतं** = व्यावहारिक सत्यता	**किं** = के हो
तपः = तपस्या भनेको	**किं** = के हो	**यज्ञः** = यज्ञ
किं = के हो	**त्यागः** = त्याग भनेको	**कः** = के हो
	कः = के हो	**दक्षिणा च का** = दक्षिणा के हो

वाक्यार्थ– दान केलाई भनिन्छ ? तपस्या, शूरता, वचनको सत्यता र व्यावहारिक सत्यता भनेको के हो ? त्याग केलाई भनिन्छ ? अभीष्ट धन भनेको के हो र यज्ञ तथा दक्षिणा भनेको के हो ?

पुंसः किंस्विद् बलं श्रीमन् भगो लाभश्च केशव ।
का विद्या ह्रीः परा का श्रीः किं सुखं दुःखमेव च ॥ ३० ॥

पदार्थ–

श्रीमन् = हे ऐश्वर्यशाली प्रभु	**भगः** = ऐश्वर्य र	**का** = के हो
केशव = हे केशव	**लाभः च** = लाभ भनेको के हो	**सुखं** = सुख र
पुंसः = पुरुषको	**परा विद्या** = परा विद्या भनेर	**दुःखं एव** = दुःख भनेको पनि
बलं = बल भनेको	**का** = केलाई भनिन्छ	**किं च** = के हो
किंस्वित् = के हो	**ह्रीः** = लज्जा र	
	श्रीः = शोभा भनेको	

वाक्यार्थ– हे ऐश्वर्यशाली प्रभु ! हे केशव ! पुरुषको बल भनेको के हो ? ऐश्वर्य र लाभ भनेको के हो ? र परा विद्या केलाई भनिन्छ ? अनि लज्जा, शोभा, सुख र दुःख भनेका के-के हुन् ?

कः पण्डितः कश्च मूर्खः कः पन्था उत्पथश्च कः ।
कः स्वर्गो नरकः कः स्वित् को बन्धुरुत किं गृहम् ॥ ३१ ॥

पदार्थ–

पण्डितः = पण्डित भनेको	**कः** = के हो र	**कः स्वित्** = के हो
कः = को हो	**उत्पथः च** = कुमार्ग भनेको पनि	**बन्धुः** = बान्धव
मूर्खः च = मूर्ख भनेको पनि	**कः** = के हो	**कः** = को हो
कः = को हो	**स्वर्गः** = स्वर्ग	**उत** = अथवा
पन्था = सन्मार्ग भनेको	**कः** = के हो र	**गृहं** = घर
	नरकः = नरक	**किम्** = के हो

वाक्यार्थ– पण्डित भनेको को हो र मूर्ख भनेको को हो ? सन्मार्ग भनेको के हो र कुमार्ग भनेको के हो ? स्वर्ग भनेको के हो र नरक भनेको के हो ? अनि बन्धु भनेका को हुन् र घर भनेको के हो ?

क आढ्यः को दरिद्रो वा कृपणः कः क ईश्वरः।
एतान् प्रश्नान् मम ब्रूहि विपरीतांश्च सत्पते॥ ३२॥

पदार्थ–
सत्पते = हे सज्जनका पति प्रभु
आढ्यः = धनी
कः = को हो
दरिद्रः = दरिद्र
कः = को हो
कृपणः = लोभी
कः वा = को हो
ईश्वरः = ईश्वर (सर्वसमर्थ)
कः = को हो
एतान् = यी
मम = मेरा
प्रश्नान् = प्रश्नहरूको विषयमा र
विपरीतान् च = विपरीत विषयमा पनि
ब्रूहि = बताउनुहोस्

वाक्यार्थ– हे सज्जनका पति प्रभु ! धनी को हो ? दरिद्र को हो ? लोभी को हो र ईश्वर को हो ? मेरा यी सबै प्रश्नहरू र यी बाहेकका विषयमा पनि मलाई बताउनुहोस्।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)
अहिंसा सत्यमस्तेयमसङ्गो ह्रीरसञ्चयः।
आस्तिक्यं ब्रह्मचर्यं च मौनं स्थैर्यं क्षमाभयम्॥ ३३॥
शौचं जपस्तपो होमः श्रद्धातिथ्यं मदर्चनम्।
तीर्थाटनं परार्थेहा तुष्टिराचार्यसेवनम्॥ ३४॥
एते यमाः सनियमा उभयोर्द्वादश स्मृताः।
पुंसामुपासितास्तात यथाकामं दुहन्ति हि॥ ३५॥

पदार्थ–
तात = हे प्रिय उद्धव
अहिंसा = हिंसा नगर्नु
सत्यं = साँचो बोल्नु
अस्तेयं = चोरी नगर्नु
असङ्गः = आसक्ति नगर्नु
ह्रीः = लज्जाशील हुनु
असञ्चयः = सङ्ग्रह नगर्नु
आस्तिक्यं = आस्तिक्यबुद्धि गर्नु
ब्रह्मचर्यं च = ब्रह्मचर्य व्रत पालन गर्नु
मौनं = मौन रहनु
स्थैर्यं = कर्ममा स्थिर रहनु
क्षमा = सहनशील हुनु
अभयं = निर्भय रहनु
शौचं = पवित्र रहनु
जपः = जप गर्नु
तपः = तपस्या गर्नु
होमः = होम गर्नु
श्रद्धा = श्रद्धायुक्त हुनु
आतिथ्यं = अतिथिसत्कार गर्नु
मदर्चनं = मेरो (परमात्माको) पूजा गर्नु
तीर्थाटनं = तीर्थयात्रा गर्नु
परार्थेहा = परोपकारमा लाग्नु
तुष्टिः = सन्तोष गर्नु र
आचार्यसेवनं = गुरुहरूको सेवा गर्नु
एते = यी
सनियमाः = नियमले सहित
द्वादश = बाह्र
यमाः = यमहरू
उभयोः = निवृत्ति र प्रवृत्ति दुबै

रामानन्दी टीका

मार्गका लागि
स्मृताः = हुन्
हि = किनभने
उपासिताः = यिनीहरूको
राम्रोसँग उपासना गऱ्यो भने
(यिनीहरूले)
पुंसां = मानिसलाई
यथाकामं = इच्छा अनुसार भोग
र मोक्ष
दुहन्ति = दिलाउँछन्

वाक्यार्थ– हे उद्धव ! चोरी नगर्नु, कसैमा आसक्त नहुनु, लज्जाशील हुनु, सङ्ग्रह नगर्नु, आस्तिक बन्नु, ब्रह्मचर्य धारण गर्नु, मौनतामा रहनु, स्थिर रहनु, सहनशील हुनु, निर्भय रहनु, पवित्र रहनु, जप, तप र होम गर्नु, श्रद्धायुक्त हुनु, अतिथि सत्कार गर्नु, मेरो (परमात्माको) पूजा गर्नु, तीर्थयात्रा गर्नु, परोपकार गर्नु, सधैँ सन्तुष्ट रहनु र गुरुहरूको सेवा गर्नु यी बाह्रवटा नियमसहित यम हुन्। यिनीहरूको उपासना गर्ने, प्रवृत्तिमार्गको वा निवृत्तिमार्गको दुबैखाले उपासकलाई इच्छाअनुसार भोग वा मोक्ष प्राप्त हुन्छ।

शमो मन्निष्ठता बुद्धेर्दम इन्द्रियसंयमः।
तितिक्षा दुःखसम्मर्षो जिह्वोपस्थजयो धृतिः॥ ३६॥
दण्डन्यासः परं दानं कामत्यागस्तपः स्मृतम्।
स्वभावविजयः शौर्यं सत्यं च समदर्शनम्॥ ३७॥

पदार्थ–
बुद्धेः = बुद्धिको
मन्निष्ठता = ममा एकाग्रता
शमः = शम हो
इन्द्रियसंयमः = इन्द्रियलाई वश गर्नु
दमः = दम हो
दुःखसम्मर्षः = दुःख सहनु
तितिक्षा = तितिक्षा हो
जिह्वोपस्थजयः = रसना र उपस्थेन्द्रियलाई जित्नु
धृतिः = धैर्य हो
दण्डन्यासः = कसैलाई दण्ड दिने भावको परित्याग गर्नु
परं = श्रेष्ठ
दानं = दान हो
कामत्यागः = कामनाको परित्याग गर्नु
तपः = तपस्या हो भनेर
स्मृतं = मानिएको छ
स्वभावविजयः = स्वभावलाई जित्नु
शौर्यं = शूरता हो र
समदर्शनं च = सबैमा समानदृष्टि गर्नु
सत्यम् = सत्य हो

वाक्यार्थ– बुद्धिलाई ममा स्थिर गराउनु शम हो, इन्द्रियनिग्रह गर्नु दम हो, दुःख सहनु तितिक्षा हो, रसना र उपस्थेन्द्रियलाई जित्नु धैर्य हो, कसैलाई दण्ड दिने भाव त्याग्नु श्रेष्ठ दान हो, कामना त्याग्नु तपस्या हो, स्वभावलाई जित्नु शूरता हो र सबैमा समान दृष्टि गर्नु सत्यता हो।

ऋतं च सुनृता वाणी कविभिः परिकीर्तिता।
कर्मस्वसङ्गमः शौचं त्यागः संन्यास उच्यते॥ ३८॥

पदार्थ–
सुनृता = सत्य र मिठो
वाणी = बोली

कविभिः = विद्वान्हरूद्वारा	**कर्मसु** = कर्महरूमा	**संन्यासः** = संन्यासलाई
ऋतं च = ऋत भनेर	**असङ्गमः** = आसक्त नहुनु	**त्यागः** = त्याग भनेर
परिकीर्तिता = बताइएको छ	**शौचं** = पवित्रता हो र	**उच्यते** = भनिन्छ

वाक्यार्थ— सत्य र प्रिय बोलीलाई विद्वान्हरूले ऋत भनेका छन्, कर्ममा आसक्त नहुनु शुद्धता हो र संन्यास भनेको त्याग हो।

धर्म इष्टं धनं नृणां यज्ञोऽहं भगवत्तमः।
दक्षिणा ज्ञानसन्देशः प्राणायामः परं बलम्॥ ३९॥

पदार्थ—	**भगवत्तमः** = पूर्ण ऐश्वर्यादियुक्त	**प्राणायामः** = प्राणायाम
नृणां = मनुष्यहरूको लागि	**अहं** = म	**परं** = सर्वश्रेष्ठ
इष्टं = इच्छा गरिएको (श्रेष्ठ)	**यज्ञः** = यज्ञ हुँ	**बलम्** = बल हो
धनं = धन	**ज्ञानसन्देशः** = ज्ञानको उपदेश	
धर्मः = धर्म हो र	**दक्षिणा** = दक्षिणा हो र	

वाक्यार्थ— मनुष्यहरूको श्रेष्ठ धन धर्म हो, पूर्ण ऐश्वर्यादि युक्त म यज्ञ हुँ, ज्ञानको उपदेश दक्षिणा हो र प्राणायाम सर्वश्रेष्ठ बल हो।

भगो म ऐश्वरो भावो लाभो मद्भक्तिरुत्तमः।
विद्यात्मनि भिदाबाधो जुगुप्सा ह्रीरकर्मसु॥ ४०॥

पदार्थ—	**मद्भक्तिः** = मेरो भक्ति गर्नु	(निषेध) नै
मे = मेरो	**उत्तमः** = श्रेष्ठ	**विद्या** = विद्या हो र
ऐश्वरः = ऐश्वर्य आदि	**लाभः** = लाभ हो	**अकर्मसु** = निन्दित कर्ममा
भावः = गुण	**आत्मनि** = आत्मामा	**जुगुप्सा** = घृणा गर्नु
भगः = भाग्य हो	**भिदाबाधः** = भेदको बाध	**ह्रीः** = लज्जा हो

वाक्यार्थ— मेरा ऐश्वर्य आदि गुण नै भाग्य हो, मेरो भक्ति उत्तम लाभ हो, आत्मामा भेदको बाध (निषेध) हुनु विद्या हो र निन्दित कर्ममा घृणा गर्नु लज्जा हो।

श्रीर्गुणा नैरपेक्ष्याद्याः सुखं दुःखसुखात्ययः।
दुःखं कामसुखापेक्षा पण्डितो बन्धमोक्षवित्॥ ४१॥

पदार्थ—	**श्रीः** = आभूषण हुन्	**सुखं** = सुख हो
नैरपेक्ष्याद्याः = निरपेक्षत्व आदि	**दुःखसुखात्ययः** = दुःख र	**कामसुखापेक्षा** = विषयभोगको
गुणाः = गुणहरू	सुखको अपेक्षा नगर्नु	अपेक्षा गर्नु

दुःखं = दुःख हो र
बन्धमोक्षवित् = बन्धन र
मोक्षलाई जान्ने
पण्डितः = पण्डित हो

वाक्यार्थ– निरपेक्षत्व आदि गुणहरू आभूषण हुन्, दुःखसुखको अपेक्षा नगर्नु सुख हो, विषयभोगबाट सुखको आशा गर्नु दुःख हो र बन्धन र मोक्षलाई जान्ने पण्डित हो।

मूर्खो देहाद्यहंबुद्धिः पन्था मन्निगमः स्मृतः।
उत्पथश्चित्तविक्षेपः स्वर्गः सत्त्वगुणोदयः॥ ४२॥

पदार्थ–
देहाद्यहंबुद्धिः = शरीर आदिमा अहं बुद्धि गर्ने व्यक्ति
मूर्खः = मूर्ख हो
मन्निगमः = मलाई प्राप्त गर्ने मार्ग
पन्था = सन्मार्ग भनेर
स्मृतः = जान्नु
चित्तविक्षेपः = चित्तको विक्षेप नै
उत्पथः = कुमार्ग हो र
सत्त्वगुणोदयः = सत्त्वगुणको उदय नै
स्वर्गः = स्वर्ग हो

वाक्यार्थ– शरीर आदिमा अहंबुद्धि गर्ने व्यक्ति मूर्ख हो, मलाई प्राप्त गर्ने मार्ग सन्मार्ग हो र चित्तको विक्षेप नै कुमार्ग हो भने सत्त्वगुणको उदय स्वर्ग हो।

नरकस्तम उन्नाहो बन्धुर्गुरुरहं सखे।
गृहं शरीरं मानुष्यं गुणाढ्यो ह्याढ्य उच्यते॥ ४३॥

पदार्थ–
तमः = तमोगुणको
उन्नाहः = वृद्धि नै
नरकः = नरक हो
सखे = हे मित्र उद्धव
गुरुः = गुरु नै
बन्धुः = बन्धु हो र
अहं = म नै गुरु हुँ
मानुष्यं = मनुष्यको
शरीरं = शरीर नै
गृहं = घर हो
हि = निश्चय पनि
गुणाढ्यः = विवेक आदि गुणले सम्पन्न मानिस नै
आढ्यः = धनी हो भनेर
उच्यते = भनिन्छ

वाक्यार्थ– तमोगुणको वृद्धि नै नरक हो। हे मित्र ! गुरु नै बन्धु हो र म नै गुरु हुँ। मनुष्यको शरीर नै घर हो र विवेक आदि गुणले सम्पन्न पुरुष नै धनी हो।

दरिद्रो यस्त्वसन्तुष्टः कृपणो योऽजितेन्द्रियः।
गुणेष्वसक्तधीरीशो गुणसङ्गो विपर्ययः॥ ४४॥

पदार्थ–
यः तु = जो
असन्तुष्टः = असन्तोषी छ त्यो
दरिद्रः = दरिद्र हो
यः = जो
अजितेन्द्रियः = जितेन्द्रिय छैन त्यो नै
कृपणः = दीनदुःखी हो
गुणेषु = विषयहरूमा

असक्तधीः = अनासक्त व्यक्ति नै	**गुणसङ्गः** = विषयमा आसक्त	**विपर्ययः** = त्यसको विपरीत
ईशः = स्वतन्त्र ईश्वर हो र	व्यक्ति	पराधीन हो

वाक्यार्थ– जो असन्तोषी छ त्यो दरिद्र हो, जो अजितेन्द्रिय छ, त्यो कृपण हो। विषयमा अनासक्त व्यक्ति ईश्वर वा स्वतन्त्र हो भने विषयमा आसक्त पराधीन वा अनीश हो।

एत उद्धव ते प्रश्नाः सर्वे साधु निरूपिताः।
किं वर्णितेन बहुना लक्षणं गुणदोषयोः॥
गुणदोषदृशिर्दोषो गुणस्तूभयवर्जितः॥ ४५॥

पदार्थ–	**निरूपिताः** = निरूपण गरिए	दर्शन गर्नु
उद्धव = हे उद्धव	**बहुना** = धेरै	**दोषः** = दोष हो भने
ते = तिम्रा	**वर्णितेन** = वर्णन गरेर	**उभयवर्जितः** = गुणदोषको
एते = यी	**किं** = के हुन्छ र	दृष्टिबाट रहित हुनु
सर्वे = सबै	**गुणदोषयोः** = गुण र दोषको	**गुणः** = गुण हो
प्रश्नाः = प्रश्नहरू	**लक्षणं** = लक्षण यही नै हो कि	
साधु = राम्रोसँग	**गुणदोषदृशिः** = गुण र दोषको	

वाक्यार्थ– हे उद्धव ! तिम्रा यी सबै प्रश्नहरूको मैले राम्रोसँग निरूपण गरेँ। धेरै वर्णन गरेर के हुन्छ र ? वास्तवमा गुण र दोषको स्वरूप के हो भने गुणदोष-दृष्टि गर्नु दोष हो र गुणदोष-दृष्टिबाट रहित हुनु गुण हो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे एकोनविंशोऽध्यायः॥ १९॥

अथ विंशोऽध्यायः

ज्ञानयोग, कर्मयोग र भक्तियोग

उद्धव उवाच (उद्धवले भने)

विधिश्च प्रतिषेधश्च निगमो हीश्वरस्य ते ।

अवेक्षतेऽरविन्दाक्ष गुणं दोषं च कर्मणाम् ॥ १ ॥

पदार्थ–
अरविन्दाक्ष = हे कमलनयन
हि = निश्चय नै
ईश्वरस्य = परमेश्वररूप
ते = हजुरको
निगमः = आज्ञारूप वेदले
विधिः च = विधिरूप र
प्रतिषेधः च = निषेधरूप
कर्मणां = कर्महरूको
गुणं = गुण र
दोषं च = दोषलाई पनि
अवेक्षते = प्रतिपादन गर्दछ

वाक्यार्थ– हे कमलनयन ! परमेश्वर हजुरको जो आज्ञारूप वेद छ, त्यसले विधिरूप र निषेधरूप कर्मको गुण र दोषलाई प्रतिपादन गर्दछ।

वर्णाश्रमविकल्पं च प्रतिलोमानुलोमजम् ।

द्रव्यदेशवयःकालान् स्वर्गं नरकमेव च ॥ २ ॥

पदार्थ–
वर्णाश्रमविकल्पं = वर्ण र आश्रमको भेदलाई
प्रतिलोमानुलोमजं च = प्रतिलोम र अनुलोमबाट जन्मिएका जातिलाई
द्रव्यदेशवयःकालान् = द्रव्य, देश, अवस्था र समयलाई अनि
स्वर्गं = स्वर्गलाई र
नरकं एव च = नरकलाई पनि
(वेदले प्रतिपादन गर्दछ)

वाक्यार्थ– वर्ण र आश्रमको भेदलाई, प्रतिलोम र अनुलोम जातिलाई, द्रव्य, देश, अवस्था र समयलाई अनि स्वर्ग र नरकलाई पनि वेदले प्रतिपादन गर्दछ।

गुणदोषभिदादृष्टिमन्तरेण वचस्तव ।

निःश्रेयसं कथं नृणां निषेधविधिलक्षणम् ॥ ३ ॥

पदार्थ–
निषेधविधिलक्षणं = निषेध र विधिको स्वरूप
तव = हजुरको
वचः = वचनरूपी वेद
गुणदोषभिदादृष्टिं = गुण र दोषको भेददृष्टिलाई
अन्तरेण = छाडेर
नृणां = मनुष्यहरूको
निःश्रेयसं = पुरुषार्थको साधन
कथम् = कसरी हुन सक्छ

वाक्यार्थ– हजुरको वचनरूपी वेद छ। यसले निषेध र विधिस्वरूप गुण र दोषको भेददृष्टिलाई

छाडेर कसरी मानिसहरूको पुरुषार्थको सिद्धि गर्न सक्छ ?

पितृदेवमनुष्याणां वेदश्चक्षुस्तवेश्वर ।
श्रेयस्त्वनुपलब्धेऽर्थे साध्यसाधनयोरपि ॥ ४ ॥

पदार्थ—
ईश्वर = हे समर्थ प्रभु
अनुपलब्धे = प्रत्यक्ष आदि प्रमाणद्वारा नजानिने
अर्थे = स्वर्ग, मोक्ष आदिको विषयमा र
साध्यसाधनयोः अपि = साध्य र साधनको विषयमा पनि
तव = हजुरको वाक्यरूपी
वेदः तु = वेद नै
पितृदेवमनुष्याणां = पितृ, देवता र मनुष्यहरूको लागि
श्रेयः = श्रेष्ठ
चक्षुः = नेत्रसमान साधन हो

वाक्यार्थ— हे प्रभु ! प्रत्यक्ष आदि प्रमाणले नजानिने स्वर्ग, मोक्ष आदि विषयमा र साध्यसाधनको विषयमा पनि हजुरको वाक्यरूपी वेद नै पितृ, देवता र मनुष्यहरूका लागि नेत्रसमान साधन हो।

गुणदोषभिदादृष्टिर्निगमात् ते न हि स्वतः ।
निगमेनापवादश्च भिदाया इति ह भ्रमः ॥ ५ ॥

पदार्थ—
ते = हजुरको वचनरूपी
निगमात् = वेदबाट नै
गुणदोषभिदादृष्टिः = गुणदोषको भेददृष्टि भएको छ
स्वतः = स्वाभाविक रूपमा
न हि = भएको होइन, फेरि
निगमेन = वेदले
भिदायाः = भेददृष्टिको
अपवादः च = निराकरण पनि गरेको छ
इति = यसरी
ह = निश्चय पनि
भ्रमः = (हामीहरूलाई) भ्रम भइरहेको छ

वाक्यार्थ— हजुरको वचनरूपी वेदले नै गुण र दोषको भेददृष्टिको विधान गरेको छ, स्वतः भएको होइन र फेरि वेदले नै भेददृष्टिको निराकरण पनि गरेको छ। यो कसरी हुन्छ भन्ने विषयमा हामीहरूलाई भ्रम भइरहेको छ।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

योगास्त्रयो मया प्रोक्ता नृणां श्रेयोविधित्सया ।
ज्ञानं कर्म च भक्तिश्च नोपायोऽन्योऽस्ति कुत्रचित् ॥ ६ ॥

पदार्थ—
नृणां = मनुष्यहरूको
श्रेयोविधित्सया = कल्याणको कामनाले
मया = मद्वारा
त्रयः = तीन प्रकारका
योगाः = योगहरू
प्रोक्ताः = बताइए
ज्ञानं = ज्ञानयोग
कर्म च = कर्मयोग र
भक्तिः च = भक्तियोग
(यिनीहरूभन्दा)

अन्यः = अर्को	**कुत्रचित्** = कतै पनि (कुनै पनि शास्त्रमा)	**न अस्ति** = छैन
उपायः = उपाय		

वाक्यार्थ— मैले मनुष्यहरूको कल्याणका लागि ज्ञानयोग, निष्काम कर्मयोग र भक्तियोग गरी तीन योग बताएँ। यी बाहेक अरू कल्याणको कुनै उपाय कतै पनि छैन वा कुनै पनि शास्त्रमा बताइएको छैन।

निर्विण्णानां ज्ञानयोगो न्यासिनामिह कर्मसु।
तेष्वनिर्विण्णचित्तानां कर्मयोगस्तु कामिनाम्॥ ७॥
यदृच्छया मत्कथादौ जातश्रद्धस्तु यः पुमान्।
न निर्विण्णो नातिसक्तो भक्तियोगोऽस्य सिद्धिदः॥ ८॥

पदार्थ—	**अनिर्विण्णचित्तानां** = विरक्त चित्त नभएका	**मत्कथादौ** = मेरो कथा आदिमा
इह = यहाँ	**कामिनां तु** = सकाम मानिसहरूलाई चाहिँ	**जातश्रद्धः** = श्रद्धावान् भएर
कर्मसु = कर्महरूमा	**कर्मयोगः** = कर्मयोग र	**निर्विण्णः न** = विरक्त छैन
निर्विण्णानां = विरक्त भएका	**यः तु** = जो	**अतिसक्तः न** = आसक्त छैन
न्यासिनां = संन्यासीहरूको लागि	**पुमान्** = पुरुष	**अस्य** = त्यस्तो व्यक्तिको लागि
ज्ञानयोगः = ज्ञानयोग (बताइयो)	**यदृच्छया** = स्वाभाविक रूपमा	**भक्तियोगः** = भक्तियोग
तेषु = ती कर्महरूमा		**सिद्धिदः** = सिद्धिदायी हुन्छ

वाक्यार्थ— यी तीन योगमध्ये कर्मबाट विरक्त भएका संन्यासीहरूको लागि ज्ञानयोग, कर्ममा विरक्त नभएका सकाम पुरुषहरूका लागि कर्मयोग र जो स्वाभाविक रूपमा मेरो कथा आदिमा श्रद्धावान् छ, न विरक्त छ न त आसक्त छ त्यस्तो व्यक्तिका लागि भक्तियोग सिद्धिदायक हुन्छ।

तावत् कर्माणि कुर्वीत न निर्विद्येत यावता।
मत्कथाश्रवणादौ वा श्रद्धा यावन्न जायते॥ ९॥

पदार्थ—	**मत्कथाश्रवणादौ** = मेरो कथाको श्रवण आदिमा	**तावत्** = तबसम्म
यावता = जहिलेसम्म	**श्रद्धा वा** = आस्था	**कर्माणि** = कर्महरू
न निर्विद्येत = विरक्त हुँदैन	**न जायते** = हुँदैन	**कुर्वीत** = गरिरहोस्
यावत् = जबसम्म		

वाक्यार्थ— जहिलेसम्म व्यक्ति विषयबाट विरक्त हुँदैन वा मेरो कथा श्रवण आदिमा उसलाई आस्था हुँदैन, तबसम्म कर्महरू गरिरहोस्।

स्वधर्मस्थो यजन् यज्ञैरनाशीःकाम उद्धव ।
न याति स्वर्गनरकौ यद्यन्यन्न समाचरेत् ॥ १० ॥

पदार्थ—
उद्धव = हे उद्धव
अनाशीःकामः = फलको
कामना नगरी
स्वधर्मस्थः = आफ्नो धर्ममा
रहेको व्यक्तिले
यज्ञैः = यज्ञहरूद्वारा
यजन् = मेरो यजन गर्दै
यदि = यदि
अन्यत् = अरू निषिद्ध र काम्य
कर्म
न समाचरेत् = गर्दैन भने (त्यो)
स्वर्गनरकौ = स्वर्ग वा नरक
कतै पनि
न याति = जाँदैन

वाक्यार्थ— हे उद्धव ! फलको कामना नराखिकन स्वधर्ममा रहेर यज्ञहरूद्वारा मेरो पूजन गर्ने व्यक्तिले यदि निषिद्ध कर्म र काम्य कर्म गर्दैन भने त्यो व्यक्ति स्वर्ग पनि जाँदैन र नरक पनि जाँदैन।

अस्मिंल्लोके वर्तमानः स्वधर्मस्थोऽनघः शुचिः ।
ज्ञानं विशुद्धमाप्नोति मद्भक्तिं वा यदृच्छया ॥ ११ ॥

पदार्थ—
स्वधर्मस्थः = आफ्नो धर्ममा
रहेको व्यक्तिले
अस्मिन् = यो
लोके = लोकमा
वर्तमानः = रहेर
अनघः = निषिद्ध कर्मको
परित्याग गरी
शुचिः = पवित्र रहन्छ भने
यदृच्छया = अनायासमै
विशुद्धं = शुद्ध
ज्ञानं = ज्ञानलाई
मद्भक्तिं वा = अथवा मेरो
भक्तिलाई
आप्नोति = प्राप्त गर्दछ

वाक्यार्थ— स्वधर्मको आचरण गर्दै यस लोकमा रहेर निषिद्ध कर्मको परित्याग गरी पवित्र भएको व्यक्तिले अनायासमै विशुद्धज्ञान वा मेरो भक्तिलाई प्राप्त गर्दछ।

स्वर्गिणोऽप्येतमिच्छन्ति लोकं निरयिणस्तथा ।
साधकं ज्ञानभक्तिभ्यामुभयं तदसाधकम् ॥ १२ ॥

पदार्थ—
निरयिणः = नरकवासीहरू र
तथा = त्यस्तै
स्वर्गिणः अपि = स्वर्गीय
व्यक्तिहरू पनि
एतं = यो
लोकं = मनुष्य शरीरलाई
इच्छन्ति = चाहन्छन् (किनभने)
ज्ञानभक्तिभ्यां = ज्ञान र
भक्तिद्वारा यो शरीर
साधकं = मोक्षको साधक हुन्छ
तर
तत् = त्यो
उभयं = स्वर्गीय र नारकीय दुई
प्रकारको शरीर
असाधकम् = ज्ञान र भक्तिद्वारा
पुरुषार्थसाधक हुँदैन

वाक्यार्थ— नरकवासी र स्वर्गवासी व्यक्तिहरू पनि यो मनुष्य शरीरलाई चाहन्छन्, किनभने यो शरीर ज्ञान र भक्तिद्वारा मोक्षको साधक छ, परन्तु स्वर्गीय शरीर र नारकीय शरीरबाट त्यो

पुरुषार्थ सिद्ध गर्न सकिँदैन।

न नरः स्वर्गतिं काङ्क्षेन्नारकीं वा विचक्षणः।

नेमं लोकं च काङ्क्षेत देहावेशात् प्रमाद्यति ॥ १३ ॥

पदार्थ—	स्वर्गगतिको पनि	**देहावेशात्** = जुनसुकै शरीरमा
विचक्षणः = बुद्धिमान्	**न काङ्क्षेत्** = कामना नगरोस् र	अहंता र ममता रह्यो भने पनि
नरः = मानिसले	**इमं च** = यो	**प्रमाद्यति** = स्वस्वरूपको
नारकीं = नरकप्राप्तिको	**लोकं** = मनुष्यलोकको पनि	अनुसन्धानबाट च्युत हुन्छ
स्वर्गतिं वा = अथवा	**न काङ्क्षेत** = कामना नगरोस्	

वाक्यार्थ— बुद्धिमान् मानिसले नरकको, स्वर्गको वा मनुष्यशरीरको पनि कामना नगरोस् किनभने जुनसुकै शरीरमा पनि अहंता र ममता बुद्धि भएपछि स्वस्वरूपको अनुसन्धानबाट च्युत भइन्छ।

एतद् विद्वान् पुरा मृत्योरभवाय घटेत सः।

अप्रमत्त इदं ज्ञात्वा मर्त्यमप्यर्थसिद्धिदम् ॥ १४ ॥

पदार्थ—	**इदं** = यो शरीर	**मृत्योः** = मृत्यु हुनुभन्दा
एतत् = यो शरीरको सम्बन्ध	**अर्थसिद्धिदं अपि** = पुरुषार्थको	**पुरा** = पहिले नै
अनर्थको हेतु हो भन्ने कुरा	साधन भएर पनि	**अप्रमत्तः** = सावधान भएर
विद्वान् = जानेर	**मर्त्यम्** = मरणशील छ भन्ने	**अभवाय** = मोक्षको लागि
सः = त्यो विवेकीले	**ज्ञात्वा** = बुझेर	**घटेत** = प्रयत्न गरोस्

वाक्यार्थ— शरीरको सम्बन्ध अनर्थको कारण हो भन्ने कुरा बुझेको विवेकीले यो शरीर पुरुषार्थप्राप्तिको साधन भएर पनि मरणशील छ भन्ने कुरा जानेर मृत्युभन्दा पहिले नै सावधान भई मोक्षको लागि प्रयास गरोस्।

छिद्यमानं यमैरेतैः कृतनीडं वनस्पतिम्।

खगः स्वकेतमुत्सृज्य क्षेमं याति ह्यलम्पटः ॥ १५ ॥

पदार्थ—	**एतैः** = यी मानिसहरूद्वारा	**खगः** = चराले
कृतनीडं = गुँड बनाइएको	**छिद्यमानं** = काट्न लागेको	**उत्सृज्य** = त्यो वृक्षलाई छाडेर
स्वकेतं = आफ्नो आश्रयस्वरूप	देखेर	**हि** = निश्चय नै
वनस्पतिं = वृक्षलाई	**अलम्पटः** = त्यसमा आसक्त	**क्षेमं** = सुख
यमैः = यमराजतुल्य	नभएको	**याति** = प्राप्त गर्दछ

वाक्यार्थ— आफूले गुँड बनाएको आफ्नो आश्रयस्वरूप वृक्षलाई यमराजजस्ता मानिसहरूले

काट्न लागेको देखेपछि चराले त्यस रुखलाई त्यागिदिन्छ र ऊ सुखी हुन्छ।

अहोरात्रैश्छिद्यमानं बुद्ध्वायुर्भयवेपथुः।
मुक्तसङ्गः परं बुद्ध्वा निरीह उपशाम्यति॥ १६॥

पदार्थ–
अहोरात्रैः = दिन र रातले
छिद्यमानं = घटाइरहेको
आयुः = आफ्नो आयुलाई
बुद्ध्वा = जानेर
भयवेपथुः = डरले काँपिरहेको मानिस
मुक्तसङ्गः = सबै आसक्तिलाई छाडेर
परं = परमात्मालाई
बुद्ध्वा = साक्षात्कार गरेर
निरीहः = कामनाले रहित भई
उपशाम्यति = शान्तिलाई प्राप्त गर्दछ

वाक्यार्थ– दिन र रातले क्रमशः आफ्नो आयुलाई घटाइरहेको छ भन्ने कुरा बुझेर डरले काँपिरहेको मानिसले सबै आसक्तिलाई छाडेर परमात्माको साक्षात्कार गरी कामना आदिले रहित हुन्छ र परम शान्तिलाई प्राप्त गर्दछ।

नृदेहमाद्यं सुलभं सुदुर्लभं प्लवं सुकल्पं गुरुकर्णधारम्।
मयानुकूलेन नभस्वतेरितं पुमान् भवाब्धिं न तरेत् स आत्महा॥ १७॥

पदार्थ–
आद्यं = सम्पूर्ण फलप्राप्तिको मूल
सुदुर्लभं = अत्यन्त दुर्लभ भएर पनि
सुलभं = सजिलै प्राप्त भएको
सुकल्पं = सम्पूर्ण कार्य सिद्ध गर्ने
गुरुकर्णधारं = गुरु नै सञ्चालक भएको र
अनुकूलेन = अनुकूल भएको
मया = मद्वारा
नभस्वता = वायुरूपले
ईरितं = अनुकूल मार्गतिर प्रेरित गरिएको
नृदेहं = मनुष्यशरीररूपी
प्लवं = डुङ्गालाई पाएर पनि
पुमान् = यदि कुनै मानिस
भवाब्धिं = संसारसागरलाई
न तरेत् = तर्दैन भने
सः = त्यो मानिस
आत्महा = आत्मघाती हो

वाक्यार्थ– सम्पूर्ण फलप्राप्तिको मूल, अत्यन्त दुर्लभ भएर पनि सजिलै प्राप्त भएको र सारा कार्य सम्पादन गर्न समर्थ रहेको जो मनुष्यशरीररूपी डुङ्गा छ, त्यसको सञ्चालक वा माझी स्वयं गुरु हुनुहुन्छ, जसलाई अनुकूल वायुस्वरूपमा म (भगवान्)द्वारा प्रेरित गरिएको छ यो डुङ्गाजस्तो मनुष्यशरीरलाई पाएर पनि यदि कुनै मानिसले संसारसागर तर्दैन भने त्यो आत्मघाती हो।

विवरण– यहाँ भगवान्ले उद्धवलाई मनुष्यशरीरको महत्त्व बताउँदै संसारसागरबाट पार तर्नका लागि यो एउटा सुदृढ नौका हो भनी बताउनुभएको छ। यहाँ **नृदेह** अर्थात् मनुष्यशरीरलाई **आद्य** अर्थात् सबैभन्दा पहिलो भनिएको छ। यो गणना श्रेष्ठताको क्रमले गरिएको हो। संसारका सम्पूर्ण प्राणीहरूमध्ये मनुष्य नै सर्वश्रेष्ठ हो। उपनिषद्मा पनि **पुरुषो वाव सुकृतम्** (ऐतरेयोपनिषद् १.२.३) अर्थात् मनुष्यशरीर पुण्यमय छ भनी यसको प्रशंसा गरिएको छ। संसारका अन्य कुनै पनि शरीरमा

जगत्स्रष्टा परमात्मालाई बुझ्न सक्ने विवेकशक्ति छैन, तर मनुष्यशरीरमा त्यो क्षमता छ। त्यसैले परमात्मासमेत मनुष्यजातिको निर्माणपछि अत्यन्त प्रसन्न हुनुभयो र सृष्टिमा नयाँ प्रजातिको प्राणी उत्पन्न गर्नबाट विरत हुनुभयो भनिएको छ। दत्तात्रेयले भन्नुभएको छ– **ब्रह्मावलोकधिषणं मुदमाप देवः** अर्थात् मनुष्यलाई परमात्मतत्त्वको साक्षात्कार गर्न सक्ने बुद्धि भएको देखेर परमात्मासमेत प्रसन्न हुनुभयो। पूज्यताको हिसाबले स्वर्गका देवताहरू श्रेष्ठ भए तापनि कल्याणप्राप्तिको अधिकारका दृष्टिले मानिसहरू देवताहरूभन्दा पनि श्रेष्ठ रहेका छन्। त्यसैले देवताहरू पनि परमकल्याण प्राप्त गर्न सुलभ हुने पवित्र क्षेत्रहरूमा जन्म लिन चाहन्छन् र त्यहाँका मनुष्यहरूदेखि ईर्ष्या गर्दछन् भनिएको छ। यसरी श्रेष्ठताको गणनामा पहिलो स्थानमा पर्ने भएकाले यहाँ मनुष्यशरीरलाई **आद्य** भनिएको हो। अथवा **आद्य** शब्दको अर्थ चारैथरी पुरुषार्थप्राप्तिको मूल या बीज भन्ने अर्थ गर्न पनि सम्भव छ। मनुष्यशरीर त्यस्तो मूल हो, जसमा रहेर गरिएका कर्महरूबाट सबैथरी फलहरू प्राप्त गर्न सकिन्छ। यहीँबाट शुभ आचरण गर्नेहरू शुभ योनिहरूमा जान्छन्, अशुभ आचरण गर्नेहरू तामसी योनिहरूमा पुग्दछन्। श्रीधर स्वामी लेख्नुहुन्छ– **एतदुपार्जितकर्मभिः सर्वप्राप्तेः** अर्थात् यो योनिमा गरिएका कर्महरूद्वारा सबै फलहरूको प्राप्ति हुन्छ। त्यसैले मनुष्यशरीर सबै कर्मफलको मूल हो।

भगवत्कृपाद्वारा अनायास मिलेको हुनाले मनुष्यजन्म सुलभ पनि छ र अनेकौँ सत्कर्महरूद्वारा विशेष पुण्यको सङ्ग्रह नगरिकन यसलाई प्राप्त गर्न नसकिने हुनाले यो दुर्लभ पनि छ। मनुष्यजन्म यस्तो डुङ्गा हो जसमा आत्मज्ञानी गुरुहरू **कर्णधार** अर्थात् माझी बनी संसारसागरबाट पार तार्न सधैँ उपस्थित रहन्छन्। मनुष्यको मार्गनिर्देशनका लागि ती गुरुहरू भगवान्द्वारा पठाइएका दूतसमान छन्। गुरुहरूले जुनसुकै व्यक्तिको पनि उद्धार गर्ने जिम्मा आफूमाथि लिन्छन्। कुनै योग्य शिष्यले गुरुको खोजीमा हार्दिक प्रार्थना गऱ्यो भने उसको उद्धारका लागि साक्षात् परमात्मा नै गुरुको रूपमा आई उसको दुःख नष्ट गर्नुहुन्छ। असल गुरुको चरणमा शरण लिने बित्तिकै शिष्यको डुङ्गा भगवसागरबाट सजिलै पार लाग्दछ। त्यसैले उपनिषद्मा भनिएको छ– **आचार्यवान् पुरुषो वेद** (छान्दोग्योपनिषद् ६.१४.२) अर्थात् गुरुले युक्त भएको पुरुषले मात्र तत्त्वबोध गर्न सक्दछ। गुरुविना मोक्ष प्राप्त गर्न खोज्नु त सारथिविना रथयात्रा गर्न या माझीविना नदी पार गर्न खोज्नु जस्तै हो। त्यसैले मनुष्यहरूलाई संसारसागरबाट पारि तारिदिन गुरुहरू माझी समान छन् भनिएको हो।

सागर तर्नका लागि कुशल माझीजस्तै अनुकूल वायुको पनि आवश्यकता हुन्छ। यदि हावा उल्टो दिशातर्फबाट लाग्यो भने त्यो डुङ्गा समुद्रमै पल्टिन सक्छ तर आफू जानुपर्ने दिशातर्फ नै हावा गइरहेको छ भने त्यो डुङ्गा सजिलै पार लाग्दछ। यहाँ भगवान् भन्नुहुन्छ– अन्तर्यामी परमात्मा साक्षात् म नै साधकका लागि अनुकूल वायुसमान बन्दछु। कुनै मुमुक्षु व्यक्ति गुरुको शरण ग्रहण गरी संसारसागरबाट तर्न खोज्यो भने स्वयं भगवान्ले पनि त्यसको सत्कार्यमा सहयोग गर्नुहुन्छ र त्यसलाई मुक्त गर्न सघाउनुहुन्छ। यहाँ भगवान्ले जिज्ञासुलाई सहयोग गर्नु भनेको अन्तर्यामीरूपमा उसका इन्द्रिय एवं मनलाई सन्मार्गमा लगाइदिनु, तिनलाई खराब मार्गमा जानबाट रोक्नु आदि हुन्। भगवान्को सबैभन्दा ठुलो सहयोग भनेको पनि बुद्धिलाई सन्मार्गमा

लगाइदिनु नै हो। नीतिशास्त्रमा भनिन्छ—

न देवा दण्डमादाय रक्षन्ति पशुपालवत्।
यस्य ते हितमिच्छन्ति बुद्ध्या संयोजयन्ति तम्।।

अर्थात् देवताहरूले रक्षा गर्नु भनेको गोठालाहरूले लौरो लिई गाईवस्तुहरूलाई खराब वस्तु खानबाट रोकेजस्तै निरन्तर मानिसहरूलाई खराब आचरणबाट नियन्त्रित गरिरहनु होइन। परमात्माले त जसको कल्याण चाहनुहुन्छ, उसलाई सद्बुद्धि प्रदान गर्नुहुन्छ। परमात्माले विवेकशक्तिलाई प्रेरित नगर्ने हो भने व्यक्तिका मनभित्र ज्वारभाटाजस्तै गरी उठ्ने काम, क्रोध आदिका आवेगले मानिसलाई कतिपटक बगाइसक्थे। यसरी मनुष्यजन्ममा परमात्माको कृपा पनि स्वभावतः मिलेको हुन्छ।

मनुष्यजन्ममा परमात्माको कृपा प्राप्त भए पनि जो व्यक्ति अश्रद्धा या आग्रहवश मनुष्यशरीररूपी डुङ्गालाई सागरबाट पार लगाउन खोज्दैन, न गुरुरूपी माझीको शरण लिन्छ, न त परमात्माको स्मरण गर्दछ भने त्यो व्यक्ति त्यसै गरी नष्ट हुन्छ जसरी समुद्रको लहरको बिचमै कैयौँ डुङ्गाहरू डुब्दछन्। अतः यस्तो भवसागरबाट पार लाग्न नचाहने व्यक्ति स्वयं आत्मघाती हो।

यदारम्भेषु निर्विण्णो विरक्तः संयतेन्द्रियः।
अभ्यासेनात्मनो योगी धारयेदचलं मनः॥ १८॥

पदार्थ—	त्यसपछि	**आत्मनः** = आफ्नो
यदा = जब	**संयतेन्द्रियः** = जितेन्द्रिय भएर	**मनः** = मनलाई ममा
आरम्भेषु = कर्महरूमा	**योगी** = योगीले	**अचलं** = निश्चलरूपले
निर्विण्णः = उद्विग्न र	**अभ्यासेन** = प्राणायाम आदि	**धारयेत्** = धारण गरोस्
विरक्तः = विरक्त बन्दछ,	अभ्यासद्वारा	

वाक्यार्थ— जब योगी कर्ममा दोषदर्शनको कारणले उद्विग्न र विरक्त बन्दछ, त्यसपछि जितेन्द्रिय भई उसले प्राणायाम आदि अभ्यासद्वारा आफ्नो मनलाई निश्चलरूपले ममा अर्पण गरोस्।

धार्यमाणं मनो यर्हि भ्राम्यदाश्वनवस्थितम्।
अतन्द्रितोऽनुरोधेन मार्गेणात्मवशं नयेत्॥ १९॥

पदार्थ—	**भ्राम्यत्** = विषयान्तरलाई खोज्दै	**अनुरोधेन** = अपेक्षापूर्तिको
धार्यमाणं = ममा स्थापित गरेको	**अनवस्थितं** = चञ्चल बन्दछ	**मार्गेण** = मार्गद्वारा
मनः = मन	**अतन्द्रितः** = सावधान भएर	**आत्मवशं** = आफ्नो वशमा
यर्हि = जब	**आशु** = चाँडै नै	**नयेत्** = ल्याओस्

वाक्यार्थ— परमात्मामा स्थापित गरेको मन पनि कहिलेकाहीँ विषयान्तरलाई खोज्दै चञ्चल बन्यो भने तत्काल अति सावधान भएर मनको अपेक्षाको पूर्तिरूप मार्गद्वारा मनलाई आफ्नो वशमा ल्याओस्।

मनोगतिं न विसृजेज्जितप्राणो जितेन्द्रियः ।
सत्त्वसम्पन्नया बुद्ध्या मन आत्मवशं नयेत् ॥ २० ॥

पदार्थ–
मनोगतिं = मनको गतिलाई
न विसृजेत् = उपेक्षा नगरोस्
जितप्राणः = प्राणलाई जितेर
जितेन्द्रियः = जितेन्द्रिय भई
सत्त्वसम्पन्नया = सत्त्वगुणले युक्त
बुद्ध्या = बुद्धिद्वारा
मनः = मनलाई
आत्मवशं = आफ्नो वशमा
नयेत् = लैजाओस्

वाक्यार्थ– मनको गतिलाई उपेक्षा नगरोस् बरु प्राणलाई जितेर इन्द्रियलाई पनि आफ्नो अधीनमा ल्याई सत्त्वगुणले युक्त बुद्धिद्वारा मनलाई आफ्नो वशमा ल्याओस्।

एष वै परमो योगो मनसः सङ्ग्रहः स्मृतः ।
हृदयज्ञत्वमन्विच्छन् दम्यस्येवार्वतो मुहुः ॥ २१ ॥

पदार्थ–
वै = निश्चय नै
एषः = यो
मनसः = मनलाई
सङ्ग्रहः = वशमा राख्नु
परमः = श्रेष्ठ
योगः = योग भनेर
स्मृतः = मानिएको छ
दम्यस्य = दमन गर्न योग्य
अर्वतः = घोडाको
हृदयज्ञत्वं = आफ्नो इच्छाअनुसार गतिको
अन्विच्छन् इव = चाहने (घोडचढी)ले झैँ
मुहुः = बारम्बार (आफ्नो मनलाई वशमा राख्दछ)

वाक्यार्थ– यो मनलाई आफ्नो वशमा राख्ने मार्ग नै परम योग हो भनेर मानिएको छ। जसरी घोडचढीले घोडालाई आफ्नो अनुकूलका बनाउन उसको केही अनुसरण गर्दै उसलाई वशमा राख्दछ, त्यसै गरी योगीले पनि मनलाई आफ्नो वशमा राख्नुपर्दछ।

साङ्ख्येन सर्वभावानां प्रतिलोमानुलोमतः ।
भवाप्ययावनुध्यायेन्मनो यावत् प्रसीदति ॥ २२ ॥

पदार्थ–
यावत् = जबसम्म
मनः = मन
प्रसीददति = निश्चल हुन्छ
साङ्ख्येन = तत्त्वविवेचनद्वारा
सर्वभावानां = सम्पूर्ण पदार्थको
प्रतिलोमानुलोमतः = अनुलोम र प्रतिलोमको क्रमले
भवाप्ययौ = उत्पत्ति र प्रलयको
अनुध्यायेत् = निरन्तर चिन्तन गरोस्

वाक्यार्थ– जबसम्म मन निश्चल हुँदैन, तबसम्म निरन्तर तत्त्वविवेचनद्वारा अनुलोम र प्रतिलोम क्रमले सम्पूर्ण पदार्थको उत्पत्ति र प्रलयको चिन्तन गरोस्।

**निर्विण्णस्य विरक्तस्य पुरुषस्योक्तवेदिनः।
मनस्त्यजति दौरात्म्यं चिन्तितस्यानुचिन्तया॥ २३॥**

पदार्थ–
निर्विण्णस्य = सारा क्रियाबाट निवृत्त भएको
विरक्तस्य = विरक्त र
उक्तवेदिनः = गुरुले बताएको तत्त्वको चिन्तन गर्ने
पुरुषस्य = पुरुषको
मनः = मनले
चिन्तितस्य = गुरुले उपदेश गरेको तत्त्वको
अनुचिन्तया = बारम्बार चिन्तन गर्नाले
दौरात्म्यं = विषयको आसक्तिलाई
त्यजति = त्यागिदिन्छ

वाक्यार्थ– सारा सांसारिक विषय छाडेर विरक्त भएको र गुरुले बताएको तत्त्वको चिन्तन गर्ने पुरुषको मनले गुरुले बताएको तत्त्वलाई बारम्बार चिन्तन गरेर विषयको आसक्तिलाई त्यागिदिन्छ।

**यमादिभिर्योगपथैरान्वीक्षिक्या च विद्यया।
ममार्चोपासनाभिर्वा नान्यैर्योग्यं स्मरेन्मनः॥ २४॥**

पदार्थ–
यमादिभिः = यम, नियम आदि
योगपथैः = योगका मार्गहरूद्वारा
आन्वीक्षिक्या = तत्त्वविवेचन गर्ने
विद्यया वा = विद्याद्वारा
मम = मेरो
अर्चोपासनाभिः च = अर्चना र उपासनाद्वारा पनि
मनः = मनले
योग्यं = ध्यान गर्न योग्य मलाई
स्मरेत् = स्मरण गरोस्
अन्यैः = अरू उपायहरूद्वारा
न = होइन

वाक्यार्थ– यम, नियम आदि योगका मार्गद्वारा, तत्त्वविवेक गर्ने विद्याद्वारा अथवा मेरो अर्चना वा उपासना आदिद्वारा मनले ध्यान गर्न योग्य मेरो स्मरण गरोस्। अरू उपायको आश्रय नलेओस्।

**यदि कुर्यात् प्रमादेन योगी कर्म विगर्हितम्।
योगेनैव दहेदंहो नान्यत् तत्र कदाचन॥ २५॥**

पदार्थ–
यदि = यदि
योगी = योगीले
प्रमादेन = प्रमादवश
विगर्हितं = निषिद्ध
कर्म = कर्म
कुर्यात् = गर्दछ भने
अंहः = त्यो पापलाई
योगेन एव = योगद्वारा नै
दहेत् = नष्ट गरोस्
तत्र = त्यो पापनाशका लागि
अन्यत् = अरू कर्महरू
कदाचन = कहिल्यै पनि
न = नगरोस्

वाक्यार्थ– यदि योगीले प्रमादवश निषिद्ध कर्म गरिहाल्यो भने पनि त्यसबाट हुने पापलाई योगद्वारा नै नष्ट गरोस्। त्यसका लागि अरू कर्महरू नगरोस्।

स्वे स्वेऽधिकारे या निष्ठा स गुणः परिकीर्तितः।
कर्मणां जात्यशुद्धानामनेन नियमः कृतः॥
गुणदोषविधानेन सङ्गानां त्याजनेच्छया॥ २६॥

पदार्थ–
स्वे स्वे = आ-आफ्नो
अधिकारे = अधिकारमा
या = जो
निष्ठा = स्थिति छ
सः = त्यसैलाई
गुणः = गुण भनेर
परिकीर्तितः = बताइएको छ
अनेन = यस्तो
गुणदोषविधानेन = गुण र दोषको विधानले
सङ्गानां = विषयको आसक्तिलाई
त्याजनेच्छया = त्याग्ने इच्छाले
जात्यशुद्धानां = उत्पत्तिकालबाट नै अशुद्ध भएका
कर्मणां = स्वाभाविक प्रवृत्तिरूप कर्मको
नियमः = नियमन
कृतः = गरिएको हो

वाक्यार्थ– आ-आफ्नो अधिकारमा निष्ठा राख्नुलाई गुण भनिन्छ। यस्तो गुण र दोषको विधानद्वारा विषयको आसक्तिलाई त्याग्ने इच्छाले जन्मबाट नै अशुद्ध र अनर्थको मूल भएका स्वाभाविक प्रवृत्तिरूप कर्मलाई सङ्कोच वा नियमन गरिएको हो।

जातश्रद्धो मत्कथासु निर्विण्णः सर्वकर्मसु।
वेद दुःखात्मकान् कामान् परित्यागेऽप्यनीश्वरः॥ २७॥
ततो भजेत मां प्रीतः श्रद्धालुर्दृढनिश्चयः।
जुषमाणश्च तान् कामान् दुःखोदर्कांश्च गर्हयन्॥ २८॥

पदार्थ–
मत्कथासु = मेरो कथाश्रवण आदिमा
जातश्रद्धः = श्रद्धा गर्ने
सर्वकर्मसु = लौकिक र वैदिक सबै कर्ममा
निर्विण्णः = विरक्त भएको
कामान् = सम्पूर्ण विषयहरूलाई
दुःखात्मकान् = दुःखस्वरूप
वेद = जानेको छ
परित्यागे = विषयको त्यागमा
अनीश्वरः अपि = असमर्थ भएपनि
ततः = त्यस अवस्थाबाट नै
दुःखोदर्कान् = परिणाममा दुःखरूप
तान् = ती
कामान् = विषयहरूलाई
जुषमाणः = सेवन गर्दै
गर्हयन् च = निन्दा पनि गर्दै
प्रीतः = प्रसन्नचित्त भएर
श्रद्धालुः च = अत्यन्त श्रद्धावान् भएर पनि
दृढनिश्चयः = दृढनिश्चय गरी
मां = मलाई
भजेत = भजन गरोस्

वाक्यार्थ– मेरो कथा श्रवण आदिमा जसको श्रद्धा छ र सम्पूर्ण वैदिक र लौकिक कर्मबाट जो विरक्त भएको छ अनि जसले विषयहरूलाई परिणाममा दुःख दिने हुन् भनेर बुझेको छ र पनि त्यसलाई त्याग्न असमर्थ छ, यस्तो व्यक्तिले ती विषयहरूलाई सेवन गरे पनि तिनमा दोषदृष्टि गर्दै

प्रसन्न भई श्रद्धा र निश्चयका साथ मेरो भजन गरोस्।

प्रोक्तेन भक्तियोगेन भजतो मासकृन्मुनेः।
कामा हृदय्या नश्यन्ति सर्वे मयि हृदि स्थिते॥ २९॥

पदार्थ–	**भजतः** = भजन गर्ने	**सर्वे** = सबै
प्रोक्तेन = बताइए अनुसारको	**मुनेः** = मुनिको	**हृदय्याः** = हृदयका
भक्तियोगेन = भक्तियोगद्वारा	**हृदि** = हृदयमा	**कामाः** = विषयवासनाहरू
असकृत् = निरन्तर	**मयि** = म	**नश्यन्ति** = नष्ट हुन्छन्
मा = मलाई	**स्थिते** = रहेपछि	

वाक्यार्थ– यसरी बताएअनुसारको भक्तियोगद्वारा निरन्तर मेरो भजन गर्ने मुनिको हृदयमा म बस्दछु। हृदयमा म बसेपछि, त्यहाँका सारा विषयवासनाहरू नष्ट हुन्छन्।

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः।
क्षीयन्ते चास्य कर्माणि मयि दृष्टेऽखिलात्मनि॥ ३०॥

पदार्थ–	**दृष्टे** = साक्षात्कार गरिसकेपछि	**सर्वसंशयाः** = सम्पूर्ण संशयहरू
अखिलात्मनि = सबैको अन्तरात्मरूप	**अस्य** = त्यो भक्तको	**छिद्यन्ते** = नष्ट हुन्छन् र
	हृदयग्रन्थिः = हृदयको ग्रन्थि	**कर्माणि च** = कर्महरू पनि
मयि = मलाई	**भिद्यते** = भेदन हुन्छ	**क्षीयन्ते** = क्षीण हुन्छन्

वाक्यार्थ– सबको अन्तरात्मरूप म परमात्मालाई साक्षात्कार गरिसकेपछि त्यो भक्तको हृदयग्रन्थिको भेदन हुन्छ। सम्पूर्ण संशयहरू पनि निवृत्त हुन्छन् र सारा कर्महरू पनि क्षीण हुन्छन्।

तस्मान्मद्भक्तियुक्तस्य योगिनो वै मदात्मनः।
न ज्ञानं न च वैराग्यं प्रायः श्रेयो भवेदिह॥ ३१॥

पदार्थ–	**मदात्मनः** = ममा नै चित्त स्थिर गराएको	**न च वैराग्यं** = न त वैराग्य नै
तस्मात् = त्यसैले	**योगिनः** = भक्तको लागि	**श्रेयः** = कल्याणको साधनको रूपमा
इह = यस कर्मयोग र भक्तियोगमा	**वै** = निश्चय पनि	**भवेत्** = हुन्छ
मद्भक्तियुक्तस्य = मेरो भक्तिले युक्त भएको	**प्रायः** = प्रायः गरेर	
	न ज्ञानं = न ज्ञान	

वाक्यार्थ– भक्तियोगलाई नै मुख्य साधन मानेको हुनाले कर्मयोग आदि तीन साधनमध्ये मेरो भक्ति गर्ने र ममा नै चित्त स्थिर गराएको भक्तको लागि कल्याणको साधनको रूपमा न त ज्ञान

न त वैराग्यको नै अपेक्षा हुन्छ।

यत् कर्मभिर्यत् तपसा ज्ञानवैराग्यतश्च यत्।
योगेन दानधर्मेण श्रेयोभिरितरैरपि॥ ३२॥
सर्वं मद्भक्तियोगेन मद्भक्तो लभतेऽञ्जसा।
स्वर्गापवर्गं मद्धाम कथञ्चिद् यदि वाञ्छति॥ ३३॥

पदार्थ—
यत् = जो (फल)
कर्मभिः = कर्महरूद्वारा हुन्छ
यत् = जो
तपसा = तपस्याद्वारा र
यत् च = जो
ज्ञानवैराग्यतः = ज्ञान र वैराग्यबाट
योगेन = योगबाट
दानधर्मेण = दानबाट, धर्मबाट र
इतरैः = अरू
श्रेयोभिः अपि = श्रेयका साधन तीर्थव्रत आदिहरूबाट पनि प्राप्त हुन्छ, ती
सर्वं = सबै
स्वर्गापवर्गं = स्वर्ग र मोक्ष अथवा
मद्धाम = मेरो धाम वैकुण्ठसमेत
मद्भक्तः = मेरो भक्तले
यदि कथञ्चित् = यदि कदाचित्
वाञ्छति = चाहन्छ भने
मद्भक्तियोगेन = मेरो भक्तियोगद्वारा
अञ्जसा = सजिलै
लभते = प्राप्त गर्दछ

वाक्यार्थ— कर्मद्वारा जो फल मिल्दछ र तपस्या, ज्ञान, वैराग्य, योग, दान तथा अन्य श्रेयसाधन तीर्थव्रत आदिद्वारा जो फल प्राप्त हुन्छ, ती सबै स्वर्ग, मोक्ष आदि र मेरो धाम वैकुण्ठ समेत यदि मेरो भक्तले चाहन्छ भने ती सबै कुरा केवल मेरो भक्तियोगद्वारा उसले सजिलैसँग प्राप्त गर्दछ।

न किञ्चित् साधवो धीरा भक्ता ह्येकान्तिनो मम।
वाञ्छन्त्यपि मया दत्तं कैवल्यमपुनर्भवम्॥ ३४॥

पदार्थ—
हि = निश्चय नै
साधवः = सदाचारी
धीराः = बुद्धिमान् र
एकान्तिनः = एकमात्र ममा परायण
मम = मेरा
भक्ताः = भक्तहरू
किञ्चित् = केही पनि
न वाञ्छन्ति = चाहँदैनन्
मया = मद्वारा
दत्तं = दिइएको
अपुनर्भवं = आत्यन्तिक
कैवल्यं अपि = मोक्षलाई पनि
न = स्वीकार गर्दैनन्

वाक्यार्थ— वास्तवमा सदाचारी, बुद्धिमान् र ममा परायण मेरा अनन्य भक्तहरूले केही पनि चाहँदैनन्। अरू त के ? मैले दिएको आत्यन्तिक मोक्षलाई पनि उनीहरू स्वीकार गर्दैनन्।

नैरपेक्ष्यं परं प्राहुर्निःश्रेयसमनल्पकम्।
तस्मान्निराशिषो भक्तिर्निरपेक्षस्य मे भवेत्॥ ३५॥

पदार्थ–
नैरपेक्ष्यं = केहीको अपेक्षा नगर्नुलाई नै
परं = सर्वोत्कृष्ट र
अनल्पकं = महान्
निःश्रेयसं = पुरुषार्थको साधन भनेर
प्राहुः = भन्दछन्
तस्मात् = त्यसैले
निराशिषः = निष्काम र
निरपेक्षस्य = केहीको अपेक्षा नगर्ने व्यक्तिलाई नै
मे = मेरो
भक्तिः = भक्ति
भवेत् = प्राप्त हुन्छ

वाक्यार्थ– कुनै वस्तुको अपेक्षा नगर्नुलाई नै सर्वोत्कृष्ट र महान् पुरुषार्थको साधना भनेर बताइएको छ। त्यसैले निष्काम र निरपेक्ष व्यक्तिलाई नै मेरो भक्ति प्राप्त हुन्छ।

न मय्येकान्तभक्तानां गुणदोषोद्भवा गुणाः।
साधूनां समचित्तानां बुद्धेः परमुपेयुषाम्॥ ३६॥

पदार्थ–
मयि = ममा
एकान्तभक्तानां = अनन्य भक्ति गर्ने
साधूनां = सज्जनहरूको र
समचित्तानां = समदर्शी तथा
बुद्धेः = बुद्धिद्वारा
परं = परमतत्त्वलाई
उपेयुषां = प्राप्त गरेका मानिसहरूमा
गुणदोषोद्भवाः = गुण र दोषबाट उत्पन्न भएका
गुणाः = पुण्य र पाप आदि गुणहरू
न = हुँदैनन्

वाक्यार्थ– ममा अनन्य भक्ति गर्ने सज्जन, समदर्शी र बुद्धिद्वारा परमतत्त्वको साक्षात्कार गरिसकेका व्यक्तिहरूमा गुण र दोषबाट उत्पन्न हुने पुण्य, पाप आदि गुणहरू हुँदैनन्।

एवमेतान् मयादिष्टाननुतिष्ठन्ति मे पथः।
क्षेमं विन्दन्ति मत्स्थानं यद् ब्रह्म परमं विदुः॥ ३७॥

पदार्थ–
एवं = यसरी (जो व्यक्तिहरूले)
मया = मद्वारा
आदिष्टान् = बताइएका
एतान् = यी
मे = मेरो
पथः = बाटोलाई (प्राप्तिका साधनलाई)
अनुतिष्ठन्ति = अनुष्ठान गर्दछन्, (तिनीहरूले)
क्षेमं = निर्भय
मत्स्थानं = मेरो स्थानलाई
विन्दन्ति = प्राप्त गर्दछन् र
यत् = जो
परमं ब्रह्म = परं ब्रह्म छ (त्यसलाई पनि)
विदुः = जान्दछन्

वाक्यार्थ– यसरी जसले मद्वारा बताइएका मेरो प्राप्तिका साधनहरूको अनुष्ठान गर्दछन्, तिनीहरूले मेरो निर्भय स्थानलाई प्राप्त गर्दछन् र परं ब्रह्मको पनि साक्षात्कार गर्दछन्।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे विंशोऽध्यायः॥ २०॥

अथ एकविंशोऽध्यायः

गुण र दोषको स्वरूप

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

य एतान् मत्पथो हित्वा भक्तिज्ञानक्रियात्मकान्।
क्षुद्रान् कामांश्चलैः प्राणैर्जुषन्तः संसरन्ति ते॥ १॥

पदार्थ–
ये = जो व्यक्तिहरू
एतान् = यी बताइएका
भक्तिज्ञानक्रियात्मकान् = भक्ति, ज्ञान र क्रियायोगरूप
मत्पथः = मलाई प्राप्त गर्ने बाटाहरूलाई
हित्वा = त्यागेर
चलैः = चञ्चल
प्राणैः = इन्द्रियहरूद्वारा
क्षुद्रान् = तुच्छ
कामान् = विषयहरूलाई
जुषन्तः = सेवन गर्दछन्
ते = ती व्यक्तिहरू
संसरन्ति = बारम्बार संसारचक्रमा घुमिरहन्छन्

वाक्यार्थ– जो व्यक्तिहरू मैले बताएका भक्तियोग, ज्ञानयोग र क्रियायोगरूप मलाई प्राप्त गर्ने बाटाहरूलाई त्यागेर चञ्चल इन्द्रियहरूद्वारा तुच्छ विषयको भोग गर्दछन्, तिनीहरू संसारचक्रमा बारम्बार घुमिरहन्छन्।

स्वे स्वेऽधिकारे या निष्ठा स गुणः परिकीर्तितः।
विपर्ययस्तु दोषः स्यादुभयोरेष निश्चयः॥ २॥

पदार्थ–
स्वे स्वे = आ-आफ्नो
अधिकारे = अधिकारमा
या = जो
निष्ठा = स्थिति छ
सः = त्यसलाई
गुणः = गुण भनेर
परिकीर्तितः = बताइएको छ र
विपर्ययः तु = त्यसको विपरीत स्थितिलाई चाहिँ
दोषः = दोष
स्यात् = हो भनी यसरी
उभयोः = गुण र दोष दुबैको
एषः = यो
निश्चयः = निश्चय हो

वाक्यार्थ– आ-आफ्नो अधिकारमा रहनु नै गुण हो र त्यसको विपरीतलाई दोष भनी बताइएको छ। यही नै गुण र दोषको विषयमा गरिएको निश्चय हो।

शुद्ध्यशुद्धी विधीयेते समानेष्वपि वस्तुषु।
द्रव्यस्य विचिकित्सार्थं गुणदोषौ शुभाशुभौ॥ ३॥

पदार्थ–
वस्तुषु = भौतिक वस्तुहरू
समानेषु अपि = समान भए पनि

द्रव्यस्य = पदार्थको
विचिकित्सार्थं = योग्य र अयोग्य सन्देहको विचारका लागि
शुद्ध्यशुद्धी = शुद्धि र अशुद्धिको
गुणदोषौ = गुण र दोषको तथा
शुभाशुभौ = शुभ र अशुभको (पनि)
विधीयेते = विधान गरिन्छ

वाक्यार्थ– भौतिक पदार्थहरू सामान्यतया समान भए पनि ती वस्तुहरूको योग्यायोग्यविषयक सन्देह निवारणका लागि शुद्धि र अशुद्धि, गुणदोष तथा शुभाशुभको पनि विधान गरिन्छ।

धर्मार्थं व्यवहारार्थं यात्रार्थमिति चानघ।
दर्शितोऽयं मयाचारो धर्ममुद्वहतां धुरम्॥ ४॥

पदार्थ–
अनघ = हे निष्पाप उद्धव
मया = मद्वारा
धर्मम् = धर्मरूप
धुरं = भारीलाई
उद्वहतां = बोक्ने (कर्ममा लागेका) व्यक्तिहरूका लागि
धर्मार्थं = धर्मका लागि
व्यवहारार्थं = व्यवहारदर्शनको लागि र
यात्रार्थम् च = जीवननिर्वाहका लागि पनि
इति = यस्तो
अयं = यो
आचारः = आचार
दर्शितः = देखाइएको हो

वाक्यार्थ– हे निष्पाप उद्धव ! धर्मका लागि, व्यवहारका लागि र जीवननिर्वाहका लागि पनि यसरी मैले यो आचार धर्मरूप भारलाई बोक्ने व्यक्तिहरूका लागि देखाइदिएको हुँ।

भूम्यम्ब्वग्न्यनिलाकाशा भूतानां पञ्चधातवः।
आब्रह्मस्थावरादीनां शारीरा आत्मसंयुताः॥ ५॥

पदार्थ–
आब्रह्मस्थावरादीनां = ब्रह्मदेखि स्थावर वृक्ष आदिसम्मका
भूतानां = प्राणीहरूको
शारीराः = शरीरको आरम्भ गर्ने
भूम्यम्ब्वग्न्यनिलाकाशाः = पृथिवी, जल, तेज, वायु र आकाश नामक
आत्मसंयुताः = चेतन आत्माले युक्त
पञ्च = पाँच
धातवः = धातु (कारण)हरू छन्

वाक्यार्थ– ब्रह्मदेखि स्थावर वृक्ष आदिसम्मका शरीरको निर्माण गर्ने, पृथिवी, जल, तेज, वायु र आकाश नामका चेतन आत्माले युक्त पाँच कारणहरू छन्।

वेदेन नामरूपाणि विषमाणि समेष्वपि।
धातुषूद्धव कल्प्यन्त एतेषां स्वार्थसिद्धये॥ ६॥

पदार्थ–
उद्धव = हे उद्धव
एतेषां = यी प्राणीहरूको
स्वार्थसिद्धये = धर्म आदि पुरुषार्थको सिद्धिका लागि
समेषु अपि = समानता भए पनि
धातुषु = देह आदिमा
वेदेन = वेदद्वारा
विषमाणि = विषम

नामरूपाणि = नाम र रूप आदि **कल्प्यन्ते** = कल्पना गरिएका छन्

वाक्यार्थ– हे उद्धव ! यी प्राणीहरूको पुरुषार्थसिद्धिका लागि शरीर आदि समान हुँदाहुँदै पनि वेदद्वारा विषम (वर्णाश्रम आदि) नाम र रूपको कल्पना गरिएका छन्।

देशकालादिभावानां वस्तूनां मम सत्तम ।
गुणदोषौ विधीयेते नियमार्थं हि कर्मणाम् ॥ ७ ॥

पदार्थ–
सत्तम = हे सत्पुरुषमा श्रेष्ठ उद्धव
देशकालादिभावानां = देश, काल, फल, निमित्त र अधिकारी तथा
वस्तूनां = (धान्य आदि) वस्तुहरूको पनि
कर्मणां = स्वाभाविक कर्महरूलाई
नियमार्थं = नियमन गर्नको लागि
हि = निश्चय नै
मम = मद्वारा
गुणदोषौ = गुण र दोषको
विधीयेते = विधान गरिन्छ

वाक्यार्थ– हे उद्धव ! देश, काल, फल, निमित्त र अधिकारी तथा वस्तुहरूको पनि जुन गुण र दोषको विधान गरिएको छ त्यो व्यक्तिहरूको स्वाभाविक कर्ममा रहेको प्रवृत्तिलाई नियमन गर्नको लागि मद्वारा विधान गरिएको हो।

अकृष्णसारो देशानामब्रह्मण्योऽशुचिर्भवेत् ।
कृष्णसारोऽप्यसौवीरकीकटासंस्कृतेरिणम् ॥ ८ ॥

पदार्थ–
देशानां = देशहरूमा
अकृष्णसारः = कृष्णसार मृगले रहित भएको देश
अशुचिः = अपवित्र
भवेत् = हुन्छ (त्यसमा पनि)
अब्रह्मण्यः = ब्राह्मणभक्तले रहित देश (अपवित्र हुन्छ)
कृष्णसारः अपि = कृष्णसार मृगले युक्त भए पनि
असौवीरकीकटासंस्कृतेरिणम् = सत्पुरुषहरूले हीन कीकट आदि संस्कारहीन स्थान र मरुभूमि अपवित्र नै हुन्छन्

वाक्यार्थ– देशहरूमा कृष्णसार मृगले रहित देश अपवित्र हुन्छ र त्यसमा पनि ब्राह्मणभक्तले रहित देश अझै अपवित्र हुन्छ। कृष्णसारमृगले युक्त भए पनि सत्पुरुषले हीन कीकट आदि असंस्कृत देश र मरुभूमि अपवित्र नै हुन्छन्।

कर्मण्यो गुणवान् कालो द्रव्यतः स्वत एव वा ।
यतो निवर्तते कर्म सदोषोऽकर्मकः स्मृतः ॥ ९ ॥

पदार्थ–
द्रव्यतः = द्रव्य आदि सम्पत्तिको कारण
स्वतः एव वा = अथवा स्वयं नै
कर्मण्यः = कर्म गर्न योग्य
कालः = समय

गुणवान् = गुणयुक्त हुन्छ
यतः = जुन कालमा
कर्म = कर्महरू
निवर्तते = गर्न सकिँदैन, त्यो
अकर्मकः = कर्म गर्न अयोग्य समय
सदोषः = दोषयुक्त वा अशुद्ध
स्मृतः = हुन्छ भनिएको छ

वाक्यार्थ– द्रव्य आदि सम्पत्तिद्वारा वा स्वतः नै कर्म गर्न योग्य समयलाई गुणयुक्त वा पवित्र भनिन्छ भने जुन समयमा कर्म गर्न सकिँदैन, त्यस्तो कर्मानुष्ठान गर्न नमिल्ने समय अशुद्ध मानिन्छ।

द्रव्यस्य शुद्ध्यशुद्धी च द्रव्येण वचनेन च।
संस्कारेणाथ कालेन महत्त्वाल्पतयाथवा॥ १०॥
शक्त्याशक्त्याथवा बुद्ध्या समृद्ध्या च यदात्मने।
अघं कुर्वन्ति हि यथा देशावस्थानुसारतः॥ ११॥

पदार्थ–
द्रव्यस्य = पदार्थको
शुद्ध्यशुद्धी च = शुद्धि र अशुद्धि
द्रव्येण = पदार्थकै आधारमा
वचनेन च = वचनको आधारमा
संस्कारेण = प्रोक्षण आदि संस्कारको आधारमा
अथ = त्यस्तै
कालेन = समयको आधारमा
अथवा = वा
महत्त्वाल्पतया = अधिकता र न्यूनताकै आधारमा
शक्त्या = शक्तिको आधारमा
अशक्त्या = अशक्तिको आधारमा
अथवा = अथवा
बुद्ध्या = बुद्धिको आधारमा र
समृद्ध्या च = ऐश्वर्यको आधारमा पनि हुन्छ, तर यी द्रव्य आदिले
आत्मने = आत्माको लागि
यत् = जो
अघं = अपवित्रता
कुर्वन्ति = गर्दछन्, त्यो
देशावस्थानुसारतः = देश, काल आदि अवस्था अनुसार
हि = निश्चय नै
यथा = यथावत्‌रूपमा हुन्छ

वाक्यार्थ– पदार्थको शुद्धि र अशुद्धि चाहिँ पदार्थ, वचन, प्रोक्षण आदि संस्कार, समय, अधिकता र न्यूनता, शक्ति र अशक्ति, बुद्धि र ऐश्वर्य आदिको आधारमा पनि हुन्छ, तर यी द्रव्य आदिले आत्माको लागि जुन अपवित्रता गर्दछन् त्यो देश, काल आदि अवस्था अनुसार यथावत् हुन्छ।

धान्यदार्वस्थितन्तूनां रसतैजसचर्मणाम्।
कालवाय्वग्निमृत्तोयैः पार्थिवानां युतायुतैः॥ १२॥

पदार्थ–
धान्यदार्वस्थितन्तूनां = अन्न, काठ, हड्डी र धागोबाट बनेका पदार्थहरूको
रसतैजसचर्मणां = रसिला वस्तु, तैजस र छालाबाट बनेका पदार्थको तथा
पार्थिवानां = पार्थिव पदार्थहरूको (पवित्रता)
युतायुतैः = सम्मिलित र पृथक् गरेर
कालवाय्वग्निमृत्तोयैः = समय, वायु, अग्नि, माटो र जलको आधारमा निर्णय हुन्छ

वाक्यार्थ– अन्न, काठ, हड्डी र धागोबाट बनेका पदार्थ, घिउ, दुध आदि रसमय पदार्थ, सुवर्ण आदि तैजस पदार्थ, चर्ममय पदार्थ र घटादि पार्थिव पदार्थहरूको पवित्रता आवश्यकता अनुसार पृथक्-पृथक् या सम्मिलित समय, वायु, अग्नि, माटो र जलद्वारा हुन्छ।

अमेध्यलिप्तं यद् येन गन्धं लेपं व्यपोहति।
भजते प्रकृतिं तस्य तच्छौचं तावदिष्यते॥ १३॥

पदार्थ–
अमेध्यलिप्तं = अशुद्ध पदार्थ लागेको
यत् = जो भाँडाकुँडा आदि वस्तु छन्
येन = जुन पदार्थद्वारा
गन्धं = गन्ध र
लेपं = लेपलाई
व्यपोहति = त्याग गर्दछ र
प्रकृतिं = पहिलाकै अवस्थालाई
भजते = प्राप्त गर्दछ भने
तस्य = त्यस वस्तुको
तत् = त्यही नै
शौचं = शुद्धि हो
तावत् = त्यसपछि
इष्यते = अभीष्ट हुन्छ

वाक्यार्थ– अशुद्ध पदार्थ लागेका भाँडाकुँडा आदि वस्तुलाई जुन पदार्थले माज्दा ती अशुद्ध वस्तुहरू हट्दछन् र भाँडाकुँडाले प्राकृतिक रूपलाई प्राप्त गर्दछन्, त्यही त्यसको शुद्धिप्रक्रिया हो। त्यसपछि त्यो पदार्थ शुद्ध मानिन्छ।

स्नानदानतपोऽवस्थावीर्यसंस्कारकर्मभिः।
मत्स्मृत्या चात्मनः शौचं शुद्धः कर्माचरेद् द्विजः॥ १४॥

पदार्थ–
स्नानदानतपोऽवस्थावीर्यसंस्कार-कर्मभिः = स्नान, दान, तपस्या, अवस्था, शक्ति, संस्कार र कर्महरूद्वारा
मत्स्मृत्या च = मेरो स्मरणद्वारा पनि
आत्मनः = जीवको
शौचं = शुद्धता हुन्छ (यी साधनहरूद्वारा)
शुद्धः = शुद्ध भएर
द्विजः = द्विजले
कर्म = कर्महरू
चरेत् = गरोस्

वाक्यार्थ– जीवात्माको शुद्धि स्नान, दान, तपस्या, अवस्था, शक्ति, संस्कार, कर्म र भगवत्स्मरणबाट हुन्छ। त्यसैले द्विजले यी साधनहरूद्वारा शुद्ध भएर कर्म गर्नुपर्दछ।

मन्त्रस्य च परिज्ञानं कर्मशुद्धिर्मदर्पणम्।
धर्मः सम्पद्यते षड्भिरधर्मस्तु विपर्ययः॥ १५॥

पदार्थ–
परिज्ञानं = (सद्गुरुबाट विनियोग आदि) थाहा पाउनु
मन्त्रस्य = मन्त्रको शुद्धि हो र
मदर्पणं च = मलाई अर्पण गरिदिनु
कर्मशुद्धिः = कर्मको शुद्धता हो
षड्भिः = यी देश, काल, द्रव्य, कर्ता, मन्त्र र कर्म छ साधनद्वारा
धर्मः = धर्म
सम्पद्यते = सम्पन्न हुन्छ भने
विपर्ययः तु = यसको विपरीत अशुद्धि चाहिँ
अधर्मः = अधर्मको हेतु हो

वाक्यार्थ– सद्गुरुबाट मन्त्रको विनियोग आदिको विषयमा ठिक-ठिक थाहा पाउनु मन्त्रको शुद्धता हो र ईश्वरार्पण बुद्धिले कर्म गर्नु कर्मको शुद्धता हो। देश, काल, द्रव्य, कर्ता, मन्त्र र कर्म यी छ साधनद्वारा धर्म सम्पन्न हुन्छ भने त्यसको विपरीत अशुद्धि चाहिँ अधर्मको हेतु हो।

क्वचिद् गुणोऽपि दोषः स्याद् दोषोऽपि विधिना गुणः।
गुणदोषार्थनियमस्तद्भिदामेव बाधते॥ १६॥

पदार्थ–
विधिना = विधिको बलले
क्वचित् = कतै
गुणः अपि = गुण पनि
दोषः = दोष
स्यात् = बन्दछ भने
दोषः अपि = दोष पनि
गुणः = गुण बन्दछ
गुणदोषार्थनियमः = गुण र दोषको नियमले
तद्भिदामेव = गुण र दोषको भेदलाई नै
बाधते = बाध गर्दछ (गुण र दोषको भेद वास्तविक होइन भन्ने सिद्ध गर्दछ)

वाक्यार्थ– विधिको बलले कतै गुण पनि दोष हुन्छ भने कतै दोष पनि गुण बन्न जान्छ। यसरी गुण र दोषको नियमले त्यसको वास्तविक भेदलाई बाध गर्दछ अर्थात् गुण र दोषमा वास्तविक भेद छैन भन्ने कुरा सिद्ध गर्दछ।

समानकर्माचरणं पतितानां न पातकम्।
औत्पत्तिको गुणः सङ्गो न शयानः पतत्यधः॥ १७॥

पदार्थ–
पतितानां = पतित व्यक्तिहरूको लागि
समानकर्माचरणं = पतितको जस्तै आचरण गर्नु
न पातकं = पाप हुँदैन (जसरी)
सङ्गः = स्त्री आदिको सङ्ग गर्नु गृहस्थहरूको लागि
औत्पत्तिकः = स्वाभाविक
गुणः = गुण नै हुन्छ
अधः = तल
शयानः = सुतेको व्यक्ति
न पतति = तल खस्दैन

वाक्यार्थ– जो व्यक्ति पतित नै छ उसले पतितको जस्तो आचरण गर्‍यो भने त्यो आचरणले उसलाई त्यहाँभन्दा तल खसाल्दैन। गृहस्थहरूका लागि स्त्रीसङ्ग स्वाभाविक गुण नै हुन्छ, तल नै सुतेको व्यक्ति तल खस्दैन।

यतो यतो निवर्तेत विमुच्येत ततस्ततः।
एष धर्मो नृणां क्षेमः शोकमोहभयापहः॥ १८॥

पदार्थ–
यतः यतः = -जुन जुन विषयबाट मानिस
निवर्तेत = निवृत्त हुन्छ
ततः ततः = ती-ती विषयहरूबाट त्यो मानिस
विमुच्येत = मुक्त हुन्छ
एषः = यो
धर्मः = धर्म नै

नृणां = मनुष्यहरूको लागि
क्षेमः = परमकल्याणकारी र
शोकमोहभयापहः = शोक, मोह र भयलाई मेटाउने वाला हुन्छ

वाक्यार्थ– मानिस जुन-जुन विषयबाट निवृत्त हुन्छ, त्यो-त्यो विषयासक्तिको बन्धनबाट ऊ मुक्त हुन्छ। वास्तवमा यो धर्म नै मनुष्यहरूको लागि परमकल्याणकारी र शोक, मोह तथा भयलाई मेटाउने खालको छ।

विषयेषु गुणाध्यासात् पुंसः सङ्गस्ततो भवेत्।
सङ्गात् तत्र भवेत् कामः कामादेव कलिर्नृणाम्॥ १९॥

पदार्थ–
विषयेषु = विषयहरूमा
गुणाध्यासात् = सुन्दरताको बुद्धिले गर्दा
पुंसः = मानिसको
सङ्गः = आसक्ति
भवेत् = हुन्छ
ततः = त्यसपछि
सङ्गात् = आसक्तिले गर्दा
तत्र = ती विषयहरूमा
कामः = भोगको इच्छा
भवेत् = हुन्छ
कामाद् एव = भोगको कामनाको कारणले नै
नृणां = मानिसहरूमा परस्पर
कलिः = कलह (वैरभाव) हुन्छ

वाक्यार्थ– विषयहरूमा सुन्दरताबुद्धिले गर्दा मानिसहरूको त्यसप्रति आसक्ति बढ्दछ, आसक्तिको कारणले विषयभोग आदिको कामना हुन्छ र कामनाकै कारणले मानिसहरूमा परस्पर वैरभाव हुन्छ।

कलेर्दुर्विषहः क्रोधस्तमस्तमनुवर्तते।
तमसा ग्रस्यते पुंसश्चेतना व्यापिनी द्रुतम्॥ २०॥

पदार्थ–
कलेः = कलहको कारणले
दुर्विषहः = असह्य
क्रोधः = क्रोध उत्पन्न हुन्छ
तं = त्यो क्रोधलाई
तमः = मोहले
अनुवर्तते = अनुसरण गर्दछ
तमसा = मोहद्वारा
पुंसः = मानिसको
व्यापिनी = तत्-तत् पदार्थमा व्याप्त
चेतना = विवेकयुक्त बुद्धि
द्रुतं = चाँडै नै
ग्रस्यते = लुप्त हुन्छ

वाक्यार्थ– जब कलह सुरु हुन्छ, त्यसपछि असह्य क्रोध उत्पन्न हुन्छ। क्रोधको कारणले मनुष्य मोहमा पर्दछ। मोहको कारणले नै मनुष्यमा रहेको विवेकयुक्त बुद्धि नष्ट हुन्छ।

तया विरहितः साधो जन्तुः शून्याय कल्पते।
ततोऽस्य स्वार्थविभ्रंशो मूर्च्छितस्य मृतस्य च॥ २१॥

पदार्थ–
साधो = हे सज्जन उद्धव
तया = त्यो विवेकयुक्त बुद्धिले

विरहितः = रहित	**ततः** = त्यसपछि	**अस्य** = त्यो मानिसको
जन्तुः = मनुष्य	**मूर्च्छितस्य** = मूर्च्छित व्यक्तिको र	**स्वार्थविभ्रंशः** = स्वार्थको हानि वा पुरुषार्थको नाश हुन्छ
शून्याय = शून्यतामा	**मृतस्य च** = मृत व्यक्तिको जस्तै	
कल्पते = प्राप्त हुन्छ		

वाक्यार्थ— हे उद्धव ! विवेकयुक्त बुद्धिले रहित मनुष्य शून्यतामा पुग्दछ र ऊ मूर्च्छित र मृत व्यक्ति जस्तै पुरुषार्थबाट वञ्चित बन्दछ।

विवरण— माथिका तीन श्लोकहरूमा भगवान्ले विषयहरूमा गुणबुद्धि गर्नु या तिनलाई राम्रो सम्झी चिन्तन गर्नु नै सर्वनाशको कारण हो भनी उपदेश गर्नुभएको छ। श्रीमद्भगवद्गीतामा पनि अर्जुनलाई भगवान्ले यसै गरी विषयचिन्तन अनर्थको कारण हो भनी बताउनुभएको छ। जस्तै—

ध्यायतो विषयान् पुंसः सङ्गस्तेषूपजायते।
सङ्गात् सञ्जायते कामः कामात् क्रोधोऽभिजायते।।
क्रोधाद् भवति सम्मोहः सम्मोहात् स्मृतिविभ्रमः।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात् प्रणश्यति।। (श्रीमद्भगवद्गीता २.६२-६३)

विषयको चिन्तन गर्नु भनेको के हो ? त्यसको वास्तविक स्वरूप बताउँदै भगवान्ले भन्नुभएको छ **विषयेषु गुणाध्यासः** अर्थात् विषयहरूमा गुण रहेको छ भनी सम्झनु नै विषयको चिन्तन गर्नु हो। वास्तवमा विषयहरूमा गुण नभए पनि तिनमा सुख रहेको भ्रमलाई यहाँ **गुणाध्यास** भनिएको छ। **सङ्ग** अर्थात् पदार्थप्रतिको आसक्तिको कारण यही नै हो। जबसम्म मानिसले कुनै पनि वस्तुमा सुख रहेको देख्दछ, तबसम्म उसले त्यो वस्तुलाई जसरी पनि पाउन खोज्छ। **सङ्ग** अर्थात् आसक्ति भएपछि मनभित्र त्यस वस्तुलाई प्राप्त गर्ने प्रबल कामना उत्पन्न हुन्छ। कामना गरिएको वस्तु प्राप्त गर्न खोज्दा कुनै विघ्न आइपर्‍यो भने व्यक्ति अत्यन्त क्रुद्ध हुन्छ र विघ्न गर्नेसँग झगडा गर्न थाल्दछ। यसैले यहाँ भगवान्ले **कामात् कलिः** अर्थात् कामनाबाट नै कलह सुरु हुन्छ भनी बताउनुभएको छ। कलह-विवादबाट **दुर्विषहः क्रोधः** अर्थात् असह्य क्रोधको जन्म हुन्छ, जब क्रोधले आफ्नो सीमालाई नाघ्छ, त्यसपछि व्यक्तिलाई मोहरूपी अन्धकारले ग्रस्त पार्दछ। यहाँ क्रोधबाट उत्पन्न हुने अन्धकार भनेर **सम्मोह**लाई लिन खोजिएको हो। **मोह** भनेको हित र अहितको विवेक गर्न नसक्नु हो। यसको प्रभावद्वारा व्यक्तिको चेतनाशक्ति नै क्षीण हुन जान्छ। **चेतना** अर्थात् विवेक भनेकै असल र खराब छुट्याउने सामर्थ्य हो। यसको अभावमा मानिस चेतनारहित नै बन्दछ, कुनै कर्म गर्न समर्थ रहँदैन। चेतनाहीन व्यक्ति चारैथरी पुरुषार्थबाट भ्रष्ट बन्दछ। यसरी सबै पुरुषार्थबाट च्युत हुनुलाई यहाँ **स्वार्थविभ्रंश** भनिएको छ। त्यो व्यक्ति मूर्च्छित अथवा मरेसमान नै हुन्छ। यसप्रकार यहाँ भगवान्ले श्रीमद्भगवद्गीतामा बताइए जस्तै विषयहरूमा आसक्ति गर्नाले नै व्यक्ति सम्पूर्ण पुरुषार्थबाट भ्रष्ट हुने कुरा बताउनुभएको छ।

विषयाभिनिवेशेन नात्मानं वेद नापरम्।
वृक्षजीविकया जीवन् व्यर्थं भस्त्रेव यः श्वसन्॥ २२॥

पदार्थ—
यः = जो
विषयाभिनिवेशेन = विषय आदिमा तीव्र आसक्ति हुनाले
न = न त
आत्मानं = आफूलाई
(आत्मालाई)
वेद = जान्दछ र
न = न त
अपरं = अर्कालाई
(परमात्मालाई) जान्दछ, त्यस्तो व्यक्ति
व्यर्थं = व्यर्थमा
वृक्षजीविकया = वनस्पतिहरू झैं
जीवन् = जिउँदै
भस्त्रा इव = खलातीले झैं
श्वसन् = केवल श्वास मात्र लिँदै (मृततुल्य बन्दछ)

वाक्यार्थ— जो व्यक्ति विषयमा तीव्र इच्छा र आसक्ति हुनाले न आफूलाई जान्दछ न त अर्कालाई जान्दछ, वास्तवमा ऊ वृक्ष आदि झैं केवल आकारादिले मात्र बाँच्दछ र खलातीले झैं केवल श्वास लिँदै मृततुल्य बन्दछ।

फलश्रुतिरियं नृणां न श्रेयो रोचनं परम्।
श्रेयोविवक्षया प्रोक्तं यथा भैषज्यरोचनम्॥ २३॥

पदार्थ—
इयं = यो
फलश्रुतिः = **स्वर्गकामो यजेत** इत्यादि फलश्रुतिले
नृणां = मनुष्यहरूको लागि
श्रेयः = परमपुरुषार्थ
न = बताउँदैन, परन्तु
श्रेयोविवक्षया = बहिर्मुख व्यक्तिहरूलाई मोक्ष दिलाउने इच्छाले
परं = केवल
रोचनं = कर्ममा रुचि उत्पन्न गराउनको लागि
प्रोक्तं = बताइएको हो
यथा = जसरी
भैषज्यरोचनम् = औषधिमा रुचि उत्पन्न गराउनको लागि मिठो स्वाद दिइन्छ

वाक्यार्थ— वेदमा जुन **स्वर्गकामो यजेत** इत्यादि फलश्रुतिपरक वाक्यहरू भेटिन्छन्, ती वाक्यहरू मनुष्यहरूलाई परमपुरुषार्थ बोध गराउनको लागि होइन, परन्तु बहिर्मुख मनुष्यहरूलाई मोक्षको विधान गर्नका लागि तथा चित्तशुद्धिमूलक कर्ममा रुचि होस् भन्नका लागि मात्र बताइएका हुन्, जसरी औषधिमा रुचि गराउनका लागि मिठो स्वादको प्रयोग गरिन्छ।

उत्पत्त्यैव हि कामेषु प्राणेषु स्वजनेषु च।
आसक्तमनसो मर्त्या आत्मनोऽनर्थहेतुषु॥ २४॥

पदार्थ—
आत्मनः = आफ्नो (आत्माको)
अनर्थहेतुषु = अनर्थका कारण भएका
कामेषु = भोग्य पदार्थमा
प्राणेषु = इन्द्रिय, आयु, बलवीर्य आदिमा र
स्वजनेषु च = स्त्री, पुत्र आदि आफन्तहरूमा पनि
मर्त्याः = मनुष्यहरू
हि = निश्चय नै
उत्पत्त्या एव = स्वभावले नै
आसक्तमनसः = चित्त आसक्त भएका हुन्छन्

वाक्यार्थ— आत्माको लागि अनर्थका कारण भएका धन आदि भोग्य पदार्थमा इन्द्रिय, आयु, प्राण आदि भोगसाधनमा र स्त्री, पुत्र आदि आफन्तहरूमा मनुष्यहरूको स्वभावतः आसक्ति हुन्छ।

नतानविदुषः स्वार्थं भ्राम्यतो वृजिनाध्वनि ।
कथं युञ्ज्यात् पुनस्तेषु तांस्तमो विशतो बुधः ॥ २५ ॥

पदार्थ–
तान् = ती
स्वार्थं = आफ्नो परमपुरुषार्थलाई पनि
अविदुषः = नजान्ने र
नतान् = वेदको अर्थवाद वाक्यमा विश्वास गर्ने
वृजिनाध्वनि = दुःखयुक्त किरा आदि योनिमा
भ्राम्यतः = घुमिरहने र
तमः = अत्यन्त अज्ञानमय वृक्ष आदि योनिमा पनि
विशतः = प्रविष्ट हुने (ती अज्ञानी मनुष्यहरूलाई)
बुधः = सबै कुरा जान्ने वेदले
पुनः = फेरि
तेषु = तिनै विषयहरूमा
कथं = कसरी
युञ्ज्यात् = प्रवृत्त गराउला

वाक्यार्थ– आफ्नो परम पुरुषार्थलाई पनि नबुझेर वेदको अर्थवाद वाक्यमा विश्वास गर्ने तथा दुःखयुक्त किरा आदि योनिमा र अत्यन्त अज्ञानमय वृक्ष आदि योनिमा घुमिरहने अज्ञानी मनुष्यहरूलाई सर्वज्ञ वेदले त्यही दुःखयुक्त मार्गमा कसरी प्रवृत्त गराउला ? यो हुनै सक्दैन।

एवं व्यवसितं केचिदविज्ञाय कुबुद्धयः ।
फलश्रुतिं कुसुमितां न वेदज्ञा वदन्ति हि ॥ २६ ॥

पदार्थ–
एवं = यसरी
व्यवसितं = वेदको अभिप्रायलाई
अविज्ञाय = नजानिकन
केचित् = कोही
कुबुद्धयः = खराब बुद्धि भएका व्यक्तिहरू
कुसुमितां = वेदको अवान्तर फलको प्रलोभन देखाउने पुष्पित वाणीलाई
फलश्रुतिं = परमफल यही हो भनेर
वदन्ति = भन्दछन् (तर)
हि = निश्चय नै
वेदज्ञाः = वेदको तत्त्व बुझेका व्यक्तिहरूले त्यसरी
न = भन्दैनन्

वाक्यार्थ– यसप्रकार वेदको अभिप्रायलाई नजानिकन कोही खराब बुद्धि भएका व्यक्तिहरू अवान्तर स्वर्ग आदि फलको प्रलोभन देखाउने पुष्पित वेदवाक्यलाई नै मुख्य फलश्रुति भन्दछन् र स्वर्ग आदिलाई नै परम सुख मान्दछन्, परन्तु वेदको तत्त्व बुझेका व्यक्तिहरूले त्यसो भन्दैनन्।

कामिनः कृपणा लुब्धाः पुष्पेषु फलबुद्धयः ।
अग्निमुग्धा धूमतान्ताः स्वं लोकं न विदन्ति ते ॥ २७ ॥

पदार्थ–
कामिनः = कामासक्त
कृपणाः = दीन, दुःखी
लुब्धाः = लोभी
पुष्पेषु = फूल(अवान्तरफल)मा
फलबुद्धयः = मुख्य फलबुद्धि गर्ने
अग्निमुग्धाः = अग्निद्वारा सिद्ध गरिने कर्ममा मुग्ध भएका
धूमतान्ताः = अन्तमा धूममार्गको आश्रय लिने
ते = ती अज्ञानीहरूले

स्वं = आफ्नो | **लोकं** = लोकलाई (स्वरूपलाई) | **न विदन्ति** = जान्दैनन्

वाक्यार्थ— कामासक्त, दीनदुःखी, तृष्णाले युक्त तथा स्वर्ग आदि अवान्तर फललाई मुख्य भन्ने सोचाइ गर्ने र अग्निद्वारा सिद्ध गरिने कर्ममा मुग्ध हुने तर अन्तमा धूममार्गको आश्रय लिने ती अज्ञानी व्यक्तिहरूले आफ्नो स्वरूपलाई बुझ्दैनन्।

न ते मामङ्ग जानन्ति हृदिस्थं य इदं यतः।
उक्थशस्त्रा ह्यसुतृपो यथा नीहारचक्षुषः॥ २८॥

पदार्थ—
अङ्ग = हे प्रिय उद्धव
यः = जो परमात्मा
इदं = यो जगत्‌को रूपमा छ र
यतः = जसबाट (यो जगत्‌को उत्पत्ति हुन्छ, त्यस्तो)
हृदिस्थं = आफ्नै हृदयमा रहेको
मां = परमात्मस्वरूप मलाई
उक्थशस्त्राः = आफ्नो कर्मलाई नै शस्त्र बनाएका
असुतृपः = प्राणको तृप्तिमा मात्र लागेका
ते = ती व्यक्तिहरूले
नीहारचक्षुषः यथा = आँखामा कुहिरो लागेकाहरूले झैँ
हि = निश्चय नै
न जानन्ति = केही जान्दैनन्

वाक्यार्थ— हे उद्धव ! जसले आफ्नो कर्मलाई नै शस्त्र बनाएका छन्, जो आफ्नो प्राणको तृप्तिमा मात्र लागेका छन्, त्यस्ता व्यक्तिहरूले, आँखामा कुहिरो लागेकाहरूले केही देख्न नसकेजस्तै गरी यो सारा जगत्‌को रूपमा रहेको तथा जसबाट यो जगत्‌को उत्पत्ति हुन्छ र जो सबैको हृदयमा छ त्यस्तो परमात्मरूप मलाई पनि जान्न सक्दैनन्।

विवरण— यस प्रसङ्गमा सकाम कर्मको सीमितता बताउँदै निष्काम कर्मको प्रशंसा गरिएको छ। यद्यपि सकाम कर्महरू पनि शास्त्रीय कर्म नै हुन्। वेदले नै **अग्निहोत्रं जुहुयात् स्वर्गकामः** अर्थात् स्वर्ग जान चाहने व्यक्तिले अग्निहोत्र गरोस्, **ब्राह्मणो बृहस्पतिसवेन यजेत पुरोधाकामः** अर्थात् आफ्नो पौरोहित्य बढाउन चाहने ब्राह्मणले बृहस्पतिसव गरोस्, **राजा राजसूयेन यजेत स्वाराज्यकामः** अर्थात् इन्द्रपदलाई चाहने राजाले राजसूय यज्ञ गरोस् भन्ने अनेक प्रकारका यज्ञ एवं फलहरू बताइएका छन्, तर अनेक कष्टसाध्य अनुष्ठानबाट सम्पन्न गरिने यी यज्ञहरूका फल नित्य एवं अविनाशी भने छैनन्। उपनिषद्‌मा भनिएको छ— **तद्यथेह कर्मचितो लोकः क्षीयते एवमेवामुत्र पुण्यचितो लोकः क्षीयते** (छान्दोग्योपनिषद् ८.१.६) अर्थात् जसरी यस लोकमा कर्म गरेर प्राप्त भएको विषयभोग बिस्तारै समाप्त हुँदै जान्छ, त्यसै गरी पुण्यकर्महरूद्वारा अर्जित दिव्यलोकहरूको भोग पनि भोग्दै जाँदा क्षीण हुन्छ। फेरि सकाम अनुष्ठानमा थोरै मात्र त्रुटि भयो भने पनि त्यसबाट अनिष्ट फल प्राप्त हुने सम्भावना हुन्छ। स्वर्गका लागि गरिएको अग्निहोत्र कर्ममा अज्ञान या प्रमादवश थोरै त्रुटि भयो भने त्यसबाट सात कुल नष्ट हुने कुरा मुण्डकोपनिषद् (१।२।३)मा बताइएको छ। अतः सकाम कर्महरूमा अनिष्टको भय पनि छ। त्यसैले शास्त्रद्वारा बताइएको भए पनि सकाम कर्महरूको परित्याग गर्नु नै श्रेयस्कर छ।

यदि शास्त्रीय कर्महरूको अनुष्ठान निष्काम भावले गर्ने हो भने त्यसबाट चित्तशुद्धिद्वारा

ज्ञानप्राप्ति हुन सक्छ। यसबाट व्यक्तिलाई परमानन्दको प्राप्ति हुन्छ भने ऊ संसारबन्धनबाट समेत मुक्त हुन्छ। यसप्रकार निष्काम भावले कर्म गर्नुको नै विशेषता छ। कर्महरूको मुख्य फल पनि चित्तशुद्धि नै हो, दिव्य लोक आदिको प्राप्ति त गौण फल हो भन्ने शास्त्रीय धारणा छ। तर **लुब्धाः** अर्थात् तुच्छ विषयहरूको भोग गर्न मरिमेट्ने मानिसहरू यो कुरा बुझ्दैनन्। उनीहरू **पुष्पेषु फलबुद्धयः** अर्थात् स्वर्ग आदि दिव्यलोकको प्राप्तिरूपी फूललाई नै फल मान्दछन्। जीवनभर अनेकौं सकाम कर्महरूमा भुलिरहने यिनीहरूलाई यहाँ **अग्निमुग्धाः** भनिएको छ। यसको अर्थ हुन्छ— **अग्निसाध्यकर्माभिनिवेशेन लुप्तविवेकाः** अर्थात् यज्ञ आदि सकाम कर्महरूमा दृढ अनुराग भएकाले नित्य र अनित्यको विवेक गर्न पनि नसक्ने। सकाम कर्म गर्नेहरूलाई यहाँ **धूमतान्ताः** भनिएको छ। **धूमता— धूममार्गः अन्तो येषां ते** अर्थात् जसको अन्तिम गति धूममार्गद्वारा नै हुन्छ। शास्त्रहरूमा मृत्युपछि ऊर्ध्वलोक गमन गर्ने दुई बाटाहरू निश्चित छन्— उत्तरायण अर्थात् अर्चिमार्ग र दक्षिणायन अर्थात् धूममार्ग। यी दुई गतिको विषयमा बताउँदै भगवान्ले श्रीमद्भगवद्गीतामा भन्नुभएको छ—

शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते।
एकया यात्यनावृत्तिमन्ययावर्तते पुनः।।

अर्थात् यी शुक्ल र कृष्ण गति जगत्का शाश्वत गति हुन्। यिनीहरूमध्ये धूममार्गबाट जाँदा फेरि संसारमै फर्किनुपर्दछ भने अर्चिमार्गबाट जाँदा चाहिँ फेरि पृथिवीमा फर्किनुपर्दैन। सकाम कर्म गर्ने मानिसहरू धूममार्गबाट स्वर्गादिलोकमा जान्छन् र सुखभोगले पुण्य क्षीण भएपछि फेरि मर्त्यलोकमा नै झर्दछन्। निष्काम कर्म गरी चित्त शुद्ध भएकाहरू, योगाभ्यास गर्ने योगीहरू या ठुला उपासकहरू चाहिँ अर्चिमार्गबाट ब्रह्मलोकमा पुगी ब्रह्मज्ञान भएपछि मुक्त हुन्छन्। तत्त्वसाक्षात्कार भइसकेका ज्ञानीहरू चाहिँ **न तस्य प्राणाः उत्क्रामन्ति, ब्रह्मैव सन् ब्रह्माप्येति** (बृहदारण्यकोपनिषद् ४.४.६) अर्थात् ज्ञानीको प्राण उत्क्रमण हुँदैन, ऊ सर्वव्यापक ब्रह्मतत्त्वमा मिल्दछ आदि श्रुति प्रमाणअनुसार कुनै लोक-लोकान्तर नगई यहीं मुक्त हुन्छ।

भगवान् भन्नुहुन्छ, सकाम कर्ममा आसक्त अज्ञानीहरू **स्वं लोकं** अर्थात् स्वयंप्रकाश आफ्नै आत्मालाई जान्दैनन्। सबै प्राणीहरूभित्र रहने अन्तर्यामी परमात्मतत्त्वलाई नजान्ने उनीहरूका आँखा अज्ञानरूप अन्धकारले ढाकिएका छन्। वेदमा पनि भनिएको छ—

न तं विदाथ यऽइमा जनानान्यद्युष्माकमन्तरं बभूव।
नीहारेण प्रावृता जल्प्या चासुतृपऽउक्थशासश्चरन्ति।।

यहाँ पनि भगवान्ले **उक्थ** अर्थात् कर्महरू नै **शस्त्र** अर्थात् पशुहिंसाको साधन भएका एवं **असुतृप्** अर्थात् आफ्नो प्राणलाई मात्र तृप्त गर्न खोज्ने यी मानिसहरू केवल कर्महरूको जन्जालमा फसिरहन्छन् र हृदयभित्रको अन्तर्यामी परमात्मतत्त्वलाई जान्दैनन् भन्नुभएको छ।

ते मे मतमविज्ञाय परोक्षं विषयात्मकाः।
हिंसायां यदि रागः स्याद् यज्ञ एव न चोदना॥ २९॥

हिंसाविहारा ह्यालब्धैः पशुभिः स्वसुखेच्छया ।
यजन्ते देवता यज्ञैः पितृभूतपतीन् खलाः ॥ ३० ॥

पदार्थ–
हिंसायां = हिंसाकर्ममा
यदि = यदि कसैको
रागः स्यात् = अनुराग छ भने
यज्ञे एव = केवल यज्ञमा (मात्र स्वीकृत छ भन्ने परिसंख्या विधि छ)
चोदना न = अवश्य कर्तव्यत्वयुक्त नियमविधि छैन (यस्तो)
परोक्षं = अस्पष्ट
मे = मेरो (वेदको)
मतं = मतलाई
अविज्ञाय = नबुझिकन
विषयात्मकाः = विषयमा आसक्त भएका
हिंसाविहाराः = हिंसामा नै रमाउने
ते = ती
खलाः = अविवेकी दुष्टहरू
हि = निश्चय नै
स्वसुखेच्छया = आफ्नो सुखभोगको इच्छाले
आलब्धैः = मारिएका
पशुभिः = पशुहरूद्वारा
यज्ञैः = यज्ञहरूले
देवताः = देवताहरूलाई र
पितृभूतपतीन् = पितृ, भूतपतिहरूलाई पनि
यजन्ते = यजन गर्दछन्

वाक्यार्थ– हिंसाकर्ममा यदि कसैको अनुराग छ र त्यसलाई छाड्न सक्दैन भने त्यो केवल यज्ञमा मात्र स्वीकृत छ भन्ने परिसंख्या विधि छ। अवश्य गर्नुपर्छ भन्ने नियमविधि छैन। परन्तु यस्तो मेरो (वेदको) गूढ अभिप्राययुक्त वचनलाई नबुझीकन विषयासक्त चित्तवाला केवल हिंसामा रमाउने यी अविवेकी दुष्टहरू आफ्नै सुखभोगको इच्छाले मारिएका पशुहरूद्वारा सम्पन्न गरिने यज्ञको माध्यमले देवता, पितृ र भूतपतिहरूलाई पनि यजन गर्दछन्।

स्वप्नोपममम‍ुं लोकमसन्तं श्रवणप्रियम् ।
आशिषो हृदि सङ्कल्प्य त्यजन्त्यर्थान् यथा वणिक् ॥ ३१ ॥

पदार्थ–
स्वप्नोपमं = स्वप्नका पदार्थसमान अस्थिर (तर)
श्रवणप्रियं = सुन्नमा आनन्द लाग्ने (वास्तवमा)
असन्तं = असत् तथा दुःखजनक
अमुं = यो र
लोकं = स्वर्ग आदि लोकलाई
आशिषः = प्राप्त गर्ने इच्छाले
हृदि = मनमा
सङ्कल्प्य = कल्पना गरेर (मूर्ख मानिसहरू)
अर्थान् = आफूसँग भएका धनसम्पत्तिहरू पनि
त्यजन्ति = गुमाउँछन्
यथा = जसरी
वणिक् = लोभी व्यापारीले गर्दछ

वाक्यार्थ– जसरी धन कमाउनमा लिप्त व्यापारी धेरै धन कमाउनको लागि आफूसँग भएको धन लिएर बाहिर व्यापारमा हिँड्दा बिचमा नै बिघ्न आई अरू धन पनि कमाउन सक्दैन र आफूसँग भएको धन पनि गुमाई यता न उताको हुन्छ, त्यस्तै यी मूर्ख मनुष्यहरू पनि सुन्दा राम्रो लाग्ने तर वास्तवमा स्वप्नतुल्य नश्वर यो लोक र स्वर्गलोकका विषयप्रतिको आशाले मनमा धेरै कल्पना गरी आफूसँग भएको धन पनि गुमाउँछन्।

रजःसत्त्वतमोनिष्ठा रजःसत्त्वतमोजुषः ।
उपासत इन्द्रमुख्यान् देवादीन् न तथैव माम् ॥ ३२ ॥

पदार्थ–	सत्त्वगुणी र तमोगुणी नै स्वभाव भएका	**मां** = गुणातीत मलाई
रजःसत्त्वतमोनिष्ठाः = रजोगुणी, सत्त्वगुणी र तमोगुणी स्वभाव भएका मानिसहरूले	**इन्द्रमुख्यान्** = इन्द्र आदि	**न तथा** = त्यस्तो उपासना गर्दैनन्
रजःसत्त्वतमोजुषः = रजोगुणी,	**देवादीन् एव** = देवताहरूलाई नै	
	उपासते = उपासना गर्दछन्	

वाक्यार्थ– रजोगुणी, सत्त्वगुणी र तमोगुणी स्वभाव भएका मानिसहरूले आफ्नै प्रकृतिअनुसार रजोगुणी, सत्त्वगुणी र तमोगुणी स्वभाव भएका इन्द्र आदि देवताहरूको उपासना गर्दछन्, गुणातीत मेरो चाहिँ उपासना गर्दैनन् ।

इष्ट्वेह देवता यज्ञैर्गत्वा रंस्यामहे दिवि ।
तस्यान्त इह भूयास्म महाशाला महाकुलाः ॥ ३३ ॥

पदार्थ–	**दिवि** = स्वर्गमा	**इह** = यो लोकमा आएर
इह = यो लोकमा	**गत्वा** = गएर	**महाशालाः** = घरबारले सम्पन्न गृहस्थ र
यज्ञैः = यज्ञहरूद्वारा	**रंस्यामहे** = रमण गर्ने छौँ र	
देवताः = देवताहरूलाई	**तस्य** = त्यो स्वर्ग आदि भोगको	**महाकुलाः** = महाकुलीन बनेर
इष्ट्वा = यजन गरेर	**अन्ते** = अन्तमा	**भूयास्म** = रहनेछौँ

वाक्यार्थ– ती अज्ञानीहरू हामी यो लोकमा विविध यज्ञद्वारा देवताहरूको यजन गर्नेछौँ र स्वर्गमा गई खुब भोगहरू भोग्नेछौँ, फेरि भोग समाप्त गरी यसै लोकमा आई घरबारले सम्पन्न गृहस्थ र महाकुलीन बनेर रहनेछौँ भन्दछन् ।

एवं पुष्पितया वाचा व्याक्षिप्तमनसां नृणाम् ।
मानिनां चातिस्तब्धानां मद्वार्तापि न रोचते ॥ ३४ ॥

पदार्थ–	**व्याक्षिप्तमनसां** = विक्षिप्त चित्त भएका	**नृणां** = मनुष्यहरूलाई
एवं = यसरी		**मद्वार्ता अपि** = मेरो (भगवान्को) चर्चा पनि
पुष्पितया = सुन्नमा आनन्द लाग्ने (फुलेका)	**मानिनां** = अहङ्कारी र	
	अतिस्तब्धानां च = अत्यन्त कठोर हृदय भएका	**न रोचते** = मन पर्दैन
वाचा = वाणीद्वारा		

वाक्यार्थ– यस्तो सुन्नमा आनन्द लाग्ने वाणीद्वारा मन विक्षिप्त भइसकेका अहङ्कारी र अत्यन्त कठोर हृदय भएका व्यक्तिहरूलाई मेरो चर्चा पनि सुन्न मन पर्दैन ।

वेदा ब्रह्मात्मविषयास्त्रिकाण्डविषया इमे।
परोक्षवादा ऋषयः परोक्षं मम च प्रियम्॥ ३५॥

पदार्थ–	**वेदाः** = वेदहरूले नै	**परोक्षवादाः** = यिनै कुराहरूलाई
त्रिकाण्डविषयाः = कर्मकाण्ड,	**ब्रह्मात्मविषयाः** = जीव र	परोक्ष रूपमा बताउँछन्
उपासनाकाण्ड र ज्ञानकाण्डको	ब्रह्मको एकतालाई प्रतिपादन	**मम च** = मलाई पनि
प्रतिपादन गर्ने	गर्दछन्	**परोक्षं** = परोक्षले वर्णन नै
इमे = यी	**ऋषयः** = मन्त्रद्रष्टा ऋषिहरू	**प्रियम्** = प्रिय लाग्दछ

वाक्यार्थ– कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड यी तीनै काण्डलाई वेदले प्रतिपादन गर्दछ र जीव र ब्रह्मको एकता पनि वेदले नै प्रतिपादन गर्दछ, तर मन्त्रद्रष्टा ऋषिहरूले यो कुरालाई परोक्षरूप (घुमाउरो तरिका)मा बताउँछन्, मलाई पनि त्यस्तै परोक्षशैली नै मन पर्दछ।

शब्दब्रह्म सुदुर्बोधं प्राणेन्द्रियमनोमयम्।
अनन्तपारं गम्भीरं दुर्विगाह्यं समुद्रवत्॥ ३६॥

पदार्थ–	**अनन्तपारं** = अपार तथा	लागि अगम्य
प्राणेन्द्रियमनोमयं = प्राण, इन्द्रिय	**गम्भीरं** = गम्भीर अनि	**शब्दब्रह्म** = वेद
र मनस्वरूप (अर्थात् परा,	**समुद्रवत्** = समुद्र झैँ	**सुदुर्बोधं** = बुझ्न कठिन छ
पश्यन्ती र मध्यमा रूप अनि)	**दुर्विगाह्यम्** = सामान्य व्यक्तिका	

वाक्यार्थ– प्राण, इन्द्रिय र मनस्वरूप परा, पश्यन्ती र मध्यमारूपले सूक्ष्म भएकाले वेद अत्यन्त दुर्ज्ञेय छ। वेदलाई केवल स्थूल वैखरीरूपमा मात्र सामान्य व्यक्तिले जान्दछन्, त्यसैले अपार र गम्भीर समुद्र झैँ वेद पनि अपार, अत्यन्त गम्भीर र सामान्य व्यक्तिका लागि अगम्य वा बुझ्न कठिन छ।

मयोपबृंहितं भूम्ना ब्रह्मणानन्तशक्तिना।
भूतेषु घोषरूपेण बिसेषूर्णेव लक्ष्यते॥ ३७॥

पदार्थ–	**ब्रह्मणा** = परब्रह्मद्वारा	**बिसेषु** = कमलको नालमा
भूम्ना = व्यापक	**उपबृंहितं** = प्रकट गरिएको	**ऊर्णा इव** = मसिना रेसा भए झैँ
अनन्तशक्तिना = अपार शक्तिले	सूक्ष्म वेदतत्त्व	सूक्ष्मरूपले
युक्त	**भूतेषु** = प्राणीहरूमा	**लक्ष्यते** = जानिन्छ
मया = म	**घोषरूपेण** = नादरूपले	

वाक्यार्थ– व्यापक र अपारशक्तिशाली परब्रह्मद्वारा अधिष्ठित सूक्ष्म वेदतत्त्व सम्पूर्ण प्राणीहरूको

अन्तःकरणमा कमलको नालमा मसिना रेसा ॐ सूक्ष्मरूपले नादरूपमा बसेको छ जसलाई सूक्ष्म अनुसन्धानद्वारा मात्र जानिन्छ।

विवरण— यहाँ वेदको कर्मभागको परम तात्पर्य स्वर्ग आदि दिव्य फलहरू प्रदान गर्नु नभई चित्तशुद्धिद्वारा ज्ञानतिर उन्मुख गराउनु हो भने जैमिनि आदि अनेकौँ शास्त्रज्ञ आचार्यहरूले वेदको तात्पर्य किन कर्मप्रतिपादनमा नै छ भनी बताए त ? भन्ने शङ्का उत्पन्न हुन्छ। यस्तो शङ्काको निराकरण गर्दै भगवान् भन्नुहुन्छ— **शब्दब्रह्म** अर्थात् वेद **सुदुर्बोधं** अर्थात् अत्यन्त दुर्बोध छ। त्यसैले शास्त्रज्ञ विद्वान्हरूलाई पनि अर्थ बुझ्न कठिन भएकाले यसबाट अनेक तात्पर्य निकालिएको हो। यहाँ भगवान्ले वेदलाई प्राणेन्द्रियमनोमय भनी बताउनुभएको छ। यसको तात्पर्य परा, पश्यन्ती र मध्यमा रूप भन्ने हुन्छ।

शब्दशास्त्रहरूमा वाणीका चार स्वरूपहरू बताइएको छ। परा वाणी स्वयं अर्थरूप छ र यो अर्थ भनेको चैतन्यस्वरूप आत्मतत्त्व नै हो। यो परा वाक् मूलाधार चक्रमा अवस्थित हुन्छ। पश्यन्ती वाक् भनेको योगीहरूले गम्भीर चिन्तनको अवस्थामा साक्षात्कार गर्ने वाणीको स्वरूप हो। यो वाग्रूप शब्दब्रह्मको अलिकति संसारतिर उन्मुख हुन लागेको अवस्था हो। जगत्तर्फ उन्मुख भई हेर्न खोजेको भन्ने अर्थमा यसलाई पश्यन्ती भनिएको हो। यो वाक् नाभिस्थानको मणिपूर चक्रमा अवस्थित हुन्छ। मध्यमा वाक्को स्थान चाहिँ हृदयप्रदेशको अनाहत चक्र हो। मनभित्र विचार गरिएका शब्दहरू बाहिर संसारमा निस्किनसकेको र भित्र अन्तर्मुख पनि नभएको मध्यमस्थिति भएकाले यसलाई मध्यमा वाक् भनिएको हो। योभन्दा बाहिरको वाक्को अर्को भेदलाई वैखरी भनिन्छ, जसलाई जिब्रो, तालु, कण्ठमूल आदि उच्चारणस्थानहरूद्वारा उच्चारण गरिन्छ। वैखरीबाहेक अरू तीनै वाणीका रूपहरू बाहिर अव्यक्त छन्। यिनै तीन थरी वाणीहरूलाई यहाँ प्राण, मन र इन्द्रियमय भनिएको हो। यहाँ प्राणवृत्तिजस्तै जीवनचैतन्यसँग सम्बन्धित भएकाले परा वाक्लाई प्राणमय भनिएको हो, शुद्ध मनद्वारा ध्यान अथवा साक्षात्कार गरिने भएकाले पश्यन्ती वाक्लाई मनोमय भनिएको हो भने इन्द्रियद्वारा उच्चरित हुन लागेको अवस्थाको भएकाले मध्यमा वाक्लाई इन्द्रियमय भनिएको हो।

ऋषिहरूले वेदको उपलब्धि **घोष** अर्थात् अनाहत नादको रूपमा हृदयभित्र नै गर्दछन्। संसारका अरू सबै ध्वनिहरू आहत ध्वनि हुन्। रुख-पहाड आदिद्वारा छेकिँदा घर्षणबाट हावा सनसनाएको सुनिनु, मृदङ्ग आदि वाद्यवादनको आवाज, ताली बजाउँदा निस्केको ध्वनि आदि र जिब्रो आदि उच्चारण अवयवसँगको घर्षणले उच्चरित सबै ध्वनिहरू आहत ध्वनि हुन्। ऋषिहरूले साक्षात्कार गर्ने मन्त्रको स्वरूप चाहिँ अनाहत नादरूप हो। यस्तो शब्दब्रह्म अत्यन्त दुर्बोध छ र यसको सम्पूर्ण तात्पर्य त स्वयं भगवान्ले नै बुझ्नुहुन्छ। अतः जैमिनि आदि कर्ममीमांसकहरूले कर्म गरी स्वर्गीय सुख भोग्नु नै वेदको तात्पर्य हो भनी बताए तापनि वेदको मुख्य तात्पर्य चित्तशुद्धिद्वारा आत्मसाक्षात्कार गराउनुमा नै छ भन्ने आशय यहाँबाट प्रकट भएको छ।

वेदवाणी अत्यन्त दुर्बोध्य भएको सम्बन्धमा ऋग्वेद (१.१६४.४५)को निम्नलिखित मन्त्र प्रसिद्ध छ—

चत्वारि वाक्परिमिता पदानि तानि विदुर्ब्राह्मणा ये मनीषिणः।
गुणा त्रीणि निहिता नेङ्गयन्ति तुरीयं वाचो मनुष्या वदन्ति।।

अर्थात् वाणीका **चत्वारि पदानि-** चार रूपहरू **परिमिता** अर्थात् गणना गरिएका छन्, तिनलाई **मनीषी-** ज्ञानीहरूले जान्दछन्, ती रूपहरूमध्ये **गुहा निहिता-** भित्र नै गुप्त रहने तीन रूपहरूले, **नेङ्गयन्ति-** आफ्नो स्वरूपलाई प्रकट गर्दैनन्, सामान्य मानिसहरू त **तुरीयं वाचः** अर्थात् वैखरी वाणीद्वारा नै व्यवहार गर्दछन्।

यथोर्णनाभिर्हृदयादूर्णामुद्वमते मुखात्।
आकाशाद् घोषवान् प्राणो मनसा स्पर्शरूपिणा॥ ३८॥
छन्दोमयोऽमृतमयः सहस्रपदवीं प्रभुः।
ओङ्काराद् व्यञ्जितस्पर्शस्वरोष्मान्तःस्थभूषिताम्॥ ३९॥
विचित्रभाषाविततां छन्दोभिश्चतुरुत्तरैः।
अनन्तपारां बृहतीं सृजत्याक्षिपते स्वयम्॥ ४०॥

पदार्थ—
यथा = जसरी
ऊर्णनाभिः = माकुराले
हृदयात् = आफ्नो हृदयबाट
मुखात् = मुखको माध्यमले
ऊर्णाम् = जाललाई
उद्वमते = प्रकट गर्दछ (त्यसै गरी)
प्राणः = प्राणरूप उपाधिवाला हिरण्यगर्भरूप
छन्दोमयः = वेदमूर्ति
अमृतमयः = अमृतस्वरूप
प्रभुः = भगवान्ले
घोषवान् = नादरूप उपादानले युक्त भएर
स्पर्शरूपिणा = स्पर्श आदि वर्णद्वारा सङ्कल्प गर्ने
मनसा = मनद्वारा
आकाशात् = हृदयाकाशबाट
ओङ्कारात् = ओङ्कारको माध्यमले
सहस्रपदवीं = हजारौँ मार्गले युक्त
व्यञ्जितस्पर्शस्वरोष्मान्तःस्थ-भूषिताम् = अभिव्यक्त स्पर्श, स्वर ऊष्मा र अन्तःस्थसंज्ञक वर्णले विभूषित
विचित्रभाषाविततां = विचित्र भाषाको रूपमा विस्तार भएको
चतुरुत्तरैः = उत्तरोत्तर चार-चार अक्षरयुक्त
छन्दोभिः = छन्दले उपलक्षित
अनन्तपारां = अपार
बृहतीं = वेदरूपा वैखरी वाणीलाई
सृजति = प्रकट गर्नुहुन्छ र अन्त्यमा
स्वयं = आफूमा नै
आक्षिपते = लीन गर्नुहुन्छ

वाक्यार्थ— माकुराले जसरी आफ्नो हृदयबाट मुखको माध्यमले जाललाई प्रकट गर्दछ र अन्त्यमा फेरि आफैँमा लीन गर्दछ, त्यसै गरी वेदमूर्ति, अमृतस्वरूप, प्राणरूप उपाधियुक्त भगवान्ले पनि नादरूप उपादानले युक्त भएर हृदयाकाशबाट स्पर्श आदि वर्णद्वारा सङ्कल्प गर्ने मनको माध्यमले, ओङ्कारद्वारा अभिव्यक्त स्पर्श स्वर, ऊष्मा र अन्तःस्थसंज्ञक वर्णले विभूषित, विचित्र भाषामा विस्तार भएको, उत्तरोत्तर चार-चार अक्षरयुक्त छन्दले उपलक्षित, अपार वैखरीरूप वेदवाणीलाई

प्रकट गर्नुहुन्छ र आफैँमा लीन गर्नुहुन्छ।

गायत्र्युष्णिगनुष्टुप् च बृहती पङ्क्तिरेव च।

त्रिष्टुब्जगत्यतिच्छन्दो ह्यत्यष्ट्यतिजगद् विराट्॥ ४१॥

पदार्थ–
गायत्री = (यो वेदरूपा वाणी) गायत्री
उष्णिक् = उष्णिक्
अनुष्टुप् च = अनुष्टुप्
बृहती = बृहती
पङ्क्तिः एव च = पङ्क्ति पनि एवं
त्रिष्टुप् = त्रिष्टुप्
जगती = जगती
अतिच्छन्दः = अतिच्छन्द र
हि = निश्चय नै
अत्यष्ट्यतिजगद्विराट् = अत्यष्टि, अतिजगती र विराट् आदि छन्दहरूद्वारा युक्त छ

वाक्यार्थ– यो वेदरूपा वाणी गायत्री, उष्णिक्, अनुष्टुप्, बृहती, पङ्क्ति, त्रिष्टुप्, जगती, अतिच्छन्द एवं अत्यष्टि, अतिजगती र विराट् आदि छन्दहरूले युक्त छ।

किं विधत्ते किमाचष्टे किमनूद्य विकल्पयेत्।

इत्यस्या हृदयं लोके नान्यो मद् वेद कश्चन॥ ४२॥

पदार्थ–
लोके = यो लोकमा वेदरूपा वाणीले
किं = के
विधत्ते = विधान गर्दछ
किं = के
आचष्टे = भन्दछ
किं = केको
अनूद्य = अनुवाद गरेर
विकल्पयेत् = विकल्प गर्दछ
इति = यस्तो
अस्याः = यो वेदवाणीको
हृदयं = तात्पर्यलाई
मदन्यः = मलाई छाडेर
कश्चन = अरू कसैले पनि
न वेद = जान्दैनन्

वाक्यार्थ– यो वेदरूपा वाणीले केको विधान गर्दछ, के प्रकाशित गर्दछ र केको अनुवाद गरेर विकल्प गर्दछ भन्ने कुराको वास्तविक तात्पर्य मलाई छाडेर अरू कसैले पनि जान्दैनन्।

मां विधत्तेऽभिधत्ते मां विकल्प्यापोह्यते त्वहम्।

एतावान् सर्ववेदार्थः शब्द आस्थाय मां भिदाम्॥

मायामात्रमनूद्यान्ते प्रतिषिध्य प्रसीदति॥ ४३॥

पदार्थ–
मां = (वेदले) मेरो नै
विधत्ते = विधान गर्दछ र
मां = मलाई नै
अभिधत्ते = प्रकाशित गर्दछ
विकल्प्य = विकल्प गरेर
अपोह्यते = निराकरण गर्दछ (त्यो पनि सबै)
अहं तु = म नै हुँ
सर्ववेदार्थः = सम्पूर्ण वेदको तात्पर्य
एतावान् = यही नै हो
शब्दः = वेदले
मां = परमार्थरूप मलाई
आस्थाय = आश्रय लिएर

भिदां = भेदलाई
मायामात्रं = माया मात्र हो भनी
अनूद्य = अनुवाद गरी
प्रतिषिध्य = प्रतिषेध गरेर
अन्ते = अन्तमा
प्रसीदति = निर्व्यापार बन्दछ

वाक्यार्थ– वास्तवमा वेदले यज्ञरूपले मेरो नै विधान गर्दछ र तत्-तत् देवताको रूपमा मलाई नै प्रकाशित गर्दछ। साथै जुन आकाश आदि प्रपञ्चको विकल्प गरी त्यसको निषेध गर्दछ, त्यो पनि म नै हुँ। यही नै सम्पूर्ण वेदको तात्पर्य हो। वेदले परमार्थरूप मेरो आश्रय लिएर सारा भेदको निषेध गर्दछ र अन्तमा आफू पनि चुपचाप ममा नै लीन हुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे एकविंशोऽध्यायः ॥ २१ ॥

अथ द्वाविंशोऽध्यायः

पुरुष, प्रकृति र तत्त्वहरू

उद्धव उवाच (उद्धवले भने)

कति तत्त्वानि विश्वेश सङ्ख्यातान्यृषिभिः प्रभो ।

नवैकादश पञ्च त्रीण्यात्थ त्वमिह शुश्रुम ॥ १ ॥

पदार्थ–	**सङ्ख्यातानि** = बताइएका छन्	**त्रीणि** = तीन गरी (अट्ठाईस तत्त्व)
विश्वेश = हे संसारका मालिक	**त्वं** = हजुरले त	**आत्थ** = बताउनुभएको
प्रभो = हे प्रभु	**इह** = यहाँ	**शुश्रुम** = सुन्यौं
ऋषिभिः = ऋषिहरूद्वारा	**नव** = नौ	
कति = कति	**एकादश** = एघार	
तत्त्वानि = तत्त्वहरू	**पञ्च** = पाँच र	

वाक्यार्थ– हे संसारका मालिक प्रभु ! ऋषिहरूले कति तत्त्वहरू बताएका छन् ? हजुरले त नौ, एघार, पाँच र तीन गरी जम्मा अट्ठाईस तत्त्वका बारेमा बताउनुभएको कुरा हामीले सुन्यौं ।

केचित् षड्विंशतिं प्राहुरपरे पञ्चविंशतिम् ।

सप्तैके नव षट् केचिच्चत्वार्येकादशापरे ॥ २ ॥

पदार्थ–	**पञ्चविंशतिं** = पच्चीस	**केचित्** = कसैले
केचित् = कसैले (तत्त्वको संख्या)	**एके** = कसैले	**चत्वारि** = चार र
षड्विंशतिं = छब्बीस	**सप्त** = सात	**अपरे** = कसैले
अपरे = कसैले	**नव** = नौ	**एकादश** = एघार
	षट् = छ	**प्राहुः** = भनेका छन्

वाक्यार्थ– तत्त्वको संख्याको बारेमा कसैले छब्बीस र कसैले पच्चीस हुन्छ भनेका छन् । त्यस्तै कसैले सात, कसैले नौ, कसैले छ तथा कसैले चार र कसैले एघार भनी बताएका छन् ।

केचित् सप्तदश प्राहुः षोडशैके त्रयोदश ।

एतावत्त्वं हि सङ्ख्यानामृषयो यद्विवक्षया ॥

गायन्ति पृथगायुष्मन्निदं नो वक्तुमर्हसि ॥ ३ ॥

पदार्थ–	**केचित्** = कसैले	**सप्तदश** = सत्ताईस

एके = कसैले
षोडश = सोह्र र
त्रयोदश = तेह्र हुन्छ भनी
प्राहुः = बताएका छन्
हिं = निश्चय नै
आयुष्मन् = हे अविनाशी
ऋषयः = ऋषिहरूले
यद्विवक्षया = जुन अभिप्रायले
पृथक् = भिन्न-भिन्न रूपमा
गायन्ति = वर्णन गरेका छन्
इदं = यो कुरा
सङ्ख्यानां = तत्त्वसंख्याको
एतावत्त्वं = यत्ति प्रकार
नः = हामीहरूलाई
वक्तुं = भन्न
अर्हसि = सक्नुहुन्छ

वाक्यार्थ— त्यस्तै कसैले सत्ताईस, कसैले सोह्र र कसैले तेह्र तत्त्वको चर्चा गरेका छन्। हे भगवान् ! ऋषिहरूले तत्त्वसंख्याका बारेमा यसरी किन भिन्न-भिन्न मत व्यक्त गरेका हुन् ? त्यो हामीलाई बुझाइदिनुहोस्।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

युक्तं च सन्ति सर्वत्र भाषन्ते ब्राह्मणा यथा।
मायां मदीयामुद्गृह्य वदतां किं नु दुर्घटम्॥ ४॥

पदार्थ—
ब्राह्मणाः = ब्राह्मणहरूले
यथा = जसो
भाषन्ते = भनेका छन् (ती सबै)
युक्तं = युक्तिपूर्ण नै छन्
सर्वत्र च = सबै तत्त्व सबैमा व्याप्त पनि
सन्ति = छन्
मदीयां = मेरो
मायां = मायाशक्तिलाई
उद्गृह्य = स्वीकार गरेर
वदतां = वादविवाद गर्नेहरूका लागि
किं नु = के नै
दुर्घटम् = असम्भव छ र

वाक्यार्थ— हे उद्धव ! तत्त्वका बारेमा ब्राह्मणहरूले जे-जसो भनेका छन्, ती सबै युक्तिपूर्ण नै छन्, किनभने सबै तत्त्व सबैमा अन्तर्भूत छन्। मेरो मायाशक्तिलाई स्वीकार गरेर तत्त्वसंख्याबारे बोल्नेहरूका निम्ति भन्न नमिल्ने कुरा के नै छ र ?

नैतदेवं यथात्थ त्वं यदहं वच्मि तत् तथा।
एवं विवदतां हेतुं शक्तयो मे दुरत्ययाः॥ ५॥

पदार्थ—
त्वं = तिमी
यथा = जे
आत्थ = भन्दछौ
एतत् = त्यो
एवं = यस्तो (यथार्थ)
न = होइन
अहं = म
यत् = जे
वच्मि = भन्दछु
तत् = त्यही नै
तथा = सत्य हो
एवं = यसप्रकारले
हेतुं = जगत्को कारणको विषयमा
विवदतां = वादविवाद गर्नेहरूका लागि
मे = मेरो
दुरत्ययाः = बुझ्न नसकिने
शक्तयः = शक्तिहरू (मायाशक्ति) नै कारण हुन्

वाक्यार्थ– तिमी जे भन्छौ त्यो ठिक होइन, मैले जे भनेको छु यही नै सत्य हो भनी यसप्रकारले जगत्को कारणको विषयमा विवाद हुनु पनि स्वाभाविक नै हो किनभने वास्तवमा यस्तो विवाद हुनुमा कारण मेरो मायाशक्ति नै हो।

यासां व्यतिकरादासीद् विकल्पो वदतां पदम्।
प्राप्ते शमदमेऽप्येति वादस्तमनु शाम्यति ॥ ६ ॥

पदार्थ–
यासां = जुन सत्त्व आदि मायावृत्तिको
व्यतिकरात् = क्षोभका कारण नै
वदतां = विवाद गर्नेहरूका बिचमा
पदं = विवादको विषयमा
विकल्पः = मतभेद
आसीत् = भएको हो
शमदमे = मन र इन्द्रियनिग्रह
प्राप्ते अपि = भएपछि सबै भेद
एति = नष्ट हुन्छ र
तं अनु = त्यसको साथमा
वादः = विवाद पनि
शाम्यति = शान्त हुन्छ

वाक्यार्थ– सत्त्व आदि मायावृत्तिको क्षोभका कारण नै विवाद गर्नेहरूको बिचमा विभेदको विषय खडा भएको हो। जब इन्द्रियहरू आफ्नो वशमा हुन्छन् र चित्त शान्त हुन्छ, तब यो सारा भेद प्रपञ्च हट्दछ र सम्पूर्ण वाद-विवाद पनि शान्त हुन्छन्।

परस्परानुप्रवेशात् तत्त्वानां पुरुषर्षभ।
पौर्वापर्यप्रसङ्ख्यानं यथा वक्तुर्विवक्षितम् ॥ ७ ॥

पदार्थ–
पुरुषर्षभ = हे पुरुषश्रेष्ठ
तत्त्वानां = तत्त्वहरूको
परस्परानुप्रवेशात् = परस्परमा अन्तर्भाव हुनाले
वक्तुः = वक्ताले
यथा = जस्तो
विवक्षितं = बोल्ने इच्छा गर्‍यो (त्यस्तै)
पौर्वापर्यप्रसङ्ख्यानम् = कार्यकारणभाव वा थोरैधेरै संख्याको गणना हुन सक्छ

वाक्यार्थ– हे पुरुषश्रेष्ठ ! एउटा तत्त्व अर्को तत्त्वसँग मिलेको हुनाले वक्ताले जे-जति संख्यामा भन्न खोज्दछ, त्यसै अनुसार कार्यकारणभाव मिलाएर भन्न सक्दछ, त्यसैले तत्त्वका थोरै धेरै संख्याको गणना हुन सक्छ।

एकस्मिन्नपि दृश्यन्ते प्रविष्टानीतराणि च।
पूर्वस्मिन् वा परस्मिन् वा तत्त्वे तत्त्वानि सर्वशः ॥ ८ ॥

पदार्थ–
पूर्वस्मिन् = पहिलो कारणभूत
परस्मिन् अपि वा = अथवा दोस्रो कार्यरूप तत्त्वमा
एकस्मिन् तत्त्वे वा = अथवा एउटै तत्त्वमा
इतराणि च = अन्य कार्यकारणरूप
तत्त्वानि = तत्त्वहरू
सर्वशः = सम्पूर्ण रूपमा
प्रविष्टानि = अन्तर्भूत भएका
दृश्यन्ते = देखिन्छन्

वाक्यार्थ– कारणरूप तत्त्व वा कार्यरूप तत्त्व जुनसुकैमा पनि अन्य सबै तत्त्वहरू सम्मिलित भएका देखिन्छन्। त्यसकारण कुन कुनमा मिल्ने हो र कति हुने हो त्यसको कुनै ठेगानै छैन।

पौर्वापर्यमतोऽमीषां प्रसङ्ख्यानमभीप्सताम्।
यथा विविक्तं यद्वक्त्रं गृह्णीमो युक्तिसम्भवात्॥ ९॥

पदार्थ–
अतः = त्यसकारण
अमीषां = यी तत्त्वहरूको
पौर्वापर्यम् = कार्यकारणभाव र
प्रसङ्ख्यानं = संख्याको कमी-बेसी
अभीप्सतां = चाहने वादीहरूमध्ये
यथा = जुन अभिप्रायले
यद्वक्त्रं = जसको मुख जसरी प्रवृत्त हुन्छ
युक्तिसम्भवात् = युक्तिसङ्गत भएका कारण त्यसलाई
विविक्तं = अवश्य नै
गृह्णीमः = स्वीकार गर्दछौँ

वाक्यार्थ– त्यसकारण ज-जसले जुन कार्यलाई जुन कारणमा र जुन कारणलाई जुन कार्यमा अन्तर्भूत गरेर जति संख्या स्वीकार गरेर बोलेका छन्, ती सबै कुरा युक्तिसङ्गत नै छन्। अतः अवश्य नै तिनीहरूका ती विभिन्न भनाइहरूलाई हामी पनि स्वीकार गर्दछौँ।

अनाद्यविद्यायुक्तस्य पुरुषस्यात्मवेदनम्।
स्वतो न सम्भवादन्यस्तत्त्वज्ञो ज्ञानदो भवेत्॥ १०॥

पदार्थ–
अनाद्यविद्यायुक्तस्य = अनादि कालदेखि अविद्याले ग्रस्त भएको
पुरुषस्य = मानिसलाई
आत्मवेदनं = आत्माको ज्ञान
स्वतः = आफैँ (गुरुविना)
न सम्भवात् = नहुने हुनाले
अन्यः = अर्को कुनै
तत्त्वज्ञः = तत्त्वज्ञानी
ज्ञानदः = ज्ञानदाता
भवेत् = हुनुपर्दछ

वाक्यार्थ– अनादि कालदेखि अविद्याले ग्रस्त भएका मानिसलाई स्वतः आत्मज्ञान हुन सक्दैन, अतः उसलाई आत्मज्ञानको उपदेश गर्नका निम्ति अर्को कुनै तत्त्वज्ञानीको आवश्यकता पर्दछ। (त्यसैले छब्बीस तत्त्व स्वीकार्नेहरूले त्यही आत्मज्ञान उपदेश गर्ने ईश्वरलाई अलग मानेर छब्बीस तत्त्व स्वीकार गर्दछन्।)

पुरुषेश्वरयोरत्र न वैलक्षण्यमण्वपि।
तदन्यकल्पनापार्था ज्ञानं च प्रकृतेर्गुणः॥ ११॥

पदार्थ–
अत्र = यो शरीरमा
पुरुषेश्वरयोः = जीव र ईश्वरको
अणु अपि = अणु मात्र पनि
वैलक्षण्यं = भिन्नता
न = छैन
तत् = त्यसकारण
अन्यकल्पना = भेदकल्पना गर्नु
अपार्था = व्यर्थ छ
ज्ञानं च = ज्ञान पनि
प्रकृतेः = प्रकृतिको नै
गुणः = गुण हो

वाक्यार्थ– शरीरमा जीव र ईश्वरका बिचमा थोरै मात्र पनि भिन्नता छैन। त्यसकारण त्यहाँ भेदकल्पना गर्नु व्यर्थ छ। अर्को कुरा ज्ञान पनि सत्त्वगुणको वृत्ति भएकोले प्रकृतिकै गुण हो, तसर्थ यसलाई छुट्टै गणना गर्नुपर्दैन । (यसो भनी केही व्यक्तिहरू पच्चीस तत्त्व स्वीकार गर्दछन्)

प्रकृतिर्गुणसाम्यं वै प्रकृतेर्नात्मनो गुणाः।
सत्त्वं रजस्तम इति स्थित्युत्पत्त्यन्तहेतवः॥ १२॥

पदार्थ–
वै = निश्चय नै
गुणसाम्यं = गुणको साम्यावस्था
प्रकृतिः = प्रकृति हो
स्थित्युत्पत्त्यन्तहेतवः = जगत्को उत्पत्ति, स्थिति र लयको कारण
सत्त्वं = सत्त्वगुण
रजः = रजोगुण र
तमः = तम
इति = यी सबै
प्रकृतेः = प्रकृतिका
गुणाः = गुण हुन्
आत्मनः = आत्माका
न = होइनन्

वाक्यार्थ– तीन गुणको साम्यावस्था नै प्रकृति हो। सत्त्व, रज र तम यी तीन प्रकृतिका गुण हुन्, आत्माका होइनन्। यिनैद्वारा जगत्को उत्पत्ति, स्थिति र प्रलय हुने हो।

सत्त्वं ज्ञानं रजः कर्म तमोऽज्ञानमिहोच्यते।
गुणव्यतिकरः कालः स्वभावः सूत्रमेव च॥ १३॥

पदार्थ–
इह = यस संसारमा
सत्त्वं = सत्त्वगुणलाई
ज्ञानं = ज्ञान
रजः = रजोगुणलाई
कर्म = कर्म र
तमः = तमोगुणलाई
अज्ञानं = अज्ञान
गुणव्यतिकरः = गुणमा क्षोभ उत्पन्न गर्ने ईश्वरलाई
कालः = काल
सूत्रम् एव = सूत्र अथवा महत्तत्त्वलाई नै
स्वभावः च = स्वभाव
उच्यते = भनिन्छ

वाक्यार्थ– यस संसारमा सत्त्वगुणलाई ज्ञान भनिन्छ भने रजोगुणलाई कर्म र तमोगुणलाई अज्ञान भनिन्छ। त्यसै गरी गुणमा क्षोभ उत्पन्न गर्ने ईश्वरलाई काल र सूत्र (महत्तत्त्व)लाई स्वभाव भनिएको हो। (त्यसैले तत्त्वको संख्या पच्चीस या छब्बीस हुने ठिकै हो)।

पुरुषः प्रकृतिर्व्यक्तमहङ्कारो नभोऽनिलः।
ज्योतिरापः क्षितिरिति तत्त्वान्युक्तानि मे नव॥ १४॥

पदार्थ–
पुरुषः = पुरुष
प्रकृतिः = प्रकृति
व्यक्तं = महत्तत्त्व
अहङ्कारः = अहङ्कार
नभः = आकाश
अनिलः = वायु
ज्योतिः = तेज
आपः = जल र
क्षितिः = पृथिवी
इति = यी
नव = नौ
तत्त्वानि = तत्त्वहरू
मे = मद्वारा
उक्तानि = बताइए

वाक्यार्थ– पच्चीस तत्त्वमध्ये पुरुष, प्रकृति, महत्तत्त्व, अहङ्कार, आकाश, वायु, तेज, जल र पृथिवी यी नौ तत्त्वका बारेमा मैले पहिले नै बताइसकेँ।

श्रोत्रं त्वग्दर्शनं घ्राणो जिह्वेति ज्ञानशक्तयः।
वाक्पाण्युपस्थपाय्वङ्घ्रिः कर्माण्यङ्गोभयं मनः॥ १५॥

पदार्थ–
अङ्ग = हे प्रिय उद्धव
श्रोत्रं = कान
त्वक् = छाला
दर्शनं = आँखा
घ्राणः = नाक र
जिह्वा = जिब्रो
इति = यी पाँच
ज्ञानशक्तयः = ज्ञानेन्द्रिय
वाक्पाण्युपस्थपाय्वङ्घ्रिः = वाणी, हात, पाउ, गुद र उपस्थ यी पाँच
कर्माणि = कर्मेन्द्रिय हुन् भने
मनः = मन चाहिँ
उभयम् = ज्ञानेन्द्रिय र कर्मेन्द्रिय दुबै हो

वाक्यार्थ– हे उद्धव ! कान, छाला, आँखा, नाक र जिब्रो यी पाँच ज्ञानेन्द्रिय हुन् र वाणी, हात, पाउ, पायु तथा उपस्थ यी पाँच कर्मेन्द्रिय हुन्। मन चाहिँ ज्ञानेन्द्रिय र कर्मेन्द्रिय दुबै हो।

शब्दः स्पर्शो रसो गन्धो रूपं चेत्यर्थजातयः।
गत्युक्त्युत्सर्गशिल्पानि कर्मायतनसिद्धयः॥ १६॥

पदार्थ–
शब्दः = शब्द
स्पर्शः = स्पर्श
रसः = रस
गन्धः = गन्ध र
रूपं च = रूप
इति = यी पाँच
अर्थजातयः = ज्ञानेन्द्रियका विषय हुन्
गत्युक्त्युत्सर्गशिल्पानि = हिँड्नु, बोल्नु, मल-मूत्रको त्याग गर्नु र काम गर्नु
कर्मायतनसिद्धयः = कर्मेन्द्रियका व्यापार हुन्

वाक्यार्थ– शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँच ज्ञानेन्द्रियका विषय हुन् तथा हिँड्नु, बोल्नु, मलमूत्रको त्याग गर्नु र काम गर्नु यी पाँच कर्मेन्द्रियका व्यापार हुन्।

सर्गादौ प्रकृतिर्ह्यस्य कार्यकारणरूपिणी।
सत्त्वादिभिर्गुणैर्धत्ते पुरुषोऽव्यक्त ईक्षते॥ १७॥

पदार्थ–
कार्यकारणरूपिणी = कार्य र कारणरूप
प्रकृतिः हि = प्रकृति नै
अस्य = यो संसारको
सर्गादौ = सृष्टिको आदिमा
सत्त्वादिभिः = सत्त्व, रज आदि
गुणैः = गुणहरूद्वारा
धत्ते = (संसारको उत्पत्ति, स्थिति र प्रलयरूप विविध अवस्थालाई) धारण गर्दछ
अव्यक्तः = अपरिणामी
पुरुषः = पुरुष त केवल
ईक्षते = हेरिरहन्छ

वाक्यार्थ— सृष्टिको आरम्भमा पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र मनरूप एघार कार्य र कारण महत्तत्त्व आदि बन्ने प्रकृति नै हो। त्यसैले प्रकृतिले नै आफ्नो शक्ति सत्त्व, रज र तमोगुणको सहायताले जगत्को उत्पत्ति, स्थिति र संहाररूप विविध अवस्थालाई धारण गर्दछ। अपरिणामी पुरुष त केवल साक्षी बनेर हेरिरहन्छ।

व्यक्तादयो विकुर्वाणा धातवः पुरुषेक्षया।
लब्धवीर्याः सृजन्त्यण्डं संहताः प्रकृतेर्बलात्॥ १८॥

पदार्थ—
व्यक्तादायः = महत्तत्त्व आदि
धातवः = कारण-तत्त्वहरू
विकुर्वाणाः = विकृत हुँदै
पुरुषेक्षया = पुरुषको हेराइले
लब्धवीर्याः = शक्ति प्राप्त गरेर
संहताः = आपसमा मिलेर
प्रकृतेः = प्रकृतिको
बलात् = सहायताबाट
अण्डं = ब्रह्माण्ड
सृजन्ति = सृजना गर्दछन्

वाक्यार्थ— महत्तत्त्व आदि कारण-तत्त्वहरू पुरुषको हेराइबाट शक्तिमान् हुँदै र परस्पर मिलेर विकृतितर्फ उन्मुख हुन्छन् र तिनीहरूले प्रकृतिको सहायताबाट ब्रह्माण्डको सृजना गर्दछन्।

सप्तैव धातव इति तत्रार्थाः पञ्च खादयः।
ज्ञानमात्मोभयाधारस्ततो देहेन्द्रियासवः॥ १९॥

पदार्थ—
धातवः = तत्त्वहरू
सप्त एव = सात मात्र हुन्छन्
इति = यस्तो भन्नेहरूको
तत्र = त्यो तत्त्वसंख्या प्रसङ्गमा
खादयः = आकाश आदि
पञ्च = पाँच
अर्थाः = महाभूत
ज्ञानं = जीव र
उभयाधारः = द्रष्टा-दृश्य दुबैको आधार
आत्मा = आत्मालाई मात्र तत्त्व मान्दछन्
ततः = तिनैबाट
देहेन्द्रियासवः = शरीर, इन्द्रिय, प्राण आदि उत्पन्न हुन्छन् भन्ने मान्दछन्

वाक्यार्थ— सातवटा मात्र तत्त्व हुन्छन् भन्नेहरूले आकाश, वायु, तेज, जल र पृथिवी यी पाँच महाभूत र जीव तथा द्रष्टा र दृश्य दुबैको आधार आत्मासमेतलाई सात तत्त्व मान्दछन्। शरीर, इन्द्रिय र प्राण आदिको उत्पत्ति पञ्चमहाभूतबाटै हुने हुनाले उनीहरूले यिनको बेग्लै गणना गर्दैनन्।

षडित्यत्रापि भूतानि पञ्च षष्ठः परः पुमान्।
तैर्युक्त आत्मसम्भूतैः सृष्ट्वेदं समुपाविशत्॥ २०॥

पदार्थ—
षड् इति = तत्त्वहरू छ वटा मात्र हुन्छन्
अत्र अपि = यो मतमा पनि
पञ्च = पाँच
भूतानि = महाभूत
षष्ठः = छैटौँ
परः = परम
पुमान् = पुरुष मात्र तत्त्व

मानिन्छन्
तैः = तिनै
आत्मसम्भूतैः = आफैंद्वारा
रचिएका पञ्चमहाभूतसँग
युक्तः = मिलेको परम पुरुष
इदं = यो शरीर आदिको
सृष्ट्वा = रचना गरेर
समुपाविशत् = आफू स्वयं
त्यसैमा प्रवेश गर्दछ

वाक्यार्थ– तत्त्वको संख्या केवल छ वटा मान्नेहरूले पञ्चमहाभूत र परमपुरुष परमात्मालाई मात्र तत्त्व मानेका छन्। यिनीहरूको मतमा परमात्माले आफैंले सृष्टि गरेका पञ्चमहाभूतसँग मिलेर शरीर आदिको सृष्टि गर्नुहुन्छ र त्यसमा जीवरूपले प्रवेश गर्नुहुन्छ।

चत्वार्येवेति तत्रापि तेज आपोऽन्नमात्मनः।
जातानि तैरिदं जातं जन्मावयविनः खलु॥ २१॥

पदार्थ–
चत्वारि एव = तत्त्वहरू चारवटा मात्र हुन्छन्
इति अपि = यस्तो मत पनि छ
तत्र = तत्त्वसंख्याको क्रममा
आत्मनः = आत्माबाट
तेजः = तेज
आपः = जल र
अन्नं = पृथिवी
जातानि = उत्पन्न हुन्छन्
खलु = निश्चय नै
तैः = तिनै चार तत्त्वबाट
अवयविनः = अवयवयुक्त कार्यको
इदं = यो भौतिक
जन्म = उत्पत्ति
जातम् = भएको हो

वाक्यार्थ– कारणरूपमा केवल चार तत्त्व स्वीकार गर्नेहरूले आत्माबाट तेज, जल र पृथिवीको उत्पत्ति भएको हो र यिनै चार तत्त्वबाट अरू कार्यरूप सम्पूर्ण पदार्थहरू उत्पन्न भएका हुन्, अतः मुख्य तत्त्व चार मात्र हुन् भन्ने मत राख्दछन्।

सङ्ख्याने सप्तदशके भूतमात्रेन्द्रियाणि च।
पञ्च पञ्चैकमनसा आत्मा सप्तदशः स्मृतः॥ २२॥

पदार्थ–
सप्तदशके = तत्त्वहरू सत्रवटा हुन्छन् भन्ने
सङ्ख्याने = गणनामा
पञ्च पञ्च = पाँच-पाँच
भूतमात्रेन्द्रियाणि = महाभूत, तन्मात्रा र इन्द्रिय
एकमनसा = एउटा मनले सहित
आत्मा च = आत्मा
सप्तदशः = सत्रौं तत्त्व
स्मृतः = मानिन्छ

वाक्यार्थ– तत्त्वको संख्या सत्र हुन्छ भन्नेहरूले पञ्चमहाभूत, पञ्चतन्मात्रा, पाँच ज्ञानेन्द्रिय, एउटा मन र आत्मा गरी सत्र वटालाई मात्र तत्त्व मान्दछन्।

तद्वत् षोडशसङ्ख्याने आत्मैव मन उच्यते।
भूतेन्द्रियाणि पञ्चैव मन आत्मा त्रयोदश॥ २३॥

पदार्थ–
तद्वत् = त्यसै गरी
षोडशसङ्ख्याने = तत्त्वको

संख्या सोह्र हुन्छ भन्नेहरूका मतमा
आत्मा एव = आत्मा नै
मनः = मन
उच्यते = भनिन्छ
त्रयोदश = तेह्र तत्त्व मान्नेहरूले
पञ्च = पाँच
भूतेन्द्रियाणि = महाभूत र इन्द्रिय
मनः = मन र
आत्मा एव = जीवात्मा र परमात्मालाई तत्त्व मान्दछन्

वाक्यार्थ– त्यसै गरी सोह्र तत्त्व मान्नेहरूले मनलाई आत्मादेखि अभिन्न मानी गणना गर्दछन् भने तेह्र तत्त्व मान्नेहरूले आकाश आदि पञ्चमहाभूत, पाँच ज्ञानेन्द्रिय, मन, जीवात्मा र परमात्मालाई तत्त्व मान्दछन्।

एकादशत्व आत्मासौ महाभूतेन्द्रियाणि च।
अष्टौ प्रकृतयश्चैव पुरुषश्च नवेत्यथ॥ २४॥

पदार्थ–
एकादशत्वे = एघार तत्त्वमा
असौ = यो
आत्मा = परमात्मा
महाभूतेन्द्रियाणि = पञ्चमहाभूत तथा पञ्चज्ञानेन्द्रिय पर्दछन्
अथ = त्यसै गरी
नव इति = तत्त्व नौ हुन्छन् भन्ने पक्षमा
अष्टौ प्रकृतयः = पञ्चमहाभूत, मन, बुद्धि र अहङ्काररूप आठ प्रकृति र
पुरुषः एव च = पुरुषसमेत नौ तत्त्व मानिन्छन्

वाक्यार्थ– तत्त्वको संख्या एघार मान्नेहरूले पञ्चभूत, पञ्च ज्ञानेन्द्रिय र आत्मालाई स्विकारेका छन् भने नौ तत्त्व मान्नेहरूले आकाश आदि पञ्चभूत, मन, बुद्धि, अहङ्कार यी आठ प्रकृति र पुरुषलाई तत्त्व मानेका छन्।

इति नानाप्रसङ्ख्यानं तत्त्वानामृषिभिः कृतम्।
सर्वं न्याय्यं युक्तिमत्त्वाद् विदुषां किमशोभनम्॥ २५॥

पदार्थ–
इति = यसप्रकार
ऋषिभिः = ऋषिहरूद्वारा
तत्त्वानां = तत्त्वहरूको
नानाप्रसङ्ख्यानं = भिन्न-भिन्न किसिमले गणना
कृतं = गरिएको छ
युक्तिमत्त्वात् = युक्तिसङ्गत भएकाले
सर्वं = यी सबै मत
न्याय्यं = उचित नै छन्
(किनभने)
विदुषां = विद्वान्हरूका निम्ति
अशोभनं = नसुहाउँदो
किम् = के नै हुन्छ र

वाक्यार्थ– यसप्रकारसँग ऋषिहरूले भिन्न-भिन्न किसिमले तत्त्वको गणना गरे तापनि विद्वान्का यी सबै मत युक्तिसङ्गत नै छन्। अर्को कुरा विद्वान्हरूले गरेको के नै नसुहाउँदो हुन्छ र ?

उद्धव उवाच (उद्धवले भने)

प्रकृतिः पुरुषश्चोभौ यद्यप्यात्मविलक्षणौ।
अन्योन्यापाश्रयात् कृष्ण दृश्यते न भिदा तयोः॥ २६॥

पदार्थ—
कृष्ण = हे श्रीकृष्ण
यद्यपि = यद्यपि
प्रकृतिः = प्रकृति र
पुरुषः च = पुरुष
उभौ = यी दुई
आत्मविलक्षणौ = जड र चेतनाका रूपले अत्यन्त भिन्न छन् तापनि
अन्योन्यापाश्रयात् = परस्परमा आश्रित भएका कारण
तयोः = ती दुईको
भिदा = भेद
न दृश्यते = देखिँदैन

वाक्यार्थ— हे श्रीकृष्ण ! यद्यपि जड प्रकृति र चेतन पुरुषका बिचमा ठुलो भिन्नता छ तापनि आपसमा राम्रैसँग आश्रित भएका कारण ती दुई बिचको भिन्नतालाई छुट्याउन सकिँदैन।

प्रकृतौ लक्ष्यते ह्यात्मा प्रकृतिश्च तथात्मनि।
एवं मे पुण्डरीकाक्ष महान्तं संशयं हृदि।
छेत्तुमर्हसि सर्वज्ञ वचोभिर्नयनैपुणैः॥ २७॥

पदार्थ—
हि = निश्चय नै
प्रकृतौ = प्रकृतिमा
आत्मा = आत्मा
तथा = त्यसै गरी
आत्मनि च = आत्मामा
प्रकृतिः = प्रकृति पनि
लक्ष्यते = देखिन्छ (अतः)
पुण्डरीकाक्ष = हे कमलनयन
सर्वज्ञ = हे सर्वज्ञ भगवान्
एवं = यसप्रकार
मे = मेरो
हृदि = हृदयमा रहेको
महान्तं = ठुलो
संशयं = सन्देहलाई
नयनैपुणैः = न्यायका उत्कृष्ट
वचोभिः = वाणीहरूद्वारा
छेत्तुं = हटाउन
अर्हसि = हजुर नै समर्थ हुनुहुन्छ

वाक्यार्थ— हे कमलनयन सर्वज्ञ भगवान् ! प्रकृतिमा आत्मा र आत्मामा प्रकृति अभिन्नरूपले रहेका देखिन्छन्। यिनीहरूको भिन्नता कसरी थाहा हुने हो ? मेरो मनमा यिनीहरूको भिन्नता र अभिन्नताको विषयमा ठुलो भ्रम बसेको छ। हजुर सर्वज्ञ हुनुहुन्छ, अतः आफ्ना न्यायपूर्ण वचनले मेरो सन्देहलाई नाश गर्न हजुर नै समर्थ हुनुहुन्छ।

त्वत्तो ज्ञानं हि जीवानां प्रमोषस्तेऽत्र शक्तितः।
त्वमेव ह्यात्ममायाया गतिं वेत्थ न चापरः॥ २८॥

पदार्थ—
हि = निश्चय नै
अत्र = यस संसारमा
जीवानां = जीवहरूलाई
ज्ञानं = ज्ञान
त्वत्तः = हजुरबाट नै हुन्छ
प्रमोषः = ज्ञानको नाश पनि
ते = हजुरकै
शक्तितः = मायाशक्तिद्वारा हुन्छ
हि = त्यसकारण
आत्ममायाया = आफ्नो मायाशक्तिको
गतिं च = गतिलाई पनि
त्वम् एव = हजुरले मात्र
वेत्थ = जान्नुहुन्छ
अपरः = अरू कसैले
न = जान्दैन

वाक्यार्थ— किनभने यस संसारमा हजुरकै कृपाले जीवलाई ज्ञान प्राप्त हुन्छ र हजुरकै मायाका कारण त्यो ज्ञानको नाश पनि हुन्छ। यस्तो अद्भुत मायाशक्तिको विचित्र गतिलाई हजुरले नै जान्नुहुन्छ, अरू कसैले बुझ्न सक्दैन। (अतः हजुरले नै मेरो भ्रम हटाइदिनुहोस्।)

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

प्रकृतिः पुरुषश्चेति विकल्पः पुरुषर्षभ।

एष वैकारिकः सर्गो गुणव्यतिकरात्मकः॥ २९॥

पदार्थ—
पुरुषर्षभ = हे पुरुषश्रेष्ठ उद्धव
प्रकृतिः = प्रकृति र
पुरुषः च = पुरुष
इति = यी दुईका बिचमा
विकल्पः = ठुलो भिन्नता छ
किनभने
गुणव्यतिकरात्मकः =
गुणवैषम्यका कारण उत्पन्न
एषः = यो
सर्गः = प्रपञ्च
वैकारिकः = विकारवान् छ

वाक्यार्थ— हे पुरुषश्रेष्ठ उद्धव ! प्रकृति र पुरुषका बिचमा ठुलो भिन्नता छ, किनभने प्रकृतिका गुणहरूको विषमताबाट उत्पन्न भएको यो भौतिक प्रपञ्चमा थुप्रै विकारहरू रहेका छन्।

ममाङ्ग माया गुणमय्यनेकधा विकल्पबुद्धीश्च गुणैर्विधत्ते।

वैकारिकस्त्रिविधोऽध्यात्ममेकमथाधिदैवमधिभूतमन्यत्॥ ३०॥

पदार्थ—
अङ्ग = हे प्रिय उद्धव
गुणमयी = त्रिगुणात्मिका
मम = मेरी
माया = प्रकृति
गुणैः = आफ्ना सत्त्व आदि गुणहरूले
अनेकधा = अनेक किसिमका
विकल्पबुद्धीः = भेदबुद्धिहरू
विधत्ते = उत्पन्न गर्दछे
वैकारिकः = अनेक विकारवाला यो प्रपञ्च
त्रिविधः = तीन प्रकारको छ
एकं = एउटा
अध्यात्मं = आध्यात्मिक
अथ = अर्को
अधिदैवं = आधिदैविक
अन्यत् च = र अर्को तेस्रो
अधिभूतम् = अधिभूत

वाक्यार्थ— हे प्रिय उद्धव ! त्रिगुणात्मिका मेरी मायाशक्तिले नै आफ्ना सत्त्व आदि गुणले अनेक किसिमको भेदभाव उत्पन्न गर्दछे। अनेक विकारले युक्त यस प्रपञ्चलाई स्थूलरूपले अध्यात्म, अधिदैव र अधिभूत गरी तीन प्रकारमा बाँड्न सकिन्छ।

दृग् रूपमार्कं वपुरत्र रन्ध्रे परस्परं सिध्यति यः स्वतः खे।

आत्मा यदेषामपरो य आद्यः स्वयानुभूत्याखिलसिद्धसिद्धिः॥

एवं त्वगादि श्रवणादि चक्षुर्जिह्वादि नासादि च चित्तयुक्तम्॥ ३१॥

पदार्थ—
दृक् = चक्षु इन्द्रिय
रूपं = रूप र

अत्र = यस
रन्ध्रे = नेत्रगोलकमा पसेको
आर्कं = सूर्यको
वपुः = अंश तेज
परस्परं = परस्पर एक-अर्काको आश्रयले
सिध्यति = सिद्ध हुन्छन् (तर)
खे = आकाशमा
यः = जुन सूर्य छ, त्यो
स्वतः = आफैं सिद्ध छ (यसै गरी)
आत्मा = आत्मा पनि स्वतः सिद्ध छ
यत् = किनभने
यः = जुन आत्मा
एषां = यी अध्यात्म आदिको
आद्यः = कारण हो
अपरः = यीदेखि भिन्न र
स्वया = स्वतः सिद्ध आफ्नै
अनुभूत्या = प्रकाशले
अखिलसिद्धसिद्धिः = सम्पूर्ण प्रकाशकहरूको पनि प्रकाशक छ (जसरी)
चक्षुः = आँखाका तीन भेद बताइए
एवं = त्यसै गरी
त्वगादि = त्वचा, स्पर्श र वायु
श्रवणादि = श्रोत्र, शब्द र दिशा
जिह्वादि = जिब्रो, रस र वरुण
नासादि च = नाक, गन्ध र अश्विनीकुमार तथा
चित्तयुक्तम् = चित्तले युक्त अन्तःकरण पनि तीन-तीन भेदवाला छन्

वाक्यार्थ– चक्षुरिन्द्रिय अध्यात्म हो, त्यसको विषय रूप अधिभूत हो र नेत्रगोलकमा पसेको सूर्यको तेज अंश अधिदैव हो। यी तीन परस्पर एक-अर्काको आश्रयले मात्र सिद्ध हुन्छन्। किनभने चक्षुरिन्द्रियविना रूपको ज्ञान हुन सक्दैन र रूप नभइकन चक्षुरिन्द्रिय सिद्ध हुँदैन। चक्षुरिन्द्रियको प्रवृत्ति नै भएन भने अधिदेवताको सिद्धि नै हुन सक्दैन। फेरि अधिदेवताविना यी दुबै रहन सक्दैनन्। यसकारण अध्यात्म, अधिदैव र अधिभूत यी तीनै परस्पर सापेक्षभावले प्रकाशित छन्। तर आकाशमा रहेको सूर्य निरपेक्षभावले स्वयं प्रकाशित छ। त्यसै गरी आत्मा पनि निरपेक्ष छ, यो त सबै प्रकाशकहरूको पनि प्रकाशक र सम्पूर्ण कारणहरूको पनि आदिकारण हो। यहाँ जसरी चक्षुका तीन भेद बताइए, त्यसै गरी त्वचाका त्वक्, स्पर्श र वायु, श्रवणेन्द्रियका श्रोत्र, शब्द र दिशा, जिह्वाका जिब्रो, रस र वरुण, नासिकाका नाक, गन्ध र अश्विनीकुमार र चित्तका चित्त, चिन्तन र वासुदेव गरी तीन-तीन भेद छन्।

योऽसौ गुणक्षोभकृतो विकारः प्रधानमूलान्महतः प्रसूतः।
अहं त्रिवृन्मोहविकल्पहेतुर्वैकारिकस्तामस ऐन्द्रियश्च ॥ ३२ ॥

पदार्थ–
गुणक्षोभकृतः = प्रकृतिका गुणहरूको विषमता गराउने ईश्वररूप निमित्तकारण भएको
प्रधानमूलात् = प्रकृतिमूलक
महतः = महत्तत्त्वबाट
प्रसूतः = जन्मिएको
वैकारिकः = सात्त्विक
तामसः = तामस
ऐन्द्रियः च = तथा राजस
त्रिवृत् = तीन वृत्तिवाला
यः = जुन
असौ = यो
विकारः = विकाररूप
अहं = अहङ्कार छ (यही नै)
मोहविकल्पहेतुः = अज्ञानमय प्रपञ्चको कारण हो

वाक्यार्थ– प्रकृतिका गुणमा क्षोभ उत्पन्न गराउने कालरूप ईश्वर निमित्त कारण र प्रकृति उपादान कारण भएको अहङ्कार महत्तत्त्वबाटै जन्मिएको हो। यसका सत्त्व, रज र तम गरी तीन

भेद छन्। यही विकारी अहङ्कार नै अज्ञानमय प्रपञ्चको कारण हो।

आत्मा परिज्ञानमयो विवादो ह्यस्तीति नास्तीति भिदार्थनिष्ठः।
व्यर्थोऽपि नैवोपरमेत पुंसां मत्तः परावृत्तधियां स्वलोकात्॥ ३३॥

पदार्थ–
आत्मा = आत्मा
अस्ति इति = स्वयंप्रकाश छ भन्ने र
न अस्ति इति = स्वयंप्रकाश छैन भन्ने
भिदार्थनिष्ठः = भेददृष्टिले हुने
पुंसां = मानिसहरूको
विवादः = वादविवाद
परिज्ञानमयः = अज्ञानका कारण भएको हो
हि = निश्चय नै (त्यो)
व्यर्थः अपि = व्यर्थ भएपनि
स्वलोकात् = आफ्नो स्वरूप
मत्तः = मदेखि
परावृत्तधियां = बहिर्मुख भएकाहरूको बुद्धिबाट
न एव उपरमेत = सजिलै हट्दैन

वाक्यार्थ– मानिसहरू आत्मा छ–छैन, स्वयंप्रकाश हो–होइन जस्ता व्यर्थ विवाद गर्दछन्, ती सबैखाले विवाद भेददृष्टिका उपज हुन्। अतः आत्मविषयक विवाद व्यर्थ भए तापनि आफ्नो वास्तविक स्वरूप मदेखि विमुख भएका प्राणीहरू यस किसिमको विवादबाट मुक्त हुन सक्दैनन्।

उद्धव उवाच (उद्धवले भने)

त्वत्तः परावृत्तधियः स्वकृतैः कर्मभिः प्रभो।
उच्चावचान् यथा देहान् गृह्णन्ति विसृजन्ति च॥ ३४॥

पदार्थ–
प्रभो = हे प्रभु
त्वत्तः = हजुरदेखि
परावृत्तधियः = विमुख भएकाहरू
यथा = जसरी
स्वकृतैः = आफैँले गरेका
कर्मभिः = कर्मका कारण
उच्चावचान् = उत्तम र अधम
देहान् = शरीरहरू
गृह्णन्ति = ग्रहण गर्दछन् र
विसृजन्ति च = त्याग गर्दछन्
(त्यसबारे मलाई बताउनुहोस्)

वाक्यार्थ– हे प्रभु ! हजुरदेखि विमुख भएका प्राणीहरू जसरी आफ्ना कर्मका कारण उत्तम र अधम शरीरलाई ग्रहण गर्ने र त्याग्ने गर्दछन्, सो कुरा मलाई बताउनुहोस्।

तन्ममाख्याहि गोविन्द दुर्विभाव्यमनात्मभिः।
न ह्येतत् प्रायशो लोके विद्वांसः सन्ति वञ्चिताः॥ ३५॥

पदार्थ–
गोविन्द = हे गोविन्द
अनात्मभिः = अज्ञानीहरूद्वारा
दुर्विभाव्यं = जान्न नसकिने किसिमको
तत् = त्यो आत्मतत्त्व
मम = मलाई
आख्याहि = बताइदिनुहोस्
हि = किनभने
प्रायशः = प्रायः
लोके = यस संसारमा
वञ्चिताः = मायाले मोहित

भएका हुनाले
एतत् = यसलाई
विद्वांसः = जान्नेहरू
न सन्ति = छैनन्

वाक्यार्थ– हे गोविन्द ! व्यापक आत्माले कर्मका कारण उत्तम र अधम शरीर ग्रहण गर्ने र त्याग्ने कुरा अज्ञानीहरूले बुझ्न सक्दैनन्। अतः हजुरले मलाई त्यो सबै बताउनुहोस्। किनभने यस विषयलाई जान्ने विद्वान् अरू कोही छैनन्। सबैलाई हजुरकै मायाले मोहित पारेको छ।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

मनः कर्ममयं नृणामिन्द्रियैः पञ्चभिर्युतम्।
लोकाल्लोकं प्रयात्यन्य आत्मा तदनुवर्तते॥ ३६॥

पदार्थ–
पञ्चभिः = पाँच
इन्द्रियैः = ज्ञानेन्द्रियद्वारा
युतं = युक्त भएको
नृणां = जीवहरूको
कर्ममयं = कर्माधीन
मनः = मनप्रधान सूक्ष्मशरीर नै
लोकात् = एउटा शरीरबाट
लोकं = अर्को शरीरमा
प्रयाति = जान्छ
अन्यः = त्यसदेखि भिन्न रहे पनि
आत्मा = अहङ्कारी आत्माले
तत् = त्यो सूक्ष्मशरीरकै
अनुवर्तते = अनुगमन गरे झैँ देखिन्छ

वाक्यार्थ– हे उद्धव ! जीवका पाँच ज्ञानेन्द्रिय र कर्माधीन मनको नाम सूक्ष्मशरीर हो। यही सूक्ष्मशरीर नै कर्मफलअनुसार एउटा शरीरबाट अर्को शरीरमा र एउटा लोकबाट अर्को लोकमा आउने जाने गर्दछ। आत्मा यो सूक्ष्मशरीरदेखि सर्वथा भिन्न छ, तर जब त्यसले आफूलाई सूक्ष्मशरीर भन्ने ठानी अहङ्कार गर्न थाल्दछ, तब त्यसलाई पनि आफू आएको गएको जस्तो भान हुन्छ।

ध्यायन् मनोऽनु विषयान् दृष्टान् वानुश्रुतानथ।
उद्यत् सीदत् कर्मतन्त्रं स्मृतिस्तदनु शाम्यति॥ ३७॥

पदार्थ–
कर्मतन्त्रं = कर्मको अधीनमा रहेको
मनः = मन
दृष्टान् = देखेका
अनुश्रुतान् वा = अथवा सुनेका
विषयान् = विषयहरू
अनुध्यायन् = चिन्तन गर्दै
अथ = केही क्षणपछि
उद्यत् = तदाकार भएर पूर्वचिन्तित विषयमा
सीदत् = लीन हुन्छ
तदनु = त्यसपछि त्यसको
स्मृतिः = विवेक गर्ने शक्ति नै
शाम्यति = नष्ट हुन्छ

वाक्यार्थ– कर्मको अधीनमा रहेको मनले पहिले देखेका वा सुनेका विषयहरूलाई चिन्तन गर्दछ र केही छिनपछि तदाकार भएर पूर्वचिन्तित विषयमा लीन हुन्छ। त्यसपछि त्यसको पूर्वापर विषयको विवेक गर्ने शक्ति नै नष्ट हुन्छ।

विषयाभिनिवेशेन नात्मानं यत् स्मरेत् पुनः ।
जन्तोर्वै कस्यचिद्धेतोर्मृत्युरत्यन्तविस्मृतिः ॥ ३८ ॥

पदार्थ—
विषयाभिनिवेशेन = विषयमा अत्यन्त लीन हुनाले मनले
पुनः = फेरि
आत्मानं = आफ्नो पूर्व शरीरलाई
यत् = जुन
न स्मरेत् = स्मरण गर्दैन (त्यही)
वै = निश्चय नै
कस्यचित् हेतोः = कुनै कारणवश
अत्यन्तविस्मृतिः = पूर्वदेहलाई पुरै बिर्सनु नै
जन्तोः = जीवको
मृत्युः = मृत्यु भनिन्छ

वाक्यार्थ— शरीर आदि विषयमा अत्यन्त लीन भएकाले मनले पूर्वशरीरलाई बिर्सिदिन्छ। कुनै कारणवश हुने यही पूर्वशरीरको अत्यन्त विस्मृतिलाई नै जीवको मृत्यु भनिन्छ।

जन्म त्वात्मतया पुंसः सर्वभावेन भूरिद ।
विषयस्वीकृतिं प्राहुर्यथा स्वप्नमनोरथः ॥ ३९ ॥

पदार्थ—
भूरिद = हे उदार हृदय भएका उद्धव
यथा = जसरी
स्वप्नमनोरथः = स्वाप्निक र काल्पनिक शरीरमा अभिमान गर्नु नै स्वप्न एवं मनोरथ कहलाउँछ (त्यसरी नै)
पुंसः = जीवले
सर्वभावेन = हरेक तरिकाले
आत्मतया = आत्मभावले
विषयस्वीकृतिं तु = विषयलाई स्वीकार गर्नुलाई नै
जन्म = जीवको जन्म
प्राहुः = भन्दछन्

वाक्यार्थ— हे उदार हृदय भएका उद्धव ! जसरी स्वाप्निक र काल्पनिक शरीरमा अभिमान गर्नु नै स्वप्न एवं मनोरथ कहलाउँछ, त्यसै गरी कर्मअनुसार प्राप्त भएको शरीरमा जीवले हरेक तरिकाले विषयलाई स्वीकार गर्नुलाई नै जीवको जन्म भन्दछन्।

स्वप्नं मनोरथं चेत्थं प्राक्तनं न स्मरत्यसौ ।
तत्र पूर्वमिवात्मानमपूर्वं चानुपश्यति ॥ ४० ॥

पदार्थ—
असौ = वर्तमान शरीरमा रहेको यो जीवले (जसरी)
प्राक्तनं = पूर्वशरीरको
न स्मरति = स्मरण गर्दैन
इत्थं = यसै गरी
स्वप्नं = स्वाप्नशरीर र
मनोरथं च = काल्पनिक शरीरमा रहेको जीवले पनि (पूर्वशरीरको स्मरण गर्दैन)
तत्र = तर त्यो स्वप्न र मनोरथमा
पूर्वं च = पहिलेदेखि नै रहेर पनि
आत्मानं = आफूलाई
अपूर्वम् इव = नयाँ जस्तो
अनुपश्यति = सम्झिन्छ

वाक्यार्थ— जसरी वर्तमान शरीरमा रहेको जीवले आफ्नो पूर्वशरीरको स्मरण गर्दैन, त्यसै गरी वर्तमान स्वप्न र मनोरथमा अवस्थित जीवले पनि पहिलाको स्वप्न र मनोरथलाई बिर्सिदिन्छ।

परन्तु त्यस समयमा आफू पहिलेदेखि नै सिद्ध हुँदाहुँदै पनि आफूलाई नयाँ जस्तो अनुभव गर्दछ।

इन्द्रियायनसृष्ट्येदं त्रैविध्यं भाति वस्तुनि।
बहिरन्तर्भिदाहेतुर्जनोऽसज्जनकृद् यथा॥ ४१॥

पदार्थ–
यथा = जसरी
असज्जनकृत् जनः = दुष्ट पुत्र जन्माउने व्यक्ति (बाबु पुत्रका शत्रु वा मित्रका लागि भिन्न-भिन्न रूपमा देखा पर्दछ, त्यसै गरी)
इन्द्रियायनसृष्ट्या = शरीरको सृष्टिले नै
वस्तुनि = आत्मामा
इदं = यसप्रकारको
बहिरन्तर्भिदाहेतुः = बाह्य र आभ्यन्तर भेदको हेतु बनेको
त्रैविध्यं = उत्तम, मध्यम र अधमरूप तीन प्रकारको भेद
भाति = देखापरेको हो

वाक्यार्थ– जसरी दुष्ट पुत्र जन्माउने व्यक्ति उसका शत्रु वा मित्रका दृष्टिमा भिन्न-भिन्न रूपमा देखा पर्दछ, त्यसै गरी आत्मा पनि शरीरको सृष्टिले नै आन्तरिक र बाह्य भेदको हेतु बनी उत्तम, मध्यम र अधमरूप तीन भेदमा देखा परेको हो।

नित्यदा ह्यङ्ग भूतानि भवन्ति न भवन्ति च।
कालेनालक्ष्यवेगेन सूक्ष्मत्वात् तन्न दृश्यते॥ ४२॥

पदार्थ–
अङ्ग = हे प्रिय उद्धव
अलक्ष्यवेगेन = अदृश्य गतिवाला
कालेन = कालद्वारा
नित्यदा हि = प्रतिक्षण नै
भूतानि = प्राणीहरू
भवन्ति = उत्पन्न हुन्छन् र
न भवन्ति च = नाश पनि हुन्छन्
सूक्ष्मत्वात् = सूक्ष्म भएका कारण
तत् = त्यो प्रतिक्षण हुने जन्म-मृत्यु
न दृश्यते = देखिँदैन

वाक्यार्थ– हे उद्धव ! अदृश्य गतिवाला कालले प्रतिक्षण प्राणीहरूको शरीर उत्पन्न गर्ने र नष्ट गर्ने गरिरहन्छ, तापनि अत्यन्त सूक्ष्म भएका कारण सामान्य जनले त्यसलाई देख्न सक्दैनन्।

यथार्चिषां स्रोतसां च फलानां वा वनस्पतेः।
तथैव सर्वभूतानां वयोऽवस्थादयः कृताः॥ ४३॥

पदार्थ–
यथा = जसरी
अर्चिषां = ज्वालाको
स्रोतसां = नदीका प्रवाहको
वनस्पतेः वा = वनस्पतिको र
फलानां च = फलहरूको अवस्था परिवर्तनशील छ
तथा एव = त्यसै गरी कालद्वारा
सर्वभूतानां = सम्पूर्ण प्राणीहरूको
वयोऽवस्थादयः = आयु, अवस्था आदि
कृताः = व्यवस्था गरिएका छन्

वाक्यार्थ– जसरी कालद्वारा प्रतिक्षण ज्योतिको अवस्था परिवर्तन हुन्छ, नदीप्रवाहको गति बदलिइरहन्छ, वनस्पतिहरूको स्वरूप बदलिइरहन्छ र फलफूल आदिको अवस्था फेरिइरहन्छ, त्यसै गरी सम्पूर्ण शरीरधारी प्राणीहरूको आयु र अवस्था पनि कालको प्रवाहमा प्रतिक्षण परिवर्तन भइरहन्छन्।

सोऽयं दीपोऽर्चिषां यद्वत् स्रोतसां तदिदं जलम्।
सोऽयं पुमानिति नृणां मृषा गीर्धीर्मृषायुषाम्॥ ४४॥

पदार्थ–
यद्वत् = जसरी
अयं = यो
अर्चिषां = ज्योतिहरूको
सः = त्यही पहिलाको
दीपः = ज्वाला हो
इदं = यो
तत् = त्यही
स्रोतसां = जलप्रवाहको
जलं = जल हो
इति = यस्तो
गीर्धीः = भनाइ र सोचाइ
मृषा = मिथ्या हो (त्यसै गरी)
मृषायुषां = व्यर्थमा आयु खर्चिनेवाला
नृणां = मानिसहरूको
अयं = यो
सः = त्यही पहिलाको
पुमान् = मानिस हो (भन्ने यो कथन पनि झुटो हो)

वाक्यार्थ– जसरी निरन्तर परिवर्तन भइरहने ज्वालालाई यो उही ज्वाला हो र नदीको गतिशील प्रवाहलाई यो उही जल हो भन्नु सर्वथा भ्रम हो, त्यसै गरी जीवनको अर्थ नबुझेर व्यर्थमा आयु बिताएका अज्ञानीहरूले शरीरलाई हेरेर यो उही मानिस हो भन्नु वा सम्झनु पनि झुट मात्र हो।

मा स्वस्य कर्मबीजेन जायते सोऽप्ययं पुमान्।
म्रियते वामरो भ्रान्त्या यथाग्निर्दारुसंयुतः॥ ४५॥

पदार्थ–
यथा = जसरी (कल्पान्तपर्यन्त स्थायी भएर पनि)
दारुसंयुतः = दाउरामा संयुक्त
अग्निः = अग्नि (उत्पन्न र विनष्ट भएको मानिन्छ त्यसरी नै)
सः = त्यो
पुमान् अपि = मानिस पनि
स्वस्य = आफ्ना
कर्मबीजेन = कर्मको संस्कार अनुसार
मा जायते = जन्मने पनि होइन र
म्रियते वा = मर्ने पनि होइन, तापनि
अयं = यो अज्ञानी मानिस
अमरः = अजर-अमर भएर पनि
भ्रान्त्या = भ्रमका कारण जन्ममृत्युमा प्राप्त हुन्छ

वाक्यार्थ– वास्तवमा यो अज्ञानी मानिस पनि कर्मको संस्कारअनुरूप जन्मने र मर्नेवाला होइन, तापनि जसरी दाउरासँगको संयोगका कारण अग्नि प्रकट हुने र वियोगका कारण शान्त हुने हुन्छ, त्यसै गरी शरीरसँग सँयोग हुँदा र वियोग हुँदा मात्र जीवको जन्ममरणको भ्रान्ति भएको हो।

निषेकगर्भजन्मानि बाल्यकौमारयौवनम्।
वयोमध्यं जरा मृत्युरित्यवस्थास्तनोर्नव॥ ४६॥

पदार्थ–
निषेकगर्भजन्मानि = गर्भप्रवेश, गर्भको वृद्धि र जन्म
बाल्यकौमारयौवनं = बाल्य अवस्था, कुमार अवस्था र युवा अवस्था
वयोमध्यं = प्रौढ अवस्था
जरा = बुढ्याइँ र
मृत्युः = मरण
इति = यी
तनोः = शरीरका
नव = नौ
अवस्थाः = अवस्था हुन्

वाक्यार्थ– गर्भप्रवेश, गर्भवृद्धि, जन्म, बाल्य अवस्था, युवा अवस्था, कुमार अवस्था, प्रौढ अवस्था, बुढ्याइँ र मृत्यु यी नौ शरीरका अवस्था हुन्।

एता मनोरथमयीर्हान्यस्योच्चावचास्तनूः।
गुणसङ्गादुपादत्ते क्वचित् कश्चिज्जहाति च ॥ ४७ ॥

पदार्थ–
ह = निश्चय नै
एताः = यी
मनोरथमयीः = काल्पनिक
उच्चावचाः = उच–नीच
अन्यस्य = शरीरका
तनूः = अवस्थाहरूलाई
गुणसङ्गात् = अज्ञानका कारण
कश्चित् = कोही (अज्ञानी) ले
उपादत्ते = आफ्ना भनी ग्रहण गर्दछन्
च = र
क्वचित् = कसै–कसैले
जहाति = त्यागिदिन्छन्

वाक्यार्थ– यी काल्पनकि शरीरका उच–नीच अवस्थाहरूलाई गुणसंसर्गका कारण अर्थात् अविवेकका कारण कुनै जीवले आफ्नै भनी ग्रहण गर्दछन् र कसैले भगवान्‌को अनुग्रहद्वारा त्यागिदिन्छन्।

आत्मनः पितृपुत्राभ्यामनुमेयौ भवाप्ययौ।
न भवाप्ययवस्तूनामभिज्ञो द्वयलक्षणः ॥ ४८ ॥

पदार्थ–
पितृपुत्राभ्यां = पिताको मृत्यु र पुत्रको जन्मबाट
आत्मनः = आफ्नो शरीरको
भवाप्ययौ = जन्म–मृत्यु
अनुमेयौ = अनुमान गर्नुपर्दछ
भवाप्ययवस्तूनां = जन्म–मृत्युवाला वस्तुहरूको
अभिज्ञः = द्रष्टा आत्मा
द्वयलक्षणः = जन्म–मृत्यु दुबैको लक्षणवाला
न = होइन

वाक्यार्थ– पिताको मृत्युलाई र पुत्रको जन्मलाई देखेर आफ्नो शरीरको पनि जन्म र मरण हुन्छ भन्ने अनुमान गर्नुपर्दछ। यसबाट जन्ममृत्युले ग्रस्त वस्तुहरूको द्रष्टा साक्षी आत्मा जन्म र मृत्युरूप दुबै लक्षणदेखि सर्वथा भिन्न छ भन्ने सिद्ध हुन्छ।

तरोर्बीजविपाकाभ्यां यो विद्वाञ्जन्मसंयमौ।
तरोर्विलक्षणो द्रष्टा एवं द्रष्टा तनोः पृथक् ॥ ४९ ॥

पदार्थ—
यः = जो
बीजविपाकाभ्यां = बीज र परिपाकले
तरोः = वृक्षको
जन्मसंयमौ = उत्पत्ति र विनाश हुन्छ भनी
विद्वान् = जान्ने
द्रष्टा = द्रष्टा
तरोः = वृक्षभन्दा
विलक्षणः = भिन्न हुन्छ
एवं = यसै गरी
तनोः = शरीर आदिको
द्रष्टा = द्रष्टा आत्मा पनि
पृथक् = शरीरआदिदेखि भिन्न हुन्छ

वाक्यार्थ— जसरी जौ, गहुँ आदि अन्नबाली र वृक्षहरू बिउ छरेपछि उम्रन्छन् र पाकेर काटेपछि नासिन्छन्, तर तिनको उम्रने र नाशिने कार्यको साक्षी पुरुष ती अन्नबाली र वृक्षदेखि सर्वथा भिन्न हुन्छ, त्यसै गरी शरीरको उत्पत्ति र नाशको द्रष्टा आत्मा पनि शरीरदेखि सर्वथा भिन्न छ।

प्रकृतेरेवमात्मानमविविच्याबुधः पुमान्।
तत्त्वेन स्पर्शसम्मूढः संसारं प्रतिपद्यते ॥ ५० ॥

पदार्थ—
एवं = यसप्रकार
अबुधः = अज्ञानी
पुमान् = मानिसले
प्रकृतेः = प्रकृतिबाट
आत्मानं = आत्मालाई
अविविच्य = भिन्न नमानेर
तत्त्वेन = पूर्णरूपमा
स्पर्शसम्मूढः = विषयमा आसक्त भएर
संसारं = संसारचक्रमा
प्रतिपद्यते = घुमिरहन्छ

वाक्यार्थ— विवेक नभएका अज्ञानी मानिसहरूले आत्मा प्रकृतिदेखि भिन्न छ भन्ने कुरा बुझ्न सक्दैनन् र विषयभोगमा आसक्त भएर जन्ममृत्युरूप संसारचक्रमा घुमिरहन्छन्।

सत्त्वसङ्गादृषीन् देवान् रजसासुरमानुषान्।
तमसा भूततिर्यक्त्वं भ्रामितो याति कर्मभिः ॥ ५१ ॥

पदार्थ—
कर्मभिः = कर्मसंस्कारद्वारा
भ्रामितः = सञ्चालित भएको जीवले
सत्त्वसङ्गात् = सत्त्वगुणको संसर्गबाट
ऋषीन् = ऋषिलोक र
देवान् = देवलोक
रजसा = रजोगुणका कारण
असुरमानुषान् = असुर र मनुष्यको जुनी तथा
तमसा = तमोगुणका कारण
भूततिर्यक्त्वं = भूत वा पशुपक्षीको जुनी
याति = प्राप्त गर्दछ

वाक्यार्थ— कर्मसंस्कार अनुसार जन्ममृत्युको चक्करमा घुमिरहेको जीव सत्त्वगुणको संसर्गबाट देवता र ऋषिको जुनीमा, राजस कर्मको संसर्गले मनुष्य र असुरको जुनीमा तथा तामसिक कर्मको संसर्गले गर्दा भूतप्रेत एवं पशुपक्षीको जुनीमा पुग्दछ।

नृत्यतो गायतः पश्यन् यथैवानुकरोति तान्।
एवं बुद्धिगुणान् पश्यन्ननीहोऽप्यनुकार्यते ॥ ५२ ॥

पदार्थ–
यथा एव = जसरी
नृत्यतः = नाच्दै गरेको र
गायतः = गाउँदै गरेकोलाई
पश्यन् = देख्नेले
तान् = तिनीहरूकै
अनुकरोति = अनुकरण गर्दछ
एवं = त्यसै गरी
अनीहः अपि = निष्क्रिय भएर पनि (जीवात्माले)
बुद्धिगुणान् = बुद्धिका गुणहरूलाई
पश्यन् = देखेर
अनुकार्यते = तिनैको अनुकरण गर्दछ

वाक्यार्थ– जसरी मानिसले कोही नाच्न-गाउन लागेको देख्दा आफूले पनि तिनको अनुकरण गर्न थाल्दछ, त्यसै गरी जीवात्माले पनि स्वयं निष्क्रिय हुँदाहुँदै पनि बुद्धिका गुण वा विषयलाई देखेर तिनको अनुकरण गर्दछ।

यथाम्भसा प्रचलता तरवोऽपि चला इव।
चक्षुषा भ्राम्यमाणेन दृश्यते भ्रमतीव भूः॥ ५३॥
यथा मनोरथधियो विषयानुभवो मृषा।
स्वप्नदृष्टाश्च दाशार्ह तथा संसार आत्मनः॥ ५४॥

पदार्थ–
दाशार्ह = हे यदुवंशी उद्धव
यथा = जसरी
अम्भसा = पानी
प्रचलता = हल्लिँदाखेरि
तरवः अपि = किनारमा रहेका वृक्षहरू पनि
चलाः इव = हल्लिए झैँ देखिन्छन्
चक्षुषा = आँखा
भ्राम्यमाणेन = घुमाउँदा
भूः = पृथिवी नै
भ्रमती इव = घुमे झैँ
दृश्यते = देखिन्छ
यथा = जसरी
मनोरथधियः = मनले कल्पित विषय र
स्वप्नदृष्टाः = सपनामा देखेका विषय
मृषा = मिथ्या हुन्छन्
तथा = त्यसै गरी
आत्मनः = आत्माद्वारा गरिएको
विषयानुभवः = विषयको अनुभव र
संसारः च = संसार पनि मिथ्या नै हो

वाक्यार्थ– हे उद्धव! जसरी नदी-तलाउको पानी हल्लिँदा तिनमा परेको छायाका कारण किनारमा रहेका वृक्षहरू पनि हल्लिएका जस्ता देखिन्छन्, जस्तो आँखा घुमाउँदा पृथिवी नै घुमेको जस्तो देखिन्छ र जसरी मनद्वारा कल्पित तथा सपनाका विषयहरू मिथ्या हुन्छन्, त्यसै गरी आत्माद्वारा गरिएको विषयको अनुभव र जन्ममृत्युरूप संसारचक्र पनि मिथ्या नै हुन्।

अर्थे ह्यविद्यमानेऽपि संसृतिर्न निवर्तते।
ध्यायतो विषयानस्य स्वप्नेऽनर्थागमो यथा॥ ५५॥

पदार्थ–
यथा = जसरी
स्वप्ने = सपनामा देखिएका
अनर्थागमः = अनर्थहरू (नब्युँझी हट्दैनन्, त्यसै गरी)
अर्थे = पदार्थहरू

अविद्यमाने अपि = सत्य नभएता पनि
विषयान् = विषयको
ध्यायतः = चिन्तन गरिरहने
अस्य = यस जीवात्माको
संसृतिः = जन्ममृत्युरूप संसारचक्र
हि = निश्चय नै (ज्ञान नभएसम्म)
न निवर्तते = हट्दैन

वाक्यार्थ– जसरी सपनामा देखिने वस्तु वा अनर्थहरू मिथ्या भए पनि नब्युँझिई हट्दैनन्, त्यसै गरी विषयहरू सत्य नभए पनि निरन्तर तिनैको चिन्तन गर्ने जीवको जन्ममृत्युरूपी संसारचक्र ज्ञान नभएसम्म हट्दैन।

तस्मादुद्धव मा भुङ्क्ष्व विषयानसदिन्द्रियैः ।
आत्माग्रहणनिर्भातं पश्य वैकल्पिकं भ्रमम् ॥ ५६ ॥

पदार्थ–
उद्धव = हे उद्धव
तस्मात् = त्यसकारण
असदिन्द्रियैः = दुष्ट इन्द्रियहरूद्वारा
विषयान् = विषयहरूको
मा भुङ्क्ष्व = भोग नगर
आत्माग्रहणनिर्भातं = आत्मालाई नजान्नाले उत्पन्न भएको
वैकल्पिकं = भेदबुद्धिलाई
भ्रमं = भ्रममूलक
पश्य = सम्झ

वाक्यार्थ– हे उद्धव ! त्यसैले दुष्ट इन्द्रियद्वारा विषयभोग नगर तथा आत्माको अज्ञानका कारण प्रतीत भएको भेदबुद्धिलाई भ्रममूलक सम्झ।

क्षिप्तोऽवमानितोऽसद्भिः प्रलब्धोऽसूयितोऽथवा ।
ताडितः सन्निबद्धो वा वृत्त्या वा परिहापितः ॥ ५७ ॥
निष्ठितो मूत्रितो वाज्ञैर्बहुधैवं प्रकम्पितः ।
श्रेयस्कामः कृच्छ्रगत आत्मनात्मानमुद्धरेत् ॥ ५८ ॥

पदार्थ–
असद्भिः = दुष्टहरूद्वारा
क्षिप्तः = तिरस्कार गरिएको
अवमानितः = अपमान गरिएको
प्रलब्धः = जिस्क्याइएको
असूयितः = दोषारोप गरिएको
अथवा = अथवा
ताडितः = पिटिएको
सन्निबद्धः वा = अथवा बाँधिएको
वृत्त्या वा = अथवा जीविकाबाट
परिहापितः = हटाइएको
निष्ठितः = थुकिएको
मूत्रितः वा = वा मलमूत्र फ्याँकिएको
एवं = यसप्रकार
अज्ञैः = मूर्खहरूद्वारा
बहुधा = अनेक किसिमले
प्रकम्पितः = कष्ट दिएर विचलित पारिएको भए पनि
श्रेयस्कामः = आफ्नो कल्याण चाहने व्यक्तिले
कृच्छ्रगतः = दुःख कष्ट भोगेर पनि
आत्मना = विवेकद्वारा आफैंले
आत्मानं = आफ्नो
उद्धरेत् = उद्धार गरोस्

वाक्यार्थ– अज्ञानी दुष्टहरूले तिरस्कार गर्ने, अपमानित गर्ने, उपहास गर्ने, दोष लगाउने अथवा पिट्ने, बाँध्ने, जीविका खोसिदिने, थुक्ने र मलमूत्र आदिद्वारा अपवित्र पारिदिने जस्ता अनेक कष्ट दिएर विचिलित पारे तापनि आफ्नो कल्याण चाहने व्यक्तिले तिनको कुनै वास्ता नगरी विवेकपूर्वक आफैँले आफ्नो उद्धार गर्नुपर्दछ।

उद्धव उवाच (उद्धवले भने)

यथैवमनुबुध्येयं वद नो वदतां वर।
सुदुःसहमिमं मन्य आत्मन्यसदतिक्रमम्॥ ५९॥

पदार्थ–
वदतां वर = हे वक्ताहरूमा श्रेष्ठ भगवान्
इमं = यो
असदतिक्रमं = दुर्जनले गरेको तिरस्कारलाई
आत्मनि = मैले आफैँमा
सुदुःसहं = अत्यन्त असह्य
मन्ये = मानेको छु (अतः)
यथा = जसरी
अनुबुध्येयं = मैले सम्झिन सक्छु
एवं = त्यसै गरी
नः = हामीलाई
वद = बताउनुहोस्

वाक्यार्थ– हे वक्ताहरूमा श्रेष्ठ भगवान्! दुर्जनको तिरस्कारलाई त मैले अत्यन्त असह्य सम्झेको छु, त्यसलाई कसरी सहन गर्ने भन्ने कुरा मैले बुझ्ने गरी बताउनुहोस्।

विदुषामपि विश्वात्मन् प्रकृतिर्हि बलीयसी॥
ऋते त्वद्धर्मनिरतान् शान्तांस्ते चरणालयान्॥ ६०॥

पदार्थ–
विश्वात्मन् = हे सर्वान्तर्यामी
त्वद्धर्मनिरतान् = हजुरको धर्ममा लागेका र
ते = हजुरका
चरणालयान् = चरणकमलको आश्रय पाएर
शान्तान् = शान्त भएकाहरूलाई
ऋते = छाडेर
विदुषाम् अपि = विद्वान्हरूका लागि पनि
प्रकृतिः हि = स्वभाव नै
बलीयसी = बलियो हुन्छ

वाक्यार्थ– हे सर्वान्तर्यामी भगवान्! हजुरको धर्ममा लागेका र हजुरको चरणकमलको आश्रय पाएर शान्त भएका व्यक्तिलाई छाडेर अरू ठुला ठुला विद्वान्हरूका निम्ति पनि दुष्टहरूले गरेको अपमान सहन गर्नु ज्यादै कठिन छ, किनभने स्वभाव अत्यन्त बलवान् हुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे द्वाविंशोऽध्यायः॥ २२॥

अथ त्रयोविंशोऽध्यायः

भिक्षुगीत

बादरायणिरुवाच (श्रीशुकदेवजीले भन्नुभयो)

स एवमाशंसित उद्धवेन भागवतमुख्येन दाशार्हमुख्यः।
सभाजयन् भृत्यवचो मुकुन्दस्तमाबभाषे श्रवणीयवीर्यः॥ १॥

पदार्थ—
श्रवणीयवीर्यः = सुन्न योग्य पराक्रम भएका
दाशार्हमुख्यः = यादवहरूमा श्रेष्ठ
सः = ती भगवान्
मुकुन्दः = श्रीकृष्णले
भागवतमुख्येन = भक्तहरूमा श्रेष्ठ
उद्धवेन = उद्धवले
एवं = यसप्रकार
आशंसितः = अनुरोध गरेपछि
भृत्यवचः = भक्तको वचनलाई
सभाजयन् = प्रशंसा गर्दै
तं = ती उद्धवलाई
आबभाषे = भन्न लाग्नुभयो

वाक्यार्थ— हे राजा परीक्षित्! सुन्न योग्य पराक्रम भएका यादवहरूमा श्रेष्ठ भगवान् श्रीकृष्णले भक्तहरूमा श्रेष्ठ उद्धवले अनुरोध गरिसकेपछि उनको प्रश्नको प्रशंसा गर्दै यसप्रकार भन्न लाग्नुभयो।

विवरण— यसपछि चार अध्यायहरूमा दुर्जनहरूले गर्ने दुर्व्यवहारलाई कसरी जित्ने भन्ने कुराको उत्तर दिँदै चारथरी साधनहरूको निरूपण गरिएको छ। तेईसौँ अध्यायमा भिक्षुगीतको माध्यमले मनमाथि विजय गर्नुपर्ने उपदेश दिइएको छ भने चौबीसौँ अध्यायमा प्रकृति-पुरुषको विवेक, पच्चीसौँ अध्यायमा तीन गुणका वृत्तिहरूको विजय र छब्बीसौँ अध्यायमा विषयासक्ति त्याग्नुपर्ने उपदेश गरिएको छ।

मनीषीहरूका लागि पनि दुर्जनहरूका उपद्रवहरू सहन गाह्रो छ। निन्दा-अपमान आदि ती दुर्वृत्तिहरूलाई सहने साधनको चर्चा अबका चार अध्यायमा गरिन्छ। माथि बताइएका चार साधनहरूमध्ये पनि मनमाथि विजय हुनु नै प्रधान साधन हो, विषयासक्तिको त्याग, प्रकृति-पुरुषको विवेक आदि नभई मनमाथि पूर्णतः विजय गर्न सकिँदैन। नित्य एवं अनित्य वस्तुको विवेक हुनु र विषयप्रतिको आसक्ति नष्ट भई वैराग्य हुनु यी दुई विवेक र वैराग्य नै मनलाई जित्ने प्रधान साधन हुन्। यसैले भिक्षुगीतको प्रसङ्गमा मनमाथि विजय गर्ने एउटा साधक पुरुषको चरित्रद्वारा यसको निरूपण गरिएको छ।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

बार्हस्पत्य स नास्त्यत्र साधुर्वै दुर्जनेरितैः।
दुरुक्तैर्भिन्नमात्मानं यः समाधातुमीश्वरः॥ २॥

पदार्थ—
बार्हस्पत्य = हे बृहस्पतिका शिष्य उद्धव
यः = जो
दुर्जनेरितैः = दुर्जनहरूले भनेका
दुरुक्तैः = कटु वचनहरूद्वारा
भिन्नं = छिया-छिया भएको
आत्मानं = मनलाई
समाधातुं = सम्हाल्न
ईश्वरः = समर्थ छ
वै = निश्चय नै
सः = त्यस्तो
साधुः = सज्जन
अत्र = यस संसारमा
न अस्ति = कोही छैन

वाक्यार्थ— हे बृहस्पतिका शिष्य उद्धव ! दुर्जनहरूले प्रहार गरेका कटुवचनरूपी बाणले छिया छिया परेको मनलाई सम्हाल्न सक्ने सज्जनपुरुष यस संसारमा प्रायः भेटिँदैनन्।

न तथा तप्यते विद्धः पुमान् बाणैस्सुमर्मगैः।
यथा तुदन्ति मर्मस्था ह्यसतां परुषेषवः॥ ३॥

पदार्थ—
हि = निश्चय नै
सुमर्मगैः = मुटु छेड्ने
बाणैः = बाणहरूद्वारा
विद्धः = छेडिएको
पुमान् = मानिस
तथा = त्यसरी
न तप्यते = सन्तप्त हुँदैन
यथा = जसरी
मर्मस्थाः = मुटमा बिझेका
असतां = दुर्जनहरूका
परुषेषवः = कठोर वचनरूपी बाणहरूले
तुदन्ति = पीडा दिन्छन्

वाक्यार्थ— मुटु छेड्ने बाण लाग्दा पनि मानिसलाई त्यतिको पीडा हुँदैन, जत्तिको पीडा दुष्टहरूका दुर्वचनरूपी बाण मुटुमा बिझ्दा हुन्छ।

कथयन्ति महत्पुण्यमितिहासमिहोद्धव।
तमहं वर्णयिष्यामि निबोध सुसमाहितः॥ ४॥

पदार्थ—
उद्धव = हे उद्धव
इह = यस विषयमा
महत्पुण्यं = अत्यन्त पवित्र
इतिहासं = इतिहास
कथयन्ति = भन्दछन्
तं = त्यही कथा
अहं = म
वर्णयिष्यामि = वर्णन गर्दछु
सुसमाहितः = सावधान भएर
निबोध = सुन

वाक्यार्थ— हे उद्धव ! विद्वान्हरू यस प्रसङ्गमा एउटा अत्यन्त पवित्र प्राचीन इतिहास भन्दछन्। म त्यो इतिहास भन्दछु, तिमी ध्यान दिएर सुन।

केनचिद् भिक्षुणा गीतं परिभूतेन दुर्जनैः।
स्मरता धृतियुक्तेन विपाकं निजकर्मणाम्॥ ५॥

पदार्थ—
निजकर्मणां = आफ्ना कर्महरूको
विपाकं = प्रतिफल
स्मरता = सम्झिने
दुर्जनैः = दुष्टहरूद्वारा
परिभूतेन = तिरस्कृत

धृतियुक्तेन = धैर्यशाली	**भिक्षुणा** = भिक्षुद्वारा
केनचित् = कुनै एक	**गीतम्** = कथा भनिएको हो

वाक्यार्थ– दुष्टहरूले तिरस्कार गरिरहँदा र सताइरहँदा पनि त्यसलाई आफ्नो कर्मको प्रतिफल सम्झने कुनै धैर्यशाली भिक्षुले यो भाव प्रकट गरेका हुन्।

अवन्तिषु द्विजः कश्चिदासीदाढ्यतमः श्रिया।
वार्तावृत्तिः कदर्यस्तु कामी लुब्धोऽतिकोपनः॥ ६॥

पदार्थ–	**वार्तावृत्तिः** = कृषि, व्यापार	**अतिकोपनः** = अत्यन्त रिसाहा
अवन्तिषु = अवन्ति (उज्जैन)	आदि वृत्ति गर्ने (तर)	**कश्चित्** = कुनै एउटा
पुरीमा	**कदर्यः** = अत्यन्त कृपण	**द्विजः** = ब्राह्मण
श्रिया तु = श्रीसम्पत्तिले	**कामी** = विषयलम्पट	**आसीत्** = थियो
आढ्यतमः = अति सम्पन्न	**लुब्धः** = लोभी	

वाक्यार्थ– अवन्ति (उज्जैन) पुरीमा धनसम्पत्तिले सम्पन्न, कृषि र व्यापार आदि गर्ने, अत्यन्त कृपण(कन्जुस), अति लोभी, क्रोधी र विषयलम्पट एकजना ब्राह्मण थियो।

ज्ञातयोऽतिथयस्तस्य वाङ्मात्रेणापि नार्चिताः।
शून्यावसथ आत्मापि काले कामैरनर्चितः॥ ७॥

पदार्थ–	पनि कहिल्यै	**काले** = भोगको समयमा
तस्य = त्यसद्वारा आफ्ना	**न अर्चिताः** = स्वागत-सत्कार	**कामैः** = विषयभोगद्वारा
ज्ञातयः = दाजुभाइ र	गरिएनन्	**अनर्चितः** = सन्तुष्ट बनाइएन
अतिथयः = अतिथिहरू	**शून्यावसथे** = धर्मरहित घरमा	
वाङ्मात्रेण अपि = बोलीले मात्र	**आत्मा अपि** = आफूलाई पनि	

वाक्यार्थ– कृपण भएकै कारण आफ्ना भाइबन्धु र अतिथिलाई त्यसले कहिल्यै बोलीले मात्र पनि स्वागत-सत्कार गरेन। अरूको त कुरै छाडौं, भोगको समयमा इच्छा हुँदाहुँदै पनि विषयभोग गरेर त्यसले आफैंलाई समेत सन्तुष्ट पारेन।

दुःशीलस्य कदर्यस्य द्रुह्यन्ते पुत्रबान्धवाः।
दारा दुहितरो भृत्या विषण्णा नाचरन् प्रियम्॥ ८॥

पदार्थ–	**कदर्यस्य** = लोभी ब्राह्मणका	**दुहितरः** = छोरीहरू र
दुःशीलस्य = दुष्ट स्वभाव	**पुत्रबान्धवाः** = छोरा र भाइबन्धु	**भृत्याः** = नोकरचाकरहरू
भएको	**दाराः** = स्त्री	**विषण्णाः** = खिन्न भएर

प्रियं = भलो हुने काम	**न आचरन्** = गरेनन्	**द्रुह्यन्ते** = झगडा गरिरहन्थे

वाक्यार्थ– दुष्ट स्वभाव भएको त्यो कन्जुस ब्राह्मणका छोराछोरी, भाइबन्धु, पत्नी र नोकरचाकरहरू पनि खिन्न भएर उसको भलो हुने कुनै काम नगरी केवल झगडा मात्र गरिरहन्थे।

तस्यैवं यक्षवित्तस्य च्युतस्योभयलोकतः।
धर्मकामविहीनस्य चुक्रुधुः पञ्चभागिनः॥ ९॥

पदार्थ–	विषयभोग केही पनि नगर्ने	**पञ्चभागिनः** = पञ्चमहायज्ञका
एवं = यसप्रकार	**उभयलोकतः** = यस लोक र	भागी देवताहरू
यक्षवित्तस्य = यक्षको जस्तो धेरै	परलोक दुबैबाट	**चुक्रुधुः** = रिसाए
धनसम्पत्ति भएको	**च्युतस्य** = भ्रष्ट भएको	
धर्मकामविहीनस्य = धर्मकर्म र	**तस्य** = त्यस कृपण ब्राह्मणदेखि	

वाक्यार्थ– यसप्रकार यक्षको जस्तो धेरै धनसम्पत्ति भएको तर त्यसबाट कुनै धर्मकर्म वा विषयभोग केही नगर्ने, यस लोक र परलोक दुबैतिरबाट भ्रष्ट त्यस कृपण ब्राह्मणदेखि पञ्चमहायज्ञका भागी देवताहरू रिसाए।

तदवध्यानविस्रस्तपुण्यस्कन्धस्य भूरिद।
अर्थोऽप्यगच्छन्निधनं बह्वायासपरिश्रमः॥ १०॥

पदार्थ–	गर्नाले सम्पूर्ण पुण्य नष्ट भएको	**अर्थः अपि** = धनसम्पत्ति पनि
भूरिद = हे महादानी उद्धव	त्यस ब्राह्मणको	**निधनं** = नासिँदै
तदवध्यानविस्रस्तपुण्य-	**बह्वायासपरिश्रमः** = धेरै प्रयास र	**अगच्छत्** = गयो
स्कन्धस्य = देवताको तिरस्कार	परिश्रमले कमाएको	

वाक्यार्थ– हे महादानी उद्धव! देवताहरूलाई तिरस्कार गर्नाले त्यस ब्राह्मणको पुण्य समाप्त भयो र धैरै प्रयास र परिश्रम गरेर कमाएको धनसम्पत्ति पनि नासिँदै गयो।

ज्ञातयो जगृहुः किञ्चित् किञ्चिद् दस्यव उद्धव।
दैवतः कालतः किञ्चिद् ब्रह्मबन्धोर्नृपार्थिवात्॥ ११॥

पदार्थ–	**किञ्चित्** = केही सम्पत्ति	**कालतः** = केही समयले आफैँ
उद्धव = हे उद्धव	**दस्यवः** = चोर-डाँकाहरूले	नष्ट भयो र
ब्रह्मबन्धोः = त्यस मूर्ख	**जगृहुः** = लुटेर लिए	**नृपार्थिवात्** = केही मनुष्य तथा
ब्राह्मणको	**किञ्चित्** = केही चाहिँ	राजाहरूद्वारा नष्ट भयो
किञ्चित् = केही सम्पत्ति	**दैवतः** = दैवी विपत्तिले नष्ट	
ज्ञातयः = बन्धुबान्धवहरूले	भयो	

वाक्यार्थ– हे उद्धव ! त्यस ब्राह्मणको सम्पत्तिमध्ये केही बन्धुबान्धवले र केही चोरडाँकाहरूले लुटेर लगे। केही दैवी प्रकोपमा परी मासियो। केही धन समयको प्रभावमा आफैं नष्ट भयो। केही मनुष्य र राजाले लिए, यसरी त्यसको सबै धनसम्पत्ति नष्ट भयो।

स एवं द्रविणे नष्टे धर्मकामविवर्जितः।
उपेक्षितश्च स्वजनैश्चिन्तामाप दुरत्ययाम्॥ १२॥

पदार्थ–
एवं = यसप्रकार
द्रविणे = धनसम्पत्ति
नष्टे = नष्ट भएपछि
धर्मकामविवर्जितः = धर्म, कर्म एवं भोगबाट वञ्चित भएको
स्वजनैः च = आफ्नै बन्धुबान्धवहरूद्वारा पनि
उपेक्षितः = तिरस्कृत भएको
सः = त्यो ब्राह्मण
दुरत्ययां = ठुलो
चिन्तां = चिन्तामा
आप = पऱ्यो

वाक्यार्थ– यसप्रकार धनसम्पत्ति नष्ट भएपछि धर्म एवं विषयभोगबाट वञ्चित भएको तथा आफ्नै बन्धुबान्धवहरूद्वारा अपमानित भएको त्यो ब्राह्मण ठुलो चिन्तामा पऱ्यो।

तस्यैवं ध्यायतो दीर्घं नष्टरायस्तपस्विनः।
खिद्यतो बाष्पकण्ठस्य निर्वेदः सुमहानभूत्॥ १३॥

पदार्थ–
एवं = यसप्रकार
नष्टरायः = धनसम्पत्ति नष्ट भएका कारण
तपस्विनः = सन्तप्त बनेर
दीर्घं = अत्यन्त
खिद्यतः = खिन्न हुँदै
बाष्पकण्ठस्य = चिन्ताले गला रोकिएको
ध्यायतः = नष्ट सम्पत्तिको चिन्ता गरिहेको
तस्य = त्यस ब्राह्मणको मनमा
सुमहान् = अति ठुलो
निर्वेदः = वैराग्य
अभूत् = उत्पन्न भयो

वाक्यार्थ– यसप्रकार धनसम्पत्ति नष्ट भएका कारण अत्यन्त चिन्तित बनेको र खिन्न बनी रुँदै नष्ट भएको सम्पत्तिको चिन्ता गरिरहेको त्यस ब्राह्मणलाई एक दिन अति ठुलो वैराग्य उत्पन्न भयो।

विवरण– माथिका श्लोकहरूमा कदर्यको पूर्वार्धको अति लोभी जीवनदेखि उसलाई वैराग्य भएको प्रसङ्गसम्म सङ्क्षिप्त चर्चा गरिएको छ। अवन्ती देशमा कदर्य नामको ब्राह्मण बस्दथ्यो, ऊ सम्पन्न थियो तर उसलाई विषयप्रतिको असीम कामनाले अझै तानिरहन्थ्यो। ब्राह्मणलाई सम्पत्तिको सङ्ग्रह गर्न निषेध छ, उसले भिक्षावृत्तिले जीवन चलाउनुपर्दछ। तर कदर्य **वार्तावृत्ति** अर्थात् कृषि, गोपालन, व्यापार आदि वैश्यको वृत्ति अपनाउँथ्यो। धनमा आसक्त भएकाले उसले ब्राह्मणत्वलाई बिर्सेको थियो। उसले आफ्ना घरमा आएका अतिथि-बन्धुबान्धवहरूलाई बोलीले पनि सत्कार गरेन। उसको घर शून्य गृह थियो। सत्कर्म, दान, अतिथिसेवा आदिले रहित भएको घरलाई श्मशानजस्तै शून्य भनिएको छ–

न विप्रपादोदककर्दमानि न वेदशास्त्रध्वनिगर्जितानि ।
स्वाहास्वधाकारविवर्जितानि श्मशानतुल्यानि गृहाणि तानि।।

अर्थात् जहाँ तपस्वी ब्राह्मणहरूको चरणप्रक्षालन आदि गरिँदैन, जहाँ वेद आदि शास्त्र पाठ गरेको ध्वनि गुन्जिँदैन, देवताका लागि स्वाहाकार र पितृको लागि गरिएको स्वधाकार जहाँ हुँदैन, त्यो घर मसानजस्तै हुन्छ।

कदर्यको सम्पत्ति त कुबेरको समान थियो तर उसले अरूलाई दिनु त परै जाओस् त्यो सम्पत्तिको उपभोग गरेर उसले आफैं विषयभोग समेत गरेन। विषयभोगहरूद्वारा जीवात्माको तृप्ति हुन्छ। विषयहरूको भोग गर्ने र त्यसद्वारा सुख पाउने कामनाले गर्दा नै जीवात्मा बारम्बार संसारतर्फ तानिएको हुन्छ। उसले विषयभोग गर्नका लागि नै बढीभन्दा बढी सम्पत्ति, सुविधाका सामग्री, घर, जग्गा आदिको सङ्ग्रह गर्न खोज्दछ। यही जीवात्माको वासना अनुसार यसकै आदेशले चित्तवृत्ति र इन्द्रियहरू बहिर्मुख हुन्छन् र आ-आफ्ना विषयहरूको ग्रहण गर्दछन्। चक्षुरिन्द्रियको विषय रूप, श्रोत्रेन्द्रियको विषय शब्द, त्वगिन्द्रियको विषय स्पर्श आदि सबैको ज्ञान इन्द्रियहरूले आत्मालाई चढाउने उपहार हुन्, जसलाई ग्रहण गरी आत्मा सन्तुष्ट रहन्छ। यसप्रकार विषयभोग गर्नु नै जीवको प्रधान लक्ष्य भए पनि यो कदर्य चाहिँ अतिलोभका कारण विषयभोग समेत नगरी सम्पत्तिको सङ्ग्रह गर्दथ्यो। गृहस्थहरूले अनिवार्य गर्नुपर्ने पञ्च महायज्ञ पनि नगर्ने हुनाले ऊसँग पञ्चमहायज्ञका पाँच मालिकहरू देवता, ऋषि, पितृ, मनुष्य र पशु आदि सबै रिसाए र यसबाट उसको पूर्वजन्मको पुण्य नष्ट भई सम्पत्ति समेत नष्ट-भ्रष्ट भयो। केही सम्पत्ति अग्निदाह, भूकम्प जस्ता दैवी प्रकोपद्वारा नष्ट भयो भने केही सम्पत्ति आफन्तहरूले लुटेर लगे अनि केही सम्पत्ति राजाद्वारा हडपियो। यसरी निर्धन भएको त्यसलाई आफन्तजनहरूले पनि उपेक्षा-घृणा गर्न थाले। चारैतर्फबाट उपेक्षित भएपछि र आफूले भोग नगरी सञ्चय गरेको सम्पूर्ण सम्पत्ति पनि अनायास नष्ट भएपछि त्यो कदर्य निराश्रय बन्यो। संसारी व्यक्ति कि त पुत्र परिवारको आडभरोसा कि त सम्पत्ति आदिको भरोसामा बाँचेको हुन्छ। जीवनको एक मात्र भरोसा अचानक नष्ट भएपछि कदर्यलाई मनभित्रैबाट दिक्दार लाग्यो र पुण्यवश यस ग्लानिले उसलाई प्रबल वैराग्यवान् बनाइदियो। कहिलेकाहीं मानिसलाई संसारको अति धेरै आसक्तिले पनि वैराग्यको द्वारमा पुऱ्याइदिन्छ। कदर्य यति सजिलै किन विरक्त बन्न सक्यो भने जीवनभरि सम्पत्ति कमाए पनि अतिलोभका कारणले उसले संसारभोग गरेको थिएन र त्यसको स्वाद उसभित्र पसेको थिएन। संसारको स्वाद पसिसकेको व्यक्तिलाई भने विषयहरूले छोडिदिँदा पनि उसले त्यसको आसक्ति छोड्न सक्दैन। कदर्य यस अर्थमा भाग्यमानी भयो कि संसारका पदार्थले उसलाई छाडिदिनेबित्तिकै उसले पनि वैराग्यद्वारा तिनलाई छाडिदिन सक्यो। यसप्रकार कदर्यको जीवनमा परिवर्तन आएको देखिन्छ।

स चाहेदमहो कष्टं वृथात्मा मेऽनुतापितः।
न धर्माय न कामाय यस्यार्थायास ईदृशः॥ १४॥

पदार्थ—
सः च = त्यसले
इदं = यस्तो
आह = भन्न लाग्यो
अहो = अहो
कष्टं = दुःखको कुरा
यस्य = जसको
ईदृशः = यसप्रकारको
अर्थायासः = धन कमाउनका लागि गरिएको परिश्रम
धर्माय न = धर्मका निम्ति भएन र
कामाय न = भोगका निम्ति पनि भएन (त्यो बेकारको श्रम गरेर)
मे = मैले
आत्मा = आफ्नै शरीरलाई
वृथा = बेकारमा
अनुतापितः = कष्ट दिएँ

वाक्यार्थ— त्यसैले उसले मनमनै यसो भन्न लाग्यो— अहो ! अति दुःखको कुरा, धन कमाउनका लागि मैले गरेको सम्पूर्ण परिश्रम बेकार भयो। त्यो श्रम न धर्ममा काम लाग्यो न त भोगका निम्ति नै भयो। बेकारमा मैले आफ्नो शरीरलाई कष्ट दिएँ।

प्रायेणार्थाः कदर्याणां न सुखाय कदाचन।
इह चात्मोपतापाय मृतस्य नरकाय च॥ १५॥

पदार्थ—
प्रायेण = प्रायः गरेर
कदर्याणां = लोभीहरूको
अर्थाः = धनसम्पत्ति
कदाचन = कहिल्यै पनि
सुखाय = सुखदायी
न = हुँदैनन्
इह च = यस लोकमा रहँदासम्म
आत्मोपतापाय = शरीरका लागि कष्टको कारण र
मृतस्य = मरेपछि
नरकाय च = नरकवासको कारण बन्दछन्

वाक्यार्थ— प्रायः गरेर लोभीहरूको धनसम्पत्ति सुखदायी भएको पाइँदैन। किनभने तिनीहरूको सम्पत्तिले यस संसारमा रहँदासम्म कमाउनकै चिन्ताले सधैँ शरीरलाई कष्ट पुऱ्याइरहन्छ भने मरेपछि अधर्मपूर्वक कमाएको त्यही सम्पत्तिले नरकमा लैजान्छ।

यशो यशस्विनां शुद्धं श्लाघ्या ये गुणिनां गुणाः।
लोभः स्वल्पोऽपि तान् हन्ति श्वित्रो रूपमिवेप्सितम्॥ १६॥

पदार्थ—
ईप्सितं = सुन्दर
रूपं = स्वरूपलाई
श्वित्रः इव = कुष्ठरोगले बिगारे झैँ
यशस्विनां = यशस्वीहरूको
शुद्धं = पवित्र
यशः = कीर्ति र
गुणिनां = गुणवान्‌हरूको
श्लाघ्याः = प्रशंसनीय
ये गुणाः = जुन गुणहरू छन्
तान् = तिनलाई
स्वल्पः अपि = थोरै पनि
लोभः = लोभले
हन्ति = नष्ट गरिदिन्छ

वाक्यार्थ— जसरी कुष्ठरोगले शरीरको सुन्दर रूपलाई बिगारिदिन्छ, त्यसै गरी थोरै लोभले पनि यशस्वीहरूको पवित्र यश र गुणवान्‌हरूको प्रशंसनीय गुणलाई नष्ट गरिदिन्छ।

अर्थस्य साधने सिद्धे उत्कर्षे रक्षणे व्यये ।
नाशोपभोग आयासस्त्रासश्चिन्ता भ्रमो नृणाम् ॥ १७ ॥

पदार्थ–	**उत्कर्षे** = बढाउँदा	**नृणां** = मनुष्यहरूको
अर्थस्य = सम्पत्तिको	**रक्षणे** = सुरक्षा गर्दा	**आयासः** = ठुलो परिश्रम
साधने = आर्जन गर्ने कार्य	**व्यये** = खर्च गर्दा	**त्रासः** = भय
सिद्धे = सम्पन्न भएपछि	**नाशोपभोगे** = नाश हुँदा र	**चिन्ता** = चिन्ता र
(कमाएको त्यस धनलाई)	उपभोग गर्दा	**भ्रमः** = भ्रान्ति भइरहन्छ

वाक्यार्थ– धन कमाउँदा, कमाएको धनलाई बढाउँदा, सुरक्षा र खर्च गर्दा तथा नाश र उपभोग गर्दा मनुष्यलाई ठुलो परिश्रम, अनेक किसिमका डर, चिन्ता र भ्रान्ति भइरहन्छन्।

स्तेयं हिंसानृतं दम्भः कामः क्रोधः स्मयो मदः ।
भेदो वैरमविश्वासः संस्पर्धा व्यसनानि च ॥ १८ ॥
एते पञ्चदशानर्था ह्यर्थमूला मता नृणाम् ।
तस्मादनर्थमर्थाख्यं श्रेयोऽर्थी दूरतस्त्यजेत् ॥ १९ ॥

पदार्थ–	**वैरं** = शत्रुता	हुने अनर्थ
स्तेयं = चोरी	**अविश्वासः** = अविश्वास	**मताः** = मानिन्छन्
हिंसा = हत्या-हिंसा	**संस्पर्धा** = प्रतिस्पर्धा र	**तस्मात्** = त्यसकारणले
अनृतं = झुट	**व्यसनानि च** = स्त्री, जुवा र	**हि** = निश्चय नै
दम्भः = पाखण्ड	मद्यपानको व्यसन	**श्रेयोऽर्थी** = कल्याण चाहने
कामः = भोग गर्ने इच्छा	**एते** = यी	व्यक्तिले
क्रोधः = रिस	**पञ्चदश** = पन्ध्र वटा	**अर्थाख्यं** = धन नाम गरेको
स्मयः = घमन्ड	**अनर्थाः** = अनर्थहरू	**अनर्थं** = अनर्थलाई
मदः = सेखी	**नृणां** = मनुष्यका	**दूरतः** = टाढैबाट
भेदः = भेदबुद्धि	**अर्थमूलाः** = धनका कारण प्राप्त	**त्यजेत्** = त्यागिदेओस्

वाक्यार्थ– चोरी, हिंसा, झुट, पाखण्ड, भोग गर्ने इच्छा, रिस, घमन्ड, सेखी, भेदबुद्धि, शत्रुता, अविश्वास, प्रतिस्पर्धा अनि स्त्री, जुवा र मद्यपानको व्यसन यी पन्ध्रवटा धनका कारण मानिसले भोग्ने अनर्थ हुन्। तसर्थ आफ्नो कल्याण चाहने व्यक्तिले अवश्य नै यी अनर्थलाई टाढैबाट त्यागिदिनुपर्दछ।

विवरण– यहाँ सम्पत्तिका कारण पन्ध्र थरी अनर्थ उत्पन्न हुन्छन् भनी बताइएको छ। सम्पत्ति कमाउँदा पनि दुःख हुन्छ, कमाइसकेको सम्पत्तिलाई जोगाउन पनि दुःख छ र त्यो नष्ट भयो भने

त झन् दुःखै दुःख छ। यसप्रकार कमाउँदा, जोगाउँदा र खर्च गर्दा पनि दुःख दिने सम्पत्तिलाई अनर्थको मूल भन्नै पर्दछ। यहाँ सम्पत्तिका तीन स्थितिहरूमा तीन थरी दुःख बताइएका छन्। **साधने आयासः, सिद्धे त्रासः, व्यये चिन्ता**। सम्पत्ति कमाउँदा धेरै परिश्रम गर्नुपर्दछ। मानिसहरू ज्यानको बाजी राखी देश-विदेश चहार्दै आफ्ना परिवारको आनन्दलाई समेत त्यागी सम्पत्ति कमाउन लागिपर्दछन्। यो सम्पत्ति कमाउँदा हुने दुःख हो। **सिद्ध** अर्थात् कमाइसकेको सम्पत्तिको चिन्ता दुई रूपले हुन्छ, एउटा त्यसको रक्षा उर्दा र अर्को त्यसलाई बढाउने उपाय गर्दा। जो जति बढी सम्पत्ति आफूसँग राख्छ, त्यो व्यक्ति त्यसको सुरक्षाबाट त्यति नै त्रस्त हुन्छ। यसै गरी सम्पत्तिको खर्च गर्दा पनि मानिसलाई त्यसको चिन्ता हुन्छ। सम्पत्तिको खर्च दुई प्रकारले हुन्छ, एउटा उपभोग गरेर र अर्को नाश भएर। सम्पत्ति खर्च गर्ने अर्को पनि उत्तम तरिका छ– दान। तर लोभी व्यक्तिले प्राणान्त हुँदा पनि दान नगर्ने हुनाले यहाँ त्यो विकल्प नउठाइएको हो। यसरी लोभी व्यक्तिलाई सम्पत्ति विनष्ट हुँदा त चिन्ता हुन्छ नै, आफैँले उपभोग गर्दासमेत सबै सम्पत्ति सकिएला कि भन्ने चिन्ता हुन्छ। यसैले मानिसलाई सम्पत्तिले आउँदा कठोर परिश्रमको दुःख, रहँदा जोगाउने-बढाउने त्रास र खर्च गर्दा समेत चिन्ता दिने भएकाले यसका तीनै अवस्था अनर्थपूर्ण रहेका हुन्छन्। यहाँ बताइएका अनर्थहरूमध्ये पनि स्तेयदेखि क्रोधसम्मका छ अनर्थहरू अर्थप्राप्तिका लागि हुन्छन् भने बाँकी रहेका नौ अनर्थहरू चाहिँ अर्थप्राप्ति भइसकेपछि हुन्छन्।

स्तेय भनेको चोरी हो। कसैले सम्पत्ति नथुपार्ने हो भने संसारमा चोरी, लुटपाट आदि हुने नै थिएनन्। समाजमा सम्पत्तिवितरणको प्रक्रियामा धनी र गरिबका बिच ठुलो अन्तर रहेकाले नै चोरी, लुट आदि बढेका हुन्, त्यसैले अनावश्यक सम्पत्ति पनि चोरी आदिको कारण हो। सम्पत्तिका लागि हुने अर्को अनर्थ **हिंसा** हो। मानिसहरू ज्यानै मार्ने धम्की दिई, अथवा कसैको हत्यासमेत गरी उसको सम्पत्ति हडप्न खोज्दछन्। सम्पत्तिकै लागि मानिसहरू **अनृत** अर्थात् असत्य बोली-व्यवहार गर्दछन्। **दम्भ** भनेको अर्कालाई झुक्याउन देखावटी व्यवहार गर्नु हो, मानिसहरू अरूलाई विश्वासमा लिई उसको सम्पत्ति हत्याउनका लागि आफू सम्पन्न र सभ्य भएको ढोङ गर्दछन्। **काम** भनेको इच्छा हो, जो अरूले सम्पत्ति कमाएको देख्दा सबैजसो सामान्य मानिसहरूको मनभित्र जाग्ने गर्दछ। जब कामना गरिएको सम्पत्ति पाउन सकिँदैन, तब ऊ यसबाट अत्यन्त क्रुद्ध हुन्छ अथवा आफूले सम्पत्ति कमाउने प्रयास गरिरहेको वेला अरू कसैले विघ्न गर्‍यो भने ऊ अत्यन्त रिसाउँछ। यसरी कमाउँदा छ थरी अनर्थहरू सामने आउने देखिन्छ।

सम्पत्ति प्राप्त भइसकेपछिका अरू नौ थरी अनर्थहरू छन्। **स्मय** भनेको गर्व हो। आफूमा भएको रूप, सम्पत्ति, युवावस्था आदि गुणहरूका कारण अरूलाई नगन्नु या तिनीहरूभन्दा आफूलाई ठुलो ठान्नु गर्व हो। सम्पत्ति भएका मानिसहरूभित्र कुनै न कुनै रूपमा यो भाव रहेकै हुन्छ। **मद** भनेको अभिमानवश अर्काको तिरस्कार वा अपमान गर्नु हो। मनभित्रको गर्व नै बाहिर मदको रूपमा प्रकट हुन्छ। **भेद** भनेको मित्र-परिवारको बिचमा फुट हुनु हो। मानिसहरू आफ्नो स्वार्थपूर्ति गर्न मित्र-मित्रबिच फुट गराई त्यसको फाइदा लिने गर्दछन्। सम्पत्ति कमाइसकेपछि स्वार्थी मानिसहरू यसले मेरो सम्पत्ति माग्ला भनी मित्रलाई पनि त्यागिदिन्छन्। वैर भनेको शत्रुता हो। सम्पत्ति कमाएपछि मानिसले आफन्तहरूसँग पनि विश्वास गर्दैन र तिनीहरूप्रति सशङ्कित

भइरहन्छ। यसै गरी अर्थबाट उत्पन्न हुने अर्को अनर्थ **संस्पर्धा** अर्थात् ईर्ष्या हो, अर्काको मङ्गल र शुभ भएको सहन नसक्नु यसको अर्थ हो। सम्पत्ति भएका मानिसहरू प्रतिस्पर्धाको भावनाका कारण अरूको उन्नति सहन गर्न सक्दैनन्। अर्थबाट उत्पन्न हुने व्यसनहरू चाहिँ तिन वटा छन्। सम्पत्ति भएको व्यक्तिले स्त्रीव्यभिचार आदि दुष्कर्ममा सम्पत्तिको व्यय गर्दछ, उसले जुवा खेल्ने, मदिरा पिउने जस्ता दुर्व्यसनहरूलाई अँगाल्दछ। यसरी **स्तेय** अर्थात् चोरीदेखि तीनथरी व्यसनका भेदहरूलाई समेत जोड्दा अर्थबाट उत्पन्न हुने अनर्थहरूको संख्या पन्ध्र हुन्छ।

भिद्यन्ते भ्रातरो दाराः पितरः सुहृदस्तथा।
एकास्निग्धाः काकिणिना सद्यः सर्वेऽरयः कृताः॥ २०॥

पदार्थ–

एकास्निग्धाः = प्रेमका कारण एउटै जस्ता भएका	**पितरः** = बाबु-आमा	**भिद्यन्ते** = छिन्न-भिन्न हुन्छन् र
भ्रातरः = भाइबन्धुहरू	**तथा** = तथा	**सद्यः** = तत्काल
दाराः = पत्नीहरू	**सुहृदः** = मित्रहरू पनि	**सर्वे** = सबै
	काकिणिना = कौडी बराबर धनका कारण	**अरयः** = शत्रु
		कृताः = बन्दछन्

वाक्यार्थ– अत्यन्त प्रेमका कारण एउटै शरीरजस्ता भएका भाइबन्धु, पत्नी, बाबु-आमा तथा मित्रहरू पनि कौडीबराबर धनका कारण छिन्न-भिन्न बनी तत्काल शत्रु बन्दछन्।

अर्थेनाल्पीयसा ह्येते संरब्धा दीप्तमन्यवः।
त्यजन्त्याशु स्पृधो घ्नन्ति सहसोत्सृज्य सौहृदम्॥ २१॥

पदार्थ–

हि = निश्चय नै	**संरब्धाः** = क्षुभित र	**उत्सृज्य** = छाडेर
एते = यी सबै आफन्तहरू	**दीप्तमन्यवः** = क्रोधित भएर	**आशु** = छिट्टै
अल्पीयसा = थोरै	**स्पृधः** = प्रतिस्पर्धा गर्दै	**त्यजन्ति** = आपसमा त्याग गर्दछन् र
अर्थेन = धनका कारणले नै	**सहसा** = एकाएक	**घ्नन्ति** = मार्दछन्
	सौहृदं = मित्रतालाई	

वाक्यार्थ– यी सबै आफन्तहरू थोरै मात्र धनका कारण पनि क्षुभित र क्रोधित भएर आपसमा प्रतिस्पर्धा गर्दै एकाएक मित्रतालाई त्यागी तत्काल एक-अर्कालाई त्याग्ने र मार्नेसमेत गर्दछन्।

लब्ध्वा जन्मामरप्रार्थ्यं मानुष्यं तद् द्विजाग्र्यताम्।
तदनादृत्य ये स्वार्थं घ्नन्ति यान्त्यशुभां गतिम्॥ २२॥

पदार्थ–

अमरप्रार्थ्यं = देवताहरूद्वारा समेत प्रशंसा गरिएको	**मानुष्यं** = मनुष्य	ब्राह्मणत्व
	जन्म = जन्म	**लब्ध्वा** = प्राप्त गरेर
	तद् द्विजाग्र्यतां = त्यसमा पनि	**तत्** = त्यसलाई

अनादृत्य = अनादर गरेर
ये = जसले
स्वार्थं = आफ्नो प्रयोजनलाई
घ्नन्ति = मार्दछन् (तिनीहरू)
अशुभां = अधम
गतिं = जुनीमा
यान्ति = पुग्दछन्

वाक्यार्थ— देवताहरूद्वारा समेत प्रशंसित दुर्लभ मनुष्य शरीर, त्यसमा पनि ब्राह्मणत्व प्राप्त गरेर पनि जसले यसको अनादर गरेर ब्राह्मण मनुष्य हुनुको प्रयोजनलाई पूरा गर्दैनन् तिनीहरू अशुभ जुनीमा प्राप्त हुन्छन्।

स्वर्गापवर्गयोर्द्वारं प्राप्य लोकमिमं पुमान्।
द्रविणे कोऽनुषज्जेत मर्त्योऽनर्थस्य धामनि ॥ २३ ॥

पदार्थ—
स्वर्गापवर्गयोः = स्वर्ग र मोक्षको
द्वारं = द्वारभूत
इमं = यो
लोकं = मनुष्य शरीर
प्राप्य = पाएर
कः = कुन चाहिँ
मर्त्यः = मरणशील
पुमान् = मानिसले
अनर्थस्य = दुःखको
धामनि = खानी भएको
द्रविणे = धनसम्पत्तिमा
अनुषज्जेत = आसक्ति गर्ला र

वाक्यार्थ— स्वर्ग र मोक्षको द्वारभूत यस मनुष्य शरीरलाई पाएर पनि कुन चाहिँ मरणशील मानिसले अनर्थको आश्रय भएको धनसम्पत्तिमा आसक्ति गर्ला र ?

देवर्षिपितृभूतानि ज्ञातीन् बन्धूंश्च भागिनः।
असंविभज्य चात्मानं यक्षवित्तः पतत्यधः ॥ २४ ॥

पदार्थ—
देवर्षिपितृभूतानि = देवता, ऋषि, पितृ र प्राणीहरू
ज्ञातीन् = दाजुभाइ
बन्धून् च = बन्धुबान्धव र
भागिनः च = अन्य भागिदारलाई र
आत्मानं = आफूलाई
असंविभज्य = सन्तुष्ट नगरिकन
यक्षवित्तः = धनको सञ्चय मात्र गर्ने मानिस
अधः = नरकमा
पतति = पर्दछ

वाक्यार्थ— देवता, ऋषि, पितृ, प्राणीहरू, दाजुभाइ, बन्धुबान्धव र अरू भागिदार तथा आफूलाई समेत सन्तुष्ट नगरिकन केवल धनको सञ्चय गर्ने मानिस नरकमा पर्दछ।

व्यर्थयार्थेहया वित्तं प्रमत्तस्य वयो बलम्।
कुशला येन सिध्यन्ति जरठः किं नु साधये ॥ २५ ॥

पदार्थ—
येन = जुन धनसम्पत्तिद्वारा
कुशलाः = राम्रा काम
सिध्यन्ति = बन्दछन्
व्यर्थया = बेकारको
अर्थेहया = धनचिन्ताले

प्रमत्तस्य = मात्तिएको मेरो
नु = निश्चय नै
वित्तं = धनसम्पत्ति
वयः = आयु
बलं = बल (नष्ट भयो)
जरठः = बुढो भएको मैले
किं = के
साधये = गरूँ

वाक्यार्थ– जुन धनसम्पत्तिद्वारा मानिसले राम्रा काम सम्पन्न गर्दछन्, त्यस्तो धनसम्पत्ति, आयु र बल, व्यर्थको धनचिन्तामा लागेर मैले नष्ट गरेँ, अब यो वृद्ध अवस्थामा म के गरूँ ?

कस्मात् सङ्क्लिश्यते विद्वान् व्यर्थयार्थेहयासकृत्।
कस्यचिन्मायया नूनं लोकोऽयं सुविमोहितः॥ २६॥

पदार्थ–
विद्वान् = जान्ने व्यक्ति पनि
व्यर्थया = बेकारको
अर्थेहया = धनचिन्ताले
असकृत् = बारम्बार
कस्मात् = किन
सङ्क्लिश्यते = ग्रस्त भइरहेको होला
नूनं = निश्चय नै
अयं = यो
लोकः = संसार
कस्यचित् = कसैको
मायया = मायाले
सुविमोहितः = अत्यन्त मोहित भएको छ

वाक्यार्थ– ठुला-ठुला विद्वान्‌हरू पनि धनको व्यर्थ चिन्ताले बारम्बार किन दुःखी भइरहेका होलान् ? निश्चय नै यो संसार कसैको मायाद्वारा मोहित भइरहेको छ।

किं धनैर्धनदैर्वा किं कामैर्वा कामदैरुत।
मृत्युना ग्रस्यमानस्य कर्मभिर्वोत जन्मदैः॥ २७॥

पदार्थ–
मृत्युना = मृत्युद्वारा
ग्रस्यमानस्य = ग्रस्त मानिसलाई
धनैः = धनसम्पत्तिसँग
धनदैः वा = अथवा धन दिनेहरूसँग
किं वा = के सम्बन्ध छ
कामैः = कामनाहरूसँग
उत = तथा
कामदैः = कामना पूरा गरिदिनेहरूसँग
जन्मदैः = जन्म दिने
कर्मभिः वा = कर्महरूसँग पनि
उत किम् = के प्रयोजन छ र

वाक्यार्थ– मृत्युद्वारा ग्रस्त भएको मानिसलाई धनसम्पत्तिसँग कमाएर वा धन दिनेहरूसँग सम्बन्ध राखेर के काम ? यस्तै कामनाहरूबाट, कामना पूरा गरिदिनेहरूबाट र बारम्बार जन्ममरणको चक्करमा पारिदिने सकाम कर्मबाट के प्रयोजन सिद्ध हुन्छ र ?

नूनं मे भगवांस्तुष्टः सर्वदेवमयो हरिः।
येन नीतो दशामेतां निर्वेदश्चात्मनः प्लवः॥ २८॥

पदार्थ–
नूनं = निश्चय नै
मे = मेरा लागि
सर्वदेवमयः = सर्वदेवस्वरूप
भगवान् = भगवान्
हरिः = श्रीहरि

तुष्टः = प्रसन्न हुनुभएको छ
येन = जुन भगवान्द्वारा
एतां = यो
दशां = अवस्थामा
नीतः = पुऱ्याइएको छु
आत्मनः = आत्मोद्धारको
प्लवः = साधन (डुङ्गा)
निर्वेदः च = वैराग्य पनि भएको छ

वाक्यार्थ– निश्चय नै सर्वदेवस्वरूप भगवान् श्रीहरि मसँग प्रसन्न हुनुभएको छ। उहाँकै कृपाले मेरो यो अवस्था भएको हो, आज आत्मोद्धारको लागि मलाई साधनरूप वैराग्य प्राप्त भएको छ।

सोऽहं कालावशेषेण शोषयिष्येऽङ्गमात्मनः।
अप्रमत्तोऽखिलस्वार्थे यदि स्यात् सिद्ध आत्मनि॥ २९॥

पदार्थ–
सः = त्यस्तो
अहं = म अब
यदि = यदि
स्यात् = आयु बाँकी छ भने
आत्मनि = आत्मकल्याणमा नै
सिद्धः = सन्तुष्ट बनेर
अखिलस्वार्थे = धर्म आदि सबै साधनबारे
अप्रमत्तः = सावधान भएर
कालावशेषेण = बाँकी समयमा
आत्मनः = आफ्नो
अङ्गं = शरीरलाई
शोषयिष्ये = तपस्याद्वारा सुकाउनेछु

वाक्यार्थ– अब म मेरो आयु बाँकी रहँदासम्म आत्मकल्याणमा सन्तुष्ट र धर्मसाधनामा सावधान भएर लाग्नेछु र बाँकी समयमा तपस्याद्वारा आफ्नो शरीरलाई सुकाउनेछु।

तत्र मामनुमोदेरन् देवास्त्रिभुवनेश्वराः।
मुहूर्तेन ब्रह्मलोकं खट्वाङ्गः समसाधयत्॥ ३०॥

पदार्थ–
तत्र = यस विषयमा
त्रिभुवनेश्वराः = तीनै लोकका मालिक
देवाः = देवताहरूले
मां = मलाई
अनुमोदेरन् = अनुग्रह गरून् (किनभने)
खट्वाङ्गः = राजर्षि खट्वाङ्गले
मुहूर्तेन = एक मुहूर्तमा नै
ब्रह्मलोकं = ब्रह्मलोकलाई
समसाधयत् = प्राप्त गरेका थिए

वाक्यार्थ– यस विषयमा तीनै लोकका मालिक देवताहरूले मलाई अनुग्रह गरून्। किनभने राजर्षि खट्वाङ्गले एक मुहूर्तमा नै ब्रह्मलोकलाई प्राप्त गरेका थिए। (मेरो त अवश्य पनि अरु केही आयु बाँकी होला।)

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

इत्यभिप्रेत्य मनसा ह्यावन्त्यो द्विजसत्तमः।
उन्मुच्य हृदयग्रन्थीन् शान्तो भिक्षुरभून्मुनिः॥ ३१॥

पदार्थ–
आवन्त्यः = अवन्ती नगरीका
द्विजसत्तमः = श्रेष्ठ ब्राह्मणले
मनसा = मन–मनै
हि = निश्चय नै
इति = यस्तो दृढ

अभिप्रेत्य = निश्चय गरेर	**उन्मुच्य** = फुकाएर	**भिक्षुः** = भिक्षु
हृदयग्रन्थीन् = हृदयको अहङ्कार र ममताको गाँठो	**शान्तः** = शान्त स्वभावको	**अभूत्** = भए
	मुनिः = मौनी	

वाक्यार्थ– हे उद्धव ! अवन्तीनगरीका ती ब्राह्मण मन-मनै यस्तो दृढ निश्चय गरी हृदयको अहङ्कार र ममताको गाँठोलाई खोली शान्त भई मौनी भिक्षु बने।

स चचार महीमेतां संयतात्मेन्द्रियानिलः।
भिक्षार्थं नगरग्रामानसङ्गोऽलक्षितोऽविशत्॥ ३२॥

पदार्थ–	**एतां** = यस	**भिक्षार्थं** = भिक्षाका लागि
संयतात्मेन्द्रियानिलः = मन, इन्द्रिय र प्राणलाई वशमा राखेका	**महीम्** = पृथिवीमा	**नगरग्रामान्** = शहर र गाउँमा
	चचार = घुम्दथे	**अविशत्** = प्रवेश गरे
	असङ्गः = आसक्तिरहित र	
सः = ती ब्राह्मणले	**अलक्षितः** = नचिनिने भएर	

वाक्यार्थ– त्यसपछि ती ब्राह्मण मन, इन्द्रिय र प्राणलाई वशमा राखेर यस पृथिवीमा विचरण गर्न लागे। त्यस क्रममा आसक्तिरहित भएका उनी नचिनिने बनेर केवल भिक्षाका निम्ति शहर र गाउँ प्रवेश गरे।

तं वै प्रवयसं भिक्षुमवधूतमसज्जनाः।
दृष्ट्वा पर्यभवन् भद्र बह्वीभिः परिभूतिभिः॥ ३३॥

पदार्थ–	**भिक्षुं** = भिक्षु	**बह्वीभिः** = अनेक किसिमका
भद्र = हे सज्जन उद्धव	**अवधूतं** = अवधूत ब्राह्मणलाई	**परिभूतिभिः** = तिरस्कारहरूद्वारा
तं वै = ती	**दृष्ट्वा** = देखेर	**पर्यभवन्** = अपमानित गर्न लागे
प्रवयसं = वृद्ध	**असज्जनाः** = दुष्टहरूले	

वाक्यार्थ– हे सज्जन उद्धव ! ती वृद्ध भिक्षुवृत्तिधारी अवधूत ब्राह्मणलाई देखेर दुष्टहरूले अनेक किसिमका तिरस्कारहरू गरी अपमानित गर्न लागे।

केचित् त्रिवेणुं जगृहुरेके पात्रं कमण्डलुम्।
पीठं चैकेऽक्षसूत्रं च कन्थां चीराणि केचन॥ ३४॥

पदार्थ–	**जगृहुः** = खोसिदिए	**कमण्डलुं** = कमण्डलु खोसे
केचित् = कसैले उनको	**एके** = कसैले	**एके** = कसैले
त्रिवेणुं = दण्ड	**पात्रं** = भिक्षापात्र र	**पीठं** = आसन र

अक्षसूत्रं च = अक्षमाला खोसे
केचन = कसैले
कन्थां = ओढ्ने, ओछ्याउने र
चीराणि च = कपडाहरू खोसे

वाक्यार्थ– कसैले उनको लट्ठी खोसिदिने, कसैले भिक्षापात्र तानिदिने, कसैले कमण्डलु चोरिदिने गर्न लागे। यसै गरी कसैले आसन, कसैले अक्षमाला, कसैले ओढ्ने-ओछ्याउने र कसैले उनका कपडा खोसे।

प्रदाय च पुनस्तानि दर्शितान्याददुर्मुनेः।
अन्नं च भैक्ष्यसम्पन्नं भुञ्जानस्य सरित्तटे॥ ३५॥
मूत्रयन्ति च पापिष्ठाः ष्ठीवन्त्यस्य च मूर्धनि।
यतवाचं वाचयन्ति ताडयन्ति न वक्ति चेत्॥ ३६॥

पदार्थ–
दर्शितानि = देखाइएका
तानि = ती सबै
मुनेः = मुनिका वस्तुहरू
प्रदाय = दिएर
पुनः = फेरि
आददुः = लैजान्थे
भैक्ष्यसम्पन्नं = भिक्षाबाट प्राप्त भएको
अन्नं च = अन्न
सरित्तटे = नदीको किनारमा बसेर
भुञ्जानस्य = खान लाग्दा
पापिष्ठाः च = ती पापीहरूले
मूत्रयन्ति = पिसाब गरिदिन्थे र
अस्य = यिनको
मूर्धनि = टाउकोमा
ष्ठीवन्ति च = थुकिदिन्थे
यतवाचं = मौन अवस्थामा बसेका उनलाई
वाचयन्ति च = बोल्न पनि लगाउँथे
चेत् = यदि
न वक्ति = बोलेनन् भने
ताडयन्ति = पिट्दथे

वाक्यार्थ– दुष्टहरूले खोसेका ती वस्तुहरू टाढैबाट उनैलाई देखाउँदै र दिएजस्तो गर्दै फेरि लैजान्थे। भिक्षा मागेर ल्याएको अन्न नदीको किनारमा बसेर खान लाग्दा पापीहरूले त्यसैमा पिसाब गरिदिन्थे र कसैले उनको टाउकोमा थुकिदिन्थे। कसैले मौन रहन खोज्ने उनलाई बोल्न बाध्य बनाउँथे र बोलेनन् भने पिट्दथे।

तर्जयन्त्यपरे वाग्भिः स्तेनोऽयमिति वादिनः।
बध्नन्ति रज्ज्वा तं केचिद् बध्यतां बध्यतामिति॥ ३७॥

पदार्थ–
अपरे = कसैले
अयं = यो
स्तेनः इति = चोर हो
वादिनः = भन्दै
वाग्भिः = कटुवचनले
तर्जयन्ति = हप्काउँथे
केचित् = कसैले चाहिँ
बध्यतां बध्यतां इति = यसलाई बाँध-बाँध भन्दै
तं = उनलाई
रज्ज्वा = डोरीले
बध्नन्ति = बाँध्दथे

वाक्यार्थ– कसैले 'यो चोर हो' भन्दै कटुवचनले हप्काउँथे र कसैले 'यसलाई बाँध बाँध' भन्दै डोरीले बाँध्दथे।

क्षिपन्त्येकेऽवजानन्त एष धर्मध्वजः शठः।
क्षीणवित्त इमां वृत्तिमग्रहीत् स्वजनोज्झितः॥ ३८॥

पदार्थ–
एके = कसैले
एषः = यो
धर्मध्वजः = धर्मको स्वाङ् पार्ने
शठः = ठगले
क्षीणवित्तः = सम्पत्ति नष्ट भएपछि र
स्वजनोज्झितः = आफन्तहरूले त्यागेपछि
इमां = यस्तो
वृत्तिं = व्यवसाय
अग्रहीत् = अँगालेको हो भनी
अवजानन्तः = अपमानित गर्दै
क्षिपन्ति = तिरस्कार गर्दथे

वाक्यार्थ– कसैले धर्मको स्वाङ् पार्ने यस ठगले सम्पत्ति नष्ट भएपछि र आफन्तहरूले त्यागेपछि बाँच्नका निम्ति यस्तो व्यवसाय अँगालेको हो भनी अपमानित गर्दै तिरस्कार गर्दथे।

अहो एष महासारो धृतिमान् गिरिराडिव।
मौनेन साधयत्यर्थं बकवद् दृढनिश्चयः॥ ३९॥
इत्येके विहसन्त्येनमेके दुर्वातयन्ति च।
तं बबन्धुर्निरुरुधुर्यथा क्रीडनकं द्विजम्॥ ४०॥

पदार्थ–
अहो = आश्चर्यको कुरा
महासारः = महाबलशाली र
गिरिराट् इव = पहाड झैँ
धृतिमान् = धैर्यशाली
एषः = यसले
दृढनिश्चयः = निश्चय गरेर
बकवत् = बकुल्लाले झैँ
मौनेन = नबोलिकन
अर्थं = स्वार्थ
साधयति = पुरा गरिरहेको छ
इति = यसो भन्दै
एके = कसैले
एनं = यिनलाई
विहसन्ति = उडाउँथे
एके = कसैले
दुर्वातयन्ति च = उनीसामु अपानवायु छोडिदिन्थे
क्रीडनकं = खेलौनाको
द्विजं = चरालाई
यथा = जसरी
तं = तिनलाई
बबन्धुः = बाँद्धथे र
निरुरुधुः = थुन्दथे

वाक्यार्थ– आश्चर्यको कुरा ! महाबलशाली र पहाड झैँ अटल भएको यस ठगले निश्चिन्त बनेर बकुल्लाले झैँ नबोलिकनै स्वार्थ पुरा गरिरहेको छ। यसो भन्दै कसैले उनको उपहास गर्दथे। कसैले उनीसामु अपानवायु छोडिदिन्थे र कसैले खेलौनाको चरालाई झैँ उनलाई बाँध्ने र थुन्ने गर्दथे।

विवरण– यस प्रसङ्गमा विरक्त भएका कदर्यलाई दुर्जनहरूले अनेकौँ दुःखहरू दिएको वर्णन गरिएको छ। श्रीशुकदेवले यी भिक्षुलाई अवधूत भनी बताउनुभएको छ। यो शब्द व्याकरणअनुसार

धूञ् कम्पने धातुमा अव उपसर्ग लागी बन्दछ। **अवधूतं संसारबन्धनं येन सः** अर्थात् जसले संसारबन्धनलाई जरैदेखि हल्लाइदिएको छ या नष्ट गरिदिएको छ भन्ने अर्थमा यो शब्द बन्दछ। अवधूत भनेको त्यागीहरूमध्ये पनि पूर्ण अपरिग्रह र लोकलज्जा-लोकसङ्ग्रह आदि अवस्थादेखि पनि पर पुगेको आत्माराम स्थिति हो।

संसारका मानिसहरूले जो सोझो, निर्बल र सहनशील हुन्छ उसैलाई बढी दुःख दिन्छन्। जो दुष्ट, दुराचारी छ, उसलाई कसैले ठुलो स्वरले बोल्न या शिर ठाडो गरेर हेर्न पनि सक्दैन। साँच्चैका ज्ञानी एवं भक्तहरूबाहेक अरू सबै मानिसहरूमा दुर्जनताको कुनै न कुनै अंश लुकेको हुन्छ। यसैले उनीहरू मौका पाउने बित्तिकै अरूको अपमान-तिरस्कार गरिहाल्दछन्। यी भिक्षु पनि समाजको यही दुष्प्रवृत्तिको सिकार भएका छन्।

दुष्टहरूले उनको दण्ड, कमण्डलु, वस्त्रहरू उनीबाट खोसेर लिन्थे र नजिक लगी दिए जैँ गरी फेरि तानी हैरान पार्दथे। भिक्षामा प्राप्त भएको भोजन नदीकिनारमा गई खान लाग्दा पापीहरूले त्यसमाथि पिसाबसमेत गरिदिन्थे र उनको शिरमाथि थुकिदिन्थे। सबै दुष्टताहरूलाई चुपचाप सहन गरिरहेको उनको मौनतालाई पनि सहन नसकी अरू दुष्टहरू आउँथे र उनलाई पिटी-पिटी बोल्न लगाउँथे, कोही उनीमाथि चोरीको आरोप लगाउँथे। सम्पत्ति नष्ट भएकाले पुत्र-परिवारबाट निकालिएको यसले धर्मको ढोङ रचेको हो भनी कोही उनको उपहास गर्दथे भने कोही दण्डदाता बनेर उनलाई डोरीले बाँधिदिन्थे। चुपचाप सहिरहने व्यक्तिमाथि आफ्नो पौरख देखाउनुको के अर्थ छ र ? तर दुष्टहरूले खेलौना खेलाए जैँ ती भिक्षुलाई खेलाउँथे।

मानिसहरूको मनभित्र अर्कालाई दुःख दिने दुष्प्रवृत्ति लुकेको हुन्छ। ऊ मौका पायो कि दुःखी र निर्बलहरूको अपमान, निन्दा गर्दछ र अनेक रूपले तिनलाई पीडित गरी आनन्दको अनुभव गर्दछ। अर्कालाई दुःखी देखी आफूले आनन्दको अनुभव गर्नु पूर्णतः आसुरी संस्कार हो। यो हिंस्रक स्वभाव जन्मौं अघिदेखि मानवमनभित्र आफ्नो डेरा जमाउन सफल भएको छ, त्यसैले कहिलेकाहीँ सोझो-सामान्य लाग्ने मानिसले पनि यस्तो प्रवृत्ति देखाइहाल्दछ। गङ्गाकिनारमा परीक्षित्लाई ज्ञानोपदेश गर्नुभन्दा पहिले स्वयं श्रीशुकदेवजीलाई समेत बालकहरूले वरिपरिबाट गिज्याउँदै-तिरस्कार गर्दै थिए र परीक्षित्ले पूजा गरेपछि ठुला मान्छे रहेछन् भन्ने बुझी त्यहाँबाट ती बालकहरू भागेका थिए भनी श्रीमद्भागवत (१.१८.२९)मा उल्लेख गरिएको छ। प्रस्तुत प्रसङ्गमा भिक्षुलाई अज्ञानी दुर्जनहरूले पहिल्यै गरेको अपमानलाई पनि वर्तमान कालको क्रियापदद्वारा बताउनुको अर्थ साधुहरूमाथि यस्ता अपमान अहिले पनि भइरहन्छन् भनी जनाउनका लागि हो।

एवं स भौतिकं दुःखं दैविकं दैहिकं च यत्।
भोक्तव्यमात्मनो दिष्टं प्राप्तं प्राप्तमबुध्यत ॥ ४१ ॥

पदार्थ—
एवं = यसप्रकार
सः = ती ब्राह्मणले
यत् = जे जति
भौतिकं = भौतिक
दैविकं = दैविक तथा

दैहिकं च = दैहिक
दुःखं = दुःख
प्राप्तं प्राप्तं = प्राप्त हुन्थे ती सबैलाई
दिष्टं = प्रारब्धका कारण प्राप्त भएको
आत्मनः = आफ्नो
भोक्तव्यं = भोग
अबुध्यत = सम्झन्थे

वाक्यार्थ– यसप्रकार ती ब्राह्मणलाई दुष्टहरूद्वारा दिइने भौतिक, प्रकृतिद्वारा हुने दैविक र ज्वरादिद्वारा हुने दैहिक जे-जति दुःख प्राप्त हुन्थे, ती सबैलाई उनी प्रारब्धवश प्राप्त भएका आफ्ना भोग सम्झन्थे।

परिभूत इमां गाथामगायत नराधमैः।
पातयद्भिः स्वधर्मस्थो धृतिमास्थाय सात्त्विकीम्॥ ४२॥

पदार्थ–
पातयद्भिः = धर्मबाट गिराउन चाहने
नराधमैः = दुष्टहरूद्वारा
परिभूतः = तिरस्कार गरिएका ती ब्राह्मणले
सात्त्विकीम् = सात्त्विक
धृतिं = धैर्यलाई
आस्थाय = धारण गरेर
स्वधर्मस्थः = आफ्नो धर्ममा अडिग रहेर
इमां = यस्तो
गाथां = उद्गार
अगायत = व्यक्त गरे

वाक्यार्थ– यसप्रकारसँग अनेक कष्ट दिएर दुष्टहरूले उनलाई धर्मबाट च्युत गराउने चेष्टा गर्दथे तर धैर्यका साथ आफ्नो धर्ममा अडिग रही उनले यस्तो उद्गार व्यक्त गरे।

द्विज उवाच (ब्राह्मणले भने)

नायं जनो मे सुखदुःखहेतुर्न देवतात्मा ग्रहकर्मकालाः।
मनः परं कारणमामनन्ति संसारचक्रं परिवर्तयेद् यत्॥ ४३॥

पदार्थ–
मे = मेरा
सुखदुःखहेतुः = सुख र दुःखका कारण
अयं = यी
जनः = मानिसहरू
न = होइनन्
देवतात्मा = देवता र शरीर तथा
ग्रहकर्मकालाः = ग्रह, कर्म र काल पनि
न = होइनन्
यत् = जसले
संसारचक्रं = संसारचक्रलाई
परिवर्तयेत् = घुमाउँछ (त्यही)
मनः = मन नै
परं = एक मात्र
कारणं = सुखदुःखको कारण
आमनन्ति = मान्दछन्

वाक्यार्थ– यी मानिसहरू कोही पनि मेरा सुखदुःखका कारण होइनन्। यस्तै देवता, शरीर, ग्रह, कर्म र काल कुनै पनि मेरा सुखदुःखका कारण होइनन्। सुख-दुःखको एक मात्र कारण त संसारचक्रलाई घुमाइरहने मन नै हो।

मनो गुणान् वै सृजते बलीयस्ततश्च कर्माणि विलक्षणानि।
शुक्लानि कृष्णान्यथ लोहितानि तेभ्यः सवर्णाः सृतयो भवन्ति॥ ४४॥

पदार्थ–
बलीयः = अत्यन्त बलवान्
मनः वै = मनले नै
गुणान् = गुणका वृत्तिहरूलाई
सृजते = सृजना गर्दछ
ततः च = तिनै गुणबाट
शुक्लानि = सात्त्विक
कृष्णानि = तामस
अथ = र
लोहितानि = राजस
विलक्षणानि = विभिन्न किसिमका अनेक
कर्माणि = कर्महरू उत्पन्न हुन्छन्
तेभ्यः = ती अनेक कर्मबाट
सवर्णाः = कर्मअनुसारका
सृतयः = देव, मनुष्य आदि गतिहरू
भवन्ति = प्राप्त हुन्छन्

वाक्यार्थ– यही अत्यन्त बलवान् मनले नै सात्त्विक आदि गुणका वृत्तिहरू सृष्टि गर्दछ। तिनै गुणबाट सात्त्विक, राजस र तामस अनेक कर्महरू उत्पन्न हुन्छन्। ती कर्मबाट देवता, मनुष्य, पशु आदि विभिन्न गतिहरू प्राप्त हुन्छन्।

विवरण– यहाँ अवधूतले सम्पूर्ण सुखदुःखको कारण मानिस, ग्रह, कर्म एवं काल आदि नभई आफ्नै मन भएको निर्क्योल गरेका छन्। दुःख पाएको वेलामा त्यसको मूल कारणको खोजी गर्नु नै विवेकीहरूको लक्षण हो। सामान्य मानिसहरू संसारका समस्त सुखदुःख आदि अनुभवहरूलाई तत्कालका भिन्न-भिन्न कारणहरूद्वारा उत्पन्न भएको मान्दछन्। उनीहरूको विचारशक्ति सीमित हुन्छ र उनीहरू तत्कालीन घटनाको मात्र मूल्याङ्कन गर्न सक्दछन्। आफ्ना सबैथरी अनुभवहरूको मूल कारणलाई खोज्ने धैर्य उनीहरूमा हुँदैन, तर यी अवधूतको धैर्य सात्त्विक थियो, यसैले उनले आफूलाई ठाउँ-ठाउँमा छुट्टाछुट्टै व्यक्तिहरूले दुःख दिएको नभनेर सम्पूर्ण दुःखको मूल कारण मन हो भन्ने अनुभव गरेका छन्।

दुःख भनेको आफूलाई प्रतिकूल लाग्ने अनुभव हो तर विचार गर्दै जाँदा सम्पूर्ण संसार नै दुःखरूप छ। जन्म, मृत्यु, बुढ्याइँ, रोग आदि अनेक दुःखहरूले प्राणीहरूलाई जीवनभर सताइरहन्छन्। यदि संसारमा जन्म नै नभएको भए आफ्नै शरीरबाट उत्पन्न हुने या बाहिरी कारणहरूबाट आउने कुनै पनि प्रकारका दुःखहरू हुने थिएनन्। त्यसैले संसारमा जन्म हुनु नै सबै दुःखको मूल हो। संसारमा निरन्तर जन्ममृत्युको चक्र मनकै कारणले चलेको छ। मनभित्रकै अनन्त वासनाहरूको कारणले व्यक्ति संसारबन्धनमा परेको छ र अविनाशी असङ्ग, सर्वव्यापी र सुखस्वरूप आत्मा भएर पनि आसक्तिकै कारण प्राणी बारम्बार जन्ममृत्युचक्रमा घुमिरहेको छ, के योभन्दा दुःख अर्को कुनै हुन सक्दछ ? मनले नै त्रिगुणमय अनेक वृत्तिहरूको रचना गर्दछ। मनका सात्त्विक, राजस र तामस गरी तीन थरी वृत्तिहरू हुन्छन्। धैर्य, क्षमा, वैराग्य आदि सात्त्विक या शान्त वृत्ति, क्रियाशीलता, उद्यम, उत्साह, इच्छा आदि राजसवृत्ति र ग्लानि, भय, द्वेष आदि तामस वृत्तिहरू सबै मनका नै हुन्। उपनिषद्मा पनि भनिन्छ– **कामः सङ्कल्पो विचिकित्सा श्रद्धाश्रद्धा धृतिरधृतिर्ह्रीर्धीर्भीरित्येतत् सर्वं मन एव** (बृहदारण्यकोपनिषद् १.५.३) अर्थात् कामना, सङ्कल्प, सन्देह, श्रद्धा, अश्रद्धा, धैर्य, अधैर्य, लज्जा, बुद्धि, भय आदि सबै मन नै हुन्। यी त्रिगुणमय अन्तःकरणवृत्तिद्वारा नै तीन थरी कर्महरू हुन्छन्। **शुक्ल** अर्थात् सात्त्विक प्राणीदया, ईश्वरप्रणिधान आदि कर्महरू, **कृष्ण** अर्थात् तामस परपीडन, हिंसा आदि कर्महरू र लोहित अर्थात् स्वार्थपूर्ति, सङ्ग्रह आदि राजस कर्महरू चित्तवृत्तिका नै उपज हुन्। यी तीन किसिमका कर्महरूद्वारा तीनै

थरी फल प्राप्त हुन्छन्। सात्त्विक शुभ कर्महरूद्वारा स्वर्गादि दिव्य लोकको प्राप्ति, अशुभ तामस कर्महरूद्वारा नरक र पशु आदिको रूपमा जन्म अनि मिश्रित कर्महरूद्वारा चाहिँ मनुष्यजन्म प्राप्त हुन्छ। यसैले भनिन्छ—

शुभैराप्नोति देवत्वं निषिद्धैर्नारकीं तनुम्।
उभाभ्यां पुण्यपापाभ्यां मानुष्यं लभतेऽवशः।।

यी तीनैथरी गतिमा घुम्दै प्राणीहरू बारम्बार संसारचक्रमा परिरहन्छन्। मनमा तीनथरी वृत्तिहरू हुन्जेल, तीनथरी कर्म रहुन्जेल, तीनथरी फलप्राप्तिलाई कसैले रोक्न सक्दैन। उपनिषद्मा भनिन्छ— **यत् कामयते तत् कुरुते, यत् कुरुते तदभिसम्पद्यते** अर्थात् व्यक्ति जस्तो चाहन्छ, त्यस्तो गर्दछ र जस्तो गर्दछ त्यस्तै फल प्राप्त गर्दछ। मनकै इच्छा अनुसार शुभ कर्म गरी स्वर्ग आदि फल भोग्नु र पुण्य समाप्त भएपछि फेरि मर्त्यमण्डलमा नै फर्किनु, मनकै वासनाअनुसार अशुभ कर्म गरी नरक आदि फल भोग्नु र पापनाशपछि फेरि यहीँ फर्किनु, यस क्रमले यो अनादि संसारचक्रको कारण मन नै हो। यसैले सबैथरी दुःखको कारण पनि त्यही मन हो भन्ने भिक्षुको ठहर रहेको छ।

अनीह आत्मा मनसा समीहता हिरण्मयो मत्सख उद्विचष्टे।
मनः स्वलिङ्गं परिगृह्य कामान् जुषन्निबद्धो गुणसङ्गतोऽसौ॥ ४५॥

पदार्थ—
समीहता = सङ्कल्पविकल्पात्मक
मनसा = मनसँग रहे पनि
अनीहः = क्रियारहित
हिरण्मयः = ज्ञानशक्तिसम्पन्न
मत्सखः = मेरो (जीवात्माको) साथी
आत्मा = परमात्मा
उद्विचष्टे = केवल साक्षीभावले हेरिमात्र रहन्छ
असौ = यो जीव चाहिँ
स्वलिङ्गं = संसारलाई आफैँमा प्रकाशित गर्ने
मनः = मनलाई
परिगृह्य = आत्मरूपले स्वीकार गरेर
गुणसङ्गतः = कर्मको बन्धनका कारण
कामान् = विषयहरू
जुषन् = उपभोग गर्दै
निबद्धः = बाँधिएको छ

वाक्यार्थ— सङ्कल्पविकल्पात्मक मनका साथमा रहे तापनि आत्मा निष्क्रिय छ। ज्ञानशक्तिसम्पन्न भएकाले मेरो (जीवात्माको) साथी परमात्मा सधैँ साक्षीभावले हेरिमात्र रहन्छ। विषयसँग त्यसको कुनै सम्बन्ध छैन, तर जीव चाहिँ संसारको कारण मनलाई नै सर्वस्व मानेर बसिरहेको छ र गुणसङ्गका कारण विषयहरूको भोग गर्दै यहाँ बाँधिएर रहेको छ।

विवरण— संसारका सबैथरी कामना एवं कर्महरूको मूल सञ्चालक त मन नै हो, जीवहरू त आत्मा भएकाले संसारबन्धनले तिनलाई छुँदैन। त्यसो भए किन दुःखी हुने त ? भन्ने शङ्का हुँदा यस श्लोकमा जीवहरूलाई वास्तविक रूपमा नभई अज्ञानवश मनसँग तादात्म्याध्यास भएकाले यो दुःखको प्राप्ति भएको हो भनी बताइएको छ। शरीरभित्र आत्मा दुई स्वरूपमा रहेको छ— एउटा संसारफलको भोग गर्ने र अर्को सबैथरी अनुभवहरूलाई केवल प्रकाशित गरिरहने। संसारको भोग गर्ने जीवात्मा हो भने त्यसको प्रकाशक साक्षी आत्मा हो। यो साक्षी आत्मा परमात्मा नै हो र

यसैले जीवका हृदयभित्र र बाहिरका सबै भाव, पदार्थ एवं क्रियाकलापलाई निरन्तर चैतन्यस्वरूपद्वारा प्रकाशित गराइरहेको छ। यो असङ्ग आत्मा हो, जसको कर्मफलभोगसँग केही सम्बन्ध छैन, तर यो भोक्ता जीवात्माको अनादिसखा भने हो। उपनिषद्‌मा जीव र साक्षीलाई एउटै रुखका हाँगामा बस्ने दुई चरा भनी बताइएको छ– **द्वा सुपर्णा सयुजा सखाया समानं वृक्षं परिषस्वजाते** (श्वेताश्वतरोपनिषद् ४.६) अर्थात् एक-अर्काका साथी दुई वटा चराहरू शरीररूपी एउटै वृक्षमा बस्दछन्, तीमध्ये जीव चाहिँ कर्मफलको भोग गर्दछ भने अर्को साक्षी चाहिँ भोग नगरी त्यसलाई प्रकाशित मात्र गरिरहन्छ। यहाँ पनि **अनीहः** अर्थात् भोगेच्छाले रहित, **हिरण्मयः** अर्थात् ज्ञानस्वरूप एवं **मत्सखः** अर्थात् जीवात्माको नित्यसखा भनी साक्षी परमात्मतत्त्वलाई नै बताइएको हो। जीवहरूको वास्तविक स्वरूप पनि यही नै हो, तर **स्वलिङ्गं परिगृह्य** अर्थात् आफ्नो उपाधि भएको मनलाई स्वीकार गरेपछि आत्माले आफ्नो साक्षीरूपलाई छाडेर ऋर्नाले मनको बन्धनमा फसेको हो। यहाँ मनलाई स्वीकार गर्नु भनेको त्यसलाई आत्मा भनी बुझ्नु हो। मनलाई आत्मा भन्ने ठान्नका लागि यी दुई बिच परस्पर अध्यास नै कारण हुन्छ।

यस श्लोकको अर्थ स्पष्ट गर्दै श्रीधर स्वामी लेख्नुहुन्छ– **अविद्यया अध्यासेन इयं आत्मनः संसृतिः न तु स्वतः** अर्थात् अज्ञानपूर्वक अध्यास भएकाले नै आत्मामा संसारबन्धन देखिएको हो, वास्तवमा होइन। आत्माका अघि मन खडा हुँदा त्यसमा आत्माको प्रतिबिम्ब पर्दछ। मनभित्र परेको त्यो प्रतिबिम्ब आत्मा होइन, तर व्यक्ति अज्ञानवश त्यसैलाई आफू भन्ने ठान्दछ। मनमा प्रतिबिम्बित यही चैतन्यको नाम जीव हो। जीवात्मा मनमै कल्पित भएकाले उसमा मनका अनेक गुणहरू आएका छन्, मनमा पनि आत्माको प्रतिबिम्ब पर्नाले चेतन आत्माका गुणहरू सरेका छन्। यसैलाई परस्परको अध्यास भनिन्छ। अध्यासका कारण सबैले आत्मप्रतिबिम्बले युक्त मनलाई नै आत्मा भन्ने ठानेका छन्, त्यसैले मनका सबैथरी गुणकर्महरूसँग जीवात्माको संसर्ग-सम्बन्ध भएको छ। मनद्वारा भएका सबै कर्महरूलाई मैले गरेको हुँ भन्ने भाव भएकाले त्यसको फलभोगमा पनि जीवभित्र यो मैले भोगेको हुँ भन्ने भाव हुन्छ। केवल मन मात्र कर्ता-भोक्ता हुन सक्दैन, त्यो त स्वयं जड छ तर आत्माको चैतन्य प्रकाशलाई पाएर त्यो कर्ता भोक्ता बनेको हो। मनले चैतन्य प्रकाश पाउन पनि त्यहाँ आत्मप्रतिबिम्बको अध्यास हुनै पर्दछ। त्यसैले जीवले मनसँगको आफ्नो अध्यासलाई छाडिदिने हो भने मनको कर्तृत्व भोक्तृत्व पनि गायब हुन्छ र सम्पूर्ण संसारबन्धन पनि पूर्णतः विनाश हुन्छ। यसकारण मनलाई स्वीकार गर्नाले नै अखण्ड एवं सर्वव्यापक आत्मा पनि भ्रमवश संसारबन्धनमा परेको सिद्ध भएपछि सम्पूर्ण अनर्थको कारण मन रहेछ भन्ने स्वतः सिद्ध हुन्छ।

दानं स्वधर्मो नियमो यमश्च श्रुतं च कर्माणि च सद्व्रतानि।
सर्वे मनोनिग्रहलक्षणान्ताः परो हि योगो मनसः समाधिः॥ ४६॥

पदार्थ–
दानं = दान
स्वधर्मः = नित्य-नैमित्तिक आदि आफ्नो धर्म
नियमः = शौच आदि नियम
यमः च = अहिंसा आदि यम र

श्रुतं च = वेदाध्ययन
कर्माणि च = ब्रह्मचर्य आदि कर्म
सद्व्रतानि = उपवास आदि व्रतहरू
सर्वे = यी सबै
मनोनिग्रहलक्षणान्ताः = मनको नियन्त्रणका उपायहरू हुन्
हि = निश्चय नै
मनसः = मनको
समाधिः = एकाग्रता
परः = परम
योगः = योग हो

वाक्यार्थ– दान, नित्य-नैमित्तिक आदि धर्मपालन, शौच आदि नियम, अहिंसा आदि यम, वेदाध्ययन, ब्रह्मचर्य आदि कर्म र उपवास आदि व्रत यी सबैको लक्ष्य मनको नियन्त्रण गर्नु हो। किनभने यही मनको एकाग्रता नै परम योग हो।

समाहितं यस्य मनः प्रशान्तं दानादिभिः किं वद तस्य कृत्यम्।
असंयतं यस्य मनो विनश्यद् दानादिभिश्चेदपरं किमेभिः॥ ४७॥

पदार्थ–
यस्य = जसको
मनः = मन
प्रशान्तं = शान्त र
समाहितं = सावधान छ
तस्य = त्यसलाई
दानादिभिः = दान-पुण्यको
किं कृत्यं = के प्रयोजन छ
वद = भन
चेत् = यदि
यस्य = जसको
मनः = मन
असंयतं = अशान्त र
विनश्यत् = असावधान छ भने
एभिः = यी
दानादिभिः = दान-धर्म आदिद्वारा
अपरं = अर्को
किम् = के प्रयोजन सिद्ध हुन सक्छ र

वाक्यार्थ– जसको मन शान्त र सावधान छ, त्यसलाई दानधर्मको केही प्रयोजन रहँदैन। त्यसै गरी मन अशान्त र असावधान छ भने पनि दानपुण्यको कुनै अर्थ रहँदैन। अर्थात् मन नियन्त्रण नभएसम्म केही पनि सिद्ध हुँदैन।

मनोवशेऽन्ये ह्यभवन् स्म देवा मनश्च नान्यस्य वशं समेति।
भीष्मो हि देवः सहसः सहीयान् युञ्ज्याद् वशे तं स हि देवदेवः॥ ४८॥

पदार्थ–
हि = निश्चय नै
अन्ये = अरू सबै
देवाः = इन्द्रियहरू
मनोवशे = मनको वशमा
अभवन् स्म = हुन्छन्
मनः च = मन पनि
अन्यस्य = अरू इन्द्रियको
वशं = वशमा
न समेति = जाँदैन
हि = निश्चय नै
देवः = मनरूप देवता
भीष्मः = भयङ्कर
सहसः = बलवान् भन्दा पनि
सहीयान् = बलवान् छ
तं = त्यस मनलाई (जसले)
वशे = वशमा
युञ्ज्यात् = राखला
सः हि = त्यो नै
देवदेवः = सम्पूर्ण इन्द्रियको विजेता हुन्छ

वाक्यार्थ–सबै इन्द्रियहरू मनकै वशमा छन् तर मन कुनै पनि इन्द्रियको वशमा छैन। यो मनरूप

देवता बलवान्भन्दा पनि बलवान् र अत्यन्त भयङ्कर छ। त्यसकारण जसले यसलाई वशमा गर्न सक्दछ, त्यो नै सम्पूर्ण इन्द्रियको विजेता हुन्छ।

विवरण— यहाँ भिक्षुले सारा साधनहरूको मूल लक्ष्य मनको निग्रह गर्नु नै भएको र मनलाई निग्रह गर्ने व्यक्ति नै सर्वश्रेष्ठ भएको आफ्नो अनुभव बताएका छन्। यम-नियम, दान, शास्त्राध्ययन, व्रत एवं अन्य सबै सत्कर्महरूको मूल लक्ष्य भनेको मनको निग्रह नै हो। संसारका विषयभोग, वासना आदिमा आसक्त भएको चित्त जति बल गरे पनि समाहित हुन सक्दैन। हठयोग आदिको अभ्यासद्वारा हठात् नियन्त्रित भइहाल्यो भने पनि त्यसले संसारबन्धनबाट मुक्ति दिन सक्दैन। बरु समाधिबाट जाग्दा विषयवासना पूर्ववत् रहिरहेको हुन्छ। त्यसैले शुद्ध चित्त नै आत्मतत्त्वमा समाहित हुन सक्दछ। चित्त शुद्ध हुनु भनेकै त्यसबाट विषयवासना आदिको सङ्ग छुट्नु हो। स्थूल विषयहरूतर्फ आसक्त हुँदा चित्त पनि स्थूल हुन्छ र जति-जति विषयहरूलाई छाड्दै गइयो, त्यति-त्यति चित्त पनि सूक्ष्म हुँदै जान्छ। यही सूक्ष्मचित्तद्वारा नै आत्मदर्शन गर्न सकिन्छ। त्यसैले कठोपनिषद् (१.३.१२)मा भनिन्छ— **दृश्यते त्वग्र्यया बुद्ध्या सूक्ष्मया सूक्ष्मदर्शिभिः** अर्थात् सूक्ष्म आत्मतत्त्वलाई देख्न चाहनेहरूले आफ्नो सूक्ष्म मनद्वारा नै यसलाई देख्न सक्छन्। शास्त्रज्ञहरू भन्दछन्—

चित्तं चिदिति जानीयात् तकाररहितं यदा।
तकारो विषयाध्यासो जपारागो मणौ यथा।।

अर्थात् चित्त पनि चित् ब्रह्मस्वरूप नै हो, त्यसमा पछि थपिएको तकार विषयाध्यास हो। स्फटिकमणि सेतो भएपनि जपापुष्पको प्रभावद्वारा रातो देखिए जैँ चित् ब्रह्म नै विषयाध्यासबाट चित्त बनेको हो। अर्थात् चित्तले विषयाध्यास छाडिदिनेबित्तिकै त्यो ब्रह्मस्वरूपमा प्रकाशित भइहाल्दछ। यसप्रकार तत्त्वसाक्षात्कार गर्नु भनेको पनि वास्तवमा पूर्णरूपमा चित्त शुद्ध हुनु हो। चित्त शुद्ध भई आत्मामा समाहित भएपछि त आत्मस्वरूप स्वयं प्रकाशित भइहाल्दछ। त्यसैले यहाँ भिक्षुले मनोनिग्रह गर्नु नै **परम योग** अर्थात् ज्ञान हो भनेका छन्।

त्रिपुरारहस्य (१६.५०-५१)मा भनिएको छ— चित्त शुद्ध नभई दान, तप आदि अनेकौं साधनद्वारा पनि ज्ञान हुन सक्दैन र चित्त शुद्ध छ भने ज्ञानका लागि यी साधन आवश्यक छैनन्। मनको शुद्धिकै लागि सबै साधनहरू पर्यवसित हुन्छन्। शुद्ध मनद्वारा मात्र परमात्मस्वरूप प्रकाशित हुन्छ—

कर्म वोपासनं वापि वैराग्यादिकमेव वा
मनसः शोधने एव विनियुक्तं न चान्यथा।
तत्माच्छुद्धेन मनसा भासते तत् परं वपुः।।

यहाँ पनि भिक्षुले मन समाहित भए दान आदि कर्मको आवश्यकता नरहने र मन समाहित छैन भने ती कर्महरूको खास कुनै प्रयोजन नरहने कुरा बताएका छन्। यहाँ के शङ्का हुन्छ भने सत्कर्महरूद्वारा मनोनिग्रह नहुँदा पनि तिनीहरूद्वारा अन्य इन्द्रियहरूको निग्रह हुन सकिहाल्दछ नि ? त्यसको उत्तरमा भनिन्छ— सबै **देव** अर्थात् इन्द्रियहरू मनकै वशमा रहेकाले मनविना तिनीहरूलाई छुट्टै निग्रह गर्न सकिँदैन। मन **भीष्म** अर्थात् अत्यन्त भयङ्कर देव हो। कैयौं बलवान् तपस्वी

साधकहरूलाई पनि मनले हराइदिएको छ। जसले यो मनलाई वशमा गर्दछ, उही **देवदेव** अर्थात् इन्द्रियहरूको विजेता हो। देवदेव शब्दद्वारा इन्द्र आदि देवताहरूका समेत पूज्य परमात्मालाई पनि लिन सकिन्छ। जसले मनको निग्रह गर्दछ, उसले आफ्नो वास्तविक परमात्मारूपतालाई बुझ्दछ। **ब्रह्मविद् ब्रह्मैव भवति** (मुण्डकोपनिषद् ३.२.९) अर्थात् जसले ब्रह्मलाई जान्दछ, ऊ ब्रह्म नै हुन्छ, यो उपनिषद्वचनअनुसार मनोनिग्रह गरी परमात्मामा समाहित भएको व्यक्ति स्वयं परमात्मरूप नै हुन्छ। यसप्रकार यहाँ भिक्षुले मनोनिग्रहको महत्त्व र त्यसद्वारा ज्ञानप्राप्ति हुने कुरा अभिव्यक्त गरेका छन्।

तं दुर्जयं शत्रुमसह्यवेगमरुन्तुदं तन्न विजित्य केचित्।
कुर्वन्त्यसद्विग्रहमत्र मर्त्यैर्मित्राण्युदासीनरिपून् विमूढाः॥ ४९॥

पदार्थ–	**तं** = त्यस	**असद्विग्रहं** = व्यर्थ झगडा गरी
केचित् = कोही	**शत्रुं** = मनरूपी शत्रुलाई	**मित्राणि** = मित्रहरूलाई
विमूढाः = मूर्खहरू	**न विजित्य** = नजिती	**उदासीनरिपून्** = उदासीन र शत्रु
असह्यवेगं = अति वेगशाली	**अत्र** = यो संसारमा	**कुर्वन्ति** = बनाउँछन्
अरुन्तुदं = मर्मलाई छेड्ने	**तत्** = त्यसैका कारण	
दुर्जयं = वशमा राख्न नसकिने	**मर्त्यैः** = अरू मानिसहरूसँग	

वाक्यार्थ– कोही मूर्खहरू अति वेगशाली, मर्मलाई छेड्ने, वशमा राख्न नसकिने मनरूपी शत्रुलाई जित्नपट्टि नलागेर व्यर्थमा संसारमा अरू मान्छेसँग झगडा गर्दछन् र आफ्ना मित्रहरूलाई पनि उदासीन र शत्रु बनाउँछन्।

देहं मनोमात्रमिमं गृहीत्वा ममाहमित्यन्धधियो मनुष्याः।
एषोऽहमन्योऽयमिति भ्रमेण दुरन्तपारे तमसि भ्रमन्ति॥ ५०॥

पदार्थ–	**मम इति** = मेरो हो भनी	**अयं** = यो
मनोमात्रं = मनको कल्पना मात्र भएको	**गृहीत्वा** = स्वीकार गरेर	**अन्यः इति** = अर्को हो भन्ने
	अन्धधियः = अन्धबुद्धि भएका	**भ्रमेण** = भ्रमले
इमं = यस	**मनुष्याः** = मानिसहरू	**दुरन्तपारे** = अपार
देहं = शरीरलाई	**एषः** = यो	**तमसि** = अज्ञानरूप संसारमा
अहं = म हुँ र	**अहं** = म हुँ	**भ्रमन्ति** = घुमिरहन्छन्

वाक्यार्थ– अज्ञानकै कारण केवल मनको कल्पना मात्र भएको यस शरीरलाई यो म हुँ र मेरो हो भन्ने सम्झेर मूर्खहरू यो म हुँ र यो अर्को हो भन्ने भेदबुद्धि गर्दै संसारचक्रमा घुमिरहन्छन्।

जनस्तु हेतुः सुखदुःखयोश्चेत् किमात्मनश्चात्र हि भौमयोस्तत्।
जिह्वां क्वचित् सन्दशति स्वदद्भिस्तद्वेदनायां कतमाय कुप्येत्॥ ५१॥

पदार्थ—

सुखदुःखयोः = सुख र दुःखको
हेतुः = कारण
जनः चेत् = मानिस नै हो भने
अत्र = यस विषयमा
आत्मनः च = आत्माको
किं = केही बिग्रिँदैन
तत् तु = ती सुखदुःख त
भौमयोः = शरीरका (धर्म हुन्)
हि = निश्चय नै
क्वचित् = कहिलेकाहीँ
स्वदद्भिः = आफ्नै दाँतले
जिह्वां = जिब्रोलाई
सन्दशति = टोक्दछ
तद्वेदनायां = त्यो वेदनामा
कतमाय = कोसँग
कुप्येत् = रिसाउने होला

वाक्यार्थ— मानिस नै सुखदुःखको कारण हो भनेर मान्दा पनि त्योसँग आत्माको कुनै सम्बन्ध छैन। किनभने सुखदुःख शरीरका धर्म हुन्। कहिलेकाहीँ केही खाँदा आफ्नै दाँतले आफ्नै जिब्रो टोकिएर पीडा हुन्छ, त्यो पीडाको दोष कसलाई दिने ?

विवरण— यस प्रसङ्गमा भिक्षुले दुःखको कारण देवता, ग्रह, कर्म, अन्य मानिस आदि कोही पनि नभएको विश्लेषण गरेका छन्। पहिलो श्लोकमा उनी भन्छन्, यदि कुनै मानिसमाथि आइपरको दुःखको कारण अर्को व्यक्तिलाई मान्ने हो भने यो कुरा तर्कसङ्गत हुन सक्दैन। एउटाले अर्कालाई दुःख दिने भनेको कुटपिट आदि गर्ने नै हो, यो त एउटा शरीरले अर्को शरीरलाई दिएको पीडा हो। त्यसैले **अत्र आत्मनः किम्** अर्थात् यहाँ आत्मालाई के भएको छ र ? न त आत्माले दुःख दिएको हो, न त आत्मालाई दुःख दिइएको हो। दुःख दिने कर्ता र दुःखको कर्म बनेको त **भौम** अर्थात् पृथिवीतत्त्वप्रधान स्थूल शरीर नै हो। आत्मा शरीर नभएपछि त्यहाँ आत्माको सम्बन्ध हुन सक्दैन।

यहाँ के शङ्का हुन्छ भने **दुःखं आत्मपर्यसायि** अर्थात् शरीरले शरीरलाई दुःख दिँदा पनि दुःखको पर्यवसान त आत्मामा नै गएर हुन्छ, किनभने सुखदुःखको भोक्ता त चेतन आत्मा नै हो। भगवान्ले गीता (१३.२१)मा भन्नुभएको छ— **पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते**। यसैले शरीरलाई दुःख पर्दा त्यसबाट आत्मा किन दुःखी नहुने ? यसको उत्तर हो— सुखदुःख आदि आत्मामै पर्यवसित हुने हुन् भने पनि वास्तवमा आत्मतत्त्व त एउटै छ, जो पिट्ने र पिटिने दुबै शरीरभित्र रहेको छ। त्यसैले आत्मा आत्मासँग रिसाउन मिल्दैन। यसरी दुबै शरीर जड भएकाले अनि ती दुबैभित्र रहने आत्मा चाहिँ एउटै भएकाले **कतमाय कुप्येत्** अर्थात् कोसँग रिसाउने ? यस विषयमा दृष्टान्त दिँदै भिक्षु भन्छन्— कहिलेकाहीँ दाँतले जिब्रोलाई टोक्दछ। त्यस वेलामा कोहीसँग पनि रिसाइँदैन। दाँत र जिब्रो दुबै जड भएकाले तिनीहरूमध्ये कुनै पनि अर्कोसँग रिसाउन सम्भव छैन, अनि चेतन आत्मा चाहिँ एउटै भएकाले त्यो आफैँसँग रिसाउन पनि सम्भव छैन। ठिक त्यसै गरी दुईवटा शरीरको द्वन्द्वमा पनि ती दुबै जड भएकाले एउटा अर्कोसँग रिसाउन सम्भव छैन। आत्मा चाहिँ सबै शरीरभित्र एउटै रहेकाले अर्कोसँग रिसाउन सम्भव छैन। तात्पर्य के हो भने, दुःख कसले दियो भन्ने भन्दा पनि दुःखभोगको मूल के हो ? भन्नेतर्फ विचार गर्नुपर्दछ। शरीरले शरीरलाई दुःख दिँदा त्यो आत्मामा कसरी पुग्यो ? आत्मा दुःखभोक्ता कसरी बन्यो ? भन्ने विचार गर्दा शरीरको दुःख अन्तःकरणको माध्यमले आत्मामा आइपुग्न आत्माको अन्तःकरणसँग अध्यास अनिवार्य भएको सिद्ध हुन्छ। मनलाई समाहित गरी अध्यास हटाउने हो भने बाहिरी

संसारका दुःख आत्मामा आइपुग्दैनन्। शरीर आदि भौतिक पदार्थहरूमा कुनै पनि दुःख नआउन त सम्भव नै छैन, किनभने प्राणीहरूले दुःख नदिए पनि चिसो-तातो, रोग, मृत्यु आदि दुःख त यसमा स्वतः आउँछन्। यी समेतका सबै दुःखहरू नष्ट गर्ने एउटै उपाय हो, मनलाई समाहित गरी आत्मा र मनको अध्यास हटाइदिने। यसबाट आफूमा कुनै दुःख पनि आइपुग्दैनन्। यसै गरी दुःखहरूको कारण काल, कर्म, देवता आदिलाई मान्दा पनि त्यहाँसमेत ती दुःखको निवारण गर्ने साधन मनोनिग्रह नै हो।

दुःखस्य हेतुर्यदि देवतास्तु किमात्मनस्तत्र विकारयोस्तत्।
यदङ्गमङ्गेन निहन्यते क्वचित् क्रुध्येत कस्मै पुरुषः स्वदेहे ॥ ५२ ॥

पदार्थ–
यदि = यदि
दुःखस्य = दुःखको
हेतुः = कारण
देवताः = देवतालाई
अस्तु = मान्ने हो भने पनि
तत्र = त्यस पक्षमा
आत्मनः = आत्माको
किं = केही बिग्रँदैन, किनभने
तत् = त्यो दुःख
विकारयोः = विकृत हुने देवताको नै हो
यत् = किनभने
क्वचित् = कहिलेकाहीँ
अङ्गं = हात, मुख आदि आफ्नै अङ्ग
अङ्गेन = अर्को आफ्नै अङ्गद्वारा
निहन्यते = पीडित हुन्छ, तब
पुरुषः = त्यो व्यक्ति
स्वदेहे = आफ्नो शरीरमा रहेको
कस्मै = कुन अङ्गमाथि
क्रुध्येत = रिसाउने होला

वाक्यार्थ– दुःखको कारण यदि इन्द्रियका अधिष्ठाता देवतालाई मान्ने हो भने पनि त्यसको आत्मासँग कुनै सम्बन्ध छैन। किनभने त्यो दुःख विकृत हुने देवताको नै हो, अर्थात् हातले मुखमा हान्दा र मुखले हातलाई टोकिदिँदा हात र मुखका अभिमानी देवता इन्द्र र अग्निलाई नै दुःख हुन्छ, निर्विकार आत्मालाई हुँदैन। त्यसैले कहिलेकाहीँ आफ्ना कुनै अङ्गले आफ्नै कुनै अर्को अङ्गलाई पीडा दिँदा मानिस कुन अङ्गसँग रिसाउने होला ?

आत्मा यदि स्यात् सुखदुःखहेतुः
किमन्यतस्तत्र निजस्वभावः।
न ह्यात्मनोऽन्यद् यदि तन्मृषा स्यात्
क्रुध्येत कस्मान्न सुखं न दुःखम् ॥ ५३ ॥

पदार्थ–
यदि = यदि
आत्मा = आत्मा नै
सुखदुःखहेतुः = सुख र दुःखको कारण
स्यात् = हो भने पनि
तत्र = त्यसमा पनि
अन्यतः = अरूसँग
किं = के सम्बन्ध (किनभने त्यो)
निजस्वभावः = आफ्नै स्वभाव हो

आत्मनः = आत्माभन्दा
अन्यत् = अरू केही
न हि = होइन
यदि स्यात् = यदि हो भने
तत् = त्यो सबै
मृषा = मिथ्या हो
कस्मात् = त्यसकारण कोसँग
क्रुध्येत = रिसाउने (वास्तवमा)
न सुखं = सुख पनि छैन र
न दुःखम् = दुःख पनि छैन

वाक्यार्थ– यदि आत्मा नै सुखदुःखको कारण हो भन्ने हो भने पनि यसमा अरूसँग कुनै सम्बन्ध छैन, किनभने आत्मा नै कारण भएपछि सुखदुःख पनि आत्मादेखि भिन्न होइनन्, आत्मा नै हुन्। यदि अरू केही हुन् भने ती मिथ्या हुन्। सुखदुःख केवल भ्रम मात्र हुन्, वास्तविक होइनन्। त्यसकारण कसैसँग रिसाउनु हुँदैन।

ग्रहा निमित्तं सुखदुःखयोश्चेत् किमात्मनोऽजस्य जनस्य ते वै।
ग्रहैर्ग्रहस्यैव वदन्ति पीडां क्रुध्येत कस्मै पुरुषस्ततोऽन्यः॥ ५४॥

पदार्थ–
ग्रहाः = सूर्य आदि ग्रहहरू
सुखदुःखयोः = सुखदुःखका
निमित्तं चेत् = कारण हुन् भने पनि
अजस्य = जन्मरहित
आत्मनः = आत्माको
किं = केही बिग्रिँदैन, किनभने
ते = तिनीहरू
वै = निश्चय नै
जनस्य = जन्मिएका शरीरका सुखदुःखका निमित्त हुन्
ग्रहैः = ग्रहहरूले
ग्रहस्य एव = तिनको प्रभाव ग्रहण गर्नेलाई नै
पीडां = पीडा दिन्छन्
वदन्ति = भनिन्छ
पुरुषः = पुरुष (आत्मा) त
ततः = ती ग्रह र शरीर आदिदेखि
अन्यः = भिन्न छ (अतः)
कस्मै = केका लागि
क्रुध्येत = रिसाउने

वाक्यार्थ– सूर्यादि ग्रहलाई सुखदुःखको कारण मानेको खण्डमा पनि अजन्मा आत्मालाई केही हुँदैन। किनभने ग्रहहरू शारीरिक सुखदुःखका निमित्त मात्र हुन्, ग्रहको प्रभाव ग्रहण गर्ने शरीरलाई नै ग्रहको पीडा हुने हो, ग्रह र शरीरदेखि भिन्न रहेको आत्मालाई होइन। अतः केका लागि रिसाउने ?

कर्मास्तु हेतुः सुखदुःखयोश्चेत् किमात्मनस्तद्धि जडाजडत्वे।
देहस्त्वचित् पुरुषोऽयं सुपर्णः क्रुध्येत कस्मै न हि कर्ममूलम्॥ ५५॥

पदार्थ–
कर्म = कर्म नै
सुखदुःखयोः = सुखदुःखको
हेतुः = कारण
चेत् = हो भने पनि
अस्तु = होस्, तापनि
आत्मनः = आत्माको
किं = केही हुँदैन
हि = किनभने
तत् = त्यो कर्म
जडाजडत्वे = जड र चेतनबाट मात्र हुन सक्छ
देहः तु = शरीर त
अचित् = जड छ र
अयं = यो
पुरुषः = आत्मा
सुपर्णः = ज्ञानस्वरूप चेतन छ

हि = त्यसकारण	**कर्म** = कर्म नै	**कस्मै** = कोमाथि
मूलं = सुखदुःखको मूल	**न** = होइन भने	**क्रुध्येत** = रिसाउने

वाक्यार्थ– यदि सुखदुःखको कारण कर्मलाई मान्ने हो भने पनि त्यसबाट आत्मामा कुनै हानि छैन। किनभने कर्म जड र चेतनको सहभावबाट मात्र सम्भव छ। तर शरीर यस्तो छैन, यो त केवल जड छ। त्यसैले यसको प्रवृत्ति नै हुन सक्दैन। उता आत्मा केवल शुद्ध ज्ञानस्वरूप चेतन छ। अतः त्यसमा विकार संभव छैन। यस्तो स्थितिमा सुख र दुःखको मूल कर्म नै छैन भने कोसँग रिसाउने ?

कालस्तु हेतुः सुखदुःखयोश्चेत् किमात्मनस्तत्र तदात्मकोऽसौ ।
नाग्नेर्हि तापो न हिमस्य तत् स्यात् क्रुध्येत कस्मै न परस्य द्वन्द्वम् ॥ ५६ ॥

पदार्थ–

काल तुः = काल	**तदात्मकः हि** = आत्मस्वरूप नै छ	**परस्य** = प्रकृतिदेखि पर रहेको शुद्ध आत्माको
सुखदुःखयोः = सुखदुःखको	**अग्नेः** = अग्निबाट अग्निलाई	**द्वन्द्वं** = सुखदुःख आदि द्वन्द्व
हेतुः चेत् = कारण मान्दा पनि	**तापः** = सन्ताप	**न** = हुँदैन (अतः)
तत्र = त्यसमा	**न** = हुँदैन	**कस्मै** = केका लागि
आत्मनः = आत्माको	**हिमस्य** = हिउँको चिसोले	**क्रुध्येत** = रिसाउने
किं = केही हानि हुँदैन	**तत्** = त्यो हिउँलाई	
असौ = यो काल	**न स्यात्** = चिसो हुँदैन	

वाक्यार्थ– यदि काललाई सुखदुःखको हेतु मान्ने हो भने पनि त्यसले आत्मालाई कुनै प्रभाव पार्दैन। किनभने काल पनि आत्मस्वरूप नै हो। जसरी आगोले आगोलाई पोल्न सक्दैन र हिउँले हिउँलाई चिस्याउन सक्दैन, त्यसै गरी आत्मस्वरूप कालले आफ्नै आत्मालाई सुखीदुःखी गराउन सक्दैन। आत्मा त सुखदुःख आदि द्वन्द्वदेखि पर छ। अतः केका लागि रिसाउने ?

विवरण– यदि दुःखका कारण देवताहरू हुन् भनेर मान्ने हो भने पनि यो कुरासमेत उपयुक्त हुन सक्दैन। दश इन्द्रिय र चार अन्तःकरणका अलग-अलग अधिष्ठाता देवताहरू छन्। चक्षुका देवता सूर्य, श्रोत्रका देवता दिक्, त्वक्का वायु, जिह्वाका वरुण, घ्राणका अश्विनीकुमार, हातका इन्द्र, पाउका विष्णु, मुखका अग्नि, गुदद्वार र मूत्रद्वारका क्रमशः यम र निर्ऋति एवं मन, बुद्धि, चित्त र अहङ्कारका देवताहरू क्रमशः चन्द्रमा, ब्रह्मा, वासुदेव र रुद्र हुन्। यी देवताहरू संसारभरका सबै प्राणीहरूका इन्द्रियका अधिष्ठाता हुन्। यिनीहरूकै शक्तिद्वारा प्रेरित भई इन्द्रियहरू आ-आफ्नो कार्य गर्न समर्थ हुन्छन्। यहाँ देवताहरू नै दुःखका कारण हुन् भनी मान्दा देवताहरूद्वारा प्रेरित भएका इन्द्रियहरूले अर्को प्राणीलाई क्षति पुऱ्याउने कुरालाई ध्यानमा राखिएको छ। कसैले मुखले नमिठो वचन बोलेर कसैको चित्त दुखाउन सक्छ, कसैले हातको बल लगाई अर्को व्यक्तिको मुखमा प्रहार गर्न सक्छ। यी सबै अवस्थामा पिट्ने र पिटिने आखिर इन्द्रिय र शरीर नै हुने

गर्दछन्। यसको सम्बन्ध पनि आत्मासँग छैन। आत्मा इन्द्रियातीत छ र असङ्ग छ। सम्पूर्ण संसारसँगै जसको सम्बन्ध छैन, त्यो आत्मा मिथ्या इन्द्रियहरूको प्रभावलाई लिई आफू स्वयं किन दुःखी बनोस् ? त्यसैले इन्द्रियाधिष्ठाता देवताहरूले दिने दुःख त **विकारयोः** अर्थात् पञ्चमहाभूतका विकार भएका परस्परका प्रतिद्वन्द्वी शरीर–इन्द्रियहरूमा नै हुने हो। त्यसैले त्यसबाट आत्मा दुःखी हुनु र अरूसँग रिसाउनुको कुनै अर्थ छैन।

यदि अर्को व्यक्तिको इन्द्रियले आफूमाथि प्रहार गरेकाले र त्यसको दुःख आफूमा नै हुने भएकाले त्यो इन्द्रियको देवतासँग रिसाउनुपर्दछ भन्ने हो भने त्यो पनि मिल्ने देखिँदैन, अर्को व्यक्तिका इन्द्रिय र आफ्ना इन्द्रियहरूका अधिष्ठाता देवताहरू एउटै हुन्, भिन्न होइनन्। कहिलेकाहीँ **अङ्गेन** अर्थात् आफ्नै इन्द्रियहरूद्वारा **अङ्गं** अर्थात् आफ्नै इन्द्रियहरू पीडित हुन्छन्। हातले केही वस्तु काटिरहँदा खुट्टा काट्यो भने त्यस अवस्थामा मानिसहरू कुनै इन्द्रियाधिष्ठाता देवताहरूसँग रिसाउँदैनन् भने अरूका इन्द्रियबाट हुने दुःखमा पनि कुनै देवतासँग रिसाउन मिल्दैन। यसकारण वास्तवमा इन्द्रियाधिष्ठाता देवताहरू पनि दुःखका कारण होइनन् भन्ने सिद्ध हुन्छ।

यदि सुखदुःखको कारण आत्मा अर्थात् आफू नै हो भनेर मान्ने हो भने त अरूले दुःख दिए भनेर अरूसँग रिसाउनुपर्ने कारण नै रहँदैन। आफैँबाट सुखदुःख हुने भए त्यो त आफ्नै स्वभाव भइहाल्यो, स्वभाववश आत्मा कहिले सुखी हुन्छ त कहिले दुःखी हुन्छ। त्यो अवस्थामा **अन्यतः किम्** अरू कसैले के गरेको छ र ? आत्मा यत्तिकै दुःखी हुने होइन, अरूले प्रहार गरेपछि दुःखी बन्दछ भन्ने कुरा पनि मिल्दैन, किनभने **आत्मनः अन्यत् मृषा** अर्थात् आत्माभन्दा अतिरिक्त सबै वस्तुहरू मिथ्या छन्। ती मिथ्या वस्तुहरूको प्रभाव परमार्थ सत्य आत्मामा आउन सक्दैन।

भिक्षु भन्छन्, यदि लोकधारणा अनुसार प्राणीहरूमाथि दुःख आदि सबै भोग ग्रहहरूकै कारणले आइपर्ने हुन् भनेर मान्ने हो भने पनि ग्रहहरूको प्रभावले आत्मालाई त केही गर्न सक्दैन। आत्मा जन्मिँदैन। ती ग्रहहरूले चाहिँ **जनस्य** अर्थात् जन्मिएको शरीरलाई नै प्रभाव गर्न सक्दछन्। शरीरको जन्म भएको जन्मलग्नमा ग्रहहरू कुन भाव र राशिमा छन्, त्यसैअनुसार नै तिनीहरूले शुभ–अशुभ फल दिन्छन् भन्ने शास्त्रप्रमाण छ। त्यसैले तिनीहरूले त विभिन्न लग्नमा जन्मिने शरीरहरूलाई नै दुःख दिन सक्लान्, अजन्मा आत्मालाई त होइन। भिक्षु भन्छन्, खासमा त ग्रहहरूले ग्रहहरूलाई नै दुःख दिने हुन्। ग्रहहरूले पीडा दिने भनेको उनीहरू विभिन्न राशिहरूमा रही वक्री–मार्गी भएर एक–आपसका ग्रहहरूलाई पूर्ण दृष्टि, आधा दृष्टि, एक पाउ दृष्टि आदिले देख्ने र त्यसै अनुसार भिन्न–भिन्न किरणको मात्रा उत्सर्जित गर्ने हो। उनीहरूको बाङ्गो या सीधा दृष्टि जन्मलग्न अनुसार भर्खर उत्पन्न बालकमा पनि पर्दछ र ती अनेकौँ ग्रहस्थितिहरूको प्रभाव त्यस शरीरमा पर्दछ। जन्मलग्नअनुसार ग्रहहरू जुन–जुन भावका स्वामी छन्, तिनीहरूको उच्च–नीच स्थिति र अन्य ग्रहहरूको परस्पर दृष्टिबाट जातकका शरीर, मित्र, पत्नी, पराक्रम, विद्या, आय, व्यय आदि भावक्षेत्रहरू प्रभावित बन्दछन्। यसैलाई ग्रहहरूले सुख या दुःख दिएको भनिन्छ। यो शरीरले भोग्ने भोग भएकाले आत्माको यससँग केही सम्बन्ध छैन। आत्मा त ती ग्रहहरू र शरीरभन्दा पनि भिन्न हो। शरीरमा आत्मबुद्धि भएकाले नै शरीरमा आएका पीडाहरूले

आत्मालाई दुःखी बनाएका हुन्। त्यसैले ग्रहहरूले आत्मालाई दुःखी बनाएका होइनन्, अपि तु शरीरमा आत्माको भ्रम या अध्यासले नै आत्मालाई दुःखी बनाएको जस्तो लागेको हो।

यदि प्राणीहरूले गर्ने अनेकथरी कर्महरू नै अर्को-अर्को जन्ममा प्रारब्धको रूपमा एकत्रित भएर व्यक्तिलाई सुखदुःख भोग गराउँछन् भन्ने मान्ने हो भने पनि आत्मासँग यी कर्महरूको सम्बन्ध मान्न सकिँदैन। कर्मको फल उसैले भोग्छ, जो कर्ता हुन्छ। कर्म गर्ने कर्ता त्यस्तो चाहिन्छ, जो **जडाजड** अर्थात् जड र चेतन दुबै होस्। **जडत्वात् विकारोत्पत्तिः चेतनत्वात् हितानुसन्धानम्** अर्थात् जड भएन भने उसमा अनेक कर्मरूपी विकारहरू आउन सक्दैनन् एवं चेतन भएन भने आफ्नो हित भएको वस्तुलाई जानेर त्यता प्रवृत्त हुन सक्दैन। त्यसैले हितको इच्छापूर्वक कर्म गर्नका लागि अनि तिनको फल भोग्नका लागि पनि जड र चेतन उभयस्वरूप हुनुपर्दछ। शरीर जड छ, आत्मा शुद्ध ज्ञानरूप र असङ्ग छ। अब कर्म कसले गऱ्यो र त्यसको फलभोग कसले गर्दछ भन्ने ? **कर्ममूलं न** अर्थात् कर्मको मूलकारण नै सिद्ध हुँदैन। जब वास्तवमा कर्म नै छैन भने त्यसको फलद्वारा आत्मा सुखी-दुःखी हुने त प्रसङ्गै आएन। यहाँ के बुझ्नुपर्दछ भने शरीर, मन यी कार्यवर्गमा आत्मबुद्धि गर्ने भोक्ता जीवात्मामा जड र चेतन दुबै अंश छन्। वेदान्तमा जीवभावलाई चिज्जड ग्रन्थि भनिन्छ। यसैले यही कर्ता र भोक्ता दुबै हुन सक्छ, तर यो त मिथ्या आत्मभाव हो, अन्तःकरणमा आत्माध्यास भएर मात्र यो भोक्ता जीवभाव सिद्ध हुन सक्छ। त्यसैले वास्तवमा त अध्यासवशात् आत्मालाई कर्ता-भोक्ता बनाइदिई भ्रमकल्पित दुःख दिने मन नै हो र सबै दुःखको मूल त्यही हो।

भिक्षु भन्छन्, यदि काल अर्थात् समयलाई नै दुःखको कारण मान्ने हो भने पनि त्यो दुःख आत्मामा आउन सक्दैन। कालले दुःख दिने भनेको कालको अधीनमा रहने वस्तुहरूलाई जन्मदेखि मृत्युसम्मका अनेक अवस्थाहरूमा परिवर्तन गराइदिने हो। यी अवस्थाहरूको परिवर्तन नित्य, अपरिणामी र निरवयव आत्मामा हुन सक्दैन। यसको परिवर्तन त शरीर, मन, इन्द्रिय यी विकारी पदार्थहरूमा देखिन्छ। फेरि आत्मा त **तदात्मक** अर्थात् कालरूप नै छ, किनभने काल परमात्माभन्दा भिन्न पदार्थ होइन। अखण्ड एवं अविभाज्य परमतत्त्वमा सृष्टि सुरु भएपछि त्यसको जीवन अवधिलाई गणना गर्न आत्मालाई त्यो अवधिको साक्षी रूपमा काल भन्न थालियो। वस्तुहरूमा क्रमिक परिवर्तनहरूलाई सिद्ध गर्न कुनै चेतन तत्त्व नै चाहिन्छ। त्यसै तत्त्वलाई काल भनियो। प्रलयपछि जब कुनै पदार्थ नै रहँदैन तब पदार्थहरूको जीवनअवधिको साक्षी यो कालतत्त्वको पनि आवश्यकता सकिन्छ, अर्थात् यो ब्रह्मरूपमा नै अवस्थित हुन्छ। प्राणीहरू शरीर, पुत्र, परिवार आदि र अन्य भौतिक वस्तुहरूको अस्तित्व रहेको तत्कालको अवस्थालाई वर्तमानकाल, त्योभन्दा अघिको अवस्थालाई भूत र पछिल्ला अवस्थालाई भविष्यत् भनी छुट्याउँछन्। कालमा यो भेद पदार्थरूप उपाधिलाई लिएर भएको हो, वास्तवमा त कालतत्त्व अखण्ड, असीम र नित्य ब्रह्मरूप नै हो। त्यसैले भनिन्छ— **सतोऽभिव्यञ्जकः कालो ब्रह्म** (भागवत ११.२४.१९) अर्थात् कुनै पनि सत्तायुक्त वस्तुलाई प्रकट हुन त्यो कहिले भयो ? भन्ने क्षणको अपेक्षा हुन्छ, त्यसैले अनित्य तर सत्तायुक्त वस्तुहरूलाई क्षणहरूमा सीमित गरी अभिव्यक्त गरिदिने तत्त्व नै काल हो। यसरी काल भनेको परिवर्तनशील वस्तुहरूलाई आफू अपरिवर्तित भई हेर्ने

ब्रह्मतत्त्व नै हो र सम्पूर्ण प्राणीहरू ब्रह्मरूप भएकाले कालात्मक नै हुन्। अब आफैंले आफैंलाई कसरी दुःख दिन मिल्दछ र? यसैले आत्मालाई कालले दुःख दिएको पनि होइन। कालचक्रअनुसार मृत्यु हुने शरीर, मन आदिमा आत्मबुद्धि गरिएकाले नै आत्मा दुःखी भएको हो। अतः आत्मामा दुःख कुनै बाहिरी कारणबाट नभई आफ्नै देहाध्यास, अन्तःकरणाध्यास आदिबाट भएको हो।

यसप्रकार काल, कर्म, ग्रह, देवता आदि सबैले दुःख दिने केवल शरीर, मन, इन्द्रिय आदिलाई हो, तर आत्माले अज्ञानवश यिनीहरूमा नै आत्मबुद्धि गरेकाले मनको विभ्रमका कारणले नै ऊ यसबाट दुःखी भइरहेको हो भन्ने सिद्ध हुन्छ। यो रहस्य बुझी भिक्षुजस्ता तितिक्षुहरूले दुःखको कारण कुनै अर्को वस्तुलाई खोज्न नथाली आफ्नै मनलाई समाहित गरी भ्रममुक्त बनाउने अभ्यास थाल्दछन्। शरीर र आत्मालाई पृथक् रूपमा बुझिसकेका भिक्षुले शरीरमा आएका दुःखहरूलाई त्यसै गरी सहन गरे जसरी सामान्य मानिसहरू आफूभन्दा भिन्न भौतिक पिण्ड घैंटो, भाँडाकुँडा आदि फुटेको हेरिरहन्छन्। यहाँ भिक्षुले शरीरका दुःखहरूलाई आफ्नो नठानी त्यसभन्दा अलग रही हेरिरहेको देखिन्छ।

न केनचित् क्वापि कथञ्चनास्य द्वन्द्वोपरागः परतः परस्य।
यथाहमः संसृतिरूपिणः स्यादेवं प्रबुद्धो न बिभेति भूतैः॥ ५७॥

पदार्थ–
यथा = जसरी
संसृतिरूपिणः = नभएको संसारलाई खडा गर्ने
अहमः = अहङ्कारको
द्वन्द्वोपरागः = सुख-दुःख आदि द्वन्द्वसँग सम्बन्ध हुन्छ त्यसै गरी
परतः = प्रकृतिदेखि
परस्य = भिन्न
अस्य = यस आत्माको
केनचित् = कसैसँग
क्व अपि = कहीँ पनि
कथञ्चन = कुनै पनि किसिमको सम्बन्ध
न स्यात् = हुँदैन
एवं = यसप्रकार
प्रबुद्धः = बुझ्ने व्यक्ति
भूतैः = भौतिक पदार्थदेखि
न बिभेति = कहिल्यै डराउँदैन

वाक्यार्थ– जसरी नभएको संसारलाई खडा गर्ने अहङ्कारको सुख-दुःख आदि द्वन्द्वसँग सम्बन्ध हुन्छ, त्यसै गरी प्रकृतिदेखि पर रहेको आत्माको कसैसँग कहीँ पनि कुनै पनि किसिमको सम्बन्ध हुँदैन। यो कुरा बुझ्ने व्यक्ति भौतिक पदार्थदेखि कहिल्यै डराउँदैन।

एतां स आस्थाय परात्मनिष्ठामध्यासितां पूर्वतमैर्महर्षिभिः।
अहं तरिष्यामि दुरन्तपारं तमो मुकुन्दाङ्घ्रिनिषेवयैव॥ ५८॥

पदार्थ–
सः = त्यस्तो
अहं = मैले पनि
पूर्वतमैः = प्राचीन
महर्षिभिः = ऋषि-महर्षिहरूद्वारा
अध्यासितां = अपनाइएको
एतां = यही
परात्मनिष्ठां = परमात्मनिष्ठामा
आस्थाय = दृढ भएर

मुकुन्दाङ्घ्रिनिषेवया एव = भगवान्‌का चरणकमलको सेवाले नै
दुरन्तपारं = तर्न कठिन
तमः = अज्ञानसागरलाई
तरिष्यामि = पार गर्नेछु

वाक्यार्थ– अब मैले पनि प्राचीन महर्षिहरूले अपनाएको यही परमात्मनिष्ठामा दृढ भएर भगवान्‌का चरणकमलको सेवाद्वारा नै यो दुस्तर अज्ञानसागरलाई पार गर्नेछु।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

निर्विद्य नष्टद्रविणो गतक्लमः प्रव्रज्य गां पर्यटमान इत्थम्।
निराकृतोऽसद्भिरपि स्वधर्मादकम्पितोऽमुं मुनिराह गाथाम्॥ ५९॥

पदार्थ–
इत्थं = यसप्रकार
नष्टद्रविणः = सम्पत्ति नष्ट भएका
मुनिः = मननशील ती ब्राह्मणले
निर्विद्य = वैराग्य प्राप्त गरेर
गतक्लमः = चिन्तामुक्त बनी
प्रव्रज्य = संन्यास लिई
गां = पृथिवीमा
पर्यटमानः = घुम्दै
असद्भिः = दुष्टहरूद्वारा
निराकृतः अपि = तिरस्कृत भए पनि
स्वधर्मात् = आफ्नो धर्मबाट
अकम्पितः = विचलित नभइकन
अमुं = यो
गाथां = उद्गार
आह = भनेका थिए

वाक्यार्थ– यसप्रकार धनसम्पत्ति नष्ट हुनाले सारा चिन्ता हटेका अनि संसारदेखि विरक्त भएर घरबार त्यागेका संन्यास लिएका ती ब्राह्मण स्वच्छन्दरूपमा पृथिवीमा घुमी हिँड्थे र दुष्टहरूले सताउँदा समेत आफ्नो धर्मबाट अलिकता पनि विचलित नभइकन यस्तो उद्गार व्यक्त गर्दथे।

सुखदुःखप्रदो नान्यः पुरुषस्यात्मविभ्रमः।
मित्रोदासीनरिपवः संसारस्तमसः कृतः॥ ६०॥

पदार्थ–
पुरुषस्य = मानिसका लागि
सुखदुःखप्रदः = सुखदुःख दिने
अन्यः न = अर्को कोही छैन
मित्रोदासीनरिपवः = मित्र, उदासीन र शत्रुरूप
संसारः = सांसारिक सम्बन्ध
तमसः = अज्ञानले गर्दा
आत्मविभ्रमः = चित्तको विभ्रमले मात्र
कृतः = रचिएका हुन्

वाक्यार्थ– यस संसारमा मानिसलाई सुखदुःख दिने अर्को कोही छैन। ती सबै चित्तका भ्रम मात्र हुन्। यो सारा संसार र यसभित्रका मित्र, उदासीन र शत्रु आदि भेद अज्ञानद्वारा कल्पना गरिएको हो।

तस्मात् सर्वात्मना तात निगृहाण मनो धिया।
मय्यावेशितया युक्त एतावान् योगसङ्ग्रहः॥ ६१॥

पदार्थ–
तस्मात् = त्यसकारण
तात = हे प्रिय उद्धव

युक्तः = सावधान भएर
सर्वात्मना = सबै प्रकारले
मयि = ममा
आवेशितया = लगाइएको
धिया = बुद्धिद्वारा
मनः = मनलाई
निगृह्याण = निग्रह गर
एतावान् = यही नै
योगसङ्ग्रहः = योगसङ्ग्रह हो

वाक्यार्थ– त्यसकारण हे उद्धव ! सावधान भएर सबै प्रकारले ममा लगाइएको मनलाई निग्रह गर। यही नै सम्पूर्ण योगको सारसङ्ग्रह हो।

य एतां भिक्षुणा गीतां ब्रह्मनिष्ठां समाहितः।
धारयञ्छ्रावयञ्छृण्वन् द्वन्द्वैर्नैवाभिभूयते ॥ ६२ ॥

पदार्थ–
यः = जसले
समाहितः = सावधान भएर
एतां = यो
भिक्षुणा = ब्राह्मण भिक्षुद्वारा गाइएको
ब्रह्मनिष्ठां = ब्रह्मनिष्ठामय
गीतां = गीतलाई
धारयन् = धारण गर्दछ
श्रावयन् = सुनाउँछ र
शृण्वन् = सुन्दछ, त्यो
द्वन्द्वैः = सुखदुःख आदि द्वन्द्वबाट
न एव अभिभूयते = कहिल्यै सताईंदैन

वाक्यार्थ– भिक्षुद्वारा गाइएको यस ब्रह्मनिष्ठामय गीतलाई जसले श्रद्धापूर्वक सुन्छ, सुनाउँछ र मनमा धारण गर्दछ, त्यसले कहिल्यै पनि सुखदुःख आदि द्वन्द्वलाई भोग्नुपर्दैन।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे त्रयोविंशोऽध्यायः ॥ २३ ॥

अथ चतुर्विंशोऽध्यायः

साङ्ख्ययोग

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

अथ ते सम्प्रवक्ष्यामि साङ्ख्यं पूर्वैर्विनिश्चितम्।
यद् विज्ञाय पुमान् सद्यो जह्याद् वैकल्पिकं भ्रमम्॥ १॥

पदार्थ–
अथ = अब म
ते = तिमीलाई
पूर्वैः = प्राचीन कपिल आदि महर्षिहरूद्वारा
विनिश्चितं = विशेष किसिमले निश्चय गरिएको
साङ्ख्यं = साङ्ख्ययोग
सम्प्रवक्ष्यामि = सुनाउँछु
यत् = जसलाई
विज्ञाय = जानेर
पुमान् = मानिसले
वैकल्पिकं = भेदबुद्धिका कारण हुने
भ्रमं = भ्रमलाई (सुखदुःख आदिरूप)
सद्यः = तत्काल
जह्यात् = त्याग्दछ

वाक्यार्थ– हे प्रिय उद्धव ! अब म तिमीलाई प्राचीन कपिल आदि महर्षिहरूले विशेष किसिमले निश्चय गरेको साङ्ख्ययोग सुनाउँछु। जसलाई जानेर मानिसले भेदबुद्धिका कारण उत्पन्न हुने सुखदुःख आदिरूप भ्रमलाई तत्काल त्याग्दछ।

आसीज्ज्ञानमथो ह्यर्थ एकमेवाविकल्पितम्।
यदा विवेकनिपुणा आदौ कृतयुगेऽयुगे॥ २॥

पदार्थ–
अयुगे = सृष्टि हुनुभन्दा पहिले प्रलय कालमा
आदौ कृतयुगे = सत्ययुगको प्रारम्भकालमा
यदा = जहिले-जहिले
विवेकनिपुणाः = मानिसहरू विवेकवान् (थिए, यी सबै अवस्थामा)
हि = निश्चय नै
ज्ञानं = द्रष्टा
अथो = अनि
अर्थः = दृश्य
अविकल्पितं = विकल्पशून्य
एकं एव = एक मात्र ब्रह्ममय
आसीत् = थियो

वाक्यार्थ– सृष्टि हुनुभन्दा पहिले (प्रलयकालमा) र सत्ययुगको प्रारम्भकालमा सबै मानिसहरू विवेकनिपुण थिए र यो सारा दृश्यप्रपञ्च दृश्य र द्रष्टाको भेदशून्य ब्रह्म थियो।

तन्मायाफलरूपेण केवलं निर्विकल्पितम्।
वाङ्मनोऽगोचरं सत्यं द्विधा समभवद् बृहत्॥ ३॥

पदार्थ–
तत् = त्यही
केवलं = अद्वितीय

निर्विकल्पितं = भेदशून्य	**बृहत्** = ब्रह्म नै	**द्विधा** = दुई प्रकारमा
सत्यं = सत्यस्वरूप	**मायाफलरूपेण** = माया र	**समभवत्** = विभाजित
वाङ्मनोऽगोचरं = वाणी र	त्यसको प्रतिबिम्ब जीवको	भयो
मनको अगोचर	रूपमा	

वाक्यार्थ– त्यही अद्वितीय, भेदशून्य, सत्यस्वरूप, मन र वाणीद्वारा अगोचर ब्रह्म नै माया र त्यसको प्रतिबिम्ब जीवको रूपमा दुई भागमा विभाजित भयो।

तयोरेकतरो ह्यर्थः प्रकृतिः सोभयात्मिका।
ज्ञानं त्वन्यतमो भावः पुरुषः सोऽभिधीयते॥ ४॥

पदार्थ–	**सा हि** = त्यही नै	**भावः** = अंश छ
तयोः तु = ब्रह्मका ती दुई	**उभयात्मिका** = कार्यकारणरूप	**सः** = त्यसलाई
भागमध्ये	**प्रकृतिः** = दृश्यप्रकृति हो	**पुरुषः** = पुरुष
एकतरः = जुन एउटा	**अन्यतमः** = अर्को जुन	**अभिधीयते** = भनिन्छ
अर्थः = अंश छ	**ज्ञानं** = ज्ञानस्वरूप	

वाक्यार्थ– ब्रह्मका ती दुई अंशमध्ये एउटा अंश कार्यकारणरूप प्रकृति हो र अर्को जुन ज्ञान अंश छ त्यसलाई पुरुष भनिन्छ।

तमो रजः सत्त्वमिति प्रकृतेरभवन् गुणाः।
मया प्रक्षोभ्यमाणायाः पुरुषानुमतेन च॥ ५॥

पदार्थ–	अनुमति प्राप्त गरेकी	**इति** = यी तीन
मया = म ईश्वरद्वारा	**प्रकृतेः** = प्रकृतिबाट	**गुणाः** = गुणहरू
प्रक्षोभ्यमाणायाः = अभिप्रेरित	**सत्त्वं** = सत्त्व	**अभवन्** = उत्पन्न भए
गरिएकी र	**रजः** = रज र	
पुरुषानुमतेन च = पुरुषबाट	**तमः** = तम	

वाक्यार्थ– त्यसपछि पुरुषरूप म ईश्वरद्वारा अभिप्रेरित प्रकृतिबाट सत्त्व, रज र तम गरी तीन गुण उत्पन्न भए।

तेभ्यः समभवत् सूत्रं महान् सूत्रेण संयुतः।
ततो विकुर्वतो जातो योऽहङ्कारो विमोहनः॥ ६॥

पदार्थ–	**सूत्रं** = क्रियाशक्तिप्रधान सूत्र	त्यसपछि
तेभ्यः = ती गुणहरूबाट	**समभवत्** = उत्पन्न भयो	**सूत्रेण** = सूत्रले

संयुतः = सहित भएको
महान् = महत्तत्त्व उत्पन्न भयो
विकुर्वतः = विकारयुक्त
ततः = त्यस महत्तत्त्वबाट
विमोहनः = जीवलाई भ्रमित पार्ने
यः = जुन
अहङ्कारः = अहङ्कार छ त्यो
जातः = उत्पन्न भयो

वाक्यार्थ— ती गुणहरूबाट पहिला क्रियाशक्ति प्रधान सूत्र उत्पन्न भयो। त्यसपछि सूत्रले सहित महत्तत्त्व उत्पन्न भयो। त्यही महत्तत्त्वको विकारबाट जीवको भ्रमको कारण अहङ्कार उत्पन्न भयो।

वैकारिकस्तैजसश्च तामसश्चेत्यहं त्रिवृत्।
तन्मात्रेन्द्रियमनसां कारणं चिदचिन्मयः॥ ७॥

पदार्थ—
तन्मात्रेन्द्रियमनसां = तन्मात्रा, इन्द्रिय र मनको
कारणं = कारण तथा
चिदचिन्मयः = जड र चेतनवाला
अहं = अहङ्कार
वैकारिकः च = सात्त्विक र
तैजसः = राजस तथा
तामसः च = तामस
इति = यसप्रकारले
त्रिवृत् = तीन प्रकारको छ

वाक्यार्थ— त्यो अहङ्कार सात्त्विक, राजस र तामस गरी तीन प्रकारको छ र पञ्चतन्मात्रा, इन्द्रिय र मनको कारण हुनाले चेतनमय एवं अचेतनमय पनि छ।

अर्थस्तन्मात्रिकाज्जज्ञे तामसादिन्द्रियाणि च।
तैजसाद् देवता आसन्नेकादश च वैकृतात्॥ ८॥

पदार्थ—
तन्मात्रिकात् = शब्द आदि तन्मात्राको कारण
तामसात् = तामस अहङ्कारबाट
अर्थः = पञ्चमहाभूत
जज्ञे = उत्पन्न भए
तैजसात् च = राजस अहङ्कारबाट
इन्द्रियाणि = दश इन्द्रियहरू र
वैकृतात् च = सात्त्विक अहङ्कारबाट
एकादश = एघार
देवताः = देवताहरू पनि
आसन् = उत्पन्न भए

वाक्यार्थ— शब्द आदि तन्मात्राको कारण तामस अहङ्कारबाट पञ्चमहाभूत उत्पन्न भए। राजस अहङ्कारबाट इन्द्रियहरू र सात्त्विक अहङ्कारबाट इन्द्रियका अधिष्ठाता एघार देवताहरू उत्पन्न भए।

मया सञ्चोदिता भावाः सर्वे संहत्यकारिणः।
अण्डमुत्पादयामासुर्ममायतनमुत्तमम्॥ ९॥

पदार्थ—
मया = मद्वारा
सञ्चोदिताः = अभिप्रेरित भएका
संहत्यकारिणः = मिलेर काम गर्ने
सर्वे = सम्पूर्ण
भावाः = तत्त्वहरूले
मम = मेरो
उत्तमं = उत्तम
आयतनं = निवासस्थान
अण्डं = ब्रह्माण्ड
उत्पादयामासुः = उत्पन्न गरे

वाक्यार्थ– मद्वारा अभिप्रेरित भएका यी सबै पदार्थहरू आपसमा मिलेर मेरो प्यारो आश्रय भएको यस ब्रह्माण्डको सृष्टि गरे।

तस्मिन्नहं समभवमण्डे सलिलसंस्थितौ।

मम नाभ्यामभूत् पद्मं विश्वाख्यं तत्र चात्मभूः॥ १०॥

पदार्थ–	**समभवं** = विराजमान भएँ	**अभूत्** = उत्पन्न भयो र
सलिलसंस्थितौ = जलमा रहेको	**मम** = मेरो	**तत्र च** = त्यस कमलमा
तस्मिन् = त्यस	**नाभ्यां** = नाभिमा	**आत्मभूः** = ब्रह्मा उत्पन्न भए
अण्डे = ब्रह्माण्डमा	**विश्वाख्यं** = विश्व नामक	
अहं = म नारायणरूपले	**पद्मं** = कमल	

वाक्यार्थ– जलमा रहेको त्यस ब्रह्माण्डमा म नारायणरूपले विराजमान भएँ। मेरो नाभिबाट विश्वनामक कमल उत्पन्न भयो र त्यस कमलमा ब्रह्माको उत्पत्ति भयो।

सोऽसृजत् तपसा युक्तो रजसा मदनुग्रहात्।

लोकान् सपालान् विश्वात्मा भूर्भुवः स्वरिति त्रिधा॥ ११॥

पदार्थ–	**मदनुग्रहात्** = पहिला मेरो	**भूर्भुवः स्वः इति** = पृथिवी,
विश्वात्मा = संसारका	कृपाले	अन्तरिक्ष र स्वर्ग गरी
आत्मस्वरूप	**तपसा** = तपस्याद्वारा	**त्रिधा** = तीन प्रकारका
रजसा युक्तः = रजोगुणी	**सपालान्** = लोकपालहरूले	**लोकान्** = लोकहरू
सः = ती ब्रह्माले	सहित	**असृजत्** = सृजना गरे

वाक्यार्थ– संसारका आत्मास्वरूप रजोगुणी ती ब्रह्माले पहिला मेरो कृपाले तपस्याद्वारा लोकपालहरूले सहित पृथिवी, अन्तरिक्ष र स्वर्ग गरी तीन लोकको रचना गरे।

देवानामोक आसीत् स्वर्भूतानां च भुवः पदम्।

मर्त्यादीनां च भूर्लोकः सिद्धानां त्रितयात् परम्॥ १२॥

पदार्थ–	**भुवः च** = अन्तरिक्ष लोक	निवासस्थान भयो
स्वः = स्वर्ग	**भूतानां** = भूतप्रेत आदिको	**सिद्धानां च** = सिद्धहरूको चाहिँ
देवानां = देवताहरूको	**पदं** = निवासस्थान भयो	**त्रितयात्** = यी तीनभन्दा
ओकः = निवासस्थान	**भूर्लोकः** = पृथिवीलोक	**परम्** = माथिको निवासस्थान
आसीत् = भयो र	**मर्त्यादीनां** = मनुष्य आदिको	भयो

वाक्यार्थ– तीन लोकमध्ये स्वर्ग लोक देवताहरूको निवासस्थान भयो, अन्तरिक्ष लोक भूतप्रेत

आदिको बस्ने ठाउँ बन्यो र पृथिवी लोकमा मनुष्यहरू रहन लागे। यी तीनभन्दा माथिका लोक सिद्धहरूका निवासस्थान बने।

अधोऽसुराणां नागानां भूमेरोकोऽसृजत् प्रभुः।
त्रिलोक्यां गतयः सर्वाः कर्मणां त्रिगुणात्मनाम्॥ १३॥

पदार्थ—	**नागानां** = नागहरूको	**सर्वाः** = सम्पूर्ण
प्रभुः = समर्थ ब्रह्माले	**ओकः** = बस्ने ठाउँ	**गतयः** = फलहरू
भूमेः = पृथिवी भन्दा	**असृजत्** = बनाए	**त्रिलोक्यां एव** = यिनै स्वर्ग,
अधः = तल	**त्रिगुणात्मनां** = त्रिगुणात्मक	अन्तरिक्ष र पृथिवी तीन लोकमा
असुराणां = असुरहरूको र	**कर्मणां** = कर्महरूको	नै प्राप्त हुन्छन्

वाक्यार्थ— सृष्टिकार्यमा समर्थ भएका ब्रह्माले असुर र नागहरूलाई बस्नका लागि पृथिवीभन्दा तलका पाताल आदि लोकहरूको रचना गरे। यिनै स्वर्ग, अन्तरिक्ष र पृथिवी तीन लोकमा त्रिगुणात्मक कर्मअनुसार जीवलाई अनेक किसिमका गति वा फलहरू प्राप्त हुन्छन्।

योगस्य तपसश्चैव न्यासस्य गतयोऽमलाः।
महर्जनस्तपः सत्यं भक्तियोगस्य मद्गतिः॥ १४॥

पदार्थ—	**अमलाः** = निर्मल	**सत्यं** = सत्यलोक तथा
योगस्य = योगको	**गतयः** = फल	**भक्तियोगस्य** = भक्तियोगको
तपसः च = तपस्याको र	**महः** = महर्लोक	फल
न्यासस्य एव च = संन्यासको	**जनः** = जनलोक	**मद्गतिः** = मेरो गति
पनि	**तपः** = तपोलोक र	(वैकुण्ठप्राप्ति) हुन्छ

वाक्यार्थ— योग, तपस्या र संन्यासद्वारा मह, जन, तप र सत्य आदि उत्तम लोकको प्राप्ति हुन्छ। भक्तियोगले मेरो वैकुण्ठधाम प्राप्त हुन्छ।

मया कालात्मना धात्रा कर्मयुक्तमिदं जगत्।
गुणप्रवाह एतस्मिन्नुन्मज्जति निमज्जति॥ १५॥

पदार्थ—	**इदं** = यो	**गुणप्रवाहे** = गुणप्रवाहरूप
कालात्मना = कालस्वरूप	**जगत्** = जीवजगत्	संसार-सागरमा
मया = म	**कर्मयुक्तं** = कर्मयुक्त भएर	**उन्मज्जति** = उत्रिन्छ र
धात्रा = परमेश्वरद्वारा	**एतस्मिन्** = यस	**निमज्जति** = डुब्छ

वाक्यार्थ— कालरूप मैले नै कर्ममा प्रेरित गरेको यो जीवजगत् गुणप्रवाहरूप यस संसारसागरमा

कहिले उत्रने र कहिले डुब्ने गर्दछ।

अणुर्बृहत् कृशः स्थूलो यो यो भावः प्रसिध्यति।
सर्वोऽप्युभयसंयुक्तः प्रकृत्या पुरुषेण च॥ १६॥

पदार्थ–
अणुः = सानो
बृहत् = ठुलो
कृशः = पातलो
स्थूलः = मोटो आदि
यः यः = जुन-जुन
भावः = पदार्थ
प्रसिध्यति = संसारमा प्रसिद्ध छन्
सर्वः अपि = ती सबै
प्रकृत्या = प्रकृति र
पुरुषेण च = पुरुष
उभयसंयुक्तः = दुबैको संयोगले बनेका हुन्

वाक्यार्थ– संसारमा सानो-ठुलो, मोटो-पातलो आदि भनिने जति पनि पदार्थहरू छन्, ती सबै प्रकृति र पुरुष दुबैको संयोगबाट बनेका हुन्।

यस्तु यस्यादिरन्तश्च स वै मध्यं च तस्य सन्।
विकारो व्यवहारार्थो यथा तैजसपार्थिवाः॥ १७॥

पदार्थ–
यः तु = जुन तत्त्व
यस्य = जुन पदार्थको
आदिः = पहिला र
अन्तः च = पछिसम्म पनि रहन्छ
तस्य = त्यसको
मध्यं च = मध्यमा पनि
सः = त्यही नै हुन्छ
वै = निश्चय नै
सन् = सत्य वस्तु त्यही हो
विकारः = विकार त
व्यवहारार्थः = व्यवहारका निम्ति हो
यथा = जसरी
तैजसपार्थिवाः = सुन र माटोका विकार केवल व्यवहारका लागि मात्र हुन्

वाक्यार्थ– जुन वस्तुको प्रारम्भ अवस्थामा र अन्त्य अवस्थामा जुन पदार्थ रहन्छ, बिचमा पनि त्यसैको सत्ता रहन्छ र त्यही नै सत्य वस्तु हो। विकार त केवल व्यवहारका निम्ति भएको हो। जसरी सुनका विकार (कुण्डल, कङ्कण आदि) र माटोका विकार (घैंटो आदि) केवल व्यवहारका लागि मात्र हुन्।

यदुपादाय पूर्वस्तु भावो विकुरुतेऽपरम्।
आदिरन्तो यदा यस्य तत् सत्यमभिधीयते॥ १८॥

पदार्थ–
यत् तु = जसलाई
उपादाय = उपादान कारण बनाएर
पूर्वः भावः = प्रथम कारणरूप महद् आदि पदार्थले
अपरं = अहङ्कार आदि अन्य पदार्थको
विकुरुते = रचना गर्दछ (त्यहाँ पहिलो कारण नै सत्य हो)
यदा = जहिले
यस्य = जुन पदार्थको
आदिः = सुरुमा र
अन्तः = अन्तमा जे हुन्छ

तत् = त्यही नै | **सत्यं** = सत्य | **अभिधीयते** = भनिन्छ

वाक्यार्थ– कुनै वस्तुको उपादान कारणको पनि अर्को उपादान कारण भयो भने ती दुईमध्ये पहिलो कारण नै सत्य हो। तसर्थ अन्य कारणद्वारा बनेका महद् आदि तत्त्व पनि सत्य कारण होइनन्। किनभने यिनीहरूको सृष्टिभन्दा पहिले र पछि पनि अर्कै कारण रहन्छ। जुन वस्तु आदि र अन्तमा रहन्छ, त्यसैलाई सत्य भनिन्छ।

प्रकृतिर्यस्योपादानमाधारः पुरुषः परः।
सतोऽभिव्यञ्जकः कालो ब्रह्म तत् त्रितयं त्वहम्॥ १९॥

पदार्थ–
यस्य = यस संसारको
उपादानं = उपादान कारण
प्रकृतिः = प्रकृति हो
आधारः = आधार
परः पुरुषः = परमात्मा हो र
सतः = सत्लाई
अभिव्यञ्जकः = प्रकट गर्ने
कालः = काल हो
तत् = ती
त्रितयं तु = तीनै
ब्रह्म = ब्रह्मरूप
अहं = म नै हुँ

वाक्यार्थ– यस कार्यरूप संसारको उपादान कारण प्रकृति हो, आधार परमात्मा र यसलाई प्रकट गर्ने काल हो। यी तीनै ब्रह्मरूप मेरै रूप हुन् किनभने यी सबैको कारण म नै हुँ।

सर्गः प्रवर्तते तावत् पौर्वापर्येण नित्यशः।
महान् गुणविसर्गार्थः स्थित्यन्तो यावदीक्षणम्॥ २०॥

पदार्थ–
यावत् = जबसम्म
ईक्षणं = परमात्माको ईक्षणशक्तिले काम गरिरहन्छ
स्थित्यन्तः = जबसम्म सृष्टिको प्रलय हुँदैन
तावत् = तबसम्म
नित्यशः = निरन्तररूपमा
पौर्वापर्येण = पहिला जन्मिएको र पछि जन्मिएको (पिता-पुत्र आदि) रूपमा
गुणविसर्गार्थः = कर्मफल भोग्नका निम्ति
महान् = अपार
सर्गः = सृष्टिप्रक्रिया
प्रवर्तते = चलिरहन्छ

वाक्यार्थ– जबसम्म परमात्माको ईक्षणशक्तिले काम गरिरहन्छ, जबसम्म उनको पालनवृत्ति कायम रहन्छ अर्थात् जबसम्म प्रलय हुँदैन, तबसम्म जीवले गरेका कर्मको फल भोग्नका निम्ति पिता-पुत्र आदिका रूपमा यो अपार सृष्टिप्रक्रिया चलिरहन्छ।

विराण्मयासाद्यमानो लोककल्पविकल्पकः।
पञ्चत्वाय विशेषाय कल्पते भुवनैः सह॥ २१॥

पदार्थ–
मया = कालरूप मद्वारा
आसाद्यमानः = व्याप्त

गरिइराखेको	**विराट्** = यो ब्रह्माण्ड पनि	**पञ्चत्वाय** = प्रलयरूप
लोककल्पविकल्पकः = लोकको	**भुवनैः सह** = सम्पूर्ण भुवनहरूले	**विशेषाय** = विभाजनका लागि
सृष्टि र प्रलय भइरहने	सहित	**कल्पते** = तयार हुन्छ

वाक्यार्थ– कालरूप मैले व्याप्त गरिराखेको प्रतिदिन लोकको सृष्टि र प्रलय भइरहने यो ब्रह्माण्ड पनि मैले उपेक्षा गरेपछि अर्थात् प्रलयकाल आएपछि सम्पूर्ण भुवनहरूले सहित प्रलयरूप विभाजनका लागि तयार हुन्छ।

अन्ने प्रलीयते मर्त्यमन्नं धानासु लीयते।
धाना भूमौ प्रलीयन्ते भूमिर्गन्धे प्रलीयते॥ २२॥

पदार्थ–	**धानासु** = बीजहरूमा	**भूमिः** = पृथिवी
मर्त्यम् = शरीर	**लीयते** = लीन हुन्छ	**गन्धे** = गन्धतन्मात्रामा
अन्ने = अन्नमा	**धानाः** = बीजहरू	**प्रलीयते** = लीन हुन्छ
प्रलीयते = लीन हुन्छ	**भूमौ** = पृथिवीमा	
अन्नं = अन्न	**प्रलीयन्ते** = लीन हुन्छन् र	

वाक्यार्थ– प्रलयकालमा प्राणीहरूको शरीर अन्नमा, अन्न आ–आफ्ना बीजहरूमा, बीजहरू भूमिमा र भूमि गन्धतन्मात्रामा लीन हुन्छ।

अप्सु प्रलीयते गन्ध आपश्च स्वगुणे रसे।
लीयते ज्योतिषि रसो ज्योती रूपे प्रलीयते॥ २३॥

पदार्थ–	**स्वगुणे** = आफ्नो गुण	**ज्योतिः** = तेज
गन्धः = गन्ध	**रसे** = रसमा लीन हुन्छ	**रूपे** = रूपतन्मात्रामा
अप्सु = जलमा	**रसः** = रस	**प्रलीयते** = विलीन हुन्छ
प्रलीयते = लीन हुन्छ र	**ज्योतिषि** = तेजमा	
आपः च = जल पनि	**लीयते** = विलीन हुन्छ र	

वाक्यार्थ– गन्ध जलमा, जल आफ्नो गुण रसमा, रस तेजमा र तेज रूपतन्मात्रामा लीन हुन्छ।

रूपं वायौ स च स्पर्शे लीयते सोऽपि चाम्बरे।
अम्बरं शब्दतन्मात्र इन्द्रियाणि स्वयोनिषु॥ २४॥

पदार्थ–	**सः च** = त्यो वायु पनि	**सः च अपि** = त्यो स्पर्श पनि
रूपं = रूपतन्मात्रा	**स्पर्शे** = आफ्नो स्पर्श गुणमा	**अम्बरे** = आकाशमा
वायौ = वायुमा र	**लीयते** = लीन हुन्छ	**अम्बरं** = आकाश

शब्दतन्मात्रे = शब्दतन्मात्रामा लीन हुन्छ	**इन्द्रियाणि** = इन्द्रियहरू **स्वयोनिषु** = आ-आफ्ना कारण	देवतामा लीन हुन्छन्

वाक्यार्थ— रूपतन्मात्रा वायुमा, वायु स्पर्शमा, स्पर्श आकाशमा र आकाश शब्दतन्मात्रामा लीन हुन्छन्। इन्द्रियहरू आ-आफ्ना अभिमानी देवतामा लीन हुन्छन्।

योनिर्वैकारिके सौम्य लीयते मनसीश्वरे।
शब्दो भूतादिमप्येति भूतादिर्महति प्रभुः॥ २५॥

पदार्थ—	**लीयते** = लीन हुन्छन्	**भूतादिम्** = तामस अहङ्कारमा
सौम्य = हे सौम्य	**मनसि** = देवताहरूले सहित मन	**अप्येति** = लीन हुन्छ र
योनिः = इन्द्रियका कारणरूप देवताहरू	**वैकारिके** = सात्त्विक अहङ्कारमा लीन हुन्छ	**प्रभुः** = समर्थ **भूतादिः** = तामस अहङ्कार
ईश्वरे = आफ्नो नियन्ता मनमा	**शब्दः** = शब्दतन्मात्रा	**महति** = महत्तत्त्वमा लीन हुन्छ

वाक्यार्थ— हे सौम्य! इन्द्रियका अधिष्ठाता देवताहरू आफ्नो नियन्ता मनमा लीन हुन्छन्, देवताहरू सहित मन सात्त्विक अहङ्कारमा लीन हुन्छ। शब्दतन्मात्राहरू तामस अहङ्कारमा लीन हुन्छन् र संसारलाई मोहित पार्न सक्ने तामस अहङ्कार महत्तत्त्वमा लीन हुन्छ।

स लीयते महान् स्वेषु गुणेसु गुणवत्तमः।
तेऽव्यक्ते सम्प्रलीयन्ते तत् काले लीयतेऽव्यये॥ २६॥

पदार्थ—	**स्वेषु** = आफ्ना कारणभूत	**सम्प्रलीयन्ते** = लीन हुन्छन्
गुणवत्तमः = ज्ञानशक्ति र क्रियाशक्तिप्रधान	**गुणेसु** = गुणहरूमा **लीयते** = लीन हुन्छ	**तत्** = त्यो अव्यक्त प्रकृति **अव्यये** = अविनाशी
सः = त्यो	**ते** = ती गुणहरू	**काले** = कालमा
महान् = महत्तत्त्व	**अव्यक्ते** = अव्यक्त प्रकृतिमा	**लीयते** = लीन हुन्छ

वाक्यार्थ— ज्ञानशक्ति र क्रियाशक्तिप्रधान त्यो महत्तत्त्व आफ्ना कारणरूप गुणहरूमा लीन हुन्छ। ती गुण अव्यक्त प्रकृतिमा र अव्यक्त प्रकृति आफ्नो प्रेरक अविनाशी कालमा लीन हुन्छ।

कालो मायामये जीवे जीव आत्मनि मय्यजे।
आत्मा केवल आत्मस्थो विकल्पापायलक्षणः॥ २७॥

पदार्थ—	**जीवे** = महापुरुष जीवमा	**अजे** = अजन्मा
कालः = काल	**जीवः** = महापुरुष जीव	**आत्मनि** = परमात्मामा लीन
मायामये = मायामय	**मयि** = म	हुन्छ

विकल्पापायलक्षणः = जगत्को सृष्टि र लयको अधिष्ठानरूप
केवलः = उपाधिरहित
आत्मा = परमात्मा
आत्मस्थः = आफैँमा स्थित रहन्छ

वाक्यार्थ– त्यसै गरी काल मायामय जीवमा र जीव म अजन्मा आत्मामा लीन हुन्छ। जगत्को सृष्टि र लयको अधिष्ठान त्यो आत्मा चाहिँ कसैमा पनि लीन हुँदैन र उपाधिरहित आफ्नै स्वरूपमा स्थित रहन्छ।

एवमन्वीक्षमाणस्य कथं वैकल्पिको भ्रमः।
मनसो हृदि तिष्ठेत व्योम्नीवार्कोदये तमः॥ २८॥

पदार्थ–
एवं = यसप्रकार
अन्वीक्षमाणस्य = विचार गर्ने व्यक्तिको
मनसः = मनमा
वैकल्पिकः = भेददृष्टिले हुने
भ्रमः = भेदभाव वा भ्रम
व्योम्नि = आकाशमा
अर्कोदये = सूर्योदय भइसकेपछि
तमः इव = अन्धकार बस्न नसके झैँ
हृदि = चित्तमा
कथं = कसरी
तिष्ठेत = बस्न सक्ला

वाक्यार्थ– यसप्रकार विचार गर्ने व्यक्तिको मनमा यो भेददृष्टिले हुने प्रपञ्चभ्रम कसरी उत्पन्न हुने ? जसरी आकाशमा सूर्योदय भएपछि अन्धकार रहन सक्दैन, त्यसै गरी विचार गर्दा भ्रम नै हुँदैन।

एष साङ्ख्यविधिः प्रोक्तः संशयग्रन्थिभेदनः।
प्रतिलोमानुलोमाभ्यां परावरदृशा मया॥ २९॥

पदार्थ–
परावरदृशा = कार्य र कारण दुबैको साक्षी
मया = मद्वारा
प्रतिलोमानुलोमाभ्यां = सृष्टिक्रम र प्रलयक्रमद्वारा
संशयग्रन्थिभेदनः = भ्रमरूपी गाँठोलाई खोलिदिने
एषः = यो
साङ्ख्यविधिः = साङ्ख्ययोगको प्रक्रिया
प्रोक्तः = बताइयो

वाक्यार्थ– म कार्य र कारण दुबैको साक्षी हुँ। मैले अनुलोम र प्रतिलोम अर्थात् सृष्टिक्रम र प्रलयक्रमद्वारा संशयको गाँठोलाई खोलिदिने यो साङ्ख्ययोगको प्रक्रिया तिमीलाई बताएँ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे चतुर्विंशोऽध्यायः॥ २४॥

अथ पञ्चविंशोऽध्यायः

गुणका वृत्तिहरू

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

गुणानामसमिश्राणां पुमान् येन यथा भवेत्।
तन्मे पुरुषवर्येदमुपधारय शंसतः ॥ १ ॥

पदार्थ—
पुरुषवर्य = हे पुरुषश्रेष्ठ उद्धव
असमिश्राणां = भिन्न-भिन्न रूपमा नमिसिई रहेका
गुणानां = गुणहरूमध्ये
येन = जुन गुणले
पुमान् = पुरुष
यथा = जस्तो
भवेत् = हुन्छ
तत् इदं = त्यो कुरा
शंसतः = बताइरहेको
मे = मबाट
उपधारय = सावधान भएर सुन

वाक्यार्थ— हे पुरुषश्रेष्ठ उद्धव ! भिन्न-भिन्न रूपमा नमिसिई रहेका सत्त्व आदि गुणमध्ये कुन गुणले पुरुषमा कस्तो प्रभाव पार्दछ भन्ने बारे वर्णन गर्दैछु, तिमी सावधान भएर सुन।

शमो दमस्तितिक्षेक्षा तपः सत्यं दया स्मृतिः।
तुष्टिस्त्यागोऽस्पृहा श्रद्धा ह्रीर्दयादिः स्वनिर्वृतिः ॥ २ ॥

पदार्थ—
शमः = मनको निग्रह
दमः = बाह्य इन्द्रियको निग्रह
तितिक्षा = सहनशीलता
ईक्षा = विवेक
तपः = तपस्या
सत्यं = सत्य
दया = दया
स्मृतिः = स्मृति
तुष्टिः = सन्तोष
त्यागः = उदारता
अस्पृहा = विषयमा वैराग्य
श्रद्धा = श्रद्धा
ह्रीः = लज्जा
दयादिः = दया, दान, सरलता, विनय आदि
स्वनिर्वृतिः = आत्मरति यी सत्त्वगुणका वृत्ति हुन्

वाक्यार्थ— शम, दम, तितिक्षा, विवेक, तप, सत्य, दया, स्मृति, सन्तोष, उदारता, विषयमा वैराग्य, श्रद्धा, लज्जा, दया, दान आदि र आत्मरति यी सत्त्वगुणका वृत्ति हुन्।

काम ईहा मदस्तृष्णा स्तम्भ आशीर्भिदा सुखम्।
मदोत्साहो यशःप्रीतिर्हास्यं वीर्यं बलोद्यमः ॥ ३ ॥

पदार्थ—
कामः = अभिलाषा
ईहा = अभिलाषा पूरा गर्ने चेष्टा
मदः = घमन्ड
तृष्णा = लोभ

स्तम्भः = अहङ्कार
आशीः = याचना
भिदा = भेदभाव
सुखं = विषयभोग
मदोत्साहः = उत्तेजनापूर्ण उत्साह
यशःप्रीतिः = कीर्तिको चाहना
हास्यं = उपहास
वीर्यं = पराक्रम
बलोद्यमः = कठिन परिश्रम (यी रजोगुणका वृत्ति हुन्)

वाक्यार्थ— अभिलाषा, अभिलाषा पूरा गर्ने चेष्टा, घमन्ड, लोभ, अहङ्कार, याचना, भेदभाव, विषयभोग, उत्तेजनापूर्ण उत्साह, कीर्तिको चाहना, उपहास, पराक्रम र कठिन परिश्रम आदि रजोगुणका वृत्ति हुन्।

क्रोधो लोभोऽनृतं हिंसा याच्ञा दम्भः क्लमः कलिः।
शोकमोहौ विषादार्ती निद्राशा भीरनुद्यमः॥ ४॥

पदार्थ—
क्रोधः = रिस
लोभः = लोभ
अनृतं = झुट
हिंसा = हिंसा
याच्ञा = प्रार्थना
दम्भः = आडम्बर
क्लमः = थकाइ
कलिः = झगडा
शोकमोहौ = शोक र मोह
विषादार्ती = दुःख र दीनता
निद्रा = निद्रा
आशा = प्रतीक्षा
भीः = डर र
अनुद्यमः = जडता (यी तमोगुणका वृत्ति हुन्)

वाक्यार्थ— क्रोध, लोभ, झुट, हिंसा, प्रार्थना, आडम्बर, थकाइ, झगडा, शोक, मोह, दुःख, चिन्ता, निद्रा, आशा, भय र जडता यी तमोगुणका वृत्ति हुन्।

सत्त्वस्य रजसश्चैतास्तमसश्चानुपूर्वशः।
वृत्तयो वर्णितप्रायाः सन्निपातमथो शृणु॥ ५॥

पदार्थ—
अनुपूर्वशः = क्रमशः
सत्त्वस्य = सत्त्वगुणका
रजसः = रजोगुणका र
तमसः च = तमोगुणका
एताः = यी
वृत्तयः = वृत्तिहरू
वर्णितप्रायाः = लगभग सबै वर्णित भए
अथो = अब
सन्निपातं च = मिश्रित गुणका वृत्तिहरू
शृणु = सुन

वाक्यार्थ— यी मैले क्रमशः सत्त्व, रज र तमोगुणका भिन्न-भिन्न वृत्तिहरू लगभग सबै बताएँ, अब यिनका मिश्रित वृत्तिहरूबारे सुन।

सन्निपातस्त्वहमिति ममेत्युद्धव या मतिः।
व्यवहारः सन्निपातो मनोमात्रेन्द्रियासुभिः॥ ६॥

पदार्थ—
उद्धव = हे उद्धव
अहं इति = म भन्ने र
मम इति = मेरो भन्ने
या = जुन
मतिः = भेदबुद्धि छ (यो)
सन्निपातः = मिश्रित गुणवृत्ति हो
मनोमात्रेन्द्रियासुभिः = मन, पञ्चतन्मात्रा, इन्द्रिय र प्राणहरूद्वारा हुने
व्यवहारः तु = सबै व्यवहार चाहिँ
सन्निपातः = मिश्रित गुणको वृत्तिका कार्य हुन्

वाक्यार्थ— हे उद्धव ! यो म हुँ र यी मेरा हुन् भन्ने जुन भेदबुद्धि छ त्यो मिश्रित गुणवृत्ति हो। मन, तन्मात्रा, इन्द्रिय र प्राणहरूद्वारा हुने सम्पूर्ण व्यवहार चाहिँ मिश्रित गुणको वृत्तिका कार्य हुन्।

धर्मे चार्थे च कामे च यदासौ परिनिष्ठितः।
गुणानां सन्निकर्षोऽयं श्रद्धारतिधनावहः॥ ७॥

पदार्थ—
असौ = यो जीव
यदा = जब
धर्मे च = धर्ममा
अर्थे च = अर्थमा र
कामे च = काममा
परिनिष्ठितः = प्रवृत्त हुन्छ (त्यस वेला)
अयं = यो
श्रद्धारतिधनावहः = श्रद्धा, अनुराग र धन उत्पन्न गर्ने
गुणानां = गुणहरूको
सन्निकर्षः = सम्मिश्रण हुन्छ

वाक्यार्थ— जब मानिस धर्म, अर्थ र काममा प्रवृत्त हुन्छ तब उसलाई सत्त्व, रज र तमका प्रभावले श्रद्धा, अनुराग र धन प्राप्त हुन थाल्दछ, यी सबै मिश्रित गुणवृत्ति हुन्।

प्रवृत्तिलक्षणे निष्ठा पुमान् यर्हि गृहाश्रमे।
स्वधर्मे चानुतिष्ठेत गुणानां समितिर्हि सा॥ ८॥

पदार्थ—
यर्हि = जब
प्रवृत्तिलक्षणे = काम्यकर्ममा
निष्ठा = निष्ठा हुन्छ (तब)
पुमान् = मानिस
गृहाश्रमे = घरगृहस्थीमा
अनु = त्यसपछि
स्वधर्मे च = आफ्ना नित्यनैमित्तिक आदि धर्ममा
तिष्ठेत = प्रवृत्त हुन्छ
हि = निश्चय नै
सा = ती सबै अवस्था
गुणानां = गुणहरूको
समितिः = सामूहिक अवस्था हुन्

वाक्यार्थ— जब मानिसमा काम्यकर्ममा निष्ठा हुन्छ तब ऊ घरगृहस्थीमा आसक्त हुन्छ र नित्यनैमित्तिक आदि धर्ममा प्रवृत्त हुन्छ, ती सबै अवस्था गुणहरूका मिश्रित सामूहिक अवस्था हुन्।

पुरुषं सत्त्वसंयुक्तमनुमीयाच्छमादिभिः।
कामादिभी रजोयुक्तं क्रोधाद्यैस्तमसा युतम्॥ ९॥

पदार्थ–
शमादिभिः = शम, दम आदिले युक्त
पुरुषं = मानिसलाई
सत्त्वसंयुक्तं = सत्त्वगुणी
कामादिभिः = काम आदिले युक्त मानिसलाई
रजोयुक्तं = रजोगुणी र
क्रोधाद्यैः = क्रोध आदिले युक्त मानिसलाई
तमसा युतं = तमोगुणी भनी
अनुमीयात् = अनुमान गर्नुपर्दछ

वाक्यार्थ– शम, दम आदि सत्त्वगुणले युक्त भएको मानिसलाई सत्त्वगुणी, काम आदिले युक्त भएको मानिसलाई रजोगुणी र क्रोध आदिले युक्त भएको मानिसलाई तमोगुणी भनेर बुझ्नुपर्दछ।

यदा भजति मां भक्त्या निरपेक्षः स्वकर्मभिः ।
तं सत्त्वप्रकृतिं विद्यात् पुरुषं स्त्रियमेव वा ॥ १० ॥

पदार्थ–
यदा = जहिले
निरपेक्षः = निष्काम भएर
स्वकर्मभिः = आफ्ना नित्य, नैमित्तिक आदि कर्महरूद्वारा
भक्त्या = भक्तिपूर्वक
मां = मलाई
भजति = आराधना गर्दछ
तं = त्यस
पुरुषं = पुरुषलाई
स्त्रियम् एव वा = स्त्रीलाई नै
सत्त्वप्रकृतिं = सत्त्वगुणी
विद्यात् = भनेर जान्नुपर्दछ

वाक्यार्थ– जब कुनै पुरुष वा स्त्रीले निष्काम भएर आफ्ना कर्महरूद्वारा भक्तिपूर्वक मेरो आराधना गर्न थाल्दछ, तब त्यो पुरुष वा स्त्रीलाई सत्त्वगुणी भनेर जान्नुपर्दछ।

यदा आशिष आशास्य मां भजेत स्वकर्मभिः ।
तं रजःप्रकृतिं विद्याद्धिंसामाशास्य तामसम् ॥ ११ ॥

पदार्थ–
यदा = जहिले
आशिषः = कामनाहरूको
आशास्य = आशा गरेर
स्वकर्मभिः = आफ्ना कर्महरूले
मां = मलाई
भजेत = भज्दछन्, तहिले
तं = त्यसलाई
रजःप्रकृतिं = रजोगुणी भनी
विद्यात् = जान्नुपर्दछ र
हिंसां = शत्रुहिंसा आदिको
आशास्य = आशा गरेर आराधना गर्नेलाई
तामसम् = तमोगुणी भनेर जान्नुपर्दछ

वाक्यार्थ– जुन समयमा मानिसले कुनै कामनाको अभिलाषा गरेर आफ्ना कर्मद्वारा मेरो आराधना गर्दछ, त्यसवेला त्यस मानिसलाई रजोगुणी मान्नुपर्दछ र जुनवेला शत्रुहिंसा आदि कामना राखेर मेरो सेवा गर्दछ, त्यतिवेला उसलाई तमोगुणी भनेर बुझ्नुपर्दछ।

सत्त्वं रजस्तम इति गुणा जीवस्य नैव मे ।
चित्तजा यैस्तु भूतानां सज्जमानो निबध्यते ॥ १२ ॥

पदार्थ–
चित्तजाः = चित्तमा उत्पन्न हुने
सत्त्वं = सत्त्व

रजः = रज र	**मे** = मेरा	**सज्जमानः** = आसक्त भएको जीव
तमः इति = तम यी	**न** = होइनन्	**निबध्यते** = बन्धनमा पर्दछ
गुणाः = गुणहरू	**यैः तु** = यिनैद्वारा नै	
जीवस्य एव = जीवका नै हुन्	**भूतानां** = शरीर आदिमा	

वाक्यार्थ– चित्तमा उत्पन्न हुने सत्त्व, रज र तम यी तीनै गुण जीवका हुन्, मेरा होइनन्। यिनै गुणद्वारा जीव शरीर आदिमा आसक्त भएर बन्धनमा पर्दछ।

यदेतरौ जयेत् सत्त्वं भास्वरं विशदं शिवम्।
तदा सुखेन युज्येत धर्मज्ञानादिभिः पुमान्॥ १३॥

पदार्थ–

यदा = जब	**सत्त्वं** = सत्त्वगुणले	**पुमान्** = मानिस
भास्वरं = प्रकाशमान	**इतरौ** = अरू रजोगुण र तमोगुणलाई	**सुखेन** = सुखले र
विशदं = स्वच्छ र	**जयेत्** = जित्दछ	**धर्मज्ञानादिभिः** = धर्म, ज्ञान आदिले
शिवं = शान्त	**तदा** = तब	**युज्येत** = सम्पन्न बन्दछ

वाक्यार्थ– जब प्रकाशमान, स्वच्छ र शान्त सत्त्वगुण, रजोगुण र तमोगुणलाई जितेर मानिस अघि बढ्न थाल्दछ, तब ऊ सुख, धर्म र ज्ञान आदिले सम्पन्न बन्दछ।

यदा जयेत् तमः सत्त्वं रजः सङ्गं भिदा चलम्।
तदा दुःखेन युज्येत कर्मणा यशसा श्रिया॥ १४॥

पदार्थ–

यदा = जब	**रजः** = रजोगुणले	**दुःखेन** = दुःखले
सङ्गं = आसक्तिको हेतु	**सत्त्वं** = सत्त्वगुणलाई र	**कर्मणा** = कर्मले
भिदा = भेदबुद्धिको हेतु र	**तमः** = तमोगुणलाई	**यशसा** = यशले र
चलं = प्रवृत्तिको हेतु	**जयेत्** = जित्दछ	**श्रिया** = सम्पत्तिले
	तदा = तब मानिस	**युज्येत** = युक्त हुन्छ

वाक्यार्थ– जब मानिसले आसक्ति, भेद र प्रवृत्तिको हेतु रजोगुणले सत्त्वगुण र तमोगुणलाई जित्दछ, तब ऊ दुःख, कर्मप्रवृत्ति, यश र सम्पत्तिले युक्त हुन्छ।

यदा जयेद् रजः सत्त्वं तमो मूढं लयं जडम्।
युज्येत शोकमोहाभ्यां निद्रया हिंसयाशया॥ १५॥

पदार्थ–

यदा = जहिले	**मूढं** = विवेक नाश गर्ने	**जडं** = जड
	लयं = आलस्यस्वरूप	**तमः** = तमोगुणले

रजः = रजोगुणलाई र
सत्त्वं = सत्त्वगुणलाई
जयेत् = जित्दछ (त्यसवेला मानिस)
शोकमोहाभ्यां = शोक, मोहले
निद्रया = आलस्यले
हिंसया = हिंसाको भावनाले र
आशया = अनेक कामनाले
युज्येत = युक्त हुन्छ

वाक्यार्थ– जहिले विवेकको विनाशक, आलस्यको कारक र जड तमोगुणले सत्त्वगुण र रजोगुणलाई जित्दछ, त्यतिवेला मानिस शोक, मोह, निद्रा, हिंसा र अनेक कामनाले युक्त हुन्छ।

यदा चित्तं प्रसीदेत इन्द्रियाणां च निर्वृतिः।
देहेऽभयं मनोऽसङ्गं तत् सत्त्वं विद्धि मत्पदम्॥ १६॥

पदार्थ–
यदा = जहिले
चित्तं = चित्त
प्रसीदेत = प्रसन्न हुन्छ र
इन्द्रियाणां च = इन्द्रियहरूको
निर्वृतिः = विषयबाट उपरति हुन्छ
देहे = शरीरमा
अभयं = निर्भयता र
मनः = मन
असङ्गं = आसक्तिरहित हन्छ
तत् = त्यस अवस्थालाई
मत्पदं = मेरो प्राप्तिको आधार
सत्त्वं = सत्त्वगुणको वृद्धि
विद्धि = जान्नुपर्दछ

वाक्यार्थ– जुन समयमा चित्त प्रसन्न हुन्छ र इन्द्रियहरू विषयबाट उपरत हुन्छन्, शरीरमा निर्भयता हुन्छ र मन आसक्तिले रहित हुन्छ, त्यसवेला मेरो प्राप्तिको स्थान सत्त्वगुणको वृद्धि भएको जान्नुपर्दछ।

विकुर्वन् क्रियया चाधीरनिर्वृत्तिश्च चेतसाम्।
गात्रास्वास्थ्यं मनो भ्रान्तं रज एतैर्निशामय॥ १७॥

पदार्थ–
क्रियया = (जुन वेला) क्रियाद्वारा
विकुर्वन् = विकृत भएर
अधीः च = चित्त विक्षिप्त हुन्छ र
चेतसां = ज्ञानेन्द्रियहरूको
अनिर्वृत्तिः च = असन्तुष्टि तथा
गात्रास्वास्थ्यं = कर्मेन्द्रियहरूको अस्वास्थ र
मनः = मन
भ्रान्तं = भ्रान्त हुन्छ
एतैः = यी लक्षणहरूद्वारा
रजः = रजोगुणको वृद्धि भएको
निशामय = जान्नु पर्दछ

वाक्यार्थ– जब क्रियाद्वारा विकृत भएर चित्त विक्षिप्त हुन्छ, ज्ञानेन्द्रियहरू असन्तुष्ट हुन्छन्, कर्मेन्द्रियहरू अस्वस्थ हुन्छन् र मन भ्रान्त हुन्छ, त्यसवेला रजोगुणको वृद्धि भएको जान्नु पर्दछ।

सीदच्चित्तं विलीयेत चेतसो ग्रहणेऽक्षमम्।
मनो नष्टं तमो ग्लानिस्तमस्तदुपधारय॥ १८॥

पदार्थ–
चित्तं = (जहिले) चित्त
सीदत् = आफैँ हराउँदै
चेतसः = चिदाकारको
ग्रहणे = ग्रहण गर्न
अक्षमं = असमर्थ हुँदै

विलीयेत = लीन हुन्छ
मनः = मन
नष्टं = लीन हुन्छ
तमः = अज्ञान र
ग्लानिः = खिन्नता बढ्छ
तत् = त्यस वेला
तमः = तमोगुणको वृद्धि भएको
उपधारय = बुझ्नु पर्दछ

वाक्यार्थ– जब चित्त तिरोहित भएर चिदाकारलाई ग्रहण गर्न असमर्थ बनी लीन हुन्छ र मन खिन्न हुन्छ अनि अज्ञान र खिन्नता बढ्दछ, तब तमोगुणको वृद्धि भएछ भन्ने बुझ्नु पर्दछ।

एधमाने गुणे सत्त्वे देवानां बलमेधते।
असुराणां च रजसि तमस्युद्धव रक्षसाम्॥ १९॥

पदार्थ–
उद्धव = हे उद्धव
सत्त्वे गुणे = सत्त्वगुणको
एधमाने = वृद्धि हुँदा
देवानां = देवताहरूको
बलं = पराक्रम
एधते = बढ्दछ
रजसि = रजोगुणको वृद्धिले
असुराणां = असुरहरूको र
तमसि च = तमोगुणको वृद्धिले
रक्षसाम् = राक्षसहरूको पराक्रम बढ्दछ

वाक्यार्थ– हे प्रिय उद्धव ! सत्त्वगुणको वृद्धि हुँदा देवताहरूको पराक्रम बढ्दछ, रजोगुणको वृद्धिमा असुरहरूको र तमोगुणको वृद्धिमा राक्षसहरूको पराक्रम बढ्दछ।

सत्त्वाज्जागरणं विद्याद् रजसा स्वप्नमादिशेत्।
प्रस्वापं तमसा जन्तोस्तुरीयं त्रिषु सन्ततम्॥ २०॥

पदार्थ–
सत्त्वात् = सत्त्वगुणबाट
जन्तोः = प्राणीको
जागरणं = जाग्रत् अवस्था
विद्यात् = जान्नू
रजसा = रजोगुणबाट
स्वप्नं = स्वप्न अवस्था र
तमसा = तमोगुणबाट
प्रस्वापं = सुषुप्ति अवस्था
आदिशेत् = बुझ्नू
तुरीयं = (यी देखि भिन्न) तुरीय अवस्था चाहिँ
त्रिषु = ती तीनै अवस्थामा
सन्ततम् = एकरूपले रहन्छ

वाक्यार्थ– सत्त्वगुणले प्राणीको जाग्रत् अवस्था, रजोगुणले स्वप्न अवस्था र तमोगुणले सुषुप्ति अवस्था हुन्छ। यसदेखि भिन्न चौथो तुरीय चाहिँ यी तीनै अवस्थामा एकरूपले व्याप्त रहन्छ।

उपर्युपरि गच्छन्ति सत्त्वेन ब्राह्मणा जनाः।
तमसाधोऽध आमुख्याद् रजसान्तरचारिणः॥ २१॥

पदार्थ–
ब्राह्मणाः = वेद तथा ब्रह्मको चिन्तनमा लाग्ने ब्राह्मण
जनाः = जनहरू
सत्त्वेन = सत्त्वगुणद्वारा
उपरि उपरि = माथि माथिका स्वर्ग आदि लोकमा
गच्छन्ति = जान्छन्
तमसा = तमोगुणद्वारा
आमुख्यात् = स्थावरपर्यन्त
अधोऽधः = तल तलका नरक आदि लोकको र

रजसा = रजोगुणद्वारा
अन्तरचारिणः = बिचको
मर्त्यलोक प्राप्त हुन्छ

वाक्यार्थ– वेद तथा ब्रह्मको चिन्तनमा लाग्ने ब्राह्मणहरू सत्त्वगुणद्वारा स्वर्ग आदि माथिका उत्तम लोकमा जान्छन्। तमोगुणले जीवलाई स्थावरपर्यन्त अधोगति प्राप्त हुन्छ र रजोगुणद्वारा मनुष्यशरीर प्राप्त हुन्छ।

सत्त्वे प्रलीनाः स्वर्यान्ति नरलोकं रजोलयाः।
तमोलयास्तु निरयं यान्ति मामेव निर्गुणाः॥ २२॥

पदार्थ–
सत्त्वे = सत्त्वगुणको वृद्धि हुँदा
प्रलीनाः = मरेकाहरू
स्वः = स्वर्गमा
यान्ति = जान्छन्
रजोलयाः = रजोगुणको वृद्धि हुँदा मर्नेहरू
नरलोकं = मनुष्यलोकमै रहन्छन्
तमोलयाः तु = तमोगुणको वृद्धि हुँदा मरेकाहरू त
निरयं = नरकमा पर्दछन्
निर्गुणाः = निर्गुणहरूले
मां एव = मलाई नै
यान्ति = प्राप्त गर्दछन्

वाक्यार्थ– सत्त्वगुणको वृद्धि हुँदा मरेकाहरू स्वर्ग जान्छन्, रजोगुणको वृद्धि भएको समयमा मरेकाहरू मनुष्यलोकमै रहन्छन् र तमोगुणको वृद्धि हुँदा मरेकाहरू नरकमा पर्दछन्, तर यी तीन गुणदेखि भिन्न रहेका निर्गुण जीवहरूले मलाई नै प्राप्त गर्दछन्।

मदर्पणं निष्फलं वा सात्त्विकं निजकर्म तत्।
राजसं फलसङ्कल्पं हिंसाप्रायादि तामसम्॥ २३॥

पदार्थ–
मदर्पणं = मलाई अर्पण गर्ने उद्देश्यले गरिएका
निष्फलं वा = अथवा फलको आशा नगरिकन गरिएका जुन
निजकर्म = स्वकर्महरू छन्
तत् = ती
सात्त्विकं = सात्त्विक हुन्छन्
फलसङ्कल्पं = फलको कामना राखेर गरिएका कर्महरू
राजसं = राजस हुन्छन् र
हिंसाप्रायादि = हिंसा, दम्भ आदिको उद्देश्य लिएर गरिएका कर्महरू
तामसम् = तामस हुन्छन्

वाक्यार्थ– मलाई अर्पण गर्ने उद्देश्यले गरिएका अथवा फलको आशा नराखी गरिएका कर्महरू सात्त्विक कर्म हुन्छन्, फलको चाहनाले गरिएका कर्महरू राजस हुन्छन् र अर्काको हिंसाको भावनाले गरिएका कर्महरू तामस हुन्छन्।

कैवल्यं सात्त्विकं ज्ञानं रजो वैकल्पिकं च यत्।
प्राकृतं तामसं ज्ञानं मन्निष्ठं निर्गुणं स्मृतम्॥ २४॥

पदार्थ–
यत् = जुन
कैवल्यं = आत्मविषयक
ज्ञानं = ज्ञान छ, त्यो
सात्त्विकं = सात्त्विक ज्ञान हो र
वैकल्पिकं च = विकल्पात्मक

ज्ञान
रजः = राजस ज्ञान हो
प्राकृतं = सांसारिक
ज्ञानं = ज्ञान
तामसं = तामस ज्ञान हो र
मन्निष्ठं = मेरो स्वरूपको ज्ञान
निर्गुणं = निर्गुण ज्ञान
स्मृतम् = मानिन्छ

वाक्यार्थ– शरीर आदिलाई असत् र आत्मालाई सत् मान्ने ज्ञान सात्त्विक ज्ञान हो, आत्मालाई कर्ता, भोक्ता सम्झिने विकल्पात्मक ज्ञान राजस र साधारण सांसारिक ज्ञान तामस ज्ञान हो, तर मेरो स्वरूपको ज्ञान निर्गुण ज्ञान हो।

वनं तु सात्त्विको वासो ग्रामो राजस उच्यते।
तामसं द्यूतसदनं मन्निकेतं तु निर्गुणम्॥ २५॥

पदार्थ–
वनं = वनलाई
सात्त्विकः = सात्त्विक
वासः = निवासस्थान
ग्रामः तु = गाउँलाई चाहिँ
राजसः = राजस निवासस्थान
उच्यते = भनिन्छ
द्यूतसदनं = जूवा आदि खेलिने घरको वासलाई
तामसं = तामसवास भनिन्छ
मन्निकेतं तु = मेरो सेवा हुने ठाउँको वास चाहिँ
निर्गुणम् = निर्गुण वास हो

वाक्यार्थ– वनको बसाइ सात्त्विक, गाउँको बसाइ राजस र जूवा आदि कुकर्म हुने ठाउँको बसाइ तामस हो, तर मेरो सेवा हुने ठाउँ वा मन्दिरको बसाइ निर्गुण बसाइ हो।

सात्त्विकः कारकोऽसङ्गी रागान्धो राजसः स्मृतः।
तामसः स्मृतिविभ्रष्टो निर्गुणो मदपाश्रयः॥ २६॥

पदार्थ–
असङ्गी = अनासक्तभावले काम गर्ने
कारकः = कर्ता
सात्त्विकः = सात्त्विक कर्ता
स्मृतः = हो
रागान्धः = आसक्तिपूर्वक काम गर्ने कर्ता
राजसः = राजस कर्ता हो
स्मृतिविभ्रष्टः = विचारै नगरी काम गर्ने कर्ता
तामसः = तामस कर्ता हो तर
मदपाश्रयः = मेरो शरणमा परी काम गर्ने कर्ता
निर्गुणः = निर्गुण कर्ता हो

वाक्यार्थ– कर्ममा आसक्त नभइकन कर्म गर्ने कर्ता सात्त्विक कर्ता हो, आसक्तिपूर्वक कर्म गर्ने राजस कर्ता हो र विचारै नगरी कर्म गर्ने तामस कर्ता हो, तर जो केवल मेरो शरणमा परी अहङ्काररहित भई कर्म गर्दछ त्यो निर्गुण कर्ता हो।

सात्त्विक्याध्यात्मिकी श्रद्धा कर्मश्रद्धा तु राजसी।
तामस्यधर्मे या श्रद्धा मत्सेवायां तु निर्गुणा॥ २७॥

पदार्थ–
आध्यात्मिकी = आध्यात्मिक
श्रद्धा = श्रद्धा

सात्त्विकी = सात्त्विक श्रद्धा हो	**या** = जुन	लागेको श्रद्धा
कर्मश्रद्धा तु = कर्मविषयक श्रद्धा	**श्रद्धा** = श्रद्धा छ, त्यो	**निर्गुणा** = निर्गुण श्रद्धा हो
राजसी = राजसी श्रद्धा हो र	**तामसी** = तामसी श्रद्धा हो	
अधर्मे = अधर्ममा हुने	**मत्सेवायां तु** = मेरो सेवामा	

वाक्यार्थ– आध्यात्मिक (आत्मविषयक) श्रद्धा सात्त्विक श्रद्धा हो, कर्मविषयक श्रद्धा राजस श्रद्धा हो, अधर्ममा हुने श्रद्धा चाहिँ तामस श्रद्धा हो र ममा हुने श्रद्धा निर्गुण श्रद्धा हो।

पथ्यं पूतमनायस्तमाहार्यं सात्त्विकं स्मृतम्।
राजसं चेन्द्रियप्रेष्ठं तामसं चार्तिदाशुचि॥ २८॥

पदार्थ–	**सात्त्विकं** = सात्त्विक	**आर्तिदा** = दुःख दिने र
पथ्यं = आरोग्यवर्द्धक	**स्मृतं** = मानिएको छ	**अशुचि** = अपवित्र भोजन चाहिँ
पूतं = पवित्र र	**इन्द्रियप्रेष्ठं च** = इन्द्रियलाई प्रिय	**तामसं च** = तामसी भोजन हो
अनायस्तं = सजिलै प्राप्त	लाग्ने किसिमको भोजन	
भएको	**राजसं** = राजसी भोजन	
आहार्यं = भोजन	मानिएको छ र	

वाक्यार्थ– आरोग्यवर्द्धक, पवित्र र सजिलै प्राप्त भएको भोजन सात्त्विक भोजन हो, भोजनकालमा इन्द्रियलाई प्रिय लाग्ने स्वादिलो किसिमको भोजन राजसी भोजन हो र दुःख दिने तथा अपवित्र भोजन तामसी भोजन हो।

सात्त्विकं सुखमात्मोत्थं विषयोत्थं तु राजसम्।
तामसं मोहदैन्योत्थं निर्गुणं मदपाश्रयम्॥ २९॥

पदार्थ–	**विषयोत्थं तु** = विषयबाट प्राप्त	**तामसं** = तमोगुणी सुख हो
आत्मोत्थं = आत्मचिन्तनबाट	हुने सुख	**मदपाश्रयं** = मेरो शरणबाट प्राप्त
हुने	**राजसं** = राजस सुख हो र	हुने सुख
सुखं = सुख	**मोहदैन्योत्थं** = अज्ञान र	**निर्गुणम्** = निर्गुण सुख हो
सात्त्विकं = सात्त्विक सुख हो	दीनताबाट प्राप्त हुने सुख	

वाक्यार्थ– आत्मविषयक चिन्तनबाट प्राप्त हुने सुख सात्त्विक सुख हो, विषयबाट प्राप्त हुने सुख राजस सुख हो, अज्ञान र दीनताबाट प्राप्त हुने सुख तमोगुणी सुख हो र मेरो शरणमा पर्नाले प्राप्त हुने सुख निर्गुण सुख हो।

द्रव्यं देशः फलं कालो ज्ञानं कर्म च कारकः।
श्रद्धावस्थाकृतिर्निष्ठा त्रैगुण्यः सर्व एव हि॥ ३०॥

पदार्थ–
द्रव्यं = वस्तु
देशः = स्थान
फलं = फल
कालः = काल
ज्ञानं = ज्ञान
कर्म = कर्म र
कारकः च = कर्ता
श्रद्धा = श्रद्धा
अवस्था = अवस्था
आकृतिः = आकृति
निष्ठा = गति
सर्वे एव हि = यी सबै
त्रैगुण्यः = त्रिगुणात्मक छन्

वाक्यार्थ– माथि वर्णन गरिएका पवित्र-अपवित्र वस्तु, वन-गाउँ आदि स्थान, फल, काल, ज्ञान, कर्म, कर्ता, श्रद्धा, अवस्था, देव-मनुष्य आदि आकृति र निष्ठा यी सबै त्रिगुणात्मक छन्।

सर्वे गुणमया भावाः पुरुषाव्यक्तधिष्ठिताः।
दृष्टं श्रुतमनुध्यातं बुद्ध्या वा पुरुषर्षभ॥ ३१॥

पदार्थ–
पुरुषर्षभ = हे पुरुषहरूमा श्रेष्ठ
दृष्टं = आँखाले देखिएका
श्रुतं = कानले सुनिएका
बुद्ध्या = बुद्धिले
अनुध्यातं वा = विचार गरिएका
पुरुषाव्यक्तधिष्ठिताः = पुरुष र अव्यक्त प्रकृतिबाट अभिव्यक्त भएका
सर्वे = सबै
भावाः = पदार्थहरू
गुणमयाः = त्रिगुणात्मक छन्

वाक्यार्थ– हे पुरुषहरूमा श्रेष्ठ उद्धव ! पुरुष र प्रकृतिबाट अभिव्यक्त भएका, आँखाले देखिने, कानले सुनिने र बुद्धिले विचार गरिने सांसारिक सबै पदार्थहरू त्रिगुणात्मक छन्।

एताः संसृतयः पुंसो गुणकर्मनिबन्धनाः।
येनेमे निर्जिताः सौम्य गुणा जीवेन चित्तजाः॥
भक्तियोगेन मन्निष्ठो मद्भावाय प्रपद्यते॥ ३२॥

पदार्थ–
सौम्य = हे प्रिय उद्धव
पुंसः = मानिसका
एताः = यी
संसृतयः = कर्मका गतिहरू
गुणकर्मनिबन्धनाः = गुण र कर्मको संसर्गबाट उत्पन्न हुन्
येन = जुन
जीवेन = जीवद्वारा
चित्तजाः = मनमा उत्पन्न भएका
इमे = यी
गुणाः = गुणहरू
निर्जिताः = जितिन्छन्, त्यो जीव
भक्तियोगेन = भक्तियोगद्वारा
मन्निष्ठः = मेरो शरणमा परेर
मद्भावाय = मोक्षका लागि
प्रपद्यते = योग्य बन्दछ

वाक्यार्थ– हे प्रिय उद्धव ! मानिसका यी विभिन्न कर्मगतिहरू गुण र कर्मको सम्मिश्रणबाट उत्पन्न हुन्छन्। त्यसैले जसले यी अवास्तविक गुणलाई जित्दछ, त्यसले मेरो शरणमा परेर मोक्ष प्राप्त गर्दछ।

तस्माद् देहमिमं लब्ध्वा ज्ञानविज्ञानसम्भवम्।
गुणसङ्गं विनिर्धूय मां भजन्तु विचक्षणाः॥ ३३॥

पदार्थ–	**इमं** = यो	**विनिर्धूय** = हटाएर
तस्मात् = त्यसकारण	**देहं** = मनुष्यशरीरलाई	**विचक्षणाः** = विवेकीहरूले
ज्ञानविज्ञानसम्भवं = ज्ञान र	**लब्ध्वा** = प्राप्त गरेर	**मां** = मेरो
विज्ञान दुबै प्राप्त हुने	**गुणसङ्गं** = गुणको आसक्तिलाई	**भजन्तु** = भजन गरून्

वाक्यार्थ– त्यसकारण ज्ञान र विज्ञान दुबै प्राप्त गर्न सकिने मनुष्य शरीर पाएर विवेकीहरूले गुणको आसक्तिलाई हटाएर मेरो भजन गर्नुपर्दछ।

निःसङ्गो मां भजेद् विद्वानप्रमत्तो जितेन्द्रियः।
रजस्तमश्चाभिजयेत् सत्त्वसंसेवया मुनिः॥ ३४॥

पदार्थ–	**सत्त्वसंसेवया** = सात्त्विक	**जितेन्द्रियः** = इन्द्रियनिग्रही बनेर
मुनिः = विवेकशील	पदार्थको सेवनले	**मां** = मलाई
विद्वान् = विद्वान्ले	**रजः** = रजोगुण र	**भजेत्** = भजन गरोस्
निःसङ्गः = आसक्तिरहित	**तमः च** = तमोगुणलाई पनि	
अप्रमत्तः = सावधान बनेर	**अभिजयेत्** = जितोस् र	

वाक्यार्थ– विवेकशील विद्वान्ले सावधानीपूर्वक सत्त्वगुणको सेवनले रजोगुण र तमोगुणलाई जित्नुपर्छ। अनि इन्द्रियसंयम गरी आसक्तिलाई हटाएर मेरो भजन गर्नुपर्दछ।

सत्त्वं चाभिजयेद् युक्तो नैरपेक्ष्येण शान्तधीः।
सम्पद्यते गुणैर्मुक्तो जीवो जीवं विहाय माम्॥ ३५॥

पदार्थ–	**अभिजयेत्** = जित्नुपर्दछ यसरी	सूक्ष्मशरीरलाई
युक्तः = योगद्वारा सावधान र	**गुणैः** = गुणबाट	**विहाय** = त्यागेर
शान्तधीः = शान्त चित्त भएर	**मुक्तः** = उन्मुक्त भएको	**मां** = ममा नै
नैरपेक्ष्येण = वैराग्यले	**जीवः** = जीव	**सम्पद्यते** = सम्मिलित हुन्छ
सत्त्वं च = सत्त्वगुणलाई पनि	**जीवं** = जीवको कारण	

वाक्यार्थ– यसपछि शान्तचित्त तथा निरपेक्ष भएर युक्तिपूर्वक सत्त्वगुणलाई पनि जित्नुपर्दछ। यसो भएपछि मात्र जीवले जीवभाव सूक्ष्मशरीरलाई त्याग्दछ र ममा नै सम्मिलित हुन्छ।

जीवो जीवविनिर्मुक्तो गुणैश्चाशयसम्भवैः।
मयैव ब्रह्मणा पूर्णो न बहिर्नान्तरश्चरेत्॥ ३६॥

पदार्थ–	हुने	**जीवविनिर्मुक्तः च** = जीवत्वको
आशयसम्भवैः = चित्तमा उत्पन्न	**गुणैः** = सत्त्व आदि गुणले र	कारण लिङ्गशरीरले रहित भएको

जीवः = त्यो जीवात्मा **मया** = म **ब्रह्मणा एव** = परब्रह्मको प्राप्तिले	नै **पूर्णः** = परिपूर्ण भएर **न बहिः** = न त विषयभोगमा	**न अन्तरः** = न तिनको चिन्तनमा **चरेत्** = विचरण गर्दछ

वाक्यार्थ– यसरी अन्तःकरणमा उत्पन्न हुने सत्त्व आदि गुणबाट तथा लिङ्गशरीररूप आफ्नो उपाधिबाट छुट्कारा पाएको त्यो जीव म परब्रह्ममा नै परिपूर्ण हुन्छ र त्यसपछि बाहिरी वा भित्री कुनै विषयको भोग वा चिन्तनमा रमाउँदैन।

अध्यायसार– यस अध्यायमा सत्त्व, रज र तम यी तीन गुणहरूका अनेकथरी वृत्तिहरूको वर्णन गरिएको छ र अन्तमा तीनै गुणहरूलाई जित्ने व्यक्ति त्रिगुणातीत ब्रह्मरूपमा अवस्थित हुने वर्णन गरिएको छ। तमोगुण र रजोगुणलाई सत्त्वगुणको सेवनद्वारा जित्नुपर्दछ, सत्त्वगुणलाई जित्ने साधन चाहिँ उत्तम सत्त्वगुणको अभ्यास नै हो। यद्यपि सत्त्वगुणले पनि सुख उत्पन्न गराई त्यसको आसक्तिद्वारा जीवलाई बन्धनमा पारिदिन्छ। त्यसैले भगवान्‌ले गीता (१४.९)मा भन्नुभएको छ– **सत्त्वं सुखे सञ्जयति** अर्थात् सत्त्वगुणले सुखमा आसक्त गराउँछ। तर भोगेच्छाले रहित भई गरिएको सत्त्वगुणको अभ्यासले भने जीवलाई बन्धनमुक्त गराउँछ। संसारबाट निरपेक्ष बन्नु, यो उत्तम सत्त्व गुण नै हो, तर यसको अभ्यासले सत्त्व गुण पनि नष्ट हुन्छ भनिएको छ। जसरी फलमा पूरा रस भरिएपछि त्यो फल पाकी रुखबाट खस्छ त्यसै गरी निरपेक्षताको अभ्यासद्वारा परिपक्व भएको सत्त्वगुण पनि आफैँ खस्दछ। संसारबाट निरपेक्ष बन्न र त्रिगुणातीत हुनका लागि परमात्माको भक्ति गर्नुपर्दछ। यसैले भगवान्‌ले यहाँ साधकहरूलाई **मां भजेत्** अर्थात् मेरो भक्ति गरोस् भन्नुभएको छ।

यहाँ त्रिगुणबन्धनलाई जितेपछि जीव जीवभावबाट पनि मुक्त हुन्छ भनिएको छ। जीवभाव भनेको वास्तवमा अन्तःकरण नै हो। अन्तःकरण त्रिगुणात्मक भएकाले तीनै गुणहरू नभएको अवस्थामा त्यो अन्तःकरण स्वयं बाधित हुन्छ। आत्माको उपाधि अन्तःकरण बाधित भएपछि जीवभाव पनि स्वयं नै बाधित हुन्छ। भगवान् भन्नुहुन्छ– यसप्रकार जीवभाव नष्ट भएपछि व्यक्ति ब्रह्मद्वारा नै परिपूर्ण बन्दछ र ममा सम्पन्न हुन्छ। यहाँ ब्रह्मद्वारा परिपूर्ण बन्नु भनेको आफूलाई ब्रह्मरूपमा बुझ्नु र त्यसमा अवस्थित रहनु हो। जसरी घैँटो माटोद्वारा पूर्ण छ भन्दा घैँटोका कण-कण मृत्तिकारूप नै हुन् भन्ने अर्थ हुन्छ, त्यसै गरी जीव ब्रह्मद्वारा पूर्ण हुन्छ भन्नाले ऊ ब्रह्मभन्दा अभिन्न छ भन्ने तात्पर्य निस्कन्छ। यसको के अर्थ गर्न हुँदैन भने जीव पहिले अपूर्ण थियो, अब ब्रह्मलाई जानी पूर्ण ब्रह्मरूप भयो। यस्तो मान्दा अनेक आपत्तिहरू आउँछन्। यदि जीव अनादि कालदेखि अपूर्ण रहेको थियो भने त्यो त उसको स्वभावै हुने भयो। अब तत्त्वज्ञानद्वारा त्यो पूर्ण कसरी हुनसक्दछ र ? किनभने वस्तुले आफ्नो स्वभावलाई कहिल्यै छाड्दैन। यदि जीव पहिल्यै पूर्ण ब्रह्मरूप थिएन भने ज्ञानद्वारा पूर्ण ब्रह्म बन्न सक्दैन। ज्ञानद्वारा कुनै पनि वस्तुको यथार्थ रूपको बोध हुन्छ। नयाँ स्वरूपको प्राप्ति होइन। नत्र भने जानिनुभन्दा अघि रहेको फलाम, त्यसलाई जानेपछि बहुमूल्य सुनमा रूपान्तरित हुनुपर्ने। बरू अज्ञानद्वारा सुनलाई पित्तल भनी सम्झिएको छ भने प्रमाणपूर्वक जानिसकेपछि त्यो सुन नै सिद्ध हुन्छ। अतः ज्ञानद्वारा वस्तुले प्राप्त

गर्ने स्वरूप भनेको उसको आफ्नै स्वरूप हो, जसलाई उसले बिचमा अज्ञानवश बिर्सिएको थियो। यसैले यहाँ जीवले तत्त्वज्ञानद्वारा पूर्ण ब्रह्मरूपता प्राप्त गर्दछ भन्नुको तात्पर्य पनि ऊ पहिल्यै पूर्ण ब्रह्म नै थियो, अज्ञानद्वारा अपूर्ण, परिच्छिन्न शरीरको रूपमा आफूलाई बुझेको थियो, अब ज्ञानपछि आफू ब्रह्मरूप भएको थाहा पायो भन्ने हो। परमात्माको स्वभाव पूर्ण रहने भएकाले अज्ञानवश जीवको रूपमा कल्पित हुँदा पनि उहाँले आफ्नो पूर्ण ब्रह्मरूपतालाई छाड्नुभएको छैन भन्ने कुरा **पूर्णात् पूर्णमुदच्यते** अर्थात् पूर्ण ब्रह्मबाट पूर्ण जीव-जगत् उत्पन्न हुन्छन् भन्ने श्रुतिवचनबाट सिद्ध हुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे पञ्चविंशोऽध्यायः॥ २५॥

अथ षड्‌विंशोऽध्यायः

वैराग्य भएपछि पुरुरवाको स्थिति र भनाइ

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

मल्लक्षणमिमं कायं लब्ध्वा मद्धर्म आस्थितः ।

आनन्दं परमात्मानमात्मस्थं समुपैति माम्॥ १ ॥

पदार्थ—
मल्लक्षणं = मेरो स्वरूपज्ञानको प्राप्तिको साधन भएको
इमं = यो
कायं = मनुष्यशरीर
लब्ध्वा = प्राप्त गरेर
मद्धर्मे = मेरो भक्तिमा
आस्थितः = लागेको व्यक्तिले
आत्मस्थं = आफ्नै अन्तःकरणमा अवस्थित
आनन्दं = आनन्दस्वरूप
मां = म
परमात्मानं = परमात्मालाई
समुपैति = प्राप्त गर्दछ

वाक्यार्थ— हे उद्धव ! मेरो स्वरूपज्ञानको प्राप्तिको साधन भएको यो मनुष्यशरीर प्राप्त गरेर जुन व्यक्ति मेरो भक्तिमा लाग्दछ, त्यसले आफ्नै अन्तःकरणमा साक्षीरूपले अवस्थित आनन्दस्वरूप म परमात्मालाई प्राप्त गर्दछ।

विवरण— यहाँ भगवान्‌ले मनुष्यशरीरलाई आफ्नो लक्षण भनी बताउनुभएको छ। यहाँ **मल्लक्षण** शब्दको अर्थ हुन्छ **मत्स्वरूपं लक्ष्यते येन साधनेन तत्** अर्थात् जसद्वारा मेरो स्वरूपलाई जान्न सकिन्छ। भगवत्स्वरूपलाई जान्नका निम्ति मनुष्यशरीर प्रमुख साधन हो किनभने मनुष्य नै कर्म, भक्ति एवं ज्ञानको प्रमुख अधिकारी हो। यद्यपि देवताहरू पनि ज्ञानी हुन सक्छन्, तर मनुष्यशरीरमा रहेर नै तत्त्वसाक्षात्कार गर्न सकिने कुराको प्रतिपादन उपनिषद्‌मा गरिएको छ—

यथादर्शे तथात्मनि यथा स्वप्ने तथा पितृलोके ।

यथाप्सु परीव ददृशे तथा गन्धर्वलोके छायातपयोरिव ब्रह्मलोके ।। (कठोपनिषद् २.३.५)

मनुष्यशरीरमा आत्माको स्वरूप ऐनामा मुहार हेरे झैँ छर्लङ्ग देखिन्छ। गन्धर्वलोकमा स्वप्नदर्शन गरेझैँ र पितृलोकमा पानीमा छाया देखे झैँ आत्माको स्वरूप अलि अस्पष्ट देखिन्छ। ब्रह्मलोकमा चाहिँ घाम-छाया झैँ आत्मा-अनात्माको विवेक स्पष्ट हुन्छ। ब्रह्मलोक प्राप्त गर्न पनि अनेकौँ दुःखसाध्य तपस्या आदि गर्नुपर्ने भएकाले मनुष्यशरीरमा ज्ञानप्राप्ति गर्नु सरल छ। त्यसैले भगवत्प्राप्तिको साधन मनुष्यशरीर पाएर मानिसले **मद्‌धर्म** अर्थात् मेरै भक्तिको आश्रय लिनुपर्दछ। यसबाट मानिसले आत्मस्थ परमात्मालाई प्राप्त गर्दछ भनिएको छ। यहाँ **मद्‌धर्म** अर्थात् भक्तिरूपी भगवद्‌धर्मको आश्रय लिएर **आत्मस्थं मां उपैति** अर्थात् हृदयभित्र आत्मरूपमा अवस्थित मलाई प्राप्त गर्दछ भन्ने भगवान्‌को वचनबाट भक्तिले भगवत्तत्त्वसाक्षात्कारद्वारा मोक्ष प्रदान गर्ने स्पष्ट भएको छ। यहाँ भगवान्‌ले भक्तिद्वारा कुनै लोक-लोकान्तरमा जाने कुरा गर्नुभएको छैन, आत्मस्थ परमात्मालाई प्राप्त गर्ने बताउनुभएको छ। आफ्ना प्रिय भक्त उद्धवलाई बताएको यस प्रसङ्गबाट

भगवद्भक्ति र भगवत्तत्त्वसाक्षात्कारद्वारा प्राप्त हुने मोक्षको स्वरूप स्पष्ट भएको छ।

गुणमय्या जीवयोन्या विमुक्तो ज्ञाननिष्ठया।
गुणेषु मायामात्रेषु दृश्यमानेष्ववस्तुतः॥
वर्तमानोऽपि न पुमान् युज्यतेऽवस्तुभिर्गुणैः॥ २॥

पदार्थ–
ज्ञाननिष्ठया = ज्ञाननिष्ठाद्वारा
गुणमय्या = गुणमय
जीवयोन्याः = जीवरूप उपाधिबाट
विमुक्तः = मुक्त भएको
पुमान् = मानिस
अवस्तुतः = अवास्तविक रूपले
दृश्यमानेषु = देखिएका
मायामात्रेषु = मायाका कार्य
गुणेषु = गुणहरूको बिचमा
वर्तमानः अपि = रहेर पनि
अवस्तुभिः = अवास्तविक
गुणैः = गुणहरूले
न युज्यते = युक्त हुँदैन

वाक्यार्थ– ज्ञाननिष्ठाद्वारा गुणमय जीवरूप उपाधिबाट मुक्त भएको मानिस भ्रमका कारण देखिने मायाका कार्य गुणहरूका बिचमा रहेर पनि ती अवास्तविक गुणहरूले युक्त हुँदैन।

सङ्गं न कुर्यादसतां शिश्नोदरतृपां क्वचित्।
तस्यानुगस्तमस्यन्धे पतत्यन्धानुगान्धवत्॥ ३॥

पदार्थ–
शिश्नोदरतृपां = विषयभोग र पेट भर्नमा लागि पर्ने
असतां = दुर्जनहरूको
सङ्गं = सङ्गत
क्वचित् = कहिल्यै पनि
न कुर्यात् = गर्नु हुँदैन
तस्य = त्यस्ताको
अनुगः = अनुसरण गर्ने मानिस
अन्धानुगान्धवत् = अन्धोको पछि लागेको अन्धो झैँ
अन्धे = घोर
तमसि = अज्ञान वा नरकमा
पतति = पर्दछ

वाक्यार्थ– मानिसले विषयभोग र पेट भर्नका लागि मरिमेट्ने दुर्जनहरूसँग कहिल्यै सङ्गत गर्नुहुँदैन। त्यस्ताको सङ्गत गर्ने मानिस अन्धोको पछि लागेको अन्धो झैँ घोर अज्ञान वा नरकमा पर्दछ।

ऐलः सम्राडिमां गाथामगायत बृहच्छ्रवाः।
उर्वशीविरहान् मुह्यन्निर्विण्णः शोकसंयमे॥ ४॥

पदार्थ–
बृहच्छ्रवाः = महायशस्वी
सम्राट् = चक्रवर्ती
ऐलः = राजा ऐलले
उर्वशीविरहात् = उर्वशीसँगको बिछोडले
मुह्यन् = पहिला अत्यन्त मोहित भएर र
शोकसंयमे = पछि शोक हटेपछि
निर्विण्णः = वैराग्य उत्पन्न भएर
इमां = यस्तो
गाथां = गाथा
अगायत = गाएका थिए

वाक्यार्थ– महायशस्वी चक्रवर्ती राजा ऐलले पहिला उर्वशीसँगको बिछोडले अत्यन्त मोहित भएर शोक गरेका थिए, अन्तमा शोक हटी वैराग्य उत्पन्न भएपछि उनले यस्तो गाथा गाएका थिए।

त्यक्त्वात्मानं व्रजन्तीं तां नग्न उन्मत्तवन्नृपः।
विलपन्नन्वगाज्जाये घोरे तिष्ठेति विक्लवः॥ ५॥

पदार्थ–
नृपः = राजा ऐल
उन्मत्तवत् = पागल झैँ
नग्नः = नाङ्गै भएर
आत्मानं = आफूलाई
त्यक्त्वा = छाडेर
व्रजन्तीं = जान लागेकी
तां = ती उर्वशीको
विलपन् = विलाप गर्दै
घोरे = हे निष्ठुरी
जाये = पत्नी
तिष्ठ इति = पर्ख भन्दै
विक्लवः = विह्वल भएर
अन्वगात् = पछि-पछि हिँड्न लागे

वाक्यार्थ– पागल झैँ नाङ्गै भएर राजा ऐल आफूलाई छाडेर जान लागेकी उर्वशीको पछि-पछि 'हे निष्ठुरी ! हे पत्नी ! पर्ख न' भनी विलाप गर्दै विह्वल भएर उनको पछि-पछि हिँड्न लागे।

कामानतृप्तोऽनुजुषन् क्षुल्लकान् वर्षयामिनीः।
न वेद यान्तीर्नायान्तीरुर्वश्याकृष्टचेतनः॥ ६॥

पदार्थ–
उर्वश्या = उर्वशीद्वारा
आकृष्टचेतनः = चित्त आकृष्ट भएका राजा ऐलले
अतृप्तः = अतृप्त भएर
क्षुल्लकान् = तुच्छ
कामान् = विषयहरूको
अनुजुषन् = भोग गर्दागर्दै
वर्षयामिनीः = वर्षका रात्रीहरू
यान्तीः = बितेको
न वेद = पत्तो पाएनन् र
आयान्तीः = आउँदै गरेको पनि
न = थाहा पाएनन्

वाक्यार्थ– उर्वशीमा अत्यन्त आसक्त भएका राजा ऐलले तुच्छ विषयभोगमा लिप्त हुँदा वर्षौंसम्म कहिले रात भयो र कहिले दिन आयो भन्नेसम्म पनि पत्तै पाएनन्।

ऐल उवाच (राजा ऐलले भने)

अहो मे मोहविस्तारः कामकश्मलचेतसः।
देव्या गृहीतकण्ठस्य नायुःखण्डा इमे स्मृताः॥ ७॥

पदार्थ–
अहो = आश्चर्यको कुरो
कामकश्मलचेतसः = कामवासनाले चित्त दूषित भएको
देव्या = उर्वशीद्वारा
गृहीतकण्ठस्य = अँगालोमा बाँधिएको
मे = मलाई
मोहविस्तारः = मोहको जालोले कसरी घेरेछ (जसले गर्दा)
इमे = यी

आयुःखण्डा = आयुका टुक्रा	दिनरात पनि	**न स्मृताः** = सम्झिइएनन्

वाक्यार्थ– आश्चर्यको कुरो ! कामवासनाले कलुषित भएको मेरो चित्तलाई मोहको जालोले कसरी घेरेछ ! उर्वशीको अँगालोमा बेरिएर बस्दा-बस्दैमा जीवनका कति दिन-रात र वर्ष बिते, त्यो पनि मलाई सम्झनै भएनछ।

नाहं वेदाभिनिर्मुक्तः सूर्यो वाभ्युदितोऽमुया।
मूषितो वर्षपूगानां बताहानि गतान्युत ॥ ८ ॥

पदार्थ–	**सूर्यः** = सूर्य कहिले	**वर्षपूगानां** = कैयौँ वर्षका
बत = दुःखको कुरो	**अभिनिर्मुक्तः** = अस्ताए	**अहानि** = कति दिनहरू
अमुया = त्यस उर्वशीद्वारा	**अभ्युदितः वा** = अथवा कहिले	**गतानि उत** = बिते (त्यो पनि
मूषितः = ठगिएको	उदाए (त्यो पनि)	थाहा भएन)
अहं = मैले	**न वेद** = थाहा पाइनँ	

वाक्यार्थ– त्यस उर्वशीद्वारा ठगिएपछि मलाई कहिले सूर्योदय भयो र कहिले सूर्यास्त भयो थाहै भएन। दुःखको कुरा ! जीवनका कति वर्ष तथा दिनहरू बिते, त्यो पनि केही थाहा भएन।

अहो मे आत्मसम्मोहो येनात्मा योषितां कृतः।
क्रीडामृगश्चक्रवर्ती नरदेवशिखामणिः ॥ ९ ॥

पदार्थ–	**नरदेवशिखामणिः** =	**आत्मा** = शरीरलाई
आत्मसम्मोहः = मोहजाल	राजशिरोमणि	**योषितां** = एउटी नारीको
अहो = अनौठो हुँदो रहेछ	**चक्रवर्ती** = चक्रवर्ती	**क्रीडामृगः** = खेलौना
येन = जुन मोहले	**मे** = मेरो	**कृतः** = बनाइदियो

वाक्यार्थ– यो मोहजाल भन्ने कुरा अनौठो हुँदो रहेछ जसले म राजशिरोमणि चक्रवर्ती राजालाई पनि एउटी नारीको खेलौना बनाइदियो।

सपरिच्छदमात्मानं हित्वा तृणमिवेश्वरम्।
यान्तीं स्त्रियं चान्वगमं नग्न उन्मत्तवद् रुदन् ॥ १० ॥

पदार्थ–	**तृणं इव** = झारलाई झैं	**नग्नः** = नाङ्गै भएर
सपरिच्छदं = राजकाजसहित	**हित्वा** = त्यागेर	**उन्मत्तवत्** = पागल झैं
ईश्वरं = आफ्नो स्वामी	**यान्तीं** = जान लागेकी	**रुदन्** = रुँदै-रुँदै
आत्मानं = मलाई	**स्त्रियं च** = स्त्रीको पछि	**अन्वगमम्** = पछि लागेँ

वाक्यार्थ– राजकाजसहित आफ्नो स्वामी मलाई झारलाई झैं चटक्क छोडेर जान लागेकी त्यस

स्त्रीको पछि-पछि म नाङ्गै भएर पागल झैँ रुँदै-रुँदै हिँडेँ।

कुतस्तस्यानुभावः स्यात् तेज ईशत्वमेव वा।
योऽन्वगच्छं स्त्रियं यान्तीं खरवत् पादताडितः॥ ११॥

पदार्थ–
यः = जुन म
खरवत् = गधा झैँ
पादताडितः = लात खाएर पनि
यान्तीं = छाडेर जान लागेकी
स्त्रियं = स्त्रीको
अन्वगच्छं = पछि लागेँ
तस्य = त्यस्तो मेरो
अनुभावः = प्रभाव
तेजः = कान्ति
ईशत्वं एव वा = अथवा प्रभुत्व नै
कुतः = कहाँबाट
स्यात् = होस्

वाक्यार्थ– गधाले झैँ लात खाए तापनि आफूलाई छाडेर जान लागेकी स्त्रीको पछि-पछि लाग्ने म जस्तो व्यक्तिमा प्रभाव, कान्ति र प्रभुत्व आदि भाव कहाँबाट होस् ?

किं विद्यया किं तपसा किं त्यागेन श्रुतेन वा।
किं विविक्तेन मौनेन स्त्रीभिर्यस्य मनो हृतम्॥ १२॥

पदार्थ–
स्त्रीभिः = स्त्रीहरूद्वारा
यस्य = जसको
मनः = मन
हृतं = हरण गरिएको छ, त्यसलाई
विद्यया = विद्याले
किं = के गर्ने
तपसा = तपस्याले
किं = के लाभ हुने
त्यागेन = त्यागले
श्रुतेन वा = अथवा शास्त्रश्रवणले
किं = के गर्ने
विविक्तेन = एकान्तसेवनले र
मौनेन = मौनव्रतले
किम् = के लाभ हुने

वाक्यार्थ– जसको मन स्त्रीहरूद्वारा हरण गरिएको छ त्यस्तालाई विद्या, तपस्या, त्याग, शास्त्रश्रवण, एकान्तवास र मौनव्रत आदिबाट के लाभ हुन सक्छ र ?

स्वार्थस्याकोविदं धिङ् मां मूर्खं पण्डितमानिनम्।
योऽहमीश्वरतां प्राप्य स्त्रीभिर्गोखरवज्जितः॥ १३॥

पदार्थ–
स्वार्थस्य = स्वार्थको पनि
अकोविदं = ख्याल नगर्ने
पण्डितमानिनं = जान्ने छु भन्ने घमन्ड गर्ने
मां = म
मूर्खं = मूर्खलाई
धिक् = धिक्कार छ
यः = जुन
अहं = म
ईश्वरतां = चक्रवर्ती राजाको पद
प्राप्य = पाएर पनि
गोखरवत् = गोरु र गधा जस्तै
स्त्रीभिः = स्त्रीहरूद्वारा
जितः = पराजित भएँ

वाक्यार्थ– स्वार्थको पनि ख्याल नभएको र आफूलाई ठुलो ज्ञानी सम्झने म मूर्खलाई धिक्कार

छ। चक्रवर्तीको पद पाएर पनि म गधा र गोरु झैँ स्त्रीहरूको वशमा पर्न गएँ।

सेवतो वर्षपूगान् मे उर्वश्या अधरासवम्।
न तृप्यत्यात्मभूः कामो वह्निराहुतिभिर्यथा॥ १४॥

पदार्थ—
वर्षपूगान् = कैयौँ वर्षसम्म
उर्वश्याः = उर्वशीको
अधरासवं = अधरामृत
सेवतः = पान गरे पनि
मे = मेरो
आत्मभूः = मनमा उत्पन्न भएको
कामः = कामवासना
आहुतिभिः = आहुतिहरूद्वारा
वह्निः यथा = अग्नि शान्त नभए झैँ
न तृप्यति = तृप्त भएन

वाक्यार्थ— कैयौँ वर्षसम्म उर्वशीको अधरामृत पान गर्दा पनि जसरी आहुतिहरूद्वारा अग्नि तृप्त हुँदैन, त्यसै गरी मेरो मनमा उत्पन्न भएको काम-वासना शान्त भएन।

विवरण— यस प्रसङ्गमा राजा ऐल (पुरुरवा)ले आफ्नो जीवनमा धेरै लामो समय उर्वशीको आसक्तिमा बितेको सम्झी आफूलाई धिक्कारेका छन्। वासनाले अन्धो भई विषयहरूको भोग गर्नाले मानिस अन्तमा कुन स्थितिमा पुग्छ भन्ने कुराको शिक्षा यहाँ दिइएको छ। भोगासक्त व्यक्ति संसारका तिनै क्षणिक सुखहरूतर्फ तानिन्छ, जसको जीवनभरि सेवन गरे पनि पूर्ण तृप्ति नभई अन्तमा निराशा मात्र हात लाग्दछ। पहिले अमृतसमान लाग्ने र पछि विषसमान परिणाम निक्लने यी सुखहरूलाई तामस सुख भनिन्छ। सुख-दुःखको विश्लेषण गर्न नसक्ने मानिस मोहात्मक सुखलाई नै मन पराउँछ, उसलाई परिणामको ख्याल हुँदैन। सामान्य मानिसहरू यी अस्थिर तामस सुखहरूकै भोगमा किन भुल्दछन् भने यिनीहरूको भोग गर्न बुद्धि लगाउन पनि पर्दैन अनि मन-इन्द्रियलाई वशमा पनि गर्नुपर्दैन। त्यसैले यो सजिलो र सुलभ सुख मानिन्छ। विरक्त अन्तःकरणमा अन्तर्मुखी वृत्तिको कारण निरन्तर प्रकाशित भइरहने सुख सात्त्विक सुख हो, तर त्यसका लागि महान् धैर्य, विषयवासनाको त्याग आदि साधनहरू आवश्यक पर्दछन्। यस्तो धैर्य नहुने मानिसहरू क्षणिक विषय र वासनाप्रधान इन्द्रियहरूको संयोगबाट प्राप्त हुने मोहात्मक सुखहरूमा नै भुलिरहन्छन्। भगवान् बताउनुहुन्छ—

यदग्रे चानुबन्धे च सुखं मोहनमात्मनः।
निद्रालस्यप्रमादोत्थं तत् तामसमुदाहृतम्।। (श्रीमद्भगवद्गीतामा १८.३९)

अर्थात् जुन सुख भोगकालमा र परिणाममा पनि मोहात्मक छ, जुन निद्रा, आलस्य र प्रमादबाट उत्पन्न हुन्छ त्यस्तो सुखलाई तामस सुख भनिन्छ। यहाँ पनि ऐल राजाले भोगेको विषयसुख तामस एवं मोहात्मक भएको बताएका छन्।

राजा ऐल भन्दछन्— वर्षौंसम्म उर्वशीसँग रमण गरिरहँदा पनि मेरो मनभित्रको कामना तृप्त भएको छैन। जसरी दाउरा, चरु आदि थप्नाले दन्केको आगो निभ्दैन, झन् प्रज्वलित हुन्छ, त्यसै गरी विषयभोग गरिरहेर पनि कामनारूपी आगो निभ्नुको साटो झन् बढ्दछ। राजाले आफू चक्रवर्ती सम्राट् भए पनि उर्वशीमोहले आफूलाई खेलौना बनाएको अनुभव गरेका छन्। आफ्नो

मोहभावलाई यसप्रकार अलग भई हेर्नाले उनी मोहबाट मुक्त भएको देखिन्छ। विषयहरूको भोग गर्दागर्दै एक दिन त्यसबाट कहिल्यै तृप्ति नहुने र आफू व्यर्थमा नै झन्झटमा फसेको बोध हुन्छ, तर राजा ऐललाई भने अति विषयभोगका कारण चाँडै नै यो कुराको बोध भएको छ। मोह–वासना आदिलाई फाल्ने उत्तम साधन भनेको मोहलाई मोहको रूपमा बुझ्नु नै हो। यो सपना रहेछ भनेर बुझ्नेबित्तिकै व्यक्ति त्यो स्वप्नभ्रमबाट मुक्त भएझैं मोहलाई पनि बुझ्नेबित्तिकै त्यसबाट व्यक्ति मुक्त भइहाल्दछ। साधारण मानिसहरूमा आफू मोहमा परेको भन्ने बोध पनि नहुने हुनाले उनीहरू त्यसबाट मुक्त हुन सक्दैनन्। यहाँ राजा ऐललाई संसारका सर्वश्रेष्ठ ठानिने विषयहरूको बर्सौंसम्म भोग गर्दा पनि अन्तमा अतृप्ति र पश्चात्ताप मात्र भएको देखाई त्यस्तो दुःसङ्गलाई त्यागनुपर्ने निर्देशन दिइएको छ।

पुंश्चल्यापहृतं चित्तं को न्वन्यो मोचितुं प्रभुः।
आत्मारामेश्वरमृते भगवन्तमधोक्षजम्॥ १५॥

पदार्थ–
पुंश्चल्या = वेश्याद्वारा
अपहृतं = हरण गरिएको
चित्तं = चित्तलाई
मोचितुं = छुटाउन
आत्मारामेश्वरं = आत्मामा रमण गर्ने ऋषिमुनिहरूका मालिक
अधोक्षजं = इन्द्रियको विषयभन्दा परका
भगवन्तं = भगवान्लाई
ऋते = छाडेर
अन्यः = अरू
कः नु = को नै
प्रभुः = समर्थ होला र

वाक्यार्थ– वेश्याद्वारा चोरिएको मेरो चित्तलाई छुटाउन आत्माराम ऋषिमुनिहरूका पनि मालिक, इन्द्रियको विषयभन्दा परका भगवान्लाई छोडेर अरू कसले सक्ला र ?

बोधितस्यापि देव्या मे सूक्तवाक्येन दुर्मतेः।
मनोगतो महामोहो नापयात्यजितात्मनः॥ १६॥

पदार्थ–
देव्या = देवी उर्वशीद्वारा
सूक्तवाक्येन = मिठो वचनद्वारा
बोधितस्य अपि = सम्झाइएको भए पनि
अजितात्मनः = इन्द्रियलाई जित्न नसकेको
दुर्मतेः = दुर्बुद्धि भएको
मे = मेरो
मनोगतः = मनमा रहेको
महामोहः = मोहजाल
न अपयाति = हट्न सकेन

वाक्यार्थ– देवी उर्वशीले मिठो वचनद्वारा कैयौं पटक सम्झाए पनि इन्द्रियलाई वशमा राख्न नसकेको दुर्बुद्धि भएको मेरो मनबाट मोहको जालो हट्न सकेन।

किमेतया नोऽपकृतं रज्ज्वा वा सर्पचेतसः।
रज्जुस्वरूपाविदुषो योऽहं यदजितेन्द्रियः॥ १७॥

पदार्थ–
रज्जुस्वरूपाविदुषः = डोरीलाई डोरी हो भन्ने नजानेर
सर्पचेतसः = सर्प मानी डराएको व्यक्तिलाई
रज्ज्वा वा = डोरीले झैं

एतया = यो उर्वशीले
नः = हाम्रो
किं = के
अपकृतं = बिगार गरी
यत् = किनभने
यः = जुन
अहं = मैले
अजितेन्द्रियः = इन्द्रियलाई जित्न सकिनँ

वाक्यार्थ– डोरीलाई डोरी हो भन्ने नजानी सर्प भन्ने ठानेर डराउने व्यक्तिलाई डोरीले केही बिगार नगरे झैं यो उर्वशीले मेरो के बिगार गरी र ? किनभने वास्तवमा इन्द्रियलाई वशमा राख्न नसक्ने त म आफैं हुँ।

क्वायं मलीमसः कायो दौर्गन्ध्याद्यात्मकोऽशुचिः।
क्व गुणाः सौमनस्याद्या ह्यध्यासोऽविद्यया कृतः॥ १८॥

पदार्थ–
दौर्गन्ध्याद्यात्मकः = दुर्गन्धमय
अशुचिः = अपवित्र र
मलीमसः = अत्यन्त मैलो
अयं = यो
कायः = शरीर
क्व = कहाँ
सौमनस्याद्याः = सुगन्ध, सुकोमलता आदि
गुणाः = गुणहरू
क्व = कहाँ
हि = निश्चय नै
अविद्यया = अज्ञानले गर्दा नै (यसप्रकारको)
अध्यासः = भ्रम
कृतः = भएको हो

वाक्यार्थ– दुर्गन्धमय अपवित्र तथा अत्यन्त मैलो यो शरीर कहाँ र सुगन्ध, सुकोमलता आदि दिव्यगुण कहाँ ? तापनि मैले अज्ञानका कारण अपवित्र शरीरमा पवित्रताको कल्पना गरेर आफैँले आफैँलाई भ्रमित बनाएँ।

पित्रोः किं स्वं नु भार्यायाः स्वामिनोऽग्नेः श्वगृध्रयोः।
किमात्मनः किं सुहृदामिति यो नावसीयते॥ १९॥

पदार्थ–
नु = आश्चर्यको कुरा
यः = जुन शरीरलाई
किं = के
पित्रोः = माता-पिताको
स्वं = सम्पत्ति हो
भार्यायाः = पत्नीको हो
स्वामिनः = मालिकको हो
अग्नेः = अग्निको हो
श्वगृध्रयोः = अथवा कुकुर र गिद्धको हो
किं = के
आत्मनः = आत्माको वस्तु हो
किं = के
सुहृदां = साथीभाइको हो
इति न अवसीयते = यो कुरा बुझ्नै सकिँदैन

वाक्यार्थ– यो शरीर माता-पिताको सम्पत्ति हो ? अथवा पत्नीको सम्पत्ति हो ? मालिकको वस्तु हो वा आगोको इन्धन हो ? अथवा कुकुर र गिद्धको आहारा हो वा साथीभाइ कसको हो ? केही निश्चय गर्न सकिँदैन।

तस्मिन् कलेवरेऽमेध्ये तुच्छनिष्ठे विषज्जते।
अहो सुभद्रं सुनसं सुस्मितं च मुखं स्त्रियः॥ २०॥

पदार्थ–
तस्मिन् = त्यही
अमेध्ये = अपवित्र
तुच्छनिष्ठे = तुच्छ
कलेवरे = शरीरमा
अहो = अहो
स्त्रियः = यस स्त्रीको
सुभद्रं = अति राम्रो
मुखं = मुख
सुनसं = राम्रो नाक तथा
सुस्मितं च = राम्रो मुस्कान भनी
विषज्जते = आसक्त हुन्छ

वाक्यार्थ– त्यही अपवित्र र तुच्छ शरीरमा अहो ! यस स्त्रीको मुख कति राम्रो छ, नाक कस्तो सलक्क परेको छ र मुस्कान कस्तो आकर्षक छ आदि अनेक भावना गरेर मानिस आसक्त हुन्छ।

त्वङ्मांसरुधिरस्नायुमेदोमज्जास्थिसंहतौ ।
विण्मूत्रपूये रमतां कृमीणां कियदन्तरम् ॥ २१ ॥

पदार्थ–
त्वङ्मांसरुधिरस्नायुमेदोमज्जास्थिसंहतौ = छाला, मासु, रगत, नसा, बोसो, मासी र हाडको सामूहिक रूप शरीरमा
रमतां = रमाउने मानिसमा र
विण्मूत्रपूये = मल, मूत्र र पिपमा रमाउने
कृमीणां = किरामा
कियत् = कति
अन्तरम् = फरक छ र

वाक्यार्थ– छाला, मासु, रगत, नसा, बोसो, मासी र हाडले बनेको मलमूत्रमय शरीरमा रमाउने मानिस र मलमूत्र तथा पिपमा रमाउने किरामा के फरक छ र ?

अथापि नोपसज्जेत स्त्रीषु स्त्रैणेषु चार्थवित् ।
विषयेन्द्रियसंयोगान्मनः क्षुभ्यति नान्यथा ॥ २२ ॥

पदार्थ–
अथ अपि = त्यसकारणले पनि
अर्थवित् = विवेकी पुरुषले
स्त्रीषु = स्त्रीहरूसँग र
स्त्रैणेषु च = स्त्रीलम्पटहरूसँग
न उपसज्जेत = कहिल्यै सङ्गत गर्नु हुँदैन (किनभने)
विषयेन्द्रियसंयोगात् = विषय र इन्द्रियको संयोगबाट नै
मनः = मन
क्षुभ्यति = चञ्चल हन्छ
अन्यथा = अरू कुराले
न = हुँदैन

वाक्यार्थ– त्यसकारण पनि विवेकशील पुरुषले स्त्रीहरूसँग र स्त्रीलम्पटहरूसँग कहिल्यै सङ्गत गर्नुहुँदैन। किनभने विषय र इन्द्रियको संयोगद्वारा नै मनमा विकार उत्पन्न हुन्छ, अरू कुराले हुँदैन।

अदृष्टादश्रुताद् भावान्न भाव उपजायते ।
असम्प्रयुञ्जतः प्राणान् शाम्यति स्तिमितं मनः ॥ २३ ॥

पदार्थ–
अदृष्टात् = कहिल्यै नदेखेको र
अश्रुतात् = नसुनेको
भावात् = पदार्थबाट
भावः = विकार
न उपजायते = उत्पन्न हुँदैन
प्राणान् = इन्द्रियहरूलाई
असम्प्रयुञ्जतः = विषयसँग संयोग नगराउने मानिसको
मनः = मन
स्तिमितं = आफैँ निश्चल भएर
शाम्यति = शान्त हुन्छ

वाक्यार्थ– कहिल्यै नदेखेको अथवा नसुनेको वस्तुका निम्ति चित्तमा कुनै पनि विकार उत्पन्न हुँदैन। त्यसैले इन्द्रियहरूको विषयहरूसित संयोग हुन नदिने मानिसको मन आफैं निश्चल भएर शान्त हुन्छ।

तस्मात् सङ्गो न कर्तव्यः स्त्रीषु स्त्रैणेषु चेन्द्रियैः।

विदुषां चाप्यविस्रब्धः षड्वर्गः किमु मादृशाम्॥ २४॥

पदार्थ–
तस्मात् = त्यसकारण
इन्द्रियैः = इन्द्रियहरूद्वारा
स्त्रीषु = स्त्रीहरू र
स्त्रैणेषु च = स्त्रीलम्पटहरूसँग पनि
सङ्गः = सङ्गत
न कर्तव्यः = गर्नुहुँदैन (किनभने)
षड्वर्गः च = छ इन्द्रियहरूको समूह
विदुषां अपि = विद्वान्हरूका लागि पनि
अविस्रब्धः = विश्वास गर्न नसकिने हुन्छन् भने
मादृशां = मजस्तो अविवेकीको त
किमु = के कुरा भयो र

वाक्यार्थ– त्यसकारण इन्द्रियहरूद्वारा स्त्रीहरू र स्त्रीलम्पटहरूको सङ्गत गर्नुहुँदैन। किनभने ठुला-ठुला विवेकीहरूले त आफ्ना इन्द्रियलाई जितेको विश्वास गर्न सक्दैनन् भने मजस्तो अविवेकीको त के कुरा भयो र ?

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

एवं प्रगायन् नृपदेवदेवः स उर्वशीलोकमथो विहाय।

आत्मानमात्मन्यवगम्य मां वै उपारमज्ज्ञानविधूतमोहः॥ २५॥

पदार्थ–
एवं = यसप्रकार
प्रगायन् = उद्‌गार व्यक्त गर्दै गरेका
नृपदेवदेवः = राजराजेश्वर
सः = ती पुरुरवाले
वै = निश्चय नै
उर्वशीलोकं = उर्वशीलोकलाई
विहाय = छाडेर
अथो = त्यसपछि
आत्मनि = आफ्नै अन्तःकरणमा
मां = साक्षीरूपले बसेको म
आत्मानं = परमात्मालाई
अवगम्य = बुझेर
ज्ञानविधूतमोहः = ज्ञानद्वारा मोह हटेपछि
उपारमत् = शान्त भए

वाक्यार्थ– राजराजेश्वर पुरुरवाको मनमा यसप्रकारको विवेक उदय भएपछि उनले उर्वशीको लोकलाई छोडिदिए। त्यसपछि अन्तःकरणमा साक्षीरूपले बसेको आत्मस्वरूप म परमात्मालाई बुझेर ज्ञानद्वारा उनको सम्पूर्ण मोहजाल हट्यो र उनी शान्त बने।

ततो दुःसङ्गमुत्सृज्य सत्सु सज्जेत बुद्धिमान्।

सन्त एतस्य छिन्दन्ति मनोव्यासङ्गमुक्तिभिः॥ २६॥

पदार्थ–
ततः = त्यसकारण
बुद्धिमान् = बुद्धिमान् व्यक्तिले

दुःसङ्गं = खराब सङ्गत	**सन्तः** = सज्जनहरूले	आसक्तिलाई
उत्सृज्य = छाडेर	**उक्तिभिः** = उपदेशहरूद्वारा	**छिन्दन्ति** = काटिदिन्छन्
सत्सु = सज्जनहरूसँग	**एतस्य** = उसको	
सज्जेत = सङ्गत गर्नुपर्दछ	**मनोव्यासङ्गं** = मनको	

वाक्यार्थ– त्यसैकारण बुद्धिमान् व्यक्तिले खराब सङ्गतलाई छाडेर सज्जनहरूको सङ्गत गर्नुपर्छ। यसो भएमा सन्तहरूले आफ्नो सदुपदेशद्वारा उसको मनको आसक्तिलाई छिन्न-भिन्न पारिदिन्छन्।

सन्तोऽनपेक्षा मच्चित्ताः प्रशान्ताः समदर्शिनः।

निर्ममा निरहङ्कारा निर्द्वन्द्वा निष्परिग्रहाः॥ २७॥

पदार्थ–

सन्तः = सन्तहरू	**प्रशान्ताः** = अत्यन्त प्रसन्न	**निर्द्वन्द्वाः** = सुख-दुःख आदि
अनपेक्षाः = आशाले रहित	**समदर्शिनः** = सबैलाई समान	द्वन्द्व नभएका
मच्चित्ताः = म परमात्मामा मन	दृष्टिले हेर्ने	**निष्परिग्रहाः** = सङ्ग्रह नगर्ने
लगाएका	**निर्ममाः** = ममतारहित	हुन्छन्
	निरहङ्काराः = अहङ्कारविहीन	

वाक्यार्थ– सन्तहरू आशाले रहित भएका र परमात्मामा मन लगाएर अति प्रसन्न भएका हुन्छन्। उनीहरू सबैलाई समान दृष्टिले हेर्ने, ममता, अहङ्कार र सुखदुःख आदि द्वन्द्वले रहित र सङ्ग्रह नगर्ने स्वभाव भएका हुन्छन्।

तेषु नित्यं महाभाग महाभागेषु मत्कथाः।

सम्भवन्ति हिता नृणां जुषतां प्रपुनन्त्यघम्॥ २८॥

पदार्थ–

महाभाग = हे महाभाग्यशाली	ठाउँमा	**सम्भवन्ति** = भइरहन्छन्
उद्धव	**नित्यं** = सधैं	**जुषतां** = तिनलाई श्रवण
तेषु = ती	**नृणां** = मनुष्यहरूका निम्ति	गर्नेहरूको
महाभागेषु = सन्तहरू भएको	**हिताः** = अत्यन्त हितकारक	**अघं** = पापलाई
	मत्कथाः = मेरा गुणकथाहरू	**प्रपुनन्ति** = पवित्र पारिदिन्छन्

वाक्यार्थ– हे महाभाग्यमानी उद्धव ! ती सन्तहरू भएको ठाउँमा सदा-सर्वदा मनुष्यहरूका निम्ति अति कल्याणकारी मेरा गुणकथाहरू भइरहन्छन्। जसलाई श्रवण गर्नाले पापीहरूको पाप पनि पवित्र हुन्छ।

ता ये शृण्वन्ति गायन्ति ह्यनुमोदन्ति चादृताः।

मत्पराः श्रद्दधानाश्च भक्तिं विन्दन्ति ते मयि॥ २९॥

पदार्थ–

	ये = जसले	**आदृताः** = आदरपूर्वक

ताः = ती मेरा कथाहरूलाई **शृण्वन्ति** = सुन्दछन् **गायन्ति** = गाउँछन् र **अनुमोदन्ति च** = स्वीकार गर्दछन् **हि** = निश्चय नै **ते** = तिनीहरूले **मत्पराः** = ममा समर्पित तथा **श्रद्दधानाः च** = श्रद्धालु बन्दै **मयि** = मेरो **भक्तिं** = परम भक्तिलाई **विन्दन्ति** = प्राप्त गर्दछन्

वाक्यार्थ– सावधानपूर्वक ममा चित्त लगाएर आदर र श्रद्धासँग जसले मेरा गुणकथाहरू सुन्ने, गाउने र स्वीकार गर्ने गर्दछन् तिनीहरूलाई मेरो अनन्य भक्ति प्राप्त हुन्छ।

भक्तिं लब्धवतः साधोः किमन्यदवशिष्यते।
मय्यनन्तगुणे ब्रह्मण्यानन्दानुभवात्मनि॥ ३०॥

पदार्थ–
अनन्तगुणे = अनन्तगुणले सम्पन्न **आनन्दानुभवात्मनि** = आनन्द र अनुभवस्वरूप **मयि** = म **ब्रह्मणि** = परब्रह्ममा **भक्तिं** = अनन्य भक्ति **लब्धवतः** = प्राप्त गरेको **साधोः** = सज्जनको **अन्यत्** = पाउनुपर्ने अरू **किं** = के **अवशिष्यते** = बाँकी रहन्छ र

वाक्यार्थ– जसले अनन्त गुणले सम्पन्न भएको एवं आनन्द र अनुभव स्वरूप मेरो परम भक्ति प्राप्त गरेको छ, त्यस सज्जनले अरू के पाउन बाँकी रहन्छ र ?

यथोपश्रयमाणस्य भगवन्तं विभावसुम्।
शीतं भयं तमोऽप्येति साधून् संसेवतस्तथा॥ ३१॥

पदार्थ–
यथा = जसरी **भगवन्तं** = भगवान् **विभावसुं** = अग्निको **उपश्रयमाणस्य** = उपासना गर्नेको नजिकबाट **शीतं** = चिसो **भयं** = डर र **तमः अपि** = अन्धकार पनि **एति** = टाढा जान्छ **तथा** = त्यसै गरी **साधून्** = सन्तहरूको **संसेवतः** = सेवा गर्नेको नजिकबाट पाप, अज्ञान आदि टाढा हुन्छन्

वाक्यार्थ– जसरी अग्निको सेवा गर्नेको नजिकबाट चिसो, डर र अन्धकार आदि टाढा भाग्छन्, त्यसै गरी सन्तहरूको सेवा गर्नेहरूको नजिकबाट पाप, अज्ञान आदि दोष सधैं टाढा रहन्छन्।

निमज्ज्योन्मज्जतां घोरे भवाब्धौ परमायनम्।
सन्तो ब्रह्मविदः शान्ता नौर्दृढेवाप्सु मज्जताम्॥ ३२॥

पदार्थ–
घोरे = भयङ्कर **भवाब्धौ** = भवसागरमा **निमज्ज्योन्मज्जतां** = उत्तम-अधम योनिहरूमा जन्मने, मर्ने जीवका निम्ति **शान्ताः** = शान्तचित्त भएका **ब्रह्मविदः** = ब्रह्मवेत्ता **सन्तः** = सन्तहरू

अप्सु = पानीमा	**दृढा** = बलियो	**परमायनम्** = ठुला आश्रय हुन्
मज्जतां = डुब्न लागेकालाई	**नौः इव** = डुङ्गा झैं	

वाक्यार्थ– जसरी पानीमा डुब्न लागेकालाई डुङ्गा एक मात्र बाँच्ने आधार हुन्छ, त्यसै गरी घोर संसाररूपी सागरमा उत्तम-अधम वा उच-नीच आदि योनिमा जन्मिने मर्ने जीवहरूका निम्ति ब्रह्मविद् सन्तहरू बलियो आश्रय हुन्।

अन्नं हि प्राणिनां प्राण आर्तानां शरणं त्वहम्।
धर्मो वित्तं नृणां प्रेत्य सन्तोऽर्वाग् बिभ्यतोऽरणम्॥ ३३॥

पदार्थ–	**आर्तानां** = दुःखीहरूको	**सन्तः** = सन्तहरू नै
हि = जसरी	**शरणं** = आश्रय हुँ	**अर्वाक्** = फेरि संसारमा
अन्नं = अन्न नै	**धर्मः** = धर्म नै जसरी	जन्मनुपर्ला भनेर
प्राणिनां = प्राणीहरूको	**प्रेत्य** = मरेपछि	**बिभ्यतः** = डराउनेहरूका
प्राणः = जीवनको आधार हो	**नृणां** = मान्छेको	**अरणम्** = परम आश्रय हुन्
अहं = म	**वित्तं** = सम्पत्ति हो (त्यसै गरी)	

वाक्यार्थ– जसरी अन्न नै प्राणीहरूको जीवनको आधार हो, जसरी म दीनदुःखीहरूको आश्रय हुँ र जसरी मरेपछि परलोकमा मान्छेको एक मात्र सम्पत्ति धर्म नै हुन्छ, त्यसै गरी फेरि यस संसारमा जन्मिनुपर्ला कि भनेर डराएकाका निम्ति सन्तहरू नै परम आश्रय हुन्।

सन्तो दिशन्ति चक्षूंषि बहिरर्कः समुत्थितः।
देवता बान्धवाः सन्तः सन्त आत्माहमेव च॥ ३४॥

पदार्थ–	**सन्तः** = सन्तहरूले त	**देवताः** = देवता हुन्
समुत्थितः = आकाशमा	**चक्षूंषि** = भित्रबाहिर दुबैतिर हेर्ने	**बान्धवाः** = भाइबन्धु हुन्
उदाएका	ज्ञानरूपी आँखा	**सन्तः** = सन्तहरू
अर्कः = सूर्यले	**दिशन्ति** = प्रदान गर्दछन्	**आत्मा** = सबैका आत्मा हुन्
बहिः = बाहिर मात्र प्रकाशित	(त्यसकारण)	**अहं एव च** = म नै हुँ
गर्दछन्, तर	**सन्तः** = सन्तहरू	

वाक्यार्थ– आकाशमा उदाएका सूर्यले मानिसलाई केवल बाहिरी प्रकाश मात्र दिन्छन् तर सन्तले बाहिर भित्र दुबैतिर हेर्ने ज्ञानरूपी आँखा प्रदान गर्दछन्। अतः सन्त नै देवता हुन्, भाइबन्धु हुन्, सबैका आत्मा हुन् र म पनि स्वयं सन्तकै स्वरूप हुँ।

विवरण– यस प्रसङ्गमा भगवान्ले सत्सङ्गको महत्त्व बताउनुभएको छ। संसारका पदार्थहरूको दुःसङ्गबाट व्याकुल भएका प्राणीहरूलाई त्यसबाट छुटाउने एउटै उपाय भनेको सत्सङ्ग नै हो। आत्मज्ञानी एवं भगवद्भक्त सत्पुरुषहरूको सङ्गमा गएपछि मात्र मानिस भगवान्तर्फ उन्मुख हुन

सक्छ। भगवान्‌को कृपावर्षालाई उहाँतिर अभिमुख भएकाहरूले प्राप्त गर्न सक्छन्। जीवहरूलाई भगवत्सम्मुख बनाउने काम साधुहरूको नै हो। त्यसैले भगवान्‌को कृपा प्राप्त गर्नका लागि भगवान्‌को भन्दा महापुरुषहरूको महत्त्व अधिक रहेको छ।

भगवान् भन्नुहुन्छ— जसरी घाम लागेको ठाउँमा बसेका प्राणीहरू अन्धकारबाट र शीतको प्रकोपबाट मुक्त हुन्छन् त्यसै गरी भगवद्भक्त महापुरुषहरूको नजिक जाने व्यक्तिका पनि अज्ञानरूपी अन्धकार र वासनाका सबैथरी प्रकोपहरू नष्ट हुन्छन्। सूर्यले प्रदान गर्ने दृष्टिशक्ति बाहिरी हो, जसद्वारा प्राणीहरूले बाह्य संसारलाई देख्न सक्दछन्, सन्तहरूले त भित्री आँखा नै प्रदान गर्दछन्। सन्तहरूले प्रदान गर्ने आँखा भनेको ज्ञान हो। त्यसैले श्रीधर स्वामीले **चक्षूंषि** शब्दको अर्थ **सुगुणनिर्गुणज्ञानानि** परमात्माको सगुणनिर्गुण स्वरूपको ज्ञान भनेर गर्नुभएको छ। यहाँ आत्मज्ञानी सत्पुरुषहरूलाई देवता, बान्धव, आत्मा र भगवत्स्वरूप भनिएको छ। सत्पुरुषहरू देवता हुन् किनभने उनीहरूमा दैवी सम्पत्ति सर्वदा रहिरहन्छ। जातिले मात्र कोही देवता हुने होइन, भित्री सद्गुणद्वारा नै देवत्वको चिनारी हुन्छ। स्वर्गीय देवताहरूले पनि कहिलेकाहीँ आफ्नो स्वार्थलाई सिद्ध गर्नका लागि आसुरी स्वभाव अँगालेको देखिन्छ, तर महापुरुषहरूको मन शुद्ध हुने भएकाले उनीहरू वास्तवमा देवता हुन्। ज्ञानीहरूले स्वार्थत्यागका लागि आफ्ना बन्धुबान्धव परिवार आदिलाई छाडिदिएका छन्, तर उनीहरू सम्पूर्ण संसारका नै हितैषी हुन्छन्। सबैको हित चिताउने हुनाले यिनीहरूलाई बन्धु भनिएको हो। सामान्य मानिसहरू जसरी आफूलाई प्रेम गर्दछन्, त्यसै गरी सम्पूर्ण प्राणीहरूलाई परम प्रेम गर्ने भएकाले सन्तहरूलाई सबैको आत्मा भनिएको हो। भगवान्‌ले यी सत्पुरुषहरू **अहं** अर्थात् स्वयं भगवत्स्वरूप छन् भनेर पनि बताउनुभएको छ। भगवत्तत्त्वलाई आफूभन्दा अभिन्न रूपमा बुझ्ने भएकाले र निरन्तरको आत्मनिष्ठाबाट ब्रह्ममय भइसकेकाले सत्पुरुषहरू भगवत्स्वरूप हुन्। फेरि भगवान्‌ले जस्तै सबैतिर निष्पक्ष र अकारण करुणा गरिरहने यी सत्पुरुषहरू भगवद्गुणले पनि विभूषित छन्। यसप्रकार यहाँ भगवान्‌ले आफ्ना भक्त एवं आत्मज्ञानी सत्पुरुषहरूलाई सम्पूर्ण संसारका बान्धव, देवता, आत्मा र भगवान् समेत भनी प्रशंसा गर्नुभएको छ।

वैतसेनस्ततोऽप्येवमुर्वश्या लोकनिष्पृहः।

मुक्तसङ्गो महीमेतामात्मारामश्चचार ह ॥ ३५ ॥

पदार्थ—

एवं = यसप्रकार
वैतसेनः = राजा पुरुरवा
उर्वश्याः = उर्वशीको
लोकनिष्पृहः = मोहबाट निवृत्त भए
ततः अपि = त्यसपछि
मुक्तसङ्गः = आसक्तिरहित
आत्मारामः = आत्माराम भई
एतां = यस
महीम् = पृथिवीमा
चचार ह = घुम्न लागे

वाक्यार्थ— यसप्रकार राजा पुरुरवा उर्वशीको मोहजालबाट निवृत्त भई आसक्तिरहित भएर आत्माराम भई यस पृथिवीमा घुम्न लागे।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे षड्विंशोऽध्यायः ॥ २६ ॥

अथ सप्तविंशोऽध्यायः

क्रियायोग

उद्धव उवाच (उद्धवले भने)

क्रियायोगं समाचक्ष्व भवदाराधनं प्रभो ।

यस्मात् त्वां ये यथार्चन्ति सात्वताः सात्वतर्षभ ॥ १ ॥

पदार्थ—	**ये** = जुन	**भवदाराधनं** = हजुरको
प्रभो = हे प्रभु	**सात्वताः** = भक्तहरूले	आराधनारूप
सात्वतर्षभ = हे भक्तका	**यथा** = जुन प्रकारले	**क्रियायोगं** = क्रियायोग
पालक	**त्वां** = हजुरलाई	**समाचक्ष्व** = बताउनुहोस्
यस्मात् = जसको आश्रय लिएर	**अर्चन्ति** = पूजा गर्दछन् (त्यो)	

वाक्यार्थ— हे प्रभु ! हे भक्तका पालक श्रीकृष्ण ! जुन क्रियायोगको आश्रय लिएर भक्तहरूले जसरी हजुरको पूजा गर्दछन्, त्यो हजुरको आराधनारूप क्रियायोग मलाई बताउनुहोस् ।

एतद् वदन्ति मुनयो मुहुर्निःश्रेयसं नृणाम् ।

नारदो भगवान् व्यास आचार्योऽङ्गिरसः सुतः ॥ २ ॥

पदार्थ—	**सुतः** = पुत्र	**एतत्** = यो हजुरको अर्चन नै
नारदः = देवर्षि नारद	**आचार्यः** = आचार्य बृहस्पति	**नृणां** = मनुष्यहरूको
भगवान् = भगवान्	(यी)	**निःश्रेयसं** = कल्याणकारी
व्यासः = वेदव्यास	**मुनयः** = मुनिहरू	साधन (हो भनेर)
अङ्गिरसः = अङ्गिराका	**मुहुः** = बारम्बार	**वदन्ति** = बताउँछन्

वाक्यार्थ— देवर्षि नारद, भगवान् वेदव्यास र देवताहरूका आचार्यका रूपमा प्रसिद्ध अङ्गिराका पुत्र बृहस्पति आदि मुनिहरूले हजुरको आराधनालाई नै मनुष्यहरूको लागि परम कल्याणकारी साधनका रूपमा बारम्बार बताएका छन् ।

निःसृतं ते मुखाम्भोजाद् यदाह भगवानजः ।

पुत्रेभ्यो भृगुमुख्येभ्यो देव्यै च भगवान् भवः ॥ ३ ॥

पदार्थ—	**मुखाम्भोजात्** = मुखारविन्दबाट	**यत्** = जुन क्रियायोगलाई
ते = हजुरको	**निःसृतं** = निस्किएको (उपदिष्ट)	**भगवान्** = भगवान्

अजः = ब्रह्माले
भृगुमुख्येभ्यः = भृगु आदि
पुत्रेभ्यः = छोराहरूलाई
भगवान् = भगवान्
भवः = शिवले
देव्यै च = देवी पार्वतीलाई पनि
आह = बताउनुभयो

वाक्यार्थ— हजुरले उपदेश गरेको यो क्रियायोगलाई भगवान् ब्रह्माले आफ्ना भृगु आदि छोराहरूलाई र भगवान् शिवले पार्वतीलाई सुनाउनुभएको थियो।

एतद् वै सर्ववर्णानामाश्रमाणां च सम्मतम्।
श्रेयसामुत्तमं मन्ये स्त्रीशूद्राणां च मानद ॥ ४ ॥

पदार्थ—
मानद = हे भक्तहरूलाई सम्मान दिने प्रभु
एतत् वै = यो क्रियायोग नै
सर्ववर्णानां = ब्राह्मण आदि सबै वर्ण
आश्रमाणां च = ब्रह्मचर्य आदि सबै आश्रम
स्त्रीशूद्राणां च = स्त्री र शूद्रहरूका लागि पनि
श्रेयसां = कल्याणको
उत्तमं = उत्तम
सम्मतं = साधन
मन्ये = ठान्दछु

वाक्यार्थ— भक्तहरूलाई सम्मान गर्नुहुने हे भगवान्! यो क्रियायोग ब्राह्मण आदि चार वर्ण, ब्रह्मचर्य आदि चार आश्रम र स्त्री एवं शूद्रहरूको लागि समेत सर्वोत्तम कल्याणकारी साधन हो भन्ने मलाई लाग्दछ।

एतत् कमलपत्राक्ष कर्मबन्धविमोचनम्।
भक्ताय चानुरक्ताय ब्रूहि विश्वेश्वरेश्वर ॥ ५ ॥

पदार्थ—
कमलपत्राक्ष = हे कमलनयन
विश्वेश्वरेश्वर = ब्रह्मा आदि देवेश्वरहरूका पनि हे ईश्वर
एतत् = यो
कर्मबन्धविमोचनं = कर्मको बन्धनबाट मुक्तिप्रदान गर्ने क्रियायोग
अनुरक्ताय = हजुरको प्रेमी
भक्ताय च = भक्त मलाई
ब्रूहि = बताउनुहोस्

वाक्यार्थ— हे कमलनयन! हजुर ब्रह्मा आदि लोकेश्वरहरूको पनि ईश्वर हुनुहुन्छ। म हजुरको प्यारो भक्त हुँ। त्यसैले कृपापूर्वक सांसारिक कर्मबन्धनबाट मुक्ति प्रदान गर्ने यो क्रियायोग मलाई बताउनुहोस्।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

न ह्यन्तोऽनन्तपारस्य कर्मकाण्डस्य चोद्धव।
सङ्क्षिप्तं वर्णयिष्यामि यथावदनुपूर्वशः ॥ ६ ॥

पदार्थ—
उद्धव = हे उद्धव
अनन्तपारस्य = अनन्तपार

भएको	**न हि** = छैन	**यथावत्** = जस्ताको तस्तै
कर्मकाण्डस्य च = कर्मकाण्डको	**सङ्क्षिप्तं** = सङ्क्षेपमा	**वर्णयिष्यामि** = बताउनेछु
अन्तः = समाप्ति	**अनुपूर्वशः** = क्रमैले	

वाक्यार्थ– हे उद्धव ! पूजाविधान गर्ने शास्त्र कर्मकाण्डको सीमा अनन्त भएकाले यसको समाप्ति छैन, तापनि म सङ्क्षेपमा जस्ताको तस्तै वर्णन गर्नेछु।

वैदिकस्तान्त्रिको मिश्र इति मे त्रिविधो मखः।
त्रयाणामीप्सितेनैव विधिना मां समर्चयेत्॥ ७॥

पदार्थ–	**इति** = यसप्रकार	**ईप्सितेन** = आफ्नो लागि
वैदिकः = वैदिक	**मे** = मेरो	अभीष्ट
तान्त्रिकः = तान्त्रिक	**मखः** = यज्ञ (पूजा)	**विधिना एव** = विधिद्वारा
मिश्रः = वैदिक र तान्त्रिक	**त्रिविधः** = तीन प्रकारको छ	**मां** = मलाई
मिश्रित	**त्रयाणां** = यी तीन विधिमध्ये	**समर्चयेत्** = पूजा गर्नू

वाक्यार्थ– वैदिक, तान्त्रिक र ती दुबै पद्धति अपनाइने मिश्रित गरी तीन प्रकारका मेरो पूजाका विधिहरू छन्। यी तीन विधिहरूमध्ये आफूले मन पराएको कुनै एक विधिद्वारा मेरो पूजा गर्नू।

यदा स्वनिगमेनोक्तं द्विजत्वं प्राप्य पूरुषः।
यथा यजेत मां भक्त्या श्रद्धया तन्निबोध मे॥ ८॥

पदार्थ–	**द्विजत्वं** = उपनयन संस्कार	**यजेत** = पूजा गर्दछ
यदा = जब	**प्राप्य** = प्राप्त गरेर	**तत्** = त्यो पूजाविधि
पूरुषः = त्रैवर्णिक पुरुषले	**भक्त्या** = भक्तिपूर्वक	**मे** = मबाट
स्वनिगमेन = आफ्नो अधिकार	**श्रद्धया** = श्रद्धाभावले	**निबोध** = सुन
अनुसार वेदोक्त पद्धतिद्वारा	**यथा** = जसरी	
उक्तं = प्रतिपादित	**मां** = मलाई	

वाक्यार्थ– त्रैवर्णिक पुरुषले आफ्नो अधिकार अनुसारको वेदोक्त विधिद्वारा उपनयन (व्रतबन्ध) संस्कार गरेर द्विजत्व प्राप्त गर्नुपर्दछ। त्यसपछि श्रद्धा र भक्तिभावसहित त्यसले मेरो पूजा–आराधना कसरी गर्नुपर्दछ, त्यो विधि म तिमीलाई बताउँछु, सुन।

अर्चायां स्थण्डिलेऽग्नौ वा सूर्ये वाप्सु हृदि द्विजे।
द्रव्येण भक्तियुक्तोऽर्चेत् स्वगुरुं माममायया॥ ९॥

पदार्थ–	**भक्तियुक्तः** = भक्तिभावले युक्त	भई

अर्चायां = प्रतिमामा	**हृदि** = हृदयमा	**स्वगुरुं** = आफ्ना गुरु
स्थण्डिले = वेदीमा	**द्विजे वा** = अथवा ब्राह्मणमा	**मां** = मलाई
अग्नौ वा = अग्निमा	**द्रव्येण** = पूजासामग्रीहरूद्वारा	**अर्चेत्** = पूजा गर्नू
सूर्ये = सूर्यमा	**अमायया** = फलाभिसन्धिरूप	
अप्सु = जलमा	कपटरहित भएर	

वाक्यार्थ– भक्तियुक्त भएर प्रतिमा, वेदी, अग्नि, सूर्य, जल, हृदय अथवा ब्राह्मणमा गन्ध, पुष्प आदि पूजासामग्रीहरूद्वारा भक्तिभावपूर्वक मनमा फलको इच्छा वा कुनै पनि कपटभावना नराखी जगत्‌का गुरु मेरो पूजा गर्नू।

पूर्वं स्नानं प्रकुर्वीत धौतदन्तोऽङ्गशुद्धये।
उभयैरपि च स्नानं मन्त्रैर्मृद्ग्रहणादिना॥ १०॥

पदार्थ–	**स्नानं** = स्नान	**उभयैः अपि** = वैदिक र तान्त्रिक
पूर्वं = सबैभन्दा पहिले	**प्रकुर्वीत** = गर्नू	दुबै
धौतदन्तः = दन्तधावन गरेर	**मृद्ग्रहणादिना** = माटो आदि	**मन्त्रैः च** = मन्त्रहरूद्वारा
अङ्गशुद्धये = देहशुद्धिका लागि	लिएर	**स्नानम्** = स्नान गर्नू

वाक्यार्थ– सर्वप्रथम दन्तधावन गर्नू अनि शरीरशुद्धिका लागि स्नान गर्नू। त्यसपछि माटो, भस्म आदि शरीरमा लगाएर वैदिक र तान्त्रिक दुबै मन्त्रद्वारा पुनः स्नान गर्नू।

सन्ध्योपास्त्यादिकर्माणि वेदेनाचोदितानि मे।
पूजां तैः कल्पयेत् सम्यक्सङ्कल्पः कर्मपावनीम्॥ ११॥

पदार्थ–	**आचोदितानि** = राम्ररी बताइएका	**कर्मपावनीम्** = कर्मबन्धनबाट
सम्यक्सङ्कल्पः = मेरो	**सन्ध्योपास्त्यादिकर्माणि** =	मुक्ति दिने
आराधनाको सङ्कल्प गरेको	सन्ध्या, उपासना आदि कर्महरू	**मे** = मेरो
व्यक्तिले	गर्नू	**पूजां** = पूजा
वेदेन = वेदद्वारा	**तैः** = ती कर्महरूसहित	**कल्पयेत्** = गर्नू

वाक्यार्थ– मेरो (परमात्माको) आराधना गर्ने सङ्कल्प गरेपछि वेदले प्रतिपादन गरेका सन्ध्या, उपासना आदि नित्यकर्महरू पनि यथोचित समयमा गर्दै कर्मबन्धनबाट सदाका लागि मुक्ति दिने मेरो पूजा गर्नू।

शैली दारुमयी लौही लेप्या लेख्या च सैकती।
मनोमयी मणिमयी प्रतिमाष्टविधा स्मृता॥ १२॥

पदार्थ–
शैली = शिलाले बनेको
दारुमयी = काठको
लौही = सुवर्ण आदि धातुको
लेप्या = लेपन गरी बनाइएको
लेख्या = चित्रमयी
सैकती = बालुवाको
मनोमयी = मनले चिन्तन गरेर बनाएको
मणिमयी च = मणिले बनाएको गरी
प्रतिमा = मेरो मूर्ति
अष्टविधा = आठ प्रकारको
स्मृता = बताइएको छ

वाक्यार्थ– शिलामयी, काष्ठमयी, सुवर्णमयी धातुमयी, चन्दन आदि लेपमयी, चित्रमयी, बालुकामयी, मनोमयी र मणिमयी गरी मेरा मूर्तिहरू आठ प्रकारका छन् भनेर बताइएको छ।

चलाचलेति द्विविधा प्रतिष्ठा जीवमन्दिरम्।
उद्वासावाहने न स्तः स्थिरायामुद्धवार्चने॥ १३॥

पदार्थ–
चलाचला इति = चल र अचलका भेदले
द्विविधा = दुई प्रकारका
प्रतिष्ठा = प्रतिमा नै
जीवमन्दिरं = भगवान्को मन्दिर हुन्
उद्धव = हे उद्धव
स्थिरायां = स्थिर प्रतिमामा
अर्चने = पूजा गर्दा
उद्वासावाहने = विसर्जन र आवाहन
न स्तः = गर्नुहुँदैन

वाक्यार्थ– चल र अचलका भेदले दुई प्रकारका प्रतिमा नै भगवान्का मन्दिर हुन्। हे उद्धव ! ती दुई प्रकारका प्रतिमामध्ये स्थिर वा अचल प्रतिमामा पूजा गर्दा आवाहन र विसर्जन गर्नुहुँदैन।

अस्थिरायां विकल्पः स्यात् स्थण्डिले तु भवेद् द्वयम्।
स्नपनं त्वविलेप्यायामन्यत्र परिमार्जनम्॥ १४॥

पदार्थ–
अस्थिरायां = अस्थिर प्रतिमामा
विकल्पः = (आवाहन र विसर्जनको) विकल्प (ऐच्छिक विधान)
स्यात् = हुन्छ
स्थण्डिले तु = बालुकामयी प्रतिमामा चाहिँ
द्वयं = आवाहन, विसर्जन दुबै
भवेत् = हुन्छ
अविलेप्यायां तु = लेख्या, लेप्या र दारुमयी प्रतिमादेखि भिन्न प्रतिमाहरूमा
स्नपनं = स्नान हुन्छ
अन्यत्र = लेख्या, लेप्या र दारुमयी प्रतिमामा
परिमार्जनम् = मार्जन गर्नुपर्दछ

वाक्यार्थ– अस्थिर (चल) प्रतिमामा पूजा गर्दा आवाहन र विसर्जनको विकल्प छ अर्थात् गर्दा पनि हुन्छ र नगर्दा पनि हुन्छ (चल प्रतिमा भए पनि शालग्राममा आवाहन, विसर्जन गर्नुहुँदैन)। बालुकामयी प्रतिमामा ती दुबै गर्नुपर्दछ। लेख्या, लेप्या र दारुमयी प्रतिमादेखि भिन्न प्रतिमाहरूमा स्नान गराउनू, लेप्या, लेख्या र दारुमयी प्रतिमामा भने स्नान होइन, मार्जन गर्नुपर्दछ।

द्रव्यैः प्रसिद्धैर्मद्‌याग: प्रतिमादिष्वमायिनः।
भक्तस्य च यथालब्धैर्हृदि भावेन चैव हि॥ १५॥

पदार्थ–
प्रसिद्धैः = शास्त्रविहित
द्रव्यैः = पदार्थहरूद्वारा
प्रतिमादिषु = प्रतिमाहरूमा
अमायिनः = निष्काम
भक्तस्य च = भक्तको चाहिँ
यथालब्धैः = जे पाइन्छ तिनै पदार्थहरूद्वारा
हृदि एव = हृदयमा नै
भावेन च = भावनाद्वारा नै
हि मद्यागः = मेरो पूजा गर्नुपर्दछ

वाक्यार्थ– सकाम भक्त भए उसले यथासम्भव शास्त्रविहित पदार्थहरूले प्रतिमाहरूमा मेरो पूजा गर्नुपर्दछ भने निष्काम भक्तले चाहिँ जे मिल्छ, त्यसैबाट पूजा गर्नुपर्दछ, पूजासामग्री केही नपाए पनि पदार्थहरूको मानसिक भावना गरी हृदयमा नै मेरो मानसिक पूजा गर्नुपर्दछ।

स्नानालङ्करणं प्रेष्ठमर्चायामेव तूद्धव।
स्थण्डिले तत्त्वविन्यासो वह्नावाज्यप्लुतं हविः॥ १६॥
सूर्ये चाभ्यर्हणं प्रेष्ठं सलिले सलिलादिभिः।
श्रद्धयोपाहृतं प्रेष्ठं भक्तेन मम वार्यपि॥ १७॥
भूर्यप्यभक्तोपहृतं न मे तोषाय कल्पते।
गन्धो धूपः सुमनसो दीपोऽन्नाद्यं च किं पुनः॥ १८॥

पदार्थ–
उद्धव = हे उद्धव
स्नानालङ्करणं तु = स्नान र अलङ्कार चाहिँ
अर्चायां एव = धातुमयी र शिलामयी प्रतिमामा
प्रेष्ठं = अधिक प्रिय हुन्छ
स्थण्डिले = बालुवाको प्रतिमामा
तत्त्वविन्यासः = अङ्ग र तिनका प्रधान देवताको मन्त्रपूर्वक यथास्थानमा स्थापन प्रिय हुन्छ
वह्नौ = अग्निमा
आज्यप्लुतं = घिउ मिसिएको
हविः = चरु प्रिय हुन्छ
सूर्ये च = सूर्यमा चाहिँ
अभ्यर्हणं = उपस्थान, अर्घ्य आदि
सलिले = जलमा
सलिलादिभिः = तर्पण आदिद्वारा गरिएको पूजन
प्रेष्ठं = अधिक प्रिय हुन्छ
भक्तेन = भक्तद्वारा
श्रद्धया = श्रद्धापूर्वक
उपाहृतं = चढाइएको
वारि अपि = जल पनि
मम = मेरा लागि
प्रेष्ठं = अत्यन्त प्रिय हुन्छ
अभक्तोपहृतं = अभक्तले चढाएको
भूरि अपि = धेरै पदार्थहरू पनि
मे = मेरो
तोषाय = प्रसन्नताका लागि
न कल्पते = हुन सक्दैन
पुनः = फेरि
गन्धः = चन्दन
धूपः = धूप
दीपः = दीप
सुमनसः = फूलहरू
अन्नाद्यं च = अन्न आदि नैवेद्य
किम् = के हुन् र

वाक्यार्थ– हे उद्धव ! धातुमयी र शिलामयी प्रतिमामा पूजा गर्दा स्नान र अलङ्कार मलाई अति मन पर्छ। बालुकामयी प्रतिमामा पूजा गर्दा अङ्ग र तिनका प्रधान देवताहरूको तत्तत् मन्त्रहरूद्वारा

तत्तत् स्थानमा गरिने न्यास मलाई प्रिय लाग्दछ। त्यस्तै अग्निमा पूजा गर्दा घिउसहितको हवि (आहुति), सूर्यमा पूजा गर्दा अर्घ्यदान र उपस्थान तथा जलमा पूजा गर्दा जलद्वारा तर्पण मलाई विशेष प्रिय छ। भक्तले श्रद्धापूर्वक चढाएको जल नै किन नहोस्, त्यो मलाई अत्यन्त प्रिय लाग्दछ, अभक्तले चढाएका राम्रा-राम्रा बहुमूल्य धेरै पदार्थहरूले पनि मलाई सन्तुष्ट गराउन सक्दैनन् भने चन्दन, धूप, दीप, अन्न आदि नैवेद्यहरूको बारेमा त के भन्नु ?

शुचिः सम्भृतसम्भारः प्राग्दर्भैः कल्पितासनः।
आसीनः प्रागुदग् वार्चेदर्चायामथ सम्मुखः॥ १९॥

पदार्थ–
शुचिः = पवित्र भएर
सम्भृतसम्भारः = पूजासामग्री एकत्रित गरेर
प्राग्दर्भैः = पूर्वतिर टुप्पो फर्काइएका कुशहरूद्वारा
कल्पितासनः = आसन बनाएर
प्राक् = पूर्व वा
उदक् वा = उत्तरतिर फर्किएर
अथ = यदि
अर्चायां = स्थिर प्रतिमा भए
सम्मुखः = प्रतिमाको सम्मुख भएर
आसीनः = बसेको भक्तले
अर्चेत् = पूजा गरोस्

वाक्यार्थ– सर्वप्रथम पूजासामग्री सङ्कलन गर्नू, त्यसपछि स्नान आदिद्वारा पवित्र भएर पूर्वतिर कुशको टुप्पो (अग्रभाग) फर्काएर आसन बनाउनू र पूर्व वा उत्तरतिर मुख फर्काउनू। यदि स्थिर प्रतिमा भए प्रतिमाको सम्मुख बस्नू र मेरो पूजा गर्नू।

कृतन्यासः कृतन्यासां मदर्चां पाणिनामृजेत्।
कलशं प्रोक्षणीयं च यथावदुपसाधयेत्॥ २०॥

पदार्थ–
कृतन्यासः = अङ्गन्यास र करन्यास गरेर
कृतन्यासां = मन्त्रन्यास गरिएको
मदर्चां = मेरो प्रतिमालाई
पाणिना = हातद्वारा
आमृजेत् = पुछ्नू
कलशं = जलपूर्ण कलश
प्रोक्षणीयं च = प्रोक्षणीपात्रलाई पनि
यथावत् = यथाविधि
उपसाधयेत् = चन्दन आदिद्वारा तयार गर्नू

वाक्यार्थ– त्यसपछि भक्तले आफ्नै शरीरमा अङ्गन्यास र करन्यास गर्नू अनि मन्त्रन्यास गरिएको मेरो प्रतिमामा हातले पूर्वसमर्पित माला, चन्दन आदि हटाएर त्यसलाई पुछ्नू। त्यसपछि जलपूर्ण कलश र प्रोक्षणीपात्रलाई पनि चन्दन, फूल आदिद्वारा विधिपूर्वक तयार गर्नू।

तदद्भिर्देवयजनं द्रव्याण्यात्मानमेव च।
प्रोक्ष्य पात्राणि त्रीण्यद्भिस्तैस्तैर्द्रव्यैश्च साधयेत्॥ २१॥

पदार्थ–
तदद्भिः = त्यो प्रोक्षणीपात्रको जलद्वारा
देवयजनं = देवताको पूजा गर्ने ठाउँ
द्रव्याणि = पूजासामग्री

आत्मानं एव च = आफूलाई पनि
प्रोक्ष्य = प्रोक्षण गरेर (पाद्य आदि निर्माणका लागि)
त्रीणि = तीन
पात्राणि = पात्रहरू
अद्भिः = कलशको जलद्वारा
तैः तैः = दुबो आदि तत्तत्
द्रव्यैः च = द्रव्यहरूद्वारा
साधयेत् = तयार गर्नू

वाक्यार्थ– प्रोक्षणीपात्रको जलले देवताको पूजा गर्ने स्थान, पूजासामग्री र आफूलाई पनि प्रोक्षण गर्नू। पाद्य, अर्घ्य र आचमनीयका लागि तीनवटा पात्रहरू स्थापना गर्नू र ती पात्रहरूमा कलशको जल एवं अन्य आवश्यक वस्तुहरू राख्नू।

पाद्यार्घ्याचमनीयार्थं त्रीणि पात्राणि दैशिकः।
हृदा शीर्ष्णाथ शिखया गायत्र्या चाभिमन्त्रयेत्॥ २२॥

पदार्थ–
दैशिकः = पूजा गर्ने भक्तले
पाद्यार्घ्याचमनीयार्थं = पाद्य, अर्घ्य र आचमनीयका लागि स्थापित
त्रीणि = तीनवटा
पात्राणि = पात्रहरूलाई
हृदा = हृदयमन्त्र
शीर्ष्णा = शिरोमन्त्र
अथ = र
शिखया = शिखामन्त्रद्वारा
गायत्र्या च = गायत्रीमन्त्रले पनि
अभिमन्त्रयेत् = अभिमन्त्रण गर्नू

वाक्यार्थ– यसपछि देवपूजक भक्तले पाद्य, अर्घ्य र आचमनीय यी तीनवटै पात्रहरूको हृदयमन्त्र (ॐ हृदयाय नमः), शिरोमन्त्र (ॐ शिरसे स्वाहा), शिखामन्त्र (ॐ शिखायै वषट्) का साथै गायत्री मन्त्रले समेत अभिमन्त्रण गर्नू।

पिण्डे वाय्वग्निसंशुद्धे हृत्पद्मस्थां परां मम।
अण्वीं जीवकलां ध्यायेन्नादान्ते सिद्धभाविताम्॥ २३॥

पदार्थ–
पिण्डे = शरीरमा
वाय्वग्निसंशुद्धे = प्राणायामद्वारा प्राणवायु र भावनाद्वारा शरीरस्थ अग्नि शुद्ध भएपछि
हृत्पद्मस्थां = हृदयकमलमा रहेको
परां = श्रेष्ठ
अण्वीं = सूक्ष्म
नादान्ते = नादको अन्तमा
सिद्धभावितां = सिद्ध मुनिद्वारा उपासित
मम = मेरो
जीवकलां = जीवको कलारूप नारायणलाई
ध्यायेत् = ध्यान गर्नू

वाक्यार्थ– प्राणायामद्वारा प्राणवायु र भावनाद्वारा शरीरस्थ अग्नि शुद्ध भएपछि हृदयकमलमा मेरो परम सूक्ष्म एवं श्रेष्ठ जीवकला (नारायण)को ध्यान गर्नू। जसको ध्यान सिद्ध मुनिहरूले ॐकारको अकार, उकार, मकार, विन्दु र नाद यी पाँच कलाको अन्तमा गर्दछन्।

तयात्मभूतया पिण्डे व्याप्ते सम्पूज्य तन्मयः।
आवाह्यार्चादिषु स्थाप्य न्यस्ताङ्गं मां प्रपूजयेत्॥ २४॥

पदार्थ–
तया = त्यो
आत्मभूतया = आफ्नै स्वरूपमा चिन्तित मेरो मूर्ति (जीवकला) द्वारा
पिण्डे = शरीर
व्याप्ते = व्याप्त भएपछि (पहिले त्यो शरीरमा)
सम्पूज्य = मानसिक पूजा गरेर
तन्मयः = तन्मय भई
अर्चादिषु = प्रतिमा आदिमा
आवाह्य = आवाहन गरेर
स्थाप्य = स्थापना पनि गरेर
न्यस्ताङ्गं = अङ्गन्यास गरिएको
मां = मलाई
प्रपूजयेत् = पूजा गर्नू

वाक्यार्थ– त्यो आत्मस्वरूपमा चिन्तन गरिएको मेरो जीवकला शरीरमा व्याप्त भइसकेपछि सर्वप्रथम त्यही शरीरमा मेरो मानसिक पूजा गरेर तन्मय हुनू। त्यसपछि प्रतिमा आदिमा मेरो आवाहन र स्थापन मुद्राद्वारा स्थापना गरेर अङ्गन्यासपूर्वक मेरो पूजा गर्नू।

पाद्योपस्पर्शार्हणादीनुपचारान् प्रकल्पयेत्।
धर्मादिभिश्च नवभिः कल्पयित्वासनं मम॥ २५॥
पद्ममष्टदलं तत्र कर्णिकाकेसरोज्ज्वलम्।
उभाभ्यां वेदतन्त्राभ्यां मह्यं तूभयसिद्धये॥ २६॥

पदार्थ–
धर्मादिभिः = धर्म आदि चार पाउ र अधर्म आदि चार डन्डीहरूद्वारा
नवभिः च = विमला आदि नौ शक्तिहरूद्वारा
मम = मेरो
आसनं = आसन
कल्पयित्वा = बनाएर
तत्र = त्यो आसनमा
कर्णिकाकेसरोज्ज्वलं = कर्णिका र केसरले उज्वल भएको
अष्टदलं = अष्टदलवाला
पद्मं = कमल बनाएर
उभयसिद्धये = वेद र तन्त्रद्वारा प्रतिपादित भुक्ति र मुक्तिको प्राप्तिका लागि
उभाभ्यां = दुबै
वेदतन्त्राभ्यां = वेद र तन्त्रद्वारा
मह्यं तु = मेरा लागि
पाद्योपस्पर्शार्हणादीन् = पाद्य, आचमनीय, अर्घ्य आदि
उपचारान् = पूजाद्रव्य
प्रकल्पयेत् = अर्पण गर्नू

वाक्यार्थ– धर्म, ज्ञान, वैराग्य र ऐश्वर्य यी मेरा आसनका आग्नेय आदि कोणका चार पाउ हुन् भने पूर्वादिक्रमले अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्य यी चार डन्डी छन्। त्यसै आसनका आठ दिशा र बिचमा क्रमशः विमला, उत्कर्षिणी, ज्ञान, क्रिया, योगा, प्रह्वी, सत्या, ईशाना र अनुग्रहा नामका नौ शक्तिहरू छन्। यिनै पाउ, गात्र र शक्तिहरूले मेरो आसनको कल्पना गरेर त्यो आसनमा कर्णिका र केसरले उज्वल अष्टदल भएको कमल बनाउनू। त्यसपछि त्यस कमलमा वेद र तन्त्रद्वारा प्रतिपादित भुक्ति र मुक्तिको प्राप्तिका लागि मलाई वैदिक र तान्त्रिक दुबै विधिद्वारा पाद्य, आचमनीय, अर्घ्य आदि पूजासामग्रीहरू अर्पण गर्नू।

सुदर्शनं पाञ्चजन्यं गदासीषुधनुर्हलान्।
मुसलं कौस्तुभं मालां श्रीवत्सं चानुपूजयेत्॥ २७॥

पदार्थ—
सुदर्शनं = सुदर्शन चक्र
पाञ्चजन्यं = पाञ्चजन्य शङ्ख
गदासीषुधनुर्हलान् = गदा, खड्ग, बाण, धनु, हलो
मुसलं = मुसल
कौस्तुभं = कौस्तुभ मणि
मालां = वनमाला र
श्रीवत्सं च = श्रीवत्सचिह्नलाई
अनुपूजयेत् = पूजा गर्नू

वाक्यार्थ— पूर्व आदि आठ दिशामा सुदर्शनचक्र, पाञ्चजन्य शङ्ख, कौमोदकी गदा, खड्ग, बाण, शार्ङ्गधनु, हलो, मुसल एवं छातीमा कौस्तुभ मणि, वनमाला र श्रीवत्सचिह्नको पूजा गर्नू।

नन्दं सुनन्दं गरुडं प्रचण्डं चण्डमेव च।
महाबलं बलं चैव कुमुदं कुमुदेक्षणम्॥ २८॥
दुर्गां विनायकं व्यासं विष्वक्सेनं गुरून् सुरान्।
स्वे स्वे स्थाने त्वभिमुखान् पूजयेत् प्रोक्षणादिभिः॥ २९॥

पदार्थ—
नन्दं = नन्द
सुनन्दं = सुनन्द
गरुडं = गरुड
प्रचण्डं = प्रचण्ड
चण्डं एव च = चण्ड
महाबलं = महाबल
बलं = बल
कुमुदं = कुमुद
कुमुदेक्षणं एव च = कुमुदेक्षण
दुर्गां = दुर्गा
विनायकं = विनायक
व्यासं = व्यास
विष्वक्सेनं = विष्वक्सेन
गुरून् = गुरु
सुरान् तु = इन्द्र आदि देवताहरूलाई पनि
अभिमुखान् = आफूतिर फर्काएर
स्वे स्वे = आ-आफ्ना
स्थाने = स्थानमा
प्रोक्षणादिभिः = प्रोक्षणादिद्वारा
पूजयेत् = पूजा गर्नू

वाक्यार्थ— नन्द, सुनन्द, प्रचण्ड, चण्ड, महाबल, बल, कुमुद र कुमुदेक्षण यी आठ पार्षदहरूलाई पूर्व आदि आठ दिशामा र गरुडलाई अगाडि स्थापना गर्नू। चतुष्कोणमा दुर्गा, विनायक, व्यास र विष्वक्सेनलाई स्थापना गर्नू। देब्रेपट्टि गुरुलाई र पूर्व आदि दिशामा इन्द्र आदि लोकपालहरूलाई आफूतिर फर्काएर आ-आफ्नो स्थानमा स्थापना गर्नू। स्थापित सबै देवताहरूलाई प्रोक्षणजल र अर्घ्यादिद्वारा पूजा गर्नू।

चन्दनोशीरकर्पूरकुङ्कुमागुरुवासितैः।
सलिलैः स्नापयेन्मन्त्रैर्नित्यदा विभवे सति॥ ३०॥
स्वर्णघर्मानुवाकेन महापुरुषविद्यया।
पौरुषेणापि सूक्तेन सामभी राजनादिभिः॥ ३१॥

पदार्थ—
विभवे सति = वैभव छ भने
नित्यदा = सधैँ

चन्दनोशीरकर्पूरकुङ्कुमागुरु-वासितैः = चन्दन, उशीर, कर्पूर, कुङ्कुम र कालो धूपीद्वारा सुगन्धित
सलिलैः = शुद्ध जलद्वारा
स्वर्णघर्मानुवाकेन = स्वर्णघर्म अनुवाकद्वारा
महापुरुषविद्यया = 'जितं ते' इत्यादि महापुरुष विद्याद्वारा
पौरुषेण सूक्तेन = 'सहस्रशीर्षा' आदि पुरुषसूक्तद्वारा
राजनादिभिः = 'इन्द्रं नरो' इत्यादि राजन आदि
सामभिः = सामवेदीय
मन्त्रैः अपि = मन्त्रहरूद्वारा पनि
स्नापयेत् = स्नान गराउनू

वाक्यार्थ— यदि उपासक भक्तको सामर्थ्य छ भने प्रतिदिन चन्दन, उशीर, कुङ्कुम र कालो धूपीद्वारा सुगन्धित भएको जलले अन्यथा शुद्ध जलले मेरो स्नान गराउनू। स्नान गराउँदा **सुवर्ण घर्म परिवेदनम्** इत्यादि स्वर्णघर्म अनुवाक्, **जितं ते पुण्डरीकाक्ष** इत्यादि महापुरुषविद्या, **सहस्रशीर्षा** इत्यादि पुरुषसूक्त र **इन्द्रं नरो नेमधिताहवन्त** इत्यादि मन्त्रोक्त राजनादि सामवेदीय मन्त्रको पाठ पनि गर्नू।

वस्त्रोपवीताभरणपत्रस्रग्गन्धलेपनैः।
अलङ्कुर्वीत सप्रेम मद्भक्तो मां यथोचितम्॥ ३२॥

पदार्थ—
मद्भक्तः = मेरो भक्तले
वस्त्रोपवीताभरणपत्रस्रग्गन्ध-लेपनैः = वस्त्र, जनै, गहना, पत्र, माला, गन्ध र चन्दनद्वारा
मां = मलाई
सप्रेम = प्रेमपूर्वक
यथोचितं = यथायोग्य
अलङ्कुर्वीत = अलङ्कृत गर्नू

वाक्यार्थ— मेरो भक्तले प्रेमपूर्वक मलाई वस्त्र, जनै, गहना, पत्र, माला, गन्ध र चन्दनद्वारा यथोचित अलङ्कृत गर्नू।

पाद्यमाचमनीयं च गन्धं सुमनसोऽक्षतान्।
धूपदीपोपहार्याणि दद्यान्मे श्रद्धयार्चकः॥ ३३॥

पदार्थ—
अर्चकः = पूजा गर्ने भक्तले
पाद्यं = पाद्य
आचमनीयं = आचमन
गन्धं = गन्ध
सुमनसः = फूल
अक्षतान् = अक्षता
धूपदीपोपहार्याणि च = धूप, दीप आदि उपहारहरू पनि
श्रद्धया = श्रद्धापूर्वक
मे = मलाई
दद्यात् = देओस्

वाक्यार्थ— पूजा गर्ने भक्तले मलाई पाद्य, आचमनीय, गन्ध, फूल, अक्षता, धूप, दीप तथा अन्य उपहारयोग्य पदार्थहरू पनि श्रद्धापूर्वक समर्पण गर्नू।

गुडपायससर्पींषि शष्कुल्यापूपमोदकान्।
संयावदधिसूपांश्च नैवेद्यं सति कल्पयेत्॥ ३४॥

पदार्थ—
सति = सामर्थ्य भए
गुडपायससर्पींषि = सख्खर, खिर, घिउ
शष्कुल्यापूपमोदकान् = पुरी, मालपुवा, लड्डु
संयावदधिसूपान् = हलुवा, दही, दाल आदि व्यञ्जनयुक्त
नैवेद्यं च = नैवेद्य पनि
कल्पयेत् = समर्पण गर्नू

वाक्यार्थ— भक्तले यथासामर्थ्य सख्खर, खिर, घिउ, पुरी, मालपुवा, लड्डु, हलुवा, दही, दाल आदि विभिन्न व्यञ्जनहरूसहित नैवेद्य पनि चढाउनू।

अभ्यङ्गोन्मर्दनादर्शदन्तधावाभिषेचनम्।
अन्नाद्यगीतनृत्यादि पर्वणि स्युरुतान्वहम्॥ ३५॥

पदार्थ—
अभ्यङ्गोन्मर्दनादर्शदन्तधावाभिषेचनम् = तेलले मालिस, चन्दन आदि लगाइदिने, ऐना देखाउने, दन्तधावन र पञ्चामृतले स्नान
अन्नाद्यगीतनृत्यादि = भक्ष्य-भोज्यादिको समर्पण, कीर्तन, नृत्य आदि
पर्वणि = एकादशी आदि पर्वमा
उत = अथवा
अन्वहं = प्रतिदिन
स्युः = होऊन्

वाक्यार्थ— भगवान्को प्रतिमामा सुगन्धित तेलले मालिस गर्ने, दतिउन लगाउने, पञ्चामृत आदिले स्नान गराउने, चन्दन आदि लगाइदिने, ऐना देखाउने, स्वादिष्ट भक्ष्यभोज्य आदि चढाउने काम गर्नू। त्यसपछि सकिन्छ भने प्रत्येक दिन र नसकिए पनि एकादशी, पूर्णिमा आदि पर्वहरूमा विशेष पूजा र भजनकीर्तन, नाचगान आदि गर्नू।

विधिना विहिते कुण्डे मेखलागर्तवेदिभिः।
अग्निमाधाय परितः समूहेत् पाणिनोदितम्॥ ३६॥

पदार्थ—
विधिना = विधिपूर्वक (बनाएको)
मेखलागर्तवेदिभिः = मेखला, गर्त (खाडल) र वेदीद्वारा
विहिते = निर्मित
कुण्डे = कुण्डमा
अग्निं = अग्निलाई
आधाय = आधान गरेर
पाणिना = हातद्वारा
उदितं = प्रज्वलित अग्निलाई
परितः = चारैतिरबाट
समूहेत् = समूहन (एकत्रित) गर्नू

वाक्यार्थ— त्यसपछि विधिअनुसार मेखला, गर्त (खाडल) र वेदीसहितको कुण्ड निर्माण गरी त्यस कुण्डमा अग्निको आधान (स्थापना) गर्नू। अग्नि प्रज्वलित भएपछि त्यसलाई हातले परिसमूहन (एकत्रित) गर्नू।

परिस्तीर्याथ पर्युक्षेदन्वाधाय यथाविधि।
प्रोक्षण्यासाद्य द्रव्याणि प्रोक्ष्याग्नौ भावयेत माम्॥ ३७॥

पदार्थ—
अथ = त्यसपछि
परिस्तीर्य = कुशले परिस्तरण

गरेर
पर्युक्षेत् = पर्युक्षण गर्नू
यथाविधि = विधिपूर्वक
अन्वाधाय = अन्वाधान गरेर
द्रव्याणि = हवनीय सामग्रीहरू
आसाद्य = अग्निको उत्तरतिर राखेर
प्रोक्षण्या = प्रोक्षणीपात्रको जलले
प्रोक्ष्य = प्रोक्षण गरेर
अग्नौ = अग्निमा
मां = मलाई
भावयेत = ध्यान गर्नू

वाक्यार्थ– यसपछि अग्निकुण्डको वरिपरि कुशले परिस्तरण (बिछ्याउने काम) गरेर पर्युक्षण (जलसेचन) गर्नू अनि विधिपूर्वक अन्वाधान (व्याहृतिद्वारा समिधाहरूको प्रोक्षण गर्ने काम) गरेर हवनीय सामग्रीहरू लगेर अग्निको उत्तरतिर राख्नू र त्यसलाई प्रोक्षणीपात्रको जलले प्रोक्षण गरेर अग्निमा मेरो ध्यान गर्नू।

तप्तजाम्बूनदप्रख्यं शङ्खचक्रगदाम्बुजैः।
लसच्चतुर्भुजं शान्तं पद्मकिञ्जल्कवाससम्॥ ३८॥
स्फुरत्किरीटकटककटिसूत्रवराङ्गदम्।
श्रीवत्सवक्षसं भ्राजत् कौस्तुभं वनमालिनम्॥ ३९॥

पदार्थ–
तप्तजाम्बूनदप्रख्यं = तताएको सुन झैं चम्किलो भएका
शङ्खचक्रगदाम्बुजैः = शङ्ख, चक्र, गदा र कमलद्वारा
लसच्चतुर्भुजं = सुशोभित चार हात भएका
शान्तं = शान्त
पद्मकिञ्जल्कवाससं = कमलको केसर जस्तो पहेँलो वस्त्रधारण गरेका
स्फुरत्किरीटकटककटिसूत्र-वराङ्गदं = चम्किलो मुकुट, बाला, कन्दनी, बाजू धारण गरेका
श्रीवत्सवक्षसं = छातीमा श्रीवत्स चिह्न भएका
भ्राजत्कौस्तुभं = देदीप्यमान कौस्तुभ मणि लगाएका
वनमालिनम् = वनमाला लगाएका भगवान्को ध्यान गर्नू

वाक्यार्थ– यसपछि तताएको सुन झैं अतितेजस्वी स्वरूप भएका, शङ्ख, चक्र, गदा र पद्मद्वारा चार हातहरू सुशोभित भएका, कमलको केसर जस्तो पहेँलो वस्त्र धारण गरेका, शिरमा चम्किलो मुकुट, हातमा बाला, कम्मरमा कन्दनी, बाहुमा बाजू, छातीमा श्रीवत्सचिह्न र देदीप्यमान कौस्तुभ मणि तथा गलामा वनमाला लगाएका भगवान्को ध्यान गर्नू।

ध्यायन्नभ्यर्च्य दारूणि हविषाभिघृतानि च।
प्रास्याज्यभागावाघारौ दत्त्वा चाज्यप्लुतं हविः॥ ४०॥
जुहुयान्मूलमन्त्रेण षोडशर्चावदानतः।
धर्मादिभ्यो यथान्यायं मन्त्रैः स्विष्टकृतं बुधः॥ ४१॥

पदार्थ–
ध्यायन् = मेरो ध्यान गर्दै
अभ्यर्च्य = पूजा गरेर
हविषा = घिउद्वारा
अभिघृतानि = भिजाइएका
दारूणि = सुकेका समिधाहरूलाई
प्रास्य च = अग्निमा हवन गरेर
आघारौ = आघारसंज्ञक
आज्यभागौ च = आज्यभागसंज्ञक दुई–दुई आहुति पनि
दत्त्वा = दिएर
मूलमन्त्रेण = अष्टाक्षर मूलमन्त्रद्वारा
षोडशर्चा = सोह्र मन्त्रात्मक पुरुषसूक्तद्वारा
अवदानतः = प्रत्येक ऋचाद्वारा
आज्यप्लुतं = घिउले भिजेको
हविः = हवनीय द्रव्य
जुहुयात् = हवन गर्नू
बुधः = विवेकीले
धर्मादिभ्यः = धर्म आदिका लागि
यथान्यायं = पूजाको क्रमअनुसार
मन्त्रैः = स्वाहान्त नाममन्त्रद्वारा
स्विष्टकृतम् = स्विष्टकृत् हवन पनि गर्नू

वाक्यार्थ– उक्तप्रकारले मेरो ध्यान गरेपछि पुनः पूजा गरेर घिउले भिजेका सुकेका समिधाहरूलाई अग्निमा हवन गर्नू। फेरि **ॐ प्रजापतये स्वाहा, ॐ इन्द्राय स्वाहा** यो मन्त्रले आघारसंज्ञक र **ॐ अग्नये स्वाहा ॐ सोमाय स्वाहा** यो मन्त्रले आज्यभाग संज्ञक दुई–दुई आहुति दिनू। यसपछि **ॐ नमो नारायणाय** यो अष्टाक्षर मूलमन्त्रले तथा पुरुषसूक्तका सोह्र मन्त्रहरूले घिउमा भिजाएको हविको आहुति दिनू। विवेकीले धर्म आदिका लागि पनि स्वाहान्त मन्त्रद्वारा पूजाक्रमअनुसार नै हवन गरेर अन्तमा **अग्नये स्विष्टकृते स्वाहा** यो मन्त्रले स्विष्टकृत् होम गर्नू।

अभ्यर्च्याथ नमस्कृत्य पार्षदेभ्यो बलिं हरेत्।
मूलमन्त्रं जपेद् ब्रह्म स्मरन्नारायणात्मकम्॥ ४२॥

पदार्थ–
अथ = त्यसपछि
अभ्यर्च्य = अग्निमा रहने भगवान्लाई पूजा गरेर
नमस्कृत्य = नमस्कार गरेर
पार्षदेभ्यः = नन्द आदि पार्षदहरूलाई
बलिं = बलि (उपहार)
हरेत् = चढाउनू
नारायणात्मकं = नारायणस्वरूप
ब्रह्म = ब्रह्मलाई
स्मरन् = सम्झँदै
मूलमन्त्रं = मूलमन्त्र
जपेत् = जप्नू

वाक्यार्थ– त्यसपछि अग्निमा रहने अन्तर्यामी भगवान्लाई पूजा गरेर नमस्कार गर्नू अनि आठ दिशामा नन्द आदि पार्षदहरूलाई बलि (उपहार) प्रदान गर्नू। त्यसपछि भगवान्को अगाडि बसेर नारायणस्वरूप परब्रह्मको स्मरण गर्दै **ॐ नमो नारायणाय** यो अष्टाक्षर मूलमन्त्रको जप गर्नू।

दत्त्वाचमनमुच्छेषं विष्वक्सेनाय कल्पयेत्।
मुखवासं सुरभिमत् ताम्बूलाद्यमथार्हयेत्॥ ४३॥

पदार्थ–
आचमनं = आचमन
दत्त्वा = दिएर
उच्छेषं = अवशिष्ट नैवेद्य
विष्वक्सेनाय = विष्वक्सेनलाई
कल्पयेत् = समर्पित गर्नू

सुरभिमत् = सुगन्धमय
ताम्बूलाद्यं = ताम्बूल आदि
मुखवासं = मुखवास (मुख सुवासित गर्ने खानेकुरा) दिनू
अथ = त्यसपछि
अर्हयेत् = पुष्पाञ्जलिले पूजा गर्नू

वाक्यार्थ– त्यसपछि अग्नि र प्रतिमा दुबैमा भगवान्‌को भोजन भएको ध्यान गरेर भगवान्‌लाई आचमन प्रदान गर्नू र अवशिष्ट नैवेद्य मुख्य पार्षद विष्वक्सेनलाई समर्पण गर्नू। त्यसपछि उनको आज्ञाले आफूले पनि भोजन गर्नू। त्यसपछि भगवान्‌लाई ताम्बूल आदि मुखवास (मुख सुवासित गर्ने खानेकुरा) प्रदान गरेर पुष्पाञ्जलिले पुनः उहाँको पूजा गर्नू।

उपगायन् गृणन् नृत्यन् कर्माण्यभिनयन् मम।
मत्कथाः श्रावयञ्छृण्वन् मुहूर्तं क्षणिको भवेत्॥ ४४॥

पदार्थ–
मम = मेरा
कर्माणि = कर्महरू
उपगायन् = गाउँदै
गृणन् = स्तुति गर्दै
नृत्यन् = नाच्दै
अभिनयन् = अभिनय गर्दै
मत्कथाः = मेरा कथाहरू
श्रावयन् = सुनाउँदै
शृण्वन् = सुन्दै
मुहूर्तं = केही क्षण
क्षणिकः = शान्त (एकाग्र)
भवेत् = हुनू

वाक्यार्थ– त्यसपछि मेरा भक्तहरूले लीला, चरित्र र कर्महरूको स्तुतिगान गर्नू, नाच्नू, गाउनू, मेरा चरित्रहरूको अभिनय गर्नू। यसरी मेरा कथाहरू सुनाउँदै र सुन्दै केही क्षण शान्त र एकाग्र हुनू।

स्तवैरुच्चावचैः स्तोत्रैः पौराणैः प्राकृतैरपि।
स्तुत्वा प्रसीद भगवन्निति वन्देत दण्डवत्॥ ४५॥

पदार्थ–
पौराणैः = प्राचीन ऋषिहरूद्वारा बनाइएका
प्राकृतैः अपि = अर्वाचीन भक्तहरूले बनाएका
उच्चावचैः = लामा छोटा
स्तवैः = स्तव
स्तोत्रैः = स्तोत्रहरूद्वारा
स्तुत्वा = स्तुति गरेर
भगवन् = हे भगवान्
प्रसीद = प्रसन्न हुनुहोस्
इति = यस्तो भन्दै
दण्डवत् = दण्डवत्
वन्देत = प्रणाम गर्नू

वाक्यार्थ– अनि वेद तथा पुराणहरूमा प्राप्त प्राचीन महर्षिहरूद्वारा बनाइएका स्तव तथा अन्य लौकिक पुरुषहरूद्वारा रचित लामा-छोटा स्तोत्रहरूद्वारा मेरो स्तुति गरेर 'हे भगवन्! प्रसन्न हुनुहोस्' भनी दण्डवत् प्रणाम गर्नू।

शिरो मत्पादयोः कृत्वा बाहुभ्यां च परस्परम्।
प्रपन्नं पाहि मामीश भीतं मृत्युग्रहार्णवात्॥ ४६॥

पदार्थ–	**परस्परं** = परस्पर मेरो चरण समातेर	**भीतं** = डराएको
शिरः = शिर	**ईश** = हे प्रभु	**प्रपन्नं** = शरणमा आएको
मत्पादयोः = मेरो चरणमा	**मृत्युग्रहार्णवात्** = मृत्युरूप गोही भएको संसारसागरबाट	**मां** = मलाई
कृत्वा = राखेर		**पाहि** = रक्षा गर्नुहोस्
बाहुभ्यां च = दुबै बाहुद्वारा पनि		

वाक्यार्थ– भक्तले आफ्नो शिर मेरो चरणमा राखेर तथा दुबै हातले परस्पर दाहिने हातले दाहिने र देब्रे हातले देब्रे चरण छोएर भन्नू– हे प्रभु ! मृत्युरूप गोहीले भरिएको यस संसारसागरबाट म अत्यन्त भयभीत भई हजुरको शरणमा आएको छु, मेरो रक्षा गर्नुहोस्।

इति शेषां मया दत्तां शिरस्याधाय सादरम्।
उद्वासयेच्चेदुद्वास्यं ज्योतिज्योर्तिषि तत् पुनः ॥ ४७ ॥

पदार्थ–	**शिरसि** = शिरमा	ज्योति
इति = यसरी प्रार्थना गरेपछि	**आधाय** = राखेर	**पुनः** = फेरि पनि
शेषां = बाँकी निर्माल्यलाई	**उद्वासयेत् चेत्** = विसर्जन गर्ने हो भने	**ज्योतिषि** = हृदयकमलरूप ज्योतिमा नै
मया = मद्वारा	**तत्** = त्यो	**उद्वास्यम्** = विसर्जन गर्नू
दत्तां = दिइएको ठानेर	**ज्योतिः** = मेरो प्रतिमामा स्थित	
सादरं = आदरपूर्वक		

वाक्यार्थ– यसरी प्रार्थना गरेपछि पहिले मलाई समर्पित गरेको निर्माल्यलाई मैले प्रसादका रूपमा दिएको सम्झेर आदरपूर्वक आफ्नो शिरमा राख्नू। यदि विसर्जन गर्नुपरे प्रारम्भमा जुन ज्योतिको आवाहन प्रतिमामा गरिएको थियो, त्यही ज्योतिलाई फेरि हृदयकमलमा निहित ज्योतिमा नै विसर्जन गर्नू।

अर्चादिषु यदा यत्र श्रद्धा मां तत्र चार्चयेत्।
सर्वभूतेष्वात्मनि च सर्वात्माहमवस्थितः ॥ ४८ ॥

पदार्थ–	**तत्र** = त्यही ठाउँमा	**सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा
यदा = जहिले	**मां च** = मलाई	**आत्मनि च** = आफ्नै स्वरूपमा पनि
यत्र = जहाँ	**अर्चयेत्** = पूजा गर्नू	**अवस्थितः** = बसेको छु
अर्चादिषु = प्रतिमा आदिमा	**सर्वात्मा** = सबैका आत्मभूत	
श्रद्धा = श्रद्धा हुन्छ (त्यही वेला)	**अहं** = म	

वाक्यार्थ– प्रतिमाहरूमा जहिले जहाँ श्रद्धा उत्पन्न हुन्छ, त्यही वेला त्यसैमा मेरो पूजा गर्नू। म सबैको आत्मा भएकाले सबै प्राणीहरूमा र आफ्नै स्वरूपमा पनि अवस्थित छु।

एवं क्रियायोगपथैः पुमान् वैदिकतान्त्रिकैः।
अर्चन्नुभयतः सिद्धिं मत्तो विन्दत्यभीप्सिताम्॥ ४९॥

पदार्थ–
एवं = यसप्रकार
वैदिकतान्त्रिकैः = वैदिक र तान्त्रिक
क्रियायोगपथैः = क्रियायोगको मार्गद्वारा
अर्चन् = पूजा गर्ने
पुमान् = मानिसले
मत्तः = मबाट
उभयतः = यो लोक र परलोकको
अभीप्सितां = अभीष्ट
सिद्धिं = सिद्धि
विन्दति = प्राप्त गर्दछ

वाक्यार्थ– हे उद्धव ! यसप्रकार जसले वैदिक र तान्त्रिक यी दुबै क्रियायोगको विधिद्वारा मेरो पूजा गर्दछ, उसले मबाट यो लोक र परलोकका वाञ्छित सिद्धिहरू प्राप्त गर्दछ।

मदर्चां सम्प्रतिष्ठाप्य मन्दिरं कारयेद् दृढम्।
पुष्पोद्यानानि रम्याणि पूजायात्रोत्सवाश्रितान्॥ ५०॥
पूजादीनां प्रवाहार्थं महापर्वस्वथान्वहम्।
क्षेत्रापणपुरग्रामान् दत्त्वा मत्सार्ष्टितामियात्॥ ५१॥

पदार्थ–
दृढं = पक्की
मन्दिरं = मन्दिर
कारयेत् = बनाउनू
मदर्चां = मेरो प्रतिमा
सम्प्रतिष्ठाप्य = स्थापित गरेर
महापर्वसु = महान् पर्वहरूमा
अन्वहं = प्रतिदिन
पूजादीनां = पूजा आदिको
प्रवाहार्थं = प्रवाह (सञ्चालन)का लागि
रम्याणि = रमणीय
पुष्पोद्यानानि = फूलका बगैँचाहरू
पूजायात्रोत्सवाश्रितान् = पूजा, जात्रा, उत्सवका आधारभूत
क्षेत्रापणपुरग्रामान् = खेत, बजार, नगर र गाउँहरू
दत्त्वा = दिएर
अथ = त्यसपछि
मत्सार्ष्टितां = मेरो बराबर ऐश्वर्य
इयात् = प्राप्त गरोस्

वाक्यार्थ– उपासकको सामर्थ्य भए उसले मेरो पक्की मन्दिर बनाएर त्यहाँ मेरो प्रतिमाको प्रतिष्ठा गरोस्। महान् पर्वहरूमा र प्रतिदिन हुने पूजाको सञ्चालनका लागि फूलका मनोहर बगैँचा बनाओस्। त्यसै गरी पूजा (जो प्रतिदिन हुन्छ), जात्रा (पर्वविशेषमा पूजा गर्न धेरै भक्तजनहरूको हुने भिड) र महोत्सव (ऋतुविशेषमा हुने महोत्सव)को सञ्चालनका लागि चाहिने आधारभूत वस्तुहरू खेत, बजार, नगर र गाउँहरू देओस्। त्यस्तो उपासकले अन्ततः मेरो जस्तै ऐश्वर्य प्राप्त गर्दछ।

प्रतिष्ठया सार्वभौमं सद्मना भुवनत्रयम्।
पूजादिना ब्रह्मलोकं त्रिभिर्मत्साम्यतामियात्॥ ५२॥

पदार्थ–
प्रतिष्ठया = मेरो प्रतिष्ठाद्वारा
सार्वभौमं = सार्वभौम
सद्मना = मन्दिर निर्माणद्वारा
भुवनत्रयं = तीनै लोक
पूजादिना = पूजा आदिद्वारा
ब्रह्मलोकं = ब्रह्मलोक
त्रिभिः = प्रतिष्ठादि तीनवटै कामद्वारा
मत्साम्यतां = मेरो समानता
इयात् = प्राप्त हुन्छ

वाक्यार्थ– मेरो प्रतिमाको प्रतिष्ठा गराउँदा सार्वभौम (साम्राज्य)को प्राप्ति, मन्दिर निर्माण गराउँदा तीनै लोकको प्राप्ति, मेरो पूजा आदि गर्दा वा गराउँदा ब्रह्मलोकको प्राप्ति तथा यी तीनवटै काम गर्दा मेरो समानताको प्राप्ति हुन्छ।

मामेव नैरपेक्ष्येण भक्तियोगेन विन्दति।
भक्तियोगं स लभत एवं यः पूजयेत माम्॥ ५३॥

पदार्थ–
नैरपेक्ष्येण = निष्काम
भक्तियोगेन = भक्तियोगद्वारा
यः = जसले
मां = मलाई
एवं = यसरी
पूजयेत = पूजा गर्दछ
सः = त्यसले
मां एव = मलाई नै
विन्दति = प्राप्त गर्दछ
भक्तियोगं = भक्तियोग
लभते = प्राप्त गर्दछ

वाक्यार्थ– जसले निष्काम भक्तियोगद्वारा मेरो पूजा गर्दछ, उसले मलाई नै प्राप्त गर्दछ। जसले उक्त प्रकारले मेरो पूजा गर्दछ उसले निष्काम भक्तियोग प्राप्त गर्दछ।

यः स्वदत्तां परैर्दत्तां हरेत सुरविप्रयोः।
वृत्तिं स जायते विड्भुग्वर्षाणामयुतायुतम्॥ ५४॥

पदार्थ–
यः = जसले
स्वदत्तां = आफैँले दिएको
परैः = अरूले
दत्तां = दिएको
सुरविप्रयोः = देवता र ब्राह्मणको
वृत्तिं = जीविका
हरेत = हरण गर्दछ
सः = त्यो मानिस
वर्षाणां = वर्षको
अयुतायुतं = लाखौँ सङ्ख्यासम्म
विड्भुक् = विष्ठा खाने कीरा भएर
जायते = जन्मन्छ

वाक्यार्थ– जसले आफैँले दिएको अथवा अरू कसैले दिएको ब्राह्मण र देवताको जीविका हरण गर्दछ ऊ लाखौँ वर्षसम्म विष्ठा खाने कीरा भएर जन्मिन्छ।

कर्तुश्च सारथेर्हेतोरनुमोदितुरेव च।
कर्मणां भागिनः प्रेत्य भूयो भूयसि तत्फलम्॥ ५५॥

पदार्थ–
कर्तुः = कर्म गर्ने कर्ताको (जुन फल हो त्यो फल)
सारथेः च = सहयोगीको
हेतोः = प्रयोजकको
अनुमोदितुः एव च = अनुमोदन

गर्ने व्यक्तिको पनि हुन्छ
प्रेत्य = मरेपछि (ती सबै)
कर्मणां = कर्महरूको
भागिनः = फलभागी हुन्छन्
भूयसि = धेरै कर्म गर्ने मानिसको
तत् = त्यो
फलं = फल
भूयः = धेरै हुन्छ

वाक्यार्थ— यस्तो कर्म गर्ने व्यक्तिलाई जसले सहयोग गर्दछ, प्रेरणा दिन्छ अथवा अनुमोदन गर्दछ, त्यस्तो सहयोगी, प्रेरक (प्रयोजक) र अनुमोदक व्यक्तिले पनि मरेपछि स्वयं कर्ताले प्राप्त गर्ने फल प्राप्त गर्दछ। अनि धेरै कर्म गर्ने-गराउने व्यक्तिलाई त्यो फल धेरै प्राप्त हुन्छ।

अध्यायसार— यस अध्यायमा भगवान्ले उद्धवलाई भगवत्पूजाविधिको सङ्क्षिप्त निरूपण गर्नुभएको छ। उद्धवले हे भगवान् ! हजुरको आराधना गर्ने क्रियायोगको उपदेश दिनुहोस् भनी भगवान्सँग अनुरोध गर्नुभएको छ र भगवान्ले पनि हे उद्धव ! यस कर्मकाण्डको अन्त छैन भनी यसलाई सङ्क्षेपमा बताउनुभएको छ। यसप्रकार यहाँ भगवत्पूजनको विधिलाई क्रियायोग र कर्मकाण्ड भनिएको स्पष्ट छ। भगवान्को पूजा गर्नुलाई त नवधाभक्तिअन्तर्गत पूजनभक्ति भनी बताउनुपर्ने, भक्ति हुँदाहुँदै पनि यसलाई अरू यज्ञ आदि कर्मजस्तो किन कर्म भनी बताइयो ? यसैले भक्ति र भगवान्को पूजामा अन्तर छ कि छैन भन्ने बारेमा चर्चा गरौँ।

भक्ति भनेको कुनै बाहिरी क्रियाकलाप आदि नभई आन्तरिक वस्तु हो। भक्ति भनेको आफ्ना इष्टप्रतिको अखण्ड अनुराग या स्वाभाविक प्रेम हो, यसमा कुनै विधि-निषेध आदिको बन्धन छैन। यो त एउटा प्रेमी भक्तले आफ्ना प्रिय परमात्माप्रति गर्ने श्रद्धा हो। उहाँप्रति भक्तको श्रद्धा विश्वास र अनुभव हो। यसैले भक्तिको स्वरूप बताउँदा भगवान्को कथा सुन्नु, पूजा गर्नु, पादसेवा गर्नु आदिलाई नबताई भित्री भावको रूपमा नै यसको वर्णन गरिएको छ। मधुसूदन सरस्वतीले कथाश्रवण आदिबाट पग्लिएको चित्त निरन्तर अखण्डवृत्तिको रूपमा भगवान्तिर प्रवाहित हुनुलाई नै भक्ति भन्नुभएको छ। देवर्षि नारदले पनि भक्तिको स्वरूप बताउँदा प्रेमपूर्वक भगवान्को पूजा आदि गर्नु भक्ति हो भन्ने पूर्ववर्ती आचार्यहरूको मत उल्लेख गर्दै अन्तमा आफ्ना सम्पूर्ण आचार-व्यवहारलाई भगवान्मा अर्पण गरिदिने र भगवद्विस्मरणमा अत्यन्त व्याकुल हुने भाव नै भक्ति हो भनी बताउनुभएको छ। जब भक्तको हृदयमा भगवान्प्रति अत्यन्त प्रेम हुन्छ, तब उसले भगवत्पूजन आदि पनि गर्दछ र त्यति मात्र नभई आफ्ना भोजन, शयन आदि लौकिक व्यवहारहरूलाई पनि भगवत्प्रीत्यर्थ नै गर्दछ। यसैले पूजा आदिलाई पनि भगवान्को भक्ति भनिएको हो।

वास्तवमा पूजन, वन्दन आदि गर्दा पनि तिनीहरूमा प्रेम अवश्य मिसिएको हुनुपर्दछ, नत्र ती सबै व्यवहार देखावटी क्रियामा सीमित हुन्छन्। त्यसैले पूजन, वन्दन गर्दा या अन्य व्यवहारका अवस्थामा समेत भगवान्प्रति प्रेम हुनु नै भक्ति हो। **सा त्वस्मिन् परमप्रेमरूपा** (नारदभक्तिसूत्र, २) अर्थात् भक्ति भनेको भगवान्मा परम प्रेम हुनु हो। पूजन आदि चाहिँ शास्त्रीय विधि-निषेध आदिको अपेक्षा हुनाले कर्म नै हुन्। एउटी माताले आफ्नो पुत्रप्रति प्रेम गर्नु भनेको उसलाई खवाउनु, सुताउनु, तेल लगाइदिनु आदि मात्र होइन, प्रेम त आन्तरिक भाव हो, तर यी क्रियाहरू पनि प्रेमपूर्वक नै हुने गर्दछन् र प्रेमका अभिव्यञ्जक हुन्। आमाले बच्चालाई खुवाउनु पनि प्रेम नै

गर्नु हो र बढी भएपछि खान नदिनु पनि प्रेम नै हो, त्यसैले छुट्टाछुट्टै क्रियाहरूभित्र लुकेको हृदयको भावलाई नै प्रेम भनिन्छ। यसै गरी पूजन आदि कर्महरू पनि तिनीहरूमा प्रेम मिसिएका छैनन् भने भक्ति हुन सक्दैनन्, प्रेम मिसिँदा तिनीहरू भक्ति हुन्, अनि प्रेमरहित हुँदा केवल आडम्बर। प्रेम चाहिँ पूजन, वन्दन, पादसेवन आदिले सहित भए पनि या रहित भए पनि भक्ति नै हो। त्यसैले जसले जति बढी पूजा आदि गर्‍यो ऊ त्यति भक्त भयो भन्ने हुँदैन, यो सब गरे पनि नगरे पनि जसले जति भित्री प्रेम गर्‍यो त्यति नै त्यो भक्त हो। जसरी समाज एवं राष्ट्रमा सम्माननीय व्यक्तिहरूप्रति शिष्टाचार प्रकट गर्ने अनेक विधिहरू हुन सक्छन्, त्यसै गरी पूजन आदिका प्रकार पनि अनेक हुन सक्छन्। त्यसैले भगवान्ले आफ्नो मूर्तिको पूजनलाई कर्मकाण्डभित्र समावेश गर्नुभएको हो। भक्तिको उच्च अवस्थामा जब व्यक्ति भगवद्भावनामा डुब्छ, तब उसबाट यी सबै कर्मविधिहरूको यथावत् पालना नहुन पनि सक्छ। त्यसैले भगवत्पूजन, वन्दन, श्रवण, कीर्तन आदि सारा कर्महरूको फल भक्तिप्राप्ति हो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे सप्तविंशोऽध्यायः॥ २७ ॥

अथ अष्टाविंशोऽध्यायः

परम तत्त्वको विवेचना

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

परस्वभावकर्माणि न प्रशंसेन्न गर्हयेत्।

विश्वमेकात्मकं पश्यन् प्रकृत्या पुरुषेण च ॥ १ ॥

पदार्थ–
प्रकृत्या = प्रकृतिद्वारा र
पुरुषेण च = पुरुषद्वारा पनि उत्पन्न
विश्वं = विश्वलाई
एकात्मकं = एकस्वरूप
पश्यन् = देखेर (जानेर)
परस्वभावकर्माणि = अरूको स्वभाव र कर्महरूलाई
न प्रशंसेत् = प्रशंसा नगरोस्
न गर्हयेत् = निन्दा पनि नगरोस्

वाक्यार्थ– प्रकृति र पुरुषद्वारा उत्पन्न यो विश्वलाई एकात्मक बुझेर अरूको स्वभाव र कर्महरूको प्रशंसा पनि नगर्नू र निन्दा पनि नगर्नू।

परस्वभावकर्माणि यः प्रशंसति निन्दति।

स आशु भ्रश्यते स्वार्थादसत्यभिनिवेशतः ॥ २ ॥

पदार्थ–
यः = जो मानिस
परस्वभावकर्माणि = अर्काको स्वभाव र कर्महरूलाई
प्रशंसति = प्रशंसा गर्दछ
निन्दति = निन्दा गर्दछ
सः = त्यो मानिस
असति = मिथ्याभूत द्वैतमा
अभिनिवेशतः = म र मेरो भन्ने आग्रह गरेका कारण
स्वार्थात् = ज्ञाननिष्ठारूप स्वार्थबाट
आशु = छिटै
भ्रश्यते = पतन हुन्छ

वाक्यार्थ– जसले अर्काको स्वभाव र तत्प्रयुक्त कर्महरूको प्रशंसा अथवा निन्दा गर्दछ त्यो मानिस मिथ्याभूत द्वैत प्रपञ्चमा अहं-ममात्मक अभिनिवेश गरेका कारण ज्ञाननिष्ठारूप स्वार्थबाट छिटै पतन हुन्छ।

तैजसे निद्रयापन्ने पिण्डस्थो नष्टचेतनः।

मायां प्राप्नोति मृत्युं वा तद्वन्नानार्थदृक् पुमान् ॥ ३ ॥

पदार्थ–
तैजसे = राजस अहङ्कारको कार्य इन्द्रियगण
निद्रया = निद्राद्वारा
आपन्ने = अभिभूत भएपछि
पिण्डस्थः = पिण्डमा रहेको जीव
मायां = स्वप्नरूप मायामा
प्राप्नोति = प्राप्त हुन्छ (मन लीन

भएपछि)	प्राप्त हुन्छ)	**पुमान्** = पुरुष (विक्षेप र लयमा
नष्टचेतनः = चेतनाशून्य भएर	**तद्वत्** = त्यसरी नै	प्राप्त हुन्छ)
मृत्युं वा = मृत्युतुल्य (सुषुप्तिमा	**नानार्थदृक्** = द्वैतमा आग्रह राख्ने	

वाक्यार्थ— जसरी राजस अहङ्कारका कार्य इन्द्रियहरू निद्राद्वारा अभिभूत हुन्छन्, अनि जीव मनद्वारा स्वप्नरूप मायामा प्राप्त हुन्छ र मन पनि लीन भएपछि चेतनाशून्य भएर मृत्युतुल्य सुषुप्तिमा प्राप्त हुन्छ त्यसै गरी द्वैतमा अभिनिवेश राख्ने (अनेक पदार्थ देख्ने) पुरुष पनि विक्षेप र लयमा प्राप्त हुन्छ (आफ्नो अद्वैतस्वरूपलाई भुल्दछ)। जसरी प्राज्ञ (सुषुप्तिको अभिमानी जीव)को सम्पर्कबाट विश्व (जगत्को अभिमानी जीव)को भोग नष्ट हुन्छ, त्यसै गरी अनात्माको सम्पर्कबाट आत्माको स्वरूप नष्ट हुन्छ।

किं भद्रं किमभद्रं वा द्वैतस्यावस्तुनः कियत्।
वाचोदितं तदनृतं मनसा ध्यातमेव च॥ ४॥

पदार्थ—	**किं** = के	**मनसा च** = मनद्वारा पनि
अवस्तुनः = हुँदै नभएको	**अभद्रं** = नराम्रो	**ध्यातं** = चिन्ता गरिएको
अवास्तविक	**कियत् वा** = अथवा कति राम्रो	**तत्** = त्यो सबै
द्वैतस्य = द्वैतका	कति नराम्रो	**अनृतम् एव** = मिथ्या नै हो
किं = के	**वाचा** = वाणीद्वारा	
भद्रं = राम्रो	**उदितं** = उक्त (भनिएको)	

वाक्यार्थ— हुँदै नभएको द्वैतमा के राम्रो ? के नराम्रो ? अथवा कति राम्रो ? कति नराम्रो ? अर्थात् जब द्वैतको कुनै अस्तित्व नै छैन तब त्यसमा के राम्रो र के नराम्रो हुन सक्छ ? केही हुन सक्दैन। संसारका वाणीले बताउन र मनले चिन्तन गर्न सकिने सबै पदार्थहरू मिथ्या हुन्।

छायाप्रत्याह्वयाभासा ह्यसन्तोऽप्यर्थकारिणः।
एवं देहादयो भावा यच्छन्त्यामृत्युतो भयम्॥ ५॥

पदार्थ—	**हि** = निश्चय नै	**आमृत्युतः** = मृत्यु वा लयपर्यन्त
छायाप्रत्याह्वयाभासाः = छाया,	**अर्थकारिणः** = अर्थकारक हुन्छन्	**भयं** = भय
प्रतिध्वनि र आभास	**एवं** = यसरी नै	**यच्छन्ति** = प्रदान गर्दछन्
असन्तः अपि = मिथ्या भएर	**देहादयः** = देह, इन्द्रिय आदि	
पनि	**भावाः** = पदार्थहरूले	

वाक्यार्थ— मुख आदि कुनै पनि वस्तुको छाया, प्रतिध्वनि र आभास (शुक्तिमा रजत आदि) यी सबै मिथ्या हुन्, तापनि काम गर्दछन्। (तिनीहरूलाई देख्दा मान्छे डराउने, काँप्ने, प्रवृत्त वा निवृत्त हुने गर्दछ।) त्यसै गरी देह र इन्द्रिय आदि सम्पूर्ण पदार्थहरू मिथ्या नै हुन्, तापनि जबसम्म

ज्ञानद्वारा तिनीहरूको मिथ्यात्वबोध हुँदैन, तबसम्म मृत्यु वा लयपर्यन्त ती देह र इन्द्रियहरूले मनुष्यलाई भयभीत गराइरहन्छन्।

विवरण— यस प्रसङ्गमा भगवान् श्रीकृष्णले उद्धवलाई सुख, दुःख आदि फल प्रदान गर्ने भए तापनि द्वैतप्रपञ्च वास्तवमा असत् नै हो भनी बताउनुभएको छ। भगवान् भन्नुहुन्छ— **अवस्तुनः द्वैतस्य किं भद्रं किम् अभद्रम्**? अर्थात् जुन द्वैतप्रपञ्च वास्तविक हुँदै होइन, त्यसमा कल्याणमय के छ र अमङ्गलमय के नै छ र? कुनै पनि पदार्थलाई राम्रो नराम्रो भनी निरूपण गर्नका लागि त्यो वस्तु प्रमाणसिद्ध हुनुपर्दछ। आकाशको फूलको सुगन्ध या दुर्गन्धको विषयमा कुनै वादविवाद नै हुँदैन। त्यसै गरी खरायोको सिङ कति ठुलो-सानो छ भन्ने विषयमा पनि कुनै चर्चा हुँदैन। किनभने यी वस्तु सत् होइनन्। संसार पनि यसै गरी अवास्तविक भएकाले यसको शुभ-अशुभको विषयमा चर्चा गर्नु असत्यलाई सत्य बनाउनुसमान हो।

व्यवहारमा कुनै मानिसलाई उसका उदारता, सहनशीलता, शिष्टता आदि गुणहरूका कारण राम्रो मानिस भन्ने गरिन्छ भने कुनै मानिसलाई चाहिँ खराब स्वभावका कारण यो दुष्ट, चोर र व्यभिचारी हो भनी नराम्रो मान्ने गरिन्छ। यसै गरी शास्त्रीय अधिकारमा पनि स्वधर्मको पालना गर्ने, आस्तिक, धर्मनिष्ठ व्यक्तिलाई असल अनि स्वेच्छाचारी, उच्छृङ्खल र अधर्मी व्यक्तिलाई खराब भनिन्छ। यसैको आधारमा भगवान्ले श्रीमद्भगवद्गीता (१६।५)मा दैवी र आसुरी सम्पत्तिको चर्चा गर्दै दैवी सम्पत्तिले मोक्ष अनि आसुरी सम्पत्तिले बन्धन दिने कुरा बताउनुभएको छ— **दैवी सम्पद् विमोक्षाय निबन्धायासुरी मता**। यसै गरी सत्त्व, रज र तमोगुणको वृत्ति र फलभेदको चर्चा गर्ने क्रममा **ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः, जघन्यगुणवृत्तिस्थाः अधो गच्छन्ति तामसाः** (श्रीमद्भगवद्गीता १४।१८) अर्थात् सत्त्वगुणीहरू ऊर्ध्वगतिमा जान्छन्, रजोगुणीहरू बिचमा रहन्छन् र तमोगुणीहरू अधोलोक वा निम्न योनिहरूमा जान्छन् भन्नुभएको छ। अतः दैवी सम्पत्ति एवं सत्त्वगुण कल्याणकारक अनि आसुरी सम्पत्ति एवं रजः र तमोगुण चाहिँ अकल्याणकारक भएको थाहा पाइन्छ, तर भगवान्को यहाँको भनाइअनुसार भने ती सबै निरूपणहरू अवास्तविक हुन्। यहाँ शास्त्रीय विधि-निषेधका व्यवहारलाई अनर्थक एवं शास्त्रलाई अप्रामाणिक भन्न खोजिएको होइन, तर ती सबै व्यवस्था व्यावहारिक अवस्थाका भएकाले त्यही स्तर एवं अधिकारीका लागि तिनीहरू काम लाग्छन्। यो उपदेश चाहिँ पारमार्थिक भएकाले यसका अधिकारी र स्तर दुबै उच्च छन्।

सबैथरी व्यवस्थाहरूलाई मिथ्या सिद्ध गर्दै भगवान् भन्नुहुन्छ— **अवस्तुनः द्वैतस्य** अर्थात् यो अवास्तविक संसारको व्यवस्था स्वयं पनि अवास्तविक हो। वचनले बोलिएका, मनले चिन्तन गरिएका सबै कुराहरू असत् हुन्। यहाँ के शङ्का हुन्छ भने संसारलाई कसरी असत् भन्न सकिन्छ? यसबाट सुखदुःखभोग आदि अनेक व्यवहारहरू भएका देखिइएका छन्। अनुभव गरिँदा गरिँदैको वस्तुलाई कसरी अपलाप गर्न सकिन्छ? के कसैले देखिरहेको घैँटोलाई छैन भन्यो भने पत्याउन सकिन्छ र? यसको उत्तरमा भनिन्छ— कुनै वस्तुको विषयमा कुनै व्यवहार गरियो या देखियो भन्दैमा त्यो वस्तु सत्य-यथार्थ हुन सक्दैन। सिपीमा चाँदी देखेर पनि त्यसलाई टिप्न जाने

व्यवहार हुन्छ। यी सबै व्यवहार त अवास्तविक पदार्थमा पनि देखिएकै छन् भने व्यवहारकै कारणबाट संसारका सबै पदार्थलाई कसरी सत्य सिद्ध गर्न सकिन्छ ? यहाँ वस्तु नहुँदा पनि त्यसले व्यवहार जन्माउने दृष्टान्त दिँदा छाया, प्रत्याह्वय अर्थात् प्रतिध्वनि र आभास अर्थात् भ्रमको दृष्टान्त दिइएको छ। दर्पण आदिमा प्रतिबिम्ब पर्दा त्यसमा पनि वास्तविक मुखको सारा बनावट स्पष्टतः देख्न सकिन्छ, त्यो प्रतिबिम्बलाई हेर्न पनि मिल्दछ, सबै हलचल आदि व्यवहार देखिने भए तापनि त्यस प्रतिबिम्बलाई सत्य वस्तु मानिँदैन। त्यसै गरी कसैले कराएको आवाज पहाडमा ठोक्किएर प्रतिध्वनित हुँदा चारै तर्फबाट त्यही व्यक्तिले कराएझैँ सुनिन्छ, तर यो सब हुँदा पनि त्यो ध्वनिलाई कसैले बोलेको या चिच्याएको भनेर मानिँदैन। यसै गरी **आभास** अर्थात् भ्रमस्थलमा पनि डोरीमा सर्प, सिपीमा चाँदी, निद्रामा स्वप्नसंसार आदि सबै देखिन्छन्, व्यवहार गरिन्छन्, तर तिनलाई पनि यथार्थ मानिँदैन। यसैले व्यवहार भयो भन्दैमा संसारलाई सत्य मान्न सकिँदैन।

वेदान्तशास्त्रमा संसारलाई मिथ्या वा अवास्तविक भनी बताउँदा यी वस्तुबाट व्यवहारको सिद्धि कसरी भएको छ त ? भन्ने यही शङ्का नै बारम्बार आउने गरेको पाइन्छ। संसारलाई स्वप्नसमान काल्पनिक भनी बताउँदा कसैले शङ्का गऱ्यो कि स्वप्नका पदार्थहरूलाई पछि भोग्न सकिँदैन, ती त केवल देखिउन्जेलसम्मका लागि मात्र सत्य झैँ लाग्ने हुन्, तर जाग्रत्का पदार्थहरूलाई त जहिले पनि प्रयोग गर्ने गरिन्छ। भोक लागेको वेलामा स्वप्नको नभई जाग्रत्कै भात खानुपर्दछ, कहीँ जानुपरेको वेलामा स्वप्नको नभई जाग्रत्कै यानहरूमा चढ्नुपर्दछ। यसैले स्वप्नका पदार्थ अवश्य मिथ्या हुन्, तर जाग्रत्का पदार्थहरू चाहिँ व्यवहाररूपी प्रयोजन सिद्ध गर्ने भएकाले मिथ्या होइनन्। यो शङ्काको उत्तर दिँदै माण्डूक्यकारिकाकार लेख्नुहुन्छ—

सप्रयोजनता तेषां स्वप्ने विप्रतिपद्यते।
तस्मादाद्यन्तवत्त्वेन मिथ्यैव खलु ते स्मृताः।।

अर्थात् जाग्रत्का पदार्थहरूले व्यवहाररूपी प्रयोजनलाई सधैँ सिद्ध गर्न सक्दैनन्, तिनीहरूको स्वप्नमा केही काम छैन। त्यसैले ती पनि स्वप्नसमान क्षणिक र मिथ्या हुन्। यसको तात्पर्य के हो भने संसारी मानिसहरूले स्वप्नका पदार्थहरूको जाग्रत् व्यवहारमा कुनै प्रयोजन नहुने भएकाले मिथ्या मानेजस्तै जाग्रत्का पदार्थको पनि स्वप्नमा कुनै प्रयोजन नहुने भएकाले तिनलाई समेत मिथ्या मान्नुपर्दछ। यदि व्यवहारसिद्ध हुनु नै सत्यता हो भने जाग्रत् प्रपञ्चका पदार्थको व्यवहार पनि स्वप्नमा असिद्ध भएकाले यो सत्य होइन। पेटभरि भोजन गरी सुतेको व्यक्तिले स्वप्नमा आफूलाई पूर्ण रूपले भोकाएको, खान नपाएर छट्पटाएको देख्न सक्छ। त्यो स्वप्नको भोकलाई उसको जाग्रत्को भोजनले मेटाउन सक्दैन, त्यसलाई मेट्न स्वप्नकै भोजन चाहिन्छ। त्यसै गरी घरभित्र कैयौँ अङ्गरक्षकहरूको घेरामा पलङमाथि सुतिरहेको व्यक्तिलाई सपनामा वनभित्र लखेट्ने बाघबाट बँच्न ती अङ्गरक्षकहरूले कत्ति पनि सहयोग गर्दैनन्। त्यसबाट बँच्न उसलाई स्वप्नकै अग्लो रुखमाथि चढ्नुपर्दछ। यी सबै अनुभवहरूले प्रतिदिन यही कुरा बताइरहेका छन् कि जाग्रत् व्यवहारमा काम नलाग्ने भएकाले स्वप्न अवास्तविक भएजस्तै स्वप्नव्यवहारमा काम नलाग्ने भएकाले जाग्रत्का पदार्थ पनि अवास्तविक हुन्। आखिर जाग्रत्को

र स्वप्नको व्यवहार उही एउटै व्यक्तिको त हो, तब यसको मूल्याङ्कनमा किन अन्तर गर्ने ? उसो भए सपनाका पदार्थ जाग्रत्मा ब्युँझिँदा बाधित भएजस्तै जाग्रत्का पदार्थ किन बाधित नभएका त ? यसको उत्तर दिँदै भनिन्छ— सपनालाई बाधित गर्न त्यसबाट ब्युँझिए झैँ जाग्रत्लाई बाधित गर्न पनि यसबाट ब्युँझिनुपर्दछ। आखिर संसार पनि अनादि मायाको निद्रामा कल्पित स्वप्नसमान नै हो। यसबाट ब्युँझिनु भनेको आत्मज्ञान हुनु हो। आत्मज्ञानबाट सम्पूर्ण संसारको बाध हुन्छ।

आचार्यहरू भन्दछन्— स्वप्न नै भए पनि निद्रास्वप्न र जाग्रत्स्वप्नलाई बाधित गर्ने आ-आफ्नै प्रक्रिया छन्। जाग्रत्को बाध गर्न प्रमाताको बाध आवश्यक छ तर स्वप्नलाई बाधित गर्न त्यसको आवश्यकता छैन। त्यसैले स्वप्नलाई मिथ्या भनी बुझ्न सजिलो र जाग्रत्लाई मिथ्या भनी बुझ्न गाह्रो परेको हो। स्वप्नको कल्पना प्रमाताले गरेको हो, त्यसैले यसको भूमिकामा जाग्नेबित्तिकै स्वप्नभ्रम तत्काल नष्ट भइहाल्दछ। सबै मानिसहरूले जाग्रत्मा आफूलाई प्रमाताको रूपमा अनुभव गरी त्यसमा कल्पित हुने स्वप्नभ्रमलाई प्रतिदिन बाधित गरिरहेकै छन्। तर व्यावहारिक संसारको कल्पना चाहिँ शुद्ध ब्रह्मतत्त्वमा हुने गर्दछ। स्वयं प्रमातृत्व भाव पनि ब्रह्ममा नै कल्पित भएको हो। यसैले संसारकल्पनाको भ्रमलाई नष्ट गर्न शुद्ध ब्रह्मतत्त्वलाई आत्मरूपमा बुझ्नु पर्छ। आत्मज्ञान प्राप्त गर्नका लागि अनेकौँ साधनहरूले सम्पन्न हुनुपर्दछ। उसमा पहिले त नित्यानित्यवस्तुविवेक, यो लोक र परलोकका भोगदेखि वैराग्य, शम आदि छ वटा सम्पत्ति र मुमुक्षुतारूपी चार साधन हुनुपर्दछ। यसपछि उसले आत्मज्ञानी गुरुको शरण लिई वेदान्त शास्त्रको तात्पर्य बुझ्नुपर्दछ र मनन, निदिध्यासनद्वारा अद्वितीय आत्मतत्त्वको अपरोक्ष साक्षात्कार गर्नुपर्दछ। यसप्रकार अनेकौँ साधनले सम्पन्न भएको धीर एवं निश्चलचित्त भएको व्यक्तिलाई मात्र आत्मज्ञान हुन सक्दछ। यसरी आत्मज्ञान प्राप्त गर्न अत्यन्त कठिन भएकाले प्रमातृत्वभावको बाध हुन पनि त्यतिकै कठिन हुन्छ र यसै गरी व्यावहारिक संसारभ्रमको बाध पनि कठिन हुन्छ। त्यसै कारणले स्वप्नभ्रमको बाध गर्न सजिलो र जाग्रत्भ्रमको बाध गर्न असाध्यै गाह्रो हुन्छ। स-सानो पहाड चढ्न सक्ने मानिसहरूले सगरमाथा चढ्न नसकी सगरमाथा चढ्न ज्यादै कठिन छ भने तापनि सामर्थ्यवान् मानिसहरू सगरमाथा पनि चढ्न सक्दछन्। त्यसै गरी धैर्य, विवेक आदि नभएका सामान्य मानिसहरूले आत्मज्ञानको दुर्लभताका कारण जाग्रत् व्यवहारलाई नित्य एवं सत्य माने तापनि धीर-विवेकीहरूले यसको बाधलाई पत्ता लगाउँछन्। यसैले संसारपदार्थको व्यवहार गरिन्छ भन्दैमा यो सत्य सिद्ध हुन सक्दैन। डोरीको सर्पले भ्रमकालमा भय, कम्प आदि गराएजस्तै शरीर आदिले पनि भ्रम अवस्थामा सुखदुःख, भय आदि अनुभव गराइरहन्छन् र बाध भएपछि तिनीहरू स्वयं हराउँछन्। यसरी यहाँ समस्त द्वैतप्रपञ्च अवास्तविक भएको सिद्ध हुन्छ।

आत्मैव तदिदं विश्वं सृज्यते सृजति प्रभुः।
त्रायते त्राति विश्वात्मा ह्रियते हरतीश्वरः॥ ६॥

पदार्थ—

तत् = त्यसकारण

प्रभुः = विविध रूपमा प्रकट हुन समर्थ

विश्वात्मा = सबैका आत्मा

ईश्वरः = सबै गर्न समर्थ

आत्मा एव = परमात्माले नै
इदं = यो दृश्यमान
विश्वं = जगत्
सृजति = सृष्टि गर्नुहुन्छ
सृज्यते = आफैँ सृजित हुनुहुन्छ
त्रायते = आफैँ रक्षित हुनुहुन्छ
त्राति = रक्षा गर्नुहुन्छ
ह्रियते = नष्ट हुनुहुन्छ
हरति = नष्ट गर्नुहुन्छ

वाक्यार्थ— परमात्मा (ब्रह्म) विविधरूपमा आफैँ प्रकट हुनुहुन्छ। उहाँ नै जगत्को आत्मा र कारण (निमित्त र उपादान दुबै) हुनुहुन्छ। उहाँ नै यो दृश्यमान चराचर जगत्को सृष्टि गर्नुहुन्छ र आफैँ सृजित हुनुहुन्छ। उहाँ नै जगत्को पालक र स्वयं पालित हुनुहुन्छ अनि जगत्को संहार गर्नुहुन्छ र संहारको विषय पनि आफैँ बन्नुहुन्छ।

तस्मान्न ह्यात्मनोऽन्यस्मादन्यो भावो निरूपितः।
निरूपितेयं त्रिविधा निर्मूला भातिरात्मनि॥
इदं गुणमयं विद्धि त्रिविधं मायया कृतम्॥ ७॥

पदार्थ—
तस्मात् = त्यसकारण
अन्यस्मात् = सृज्यमान पदार्थदेखि भिन्न
आत्मनः = आत्मादेखि
अन्यः भावः = अरू पदार्थहरू
न हि निरूपितः = निरूपण गरिएका छैनन् (आत्मा नै निरूपित छ)
इयं = यो
त्रिविधा = आध्यात्मिक, आधिदैविक, आधिभौतिक यी तीन प्रकारको
निर्मूला = भ्रान्तिरूप
भातिः = प्रतीति
आत्मनि = आत्मामा
निरूपिता = निरूपण गरिएको हो
इदं = यो
त्रिविधं = तीन प्रकारको
गुणमयं = गुणको भेद
मायया = मायाद्वारा
कृतं = बनाइएको (भनेर)
विद्धि = जान

वाक्यार्थ— हे उद्धव! आत्मा सृज्यमान पदार्थदेखि भिन्न छ र यहाँ आत्मादेखि भिन्न पदार्थहरूको निरूपण गरिएको छैन, आत्माको नै निरूपण गरिएको हो। यद्यपि आत्मामा आध्यात्मिक, आधिदैविक र आधिभौतिक तीन प्रकारको जुन सृष्टि बताइएको छ त्यो भ्रान्तिरूप हो भनी निरूपण गरिएको हो। सत्त्व, रज र तम यी गुणहरूद्वारा प्रतीत हुने द्रष्टा, दर्शन र दृश्य आदिको त्रिविध भेद केवल मायाको कारणले उत्पन्न भ्रम मात्र हो भन्ने कुरा बुझ।

एतद् विद्वान् मदुदितं ज्ञानविज्ञाननैपुणम्।
न निन्दति न च स्तौति लोके चरति सूर्यवत्॥ ८॥

पदार्थ—
एतत् = यो
मदुदितं = मैले बताएको
ज्ञानविज्ञाननैपुणं = ज्ञान र विज्ञानको निपुणता (निष्ठा)लाई
विद्वान् = जान्ने मानिसले
न निन्दति = निन्दा गर्दैन
न च स्तौति = स्तुति (प्रशंसा) पनि गर्दैन
लोके = संसारमा
सूर्यवत् = सूर्य झैँ
चरति = विचरण गर्दछ

वाक्यार्थ— मैले बताएको यो ज्ञान र विज्ञानको निष्ठालाई जसले राम्ररी बुझ्दछ र जान्दछ त्यसले कसैको निन्दा पनि गर्दैन र कसैको प्रशंसा पनि गर्दैन। संसारमा सूर्य झैँ समदर्शी भएर विचरण गर्दछ।

प्रत्यक्षेणानुमानेन निगमेनात्मसंविदा।
आद्यन्तवदसज्ज्ञात्वा निःसङ्गो विचरेदिह॥ ९॥

पदार्थ—
प्रत्यक्षेण= प्रत्यक्षद्वारा
अनुमानेन = अनुमानद्वारा
निगमेन = श्रुतिद्वारा
आत्मसंविदा = आफ्नो अनुभवप्रमाणद्वारा पनि
आद्यन्तवत् = आदिदेखि अन्तसम्म
असत् = मिथ्या
ज्ञात्वा = ठानेर
निःसङ्गः = आसक्तिरहित भई
इह = यस संसारमा
विचरेत् = विचरण गरोस्

वाक्यार्थ— हे उद्धव ! प्रत्यक्ष, अनुमान, श्रुति र आफ्नै अनुभवप्रमाणद्वारा सम्पूर्ण दृश्यलाई आद्योपान्त मिथ्या हो भनेर बुझ्ने मानिस निःसङ्ग भावना लिएर संसारमा विचरण गरोस्।

विवरण— यस श्लोकमा भगवान्ले संसारको अनित्यतालाई जान्न प्रत्यक्ष, अनुमान, आगम र आत्मानुभव प्रमाण हुने बताउनुभएको छ। यहाँ के शङ्का हुन्छ भने प्रत्यक्ष प्रमाणले त संसारलाई अनित्य सिद्ध गर्दैन, यसले त संसारलाई सत्य पो सिद्ध गर्दछ त। त्यसैले संसारलाई सत्य-नित्य मान्नेहरूले त्यसको सिद्धिका लागि प्रत्यक्ष प्रमाणलाई नै अघि सार्ने गर्दछन्। शरीरलाई नै आत्मा एवं संसारलाई सत्य मान्ने चार्वाक्हरू प्रत्यक्ष प्रमाणलाई मात्र मान्दछन् र यसकै आधारमा आफ्नो मतलाई प्रमाणित गर्न खोज्दछन्। नैयायिकहरूले पनि प्रत्यक्ष, अनुमान, उपमान र आगम प्रमाणद्वारा संसारलाई नै सत्य सिद्ध गरेका छन्। उनीहरू भन्दछन्— देखिँदा देखिँदैको संसार कसरी असत्य हुन सक्छ र ? त्यसैले इन्द्रियहरूद्वारा ग्रहण गरिएको संसार सत्य नै हो। तर अद्वैतसिद्धान्तमा भने इन्द्रियहरूद्वारा ग्रहण हुने भएकैले संसार सत्य होइन भनिन्छ। अद्वैतसिद्धिकार मधुसूदन सरस्वतीले पूर्वपक्षीहरूले दृश्यत्व हेतुद्वारा प्रपञ्चलाई सत्य सिद्ध गरिसकेपछि त्यसलाई आफूले मिथ्या सिद्ध गर्नका लागि पनि दृश्यत्व हेतुको नै प्रयोग गर्नुभएको छ। यसको अर्थ प्रपञ्च दृश्य भएकैले मिथ्या हो भन्ने हुन्छ। इन्द्रियहरूले त्यस्ता पदार्थलाई मात्र ग्रहण गर्न सक्दछन्, जो सावयव एवं परिणामी छन्। कुनै कारणबाट उत्पन्न भएका यी वस्तुहरू उत्पन्न भएकै हुनाले अन्तमा नष्ट पनि हुन्छन्। यसैले इन्द्रियहरूद्वारा ग्रहण गरिने सारा विषयहरू विनाशी हुन् र सधैँ नरहने भएकाले असत्य पनि हुन् किनभने जुन वस्तु तीनै कालमा अस्तित्ववान् रहन्छ, त्यो मात्र सत्य हो। यस्तो सत्य वस्तु आत्मा मात्र हो, तर यो इन्द्रिय आदिको विषय होइन। जुन दृश्य हुन्छ, त्यो मिथ्या हुन्छ। फेरि प्रत्यक्ष प्रमाणद्वारा नै संसारका सबै पदार्थहरू परिवर्तनशील विनाशी रहेको थाहा पाइन्छ। प्रत्यक्षद्वारा कुनै वस्तु उत्पन्न भएको, बढेको, घटेको, नष्ट भएको आदि देखिन्छ। त्यसैले विवेकीहरूका लागि प्रत्यक्ष प्रमाणले संसारका कुनै पनि पदार्थ नित्य नभएको बताइरहेको हुन्छ। यसकारण प्रत्यक्ष प्रमाण पनि संसारलाई मिथ्या सिद्ध गर्न सहायक

छ।

अनुमान अर्थात् युक्तिप्रमाणले पनि प्रत्यक्षको सहायताद्वारा संसारलाई मिथ्या सिद्ध गर्दछ। प्रत्यक्षले वस्तुहरूलाई निरन्तर परिवर्तनशील देखाएपछि ती पदार्थ सत्य होइनन् भन्ने बुझ्न युक्तिकै आवश्यकता पर्दछ। त्यसैले श्रुतिअनुकूल युक्तिद्वारा पनि प्रपञ्चको मिथ्यात्व सिद्ध गर्न सकिन्छ। श्रुतिप्रमाण त झन् प्रपञ्चको मिथ्यात्वसिद्धिका लागि मुख्य अस्त्र नै हो। उपनिषद्मा भनिन्छ– **नेह नानास्ति किञ्चन** अर्थात् यहाँ कुनै पनि द्वैत अर्थात् आत्मभिन्न वस्तु छैन, **एकमेवाद्वितीयम्** अर्थात् आत्मा एक मात्र अद्वितीय छ आदि। यसबाट सम्पूर्ण द्वैतप्रपञ्च असत्य भएको र अद्वितीय आत्मतत्त्व मात्र सत्य भएको बुझिन्छ। प्रत्यक्ष, अनुमान, श्रुति यी सबै प्रमाणहरूले बताएको अर्थ यथार्थरूपमा अनुभव गरेपछि मात्र प्रत्यक्ष हुन्छ। त्यसैले आत्माको अद्वितीयता र द्वैतप्रपञ्चको असत्यता बुझ्न अन्तमा **आत्मसंवित्** अर्थात् आत्मानुभवको आवश्यकता हुन्छ। यसप्रकार संसारको विनश्वरतालाई बुझ्न प्रत्यक्ष, अनुमान, आगम र आत्मअनुभव साधन हुन्।

उद्धव उवाच (उद्धवले भने)

नैवात्मनो न देहस्य संसृतिर्द्रष्टृदृश्ययोः।
अनात्मस्वदृशोरीश कस्य स्यादुपलभ्यते॥ १०॥

पदार्थ–	**द्रष्टृदृश्ययोः** = द्रष्टा र दृश्यरूप	**न स्यात्** = संसृति हुन सक्दैन
ईश = हे भगवान्	**अनात्मस्वदृशोः** = जड र चेतनमध्ये	**देहस्य** = शरीरको पनि
संसृतिः = जन्ममरणको चक्र	**आत्मनः** = आत्माको	**न एव** = हुन सक्दैन भने
उपलभ्यते = देखिइरहेको छ		**कस्य** = कसको हुन्छ

वाक्यार्थ– हे भगवान्! जन्ममरण आदि संसृति (संसारचक्र)को प्रत्यक्ष अनुभव भइरहन्छ। अब भन्नुहोस्, त्यो संसृति द्रष्टा (आत्मा)को हो कि दृश्य (अनात्म शरीर)को हो? आत्मा चेतन भएकाले त्यसको संसृति हुनै सक्दैन र शरीर जड भएको हुनाले त्यसको पनि जन्ममरण हुँदैन भने जन्ममरण वस्तुतः कसको हुन्छ?

आत्माव्ययोऽगुणः शुद्धः स्वयंज्योतिरनावृतः।
अग्निवद् दारुवदचिद् देहः कस्येह संसृतिः॥ ११॥

पदार्थ–	**अग्निवत्** = अग्नि झैं	**अचित्** = जड छ
आत्मा = आत्मा	**स्वयंज्योतिः** = स्वयंप्रकाश	**इह** = यस्तो स्थितिमा
अव्ययः = अविनाशी	**अनावृतः** = आवरणशून्य छ	**संसृतिः** = जन्ममरणरूप संसार
अगुणः = गुणरहित	**देहः** = शरीर	**कस्य** = कसको हुन्छ
शुद्धः = शुद्ध	**दारुवत्** = काठ झैं	

वाक्यार्थ– आत्मा सर्वदा अविनाशी, गुणरहित, शुद्ध, स्वयंप्रकाश र आवरणरहित छ भने शरीर

विनाशी, सगुण, अशुद्ध, परप्रकाश्य र आवरणले ढाकिएको छ। आत्मा अग्नि झैँ सर्वदा प्रकाशमान छ भने शरीर काठ झैँ जड छ। यस्तो स्थितिमा जन्ममरणरूप संसार कसको हुन्छ ?

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

यावद् देहेन्द्रियप्राणैरात्मनः सन्निकर्षणम्।

संसारः फलवांस्तावदपार्थोऽप्यविवेकिनः॥ १२॥

पदार्थ—
यावत् = जबसम्म
देहेन्द्रियप्राणैः = शरीर, इन्द्रिय र प्राणसँग
आत्मनः = आत्माको
सन्निकर्षणं = सम्बन्ध हुन्छ
तावत् = तबसम्म
अविवेकिनः = अविवेकीको लागि
अपार्थः अपि = मिथ्या भएर पनि
संसारः = संसार
फलवान् = सफल (सत्य) झैँ प्रतीत हुन्छ

वाक्यार्थ— जबसम्म देह, इन्द्रिय र प्राणहरूको आत्मासँग सम्बन्ध रहन्छ, तबसम्म अज्ञानका कारण अविवेकीलाई जन्ममरणरूप संसार असत्य भए पनि सत्य झैँ प्रतीत भइरहन्छ।

अर्थे ह्यविद्यमानेऽपि संसृतिर्न निवर्तते।

ध्यायतो विषयानस्य स्वप्नेऽनर्थागमो यथा॥ १३॥

पदार्थ—
यथा = जसरी
स्वप्ने = स्वप्नमा
अनर्थागमः = विपत्ति आदि अनर्थको प्राप्ति हुन्छ, त्यसै गरी
अर्थे = कुनै भौतिक वस्तु
अविद्यमाने अपि = नभए पनि
विषयान् = अनुकूल, प्रतिकूल विषयहरू
ध्यायतः = चिन्तन गर्ने
अस्य = यस जीवको
संसृतिः = जन्ममरणरूप संसार
न हि निवर्तते = निवृत्त हुँदैन

वाक्यार्थ— जसरी स्वप्नमा कुनै पनि पदार्थ नभए पनि स्वप्नद्रष्टालाई टाउको काटिने आदि विपत्ति हुन सक्छ। त्यसै गरी कुनै पनि वास्तविक पदार्थ आत्मामा छैन, तापनि अनुकूल एवं प्रतिकूल विषयको चिन्तन गरिरहने जीवको जन्ममरणरूप संसारप्रवाह कहिल्यै निवृत्त हुँदैन।

यथा ह्यप्रतिबुद्धस्य प्रस्वापो बह्वनर्थभृत्।

स एव प्रतिबुद्धस्य न वै मोहाय कल्पते॥ १४॥

पदार्थ—
यथा हि = जसरी
अप्रतिबुद्धस्य = सपना देखिरहेको पुरुषको
प्रस्वापः = स्वप्न
बह्वनर्थभृत् = धेरै अनर्थकर हुन्छ
सः एव = त्यही स्वप्न
प्रतिबुद्धस्य = उठेको मानिसको
मोहाय = मोहका लागि
न वै कल्पते = समर्थ हुँदैन

वाक्यार्थ– जसरी सपना देखिरहेको मानिसको लागि स्वप्न धेरै नै अनर्थकारी हुन्छ, तर त्यही स्वप्न जागेको व्यक्तिको लागि मोहजनक (भय आदि प्रदायक) हुन सक्दैन।

शोकहर्षभयक्रोधलोभमोहस्पृहादयः।
अहङ्कारस्य दृश्यन्ते जन्म मृत्युश्च नात्मनः॥ १५॥

पदार्थ–
शोकहर्षभयक्रोधलोभमोह-स्पृहादयः = शोक, हर्ष, भय, क्रोध, लोभ, मोह, इच्छा आदि भावहरू
जन्म = जन्म र
मृत्युः च = मृत्यु पनि
अहङ्कारस्य = अहङ्कारकै
दृश्यन्ते = देखिन्छन्
आत्मनः = आत्माका
न = देखिँदैनन्

वाक्यार्थ– शोक, हर्ष, भय, क्रोध, लोभ, मोह, इच्छा तथा जन्म र मृत्यु यी सबै अहङ्कारका हुन्छन्, आत्माका हुँदैनन्। (किनभने शोक, हर्ष आदिसँग असङ्ग आत्माको कुनै सम्बन्ध छैन)।

विवरण– यस प्रसङ्गमा भगवान्ले **संसृति** अर्थात् जन्ममृत्युरूप संसारचक्र कसको हो ? भन्ने उद्धवको प्रश्नको उत्तर दिनुभएको छ। वास्तवमा आत्मा निर्गुण, नित्य एवं शुद्ध छ, त्यो स्वयंप्रकाश ज्ञानस्वरूप तत्त्वको अज्ञानकल्पित संसारचक्रमा परिभ्रमण कसरी हुन सक्दछ र ? त्यसै गरी शरीर जड छ, यसमा त पृथक् रूपमा कुनै पनि विकार सिद्ध हुन सक्दैन। केवल आत्मा जन्मँदैन अनि केवल शरीरको पनि जन्म-मृत्यु हुँदैन। शरीरमा क्रिया हुनका लागि त्यसलाई चैतन्यको सहायता अवश्य चाहिन्छ। चैतन्यकै प्रेरणाद्वारा शरीरमा वृद्धि, अपक्षय आदि हुन्छन् र ती विकारको सिद्धिसमेत हुन्छ। त्यसैले केवल जड शरीरको पनि संसृति हुन सक्ने देखिँदैन। चित् स्वरूप आत्मा र अचित् अर्थात् जडस्वरूप शरीर कुनैको पनि संसृति हुनै सक्ने देखिँदैन। उद्धवको प्रश्नको आशय हो— संसारचक्रमा परेको, त्यसभित्र रहेर व्यवहार गर्ने आत्मा हो कि शरीर हो ? संसारचक्र छँदैछैन भन्न पनि सकिँदैन किनभने **उपलभ्यते** अर्थात् यो त प्रत्यक्ष उपलब्ध छ।

यसको उत्तर दिँदै भगवान्ले संसार वास्तवमा हुँदै नभएको तर पनि अज्ञानीहरूका लागि भ्रमवशात् सिद्ध भएको बताउनुभएको छ। शरीर र आत्मा दुबैको अलग-अलग रूपमा संसरण हुन सम्भव छैन तर शरीर, इन्द्रिय, मनका साथ आत्माको **सन्निकर्ष** अर्थात् अध्यासका कारण संसारव्यवहार चलिरहेको छ। यहाँ संसारव्यवहारलाई स्वप्नव्यवहारको दृष्टान्तद्वारा बुझाइएको छ। स्वप्नमा व्यक्तिले आफूलाई वनभित्र भड्किएको देख्न सक्छ। यो भड्किने को हो ? यदि शरीर भन्ने हो भने त्यो खाटमाथि सुतिरहेको छ। यदि आत्मा भन्ने हो भने त्यो त स्वप्नव्यवहारलाई पनि प्रकाशित गर्दै-जान्दै त्यो स्वप्नसंसारभन्दा अलग अवस्थित छ। यदि आत्मा स्वप्नकल्पनाभन्दा भिन्न नभए त्यो सबै कल्पनालाई कसले जान्यो त ? भन्ने समस्या आउँछ। त्यसैले स्वप्नसंसारमा परेको आत्मा पनि होइन र शरीर पनि होइन। तर स्वप्न अवस्थामा मानिसले आफूलाई मनसँग संयुक्त गरी स्वप्नभित्रकै पात्रको रूपमा कल्पना गरेको छ, त्यही काल्पनिक आत्माको नै त्यहाँ व्यवहार भएको हो भन्ने कुरा युक्तिसिद्ध छ। भगवान् भन्नुहुन्छ— यद्यपि स्वप्न सत्य होइन, तर नजागुन्जेल त्यसको जञ्जालबाट मुक्त हुन सकिँदैन। जागेपछि मात्र त्यो मिथ्या

भएको थाहा हुन्छ र त्यस वेला स्वप्नकल्पनासमेत हराइसकेको हुन्छ। जागेको अवस्थामा स्वप्नव्यवहार कसको हो भनी प्रश्न गर्नु पनि अनावश्यक एवं व्यर्थ हुन्छ। ठिक यसै गरी जाग्रत् व्यवहारमा अनुभव गरिने जन्ममृत्युचक्र पनि वास्तवमा अयथार्थ हो, अज्ञानद्वारा काल्पनिक रूपमा देखिने भएकाले वस्तुतः त्यसको निरूपण गर्न सकिँदैन। स्वयं काल्पनिक भएकाले यस संसारव्यवहारको उत्तरदायी पनि कुनै काल्पनिक वस्तु नै छ, वास्तविक आत्मा होइन।

शरीर, मन एवं आत्माबिच परस्पर अध्यास भई सिद्ध हुने **अहङ्कार** अर्थात् जीवभावको नै संसृति हुन्छ । शास्त्रमा अहङ्कारलाई नै जीव, प्रमाता, चिज्जडग्रन्थि आदि भनी बताइन्छ। यही अहङ्कार नै कर्महरूको कर्ता र त्यसको फलभोक्ता पनि हो। कठोपनिषद् (१.३.४)मा भनिन्छ– **आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुर्मनीषिणः** अर्थात् आत्मा, इन्द्रिय र मन मिलेर भोक्ता जीव बन्दछ। आत्मा असङ्ग भएकाले वास्तवमा कुनै पनि पदार्थसँग त्यसको संसर्ग हुन सक्दैन, तर अध्यासवशात् संसर्ग हुन सम्भव छ।

सर्वप्रथम अद्वितीय एवं निर्विकार आत्मामा मायारूप उपाधि खडा हुन्छ। यो समष्टि उपाधि भएकाले यसमा प्रतिबिम्बित चेतन ईश्वर सर्वसमर्थ सर्वज्ञ हुनुहुन्छ। समष्टि उपाधि मायाको व्यष्टि भाग नै अन्तःकरण हो, त्यो व्यष्टि उपाधिमा प्रतिबिम्बित चेतनलाई जीव भनिन्छ। यो वास्तविक आत्मा होइन, तर मायाद्वारा आफ्नो स्वरूप भुलेकाले मानिसले यसैलाई आत्मा भन्ने ठान्दछ। यसप्रकार आत्मप्रतिबिम्बले सहित भएको अन्तःकरणलाई नै आत्मा मान्दा त्यसमा आत्मा र अन्तःकरणका दुबै धर्महरू रहेका हुन्छन्। चेतन आत्माको धर्म सत्, चित्, आनन्द हो र जड अन्तःकरणको धर्म कर्तृत्व–भोक्तृत्व हो। दुबैको अध्यासबाट सिद्ध यो अहङ्कारमा आत्माको ज्ञानअंश पनि छ र अन्तःकरणको कर्तृत्व भोक्तृत्व पनि। जीवले 'म गर्दछु' भन्दा उसमा अन्तःकरणको कर्तृत्व अंश रहेको छ र म जान्दछु भन्दा आत्माको चैतन्य अंश। चित् र जडको परस्पर अध्यास भएकैले अहङ्कारलाई चिज्जडग्रन्थि पनि भनिन्छ।

प्रतिबिम्ब जहिले पनि उपाधिपक्षपाती हुन्छ। फुटेको ऐनामा परेको सूर्यप्रतिबिम्ब पनि फुटेकै देखिन्छ। यो अहङ्कारले पनि बिम्ब आत्माको नभई उपाधि लिङ्गशरीरको नै पक्ष लिन्छ। अन्तःकरण, प्राण र इन्द्रिय मिलेर बनेको यो लिङ्गशरीरसँग सम्बन्ध राख्ने क्रममा यसको आधार स्थूल शरीरसँग पनि अहङ्कारको सम्बन्ध रहेको हुन्छ। यसैले अहङ्कारले शरीर, प्राण, मन, इन्द्रिय यी सबैका धर्महरूलाई आफूले लिई म सुखी–दुःखी छु भनी व्यवहार गर्दछ। शोक–मोह, राग–द्वेष आदि सबै भावहरू अन्तःकरणका धर्म हुन्, तर अध्यासद्वारा आत्माले ती धर्मलाई स्वीकार गरी म शोक–मोहमा परेको छु भन्दछ। त्यसै गरी भोक र प्यास यी दुबै प्राणका धर्मलाई लिएर यसले म तिर्खाएको–भोकाएको छु भन्दछ भने जन्ममृत्यु आदि शरीरका धर्मलाई लिएर म जन्में–मरेँ भन्दछ। आत्माको अध्यासविना केवल मन, प्राण, शरीरबाट मात्र यी सारा व्यवहार हुन सक्ने थिएनन्, त्यसैले यहाँ जन्म, मृत्यु, हर्ष, शोक आदि सबै अहङ्कारका नै हुन् आत्माका होइनन् भनी बताइएको छ।

यहाँ उद्धवको प्रश्न र भगवान्को उत्तरको प्रसङ्गबाट वास्तवमा संसारचक्र हुँदै नभएको निष्कर्ष निस्केको छ। कोही मान्छे मऱ्यो भनी बताउँदा त्यो व्यक्तिको शरीर कहीँ गएको छैन अनि

आत्मा चाहिँ सर्वव्यापक एवं नित्य भएकाले ऊ पनि कहीँ गएको या नष्ट भएको छैन। यहाँ मृत्यु भनेर आत्मप्रतिबिम्बले युक्त अन्तःकरण अर्थात् जीवात्माको शरीरसँग वियोग हुनुलाई भनिन्छ। यसै गरी कोही जन्मियो भन्नुको अर्थ पनि शरीरसँग जीवको संयोग हुनु नै हो। आत्मा र अन्तःकरणको अध्यासबाट सिद्ध भएको जीवभाव समेत अन्तःकरणको नाश नहुन्जेल मर्दैन, लोक–लोकान्तरमा आउजाउ गरी वस्त्र फेरे झैँ शरीरहरू बदलिइरहन्छन्। आध्यासिक जीवमा अध्यासवशात् संसारचक्र देखिन्छ भने त्यो संसृति पनि स्वयं अज्ञानकल्पित नै हुनुपर्दछ। यसैले संसारचक्र जीवको हो भनेर बताउनुको तात्पर्य पनि वास्तवमा यो संसारचक्र स्वयं जीव झैँ अज्ञानकल्पित हो र वास्तविक होइन भन्ने नै हो।

देहेन्द्रियप्राणमनोऽभिमानो जीवोऽन्तरात्मा गुणकर्ममूर्तिः।
सूत्रं महानित्युरुधेव गीतः संसार आधावति कालतन्त्रः॥ १६॥

पदार्थ–
देहेन्द्रियप्राणमनोऽभिमानः = शरीर, इन्द्रिय, प्राण र मनमा अभिमान राख्ने
आत्मा = आत्मा नै
अन्तः = तिनीहरूभित्रै रहने
गुणकर्ममूर्तिः = गुण र कर्मद्वारा बनेको लिङ्गशरीर धारण गर्ने
सूत्रं = सूत्रात्मा
महान् = महत्तत्त्व
इति = इत्यादि
उरुधा इव = धेरै नामहरूद्वारा
गीतः = बताइएको
कालतन्त्रः = परमेश्वरको अधीनमा रहेको
जीवः = जीव नै
संसारे = संसारमा
आधावति = यता–उता दौडन्छ

वाक्यार्थ– शरीर, इन्द्रिय, प्राण र मनमा आत्माले जब अभिमान राख्दछ, तब त्यो आत्मालाई जीव भनिन्छ, किनभने शरीर आदिमा आत्माको अभिमान हुनासाथ जीवभाव उत्पन्न हुन्छ। त्यही जीवले गुण र कर्मद्वारा निर्मित लिङ्गशरीर धारण गर्दछ। यसैलाई सूत्रात्मा, महत्तत्त्व आदि अनेक नामले बताइएको छ। त्यही सूत्रात्मा (जीव) नै कालरूप परमेश्वरको अधीनमा रही जन्ममृत्युरूप संसारमा कहिले यता कहिले उता दौडिरहन्छ।

अमूलमेतद् बहुरूपरूपितं मनोवचःप्राणशरीरकर्म।
ज्ञानासिनोपासनया शितेनच्छित्त्वा मुनिर्गां विचरत्यतृष्णः॥ १७॥

पदार्थ–
अमूलं = मूलरहित
बहुरूपरूपितं = देवता, मनुष्य आदि अनेक रूपद्वारा प्रकाशित
मनोवचःप्राणशरीरकर्म = मन, वचन, प्राण र शरीरसँग सम्बद्ध
एतत् = यो अहङ्कारलाई
उपासनया = उपासनाद्वारा
शितेन = धारिलो बनाइएको
ज्ञानासिना = ज्ञानरूपी तरबारले
छित्त्वा = काटेर
मुनिः = मननशील व्यक्ति
अतृष्णः = तृष्णारहित भएर
गां = पृथिवीमा
विचरति = घुम्दछ

वाक्यार्थ– अहङ्कार मूलरहित छ, तापनि अज्ञानका कारण देवता, मनुष्य, पशु आदि अनेक रूपमा प्रकाशित हुन्छ। यसले मन, वचन, प्राण, शरीर र तिनीहरूको कर्मसँग सम्बन्ध राख्दछ। मुनिले

यही अहङ्कारलाई उपासनाद्वारा धारिलो बनाइएको ज्ञानरूप तरबारले काटेर तृष्णारहित भई पृथिवीमा विचरण गर्दछ।

ज्ञानं विवेको निगमस्तपश्च प्रत्यक्षमैतिह्यमथानुमानम्।
आद्यन्तयोरस्य यदेव केवलं कालश्च हेतुश्च तदेव मध्ये॥ १८॥

पदार्थ–
विवेकः = आत्माको अपरोक्ष साक्षात्कार
निगमः = वेद, उपनिषद् आदिको श्रवण
तपः = स्वधर्मको अनुष्ठान
प्रत्यक्षं = आफ्नो अनुभव
ऐतिह्यं च = ऐतिहासिक घटनाहरू
अथ = तथा
अनुमानं = तर्क
ज्ञानं = यी सबै ज्ञान हुन्
अस्य = यो जगत्को
आद्यन्तयोः = आदि र अन्तमा
यत् एव = जुन आत्मतत्त्व छ
तत् एव = त्यही आत्मतत्त्व नै
केवलं = केवल
मध्ये = बिचमा पनि छ
कालः च = समय र
हेतुः च = आदिकारण पनि आत्मतत्त्व नै हो

वाक्यार्थ– आत्माको अपरोक्ष साक्षात्कार, वेद र उपनिषद्हरूको श्रवण, तप (स्वधर्मको अनुष्ठान), स्वानुभव, ऐतिहासिक घटनाहरू र तर्क यी सबै ज्ञान हुन्। यो जगत्को आदिमा र अन्तमा जुन आत्मतत्त्व विद्यमान छ, त्यही आत्मतत्त्व नै बिचमा पनि विद्यमान छ। यही आत्मा नै काल र आदिकारण हो।

यथा हिरण्यं स्वकृतं पुरस्तात् पश्चाच्च सर्वस्य हिरण्मयस्य।
तदेव मध्ये व्यवहार्यमाणं नानापदेशैरहमस्य तद्वत्॥ १९॥

पदार्थ–
यथा = जसरी
स्वकृतं = विभिन्न किसिमका गहनाहरू नबनाइएको
यत् = जो
हिरण्यं = सुन
सर्वस्य = सम्पूर्ण
हिरण्मयस्य = सुनबाट बनेका गहनाहरूको
पुरस्तात् = उत्पत्तिपूर्व र
पश्चात् च = नाशपछि पनि रहन्छ
तत् एव = त्यही सुन नै
मध्ये = बिचमा (गहना बनाइएको समयमा)
नानापदेशैः = (कुण्डल, तिलहरी आदि) अनेक नामहरूद्वारा
व्यवहार्यमाणं = व्यवहार गर्न योग्य हुन्छ
तद्वत् = त्यसरी नै
अस्य = यो जगत्को कारणभूत
अहम् = आद्यन्तरूप म नै बिचमा अनेक व्यवहारको विषय हुन्छु

वाक्यार्थ– सुनबाट विभिन्न किसिमका गहनाहरू बन्नुभन्दा पहिले ती गहनाहरू सुन नै थिए र जब गहनाहरू नष्ट हुन्छन् तब पनि ती सुनकै रूपमा रहन्छन्। गहना भएको अवस्थामा मात्र सुनलाई कुण्डल, तिलहरी, चुरा, टप, मङ्गलसूत्र आदि विभिन्न नाम राखेर व्यवहार गरिन्छ। त्यस अवस्थामा पनि ती गहनाहरू सुनकै रूपमा हुन्छन्। त्यसै गरी जगत्को उत्पत्तिपूर्व र नाशपछि पनि म नै छु र सृष्टिकालमा पनि म नै रहन्छु किनभने गहनामा सत्यवस्तु सुन भए झैं जगत्को एक मात्र सत्य म नै हुँ।

विज्ञानमेतत् त्रियवस्थमङ्ग गुणत्रयं कारणकार्यकर्तृ ।
समन्वयेन व्यतिरेकतश्च येनैव तुर्येण तदेव सत्यम् ॥ २० ॥

पदार्थ–
अङ्ग = हे प्रिय उद्धव
त्रियवस्थं = जाग्रत् आदि तीन अवस्था भएको
विज्ञानं = मन
गुणत्रयं = तीन अवस्थाका कारणभूत सत्त्व आदि गुणहरू
कारणकार्यकर्तृ = कारण (अध्यात्म), कार्य (अधिभूत) र कर्ता (अधिदैव)
एतत् = यो सबै
येन = जुन
तुर्येण = तुरीय (सामान्यज्ञान मात्र) को
समन्वयेन = समन्वयद्वारा हुन्छ
व्यतिरेकतः एव च = व्यतिरेकद्वारा समाधि आदिमा पनि जो छ
तत् एव = त्यही नै
सत्यम् = सत्य हो

वाक्यार्थ– प्रिय उद्धव ! मनका तीन अवस्था जाग्रत्, स्वप्न र सुषुप्तिका कारण क्रमशः सत्त्व, रज र तमोगुण हुन्। यसरी नै कारण (अध्यात्म–इन्द्रिय) कार्य (अधिभूत–पृथिवी) र कर्ता (अधिदैव) यी तीन प्रकारका जगत् छन्। उक्त सबैको त्रिविधतामा तुरीय तत्त्व व्याप्त छ। त्रिविधता नरहने समाधि आदिमा पनि त्यही तत्त्व विद्यमान छ। त्यही तुरीयतत्त्व (ब्रह्म) नै सत्य छ।

विवरण– यस श्लोकमा भगवान्ले सबै अवस्थाहरूमा समान रूपले रहने तुरीय तत्त्व नै एक मात्र सत्य तत्त्व हो भनी उपदेश गर्नुभएको छ। यसलाई सम्झाउन सुवर्ण र आभूषणको दृष्टान्त दिइएको छ। सुनलाई गरगहनाको रूपमा बनाउनुभन्दा अघि पनि त्यो सुन नै हुन्छ, अनेक गहनाको रूपमा बनाएपछि पनि ती गहनाहरूमा सुन मात्र रहेको हुन्छ र अन्तमा गहनाहरूलाई गलाइसकेपछि केवल सुन मात्र बाँकी रहन्छ। सुनमा नै उत्पन्न हुने, त्यहीं अवस्थित हुने र अन्तमा त्यहीं लीन हुने भएकाले गहना भन्नु केवल कल्पना हो, वास्तवमा त त्यो सुन मात्र हो। त्यसै अनन्त विविधताको रूपमा प्रकट भएको यो सम्पूर्ण प्रपञ्च पनि एउटै आत्मतत्त्वको विलास हो। आत्मामा नै उत्पन्न, आत्मामा नै अवस्थित र आत्मामा नै विलीन हुने सम्पूर्ण प्रपञ्च आत्मा नै हो, त्यो भन्दा भिन्न होइन। उपनिषद्मा सम्पूर्ण जगत् आत्माकै अभिव्यक्ति हो भन्ने जनाउन घैंटो र माटो, सुन र गहना आदिको दृष्टान्त दिइएको छ। उपनिषद्मा भनिएको छ– **एकेन लोहमणिना विज्ञातेन सर्वं विज्ञातं स्याद् वाचारम्भणं विकारो नामधेयं लोहमित्येव सत्यम्** (छान्दोग्योपनिषद् ६.१.४)।

उपादान कारणभन्दा भिन्न कार्यको अस्तित्व रहन सक्दैन भन्ने कुरा घैंटो–माटो र सुन र गहनाको दृष्टान्तद्वारा बुझिन्छ। यही नियमले सम्पूर्ण संसार पनि आफ्नो उपादान कारण ब्रह्मभन्दा अलग अस्तित्ववान् छैन भन्ने थाहा हुन्छ। संसारको भिन्न–भिन्न नामरूप केवल कल्पना हो, त्यसमा अनुस्यूत रहने तत्त्व मात्र वास्तविक हो। ब्रह्मतत्त्व सम्पूर्ण विश्वप्रपञ्चभित्र अनुस्यूत रहने भएकैले यो सम्पूर्ण प्रपञ्च सत्य झैं प्रतीत भइरहेको छ। भगवान् भन्नुहुन्छ– वास्तवमा जगत्को कुनै पनि सत्ता छैन, तर अधिष्ठानरूप ब्रह्मतत्त्वको सत्ताको कारणले नै त्यो सत्य झैं प्रतीत

भइरहेको छ। सम्पूर्ण पदार्थहरूभित्र तिनलाई सत्ता प्रदान गर्ने र प्रकाशित गर्ने आत्मतत्त्व नै अवस्थित रहेको छ। संसारका अवस्था एवं पदार्थहरू परस्परमा व्यभिचरित छन्, तर आत्मा सबैतिर अन्वित छ। यही तुरीय तत्त्व नै सत्य तत्त्व हो।

तुरीय शब्दको अर्थ चौथो हो। आत्मालाई चौथो भनी किन बताइयो भन्ने जिज्ञासा हुन सक्दछ। यसको उत्तर हो— जाग्रत् स्वप्न र सुषुप्ति यी तीन अवस्थाका अभिमानीहरूको अपेक्षामा आत्मालाई चौथो भनिएको हो, तर आत्मा त चौथो नभई अद्वितीय एक मात्र सत्य तत्त्व हो। कसैले बाटोमा हिँडिरहेको वेलामा भ्रमवशात् तीनपटकसम्म सिपीलाई चाँदी भनी ठान्यो भने चौथो पटक उसले असली चाँदीलाई नै देख्दा अर्को जान्ने मान्छेले 'यो चौथो चाँदी असली हो अरू होइनन्' भनी बतायो भने वास्तवमा सत्य चाँदी एउटै मात्र रहेछ, अरू भ्रम मात्र रहेछन् भन्ने बुझिन्छ। त्यसै गरी जीवहरूले अज्ञानवश आफूलाई जाग्रत् अवस्थाको अभिमानी विश्व, स्वप्न अवस्थाको अभिमानी तैजस, सुषुप्ति अवस्थाको अभिमानी प्राज्ञ भनी बुझिरहेको वेला गुरु एवं शास्त्रहरूले पनि उनीहरूलाई 'आत्मा भनेको वास्तवमा ती सबैको साक्षी अर्को चौथो चाहिँ हो' भनी बताउँदा पनि आत्मा अद्वितीय रहेछ भन्ने नै सिद्ध हुन्छ। त्यसैले उपनिषद् आदि शास्त्रले आत्मालाई चौथो तुरीय भनी बताउनु भ्रमकल्पित तीन अवस्थाहरूको अपेक्षामा हो, वास्तवमा होइन। यसैकारण भगवत्पाद श्रीशङ्कराचार्यले ब्रह्मको स्तुति गर्दै त्यसलाई **मायासङ्ख्यातुरीयं** अर्थात् मायाको गणनाको आधारमा तुरीय तत्त्व भनी बताउनुभएको पाइन्छ।

यो तुरीय तत्त्व जाग्रत्, स्वप्न र सुषुप्ति यी तीनै अवस्थामा ती-ती अवस्था र तिनका अभिमानीहरूको प्रकाशक साक्षीको रूपमा अवस्थित छ। नित्यज्ञानस्वरूप यस तत्त्वलाई यहाँ भगवान्ले **त्रियवस्थ** अर्थात् तीन अवस्थाहरूमा एकनासले अवस्थित भनी बताउनुभएको छ। यो तत्त्व सत्त्व, रज र तम यी तीनै गुणहरूको पनि प्रकाशक हो र कारण, कार्य र कर्ता अर्थात् अध्यात्म, अधिभूत र अधिदैव यी तीनै थरी प्रपञ्चको पनि प्रकाशक हो। यो तत्त्वकै अन्वयबाट सारा विविधताहरू सिद्ध भइरहेका छन्। सबै अवस्था र पदार्थहरूमा चेतन तत्त्व हुनु यही नै यसको अन्वय हो। यसै गरी व्यतिरेक भनेको संसारका पदार्थहरू आपसमा नहुनु अथवा समाधि, मुक्तावस्था आदिमा केवल आत्मा मात्र रही सम्पूर्ण संसार नहुनु भन्ने बुझिन्छ। यसप्रकार अन्वय र व्यतिरेकद्वारा अपरोक्षरूपमा आत्मालाई बुझ्नुपर्दछ।

न यत् पुरस्तादुत यन्न पश्चान्मध्ये च तन्न व्यपदेशमात्रम्।
भूतं प्रसिद्धं च परेण यद् यत् तदेव तत् स्यादिति मे मनीषा॥ २१॥

पदार्थ—
यत् = जुन पदार्थ
पुरस्तात् = उत्पत्ति हुनुभन्दा अगाडि
न = छैन
यत् = जो
पश्चात् उत = नष्ट भएपछि पनि
न = छैन
तत् = त्यो पदार्थ
मध्ये च = बिचमा पनि
न = छैन
व्यपदेशमात्रं = कल्पित नाम मात्र भएका
यत् यत् = जे-जे पदार्थ
परेण = अर्को वस्तुद्वारा

भूतं = उत्पन्न
प्रसिद्धं च = प्रकाशित पनि हुन्छ भने
तत् तत् एव = त्यो-त्यो वस्तु नै
स्यात् इति = सत्य हुन्छ भन्ने
मे = मेरो
मनीषा = निश्चय छ

वाक्यार्थ– जुन पदार्थ उत्पत्ति हुनुभन्दा अगाडि थिएन र प्रलय (नष्ट) भएपछि पनि रहँदैन भने त्यो पदार्थ उत्पत्ति र लयको बिचमा पनि छैन। बिचमा देखिएका ती पदार्थहरू कल्पित हुन् र नामद्वारा व्यवहृत मात्र हुन्छन्, तर पदार्थ जसद्वारा उत्पन्न हुन्छ र जसद्वारा प्रकाशित हुन्छ, त्यही पदार्थ वास्तविक सत्य हो भन्ने मेरो दृढ निश्चय छ।

अविद्यमानोऽप्यवभासते यो वैकारिको राजससर्ग एषः।
ब्रह्म स्वयंज्योतिरतो विभाति ब्रह्मेन्द्रियार्थात्मविकारचित्रम्॥ २२॥

पदार्थ–
यः = जुन
एषः = यो
वैकारिकः = विकारको समूह (महद् आदि विकारजन्य सृष्टि)
अविद्यमानः अपि = सृष्टिपूर्व नभए पनि
राजससर्गः = रजोगुणद्वारा उत्पन्न भएर
अवभासते = प्रकाशित छ
ब्रह्म = ब्रह्म
स्वयंज्योतिः = स्वयंप्रकाश छ
अतः = त्यसकारण
इन्द्रियार्थात्मविकारचित्रं = इन्द्रिय, त्यसका विषय, मन, पञ्चमहाभूत इत्यादि विविध नामरूपले
ब्रह्म = ब्रह्म नै
विभाति = प्रकाशित छ

वाक्यार्थ– यो जुन महत्तत्त्व आदि विकारबाट उत्पन्न भएको सृष्टि प्रतीयमान छ, यो सृष्टिपूर्व थिएन। अतः यो छैन तापनि अहिले जो प्रतीत भइरहेको सृष्टि हो यो त रजोगुणद्वारा प्रकट भएको ब्रह्मको कार्य हो र यो ब्रह्मद्वारा नै प्रकाशित छ। ब्रह्म स्वयंप्रकाश र सर्वप्रकाशक हो। यो न त कसैको कार्य हो न अरू कोहीद्वारा प्रकाशित छ। त्यसैले इन्द्रिय, इन्द्रियका विषय (तन्मात्रा, मन, पञ्चमहाभूत इत्यादि), विभिन्न नाम र विभिन्न रूपमा ब्रह्म नै प्रतीत भइरहेको छ।

एवं स्फुटं ब्रह्मविवेकहेतुभिः परापवादेन विशारदेन।
छित्त्वात्मसन्देहमुपारमेत स्वानन्दतुष्टोऽखिलकामुकेभ्यः॥ २३॥

पदार्थ–
एवं = यसरी
स्फुटं = स्पष्ट तरिकाले
ब्रह्मविवेकहेतुभिः = श्रुति आदि ब्रह्मज्ञानका साधनहरूद्वारा
विशारदेन = ब्रह्मज्ञानी गुरुको कृपाद्वारा पनि
परापवादेन = देह आदिमा आत्मत्वको निराकरण गरी
आत्मसन्देहं = आत्मामा हुने सन्देहलाई
छित्त्वा = नष्ट गरेर
स्वानन्दतुष्टः = निजानन्दमा मग्न भई
अखिलकामुकेभ्यः = सम्पूर्ण इन्द्रिय र तिनका विषयहरूबाट
उपारमेत = निःसङ्ग रहोस्

वाक्यार्थ– यसरी ब्रह्मज्ञानका साधन श्रुति, तप, स्वानुभव, तर्क आदिका साथै गुरुकृपाको बलले

स्पष्टरूपमा देह आदिमा हुने आत्मत्वभ्रमलाई निषेध गरेर आत्मामा हुने विभिन्न सन्देह (आत्मा शरीरभन्दा भिन्न हो कि होइन ? यो एक छ कि अनेक छ ? स्वतन्त्र छ कि पराधीन छ ? इत्यादि) लाई नष्ट गर्नुपर्दछ। त्यसपछि आफ्नै आत्मानन्दमा सन्तुष्ट भएर देहेन्द्रियादि र त्यसका विषयहरूबाट निःसङ्ग हुनुपर्दछ।

नात्मा वपुः पार्थिवमिन्द्रियाणि देवा ह्यसुर्वायुजलं हुताशः।
मनोऽन्नमात्रं धिषणा च सत्त्वमहङ्कृतिः खं क्षितिरर्थसाम्यम्॥ २४॥

पदार्थ—
पार्थिवं = पृथिवीको विकार
वपुः = शरीर
आत्मा = आत्मा
न = होइन
इन्द्रियाणि = इन्द्रियहरू र तिनका
देवाः हि = अधिष्ठाता देवताहरू
असुः = प्राण
मनः = मन
धिषणा = बुद्धि
सत्त्वं = चित्त
अहङ्कृतिः च = अहङ्कार पनि आत्मा होइन
अन्नमात्रं = शरीर झैं अन्नद्वारा पालिने हुनाले अन्न नै हुन्
वायुजलं च = वायु र जल
हुताशः = अग्नि
खं = आकाश
क्षितिः = पृथिवी
अर्थसाम्यम् = शब्द आदि तन्मात्रा र प्रकृति पनि आत्मा होइनन्

वाक्यार्थ— पृथिवी आदि पञ्चमहाभूतले बनेको पार्थिव शरीर जड भएकोले आत्मा होइन। इन्द्रियहरू, इन्द्रियका अधिष्ठाता देवताहरू, प्राण, मन, बुद्धि, चित्त र अहङ्कार पनि आत्मा होइनन् किनकि यिनीहरू पनि शरीर झैं अन्नद्वारा पालित-पोषित छन् र शरीर झैं जड पनि छन्। यसै गरी वायु, जल, अग्नि, आकाश र पृथिवी यी पञ्चमहाभूत, शब्द आदि पञ्चतन्मात्रा र तिनै गुणहरूको साम्यावस्थारूप प्रकृति पनि जड नै भएकाले आत्मा होइनन्।

विवरण— यहाँ शरीरदेखि प्रकृतिसम्मका कुनै पनि तत्त्वहरू आत्मा होइनन् भनिएको छ। कुनै वस्तुलाई बताउन त्यस भन्दा बाहेकका अरू सबै वस्तुहरूलाई निरसन गर्ने यो शैली निषेधमुख शैली हो। शास्त्रमा ब्रह्मलाई बुझाउने विधिमुख र निषेधमुख दुई वर्णनशैलीमध्ये निषेधमुख शैली बढी प्रभावकारी मानिन्छ। ब्रह्मलाई विधिशैलीले यही हो भनी निश्चितरूपमा प्रतिपादन गर्दा त्यो घट-पट आदि पदार्थहरू जस्तै कुनै अलग पदार्थ रहेछ कि भन्ने भान पर्न सक्छ, फेरि मन र वाणीको विषय नहुने निर्विशेष तत्त्वलाई ठिक यस्तै हो भनी निश्चित गर्न पनि सकिँदैन। त्यसैले आत्मभिन्न सम्पूर्ण जगत्को निरसन गरी ब्रह्मलाई बुझाउनु उपयुक्त हुन्छ। पदार्थहरूको निषेधले ब्रह्मलाई कसरी बताउँछ भने, सम्पूर्ण प्रपञ्चलाई निषेध गर्दा त्यो निषेधलाई जसले जानिरहेको या सिद्ध गरिरहेको छ, त्यसलाई निषेध गर्न सकिँदैन। फेरि कुनै वस्तुलाई निषेध गर्दा त्यसको कुनै आधारबाट नै त्यसलाई हटाउने गरिन्छ। यसैले जगत्को निषेध गर्दा यसको अधिष्ठान कुनै तत्त्व अवश्य चाहिन्छ, जहाँबाट जगत्लाई हटाउन सकियोस्। यसरी निषेधको प्रकाशक र निषेध्य पदार्थको अधिष्ठानको रूपमा अवस्थित हुने चेतन तत्त्वलाई **निषेधावधि** या **निषेधशेष** भनिन्छ। वेदान्तका **नेति नेति** (बृहदारण्यकोपनिषद् ४.४.२२) अर्थात् आत्मा माया र त्यसको कार्य दुबै

होइन जस्ता वाक्यहरूले यसै शैलीले आत्मनिरूपण गर्दछन्। यहाँ पनि त्यही प्रक्रिया अपनाइएको छ।

शरीर आदिलाई आत्मा होइनन् भनी बताउँदा यहाँ सूक्ष्मरूपमा हेतुहरूको सूचना भएको छ। श्रीधर स्वामीले यसलाई अनुमानको आकार दिई प्रस्तुत गर्नुभएको छ। **पार्थिवं** भन्ने शब्दले शरीर आत्मा नहुनुको कारण बताउँछ। **वपुः आत्मा न भवति पार्थिवत्वात्** अर्थात् शरीर आत्मा होइन, पृथिवीको विकार भएकाले। यसै गरी प्राण, इन्द्रिय एवं अन्तःकरणचतुष्टय यी कुनै पनि आत्मा होइनन् भन्नेमा कारण बताउँदै **अन्नमात्रम्** पद आएको छ। इन्द्रियहरू **देव** अर्थात् तिनका अधिष्ठाता देवताहरू, **असुः** अर्थात् प्राण, मन, **धिषणा** अर्थात् बुद्धि, **सत्त्वम्** अर्थात् चित्त एवं अहङ्कार समेत आत्मा होइनन् किनभने यी सबै **अन्नमात्र** अर्थात् अन्नद्वारा नै पोषित पालित छन्। भोजन गरिएको जल-अन्नद्वारा नै मन, प्राण आदि निर्मित एवं संवर्धित हुन्छन्। उपनिषद्मा भनिन्छ— **अन्नमयं हि सोम्य मनः आपोमयः प्राणः** (छान्दोग्योपनिषद् ६.५.४) अर्थात् मन अन्नमय छ र प्राण जलमय छ। अन्न-जलको सूक्ष्म अंशबाट मन र प्राण बन्दछ भन्ने कुरा शास्त्रसिद्ध छ। भोजन नगर्ने हो भने बिस्तारै इन्द्रिय, मन र प्राणका वृत्तिहरू कमजोर बन्दै जान्छन्। यसरी यी सबै अन्नप्रधान भएकाले स्वयं अन्नसमान नाशवान् छन् र यसै कारणले यी कुनै पनि आत्मा हुन सक्दैनन्। यससम्बन्धी अनुमानको स्वरूप यस्तो छ— **एते बुद्धीन्द्रियादयः आत्मा न भवन्ति, अन्नोपष्टभ्यत्वात् शरीरवत्** अर्थात् यी बुद्धि इन्द्रिय आदि आत्मा होइनन्, अन्नद्वारा उपजीवित हुने भएकाले शरीर झैं।

यसै गरी **साम्यम्** अर्थात् तीन गुणहरूको साम्यावस्थारूप प्रकृति पनि आत्मा होइन। शब्द, स्पर्श, रूप, रस र गन्ध आदि विषयहरू पनि आत्मा होइनन्। यसै गरी पृथिवी, जल, तेज आदि पञ्च महाभूत पनि आत्मा होइनन्। सम्पूर्ण संसारको मूल कारण प्रकृति, त्यसको कार्य शब्द, स्पर्श आदि पञ्च तन्मात्रा अनि त्यसबाट पञ्चीकरणको क्रमले उत्पन्न हुने पञ्चमहाभूत पनि आत्मा नहुनुमा एउटै कारण छ, त्यो हो यी सबै जड हुन्। वास्तवमा आत्मभिन्न सबै पदार्थहरू जड, परप्रकाश्य एवं परिच्छिन्न भएकाले मिथ्या छन्। आत्मा चाहिँ स्वयंप्रकाश, ज्ञानस्वरूप, अखण्ड एकरूप रहेको छ। सबैलाई निषेध गर्दा अवशिष्ट रहने यही एउटा तत्त्व नै वास्तविक हो, अरू कल्पित हुन् भन्ने यहाँको आशय हो।

समाहितैः कः करणैर्गुणात्मभिर्गुणो भवेन्मत्सुविविक्तधाम्नः।
विक्षिप्यमाणैरुत किं नु दूषणं घनैरुपेतैर्विगतै रवेः किम्॥ २५॥

पदार्थ—
मत्सुविविक्तधाम्नः = राम्ररी मेरो स्वरूपको ज्ञान भएको व्यक्तिलाई
गुणात्मभिः = सत्त्व आदि गुणका परिणामस्वरूप
करणैः = इन्द्रियहरूद्वारा
समाहितैः = शान्त भए पनि त्यसद्वारा
कः = के
गुणः = लाभ
उत = अथवा
विक्षिप्यमाणैः = तिनीहरू विक्षिप्त हुँदा
किं नु दूषणं = के हानि

भवेत् = हुन्छ	**उपेतैः** = एकत्रित हुँदा (अथवा)	**रवेः** = सूर्यलाई
घनैः = बादलहरू	**विगतैः** = अलग हुँदा पनि	**किम्** = के हानि वा लाभ हुन्छ

वाक्यार्थ— जसलाई मेरो वास्तविक स्वरूपको अनुभव राम्ररी भइसकेको छ उसलाई सत्त्व आदि गुणका परिणामभूत इन्द्रियहरू शान्त हुँदा पो के लाभ र चञ्चल हुँदा पो के हानि हुन्छ र ? केही पनि हुँदैन। जस्तो कि, आकाशमा रहेका सम्पूर्ण बादलहरू चाहे एकत्रित होऊन् चाहे यत-तत्र छरियून्, सूर्यलाई त्यसबाट न लाभ हुन्छ न त केही हानि नै हुन्छ।

यथा नभो वाय्वनलाम्बुभूगुणैर्गतागतैर्वर्तुगुणैर्न सज्जते।
तथाक्षरं सत्त्वरजस्तमोमलैरहंमतेः संसृतिहेतुभिः परम्॥ २६॥

पदार्थ—

यथा = जसरी	**ऋतुगुणैः वा** = अथवा ऋतुका जाडो, गर्मी आदि गुणहरूद्वारा	**संसृतिहेतुभिः** = संसारचक्रका कारणभूत
नभः = आकाश	**न सज्जते** = लिप्त हुँदैन	**सत्त्वरजस्तमोमलैः** = सत्त्व, रज र तमोगुणका मलरूप कार्यहरूबाट लिप्त हुँदैन
गतागतैः = आउनेजाने	**तथा** = त्यसरी नै	
वाय्वनलाम्बुभूगुणैः = हावा, आगो, पानी र माटोका गुणहरूद्वारा	**अहंमतेः** = अहङ्कारदेखि	
	परं = पर रहेको	
	अक्षरं = अविनाशी आत्मा	

वाक्यार्थ— जसरी आकाशमै रहेका वायुले आकाशलाई सुकाउन, आगोले डढाउन, पानीले भिजाउन र माटोका कणहरूले मैलो बनाउन सक्दैनन् अनि ऋतुविशेषका जाडो, गर्मी आदि गुणहरूले पनि आकाशलाई प्रभावित बनाउन सक्दैनन् किनभने ती सबै आकाशका आगमापायी (आउने-जाने) वस्तु हुन्, तर आकाश स्थिर अधिष्ठान हो। त्यसै गरी सत्त्वगुण, रजोगुण र तमोगुण एवं यसका कार्यहरूले आत्मालाई स्पर्श गर्न वा प्रभावित गराउन सक्दैनन्, किनभने सर्वाधिष्ठान अविनाशी आत्मा संसारचक्रको कारण सत्त्व आदि गुणबाट पर छ र निर्लिप्त छ।

विवरण— यहाँ ज्ञानी व्यक्तिसँग इन्द्रिय आदिको व्यवहारबाट आउने गुणदोषको कुनै सम्बन्ध छैन भनी भगवान्‌ले उपदेश गर्नुभएको छ। यहाँ मत्सुविविक्तधाम पदको अर्थ हुन्छ, **मम सुष्ठु विविक्तं धाम स्वरूपं दृष्टं येन सः** अर्थात् मेरो स्वरूपलाई विवेकपूर्वक अनात्मतत्त्वबाट अलग गरी पूर्णतः बुझ्ने व्यक्ति। यस्तो आत्मज्ञानी व्यक्तिलाई कुनै नयाँ कुरा प्राप्त गर्न बाँकी रहँदैन। पूर्णतः कृतकृत्य भइसकेको व्यक्तिको इन्द्रिय, मन र शरीरको व्यवहारसँग कुनै सम्बन्ध रहँदैन। चाहे ती असल विषयतर्फ जाऊन्, ताहे ती खराब विषयतर्फ जाऊन्, ज्ञानी त इन्द्रिय आदिको प्रकाशक भइसक्यो। कूटस्थ साक्षी भावमा अवस्थित भइसकेको उसलाई शरीरको मृत्युले त स्पर्श गर्दैन भने त्यसका सानातिना विधिव्यवहारले कसरी छोऊन्। आत्मतत्त्व धर्म-अधर्म, शुभ-अशुभको भेदभन्दा अलग हो, किनभने राम्रो-नराम्रो भन्ने व्यवस्था समाजका प्राणीहरूले आपसी व्यवहारबाट निर्धारित गरेका हुन्। शास्त्रहरूले पनि प्राणीहरूको चेतनाको स्तरको आधारमा नै यिनको

निरूपण गरेका हुन्। वास्तवमा स्वप्नसृष्टिभित्रका वस्तुहरूलाई जाग्रत्मा आई राम्रो-नराम्रो भनी छुट्याउन नखोजिए झैं ज्ञानीहरूले पनि सम्पूर्ण संसार एवं यसका व्यवहारलाई पनि बुद्धिको प्रयोग गरी असल-खराब भनी छुट्याउन खोज्दैनन्। सम्पूर्ण संसार मिथ्या भएकैले पूर्णतः उपेक्ष्य हो, सात्त्विक वृत्ति भनिने स्वाध्याय, तपस्या, इन्द्रियजय आदि र तामसवृत्ति भनिने अज्ञान, मोह आदि यी सबै भेद वास्तवमा नभएकै हुन्। यदि ज्ञानीका लागि यिनको भेद अझै बाँकी रहने हो भने यी सबै त सत्य नै भइहाले, कहाँ मिथ्या भए र ? यसरी सम्पूर्ण द्वैतलाई मिथ्या भनी त्यागिदिइसकेको व्यक्तिले शुभ-अशुभको भेदलाई खोतल्नु भनेको सपनाभित्रका पदार्थहरूलाई जागेपछि विवेचना गर्न थाल्नु जस्तै हो। त्यसैले यहाँ भगवान् भन्नुहुन्छ— **करणैः समाहितैः विक्षिप्यमाणैः उत किम्** ? अर्थात् ज्ञानीका इन्द्रिय, मन आदि समाहित हुन् या विक्षिप्त हुन्, त्यसबाट के नै गुण र के दोष हुन्छ र ?

अज्ञानी व्यक्तिका इन्द्रियहरू समाहित भएका भए उसले त्यसबाट चित्तशुद्धिरूपी फल पाउँथ्यो, यदि उसका इन्द्रिय विक्षिप्त भएका भए व्यवहारमा लागी उसले त्यहाँ विषयहरूको भोग गर्न पाउँथ्यो। ज्ञानीलाई न अब इन्द्रियहरू विक्षिप्त भई विषयभोग गर्ने आशा छ, न त इन्द्रियजय गरी चित्तशुद्धि गर्ने आवश्यकता। अतः उसलाई यो भेदले केही फरक पार्दैन। आत्मतत्त्व पुण्य-पापदेखि माथि छ— **अन्यत्र धर्मादन्यत्राधर्मात्** (कठोपनिषद् १.२.१४)। उसलाई राम्रो-नराम्रो कर्मको भेद नभएकाले यससम्बन्धी कुनै चिन्ताले सताउँदैन। उपनिषद्मा भनिन्छ— **एतं ह वाव न तपति किमहं साधु नाकरवम्, किमहं पापमकरवम्** (तैत्तिरीयोपनिषद् २.९.१) अर्थात् ज्ञानीलाई मैले किन त्यो राम्रो काम गरिनँ होला, अथवा किन त्यस्तो नराम्रो काम गरेँ हुँला भन्ने चिन्ताले सताउँदैन। आफ्नै आत्मामा अवस्थित रहेको उसलाई संसारका कुनै पनि व्यवहारसित सम्बन्ध छैन। किनभने उसका लागि सम्पूर्ण संसार आफू मात्र भइसक्यो। अब आफूभन्दा भिन्न कुन राम्रो-नराम्रोलाई भेट्न सकिन्छ र ? उपनिषद्मा भनिन्छ— **यत्र त्वस्य सर्वमात्मैवाभूत् तत् केन कं पश्येत्** (छान्दोग्योपनिषद् ४.५.१५) अर्थात् जहाँ यसका लागि सम्पूर्ण प्रपञ्च आत्मा नै भइसक्यो भने त्यहाँ कसले कसलाई हेर्ने ? यस व्यक्तिले जहाँ हेरे पनि त्यहाँ पदार्थलाई नभई आत्मालाई देख्दछ। उसले इन्द्रियसंयमबाट पनि हृदयभित्र आत्मालाई नै देखिरहन्छ अनि तिनीहरू बाहिरतर्फ गतिशील भएको अवस्थामा पनि आत्मालाई नै देख्दछ। त्यसैले भनिन्छ—

देहाभिमाने गलिते विज्ञाते परमात्मनि।
यत्र यत्र मनो याति तत्र तत्र समाधयः।।

अर्थात् शरीर आत्मा हो भन्ने अभिमान नष्ट भएपछि, परमात्मतत्त्वलाई यथावत्रूपमा जानिसकेपछि जहाँ-जहाँ मन जान्छ, उसलाई त्यहीं-त्यहीं समाधि हुन्छ, किनभने मनले विषय गर्ने सबै वस्तुहरू उसका लागि ब्रह्म नै हुन् र तिनको चिन्तन गर्नु पनि ब्रह्मचिन्तन या समाधि नै हो। सांसारिक शुभ-अशुभबाट आत्मा असङ्ग रहन्छ भनी बुझाउन यहाँ आकाशको दृष्टान्त दिइएको छ। जसरी पानी पर्नु, बादल लाग्नु आदिबाट आकाशमा कुनै प्रभाव पर्दैन। उपनिषद्मा भनिन्छ— **असङ्गो न हि सज्जते** (बृहदारण्यकोपनिषद् ४.२.४) अर्थात् असङ्ग आत्माको कुनै वस्तुसँग पनि संसर्ग हुँदैन। यहाँ इन्द्रिय आदिको विक्षेप एवं समाधानबाट ज्ञानीलाई केही फरक पर्दैन भनी यही

असङ्गतालाई बताउन खोजिएको छ।

यहाँ असङ्ग आत्मा भएपछि ज्ञानीले जे पायो त्यही गर्दै हिँड्ने तर त्यसको कुनै प्रभाव उसमाथि नपर्ने भन्न खोजिएको होइन। ज्ञानीमा शुभ-अशुभ कुनै पनि प्रकारका वासना छैनन्, त्यसैले इन्द्रियदमन, प्रत्याहार आदि र परपीडन, हिंसा आदि कुनै पनि कर्महरू उसले गर्दैन। तर पनि पहिले गरिएको सात्त्विक अभ्यासका कारण उसका इन्द्रिय, मन आदि स्वतः नियन्त्रित हुन्छन् र धर्मानूकुल नै आचरण गर्दछन्। शरीरपात नहुन्जेल ज्ञानीबाट स्वभाववशात् तिनै शुभकर्महरू मात्र हुन्छन्, जसलाई उसले मुमुक्षु हुन्जेल अत्यन्त आदरका साथ अभ्यास गरेको थियो। यसैले शुभ-अशुभ दुबैदेखि मुक्त हुनुको अर्थ अज्ञानीहरूले सोचेजस्तो जुनसुकै दुष्कर्म गर्न छुट पाउनु होइन, अपि तु दुबैको प्रभावबाट रहित भए पनि ज्ञानीले स्वभावतः नै शुभ कर्म गरिरहन्छन् भन्ने हो। यसप्रकार यहाँ आत्माको असङ्गताको निरूपण गरिएको छ।

तथापि सङ्गः परिवर्जनीयो गुणेषु मायारचितेषु तावत्।
मद्भक्तियोगेन दृढेन यावद् रजो निरस्येत मनःकषायः॥ २७॥

पदार्थ—
तथा अपि = तापनि
मायारचितेषु = प्रकृतिका कार्यभूत
गुणेषु = विषयहरूमा
तावत् = तबसम्म
सङ्गः = सङ्ग
परिवर्जनीयः = त्याग्नुपर्दछ
यावत् = जबसम्म
दृढेन = बलियो
मद्भक्तियोगेन = मेरो भक्तियोगद्वारा
रजः = विषयमा हुने आसक्तिरूप
मनःकषायः = मनको मैलो
निरस्येत = दूर हुँदैन

वाक्यार्थ— (जीवन्मुक्त व्यक्तिको विषयसँग कुनै पनि सम्बन्ध हुँदैन) तर पनि प्रकृतिका कार्यरूप विषयहरूमा तबसम्म सङ्ग गर्नुहुँदैन, जबसम्म मेरो सुदृढ भक्तियोगद्वारा विषयमा हुने आसक्तिरूप मनको मैलो दूर हुँदैन।

यथामयोऽसाधुचिकित्सितो नृणां पुनः पुनः सन्तुदति प्ररोहन्।
एवं मनोऽपक्वकषायकर्म कुयोगिनं विध्यति सर्वसङ्गम्॥ २८॥

पदार्थ—
यथा = जसरी
असाधुचिकित्सितः = राम्ररी उपचार नगरिएको
आमयः = रोगले
पुनः पुनः = बारम्बार
प्ररोहन् = बल्झँदै
नृणां = मनुष्यलाई
सन्तुदति = कष्ट दिन्छ
एवं = त्यसरी नै
अपक्वकषायकर्म = राग आदि मल र त्यसको मूलभूत कर्महरू दग्ध नभएको
सर्वसङ्गं = सबै विषयहरूमा आसक्त
मनः = मनले
कुयोगिनं = अर्धयोगीलाई
विध्यति = भ्रष्ट गराउँछ

वाक्यार्थ— जसरी राम्ररी उपचार नगरिएको रोग बारम्बार बल्झिरहन्छ र त्यसले रोगीलाई कष्ट

दिइरहन्छ। त्यसरी नै राग आदि मल र त्यसका कार्यहरू पूर्णतः दग्ध (नष्ट) नभएको मन विषयहरूमा आसक्त भइरहन्छ र त्यस्ता विषयमा आसक्त भएको मनले अर्धयोगीलाई बारम्बार वेधन गर्दछ र योगमार्गबाट भ्रष्टसमेत गराइदिन्छ।

विवरण– यहाँ ज्ञानीहरूको उक्त अवस्था सुनेर अज्ञानीहरूले चाहिँ जे पायो त्यही गर्न हुँदैन भनिएको छ। मनभित्रको रजोगुणरूपी मल पूर्णतया नष्ट नभएको अज्ञानीलाई असङ्गताको उपदेश गर्नु खतरापूर्ण हुन सक्छ। उसले यो उपदेशलाई आफ्नो दुर्वासना पूरा गर्नतर्फ प्रयोग गर्न सक्छ र संसारमा राम्रो गर्नु र नराम्रो गर्नु दुबै असत्य हुन् नि भन्न सक्छ। त्यसैले उसले त्रिगुणमय मायिक पदार्थहरूको सङ्ग त्याग्नुपर्दछ। जसका राग आदि कषायहरू **अपक्व** छन्, अर्थात् नष्ट हुने अवस्थामा पुगेका छैनन्, तिनको मनले तिनीहरूलाई संसारको सङ्गमा लगी खसालिदिन्छ। यसका लागि भगवान्‌ले यहाँ निको नभएको रोगको दृष्टान्त दिनुभएको छ। रोग निको भइसकेको व्यक्तिले चिल्लो, गुलियो, नुनिलो, गरिष्ठ जस्तो भोजन पनि इच्छाअनुसार गर्न सक्छ। तर त्यो कुरा रोगी व्यक्तिका लागि लागु हुन सक्दैन। निरोगीको अनुकरण गरी उसले जे पायो त्यही खान थाल्यो भने त्यो रोग बल्झिरहन्छ, निको हुँदैन उसको त्यही रोगका कारण मृत्यु हुन पनि सक्छ। यसै गरी सारा कर्म एवं राग-द्वेष आदि नष्ट भइसकेका ज्ञानीहरूलाई हेरी अज्ञानीहरूले इच्छाअनुसार आचरण गर्दा उसको संसाररोग कहिल्यै निको हुँदैन। उसको मन **अपक्वकषायकर्म** अर्थात् नष्ट नभइसकेका राग-द्वेष, कर्मसंस्कार आदिले युक्त रहेको छ। यस्तो मनले उसलाई बन्धनमा पारिदिन्छ। यसैले ज्ञानीहरूको वस्तुस्थिति अज्ञानीहरूद्वारा अनुकरणीय हुन सक्दैन। त्यस्तो गर्न खोज्नु भनेको हिँड्न नजान्ने व्यक्तिले पर्वतारोहण गर्न तम्सिनु जस्तै हो।

कुयोगिनो ये विहितान्तरायैर्मनुष्यभूतैस्त्रिदशोपसृष्टैः।
ते प्राक्तनाभ्यासबलेन भूयो युञ्जन्ति योगं न तु कर्मतन्त्रम्॥ २९॥

पदार्थ–
ये = जो
कुयोगिनः = अर्धयोगीहरू
त्रिदशोपसृष्टैः = देवताहरूद्वारा प्रेरित भएर
मनुष्यभूतैः = स्त्री, पुत्र, शिष्य आदि मनुष्यरूपी
विहितान्तरायैः = विघ्नहरूद्वारा योगबाट भ्रष्ट भएका छन्
ते = त्यस्ता कुयोगीहरू
प्राक्तनाभ्यासबलेन = आफ्नो पुरानो अभ्यासको बलबाट
भूयः = फेरि
योगं = योगलाई नै
युञ्जन्ति = प्रयोग गर्दछन्
कर्मतन्त्रम् तु न = कर्मको विस्तार चाहिँ गर्दैनन्

वाक्यार्थ– देवताहरूद्वारा प्रेरित भएका स्त्री, पुत्र, शिष्य आदिद्वारा हुने विघ्नहरूद्वारा यदि कुयोगीहरू योगमार्गबाट भ्रष्ट भइहाले पनि आफूले गरेको पूर्वयोगाभ्यासको बलले फेरि पनि योगको अभ्यास नै गर्दछन्, कर्ममार्गको विस्तार गर्दैनन्।

करोति कर्म क्रियते च जन्तुः केनाप्यसौ चोदित आनिपातात्।
न तत्र विद्वान् प्रकृतौ स्थितोऽपि निवृत्ततृष्णः स्वसुखानुभूत्या॥ ३०॥

पदार्थ—

असौ = यो
जन्तुः = अज्ञानी जीव
केन अपि = कुनै पनि संस्कार आदिद्वारा
चोदितः = प्रेरित भएर
आनिपतात् = मृत्युपर्यन्त
कर्म = कर्म
करोति = गर्दछ
क्रियते च = कर्मको फलद्वारा हर्ष, विषाद आदि पनि प्राप्त हुन्छ
विद्वान् = आत्मज्ञ मानिस
तत्र = यो
प्रकृतौ = प्रकृतिमा
स्थितः अपि = रहेर पनि
स्वसुखानुभूत्या = आफ्नो स्वरूपभूत आनन्दको अनुभवद्वारा
निवृत्ततृष्णः = तृष्णारहित भएर
न = कर्म गरे पनि विकारमा प्राप्त हुँदैन

वाक्यार्थ— अज्ञानी जीव संस्कार, प्रारब्ध आदिद्वारा प्रेरित भएर मृत्युपर्यन्त कर्म गरिरहन्छ र त्यस कर्मको फल हर्ष, शोक आदि विकारले युक्त भइरहन्छ। त्यसैले जन्ममृत्युको चक्करले उसलाई छोड्दैन, तर आत्मज्ञानीको स्थिति त्योभन्दा भिन्न छ। ऊ प्रकृतिमा बस्दछ, प्रारब्धवश मरणपर्यन्त कर्म पनि गरिरहन्छ तर पनि कर्मको फल हर्षशोक आदि विकारमा प्राप्त हुँदैन। किनभने आत्मतत्त्व साक्षात्कारबाट उसका सम्पूर्ण तृष्णाहरू नष्ट भइसकेका हुन्छन्।

तिष्ठन्तमासीनमुत व्रजन्तं शयानमुक्षन्तमदन्तमन्नम्।
स्वभावमन्यत् किमपीहमानमात्मानमात्मस्थमतिर्न वेद॥ ३१॥

पदार्थ—

आत्मस्थमतिः = आत्माको अनुसन्धानमा दृढचित्त भएको व्यक्तिले
तिष्ठन्तं = उभिइरहेको
आसीनं = बसिरहेको
उत = अथवा
व्रजन्तं = हिँडिरहेको
शयानं = सुतिरहेको
उक्षन्तं = मलमूत्र त्याग गरिरहेको
अन्नं = अन्न
अदन्तं = खाइरहेको
स्वभावं = स्वभावतः हुने
अन्यत् = अरू
किम् अपि = केही पनि
ईहमानं = दर्शन आदि कर्म गरिरहेको
आत्मानं = शरीरलाई पनि
न वेद = वास्ता गर्दैन

वाक्यार्थ— जो व्यक्ति आत्माको अनुसन्धानमा दृढ भएको छ, उसले उभिइरहेको, बसिरहेको, हिँडिरहेको, सुतिरहेको, मलमूत्र त्याग गरिरहेको, अन्न खाइरहेको एवं स्वाभाविकरूपमा हुने दर्शन आदि कर्म गरिरहेको शरीरलाई समेत वास्ता गर्दैन।

यदि स्म पश्यत्यसदिन्द्रियार्थं नानानुमानेन विरुद्धमन्यत्।
न मन्यते वस्तुतया मनीषी स्वाप्नं यथोत्थाय तिरोदधानम्॥ ३२॥

पदार्थ—

यथा = जसरी
उत्थाय = उठेर
तिरोदधानं = नष्ट भएका
स्वाप्नं = स्वप्नमा देखिएका पदार्थलाई
वस्तुतया = वास्तविक
न मन्यते = मानिँदैन त्यसै गरी
मनीषी = ज्ञानीले

यदि = कदाचित्	**पश्यति स्म** = देख्दछ (तथापि)	**विरुद्धं** = बाधित
असदिन्द्रियार्थं = बहिर्मुख इन्द्रियहरूका विषयहरूलाई	**नानानुमानेन** = नानात्व हेतुद्वारा स्वप्न हो आदि तर्कद्वारा	**अन्यत्** = आत्मभिन्न पदार्थहरूलाई वास्तविक मान्दैन

वाक्यार्थ– जसरी स्वप्नभङ्ग भएर उठ्दा स्वप्नमा देखेका देह आदि सम्पूर्ण स्वप्नका पदार्थहरू विलीन हुन्छन् र ती पदार्थहरूलाई कसैले पनि सत्य मान्दैन, त्यस्तै ज्ञानीले समाधिभङ्ग हुँदा आफ्ना स्वभावतः बहिर्मुखी इन्द्रियहरूद्वारा तत्तत् इन्द्रियका विषयहरूलाई देख्न र अनुभव गर्न सक्दछ, तर ऊ त्यसलाई सत्य मान्दैन। किनभने जाग्रत्का पदार्थहरू स्वप्नका पदार्थ झैं नानाप्रकारका हुने भएकाले ती नानात्व हेतुद्वारा अवास्तविक (मिथ्या) हुन् भन्ने उसलाई स्पष्ट हुन्छ। त्यस्ता ज्ञानीले आत्मभिन्न पदार्थलाई सत्य मान्दैन।

विवरण– यस प्रसङ्गमा भगवान्ले उद्धवलाई ज्ञानीहरूको स्थितिको विषयमा उपदेश गर्नुभएको छ। **आत्मस्थमतिः** अर्थात् आत्मामा नै बुद्धि अवस्थित भएको ज्ञानीले सांसारिक कुनै पनि वस्तुलाई वास्तै गर्दैन। उसका लागि संसारको सत्ता छँदैछैन। त्यहाँ **आत्मानं न वेद** भन्ने पदावलीको अर्थ आफ्नो शरीरलाई नै पनि वास्ता गर्दैन भन्ने हो। सांसारिक पदार्थहरूमध्ये शरीर, इन्द्रिय आदि सबभन्दा निकटका वस्तु हुन्। अज्ञानीहरूले त अतिसामीप्य एवं परस्पर संसर्गका कारण यिनैलाई आत्मा मानेका छन्। ज्ञानीहरूका लागि चाहिँ शरीर, इन्द्रिय आदि पनि घट, पट आदि बाहिरी विषयसमान नै हुन्छन्। त्यसैले पूर्णरूपमा बुद्धि आत्मामा नै प्रतिष्ठित भइसकेका ज्ञानीहरूले कुनै पनि वस्तुलाई त्यो वस्तुको रूपमा नबुझेर आत्मारूपमा बुझ्दछन्।

वास्तवमा सम्पूर्ण विषयहरू वासना या भावनाको प्रबलताका कारणले नै देखिएका हुन्। आत्मभावनाको प्रबलताद्वारा यी सबै कल्पित विषयहरूको भान हराउनु कुनै आश्चर्यको कुरा होइन। आत्मज्ञान भइसकेपछि निरन्तर आत्मभावनाको दृढताद्वारा सम्पूर्ण संसारको भान नै नहुने यो अवस्था योगवाशिष्ठमा बताइएका ज्ञानका सात भूमिकाहरूमध्ये पदार्थाभाविनी नामक छैटौँ भूमिका हो। **तिष्ठन्तं** अर्थात् बसिरहेको, **व्रजन्तं** अर्थात् हिँडिरहेको, **शयानं** अर्थात् सुतिरहेको अवस्थामा शरीरको भान नै नहुनुले यो स्थितिमा ज्ञानीका लागि संसार पूर्णतः हराएको छ भन्ने बुझिन्छ। यद्यपि यो अवस्था आत्मज्ञानीहरूको उच्चस्थिति हो, तर सामान्य प्राणीहरूलाई यो असम्भव झैं लाग्ने हुनाले भगवान्ले अर्को श्लोकमा पदार्थहरूलाई देख्दा पनि तिनलाई मिथ्या सम्झिने असंसक्ति अवस्थाको वर्णन गर्नुभएको छ।

असंसक्ति भनेको ज्ञानको पाँचौँ भूमिका हो। यसमा ज्ञानी व्यक्तिले कहिलेकाहीँ इन्द्रियहरूद्वारा बाहिरी संसार देख्दा-देख्दै पनि तिनीहरूलाई पूर्णतः काल्पनिक भन्ने सम्झिन्छ। भगवान् भन्नुहुन्छ– **तिरोदधानं स्वाप्नम्** अर्थात् जागिसकेपछि अस्पष्ट हुँदै विलीन हुन लागेको स्वप्न झैं। ज्ञानीले सम्पूर्ण संसारलाई पनि विनष्ट हुनै लागेको रूपमा देख्दछ। यहाँ अस्पष्ट भनेर ज्ञानीका इन्द्रियहरू शक्तिहीन हुन्छन् भन्ने बताइएको होइन, अपितु ज्ञानीलाई यो संसार हो भन्ने **स्पष्टतः** अर्थात् प्रमाणतः भान हुँदैन भन्ने बताइएको हो। आत्मज्ञानीका इन्द्रियहरू बहिर्मुख भएको अवस्थामा उसले संसारका पदार्थहरूलाई देख्दछ तर जागिसकेको व्यक्तिले स्वप्नलाई बुझे झैं

पूर्णतः काल्पनिक भन्ने बुझ्दछ। **वस्तुतया न मन्यते** अर्थात् उसले यो वास्तविक पदार्थ हो भनी मान्दैन।

पूर्वं गृहीतं गुणकर्मचित्रमज्ञानमात्मन्यविविक्तमङ्ग ।
निवर्तते तत्पुनरीक्षयैव न गृह्यते नापि विसृज्य आत्मा ॥ ३३ ॥

पदार्थ–
अङ्ग = हे प्रिय उद्धव
पूर्वं = पहिले अज्ञानकालमा
गुणकर्मचित्रं = सत्त्व आदि गुण र तदनुरूप कर्महरूद्वारा विचित्रतामा प्राप्त
अज्ञानं = अज्ञानका कार्य
आत्मनि = आत्मामा
अविविक्तं = अभिन्नरूपमा
गृहीतं = ग्रहण गरिएको थियो
तत् एव = त्यही नै
पुनः = फेरि
ईक्षया = ज्ञानद्वारा
निवर्तते = निवृत्त हुन्छ
आत्मा = आत्मा त
न गृह्यते = ग्रहण गरिँदैन
न अपि विसृज्यः = त्याग पनि गरिँदैन (त्याज्य पनि होइन)

वाक्यार्थ– हे उद्धव ! पहिले अज्ञानकालमा सत्त्व आदि गुण र गुणानुरूप कर्महरूद्वारा देह, इन्द्रिय आदि विभिन्न किसिमका अज्ञानका कार्यहरू आत्मामा अध्यस्त भएका थिए र आत्मादेखि अभिन्न (आत्मा नै) ठानिएका थिए। अब ज्ञान भएपछि ज्ञानद्वारा अज्ञान (अध्यास)को निवृत्ति हुन्छ र देह आदि अनात्म पदार्थमा आत्मबुद्धि हुँदैन। त्यसकारण अज्ञानकै निवृत्ति गर्नुपर्दछ। आत्माको त न ग्रहण हुन्छ, न त निवृत्ति नै हुन्छ।

विवरण– यहाँ भगवान्ले अज्ञानीहरूले आत्मालाई त्यागिदिएको र ज्ञानीहरूले चाहिँ त्यसको ग्रहण गरेको भनी बुझ्नु दुबै अयथार्थ हो भनी बताउनुभएको छ। आत्मा त आफू नै भएकाले यो न ग्रहणीय हो न त्याज्य नै हो। वस्तुतः अज्ञानी भनिनेहरू पनि आत्मा नै हुन्, अनि ज्ञानी भनिनेहरू पनि आत्मा नै हुन्। आत्मालाई कसैले बिर्सन या निषेध गर्न सक्दैन, त्यसैले आत्मप्राप्ति गर्नु भन्ने पनि वस्तुतः भनाइ मात्र हो।

यहाँ के शङ्का हुन्छ भने शास्त्रहरूमा **ब्रह्मनिर्वाणमृच्छति** (श्रीमद्भगवद्गीता २.७२) अर्थात् उसले ब्रह्मनिर्वाण प्राप्त गर्दछ, **सत्येन लभ्यस्तपसा ह्येष आत्मा** अर्थात् यो आत्मा सत्य र तपस्याद्वारा प्राप्य छ आदि किन भनियो त ? फेरि आत्मप्राप्ति गर्नै नपर्ने भए गुरुसेवन, वेदान्तश्रवण, भगवत्शरणागति, त्याग, वैराग्य आदि किन चाहियो त ? यी प्रश्नहरूको उत्तर के हो भने आत्मप्राप्ति गर्ने भनेको कुनै आफूभन्दा अलग वस्तुलाई प्राप्त गर्ने होइन। आत्मा त आफैं भएकाले नित्य प्राप्त छँदैछ। त्यसैले प्राप्त भएकै वस्तुलाई प्राप्त गर्ने हो। त्यसैले भनिन्छ– **ब्रह्मैव सन् ब्रह्माप्येति** (छान्दोग्योपनिषद्) अर्थात् ब्रह्म भएर नै ब्रह्मलाई प्राप्त गर्दछ। आफैंले आफैंलाई पाउनुको तात्पर्य बिचमा अज्ञानवश आफू बिर्सिएको या हराएझैं भएकोमा ज्ञानद्वारा आफू नित्यप्राप्त नै रहेछ भनी बुझ्नु हो। यसलाई वेदान्तमा **कण्ठगतमणिप्राप्तिः** अर्थात् घाँटीमा रहेको हार पाउनु भन्ने दृष्टान्तद्वारा बुझाइएको छ। घाँटीमा लगाइएको हार बिर्सनाले हराए झैं भएको थियो, पछि ऐनामा हेर्दा देखियो र त्यो त्यहीँ रहेको पाइयो। यसै गरी पहिलेदेखि नै रहेको तर बिचमा बिर्सिएको आत्मालाई अपरोक्षरूपले जान्नु नै त्यसलाई प्राप्त गर्नु हो। आत्मा अप्राप्त

भएको भ्रमलाई हटाउने अपरोक्षज्ञान हुनका लागि पनि अनेक साधनको आवश्यकता पर्ने भएकाले वेदान्तश्रवण आदि सबै सार्थक रहेका छन्।

आत्मालाई जान्न किन प्रयास गर्ने ? किनभने आत्मालाई त सबै सामान्य मानिसहरूले पनि म छु भनी जानिरहेकै छन् भन्ने शङ्का पनि हुन सक्छ। यसको उत्तर हो, आत्मालाई सामान्य मानिसहरूले शरीर, इन्द्रिय, मन आदिदेखि पृथक् भनेर स्पष्टतः जानेका छैनन्। शरीर आदिसँग मिश्रित आत्मालाई जान्नु त शास्त्रीय दृष्टिमा आत्मालाई नजान्नु नै हो। त्यसैले सबैले आफूलाई जान्ने भए तापनि शास्त्रमा तिनीहरूलाई अज्ञानी आत्महा आदि भनी निन्दा गरिएको छ। भगवान् भन्नुहुन्छ— **अविविक्तम् अज्ञानं** अर्थात् आत्मालाई शरीर आदिसँग विवेक गरी नबुझ्नु यही अज्ञान हो, यसमा शरीर, मन आदिसँग तादात्म्याध्यास गरी आत्मालाई बुझिन्छ। पछि **ईक्षया** अर्थात् केवल आत्मदृष्टि भएपछि भने अज्ञानवश भएको त्यो अविविक्त आत्मबोध पनि नष्ट हुन्छ। यसरी अज्ञानीले शरीर आदिसँग मिसमास पारी जानिरहेको आत्मालाई ज्ञानीले त्यसदेखि विविक्त गरी जान्दछ। आत्मा त नित्यप्राप्त आफू नै भएकाले न त अज्ञानीले त्यसको त्याग गर्न सक्दछ, न त ज्ञानीले त्यसको ग्रहण गर्न सम्भव छ। त्यसैले शास्त्रमा आत्मालाई **हेयोपादेयविवर्जितः** भनी बताइएको पाइन्छ। आत्मप्राप्ति या आत्मज्ञान भनेको अनात्म पदार्थको निरसन नै हो।

वस्तुतः साधकले आत्मज्ञानका लागि नभई अविद्यानिवृत्तिकै लागि प्रयास गर्नुपर्छ। जब अविद्या हट्दछ तब स्वयंप्रकाश आत्मा स्वयं अपरोक्ष रूपमा प्रतिभासित भइहाल्दछ। त्यसैले आत्मालाई ज्ञानले विषय गरी अपरोक्ष बनाउने होइन। उपनिषद्मा भनिन्छ— **यत् साक्षादपरोक्षाद् ब्रह्म** अर्थात् आत्मा साक्षात् अपरोक्ष छ, अरू साधनद्वारा अपरोक्ष हुने होइन। त्यसैले सूर्यलाई देख्न बादल हटे मात्र पुग्ने, टर्चलाइट बाल्न नपर्ने भनेजस्तै आत्मालाई अपरोक्ष गर्न पनि अज्ञान हटे मात्रै पुग्ने कुरा सिद्ध छ। अज्ञानका कारण संसृष्ट रूपमा अर्थात् शरीर आदिसँग मिसमास गरी बुझिएको आत्मालाई अविद्यानिवृत्तिरूप केवल आत्मदृष्टिद्वारा पृथक् रूपमा साक्षात्कार गर्नु यही नै आत्मप्राप्ति हो। त्यसैले मोक्ष भनेको पनि अविद्यानिवृत्ति उपलक्षित आत्मा नै हो, कुनै नयाँ वस्तु होइन।

यथा हि भानोरुदयो नृचक्षुषां तमो निहन्यान्न तु सद् विधत्ते।
एवं समीक्षा निपुणा सती मे हन्यात् तमिस्रं पुरुषस्य बुद्धेः॥ ३४॥

पदार्थ—
यथा हि = जसरी
भानोः = सूर्यको
उदयः = उदयले
नृचक्षुषां = मनुष्यहरूको आँखामा रहेको
तमः = अन्धकारलाई
निहन्यात् = नष्ट गर्दछ
सत् तु = विद्यमान घट आदि पदार्थहरूलाई त
न विधत्ते = रचना गर्दैन
एवं = यसै गरी
मे = मेरो
निपुणा = निश्चयात्मिका
सती = यथार्थ
समीक्षा = साक्षात्कारले
पुरुषस्य = मनुष्यको
बुद्धेः = बुद्धिको
तमिस्रं = अज्ञानलाई
हन्यात् = नष्ट गर्दछ (नभएको नयाँ वस्तुको अनुभव गराउँदैन)

वाक्यार्थ– जसरी सूर्यको उदय भएपछि त्यसले मनुष्यहरूको आँखालाई ढाक्ने अन्धकारलाई नष्ट गर्दछ, तर पहिलेदेखि नै विद्यमान घट आदि पदार्थहरूको सृष्टि गर्दैन, केवल भएकै पदार्थलाई देखाइदिन्छ त्यसै गरी मेरो निश्चयात्मक यथार्थ साक्षात्कार (आत्मज्ञान)ले मनुष्यहरूको बुद्धिमा रहेको अज्ञानलाई हटाइदिन्छ र पहिलेदेखि नै सत्‌रूपमा विद्यमान आत्मानुभव गराउँछ, कुनै नभएको कुराको अनुभव गराउँदैन।

एष स्वयंज्योतिरजोऽप्रमेयो महानुभूतिः सकलानुभूतिः।
एकोऽद्वितीयो वचसां विरामे येनेषिता वागसवश्चरन्ति॥ ३५॥

पदार्थ–
एषः = यो अपरोक्ष आत्मा
स्वयंज्योतिः = स्वयंप्रकाश
अजः = जन्मादि विकाररहित
अप्रमेयः = प्रत्यक्ष आदि प्रमाणद्वारा अबोध्य
महानुभूतिः = अपरिच्छिन्न ज्ञान, ऐश्वर्य आदिले युक्त
सकलानुभूतिः = सर्वसाक्षी
एकः = सर्वात्मक (एक मात्र)
अद्वितीयः = अद्वितीय छ
वचसां = वाणीहरूले प्राप्त गर्न नसकेर
विरामे = निवृत्त भएपछि
येन = जुन स्वयंप्रकाश आत्माद्वारा
ईषिताः = प्रेरित
वागसवः = वाणी, प्राण, इन्द्रियहरू
चरन्ति = आ-आफ्नो विषयमा प्रवृत्त हुन्छन्

वाक्यार्थ– आत्मा नित्यप्राप्त, स्वयंप्रकाश र जन्म आदि विकारले रहित छ। यसलाई प्रत्यक्ष आदि प्रमाणद्वारा जान्न सकिँदैन। आत्मा अपरिच्छिन्न ज्ञान र ऐश्वर्यले सम्पन्न छ। यो सर्वात्मा, सर्वसाक्षी, अद्वितीय छ। वाणी, प्राण तथा अन्य इन्द्रियहरूले यसलाई प्राप्त गर्न सक्दैनन् र निवृत्त हुन्छन्। निवृत्त भएका ती इन्द्रियहरू पुनः यही आत्माद्वारा प्रेरित भएर आ-आफ्नो विषयहरूमा प्रवृत्त हुन्छन्।

एतावानात्मसम्मोहो यद् विकल्पस्तु केवले।
आत्मन्नृते स्वमात्मानमवलम्बो न यस्य हि॥ ३६॥

पदार्थ–
यत् तु = यो जुन
केवले = अद्वितीय (अभिन्न)
आत्मन् = आत्मामा
विकल्पः = भेद गरिन्छ
एतावान् = यो सबै
आत्मसम्मोहः = मनको भ्रम हो
हि = किनभने
स्वं = आफ्नो
आत्मन् = आत्मालाई
ऋते = छाडेर
यस्य = जुन भेदको
अवलम्बः = आश्रय पनि
न = छैन

वाक्यार्थ– अद्वितीय आत्मामा यो जुन भेदव्यवहार (विविधता)को प्रतीति भइरहेको छ, यो सब मनको भ्रम हो। (भ्रमको अधिष्ठान पनि आफ्नै आत्मा हो, अध्यस्त वस्तुको सत्ता अधिष्ठानको सत्तादेखि अतिरिक्त हुँदैन, अतः प्रतीयमान भेदव्यवहारको अधिष्ठान आत्मा नै भएकाले) यहाँ आत्मादेखि भिन्न कुनै पनि वस्तु छैन।

यन्नामाकृतिभिर्ग्राह्यं पञ्चवर्णमबाधितम् ।
व्यर्थेनाप्यर्थवादोऽयं द्वयं पण्डितमानिनाम् ॥ ३७ ॥

पदार्थ—	**यत्** = त्यो	**अयं** = यो वेदमा वर्णित
नामाकृतिभिः = नाम र रूपद्वारा	**अबाधितं** = बाधरहित (सत्य) छ,	**अर्थवादः अपि** = अर्थवाद हो
ग्राह्यं = ग्रहण गर्न सकिने	यस्तो	यस्तो प्रतीति पनि
पञ्चवर्णम् = पञ्चमहाभूतात्मक	**पण्डितमानिनां** = आफूलाई	**व्यर्थेन** = बेकारको भ्रमद्वारा
द्वयं = द्वैत (देह आदि)	पण्डित ठान्ने अभिमानीहरूको	हुन्छ

वाक्यार्थ— आफूलाई पण्डित ठान्ने केही अभिमानीहरू के भन्दछन् भने— पञ्चमहाभूतात्मक प्रतीयमान द्वैत (देहादि) जो छ, यो सत्य हो किनभने विभिन्न नाम र रूपद्वारा यसको ग्रहण हुन्छ। तर यहाँ के बुझ्नुपर्दछ भने वेदशास्त्रमै वर्णित यस्ता विषयहरू अर्थवाद मात्र हुन्, किनभने द्वैतप्रतीति अर्थशून्य छ, अवास्तविक छ र यो भ्रमसिवाय केही पनि होइन।

योगिनोऽपक्वयोगस्य युञ्जतः काय उत्थितैः ।
उपसर्गैर्विहन्येत तत्रायं विहितो विधिः ॥ ३८ ॥

पदार्थ—	**कायः** = शरीर	**तत्र** = त्यस वेला
अपक्वयोगस्य = योगसाधना	**उत्थितैः** = भित्रबाट उत्पन्न	**अयं** = यो
पूर्ण नभएको	**उपसर्गैः** = रोग आदि	**विधिः** = प्रतिकारको उपाय
युञ्जतः = योगाभ्यास गरिरहेको	विघ्नहरूद्वारा	**विहितः** = बताइन्छ
योगिनः = योगीको	**विहन्येत** = पीडित भयो भने	

वाक्यार्थ— योगसाधना पूर्ण नभएको, योगाभ्यास गरिरहेको योगीलाई योगाभ्यास अपूर्ण भएकै वेलामा शरीरभित्रबाट अचानक उत्पन्न भएका रोग आदि विघ्नहरूले योगीको शरीर यदि पीडित भयो भने ती विघ्नहरूको प्रतिकार गर्न यो विधि बताइएको छ।

योगधारणया कांश्चिदासनैर्धारणान्वितैः ।
तपोमन्त्रौषधैः कांश्चिदुपसर्गान् विनिर्दहेत् ॥ ३९ ॥

पदार्थ—	**धारणान्वितैः** = वातादि रोगलाई	विघ्नहरूलाई
कांश्चित् = केही	वायुधारणायुक्त	**तपोमन्त्रौषधैः** = तपस्या, मन्त्र र
उपसर्गान् = विघ्नहरूलाई	**आसनैः** = आसनहरूद्वारा	औषधिहरूद्वारा
योगधारणया = योगधारणाद्वारा	**कांश्चित्** = कुनै ग्रह, सर्पादिकृत	**विनिर्दहेत्** = नष्ट गरोस्

वाक्यार्थ— जाडो, गर्मी आदि विघ्नहरूलाई चन्द्र, सूर्य आदिको धारणाद्वारा वातादि रोगलाई वायुको धारणायुक्त आसनद्वारा र ग्रहसर्पादिजन्य विघ्नहरूलाई तप, मन्त्र तथा औषधिहरूद्वारा नष्ट गर्नुपर्दछ।

कांश्चिन्ममानुध्यानेन नामसङ्कीर्तनादिभिः।
योगेश्वरानुवृत्त्या वा हन्यादशुभदाञ्छनैः॥ ४०॥

पदार्थ–
कांश्चित् = केही
अशुभदान् = दुःख दिने काम, क्रोध आदिलाई
मम = मेरो
अनुध्यानेन = चिन्तनद्वारा
नामसङ्कीर्तनादिभिः वा = अथवा नामको सङ्कीर्तन आदिद्वारा
योगेश्वरानुवृत्त्या = महापुरुषहरूको सेवाद्वारा (दम्भ, अभिमान आदिलाई)
शनैः = बिस्तारै
हन्यात् = नष्ट गरोस्

वाक्यार्थ– काम, क्रोध आदि विघ्नहरूलाई मेरो चिन्तन, नामजप र सङ्कीर्तनद्वारा नष्ट गर्नुपर्दछ। त्यसै गरी योगभ्रष्ट गराउने दम्भ, अभिमान, मद आदिलाई महापुरुषहरूको सेवा, उपासना आदिद्वारा बिस्तारै-बिस्तारै नष्ट गर्नुपर्दछ।

केचिद् देहमिमं धीराः सुकल्पं वयसि स्थिरम्।
विधाय विविधोपायैरथ युञ्जन्ति सिद्धये॥ ४१॥

पदार्थ–
केचित् = केही
धीराः = जितेन्द्रिय योगीहरू
विविधोपायैः = विभिन्न उपायहरूद्वारा
इमं = यो
देहं = शरीरलाई
सुकल्पं = जरा, रोग आदि रहित सुदृढ
वयसि = अवस्थामा
स्थिरं = स्थिर
विधाय = बनाएर
अथ = त्यसपछि
सिद्धये = विभिन्न किसिमका सिद्धि प्राप्त गर्नका लागि
युञ्जन्ति = योगाभ्यास गर्दछन्

वाक्यार्थ– केही जितेन्द्रिय योगीहरू यस्ता पनि छन्, जो योग सम्बन्धी विभिन्न उपायले यो शरीरलाई बुढ्याइँ, रोग आदिले रहित सुदृढ बनाउनुका साथै युवा अवस्थामै स्थिर गराउँछन् र विभिन्न किसिमका सिद्धि प्राप्त गर्नका लागि योगाभ्यास गर्दछन्।

न हि तत् कुशलादृत्यं तदायासो ह्यपार्थकः।
अन्तवत्त्वाच्छरीरस्य फलस्येव वनस्पतेः॥ ४२॥

पदार्थ–
तत् = त्यो देहसिद्धिका लागि गरिने योगाभ्यास
कुशलादृत्यं = विवेकीहरूका लागि आदरणीय
न हि = हुँदैन
वनस्पतेः = वृक्षको
फलस्य इव = फल झैं
शरीरस्य = शरीरको
अन्तवत्त्वात् = विनाशशील स्वभाव भएकाले
तदायासः = त्यो सिद्धिका लागि गरिएको प्रयास
हि = निश्चय नै
अपार्थकः = व्यर्थ छ

वाक्यार्थ— त्यस्तो शारीरिक सिद्धिका लागि गरिएको योगाभ्यासलाई विवेकीहरूले आदरणीय मान्दैनन्, किनभने शरीर फल झैं नाशवान् छ। अतः वृक्षमा फल्ने फल झैं नश्वर देहलाई सुदृढ बनाउन गरिने योग व्यर्थ छ। (त्यसैले आत्मलाभका लागि नै योग गर्नुपर्दछ।)

योगं निषेवतो नित्यं कायश्चेत् कल्पतामियात्।

तच्छ्रद्दध्यान्न मतिमान् योगमुत्सृज्य मत्परः॥ ४३॥

पदार्थ—
नित्यं = सधैं
योगं = योग
निषेवतः = अभ्यास गरिरहने मानिसको
कायः = शरीर
कल्पतां = सुदृढतामा
इयात् चेत् = प्राप्त भयो भने पनि
मत्परः = मेरो आराधनामा संलग्न
मतिमान् = विवेकीले
योगं = चित्तको एकाग्रतारूप योगलाई
उत्सृज्य = छोडेर
तत् = त्यो देहसिद्धिलाई
न श्रद्दध्यात् = विश्वास नगरोस्

वाक्यार्थ— धेरै दिनसम्म निरन्तर योगको अभ्यास गर्दै जाँदा यदि कदाचित् सङ्कल्पविना नै शरीर सुदृढ भइहाल्यो भने पनि मेरो आराधनामा संलग्न विवेकीले चित्तको एकाग्रतारूप योगाभ्यासलाई छोडेर त्यो शारीरिक सिद्धिमा विश्वास नगरोस्।

योगचर्यामिमां योगी विचरन् मदपाश्रयः।

नान्तरायैर्विहन्येत निःस्पृहः स्वसुखानुभूः॥ ४४॥

पदार्थ—
निःस्पृहः = विषयहरूको अभिलाषा नभएको
मदपाश्रयः = ममा पूर्ण आश्रित
योगी = योगी
इमां = यो
योगचर्याम् = योगचर्यालाई
विचरन् = अनुष्ठान गर्दै
अन्तरायैः = विघ्नहरूद्वारा
न विहन्येत = पीडित हुँदैन
स्वसुखानुभूः = आत्मसुखको अनुभव गर्दछ

वाक्यार्थ— विषयहरूमा अलिकति पनि अभिलाषा नराख्ने र ममा पूर्णतः आश्रित हुने योगीले मैले बताएको यो योगचर्याको अनुष्ठान गर्दछ भने त्यो योगीलाई कुनै पनि प्रकारको विघ्नले दुःख दिन सक्दैन। उसले सदैव आत्मसुखको अनुभव गर्दछ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे अष्टाविंशोऽध्यायः॥ २८॥

अथ एकोनत्रिंशोऽध्यायः

भागवत धर्मको निरूपण र उद्धवको बदरिकाश्रमतर्फको यात्रा

उद्धव उवाच (उद्धवले भने)

सुदुस्तरामिमां मन्ये योगचर्यामनात्मनः ।

यथाञ्जसा पुमान् सिद्ध्येत् तन्मे ब्रूह्यञ्जसाच्युत ॥ १ ॥

पदार्थ—	**सुदुस्तरां** = अत्यन्त कठिन	गरोस्
अच्युत = हे अच्युत	**मन्ये** = ठान्दछु	**तत्** = त्यस्तो उपाय
अनात्मनः = अजितेन्द्रिय	**पुमान्** = मानिस	**अञ्जसा** = सरल तरिकाले
मानिसका लागि	**यथा** = जसरी	**मे** = मलाई
इमां = यो हजुरले बताउनुभएको	**अञ्जसा** = अनायास	**ब्रूहि** = बताउनुहोस्
योगचर्याम् = योगचर्या	**सिद्ध्येत्** = सिद्धि (मुक्ति) प्राप्त	

वाक्यार्थ— हे अच्युत ! जसले आफ्ना मन र इन्द्रियहरूलाई नियन्त्रण गर्न सक्दैन, त्यस्तो मानिसका लागि हजुरले बताउनुभएको यो योगचर्या अति नै कठिन छ भन्ने मलाई लाग्दछ। अतः कुनै त्यस्तो सरल उपाय बताउनुहोस्, जसको अवलम्बन गरेर मानिसले सजिलै सिद्धि (मुक्ति) प्राप्त गर्न सकोस्।

प्रायशः पुण्डरीकाक्ष युञ्जन्तो योगिनो मनः ।

विषीदन्त्यसमाधानान्मनोनिग्रहकर्शिताः ॥ २ ॥

पदार्थ—	**मनोनिग्रहकर्शिताः** = मनलाई	**योगिनः** = योगीहरू
पुण्डरीकाक्ष = हे कमलनयन	नियन्त्रण गर्न नसकेर	**प्रायशः** = धेरैजसो
मनः = मनलाई	**असमाधानात्** = मनोनियन्त्रण	**विषीदन्ति** = खिन्न हुन्छन्
युञ्जन्तः = निग्रह गर्दागर्दै पनि	नभएको हुनाले	

वाक्यार्थ— हे कमलनयन ! योगीहरू मनलाई नियन्त्रण गर्न अथक प्रयास गर्दछन् तापनि त्यसलाई नियन्त्रण गर्न सक्दैनन् अनि मनलाई वशमा राख्न नसक्दा प्रायः उनीहरू खिन्न हुन्छन्।

अथात आनन्ददुघं पदाम्बुजं हंसाः श्रयेरन्नरविन्दलोचन ।

सुखं नु विश्वेश्वर योगकर्मभिस्त्वन्माययामी विहता न मानिनः ॥ ३ ॥

पदार्थ—	**अथ अतः** = ज्ञानयोगमार्गमा धेरै	**हंसाः** = सार र असार वस्तुको
अरविन्दलोचन = हे कमलनयन	कष्ट भएकाले	विवचना गर्ने मानिसहरू

आनन्ददुघं = आनन्दको वर्षा गराउने
पदाम्बुजं = हजुरको चरणकमललाई
सुखं = सुखपूर्वक
नु = निश्चय नै
श्रयेरन् = सेवन गर्दछन्
विश्वेश्वर = हे जगदीश्वर
योगकर्मभिः = योग र कर्महरूद्वारा
मानिनः = अहङ्कार गर्नेहरू
न = सेवन गर्दैनन्
त्वन्मायया = हजुरको मायाद्वारा
अमी = यी योग र कर्म गर्नेहरू
विहताः = नष्ट (मोहित) भएका छन्

वाक्यार्थ– हे कमलनयन ! ज्ञानमार्ग र योगमार्गमा धेरै कष्ट भएकाले सारभूत वस्तु के हो र कुन वस्तु सारहीन छ भन्ने विवेचना गर्न कुशल मानिसहरू आनन्दको वर्षा गराउने हजुरको चरणकमलकै सेवन गर्दछन्। हजुरको मायाले तिनीहरूलाई मोहित गराउन सक्दैन, तर हे जगदीश्वर ! हजुरका शरणमा नआएका योगी र कर्मीहरू जो आफूलाई योगवित् र कर्मकाण्डमा सिपालु ठान्दछन् र अहङ्कार गर्दछन्, तिनीहरू निश्चय नै हजुरको मायाद्वारा विमोहित (नष्ट) भएका छन्।

किं चित्रमच्युत तवैतदशेषबन्धो
दासेष्वनन्यशरणेसु यदात्मसात्त्वम्।
योऽरोचयत् सह मृगैः स्वयमीश्वराणां
श्रीमत्किरीटतटपीडितपादपीठः ॥ ४ ॥

पदार्थ–
अच्युत = हे अच्युत
अशेषबन्धो = हे सम्पूर्ण प्राणीहरूका मित्र
स्वयं = स्वयम्
ईश्वराणां = ब्रह्मा आदि देवेश्वरहरूको
श्रीमत्किरीटतटपीडितपादपीठः = दिव्य मुकुटको अग्रभागद्वारा रगडिएका पादपीठ (चरण राख्ने चौकी) भएका
यः = जो हजुरले
मृगैः सह = वानरहरूसँग (वृन्दावनका मृगहरूसँग)
अरोचयत् = मित्रता चाहनुभयो
तव = त्यस्ता भक्तप्रेमी हजुरको
यत् = जो
अनन्यशरणेसु = अनन्य शरण (अरू शरण नभएको)
दासेषु = (नन्द, गोपी, बलि आदि) सेवकहरूको
आत्मसात्त्वं = अधीनस्थ हुनु
एतत् = यो कुरा
किं = के
चित्रम् = आश्चर्य भयो

वाक्यार्थ– हे अच्युत ! हजुर सम्पूर्ण प्राणीहरूका परमसुहृद् हुनुहुन्छ। ब्रह्मा आदि देवेश्वरहरू पनि आफ्नो दिव्य मुकुट हजुरले चरणकमल राख्ने पादपीठमा रगड्दछन् (हजुरलाई ढोगिरहन्छन्)। स्वयं अनन्त ब्रह्माण्डका अधीश्वर भएर पनि हजुरले श्रीरामअवतारमा वानरहरूका साथ तथा श्रीकृष्णरूपमा वृन्दावनका मृगहरूका साथ मित्रता गर्नुभएको थियो। त्यस्ता अनन्यशरण हजुर नन्द, गोपी, बलि आदि भक्तका अधीनस्थ हुनुभयो। यो हजुरको लागि कुनै आश्चर्यको कुरा होइन।

तं त्वाखिलात्मदयितेश्वरमाश्रितानां
सर्वार्थदं स्वकृतविद् विसृजेत को नु।
को वा भजेत् किमपि विस्मृतयेऽनु भूत्यै
किं वा भवेन्न तव पादरजोजुषां नः॥ ५॥

पदार्थ–
तं = त्यस्ता
अखिलात्मदयितेश्वरं = सबैका आत्मा, प्रिय र स्वामी
आश्रितानां = शरणमा आएका भक्तहरूलाई
सर्वार्थदं = सम्पूर्ण अभीष्ट प्रदान गर्ने
त्वा = हजुरलाई
स्वकृतवित् = उपकारज्ञ (कृतज्ञ)
कः नु = कुन मनुष्यले
विसृजेत = त्याग्न सक्छ
भूत्यै = इन्द्रियको भोग र ऐश्वर्यको लागि
अनु = ऐश्वर्यप्राप्तिपछि
विस्मृतये = हजुरको विस्मृतिका लागि हुने
किम् अपि = स्वर्ग आदि कुनै पनि वस्तुलाई
कः वा = कुन विवेकी पुरुषले
भजेत् = राम्रो मान्दछ होला
तव = हजुरको
पादरजोजुषां = चरणरजका सेवी
नः = हामी भक्तहरूको लागि
किं वा = कुन ऐश्वर्य
न भवेत् = प्राप्त नहोला

वाक्यार्थ– सम्पूर्ण जीवहरूका आत्मा, प्रिय र स्वामी अनि आफ्नो शरणमा आएका भक्तहरूको सम्पूर्ण मनोरथ पूर्ण गर्नुहुने हजुरको उपकारलाई कुन विवेकीले भुल्न सक्छ ? इन्द्रियहरूको भोग र ऐश्वर्यको प्राप्ति हुने, तर प्राप्त भएपछि बिस्तारै हजुरको विस्मृति हुँदै जाने स्वर्ग आदि लोकलाई विवेकीहरूले कहिल्यै पनि राम्रो मान्दैनन् र त्यो चाहँदा पनि चाहँदैनन्। हजुरको चरणरजको सेवा गर्ने हामी भक्तहरूका लागि दुर्लभ वस्तु के नै छ र ? हामी भक्तहरू जे चाहन्छौँ, हजुरको कृपाले ती वस्तुहरू हामीलाई स्वतः प्राप्त हुन्छन्।

नैवोपयन्त्यपचितिं कवयस्तवेश
ब्रह्मायुषापि कृतमृद्धमुदः स्मरन्तः।
योऽन्तर्बहिस्तनुभृतामशुभं विधुन्व-
न्नाचार्यचैत्यवपुषा स्वगतिं व्यनक्ति॥ ६॥

पदार्थ–
ईश = हे प्रभु
यः = जुन हजुरले
आचार्यचैत्यवपुषा = गुरुरूपले र अन्तर्यामीरूपले
तनुभृतां = देहधारीहरूको
अन्तर्बहिः = भित्र र बाहिरका
अशुभं = पाप र विषयवासनाहरूलाई
विधुन्वन् = नष्ट गराउँदै
स्वगतिं = आफ्नो स्वरूप
व्यनक्ति = प्रकट गरिदिनुहुन्छ
तव = त्यस्ता हजुरको
अपचितिं = प्रत्युपकार गर्न
कवयः = ब्रह्मज्ञानीहरूले

ब्रह्मायुषा अपि = ब्रह्माजीको समान आयुसम्म पनि
कृतं = हजुरको उपकारलाई
स्मरन्तः = सम्झँदै
ऋद्धमुदः = परमानन्द प्राप्त गरेर बस्दछन् (तर)
न एव उपयन्ति = उपकारको ऋण तिर्न (प्रत्युपकार गर्न) सक्दैनन्

वाक्यार्थ— हे प्रभु ! हजुर सम्पूर्ण देहधारी प्राणीहरूको भित्र अन्तर्यामीरूपले तथा बाहिर गुरुरूपले रहेर तिनीहरूको ज्ञानप्रतिबन्धक पाप र विषयवासनाहरूलाई नष्ट गरिदिनुहुन्छ र आफ्नो दिव्य स्वरूपको प्रकटन (साक्षात्कार) गराइदिनुहुन्छ, यस्ता परमदयालु हजुरको उपकारको ऋण तिर्न (प्रत्युपकार गर्न) ब्रह्मज्ञानीहरूले ब्रह्माजीको समान आयुद्वारा पनि सक्दैनन्, त्यसैले उनीहरूले हजुरले गर्नुभएको उपकारलाई सम्झिरहन्छन्।

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

इत्युद्धवेनात्यनुरक्तचेतसा पृष्टो जगत्क्रीडनकः स्वशक्तिभिः।
गृहीतमूर्तित्रय ईश्वरेश्वरो जगाद सप्रेममनोहरस्मितः॥ ७॥

पदार्थ—
इति = यसरी
अत्यनुरक्तचेतसा = अत्यन्त अनुरक्त चित्त भएका
उद्धवेन = उद्धवद्वारा
पृष्टः = प्रश्न गरिनुभएका
जगत्क्रीडनकः = जगत् नै क्रीडासाधन भएका
स्वशक्तिभिः = आफ्नो शक्तिद्वारा
गृहीतमूर्तित्रयः = ब्रह्मा आदि त्रिदेवको स्वरूप धारण गर्नुभएका
ईश्वरेश्वरः = ब्रह्मा आदि देवताहरूका पनि ईश्वर श्रीकृष्णले
सप्रेममनोहरस्मितः = प्रेमयुक्त मनोहर मुस्कानसहित
जगाद = भन्नुभयो

वाक्यार्थ— ब्रह्मा आदि देवताहरूका पनि ईश्वर भगवान् श्रीकृष्णले आफ्नो शक्तिद्वारा ब्रह्मा, विष्णु र रुद्रको रूप धारण गर्नुहुन्छ। यो सम्पूर्ण चराचर जगत् उहाँको केवल क्रीडासाधन मात्र हो। यस्ता भगवान् श्रीकृष्णलाई अनुरागले पूर्ण चित्त भएका उद्धवले प्रश्न गरेपछि उहाँले पनि प्रेमपूर्वक मुस्कुराउँदै भन्नुभयो।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

हन्त ते कथयिष्यामि मम धर्मान् सुमङ्गलान्।
यान् श्रद्धयाचरन् मर्त्यो मृत्युं जयति दुर्जयम्॥ ८॥

पदार्थ—
हन्त = अहो
मम = मेरो
सुमङ्गलान् = अति मङ्गलमय
धर्मान् = भागवत धर्महरू
ते = तिमीलाई
कथयिष्यामि = बताउनेछु
यान् = जुन धर्मलाई
श्रद्धया = श्रद्धापूर्वक
आचरन् = आचरण गर्ने
मर्त्यः = मानिसले
दुर्जयं = जित्नै नसकिने
मृत्युं = मृत्यु (जन्ममरणरूप संसार)लाई
जयति = जित्दछ

वाक्यार्थ– अहो ! अब म तिमीलाई मेरा अति मङ्गलमय भागवत धर्महरू (मलाई प्राप्त गर्ने साधन) बताउनेछु, जसको राम्ररी आचरण गर्ने मानिसले जन्ममरणात्मक संसाररूप दुर्जय मृत्युलाई पनि सजिलै जित्न सक्दछ।

कुर्यात् सर्वाणि कर्माणि मदर्थं शनकैः स्मरन्।
मय्यर्पितमनश्चित्तो मद्धर्मात्ममनोरतिः॥ ९॥

पदार्थ–
मयि = ममा
अर्पितमनश्चित्तः = मन र चित्तलाई अर्पण गरेर
मद्धर्मात्ममनोरतिः = मेरो धर्ममा आत्मा र मन अनुरक्त गरेर
स्मरन् = मलाई सम्झँदै
शनकैः = बिस्तारै
मदर्थं = मेरा लागि
सर्वाणि = सम्पूर्ण
कर्माणि = कर्महरू
कुर्यात् = गरोस्

वाक्यार्थ– आफ्नो मन र चित्तलाई ममा अर्पण गरेपछि भक्तको मन मेरो धर्ममा रमाउन थाल्दछ। यसैले उसले मेरो प्रसन्नताको लागि मलाई नै स्मरण गर्दै आफ्ना सम्पूर्ण कर्महरू गरिरहोस्।

देशान् पुण्यानाश्रयेत मद्भक्तैः साधुभिः श्रितान्।
देवासुरमनुष्येषु मद्भक्ताचरितानि च॥ १०॥

पदार्थ–
मद्भक्तैः = मेरा भक्तहरूद्वारा
साधुभिः = साधुजनहरूद्वारा
श्रितान् = सेवित (आश्रित)
पुण्यान् = पवित्र
देशान् = ठाउँहरूमा
आश्रयेत = बस्नुपर्दछ
देवासुरमनुष्येषु = देवता, दानव र मनुष्यहरूमा
मद्भक्ताचरितानि च = मेरा भक्तहरूको आचरण पनि गर्नुपर्दछ

वाक्यार्थ– मेरा साधु-सज्जन भक्तहरू जहाँ-जहाँ बसेका छन्, त्यही-त्यही ठाउँमा बस्नुपर्दछ अनि देवता, दानव र मनुष्यहरूमध्ये जो-जो मेरा अत्यन्त भक्त छन्, ती-ती भक्तहरूको आचरणको अनुसरण पनि गर्नुपर्दछ।

पृथक् सत्रेण वा मह्यं पर्वयात्रामहोत्सवान्।
कारयेद् गीतनृत्याद्यैर्महाराजविभूतिभिः॥ ११॥

पदार्थ–
पृथक् = एक्लै
सत्रेण वा = अथवा अरूसँग मिलेर
महाराजविभूतिभिः = महाराजोचित वैभवद्वारा
गीतनृत्याद्यैः = गीत, नृत्य, वाद्य आदिले
मह्यं = मेरो प्रसन्नताका लागि
पर्वयात्रामहोत्सवान् = पर्व, यात्रा, महोत्सव आदि
कारयेत् = गराउनुपर्दछ

वाक्यार्थ– आफू एक्लैले वा अन्य मान्छेहरूसँग मिलेर महाराजोचित वैभवपूर्वक गीत, नृत्य,

वाद्य आदिले धुमधामसँग मेरो प्रसन्नताको लागि एकादशी, पूर्णिमा जस्ता पर्वहरूमा यात्रा र महोत्सवहरूको आयोजना गराउनू।

मामेव सर्वभूतेषु बहिरन्तरपावृतम्।
ईक्षेतात्मनि चात्मानं यथा खममलाशयः॥ १२॥

पदार्थ–
अमलाशयः = शुद्ध अन्तःकरण भएको भक्तले
खं यथा = आकाश झैँ
बहिः = बाहिर
अन्तः = भित्र (पूर्ण)
अपावृतं = आवरणशून्य
सर्वभूतेषु = सम्पूर्ण प्राणीहरूमा
आत्मनि च = आफ्नै हृदयमा पनि
मां = म
आत्मानं एव = परमात्मालाई नै
ईक्षेत = देखोस्

वाक्यार्थ– अन्तःकरण शुद्ध भएको व्यक्तिले आकाश झैँ बाहिर र भित्र सबैतिर पूर्ण आवरणशून्य म परमात्मालाई नै सम्पूर्ण प्राणीहरूमा र आफ्नै हृदयमा समेत देखोस्।

इति सर्वाणि भूतानि मद्भावेन महाद्युते।
सभाजयन् मन्यमानो ज्ञानं केवलमाश्रितः॥ १३॥
ब्राह्मणे पुल्कसे स्तेने ब्रह्मण्येऽर्के स्फुलिङ्गके।
अक्रूरे क्रूरके चैव समदृक् पण्डितो मतः॥ १४॥

पदार्थ–
महाद्युते = निर्मल बुद्धि भएका हे उद्धव
इति = यसप्रकार
केवलं = केवल
ज्ञानं = ज्ञानरूप दृष्टिलाई
आश्रितः = आश्रय लिएको
सर्वाणि = सम्पूर्ण
भूतानि = प्राणीहरूलाई
मद्भावेन = मेरो स्वरूप
मन्यमानः = ठान्ने भक्तले
सभाजयन् = सबैलाई आदर गर्दै
ब्राह्मणे = ब्राह्मणमा
पुल्कसे = चाण्डालमा
स्तेने = चोरमा
ब्रह्मण्ये = ब्राह्मणको भक्तमा
अर्के = सूर्यमा
स्फुलिङ्गके = आगोको झिल्कामा
अक्रूरे = सोझा प्राणीमा
क्रूरके चैव = क्रूर प्राणीमा पनि
समदृक् = समदृष्टि राख्ने पुरुष
पण्डितः = पण्डित
मतः = मानिन्छ

वाक्यार्थ– निर्मल बुद्धि भएका हे उद्धव ! यसरी जुन भक्तले केवल ज्ञानदृष्टिको आश्रय लिएर सम्पूर्ण प्राणीहरू मेरो स्वरूप हुन् भन्ने बुझेर सबैलाई आदर-सत्कार गर्दछ एवं ब्राह्मण र चाण्डाल, चोर र ब्राह्मणभक्त, सूर्य र आगोको झिल्का, अक्रूर (शान्त) र क्रूर (दुष्ट) सबैमा समान दृष्टि राख्दछ भने त्यो भक्त पण्डित (ज्ञानी) भनेर मानिन्छ।

नरेष्वभीक्ष्णं मद्भावं पुंसो भावयतोऽचिरात्।
स्पर्धासूयातिरस्काराः साहङ्कारा वियन्ति हि॥ १५॥

पदार्थ—
नरेषु = मनुष्यहरूमा
अभीक्ष्णं = सधैं
मद्भावं = मेरो भावना
भावयतः = राख्ने
पुंसः = मानिसको
अचिरात् हि = थोरै समयमा नै
साहङ्काराः = अहङ्कारसहित
स्पर्धासूयातिरस्काराः = स्पर्धा, ईर्ष्या र तिरस्कार
वियन्ति = नष्ट हुन्छन्

वाक्यार्थ— सधैं सबै मान्छेहरूमा जसले मेरो (भगवान्को) भावना राख्दछ, त्यस्तो भक्तको थोरै समयमा नै अहङ्कारसहित प्रतिस्पर्धा (समान मान्छेमा हुने होडबाजी), ईर्ष्या (ठुला मान्छेसँग गरिने डाह) र तिरस्कारको भावना (आफूभन्दा नीचमा हुने घृणा) आदि दोषहरू नष्ट हुन्छन्।

विसृज्य स्मयमानान् स्वान् दृशं व्रीडां च दैहिकीम्।
प्रणमेद् दण्डवद् भूमावाश्वचाण्डालगोखरम्॥ १६॥

पदार्थ—
स्मयमानान् = हाँसेर निन्दा गर्ने
स्वान् = आफन्तजनलाई
दैहिकीम् = शरीरसम्बन्धी
दृशं = दृष्टिलाई
व्रीडां च = लाजलाई पनि
विसृज्य = त्यागेर
आश्वचाण्डालगोखरं = कुकुरदेखि लिएर चाण्डाल, गाई, गधा सबैलाई
भूमौ = भुइँमा झुकेर
दण्डवत् = दण्डवत्
प्रणमेत् = प्रणाम गरोस्

वाक्यार्थ— यदि कोही बन्धुजनले आफूलाई हाँसेर निन्दा गर्छन् भने गरिरहून्। म श्रेष्ठ छु अनि त्यो नीच छ भन्ने भेददृष्टि तथा लोकलज्जा सबैलाई त्यागेर कुकुरदेखि लिएर चाण्डाल, गाई र गधासम्मका सबै प्राणीहरूलाई भुइँमा झुकेर दण्डवत् प्रणाम गर्नू।

यावत् सर्वेषु भूतेषु मद्भावो नोपजायते।
तावदेवमुपासीत वाङ्मनःकायवृत्तिभिः॥ १७॥

पदार्थ—
यावत् = जबसम्म
सर्वेषु = सबै
भूतेषु = प्राणीहरूमा
मद्भावः = मेरो भावना
न उपजायते = उत्पन्न हुँदैन
तावत् = तबसम्म
वाङ्मनःकायवृत्तिभिः = वाणी, मन र शरीरका कर्महरूद्वारा
एवं = यसै गरी
उपासीत = उपासना गर्नू

वाक्यार्थ— जबसम्म सम्पूर्ण प्राणीहरूमा मेरो भावना (भगवद्बुद्धि) हुँदैन, तबसम्म वाणी, मन र शरीरका कर्महरूद्वारा यसरी नै मेरो उपासना गरिरहनुपर्दछ। (सम्पूर्ण प्राणीहरूलाई भगवान्को नाम लिएर नमस्कार गर्नु '**भगवते नमः**' भन्नु वाणीको, ईश्वर सर्वत्र हुनुहुन्छ भनेर चिन्तन गर्नु मनको र भुइँमा झुकेर सबैलाई प्रणाम गर्नु शरीरको कर्म हो।)

सर्वं ब्रह्मात्मकं तस्य विद्ययात्ममनीषया।
परिपश्यन्नुपरमेत् सर्वतो मुक्तसंशयः॥ १८॥

पदार्थ–
तस्य = यसरी उपासना गर्ने त्यो उपासकको (दृष्टिमा)
सर्वं = सम्पूर्ण
ब्रह्मात्मकं = ब्रह्मरूप हुन्छ
आत्ममनीषया = सर्वत्र ब्रह्मदृष्टिद्वारा (उत्पन्न)
विद्यया = आत्मसाक्षात्कारात्मक ज्ञानले
परिपश्यन् = सबैतिर ब्रह्मलाई देखेर
मुक्तसंशयः = सम्पूर्ण सन्देहबाट मुक्त भई
सर्वतः = सम्पूर्ण कर्मबाट
उपरमेत् = निवृत्त होस्

वाक्यार्थ– यस्तो उपासना गर्ने उपासकका लागि सम्पूर्ण वस्तुहरू ब्रह्मरूप नै हुन्छन्। सर्वत्र ब्रह्मदृष्टि भएपछि उत्पन्न हुने आत्मसाक्षात्काररूप ज्ञानद्वारा ऊ सबैतिर ब्रह्म मात्र देख्न थाल्दछ। यसपछि मात्र ऊ सम्पूर्ण सन्देहबाट मुक्त हुन्छ र सम्पूर्ण क्रियाहरूबाट निवृत्त हुन सक्छ।

अयं हि सर्वकल्पानां सध्रीचीनो मतो मम।
मद्भावः सर्वभूतेषु मनोवाक्कायवृत्तिभिः॥ १९॥

पदार्थ–
अयं = यो
मनोवाक्कायवृत्तिभिः = मन, वाणी र शरीरका कर्महरूद्वारा
सर्वभूतेषु = सम्पूर्ण प्राणीहरूमा
मद्भावः हि = मेरो भावना नै
मम = मेरो
सर्वकल्पानां = सबै उपायहरूमध्ये
सध्रीचीनः = उत्तम
मतः = मानिएको छ

वाक्यार्थ– मन, वाणी र शरीरका कर्महरूद्वारा समस्त प्राणीहरूमा मेरो भावना राख्नु नै मलाई प्राप्त गर्ने विभिन्न उपायहरूमध्ये सर्वश्रेष्ठ उपाय मानिएको छ।

न ह्यङ्गोपक्रमे ध्वंसो मद्धर्मस्योद्धवाण्वपि।
मया व्यवसितः सम्यङ्निर्गुणत्वादनाशिषः॥ २०॥

पदार्थ–
अङ्ग उद्धव = हे प्रिय उद्धव
अनाशिषः = निष्काम
मद्धर्मस्य = मेरो धर्मको
उपक्रमे = आरम्भ भएपछि
अणु अपि = थोरै पनि
ध्वंसः = विनाश
न = हुँदैन
हि = किनभने
मया = मद्वारा
निर्गुणत्वात् = निर्गुण भएका कारण यो धर्म
सम्यक् = सर्वश्रेष्ठ
व्यवसितः = मानिएको छ

वाक्यार्थ– हे प्रिय उद्धव ! यो मेरो भागवत धर्मको अनुष्ठान आरम्भ गरेपछि यसमा अलिकति पनि विघ्न आउँदैन किनभने यो निष्काम धर्म हो र निर्गुण भएको हुनाले यस धर्मलाई मैले नै सर्वोत्तम मानेको छु।

यो यो मयि परे धर्मः कल्प्यते निष्फलाय चेत्।
तदायासो निरर्थः स्याद् भयादेरिव सत्तम॥ २१॥

पदार्थ—

सत्तम = हे सज्जनश्रेष्ठ उद्धव	**निरर्थः** = निरर्थक	**चेत्** = यदि
भयादेः इव = भय, शोक आदि जन्य पलायन, क्रन्दन जस्ता	**आयासः** = लौकिक चेष्टा पनि	**कल्प्यते** = समर्पित गरिन्छ भने
यः यः = जुन-जुन	**मयि** = म	**तत्** = त्यो समर्पण पनि
	परे = परमेश्वरमा	**धर्मः** = धर्म नै
	निष्फलाय = निष्काम भावपूर्वक	**स्यात्** = हुन्छ

वाक्यार्थ— हे सज्जनश्रेष्ठ उद्धव ! भय, शोक आदिका कारण हुने पलायन, क्रन्दन जस्ता निरर्थक लौकिक कर्म (चेष्टा) पनि म परमेश्वरलाई निष्काम भावनापूर्वक समर्पण गरिन्छ भने त्यो पनि धर्म नै हुन्छ।

एषा बुद्धिमतां बुद्धिर्मनीषा च मनीषिणाम्।
यत् सत्यमनृतेनेह मर्त्येनाप्नोति मामृतम्॥ २२॥

पदार्थ—

एषा = यही	**मनीषा च** = बुद्धिकौशल हो	**इह** = यही जन्ममा
बुद्धिमतां = विवेकीहरूको	**यत्** = जुन	**सत्यं** = अविनाशी
बुद्धिः = विवेक	**अनृतेन** = आत्मामा अध्यस्त	**ऋतं** = सत्य (परमार्थभूत)
मनीषिणां = विद्वान्हरूको	**मर्त्येन** = मरणशील मनुष्यदेहद्वारा	**मां** = मलाई
		आप्नोति = प्राप्त गर्दछ

वाक्यार्थ— आत्मामा अध्यस्त मिथ्या मरणशील मनुष्यशरीरद्वारा यसै जन्ममा नै मरणशून्य (अमर) सत्य परमात्मा मलाई प्राप्त गर्नु नै विवेकीहरूको विवेक र विद्वान्हरूको बुद्धिकौशल हो।

एष तेऽभिहितः कृत्स्नो ब्रह्मवादस्य सङ्ग्रहः।
समासव्यासविधिना देवानामपि दुर्गमः॥ २३॥

पदार्थ—

देवानां अपि = देवताहरूको लागि पनि	**ब्रह्मवादस्य** = वेदान्तसिद्धान्तको	**समासव्यासविधिना** = सङ्क्षेप र विस्तार विधिबाट
दुर्गमः = दुर्विज्ञेय	**एषः** = यो	**ते** = तिमीलाई
	कृत्स्नः = सम्पूर्ण	**अभिहितः** = बताइयो
	सङ्ग्रहः = सङ्ग्रह	

वाक्यार्थ— देवताहरू पनि जुन रहस्यलाई राम्ररी बुझ्न सक्दैनन् त्यस्तो वेदान्तसिद्धान्तको सम्पूर्ण रहस्य मैले तिमीलाई सङ्क्षेप र विस्तार दुबै विधिद्वारा बताएँ।

अभीक्ष्णशस्ते गदितं ज्ञानं विस्पष्टयुक्तिमत्।
एतद् विज्ञाय मुच्येत पुरुषो नष्टसंशयः॥ २४॥

पदार्थ—

	विस्पष्टयुक्तिमत् = सुस्पष्ट र युक्तिले पूर्ण	

ज्ञानं = तत्त्वज्ञान	**गदितं** = बताइयो	**नष्टसंशयः** = संशयरहित भएको
ते = तिमीलाई	**एतत्** = यो ज्ञान	**पुरुषः** = मानिस
अभीक्ष्णशः = बारम्बार	**विज्ञाय** = जानेर	**मुच्येत** = मुक्त हुन्छ

वाक्यार्थ– अत्यन्त स्पष्ट तथा युक्तिले पूर्ण यो तत्त्वज्ञान मैले तिमीलाई धेरै पटक बताइसकेको छु। यो ज्ञानको रहस्यलाई जसले जान्दछ उसका सम्पूर्ण संशयहरू नष्ट हुन्छन् र ऊ मुक्त हुन्छ।

सुविविक्तं तव प्रश्नं मयैतदपि धारयेत्।
सनातनं ब्रह्मगुह्यं परं ब्रह्माधिगच्छति॥ २५॥

पदार्थ–	दिइएको उत्तर	**ब्रह्मगुह्यं** = वेदमा लुकेको रहस्य
तव = तिम्रो	**एतत् अपि** = यो दुबै	**परं** = पर
प्रश्नं = प्रश्न	**धारयेत्** = जसले चिन्तन गर्दछ,	**ब्रह्म** = ब्रह्मलाई
मया = मद्वारा	उसले	**अधिगच्छति** = प्राप्त गर्दछ
सुविविक्तं = सुन्दर विवेचनापूर्वक	**सनातनं** = सनातन	

वाक्यार्थ– हे उद्धव ! तिमीले गरेको प्रश्नको मैले सुन्दर विवेचनापूर्वक उत्तर दिएँ। जसले हाम्रो यो ज्ञानविषयक प्रश्नोत्तरात्मक संवादको चिन्तन गर्दछ उसले वेदमा लुकेर रहेको रहस्यलाई बुझ्दछ र सनातन परब्रह्म प्राप्त गर्दछ।

य एतन्मम भक्तेषु सम्प्रदद्यात् सुपुष्कलम्।
तस्याहं ब्रह्मदायस्य ददाम्यात्मानमात्मना॥ २६॥

पदार्थ–	**सुपुष्कलं** = विस्तारपूर्वक	**अहं** = म
यः = जसले	**सम्प्रदद्यात्** = प्रदान गर्दछ	**आत्मना** = स्वयं
एतत् = यो ज्ञान	**तस्य** = त्यो	**आत्मानं** = आफैंलाई
मम = मेरा	**ब्रह्मदायस्य** = ब्रह्मतत्त्वको	**ददामि** = समर्पण गर्दछु
भक्तेषु = भक्तहरूमा	उपदेष्टालाई	

वाक्यार्थ– जसले यो मैले बताएको ज्ञान मेरा भक्तहरूलाई विस्तारपूर्वक प्रदान गर्दछ, ब्रह्मतत्त्वको उपदेष्टा त्यस व्यक्तिका लागि म आफूले आफूलाई नै समर्पण गर्दछु।

य एतत् समधीयीत पवित्रं परमं शुचि।
स पूयेताहरहर्मां ज्ञानदीपेन दर्शयन्॥ २७॥

पदार्थ–	**परमं** = परम	**पवित्रं** = अरूलाई पनि पवित्र
यः = जो	**शुचि** = पावन	गराउने

एतत् = यो आख्यान	**सः** = त्यो मानिस	**मां** = मलाई (अरूलाई पनि)
समधीयीत = राम्ररी अध्ययन गर्दछ	**अहरहः** = प्रतिदिन	**दर्शयन्** = देखाउँदै
	ज्ञानदीपेन = ज्ञानरूप दीपद्वारा	**पूयेत** = आफू पनि पवित्र हुन्छ

वाक्यार्थ– हे उद्धव ! तिम्रो र मेरो बिचको यो आख्यान स्वयं पवित्र छ र त्यसले अरूलाई पनि पवित्र बनाउँछ, जसले प्रतिदिन यो आख्यानको राम्ररी अध्ययन गर्दछ र अरूलाई पनि सिकाउँछ ऊ ज्ञानदीपद्वारा मलाई र अरूलाई पनि देखाउँदै स्वयं पनि पवित्र हुन्छ।

य एतच्छ्रद्धया नित्यमव्यग्रः शृणुयान्नरः।
मयि भक्तिं परां कुर्वन् कर्मभिर्न स बध्यते॥ २८॥

पदार्थ–

यः = जो	**श्रद्धया** = श्रद्धापूर्वक	**परां** = परम
नरः = मनुष्य	**नित्यं** = सधैँ	**भक्तिं** = भक्ति
अव्यग्रः = एकाग्र भएर	**शृणुयात्** = सुन्दछ	**कुर्वन्** = प्राप्त गरेर
एतत् = यो ज्ञान	**सः** = त्यो मनुष्य	**कर्मभिः** = कर्महरूद्वारा
	मयि = ममा	**न बध्यते** = बद्ध हुँदैन

वाक्यार्थ– जो मनुष्यले एकाग्र भएर श्रद्धापूर्वक सधैँ यो ज्ञान सुन्दछ उसले मेरो परमभक्ति प्राप्त गर्दछ, उसलाई कर्मको बन्धनले समेत बाँध्न सक्दैन।

अप्युद्धव त्वया ब्रह्म सखे समवधारितम्।
अपि ते विगतो मोहः शोकश्चासौ मनोभवः॥ २९॥

पदार्थ–

सखे = हे मित्र	**ब्रह्म** = ब्रह्मको स्वरूप	**असौ** = यो
उद्धव = हे उद्धव	**समवधारितं** = राम्ररी बुझियो	**मोहः** = मोह
अपि = के	**अपि** = के	**शोकः च** = शोक पनि
त्वया = तिमीद्वारा	**ते** = तिम्रो	**विगतः** = दूर भयो
	मनोभवः = मनमा रहेको	

वाक्यार्थ– हे मित्र उद्धव ! यो मेरो ज्ञानोपदेश सुनेर के तिमीले ब्रह्मको स्वरूपलाई राम्ररी बुझ्यौ ? के तिम्रो मानसिक शोक र मोह पनि दूर भयो ?

नैतत् त्वया दाम्भिकाय नास्तिकाय शठाय च।
अशुश्रूषोरभक्ताय दुर्विनीताय दीयताम्॥ ३०॥

पदार्थ–

त्वया = तिमीद्वारा	**एतत्** = यो ज्ञान	**नास्तिकाय** = नास्तिक
	दाम्भिकाय = घमन्डी	**शठाय** = मूर्ख

अशुश्रूषोः = श्रद्धाहीन अथवा सुन्न नचाहने	**दुर्विनीताय** = अविनयी **अभक्ताय च** = भक्तिहीनलाई	पनि **न दीयताम्** = न दिइयोस्

वाक्यार्थ– तिमीले घमन्डी, नास्तिक, मूर्ख, श्रद्धाहीन (अथवा सुन्न नचाहने व्यक्ति), अविनयी र भक्तिहीन मनुष्यलाई पनि मैले बताएको यो ज्ञान नदिनू।

एतैर्दोषैर्विहीनाय ब्रह्मण्याय प्रियाय च।

साधवे शुचये ब्रूयाद् भक्तिः स्याच्छूद्रयोषिताम्॥ ३१॥

पदार्थ–	**प्रियाय** = प्रिय	**शूद्रयोषितां च** = शूद्र र स्त्रीहरूलाई पनि
एतैः = यी	**साधवे** = साधु	**ब्रूयात्** = बताउनू
दोषैः = दोषहरूद्वारा	**शुचये** = पवित्र व्यक्तिलाई र	
विहीनाय = रहित	**भक्तिः** = भक्ति	
ब्रह्मण्याय = ब्राह्मणभक्त	**स्यात्** = छ भने	

वाक्यार्थ– तर यी उक्त दोषहरू नभएका ब्राह्मणभक्त, प्रिय, साधु र पवित्र आचरण भएका व्यक्तिहरूलाई चाहिँ यो ज्ञान सुनाउनू। भगवान्मा भक्तिभाव राख्दछन् भने शूद्र र स्त्रीलाई पनि यो ज्ञान बताउनू।

नैतद् विज्ञाय जिज्ञासोर्ज्ञातव्यमवशिष्यते।

पीत्वा पीयूषममृतं पातव्यं नावशिष्यते॥ ३२॥

पदार्थ–	**ज्ञातव्यं** = जान्न योग्य कुनै कुरा	**पीत्वा** = पिएपछि
जिज्ञासोः = जिज्ञासुको लागि	**न अवशिष्यते** = बाँकी रहँदैन	**पातव्यं** = पिउन योग्य वस्तु
एतत् = यो ज्ञान	**पीयूषं** = अति मधुर	**न अवशिष्यते** = केही बाँकी रहँदैन
विज्ञाय = जानेर	**अमृतं** = अमृत	

वाक्यार्थ– जसरी मधुरतम अमृत पिएपछि पिउन योग्य केही पनि बाँकी रहँदैन त्यसै गरी यो ज्ञान जानिसकेपछि जिज्ञासुका लागि अरू केही पनि जान्न बाँकी रहँदैन।

ज्ञाने कर्मणि योगे च वार्तायां दण्डधारणे।

यावानर्थो नृणां तात तावांस्तेऽहं चतुर्विधः॥ ३३॥

पदार्थ–	**योगे** = योग	**नृणां** = मनुष्यहरूका लागि
तात = हे प्रिय उद्धव	**वार्तायां** = कृषि, वाणिज्य आदि	**चतुर्विधः** = धर्म आदि चार पुरुषार्थको
ज्ञाने = ज्ञान	**दण्डधारणे च** = दण्डनीतिमा पनि	**यावान्** = जति
कर्मणि = कर्म		

अर्थः = प्रयोजन हुन्छ	**ते** = तिम्रो लागि
तावान् = ती सबै प्रयोजन	**अहम्** = म नै हुँ

वाक्यार्थ– हे प्रिय उद्धव ! ज्ञान, कर्म, योग, कृषिवाणिज्य र दण्डनीतिद्वारा मनुष्यहरूलाई क्रमशः ज्ञान, धर्म, काम र अर्थ यी चार अर्थरूप फल प्राप्त हुन्छ, तर तिम्रो (तिमी जस्तो भक्तको) लागि ती सबै पुरुषार्थरूप फल म नै हुँ।

मर्त्यो यदा त्यक्तसमस्तकर्मा निवेदितात्मा विचिकीर्षितो मे।
तदामृतत्वं प्रतिपद्यमानो मयात्मभूयाय च कल्पते वै॥ ३४॥

पदार्थ–	**निवेदितात्मा** = आत्मसमर्पण	**प्रतिपद्यमानः** = प्राप्त भएर
मर्त्यः = मनुष्य	गर्नेवाला हुन्छ	**मया वै** = मेरो साथमा
यदा = जब	**तदा** = तब मेरा लागि	**आत्मभूयाय** = आत्मस्वरूपले
त्यक्तसमस्तकर्मा = सम्पूर्ण	**विचिकीर्षितः** = विशेष माननीय	मिल्न
कर्महरूलाई त्यागेर	हुन्छ र	**कल्पते** = योग्य हुन्छ
मे = ममा	**अमृतत्वं च** = मोक्षभावमा पनि	

वाक्यार्थ– मनुष्यले जब आफ्ना सबै कर्महरूको परित्याग गरेर स्वयं आफैँलाई ममा समर्पित गर्दछ, तब त्यो मनुष्य मेरो लागि विशेष माननीय बन्दछ। त्यसपछि त्यसले अमृतस्वरूप मोक्षभावलाई प्राप्त गर्दछ र मेरो स्वरूपमा अभिन्न रूपले मिलेर एकतामा प्राप्त हुन्छ।

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

स एवमादर्शितयोगमार्गस्तदोत्तमश्लोकवचो निशम्य।
बद्धाञ्जलिः प्रीत्युपरुद्धकण्ठो न किञ्चिदूचेऽश्रुपरिप्लुताक्षः॥ ३५॥

पदार्थ–	**तदा** = त्यस समयमा	**अश्रुपरिप्लुताक्षः** = आँसुका
एवं = यसरी	**उत्तमश्लोकवचः** = पवित्रकीर्ति	धाराले आँखा भिजेर
आदर्शितयोगमार्गः = ज्ञान, कर्म	भएका भगवान्को वचन	**बद्धाञ्जलिः** = हात जोडेर
र भक्तियोगको मार्गलाई	**निशम्य** = सुनेर	**किञ्चित्** = केही पनि
जानिसकेका	**प्रीत्युपरुद्धकण्ठः** = प्रेमको वेगले	**न ऊचे** = बोल्न सकेनन्
सः = ती (उद्धव)ले	गला अवरुद्ध भई	

वाक्यार्थ– उद्धवले भगवान् श्रीकृष्णबाट ज्ञानयोग, कर्मयोग र भक्तियोगको मार्गलाई राम्ररी जानिसकेका थिए। पवित्रकीर्ति भएका भगवान्का वचनहरू सुनेर प्रेमको आवेगले उनको गला अवरुद्ध भयो, उनका आँखाबाट आँसुका धाराहरू बगिरहेका थिए यसैले उनले भगवान्लाई केही भन्न चाहे पनि तत्काल केही बोल्न सकेनन्, केवल हात जोडेर बसिरहे।

विष्टभ्य चित्तं प्रणयावघूर्णं धैर्येण राजन् बहुमन्यमानः ।

कृताञ्जलिः प्राह यदुप्रवीरं शीर्ष्णा स्पृशंस्तच्चरणारविन्दम् ॥ ३६ ॥

पदार्थ—	आफूलाई	**स्पृशन्** = स्पर्श गर्दै
राजन् = हे राजा परीक्षित्	**बहुमन्यमानः** = कृतार्थ मानेका	**कृताञ्जलिः** = हात जोडेर
प्रणयावघूर्णं = प्रेमावेगले क्षुभित	उद्धवले	**यदुप्रवीरं** = यदुश्रेष्ठ श्रीकृष्णलाई
चित्तं = चित्तलाई	**शीर्ष्णा** = शिरद्वारा	**प्राह** = भने
धैर्येण = धैर्यले	**तच्चरणारविन्दं** = भगवान्को	
विष्टभ्य = नियन्त्रण गरेर	चरणकमललाई	

वाक्यार्थ— हे परीक्षित् ! त्यस वेला उद्धवको चित्त प्रेमावेगले क्षुब्ध भएको थियो, तापनि उनले धैर्य गरेर चित्तलाई नियन्त्रण गरे र आफूलाई कृतार्थ भएको ठानी शिरले यदुश्रेष्ठ भगवान् श्रीकृष्णको चरणकमल स्पर्श गरे त्यसपछि दुबै हात जोडेर भगवान्लाई प्रार्थना गर्दै उनले भने।

उद्धव उवाच (उद्धवले भने)

विद्रावितो मोहमहान्धकारो य आश्रितो मे तव सन्निधानात् ।

विभावसोः किं नु समीपगस्य शीतं तमो भीः प्रभवन्त्यजाद्य ॥ ३७ ॥

पदार्थ—	**सन्निधानात्** = सङ्ग (उपदेश) बाट	**किं नु** = के
यः = जुन	**विद्रावितः** = भाग्यो	**शीतं** = जाडो
मोहमहान्धकारः = मोहरूप	**अजाद्य** = माया र ब्रह्माजीका	**तमः** = अन्धकार
महान् अन्धकार	पनि जनक हे भगवान्	**भीः** = भय
मे = ममा	**विभावसोः** = आगोको	**प्रभवन्ति** = हुन्छन् र
आश्रितः = आश्रित थियो त्यो	**समीपगस्य** = नजिकमा गएर	
तव = हजुरको	बस्ने मानिसलाई	

वाक्यार्थ— हे भगवान् ! हजुर ब्रह्मा र मायाको पनि जनक हुनुहुन्छ। म मोहरूपी महान् अन्धकारमा फसिरहेको थिएँ, तर आज हजुरको सङ्गत र उपदेशबाट ती मभित्रका तमाम मोहरूपी अन्धकारहरू नष्ट भए। हुन पनि आगोको नजिकमा गएर बस्ने मानिसलाई जाडो, अन्धकार र तज्जन्य भयहरूले के भयभीत बनाउन सक्दछन् र ?

प्रत्यर्पितो मे भवतानुकम्पिना भृत्याय विज्ञानमयः प्रदीपः ।

हित्वा कृतज्ञस्तव पादमूलं कोऽन्यत् समीयाच्छरणं त्वदीयम् ॥ ३८ ॥

पदार्थ—	**भवता** = हजुरद्वारा	**भृत्याय** = सेवकलाई
अनुकम्पिना = दयालु	**मे** = म	**विज्ञानमयः** = ज्ञानमय

प्रदीपः = दीपक
प्रत्यर्पितः = दिइयो
तव = हजुरको
कृतज्ञः = उपकार जान्ने
कः = को
त्वदीयं = हजुरको
पादमूलं = चरणतललाई
हित्वा = छोडेर
अन्यत् = अरूको
शरणं = शरणमा
समीयात् = जाओस्

वाक्यार्थ– दयालु हजुरले आफ्नो सेवक मलाई ज्ञानदीप प्रदान गरेर ममाथि महान् उपकार गर्नुभएको छ। यस्ता हजुरको उपकारलाई जानेर कुन त्यस्तो व्यक्ति होला जो हजुरको चरणकमललाई छोडेर अरू कसैको शरणमा जाओस्।

वृक्णश्च मे सुदृढः स्नेहपाशो दाशार्हवृष्ण्यन्धकसात्वतेषु।
प्रसारितः सृष्टिविवृद्धये त्वया स्वमायया ह्यात्मसुबोधहेतिना ॥ ३९ ॥

पदार्थ–
सृष्टिविवृद्धये = सृष्टिको विस्तारका लागि
त्वया = हजुरद्वारा
स्वमायया = आफ्नो मायाद्वारा
दाशार्हवृष्ण्यन्धकसात्वतेषु = दाशार्ह, वृष्णि, अन्धक र सात्वतवंशी यादवहरूका साथ
मे = मेरो
सुदृढः = अत्यन्त बलियो
स्नेहपाशः = स्नेहको पासो
प्रसारितः = फैलाइएको थियो
तर आज हजुरद्वारा नै
हि = निश्चय नै
आत्मसुबोधहेतिना = आफ्नो तत्त्वज्ञानरूप शस्त्रद्वारा
वृक्णः च = काटियो पनि

वाक्यार्थ– सृष्टिका विस्तारका लागि हजुरले आफ्नो मायाद्वारा दाशार्ह, वृष्णि, अन्धक र सात्वतवंशी बन्धुबान्धवहरूसँग मेरो अत्यन्त बलियो स्नेहबन्धन फैलाउनुभएको थियो। त्यो स्नेहबन्धनलाई आज हजुरले नै आफ्नो तत्त्वज्ञानरूप शस्त्रद्वारा काटिदिनुभयो।

नमोऽस्तु ते महायोगिन् प्रपन्नमनुशाधि माम्।
यथा त्वच्चरणाम्भोजे रतिः स्यादनपायिनी ॥ ४० ॥

पदार्थ–
महायोगिन् = हे महायोगेश्वर !
ते = हजुरलाई
नमः = नमस्कार
अस्तु = छ
यथा = जसरी
त्वच्चरणाम्भोजे = हजुरको चरणकमलमा
अनपायिनी = निरन्तर रहने (कहिल्यै खण्डित नहुने)
रतिः = भक्ति
स्यात् = हुन्छ (त्यसरी)
प्रपन्नं = शरणागत
मां = मलाई
अनुशाधि = उपदेश गर्नुहोस्

वाक्यार्थ– हे महायोगेश्वर श्रीकृष्ण ! हजुरलाई नमस्कार छ। म हजुरको शरणमा आएको छु। अब मलाई यस्तो उपदेश गर्नुहोस् जसद्वारा हजुरको चरणकमलमा मेरो अनन्य भक्ति निरन्तर रहिरहोस्, कहिल्यै नटुटोस्।

विवरण– यस प्रसङ्गमा उद्धवले भगवान् श्रीकृष्णसँग कृतज्ञतापूर्ण प्रार्थना गरेका छन्। भगवान्ले प्यारा भक्त उद्धवलाई योगमार्गको उपदेश गर्नुभयो। संसारबन्धनबाट मुक्त गरिदिने यस्तो

आत्मतत्त्वको दर्शन गराइदिएपछि उद्धव कृतकृत्य भए। उनले मनमनै आफूमाथि कृपामय परमात्माको सर्वश्रेष्ठ कृपाप्रसाद बर्सिएको अनुभव गरे। के अज्ञानद्वारा संसारबन्धनमा परेको व्यक्तिलाई त्यहाँबाट जगाई मुक्त गरिदिनुभन्दा ठुलो कुनै सत्कर्म छ र? यसका लागि जिज्ञासु व्यक्तिले आफ्नो मनभरिको पूर्ण कृतज्ञता समर्पित गर्नुभन्दा अर्को के नै गर्न सक्दछ र? भगवान्प्रतिको असीम कृतज्ञता र अहोभाव नै भक्ति-प्रेमको स्वरूप हो। यसैले यो बोधबाट उद्धवको हृदयभित्र भक्ति उम्लिएर आयो र उनले प्रेमद्वारा विह्वल भएको चित्तलाई धैर्यपूर्वक रोकी आफ्ना केही भावहरू प्रकट गरे।

वास्तवमा आत्मतत्त्वको ज्ञान दिने गुरुप्रति कृतज्ञता प्रकट गर्ने शब्दहरू पनि अत्यन्त थोरै लाग्छन्। ज्ञान संसारभरिको सबभन्दा बढी पवित्र वस्तु हो, त्यो सर्वोच्चतालाई शब्दहरूले छुन सक्दैनन्। तर पनि तत्त्वसाक्षात्कारपछि भक्त एवं ज्ञानीहरू आफ्नो वाणीको पवित्रताका लागि केही कृतज्ञताका शब्दहरू बोल्ने गर्दछन्। वास्तवमा गुरुको महिमा अनन्त छ। गुरु-शिष्यको नाता संसारको सबैभन्दा शुद्ध सम्बन्ध हो। आत्मज्ञानी गुरुसँगको सम्बन्धले शिष्यलाई संसारबन्धनबाट मुक्त बनाइदिन्छ, जब कि अरू लौकिक सम्बन्धहरूले चाहिँ व्यक्तिलाई आसक्तिको बन्धनद्वारा संसारचक्रमा पारिरहन्छन्। उपनिषद्मा आत्मज्ञानदाता गुरुलाई नै वास्तविक पिता भनी बताइएको छ। सुकेशा आदि ऋषिहरू आफ्ना गुरु पिप्पलादलाई भन्छन्— **त्वं हि नः पिता योऽस्माकमविद्यायाः परं पारं तारयसि** (प्रश्नोपनिषद् ६.८) अर्थात् हजुर नै हाम्रा पिता हुनुहुन्छ, जसले हामीलाई अज्ञानबाट पार तारिदिनुहुन्छ। देवीभागवतमा आत्मज्ञानी गुरुको महत्त्व बताउँदै भगवतीले भन्नुभएको छ—

पित्रोरभ्यधिकः प्रोक्तो ब्रह्मजन्मप्रदायकः।
पितृजातं जन्म नष्टं नेत्थं जातं कदाचन।।

अर्थात् ज्ञानद्वारा ब्रह्मस्वरूपमा जन्माइदिने गुरु पिता-माताभन्दा पनि श्रेष्ठ छन्, किनभने पिता-माताले जन्म दिएको शरीर नष्ट हुन्छ, तर आत्मज्ञानद्वारा साक्षात्कार भएको स्वरूप कहिल्यै नष्ट हुँदैन। अतः गुरुको महत्त्व सर्वोपरि छ।

उद्धवलाई त झन् सौभाग्यवश साक्षात् जगद्गुरु श्रीकृष्ण नै गुरुको रूपमा मिल्नुभएको छ। आफ्ना अन्तरङ्ग भक्तहरूलाई स्वरूपज्ञान प्रदान गर्ने भगवान् स्वयंको वचनअनुसार उहाँले उद्धवलाई तत्त्वज्ञान प्रदान गर्नुभएको हो। यसभन्दा अघि उहाँले आफ्ना सर्वश्रेष्ठ प्रेमी गोपीहरूलाई पनि आत्मज्ञान दिनुभएको थियो र त्यसद्वारा उनीहरूको जीवभाव नष्ट भयो भनी दशमस्कन्धको बयासीऔँ अध्यायमा बताइसकिएको छ। यहाँ पनि आफ्ना अर्का प्रेमी भक्त उद्धवलाई ज्ञान प्रदान गरी उहाँले आफ्नो त्यही वचनलाई सार्थक गर्नुभएको छ। उद्धव भन्दछन्— हजुरले मलाई **विज्ञानमयः प्रदीपः** अर्थात् अपरोक्षज्ञानरूपी दियो **प्रत्यर्पितः** अर्थात् फेरि प्रदान गर्नुभएको छ। यहाँ प्रयोग गरिएको प्रत्यर्पित शब्दको विशिष्ट तात्पर्य छ। प्रत्यर्पण भनेको एकपटक लिएको वस्तुलाई फेरि दिनु हो। यहाँ यसको तात्पर्य बताउँदै श्रीधर स्वामी लेख्नुहुन्छ— **स्वमायया अपहृतः पुनः समर्पितः** अर्थात् भगवान्को मायाद्वारा अपहृत भएको स्वरूपज्ञानलाई भगवान्ले स्वयं कृपा गरी प्रदान गरिदिनुभयो। भगवान्को मायाले **सृष्टिविवृद्धये** अर्थात्

सृष्टिचक्रको वृद्धिका लागि प्राणीहरूलाई आसक्तिको बन्धनमा पारिदिएको थियो, त्यो अत्यन्त दृढ स्नेहको पाशलाई भगवान्ले आज छिनाइदिनुभयो। यो स्नेहपाशलाई काट्ने तरवारको नाम लिँदै उद्धव भन्दछन्— **आत्मसुबोधहेति** अर्थात् अपरोक्षरूपमा आत्मालाई बुझ्नु यही नै तरबार हो। यसप्रकार यहाँ भगवान्को उपदेशबाट उद्धवले अपरोक्ष आत्मबोध गरेको, त्यसद्वारा उनको मोह, स्नेहबन्धन आदि सबै नष्ट भएको र यसका लागि उनले आफ्ना प्रिय श्रीकृष्ण भगवान्लाई कृतज्ञता ज्ञापन गरेको प्रसङ्ग बताइएको छ।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

गच्छोद्धव मयादिष्टो बदर्याख्यं ममाश्रमम्।
तत्र मत्पादतीर्थोदे स्नानोपस्पर्शनैः शुचिः॥ ४१॥

पदार्थ—
उद्धव = हे उद्धव
मया = मद्द्वारा
आदिष्टः = आज्ञा पाएर तिमी
मम = मेरो
बदर्याख्यं = बदरिकानामक
आश्रमं = आश्रममा
गच्छ = जाऊ
तत्र = त्यहाँ
मत्पादतीर्थोदे = मेरो चरणोदकले बनेको तीर्थमा
स्नानोपस्पर्शनैः = स्नान र आचमनद्वारा
शुचिः = पवित्र हुनेछौ

वाक्यार्थ— हे उद्धव ! तिमी अब मेरो आज्ञा लिएर बदरिकाश्रममा जाऊ। त्यो मेरो आश्रममा मेरो चरणजलद्वारा बनेको पवित्र तीर्थ (अलकनन्दा गङ्गा) छ। त्यस तीर्थमा स्नान र आचमन गरेपछि तिमी पवित्र हुनेछौ।

ईक्षयालकनन्दाया विधूताशेषकल्मषः।
वसानो वल्कलान्यङ्ग वन्यभुक् सुखनिःस्पृहः॥ ४२॥
तितिक्षुर्द्वन्द्वमात्राणां सुशीलः संयतेन्द्रियः।
शान्तः समाहितधिया ज्ञानविज्ञानसंयुतः॥ ४३॥
मत्तोऽनुशिक्षितं यत्ते विविक्तमनुभावयन्।
मय्यावेशितवाक्चित्तो मद्धर्मनिरतो भव॥
अतिव्रज्य गतीस्तिस्रो मामेष्यसि ततः परम्॥ ४४॥

पदार्थ—
अङ्ग = हे प्रिय उद्धव
अलकनन्दायाः = अनकनन्दा गङ्गाको
ईक्षया = दर्शनद्वारा
विधूताशेषकल्मषः = सम्पूर्ण पाप आदि दोषबाट मुक्त भएर
वल्कलानि = रुखका बोक्राहरू
वसानः = लगाएर
वन्यभुक् = जङ्गलमा हुने कन्दमूल आदि खाएर
सुखनिःस्पृहः = विषयसुखमा

निःस्पृह भएर
द्वन्द्वमात्राणां = जाडो, गर्मी आदि सम्पूर्ण द्वन्द्वहरूको
तितिक्षुः = सहन गरेर
सुशीलः = सरल स्वभाव
संयतेन्द्रियः = जितेन्द्रिय
शान्तः = रागद्वेष आदिरहित शान्त भएर
समाहितधिया = चित्तको एकाग्रताद्वारा
ज्ञानविज्ञानसंयुतः = ज्ञान र त्यसको अनुभव (विज्ञान) गरेर
ते = तिमीद्वारा
यत् = जुन ज्ञान
मत्तः = मबाट
अनुशिक्षितं = सिकियो त्यो
विविक्तं = विचार गरेर
अनुभावयन् = चिन्तन-मनन गर्दै
मयि = ममा
आवेशितवाक्चित्तः = वाणी र चित्तलाई स्थिर गरेर
मद्धर्मनिरतः = मेरो धर्ममा संलग्न
भव = होऊ
ततः परं = त्यसपछि (देहत्यागपश्चात्)
तिस्रः = त्रिगुणात्मक
गतीः = देवता, मनुष्य र पक्षीको योनि
अतिव्रज्य = पार गरेर
मां = ममा
एष्यसि = प्राप्त हुनेछौ

वाक्यार्थ– हे प्रिय उद्धव ! अलकनन्दा गङ्गाको दर्शन गरेपछि तिम्रा पाप, क्लेश आदि सम्पूर्ण दोषहरू स्वतः नष्ट हुनेछन्। तिमीले त्यहाँ बस्दा रुखका बोक्राहरू लगाउनू, जङ्गलमै उत्पन्न भएका कन्दमूल, फल आदि खानू, विषयसुखबाट पूर्णरूपमा निःस्पृह रहनू, जाडो, गर्मी, सुख-दुःख आदि द्वन्द्वहरूलाई सहन गर्नू, स्वभाव सरल र सौम्य बनाउनू, इन्द्रियहरूलाई वशमा राख्नू, राग, द्वेष आदिले रहित शान्त हुनू र चित्तलाई एकाग्र बनाएर मेरो स्वरूपको ज्ञानमा दृढ रही त्यसको अनुभव गरिरहनू। हे उद्धव ! मैले तिमीलाई जो शिक्षा दिएँ र तिमीले मबाट जे ज्ञान प्राप्त गर्‍यौ त्यसको चिन्तन-मनन गर्न नछोड्नू। सधैँ ममा आफ्नो वाणी र चित्तलाई स्थिर गराएर मेरो भागवतधर्ममा संलग्न हुनू। यसो गर्‍यौ भने देहत्यागपश्चात् तीन गुणद्वारा हुने देवता, मनुष्य र पक्षी आदिको योनिबाट पार भई तिमी मेरो परमात्मस्वरूपमा अभेदरूपले प्राप्त हुनेछौ।

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

स एवमुक्तो हरिमेधसोद्धवः प्रदक्षिणं तं परिसृत्य पादयोः।
शिरो निधायाश्रुकलाभिरार्द्रधीर्न्यषिञ्चदद्वन्द्वपरोऽप्यपक्रमे ॥ ४५ ॥

पदार्थ–
हरिमेधसा = संसारलाई हरण गर्ने बुद्धि (ज्ञान) स्वरूप हुनुभएका श्रीकृष्णद्वारा
एवं = यसप्रकार
उक्तः = उपदेश गरिएका
सः = ती
उद्धवः = उद्धवले
तं = उहाँ भगवान्को
प्रदक्षिणं = प्रदक्षिणा
परिसृत्य = गरेर
अद्वन्द्वपरः अपि = भगवान्को उपदेशद्वारा सुख-दुःख आदि द्वन्द्वबाट मुक्त भएर पनि
आर्द्रधीः = प्रेमावेशका कारण द्रवीभूत चित्तले
अपक्रमे = प्रस्थान गर्ने समयमा
पादयोः = भगवान्को चरणमा
शिरः = शिर
निधाय = राखेर
अश्रुकलाभिः = आँसुका धाराले
न्यषिञ्चत् = भिजाइदिए

वाक्यार्थ– संसारको प्रवाहलाई हरण गर्ने आत्मस्वरूप श्रीकृष्णबाट उपदेश प्राप्त गरेपछि उद्धवले

उहाँको परिक्रमा गरे। यद्यपि भगवान्को उपदेशका कारण उद्धव सुख-दुःखादि द्वन्द्वबाट पूर्ण रूपमा मुक्त भइसकेका थिए तापनि त्यहाँबाट बदरिकाश्रममा प्रस्थान गर्ने समयमा उनको चित्त भगवान्को प्रेमका कारण द्रवीभूत भयो। त्यसकारण उनले आफ्नो शिर भगवान्को चरणकमलमा राखेर प्रेमाश्रुद्वारा भगवान्को चरणकमललाई भिजाइदिए।

सुदुस्त्यजस्नेहवियोगकातरो न शक्नुवंस्तं परिहातुमातुरः।
कृच्छ्रं ययौ मूर्धनि भर्तृपादुके बिभ्रन्नमस्कृत्य ययौ पुनः पुनः॥ ४६॥

पदार्थ—
सुदुस्त्यजस्नेहवियोगकातरः = त्याग्नै नसकिने प्रेमका कारण भगवान्को वियोगबाट भयभीत उद्धवले
तं = उहाँलाई
परिहातुं = त्याग्न
न शक्नुवन् = नसकेर
आतुरः = विह्वल भई
कृच्छ्रं = कष्टको अवस्थामा
ययौ = पुगे
भर्तृपादुके = भगवान्ले नै कृपापूर्वक दिएको उहाँको पादुकालाई
मूर्धनि = शिरमा
बिभ्रन् = धारण गरेर
पुनः पुनः = बारम्बार
नमस्कृत्य = नमस्कार गरेर
ययौ = (बदरिकाश्रममा) गए

वाक्यार्थ— भगवान्मा एकपटक प्रेम भएपछि त्यो प्रेमलाई हटाउन सकिँदैन। त्यस्ता भगवान्बाट हुन लागेको वियोगबाट भयभीत भएका उद्धव पनि भगवान्लाई त्याग्न नसकी विह्वल भए। उनलाई अत्यन्त कष्ट भयो। त्यसपछि कृपा गरेर भगवान्ले नै दिएको भगवान्को चरणपादुकालाई उनले आफ्नो शिरमा धारण गरे अनि बारम्बार भगवान्लाई नमस्कार गरेर बदरिकाश्रमतिर गए।

ततस्तमन्तर्हृदि सन्निवेश्य गतो महाभागवतो विशालाम्।
यथोपदिष्टां जगदेकबन्धुना तपः समास्थाय हरेरगाद् गतिम्॥ ४७॥

पदार्थ—
ततः = त्यसपछि
तं = ती भगवान् श्रीकृष्णलाई
अन्तर्हृदि = हृदयभित्र
सन्निवेश्य = ध्यान गर्दै
महाभागवतः = भक्तप्रवर उद्धवले
विशालां = बदरिकाश्रम
गतः = पुगेर
तपः = तपस्या
समास्थाय = गरेर
जगदेकबन्धुना = जगत्का एकमात्र बन्धु श्रीकृष्णद्वारा
यथोपदिष्टां = उपदेशअनुसार
हरेः = हरि भगवान्को
गतिं = ब्रह्मतत्त्वसँग अभेद्य गतिलाई (भगवान्सँग हुने एकीभावरूप मोक्ष)
अगात् = प्राप्त गरे

वाक्यार्थ— त्यसपछि आफ्नो हृदयभित्र भगवान् श्रीकृष्णको ध्यान गर्दै भक्तप्रवर उद्धव बदरिकाश्रम पुगे। त्यहाँ उनले तपस्या गरेर जगत्का एक मात्र बन्धु भगवान् श्रीकृष्णले उपदेश गरेअनुसार भगवान्सँग हुने एकीभावरूप परमगति (मोक्ष) प्राप्त गरे।

य एतदानन्दसमुद्रसम्भृतं ज्ञानामृतं भागवताय भाषितम्।
कृष्णेन योगेश्वरसेविताङ्घ्रिणा सच्छ्रद्धयासेव्य जगद्विमुच्यते॥ ४८॥

पदार्थ—
यः = जसले
योगेश्वरसेविताङ्घ्रिणा = योगेश्वरहरूद्वारा पूजित चरणकमल भएका
कृष्णेन = भगवान् श्रीकृष्णद्वारा
भागवताय = भक्त उद्धवलाई
भाषितं = बताइएको
आनन्दसमुद्रसम्भृतं = भगवद्भक्तिमार्गरूप आनन्दको समुद्रबाट लिइएको
एतत् = यो
ज्ञानामृतं = ज्ञानरूपी अमृत
सच्छ्रद्धया = राम्रो श्रद्धाद्वारा
आसेव्य = थोरै सेवन गरे पनि (त्यो मुक्त हुन्छ, उसको सङ्गतले)
जगत् = सम्पूर्ण संसार नै
विमुच्यते = मुक्त हुन्छ

वाक्यार्थ— ठुला-ठुला योगेश्वरहरूले भगवान् श्रीकृष्णको चरणकमलको पूजा गर्दछन्। त्यस्ता भगवान् श्रीकृष्णले आफ्ना अनन्यप्रेमी भक्त उद्धवलाई भगवद्भक्तिरूप आनन्दमय समुद्रको सार भएको यो ज्ञानामृत प्रदान गर्नुभएको हो। जसले श्रद्धापूर्वक यो ज्ञानामृत अलिकति मात्रै पनि सेवन गर्दछ ऊ त मुक्त हुन्छ नै, उसको सङ्गतद्वारा सम्पूर्ण जगत् पनि मुक्त हुन्छ।

भवभयमपहन्तुं ज्ञानविज्ञानसारं
निगमकृदुपजह्रे भृङ्गवद् वेदसारम्।
अमृतमुदधितश्चापाययद् भृत्यवर्गान्
पुरुषमृषभमाद्यं कृष्णसंज्ञं नतोऽस्मि ॥ ४९ ॥

पदार्थ—
भवभयं = संसारको भयलाई
अपहन्तुं = नष्ट गर्न
निगमकृत् = वेदका स्रष्टा भगवान्ले
ज्ञानविज्ञानसारं = ज्ञान र विज्ञानको सारले भरिएको
वेदसारं = वेदको सारभूत
अमृतं = अमृत र
उदधितः च = समुद्रबाट उत्पन्न अर्को अमृत
भृङ्गवत् = भँवराले झैँ
उपजह्रे = निकाल्नुभयो
भृत्यवर्गान् = आफ्ना सेवकवर्गहरूलाई यथायोग्य
अपाययत् = पियाउनुभयो, त्यस्ता
कृष्णसंज्ञं = श्रीकृष्णनामक
ऋषभं = सर्वश्रेष्ठ
आद्यं पुरुषं = आद्य पुरुष पुरुषोत्तमका प्रति
नतः = प्रणत
अस्मि = हुन्छु

वाक्यार्थ— आफ्ना भक्तहरूको संसार र संसारमा हुने जरा, रोग आदि भयहरूको विनाश गर्न वेदस्रष्टा भगवान्ले साररूपमा भँवराले बगैँचाका फूलहरूबाट सार निकाले झैँ दुई प्रकारका अमृतहरू निकाल्नुभयो, एउटा ज्ञान र विज्ञानले भरिएको वेदको साररूप अमृत अनि अर्को समुद्रबाट मन्थन गरेर निकालिएको अमृत। यी दुबै अमृतहरू यथायोग्य निवृत्तिमार्गी र प्रवृत्तिमार्गी भृत्यहरूलाई पान गराएर भगवान्ले तिनीहरूलाई अमर बनाउनुभयो। उनै श्रीकृष्णसंज्ञक पुरुषोत्तम भगवान्लाई म नमस्कार गर्दछु।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे एकोनत्रिंशोऽध्यायः ॥ २९ ॥

अथ त्रिंशोऽध्यायः

यदुकुलको संहार

राजोवाच (महाराज परीक्षित्ले भन्नुभयो)

ततो महाभागवत उद्धवे निर्गते वनम्।

द्वारवत्यां किमकरोद् भगवान् भूतभावनः॥ १॥

पदार्थ–	**वनं** = वन (बदरिकाश्रम)	कल्याण गर्नुहुने
ततः = त्यसपछि	**निर्गते** = गएपछि	**भगवान्** = भगवान् श्रीकृष्णले
महाभागवते = भक्तप्रवर	**द्वारवत्यां** = द्वारकामा	**किं** = के
उद्धवे = उद्धव	**भूतभावनः** = प्राणीहरूको	**अकरोत्** = गर्नुभयो

वाक्यार्थ– हे गुरुदेव ! यसप्रकार उद्धव बदरिकाश्रम गएपछि प्राणीहरूको कल्याण गर्नुहुने भगवान् श्रीकृष्णले द्वारिकामा के गर्नुभयो ?

ब्रह्मशापोपसंसृष्टे स्वकुले यादवर्षभः।

प्रेयसीं सर्वनेत्राणां तनुं स कथमत्यजत्॥ २॥

पदार्थ–	**सः** = उहाँ	**तनुं** = आफ्नो शरीर
स्वकुले = आफ्नो कुल	**यादवर्षभः** = यदुश्रेष्ठ श्रीकृष्णले	**कथं** = कसरी
ब्रह्मशापोपसंसृष्टे = ब्राह्मणहरूको श्रापले ग्रस्त भएपछि	**सर्वनेत्राणां** = सबैको नेत्र आदि इन्द्रियहरूलाई	**अत्यजत्** = त्याग्नुभयो
	प्रेयसीं = अति प्रिय लाग्ने	

वाक्यार्थ– ब्राह्मणहरूले दिएको श्रापका कारण आफ्नो कुल आपद्ग्रस्त भएपछि यदुश्रेष्ठ भगवान् श्रीकृष्णले सम्पूर्ण प्राणीहरूलाई ज्यादै मन पर्ने आफ्नो शरीरलाई कसरी त्याग्नुभयो ?

प्रत्याक्रष्टुं नयनमबला यत्र लग्नं न शेकुः

कर्णाविष्टं न सरति ततो यत्सतामात्मलग्नम्।

यच्छ्रीर्वाचां जनयति रतिं किं नु मानं कवीनां

दृष्ट्वा जिष्णोर्युधि रथगतं यच्च तत्साम्यमीयुः॥ ३॥

पदार्थ–	**अबलाः** = स्त्रीहरूले	**यत्र** = जुन शरीरमा

लग्नं = पर्न गएको
नयनं = आँखालाई
प्रत्याक्रष्टुं = फर्काउन
न शेकुः = सकेनन्
यत् = जो भगवान्को रूप
कर्णाविष्टं = कानका प्वालबाट भित्र पसेर
सतां = साधु सज्जनहरूको
आत्मलग्नं = हृदयमा अङ्कित भएपछि
ततः = त्यहाँबाट बाहिर
न सरति = निक्लँदैन
यत् श्रीः = जसको शोभाले
कवीनां = कविहरूको
वाचां = वाणी (काव्य)हरूमा
रतिं = उल्लास (अनुराग)
जनयति = उत्पन्न गर्दछ, त्यस्ता कविहरूको
मानं = जगत्पूज्यता पनि पैदा गर्दछ भन्ने विषयमा
किं नु = के बताउनुपर्दछ
यत् च = जसलाई
जिष्णोः = अर्जुनको
रथगतं = रथमा विराजमान
दृष्ट्वा = देखेर
युधि = महाभारतको युद्धमा मरेका योद्धाहरू
तत्साम्यं = भगवान्को समानता (सारूप्य मुक्ति)मा
ईयुः = प्राप्त भए

वाक्यार्थ– जब स्त्रीहरूको आँखा भगवान्को शरीरमा संलग्न हुन्थ्यो तब उनीहरू आफ्ना आँखालाई भगवान्को शरीरबाट फर्काउन नसकेर हेरेको हेर्‍यै हुन्थे। जब सज्जनहरू आफ्ना कानले भगवान्को शारीरिक रूपमाधुर्यको वर्णन सुन्दथे, तब उनीहरूको कानको प्वालबाट प्रविष्ट भएको भगवान्को सुन्दर स्वरूप उनीहरूको हृदयमा अङ्कित हुन्थ्यो र त्यहाँबाट बाहिर निस्किँदैनथ्यो। भगवान्को अनुपम शोभाको वर्णन गर्ने कविहरूको काव्यमा विशेष उल्लास (अनुराग) पैदा हुन्छ र त्यस काव्यमा वर्णित शोभाले कविहरूलाई जगत्मै पूज्य बनाइदिन्छ भन्ने विषयमा के बताउनुपर्ला र ? महाभारतको युद्धमा अर्जुनको रथमा विराजमान हुनुभएका भगवान् श्रीकृष्णलाई हेर्दाहेर्दै मरेका योद्धाहरूले सारूप्यमुक्ति नै प्राप्त गरे। त्यस्ता भगवान्ले आफ्नो शरीर कसरी त्याग्नुभयो ?

ऋषिरुवाच (श्रीशुकदेवजीले भन्नुभयो)

दिवि भुव्यन्तरिक्षे च महोत्पातान् समुत्थितान्।
दृष्ट्वासीनान् सुधर्मायां कृष्णः प्राह यदूनिदम्॥ ४॥

पदार्थ–
दिवि = आकाशमा
भुवि = पृथिवीमा
अन्तरिक्षे च = अन्तरिक्षमा पनि
महोत्पातान् = ठुलाठुला उत्पातहरू
समुत्थितान् = उत्पन्न भएको
दृष्ट्वा = देखेर
कृष्णः = भगवान् श्रीकृष्णले
सुधर्मायां = सुधर्मा सभामा
आसीनान् = उपस्थित
यदून् = यादवहरूलाई
इदं = यस्तो
प्राह = भन्नुभयो

वाक्यार्थ– आकाश, पृथिवी र अन्तरिक्षमा डरलाग्दा ठुला-ठुला उत्पात (अपशकुन)हरू मच्चिन थाले। त्यो देखेर भगवान् श्रीकृष्णले सुधर्मा सभामा उपस्थित यादवहरूलाई भन्नुभयो।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

एते घोरा महोत्पाता द्वार्वत्यां यमकेतवः।

मुहूर्तमपि न स्थेयमत्र नो यदुपुङ्गवाः॥ ५॥

पदार्थ—	**घोराः** = भयङ्कर	**अत्र** = यहाँ
यदुपुङ्गवाः = हे यदुश्रेष्ठहरू	**महोत्पाताः** = ठुला उत्पातहरू	**मुहूर्तम् अपि** = एक मुहूर्त पनि
एते = यी	**द्वार्वत्यां** = द्वारकामा (देखिएका	**न स्थेयम्** = बस्नु हुँदैन
यमकेतवः = यमराजका ध्वजा	छन्, त्यसैले)	
जस्ता मृत्युसूचक	**नः** = हामीहरू	

वाक्यार्थ— हे श्रेष्ठ यादवहरू ! द्वारकामा यी जो यमराजका ध्वजा जस्ता डरलाग्दा महान् उत्पातहरू देखिएका छन्, यिनीहरूले मृत्युको सूचना दिइरहेका छन्। त्यसैले अब हामीहरू यहाँ एक मुहूर्त पनि बस्नु हुँदैन।

स्त्रियो बालाश्च वृद्धाश्च शङ्खोद्धारं व्रजन्त्वितः।

वयं प्रभासं यास्यामो यत्र प्रत्यक् सरस्वती॥ ६॥

पदार्थ—	**शङ्खोद्धारं** = शङ्खोद्धार नामक	**प्रत्यक्सरस्वती** = पश्चिमतर्फ
इतः = यहाँ (द्वाराका)बाट	तीर्थमा	बगेकी सरस्वती नदी छिन् त्यस
स्त्रियः = स्त्रीहरू	**व्रजन्तु** = जाऊन्	**प्रभासं** = प्रभासनामक
बालाः च = बालकहरू	**वयं** = हामीहरू	तीर्थक्षेत्रमा
वृद्धाः च = वृद्धहरू पनि	**यत्र** = जहाँ	**यास्यामः** = जानेछौँ

वाक्यार्थ— द्वारकानिवासी सम्पूर्ण स्त्रीहरू, बालबालिका र बुढापाकाहरू यहाँबाट शङ्खोद्धार नाम गरेको तीर्थक्षेत्रमा जाऊन्, हामीहरू चाहिँ प्रभासक्षेत्रमा जानेछौँ। त्यहाँ सरस्वती नदी पश्चिमवाहिनी भएर बगेकी छिन्।

तत्राभिषिच्य शुचय उपोष्य सुसमाहिताः।

देवताः पूजयिष्यामः स्नपनालेपनार्हणैः॥ ७॥

पदार्थ—	हामीहरू	चन्दन आदि पूजासामग्रीद्वारा
तत्र = त्यहाँ (प्रभास क्षेत्रमा)	**उपोष्य** = उपवास गरेर	**देवताः** = देवताहरूलाई
अभिषिच्य = स्नान गरेर	**सुसमाहिताः** = एकाग्र चित्त गरेर	**पूजयिष्यामः** = पूजा गर्नेछौँ
शुचयः = पवित्र भएका	**स्नपनालेपनार्हणैः** = स्नान,	

वाक्यार्थ— हामी प्रभास क्षेत्रमा गएर सरस्वतीनदीमा स्नान गरी पवित्र हुनेछौँ अनि उपवासपूर्वक

एकाग्रचित्तले स्नान, चन्दन आदि पूजासामग्रीहरू चढाएर देवताहरूको पूजा गर्नेछौँ।

ब्राह्मणांस्तु महाभागान् कृतस्वस्त्ययना वयम्।
गोभूहिरण्यवासोभिर्गजाश्वरथवेश्मभिः॥ ८॥

पदार्थ– **कृतस्वस्त्ययनाः** = स्वस्तिवाचन गरेर **वयं** = हामीहरूले	**महाभागान्** = महान् हृदयी **ब्राह्मणान् तु** = ब्राह्मणहरूलाई **गोभूहिरण्यवासोभिः** = गाई, भूमि, सुन, वस्त्रहरू	**गजाश्वरथवेश्मभिः** = हात्ती, घोडा, रथ र घर आदिद्वारा पूजा गर्नेछौँ

वाक्यार्थ– त्यहाँ स्वस्तिवाचन गरेर हामीहरूले गाई, भूमि, सुन, वस्त्र, हात्ती, घोडा, रथ र घर आदि दान दिएर महाहृदयी ब्राह्मणहरूको पूजा गर्नेछौँ।

विधिरेष ह्यरिष्टघ्नो मङ्गलायनमुत्तमम्।
देवद्विजगवां पूजा भूतेषु परमो भवः॥ ९॥

पदार्थ– **एषः** = यो **विधिः** = विधि नै **अरिष्टघ्नः** = अरिष्टनिवारक **उत्तमं** = उत्तम र	**मङ्गलायनं** = मङ्गलदायक छ **हि** = किनभने **देवद्विजगवां** = देवता, ब्राह्मण र गाईको **पूजा** = पूजा नै	**भूतेषु** = प्राणीहरूमा **परमः** = परम **भवः** = कल्याणहेतु हो

वाक्यार्थ– स्नान, दान आदि सहितको यो विधि नै सम्पूर्ण उपद्रवको निवारण गर्ने र सर्वोत्तम मङ्गल दिने उपाय मानिन्छ किनभने देवता, ब्राह्मण र गाईको पूजा नै प्राणीहरूका लागि परमकल्याणको हेतु हो।

इति सर्वे समाकर्ण्य यदुवृद्धा मधुद्विषः।
तथेति नौभिरुत्तीर्य प्रभासं प्रययू रथैः॥ १०॥

पदार्थ– **इति** = यसप्रकार **सर्वे** = सबै **यदुवृद्धाः** = वृद्ध यादवहरूले **मधुद्विषः** = मधुसूदन श्रीकृष्णको वचन	**समाकर्ण्य** = सुनेर **तथा इति** = त्यसै गरौँ भनेर **नौभिः** = डुङ्गाहरूद्वारा (समुद्र) **उत्तीर्य** = तरेर	**रथैः** = रथद्वारा **प्रभासं** = प्रभास क्षेत्र **प्रययुः** = गए

वाक्यार्थ– मधुसूदन भगवान् श्रीकृष्णको वचन सुनेर सम्पूर्ण वृद्ध यादवहरूले उहाँको वचनलाई स्वीकार गरे। त्यसपछि डुङ्गामा चढेर समुद्र पार गरी रथमा चढेर प्रभास क्षेत्रतिर गए।

तस्मिन् भगवतादिष्टं यदुदेवेन यादवाः ।
चक्रुः परमया भक्त्या सर्वश्रेयोपबृंहितम् ॥ ११ ॥

पदार्थ—
तस्मिन् = त्यो प्रभास क्षेत्रमा
यादवाः = यादवहरूले
यदुदेवेन = यदुदेव
भगवता = भगवान् श्रीकृष्णद्वारा
आदिष्टं = आदेश भएको
सर्वश्रेयोपबृंहितं = सम्पूर्ण श्रेयको साधन भएको अनुष्ठान
परमया = परम
भक्त्या = भक्तिपूर्वक
चक्रुः = सम्पन्न गरे

वाक्यार्थ— त्यस प्रभास क्षेत्रमा पुगेर यादवहरूले आफ्ना इष्टदेव यदुवंशशिरोमणि भगवान् श्रीकृष्णले उपदेश गरेअनुसार सम्पूर्ण श्रेयको साधनभूत पूजा आदि अनुष्ठान परमभक्तिपूर्वक गरे।

ततस्तस्मिन्महापानं पपुर्मैरेयकं मधु ।
दिष्टविभ्रंशितधियो यद्द्रवैर्भ्रश्यते मतिः ॥ १२ ॥

पदार्थ—
ततः = पूजा समाप्त भएपछि
तस्मिन् = त्यो प्रभास क्षेत्रमा
दिष्टविभ्रंशितधियः = दैवद्वारा बुद्धि नष्ट भएका यादवहरूले
यद्द्रवैः = जसको रसद्वारा
मतिः = बुद्धि
भ्रश्यते = भ्रष्ट हुन्छ, त्यस्तो
महापानं = महान् मद उत्पन्न गर्ने
मैरेयकं = मैरेय नामक
मधु = मदिरा
पपुः = पिए

वाक्यार्थ— पूजा सकिएपछि दैववश यादवहरूको बुद्धि नष्ट भयो र उनीहरूले मैरेय नामक अत्यन्त मिठो र मदोन्मत्त बनाएर बुद्धिभ्रष्ट गरिदिने मदिरा पान गरे।

महापानाभिमत्तानां वीराणां दृप्तचेतसाम् ।
कृष्णमायाविमूढानां सङ्घर्षः सुमहानभूत् ॥ १३ ॥

पदार्थ—
कृष्णमायाविमूढानां = भगवान् श्रीकृष्णको मायाले विमोहित भएका
महापानाभिमत्तानां = मदिरापानका कारण मत्त भएका
दृप्तचेतसां = अहङ्कारले चित्त भरिएका
वीराणां = वीर यादवहरूको परस्पर
सुमहान् = अत्यन्त ठुलो
सङ्घर्षः = युद्ध
अभूत् = भयो

वाक्यार्थ— भगवान् श्रीकृष्णको मायाले विमोहित भएका ती यादवहरूले महामद उत्पन्न गर्ने मैरेय मदिरा पिएका हुनाले उनीहरूको चित्त अहङ्कारले पूर्ण भयो। त्यसपछि उनीहरूका बिच परस्पर ठुलो युद्ध हुन थाल्यो।

युयुधुः क्रोधसंरब्धा वेलायामाततायिनः ।
धनुर्भिरसिभिर्भल्लैर्गदाभिस्तोमरर्ष्टिभिः ॥ १४ ॥

पदार्थ–
क्रोधसंरब्धाः = क्रोधले क्षुब्ध भएका
आततायिनः = हातमा शस्त्रास्त्र बोकेका यादवहरूले
वेलायां = समुद्रको किनारमा
धनुर्भिः = धनुहरूद्वारा
असिभिः = तरबारहरूद्वारा
भल्लैः = भालाहरूद्वारा
गदाभिः = गदाहरूद्वारा
तोमरर्ष्टिभिः = तोमरहरूद्वारा र ऋष्टिहरूद्वारा
युयुधुः = युद्ध गरे

वाक्यार्थ– त्यस वेला रिसाएका सबै यादवहरूले आ-आफ्नो हातमा शस्त्रास्त्रहरू लिएका थिए। त्यसैले उनीहरू धनु, तरबार, भाला, गदा, तोमर र ऋष्टिहरू प्रहार गरेर समुद्रको किनारमा आपसमा युद्ध गर्न थाले।

पतत्पताकै रथकुञ्जरादिभिः खरोष्ट्रगोभिर्महिषैर्नरैरपि ।
मिथः समेत्याश्वतरैः सुदुर्मदा न्यहञ्छरैर्दद्भिरिव द्विपा वने ॥ १५ ॥

पदार्थ–
पतत्पताकैः = फर्फराइरहेको ध्वजा भएका
रथकुञ्जरादिभिः = रथ, हात्ती आदिद्वारा
खरोष्ट्रगोभिः = गधा, ऊँट र साँढेहरूद्वारा
महिषैः = राँगाहरूद्वारा
नरैः = मनुष्यहरूद्वारा
अश्वतरैः अपि = खच्चडहरूद्वारा पनि
मिथः = आपसमा
समेत्य = भिडन्त गरेर
सुदुर्मदाः = अत्यन्त मदोन्मत्त भएका यादवहरूले
वने = जङ्गलमा
दद्भिः = दाराहरूद्वारा
द्विपाः इव = हात्तीहरूले झैँ
शरैः = बाणहरूद्वारा
न्यहन् = एकले अर्कालाई मारे

वाक्यार्थ– मदोन्मत्त भएका यादवहरू ध्वजा फर्फराइरहेको रथ, हात्ती, गधा, ऊँट, साँढे, राँगा, मान्छे र खच्चडमा समेत चढेर एक-आपसमा भिड्न थाले। जसरी जङ्गलमा मदोन्मत्त हात्तीहरू आ-आफ्नो दाराद्वारा परस्पर युद्ध गर्दछन्, त्यसै गरी यादवहरू पनि परस्पर बाण प्रहार गर्दै एकले अर्कालाई मार्न थाले।

प्रद्युम्नसाम्बौ युधि रूढमत्सरावक्रूरभोजावनिरुद्धसात्यकी ।
सुभद्रसङ्ग्रामजितौ सुदारुणौ गदौ सुमित्रासुरथौ समीयतुः ॥ १६ ॥

पदार्थ–
युधि = युद्धमा
रूढमत्सरौ = अत्यन्त क्रुद्ध भएका
सुदारुणौ = भयङ्कर भएका
प्रद्युम्नसाम्बौ = प्रद्युम्न र साम्ब
अक्रूरभोजौ = अक्रूर र भोज
अनिरुद्धसात्यकी = अनिरुद्ध र सात्यकि
सुभद्रसङ्ग्रामजितौ = सुभद्र र सङ्ग्रामजित्
गदौ = दुबै गद

(एउटा श्रीकृष्णका भाइ र अर्का छोरा)
सुमित्रासुरथौ = सुमित्र र सुरथ
समीयतुः = आपसमा लडे

वाक्यार्थ– सबै योद्धाहरू अत्यन्त क्रुद्ध थिए। तिनीहरूमध्ये प्रद्युम्न र साम्ब, अक्रूर र भोज, अनिरुद्ध र सात्यकि, सुभद्र र सङ्ग्रामजित्, गद नामका दुबै जना (एउटा श्रीकृष्णको भाइ र अर्का छोरा) तथा सुमित्र र सुरथ एक-आपसमा लड्न लागे।

अन्ये च ये वै निशठोल्मुकादयः सहस्रजिच्छतजिद्भानुमुख्याः।
अन्योन्यमासाद्य मदान्धकारिता जघ्नुर्मुकुन्देन विमोहिता भृशम्॥ १७॥

पदार्थ–
अन्ये च = अरू पनि
ये वै = जो प्रसिद्ध
निशठोल्मुकादयः = निशठ, उल्मुक आदि
सहस्रजिच्छतजिद्भानुमुख्याः = सहस्रजित्, शतजित् र भानु आदि थिए, उनीहरू पनि
मुकुन्देन = भगवान् श्रीकृष्णद्वारा
भृशं = अन्यन्त
विमोहिताः = मोहित गराइएका
मदान्धकारिताः = मदद्वारा अन्धा बनाइएका
अन्योन्यं = एउटाले अर्कालाई
आसाद्य = नजिकमा पाएर
जघ्नुः = मारे

वाक्यार्थ– निशठ, उल्मुक, सहस्रजित्, शतजित्, भानु आदि थुप्रै अरू पनि त्यहाँ प्रसिद्ध योद्धाहरू थिए। तिनीहरू पनि भगवान् श्रीकृष्णको मायाले विमोहित भएर मदिराजन्य मदले अन्धा भएर एकले अर्कालाई नजिकमा पाउनासाथ मारामार गर्न थाले।

दाशार्हवृष्ण्यन्धकभोजसात्वता मध्वर्बुदा माथुरशूरसेनाः।
विसर्जनाः कुकुराः कुन्तयश्च मिथस्ततस्तेऽथ विसृज्य सौहृदम्॥ १८॥

पदार्थ–
अथ = यसरी
दाशार्हवृष्ण्यन्धकभोजसात्वताः = दाशार्ह, वृष्णि, अन्धक, भोज र सात्वत वंशका
मध्वर्बुदाः = मधु र अर्बुद वंशका
माथुरशूरसेनाः = माथुर र शूरसेन वंशका
विसर्जनाः = विसर्जन वंशका
कुकुराः = कुकुर वंशका
कुन्तयः च = कुन्ति वंशका
ते = ती सबै यादवहरू
ततः = उनीहरूबाट
सौहृदं = प्रेमभावना
विसृज्य = त्यागेर
मिथः = परस्पर मारामार गर्न थाले

वाक्यार्थ– त्यसरी त्यहाँ दाशार्ह, वृष्णि, अन्धक, भोज, सात्वत, मधु, अर्बुद, माथुर, शूरसेन, विसर्जन, कुकुर र कुन्ति वंशका यादवहरूले एक-आपसमा रहेको प्रेमभावनालाई त्यागेर एक-आपसमा मारामार गर्न थाले।

पुत्रा अयुध्यन् पितृभिर्भ्रातृभिश्च स्वस्रीयदौहित्रपितृव्यमातुलैः।
मित्राणि मित्रैः सुहृदः सुहृद्भिर्ज्ञातींस्त्वहन् ज्ञातय एव मूढाः॥ १९॥

पदार्थ—

मूढाः = मूर्ख भएर
पुत्राः = छोराहरू
पितृभिः = बुबाहरूसँग
भ्रातृभिः च = भाइहरूसँग
स्वस्रीयदौहित्रपितृव्यमातुलैः = (मामा, हजुरबा, भतिज र भाञ्जाहरू) भाञ्जा, नाति, काका र मामासँग
मित्राणि = साथीहरू
मित्रैः = साथीहरूसँग
सुहृदः = सुहृद्‌हरू
सुहृद्भिः = सुहृद्‌हरूसँग
अयुध्यन् = युद्ध गरे
ज्ञातयः तु = बान्धवहरूले
ज्ञातीन् एव = बान्धवहरूलाई नै
अहन् = मारे

वाक्यार्थ— यसरी मूर्ख भएर छोराहरू बुबाहरूसँग, दाजुभाइहरू दाजुभाइसँग, मामा भाञ्जासँग, हजुरबा नातिसँग, भतिज काकासँग, भाञ्जा मामासँग, साथीहरू साथीहरूसँग र सुहृद्‌हरू सुहृद्‌हरूसँग नै परस्पर युद्ध गर्न थाले र बान्धवहरूले बान्धवहरूलाई नै मारे।

शरेषु क्षीयमाणेषु भज्यमानेषु धन्वसु।
शस्त्रेषु क्षीयमाणेषु मुष्टिभिर्जह्रुरेरकाः॥ २०॥

पदार्थ—

शरेषु = बाणहरू
क्षीयमाणेषु = समाप्त भएपछि
धन्वसु = धनुहरू
भज्यमानेषु = भाँचिएपछि
शस्त्रेषु = शस्त्रहरू
क्षीयमाणेषु = क्षीण भएपछि (उनीहरूले)
मुष्टिभिः = मुट्ठीले
एरकाः = एरका नामक बुटा (बिरुवा) हरू
जह्रुः = लिए

वाक्यार्थ— लड्‌दा-लड्‌दै जब बाणहरू समाप्त भए, धनुहरू भाँचिए अनि अन्य शस्त्रास्त्रहरू पनि क्षीण भए, तब उनीहरूले समुद्रको किनारमा उत्पन्न एरका नामक बुटा (ऋषिहरूको श्रापबाट उत्पन्न भएको मुसललाई घोटेर निस्किएको चूर्णबाट पलाएका बिरुवा) मुट्ठीले उठाएर लिए।

ता वज्रकल्पा ह्यभवन् परिघा मुष्टिना भृताः।
जघ्नुर्द्विषस्तैः कृष्णेन वार्यमाणास्तु तं च ते॥ २१॥
प्रत्यनीकं मन्यमाना बलभद्रं च मोहिताः।
हन्तुं कृतधियो राजन्नापन्ना आततायिनः॥ २२॥

पदार्थ—

मुष्टिना = मुट्ठीले
भृताः = धारण गरिएका
ताः = ती एरका
वज्रकल्पाः = वज्रसमान
परिघाः हि = मुसल नै
अभवन् = भए
राजन् = हे राजा परीक्षित्
ते च = ती यादवहरूले
तैः = त्यो एरकाहरूद्वारा
द्विषः = शत्रुहरूलाई
जघ्नुः = मारे
कृष्णेन = भगवान् श्रीकृष्णद्वारा
वार्यमाणाः तु = रोक्दा पनि
मोहिताः = मदिराले लठ्ठ भई
तं = उहाँलाई र
बलभद्रं च = बलरामलाई पनि
प्रत्यनीकं = प्रतिपक्षी (शत्रु)

मन्यमानाः = ठानेका	यादवहरूले	**कृतधियः** = निश्चय गरेर
आततायिनः = हिंसापरायण	**हन्तुं** = उहाँहरूलाई नै मार्न	**आपन्नाः** = युद्ध गर्न आइलागे

वाक्यार्थ– मुट्ठीले समात्नासाथ ती एरका वज्रसमान मुसल नै भए। हे महाराज परीक्षित् ! त्यसपछि ती यादवहरूले त्यही एरकारूप मुसलप्रहार गरेर एकले अर्कालाई मार्न थाले। भगवान् श्रीकृष्णले उनीहरूलाई रोक्न खोज्नुभयो, तर मदिराले लठ्ठ भएका यादवहरूले श्रीकृष्ण र बलरामलाई नै आफ्नो प्रतिपक्षी ठाने अनि झन् बढी हिंस्रक भएर उहाँहरू दुबै जनालाई मार्ने निश्चय गरी युद्ध गर्न आइलागे।

अथ तावपि सङ्क्रुद्धावुद्यम्य कुरुनन्दन।
एरकामुष्टिपरिघौ चरन्तौ जघ्नतुर्युधि ॥ २३ ॥

पदार्थ–	बलराम पनि	**युधि** = रणभूमिमा
कुरुनन्दन = हे कुरुवंशी	**सङ्क्रुद्धौ** = अत्यन्त क्रुद्ध भएर	**चरन्तौ** = घुम्दै
परीक्षित्	**एरकामुष्टिपरिघौ** = मुट्ठीमा	**जघ्नतुः** = उनीहरूलाई मार्नुभयो
अथ = त्यसपछि	एरकारूप मुसल लिएर	
तौ अपि = ती श्रीकृष्ण र	**उद्यम्य** = त्यही उठाएर	

वाक्यार्थ– हे परीक्षित् ! आफैँसँग युद्ध गर्न आइलागेपछि भगवान् श्रीकृष्ण र बलराम अत्यन्त क्रुद्ध हुनुभयो। उहाँहरूले पनि हातमा एरकारूप मुसल उठाएर रणभूमिमा यता र उता घुम्दै यादवहरूलाई मार्नुभयो।

ब्रह्मशापोपसृष्टानां कृष्णमायावृतात्मनाम्।
स्पर्धाक्रोधः क्षयं निन्ये वैणवोऽग्निर्यथा वनम्॥ २४ ॥

पदार्थ–	ढाकिएका यादवहरूको	**वनं यथा** = जङ्गललाई झैँ
ब्रह्मशापोपसृष्टानां = ब्राह्मणको	**स्पर्धाक्रोधः** = स्पर्धामूलक	**क्षयं** = नाशमा
श्रापले प्रेरित भएका	क्रोधले	**निन्ये** = प्राप्त गरायो
कृष्णमायावृतात्मनां =	**वैणवः** = बाँसको घर्षणजन्य	
श्रीकृष्णको मायाले चित्त	**अग्निः** = आगोले	

वाक्यार्थ– जसरी बाँसको परस्परको घर्षणबाट निस्किएको आगोले बाँस र जङ्गललाई नै डढाएर नष्ट गर्दछ, त्यसरी नै ब्राह्मणहरूको श्रापले ग्रस्त भएका तथा भगवान् श्रीकृष्णको मायाले मोहित भएका यादवहरूको स्पर्धात्मक युद्धले सम्पूर्ण यदुकुललाई नै नष्ट गरिदियो।

एवं नष्टेषु सर्वेषु कुलेषु स्वेषु केशवः।
अवतारितो भुवो भार इति मेनेऽवशेषितः॥ २५ ॥

पदार्थ–

एवं = यसप्रकार	**नष्टेषु** = नष्ट भएपछि	**अवतारितः इति** = उतारियो (हरण भयो) भन्ने
सर्वेषु = सबै	**केशवः** = भगवान् श्रीकृष्णले	**मेने** = ठान्नुभयो
स्वेषु = आफ्नो	**अवशेषितः** = बाँकी रहेको	
कुलेषु = कुल	**भुवः** = पृथिवीको	
	भारः = भार	

वाक्यार्थ– यसरी जब आफ्नो सम्पूर्ण कुल नष्ट भयो, तब भगवान्‌ले अब पृथिवीको बाँकी रहेको भार पनि हरण भयो भन्ने ठान्नुभयो।

रामः समुद्रवेलायां योगमास्थाय पौरुषम्।

तत्याज लोकं मानुष्यं संयोज्यात्मानमात्मनि ॥ २६ ॥

पदार्थ–

रामः = बलरामले	**योगं** = योगमा	**मानुष्यं** = मनुष्यसम्बन्धी
समुद्रवेलायां = समुद्रको किनारमा	**आस्थाय** = स्थिर भएर	**लोकं** = लोक (रूप)लाई
पौरुषं = परमपुरुषको ध्यानरूप	**आत्मानं** = आफूलाई	**तत्याज** = त्याग्नुभयो
	आत्मनि = परमात्मामा	
	संयोज्य = मिलाएर	

वाक्यार्थ– बलरामले समुद्रको किनारमा परमपुरुष परमात्माको ध्यानरूप योगमा स्थिर भई आफूलाई परमात्मामा मिलाएर यो मनुष्यलोक वा मनुष्यरूपलाई त्याग्नुभयो।

रामनिर्याणमालोक्य भगवान् देवकीसुतः।

निषसाद धरोपस्थे तूष्णीमासाद्य पिप्पलम्॥ २७ ॥

पदार्थ–

रामनिर्याणं = बलरामको प्रयाण	**देवकीसुतः** = देवकीनन्दन श्रीकृष्णले	**आसाद्य** = पुगेर
आलोक्य = देखेर	**तूष्णीम्** = चुपचाप	**धरोपस्थे** = पृथिवीतलमैं
भगवान् = भगवान्	**पिप्पलं** = पिपलको रुखमा	**निषसाद** = बस्नुभयो

वाक्यार्थ– बलरामको प्रयाण (आफ्नो धामगमन तथा अंशरूपले पातालगमन) देखेर देवकीनन्दन भगवान् श्रीकृष्ण मौन भई पिपलको रूखको फेदमा गएर बस्नुभयो।

बिभ्रच्चतुर्भुजं रूपं भ्राजिष्णु प्रभया स्वया।

दिशो वितिमिराः कुर्वन् विधूम इव पावकः॥ २८ ॥

पदार्थ–

स्वया = आफ्नो	**भ्राजिष्णु** = देदीप्यमान	**बिभ्रत्** = धारण गरेर
प्रभया = शरीरको तेजले	**चतुर्भुजं** = चारवटा भुजा भएको	**विधूमः** = धुँवारहित
	रूपं = रूप	**पावकः इव** = अग्नि झैं

दिशः = सम्पूर्ण दिशाहरूलाई **वितिमिराः** = अन्धकाररहित (उज्यालो) **कुर्वन्** = बनाउँदै (पिपलको फेदमा बस्नुभयो)

वाक्यार्थ– त्यस वेला भगवान् श्रीकृष्णले चारवटा भुजा भएको तथा आफ्नै शरीरको तेजले देदीप्यमान दिव्य रूप धारण गर्नुभयो। धुवाँरहित अग्निले झैँ सम्पूर्ण दिशाहरूलाई भगवान्को दैहिक कान्तिले अन्धकाररहित (उज्यालो) बनाइरहेको थियो।

श्रीवत्साङ्कं घनश्यामं तप्तहाटकवर्चसम्।
कौशेयाम्बरयुग्मेन परिवीतं सुमङ्गलम्॥ २९॥
सुन्दरस्मितवक्त्राब्जं नीलकुन्तलमण्डितम्।
पुण्डरीकाभिरामाक्षं स्फुरन्मकरकुण्डलम्॥ ३०॥

पदार्थ–
श्रीवत्साङ्कं = छातीमा श्रीवत्स चिह्न भएका **घनश्यामं** = मेघ झैँ श्याम वर्ण भएका **तप्तहाटकवर्चसं** = तताएको सुनको जस्तो कान्ति भएका **कौशेयाम्बरयुग्मेन** = रेशमी पीताम्बरको जोडी वस्त्रले **परिवीतं** = वेष्टित हुनुभएका **सुमङ्गलं** = अत्यन्त सुन्दर र मङ्गलमय **सुन्दरस्मितवक्त्राब्जं** = सुन्दर मुस्कानले शोभित मुखकमल भएका **नीलकुन्तलमण्डितं** = कालो घुँघरिएको केशले अलङ्कृत भएका भएका **पुण्डरीकाभिरामाक्षं** = रक्त कमल झैँ मनोहर आँखा भएका **स्फुरन्मकरकुण्डलं** = कानमा चम्किरहेका मकराकार कुण्डल भएका (भगवान् हुनुहुन्थ्यो)

वाक्यार्थ– छातीमा श्रीवत्स चिह्न शोभायमान भएका र मेघ झैँ श्यामल वर्ण भएका भगवान्को शरीरबाट तताएको सुनको जस्तो कान्ति फैलिइरहेको थियो भने शरीरमा तल र माथि दुबैतिर रेशमी वस्त्रहरू वेष्टित थिए। उहाँको शरीर ज्यादै मनोहर र मङ्गलमय थियो। मुखकमलमा मनोहर मुस्कान देखिन्थ्यो, केश काला र घुँघरिएका थिए, आँखाहरू रक्तकमल झैँ मनोहर थिए। उहाँले कानमा धारण गर्नुभएका मकरकुण्डल पनि चम्किरहेका थिए।

कटिसूत्रब्रह्मसूत्रकिरीटकटकाङ्गदैः।
हारनूपुरमुद्राभिः कौस्तुभेन विराजितम्॥ ३१॥
वनमालापरीताङ्गं मूर्तिमद्भिर्निजायुधैः।
कृत्वोरौ दक्षिणे पादमासीनं पङ्कजारुणम्॥ ३२॥
मुसलावशेषायःखण्डकृतेषुर्लुब्धको जरा।
मृगास्याकारं तच्चरणं विव्याध मृगशङ्कया॥ ३३॥

पदार्थ—
कटिसूत्रब्रह्मसूत्रकिरीटकटकाङ्गदैः = कन्दनी, जनै, मुकुट, बाला र बाजुद्वारा
हारनूपुरमुद्राभिः = मुक्ताहार, पाउजू, औँठीद्वारा
कौस्तुभेन = कौस्तुभ मणिद्वारा
विराजितं = सुशोभित
वनमालापरीताङ्गं = वनमालाद्वारा व्याप्त अङ्ग भएका
मूर्तिमद्भिः = मूर्तिमान्
निजायुधैः = आफ्ना दिव्य शस्त्रास्त्रहरूद्वारा (विराजित)
पङ्कजारुणं = रक्तकमल झैँ राता
पादं = देब्रे चरणलाई
दक्षिणे = दाहिने
ऊरौ = जाँघमा
कृत्वा = राखेर
आसीनम् = बस्नुभएका भगवान् श्रीकृष्णलाई
मुसलावशेषायःखण्डकृतेषुः = मुसल घोटेर बाँकी रहेको फलामको टुक्रोलाई बाणको टुप्पामा लगाएको
जरा = जरा नामक
लुब्धकः = व्याधाले
मृगास्याकारं = मृगको मुख जस्तै आकार भएको
तच्चरणं = भगवान्को त्यो चरणलाई
मृगशङ्कया = मृगको आशङ्काले
विव्याध = (बाणले) वेधन गऱ्यो

वाक्यार्थ— भगवान् कन्दनी, जनै, मुकुट, बाला, बाजु, मुक्ताहार, पाउजू, औँठी, कौस्तुभ मणि र वनमाला आदिद्वारा सुशोभित हुनुहुन्थ्यो। भगवान्का दिव्य शस्त्रास्त्रहरू मूर्तिमान् भएर तत्तत् स्थानमा थिए। त्यस वेला भगवान् रक्तकमल झैँ लालवर्णको आफ्नो देब्रे चरण दाहिने जाँघमा राखेर पिपलको फेदमा बस्नुभएको थियो। यादवहरूले मुसल घोटेर बाँकी रहेको फलामको टुक्रोलाई आफ्नो बाणको टुप्पोमा लगाएको जरा नाम गरेको व्याधाले टाढाबाट भगवान्को लाल रङ्गको चरणलाई मृगको मुख जस्तो ठान्यो र मृग नै हो भन्ने आशङ्का गरी त्यही बाण प्रहार गरेर भगवान्को चरणमा वेधन गऱ्यो।

चतुर्भुजं तं पुरुषं दृष्ट्वा स कृतकिल्बिषः।
भीतः पपात शिरसा पादयोरसुरद्विषः॥ ३४॥

पदार्थ—
तं = ती (विद्ध व्यक्ति)
चतुर्भुजं = चारवटा भुजा भएका
पुरुषं = पुरुषलाई
दृष्ट्वा = देखेर
कृतकिल्बिषः = अपराध गरेको
सः = त्यो व्याधा
भीतः = डराएर
असुरद्विषः = दैत्यनाशक भगवान्को
पादयोः = चरणकमलमा
शिरसा = टाउको झुकाउँदै
पपात = पऱ्यो

वाक्यार्थ— व्याधाले आफ्नो बाणद्वारा विद्ध भएको व्यक्ति चतुर्भुज पुरुष भएको देख्यो। त्यसपछि आफूबाट अपराध भएको बुझेर ऊ अत्यन्त भयभीत भयो। अनि ऊ टाउको झुकाउँदै दैत्यनाशक भगवान् श्रीकृष्णको चरणकमलमा पऱ्यो।

अजानता कृतमिदं पापेन मधुसूदन।
क्षन्तुमर्हसि पापस्य उत्तमश्लोक मेऽनघ॥ ३५॥

पदार्थ—
मधुसूदन = हे मधुसूदन
उत्तमश्लोक = हे पवित्र कीर्तिमान् श्रीकृष्ण
अनघ = हे निष्पाप प्रभु
अजानता = अनजानमा
पापेन = पापी मद्वारा
इदं = यो अपराध
कृतं = गरियो
पापस्य मे = पापी मलाई
क्षन्तुं = क्षमा गर्न
अर्हसि = योग्य हुनुहुन्छ

वाक्यार्थ— हे मधुसूदन ! हजुर परमपवित्र कीर्तिले सम्पन्न हुनुहुन्छ। हजुरमा पापको स्पर्श छैन। हे श्रीकृष्ण ! म अत्यन्त पापी हुँ। मैले अनजानमा यो अपराध गरेँ। त्यसैले पापी मलाई क्षमा गरिदिनुहोस्।

यस्यानुस्मरणं नृणामज्ञानध्वान्तनाशनम्।
वदन्ति तस्य ते विष्णो मयासाधु कृतं प्रभो॥ ३६॥

पदार्थ—
विष्णो = हे सर्वव्यापक भगवान्
प्रभो = हे प्रभु
यस्य = जसको
अनुस्मरणं = चिन्तन, स्मरण
नृणां = मनुष्यहरूको
अज्ञानध्वान्तनाशनं = अज्ञानरूप अन्धकारको नाशक हो भनी (सबैले)
वदन्ति = बताउँछन्
तस्य = त्यस्ता
ते = हजुरलाई
मया = मद्वारा
असाधु = अनुचित
कृतम् = गरियो

वाक्यार्थ— सर्वव्यापक हे प्रभु ! सबैले हजुरको स्मरण मात्रले पनि मनुष्यहरूको अज्ञानरूप अन्धकार नष्ट हुन्छ भनी भन्दछन्। मैले त्यस्ता हजुरमा अनुचित आचरण गरेँ।

तन्माशु जहि वैकुण्ठ पाप्मानं मृगलुब्धकम्।
यथा पुनरहं त्वेवं न कुर्यां सदतिक्रमम्॥ ३७॥

पदार्थ—
तत् = त्यस कारण
वैकुण्ठ = हे वैकुण्ठ
मृगलुब्धकं = मृगको लोभी
मा = म
पाप्मानं = पापीलाई
आशु = तुरुन्त
जहि = मार्नुहोस्
यथा = जसका कारण
पुनः = फेरि
अहं = मैले
एवं = यसरी
सदतिक्रमं तु = सज्जनको अपराध (कहिल्यै)
न कुर्याम् = नगरूँ

वाक्यार्थ— त्यसैले हे वैकुण्ठ ! मृगको लोभी भएर मैले पाप गरेँ। मलाई तुरुन्त मारिदिनुहोस्, फेरि पनि मैले यसै गरी कहिल्यै पनि सज्जन महापुरुषहरूमाथि अपराध नगरूँ।

यस्यात्मयोगरचितं न विदुर्विरिञ्चो
रुद्रादयोऽस्य तनयाः पतयो गिरां ये।
त्वन्मायया पिहितदृष्टय एतदञ्जः

किं तस्य ते वयमसद्गतयो गृणीमः ॥ ३८ ॥

पदार्थ–	**रुद्रादयः** = रुद्र आदि	**ते** = हजुरको
यस्य = जसको	**तनयाः** = पुत्रहरूले	**एतत्** = ब्राह्मणश्राप आदिको यो रहस्य
आत्मयोगरचितं = आफ्नो योगमायाद्वारा रचित विषयलाई	**ये** = जो अरू पनि	**असद्गतयः** = पापयोनि भएका
त्वन्मायया = हजुरकै मायाद्वारा	**गिरां** = वाणीका	**वयं** = हामीहरूले
पिहितदृष्टयः = दृष्टि ढाकिएका	**पतयः** = स्वामीहरू छन्, तिनीहरूले	**अञ्जः** = सजिलै
विरिञ्चः = ब्रह्माले तथा	**न विदुः** = जान्न सकेनन्	**किं** = कसरी
अस्य = उहाँका	**तस्य** = त्यस्ता	**गृणीमः** = बुझ्न सक्दछौँ

वाक्यार्थ– हजुरको मायाद्वारा मोहित विवेकदृष्टि भएका ब्रह्मा, उनका रुद्र आदि पुत्र एवं वेदरूप वाणीका अधिपति वेदद्रष्टा ज्ञानीहरूले पनि हजुरको योगमायाद्वारा रचित विषयहरूको रहस्यलाई राम्ररी बुझ्न सक्दैनन्। यस्ता हजुरको यो ब्राह्मणश्राप आदिको रहस्यलाई पापयोनि भएका हामीहरूले सजिलै कसरी बुझ्न सक्दछौ ?

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

मा भैर्जरे त्वमुत्तिष्ठ काम एष कृतो हि मे ।
याहि त्वं मदनुज्ञातः स्वर्गं सुकृतिनां पदम् ॥ ३९ ॥

पदार्थ–	**एषः** = यो	**सुकृतिनां** = पुण्यात्माहरूद्वारा (प्राप्त गर्न योग्य)
जरे = हे जरा व्याधा	**मे** = मद्वारा	**पदं** = स्थान
त्वं = तिमी	**कृतः** = गरिएको	**स्वर्गं** = स्वर्गमा
मा भैः = नडराऊ	**कामः** = काम हो	**याहि** = जाऊ
उत्तिष्ठ = उठ	**त्वं** = तिमी	
हि = निश्चय नै	**मदनुज्ञातः** = मेरो आज्ञाले	

वाक्यार्थ– हे जरा व्याधा ! तिमी नडराऊ, उठ। तिमीले जुन काम (मेरो गोडामा बाण हान्ने काम) गर्‍यौ, त्यो मेरो इच्छाले प्रेरित भएर गरेका हौ। तिमीलाई मेरो आज्ञा छ, तिमी पुण्यात्माहरूद्वारा पाइने स्वर्गमा जाऊ।

इत्यादिष्टो भगवता कृष्णेनेच्छाशरीरिणा ।
त्रिः परिक्रम्य तं नत्वा विमानेन दिवं ययौ ॥ ४० ॥

पदार्थ–	**इच्छाशरीरिणा** = इच्छाअनुसार शरीर ग्रहण गर्ने	**भगवता** = भगवान्
इति = यसरी		**कृष्णेन** = श्रीकृष्णद्वारा

आदिष्टः = आज्ञा दिइएको (जरा व्याधाले)
त्रिः = तीन पटक
परिक्रम्य = परिक्रमा गरेर
तं = ती भगवान्लाई
नत्वा = नमस्कार गरेर
विमानेन = विमानद्वारा
दिवं = स्वर्ग
ययौ = गयो

वाक्यार्थ– यसरी स्वेच्छाले शरीर धारण गर्नुहुने भगवान् श्रीकृष्णले आज्ञा दिएपछि जरा व्याधाले भगवान्को तीन पटक परिक्रमा गरी उहाँलाई नमस्कार गऱ्यो र विमानमा चढेर स्वर्गलोकतिर गयो।

दारुकः कृष्णपदवीमन्विच्छन्नधिगम्य ताम्।
वायुं तुलसिकामोदमाघ्रायाभिमुखं ययौ ॥ ४१ ॥

पदार्थ–
दारुकः = भगवान्का सारथि दारुक
कृष्णपदवीम् = भगवान् श्रीकृष्णको पदचिह्न
अन्विच्छन् = पछ्याउँदै
तुलसिकामोदं = (भगवान्ले धारण गर्नुभएको) तुलसीको सुगन्धले युक्त
वायुं = वायुलाई
आघ्राय = सुँघेर
तां = भगवान् बस्नुभएको त्यो ठाउँ
अधिगम्य = पत्ता लगाएर
अभिमुखं = भगवान्को अगाडि
ययौ = आइपुगे

वाक्यार्थ– भगवान् श्रीकृष्णका सारथि दारुक भगवान् श्रीकृष्णको पदचिह्न पछ्याउँदै भगवान्ले धारण गर्नुभएको तुलसीको सुगन्धले युक्त वायुलाई सुँघ्दै उहाँ बस्नुभएको ठाउँ पत्ता लगाई उहाँको अगाडि आइपुगे।

तं तत्र तिग्मद्युभिरायुधैर्वृतं ह्यश्वत्थमूले कृतकेतनं पतिम्।
स्नेहप्लुतात्मा निपपात पादयो रथादवप्लुत्य सबाष्पलोचनः ॥ ४२ ॥

पदार्थ–
हि = निश्चय नै
तत्र = त्यहाँ
तिग्मद्युभिः = अत्यन्त प्रकाशमान
आयुधैः = शस्त्रास्त्रहरूद्वारा
वृतं = युक्त
अश्वत्थमूले = पिपलको फेदमा
कृतकेतनं = निवास गर्नुभएका
तं = ती
पतिं = आफ्ना पतिलाई देखेर
स्नेहप्लुतात्मा = प्रेमले भरिएको चित्त भएका
सबाष्पलोचनः = आँखामा आँसु भरिएका ती दारुक
रथात् = रथबाट
अवप्लुत्य = ओर्लिएर
पादयोः = भगवान्को चरणमा
निपपात = झुके

वाक्यार्थ– त्यहाँ पुगेपछि दारुकले अत्यन्त प्रकाशमान शस्त्रास्त्रले युक्त भएका भगवान्लाई पिपलको फेदमा बस्नुभएका देखे। आफ्ना पति भगवान् श्रीकृष्णलाई देखेपछि उनको चित्त भगवान्प्रतिको प्रेमले भरिएर आयो। उनी आँखाबाट आँसुका बलिन्द्र धारा बगाउँदै भक्कानिएर रोए अनि रथबाट हत्तपत्त ओर्लिएर भगवान्को चरणमा झुके।

अपश्यतस्त्वच्चरणाम्बुजं प्रभो दृष्टिः प्रनष्टा तमसि प्रविष्टा।
दिशो न जाने न लभे च शान्तिं यथा निशायामुडुपे प्रनष्टे॥ ४३॥

पदार्थ—
प्रभो = हे प्रभु
त्वच्चरणाम्बुजं = हजुरको चरणकमललाई
अपश्यतः = दर्शन गर्न नपाएर
दृष्टिः = मेरो दृष्टि
तमसि = मोहमय अन्धकारमा
प्रविष्टा = प्रविष्ट भएर
प्रनष्टा = नष्ट भएको छ
निशायां = रातमा
उडुपे = चन्द्रमा
प्रनष्टे यथा = अस्ताए झैं
दिशः = दिशाहरूलाई
न जाने = जान्न सकिनँ
शान्तिं च = शान्ति पनि
न लभे = प्राप्त गर्न सकिनँ

वाक्यार्थ— त्यसपछि दारुकले भगवान्‌लाई प्रार्थना गर्दै भने— हे प्रभु ! हजुरको चरणकमलको दर्शन गर्न नपाएकाले मेरो दृष्टि मोहमय अन्धकारमा प्रविष्ट भएर नष्ट भएको छ। चन्द्रमा अस्ताएपछि रातमा जसरी दिशा थाहा पाउन सकिँदैन त्यसरी नै मैले अहिले कुनै पनि दिशा थाहा पाउन सकेको छैन र शान्ति प्राप्त गर्न पनि सकेको छैन।

इति ब्रुवति सूते वै रथो गरुडलाञ्छनः।
खमुत्पपात राजेन्द्र साश्वध्वज उदीक्षतः॥ ४४॥

पदार्थ—
राजेन्द्र = हे महाराज परीक्षित्
सूते = सारथि दारुकले
इति = यस्तो
ब्रुवति = प्रार्थना गर्दागर्दै
उदीक्षतः = उनले माथितिर हेर्दाहेर्दै
साश्वध्वजः = घोडा र ध्वजाले सहित
गरुडलाञ्छनः = गरुडको चिह्न भएको
रथः = भगवान्‌को रथ
वै = निश्चय नै
खं = आकाशतिर
उत्पपात = उड्यो

वाक्यार्थ— हे महाराज परीक्षित् ! सारथि दारुकले यसरी प्रार्थना गर्दागर्दै गरुडको चिह्नले युक्त ध्वजा भएको भगवान्‌को रथ घोडासहित आकाशतिर उड्यो।

तमन्वगच्छन् दिव्यानि विष्णुप्रहरणानि च।
तेनातिविस्मितात्मानं सूतमाह जनार्दनः॥ ४५॥

पदार्थ—
दिव्यानि = दिव्य
विष्णुप्रहरणानि च = भगवान् श्रीकृष्णका शस्त्रास्त्रहरू पनि
तं = त्यही रथको
अन्वगच्छन् = पछि-पछि गए
तेन = यस कुराले
अतिविस्मितात्मानं = मनमा अत्यन्त आश्चर्य मानेका
सूतं = सारथि दारुकलाई
जनार्दनः = श्रीकृष्णले
आह = भन्नुभयो

वाक्यार्थ— भगवान्‌का दिव्य शस्त्रास्त्रहरू पनि त्यही रथको पछि-पछि आकाशतिरै उडे। त्यस्तो अद्‌भुत दृश्य देखेर आश्चर्यचकित भएका सारथि दारुकलाई भगवान् श्रीकृष्णले भन्नुभयो।

गच्छ द्वारवतीं सूत ज्ञातीनां निधनं मिथः।

सङ्कर्षणस्य निर्याणं बन्धुभ्यो ब्रूहि मद्दशाम्॥ ४६॥

पदार्थ–	**ज्ञातीनां** = यदुवंशीबन्धुहरूको	**निर्याणं** = आफ्नो धामगमन
सूत = हे दारुक	**मिथः** = परस्परमा भएको	**मद्दशां** = मेरो अवस्था
द्वारवतीं = द्वारका	**निधनं** = संहार (मृत्यु)	**बन्धुभ्यः** = यादवबन्धुहरूलाई
गच्छ = जाऊ	**सङ्कर्षणस्य** = बलरामको	**ब्रूहि** = सुनाऊ

वाक्यार्थ– हे दारुक ! तिमी अब द्वारका जाऊ। त्यहाँ गएर यदुवंशी बान्धवहरूको परस्परमा युद्धद्वारा मृत्यु, दाजु बलरामको स्वधामगमन र मेरो यो अवस्था (स्वधामगमनको तयारी)को बारेमा त्यहाँ रहेका बन्धु-बान्धवहरूलाई सबै सुनाऊ।

द्वारकायां च न स्थेयं भवद्भिश्च स्वबन्धुभिः।

मया त्यक्तां यदुपुरीं समुद्रः प्लावयिष्यति॥ ४७॥

पदार्थ–	**द्वारकायां च** = द्वारकामा	**यदुपुरीं** = यदुहरूको नगरी
स्वबन्धुभिः = आफ्ना बान्धवहरू	**न स्थेयं** = नबसियोस्	द्वारकालाई
सहित	**मया** = मद्वारा	**समुद्रः** = समुद्रले
भवद्भिः च = तपाईंहरूद्वारा पनि	**त्यक्तां** = परित्यक्त	**प्लावयिष्यति** = डुबाउनेछ

वाक्यार्थ– यो पनि सुनाऊ कि आफ्ना कुलकुटुम्ब र बन्धुबान्धवसहित तपाईंहरू पनि यदुनगरी द्वारकामा नबस्नुहोस् किनभने मैले त्याग गरेको द्वारकालाई समुद्रले डुबाउनेछ।

स्वं स्वं परिग्रहं सर्वे आदाय पितरौ च नः।

अर्जुनेनाविताः सर्व इन्द्रप्रस्थं गमिष्यथ॥ ४८॥

पदार्थ–	**नः** = हाम्रा	**अविताः** = रक्षित भएर
सर्वे = सबै जना	**पितरौ च** = मातापितालाई पनि	**सर्वे** = सबै
स्वं स्वं = आ-आफ्नो	**आदाय** = लिएर	**इन्द्रप्रस्थं** = इन्द्रप्रस्थ
परिग्रहं = परिवार (धनसम्पत्ति)	**अर्जुनेन** = अर्जुनद्वारा	**गमिष्यथ** = जानुहोस्

वाक्यार्थ– तपाईंहरू आ-आफ्ना परिवार, धनसम्पत्ति तथा मेरा मातापिताहरूलाई पनि लिएर अर्जुनको संरक्षकत्वमा इन्द्रप्रस्थ जानुहोस्।

त्वं तु मद्धर्ममास्थाय ज्ञाननिष्ठ उपेक्षकः।

मन्मायारचितामेतां विज्ञायोपशमं व्रज॥ ४९॥

पदार्थ—
त्वं तु = तिमी चाहिँ
मद्धर्मम् = मैले बताएको भागवत धर्मलाई
आस्थाय = आश्रय लिएर
ज्ञाननिष्ठ = ज्ञाननिष्ठ भएर
उपेक्षकः = केहीको पनि इच्छा नगरी
एतां = यो सम्पूर्ण प्रपञ्च
मन्मायारचितां = मेरो मायाको रचना हो भन्ने
विज्ञाय = बुझेर
उपशमं = शान्तिभावमा
व्रज = प्राप्त होऊ

वाक्यार्थ— हे दारुक ! तिमी चाहिँ मैले उपदेश गरेको भागवतधर्मको आश्रय लिएर ज्ञाननिष्ठ बन। केही वस्तुको पनि इच्छा नगर्ने होऊ, सम्पूर्ण प्रपञ्चलाई मेरो मायाको सृष्टि ठानेर शान्त होऊ।

इत्युक्तस्तं परिक्रम्य नमस्कृत्य पुनः पुनः।
तत्पादौ शीर्ष्ण्युपाधाय दुर्मनाः प्रययौ पुरीम्॥ ५०॥

पदार्थ—
इति = यसप्रकार
उक्तः = भगवान्द्वारा भनिएका दारुकले
तं = उहाँलाई
परिक्रम्य = परिक्रमा गरेर
पुनः पुनः = बारम्बार
नमस्कृत्य = नमस्कार गरेर
तत्पादौ = भगवान्को चरणलाई
शीर्ष्णि = आफ्नो शिरमा
उपाधाय = राखेर
दुर्मनाः = उदास हुँदै
पुरीम् = द्वारका पुरी
प्रययौ = गए

वाक्यार्थ— यसरी आदेश पाएपछि दारुकले भगवान्को परिक्रमा गरे। पटक-पटक उहाँलाई नमस्कार गरे अनि उहाँको चरणकमललाई आफ्नो शिरमा राखे। त्यसपछि उदास हुँदै उनी द्वारकातिर गए।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामेकादशस्कन्धे त्रिंशोऽध्यायः॥ ३०॥

अथ एकत्रिंशोऽध्यायः

भगवान् श्रीकृष्णको स्वधामको यात्रा

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

अथ तत्रागमद् ब्रह्मा भवान्या च समं भवः।
महेन्द्रप्रमुखा देवा मुनयः सप्रजेश्वराः॥ १॥
पितरः सिद्धगन्धर्वा विद्याधरमहोरगाः।
चारणा यक्षरक्षांसि किन्नराप्सरसो द्विजाः॥ २॥
द्रष्टुकामा भगवतो निर्याणं परमोत्सुकाः।
गायन्तश्च गृणन्तश्च शौरेः कर्माणि जन्म च॥ ३॥
ववृषुः पुष्पवर्षाणि विमानावलिभिर्नभः।
कुर्वन्तः सङ्कुलं राजन् भक्त्या परमया युताः॥ ४॥

पदार्थ–
अथ = दारुक गएपछि
तत्र = त्यहाँ
ब्रह्मा = ब्रह्मा
भवान्या समं = पार्वतीले सहित
भवः च = शिवजी पनि
आगमत् = आउनुभयो
भगवतः = भगवान् श्रीकृष्णको
निर्याणं = स्वधामगमन
द्रष्टुकामाः = हेर्ने इच्छा भएका
परमोत्सुकाः = अत्यन्त उत्सुक
महेन्द्रप्रमुखाः = महेन्द्र आदि
देवाः = देवताहरू
सप्रजेश्वराः = मरीचि आदि प्रजापतिहरूसहित
मुनयः = सनक आदि ऋषिहरू
पितरः = अग्निष्वात्ता आदि पितृगण
सिद्धगन्धर्वाः = सिद्ध र गन्धर्वहरू
विद्याधरमहोरगाः = विद्याधर र नागहरू
चारणाः = चारणहरू
यक्षरक्षांसि = यक्ष र राक्षसहरू
किन्नराप्सरसः = किन्नर र अप्सराहरू
द्विजाः = मैत्रेय आदि ब्राह्मणहरू पनि (अथवा पक्षीगण) पनि आए (उनीहरूले)
शौरेः = श्रीकृष्णको
कर्माणि = कर्म (चरित्र)
जन्म च = जन्म पनि
गायन्तः च = गाउँदै
गृणन्तः च = कीर्तन गर्दै रहे
राजन् = हे राजा परीक्षित्
परमया = परम
भक्त्या = भक्तिले
युताः = युक्त भएर
विमानावलिभिः = विमानका पङ्क्तिहरूले
नभः = आकाशलाई
सङ्कुलं = व्याप्त
कुर्वन्तः = गराउँदै
पुष्पवर्षाणि = पुष्पको वर्षा
ववृषुः = गराए

वाक्यार्थ– दारुक द्वारका गएपछि त्यहाँ ब्रह्माजी तथा पार्वतीलाई साथमा लिएर भगवान् शिव

आउनुभयो। त्यसै गरी इन्द्र आदि देवता, मरीचि आदि प्रजापति, सनक आदि ऋषि, अग्निष्वात्ता आदि पितृगण, सिद्ध, गन्धर्व, विद्याधर, नाग, चारण, यक्ष, राक्षस, किन्नर, अप्सरा, मैत्रेय आदि ब्राह्मणहरू (अथवा पक्षीहरू) पनि भगवान् श्रीकृष्णको स्वधामगमन हेर्नका लागि अत्यन्त उत्सुक भएर त्यहाँ आइपुगे। उनीहरू सबैले भगवान् श्रीकृष्णको कर्म र जन्मसम्बन्धी लीलाचरित्रहरूको गान र स्तुतिकीर्तन गरिरहेका थिए, देवताहरूको विमानको पङ्क्तिले सम्पूर्ण आकाश नै व्याप्त भएको थियो, अनि त्यहाँ उनीहरू सबैले पुष्पवर्षा गरिरहेका थिए।

भगवान् पितामहं वीक्ष्य विभूतीरात्मनो विभुः।
संयोज्यात्मनि चात्मानं पद्मनेत्रे न्यमीलयत्॥ ५॥

पदार्थ–
विभुः = सर्वव्यापक
भगवान् = भगवान् श्रीकृष्णले
पितामहं = ब्रह्मालाई
आत्मनः = आफ्ना
विभूतीः = विभूतिरूप इन्द्र आदि देवताहरूलाई पनि
वीक्ष्य = देखेर
आत्मनि = आत्मामा
आत्मानं = आफूलाई
संयोज्य = मिलाएर
पद्मनेत्रे च = कमल जस्ता नेत्रहरू पनि
न्यमीलयत् = बन्द गर्नुभयो

वाक्यार्थ– सर्वव्यापक भगवान् श्रीकृष्णले ब्रह्माजी र आफ्ना विभूतिरूप इन्द्र आदि देवताहरूलाई देखेर आफ्नो स्वरूपलाई आत्मामा मिलाउनुभयो अनि कमलतुल्य आफ्ना आँखाहरू बन्द गर्नुभयो।

लोकाभिरामां स्वतनुं धारणाध्यानमङ्गलम्।
योगधारणयाग्नेय्यादग्ध्वा धामाविशत् स्वकम्॥ ६॥

पदार्थ–
लोकाभिरामां = सम्पूर्ण लोकको लागि मनोहर आश्रयभूत
धारणाध्यानमङ्गलं = धारणा र ध्यानको मङ्गलमय विषय भएको
स्वतनुं = आफ्नो शरीरलाई
आग्नेय्या = अग्निसम्बन्धी
योगधारणया = योगधारणाद्वारा
अदग्ध्वा = नजलाएर (सशरीर)
स्वकं = आफ्नो
धाम = धाम
आविशत् = जानुभयो

वाक्यार्थ– भगवान् श्रीकृष्णको शरीर सम्पूर्ण लोकको लागि मनोहर आश्रय र उपासकहरूका लागि धारणा र ध्यानको मङ्गलमय विषय (आधार) रहेको छ। अतः त्यस्तो शरीरलाई भगवान्ले जलाउनुभएन। अग्निसम्बन्धी योगधारणाद्वारा उहाँ सशरीर आफ्नो धाम जानुभयो।

विवरण– यस प्रसङ्गमा भगवान्ले स्वधामगमन गर्नुभएको वर्णन गरिएको छ। भगवान् महायोगी हुनुहुन्छ, योगीहरूले इच्छाअनुसार शरीरत्याग गर्ने गर्दछन्। अग्निधारणाद्वारा शरीरलाई दग्ध गरी उनीहरूले प्राण छाडे झैँ भगवान्ले पनि त्यसै गरी शरीरत्याग गर्नुभयो कि भन्ने शङ्का हुँदा भनिन्छ– उहाँले योगाग्निद्वारा शरीरलाई नजलाई सशरीर नै स्वधामगमन गर्नुभयो। वस्तुतः भगवान्को शरीर भनेको स्वयं भगवान् नै हो, त्यसभन्दा भिन्न होइन। उहाँले आफ्नो

सङ्कल्पअनुसार त्यसलाई प्रकट गर्नुहुन्छ र सङ्कल्पद्वारा नै त्यसलाई तिरोहित गर्नुहुन्छ। निर्विशेष ब्रह्मतत्त्वमा माया उपाधि खडा हुँदा त्यसका गुणहरूलाई नियन्त्रित गर्न र सृष्टिका प्राणीहरूमाथि अनुग्रह, दर्शन आदि दिनका लागि भगवान्ले शरीर स्वीकार गर्नुभएको हो। देवी, शिव, विष्णु आदि यी विग्रहहरू परमात्माका सङ्कल्पशक्तिद्वारा सिर्जित शुद्ध सत्त्वमय छन्। मायाको पूर्णतया बाध हुँदा यी अलग अलग गुणका नियन्त्रक विग्रहहरू पनि अद्वितीय ब्रह्मरूपमैं मिल्दछन्, तर जबसम्म यो संसारचक्र चलिरहन्छ, तबसम्म यी शुद्ध सत्त्वमय विग्रहहरू अविकारी एवं नित्य नै छन्। त्यसैले विष्णु, शिव आदि विग्रहहरू मायाका सत्त्व, तम आदि गुणहरूलाई नियन्त्रण गर्न स्वीकार गरिएका भए पनि अरू मायिक पदार्थजस्ता होइनन्। अतः भगवान् श्रीकृष्णको शरीर भनेको कुनै पाञ्चभौतिक पिण्ड नभई उहाँको सङ्कल्पशक्तिको एउटा विलास हो जसलाई उहाँ जहाँ जस्तो रूपमा चाह्यो, त्यस्तै रूपमा धारण गर्न सक्नुहुन्छ।

भगवान्ले शरीर साथै लिई जानुका दुई वटा कारणलाई भगवद्विग्रहको विशेषणको रूपमा आएका **लोकाभिरामां** र **धारणाध्यानमङ्गलं** भन्ने यी दुई पदले बताएका छन्। लोकाभिरामा पदको अर्थ हुन्छ– **लोकानां अभितो रमणं स्थितिः यस्यां सा** अर्थात् जुन भगवद्विग्रहमा नै सम्पूर्ण लोकलोकान्तरहरू अडिएका छन्। भगवान्को शरीरको रोमकूपहरूमा अनेकौं ब्रह्माण्डहरू घुमिरहेका हुन्छन् भनी ब्रह्मस्तुतिको प्रसङ्गमा (श्रीमद्भागवत १०.१४.११) बताइएको छ। त्यसैले योगाग्निद्वारा शरीरदाह गर्दा सम्पूर्ण लोकलोकान्तरहरू जल्ने हुनाले भगवान्ले त्यसो नगर्नुभएको हो। यसै गरी भगवान्को श्रीविग्रहलाई भक्तहरूले ध्यान, धारणा आदिद्वारा हृदयभित्र दर्शन गर्दछन् र त्यही रूपमा भगवान्को प्रत्यक्ष दर्शन पनि पाउँछन्। ध्यानका लागि परम मङ्गलमय भएको यस्तो स्वरूपलाई नष्ट गरिदिंदा भक्तहरूले कुन स्वरूपको ध्यान गर्ने ? अनि उनीहरूले कुन स्वरूपको प्रत्यक्ष दर्शन पाउने ? जुन उपासकहरूलाई चिन्तन गर्न सजिलो होस् भन्ने उद्देश्यले भगवान्ले स्वरूपधारण गर्नुभयो, उनीहरूलाई नै अलमल पार्ने काम हुनु उचित होइन। त्यसैले भगवान्ले श्रीविग्रहलाई स्वीकार गरेरै स्वधामगमन गर्नुभयो। उता बलरामले चाहिँ आफ्नो मूलस्वरूप शेषनाग भएकाले आफ्नो मनुष्यको स्वरूपलाई समुद्रमा त्यागिदिनुभएको हो। यसरी यहाँ भगवान् श्रीकृष्णको स्वधामगमनको विशेषता बताइएको छ।

दिवि दुन्दुभयो नेदुः पेतुः सुमनसश्च खात्।
सत्यं धर्मो धृतिर्भूमेः कीर्तिः श्रीश्चानु तं ययुः ॥ ७ ॥

पदार्थ–
दिवि = स्वर्गमा
दुन्दुभयः = दुन्दुभिहरू
नेदुः = बजे
खात् = आकाशबाट
सुमनसः च = पुष्पहरू पनि
पेतुः = झरे
भूमेः = पृथिवीबाट
सत्यं = सत्य
धर्मः = धर्म
धृतिः = धैर्य
कीर्तिः = कीर्ति
श्रीः च = लक्ष्मी (शोभा) पनि
तं = उहाँ भगवान्को
अनु ययुः = पछि-पछि गए

वाक्यार्थ– भगवान् धाम गएपछि स्वर्गमा दुन्दुभिहरू बजे, आकाशबाट फूलको वृष्टि भयो अनि

पृथिवीबाट भगवान्‌कै पछि-पछि सत्य, धर्म, धैर्य, कीर्ति र लक्ष्मी (शोभा) पनि गए।

देवादयो ब्रह्ममुख्या न विशन्तं स्वधामनि।
अविज्ञातगतिं कृष्णं ददृशुश्चातिविस्मिताः॥ ८॥

पदार्थ—
ब्रह्ममुख्याः = ब्रह्मा आदि
देवादयः = देवताहरूले
स्वधामनि = आफ्नो धाममा
विशन्तं = प्रवेश गर्न लाग्नुभएका
अविज्ञातगतिं = अगम्य गति भएका
कृष्णं = भगवान् श्रीकृष्णलाई
न ददृशुः = देख्नुभएन, त्यसैले
अतिविस्मिताः च = आश्चर्यचकित हुनुभयो

वाक्यार्थ— ब्रह्मा आदि देवताहरूले पनि अगम्य (अबोध्य) गति भएका भगवान् श्रीकृष्ण आफ्नो धाममा प्रवेश गर्न लाग्नुभएको अवस्थामा उहाँलाई देख्न सक्नुभएन, त्यसैले उहाँहरू आश्चर्यचकित हुनुभयो।

सौदामिन्या यथाऽऽकाशे यान्त्या हित्वाभ्रमण्डलम्।
गतिर्न लक्ष्यते मर्त्यैस्तथा कृष्णस्य दैवतैः॥ ९॥

पदार्थ—
यथा = जसरी
आकाशे = आकाशमा
अभ्रमण्डलं = मेघमण्डललाई
हित्वा = छोडेर
यान्त्या = गएको
सौदामिन्याः = बिजुलीको
गतिः = गति
मर्त्यैः = मनुष्यहरूद्वारा
न लक्ष्यते = जानिँदैन
तथा = त्यसरी नै
कृष्णस्य = भगवान् श्रीकृष्णको गति
दैवतैः = देवताहरूद्वारा देखिएन

वाक्यार्थ— जसरी आकाशमा मेघमण्डललाई छोडेर गएको बिजुलीको गतिलाई मानिसहरूले जान्दैनन्, त्यसै गरी भूमण्डल छोडेर जानुभएका भगवान् श्रीकृष्णको गतिलाई पनि देवताहरूले देख्नुभएन।

ब्रह्मरुद्रादयस्ते तु दृष्ट्वा योगगतिं हरेः।
विस्मितास्तां प्रशंसन्तः स्वं स्वं लोकं ययुस्तदा॥ १०॥

पदार्थ—
ते = ती (त्यहाँ उपस्थित)
ब्रह्मरुद्रादयः तु = ब्रह्मा, रुद्र आदि पार्षदहरूले चाहिँ
हरेः = श्रीकृष्णको
योगगतिं = परमयोगमयी गतिलाई
दृष्ट्वा = देखेर
तां = त्यस गतिको
प्रशंसन्तः = प्रशंसा गर्दै
विस्मिताः = विस्मित भएर
तदा = त्यस समयमा
स्वं स्वं = आ-आफ्नो
लोकं = लोकमा
ययुः = जानुभयो

वाक्यार्थ— त्यहाँ उपस्थित ब्रह्मा, रुद्र आदि पार्षदहरू भगवान् श्रीकृष्णको परमयोगमयी गति

देखेर आश्चर्यचकित हुनुभयो अनि भगवान्‌को अनुपम योगमयी गतिको प्रशंसा गर्दै उहाँहरू आ-आफ्नो लोकतिर जानुभयो।

राजन् परस्य तनुभृज्जननाप्ययेहा
मायाविडम्बनमवेहि यथा नटस्य।
सृष्ट्वात्मनेदमनुविश्य विहृत्य चान्ते
संहृत्य चात्ममहिनोपरतः स आस्ते॥ ११॥

पदार्थ—
राजन् = हे राजा परीक्षित्
परस्य = सर्वकारण परमेश्वरको
तनुभृज्जननाप्ययेहा = यादव आदि कुलमा जन्म र स्वधाम गमनको चेष्टा
नटस्य यथा = नटको चेष्टा जस्तै
मायाविडम्बनं = मायाद्वारा गरिएको विलास हो भन्ने
अवेहि = बुझ्नुहोस्
आत्मना = आफैंले
इदं = यो चराचर जगत्
सृष्ट्वा = सृष्टि गरेर
अनुविश्य = अन्तर्यामीरूपले त्यहाँ प्रवेश गरेर
विहृत्य च = विहार गरेर
अन्ते = अन्तमा
संहृत्य = संहार गरेर
उपरतः = निवृत्त
सः च = उहाँ
आत्ममहिना = परमानन्दको अनुभवस्वरूप आफ्नो महिमाद्वारा
आस्ते = अवस्थित हुनुहुन्छ

वाक्यार्थ— हे राजा परीक्षित्! जसरी रङ्गमञ्चमा नटले अनेक प्रकारको लीलाचेष्टा आदि गर्दछ, त्यसै गरी सर्वकारण परमात्माको पनि मनुष्य आदिको रूपमा यादव आदि कुलमा भएको जन्म र तिरोधानका सम्पूर्ण चेष्टाहरू उहाँकै मायामय विलास (अनुकरण) मात्र हो। उहाँ स्वयंले यो चराचर जगत्‌को सृष्टि गर्नुहुन्छ र अन्तर्यामीरूपमा जगत्‌मा प्रवेश गरेर आफैं अनेक रूपमा विहार गर्नुहुन्छ अनि अन्तमा यसको संहार गरेर निवृत्त बन्नुहुन्छ। यसपछि उहाँ आफ्नै परमानन्दमय स्वरूपमा अवस्थित रहनुहुन्छ। निर्विकार भगवान्‌को यो लीलाचरित्र र महिमालाई तपाईं राम्ररी बुझ्नुहोस्।

मर्त्येन यो गुरुसुतं यमलोकनीतं
त्वां चानयच्छरणदः परमास्त्रदग्धम्।
जिग्येऽन्तकान्तकमपीशमसावनीशः
किं स्वावने स्वरनयन्मृगयुं सदेहम्॥ १२॥

पदार्थ—
यः = जसले
यमलोकनीतं = यमलोकमा प्राप्त भएका
गुरुसुतं = गुरु सान्दिपनीका पुत्रहरूलाई
मर्त्येन = मनुष्यको शरीरसहित
आनयत् = ल्याउनुभयो
शरणदः = शरणागतरक्षक

जसले	**ईशं** = भगवान् रुद्रलाई	परमात्मा
परमास्त्रदग्धं = ब्रह्मास्त्रद्वारा	**जिग्ये** = जित्नुभयो, जसले	**स्वावने** = आफ्नो र आफ्नो
डढ्नुभएका	**मृगयुं** = व्याधालाई	कुलको रक्षाका लागि
त्वां च = तपाईंलाई पनि	**सदेहं** = सशरीर	**किं** = के
बचाउनुभयो	**स्वः** = स्वर्गलोक	**अनीशः** = असमर्थ
अन्तकान्तकं = संहारक (काल)	**अनयत्** = पठाउनुभयो	**आसीत्** = हुनुहुन्थ्यो
को पनि संहारक	**असौ** = त्यस्ता साक्षात्	

वाक्यार्थ– जसले गुरु सान्दिपनीका यमलोकमा पुऱ्याइएका छोरालाई यमलोकबाट सशरीर फर्काएर ल्याउनुभएको थियो, ब्रह्मास्त्रको तेजले डढ्नुभएको तपाईंलाई जसले बचाउनुभएको थियो, जसले संहारकका पनि संहारक भगवान् रुद्रलाई युद्धमा परास्त गर्नुभएको थियो, जसले आफैंलाई बाण प्रहार गर्ने जरा व्याधालाई कृपापूर्वक सशरीर स्वर्ग पठाउनुभयो त्यस्ता सर्वसमर्थ भगवान् श्रीकृष्णले चाहनुभएको भए आफ्नो र आफ्नो कुलको रक्षा गर्न सक्नुहुन्नथ्यो र ?

तथाप्यशेषस्थितिसम्भवाप्ययेष्वनन्यहेतुर्यदशेषशक्तिधृक् ।
नैच्छत् प्रणेतुं वपुरत्र शेषितं मर्त्येन किं स्वस्थगतिं प्रदर्शयन् ॥ १३ ॥

पदार्थ–	शक्तिका धारक भगवान् हुनुहुन्छ	**वपुः** = आफ्नो शरीर
अशेषस्थितिसम्भवाप्ययेषु =	**तथा अपि** = तापनि	**अत्र** = यही संसारमा नै
सम्पूर्ण जगत्को स्थिति, उत्पत्ति	**मर्त्येन** = मनुष्यशरीरद्वारा	**शेषितं** = अवशिष्ट
र संहारको	**किं** = के लाभ छ	**प्रणेतुं** = राख्न
अनन्यहेतुः = निरपेक्ष कारण	**स्वस्थगतिं** = आत्मनिष्ठ	**न ऐच्छत्** = इच्छा गर्नुभएन
यत् = जो	पुरुषको दिव्य गतिलाई	
अशेषशक्तिधृक् = सम्पूर्ण	**प्रदर्शयन्** = श्रेष्ठ देखाउँदै	

वाक्यार्थ– यद्यपि भगवान् श्रीकृष्ण सम्पूर्ण जगत्को उत्पत्ति, स्थिति र संहारको निरपेक्ष कारण हुनुहुन्छ किनभने उहाँले नै सम्पूर्ण शक्तिहरू धारण गर्नुभएको छ र इच्छा अनुसारको काम गर्न सर्वदा समर्थ हुनुहुन्छ, तापनि मनुष्यशरीरलाई शेष राखेर केही फाइदा छैन र आत्मनिष्ठ पुरुषहरूको दिव्यगति नै सर्वोत्तम छ भन्ने देखाउनका लागि उहाँले यो संसारमा आफ्नो शरीरलाई बाँकी राख्ने इच्छा गर्नुभएन।

य एतां प्रातरुत्थाय कृष्णस्य पदवीं पराम् ।
प्रयतः कीर्तयेद् भक्त्या तामेवाप्नोत्यनुत्तमाम् ॥ १४ ॥

पदार्थ–	**प्रातः** = प्रातःकालमा	**प्रयतः** = पवित्र भएर
यः = जसले	**उत्थाय** = उठेर	**कृष्णस्य** = भगवान् श्रीकृष्णको

एतां = यो
परां = श्रेष्ठ
पदवीं = धामगमनको
लीलाचरित्रलाई
भक्त्या = भक्तिपूर्वक
कीर्तयेत् = कीर्तन गर्दछ उसले
तामेव = त्यही
अनुत्तमां = सर्वोत्तम गति
आप्नोति = प्राप्त गर्दछ

वाक्यार्थ– जसले प्रातःकालमा उठेर पवित्र भएर भगवान् श्रीकृष्णको परमधामगमनको यो लीलाचरित्रलाई कीर्तन–स्मरण गर्दछ उसले त्यही सर्वोत्तम गति प्राप्त गर्दछ।

दारुको द्वारकामेत्य वसुदेवोग्रसेनयोः।
पतित्वा चरणावस्रैर्न्यषिञ्चत् कृष्णविच्युतः॥ १५॥

पदार्थ–
कृष्णविच्युतः = श्रीकृष्णबाट वियोग भएका
दारुकः = दारुक
द्वारकां = द्वारकामा
एत्य = आएर
वसुदेवोग्रसेनयोः = वसुदेव र उग्रसेनको चरणमा
पतित्वा = परेर
अस्रैः = आँसुहरूद्वारा
चरणौ = उहाँहरूको चरणलाई
न्यषिञ्चत् = भिजाए

वाक्यार्थ– भगवान् श्रीकृष्णबाट वियोग भएर फर्किएका दारुकले द्वारकामा आएर वसुदेव र उग्रसेनको चरणमा परी आफ्ना आँखाबाट झरेका आँसुले उहाँहरू दुबैको चरण भिजाए।

कथयामास निधनं वृष्णीनां कृत्स्नशो नृप।
तच्छ्रुत्वोद्विग्नहृदया जनाः शोकविमूर्च्छिताः॥ १६॥
तत्र स्म त्वरिता जग्मुः कृष्णविश्लेषविह्वलाः।
व्यसवः शेरते यत्र ज्ञातयो घ्नन्त आननम्॥ १७॥

पदार्थ–
नृप = हे राजा परीक्षित्
वृष्णीनां = यदुवंशीहरूको
निधनं = मरण
कृत्स्नशः = विस्तारपूर्वक
कथयामास = वर्णन गरे
तत् = त्यो कुरा
श्रुत्वा = सुनेर
कृष्णविश्लेषविह्वलाः = श्रीकृष्णको विरहले विह्वल भएका
उद्विग्नहृदयाः = भयभीत हृदय भएका
शोकविमूर्च्छिताः = शोकले मूर्च्छित भएका
जनाः = द्वारकावासीहरू
आननं = मुखमा
घ्नन्तः = हिर्काउँदै
यत्र = जहाँ
व्यसवः = मरेका
ज्ञातयः = बन्धुबान्धवहरू
शेरते = सुतेका थिए
तत्र = त्यहाँ
त्वरिताः = हतारिँदै
जग्मुः स्म = गए

वाक्यार्थ– हे राजा परीक्षित्! दारुकले सम्पूर्ण यदुवंशीहरूको मृत्युको समाचार विस्तारपूर्वक सुनाए। त्यो समाचार सुनेर उनीहरू भयभीत भए भने भगवान् श्रीकृष्णको विरहव्यथाले सबै द्वारकावासीहरूको हृदय विह्वल भयो। उनीहरू शोकले मूर्च्छित भए, त्यसपछि विरहको आवेगमा

विवश भई आ-आफ्नो मुखमा आफ्नै हातले हिर्काउन थाले। त्यसपछि जहाँ आफ्ना बन्धुबान्धवहरू निष्प्राण भई (मरेर) सुतेका थिए, त्यहीँ सबै जना हतार-हतार गर्दै गए।

देवकी रोहिणी चैव वसुदेवस्तथा सुतौ।
कृष्णरामावपश्यन्तः शोकार्ता विजहुः स्मृतिम्॥ १८॥

पदार्थ–
देवकी = देवकी
रोहिणी च एव = रोहिणी
तथा = तथा
वसुदेवः = वसुदेवले
सुतौ = आफ्ना दुई छोरा
कृष्णरामौ = श्रीकृष्ण र बलरामलाई
अपश्यन्तः = नदेखेर
शोकार्ताः = शोकाकुल भएर
स्मृतिं = चेतना
विजहुः = त्यागनुभयो

वाक्यार्थ– देवकी, रोहिणी र वसुदेव पनि आफ्ना प्रिय दुई छोरा श्रीकृष्ण र बलरामलाई नदेखेर शोकाकुल हुनुभयो र शोकके कारण उहाँहरू बेहोस हुनुभयो।

प्राणांश्च विजहुस्तत्र भगवद्विरहातुराः।
उपगुह्य पतींस्तात चितामारुरुहुः स्त्रियः॥ १९॥

पदार्थ–
तत्र = त्यहीँ
भगवद्विरहातुराः = भगवान्‌को विरहले व्याकुल
प्राणान् च = देवकी, रोहिणी र वसुदेवले प्राण पनि
विजहुः = त्यागनुभयो
तात = हे प्रिय परीक्षित्
स्त्रियः = अन्य स्त्रीहरूले
पतीन् = पतिहरूलाई
उपगुह्य = आलिङ्गन गरेर
चितां = चितामा
आरुरुहुः = चढे

वाक्यार्थ– भगवान् श्रीकृष्णको विरहले व्याकुल भएर देवकी, रोहिणी र वसुदेवले त्यहीँ नै प्राण त्यागनुभयो। हे प्रिय परीक्षित्! अन्य स्त्रीहरूले चाहिँ आ-आफ्नो मृत पतिहरूलाई आलिङ्गन गरेर उनीहरूकै चितामा चढे।

रामपत्न्यश्च तद्देहमुपगुह्याग्निमाविशन्।
वसुदेवपत्न्यस्तद्गात्रं प्रद्युम्नादीन् हरेः स्नुषाः॥
कृष्णपत्न्योऽविशन्नग्निं रुक्मिण्याद्यास्तदात्मिकाः॥ २०॥

पदार्थ–
रामपत्न्यः = बलरामका पत्नीहरूले
तद्देहं = उहाँको शरीरलाई
वसुदेवपत्न्यः = वसुदेवका पत्नीहरूले
तद्गात्रं = उहाँको शरीरलाई
हरेः = भगवान् श्रीकृष्णका
स्नुषाः च = पुत्रवधूहरूले चाहिँ
प्रद्युम्नादीन् = प्रद्युम्न आदिका शरीरलाई
उपगुह्य = आलिङ्गन गरेर
अग्निं = अग्निमा
आविशन् = प्रवेश गरे
रुक्मिण्याद्याः = रुक्मिणी आदि

कृष्णपत्न्यः = श्रीकृष्णका पत्नीहरूले	**तदात्मिकाः** = भगवान्कै स्वरूपको ध्यानमा तन्मय भएर	**अग्निं** = अग्निमा **अविशन्** = प्रवेश गरे

वाक्यार्थ– बलरामका पत्नीहरूले उहाँको शरीरलाई, वसुदेवका पत्नीहरूले उहाँकै शरीरलाई र भगवान् श्रीकृष्णका पुत्रवधूहरूले प्रद्युम्न आदि आ–आफ्ना पतिहरूको शरीरलाई आलिङ्गन गरेर अग्निमा प्रवेश गरे। यसै गरी रुक्मिणी आदि भगवान् श्रीकृष्णका पत्नीहरूले भगवान्कै स्वरूपको ध्यान गर्दै अग्निमा प्रवेश गरे।

अर्जुनः प्रेयसः सख्युः कृष्णस्य विरहातुरः।

आत्मानं सान्त्वयामास कृष्णगीतैः सदुक्तिभिः॥ २१॥

पदार्थ–	**विरहातुरः** = विरहले व्याकुल	**सदुक्तिभिः** = सुन्दर वचनहरूद्वारा
प्रेयसः = परमप्रिय	**अर्जुनः** = अर्जुनले	**आत्मानं** = आफूलाई
सख्युः = सखा	**कृष्णगीतैः** = श्रीकृष्णद्वारा उपदिष्ट गीताका	**सान्त्वयामास** = आश्वस्त गराए
कृष्णस्य = श्रीकृष्णको		

वाक्यार्थ– आफ्ना परमप्रिय सखा भगवान् श्रीकृष्णको विरहले अर्जुन पनि व्याकुल भए तर श्रीकृष्णद्वारा उपदिष्ट गीताका वचनहरू सम्झेर उनले आफूलाई सम्हाले।

बन्धूनां नष्टगोत्राणामर्जुनः साम्परायिकम्।

हतानां कारयामास यथावदनुपूर्वशः॥ २२॥

पदार्थ–	**हतानां** = मरेका	**अनुपूर्वशः** = क्रमैले
अर्जुनः = अर्जुनले	**बन्धूनां** = यदुवंशी बन्धुहरूको	**यथावत्** = विधिपूर्वक
नष्टगोत्राणां = सन्तान कोही बाँकी नरहेका	**साम्परायिकं** = तर्पण, पिण्डदान आदि पारलौकिक क्रिया	**कारयामास** = गराए

वाक्यार्थ– सन्तान कोही बाँकी नरहेका मरेका जति सबै यदुवंशी बान्धवहरूको तर्पण, पिण्डदान आदि परलोकसम्बन्धी सम्पूर्ण कर्महरू अर्जुनले विधिपूर्वक क्रमैले गराए।

द्वारकां हरिणा त्यक्तां समुद्रोऽप्लावयत् क्षणात्।

वर्जयित्वा महाराज श्रीमद्भगवदालयम्॥ २३॥

पदार्थ–	**वर्जयित्वा** = छोडेर	**समुद्रः** = समुद्रले
महाराज = हे महाराज	**हरिणा** = भगवान् श्रीकृष्णद्वारा	**क्षणात्** = तत्क्षण
श्रीमद्भगवदालयं = भगवान् श्रीकृष्णको महललाई	**त्यक्तां** = परित्यक्त	**अप्लावयत्** = डुबायो
	द्वारकां = द्वारकालाई	

वाक्यार्थ– हे महाराज ! भगवान् श्रीकृष्णद्वारा छाडिएको त्यो सुन्दर द्वारका नगरीलाई समुद्रले

केही क्षणमा नै डुबायो, तर भगवान्को महललाई चाहिँ डुबाएन।

नित्यं सन्निहितस्तत्र भगवान् मधुसूदनः।
स्मृत्याशेषाशुभहरं सर्वमङ्गलमङ्गलम्॥ २४॥

पदार्थ—
तत्र = त्यस महलमा
भगवान् = भगवान्
मधुसूदनः = श्रीकृष्ण
नित्यं = सधैँ
सन्निहितः = विराजमान हुनुहुन्छ (त्यो निवासगृह)
स्मृत्या = स्मरण मात्रले
अशेषाशुभहरं = सम्पूर्ण पापहरूलाई नष्ट गर्ने
सर्वमङ्गलमङ्गलम् = सम्पूर्ण मङ्गलहरूको पनि मङ्गल छ

वाक्यार्थ— त्यो महलमा भगवान् श्रीकृष्ण सधैँ विराजमान हुनुहुन्छ। त्यस महलको स्मरण मात्रले पनि मनुष्यका सम्पूर्ण पापहरू नष्ट हुन्छन्। वस्तुतः भगवान्को त्यो महल सम्पूर्ण मङ्गलहरूको पनि मङ्गलकारी छ।

स्त्रीबालवृद्धानादाय हतशेषान् धनञ्जयः।
इन्द्रप्रस्थं समावेश्य वज्रं तत्राभ्यषेचयत्॥ २५॥

पदार्थ—
धनञ्जयः = अर्जुनले
हतशेषान् = मर्नबाट बँचेका (बाँकी रहेका)
स्त्रीबालवृद्धान् = स्त्री, बालक र वृद्धहरूलाई
आदाय = लिएर
इन्द्रप्रस्थं = इन्द्रप्रस्थमा
समावेश्य = राखेर
तत्र = त्यहाँ
वज्रं = अनिरुद्धका पुत्र वज्रलाई
अभ्यषेचयत् = राज्यमा अभिषेक गरिदिए

वाक्यार्थ— अर्जुनले द्वारकामा बाँकी रहेका सम्पूर्ण स्त्री, बालक र वृद्धहरूलाई इन्द्रप्रस्थमा ल्याएर राखे अनि त्यहाँ अनिरुद्धका पुत्र वज्रलाई राज्याभिषेक गरिदिए।

श्रुत्वा सुहृद्वधं राजन्नर्जुनात् ते पितामहाः।
त्वां तु वंशधरं कृत्वा जग्मुः सर्वे महापथम्॥ २६॥

पदार्थ—
राजन् = हे राजा परीक्षित्
ते = तपाईंका
पितामहाः = हजुरबा (पाण्डवहरूले)
अर्जुनात् = अर्जुनबाट
सुहृद्वधं = मित्रहरूको मृत्यु
श्रुत्वा = सुनेर
त्वां तु = तपाईंलाई
वंशधरं = वंश धान्ने
कृत्वा = राजा बनाएर
सर्वे = सबै जना
महापथं = हिमालयको यात्रा (वीरयात्रा)मा
जग्मुः = गए

वाक्यार्थ— हे राजा परीक्षित्! तपाईंका हजुरबा पाण्डवहरूले अर्जुनको मुखबाट आफ्ना मित्र यदुवंशीहरूको मृत्युको खबर सुने। त्यसपछि आफ्नो वंशधर तपाईंलाई राजसिंहासनमा राखेर

उनीहरू हिमालयको यात्रा (वीरयात्रा) मा गए।

य एतद् देवदेवस्य विष्णोः कर्माणि जन्म च।
कीर्तयेच्छ्रद्धया मर्त्यः सर्वपापैः प्रमुच्यते ॥ २७ ॥

पदार्थ–
यः = जुन
मर्त्यः = मनुष्यले
देवदेवस्य = देवताहरूका पनि देवता
विष्णोः = भगवान् श्रीकृष्णको
एतत् = यो
जन्म = जन्म
कर्माणि च = कर्महरू पनि
श्रद्धया = श्रद्धापूर्वक
कीर्तयेत् = कीर्तन गर्दछ (त्यो)
सर्वपापैः = सम्पूर्ण पापहरूबाट
प्रमुच्यते = मुक्त हुन्छ

वाक्यार्थ– जुन मनुष्यले देवताहरूका पनि देवता भगवान् श्रीकृष्णको जन्म र कर्मसम्बन्धी लीलाचरित्रहरूको कीर्तन–मनन गर्दछ ऊ सम्पूर्ण पापहरूबाट मुक्त हुन्छ।

इत्थं हरेर्भगवतो रुचिरावतार-
वीर्याणि बालचरितानि च शन्तमानि।
अन्यत्र चेह च श्रुतानि गृणन् मनुष्यो
भक्तिं परां परमहंसगतौ लभेत ॥ २८ ॥

पदार्थ–
इत्थं = यसप्रकार
हरेः = दुःख हरण गर्नुहुने
भगवतः = भगवान् श्रीकृष्णको
रुचिरावतारवीर्याणि = मनोहर अवतार र पराक्रमले युक्त
शन्तमानि च = परमानन्दजनक
अन्यत्र = अन्य पुराणहरूमा
इह च = यस भागवतमहापुराणमा पनि
श्रुतानि = वर्णित
बालचरितानि च = बालचरित्रहरू (किशोर र युवावस्थाका चरित्रहरू पनि)
गृणन् = कीर्तन गर्ने
मनुष्यः = मनुष्यले
परमहंसगतौ = परमहंस ऋषिहरूद्वारा पाइने भगवान्मा
परां = परम
भक्तिं = भक्तिलाई
लभेत = प्राप्त गर्दछ

वाक्यार्थ– यसप्रकार आफ्ना भक्तहरूका सम्पूर्ण दुःख हरण गर्नुहुने भगवान् श्रीकृष्णको अत्यन्त मनोहर अवतार, पराक्रम तथा अन्य पुराण र यसै पुराणमा वर्णन गरिएका परमानन्दमय बालचरित्र, कैशोर चरित्र र युवावस्थाका चरित्रहरूको स्मरण, कीर्तन जसले गर्दछ, उसले परमहंस ब्रह्मज्ञानी ऋषिहरूद्वारा मात्र पाइने भगवान् श्रीकृष्णमा परम भक्ति प्राप्त गर्दछ।

इति श्रीमद्भागवते महापुराणे वैयासिक्यामष्टादशसाहस्र्यां पारमहंस्यां संहितायामेकादशस्कन्धे एकत्रिंशोऽध्यायः॥ ३१ ॥

द्वादशः स्कन्धः

अथ प्रथमोऽध्यायः

कलियुगका राजाहरूको वंशपरम्परा

राजोवाच (राजा परीक्षित्ले भन्नुभयो)

स्वधामानुगते कृष्णे यदुवंशविभूषणे ।

कस्य वंशोऽभवत् पृथ्व्यामेतदाचक्ष्व मे मुने ॥ १ ॥

पदार्थ–
मुने = हे मुनि
यदुवंशविभूषणे = यदुकुलका गहनास्वरूप
कृष्णे = श्रीकृष्ण
स्वधामानुगते = आफ्नो धाम जानुभएपछि
पृथ्व्यां = पृथिवीमा
कस्य = कसको
वंशः = वंश
अभवत् = भयो
एतत् = यो कुरा
मे = मलाई
आचक्ष्व = बताउनुहोस्

वाक्यार्थ– हे मनि ! यदुवंशका गहनास्वरूप भगवान् श्रीकृष्ण आफ्नो धाम वैकुण्ठ जानुभएपछि पृथिवीमा कुन वंशको शासन सुरु भयो ? यो कुरा मलाई बताउनुहोस् ।

श्रीशुक उवाच (श्रीशुकदेवले भन्नुभयो)

योऽन्त्यः पुरञ्जयो नाम भाव्यो बार्हद्रथो नृप ।

तस्यामात्यस्तु शुनको हत्वा स्वामिनमात्मजम् ॥ २ ॥

प्रद्योतसंज्ञं राजानं कर्ता यत् पालकः सुतः ।

विशाखयूपस्तत्पुत्रो भविता राजकस्ततः ॥ ३ ॥

नन्दिवर्धनस्तत्पुत्रः पञ्च प्रद्योतना इमे ।

अष्टत्रिंशोत्तरशतं भोक्ष्यन्ति पृथिवीं नृपाः ॥ ४ ॥

पदार्थ–
नृप = हे राजा
यः = जुन
बार्हद्रथः = बृहद्रथवंशका
अन्त्यः = अन्तिम राजा
पुरञ्जयः नाम = पुरञ्जय नामका
भाव्यः = हुनेछन्
तस्य = ती पुरञ्जयको
अमात्यः = मन्त्री
शुनकः तु = शुनकले चाहिँ
स्वामिनं = आफ्ना मालिक पुरञ्जयलाई
हत्वा = मारेर
प्रद्योतसंज्ञं = प्रद्योत नामका

आत्मजं = आफ्ना छोरालाई
राजानं = राजा
कर्ता = बनाउनेछन्
यत् = जसका
सुतः = छोरा
पालकः = पालक हुनेछन्
तत्पुत्रः = ती पालकका छोरा
विशाखयूपः = विशाखयूप
ततः = ती विशाखयूपबाट
राजकः = राजक
तत्पुत्रः = ती राजकका छोरा
नन्दिवर्धनः = नन्दिवर्धन
भविता = हुनेछन्
इमे = यी
पञ्च = पाँच जना
प्रद्योतनाः = प्रद्योतनसंज्ञक
नृपाः = राजाहरूले
अष्टत्रिंशोत्तरशतं = एक सय अड्तीस वर्षसम्म
पृथिवीं = पृथिवीलाई
भोक्ष्यन्ति = भोग गर्नेछन्

वाक्यार्थ– बृहद्रथवंशीय अन्तिम राजा पुरञ्जय हुनेछन् (जसको चर्चा नवम स्कन्धमा भइसकेको छ)। हे राजा ! उनका मन्त्री शुनकले आफ्नै मालिक राजा पुरञ्जयलाई मारेर आफ्ना छोरा प्रद्योतनलाई राजा बनाउनेछन्। प्रद्योतनका छोरा पालक, पालकका छोरा विशाखयूप, विशाखयूपका छोरा राजक र राजकका छोरा नन्दिवर्धन हुनेछन्। प्रद्योतनवंशीय उक्त पाँच जना राजाहरू 'प्रद्योतन' नामले प्रसिद्ध हुनेछन्। यी पाँच राजाहरूले एक सय अड्तीस वर्षसम्म पृथिवीको राज्यभोग गर्नेछन्।

शिशुनागस्ततो भाव्यः काकवर्णस्तु तत्सुतः।
क्षेमधर्मा तस्य सुतः क्षेत्रज्ञः क्षेमधर्मजः॥ ५॥
विधिसारः सुतस्तस्याजातशत्रुर्भविष्यति।
दर्भकस्तत्सुतो भावी दर्भकस्याजयः स्मृतः॥ ६॥

पदार्थ–
ततः = त्यसपछि
शिशुनागः = शिशुनाग
भाव्यः = राजा हुनेछन्
तत्सुतः तु = ती शिशुनागका छोरा चाहिँ
काकवर्णः = काकवर्ण
तस्य = ती काकवर्णको
सुतः = छोरो
क्षेमधर्मा = क्षेमधर्मा
क्षेमधर्मजः = क्षेमधर्माको छोरो
क्षेत्रज्ञः = क्षेत्रज्ञ (त्यसपछि)
विधिसारः = विधिसार
तस्य = ती विधिसारका
सुतः = छोरा
अजातशत्रुः = अजातशत्रु
भविष्यति = हुनेछन्
तत्सुतः = ती अजातशत्रुका छोरा
दर्भकः = दर्भक
भावी = हुनेछन्
दर्भकस्य = दर्भकका छोरा
अजयः = अजय
स्मृतः = हुनेछन्

वाक्यार्थ– प्रद्योतनवंशीय राजाहरूपछि शिशुनाग राजा हुनेछन्। त्यसपछि उनका छोरा काकवर्ण, काकवर्णका छोरा क्षेमधर्मा र क्षेमधर्माका छोरा क्षेत्रज्ञ, क्षेत्रज्ञका छोरा विधिसार, विधिसारका छोरा अजातशत्रु, अजातशत्रुका छोरा दम्भक र दम्भकका छोरा अजय राजा हुनेछन्।

नन्दिवर्धन आजेयो महानन्दिः सुतस्ततः।
शिशुनागा दशैवैते षष्ट्युत्तरशतत्रयम्॥ ७॥

समा भोक्ष्यन्ति पृथिवीं कुरुश्रेष्ठ कलौ नृपाः।
महानन्दिसुतो राजन् शूद्रीगर्भोद्भवो बली॥ ८॥
महापद्मपतिः कश्चिन्नन्दः क्षत्रविनाशकृत्।
ततो नृपा भविष्यन्ति शूद्रप्रायास्त्वधार्मिकाः॥ ९॥

पदार्थ–
आजेयः = अजयको
सुतः = छोरो
नन्दिवर्धनः = नन्दिवर्धन
ततः = उनीबाट
महानन्दिः = महानन्दि हुनेछन्
कुरुश्रेष्ठ = हे कुरुश्रेष्ठ परीक्षित्
शिशुनागाः = शिशुनागवंशीय
दश एव = दश जना
एते = यी
नृपाः = राजाहरूले
कलौ = कलियुगमा
षष्ट्युत्तरशतत्रयं समाः = तीनसय साठी वर्षसम्म
पृथिवीं = पृथिवीलाई
भोक्ष्यन्ति = भोग गर्नेछन्
राजन् = हे राजा
शूद्रीगर्भोद्भवः = शूद्रजातीय स्त्रीको गर्भबाट जन्मिएको
बली = बलशाली
महानन्दिसुतः = महानन्दिको छोरो
महापद्मपतिः = महापद्मको अधिपति
कश्चित् = कुनै
नन्दः = नन्दनामक
क्षत्रविनाशकृत् = क्षत्रियहरूको संहारक हुनेछन्
ततः = त्यही समयबाट
शूद्रप्रायाः = लगभग शूद्र जस्ता
अधार्मिकाः तु = अधार्मिक
नृपाः = राजाहरू
भविष्यन्ति = हुनेछन्

वाक्यार्थ– हे परीक्षित्! अजयका छोरा नन्दिवर्धन र नन्दिवर्धनका छोरा महानन्दि हुनेछन्। यसरी शिशुनागको वंशमा दश पुस्तासम्म राजाहरू हुनेछन् र उनीहरूले कलियुगमा जम्मा तीनसय साठी वर्षसम्म पृथिवीमा राज्य गर्नेछन्। हे राजा परीक्षित्! महानन्दिकी शूद्रजातीय पत्नीको गर्भबाट अत्यन्त बलशाली नन्दनामक छोरा हुनेछन्। नन्द महापद्मका अधिपति हुनेछन् त्यसैले उनलाई 'महापद्मपति' पनि भनिनेछ। उनले क्षत्रिय राजाहरूको विनाश गर्नेछन्। नन्दकै समयदेखि राजाहरू लगभग शूद्रको जस्तो स्वभाव भएका र अधार्मिक बन्नेछन्।

स एकच्छत्रां पृथिवीमनुल्लङ्घितशासनः।
शासिष्यति महापद्मो द्वितीय इव भार्गवः॥ १०॥

पदार्थ–
द्वितीयः = दोस्रो
भार्गवः इव = परशुराम जस्तै
अनुल्लङ्घितशासनः = शासन उल्लङ्घन गर्न नसकिने
महापद्मः = महापद्म
सः = ती नन्दले
एकच्छत्रां = एकछत्र
पृथिवीम् = पृथिवीलाई
शासिष्यति = शासन गर्नेछन्

वाक्यार्थ– क्षत्रियहरूको विनाश गर्ने भएकाले दोस्रा परशुराम जस्तै देखिने ती महापद्मपति नन्दले पृथिवीको एकछत्र शासन गर्नेछन्। उनको शासनको अपहेलना कसैले गर्न सक्नेछैन।

तस्य चाष्टौ भविष्यन्ति सुमाल्यप्रमुखाः सुताः।
य इमां भोक्ष्यन्ति महीं राजानः स्म शतं समाः॥ ११॥

पदार्थ–	**सुताः** = छोराहरू	**इमां** = यो
तस्य = ती नन्दको	**भविष्यन्ति** = हुनेछन्	**महीं** = पृथिवीलाई
सुमाल्यप्रमुखाः च = सुमाल्य आदि	**ये** = जुन	**भोक्ष्यन्ति स्म** = भोग गर्नेछन्
	राजानः = राजाहरूले	
अष्टौ = आठ जना	**शतं समाः** = सय वर्षसम्म	

वाक्यार्थ– नन्दका सुमाल्य आदि आठ जना छोराहरू हुनेछन्। ती आठ जना राजाहरूले सय वर्षसम्म पृथिवीमा राज्यभोग गर्नेछन्।

नव नन्दान् द्विजः कश्चित् प्रपन्नानुद्धरिष्यति।
तेषामभावे जगतीं मौर्या भोक्ष्यन्ति वै कलौ॥ १२॥

पदार्थ–	**नन्दान्** = नन्द र उनका छोराहरूलाई	**कलौ** = कलियुगमा
कश्चित् = कुनै		**जगतीं** = जगत्लाई
द्विजः = ब्राह्मण (चाणक्य)ले	**उद्धरिष्यति** = विनाश गर्नेछन्	**वै** = निश्चय नै
प्रपन्नान् = विश्वस्त भएका	**तेषाम्** = तिनीहरूको	**मौर्याः** = मौर्यवंशीय राजाहरूले
नव = नौ जना	**अभावे** = अभाव भएपछि	**भोक्ष्यन्ति** = भोग गर्नेछन्

वाक्यार्थ– कुनै ब्राह्मण (चाणक्य)ले आफ्नो शक्तिमा विश्वस्त भएका नन्द र उनका आठ छोराहरू गरी नौ जनाको विनाश गर्नेछन्। यसरी नन्दवंशको समाप्तिपछि पृथिवीमा मौर्यवंशी राजाहरूले राज्यभोग गर्नेछन्।

स एव चन्द्रगुप्तं वै द्विजो राज्येऽभिषेक्ष्यति।
तत्सुतो वारिसारस्तु ततश्चाशोकवर्धनः॥ १३॥

पदार्थ–	**राज्ये** = राजसिंहासनमा	**ततः च** = उनको छोरो
सः एव = तिनै	**अभिषेक्ष्यति** = अभिषेक गर्नेछन्	**अशोकवर्धनः** = अशोकवर्धन हुनेछन्
द्विजः = ब्राह्मणले	**तत्सुतः तु** = ती चन्द्रगुप्तका छोरा चाहिँ	
वै = निश्चय नै		
चन्द्रगुप्तं = चन्द्रगुप्तलाई	**वारिसारः** = वारिसार	

वाक्यार्थ– उनै ब्राह्मण चाणक्यले चन्द्रगुप्तलाई राजसिंहासनमा राखेर राज्याभिषेक गरिदिनेछन्। ती चन्द्रगुप्तका छोरा वारिसार हुनेछन् र उनका छोरा अशोकवर्धन हुनेछन्।

सुयशा भविता तस्य सङ्गतः सुयशःसुतः।
शालिशूकस्ततस्तस्य सोमशर्मा भविष्यति ॥ १४ ॥

पदार्थ—
तस्य = ती अशोकवर्धनका छोरा
सुयशाः = सुयश
भविता = हुनेछन्
सुयशःसुतः = सुयशका छोरा
सङ्गतः = सङ्गत
ततः = ती सङ्गतबाट
शालिशूकः = शालिशूक
तस्य = ती शालिशूकका छोरा
सोमशर्मा = सोमशर्मा
भविष्यति = हुनेछन्

वाक्यार्थ— त्यसपछि अशोकवर्धनका छोरा सुयश, उनका छोरा सङ्गत, सङ्गतका छोरा शालिशूक र शालिशूकका छोरा सोमशर्मा हुनेछन्।

शतधन्वा ततस्तस्य भविता तद् बृहद्रथः।
मौर्या ह्येते दश नृपाः सप्तत्रिंशच्छतोत्तरम्।
समा भोक्ष्यन्ति पृथिवीं कलौ कुरुकुलोद्वह ॥ १५ ॥
हत्वा बृहद्रथं मौर्यं तस्य सेनापतिः कलौ ।
पुष्यमित्रस्तु शुङ्गाह्वः स्वयं राज्यं करिष्यति।
अग्निमित्रस्ततस्तस्मात् सुज्येष्ठोऽथ भविष्यति ॥ १६ ॥

पदार्थ—
ततः = त्यसपछि सोमशर्माबाट
शतधन्वा = शतधन्वा
तस्य = ती शतधन्वाका छोरा
तद् = त्यसपछि
बृहद्रथः = बृहद्रथ
भविता = हुनेछन्
एते = यी
दश = दश जना
मौर्याः = मौर्यवंशीय
नृपाः = राजाहरूले
हि = निश्चय नै
कलौ = कलियुगमा
सप्तत्रिंशच्छतोत्तरं समाः = एक सय सैंतीस वर्षसम्म
पृथिवीं = पृथिवीलाई
भोक्ष्यन्ति = भोग गर्नेछन्
कुरुकुलोद्वह = हे कुरुवंशका वाहक परीक्षित्
तस्य = ती बृहद्रथको
सेनापतिः = सेनापति
शुङ्गाह्वः = शुङ्गनामक
पुष्यमित्रः तु = पुष्यमित्रले
मौर्यम् = मौर्यवंशीय
बृहद्रथं = बृहद्रथलाई
हत्वा = मारेर
स्वयं = आफैंले
राज्यं = राज्य
करिष्यति = गर्नेछन्
अथ = यसपछि
अग्निमित्रः = अग्निमित्र
तस्मात् = ती अग्निमित्रबाट
सुज्येष्ठः = सुज्येष्ठ
भविष्यति = हुनेछन्

वाक्यार्थ— सोमशर्माका छोरा शतधन्वा र उनका छोरा बृहद्रथ राजा हुनेछन्। मौर्यवंशी यी दश राजाहरूले एकसय सैंतीस वर्षसम्म कलियुगमा पृथिवीमाथि राज्य गर्नेछन्। हे परीक्षित्!

बृहद्रथका सेनापति शुङ्ग नामका पुष्यमित्रले आफ्ना मालिक राजा बृहद्रथलाई मारेर आफैंले राज्य गर्नेछन्। उनका छोरा अग्निमित्र र अग्निमित्रका छोरा सुज्येष्ठ हुनेछन्।

वसुमित्रो भद्रकश्च पुलिन्दो भविता ततः।
ततो घोषः सुतस्तस्माद् वज्रमित्रो भविष्यति॥ १७॥
ततो भागवतस्तस्माद् देवभूतिरिति श्रुतिः।
शुङ्गा दशैते भोक्ष्यन्ति भूमिं वर्षशताधिकम्॥ १८॥

पदार्थ—
तस्मात् = ती सुज्येष्ठबाट
वसुमित्रः = वसुमित्र (तिनबाट)
भद्रकः = भद्रक
ततः च = ती भद्रकबाट चाहिँ
पुलिन्दः = पुलिन्द
भविता = हुनेछन्
ततः = ती पुलिन्दका
सुतः = छोरा
घोषः = घोष
ततः = ती घोषका
सुतः = छोरा
वज्रमित्रः = वज्रमित्र (तिनका छोरा)
भागवतः = भागवत
तस्मात् = ती भागवतबाट
देवभूतिः = देवभूमि
भविष्यति इति = हुनेछन् भन्ने
श्रुतिः = सुनिएको छ
एते = यी
दश = दश जना
शुङ्गाः = शुङ्गवंशीय राजाहरूले
वर्षशताधिकं = सय वर्षभन्दा धेरै (एक सय बाह्र वर्ष)
भूमिं = पृथिवीलाई
भोक्ष्यन्ति = भोग गर्नेछन्

वाक्यार्थ— सुज्येष्ठका छोरा वसुमित्र, वसुमित्रका भद्रक, भद्रकका पुलिन्द, पुलिन्दका घोष, घोषका छोरा वज्रमित्र, वज्रमित्रका छोरा भागवत र भागवतका छोरा देवभूति हुनेछन् भन्ने सुनिएको छ। शुङ्गवंशका यी दशजना राजाहरूले सय वर्षभन्दा धेरै (एकसय बाह्र वर्ष) समयसम्म पृथिवीमा शासन गर्नेछन्।

ततः कण्वानियं भूमिर्यास्यत्यल्पगुणान् नृप।
शुङ्गं हत्वा देवभूतिं कण्वोऽमात्यस्तु कामिनम्॥ १९॥
स्वयं करिष्यते राज्यं वसुदेवो महामतिः।
तस्य पुत्रस्तु भूमित्रस्तस्य नारायणः सुतः।
नारायणस्य भविता सुशर्मा नाम विश्रुतः॥ २०॥
काण्वायना इमे भूमिं चत्वारिंशच्च पञ्च च।
शतानि त्रीणि भोक्ष्यन्ति वर्षाणां च कलौ युगे॥ २१॥

पदार्थ—
नृप = हे राजा परीक्षित्
ततः = त्यो शुङ्गवंशपछि

इयं = यो
भूमिः = पृथिवी
अल्पगुणान् = थोरै गुण भएका
कण्वान् = कण्ववंशी राजाहरूको अधीनमा
यास्यति = जानेछ
कामिनं = स्त्रीलम्पट
शुङ्गं = शुङ्गवंशी
देवभूतिं = देवभूतिलाई
हत्वा = मारेर
कण्वः = कण्ववंशी
महामतिः = अत्यन्त बुद्धिमान्
अमात्यः तु = मन्त्री
वसुदेवः = वसुदेवले
स्वयं = आफैँ
राज्यं = राज्य
करिष्यते = गर्नेछन्
तस्य = ती वसुदेवको
पुत्रः तु = छोरो चाहिँ
भूमित्रः = भूमित्र
तस्य = ती भूमित्रको
सुतः = छोरो
नारायणः = नारायण
नारायणस्य = नारायणका
सुशर्मा नाम = सुशर्मा नामका
विश्रुतः = प्रसिद्ध छोरा
भविता = हुनेछन्
इमे = यी
काण्वायनाः = कण्ववंशीय राजाहरूले
कलौ = कलि
युगे = युगमा
वर्षाणां = वर्षहरूको
त्रीणि शतानि च = तीन सय र
चत्वारिंशत् च पञ्च च = पैँतालीससम्म
भूमिं = पृथिवीको
भोक्ष्यन्ति = भोग गर्नेछन्

वाक्यार्थ– हे राजा परीक्षित्! शुङ्गवंशीय राजाहरूको पतनपछि यो पृथिवी कण्ववंशीय राजाहरूको अधीनमा हुनेछ। यी राजाहरूमा आफ्ना पूर्वजहरूमा भन्दा थोरै मात्र राजकीय गुणहरू रहनेछन्। शुङ्गवंशका अन्तिम राजा देवभूति अत्यन्त स्त्रीलम्पट हुनेछन्। उनलाई उनकै मन्त्री वसुदेवले मारेर आफैँले राज्य गर्नेछन्। कण्ववंशीय वसुदेव अत्यन्त बुद्धिमान् हुनेछन्। उनका छोरा भूमित्र, भूमित्रका छोरा नारायण र नारायणका छोरा सुशर्मा हुनेछन्। कण्ववंशीय राजाहरूमा सुशर्माको अधिक प्रसिद्धि रहनेछ। कण्ववंशीय यी चारजना राजाहरूले कलियुगमा तीन सय पैँतालीस वर्षसम्म राज्य गर्नेछन्।

हत्वा काण्वं सुशर्माणं तद्भृत्यो वृषलो बली।
गां भोक्ष्यत्यन्ध्रजातीयः कञ्चित् कालमसत्तमः॥ २२॥

पदार्थ–
काण्वं = कण्ववंशी
सुशर्माणं = सुशर्मालाई
हत्वा = मारेर
तद्भृत्यः = उनकै सेवक
वृषलः = शूद्र
असत्तमः = अत्यन्त दुष्ट
अन्ध्रजातीयः = अन्ध्रजातीय
बली = बलीले
कञ्चित् = केही
कालं = समयसम्म
गां = पृथिवीलाई
भोक्ष्यति = भोग गर्नेछन्

वाक्यार्थ– कण्ववंशका राजा सुशर्मालाई उनकै बली नाम गरेको शूद्रसेवकले मार्नेछन्। अन्ध्रजातीय बली अत्यन्त दुष्ट हुनेछन्। उनले केही समयसम्म पृथिवीमा शासन गर्नेछन्।

कृष्णनामाथ तद्भ्राता भविता पृथिवीपतिः।
श्रीशान्तकर्णस्तत्पुत्रः पौर्णमासस्तु तत्सुतः॥ २३॥

पदार्थ—
अथ = त्यसपछि
कृष्णनामा = कृष्ण नाम गरेका
तद्भ्राता = ती बलीका भाइ
पृथिवीपतिः = राजा
भविता = हुनेछन्
तत्पुत्रः = ती कृष्णका छोरा
श्रीशान्तकर्णः = श्रीशान्तकर्ण
तत्सुतः तु = ती श्रीशान्तकर्णका छोरा चाहिँ
पौर्णमासः = पौर्णमास हुनेछन्

वाक्यार्थ— त्यसपछि बलीका भाइ कृष्ण राजा हुनेछन्। कृष्णका श्रीशान्तकर्ण र उनका पौर्णमास नामका छोरा हुनेछन्।

लम्बोदरस्तु तत्पुत्रस्तस्माच्चिबिलको नृपः।
मेघस्वातिश्चिबिलकादटमानस्तु तस्य च ॥ २४ ॥
अनिष्टकर्मा हालेयस्तलकस्तस्य चात्मजः।
पुरीषभीरुस्तत्पुत्रस्ततो राजा सुनन्दनः ॥ २५ ॥

पदार्थ—
तत्पुत्रः तु = ती पौर्णमासका छोरा चाहिँ
लम्बोदरः = लम्बोदर
तस्मात् = ती लम्बोदरपछि
चिबिलकः = चिबिलक
नृपः = राजा हुनेछन्
चिबिलकात् तु = चिबिलकबाट
मेघस्वातिः = मेघस्वाति
तस्य च = ती मेघस्वातिको छोरो
अटमानः = अटमान
अनिष्टकर्मा = उनको अनिष्टकर्मा
हालेयः = उनको हालेय
तस्य च = ती हालेयको
आत्मजः = छोरो
तलकः = तलक
तत्पुत्रः = ती तलकको छोरो
पुरीषभीरुः = पुरीषभीरु
ततः = त्यसपछि
सुनन्दनः = सुनन्दन
राजा = राजा हुनेछन्

वाक्यार्थ— यसै गरी पौर्णमासका छोरा लम्बोदर, लम्बोदरका छोरा चिबिलक, उनका छोरा मेघस्वाति, उनका छोरा अटमान, अटमानका छोरा अनिष्टकर्मा, अनिष्टकर्माका छोरा हालेय, हालेयका छोरा तलक, तलकका छोरा पुरीषभीरु र पुरीषभीरुका छोरा सुनन्दन राजा हुनेछन्।

चकोरो बहवो यत्र शिवस्वातिररिन्दमः।
तस्यापि गोमतीपुत्रः पुरीमान् भविता ततः ॥ २६ ॥
मेदःशिराः शिवस्कन्दो यज्ञश्रीस्तत्सुतस्ततः।
विजयस्तत्सुतो भाव्यश्चन्द्रविज्ञः सलोमधिः ॥ २७ ॥
एते त्रिंशन्नृपतयश्चत्वार्यब्दशतानि च।
षट्पञ्चाशच्च पृथिवीं भोक्ष्यन्ति कुरुनन्दन ॥ २८ ॥

पदार्थ—
चकोरः = (सुनन्दनको छोरो) चकोर हुनेछन्
यत्र = जसका
बहवः = बहु नामले प्रसिद्ध (आठ छोरा हुनेछन्, तीमध्ये कान्छा छोरा)
अरिन्दमः = शत्रुहरूलाई दमन गर्न समर्थ
शिवस्वातिः = शिवस्वाति हुनेछन्
तस्य अपि = ती शिवस्वातिका पनि छोरा
गोमतीपुत्रः = गोमतीपुत्र
ततः = उनीबाट
पुरीमान् = पुरीमान्
भविता = हुनेछन्
मेदःशिराः = उनका छोरा मेदःशिरा
शिवस्कन्दः = उनका छोरा शिवस्कन्द
तत्सुतः = ती शिवस्कन्दका छोरा
यज्ञश्रीः = यज्ञश्री
तत्सुतः = ती यज्ञश्रीका छोरा
विजयः = विजय
भाव्यः = हुनेछन्
ततः = त्यसपछि
सलोमधिः = लोमधिले सहित
चन्द्रविज्ञः = चन्द्रविज्ञ हुनेछन्
कुरुनन्दन = हे कुरुनन्दन परीक्षित्
एते = यी
त्रिंशत् = तीस जना
नृपतयः = राजाहरूले
चत्वारि अब्दशतानि च = चार सय वर्ष र
षट्पञ्चाशत् च = छपन्न वर्षसम्म
पृथिवीं = पृथिवीलाई
भोक्ष्यन्ति = भोग गर्नेछन्

वाक्यार्थ— सुनन्दनका छोरा चकोर हुनेछन्। चकोरका बहु नामले प्रसिद्ध आठ जना छोराहरूमध्ये कान्छा छोरा शिवस्वाति अत्यन्त पराक्रमी र शत्रुहरूलाई दमन गर्न समर्थ हुनेछन्। उनका गोमतीपुत्र, गोमतीपुत्रका पुरीमान्, पुरीमान्का मेदःशिरा, मेदःशिराका शिवस्कन्द, शिवस्कन्दका यज्ञश्री र यज्ञश्रीका विजय नाम गरेका छोरा क्रमशः राजा हुनेछन्। राजा विजयका दुईजना छोराहरू हुनेछन्, चन्द्रविज्ञ र लोमधि। हे महाराज परीक्षित् ! बलीदेखि लोमधिसम्मका तीस जना राजाहरूले यो पृथिवीमा चार सय छपन्न वर्षसम्म शासन गर्नेछन्।

सप्ताभीरा आवभृत्या दश गर्दभिनो नृपाः।
कङ्काः षोडश भूपाला भविष्यन्त्यतिलोलुपाः॥ २९॥

पदार्थ—
आवभृत्याः = अवभृति नगरीका
सप्त = सात जना
आभीराः = आभीर
नृपाः = राजाहरू
दश = दश जना
गर्दभिनः = गर्दभी राजाहरू र
षोडश = सोह्र जना
कङ्काः = कङ्क
अतिलोलुपाः = अत्यन्त लोभी
भूपालाः = राजाहरू
भविष्यन्ति = हुनेछन्

वाक्यार्थ— हे परीक्षित् ! यसपछि अवभृति नगरीका सात जना आभीर, दश जना गर्दभी र सोह्र जना कङ्क राजाहरूले पृथिवीमा राज्य गर्नेछन्। यी सबै राजाहरू अत्यन्त लोभी हुनेछन्।

ततोऽष्टौ यवना भाव्याश्चतुर्दश तुरुष्ककाः।
भूयो दश गुरुण्डाश्च मौना एकादशैव तु॥ ३०॥

पदार्थ–
ततः = त्यसपछि
अष्टौ = आठ जना
यवनाः = यवनहरू
चतुर्दश = चौध जना
तुरुष्ककाः = तुर्कहरू
भूयः = फेरि
दश = दश जना
गुरुण्डाः च = गुरुण्डहरू र
एकादश एव तु = एघार जना चाहिँ
मौनाः = मौनहरू
भाव्याः = राजा हुनेछन्

वाक्यार्थ– त्यसपछि आठ जना यवन, चौध जना तुर्क (तुरुष्कक), दश जना गुरुण्ड र एघार जना मौनहरू राजा हुनेछन्।

एते भोक्ष्यन्ति पृथिवीं दशवर्षशतानि च।
नवाधिकां च नवतिं मौना एकादश क्षितिम्॥ ३१॥
भोक्ष्यन्त्यब्दशतान्यङ्ग त्रीणि तैः संस्थिते ततः।
किलिकिलायां नृपतयो भूतनन्दोऽथ वङ्गिरिः॥ ३२॥
शिशुनन्दिश्च तद्भ्राता यशोनन्दिः प्रवीरकः।
इत्येते वै वर्षशतं भविष्यन्त्यधिकानि षट्॥ ३३॥

पदार्थ–
एते = यी राजाहरूले
दशवर्षशतानि च नवाधिकां नवतिं च = एकहजार उनान्सय वर्षसम्म
पृथिवीं = पृथिवीलाई
भोक्ष्यन्ति = भोग गर्नेछन्
अङ्ग = हे प्रिय परीक्षित्
एकादश = एघार जना
मौनाः = मौन राजाहरूले
त्रीणि अब्दशतानि = तीन सय वर्षसम्म
क्षितिं = पृथिवीलाई
भोक्ष्यन्ति = भोग गर्नेछन्
ततः = त्यसपछि
तैः संस्थिते = ती मौन राजाहरूको समाप्तिपछि
किलिकिलायां = किलिकिला नगरीमा
भूतनन्दः = भूतनन्द
अथ = त्यसपछि
वङ्गिरिः = वङ्गिरि
तद्भ्राता = उनको भाइ
शिशुनन्दिः = शिशुनन्दि
यशोनन्दिः = यशोनन्दि
प्रवीरकः च = तथा प्रवीरक
इति = यी
एते = उक्त
नृपतयः = राजाहरू
वै = निश्चय नै
षट् अधिकानि वर्षशतं = एक सय छ वर्षसम्म
भविष्यन्ति = (शासक) हुनेछन्

वाक्यार्थ– उक्त (मौन बाहेकका) राजाहरूले एक हजार उनान्सय वर्षसम्म पृथिवीमा राज्य गर्नेछन्। एघार जना मौन राजाहरूले चाहिँ तीन सय वर्षसम्म पृथिवीको भोग गर्नेछन्। मौन राजाहरूको शासनकालपछि किलिकला नगरीका भूतनन्द राजा हुनेछन्। उनका छोरा बङ्गिरि र भाइहरू शिशुनन्दि, यशोनन्दि र प्रवीरक यी सबैले जम्मा एक सय छ वर्षसम्म शासन गर्नेछन्।

तेषां त्रयोदश सुता भवितारश्च बाह्लिकाः।
पुष्पमित्रोऽथ राजन्यो दुर्मित्रोऽस्य तथैव च॥ ३४॥

पदार्थ–
तेषां = तिनीहरूको
बाह्लिकाः च = बाह्लिकसंज्ञक
त्रयोदश = तेह्र जना
सुताः = छोराहरू
भवितारः = हुनेछन्
अथ = यसपछि
पुष्पमित्रः = पुष्पमित्र
तथा एव च = त्यसै गरी
अस्य = यी पुष्पमित्रको
दुर्मित्रः = दुर्मित्र नामका छोरा
राजन्यः = राजा हुनेछन्

वाक्यार्थ– ती मौन राजाहरूको तेह्र जना छोराहरू हुनेछन् जो बाह्लिक नामले प्रसिद्ध हुनेछन्। त्यसपछि पुष्पमित्र र उनका दुर्मित्र नामका छोरा क्रमशः राजा भएर राज्य गर्नेछन्।

एककाला इमे भूपाः सप्तान्ध्राः सप्त कोसलाः।
विदूरपतयो भाव्या निषधास्तत एव हि॥ ३५॥

पदार्थ–
एककालाः = एकै समयका
इमे = यी बाह्लिकवंशी
भूपाः = राजाहरूमध्ये
सप्त = सात जना
आन्ध्राः = आन्ध्रप्रदेशका शासक
सप्त = सात जना
कोसलाः = कोसल राज्यका शासक
विदूरपतयः = विदूर देशका शासक
ततः एव हि = त्यसै गरी
निषधाः = निषध देशका शासक
भाव्याः = हुनेछन्

वाक्यार्थ– बाह्लिकवंशी राजाहरूले एकै समयमा विभिन्न देशमा राज्य गर्नेछन्। तिनीहरूमध्ये सात जनाले आन्ध्र देशमा, सातै जनाले कोसल देशमा, कसैले विदूर देशमा र कसैले निषध देशमा राज्य गर्नेछन्।

मागधानां तु भविता विश्वस्फूर्जिः पुरञ्जयः।
करिष्यत्यपरो वर्णान् पुलिन्दयदुमद्रकान्॥ ३६॥

पदार्थ–
मागधानां तु = मगध देशको राजा
विश्वस्फूर्जिः = विश्वस्फूर्जि
पुरञ्जयः = पुरञ्जय
भविता = हुनेछन्
अपरः = पूर्वोक्त पुरञ्जय भन्दा भिन्न यिनले
पुलिन्दयदुमद्रकान् = पुलिन्द, यदु र मद्रक
वर्णान् = तीन जाति
करिष्यति = बनाउनेछन्

वाक्यार्थ– मगध देशका राजा विश्वस्फूर्जि भनिने पुरञ्जय हुनेछन् (यिनी पूर्वोक्त पुरञ्जय भन्दा भिन्न हुन्)। यिनले उच्च वर्णलाई पुलिन्द, यदु र मद्रक यी तीन नीच जातिमा परिवर्तन गरिदिनेछन्।

प्रजाश्चाब्रह्मभूयिष्ठाः स्थापयिष्यति दुर्मतिः।
वीर्यवान् क्षत्रमुत्साद्य पद्मवत्यां स वै पुरि॥
अनुगङ्गमाप्रयागं गुप्तां भोक्ष्यति मेदिनीम्॥ ३७॥

पदार्थ–
दुर्मतिः = दुर्बुद्धि
वीर्यवान् = अत्यन्त बलशाली
सः = ती विश्वस्फूर्जिले
पद्मवत्यां = पद्मवती
पुरि = नगरीमा
क्षत्रं = क्षत्रियहरूलाई
उत्साद्य = समाप्त पारेर
अब्रह्मभूयिष्ठाः = ब्राह्मण आदि त्रिवर्णले रहित शूद्र
प्रजाः च = प्रजाहरूलाई मात्र
स्थापयिष्यति = पालन गरेर राख्नेछन् अनि
आप्रयागं = प्रयागदेखि
अनुगङ्गं = गङ्गाको तीरैतीर हरिद्वारसम्म
गुप्तां = सुरक्षित
मेदिनीम् = पृथिवीलाई
वै = निश्चय नै
भोक्ष्यति = भोग गर्नेछन्

वाक्यार्थ– अत्यन्तै बलशाली तर बुद्धि भ्रष्ट भएका विश्वस्फूर्जिले पद्मवती नगरीमा भएका क्षत्रियहरूलाई समाप्त पारेर ब्राह्मण, क्षत्रिय र वैश्यहरू बाहेकका शूद्रजातीय प्रजाहरूलाई मात्र पालन गर्दै प्रयागदेखि हरिद्वारसम्म सुरक्षित पृथिवीको राज्यभोग गर्नेछन्।

सौराष्ट्रावन्त्याभीराश्च शूरा अर्बुदमालवाः।
व्रात्या द्विजा भविष्यन्ति शूद्रप्राया जनाधिपाः॥ ३८॥

पदार्थ–
सौराष्ट्रावन्त्याभीराः = सौराष्ट्र, अवन्ती, आभीर
शूराः = शूर
अर्बुदमालवाः च = अर्बुद र मालव देशका बासिन्दा
द्विजाः = ब्राह्मणहरू
व्रात्याः = संस्कारभ्रष्ट
जनाधिपाः = राजाहरू चाहिँ
शूद्रप्रायाः = शूद्र जस्ता
भविष्यन्ति = हुनेछन्

वाक्यार्थ– सौराष्ट्र, अवन्ती, आभीर, शूर, अर्बुद र मालव देशका बासिन्दा ब्राह्मणहरू पनि संस्कारभ्रष्ट हुनेछन् भने राजाहरू शूद्रस्वभावका हुनेछन्।

सिन्धोस्तटं चन्द्रभागां कौन्तीं काश्मीरमण्डलम्।
भोक्ष्यन्ति शूद्रा व्रात्याद्या म्लेच्छाश्चाब्रह्मवर्चसः॥ ३९॥

पदार्थ–
शूद्राः = शूद्रतुल्य भएका
व्रात्याद्याः = संस्कारहीन भएका
अब्रह्मवर्चसः च = ब्रह्मतेज नभएका
म्लेच्छाः = म्लेच्छ राजाहरूले
सिन्धोः तटं = सिन्धुतट
चन्द्रभागां = चन्द्रभागा
कौन्तीं = कौन्ती र
काश्मीरमण्डलं = काश्मीरमण्डलको
भोक्ष्यन्ति = भोग गर्नेछन्

वाक्यार्थ– सिन्धुतट, चन्द्रभागा, कौन्ती, काश्मीरमण्डल जस्ता प्रदेशहरूमा शूद्रस्वभाव भएका,

संस्कार तथा ब्रह्मतेजले रहित म्लेच्छ राजाहरूले शासन गर्नेछन्।

तुल्यकाला इमे राजन् म्लेच्छप्रायाश्च भूभृतः।
एतेऽधर्मानृतपराः फल्गुदास्तीव्रमन्यवः॥ ४०॥
स्त्रीबालगोद्विजघ्नाश्च परदारधनादृताः।
उदितास्तमितप्राया अल्पसत्त्वाल्पकायुषः॥ ४१॥
असंस्कृताः क्रियाहीना रजसा तमसावृताः।
प्रजास्ते भक्षयिष्यन्ति म्लेच्छा राजन्यरूपिणः॥ ४२॥

पदार्थ–
राजन् = हे राजा परीक्षित्
तुल्यकालाः = एउटै समयमा राज्य गर्ने
इमे = यी
भूभृतः = राजाहरू
म्लेच्छप्रायाः च = म्लेच्छतुल्य हुनेछन्
एते = यिनीहरू
अधर्मानृतपराः = अधार्मिक एवं फ्रुटा
फल्गुदाः = थोरै दान गर्ने
तीव्रमन्यवः = चाँडै रिसाउने
स्त्रीबालगोद्विजघ्नाः = स्त्री, बालक, गाई र ब्राह्मणहरूका हत्यारा
परदारधनादृताः च = परस्त्री र परधनलाई लुट्ने
उदितास्तमितप्रायाः = वृद्धि र नाश भइरहने
अल्पसत्त्वाल्पकायुषः = थोरै शक्ति र थोरै आयु भएका
असंस्कृताः = संस्कारहीन
क्रियाहीनाः = कर्महीन
रजसा = रजोगुणले
तमसा = तमोगुणले
आवृताः = ढाकिएका
राजन्यरूपिणः = राजाको रूपमा रहेका
ते = ती
म्लेच्छाः = म्लेच्छहरूले
प्रजाः = प्रजाहरूलाई
भक्षयिष्यन्ति = खानेछन्

वाक्यार्थ– हे राजा परीक्षित्! एउटै समयमा राज्य गर्ने ती सबै राजाहरूको विचार र व्यवहार म्लेच्छकै जस्तो हुनेछ। यिनीहरू अधार्मिक हुनेछन्। यिनीहरू फ्रुट बोल्ने, थोरै दान गर्ने र सानो कुरामा पनि चाँडै रिसाउने स्वभावका हुनेछन्। स्त्री, बालक, गाई र ब्राह्मणहरूलाई मार्ने र अर्काकी स्त्री र धन खोसेर लिने प्रवृत्ति यिनीहरूमा रहनेछ। यिनीहरूको बल र ऐश्वर्य चाँडै बढ्ने र चाँडै घट्ने हुनेछ। यिनीहरूमा थोरै मात्र शक्ति हुनेछ र यिनीहरूको आयु पनि कम हुनेछ। रजोगुणी र तमोगुणी यिनीहरू संस्कारहीन हुनेछन्। यिनीहरूले आफ्नो कर्तव्यको पालना कत्ति पनि गर्ने छैनन्। यसरी राजाको रूपमा बसेका यी म्लेच्छहरूले प्रजाहरूलाई समाप्त गर्नेछन्।

तन्नाथास्ते जनपदास्तच्छीलाचारवादिनः।
अन्योन्यतो राजभिश्च क्षयं यास्यन्ति पीडिताः॥ ४३॥

पदार्थ–
तन्नाथाः = त्यस्ता राजा भएका
ते = ती

जनपदाः च = प्रजाहरू पनि
तच्छीलाचारवादिनः = त्यस्तै स्वभाव, आचार र बोली भएका
राजभिः = राजाहरूद्वारा
अन्योन्यतः = परस्पर
पीडिताः = पीडित भएर
क्षयं = विनाशमा
यास्यन्ति = प्राप्त हुनेछन्

वाक्यार्थ– राजा जस्ता छन्, उनीहरूका प्रजाहरू पनि त्यस्तै स्वभाव, आचार-विचार र बोली भएका हुनेछन्। यस्तो अवस्थामा ती म्लेच्छतुल्य राजाहरूबाट परस्पर पीडित भएका प्रजाहरू अन्त्यमा स्वयं नष्ट हुनेछन्।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे प्रथमोऽध्यायः॥ १ ॥

अथ द्वितीयोऽध्यायः

कलियुगका दोष र विशेषता

श्रीशुक उवाच (श्रीशुकदेवले भन्नुभयो)

ततश्चानुदिनं धर्मः सत्यं शौचं क्षमा दया ।

कालेन बलिना राजन् नङ्क्ष्यत्यायुर्बलं स्मृतिः ॥ १ ॥

पदार्थ—
राजन् = हे राजा परीक्षित्
ततः च = त्यसपछि (कलियुग आइसकेपछि)
बलिना = अत्यन्त बलवान्
कालेन = समयद्वारा
अनुदिनं = प्रत्येक दिन
धर्मः = धर्म
सत्यं = सत्य
शौचं = पवित्रता
क्षमा = क्षमा
दया = दया
आयुः = आयु
बलं = बल
स्मृतिः = स्मृति
नङ्क्ष्यति = नष्ट हुनेछ

वाक्यार्थ— हे राजा परीक्षित् ! कलियुग आइसकेपछि बलवान् समयको प्रभावले गर्दा प्रत्येक दिन मानिसहरूमा रहेको धर्म, सत्य, पवित्रता, क्षमा, दया, आयु, बल र स्मरणशक्ति नष्ट हुँदै जानेछन् ।

वित्तमेव कलौ नृणां जन्माचारगुणोदयः ।

धर्मन्यायव्यवस्थायां कारणं बलमेव हि ॥ २ ॥

पदार्थ—
कलौ = कलियुगमा
नृणां = मानिसहरूको
जन्माचारगुणोदयः = जन्मिएको कुल, आचार र गुणको उदय भनेको
वित्तं एव = धन नै हुनेछ
धर्मन्यायव्यवस्थायां = धर्म र न्यायको व्यवस्थामा
बलं एव हि = बल नै
कारणम् = कारण मानिनेछ

वाक्यार्थ— कलियुगमा सम्पत्ति भएको धनवान् व्यक्ति नै कुलीन, सदाचारी र दया आदि गुणले सम्पन्न मानिनेछ। धर्म र न्यायको व्यवस्थामा चाहिँ बल नै कारण बन्नेछ।

दाम्पत्येऽभिरुचिर्हेतुर्मायैव व्यावहारिके ।

स्त्रीत्वे पुंस्त्वे च हि रतिर्विप्रत्वे सूत्रमेव हि ॥ ३ ॥

पदार्थ—
दाम्पत्ये = वैवाहिक सम्बन्धमा
अभिरुचिः = युवा र युवतिबिचको चाहना नै
हेतुः = कारण हुनेछ
व्यावहारिके = व्यवहारको

विषयमा
माया एव = छलकपट नै मुख्य हुनेछ
स्त्रीत्वे पुंस्त्वे च = स्त्री र पुरुषको श्रेष्ठतामा
रतिः हि = रतिनिपुणता नै कारण हुनेछ
विप्रत्वे = ब्राह्मणत्वमा
हि = निश्चय नै
सूत्रं एव = जनै मात्र कारण हुनेछ

वाक्यार्थ– वैवाहिक सम्बन्धको मुख्य आधार युवा र युवतिको चाहना मात्रै हुनेछ। (त्यसमा युवा र युवतिको कुल, शील, आचारविचारको ख्याल गरिनेछैन।) जसले जति धेरै छलपूर्ण व्यवहार गर्दछ, त्यो व्यक्ति नै व्यवहारमा निपुण मानिनेछ। स्त्रीपुरुषको श्रेष्ठता रतिकौशलमा निहित हुनेछ, अनि जनै मात्र ब्राह्मणत्वको कारण मानिनेछ। (गुण र स्वभावको आधारमा ब्राह्मणत्वको निर्धारण हुनेछैन)।

लिङ्गमेवाश्रमख्यातावन्योन्यापत्तिकारणम्।
अवृत्त्या न्यायदौर्बल्यं पाण्डित्ये चापलं वचः॥ ४॥

पदार्थ–
आश्रमख्यातौ = ब्रह्मचर्य आदि आश्रमको ज्ञानका लागि
अन्योन्यापत्तिकारणं = परस्पर गरिने नमस्कार आदि व्यवहारको कारण पनि
लिङ्गं एव = दण्ड, मृगचर्म आदि चिह्न नै कारण मानिनेछन्
अवृत्त्या = धनसम्पत्ति नभएमा
न्यायदौर्बल्यं = न्याय प्राप्त हुँदैन
पाण्डित्ये = पाण्डित्यका लागि
चापलं वचः = चिप्लो भाषण नै कारण मानिनेछ (पण्डित मानिनलाई विद्याभ्यास गर्न नपर्ने हुन्छ)

वाक्यार्थ– दण्ड, मृगचर्म, तिलक, वस्त्र आदि चिह्नहरू नै ब्रह्मचारी, संन्यासी आदि आश्रमको ज्ञानका कारण मानिनेछन् र तिनै चिह्नहरूको आधारमा एकले अर्कालाई परस्पर नमस्कार आदि सम्मानभाव प्रकट गर्नेछन्। आश्रमीहरूको आचारलाई महत्त्व दिइनेछैन। जसले धनसम्पत्ति खर्च गर्न सक्दैन (घुस खुवाउँदैन), त्यसले न्याय पाउँदैन। जसले चिप्ला कुरा गर्छ त्यसैलाई पण्डित मानिनेछ (पण्डित मानिनलाई विद्याभ्यास गर्नु पर्दैन)।

अनाढ्यतैवासाधुत्वे साधुत्वे दम्भ एव तु।
स्वीकार एव चोद्वाहे स्नानमेव प्रसाधनम्॥ ५॥

पदार्थ–
असाधुत्वे = नीचताका लागि
अनाढ्यता एव = गरिबी नै
साधुत्वे = सज्जनताका लागि
दम्भः एव तु = छलपूर्ण व्यवहार (पाखण्ड) नै कारण मानिनेछ
उद्वाहे च = विवाहमा
स्वीकारः एव = एकले अर्कालाई स्वीकार गर्नु नै कारण मानिनेछ
प्रसाधनं एव = शृङ्गार गर्नुलाई नै
स्नानम् = स्नान मानिनेछ

वाक्यार्थ– गरिबी नै नीचताको कारण हुनेछ। छलपूर्ण व्यवहार (पाखण्डीपन) नै सज्जनताको कारण मानिनेछ। युवा-युवतिले एक-अर्कालाई स्वीकार गर्नुलाई नै विवाह मानिनेछ, (शास्त्रीयविधिको आवश्यकता छ भन्ने मानिनेछैन)। शृङ्गारलाई नै स्नान मानिनेछ (तीर्थस्नानको महत्त्व हुनेछैन)।

दूरे वार्ययनं तीर्थं लावण्यं केशधारणम्।
उदरम्भरता स्वार्थः सत्यत्वे धाष्ट्र्यमेव हि॥ ६॥

पदार्थ–
दूरे = टाढा रहेको
वार्ययनं = जलाशय
तीर्थं = तीर्थ मानिनेछ
केशधारणं = छाँटकाँट गरेको कपाल पाल्नु
लावण्यं = सुन्दरता मानिनेछ
उदरम्भरता = पेट भर्नु नै
स्वार्थः = परम पुरुषार्थ मानिनेछ
सत्यत्वे हि = सत्यताको लागि
धाष्ट्र्यम् एव = हठ नै कारण मानिनेछ

वाक्यार्थ– (नजिकमा रहेका तीर्थ, मातापिता आदिको उपेक्षा गरी) टाढा रहेका जलाशयलाई तीर्थ मानिनेछ। छाँटकाँट गरिएको कपाल सुन्दरताको कारण मानिनेछ। आफ्नो पेट भर्नुलाई नै परमपुरुषार्थ मानिनेछ र हठपूर्ण व्यवहारलाई नै सत्य मानिनेछ।

दाक्ष्यं कुटुम्बभरणं यशोऽर्थे धर्मसेवनम्।
एवं प्रजाभिर्दुष्टाभिराकीर्णे क्षितिमण्डले॥ ७॥
ब्रह्मविट्क्षत्रशूद्राणां यो बली भविता नृपः।
प्रजा हि लुब्धै राजन्यैर्निर्घृणैर्दस्युधर्मभिः॥ ८॥
आच्छिन्नदारद्रविणा यास्यन्ति गिरिकाननम्।
शाकमूलामिषक्षौद्रफलपुष्पाष्टिभोजनाः॥ ९॥

पदार्थ–
कुटुम्बभरणं = परिवारको भरणपोषण गर्नुलाई नै
दाक्ष्यं = चतुऱ्याइँ मानिनेछ
यशोऽर्थे = नाम कमाउन
धर्मसेवनं = धर्म गरिनेछ
एवं = यसरी
दुष्टाभिः = दुष्ट
प्रजाभिः = मान्छेहरूद्वारा
क्षितिमण्डले = समग्र भूमण्डल
आकीर्णे = व्याप्त भएपछि
ब्रह्मविट्क्षत्रशूद्राणां = ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रमध्ये
यः = जो
बली = शक्तिशाली हुन्छ, त्यही
नृपः = राजा
भविता = हुनेछ
लुब्धैः = अत्यन्त लोभी
निर्घृणैः = निर्दयी
दस्युधर्मभिः = डाँकाको जस्तो आचरण भएका
राजन्यैः = राजाहरूद्वारा
आच्छिन्नदारद्रविणाः = पत्नी र धनसम्पत्ति लुटिएका
प्रजाः = प्रजाहरू
शाकमूलामिषक्षौद्रफलपुष्पाष्टि-भोजनाः = साग, कन्दमूल, मासु, मदिरा, फलफूल र फलका बीज भोजन गर्न
हि = निश्चय नै
गिरिकाननं = पहाड र जङ्गलमा
यास्यन्ति = जानेछन्

वाक्यार्थ– परिवारको भरणपोषण गर्नुलाई नै चतुऱ्याइँ (निपुणता) मानिनेछ। मानिसहरू यशका लागि धर्म गर्नेछन्। यसरी यो संसार दुष्टै-दुष्टहरूले भरिनेछ। यस्तो अवस्थामा ब्राह्मण, क्षत्रिय,

वैश्य र शूद्रमध्ये जो शक्तिशाली हुन्छ, त्यही नै राजा हुनेछ। राजाहरू अत्यन्त लोभी र निर्दयी हुनेछन्। उनीहरूको स्वभाव र आचरण डाँकाको जस्तो तुच्छ हुनेछ। त्यसैले उनीहरूले आफ्नै प्रजाहरूका पत्नी र धनसम्पत्ति समेत जबर्जस्ती लुट्नेछन्। आतङ्कित भएका प्रजाहरू पहाड र जङ्गलमा गएर बस्नेछन् र त्यहाँ उनीहरूले साग, कन्दमूल, मासु, मदिरा, फलफूल र फलका बीजहरू खाएर पेट भर्नेछन्।

अनावृष्ट्या विनङ्क्ष्यन्ति दुर्भिक्षकरपीडिताः।
शीतवातातपप्रावृड्हिमैरन्योन्यतः प्रजाः॥ १०॥

पदार्थ–
अनावृष्ट्या = पानी नपर्नाले
दुर्भिक्षकरपीडिताः = अनिकाल र राज्यलाई दिनुपर्ने करले पीडित
प्रजाः = प्रजाहरू
शीतवातातपप्रावृड्हिमैः = जाडो, हुरी, गर्मी, वर्षा र हिमपातद्वारा
अन्योन्यतः = पारस्परिक सङ्घर्षद्वारा
विनङ्क्ष्यन्ति = नष्ट हुनेछन्

वाक्यार्थ– पानी नपर्नाले अनिकाल लाग्नेछ अनि अर्कातिर प्रजाहरूले राज्यलाई चर्को कर (राजस्व) तिर्नुपर्ने हुन्छ। जाडो, हुरी, गर्मी, वर्षा र हिमपातद्वारा पीडित प्रजाहरू पारस्परिक सङ्घर्षले झन् कमजोर भएर नष्ट हुनेछन्।

क्षुत्तृड्भ्यां व्याधिभिश्चैव सन्तप्स्यन्ते च चिन्तया।
त्रिंशद्विंशति वर्षाणि परमायुः कलौ नृणाम्॥ ११॥

पदार्थ–
क्षुत्तृड्भ्यां = भोक र प्यासद्वारा
व्याधिभिः चैव = रोगहरूद्वारा र
चिन्तया च = चिन्ताद्वारा पनि
सन्तप्स्यन्ते = पीडित हुनेछन्
कलौ = कलियुगमा
नृणां = मनुष्यहरूको
परमायुः = परम आयु
त्रिंशद्विंशति वर्षाणि = बीस–तीस वर्ष हुनेछ

वाक्यार्थ– प्रजाहरू भोक र प्यासले आकुलव्याकुल हुनेछन्। चिन्ताले उनीहरूलाई सताइरहनेछ। उनीहरू विभिन्न रोगहरूद्वारा पीडित हुनेछन्। त्यसैले कलियुगमा मनुष्यहरूको परम आयु बीस–तीस वर्ष हुनेछ।

क्षीयमाणेषु देहेषु देहिनां कलिदोषतः।
वर्णाश्रमवतां धर्मे नष्टे वेदपथे नृणाम्॥ १२॥
पाखण्डप्रचुरे धर्मे दस्युप्रायेषु राजसु।
चौर्यानृतवृथाहिंसा नानावृत्तिषु वै नृषु॥ १३॥

पदार्थ–
कलिदोषतः = कलियुगको दोषका कारण

देहिनां = प्राणीहरूको
देहेषु = शरीर
क्षीयमाणेषु = सानो र दुर्बल हुँदै गएपछि
वर्णाश्रमवतां = वर्णधर्म र आश्रमधर्म मान्ने
नृणां = मनुष्यहरूको
वेदपथे = वेदप्रतिपादित
धर्मे = धर्ममार्ग
नष्टे = नष्ट भएपछि
धर्मे = अन्य धर्ममा पनि
पाखण्डप्रचुरे = पाखण्डको बढोत्तर भएपछि
राजसु = राजाहरू
दस्युप्रायेषु = डाँका जस्ता भएपछि
नृषु वै = प्रजाहरू पनि
चौर्यानृतवृथाहिंसानानावृत्तिषु = चोरी, झुट, निरपराध प्राणीहिंसा आदि कुकर्मद्वारा जीविका चलाउने हुनेछन्

वाक्यार्थ– कलियुगको दोषका कारण प्राणीहरूको शरीर होचो र दुर्बल बन्दै जानेछ। वर्णाश्रमधर्मको महत्त्व बताउने वेदप्रतिपादित धर्म नष्ट हुनेछ। बाँकी रहेका धर्ममा पनि पाखण्डहरूको बढोत्तर हुनेछ। राजाहरू डाँका जस्ता भएपछि प्रजाहरूले पनि चोरी, झुट व्यवहार, निरपराध प्राणीहरूको हिंसा तथा अनेक कुकर्म गरी आफ्नो जीविका चलाउनेछन्।

शूद्रप्रायेषु वर्णेषुच्छागप्रायासु धेनुषु।
गृहप्रायेष्वाश्रमेषु यौनप्रायेषु बन्धुषु॥ १४॥
अणुप्रायास्वोषधीषु शमीप्रायेषु स्थास्नुषु।
विद्युत्प्रायेषु मेघेषु शून्यप्रायेषु सद्मसु॥ १५॥
इत्थं कलौ गतप्राये जने तु खरधर्मिणि।
धर्मत्राणाय सत्त्वेन भगवानवतरिष्यति॥ १६॥

पदार्थ–
वर्णेषु = ब्राह्मण आदि वर्णहरू
शूद्रप्रायेषु = शूद्रतुल्य भएपछि
धेनुषु = गाईहरू
छागप्रायासु = साना र थोरै दुध दिने बाख्रीजस्तो भएपछि
आश्रमेषु = संन्यास आदि आश्रमहरू
गृहप्रायेषु = गृहस्थ आश्रम झैं विषयभोगमा लिप्त भएपछि
बन्धुषु = आफन्तजनहरू
यौनप्रायेषु = वैवाहिक सम्बन्धमा मात्र प्रगाढ हुन थालेपछि
ओषधीषु = अन्नहरू
अणुप्रायासु = अत्यन्त साना र गुणहीन भएपछि
स्थास्नुषु = ठुलाठुला वृक्षहरू
शमीप्रायेषु = शमीको बुटोजस्तो सानो हुन थालेपछि
मेघेषु = बादलहरूमा
विद्युत्प्रायेषु = पानी थोरै र बिजुली धेरै हुन थालेपछि
सद्मसु = घरहरू
शून्यप्रायेषु = अतिथिहरूको भोजन, सत्कार र वेदध्वनिले रहित भएपछि
इत्थं = यसरी
जने तु = मनुष्यहरूमा
खरधर्मिणि = गधाको जस्तो स्वभाव भएपछि
कलौ = कलिकाल
गतप्राये = समाप्त हुने वेलामा
धर्मत्राणाय = धर्मको रक्षा गर्नका लागि
भगवान् = भगवान्
सत्त्वेन = सत्त्वगुणी शरीरद्वारा
अवतरिष्यति = अवतीर्ण हुनुहुनेछ

वाक्यार्थ– ब्राह्मण आदि चारै वर्णका मानिसहरू शूद्रतुल्य हुनेछन्। गाईहरू बाख्री जस्तै साना र थोरै दुध दिनेवाला हुनेछन्। संन्यास आदि आश्रमहरू पनि गृहस्थ आश्रम झैँ विषयभोगी हुनेछन्। वैवाहिक सम्बन्ध जहाँ हुन्छ, त्यहीँ मात्र आफन्तपन रहनेछ। धान, जौ आदि अन्नहरू अति साना र गुणहीन हुनेछन्। ठुला-ठुला वृक्षहरू शमीको बुटोजस्ता साना हुनेछन्। बादलहरूले थोरै मात्र वृष्टि गर्नेछन्, तर बिजुली धेरै चम्कनेछ। गृहस्थका घरहरू अतिथिहरूको भोजन, सत्कार तथा वेदध्वनिले शून्य रहनेछन्। हे परीक्षित् ! यसरी कलियुग समाप्त हुने वेलामा मानिसहरू गधाको जस्तै स्वभाव भएका हुनेछन्। यस्तो परिस्थितिमा धर्मको रक्षा गर्नका लागि शुद्ध सत्त्वगुणी शरीर धारण गरेर भगवान्ले अवतार लिनुहुनेछ।

चराचरगुरोर्विष्णोरीश्वरस्याखिलात्मनः।
धर्मत्राणाय साधूनां जन्म कर्मापनुत्तये ॥ १७ ॥

पदार्थ–
चराचरगुरोः = चराचर जगत्का गुरु
अखिलात्मनः = सम्पूर्ण जगत्का आत्मा
ईश्वरस्य = सर्वव्यापक भगवान्
विष्णोः = विष्णुको
जन्म = अवतार
साधूनां = सज्जनहरूको
धर्मत्राणाय = धर्मरक्षाका लागि
कर्मापनुत्तये = कर्मबन्धनको नाशका लागि हुन्छ

वाक्यार्थ– चराचर जगत्का गुरु र आत्मा सर्वेश्वर भगवान् विष्णुको अवतार सज्जनहरूको धर्मको रक्षा र कर्मबन्धनको नाशका लागि हुन्छ।

शम्भलग्राममुख्यस्य ब्राह्मणस्य महात्मनः।
भवने विष्णुयशसः कल्किः प्रादुर्भविष्यति ॥ १८ ॥

पदार्थ–
शम्भलग्राममुख्यस्य = शम्भल गाउँका प्रमुख
महात्मनः = उदारहृदयी
विष्णुयशसः = विष्णुयश
ब्राह्मणस्य = ब्राह्मणको
भवने = घरमा
कल्किः = कल्कि अवतार
प्रादुर्भविष्यति = उत्पन्न हुनुहुनेछ

वाक्यार्थ– शम्भल गाउँका प्रमुख विष्णुयश नाम गरेका उदारहृदयी ब्राह्मणको घरमा भगवान् कल्किले अवतार लिनुहुनेछ।

अश्वमाशुगमारुह्य देवदत्तं जगत्पतिः।
असिनासाधुदमनमष्टैश्वर्यगुणान्वितः ॥ १९ ॥
विचरन्नाशुना क्षोण्यां हयेनाप्रतिमद्युतिः।
नृपलिङ्गच्छदो दस्यून् कोटिशो निहनिष्यति ॥ २० ॥

पदार्थ–
अष्टैश्वर्यगुणान्वितः = अणिमा आदि अष्टसिद्धि र सत्यसङ्कल्प,

शौर्य आदि गुणले युक्त
अप्रतिमद्युतिः = अतुलनीय प्रकाशले युक्त
जगत्पतिः = जगदीश्वर कल्कि भगवान्
आशुगं = छिटो दौडने
देवदत्तं = देवदत्त नामक
अश्वं = घोडामा
आरुह्य = चढेर
आशुना = वेगवान्
हयेन = घोडाद्वारा
क्षोण्यां = पृथिवीमा
विचरन् = घुम्दै
असाधुदमनं = दुष्टहरूको दमन गर्दै
नृपलिङ्गच्छदः = राजचिह्नले युक्त भएका
कोटिशः = करोडौँ
दस्यून् = दुष्ट डाँकाहरूलाई
असिना = तरबारले काटेर
निहनिष्यति = मार्नुहुनेछ

वाक्यार्थ— भगवान् कल्कि अणिमा आदि अष्टसिद्धि र सत्यसङ्कल्प, शौर्य आदि गुणले सम्पन्न साक्षात् जगत्पति हुनुहुनेछ। उहाँको पूरा शरीर अतुलनीय प्रकाशपुञ्जले सुशोभित हुनेछ। उहाँले देवदत्त नामक वेगवान् घोडामा चढेर पृथिवीमा घुम्दै दुष्टहरूको दमन गर्नुहुनेछ र राजाको रूपमा बसेका दुष्ट डाँकाहरूलाई तरबारले काटेर मार्नुहुनेछ।

अथ तेषां भविष्यन्ति मनांसि विशदानि वै।
वासुदेवाङ्गरागातिपुण्यगन्धानिलस्पृशाम्।
पौरजानपदानां वै हतेष्वखिलदस्युषु॥ २१॥

पदार्थ—
अखिलदस्युषु = सम्पूर्ण अधर्मी डाँकाहरू
हतेषु = मारिएपछि
अथ वै = त्यसपछि
वासुदेवाङ्गरागातिपुण्यगन्धानिल-स्पृशां = वासुदेव भगवान् कल्किको अङ्गमा लगाएको चन्दन आदि अङ्गरागले अति पवित्र भएको हावाद्वारा स्पर्श गरिएका
पौरजानपदानां = देशवासी र नगरवासी
तेषां = ती प्रजाहरूको
मनांसि = मन
वै = निश्चय नै
विशदानि = निर्मल
भविष्यन्ति = हुनेछन्

वाक्यार्थ— सम्पूर्ण अधर्मी डाँकाहरूको विनाश भइसकेपछि वासुदेव भगवान् कल्किको शरीरमा लगाइएको चन्दन आदि अङ्गरागको स्पर्श पाएर अत्यन्त पवित्र भएको हावाले सम्पूर्ण नगरवासी र देशवासी प्रजाहरूलाई स्पर्श गर्नेछ। त्यो स्पर्शले प्रजाहरूको मन निर्मल बन्नेछ।

तेषां प्रजाविसर्गश्च स्थविष्ठः सम्भविष्यति।
वासुदेवे भगवति सत्त्वमूर्तौ हृदि स्थिते॥ २२॥

पदार्थ—
सत्त्वमूर्तौ = सत्त्वमूर्ति
वासुदेवे = वासुदेव
भगवति = भगवान्
हृदि = हृदयमा
स्थिते = विराजमान भएपछि
तेषां = ती प्रजाहरूको
प्रजाविसर्गः च = पुत्र आदि सन्तति पनि
स्थविष्ठः = हृष्टपुष्ट
सम्भविष्यति = हुनेछन्

वाक्यार्थ– प्रजाहरूको हृदयमा सत्त्वमूर्ति भगवान् वासुदेव विराजमान हुनुभएपछि ती प्रजाहरूको सन्तान पनि पूर्ववत् हृष्टपुष्ट हुनेछन्।

यदावतीर्णो भगवान् कल्किर्धर्मपतिर्हरिः।
कृतं भविष्यति तदा प्रजासूतिश्च सात्त्विकी॥ २३॥

पदार्थ–	**यदा** = जब	**तदा** = त्यस समयमा
धर्मपतिः = धर्मका परिपालक	**अवतीर्णः** = अवतरित हुनुहुनेछ	**प्रजासूतिः च** = प्रजाहरूको
हरिः = श्रीहरिका अवतार	(तब)	उत्पत्ति पनि
भगवान् = भगवान्	**कृतं** = सत्ययुग	**सात्त्विकी** = सत्त्वगुणी हुनेछ
कल्किः = कल्कि	**भविष्यति** = प्रारम्भ हुनेछ	

वाक्यार्थ– धर्मका परिपालक श्रीहरिका अवतार भगवान् कल्किले जब अवतार ग्रहण गर्नुहुनेछ तब संसारमा सत्ययुगको आरम्भ हुनेछ। सन्तानहरू पनि सत्त्वगुणी भएर जन्मनेछन्।

यदा चन्द्रश्च सूर्यश्च तथा तिष्यबृहस्पती।
एकराशौ समेष्यन्ति तदा भवति तत् कृतम्॥ २४॥

पदार्थ–	**तथा** = त्यस्तै	**तदा** = त्यस समयमा
यदा = जब	**तिष्यबृहस्पती** = पुष्य र बृहस्पति	**तत्** = त्यो
चन्द्रः च = चन्द्रमा र	**एकराशौ** = एउटै राशिमा	**कृतं** = सत्ययुग
सूर्यः च = सूर्य	**समेष्यन्ति** = प्राप्त हुनेछन्	**भवति** = प्रारम्भ हुन्छ

वाक्यार्थ– जब चन्द्रमा, सूर्य र बृहस्पति एउटै समयमा एकै पटक एउटै राशिमा रही पुष्य नक्षत्रमा प्रवेश गर्दछन्, तब सत्ययुगको शुभारम्भ हुनेछ।

येऽतीता वर्तमाना ये भविष्यन्ति च पार्थिवाः।
ते त उद्देशतः प्रोक्ता वंशीयाः सोमसूर्ययोः॥ २५॥

पदार्थ–	**पार्थिवाः** = राजाहरू	राजाहरू
ये = जो	**भविष्यन्ति** = हुनेछन्	**उद्देशतः** = नाम मात्रले
अतीताः = अगाडि भएका र	**ते ते** = ती–ती	(सङ्क्षेपमा)
वर्तमानाः = अहिले भएका	**सोमसूर्ययोः** = चन्द्र र सूर्यको	**प्रोक्ताः** = बताएँ
ये च = जो	**वंशीयाः** = वंशमा भएका	

वाक्यार्थ– हे परीक्षित्! चन्द्रवंश र सूर्यवंशमा अगाडिका, अहिलेका र भविष्यमा हुने राजाहरूको बारे मैले सङ्क्षेपमा तपाईंलाई बताएँ।

आरभ्य भवतो जन्म यावन्नन्दाभिषेचनम् ।
एतद्वर्षसहस्रं तु शतं पञ्चदशोत्तरम् ॥ २६ ॥

पदार्थ–
भवतः = तपाईंको
जन्म आरभ्य = जन्मदेखि
नन्दाभिषेचनं यावत् = नन्दको राज्याभिषेकसम्म
एतत् तु = यो
वर्षसहस्रं = एकहजार
पञ्चदशोत्तरं शतम् = एक सय पन्ध्र वर्षको समय लाग्नेछ

वाक्यार्थ– तपाईंको जन्मदेखि सुरु भएर राजा नन्दको राज्याभिषेकसम्म एक हजार एक सय पन्ध्र वर्षको समय बित्नेछ।

सप्तर्षीणां तु यौ पूर्वौ दृश्येते उदितौ दिवि ।
तयोस्तु मध्ये नक्षत्रं दृश्यते यत् समं निशि ॥ २७ ॥

पदार्थ–
सप्तर्षीणां तु = सप्तर्षिहरूमध्ये
यौ = जुन दुई तारा
पूर्वौ = सर्वप्रथम
दिवि = आकाशमा
उदितौ = उदाएको
दृश्येते = देखिनेछन्
तयोः = ती दुई ताराको
मध्ये तु = बिचमा
यत् = जुन
समं = समभागमा
नक्षत्रं = एउटा नक्षत्र
निशि = राति
दृश्यते = देखिनेछ

वाक्यार्थ– जब सप्तर्षिहरू आकाशमा उदाउँछन्, तब सप्तर्षि ताराहरूमध्ये दुईवटा तारा मात्र आकाशमा देखिनेछ। ती दुई ताराहरूको बिचमा दक्षिणोत्तर रेखाको समभागमा अश्विनी आदि सत्ताईस नक्षत्रमध्ये एउटा मात्र नक्षत्र रातिको समयमा देखिनेछ।

तेनैत ऋषयो युक्तास्तिष्ठन्त्यब्दशतं नृणाम् ।
ये त्वदीये द्विजाः काल अधुना चाश्रिता मघाः ॥ २८ ॥

पदार्थ–
तेन = त्यही नक्षत्रले
युक्ताः = सहित भएका
एते = यी
ऋषयः = सप्तर्षिहरू
नृणां = मनुष्यहरूको
अब्दशतं = सय वर्षसम्म
तिष्ठन्ति = बस्नेछन्
ये = जो
द्विजाः = ब्राह्मण सप्तर्षिहरू
त्वदीये = तपाईंको
काले = जन्मसमयमा
अधुना = अहिले पनि
मघाः = मघा नक्षत्रमा
आश्रिताः च = बसेका छन्

वाक्यार्थ– त्यसै नक्षत्रको साथमा सप्तर्षिहरू मनुष्यहरूको सय वर्षसम्म बस्नेछन्। उनीहरू तपाईंको जन्मसमयदेखि अहिलेसम्म मघा नक्षत्रमा अवस्थित छन्।

विष्णोर्भगवतो भानुः कृष्णाख्योऽसौ दिवं गतः ।
तदाविशत् कलिर्लोकं पापे यद् रमते जनः ॥ २९ ॥

पदार्थ–

विष्णोः = (जब) सर्वव्यापक
भगवतः = भगवान् विष्णुको
कृष्णाख्यः = श्रीकृष्णरूप
असौ = यो
भानुः = प्रकाशमय देह
दिवं = परमधाम
गतः = प्राप्त भयो
तदा = त्यसपछि
कलिः = कलियुग
लोकं = संसारमा
आविशत् = प्रवेश गऱ्यो
यत् = कलिको प्रवेशका कारण
जनः = मनुष्य
पापे = पापकर्ममा
रमते = रमाउन थाल्यो

वाक्यार्थ– जब सर्वव्यापक भगवान् विष्णुको श्रीकृष्णरूप प्रकाशमय देह परमधाम प्राप्त भयो, त्यसपछि संसारमा कलियुगको प्रवेश भयो। परिणामस्वरूप मनुष्यहरू पाप कर्ममा रमाउन थाले।

यावत् स पादपद्माभ्यां स्पृशन्नास्ते रमापतिः।
तावत् कलिर्वै पृथिवीं पराक्रान्तुं न चाशकत्॥ ३० ॥

पदार्थ–

यावत् = जबसम्म
रमापतिः = लक्ष्मीपति
सः = उहाँ श्रीकृष्ण
पादपद्माभ्यां = चरणकमलद्वारा
पृथिवीं = पृथिवीलाई
स्पृशन् = स्पर्श गर्दै
आस्ते = रहनुभयो
तावत् वै = तबसम्म
कलिः = कलियुगले
पराक्रान्तुं च = पाइला राख्न
न अशकत् = सकेन

वाक्यार्थ– जबसम्म लक्ष्मीपति भगवान् श्रीकृष्णले आफ्नो चरणकमलद्वारा पृथिवीलाई स्पर्श गरिरहनुभएको थियो, तबसम्म कलियुगले पृथिवीमा पाइला राख्न सकेको थिएन।

यदा देवर्षयः सप्त मघासु विचरन्ति हि।
तदा प्रवृत्तस्तु कलिर्द्वादशाब्दशतात्मकः॥ ३१ ॥

पदार्थ–

हि = निश्चय नै
यदा = जब
सप्त = सात जना
देवर्षयः = ऋषिहरू
मघासु = मघा नक्षत्रमा
विचरन्ति = विचरण गर्दछन्
तदा तु = तब
द्वादशाब्दशतात्मकः = बाह्र सय वर्षसम्म
कलिः = कलियुग
प्रवृत्तः = रहने छ

वाक्यार्थ– जब सप्तर्षिगण मघा नक्षत्रमा विचरण गर्दछन्, तब कलियुगको प्रारम्भ (प्रवेश) हुन्छ। कलियुग देवताहरूको कालगणना अनुसार बाह्रसय वर्ष (मनुष्यहरूको काल गणनाअनुसार चार लाख बत्तीस हजार वर्ष) सम्म रहन्छ।

यदा मघाभ्यो यास्यन्ति पूर्वाषाढां महर्षयः।
तदा नन्दात् प्रभृत्येष कलिर्वृद्धिं गमिष्यति॥ ३२ ॥

पदार्थ–

यदा = जब
महर्षयः = सप्तर्षिहरू

मघाभ्यः = मघा नक्षत्रबाट
पूर्वाषाढां = पूर्वाषाढा नक्षत्रमा
यास्यन्ति = जानेछन्
तदा = तब
नन्दात् प्रभृति = राजा नन्दको समयदेखि
एषः = यो
कलिः = कलियुग
वृद्धिं = बढ्दै
गमिष्यति = जानेछ

वाक्यार्थ– जब सप्तर्षिहरू मघा नक्षत्रलाई छाडेर पूर्वाषाढा नक्षत्रमा जानेछन्, तब पृथिवीमा नन्द राजा भइसक्नेछन्। नन्दको राज्याभिषेकपछि यो कलियुग बढ्दै जानेछ।

यस्मिन् कृष्णो दिवं यातस्तस्मिन्नेव तदाहनि।
प्रतिपन्नं कलियुगमिति प्राहुः पुराविदः॥ ३३॥

पदार्थ–
यस्मिन् = जुन
अहनि = दिन
कृष्णः = श्रीकृष्ण
दिवं = निजधाम
यातः = जानुभयो
तदा = तब
तस्मिन् एव = त्यही दिन नै
कलियुगं = कलियुग
प्रतिपन्नं इति = सुरु भयो भनेर
पुराविदः = इतिहासविद्हरू
प्राहुः = बताउँछन्

वाक्यार्थ– हे परीक्षित् ! जुन दिन भगवान् श्रीकृष्ण आफ्नो धाम जानुभयो, त्यसै दिनदेखि पृथिवीमा कलियुगको प्रारम्भ भयो भनेर इतिहास जान्ने विद्वान्हरू बताउँछन्।

दिव्याब्दानां सहस्रान्ते चतुर्थे तु पुनः कृतम्।
भविष्यति यदा नृणां मन आत्मप्रकाशकम्॥ ३४॥

पदार्थ–
दिव्याब्दानां = देवताहरूको वर्षको
सहस्रान्ते = एकहजार वर्षपछि
चतुर्थे तु = चौथो कलियुगमा
पुनः = फेरि
कृतं = सत्ययुग
भविष्यति = सुरु हुनेछ
यदा = जुन वेला
नृणां = मनुष्यहरूको
मनः = मन
आत्मप्रकाशकम् = स्वस्वरूपको प्रकाशक हुनेछ

वाक्यार्थ– जब देवताहरूको वर्षगणना अनुसार एक हजार वर्ष बित्दछ, तब कलियुगको अन्त्यतिर भगवान् कल्किको प्रभावले मनुष्यहरूको मन सात्त्विक बन्दै जानेछ अनि सत्ययुगको सुरुवात हुनेछ। त्यसपछि मनुष्यहरूको मन आत्मस्वरूपको ज्ञान गर्न सक्षम हुनेछ।

इत्येष मानवो वंशो यथा सङ्ख्यायते भुवि।
तथा विट्शूद्रविप्राणां तास्ता ज्ञेया युगे युगे॥ ३५॥

पदार्थ–
भुवि = पृथिवीमा
यथा = जसरी
इति एषः = यो
मानवः = मनुसम्बन्धी
वंशः = वंश

सङ्ख्यायते = बताइन्छ **तथा** = त्यसरी नै **युगे युगे** = प्रत्येक युगमा	**विट्शूद्रविप्राणां** = वैश्य, शूद्र र ब्राह्मणहरूको **ताः ताः** = ती-ती वंशपरम्परा	**ज्ञेयाः** = बुझ्नुपर्दछ

वाक्यार्थ– हे परीक्षित् ! मैले तपाईंलाई पृथिवीमा रहेका मनुवंशको वर्णन सङ्क्षेपमा सुनाएँ। जसरी यहाँ मनुवंशको वर्णन गरिएको छ, त्यसै गरी प्रत्येक युगमा ब्राह्मण, वैश्य र शूद्रहरूको पनि वंशपरम्परा रहेको बुझ्नुपर्दछ।

एतेषां नामलिङ्गानां पुरुषाणां महात्मनाम्।
कथामात्रावशिष्टानां कीर्तिरेव स्थिता भुवि ॥ ३६ ॥

पदार्थ– **नामलिङ्गानां** = नाम नै पहिचान भएका **महात्मनां** = उदार हृदय भएका	**कथामात्रावशिष्टानां** = जीवनकथा मात्र बाँकी रहेका **एतेषां** = यी पूर्ववर्णित **पुरुषाणां** = पुरुषहरूको	**कीर्तिः एव** = कीर्ति मात्र **भुवि** = पृथिवीमा **स्थिता** = रहेको छ

वाक्यार्थ– मैले वर्णन गरेका उदारहृदयी पुरुषहरू अब केवल नामबाट मात्र चिनिन्छन्, किनभने उनीहरू अहिले छैनन्। उनीहरूको सम्पूर्ण जीवन कथा बनेर रहेको छ। यो संसारमा अब उनीहरूको कीर्ति मात्र शेष रहेको छ।

देवापिः शन्तनोर्भ्राता मरुश्चेक्ष्वाकुवंशजः।
कलापग्राम आसाते महायोगबलान्वितौ ॥ ३७ ॥

पदार्थ– **शन्तनोः** = शन्तनुको **भ्राता** = भाइ **देवापिः** = देवापि	**इक्ष्वाकुवंशजः** = इक्ष्वाकुवंशीय **मरुः च** = मरु पनि **महायोगबलान्वितौ** = योगको ठुलो बलले युक्त भई	**कलापग्रामे** = कलापनामक गाउँमा **आसाते** = बसेका छन्

वाक्यार्थ– शन्तनु (भीष्मपितामहका पिता)का भाइ देवापि र इक्ष्वाकुवंशीय मरु योगको ठुलो बलले युक्त भई अहिले कलापग्राममा बसेका छन्।

ताविहैत्य कलेरन्ते वासुदेवानुशिक्षितौ।
वर्णाश्रमयुतं धर्मं पूर्ववत् प्रथयिष्यतः ॥ ३८ ॥

पदार्थ– **कलेः** = कलियुगको **अन्ते** = अन्तिममा	**वासुदेवानुशिक्षितौ** = वासुदेव भगवान् कल्किको प्रेरणाले **तौ** = ती देवापि र मरु	**इह** = यहाँ **एत्य** = आएर **पूर्ववत्** = पहिले जस्तै

वर्णाश्रमयुतं धर्मं = वर्णधर्म र आश्रमधर्मलाई
प्रथयिष्यतः = विस्तार गर्नेछन्

वाक्यार्थ– कलियुगको अन्त्यमा वासुदेव भगवान् कल्किको आज्ञाअनुसार देवापि र मरु यहाँ आउनेछन् र पूर्ववत् वर्णाश्रमधर्मको विस्तार गर्नेछन्।

कृतं त्रेता द्वापरं च कलिश्चेति चतुर्युगम्।
अनेन क्रमयोगेन भुवि प्राणिषु वर्तते ॥ ३९ ॥

पदार्थ–
कृतं = सत्ययुग
त्रेता = त्रेतायुग
द्वापरं च = द्वापरयुग र
कलिः च = कलियुग
इति = यी
चतुर्युगं = चार युग
अनेन = यही
क्रमयोगेन = क्रमअनुसार
भुवि = पृथिवी र
प्राणिषु = प्राणीहरूमा
वर्तते = रहनेछ

वाक्यार्थ– सत्य, त्रेता, द्वापर र कलि यी चार ओटा युगहरू उक्त क्रम अनुसार नै पृथिवीका प्राणीहरूमा रहन्छन्।

राजन्नेते मया प्रोक्ता नरदेवास्तथापरे।
भूमौ ममत्वं कृत्वान्ते हित्वेमां निधनं गताः ॥ ४० ॥

पदार्थ–
राजन् = हे राजा परीक्षित्
मया = मद्वारा
प्रोक्ताः = वर्णन गरिएका
एते = यी
नरदेवाः = राजाहरू
तथा = तथा
अपरे = अन्य राजाहरू
भूमौ = पृथिवीमा
ममत्वं = मेरो-मेरो भन्ने भाव
कृत्वा = गरेर
अन्ते = अन्त्यमा
इमां = यही पृथिवीलाई
हित्वा = छोडेर
निधनं गताः = मरेर गए

वाक्यार्थ– हे राजा परीक्षित्! मैले वर्णन गरेर सुनाएका राजाहरू र अन्य राजाहरू पनि यो पृथिवीलाई मेरो-मेरो भन्दथे, तर अन्त्यमा यसलाई छाडेर मरेर गए।

कृमिविड्भस्मसंज्ञान्ते राजनाम्नोऽपि यस्य च।
भूतध्रुक् तत्कृते स्वार्थं किं वेद निरयो यतः ॥ ४१ ॥

पदार्थ–
राजनाम्नः अपि = नाम राजा नै भए पनि
यस्य = जुन शरीरको
अन्ते = अन्त्यमा
कृमिविड्भस्मसंज्ञा = कीरा, विष्टा र भस्म नै नाम रहन्छ
तत्कृते च = त्यस्तो शरीर वा शरीरसम्बन्धी स्त्रीपुत्रका लागि
भूतध्रुक् = प्राणीहरूमा द्रोह गर्नेले
किं = के
स्वार्थं = मोक्षरूप स्वार्थलाई
वेद = जान्दछ र (जान्दैन)
यतः = जुन प्राणीद्रोहबाट
निरयः = नरक मात्र प्राप्त हुन्छ

वाक्यार्थ– राजा नै भए पनि अन्त्यमा यो शरीर कीरा, विष्टा वा भस्म हुन्छ–हुन्छ। यस्तो विनाशी शरीर वा शरीरसँग जोडिएका स्त्रीपुत्रहरूको लागि प्राणीहरूलाई जसले विनाकारण दुःख दिन्छ, त्यसले आफ्नो खास स्वार्थ (मोक्ष)लाई जानेको हुँदैन। किनभने प्राणीहरूलाई दुःख दिनाले स्वार्थ वा परमार्थ नभएर नरक मात्र प्राप्त हुन्छ।

कथं सेयमखण्डा भूः पूर्वैर्मे पुरुषैर्धृता।
मत्पुत्रस्य च पौत्रस्य मत्पूर्वा वंशजस्य वा॥ ४२॥

पदार्थ–
मे = मेरा
पूर्वैः = अगाडिका (बाबु, बराजु)
पुरुषैः = पुरुषहरूद्वारा
धृता = शासित भएको
सा इयं = जुन यो
अखण्डा = अखण्ड
भूः = पृथिवी
कथं = कसरी
मत्पूर्वा = मेरो अधीनस्थ होला
मत्पुत्रस्य = मेरो छोरोको
पौत्रस्य च = नातिको
वंशजस्य वा = अथवा मेरो वंशजको कसरी होला

वाक्यार्थ– (आफ्नो परम स्वार्थलाई नजानेका राजाहरूको सोचाइ के हुन्छ भने) यो अखण्ड पृथिवीलाई मेरा पूर्वज बुबा, हजुरबा आदिले शासन गर्नुभएको थियो। अब यो पृथिवी कसरी मेरो अधीनमा आउला र मपछि मेरो छोरो, नाति वा वंशजले कसरी यसको शासन गर्लान्।

तेजोऽबन्नमयं कायं गृहीत्वात्मतयाबुधाः।
महीं ममतया चोभौ हित्वान्तेऽदर्शनं गताः॥ ४३॥

पदार्थ–
अबुधाः = मूर्खहरू
तेजोऽबन्नमयं = तेज, जल र माटोले बनेको
कायं = शरीरलाई
आत्मतया = आत्मरूपले (म भनेर)
महीं = पृथिवीलाई
ममतया = मेरो भन्ने भावनाले
गृहीत्वा = लिएर
उभौ च = दुबैलाई
हित्वा = छोडेर
अन्ते = अन्त्यमा
अदर्शनं = विलीन
गताः = भए

वाक्यार्थ– त्यस्ता मूर्खहरूले आगो, पानी र माटोले बनेको शरीरलाई आफू (आत्मा) ठाने भने पृथिवीमा ममत्व देखाई मेरो भनिठाने। जब मृत्युको समय आयो, तब शरीर र पृथिवी दुबैलाई छाडेर उनीहरू विलीन भए।

ये ये भूपतयो राजन् भुञ्जन्ति भुवमोजसा।
कालेन ते कृताः सर्वे कथामात्राः कथासु च॥ ४४॥

पदार्थ–
राजन् = हे राजा परीक्षित्
ये ये = जो–जो
भूपतयः = राजाहरूले
ओजसा = बाहुबलद्वारा
भुवं = पृथिवीलाई
भुञ्जन्ति = उपभोग गर्दछन्
ते = तिनीहरू
सर्वे = सबै

कालेन = कालद्वारा	(इतिहासहरूमा)	**कृताः** = गराइए
कथासु च = कथाहरूमा	**कथामात्राः** = कथाका पात्र मात्र	

वाक्यार्थ– हे राजा परीक्षित् ! जो-जो राजाहरूले विगतमा आफ्नो बाहुबलद्वारा पृथिवीको उपभोग गरे, ती सबैलाई कालक्रमले आफ्नो गर्भमा लीन गरायो। ती सबै राजाहरू इतिहासहरूमा कथाका पात्र मात्र भएका छन्।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे द्वितीयोऽध्यायः॥ २॥

अथ तृतीयोऽध्यायः

कलिको दोषबाट बच्न नामसङ्कीर्तनको महत्त्व

श्रीशुक उवाच (श्रीशुकदेवले भन्नुभयो)

दृष्ट्वात्मनि जये व्यग्रान् नृपान् हसति भूरियम्।
अहो मा विजिगीषन्ति मृत्योः क्रीडनका नृपाः॥ १॥

पदार्थ–	**दृष्ट्वा** = देखेर	**मृत्योः** = मृत्युको
आत्मनि = आफूमाथि	**इयं** = यी	**क्रीडनकाः** = खेलौना
जये = विजय गर्न	**भूः** = पृथिवी	**नृपाः** = राजाहरू
व्यग्रान् = आतुर	**हसति** = हाँस्दछिन्	**मा** = मलाई
नृपान् = राजाहरूलाई	**अहो** = अहो	**विजिगीषन्ति** = जित्न चाहन्छन्

वाक्यार्थ– आफूलाई जित्न आतुर भएका राजाहरूलाई देखेर पृथिवी हाँस्दछिन् र भन्दछिन्– अहो ! आश्चर्य ! मृत्युका खेलौना जस्ता यी राजाहरू मलाई जित्न चाहन्छन्।

काम एष नरेन्द्राणां मोघः स्याद् विदुषामपि।
येन फेनोपमे पिण्डे येऽतिविश्रम्भिता नृपाः॥ २॥

पदार्थ–	**मोघः** = व्यर्थ	**ये** = जुन यी
विदुषां अपि = आफ्नो मृत्यु हुन्छ भन्ने जानेर पनि	**स्यात्** = हो	**नृपाः** = राजाहरू
नरेन्द्राणां = राजाहरूको	**येन** = जुन भोगको इच्छाद्वारा	**अतिविश्रम्भिताः** = अत्यन्त विश्वस्त भए
एषः = यो	**फेनोपमे** = पानीको थोपाजस्तो नाशवान्	
कामः = पृथिवीभोगको इच्छा	**पिण्डे** = शरीरमा	

वाक्यार्थ– आफ्नो मृत्यु निश्चित छ भन्ने जानेर पनि यी राजाहरू व्यर्थमै ममाथि शासन गरी राज्यसुख भोग्न चाहन्छन्। पानीको थोपा जस्तो क्षणभङ्गुर शरीरमा बढी विश्वास गर्ने यिनीहरू अन्ततः त्यसै मरेर जान्छन्।

पूर्वं निर्जित्य षड्वर्गं जेष्यामो राजमन्त्रिणः।
ततः सचिवपौराप्तकरीन्द्रानस्य कण्टकान्॥ ३॥

पदार्थ–	**पूर्वं** = सर्वप्रथम	**षड्वर्गं** = मन र पाँच

ज्ञानेन्द्रियलाई	**ततः** = त्यसपछि	**अस्य** = यो भूमण्डलको
निर्जित्य = जितेर	**सचिवपौराप्तकरीन्द्रान्** =	**कण्टकान्** = विजयमार्गमा काँडा
राजमन्त्रिणः = शत्रुराजाको	अमात्य, नगरवासी, राजगुरु,	बन्ने चोर आदिलाई पनि
मन्त्रीहरूलाई	प्रजा, माउतेलाई अनि	**जेष्यामः** = जित्नेछु

वाक्यार्थ— (त्यस्ता राजाहरूको सोचाइ यस्तो हुन्छ) म सबैभन्दा पहिले मन र पाँच ज्ञानेन्द्रियहरू (भित्री शत्रु)लाई जित्नेछु। त्यसपछि शत्रुराजाको मन्त्री, अमात्य, नगरवासी, राजगुरु, प्रजा, माउते आदि सबैलाई जित्नेछु अनि मेरो विजयमार्गमा काँडा बनेर आउने जोसुकैलाई बाँकी राख्दिनँ।

एवं क्रमेण जेष्यामः पृथ्वीं सागरमेखलाम्।
इत्याशाबद्धहृदया न पश्यन्त्यन्तिकेऽन्तकम्॥ ४॥

पदार्थ—	**जेष्यामः** = जित्नेछु	**अन्तिके** = नजिकमा रहेको
एवं क्रमेण = यस क्रमले	**इति** = यस्तो	**अन्तकं** = मृत्युलाई पनि
सागरमेखलां = समुद्रले घेरिएकी	**आशाबद्धहृदयाः** = आशाले हृदय	**न पश्यन्ति** = देख्दैनन्
पृथ्वीं = पृथिवीलाई	बाँधिएका राजाहरू	

वाक्यार्थ— यसरी समुद्रले घेरिएकी सम्पूर्ण पृथिवी मेरो हुनेछ यस्तो आशा हृदयमा राखेका ती राजाहरू त्यही आशामा बाँधिन्छन् र उनीहरूलाई आफ्नै नजिक रहेको मृत्युको पनि ख्याल हुँदैन।

समुद्रावरणां जित्वा मां विशन्त्यब्धिमोजसा।
कियदात्मजयस्यैतन्मुक्तिरात्मजये फलम्॥ ५॥

पदार्थ—	**अब्धिं** = समुद्रमा (अरु द्वीपहरू	**कियत्** = कति नै हो र
समुद्रावरणां = समुद्रद्वारा	जित्न)	**आत्मजये** = इन्द्रियहरू जित्न
घेरिएकी	**विशन्ति** = प्रवेश गर्दछन्	सक्दा
मां = मलाई	**आत्मजयस्य** = मन तथा	**फलं** = त्यसको प्रतिफल
जित्वा = जितेर	इन्द्रियहरूलाई जित्ने व्यक्तिलाई	**मुक्तिः** = मोक्ष हुन्छ
ओजसा = बलपूर्वक	**एतत्** = यो भूमण्डल	

वाक्यार्थ— समुद्रद्वारा घेरिएकी मलाई जितेर पनि विजयको मोह राजाहरूमा सकिँदैन। उनीहरू अर्को द्वीपलाई जित्न आफ्नो सम्पूर्ण शक्तिका साथ समुद्रयात्रामा प्रवेश गर्दछन्। पुरै भूमण्डललाई आफ्नो अधीनमा बनाए पनि त्यसको फल कति नै उत्कृष्ट हुन्छ र ? मन र इन्द्रियलाई जित्न सक्ने व्यक्तिले मुक्ति जस्तो उत्कृष्ट फल नै प्राप्त गर्दछ।

यां विसृज्यैव मनवस्तत्सुताश्च कुरूद्वह।
गता यथागतं युद्धे तां मां जेष्यन्त्यबुद्धयः॥ ६॥

पदार्थ–
कुरूद्वह = हे कुरुश्रेष्ठ परीक्षित्
मनवः = मनुहरूले र
तत्सुताः च = उनका पुत्रहरू पनि
यां = जसलाई
विसृज्य एव = छोडेर नै
यथागतं = जसरी आए त्यसरी
गताः = गए
तां = त्यस्ती
मां = मलाई
अबुद्धयः = मूर्ख राजाहरू
युद्धे = युद्धमा
जेष्यन्ति = जित्न चाहन्छन्

वाक्यार्थ– हे परीक्षित् ! मनु र उनका छोराहरूले मलाई जस्ताको तस्तै छोडेर उनीहरू जसरी आएका थिए त्यसरी नै गए। अब यी मूर्ख राजाहरू मलाई युद्धमा जित्न चाहन्छन्।

मत्कृते पितृपुत्राणां भ्रातृणां चापि विग्रहः।
जायते ह्यसतां राज्ये ममताबद्धचेतसाम्॥ ७॥

पदार्थ–
ममताबद्धचेतसां = ममताबुद्धि भएका
असतां = दुष्ट राजाहरूको
राज्ये = राज्यमा
मत्कृते = मेरा लागि
पितृपुत्राणां = बाबुछोरा
भ्रातृणां च अपि = दाजुभाइमा पनि
हि = निश्चय नै
विग्रहः = लडाइँ
जायते = उत्पन्न हुन्छ

वाक्यार्थ– यो पृथिवी मेरो हो भन्ने ममताबुद्धि भएका दुष्ट राजाहरूको राज्यमा जमिन पाउनका लागि बाबु-छोरा र दाजुभाइका बिच पनि लडाइँ भइरहन्छ।

ममैवेयं मही कृत्स्ना न ते मूढेति वादिनः।
स्पर्धमाना मिथो घ्नन्ति म्रियन्ते मत्कृते नृपाः॥ ८॥

पदार्थ–
इयं = यो
कृत्स्ना = सम्पूर्ण
मही = पृथिवी
मम एव = मेरो मात्रै हो
मूढ = हे मूर्ख
ते न इति = तेरो होइन भनेर
वादिनः = बोल्ने
नृपाः = राजाहरू
मिथः = परस्पर
स्पर्धमानाः = होडबाजी गर्दै
मत्कृते = मेरा लागि
घ्नन्ति = मार्छन्
म्रियन्ते = मर्छन् पनि

वाक्यार्थ– 'हे मूर्ख ! यो सम्पूर्ण पृथिवी मेरो हो, तेरो होइन' भन्ने राजाहरूमा मलाई आफ्नो बनाउन होडबाजी नै भइरहन्छ, उनीहरू मेरा लागि एकले अर्कालाई मार्दछन् र स्वयं पनि मर्छन्।

पृथुः पुरूरवा गाधिर्नहुषो भरतोऽर्जुनः।
मान्धाता सगरो रामः खट्वाङ्गो धुन्धुहा रघुः॥ ९॥
तृणबिन्दुर्ययातिश्च शर्यातिः शन्तनुर्गयः।

भगीरथः कुवलयाश्वः ककुत्स्थो नैषधो नृगः ॥ १० ॥
हिरण्यकशिपुर्वृत्रो रावणो लोकरावणः ।
नमुचिः शम्बरो भौमो हिरण्याक्षोऽथ तारकः ॥ ११ ॥
अन्ये च बहवो दैत्या राजानो ये महेश्वराः ।
सर्वे सर्वविदः शूराः सर्वे सर्वजितोऽजिताः ॥ १२ ॥
ममतां मय्यवर्तन्त कृत्वोच्चैर्मर्त्यधर्मिणः ।
कथावशेषाः कालेन ह्यकृतार्थाः कृता विभो ॥ १३ ॥

पदार्थ—
पृथुः = पृथु
पुरूरवाः = पुरूरवा
गाधिः = गाधि
नहुषः = नहुष
भरतः = भरत
अर्जुनः = सहस्रार्जुन
मान्धाता = मान्धाता
सगरः = सगर
रामः = राम
खट्वाङ्गः = खट्वाङ्ग
धुन्धुहा = धुन्धुमार
रघुः = रघु
तृणबिन्दुः = तृणबिन्दु
ययातिः च = ययाति पनि
शर्यातिः = शर्याति
शन्तनुः = शन्तनु
गयः = गय
भगीरथः = भगीरथ
कुवलयाश्वः = कुवलयाश्व
ककुत्स्थः = ककुत्स्थ
नैषधः = नैषध
नृगः = नृग
हिरण्यकशिपुः = हिरण्यकशिपु
वृत्रः = वृत्रासुर
लोकरावणः = जनतालाई रुवाउने
रावणः = रावण
नमुचिः = नमुचि
शम्बरः = शम्बर
भौमः = भौमासुर
हिरण्याक्षः = हिरण्याक्ष
अथ = त्यस्तै
तारकः = तारकासुर
अन्ये च = अरू पनि
बहवः = धेरै
दैत्याः = दानवहरू र
राजानः = राजाहरू
ये = जो
महेश्वराः = शक्तिशाली भए
सर्वे = ती सबै
सर्वविदः = सबै कुरा जान्ने
शूराः = शूर
सर्वे = सबै
सर्वजितः = सबैलाई जित्ने
अजिताः = आफू नहार्ने राजाहरूले
मयि = ममाथि
उच्चैः = अत्यधिक
ममतां = ममता
कृत्वा = गरेर
अवर्तन्त = रहे
मर्त्यधर्मिणः = मरणशील उनीहरू
अकृतार्थाः = कृतार्थ भएनन्
विभो = हे राजा परीक्षित्
कालेन हि = कालद्वारा नै
कथावशेषाः = कथामा मात्र शेष
कृताः = बनाइए

वाक्यार्थ— पृथु, पुरुरवा, गाधि, नहुष, भरत, सहस्रार्जुन, मान्धाता, सगर, राम, खट्वाङ्ग, धुन्धुमार, रघु, तृणबिन्दु, ययाति, शर्याति, शन्तनु, गय, भगीरथ, कुवलयाश्व, ककुत्स्थ, नैषध, नृग, हिरण्यकशिपु, वृत्रासुर, लोकपीडक रावण, नमुचि, शम्बर, भौमासुर, हिरण्याक्ष, तारकासुर तथा

अन्य धेरै दानव र शक्तिशाली राजाहरू भए। उनीहरू सबै धेरै जान्ने र शूर थिए। लडाइँमा शत्रुहरूलाई जित्ने तर आफू नहार्ने यी राजाहरूले ममाथि ज्यादै ममता देखाए तर उनीहरूको आकाँक्षा अधुरै रह्यो। कालद्वारा समाप्त पारिएका तिनीहरू ऐतिहासिक कथामा मात्र शेष रहे।

विवरण– पृथिवीलाई आफ्नो अधीनमा बनाउनका लागि जीवनभर आपसमा झगडा गरिरहने शासकहरूको मोह व्यर्थ हो। मानिसहरू सम्पूर्ण पृथिवी मेरो होस् र त्यसको उपभोग म तथा मेरा छोरानातिले गरून् भन्ने चाहन्छन्। संसारको सम्पूर्ण ऐश्वर्यको उपभोग एक्लै मैले मात्र गरूँ भन्ने भाव घटीबढी रूपमा सबै मानिसहरूभित्र हुन्छ, तर यसको प्रबलता शासकहरूमा दृष्टिगोचर हुन्छ। त्यसैले यहाँ तिनीहरूकै प्रसङ्ग उठाइएको छ। यहाँ श्रीशुकदेवले स्वयं पृथिवीका अनुभवहरू बताई मानिसहरूको मोहको व्यर्थतालाई प्रकट गरिदिनुभएको छ।

पृथिवी भन्छिन्– मृत्युका खेलौना भएका यी राजाहरू मलाई जित्नका लागि सकेसम्म प्रयास गर्दछन्। सधैंका लागि पृथिवीलाई आफ्नो बनाउन खोज्ने यस्ता अनेक शासकहरूलाई पृथिवीले अनुभव गरिसकेकी छिन्। उनीहरू रगतको खोलो बगाउँदै एकपछि अर्को राज्यलाई जित्दै जान्छन् र अन्तमा चाहिँ उनीहरू आफैं मृत्युको काखमा पुग्छन्। पृथिवीलाई अनन्तसम्म आफ्नो बनाउने र भोग गर्ने उनीहरूको अभिलाषा पूरा भने हुन पाउँदैन। वास्तवमा पृथिवी कसैको पनि होइन, किनभने सृष्टिको आदिदेखि यसलाई आफ्नो भन्ने कैयौं शासकहरू पृथिवीकै पोल्टामा चिरनिद्रामा सुते र उनीहरूभन्दा पछि फेरि अरूले यसलाई आफ्नो भन्न थाले। यसरी सबै विश्वविजेताहरू अन्तमा मृत्युद्वारा पराजित भई राज्यविहीन भए। उनीहरूले अन्तमा त्यति मात्र जमिन ढाकेका थिए जति भागमा उनीहरूको शरीर जलाउन राखिएको थियो। त्यही भूमिको टुक्रा पनि केवल चितासम्म मात्र साथमा रह्यो, त्यसपछि साथमा गएन। यति मात्र होइन, त्यति एउटै भूमिको टुक्रामा कैयौं व्यक्तिका शरीरहरू जले होलान्। त्यसैले चिताभूमिको सानो टुक्रा त कसैको होइन रहेछ भने पृथिवीको के कुरा ?

शासकहरू मात्र नभई अरू सामान्य मानिसहरू पनि पृथिवीलाई अनेक टुक्रामा विभाजित गर्दछन् र त्यसमा तारबार, पर्खाल आदि लगाई यो मेरो भूमि हो भन्दछन्। भूमिको त्यो खण्डलाई त्यसै गरी मेरो हो भन्ने अरू पनि कैयौं मानिसहरू आए-गए, यसपछि पनि कैयौं मानिसहरू आउनेछन्। हरेक मनुष्य के सोच्छन् भने उनीहरूले आफ्नो भनिरहेको भूमि सदा सर्वदादेखि उनीहरूकै थियो र रहिरहनेछ। स्वयं पृथिवी भने प्राणीहरूको तेरो र मेरो भन्ने यो लुछाचुँडीलाई देखेर हैरान भएकी छिन्। यो भूमि मेरो हो भन्ने मालिकहरूमध्ये कसैले पनि उनलाई साथमा लैजान सकेनन्, तर पनि पछिल्ला मानिसहरू यो सत्यलाई स्वीकार्न तयार छैनन्। सत्यलाई स्वीकार नगर्दैमा त्यो असत्य हुँदैन। त्यसैले प्राणीहरूले पृथिवीका अनेक टुक्राहरूमा तेरो र मेरो भन्ने लुछाचुँडी गरिरहे पनि ती भूखण्डहरू वास्तवमै उनीहरूका होइनन् भन्ने चाहिँ सत्य नै हो। पृथिवी यो देख्दा झन् दिक्दार हुन्छिन् कि सानो भूखण्डका लागि प्राणीहरू आफ्नै पिता-माता, दाजु-भाइसँग पनि द्वेष-कलह गर्दछन् र अशान्त बन्दछन्। साँच्चै भूमिको सानो टुक्रामा त्यस्तो कुन आकर्षण छ, जसका कारण मानिसहरू त्यसलाई सकेसम्म आफ्नो बनाउन हतारिन्छन्। यो

केवल मोहको खेल हो।

शास्त्रहरूमा बताइए अनुसार भूदेवी भगवान् विष्णुकी पत्नी हुन्। पृथिवीलाई साक्षात् भगवती देवीकै स्वरूप भनेर पनि बताइएको छ– **महीस्वरूपेण यतः स्थितासि** (दुर्गासप्तशती ११.४)। जुनसुकै दृष्टिले पनि पृथिवी माता हुन्, उनको काखमाथि सबै सन्तानहरूको बराबर अधिकार छ। उब्जाउ भूमिमा फल्ने अन्न, वनमा फल्ने फल र हिमालबाट बग्ने नदीहरू सबैका लागि हुन्। यसैले सबैले मिलीजुली यसको सदुपयोग गर्नुको साटो मानिसहरू त आफ्नो बुद्धिको दुरुपयोग गर्दै आमाको काखलाई पनि टुक्रा पारी आफ्नो सम्पत्ति र उपभोग्य वस्तु पो बनाइरहेका छन्। राजादेखि प्रजासम्मका सबैले यही व्यवहार देखाउँछन्, तर ती सबै इतिहासका गर्भमा नाम मात्रमा सीमित रहनेछन्, उनीहरू सधैँ मालिक भइरहने छैनन्। श्रीशुकदेवले यहाँ यो प्रसङ्ग उठाउनुको कारण चाहिँ राजा परीक्षित्को बचेखुचेको राज्याभिमानलाई पनि नष्ट गर्नका लागि हो।

कथा इमास्ते कथिता महीयसां विताय लोकेषु यशः परेयुषाम्।
विज्ञानवैराग्यविवक्षया विभो वचोविभूतीर्न तु पारमार्थ्यम्॥ १४॥

पदार्थ–
विभो = हे राजा परीक्षित्
लोकेषु = लोकहरूमा
यशः = कीर्ति
विताय = विस्तार गरेर
परेयुषां = परलोक गएका
महीयसां = प्रतापी राजाहरूको
इमाः = पूर्वोक्त
कथाः = कथाहरू
ते = तपाईंलाई
विज्ञानवैराग्यविवक्षया = ज्ञान र वैराग्य बताउन
कथिताः = बताइएका हुन्, जो
वचोविभूतीः = वाणीविलास मात्र हो
न तु पारमार्थ्यम् = पारमार्थिक होइन

वाक्यार्थ– हे राजा परीक्षित् ! यो भूमण्डलमा महान् प्रतापी राजाहरू भए। उनीहरू यस लोकमा आफ्नो कीर्तिको विस्तार गरेर परलोक गए। मैले तपाईंलाई ज्ञान र वैराग्यका लागि उनीहरूको कथा सुनाएँ, यी कथाहरू वाणीका विलास मात्र हुन्, पारमार्थिक सत्य होइनन्।

यस्तूत्तमश्लोकगुणानुवादः सङ्गीयतेऽभीक्ष्णममङ्गलघ्नः।
तमेव नित्यं शृणुयादभीक्ष्णं कृष्णेऽमलां भक्तिमभीप्समानः॥ १५॥

पदार्थ–
यः तु = जुन यो
अमङ्गलघ्नः = अमङ्गलको नाश गर्ने
उत्तमश्लोकगुणानुवादः = श्रीकृष्णको गुण र चरित्रहरूको कीर्तन
अभीक्ष्णं = निरन्तर
सङ्गीयते = गान गरिन्छ
तं एव = त्यही चरित्रगान नै
कृष्णे = भगवान् श्रीकृष्णमा
अमलां = निर्मल
भक्तिं = भक्ति
अभीप्समानः = इच्छा गर्ने व्यक्तिले
अभीक्ष्णं = हरबखत
नित्यं = सधैँ
शृणुयात् = सुनोस्

वाक्यार्थ– भगवान् श्रीकृष्णको गुणचरित्रको कीर्तनले मानिसका सम्पूर्ण अमङ्गलहरूको नाश गर्दछ। जुन मान्छे भगवान् श्रीकृष्णको निर्मल भक्ति गर्न चाहन्छ उसले हरबखत सधैँ भगवान्का गुणानुवाद र कथाचरित्रहरूको श्रवण गरिरहनुपर्दछ।

राजोवाच (राजा परीक्षित्ले भन्नुभयो)

केनोपायेन भगवन् कलेर्दोषान् कलौ जनाः।
विधमिष्यन्त्युपचितांस्तन्मे ब्रूहि यथा मुने॥ १६॥

पदार्थ–
भगवन् = हे भगवान्
मुने = हे मुनिवर
जनाः = मानिसहरू
कलौ = कलियुगमा
उपचितान् = बढिरहेको
कलेः = कलिको
दोषान् = दोषहरूलाई
केन = कुन
उपायेन = उपायद्वारा
यथा = जसरी
विधमिष्यन्ति = नाश गर्दछन्
त्यसरी नै
तत् = त्यो कुरा
मे = मलाई
ब्रूहि = बताउनुहोस्

वाक्यार्थ– हे मुनिवर ! कलियुगका मानिसहरूले दिन-प्रतिदिन बढिरहेका कलिका दोषहरूलाई कुन उपायले नष्ट गर्दछन्, त्यो मलाई बताउनुहोस्।

युगानि युगधर्मांश्च मानं प्रलयकल्पयोः।
कालस्येश्वररूपस्य गतिं विष्णोर्महात्मनः॥ १७॥

पदार्थ–
युगानि = युगहरू
युगधर्मान् च = युगका धर्महरू
प्रलयकल्पयोः = कल्प र
प्रलयकालको
मानं = परिमाण
महात्मनः = परमात्मा
विष्णोः = सर्वव्यापक
ईश्वररूपस्य = सर्वशक्तिमान्
कालस्य = कालको
गतिं च = गति पनि मलाई
बताउनुहोस्

वाक्यार्थ– यसै गरी युगको स्थिति, युगधर्म, कल्पको स्वरूप, प्रलयको परिमाण तथा सर्वव्यापक, सर्वशक्तिमान् कालरूप परमात्माको गति पनि मलाई बताउनुहोस्।

श्रीशुक उवाच (श्रीशुकदेवले भन्नुभयो)

कृते प्रवर्तते धर्मश्चतुष्पात् तज्जनैर्धृतः।
सत्यं दया तपो दानमिति पादा विभोर्नृप॥ १८॥

पदार्थ–
नृप = हे राजा परीक्षित्
कृते = सत्ययुगमा
धर्मः = धर्म
चतुष्पात् = चार पाउ भएको
प्रवर्तते = हुनेछ
तत् = त्यो धर्म
जनैः = मानिसहरूद्वारा
धृतः = धारण गरिएको हुनेछ

सत्यं = सत्य **दया** = दया **तपः** = तप	**दानं** = दान **इति** = यी **विभोः** = धर्मरूप भगवान्का	**पादाः** = पाउ हुन्

वाक्यार्थ– हे राजा परीक्षित् ! सत्ययुग सुरु भएपछि धर्म चारै पाउले युक्त हुनेछ। सत्य, दया, तप र दान धर्मरूप भगवान्का चार पाउ हुन्। मानिसहरूले यी चारै पाउले युक्त भएको धर्मको पालन गर्दछन्।

सन्तुष्टाः करुणा मैत्राः शान्ता दान्तास्तितिक्षवः।

आत्मारामाः समदृशः प्रायशः श्रमणा जनाः ॥ १९ ॥

पदार्थ– **सन्तुष्टाः** = सन्तोषी **करुणाः** = दयालु **मैत्राः** = मित्रताको भाव भएका **शान्ताः** = शान्त	**दान्ताः** = इन्द्रियसंयमी **तितिक्षवः** = सहनशील **आत्मारामाः** = आत्मामा रमण गर्ने **समदृशः** = समदर्शी	**प्रायशः** = प्रायः **श्रमणाः** = ज्ञानका लागि प्रयत्नशील **जनाः** = मानिसहरू हुन्छन्

वाक्यार्थ– सत्ययुगमा मानिसहरू सन्तोषी, दयालु, मित्रताको भाव भएका, शान्त, इन्द्रियसंयमी, सहनशील, आत्माराम, समदर्शी र आत्मज्ञानका लागि प्रयत्नशील हुन्छन्।

त्रेतायां धर्मपादानां तुर्यांशो हीयते शनैः।

अधर्मपादैरनृतहिंसासन्तोषविग्रहैः ॥ २० ॥

पदार्थ– **त्रेतायां** = त्रेतायुगमा **अधर्मपादैः** = अधर्मका चार पाउ	**अनृतहिंसासन्तोषविग्रहैः** = असत्य, हिंसा, असन्तोष र कलहद्वारा **धर्मपादानां** = धर्मका चार	पाउहरूमध्ये **तुर्यांशः** = चौथो अंश **शनैः** = बिस्तारै **हीयते** = नष्ट हुन्छ

वाक्यार्थ– अधर्मका पनि चार पाउ छन्– असत्य, हिंसा, असन्तोष र कलह। त्रेतायुगमा अधर्मका यी चारै पाउको प्रभावले सत्य आदि धर्मका चार पाउहरूको चौथो अंश बिस्तारै–बिस्तारै नष्ट हुँदै जान्छ।

तदा क्रियातपोनिष्ठा नातिहिंस्रा न लम्पटाः।

त्रैवर्गिकास्त्रयीवृद्धा वर्णा ब्रह्मोत्तरा नृप ॥ २१ ॥

पदार्थ– **नृप** = हे राजा परीक्षित्	**तदा** = त्यति वेला (त्रेतायुगमा) **वर्णाः** = ब्राह्मण आदि वर्णहरू	**क्रियातपोनिष्ठाः** = कर्मकाण्ड र तपस्यामा निष्ठावान्

न अतिहिंस्राः = अत्यन्त हिंसा नगर्ने
न लम्पटाः = स्त्री, धन आदिमा अत्यन्त आसक्त नभएका
त्रैवर्गिकाः = धर्म, अर्थ र कामरूप त्रिवर्गमा आस्थावान्
त्रयीवृद्धाः = वेदज्ञ
ब्रह्मोत्तराः = ब्राह्मण नै श्रेष्ठ भएका हुन्छन्

वाक्यार्थ– हे परीक्षित्! त्रेतायुगमा मासिहरू अत्यन्त हिंस्रक र स्त्री, धन आदिमा अत्यन्त आसक्त (लम्पट) पनि हुँदैनन्। कर्मकाण्ड र तपस्यामा निष्ठावान् हुन्छन्। यिनीहरूले धर्म, अर्थ र कामरूप त्रिवर्गलाई आस्थापूर्वक पालन गर्दछन्। मानिसहरू वेदको ज्ञाता हुन्छन् भने समाजमा ब्राह्मणको प्रधानता रहन्छ।

तपःसत्यदयादानेष्वर्धं ह्रसति द्वापरे।
हिंसातुष्ट्यनृतद्वेषैर्धर्मस्याधर्मलक्षणैः॥ २२॥

पदार्थ–
द्वापरे = द्वापरयुगमा
धर्मस्य = धर्मको
तपःसत्यदयादानेषु = तप, सत्य, दया र दानका
अर्धं = आधा-आधा अंश
अधर्मलक्षणैः = अधर्मका लक्षण भएका
हिंसातुष्ट्यनृतद्वेषैः = हिंसा, असन्तोष, असत्य र कलहद्वारा
ह्रसति = क्षीण हुन्छ

वाक्यार्थ– द्वापरयुगमा हिंसा, असन्तोष, असत्य र कलहरूपी अधर्मका चार पाउहरूद्वारा धर्मका चार पाउ तप, सत्य, दया र दानका आधा-आधा अंश क्षीण हुन्छन्।

यशस्विनो महाशालाः स्वाध्यायाध्ययने रताः।
आढ्याः कुटुम्बिनो हृष्टा वर्णाः क्षत्रद्विजोत्तराः॥ २३॥

पदार्थ–
यशस्विनः = यशस्वी
महाशालाः = ठुला घर भएका
स्वाध्यायाध्ययने = वेदको अध्ययनमा
रताः = संलग्न
आढ्याः = धनसम्पत्तिले परिपूर्ण भएका
कुटुम्बिनः = धेरै परिवारजन भएका
हृष्टाः = प्रसन्न
क्षत्रद्विजोत्तराः = क्षत्रिय र ब्राह्मणप्रधान भएका
वर्णाः = वर्णहरू हुनेछन्

वाक्यार्थ– द्वापरयुगमा मानिसहरू यशस्वी र ठुला-ठुला घर भएका हुन्छन्। वेदको अध्ययनमा संलग्न उनीहरू धनसम्पत्तिले परिपूर्ण हुन्छन्। धेरै कुटुम्बहरू एकसाथ संयुक्त परिवारमा बस्दछन्। यिनीहरू सुखी र प्रसन्न हुन्छन्। समाजमा ब्राह्मण र क्षत्रियको प्रधानता रहन्छ।

कलौ तु धर्महेतूनां तुर्यांशोऽधर्महेतुभिः।
एधमानैः क्षीयमाणो ह्यन्ते सोऽपि विनङ्क्ष्यति॥ २४॥

पदार्थ–
कलौ तु = कलियुगमा त
धर्महेतूनां = धर्मका

कारणहरूका	कारणहरूद्वारा	**अन्ते** = कलियुगको अन्त्यमा
तुर्यांशः = चारै अंश	**क्षीयमाणः** = क्षीण हुन्छ	**हि** = निश्चय नै
एधमानैः = बढ्दै गएका	**सः अपि** = त्यो शेष रहेको	**विनङ्क्ष्यति** = नष्ट हुनेछ
अधर्महेतुभिः = अधर्मका	धर्मांश पनि	

वाक्यार्थ– कलियुगमा त अधर्मका चार पाउ असत्य आदि अति नै बढेर जानेछन्। जसका कारण सत्य आदि धर्मका चार पाउ नै क्षीण हुन थाल्नेछन्। यसरी क्षीण हुँदै जाँदा सत्यका चारै पाउमध्ये प्रत्येकका चतुर्थांश मात्र शेष रहनेछ र त्यो पनि कलियुगको अन्त्यतिर नष्ट हुनेछ।

तस्मिन् लुब्धा दुराचारा निर्दयाः शुष्कवैरिणः।
दुर्भगा भूरितर्षाश्च शूद्रदासोत्तराः प्रजाः॥ २५॥

पदार्थ–	**निर्दयाः** = निर्दयी	धेरै लालची
तस्मिन् = त्यो कलियुगमा	**शुष्कवैरिणः** = विनाकारण	**शूद्रदासोत्तराः च** = शूद्र र दास
प्रजाः = मानिसहरू	शत्रुता गर्ने	(असभ्य)हरू श्रेष्ठ भएका
लुब्धाः = लोभी	**दुर्भगाः** = भाग्यहीन	हुनेछन्
दुराचाराः = दुराचारी	**भूरितर्षाः** = धन र विषयभोगको	

वाक्यार्थ– कलियुगमा मानिसहरू धेरै लोभी, दुराचारी र निर्दयी हुनेछन्। यिनीहरू विनाकारण अरूसँग शत्रुता गर्नेछन्। भाग्यले ठगिएका यिनीहरूमा धन र विषयभोगको इच्छा अत्यधिक हुन्छ। समाजमा शूद्र र दास (असभ्य)हरूको प्रधानता रहनेछ।

सत्त्वं रजस्तम इति दृश्यन्ते पुरुषे गुणाः।
कालसञ्चोदितास्ते वै परिवर्तन्त आत्मनि॥ २६॥

पदार्थ–	**गुणाः** = गुणहरू	अनुसार प्रेरित
सत्त्वं = सत्त्व	**पुरुषे** = मानिसहरूमा	**ते वै** = ती गुणहरू नै
रजः = रज	**दृश्यन्ते** = देखिन्छन्	**आत्मनि** = प्राणीहरूको मनमा
तमः इति = तम यी	**कालसञ्चोदिताः** = काल	**परिवर्तन्ते** = परिवर्तन भइरहन्छन्

वाक्यार्थ– सत्त्व, रज र तम यी तीनवटा गुणहरू मनुष्य आदि प्राणीहरूमा हुन्छन्। कालद्वारा प्रेरित भई परिस्थिति अनुसार यी तीनै गुणहरू प्राणीहरूको मनमा परिवर्तन भइरहन्छन्। (गुणको परिवर्तन हुँदा कहिले कुनै गुण घट्ने र कुनै गुण बढ्ने गर्दछ।)

प्रभवन्ति यदा सत्त्वे मनोबुद्धीन्द्रियाणि च।
तदा कृतयुगं विद्याज्ज्ञाने तपसि यद्रुचिः॥ २७॥

पदार्थ–
यदा = जुन वेला
मनोबुद्धीन्द्रियाणि = मन, बुद्धि र इन्द्रियहरू
सत्त्वे = सत्त्व गुणमा
प्रभवन्ति = स्थित रहन्छन्
यत् = जसका कारण
ज्ञाने = ज्ञान र
तपसि च = तपस्यामा पनि
रुचिः = रुचि हुन्छ
तदा = त्यस वेला
कृतयुगं = सत्ययुग
विद्यात् = जान्नू

वाक्यार्थ– जुन वेला मन, बुद्धि र इन्द्रियहरू सत्त्वगुणमा अवस्थित रहन्छन्, त्यस समयमा मनुष्यहरूको ज्ञान र तपस्यामा अत्यधिक रुचि हुने गर्दछ, त्यस समयलाई सत्ययुग भनेर बुझ्नुपर्दछ।

यदा धर्मार्थकामेषु भक्तिर्भवति देहिनाम्।
तदा त्रेता रजोवृत्तिरिति जानीहि बुद्धिमन्॥ २८॥

पदार्थ–
बुद्धिमन् = हे बुद्धिमान् परीक्षित्
यदा = जुन समयमा
रजोवृत्तिः = (मन, बुद्धि र इन्द्रियहरू) रजोगुणमा स्थित रहन्छन्
तदा = त्यस समयमा
देहिनां = मनुष्यहरूको
धर्मार्थकामेषु = धर्म, अर्थ र काममा
भक्तिः = रुचि
भवति = हुन्छ (यही अवस्थालाई)
त्रेता इति = त्रेतायुग भनेर
जानीहि = बुझ

वाक्यार्थ– जुन वेला मन, बुद्धि र इन्द्रियहरू रजोगुणमा स्थित भएका हुन्छन्, त्यस समयमा मनुष्यहरूको रुचि धर्म, अर्थ र भोगमा बढ्न थाल्दछ। हे बुद्धिमान् परीक्षित् ! त्यसै समयलाई त्रेतायुग भनेर बुझ।

यदा लोभस्त्वसन्तोषो मानो दम्भोऽथ मत्सरः।
कर्मणां चापि काम्यानां द्वापरं तद् रजस्तमः॥ २९॥

पदार्थ–
यदा = जुन समयमा
लोभः तु = लोभ
असन्तोषः = असन्तोष
मानः = अभिमान
दम्भः = ठगी
मत्सरः = ईर्ष्या
अथ = तथा
काम्यानां = काम्य
कर्मणां च = कर्महरूमा रुचि हुन्छ
तत् = त्यो
रजस्तमः अपि = रज र तमोगुणको मिश्रितरूप
द्वापरम् = द्वापरयुग भनेर जान्नू

वाक्यार्थ– जुन समयमा मनुष्यको मनमा लोभ, असन्तोष, अभिमान, ठगी, ईर्ष्या तथा काम्य कर्ममा रुचि उत्पन्न हुन्छ त्यो द्वापर युग हो भनेर बुझ्नुपर्दछ। (किनभने रजोगुण र तमोगुणको मिश्रित रूप नै द्वापरयुग हो।)

यदा मायानृतं तन्द्रा निद्रा हिंसा विषादनम्।
शोको मोहो भयं दैन्यं स कलिस्तामसः स्मृतः॥ ३०॥

पदार्थ—
यदा = जुन समयमा
माया = कपट
अनृतं = झुट (असत्य)
तन्द्रा = आलस्य
निद्रा = निद्रा
हिंसा = हिंसा
विषादनं = खिन्नता
शोकः = शोक
मोहः = मोह
भयं = डर
दैन्यं = दीनता हुन्छ
सः = त्यो
तामसः = तमोगुण प्रधान भएको
कलिः = कलियुग हो भनेर
स्मृतः = बताइन्छ

वाक्यार्थ— जुन समयमा मनमा कपट, असत्य, आलस्य, निद्रा, हिंसा, खिन्नता, शोक, मोह, डर, दैन्य अत्यधिक रहन्छ, त्यो समय नै कलियुग हो। कलियुगमा तमोगुणको प्रधानता रहन्छ।

यस्मात् क्षुद्रदृशो मर्त्याः क्षुद्रभाग्या महाशनाः।
कामिनो वित्तहीनाश्च स्वैरिण्यश्च स्त्रियोऽसतीः॥ ३१॥

पदार्थ—
यस्मात् = जब
मर्त्याः = मानिसहरू
क्षुद्रदृशः = तुच्छदृष्टि भएका
क्षुद्रभाग्याः = भाग्यहीन
महाशनाः = धेरै खाने
कामिनः = कामुक
वित्तहीनाः च = धनहीन
स्वैरिण्यः = स्वच्छन्द डुल्ने
असतीः च = कुलटा
स्त्रियः = स्त्रीहरू हुनेछन्

वाक्यार्थ— जब कलियुगको प्रभाव बढ्दछ, तब मान्छेहरूको दृष्टि तुच्छ हुन्छ। उनीहरू भाग्यहीन, धेरै खाने, कामुक र धनहीन हुन्छन्। स्त्रीहरू स्वच्छन्द रूपमा डुल्ने कुलटा बन्दछन्।

दस्यूत्कृष्टा जनपदा वेदाः पाखण्डदूषिताः।
राजानश्च प्रजाभक्षाः शिश्नोदरपरा द्विजाः॥ ३२॥

पदार्थ—
जनपदाः = देशहरू
दस्यूत्कृष्टाः = लुटेराहरू प्रधान भएका
वेदाः = वेदहरू
पाखण्डदूषिताः = कल्पित मतमतान्तरले कलङ्कित भएका
राजानः च = राजाहरू पनि
प्रजाभक्षाः = प्रजाहरूको शोषण गर्ने स्वभावका
द्विजाः = ब्राह्मणहरू
शिश्नोदरपराः = जननेन्द्रिय र भुँडीको सन्तुष्टिका लागि सधैँ लागिरहनेछन्

वाक्यार्थ— सम्पूर्ण देशहरूमा लुटेराहरूको जगजगी हुनेछ। विभिन्न प्रकारका कल्पित मतमतान्तरहरू सिर्जना गरेर पाखण्डीहरूले वेदलाई कलङ्कित बनाउनेछन्। राजाहरू प्रजाहरूको शोषण गर्न थाल्नेछन्। ब्राह्मणहरू जननेन्द्रिय र भुँडीको सन्तुष्टिका लागि सधैँ लागिरहनेछन्।

अव्रता बटवोऽशौचा भिक्षवश्च कुटुम्बिनः।
तपस्विनो ग्रामवासा न्यासिनोऽत्यर्थलोलुपाः॥ ३३॥

पदार्थ—
बटवः = ब्रह्मचारीहरू
अव्रताः = आचारभ्रष्ट
अशौचाः = अपवित्र हुनेछन्
कुटुम्बिनः = परिवारले सहित भएका गृहस्थहरू
भिक्षवः च = भिक्षा माग्दै हिँड्नेछन्
तपस्विनः = वानप्रस्थ तपस्वीहरू
ग्रामवासाः = गाउँमा बस्ने हुनेछन्
न्यासिनः = संन्यासीहरू
अत्यर्थलोलुपाः = धनका ज्यादै लोभी हुनेछन्

वाक्यार्थ— ब्रह्मचारीहरू ब्रह्मचर्य आश्रममा पालना गर्नुपर्ने आचारले भ्रष्ट र अपवित्र हुनेछन्। घरभरि परिवार भएका गृहस्थहरू भिक्षा माग्दै हिँड्नेछन्। तपस्या गर्न गएका वानप्रस्थहरू वन छाडेर गाउँमा बस्नेछन् भने संन्यासीहरू धन भनेपछि लोभले भुतुक्कै हुनेछन्।

ह्रस्वकाया महाहारा भूर्यपत्या गतह्रियः।
शश्वत्कटुकभाषिण्यश्चौर्यमायोरुसाहसाः॥ ३४॥

पदार्थ—
ह्रस्वकायाः = स्त्रीहरू शरीर सानो भएका
महाहाराः = धेरै खाने
भूर्यपत्याः = धेरै सन्तान जन्माउने
गतह्रियः = लाज नभएका
शश्वत्कटुकभाषिण्यः = सधैँ रुखो बोल्ने
चौर्यमायोरुसाहसाः = चोरी गर्ने, छलपूर्ण व्यवहार गर्ने र जघन्य अपराध गर्ने हुनेछन्

वाक्यार्थ— स्त्रीहरूको शरीर आकारले सानो हुनेछ, तर उनीहरूले धेरै खाना खानेछन्, धेरै सन्तान जन्माउनेछन्। उनीहरू लाज नमान्ने अनि सधैँ कर्कश र अप्रिय बोल्ने, चोरी गर्ने, छलपूर्ण व्यवहार गर्ने र जघन्य अपराध गर्ने हुनेछन्।

पणयिष्यन्ति वै क्षुद्राः किराटाः कूटकारिणः।
अनापद्यपि मंस्यन्ते वार्तां साधुजुगुप्सिताम्॥ ३५॥

पदार्थ—
क्षुद्राः = छुद्र विचार भएका
कूटकारिणः = ठगी गर्ने
किराटाः = व्यापारीहरूले
वै = निश्चय नै
पणयिष्यन्ति = किन-बेचको व्यवहार गर्नेछन्
अनापदि अपि = दुःख नहुँदा पनि
साधुजुगुप्सितां = सज्जनहरूद्वारा निन्दित
वार्तां = ठगीपूर्ण व्यापारवृत्तिलाई
मंस्यन्ते = राम्रो मान्नेछन्

वाक्यार्थ— छुद्र विचार भएका व्यापारीहरूले व्यापारको नाममा ठगी गर्न थाल्नेछन्। आफूलाई दुःख वा समस्या नपर्दा पनि उनीहरूले ठगीपूर्ण व्यापार गर्नेछन्। सज्जनहरूले निन्दा गरेको यस्तो वृत्तिलाई उनीहरू राम्रो मान्नेछन्।

पतिं त्यक्ष्यन्ति निर्द्रव्यं भृत्या अप्यखिलोत्तमम्।
भृत्यं विपन्नं पतयः कौलं गाश्चापयस्विनीः॥ ३६॥

पदार्थ—
अखिलोत्तमं अपि = सर्वोत्तम भए पनि
निर्द्रव्यं = धनहीन
पतिं = मालिकलाई
भृत्याः = नोकरहरूले
त्यक्ष्यन्ति = त्याग्नेछन्
पतयः = मालिकहरूले पनि
कौलं = कुलपरम्परादेखिको पुरानो उपकारी
विपन्नं = रोग आदिले थला परेको
भृत्यं = नोकरलाई
अपयस्विनीः = दुध दिन छाडेका बुढी
गाः च = गाईहरूलाई पनि त्याग्नेछन्

वाक्यार्थ— गुण र चरित्रले सर्वश्रेष्ठ भए पनि कारणवश गरिब भएका मालिकलाई नोकरहरूले छाडिदिनेछन्। कुलपरम्परादेखि बस्दै आएको उपकारी पुरानो नोकर जब रोगले थला परेर काम गर्न नसक्ने हुन्छ, तब मालिकहरूले त्यसलाई निकालिदिनेछन्। बसौँदेखि घरमा पालिएका गाईले जब बुढी भएर दुध दिन छाड्छन्, तब मालिकले त्यस्ता गाईलाई पनि त्याग्नेछन्।

पितृभ्रातृसुहृज्ज्ञातीन् हित्वा सौरतसौहृदाः।
ननान्दृश्यालसंवादा दीनाः स्त्रैणाः कलौ नराः॥ ३७॥

पदार्थ—
कलौ = कलियुगमा
सौरतसौहृदाः = कामवासना-प्रेरित भई आत्मीयता देखाउनेहरू
पितृभ्रातृसुहृज्ज्ञातीन् = मातापिता, दाजुभाइ, मित्र र बन्धुजनहरूलाई
हित्वा = छाडेर
ननान्दृश्यालसंवादाः = साली, सालाहरूसँग सल्लाह गर्ने
दीनाः = दुःखी
स्त्रैणाः = स्त्रीलम्पट
नराः = मानिसहरू हुनेछन्

वाक्यार्थ— कलियुगमा मानिसहरू स्त्रीलम्पट हुनेछन्। कामवासनाले प्रेरित भएर उनीहरू आत्मीयता देखाउनेछन्। दुःख पर्दा आफ्ना हितैषी मातापिता, दाजुभाइ, इष्टमित्र र बन्धुबान्धवहरूलाई छाडेर उनीहरूले सालासालीहरूसँग मात्रै सरसल्लाह गर्नेछन्।

शूद्राः प्रतिग्रहीष्यन्ति तपोवेषोपजीविनः।
धर्मं वक्ष्यन्त्यधर्मज्ञा अधिरुह्योत्तमासनम्॥ ३८॥

पदार्थ—
तपोवेषोपजीविनः = तपस्वीको जस्तो वेष धारण गरेर जिउने
शूद्राः = शूद्रहरूले
प्रतिग्रहीष्यन्ति = दान लिनेछन्
अधर्मज्ञाः = धर्म जान्दै नजानेका पाखण्डीहरू
उत्तमासनं = व्यासासनमा
अधिरुह्य = चढेर (बसेर)
धर्मं = धर्मको
वक्ष्यन्ति = व्याख्या गर्नेछन्

वाक्यार्थ— शूद्रहरूले तपस्वीको वेष धारण गरेर आफ्नो जीविका चलाउने र दान लिने काम गर्नेछन्। धर्मको रहस्य जान्दै नजानेका पाखण्डीहरूले नै व्यासासनमा बसेर धर्मको व्याख्या गर्नेछन्।

नित्यं उद्विग्नमनसो दुर्भिक्षकरकर्शिताः।
निरन्ने भूतले राजननावृष्टिभयातुराः॥ ३९॥
वासोऽन्नपानशयनव्यवायस्नानभूषणैः।
हीनाः पिशाचसन्दर्शा भविष्यन्ति कलौ प्रजाः॥ ४०॥

पदार्थ–
राजन् = हे राजा परीक्षित्
कलौ = कलियुगमा
भूतले = भूमण्डलमा
निरन्ने = अनिकाल पर्दा
नित्यं = सधैँ
उद्विग्नमनसः = डराएका
दुर्भिक्षकरकर्शिताः = खडेरी र राजस्व तिर्नैपर्ने बाध्यताले पीडित
अनावृष्टिभयातुराः = जलवृष्टि नभएर डरले आतुर भएका
वासोऽन्नपानशयनव्यवायस्नान-भूषणैः = वस्त्र, अन्न, जल, विश्रामका लागि शय्या, यौनसुख, स्नान र गरगहनाले
हीनाः = रहित भएका
प्रजाः = प्रजाहरू
पिशाचसन्दर्शाः = पिशाचतुल्य
भविष्यन्ति = हुनेछन्

वाक्यार्थ– हे राजा परीक्षित्! कलियुगमा भूमण्डलमा रहेका प्रजाहरू सधैँ भयभीत रहनेछन्। एकातिर अनिकाल पर्नेछ भने अर्कातिर खडेरी परे पनि राजस्व तिर्नैपर्ने पीडाले उनीहरू छट्पटिनुपर्नेछ। अनावृष्टिले उनीहरूलाई अझ भयातुर बनाइराख्नेछ। एकसरो शरीर ढाक्नको लागि लुगा, भोकप्यास शान्त गर्न अन्न र पानी, विश्राम गर्न शयन (घर) आदि दैनिक आवश्यक वस्तु पनि उनीहरूसँग हुनेछैन। मैथुनादि दाम्पत्य जीवनको सुख, स्नान र गरगहनाबाट पनि उनीहरू वञ्चित रहनेछन्। यसरी हरेक दृष्टिले मानिसहरूको स्थिति पिशाचको जस्तो निकृष्ट हुनेछ।

कलौ काकिणिकेऽप्यर्थे विगृह्य त्यक्तसौहृदाः।
त्यक्ष्यन्ति च प्रियान् प्राणान् हनिष्यन्ति स्वकानपि॥ ४१॥

पदार्थ–
कलौ = कलियुगमा
काकिणिके अपि = कौडीबराबरको पनि
अर्थे = धनका लागि
विगृह्य = झगडा गरेर
त्यक्तसौहृदाः = मित्रता त्याग्ने मानिसहरू
स्वकान् अपि = आफन्तजनहरूलाई पनि
हनिष्यन्ति = मार्नेछन्
प्रियान् = प्रिय
प्राणान् च = प्राणलाई पनि
त्यक्ष्यन्ति = त्याग्नेछन्

वाक्यार्थ– कलियुगमा मानिसहरू कौडीबराबरको थोरै धनका लागि परस्पर झगडा गर्नेछन् र मित्रतालाई उपेक्षा गर्नेछन्। यिनीहरूले थोरै धनका लागि पनि आफ्ना प्रियजनहरूलाई मार्नेछन् अनि सबैभन्दा प्रिय आफ्नै प्राणलाई पनि त्याग्नेछन्।

न रक्षिष्यन्ति मनुजाः स्थविरौ पितरावपि।
पुत्रान् सर्वार्थकुशलान् क्षुद्राः शिश्नोदरम्भराः॥ ४२॥

पदार्थ—
शिश्नोदरम्भराः = जननेन्द्रिय र भुँडीको पोषण गर्न तल्लीन
क्षुद्राः = तुच्छ
मनुजाः = मानिसहरू
स्थविरौ = बुढा
पितरौ अपि = माता-पितालाई
सर्वार्थकुशलान् = सम्पूर्ण व्यवहारमा निपुण
पुत्रान् = छोराहरूलाई
न रक्षिष्यन्ति = पालन गर्नेछैनन् (अलग्याइदिनेछन्)

वाक्यार्थ— कलियुगको प्रभावसँगै क्षुद्र बन्दै गएका मानिसहरू आफ्नो जननेन्द्रिय र भुँडीको सन्तुष्टिमा मात्र तल्लीन हुनेछन्। छोराहरूले बुढा भइसकेका आफ्ना आमाबाबुलाई बुढेसकालमा पालनपोषण गर्ने छैनन् भने बाबुआमाले पनि हरेक व्यवहारमा निपुण छोराहरूलाई पनि अलग्याइदिनेछन्।

कलौ न राजन् जगतां परं गुरुं त्रिलोकनाथानतपादपङ्कजम्।
प्रायेण मर्त्या भगवन्तमच्युतं यक्ष्यन्ति पाखण्डविभिन्नचेतसः॥ ४३॥

पदार्थ—
राजन् = हे राजा परीक्षित्
कलौ = कलियुगमा
पाखण्डविभिन्नचेतसः = पाखण्डी स्वभावका कारण मन भाँडिएका
मर्त्याः = मानिसहरूले
प्रायेण = प्रायः
जगतां = जगत्का
परं गुरुं = परम गुरु
त्रिलोकनाथानतपादपङ्कजं = तीनै लोकका अधिपति इन्द्र आदि देवताहरूद्वारा शिर झुकाएर नमन गरिएका
भगवन्तं = भगवान्
अच्युतं = वासुदेवलाई
न यक्ष्यन्ति = आराधना गर्नेछैनन्

वाक्यार्थ— हे राजा परीक्षित्! कलियुगमा मानिसहरूको मन पाखण्डीहरूको लहैलहैमा लागेर यसरी भड्किने छ कि उनीहरू इन्द्र आदि तीनै लोकका अधिपति देवताहरू पनि जसको चरणकमलमा शिर झुकाएर नमन गर्दछन् त्यस्ता सम्पूर्ण जगत्का परम गुरु भगवान् वासुदेवको पूजा आराधना गर्नेछैनन्।

यन्नामधेयं म्रियमाण आतुरः पतन् स्खलन् वा विवशो गृणन् पुमान्।
विमुक्तकर्मार्गल उत्तमां गतिं प्राप्नोति यक्ष्यन्ति न तं कलौ जनाः॥ ४४॥

पदार्थ—
म्रियमाणः = मर्ने लागेको
आतुरः = रोगीले
पतन् = खस्दा
स्खलन् वा = अथवा चिप्लिँदा
विवशः = विवश भएर
यन्नामधेयं = जुन भगवान्को नाम
गृणन् = उच्चारण गर्ने
पुमान् = पुरुष
विमुक्तकर्मार्गलः = सम्पूर्ण कर्मबन्धनबाट मुक्त भई
उत्तमां = सर्वोत्तम
गतिं = गति
प्राप्नोति = प्राप्त गर्दछ
कलौ = कलियुगमा
जनाः = मानिसहरूले
तं = त्यस्ता भगवान्को
न यक्ष्यन्ति = पूजा गर्नेछैनन्

वाक्यार्थ— मृत्युकालमा रोग लागेको अवस्थामा, अग्लो ठाउँबाट खस्दा, बाटो आदिमा चिप्लिँदा

विवश भएर जुन मानिसले भगवान्को नामोच्चारण गर्दछ, त्यो मानिस सम्पूर्ण कर्मबन्धनबाट मुक्त हुन्छ र उसले सर्वोत्तम गति प्राप्त गर्दछ, तर विडम्बना के छ भने कलियुगमा मानिसहरू कलिको दोषबाट प्रभावित भई त्यस्ता भगवान्को पूजा गर्नेछैनन्।

विवरण– यस प्रसङ्गमा घोर कलियुगका मानिसहरूले परम कृपामय आफ्नै आत्मस्वरूप परमात्माको पनि आदर गर्नेछैनन् भनिएको छ। भगवान् श्रीहरि सम्पूर्ण प्राणीहरूका एक मात्र हितोपदेशक परम गुरु हुनुहुन्छ। सम्पूर्ण लोक–लोकान्तरका स्वामीहरू समेत उहाँको परम पवित्र चरणकमलमा शिर झुकाउँछन्, तर कलियुगका प्राणीहरूलाई भने तिनै सर्वात्मा भगवान्को अघि झुक्न पनि असाध्यै गाह्रो हुन्छ। यसको मुख्य कारण पाखण्ड मतहरूमा उनीहरूको रुचि बढ्नु नै हो।

कलियुगका प्राणीहरूले धर्मलाई बन्धनमुक्तिको साधनको रूपमा आदर नगरी आफ्नो मानसिक स्वतन्त्रता र मन पर्दा धर्मपालन गर्ने स्वेच्छाचारको रूपमा दुरुपयोग गर्दछन्। उनीहरूका लागि ईश्वर सत्य नभई उनीहरूले मानेदेखि सिद्ध हुने काल्पनिक पात्रसमान हुन्छन्। यस्ता व्यक्तिहरू सर्वस्वरूप परमात्माको प्रेममा आफ्नो जीवन उत्सर्ग गर्न र सर्वात्मा भगवान्को सेवाका लागि आफ्ना सबै स्वार्थ त्यागिदिन कसरी सक्छन् र? दृढ निष्ठा नभईकन अच्युत भगवान्को भक्ति गर्न र उहाँको दर्शन पाउन सजिलो छैन। त्यसैले मानिसहरू धर्मको कठोर नियमको पालना नगरी भगवद्दर्शन नपाइने सनातन मान्यतामा नै अनास्था गर्दछन् र अनेक पाखण्ड मतहरूको पछि लाग्दछन्, जसमा त्याग–वैराग्यको आग्रह पनि गरिँदैन, उनीहरूजस्तै कुनै व्यक्तिलाई त्यो मतको प्रवर्तक बनाइएको हुन्छ। सकेसम्म त यी मानिसहरू आफैँ नयाँ मतको सिर्जना गरी स्वयं ईश्वर बन्न तत्पर हुन्छन्। सबैथरी पाखण्ड मतहरूको भित्री मर्म व्यक्तिलाई वास्तविक मोक्ष दिनु नभई सामूहिक ऐक्यबद्धता, बाहिरी अनुशासन र सभ्यताको प्रदर्शनद्वारा कसरी सामाजिक जनजीवनलाई आफूतिर आकर्षित गर्न सकिन्छ? भन्नेतर्फ केन्द्रित हुन्छ। सामान्य व्यक्तिहरू यिनै पाखण्ड मतमा आकर्षित भई वास्तविक सनातन धर्ममार्गबाट विचलित बन्दछन्। आध्यात्मिक जीवनको इतिहास र निश्चित धर्मदर्शन भएको, विभिन्न अवतारहरू धारण गरेका वेला स्वयं भगवान्ले समेत पालना गर्नुभएको वैदिक परम्पराबाट विमुख भई ऋषिहरूका आध्यात्मिक योगदानले शून्य भर्खरैका मतहरूमा फस्न पुग्नु त दुर्भाग्य नै हो।

भगवान्प्रतिको समर्पण भनेको निजी आध्यात्मिक सम्पत्ति हो, कुनै बाहिरी प्रदर्शन होइन। यदि कुनै व्यक्तिले मर्नै लागेको वेलामा भए पनि पूर्ण समर्पणका साथ भगवान्को नाम लियो र शुद्ध भावले उहाँको स्मरण गर्‍यो भने त्यस व्यक्तिका सारा कर्मबन्धनहरू तत्काल नष्ट हुन्छन्। कलिका सारा दोषहरूलाई नष्ट गरिदिने यस्ता भगवान्लाई समेत मानिसहरू उपेक्षा गर्दछन् र पाखण्ड एवं क्षुद्र भोगप्रदाता देवताहरूको उपासना गर्दछन् भने त्यसबाट दुःखी हुनुबाहेक के गर्न सकिन्छ र? यहाँ श्रीशुकदेवले आफ्नो भागवत उपदेशको अन्तिम–अन्तिममा गएर पाखण्डमतावलम्बीहरूप्रति दुःख व्यक्त गर्नुको कारण के हो भने उहाँ तिनीहरूको उद्धार हुने कुनै मार्ग देख्नुहुन्न। नास्तिक व्यक्ति बरु आफ्नो विश्वासमा ठेस लाग्दा या दुःखको भूमरीमा पर्दा

सम्हालिने सम्भावना रहन्छ, तर स्वघोषित मतमा लागेकाहरू चाहिँ कहिल्यै सम्हालिने सम्भावना छैन। अँध्यारोमा बसेको व्यक्तिलाई स्पष्ट प्रकाशको महत्त्व बुझाई सूर्यको अघि ल्याउन सकिन्छ, तर टुकीको प्रकाशलाई नै परम प्रकाश सम्झिई बसेको व्यक्तिलाई प्रकाशको जति महत्त्व बताए पनि ऊ त्यो टुकीलाई छाडी सूर्यको सामने आउँदैन। ठिक यसै गरी पाखण्डीहरूलाई मुक्त पुरुषहरूको आत्मानुभवको उपदेशले पनि त्यतातिर प्रवृत्त गराउँदैन। त्यसैले यो सबैभन्दा दुःखको कुरा हो भन्ने कुरा श्रीशुकदेवजीले यहाँ बताउनुभएको छ।

पुंसां कलिकृतान् दोषान् द्रव्यदेशात्मसम्भवान्।
सर्वान् हरति चित्तस्थो भगवान् पुरुषोत्तमः॥ ४५॥

पदार्थ—
चित्तस्थः = हृदयमा रहने
भगवान् = भगवान्
पुरुषोत्तमः = पुरुषोत्तमले
पुंसां = मानिसहरूको
द्रव्यदेशात्मसम्भवान् = पदार्थ, स्वभाव र अन्तःकरणमा उत्पन्न
कलिकृतान् = कलियुगद्वारा प्रेरित
सर्वान् = सम्पूर्ण
दोषान् = दोषहरूलाई
हरति = नाश गर्नुहुन्छ

वाक्यार्थ— जब पुरुषोत्तम भगवान् वासुदेव मानिसहरूको हृदयमा निवास गर्नुहुन्छ, तब उहाँले कलियुगद्वारा प्रेरित पदार्थ, स्वभाव र अन्तःकरणमा उत्पन्न भएका सम्पूर्ण दोषहरूलाई नष्ट गरिदिनुहुन्छ।

श्रुतः सङ्कीर्तितो ध्यातः पूजितश्चादृतोऽपि वा।
नृणां धुनोति भगवान् हृत्स्थो जन्मायुताशुभम्॥ ४६॥

पदार्थ—
श्रुतः = नाम श्रवण गरिएका
सङ्कीर्तितः = कीर्तन गरिएका
ध्यातः = ध्यान गरिएका
पूजितः अपि वा = अथवा पूजा गरिएका
आदृतः च = श्रद्धा गरिएका
हृत्स्थः = हृदयमा विराजमान
भगवान् = भगवान्ले
नृणां = मनुष्यहरूको
जन्मायुताशुभं = दसौं हजार जन्मका पापलाई
धुनोति = नष्ट गरिदिनुहुन्छ

वाक्यार्थ— भगवान्को नाम, रूप आदिको श्रवण, सङ्कीर्तन, ध्यान, पूजन र श्रद्धाभाव व्यक्त गरेमा भगवान् मनुष्यहरूको हृदयमा निवास गर्नुहुन्छ र मानिसका दसौं हजार वर्षदेखिका सम्पूर्ण पापहरूलाई उहाँले नष्ट गरिदिनुहुन्छ।

यथा हेम्नि स्थितो वह्निर्दुर्वर्णं हन्ति धातुजम्।
एवमात्मगतो विष्णुर्योगिनामशुभाशयम्॥ ४७॥

पदार्थ—
यथा = जसरी
हेम्नि = सुनमा
स्थितः = बसेको
वह्निः = आगोले
धातुजं = धातुमा उत्पन्न

दुर्वर्णं = मलिनतालाई
हन्ति = नष्ट गर्दछ
एवं = त्यसै गरी
आत्मगतः = हृदयमा विराजमान
विष्णुः = सर्वव्यापक भगवान्ले
योगिनां = योगीहरूको
अशुभाशयम् = दुर्वासनालाई नष्ट गर्नुहुन्छ

वाक्यार्थ– जसरी अन्य धातुको संसर्गबाट उत्पन्न हुने सुनको मलिनतालाई सुनमै बसेर अग्निले नष्ट गर्दछ, त्यसरी नै योगीहरूको मनमा रहेका दुर्वासनाहरूलाई उनीहरूकै हृदयमा बसेर भगवान्ले नष्ट गर्नुहुन्छ।

विद्यातपःप्राणनिरोधमैत्रीतीर्थाभिषेकव्रतदानजप्यैः।
नात्यन्तशुद्धिं लभतेऽन्तरात्मा यथा हृदिस्थे भगवत्यनन्ते ॥ ४८ ॥

पदार्थ–
अनन्ते = अनन्त
भगवति = भगवान् श्रीकृष्ण
हृदिस्थे = हृदयमा निवास गर्दा
अन्तरात्मा = अन्तःकरणले
यथा = जसरी
अत्यन्तशुद्धिं = पूर्णरूपमा पवित्रता
लभते = प्राप्त गर्दछ (त्यसरी)
विद्यातपःप्राणनिरोधमैत्रीतीर्थाभिषेकव्रतदानजप्यैः = विद्या, तप, योग, मित्रभाव, तीर्थस्नान, व्रत, दान र जपद्वारा
न = प्राप्त हुँदैन

वाक्यार्थ– देवताहरूको उपासनारूप विद्या, तपस्या, योग, सम्पूर्ण प्राणीहरूमा मित्रता (अहिंसा), तीर्थस्नान, दान र जप आदि साधनद्वारा अन्तःकरणको शुद्धि त्यसरी हुन सक्दैन, जसरी अनन्त भगवान् श्रीकृष्ण हृदयमा निवास गर्दा हुन्छ।

तस्मात् सर्वात्मना राजन् हृदिस्थं कुरु केशवम्।
म्रियमाणो ह्यवहितस्ततो यासि परां गतिम् ॥ ४९ ॥

पदार्थ–
तस्मात् = त्यस कारण
म्रियमाणः = मृत्यु निकटमा हुने तपाईं
अवहितः = सावधान भएर
हि = निश्चय नै
सर्वात्मना = एकाग्र मनले
केशवं = भगवान् केशवलाई
हृदिस्थं = हृदयमा आसीन
कुरु = गराउनुहोस्
राजन् = हे राजा परीक्षित्
ततः = भगवान् हृदयमा विराजमान भएपछि
परां = परम
गतिं = गतिमा
यासि = प्राप्त हुनुहुनेछ

वाक्यार्थ– हे राजा परीक्षित् ! अब तपाईंको पनि मृत्यु नजिक आइसकेको छ। अब तपाईं सावधान भएर एकाग्र मनले भगवान् श्रीकृष्णलाई आफ्नो हृदयमा विराजमान गराउनुहोस्, तपाईं परमगतिमा प्राप्त हुनुहुनेछ।

म्रियमाणैरभिध्येयो भगवान् परमेश्वरः।
आत्मभावं नयत्यङ्ग सर्वात्मा सर्वसंश्रयः ॥ ५० ॥

पदार्थ—
अङ्ग = हे प्रिय राजा
म्रियमाणैः = मृत्यु निकट भएका मानिसहरूद्वारा
अभिध्येयः = ध्यान गरिनुपर्ने
सर्वात्मा = सबै प्राणीका आत्मा
सर्वसंश्रयः = सबै प्राणीका आश्रय
भगवान् = सर्वैश्वर्यसम्पन्न
परमेश्वरः = परमेश्वरले
आत्मभावं = स्वस्वरूपमा
नयति = प्राप्त गराउनुहुन्छ

वाक्यार्थ— हे राजा परीक्षित् ! सम्पूर्ण ऐश्वर्यहरूले सम्पन्न परमेश्वर श्रीकृष्ण सम्पूर्ण प्राणीहरूको आत्मा र एक मात्र आश्रय हुनुहुन्छ। मृत्यु नजिकमा आइसकेका मानिसहरूले त्यस्ता भगवान्को ध्यान गर्नुपर्दछ। आफ्नो ध्यान गर्ने भक्तलाई भगवान्ले आफ्नै स्वरूपमा लीन गराउनुहुन्छ।

कलेर्दोषनिधे राजन्नस्ति ह्येको महान् गुणः।
कीर्तनादेव कृष्णस्य मुक्तसङ्गः परं व्रजेत्॥ ५१॥

पदार्थ—
राजन् = हे राजा परीक्षित्
दोषनिधेः = दोषको भण्डार
कलेः = कलियुगको
हि = निश्चय नै
एकः = एउटा
महान् = ठुलो
गुणः = गुण
अस्ति = छ
कृष्णस्य = श्रीकृष्णको
कीर्तनात् एव = कीर्तनबाट नै
मुक्तसङ्गः = बन्धनमुक्त भई
परं = परमात्मामा
व्रजेत् = एकीभावमा प्राप्त हुन्छ

वाक्यार्थ— हे राजा परीक्षित् ! यद्यपि कलियुग दोषैदोषको भण्डार हो, तापनि यसको एउटा ठुलो गुण छ, त्यो के हो भने कलियुगमा भगवान् श्रीकृष्णको कीर्तनद्वारा नै मानिसको सम्पूर्ण कर्मबन्धन नष्ट हुन्छ र ऊ भगवान्मै तन्मय हुन्छ।

कृते यद् ध्यायतो विष्णुं त्रेतायां यजतो मखैः।
द्वापरे परिचर्यायां कलौ तद्धरिकीर्तनात्॥ ५२॥

पदार्थ—
कृते = सत्ययुगमा
विष्णुं = भगवान् विष्णुलाई
ध्यायतः = ध्यान गर्ने मानिसको
त्रेतायां = त्रुतायुगमा
मखैः = यज्ञहरूद्वारा
यजतः = पूजा गर्नेको
द्वापरे = द्वापरयुगमा
परिचर्यायां = पूजा गर्दा
यत् = जुन फल हुन्छ
कलौ = कलियुगमा
तत् = त्यो फल
हरिकीर्तनात् = श्रीकृष्णको कीर्तनबाट प्राप्त हुन्छ

वाक्यार्थ— सत्ययुगमा भगवान्को ध्यान गर्दा, त्रेतायुगमा यज्ञहरूद्वारा आराधना गर्दा तथा द्वापरयुगमा विधिपूर्वक पूजा गर्दा जुन फल प्राप्त हुन्छ, कलियुगमा भगवान् श्रीकृष्णको कीर्तन मात्रले त्यही फल मनुष्यहरूलाई प्राप्त हुन्छ।

विवरण— यहाँ श्रीशुकदेवले भगवन्नामसङ्कीर्तनको महत्त्व बताउनुभएको छ। कलियुगमा भगवत्कीर्तनद्वारा नै संसारका सारा आसक्तिहरू छुट्छन् र भगवत्प्राप्ति हुन्छ। यही कलियुगको

महान् गुण हो। ठुला यज्ञ–याग, कठिन तपस्या र अखण्ड साधना विना पनि केवल भगवत्कीर्तनद्वारा मात्र पूर्ण मोक्ष फल पाउन सक्नु प्राणीहरूका लागि मुख्य अवसर पनि हो। अरू युगहरूमा भगवत्कृपा प्राप्त गर्न यति सजिलो छैन, तर कलियुगका प्राणीहरूमाथि भगवान्को यति धेरै अनुकम्पा रहेको छ कि केवल नामजप, स्मरणद्वारा मात्र उहाँ पूर्ण प्रसन्न हुनुहुन्छ। यही गुणका कारण कलियुगका सबै दोषहरू गौण बनेका छन् र यसै कारणले विश्वविजयका क्रममा स्वयं परीक्षित् राजाले पनि कलिलाई नष्ट नगर्नुभएको हो। यसैले भक्तहरूले कलिलाई अशुभको रूपमा नभई शुभ अवसरको रूपमा लिनुपर्दछ।

वास्तवमा कलिको दोष भनेको समयको मात्र दोष होइन, दोषहरू त समयमा नभई मानिसका मनभित्र नै हुन्छन्। यदि मनभित्र भगवान् हुनुहुन्छ भने त्यहाँ कसै गरी पनि कलिको प्रवेश सम्भव छैन। सूर्यको अघि अन्धकार जान नसके जस्तै भगवत्स्मरणका अघि कलिको प्रभाव पूर्णतः बिलाउँछ। यसैले कलिबाट आत्तिनुभन्दा हृदयवासी परमात्मालाई सम्झिनु कल्याणकारक रहेको छ। सत्ययुगमा भगवान्को अनवरत ध्यान गर्दा, त्रेतामा ठुला यज्ञहरू गर्दा, द्वापरमा विशिष्ट प्रकारका पूजाहरू गर्दा जुन फल पाइन्छ, त्यो फल कलियुगमा कीर्तनबाट सजिलैसँग पाउन सकिन्छ। यो नै कलियुगको विशेष सुविधा हो।

भगवत्कीर्तनको महत्त्व उपनिषद्मा पनि बताइएको छ— कलिसन्तरणोपनिषद्मा देवर्षि नारद कलियुगमा प्राणीहरूको कसरी उद्धार हुन्छ भन्ने विषयमा चिन्तित भई ब्रह्माजीकहाँ पुग्दा ब्रह्माजीले नामसङ्कीर्तनलाई नै मुख्य साधनको रूपमा उपदेश गर्नुभएको छ। उहाँले **हरे राम हरे राम राम राम हरे हरे, हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे** यो महामन्त्रको उपदेश गरी यसको कीर्तनद्वारा कलिदोष मेटिने बताउनुभएको छ।

केवल नामजपद्वारा कसरी कृतकृत्य भइन्छ भन्ने शङ्का हुँदा आचार्यहरूले यसको समाधान बताउनुभएको छ। सर्वप्रथम त भगवान्को नाम स्वयं भगवान् नै हो, यसलाई लौकिक इन्द्रियले जप्न सकिँदैन, यो त भगवान्तर्फ उन्मुख भएका व्यक्तिहरूको जिब्रोमा स्वयं स्फुरित हुनुपर्छ। भगवान्लाई विशुद्ध ज्ञानद्वारा मात्र जान्न सकिन्छ, बाहिरी आँखाले होइन। यदि नेत्रमा भगवद्दर्शनको शक्ति छैन भने जिब्रोमा पनि भगवन्नामग्रहणको शक्ति छैन, यो त भगवान्को कृपामय अवतरण हो भन्ने भक्तहरूको भनाइ छ— **सेवोन्मुखे हि जिह्वादौ स्वयमेव स्फुरत्यदः** (भक्तिरसामृतसिन्धु) अर्थात् भगवान्को नाम जिब्रोद्वारा उच्चारणीय होइन, भगवदुन्मुख जीवको जिब्रोमा स्वतःस्फुरित हुनुपर्छ। यस्तो स्वाभाविक नामजप नै भगवत्प्रीतिको साधन हो। जिब्रोले करबलले लिइने नाम त केवल नामाभास हो। त्यसैले पूर्णसमर्पणविना लिइएका नामहरूले शास्त्रप्रतिपादित कीर्तनको महत्त्वलाई प्रकट गर्न सक्दैनन्।

भगवन्नामजपको एउटा आफ्नै प्रक्रिया छ, जसको पालना गरे मात्र यसको पूर्ण फल पाइन्छ। श्रीचैतन्यमहाप्रभुको भावअनुसार नामजप गर्दा दश वटा दोषहरूबाट अनिवार्य बच्नुपर्दछ। अन्यथा नामजपको फल पाइँदैन। ती दश दोषहरू हुन्—

सन्निन्दासति नामवैभवकथा श्रीशेशयोर्भेदधी–
रश्रद्धा श्रुतिशास्त्रदैशिकगिरां नाम्न्यर्थवादभ्रमः।

नामास्तीति निषिद्धवृत्तिविहितत्यागौ हि धर्मान्तरैः
साम्यं नाम्नि हरेः शिवस्य च तथा नामापराधा दश।।

अर्थात् श्रीहरि या भगवान् शिवको नाम जप गर्दा त्यसमा दश प्रकारका अपराधबाट बँच्नुपर्दछ। पहिलो अपराध हो, सत्पुरुषहरूको निन्दा गर्नु। माता-पिता, गुरु, श्रेष्ठ भक्त या ज्ञानी पुरुषहरूको निन्दाबाट नामजप गर्नेले सधैँ बच्नुपर्दछ। दोस्रो दोष हो, अश्रद्धालु या अनधिकारीलाई नामको महत्त्व बताउनु। तेस्रो दोष हो, श्रीपति भगवान् नारायण र उमापति भगवान् शिवबिच भदेबुद्धि गर्नु, निन्दा आदि गर्नु। उहाँहरू दुबै परस्परका आत्मा भएकाले कुनै एउटाको भक्तले अर्काको निन्दा-द्वेष गर्नेबित्तिकै स्वयं आफ्नो इष्टको आत्मासँग द्वेष गरेको ठहर्छ। चौँथो, पाँचौ र छैटौँ अपराध हो– वेद, शास्त्र र गुरुहरूको उपदेशमा अश्रद्धा गर्नु। सातौँ अपराध हो, नामको महत्त्व बताइएको प्रसङ्गलाई अर्थवाद या गौण सम्झिनु। आठौँ र नवौँ अपराध हो, नामजप गरेको छु भन्दैमा शास्त्रीय नित्यकर्महरूको परित्याग गर्नु र निषिद्ध आचरण गर्नु। भगवान्‌को भक्तिद्वारा सारा पापहरू नष्ट हुन्छन् भन्ने व्यवस्था पूर्व अवस्थामा गरिएका या नजानी हुन सक्ने पापहरूलाई लिएर गरिएको हो। जानी-जानी दुष्कर्म गर्न छुट दिने यो व्यवस्था होइन। त्यसैले यसरी भगवन्नामको दुरुपयोग गर्न खोज्नु त्यसमाथि अपराध गर्नु हो। दसौँ अपराध हो, अरू सत्कर्म आदिसँग नामजपलाई तुलना गर्नु या यसको महत्त्वलाई सामान्य कर्मसमान ठान्नु। यसरी यी सबै दोषहरू हुनु भनेको भगवन्नाममाथि अपराध गर्नु हो। यस्तो अपराध गर्ने व्यक्तिले जति राम राम जपे पनि नामजप गरेको ठहरिँदैन, किनभने ऊ त नामको बहानाले त्यसैमाथि अपराध गर्दैछ। यसैले यस्ता व्यक्तिलाई नाम जपेको अभिमान बढ्नुबाहेक नामजपबाट अरू केही फाइदा हुँदैन। यी दोषबाट बची एकनिष्ठ भावले पूर्ण श्रद्धाका साथ भगवन्नाम जप गर्ने व्यक्तिले चाहिँ पूर्ण भवत्कृपा प्राप्त गर्न सक्दछ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे तृतीयोऽध्यायः॥ ३॥

अथ चतुर्थोऽध्यायः

चार प्रकारका प्रलय

श्रीशुक उवाच (श्रीशुकदेवले भन्नुभयो)

कालस्ते परमाण्वादिर्द्विपरार्धावधिर्नृप ।
कथितो युगमानं च शृणु कल्पलयावपि ॥ १ ॥

पदार्थ–	**कालः** = कालको	**कथितः** = बताइसकेँ अब
नृप = हे राजा परीक्षित्	**अवधिः** = अवधि र	**कल्पलयौ अपि** = कल्प र
परमाण्वादिः = परमाणुदेखि	**युगमानं च** = युगको मान	प्रलयको पनि वर्णन
द्विपरार्ध = द्विपरार्धसम्मको	**ते** = तपाईंलाई	**शृणु** = सुन्नुहोस्

वाक्यार्थ– हे राजा परीक्षित् ! परमाणुदेखि लिएर द्विपरार्धसम्मको कालको गति र युगमानबारे मैले तपाईंलाई बताएँ, अब कल्प र प्रलयको बारेमा बताउँछु, सुन्नुहोस् ।

चतुर्युगसहस्रं च ब्रह्मणो दिनमुच्यते ।
स कल्पो यत्र मनवश्चतुर्दश विशाम्पते ॥ २ ॥

पदार्थ–	**ब्रह्मणः** = ब्रह्माजीको	**यत्र** = जुन कल्पमा
विशाम्पते = हे राजा परीक्षित्	**दिनं** = एक दिन	**चतुर्दश** = चौध
सहस्रं = एक हजार	**उच्यते** = हुन्छ	**मनवः** = मनुहरू हुन्छन्
चतुर्युगं = सत्य, त्रेता, द्वापर र	**सः च** = त्यही एकदिनलाई	
कलियुगको	**कल्पः** = कल्प भन्दछन्	

वाक्यार्थ– हे राजा परीक्षित् ! एकहजार सत्य, त्रेता, द्वापर र कलियुगबराबरको ब्रह्माजीको एक दिन हुन्छ। ब्रह्माजीको यही एक दिनलाई कल्प भनिन्छ। जुन कल्पमा चौध मनुहरू व्यतीत हुन्छन् ।

तदन्ते प्रलयस्तावान् ब्राह्मी रात्रिरुदाहृता ।
त्रयो लोका इमे तत्र कल्पन्ते प्रलयाय हि ॥ ३ ॥

पदार्थ–	**प्रलयः** = प्रलय हुन्छ (त्यो)	**उदाहृता** = भनिएको छ
तदन्ते = कल्पको अन्तमा	**ब्राह्मी** = ब्रह्माको	**तत्र** = त्यस रात्रिमा
तावान् = त्यति नै समयको	**रात्रिः** = एक रात	**इमे** = यी

त्रयः = तीनै
लोकाः = लोकहरू
हि = निश्चय नै
प्रलयाय = प्रलयका लागि
कल्पन्ते = मानिन्छन्

वाक्यार्थ– कल्पको अन्तमा यत्तिकै लामो ब्रह्माजीको रात हुन्छ। यसैलाई प्रलय भनिन्छ। यस प्रलयमा तीनै लोकको लय अर्थात् संहार हुन्छ।

एष नैमित्तिकः प्रोक्तः प्रलयो यत्र विश्वसृक्।
शेतेऽनन्तासनो विश्वमात्मसात्कृत्य चात्मभूः॥ ४॥

पदार्थ–
एषः = यो
नैमित्तिकः = नैमित्तिक
प्रलयः = प्रलय
प्रोक्तः = भनिन्छ
यत्र = जुन प्रलयमा
विश्वसृक् = विश्वस्रष्टा
आत्मभूः = ब्रह्मारूप नारायण
विश्वं च = सम्पूर्ण सृष्टिलाई
आत्मसात्कृत्य = आफूमा लीन गरेर
अनन्तासनः = शेषनागमा
शेते = शयन गर्नुहुन्छ

वाक्यार्थ– यस किसिमको प्रलयलाई नैमित्तिक प्रलय भनिन्छ। जुन प्रलयमा संसारका स्रष्टा भगवान् नारायण पनि सम्पूर्ण सृष्टिलाई आफूमा लीन गरी शेषनागमा शयन गर्नुहुन्छ।

द्विपरार्धे त्वतिक्रान्ते ब्रह्मणः परमेष्ठिनः।
तदा प्रकृतयः सप्त कल्पन्ते प्रलयाय वै॥ ५॥

पदार्थ–
परमेष्ठिनः = परमेष्ठी
ब्रह्मणः = ब्रह्माजीको
द्विपरार्धे = एक सय वर्ष
अतिक्रान्ते तु = बितिसकेपछि
तदा = त्यस वेला
सप्त प्रकृतयः = महत्तत्त्व, अहङ्कार र पञ्चतत्त्वरूप सातै प्रकृति
प्रलयाय वै = मूलप्रकृतिमा लीन हुन
कल्पन्ते = पुग्दछन्

वाक्यार्थ– ब्रह्माजीको सय वर्ष बितेपछि महत्तत्त्व, अहङ्कार र पञ्चतत्त्व यी सातै प्रकृति आफ्नो कारण मूलप्रकृतिमा लीन हुन्छन्।

एष प्राकृतिको राजन् प्रलयो यत्र लीयते।
अण्डकोषस्तु सङ्घातो विघात उपसादिते॥ ६॥

पदार्थ–
राजन् = हे राजा परीक्षित्
एषः = यो
प्राकृतिकः = प्राकृतिक
प्रलयः = प्रलय हो
यत्र = जसमा
सङ्घातः = पञ्चभूतको मिश्रणबाट बनेको
अण्डकोषः तु = यो ब्रह्माण्ड
विघाते = प्रलयको कारण
उपसादिते = उपस्थित भएपछि
लीयते = लीन हुन्छ

वाक्यार्थ– हे राजा परीक्षित्! यही नै प्राकृतिक प्रलय हो। यस प्राकृतिक प्रलयमा, प्रलयको कारण उपस्थित भएपछि पञ्चमहाभूतको सम्मिश्रणबाट बनेको यो सम्पूर्ण ब्रह्माण्ड नै लीन हुन्छ।

पर्जन्यः शतवर्षाणि भूमौ राजन् न वर्षति ।
तदा निरन्ने ह्यन्योन्यं भक्ष्यमाणाः क्षुधार्दिताः ॥ ७ ॥

पदार्थ–
राजन् = हे राजा परीक्षित्
तदा = त्यस वेला (प्रलयको समय आएपछि)
भूमौ = पृथिवीमा
पर्जन्यः = मेघले
शतवर्षाणि = सय वर्षसम्म
न वर्षति = पानी वर्षा गर्दैन
निरन्ने = (वर्षा नहुनाले) अन्न नपाएपछि
क्षुधार्दिताः = भोकले पीडित भएका मानिसहरूले
अन्योन्यं हि = एक-अर्कालाई नै
भक्ष्यमाणाः = खान थाल्नेछन्

वाक्यार्थ– हे राजा परीक्षित् ! प्रलयको समय नजिक आएपछि मेघले पृथिवीमा सय वर्षसम्म जलवर्षा गर्दैन। पानी नहुँदा अन्नको अभाव भएपछि भोकप्यासले आत्तिएका मानिसहरूले एक-अर्कालाई नै खान थाल्नेछन्।

क्षयं यास्यन्ति शनकैः कालेनोपद्रुताः प्रजाः ।
सामुद्रं दैहिकं भौमं रसं सांवर्तको रविः ॥ ८ ॥
रश्मिभिः पिबते घोरैः सर्वं नैव विमुञ्चति ।
ततः संवर्तको वह्निः सङ्कर्षणमुखोत्थितः ॥ ९ ॥
दहत्यनिलवेगोत्थः शून्यान् भूविवरानथ ।
उपर्यधः समन्ताच्च शिखाभिर्वह्निसूर्ययोः ॥ १० ॥
दह्यमानं विभात्यण्डं दग्धगोमयपिण्डवत् ।
ततः प्रचण्डपवनो वर्षाणामधिकं शतम् ॥ ११ ॥
परः सांवर्तको वाति धूम्रं खं रजसावृतम् ।
ततो मेघकुलान्यङ्ग चित्रवर्णान्यनेकशः ॥ १२ ॥
शतं वर्षाणि वर्षन्ति नदन्ति रभसस्वनैः ।
तत एकोदकं विश्वं ब्रह्माण्डविवरान्तरम् ॥ १३ ॥

पदार्थ–
कालेन = समयद्वारा
उपद्रुताः = सताइएका
प्रजाः = प्रजाहरू
शनकैः = बिस्तारै-बिस्तारै
क्षयं = नाश हुँदै
यास्यन्ति = जानेछन्
सांवर्तकः = प्रलयकालीन
रविः = सूर्यले
घोरैः = प्रचण्ड
रश्मिभिः = किरणहरूद्वारा
सामुद्रं = समुद्रको

दैहिकं = प्राणीहरूका शरीरको र
भौमं = पृथिवीको
सर्वं = सम्पूर्ण
रसं = रस
पिबते = सोस्दछ र
न एव विमुञ्चति = त्यसलाई फेरि बर्साउँदैन
ततः = त्यसपछि
सङ्कर्षणमुखोत्थितः = भगवान् सङ्कर्षणको मुखबाट उत्पन्न
अनिलवेगोत्थः = वायुको वेगले फैलिएको
संवर्तकः = संवर्तक
वह्निः = अग्निले
शून्यान् = जनशून्य भएका
भूविवरान् = पाताल आदि लोकहरूलाई
दहति = जलाइदिन्छ
अथ = त्यसपछि
वह्निसूर्ययोः = अग्नि र सूर्यका
शिखाभिः = ज्वालाहरूद्वारा
उपर्यधः = तलमाथि
समन्तात् च = सबैतिर
दह्यमानं = डढाइएपछि
अण्डं = ब्रह्माण्ड
दग्धगोमयपिण्डवत् = डढेको गोबरको गुँइठो जस्तो
विभाति = देखिन्छ
ततः = त्यसपछि
शतं = सय
वर्षाणां = वर्षभन्दा
अधिकं = धेरै समय
सांवर्तकः = प्रलयकालीन
परः = ठुलो
प्रचण्डपवनः = तीव्र वायु
वाति = बहनेछ
रजसा = धुलोद्वारा
आवृतं = ढाकिएको
खं = आकाश
धूम्रं = धुलो र धुवाँले ढाकिनेछ
ततः = त्यसपछि
अङ्ग = हे प्रिय राजा परीक्षित्
शतं = सय
वर्षाणि = वर्षसम्म
चित्रवर्णानि = विचित्र किसिमका
अनेकशः = अनेकौँ
मेघकुलानि = बादलसमूह
रभसस्वनैः = गदाको जस्तो भयङ्कर आवाजहरूद्वारा
नदन्ति = गर्जना गर्दै
वर्षन्ति = वर्षा गर्नेछन्
ततः = त्यसपछि
ब्रह्माण्डविवरान्तरं = ब्रह्माण्डभित्रको
विश्वं = सम्पूर्ण संसार
एकोदकम् = एउटै समुद्रजस्तो हुनेछ

वाक्यार्थ– हे राजा परीक्षित् ! यसप्रकारसँग कालको उपद्रवले सताइएका प्रजाहरू बिस्तारै-बिस्तारै मासिँदै जानेछन्। त्यसमाथि प्रलयकालीन सूर्यले आफ्ना प्रचण्ड किरणहरूद्वारा समुद्र, प्राणीहरूको शरीर र पृथिवीको सारा रस सोसिदिन्छन् र फेरि वर्षा गर्दैनन्। त्यसपछि सङ्कर्षण भगवान्‌को मुखबाट निस्किएको प्रलयकालीन अग्निले वायुको जस्तो वेगले चारैतिर फैलिएर प्राणीले शून्य भइरहेको पाताल आदि लोकलाई जलाइदिन्छन्। त्यसपछि तलबाट आगाका ज्वाला र माथिबाट सूर्यका किरणले जलेको यो ब्रह्माण्ड डढेको गुइँठो जस्तै हुन्छ। यसपछि सयौँ वर्षसम्म प्रलयकालीन ठुलो आँधीबेहरी चल्दछ र यसले गर्दा सम्पूर्ण आकाश धुलो र धुवाँले टम्म भरिन्छ। त्यसपछि अनेक किसिमका अनेकौँ बादलहरू आकाशमा मडारिएर भयङ्कर स्वरले गर्जना गर्दै सयौँ वर्षसम्म जलवर्षा गरिरहन्छन्। त्यसपछि ब्रह्माण्डभित्रको यो सारा संसार जलमग्न भई एउटै समुद्र जस्तो देखिन्छ।

तदा भूमेर्गन्धगुणं ग्रसन्त्याप उदप्लवे ।
ग्रस्तगन्धा तु पृथिवी प्रलयत्वाय कल्पते ॥ १४ ॥

अपां रसमथो तेजस्ता लीयन्तेऽथ नीरसाः।
ग्रसते तेजसो रूपं वायुस्तद्रहितं तदा ॥ १५ ॥
लीयते चानिले तेजो वायोः खं ग्रसते गुणम्।
स वै विशति खं राजंस्ततश्च नभसो गुणम्॥ १६ ॥
शब्दं ग्रसति भूतादिर्नभस्तमनुलीयते।
तैजसश्चेन्द्रियाण्यङ्ग देवान् वैकारिको गुणैः ॥ १७ ॥

पदार्थ–
अङ्ग = हे प्रिय
राजन् = हे राजा परीक्षित्
तदा = त्यस समयमा
उदप्लवे = जलको प्रलय हुँदा
भूमेः = पृथिवीको
गन्धगुणं = गन्ध गुण
आपः = पानीले
ग्रसन्ति = आफूमा लीन गर्दछ
ग्रस्तगन्धा = गन्ध नभएको
पृथिवी तु = पृथिवी चाहिँ
प्रलयत्वाय = प्रलयका लागि
कल्पते = हुन्छ
अथो = त्यसपछि
अपां = जलको गुण
रसं = रस र
नीरसाः = रसहीन भएका
ताः = ती जल
तेजः = तेजमा
लीयन्ते = लीन हुन्छन्
अथ = त्यसपछि
तेजसः = तेजको गुण
रूपं = रूपलाई
वायुः = वायुले
ग्रसते = ग्रहण गर्दछ
तदा = त्यस समयमा
तद्रहितं = त्यस (रूप)ले रहित भएको
तेजः = तेज
अनिले = वायुमा
लीयते = लीन हुन्छ र
वायोः = वायुको
गुणं च = गुण स्पर्शलाई
खं = आकाशले
ग्रसते = ग्रहण गर्दछ
सः वै = त्यो स्पर्शहीन वायु पनि
खं = आकाशमा
विशति = लीन हुन्छ
ततः च = त्यसपछि
नभसः = आकाशको
गुणं = गुण
शब्दं = शब्दलाई
भूतादिः = तामस अहङ्कारले
ग्रसति = ग्रहण गर्दछ र
नभः = आकाश पनि
तं = त्यो तामस अहङ्कारमा
अनुलीयते = विलीन हुन्छ
तैजसः = तैजस अहङ्कारले
इन्द्रियाणि च = इन्द्रियहरूलाई र
वैकारिकः = सात्त्विक अहङ्कारले
देवान् = इन्द्रियका अभिमानी देवताहरूलाई
गुणैः = गुणले सहित (विलीन गर्दछ)

वाक्यार्थ– हे राजा परीक्षित्! यसरी जलप्रलय हुँदा पृथिवीको गुण गन्धलाई जलले आफूमा लीन गरिदिन्छ र गन्ध गुण नभएको पृथिवीको पनि जलमा लय हुन्छ। त्यसपछि जलको गुण रस तेजमा लीन हुन्छ। रसहीन भएपछि जल पनि तेजमा मिल्दछ अनि तेजको गुण रूपलाई वायुले लीन गरिदिन्छ र तेज रूपरहित भई वायुमा विलीन हुन्छ। त्यसपछि वायुको गुण स्पर्शलाई आकाशले आफूमा लीन गरिदिन्छ र स्पर्शरहित वायु आकाशमा विलीन हुन्छ। त्यसपछि आकाशको गुण शब्द र स्वयं आकाश पनि अहङ्कारमा मिल्दछ। यसै गरी तैजस अहङ्कारले

इन्द्रियहरूलाई र सात्त्विक अहङ्कारले इन्द्रियहरूका अभिमानी देवतालाई तथा तिनका गुणहरूलाई आफूमा लीन गर्दछन्।

महान् ग्रसत्यहङ्कारं गुणाः सत्त्वादयश्च तम्।
ग्रसतेऽव्याकृतं राजन् गुणान् कालेन चोदितम्॥ १८॥

पदार्थ–	**तं** = त्यस महत्तत्त्वलाई	**अव्याकृतं च** = अव्यक्त प्रकृतिले
राजन् = हे राजा (त्यसपछि)	**सत्त्वादयः गुणाः** = सत्त्व आदि गुणले ग्रसित गर्दछन्	**गुणान्** = सत्त्व आदि गुणलाई
अहङ्कारं = त्रिविध अहङ्कारलाई	**कालेन** = कालद्वारा	**ग्रसते** = ग्रसित गर्दछ
महान् = महत्तत्त्वले	**चोदितं** = अभिप्रेरित	
ग्रसति = ग्रसित गर्दछ		

वाक्यार्थ– हे राजा परीक्षित्! यसपछि महत्तत्त्वले त्रिविध अहङ्कारलाई र सत्त्व आदि गुणले महत्तत्त्वलाई निलिदिन्छन्। अनि सत्त्व आदि गुण पनि कालको प्रेरणाले अव्यक्त प्रकृतिमा लीन हुन्छन् र केवल प्रकृति मात्र बाँकी रहन्छ।

न तस्य कालावयवैः परिणामादयो गुणाः।
अनाद्यनन्तमव्यक्तं नित्यं कारणमव्ययम्॥ १९॥

पदार्थ–	**अव्ययं** = अविनाशी र	**परिणामादयः** = क्षय, वृद्धि आदि परिणामी
अव्यक्तं = अव्यक्त प्रकृति	**कारणं** = जगत्को कारण हो	**गुणाः** = गुणविकार
अनादि = अनादि	**तस्य** = त्यस प्रकृतिका	**न** = हुँदैनन्
अनन्तं = अनन्त	**कालावयवैः** = वर्ष, महिना आदि कालका अवयवद्वारा हुने	
नित्यं = नित्य		

वाक्यार्थ– त्यो अव्यक्त प्रकृति अनादि, अनन्त, नित्य र अविनाशी छ। यही नै सम्पूर्ण जगत्को मूल कारण हो। प्रलयको समयमा आफ्ना कार्यहरूलाई आफैँमा लीन गरेर साम्यावस्थामा प्राप्त भएको त्यस अव्यक्त प्रकृतिमा वर्ष, महिना, दिन, रात आदि कालका अवयवद्वारा हुने क्षय, वृद्धि आदि कुनै पनि विकार हुँदैनन्।

न यत्र वाचो न मनो न सत्त्वं तमो रजो वा महदादयोऽमी।
न प्राणबुद्धीन्द्रियदेवता वा न सन्निवेशः खलु लोककल्पः॥ २०॥

पदार्थ–	**न मनः** = न मन रहन्छ	**रजः** = रजोगुण
खलु = निश्चय नै	**न** = न त	**अमी महदादयः वा** = अथवा यी महत्तत्त्व आदि गरिएका विकारहरू नै हुन्छन्
यत्र = जुन अव्यक्त प्रकृतिमा	**सत्त्वं** = सत्त्वगुण	
न वाचः = न वाणी रहन्छ	**तमः** = तमोगुण	

प्राणबुद्धीन्द्रियदेवताः वा = प्राण, बुद्धि, इन्द्रिय र तिनका अभिमानी देवता पनि
न = हुँदैनन्
लोककल्पः = लोकहरूको कल्पना आदि
सन्निवेशः न = केही पनि रहँदैनन्

वाक्यार्थ– त्यस अव्यक्त अवस्थामा रहेको प्रकृतिमा वाणी, मन, सत्त्वगुण, रजोगुण, तमोगुण, महत्तत्त्व आदि विकार, प्राण, बुद्धि, इन्द्रिय, इन्द्रियका अभिमानी देवता यी केही पनि रहँदैनन्। त्यस्तै सृष्टिको समयमा भएका लोकहरूको कल्पना र स्थिति आदि केही पनि रहँदैनन्।

न स्वप्नजाग्रन्न च तत्सुषुप्तं न खं जलं भूरनिलोऽग्निरर्कः।
संसुप्तवच्छून्यवदप्रतर्क्यं तन्मूलभूतं पदमामनन्ति॥ २१॥

पदार्थ–
तत् = त्यस समयमा
स्वप्नजाग्रत् न = स्वप्न, जाग्रत् रहँदैनन्
सुषुप्तं च न = सुषुप्ति पनि रहँदैन
खं = आकाश
जलं = जल
भूः = पृथिवी
अनिलः = वायु
अग्निः = अग्नि
अर्कः = सूर्य आदि पनि
न = हुँदैनन्
संसुप्तवत् = सबै सुते झैं
शून्यवत् = शून्य झैं बन्दछ
तत् = त्यही
अप्रतर्क्यं = तर्कदेखि पर रहेको अव्यक्त प्रकृतिलाई
मूलभूतं = जगत्को मूलकारण
पदं = तत्त्व
आमनन्ति = मान्दछन्

वाक्यार्थ– त्यस समयमा जाग्रत्, स्वप्न र सुषुप्ति यी तीनै अवस्था रहँदैनन्। आकाश, जल, पृथिवी, वायु, अग्नि र सूर्य केही पनि रहँदैनन्। सबै सुते झैं शून्य बनेर रहन्छन्। तर्कद्वारा अनुमान गर्न पनि नसकिने यही अव्यक्त प्रकृति नै जगत्को मूल कारण मानिन्छ।

लयः प्राकृतिको ह्येष पुरुषाव्यक्तयोर्यदा।
शक्तयः सम्प्रलीयन्ते विवशाः कालविद्रुताः॥ २२॥

पदार्थ–
हि = निश्चय नै
एषः = यही नै
प्राकृतिकः = प्राकृतिक
लयः = प्रलय हो
यदा = जुन समयमा
पुरुषाव्यक्तयोः = पुरुष र अव्यक्त प्रकृतिका
शक्तयः = सबै शक्तिहरू
कालविद्रुताः = कालको प्रभावले
विवशाः = विवशतापूर्वक
सम्प्रलीयन्ते = मूल प्रकृतिमा लीन हुन्छन्

वाक्यार्थ– यही नै प्राकृतिक प्रलय हो। यस समयमा पुरुष र प्रकृति दुबैका सम्पूर्ण शक्तिहरू कालको प्रभावले गर्दा क्षीण भई विवशतापूर्वक आफ्नो मूलस्वरूप अव्यक्त प्रकृतिमा लीन हुन्छन्।

बुद्धीन्द्रियार्थरूपेण ज्ञानं भाति तदाश्रयम्।
दृश्यत्वाव्यतिरेकाभ्यामाद्यन्तवदवस्तु यत्॥ २३॥

पदार्थ—	**ज्ञानं** = ज्ञान नै	अभिन्न सत्तावाला भएकाले
बुद्धीन्द्रियार्थरूपेण = बुद्धि,	**भाति** = प्रकाशित भएको हुन्छ	**आद्यन्तवत्** = आदि र अन्तले
इन्द्रिय र तिनका विषयका	**यत्** = त्यसकारणले	युक्त भएकाले
रूपमा	**दृश्यत्वाव्यतिरेकाभ्यां** =	**अवस्तु** = मिथ्या हुन्
तदाश्रयं = तिनको आश्रय	विषयहरू दृश्य र अधिष्ठानदेखि	

वाक्यार्थ— बुद्धि, इन्द्रिय र तिनका विषयका रूपमा तिनीहरूको अधिष्ठान ज्ञान नै प्रकाशित भएको छ। विषयहरू दृश्य, अधिष्ठानसत्तादेखि अभिन्न तथा आदि र अन्तले युक्त भएका कारण सबै मिथ्या हुन्।

दीपश्चक्षुश्च रूपं च ज्योतिषो न पृथग् भवेत्।
एवं धीः खानि मात्राश्च न स्युरन्यतमादृतात्॥ २४॥

पदार्थ—	**पृथक्** = भिन्न	**मात्राः च** = तन्मात्राहरू पनि
दीपः = (जसरी) बत्ती	**न भवेत्** = हुँदैनन्	**ऋतात्** = अधिष्ठान ब्रह्मदेखि
चक्षुः च = चक्षु र	**एवं** = त्यसै गरी	**अन्यतमात्** = भिन्नबाट उत्पन्न
रूपं च = रूप	**धीः** = बुद्धि	**न स्युः** = हुँदैनन्
ज्योतिषः = तेजदेखि	**खानि** = इन्द्रियहरू र	

वाक्यार्थ— जसरी बत्ती, चक्षु र रूप तेजदेखि भिन्न हुँदैनन्, त्यसै गरी बुद्धि, इन्द्रियहरू र तिनका विषय तन्मात्राहरू अधिष्ठान ब्रह्मदेखि भिन्न हुँदैनन्।

बुद्धेर्जागरणं स्वप्नः सुषुप्तिरिति चोच्यते।
मायामात्रमिदं राजन् नानात्वं प्रत्यगात्मनि॥ २५॥

पदार्थ—	अवस्था	कल्पना
राजन् = हे राजा परीक्षित्	**बुद्धेः** = बुद्धिका हुन् भनिन्छ	**मायामात्रं** = माया मात्र हो भनी
जागरणं = जाग्रत्	**प्रत्यगात्मनि** = प्रत्यगात्मामा	**उच्यते** = भनिन्छ
स्वप्नः च = स्वप्न र	**इदं** = यो	
सुषुप्तिः इति = सुषुप्ति यी तीन	**नानात्वं** = अनेक किसिमको	

वाक्यार्थ— हे राजा परीक्षित् ! जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्था बुद्धिका हुन्, आत्माका होइनन्। त्यसैले प्रत्यगात्मामा यी जे-जे कल्पना गरिएका छन्, ती सबै मायाका छाया मात्र हुन्।

यथा जलधरा व्योम्नि भवन्ति न भवन्ति च।
ब्रह्मणीदं तथा विश्वमवयव्युदयाप्ययात्॥ २६॥

पदार्थ—
यथा = जसरी
व्योम्नि = आकाशमा
जलधराः = बादलहरू
भवन्ति = कहिले हुन्छन् र
न भवन्ति च = कहिले हुँदैनन्
तथा = त्यसै गरी
उदयाप्ययात् = उत्पत्ति र प्रलयले ग्रस्त हुनाले
अवयवि = अवयवबाट बनेको
इदं = यो
विश्वं = विश्व
ब्रह्मणि = ब्रह्ममा कल्पित छ (कहिले ब्रह्ममय हुन्छ र कहिले हुँदैन)

वाक्यार्थ— जसरी आकाशमा बादलहरू कहिले हुन्छन् र कहिले हुँदैनन्, त्यसै गरी उत्पत्ति र प्रलयले ग्रस्त यो अवयवी विश्व ब्रह्ममा कल्पित छ, कहिले ब्रह्ममय हुन्छ र कहिले हुँदैन।

सत्यं ह्यवयवः प्रोक्तः सर्वावयविनामिह ।
विनार्थेन प्रतीयेरन् पटस्येवाङ्ग तन्तवः ॥ २७ ॥

पदार्थ—
अङ्ग = हे प्रिय परीक्षित्
हि = निश्चय नै
इह = यस संसारमा
सर्वावयविनां = सम्पूर्ण अवयवीका
अवयवः = अवयवहरू
सत्यं = सत्य नै
प्रोक्तः = मानिन्छन् र ती
पटस्य = कपडाको
तन्तवः इव = अवयव धागो झैं
अर्थेन विना = अवयवीविना पनि
प्रतीयेरन् = प्रतीत भइरहन्छन्

वाक्यार्थ— हे राजा परीक्षित् ! यस संसारमा सम्पूर्ण अवयवीका अवयवहरू अवयवी नहुँदा पनि सत्य नै मानिन्छन् र ती कपडाको अवयव धागो झैं अवयवीविना पनि प्रतीत भइरहन्छन्।

यत् सामान्यविशेषाभ्यामुपलभ्येत स भ्रमः ।
अन्योन्यापाश्रयात् सर्वमाद्यन्तवदवस्तु यत् ॥ २८ ॥

पदार्थ—
यत् = जुन
सामान्यविशेषाभ्यां = सामान्य र विशेष भावले
उपलभ्येत = प्राप्त हुन्छ
सः = त्यो
भ्रमः = भ्रम मात्र हो
यत् = किनभने
अन्योन्यापाश्रयात् = एउटा अर्कोमा आश्रित हुने हुनाले
सर्वम् = सामान्य र विशेष सबै
आद्यन्तवत् = उत्पत्ति र प्रलयले ग्रस्त
अवस्तु = मिथ्या छन्

वाक्यार्थ— जुन सामान्य र विशेषभावले देखा पर्छ, त्यो सबै भ्रम मात्र हो। किनभने सामान्य विशेषमा र विशेष सामान्यमा आश्रित हुने हुनाले र यी दुबै उत्पत्ति एवं विनाशशील हुने भएकाले मिथ्या छन्।

विकारः ख्यायमानोऽपि प्रत्यगात्मानमन्तरा ।
न निरूप्योऽस्त्यणुरपि स्याच्चेच्चित्सम आत्मवत् ॥ २९ ॥

पदार्थ—
विकारः = यो प्रपञ्चरूप विकार
ख्यायमानः अपि = प्रकाशित भएर पनि
प्रत्यगात्मानम् अन्तरा = अधिष्ठान ब्रह्मदेखि भिन्न रूपमा
निरूप्यः = निरूपण गर्न सकिने
न अस्ति = छैन
चेत् = यदि
अणुः अपि = थोरै मात्र पनि
स्यात् = छ भन्ने हो भने पनि त्यो
आत्मवत् = आत्मा जस्तै
चित्समः = स्वयंप्रकाश सिद्ध हुन्छ

वाक्यार्थ— यो दृश्य प्रपञ्च प्रतीत वा प्रकाशित भएर पनि अधिष्ठान ब्रह्मभन्दा भिन्न रूपले निरूपण गर्न योग्य छैन। यदि यसलाई थोरै पनि आत्मादेखि भिन्न मान्ने हो भने पनि यो आत्माकै समान स्वयंप्रकाश र एकरूप सिद्ध हुन्छ।

न हि सत्यस्य नानात्वमविद्वान् यदि मन्यते।
नानात्वं छिद्रयोर्यद्वज्ज्योतिषोर्वातयोरिव ॥ ३० ॥

पदार्थ—
सत्यस्य = सत्य वस्तुमा
नानात्वं = अनेकता
न हि = हुँदैन
यदि = यदि
अविद्वान् = नबुझ्ने मूर्खले
मन्यते = मान्दछ भने
नानात्वं = त्यो अनेकता
यद्वत् = जसरी
छिद्रयोः = महाकाश र घटाकाशलाई
ज्योतिषोः = आकाशमा रहेको सूर्य र जलमा परेको सूर्यलाई
वातयोः इव = (त्यसरी नै) बाहिरको वायु र भित्रको वायुलाई (भिन्न-भिन्न मान्दा हुने अनेकता जस्तै मिथ्या हो)

वाक्यार्थ— सत्य वस्तुमा अनेकता हुँदैन। यदि कुनै नबुझ्ने मूर्खले सत्यमा पनि अनेकता मान्दछ भने त्यसको त्यो अनेकता महाकाश र घटाकाश, आकाशमा रहेको सूर्य र जलमा परेको सूर्यको प्रतिबिम्ब तथा बाहिरको वायु र भित्रको वायुलाई भिन्न-भिन्न मान्दा हुने अनेकता जस्तै मिथ्या हो।

यथा हिरण्यं बहुधा समीयते नृभिः क्रियाभिर्व्यवहारवर्त्मसु।
एवं वचोभिर्भगवानधोक्षजो व्याख्यायते लौकिकवैदिकैर्जनैः ॥ ३१ ॥

पदार्थ—
यथा = जसरी
व्यवहारवर्त्मसु = व्यवहार अवस्थामा
नृभिः = मानिसहरूद्वारा
हिरण्यं = एउटै सुनलाई
क्रियाभिः = अनेक क्रियाद्वारा
बहुधा = विभिन्न नामरूपले
समीयते = तयार गरिन्छ
एवं = त्यसै गरी
जनैः = विद्वान्हरूद्वारा
लौकिकवैदिकैः = लौकिक र वैदिक
वचोभिः = वचनहरूद्वारा
अधोक्षजः = इन्द्रियातीत
भगवान् = भगवान्लाई
व्याख्यायते = अनेक रूपमा वर्णन गरिन्छ

वाक्यार्थ— जसरी व्यवहारमा मानिसहरूले एउटै सुनलाई अनेक किसिमले टुक्र्याएर विभिन्न नाम र रूपमा तयार गर्दछन्, त्यसै गरी विद्वान्हरूले लौकिक तथा वैदिक वचनहरूद्वारा एउटै भगवान्लाई पनि अनेक रूपमा वर्णन गर्दछन्।

यथा घनोऽर्कप्रभवोऽर्कदर्शितो ह्यर्कांशभूतस्य च चक्षुषस्तमः।
एवं त्वहं ब्रह्मगुणस्तदीक्षितो ब्रह्मांशकस्यात्मन आत्मबन्धनः॥ ३२॥

पदार्थ–
हि = निश्चय नै
यथा = जसरी
अर्कप्रभवः = सूर्यबाट उत्पन्न
अर्कदर्शितः = सूर्यद्वारा नै प्रकाशित भएको
घनः = बादल नै
अर्कांशभूतस्य = सूर्यको अंशरूप
चक्षुषः = आँखाका निम्ति
तमः च = अन्धकार हुन्छ
एवं = यसै गरी
ब्रह्मगुणः = ब्रह्मद्वारा उत्पन्न भएको र
तदीक्षितः = त्यही ब्रह्मद्वारा नै प्रकाशित भएको
अहं तु = अहङ्कार पनि
ब्रह्मांशकस्य = ब्रह्मकै अंशभूत
आत्मनः = जीवका लागि
आत्मबन्धनः = आत्म-साक्षात्कारको बन्धन बन्दछ

वाक्यार्थ– जसरी सूर्यबाट उत्पन्न भएको र सूर्यद्वारा नै प्रकाशित हुने बादल सूर्यकै अंशरूप आँखाका निम्ति अन्धकार बन्दछ र सूर्यदर्शनमा बाधक बन्दछ, त्यसै गरी ब्रह्मबाट उत्पन्न भएको र ब्रह्मबाट नै प्रकाशित हुने अहङ्कार ब्रह्मकै अंशभूत जीवका लागि बन्धन हुन्छ र आत्मसाक्षात्कारमा बाधक बन्दछ।

घनो यदार्कप्रभवो विदीर्यते चक्षुः स्वरूपं रविमीक्षते तदा।
यदा ह्यहङ्कार उपाधिरात्मनो जिज्ञासया नश्यति तर्ह्यनुस्मरेत्॥ ३३॥

पदार्थ–
यदा हि = जहिले
अर्कप्रभवः = सूर्यबाट उत्पन्न भएको
घनः = बादल
विदीर्यते = तितरबितर हुन्छ
तदा = त्यस समयमा मात्र
चक्षुः = आँखाले
स्वरूपं = आफ्नो स्वरूपभूत
रविं = सूर्यलाई
ईक्षते = दर्शन गर्न पाउँछ (यस्तै)
यदा = जहिले
जिज्ञासया = ब्रह्मजिज्ञासाद्वारा
आत्मनः = आत्माको
उपाधिः = आवरणरूप
अहङ्कारः = अहङ्कार
नश्यति = नष्ट हुन्छ
तर्हि = त्यसपछि मात्र
अनुस्मरेत् = (जीवले आफ्नो स्वरूप) ब्रह्मको साक्षात्कार गर्न सक्दछ

वाक्यार्थ– जसरी सूर्यबाट उत्पन्न भएको बादल जब तितरबितर हुन्छ, तब मात्र आँखाले आफ्नो स्वरूपभूत सूर्यको दर्शन गर्न सक्दछ, त्यसै गरी जहिले ब्रह्मजिज्ञासाद्वारा आत्माको उपाधिरूप अहङ्कार नष्ट हुन्छ, त्यसपछि मात्र जीवले आफ्नो स्वरूप ब्रह्मको साक्षात्कार गर्न सक्दछ।

यदैवमेतेन विवेकहेतिना मायामयाहङ्करणात्मबन्धनम्।
छित्त्वाच्युतात्मानुभवोऽवतिष्ठते तमाहुरात्यन्तिकमङ्ग सम्प्लवम्॥ ३४॥

पदार्थ–
अङ्ग = हे प्रिय परीक्षित्
एवं = यसप्रकार जीवले
यदा = जहिले
एतेन = यस
विवेकहेतिना = विवेकरूपी

खड्गले
मायामयाहङ्करणात्मबन्धनं = मायामय आत्माको उपाधिरूप अहङ्कारलाई
छित्त्वा = टुक्रा-टुक्रा पारेर
अच्युतात्मानुभवः = परमात्मतत्त्वको अनुभव गर्दै
अवतिष्ठते = स्थित हुन्छ
तं = त्यसैलाई
आत्यन्तिकं = आत्यन्तिक
सम्प्लवं = प्रलय
आहुः = भन्दछन्

वाक्यार्थ– हे राजा परीक्षित् ! यसप्रकार जब जीवले विवेकरूपी खड्गले आत्माको आवरणरूपी अहङ्कार टुक्रा-टुक्रा पारी फालेर परमात्मतत्त्वको अनुभव गर्दै आफैंमा स्थित हुन्छ, त्यसैलाई आत्यन्तिक प्रलय भनिन्छ।

नित्यदा सर्वभूतानां ब्रह्मादीनां परन्तप।
उत्पत्तिप्रलयावेके सूक्ष्मज्ञाः सम्प्रचक्षते॥ ३५॥

पदार्थ–
परन्तप = हे शत्रुनाश गर्ने परीक्षित्
एके = एकथरी
सूक्ष्मज्ञाः = सूक्ष्मदर्शी विद्वान्हरू
ब्रह्मादीनां = ब्रह्मा आदि
सर्वभूतानां = सम्पूर्ण प्राणीहरूको
उत्पत्तिप्रलयौ = उत्पत्ति र प्रलय
नित्यदा = नित्य भइरहन्छ
सम्प्रचक्षते = भन्दछन्

वाक्यार्थ– हे पराक्रमी राजा परीक्षित् ! एकथरी सूक्ष्मदर्शी विद्वान्हरू ब्रह्मादेखि तृणपर्यन्तका प्राणीहरूको उत्पत्ति-प्रलय नित्य भइरहन्छ भनी बताउँछन्।

कालस्रोतोजवेनाशु ह्रियमाणस्य नित्यदा।
परिणामिनामवस्थास्ता जन्मप्रलयहेतवः॥ ३६॥

पदार्थ–
कालस्रोतोजवेन = कालरूपी पानीको वेगले
नित्यदा = सधैं
आशु = छिटो-छिटो
ह्रियमाणस्य = बदलिँदै गरेका
परिणामिनां = परिवर्तनशील वस्तुका
ताः = ती
अवस्थाः = अवस्थाहरू नै
जन्मप्रलयहेतवः = उत्पत्ति र प्रलयका कारण हुन्

वाक्यार्थ– कालरूप पानीको वेगले सधैं छिटो-छिटो बदलिरहने परिवर्तनशील देह आदिका ती-ती अवस्थाहरू नै नित्य उत्पत्ति र प्रलयका कारण हुन्।

अनाद्यन्तवतानेन कालेनेश्वरमूर्तिना।
अवस्था नैव दृश्यन्ते वियति ज्योतिषामिव॥ ३७॥

पदार्थ–
अनाद्यन्तवता = अनादि र अनन्तरूप
ईश्वरमूर्तिना = ईश्वरस्वरूप
अनेन = यस
कालेन = कालले गर्दा
वियति = आकाशमा
ज्योतिषां इव = घुमिरहने ताराहरूको गति नदेखिए जैं

अवस्थाः = प्राणीहरूको नित्य उत्पत्ति र प्रलयरूप अवस्थाहरू	**न एव दृश्यन्ते** = देखिँदैनन् (जान्न सकिँदैनन्)

वाक्यार्थ– आकाशमा घुमिरहने ताराहरूको गतिलाई बुझ्न नसके जस्तै अनादि र अनन्त ईश्वररूप काललले गर्दा प्राणीहरूको क्षण–क्षणमा हुने उत्पत्ति र प्रलय आदि अवस्थालाई जान्नै सकिँदैन।

नित्यो नैमित्तिकश्चैव तथा प्राकृतिको लयः।
आत्यन्तिकश्च कथितः कालस्य गतिरीदृशी॥ ३८॥

पदार्थ–		
नित्यः = नित्य	**तथा** = तथा	**कालस्य** = कालको
नैमित्तिकः च = नैमित्तिक	**आत्यन्तिकः** = आत्यन्तिक	**गतिः** = गति
प्राकृतिकः = प्राकृतिक	**लयः च** = प्रलयबारे	**ईदृशी एव** = यस्तै छ
	कथितः = वर्णन गरियो	

वाक्यार्थ– यसरी नित्य, नैमित्तिक, प्राकृतिक र आत्यन्तिक गरी चार प्रकारको प्रलयको बारेमा बताइयो। कालको गति यस्तै नै छ।

विवरण– यहाँ श्रीशुकदेवजीले चार प्रकारका प्रलयहरूको निरूपण गर्नुभएको छ। ती हुन्– नित्य, नैमित्तिक, प्राकृतिक र आत्यन्तिक। सुरुका चार श्लोकमा नैमित्तिक प्रलयको वर्णन गर्नुभएको छ। नैमित्तिक प्रलय भनेको ब्रह्माजीको एक दिन बितेपछि उहाँको रातभरि तीनै लोकका सारा व्यवहार लुप्त हुनु हो। यसमा ब्रह्माजीले विश्वलाई आफूमा लीन गरी शयन गर्नुहुन्छ र शेषशायी नारायण पनि शयन गर्नुहुन्छ।

अर्को प्रलय हो– प्राकृतिक प्रलय। प्रकृति समेतका सम्पूर्ण कार्यवर्गहरू पूर्णतः परब्रह्ममा लीन हुने यो प्रलयलाई महाप्रलय पनि भनिन्छ। ब्रह्माजीको पूर्ण सय वर्षको आयु बितिसकेपछि हुने यो प्रलय पनि उहाँको जीवन अवधिको समय बराबर सय वर्षसम्मको हुन्छ। यसमा तीन लोक मात्र नभई सम्पूर्ण पञ्चमहाभूत, तिनका कारण पञ्चतन्मात्रा र जीवहरू यी सबै मूलप्रकृति मायामा लीन हुन्छन् र माया ब्रह्ममा लीन हुन्छ। ईश्वरको इच्छाशक्तिद्वारा पदार्थको रूपमा कल्पित भइरहेका परमाणुहरूको ठोस स्थितिशक्ति समाप्त भई ब्रह्ममा नै अवस्थित हुने यो प्रलय प्राकृतिक प्रलय हो। यसको वर्णन यहाँ पाँचौं श्लोकदेखि बाईसौं श्लोकसम्म गरिएको छ।

यसपछि तेईसौं श्लोकदेखि चौंतीसौं श्लोकसम्म आत्यन्तिक प्रलयको वर्णन छ। आत्यन्तिक प्रलय भनेको ज्ञानद्वारा संसारबन्धनबाट पूर्णतः मुक्त हुनु हो। चार प्रकारका प्रलयमध्ये यही नै वास्तविक प्रलय हो, यसपछि फेरि संसारबन्धनको प्राप्ति हुँदैन। श्रीशुकदेव भन्नुहुन्छ– बुद्धि, इन्द्रिय र तिनका विषयको रूपमा एउटै अधिष्ठान चैतन्य नै प्रकट भइरहेको छ। त्यसैले घट आदि पदार्थ, त्यसलाई ग्रहण गर्ने चक्षु आदि इन्द्रिय र बुद्धि अर्थात् तद्विषयक अन्तःकरणको वृत्ति यी सबै एउटै ज्ञानतत्त्वमात्रका विलास हुन्। अज्ञान एवं भोगवासनाको कारण एउटै अधिष्ठान चैतन्य प्राणीहरूको लागि ग्राह्य, ग्राहक र ग्रहणको भेदमा देखिन्छ। यो सबै भेद केवल माया मात्र हो।

जीवका जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरू पनि माया मात्र हुन्, वास्तविक होइनन्। श्रीशुकदेव भन्नुहुन्छ— यद्यपि संसाररूपी सम्पूर्ण विकार आत्माभन्दा भिन्न पदार्थको रूपमा प्रतीत भइरहेकै छ, तर यसको प्रत्यगात्माभन्दा भिन्न कुनै पनि सत्ता छैन। पदार्थहरूको सत्ताको सिद्धि ज्ञानद्वारा नै हुन सक्छ। स्वयं पदार्थहरू ज्ञानस्वरूप छैनन् र सत्तायुक्त पनि छैनन्। यदि भएदेखि घैंटो, कपडा, घर, जमिन आदि पदार्थ चेतन आत्माभन्दा बाहेक स्वयंमा सिद्ध हुनुपर्ने, तर संसारलाई सिद्ध हुन त आत्मचैतन्यको आवश्यकता रहन्छ। केवल आत्मा स्वयंप्रकाश र अद्वितीय छ।

डोरीमा कल्पित सर्पले डोरीबाट सत्ता पाएर सिद्ध भएको छ, जुन वस्तु जहाँ अध्यस्त हुन्छ, त्यसले अधिष्ठानको सत्ता स्वतः पाउँछ। यसै नियमले प्रपञ्च पनि ब्रह्ममा अध्यस्त भएकाले ब्रह्मसत्ताद्वारा स्वतः सत्तावान् र प्रकाशित हुन सम्भव छ। अतः सम्पूर्ण जगत् ब्रह्ममा कल्पित भएको हो, यसको नामरूपप्रतीति पूर्णतः अवास्तविक हो अनि यसको सत्ता ब्रह्मभन्दा अभिन्न हो भन्ने सिद्ध हुन्छ। यस्तो तत्त्वज्ञान प्राप्त गरेपछि व्यक्ति कसरी मिथ्या संसारको बन्धनमा पर्ला ? ऊ त अद्वितीय आत्मामा अवस्थित हुन्छ। यही नै संसारको पूर्णतः बाध या आत्यन्तिक प्रलय हो।

यसपछि ३५ देखि ३८ श्लोकसम्म नित्य प्रलयको वर्णन छ। संसारका सम्पूर्ण पदार्थ विनश्वर भएकाले तिनको प्रतिक्षण उत्पत्ति र प्रलय भइरहन्छ। क्षण-क्षण हुने यो परिवर्तन या क्षणभङ्गुरता नै नित्य प्रलय हो। यही निरन्तरको क्षणिकतालाई ध्यानमा राखी प्रतिदिनको सुषुप्ति अवस्था, जसमा प्राणीका लागि सम्पूर्ण संसार विलीन भएको हुन्छ, त्यसैलाई नित्य प्रलय भनिन्छ।

एताः कुरुश्रेष्ठ जगद्विधातुर्नारायणस्याखिलसत्त्वधाम्नः।
लीलाकथास्ते कथिताः समासतः कात्स्न्र्येन नाजोऽप्यभिधातुमीशः ॥ ३९ ॥

पदार्थ—
कुरुश्रेष्ठ = हे कुरुश्रेष्ठ परीक्षित्
जगद्विधातुः = संसारका विधाता
अखिलसत्त्वधाम्नः = सम्पूर्ण प्राणी र शक्तिका आश्रय
नारायणस्य = भगवान् नारायणका
एताः = यी
लीलाकथाः = लीलाकथाहरू
ते = तपाईंलाई
समासतः = छोटकरीमा
कथिताः = बताइए
कात्स्न्र्येन = पूर्णरूपमा
अभिधातुं = वर्णन गर्न
अजः अपि = ब्रह्माजी पनि
ईशः न = समर्थ हुनुहुन्न

वाक्यार्थ— हे कुरुश्रेष्ठ परीक्षित् ! संसारका विधाता, सम्पूर्ण प्राणीहरूका शक्ति तथा ऐश्वर्यका खानी भगवान् नारायणका यी लीलाकथाहरू मैले तपाईंलाई सङ्क्षेपमा सुनाएँ। यिनलाई पूर्णरूपमा वर्णन गर्न त ब्रह्माजी पनि समर्थ हुनुहुन्न।

संसारसिन्धुमतिदुस्तरमुत्तितीर्षोर्नान्यः प्लवो भगवतः पुरुषोत्तमस्य।
लीलाकथारसनिषेवणमन्तरेण पुंसो भवेद् विविधदुःखदवार्दितस्य ॥ ४० ॥

पदार्थ—
विविधदुःखदवार्दितस्य = अनेक किसिमका दुःखरूपी डढेलोद्वारा पीडित भएका
अतिदुस्तरं = पार गर्न कठिन
संसारसिन्धुं = संसारसागरलाई
उत्तितीर्षोः = तर्न चाहने
पुंसः = मनुष्यका लागि
भगवतः = भगवान्
पुरुषोत्तमस्य = पुरुषोत्तमका
लीलाकथारसनिषेवणम्
अन्तरेण = लीलाकथारूपी रसपानलाई छाडेर
अन्यः = अर्को
प्लवः = तर्ने उपाय वा डुङ्गा
न भवेत् = केही पनि हुन सक्दैन

वाक्यार्थ— अनेक किसिमका दुःखरूपी डढेलोले पिल्सिएर पीडित बनेका र तर्न कठिन संसाररूपी घोर सागरलाई पार गर्न चाहने मानिसहरूका निम्ति भगवान् पुरुषोत्तमका लीलाकथारूपी रसपानलाई छोडेर अर्को उपाय केही पनि हुन सक्दैन।

पुराणसंहितामेतामृषिर्नारायणोऽव्ययः।
नारदाय पुरा प्राह कृष्णद्वैपायनाय सः॥ ४१॥

पदार्थ—
एतां = यो
पुराणसंहितां = पुराणसंहितालाई
पुरा = पूर्वकालमा
अव्ययः = अविनाशी
ऋषिः = ऋषीश्वर
नारायणः = नारायणले
नारदाय = नारद मुनिलाई
प्राह = बताउनुभएको थियो र
सः = ती नारदजीले
कृष्णद्वैपायनाय = कृष्णद्वैपायन (वेदव्यास)लाई बताउनुभएको थियो

वाक्यार्थ— मैले तपाईंलाई सुनाएको यो पुराणसंहिता पहिला भगवान् नर-नारायणले नारद मुनिलाई सुनाउनुभएको थियो र त्यसपछि नारदजीले वेदव्यासलाई सुनाउनुभयो।

स वै मह्यं महाराज भगवान् बादरायणः।
इमां भागवतीं प्रीतः संहितां वेदसम्मिताम्॥ ४२॥

पदार्थ—
महाराज = हे महाराज
सः = ती
भगवान् = भगवान्
बादरायणः वै = कृष्णद्वैपायनले नै
प्रीतः = अत्यन्त प्रसन्न भएर
वेदसम्मितां = वेदतुल्य
इमां = यो
भागवतीं = भागवत
संहितां = संहिता
मह्यम् = मलाई उपदेश गर्नुभएको हो

वाक्यार्थ— हे महाराज ! भगवान् बादरायणले नै अत्यन्त प्रसन्न भएर वेदतुल्य यो भागवतसंहिता मलाई उपदेश गर्नुभएको हो।

एतां वक्ष्यत्यसौ सूत ऋषिभ्यो नैमिषालये।
दीर्घसत्रे कुरुश्रेष्ठ सम्पृष्टः शौनकादिभिः॥ ४३॥

पदार्थ–
कुरुश्रेष्ठ = हे कुरुश्रेष्ठ परीक्षित्
नैमिषालये = नैमिषारण्य क्षेत्रमा
दीर्घसत्रे = लामो समय लगाएर गरिने यज्ञमा
शौनकादिभिः = शौनक आदि ऋषिहरूद्वारा
सम्पृष्टः = प्रश्न गरिएका
असौ = ती
सूतः = सूतजीले
ऋषिभ्यः = ऋषिहरूलाई
एतां = यो संहिता
वक्ष्यति = बताउनुहुनेछ

वाक्यार्थ– हे कुरुश्रेष्ठ परीक्षित् ! अब यो संहिता नैमिषारण्यमा लामो यज्ञ गर्न बसेका शौनक आदि ऋषिहरूले सोधेपछि सूतजीले ऋषिहरूलाई सम्बोधन गर्दै सुनाउनुहुनेछ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे चतुर्थोऽध्यायः ॥ ४ ॥

अथ पञ्चमोऽध्यायः

राजा परीक्षित्लाई श्रीशुकदेवको अन्तिम उपदेश

श्रीशुक उवाच (श्रीशुकदेवले भन्नुभयो)

अत्रानुवर्ण्यतेऽभीक्ष्णं विश्वात्मा भगवान् हरिः।
यस्य प्रसादजो ब्रह्मा रुद्रः क्रोधसमुद्भवः॥ १॥

पदार्थ—
अत्र = यस भागवत संहितामा
अभीक्ष्णं = बारम्बार
विश्वात्मा = संसारका स्रष्टा
भगवान् = भगवान्
हरिः = नारायण
अनुवर्ण्यते = वर्णन गरिनुभएको छ
यस्य = जुन भगवान्को
प्रसादजः = प्रसन्नताबाट जन्मनुभएका
ब्रह्मा = ब्रह्माजी हुनुहुन्छ
क्रोधसमुद्भवः = क्रोधबाट उत्पन्न हुनुभएका
रुद्रः = भगवान् रुद्र हुनुहुन्छ

वाक्यार्थ— यस भागवतसंहितामा बारम्बार विश्वात्मा भगवान् नारायणको वर्णन गरिएको छ। जुन भगवान्को प्रसन्नताबाट ब्रह्माजीको र क्रोधबाट रुद्रको उत्पत्ति भएको हो।

विवरण— यहाँ श्रीशुकदेवले राजा परीक्षित्लाई श्रीमद्भागवत महापुराणका प्रतिपाद्य विश्वात्मा हरि भगवान् नै हुनुहुन्छ भनी बताउनुभएको छ। भागवतमा **अभीक्ष्णं** अर्थात् बारम्बार उनै परमात्माको वर्णन गरिएको छ। श्रीमद्भागवतका हरेक स्कन्ध, स्कन्धभित्रको प्रत्येक अध्याय र अध्यायभित्रका हरेक श्लोक एवं पदहरू भगवान्का नै प्रतिपादक हुन्। यहाँ बताइएका सबैथरी कथा-उपकथाको परम तात्पर्य कुनै न कुनै रूपले परमात्मासँग नै जोडिएको छ। त्यसो त भक्तहरूका लागि भागवत साक्षात् भगवान्कै वाङ्मयी मूर्ति भएकाले यसका कुनै पनि अङ्गमा भगवत्सम्बन्ध नहुनु सम्भव छैन। यहाँ अनेकौं राजाहरूका चरित्र पनि भक्ति, ज्ञान या वैराग्यमध्ये कुनै एकलाई बढाउने उद्देश्यका साथ उठाइएका छन्।

हरिशब्द हरणार्थक **हृ** धातुबाट बन्दछ, यसको अर्थ हुन्छ— **हरति पापम्, अज्ञानं वा हरिः** अर्थात् जसले पाप या अज्ञानलाई हरण गरिदिनुहुन्छ, उहाँ नै हरि हुनुहुन्छ। भगवान् ६ प्रकारका ऐश्वर्यहरूले युक्त हुनुहुन्छ। सामान्य प्राणी एवं देवताहरूमा कुनै कुनै ऐश्वर्यहरू केही अंशमा रहन सक्दछन्, तर सबैथरी ऐश्वर्यको पूर्णता त केवल भगवान्मा मात्र हुन सक्दछ। शास्त्रमा भनिएको छ—

ऐश्वर्यस्य समग्रस्य धर्मस्य यशसः श्रियः।
ज्ञानवैराग्ययोश्चैव षण्णां भग इतीरणा॥

अर्थात् सबै प्रकारका योगविभूतिहरू, पूर्ण पराक्रम, कीर्ति र सम्पत्ति अनि पूर्णतम ज्ञान र

वैराग्यलाई नै भग भनिन्छ। यी सबैले जो युक्त हुन्छ, त्यही भगवान् हो। अन्यत्र पनि भगवान्को लक्षण गर्दै भनिन्छ–

उत्पत्तिं प्रलयं चैव भूतानामगतिं गतिम्।
वेत्ति विद्यामविद्याञ्च स वाच्यो भगवानिति।।

अर्थात् सम्पूर्ण प्राणीहरूको जन्म र मृत्युलाई, संसारको उत्पत्ति र प्रलयलाई अनि विद्या, अविद्या सबैलाई जसले जान्दछ, त्यही नै भगवान् हो।

विश्वात्मा शब्दको अर्थ हुन्छ, विश्वभरिका सबै प्राणीहरूको अन्तर्यामी आत्मा अथवा सम्पूर्ण विश्वकै रूपमा प्रकट हुने। भगवान् केवल कुनै लोकविशेषमा अवस्थित हुने परोक्ष देव नभई सबै प्राणीहरूको हृदयका साक्षीरूपले या सम्पूर्ण सृष्टिकै रूपमा समेत रहने सर्वरूप हुनुहुन्छ। सामान्य मानिसहरू भगवान् हरि केवल वैकुण्ठ या क्षीरसागरमा मात्र बस्नुहुन्छ भनी सोच्दछन्, तर भागवतका प्रतिपाद्य परमात्मा त विश्वात्मा अर्थात् सर्वरूप हुनुहुन्छ। सबै प्राणीहरूभित्र अहं अर्थात् म हुँ भनी आत्मरूपले अवस्थित हुने उहाँ नै हुनुहुन्छ।

शास्त्रमा आत्मा शब्दको अर्थ गर्दै भनिन्छ–

यच्चाप्नोति यदादत्ते यच्चात्ति विषयानिह।
यच्चास्य सन्ततो भावस्तस्मादात्मेति कीर्त्यते।।

यहाँ **आप्नोति** भन्ने क्रियापद सुषुप्ति अवस्थासँग, **आदत्ते** भन्ने क्रियापद स्वप्न अवस्थासँग र **अत्ति** भन्ने क्रियापद चाहिँ जाग्रत् अवस्थासँग सम्बद्ध रहेका छन्। **आप्नोति** अर्थात् प्राप्त गर्दछ, कसले ? जीवले, कसलाई ? ब्रह्मलाई, अनि कहिले ? सुषुप्ति अवस्थामा। जीवले सुषुप्ति अवस्थामा आफ्नो उपाधि अन्तःकरणलाई छाडी ब्रह्मभाव प्राप्त गरेको हुन्छ। यो अर्थ सुषुप्ति अवस्थाको अभिमानी प्राज्ञ जीवसँग सम्बन्धित छ। **आदत्ते** यो क्रियापदको अर्थ ग्रहण गर्दछ भन्ने हुन्छ। स्वप्न अवस्थामा त्यस अवस्थाको अभिमानी तैजसले जाग्रत्का वासनाहरूलाई ग्रहण गरी स्वाप्निक सृष्टि गरेको हुन्छ। जाग्रत् अवस्थामा जे देखियो-सुनियो, त्यसबाट उत्पन्न वासनालाई ग्रहण गरी वासनामय संसारको रचना गर्ने भन्ने अर्थमा यो **आदत्ते** क्रियापद तैजस जीवमा घटेको छ। यसै गरी **अत्ति** भन्ने क्रियापदको अर्थ खान्छ यो भोग गर्दछ भन्ने हुन्छ। जाग्रत् अवस्थामा विश्व जीवले इन्द्रिय, मन आदिद्वारा अनेक विषयहरूको भोग गर्दछ। वासनाअनुसार शुभ-अशुभ कर्महरू गर्ने र कर्मअनुसारका फलहरू भोग्ने भएकाले **अत्ति** यो क्रियापदको सम्बन्ध जाग्रत् अवस्थाको अभिमानी विश्वसँग छ। यसप्रकार आत्मा दिनदिनै परिवर्तित भइरहने तीनथरी अवस्थाहरूमा विश्व, तैजस र प्राज्ञ रूपले सबैतिर अन्वित भइरहेको छ, त्यसै अर्थमा यसलाई आत्मा भनिएको हो।

शब्दशास्त्रअनुसार आत्मा शब्द बारम्बार हिँड्नु भन्ने अर्थ बुझाउने **अत** धातुबाट **मनिन्** प्रत्यय लागेर बन्दछ। यसको अर्थ हुन्छ– **अतति- सततं गच्छति पृथिव्यादिविकारेषु अनुवर्तते इति आत्मा** अर्थात् जो पृथिवी आदि सबै कार्यवर्गमा अनुवर्तित हुन्छ, त्यसैलाई आत्मा भनिन्छ। सम्पूर्ण संसारका कार्य पदार्थ, चेतन-अचेतन प्राणी आदि सबैमा अन्तर्यामी साक्षी र चेतन अधिष्ठान रूपले पनि आत्माको अनुवर्तन छ। यसप्रकार विश्व अर्थात् सम्पूर्ण संसारको आत्मा भएकाले

हरिलाई यहाँ **विश्वात्मा** भनिएको हो। यहाँ विश्वात्मा हरिबाट नै ब्रह्माजी र रुद्रको प्राकट्य हुने कुरा समेत बताइएको छ। भागवतका प्रतिपाद्य हरि केवल शेषशायी लक्ष्मीपति विष्णु मात्र होइन, उहाँ त सर्वरूपी एवं सर्वात्मा परब्रह्म नै हुनुहुन्छ। अतः भागवतका सबै कथा एवं उपदेश प्रसङ्गले केवल त्यही अद्वितीय तत्त्वको प्रतिपादन गरेको छ। जहाँ ब्रह्मभन्दा भिन्न अर्को कुनै दोस्रो वस्तु नै छैन र दोस्रो झैँ देखिएका सबै वस्तुहरू समेत ब्रह्मभन्दा अभिन्न हुन् भने त्यहाँ ज-जसको विषयमा जे-जे बताए पनि त्यो सबै त्यही अद्वितीय तत्त्वकै वर्णन मात्र सिद्ध हुन्छ। भक्तहरू भन्दछन्– जसरी आकाशबाट जुनसुकै ठाउँमा पानी बर्सिए पनि नदीहरूको माध्यमले त्यो समुद्रमा नै पुग्छ, त्यसै गरी जुनसुकै देवताको स्तुति-पूजा आदि गरिए पनि त्यो सबै अन्तमा यिनै सर्वरूपी हरिकै निकट पुग्दछ। यहाँ विश्वात्मा शब्दले वेदान्तशास्त्रको विषय र हरिशब्दले चाहिँ वेदान्तशास्त्रको प्रयोजनलाई समेत सङ्केत गरेको छ। ब्रह्मतत्त्व अज्ञानद्वारा नै विश्वात्मा हुने हो। यही अज्ञात ब्रह्म वेदान्तको विषय हो। अनि हरि शब्दले चाहिँ अज्ञानलाई हरण गर्ने भन्ने अर्थ बताउँछ। अज्ञान नष्ट भएको या ज्ञात भएको ब्रह्म नै वेदान्तको प्रयोजन हो, मोक्ष भनेको पनि अज्ञान हटेको ब्रह्म नै हो, त्यस भन्दा भिन्न कुनै स्थिति या अवस्था होइन। त्यसैले भनिन्छ– **अज्ञातं ब्रह्म विषयः ज्ञातं सत् प्रयोजनम्** । यसको सूचना समेत प्रस्तुत प्रसङ्गमा पाइन्छ।

त्वं तु राजन् मरिष्येति पशुबुद्धिमिमां जहि ।
न जातः प्रागभूतोऽद्य देहवत्त्वं न नङ्क्ष्यसि ॥ २ ॥

पदार्थ–	**जहि** = त्यागिदिनुहोस्	**देहवत्त्वं** = शरीर धारण
राजन् = हे राजा परीक्षित्	**त्वं तु** = तपाईं त	गर्नुभएको पनि
मरिष्ये इति = म मर्नेछु भन्ने	**प्राक् अभूतः** = पहिले नभएको	**न** = होइन
इमां = यस्तो	**जातः** = पछि जन्मिएको र	**न नङ्क्ष्यसि** = नाश हुनेवाला
पशुबुद्धिं = तुच्छ विचारलाई	**अद्य** = अहिले	पनि हुनुहुन्न

वाक्यार्थ– हे राजा परीक्षित् ! अब तपाईंले म मर्नेछु भन्ने तुच्छबुद्धिलाई त्यागिदिनुहोस्। किनभने तपाईं जन्मिनुभएको पनि होइन, पहिले नभएको पनि हुनुहुन्न, अहिले शरीर धारण गर्नुभएको पनि होइन र नाश हुनेवाला पनि हुनुहुन्न।

विवरण– यहाँ श्रीशुकदेवजीले राजा परीक्षित्को मूल समस्या भएको मृत्युको नै प्रसङ्ग उठाउनुभएको छ। यसको अर्थ श्रीशुकदेव अब आफ्नो ज्ञानदृष्टिलाई अरू सबैतिरबाट समेटी परीक्षित्को मूल समस्यातर्फ नै लगाइरहनुभएको छ भन्ने हुन्छ। श्रीधर स्वामी लेख्नुहुन्छ– **त्वं कृतार्थ एव इति अनुस्मारयति** अर्थात् यहाँ श्रीशुकदेवले परीक्षित्लाई तपाईं वास्तवमा सधैँ कृतकृत्य नै हुनुहुन्छ भनी उहाँको वास्तविक स्वरूपको सम्झना गराउनुभएको छ। गुरुले तत्त्वज्ञानको उपदेश गर्ने क्रममा जब शिष्यले अझै पनि पूर्णतया त्यसलाई धारण गर्दैन, तब गुरुले आफ्नो आत्मानुभव, गुरुत्वको बल आदि सबैलाई मिसाई एकैपटक शिष्यभित्र शक्तिसञ्चार गरिदिनुहुन्छ। यस्तो अवस्थामा गुरुभित्र कुनै सर्वव्यापी विराट् शक्तिको आविर्भाव हुन्छ, जुन

शक्ति शिष्यलाई जसरी पनि उद्धार गर्न कृतसङ्कल्प छ र सयौँ कालका बन्धनबाट पनि उसलाई मुक्त गराई स्वरूपस्थितिमा आरूढ गराइछाड्ने निश्चयमा छ। शास्त्रहरूमा यसलाई शक्तिपात भनिन्छ, जसमा गुरुले शिष्यमाथि आत्मानुभवको प्रचण्ड तेज नै खन्याइदिनुहुन्छ। यस अवस्थामा गुरुभित्र पूर्ण गुरुत्वको उपस्थिति हुन्छ, ज्ञानका आदि उपदेष्टा स्वयं परमात्मा नै शिष्य उद्धार गर्न गुरुभित्र आविष्ट हुनुभएको हुन्छ। यस अवस्थामा शिष्य स्वयं नै त्यस परम चैतन्यज्योतिद्वारा जगमगाउन पुग्दछ।

अनुभवी सत्पुरुषहरू भन्दछन्— गुरुमा पूर्ण गुरुत्वको उद्भावन शिष्यको पूर्ण समर्पणद्वारा हुने गर्दछ। पूर्ण समर्पणविना सर्वशक्तिमान् सत्तालाई पगाल्ने अर्को कुनै पनि साधन छैन। जसरी आफूमा पूर्णतः समर्पित भएको हिँड्न नसक्ने बच्चालाई आमाले काखमै लिएर भए पनि बाटो पार गराउँछिन्, त्यसै गरी शिष्य यदि गुरुप्रति पूर्ण समर्पित छ, तर ऊ ब्रह्मानुभवको मार्गमा स्वयं हिँड्न समर्थ भइसकेको छैन भने त्यस स्थितिमा गुरुले पनि उसलाई आफ्नै काखमा उठाई संसारबाट पार गराइदिनुहुन्छ। कहिलेकहीँ त अज्ञानी शिष्य अकस्मात् यो अनुभवको तीव्रता र उचाइबाट हडबडाउन पनि सक्छ, तर गुरु एकपटक स्वीकार गरिसकेको शिष्योद्धारको कर्तव्यबाट विमुख बन्नुहुन्न। प्रस्तुत प्रसङ्गमा पनि श्रीशुकदेवले राजा परीक्षित्लाई सिधै सम्बोधित गरी उपदेश गरेबाट यहाँ उपदेशवचनको माध्यमले आत्मअनुभवलाई नै परीक्षित्मा स्थानान्तरित गरिरहनुभएको देखिन्छ। उहाँले राजासँग कडा शब्दमा पशुजस्तो अविवेकी भनी गालीसमेत गर्नुभएको छ।

प्रायः गुरुहरूलाई कस्तो समस्या आइपर्दछ भने जुन शिष्यलाई आफूले उद्धार गर्न खोजिएको छ, ऊ चाहिँ अन्तिम समयसम्म पनि संसारकै तानाबानामा अल्मल्लिइरहेको हुन्छ, उसलाई त्यहाँबाट छुटाउन आफू कठोर नै हुनुपर्ने हुन्छ। तिखा वचनबाणको यो प्रहारलाई सहन गर्न सक्ने शिष्य नै गुरुबाट आफूमा अवतरित पूर्ण कृपालाई धारण गर्न सक्दछ। त्यसैले गुरुका कटु शब्द एवं व्यवहारहरूलाई स्वीकार गर्न नसक्ने अभिमानी व्यक्तिहरू यो अनुभवबाट वञ्चित नै रहन्छन्। श्रीशुकदेवले यहाँ राजाको मनभित्रको भावलाई बुझ्दै त्यो भाव पशुहरूको झैँ अविवेकपूर्ण रहेको बताउनुभएको छ। राजामा अझैसम्म पनि मृत्युभय बाँकी नै छ। यसलाई शास्त्रहरूमा पाँच क्लेशहरूमध्ये अभिनिवेश भनी बताइएको छ। अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश यी पाँच क्लेशहरूमध्ये अभिनिवेश अर्थात् मृत्युभय नै सबैभन्दा भयङ्कर हुन्छ। यसको मुख्य कारण चाहिँ अविद्या-अविवेक नै हो। अज्ञानका कारण आफ्नो वास्तविक स्वरूपलाई भुलेको व्यक्तिले शरीर र आत्माको विवेक गर्न सक्दैन, ऊ शरीरलाई नै आत्मा भन्ने ठान्दछ। यसैले शरीरको मृत्यु हुन लाग्दा म नै मर्न लागेँ भनी आत्तिन्छ। आत्मा शरीरभन्दा भिन्न हो भन्ने बुझ्नेबित्तिकै यो सम्पूर्ण भय अकस्मात् हराइहाल्दछ।

श्रीशुकदेव शरीरको विषयमा बताउँदै भन्नुहुन्छ— **प्राक् अभूतः अद्य जातः** अर्थात् हे राजन् ! शरीर पहिले थिएन, पछि उत्पन्न भएको हो र यो शरीर एकदिन नष्ट पनि हुन्छ, तर आत्मा (तपाईं) **न नङ्क्ष्यसि** अर्थात् नष्ट हुँदैन। उत्पन्न हुनुभन्दा अघि र मृत्युपछि शरीरको कुनै अस्तित्व नै रहँदैन, यो त बिचको समयमा आत्मामा केवल कल्पित भएको मात्रै हो। कुनै व्यक्तिलाई पृथिवीतलमा जन्मिनुभन्दा अघि तिमी कहाँ थियौ ? भनी प्रश्न गर्दा उसले म आमाको

गर्भमा थिएँ भनी बताउला। आमाको गर्भमा आउनुभन्दा अघि तिमी थियौ कि थिएनौ ? भनेर सोध्ने हो भने उसले म थिइनँ भन्न सक्दैन, किनभने कहीँ नभएदेखि आमाको गर्भमा कहाँबाट आयो ? आमाको गर्भमा आउनुभन्दा अघि पनि कहीँ न कहीँ कुनै न कुनै रूपमा अवश्य थियो। उसको शरीर त गर्भधारणभन्दा अघि थिएन, यसैले शरीर हुनुभन्दा पहिले नै आत्माको अस्तित्व थियो भन्ने सिद्ध हुन्छ। यसरी शरीरभन्दा भिन्नै आत्माको अस्तित्व प्रमाणित भएपछि शरीरको मृत्यु हुँदा आत्माको मृत्यु नहुने स्वतः सिद्ध हुन पुग्दछ। यदि शरीरसँगै आत्माको पनि मृत्यु हुने भए शरीरको मृत्युलाई कसले सिद्ध गर्‍यो ? भन्ने शङ्का हुन्छ। कुनै पनि वस्तुको भाव-अभावलाई बुझ्न या सिद्ध गर्न त्यसको प्रकाशक कुनै चेतनको आवश्यकता पर्दछ। शरीरको भाव-अभावलाई पनि सिद्ध गर्न चेतनको नै आवश्यकता पर्दछ। त्यसैले आत्मा त शरीर रहँदा शरीरको भावको प्रकाशक अनि शरीरको मृत्यु हुँदा त्यसको अभाव-विनाशको प्रकाशक भई नित्य एकरूपमा रहेको छ। यसरी अविकारी तथा नित्य एकरूप आत्मा कहिल्यै पनि विकारी, क्षण-क्षणमा बदलिइरहने शरीर हुन सम्भवै छैन। अविवेकीहरू चाहिँ विनाशी शरीरलाई नै आत्मा ठान्ने भुल गर्दछन्।

शरीरलाई जन्म र मृत्युभन्दा अघि-पछि अस्तित्वहीन भनी बताउनुको अर्थ यो बिचमा चाहिँ शरीर पूर्णतः सत्य हो भन्नु हुँदै होइन। यहाँ त शरीरलाई क्षण-क्षणमा परिवर्तनशील र पूर्णतः मिथ्या मानिन्छ। हाड, छाला, मासुले बनेको यो स्थूल शरीर, जसलाई प्राणीहरूले व्यवहारकालमा सत्य मानी स्वयं आफू भन्ने ठानेका हुन्छन्, यो त स्वप्न अवस्थामै हराएको छ। स्वप्नभित्र व्यक्तिको स्थूल शरीर नभई अर्कै वासनामय शरीर छ र त्यसैद्वारा ऊ स्वाप्निक पदार्थहरूको उपभोग गर्दछ। जसरी जाग्रत्‌को व्यवहार गरिरहँदा व्यक्तिलाई स्थूल शरीर यथार्थ हो भन्ने लाग्दछ, त्यसै गरी स्वप्नव्यवहारको अवस्थामा वासनामय स्वप्नशरीर पनि पूर्णतः यथार्थ हो भन्ने लाग्दछ। यो स्वप्नको दृष्टान्तद्वारा एउटा त स्थूल शरीरविना पनि व्यक्तिको आत्मचैतन्य अस्तित्ववान् रहन सम्भव छ र शरीरको अभावले आत्माको सत्तामा कुनै फरक पर्दैन भन्ने कुरा बुझिन्छ भने अर्को चाहिँ स्थूल शरीर पनि स्वप्नशरीरसमान मिथ्या नै हो भन्ने पनि बुझिन्छ। यसरी स्थूल शरीरको असत्ता बुझ्नलाई सुषुप्ति, समाधि आदिमा पुग्नै पर्दैन, यो त स्वप्नमा नै असत् भइसकेको हुन्छ। अरु स्पष्टतः भन्दा जाग्रत्‌को स्थूल शरीर स्वप्नमा छैन, स्वप्नको वासनामय शरीर जाग्रत्‌मा छैन, अनि स्थूल र वासनामय यी दुबै शरीरहरू सुषुप्ति अवस्थामा छैनन्। यो प्राणीहरूले प्रतिदिन गर्ने बोध हो र यसबाट शरीर आत्मा होइन र यो मिथ्या हो भन्ने स्वतः प्रमाणित हुन्छ।

वेदान्तमा शरीरको अर्थ गर्दै भनिन्छ– **शीर्यते तत्त्वज्ञानात् विनश्यति इति शरीरम्** अर्थात् तत्त्वज्ञानद्वारा नष्ट हुने नै शरीर हो। ज्ञानद्वारा नष्ट हुने भन्नुको अर्थ त्यो मिथ्या रहेछ भन्ने हो, किनभने सत्य वस्तु त ज्ञानद्वारा झन् सिद्ध पो हुन्छ। मिथ्या वस्तु केवल प्रतीति हुन्जेल मात्र अस्तित्वमा रहन्छ। डोरीको सर्प डोरीमा सर्पभ्रम हुनुभन्दा अघि पनि छैन र सर्पभ्रम हराएपछि पनि रहँदैन, वास्तवमा भ्रमकालमा पनि सर्पको डोरीभन्दा अलग अस्तित्व छैन, यसैले डोरीको सर्प कुनै वस्तु नभई मनको एक वृत्ति या तरङ्ग मात्र हो। ठिक यही दृष्टान्त शरीरका लागि लागु हुन्छ।

अनुभवीहरूका अनुसार शरीर भनेको पनि केवल शरीराकार वृत्ति मात्र हो, मनको कल्पनाभन्दा अलग यो कुनै पदार्थ नै होइन। ज्ञानको उच्च स्थितिमा पुगेपछि, शरीरको बोध त्यसै गरी हराउँछ जसरी डोरीलाई जानेपछि सर्पको भ्रम अकस्मात् हराउँछ। त्यसैले शरीर **प्राक् अभूतः** अर्थात् शरीरभ्रम हुनुभन्दा अघि थिएन र **अद्य जातः** अर्थात् अब शरीरभ्रम भएपछि अस्तित्वयुक्त झैँ देखिएको मात्र हो। आत्मा चाहिँ शरीरभ्रमको पनि अधिष्ठान हो र शरीरको बाध हुँदा त्यसको पनि अधिष्ठान हो। यस्तो सधैँ मिथ्या नै रहेको शरीरलाई सत्य ठानी त्यसमा आत्मभाव गरी शरीरसँगै म पनि मर्दछु भनी बुझ्नु अत्यन्त मूर्खता हो। मिथ्या शरीरको मृत्यु स्वयं पनि अर्को नयाँ मिथ्या नै त हो। त्यसैले हे राजा परीक्षित् ! शरीरको मृत्युबाट चिन्तित नहुनुहोस्, आफू शरीरभन्दा अलग त्यसको प्रकाशक एवं अधिष्ठान आत्मा हुँ भन्ने बुझ्नुहोस् र अविवेकलाई छाडिदिनुहोस् भनी श्रीशुकदेवले उपदेश गर्नुभएको छ।

यस प्रसङ्गमा श्रीशुकदेवले शरीर र पुत्र–पौत्र आदिमा आत्माभिमान गर्न नहुने बताउनुभएको छ। यिनलाई मिथ्या आत्मा र गौण आत्मा भनिन्छ। यद्यपि वस्तुतः आत्मा एउटै छ, तर अज्ञानीहरूले शरीर, पुत्रपरिवारलाई पनि आत्मा झैँ ठानेकाले त्यस दृष्टिले गौण आत्मा, मिथ्या आत्मा र मुख्य आत्मा भनी आत्माको निरूपण गरिएको छ। भेद प्रतीति हुँदाहुँदै पनि अभेदको व्यवहार गरिन्छ भने त्यो गौण आत्मा हो। कसैले आफ्नो छोरालाई अत्यन्त मोहवश यो त मेरो आत्मा नै हो भनी बताउँदा त्यहाँ आफूभन्दा छोरो भिन्न भएको प्रतीति हुँदाहुँदै पनि अभेदको व्यवहार भएको छ, यो अत्यन्त अविवेकको अवस्था हो। जहाँ भेद छ, तर भेदको प्रतीति भई अभेदको व्यवहार गरिन्छ भने त्यो चाहिँ मिथ्या आत्मा हो। शरीरलाई आत्मा भनी बुझ्दा वास्तवमा शरीर र आत्मा भिन्न भए तापनि त्यो स्पष्टतः जानिएको हुँदैन। जसरी आगो बलिरहेको ठाउँमा दाउरा र आगोलाई स्पष्टतः छुट्याउन नसके पनि दाउराभन्दा अग्नितत्त्व पृथक् नै हुन्छ, त्यसै गरी जड शरीरभन्दा चेतन आत्मा पनि अलग नै रहेको छ, तर यिनीहरूको भेदलाई नजानेकाले सामान्य प्राणीहरूलाई निःसन्दिग्धरूपमा आफू शरीर नै हुँ भन्ने लाग्दछ। यसरी सबैले आत्माको रूपमा बुझेको शरीर वास्तविक आत्मा नभई मिथ्या आत्मा हो र उपनिषद् शास्त्र एवं आत्मज्ञहरूको अनुभवमा सच्चिदानन्दरूप अद्वितीय आत्मा नै वास्तविक मुख्य आत्मा हो। मुख्य आत्मालाई नबुझ्नु यही नै अज्ञान हो र मिथ्या एवं गौण आत्मादेखि मुख्य आत्माको विवेक गर्न नसक्नु यही नै अविवेक हो। यहाँ यसैलाई त्याग्ने निर्देशन श्रीशुकदेवले दिनुभएको छ।

न भविष्यसि भूत्वा त्वं पुत्रपौत्रादिरूपवान्।
बीजाङ्कुरवद् देहादेर्व्यतिरिक्तो यथानलः॥ ३॥

पदार्थ–
त्वं = तिमी
पुत्रपौत्रादिरूपवान् = छोरा–नातिका रूपमा उत्पन्न
भूत्वा = भएर पनि
न भविष्यसि = उत्पन्न हुनेछैनौ
बीजाङ्कुरवत् = बीजबाट अङ्कुर र अङ्कुरबाट बीज उत्पन्न भए झैँ
देहादेः = शरीरबाट उत्पन्न भएका शरीरदेखि
यथा = जसरी

अनलः = (काठदेखि) अग्नि	अलग हुन्छ (त्यसै गरी)	**व्यतिरिक्तः** = तिमी भिन्न छौ

वाक्यार्थ– जसरी बीजबाट अङ्कुरको र अङ्कुरबाट बीजको उत्पत्ति भइरहन्छ, त्यसै गरी एउटा शरीरबाट दोस्रो शरीर र दोस्रो शरीरबाट तेस्रो शरीरको उत्पत्ति भइरहन्छ। तिमी जन्मनेवाला होइनौ। छोरा–नातिका रूपमा पनि तिमी जन्मिँदैनौ। जसरी काठमा व्याप्त भएर पनि अग्नि काठदेखि सर्वथा अलग छ, त्यसै गरी शरीरमा व्याप्त भएर पनि तिमी शरीरदेखि भिन्न छौ।

स्वप्ने यथा शिरश्छेदं पञ्चत्वाद्यात्मनः स्वयम्।
यस्मात् पश्यति देहस्य तत आत्मा ह्यजोऽमरः॥ ४॥

पदार्थ–	आदि दृश्य	आदि विभिन्न अवस्थालाई पनि
यथा = जसरी	**स्वयं** = आफैंले	आफैंले देख्दछ
स्वप्ने = स्वप्न अवस्थामा	**पश्यति** = देख्दछ	**ततः** = त्यसकारण
आत्मनः = आफ्नो	**हि** = निश्चय नै	**आत्मा** = आत्मा
शिरश्छेदं = टाउको काटेको	**यस्मात्** = जसरी	**अजः** = अजन्मा र
पञ्चत्वादि = मरेको, पोलेको	**देहस्य** = शरीरका बाल्य, यौवन	**अमरः** = अमर छ

वाक्यार्थ– जसरी स्वप्न अवस्थामा जीवले आफ्नो टाउको काटिएको, आफू मरेको आदि अवस्था देख्दछ, त्यसै गरी जाग्रत् अवस्थामा पनि त्यसले शरीरका विविध अवस्थालाई देख्दछ। त्यसैले आत्मा अजन्मा र अमर छ।

घटे भिन्ने घटाकाश आकाशः स्याद् यथा पुरा।
एवं देहे मृते जीवो ब्रह्म सम्पद्यते पुनः॥ ५॥

पदार्थ–	**आकाशः** = महाकाश	**जीवः** = जीवात्मा
यथा = जसरी	**स्यात्** = हुन्छ	**पुनः** = फेरि
घटे भिन्ने = घैंटो फुटेपछि	**एवं** = त्यसै गरी	**ब्रह्म** = ब्रह्म नै
घटाकाशः = घटाकाश	**देहे** = शरीर	**सम्पद्यते** = हुन्छ
पुरा = पहिले जस्तै	**मृते** = नाश भइसकेपछि	

वाक्यार्थ– जसरी उपाधिरूप घैंटो फुटेपछि घटाकाश पहिले झैँ महाकाशरूप हुन्छ, त्यसै गरी शरीररूप उपाधि नष्ट भएपछि जीव पनि पुनः ब्रह्म नै हुन्छ।

मनः सृजति वै देहान् गुणान् कर्माणि चात्मनः।
तन्मनः सृजते माया ततो जीवस्य संसृतिः॥ ६॥

पदार्थ–	**वै** = निश्चय नै	**मनः** = मनले

आत्मनः = आत्माका लागि	**सृजति** = सृष्टि गर्दछ	**ततः** = त्यसपछि मात्र
देहान् = विभिन्न शरीरहरू	**तन्मनः** = त्यो मनलाई	**जीवस्य** = जीवको
गुणान् = गुणहरू र	**माया** = मायाले	**संसृतिः** = जन्ममृत्युरूप
कर्माणि च = कर्महरू	**सृजते** = सृष्टि गर्दछ	संसारचक्र सुरु हुन्छ

वाक्यार्थ— मनले आत्माका लागि विभिन्न शरीर, गुण र कर्महरूको सृष्टि गर्दछ। त्यस मनलाई मायाले सृष्टि गर्दछ। त्यसपछि जीवको जन्ममृत्युरूप संसारचक्र सुरु हुन्छ।

विवरण— यहाँ गुण, कर्म र शरीर यी सबैको सृष्टि मनले नै गर्दछ भनी बताइएको छ। सम्पूर्ण सृष्टिको मूल कारण मन नै हो। जीवभावको कारण पनि यही मन हो र अद्वितीय निर्विकार आत्मामा अनन्त संसारभ्रमको कल्पना हुनुमा एक मात्र जिम्मेवार पनि यही मन नै हो। मनको अभावमा न कुनै कर्म हुन सक्छ, न कुनै प्रकारको फलभोग नै हुन सम्भव छ। त्यसैले सबै अनर्थहरूको एक मात्र हेतु मन नै हो।

शास्त्रमा भनिन्छ— जगत्सृष्टिको क्रममा सर्वप्रथम मायाशबल ब्रह्मबाट आकाश आदि पञ्चमहाभूतहरूको उत्पत्ति भयो। **तस्माद् वा एतस्मादात्मन आकाशः सम्भूतः** (तैत्तिरीयोपनिषद् २.१)। यी आकाश आदि महाभूत स्थूल रूपमा नभई सूक्ष्म तन्मात्राको रूपमा रहेका हुन्छन्, त्यसैले आत्माबाट आकाश आदि उत्पन्न हुनु भनेको शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँच तन्मात्राहरूको उत्पत्ति हुनु हो। यी पाँच तन्मात्राहरूको सात्त्विक अंशबाट छुट्टाछुट्टै पाँच ज्ञानेन्द्रियहरू उत्पन्न हुन्छन् र सबैको सात्त्विक गुण एकत्रित हुँदा मन, बुद्धि, चित्त र अहङ्कार यी अन्तःकरणचतुष्टय बन्दछन्। पञ्च तन्मात्राहरूको छुट्टाछुट्टै रजोगुणबाट चाहिँ कर्मेन्द्रियहरू बन्दछन् र सबैको रजोगुण एकीकृत भएपछि त्यसबाट पाँच प्राणहरू बन्दछन्। अनि बाँकी रहेको तामस अंश चाहिँ पञ्चीकरणको प्रक्रियाले स्थूल महाभूतको रूपमा व्यक्त हुन्छ र त्यसबाट शरीर आदिको सृष्टि हुन्छ। तर यो सृष्टिप्रक्रियाले मात्र अनादिकालदेखि बारम्बार सृष्टि भइरहरहनुको मूल कारणको व्याख्या गर्न सक्दैन। अर्थात् परमात्माले मायाद्वारा आकाश आदिको सृष्टि किन गर्नुभयो ? भन्ने प्रश्नको उत्तर दिन सकिँदैन। ईश्वरले लीलाका लागि यसो गर्नुभयो भन्ने हो भने पनि ईश्वरीय लीला रची आनन्द लिन खोजिएको संसारमा पीडा, रोग, मृत्यु आदि दुःखहरू किन देखिन्छन् त ? भन्ने शङ्का उठ्न सक्छ, त्यसैले सृष्टिका सबैथरी विषमताहरूलाई निरूपण गर्न शास्त्रमा मनलाई अघि सारिएको पाइन्छ।

प्रलयकालमा मायाद्वारा परमात्मामा लीन भएका प्राणीहरूको मनभित्र विषयभोगका पूर्वसंस्कारहरू यथावत् रहिरहेकै हुन्छन्, तिनै संस्कारवश प्राणीहरू फेरि पनि विषयहरूको भोग गर्न छट्पटाउन थाल्दछन्। यसरी प्राणीहरूको मनभित्रको खलबल बढेपछि ईश्वरले समेत ती सबै मनोभावहरूको पूर्ति गर्नका लागि उनीहरूले भोग्न मिल्ने गरी संसारको रचना गर्नुहुन्छ। यहाँ ईश्वरलाई माया साथमा लिई सृष्टिकर्ममा प्रेरित गर्ने काम पनि प्राणीहरूको मनद्वारा नै भएको पाइन्छ। हरेक प्रलयपछि प्राणीहरूको मनभित्र रहेको वासनाद्वारा नै नयाँ–नयाँ सृष्टि हुँदा हुँदै यो अनादि संसारचक्र सदासर्वदादेखि चलिआएको देखिन्छ। त्यसैले पनि सृष्टिको मूल कारण मन नै

हो।

यहाँ मनले नै जीवहरूका सत्त्व, रज र तम यी तीन गुणहरूलाई विभक्त गर्दछ भनिएको छ। यी तीन गुणअनुसार नै जीवका जाग्रत् आदि अनेक अवस्थाहरू हुने गर्दछन्। अरू वास्तवमा त सत्त्व, रज र तम यी गुणहरू पनि जीवका नभई मनका नै हुन्। त्रिगुणात्मिका मायाको कार्य भएको मनमा नै तीन गुणहरूको सम्बन्ध हुन्छ, ब्रह्मस्वरूप जीवमा होइन। त्यसैले जाग्रत्, स्वप्न आदि अवस्थाहरू पनि मनकै सात्त्विक, राजस आदि वृत्ति हुन्। जाग्रत् अवस्था मनको सात्त्विक वृत्ति हो, स्वप्न अवस्था मनको राजस वृत्ति हो र सुषुप्ति अवस्था चाहिँ मनको तामस वृत्ति हो। यी सबै वृत्ति मनका भएकाले आत्मासँग यिनको केही सम्बन्ध छैन। त्यसै गरी शुभ-अशुभ कर्महरूको उत्पत्ति पनि मनबाट नै भएको हो, अकर्ता आत्मामा कर्मको सम्भावना नै हुन सक्दैन। यसै गरी मनले नै अनेक शरीरहरूको रचना गरेको हो। मनको वासनाअनुसार कर्महरू हुन्छन् र त्यसको फल अनुसार अनेक योनिहरूको प्राप्ति हुन्छ। यदि मनभित्र कुनै कर्मवासना छैन भने त्यो व्यक्ति जुनसुकै कर्म गरेर पनि त्यसको बन्धनमा पर्दैन। यसरी शुभ-अशुभ अनेकथरी कर्महरू र ती कर्महरूबाट प्राप्त हुने लोक-लोकान्तर प्राप्तिरूपी फल र उच्च-नीच योनिप्राप्तिरूपी फलसमेत मनले नै सिर्जना गरेको हो।

जीवले आफूलाई अद्वितीय ब्रह्मतत्त्वको रूपमा नबुझी शरीर, इन्द्रिय आदिको रूपमा बुझ्नु र तिनका भोगहरूमा आसक्ति गर्नु नै बारम्बारको संसारबन्धनको कारण हो। यदि आत्मामा जीवभाव उत्पन्न नै नभएको भए यो संसार हुने नै थिएन। यो जीवभावको मूल पनि मन नै हो। मनमा परेको आत्माको प्रतिबिम्बलाई नै जीव भनिन्छ। अन्तःकरणमा प्रतिबिम्बित भएकाले जीवमा अन्तःकरणका कर्तृत्व, भोक्तृत्व, प्रमातृत्व यी सबै भावहरू स्वभावतः रहेका छन् र यही कर्तृत्व-भोक्तृत्व भाव नै संसार हो भन्ने वेदान्तको निश्चय छ। जब सर्वव्यापी निर्विशेष ब्रह्मले आफूलाई अन्तःकरणभित्र सीमित गरी म यत्ति मात्र हुँ भनी परिच्छिन्न आत्मबोध गर्‍यो, त्यहाँबाट संसाररूप अनर्थको सुरुवात भयो, यसैले यो अनर्थको जिम्मा अन्तःकरणलाई पनि जान्छ नै। यसै कारणले सर्वव्यापक ब्रह्म जीव बनी संसारबन्धनमा बारम्बार घुमिरहेको छ र आफूलाई अज्ञानी, अपूर्ण, असमर्थ, अयोग्य भन्ने सम्झी निरन्तर दुःखी भइरहेको छ। मनद्वारा नै आत्माको असली स्वरूप ढाकिएको छ, जसका कारण व्यक्ति जहिले पनि मनमा परेको प्रतिबिम्बको रूपमा मात्र आत्मबोध गर्न बाध्य छ, आफ्नो वास्तविक स्वरूपलाई उसले थाहा पाउन सकेको छैन। त्यसैले शास्त्रमा **न ह्यस्त्यविद्या मनसोऽतिरिक्ता मनो ह्यविद्या भवबन्धहेतुः** अर्थात् अविद्या (अज्ञान) भनेको पनि मनभन्दा अतिरिक्ति अरू केही होइन, संसारबन्धनको हेतु भएको अज्ञान भन्नु नै मन हो भनिएको छ।

संसारकल्पनाको एक मात्र कारण मन नै हो भनी बताइरहँदा मन चाहिँ कस्तो वस्तु रहेछ ? भन्ने स्वतः जिज्ञासा हुन्छ। सबै कल्पनाको एक मात्र कारण भएको यो चाहिँ स्वयंमा कुनै सत्य वस्तु होला भन्ने आशङ्का समेत हुन सक्ने देखिन्छ, तर विचार गर्दा मन भनेको आफ्ना मान्यताहरूको समष्टि मात्र हो, कुनै वास्तविक पदार्थ होइन। त्यसैले श्रीशुकदेवले यहाँ मन पनि मायामय भएको, त्यसको रचना मायाद्वारा भएको बताउनुभएको छ। मन पनि मायामय भएकाले

सत्य होइन। मन वास्तवमा स्थिर एवं नित्य वस्तु होइन भन्ने त सबै मानिसहरूले दिनदिनै अनुभव गरिरहेकै कुरा हो। भोकले छट्पटाइरहेको व्यक्ति भोजन गर्दै जाँदा एक छिनपछि खानाबाट अमन हुन्छ। कुनै समय कसैका लागि प्राण नै छाड्न तयार भएको व्यक्ति पछि गएर सोही व्यक्ति मलाई मन पर्दैन भनी बताउँछ। अतः मन नित्य परिवर्तनशील छ। अरु आध्यात्मिक यात्रामा लागेकाहरूलाई त मन कति चञ्चल छ भन्ने स्पष्ट नै अनुभव हुन्छ। यस्तो कहिल्यै पनि एकनासले नरहने मन कसरी सत्य वस्तु हुन सक्दछ ? मन त केवल सङ्कल्प-विकल्पको अर्को नाम मात्र हो। सङ्कल्प-विकल्प रोकिनेबित्तिकै मन नष्ट भइहाल्छ। स्थितप्रज्ञ भएका महापुरुषहरूको मन आत्मामा नै विलीन भएको हुन्छ। त्यसैले मोक्षको विषयमा बताउँदा मनोनाशलाई नै पूर्ण मोक्ष हो भनी बताइएको छ।

जहाँ संसार छ, त्यहाँ मन अवश्य नै छ। अनि जहाँ मन छैन, त्यहाँ संसारसमेत छैन। आगो नभएको ठाउँमा धुवाँ नभए जस्तै संसारको कारणभूत मन नभएको ठाउँमा संसारसमेत रहँदैन। जाग्रत् र स्वप्न अवस्थामा संसार छ, त्यहाँ त्यसको कल्पना गर्ने मन पनि विद्यमान छ। अरु जाग्रत् र स्वप्नमा मन भएकैले त्यहाँ संसारबन्धनको प्रतीति छ समेत भन्न सकिन्छ। सुषुप्ति अवस्थामा मन छैन, त्यसैले त्यहाँ संसारबन्धनको प्रतीति पनि छैन। जीवभाव या बन्धनको उपाधि भनेको मन नै हो, यसको अभाव भएकाले सुषुप्ति अवस्थामा आत्माले सत् स्वरूपलाई प्राप्त गरेको हुन्छ भन्ने समेत उपनिषद्मा बताइएको पाइन्छ— **सता सोम्य तदा सम्पन्नो भवति** (छान्दोग्योपनिषद् ६.८.१)। यद्यपि सुषुप्तिमा जीवले आफ्नो ब्रह्मरूपताको स्पष्ट अनुभव गर्न पाएको छैन, त्यहाँ मूल आवरण अज्ञान पनि बाँकी नै छ, तर पनि मन नष्ट हुनुको पनि यति माहात्म्य छ कि उपनिषद्मा त्यत्तिकै भरमा जीव शिव बनेको भनी बताइएको देखिन्छ। यसरी मनोनाश हुनुलाई अति धेरै महत्त्व दिइएको पाइन्छ। अद्वितीय आत्मतत्त्वमा मनको प्राकट्य सँगसँगै संसारकल्पनाको प्रारम्भ भएको हो। यही कुरा बताउन उपनिषद्मा सृष्टिको सन्दर्भमा सबैभन्दा पहिले परमात्माले मनकै रचना गर्नुभयो भनी बताइएको छ— **तन्मनोऽकुरुत** । यसबाट सम्पूर्ण सृष्टि मनद्वारा त्यसकै आधारमा भएको हो भन्ने स्पष्ट हुन्छ। मन स्वयं असत् पदार्थ भएकाले त्यसद्वारा सष्टि हुनुको मतलब वास्तवमा सृष्टि भएकै छैन भन्ने हो। मनद्वारा गरिएको सृष्टि त्यस्तै हो, जसरी जीवले भ्रमद्वारा डोरीमा सर्प, दण्ड, जलधारा, भूछिद्र आदिको सृष्टि गर्दछ अनि स्वप्न अवस्थामा पहाड, नदी, खेत, विमान आदिको रचना गर्दछ। भ्रम भएको अवस्थामा कुनै पदार्थहरूको सृष्टि भएकै हुँदैन। यदि आग्रहवश पदार्थहरू उत्पन्न भए भनिन्छ भने अधिष्ठानभन्दा बाहेक तिनीहरूको कुनै सत्ता नै हुँदैन। वास्तवमा एउटै आत्मसत्ता नै जगद्भ्रमको अनेक कल्पनाको रूपमा अवस्थित छ। यहाँ पृथिवी, जल, तेज, प्राणी आदिको सृष्टि भयो भन्नु आत्माभन्दा बाहेक अरू कुनै कुरा होइन। यही कुरा भागवतमा भनिएको छ— **ज्ञानक्रियार्थफलरूपतयोरुशक्ति ब्रह्मैव भाति सदसच्च तयोः परं यत्** (श्रीमद्भागवत ११.३.३७) अर्थात् इन्द्रिय, तिनका अधिष्ठाता देवता, शब्द आदि विषय र इन्द्रिय एवं विषयको संयोगबाट उत्पन्न हुने ज्ञानको रूपमा ब्रह्म नै देखिएको छ। मूर्त-अमूर्त अनि त्यसभन्दा पनि पर माया आदि सबै रूपमा पनि केवल त्यही तत्त्व प्रकाशित भइरहेको छ। प्राणीहरूका दृष्टिपिच्छे संसारका वस्तु

एवं व्यक्तिहरू राम्रा-नराम्रा आदि भइरहन्छन्। संसारका पदार्थप्रति कसैको पनि समान दृष्टिकोण बन्न नसक्नुले पनि संसारका यी पदार्थ अवास्तविक हुन्, त्यसैले जति प्रयास गरे पनि यो यस्तै हो भनी निर्क्यौल गर्न नसकिएको हो। संसारको उत्पत्तिको विषयमा अनेक दार्शनिकहरूको मतभेदले पनि यो संसार वास्तवमै उत्पन्न नै नभएको, केवल भ्रमवश आत्मामा कल्पित मात्र भएको भन्ने तथ्यलाई उजागर गर्दछन्। यसरी संसारी व्यक्ति या अनेकथरी विचारकहरू सबैको दृष्टिले संसारको निरूपण अनेक किसिमले गरेकाले पनि यो केवल आ-आफ्नो मनको कल्पना मात्र रहेछ भन्ने नै प्रमाणित गर्दछ। यही उपदेश यहाँ परीक्षित्लाई दिइएको छ।

स्नेहाधिष्ठानवर्त्यग्निसंयोगो यावदीयते।
तावद् दीपस्य दीपत्वमेवं देहकृतो भवः॥
रजःसत्त्वतमोवृत्त्या जायतेऽथ विनश्यति॥ ७॥

पदार्थ—
यावत् = जबसम्म
स्नेहाधिष्ठानवर्त्यग्निसंयोगः = तेल, दियो, बत्ती र अग्निसंयोग
ईयते = भइरहन्छ
तावत् = तबसम्म
दीपस्य = दीपको
दीपत्वं = दीपत्व सिद्ध हुन्छ
एवं = त्यसै गरी
देहकृतः = शरीरमा उत्पन्न भएको
भवः = जीव
रजःसत्त्वतमोवृत्त्या = रज, तम र सत्त्वगुणका वृत्तिहरूद्वारा
जायते = उत्पन्न हुन्छ
अथ = यसपछि
विनश्यति = नष्ट हुन्छ

वाक्यार्थ— जबसम्म तेल, दियो, बत्ती र अग्निको संयोग भइरहन्छ, तबसम्म दीपको दीपत्व सिद्ध हुन्छ। त्यसै गरी जबसम्म आत्माको शरीर आदि उपाधिसँग सम्बन्ध भइरहन्छ, तबसम्म जीवले जन्ममृत्युरूप संसारमा घुमिरहनुपर्दछ र सत्त्व, रज, तम आदि गुणहरूका वृत्तिले उत्पन्न हुने, रहने र मर्ने आदि क्रिया गरिरहनुपर्दछ।

विवरण— यहाँ शरीर आदि उपाधिका कारण नै आत्मामा संसारबन्धनको प्रतीति भएको हो, वास्तवमा होइन भनी दृष्टान्तपूर्वक बताइएको छ। आत्मा शरीरभन्दा भिन्न हो, तर त्यसैलाई आफू भन्ने सोच्नाले यो बन्धनमा परेको हो। श्रीशुकदेव भन्नुहुन्छ— कसैले स्वप्नमा आफ्नो टाउको काटिएको देख्यो भने उसले त्यसै अवस्थामा मेरो टाउको काटियो भन्ने ठान्दछ, तर वास्तवमा उसको टाउको त काटिएको हुँदैन, किनभने टाउको काटिएकोलाई जसले जानिरहेको छ, त्यही नै आत्मा हो। यदि त्यही स्वप्नशरीर नै आत्मा भएको भए त त्यसको मृत्युलाई कसले जान्यो त ? भन्ने शङ्का हुन्छ। अतः स्वप्नमा व्यक्तिले त्यहाँको वासनामय शरीरलाई काल्पनिक रूपमा आत्मा मानेको छ, जो नष्ट हुँदा उसले आफू नै नष्ट भएको ठानेको मात्र हो भन्ने सिद्ध हुन्छ। ठिक यसै गरी जाग्रत्को स्थूल शरीरलाई पनि अज्ञानवश आत्मा मानेकाले यसको रोग, मृत्यु आदिलाई व्यक्तिले आत्माको नै रोग, आत्माको नै मृत्यु भन्ने ठान्दछ, तर शरीर, इन्द्रिय आदि कुनै पनि आत्मा होइनन्। यदि यिनीहरू नै आत्मा भएदेखि शरीरका परिवर्तनहरूलाई कसले जान्यो त ?

शरीरको मृत्यु भएको कुरालाई पनि प्रकाशित गर्ने आत्मा पक्कै शरीर होइन र त्योसँग मर्दैन, तर अध्यासवशात् आत्मामा पनि शरीरको मृत्यु आरोपित गरिन्छ।

यहाँ संसारलाई दीपको ज्वाला बल्नुसँग तुलना गरिएको छ। दियो बल्दा त्यसमा पाँच चीज रहेका हुन्छन्— तेल, दियोको पात्र, बत्ती, अग्निसंयोग र ज्वालारूप परिणाम। संसारचक्र भनेको ज्वालाजस्तो हो, यसमा तेल भनेका कर्म नै हुन्, तेल राखिने दीपपात्र भनेको चाहिँ मन हो। कपासको बत्ती भनेको शरीर हो अनि आगो र बत्तीको संयोग हुनु भनेको शरीरमा चैतन्यको अध्यास हुनु हो। यसरी शरीरमा आत्मचैतन्यको अध्यास भएपछि यो दियो तबसम्म बलिरहन्छ, जबसम्म कर्मरूपी तेल सकिँदैन। दियो बल्दा देखिने ज्वाला भनेको चाहिँ संसार अर्थात् प्रमातृत्व, कर्तृत्व र भोक्तृत्वको भाव नै हो। वास्तवमा संसार भनेको जीवभाव नै हो, जीवभाव भनेको चाहिँ अकर्ता, अभोक्ता अप्रमाता आत्माले अन्तःकरण (मन)का कर्तृत्व आदिलाई स्वीकार गर्नु हो। भगवत्पाद श्रीशङ्कराचार्य लेख्नुहुन्छ— **इदं मदीयं कर्म, अहमेतस्य कर्मणः कर्ता कालान्तरे अहमेतस्य कर्मणः फलं भोक्ष्ये एतावानेव संसारः** अर्थात् यो मेरो कर्म हो, म यसको कर्ता हुँ र पछि यसको फल मैले भोग्छु भन्ने यही कर्तृत्व-भोक्तृत्व भाव नै संसार हो। यो भाव हटाउनका लागि आत्माको शरीर एवं मनसँग भएको तादात्म्याध्यासलाई नष्ट गर्नुपर्दछ। आत्मज्ञानद्वारा अविद्यानिवृत्ति हुनेबित्तिकै अविद्यामूलक यो अध्यास हटिहाल्छ र व्यक्ति आफ्नो स्वरूपमा अवस्थित हुन्छ। यो दियोको दृष्टान्तमा आत्मा भनेको अव्यक्त अग्नितत्त्व हो, जो सर्वव्यापक छ। सर्वव्यापक भए तापनि शरीरसँग तादात्म्याध्यासका कारण यसको उपलब्धि शरीरको परिच्छेदमा सीमित भएको हुन्छ, जसरी अग्निसंयोग भएपछि दियोको बत्तीमा मात्र आगो ज्वालारूपमा प्रकट हुन्छ। दियोमा अरू सबै वस्तु अनित्य छन्, तर मूल तेजस्तत्त्व चाहिँ नित्य छ, त्यसलाई सिद्ध हुन कुनै बत्ती, तेल, भाँडो आदिको आवश्यकता छैन। त्यसै गरी आत्मा पनि सर्वव्यापक चैतन्यको रूपमा स्वतः सिद्ध छ। भ्रमवश आत्मा ठानिएको शरीर पनि त त्यही चैतन्यतत्त्वकै कारणले सिद्ध भइरहेको छ। त्यसैले आत्मालाई सिद्ध हुन शरीरको अपेक्षा छैन। यसै कारण आत्मा नित्य हो, घैंटो फुटे पनि घटाकाश नफुटे झैं शरीर नष्ट भए पनि आत्मा नष्ट हुँदैन, बरु सर्वव्यापक ब्रह्मतत्त्वमा अवस्थित हुन्छ भन्ने स्पष्ट हुन्छ।

न तत्रात्मा स्वयंज्योतिर्यो व्यक्ताव्यक्तयोः परः।
आकाश इव चाधारो ध्रुवोऽनन्तोपमस्ततः ॥ ८ ॥

पदार्थ—
व्यक्ताव्यक्तयोः = व्यक्त र अव्यक्तदेखि
परः = भिन्न
स्वयंज्योतिः = स्वयंप्रकाश
यः आत्मा = जुन आत्मा छ, त्यो
तत्र न = (व्यक्त र अव्यक्तमा रहनेवाला) जन्ममृत्युवाला होइन
ततः = त्यसकारण यो त
आकाशः इव = महाकाश झैं
आधारः च = सम्पूर्ण जीवको आधार
ध्रुवः = नित्य
अनन्तोपमः = अनन्तरूप छ

वाक्यार्थ— जुन व्यक्त र अव्यक्तदेखि पर स्वयंज्योति आत्मा छ, त्यो जन्मने-मर्नेवाला होइन। त्यो

त सबैको आधार नित्य र अनन्त छ।

एवमात्मानमात्मस्थमात्मनैवामृश प्रभो।
बुद्ध्यानुमानगर्भिण्या वासुदेवानुचिन्तया॥ ९॥

पदार्थ—
प्रभो = हे समर्थ राजा
एवं = यसप्रकार
वासुदेवानुचिन्तया = भगवान् वासुदेवको निरन्तर चिन्तन र
अनुमानगर्भिण्या = मननले युक्त
बुद्ध्या = बुद्धिद्वारा
आत्मना एव = आफैँले
आत्मस्थं = आफ्नै शरीरमा रहेको
आत्मानं = आत्मालाई
आमृश = साक्षात्कार गर्नुहोस्

वाक्यार्थ— हे राजा परीक्षित्! यसप्रकार भगवान् वासुदेवको निरन्तर चिन्तन र मनन गरेर विवेकद्वारा आफैँले आफ्नै शरीरमा रहेको आत्मालाई साक्षात्कार गर्नुहोस्।

विवरण— यहाँ श्रीशुकदेवले राजा परीक्षित्लाई अनुमानगर्भित बुद्धिले अन्तःकरणभित्रै आत्माको अन्वेषण गर्न सुझाव दिनुभएको छ। यहाँ अनुमान भनेर अन्वय-व्यतिरेकलाई लिन खोजिएको छ, पर्वत आदिमा गरिने बह्नि आदिको न्यायशास्त्रीय अनुमानलाई होइन। त्यसैले श्रीधरस्वामी **अनुमानगर्भिण्या बुद्ध्या** यसको अर्थ गर्नुहुन्छ— **द्रष्टृदृश्यान्वयव्यतिरेकयुक्तया बुद्ध्या** अर्थात् द्रष्टा आत्मा र दृश्य शरीर आदिको अन्वय-व्यतिरेकले युक्त भएको बुद्धिले आत्माको अन्वेषण गर्नुपर्दछ। अन्वय भनेको हुनु हो र व्यतिरेक भनेको चाहिँ नहुनु हो। आत्मा संसारका हरेक पदार्थमा छ। ऊ अनेक रूपले संसारमा अवस्थित भएको छ। संसारका सबै प्राणी एवं पदार्थहरूभित्र अन्तर्यामी साक्षीको रूपमा आत्मा अवस्थित छ र यसकै चैतन्यप्रकाशलाई पाएर प्राणीहरू आ-आफ्नो गुणधर्ममा प्रवृत्त हुन्छन्। उपनिषद्मा भनिन्छ— **यः सर्वेषु भूतेषु तिष्ठन् सर्वेभ्यो भूतेभ्योऽन्तरो यः सर्वाणि भूतानि न विदुर्यस्य सर्वाणि भूतानि शरीरं यः सर्वाणि भूतान्यन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृत इत्यधिभूतम्** (बृहदारण्यकोपनिषद् ३.७.१५) अर्थात् जो सबै प्राणीहरूभित्र बसेको छ, सबै प्राणीहरू जसका शरीर हुन्, जसलाई सबै प्राणीहरूले जान्दैनन्, तर ती सबैभित्र बसेको यसले सबैलाई नियन्त्रित गरिरहेको छ, यही नै तिम्रो अन्तर्यामी आत्मा हो। यसरी सबै पदार्थभित्र अन्तर्यामी आत्माको अन्वय स्पष्ट हुन्छ। अलि गहिरिएर विचार गर्दा चाहिँ सम्पूर्ण संसार आत्मामा भ्रमवश कल्पित भएकाले ती सबै संसारकल्पनाको अधिष्ठानको रूपमा आत्मा नै रहेको बुझिन्छ। भ्रमद्वारा देखिएको सर्पमा त्यसको अधिष्ठानको रूपमा डोरीको अन्वय अनिवार्य छ। यदि डोरी नै नभए सर्प कहाँ देखिन्यो ? यसरी विचार गर्दा संसारमा ब्रह्मको अन्वय हुनुको मतलब संसारकल्पनाको रूपमा ब्रह्मतत्त्व नै देखिएको हो र यहाँ ब्रह्मभन्दा अलग संसार भन्ने कुनै वस्तु नै छैन भन्ने हुन्छ। संसारको अस्तित्व नै कहीँ पनि नभएकाले केवल मिथ्या रूपमा प्रतीत भइरहेको त्यसको जहाँसुकै व्यतिरेक छ। संसार स्वयं जहाँ देखिएको हो, त्यहाँ पनि त्यसको अभाव छ। यसलाई वेदान्तमा **प्रतिपन्नोपाधौ त्रैकालिक-निषेधप्रतियोगी** अर्थात् जहाँ जुन वस्तु प्रतीत भइरहेको छ, त्यहाँ त्यो वस्तु तीनै कालमा नहुने भनी मिथ्याको रूपमा बताइएको छ। यसरी अन्वय-व्यतिरेकको चिन्तनले सम्पूर्ण पदार्थको रूपमा केवल अद्वितीय ब्रह्मतत्त्व कल्पित

भएको हो र संसार भन्ने वास्तवमा कुनै वस्तु नै छैन भन्ने सिद्ध हुन्छ। अन्वय-व्यतिरेकको यो तात्पर्य पारमार्थिक अवस्था या ज्ञानोत्तरकालको स्थितिको रूपमा मात्र प्रकट हुन्छ। साधकहरूले चिन्तन गर्ने अन्वय-व्यतिरेकमा चाहिँ शरीर, मन आदिका सबै अवस्थामा आत्माको अस्तित्व रहेको र ती अवस्थाहरू एक-आपसमा चाहिँ बाधित भएको भन्ने विचार गरिन्छ।

वेदान्त दर्शनमा तत्त्वविचारको आरम्भ पनि अन्वय-व्यतिरेकबाट नै हुन्छ र यसको समाप्ति पनि अन्वय-व्यतिरेकमै गएर हुन्छ। सबैभन्दा पहिले जिज्ञासुले ज्ञानका चार साधनमध्ये आत्मा र अनात्माको विवेकको रूपमा अन्वय-व्यतिरेकको अभ्यास गर्दछ। उसले आत्मा मात्र सत्य वस्तु हो र त्यसबाहेकका अरू सबै मिथ्या हुन् भन्ने भावलाई दृढ रूपले अभ्यास गरेको हुन्छ। सबै साधनहरूले सम्पन्न भएको जिज्ञासुले गुरुमुखबाट श्रद्धापूर्वक वेदान्तश्रवण गरी मनन एवं निदिध्यासनबाट जुन तत्त्वसाक्षात्कार गर्दछ, त्यसमा पनि उसले 'आफू शरीर, इन्द्रिय आदिदेखि अलग तिनको प्रकाशक प्रत्यगात्मा हुँ' भनी अनुभव गर्दछ। यो अनुभव पनि अन्वय व्यतिरेककै एउटा रूप हो। त्यसैले भागवतशास्त्रमा बारम्बार अन्वय-व्यतिरेकको प्रसङ्ग उठेको पाइन्छ। सबभन्दा पहिले व्यासले मङ्गलाचरण श्लोकमा नै **अन्वयात् इतरतः** भनी अन्वय-व्यतिरेकको प्रसङ्ग उठाउनुभएको छ। श्रीमद्भागवतको मूल उत्पत्ति बिन्दु मानिने चतुःश्लोकी भागवतमा समेत नारायणले ब्रह्माजीलाई अन्वय-व्यतिरेकद्वारा आत्माको अनुभव गर्नुपर्ने बताउनुभएको छ— **अन्वयव्यतिरेकाभ्यां यत् स्यात् सर्वत्र सर्वदा**। बिच-बिचका उपदेश प्रसङ्गहरूमा पनि आत्माको स्वरूपनिश्चय गर्नका लागि अन्वय-व्यतिरेकलाई नै साधन बनाइएको पाइन्छ। साथै परीक्षित्लाई गरिएको यो अन्तिम उपदेशको प्रसङ्गमा पनि यसको चर्चा आएको छ। त्यसैले अध्येताहरूले अन्वय-व्यतिरेकरूपी धागामा नै श्रीमद्भागवतरूपी माला उनिएको छ भनेर समेत बताएका छन्।

शब्दशास्त्रअनुसार अन्वय शब्द गत्यर्थक अय् धातुमा अनु उपसर्ग लागेर बन्दछ। यसको तात्पर्य कहीँ कुनै वस्तु छ भने त्यससँगसँगै अर्को वस्तु सधैँ रहिरहनु भन्ने हुन्छ। जहाँ-जहाँ संसार छ, त्यहाँ-त्यहाँ आत्मा अवश्य नै छ, यही नै संसारमा आत्माको अन्वय हो। जीवका जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरू छन्। यी सबै अवस्थाहरूमा आत्मा एकनास भई रहिरहेको छ। जाग्रत् अवस्थामा जाग्रत्को स्थूल शरीर, जाग्रत्को अभिमानी विश्व र स्थूलभोग आदि छन्, तर त्यहाँ स्वप्न अवस्था, स्वप्नको अभिमानी तैजस र स्वप्नका भोगहरू छैनन्। त्यसै गरी स्वप्न अवस्थामा पनि जाग्रत् र सुषुप्ति अवस्था एवं तिनका अभिमानीहरू छैनन्। सुषुप्ति अवस्थामा पनि जाग्रत् र स्वप्न यी दुबै अवस्था एवं यिनका अभिमानीहरू छैनन्, तर आत्मा चाहिँ जाग्रत् अवस्थामा स्थूल शरीरको प्रकाशक, स्वप्न अवस्थामा वासनामय स्वप्नकल्पनाको प्रकाशक अनि सुषुप्तिमा चाहिँ केही पनि नजानेको अज्ञानको प्रकाशक भई नित्य अस्तित्ववान् रहेको छ। अरु भन्दा जाग्रत्मा स्थूल शरीरको भाव अनि स्वप्न-सुषुप्ति अवस्थाको अभावको साक्षी भई, स्वप्न अवस्थामा वासनामय शरीरको भाव अनि जाग्रत् र सुषुप्ति अवस्थाको अभावको साक्षी भई, त्यसै गरी सुषुप्ति अवस्थामा चाहिँ अज्ञानको भाव अनि जाग्रत् र स्वप्नको अभावको साक्षी भई यही आत्मा नै अवस्थित रहेको छ। समाधि अवस्थामा चाहिँ आत्मा जाग्रत् आदि सबै अवस्थाहरूको अभाव र केवल आत्माको मात्र भावको प्रकाशक भई स्वयंप्रकाश रूपमा अवस्थित भएको छ।

यसरी जाग्रत् आदि तीनै अवस्थामा आत्माको अन्वय देखिन्छ भने ती अवस्थाहरू चाहिँ परस्परमा व्यभिचरित भएका-हराएका देखिन्छन्। यही नै आत्माको अन्वय र संसारका अवस्थाहरूको व्यतिरेक हो। यसको बारम्बार चिन्तन-निदिध्यासन गर्नाले आत्मा मात्र वास्तविक अद्वितीय वस्तु भएको अपरोक्ष अनुभव हुन थाल्दछ।

यहाँ केही भक्तहरूले के सोच्न सक्छन् भने हामीले त भगवान्को स्वरूप ध्यान गर्न छाडी यी तीन अवस्थाहरूको चिन्तन गर्नु आवश्यक छैन, किनभने यहाँ वासुदेवको चिन्तन हुँदैन। तर यो शङ्का निराधार छ, किनभने अन्वय-व्यतिरेकको क्रमले चिन्तन गरिने त आत्माको नै हो, नाशवान् शरीर आदिको होइन। मिथ्या शरीरमा अनादि कालदेखि आत्मबुद्धि गर्न हुने, तर त्यसलाई आत्मा होइन भन्ने सिद्ध गर्न अन्वय-व्यतिरेकको अभ्यास गर्न नहुने भन्ने कदापि हुन सक्दैन। भगवान् वासुदेव सबैका आत्मा हुनुहुन्छ। **वासुदेवः सर्वम्** (श्रीमद्भगवद्गीता ७.१९) अर्थात् यो सम्पूर्ण संसार वासुदेवरूप हो। यो अद्वितीय आत्मतत्त्वको चिन्तन उहाँकै चिन्तन त हो, त्यो भन्दा भिन्न कहाँ हो र ? त्यसैले यहाँ श्रीशुकदेवले अन्वयव्यतिरेकको चिन्तनले युक्त भएको बुद्धिको विशेषण लगाउँदै **वासुदेवानुचिन्तया** यो पदको प्रयोग गर्नुभएको छ। वासुदेवानुचिन्ता शब्दको अर्थ हुन्छ– **वासुदेवः अनुचिन्त्यते यया सा** अर्थात् जुन बुद्धिद्वारा वासुदेवको चिन्तन गरिन्छ। वेदान्तप्रतिपाद्य ब्रह्म नै भगवान् वासुदेव भएकाले ब्रह्मसाक्षात्कारका यी प्रक्रियादेखि भगवद्भक्तहरू आत्तिनुपर्ने आवश्यकता छैन।

राजालाई उपदेश गर्दै श्रीशुकदेव भन्नुहुन्छ– **आत्मना** अर्थात् समाहित मनद्वारा **आत्मस्थं** अर्थात् शरीरभित्रै अवस्थित, **आत्मानं** अर्थात् प्रत्यक् आत्मालाई नै चिन्तन गर्नुहोस्। आत्माको चिन्तन एवं साक्षात्कार गर्ने ठाउँ शरीरभित्र हृदयमा नै हो, कहीँ बाहिर होइन। अन्तःकरण र आत्माको परस्पर तादात्म्याध्यास भएको ठाउँ शरीरभित्र नै हो। यो हृदयग्रन्थिलाई फुकाउन पनि हृदयभित्रै शरीर र अन्तःकरणभन्दा भिन्न आत्माको साक्षात्कार गर्नुपर्दछ। त्यसैले उपनिषद्मा भनिन्छ– **भिद्यते हृदयग्रन्थिः...दृष्ट एवात्मनीश्वरे** अर्थात् आफूभित्रै ईश्वर दर्शन गर्नाले मात्र हृदयग्रन्थि नष्ट हुन्छ। शरीरभित्रै आत्मोपलब्धि हुने हुनाले उपनिषद्मा मनुष्य शरीरलाई ब्रह्मको पुर भनेर पनि बताइएको छ– **यदिदमस्मिन् ब्रह्मपुरे दहरं पुण्डरीकं वेश्म** (छान्दोग्योपनिषद् ८.१.१) अर्थात् ब्रह्मको सहर भएको यो शरीरमा हृदयकमलरूपी ब्रह्मको निजी निवासस्थान छ, त्यहीँ नै ब्रह्मलाई जान्नुपर्दछ। हृदयभित्र अन्तःकरणका वृत्तिहरूको साक्षी रूपले प्रत्यगात्मा निरन्तर अवस्थित छँदैछ। शरीरका बाल्य, युवा, वार्धक्य आदि अवस्थाहरूको परिवर्तनको पनि त्यो साक्षी हो, अनि दिनदिनै परिवर्तित भइरहने जाग्रत् आदि अवस्थाहरूको पनि साक्षी त्यही हो। आत्मालाई स्पष्टतः यही साक्षीको रूपमा अनुभव गर्नु नै आत्मानुभवको प्रक्रिया हो। उपनिषद्मा भनिन्छ– **प्रतिबोधविदितं मतममृतत्त्वं हि विन्दते** (केनोपनिषद् २.४) अर्थात् बुद्धिवृत्तिको साक्षी रूपले आत्मालाई जानेर नै अमृतत्व (मोक्ष) प्राप्त हुन्छ। यस मन्त्रको व्याख्यामा भगवत्पाद श्रीशङ्कराचार्य लेख्नुहुन्छ– **नान्यत् द्वारमन्तरात्मनो विज्ञानाय** अर्थात् अन्तरात्मालाई जान्ने योभन्दा अर्को कुनै बाटो छैन। भगवत्तत्त्वसाक्षात्कार, ब्रह्मदर्शन, आत्मज्ञान, तत्त्वबोध आदि जे-जे नामले बताए पनि सबैद्वारा भनिने वस्तु यही हो। त्यसैले राजालाई भागवतको कथा सुनाएपछि अन्तिम

उपदेशप्रसङ्गमा श्रीशुकदेवले भगवत्तत्त्वको अनुभव हृदयभित्रै गर्नुपर्ने निर्देशन दिनुभएको हो। यसप्रकार यो उपदेशप्रसङ्गबाट तत्त्वसाक्षात्कार कहीँ बाहिर नभई हृदयभित्र नै हुने र यसको लागि उपयुक्त चिन्तनप्रक्रिया भनेको शरीर एवं जाग्रत् आदि अवस्थाभन्दा आत्मालाई छुट्याई अन्वयव्यतिरेकको क्रमले गर्ने चिन्तन नै हो भन्ने समेत स्पष्ट हुन्छ।

चोदितो विप्रवाक्येन न त्वां धक्ष्यति तक्षकः।
मृत्यवो नोपधक्ष्यन्ति मृत्यूनां मृत्युमीश्वरम्॥ १०॥

पदार्थ–
विप्रवाक्येन = ब्राह्मणको श्रापले
चोदितः = प्रेरित भएको
तक्षकः = तक्षक नागले
त्वां = तपाईंलाई
न धक्ष्यति = भस्म गर्न सक्दैन
मृत्यूनां = मृत्युका पनि
मृत्युं = मृत्युस्वरूप
ईश्वरं = ईश्वररूप तपाईंलाई
मृत्यवः = मृत्युहरूले
न उपधक्ष्यन्ति = नष्ट गर्न सक्ने छैनन्

वाक्यार्थ– ब्राह्मणको श्रापले प्रेरित भएको तक्षक नागले तपाईंलाई टोक्नेछैन। किनभने तपाईं त मृत्युका पनि मृत्युस्वरूप हुनुहुन्छ। त्यसकारण तपाईंलाई मृत्युले पनि नष्ट गर्न सक्दैन।

अहं ब्रह्म परं धाम ब्रह्माहं परमं पदम्।
एवं समीक्ष्य चात्मानमात्मन्याधाय निष्कले॥ ११॥

पदार्थ–
अहं = म नै
परं धाम = सबैको आश्रय
ब्रह्म = ब्रह्म हुँ
परमं पदं = परम पद
ब्रह्म = ब्रह्म नै
अहं = म हुँ
एवं = यसप्रकार
समीक्ष्य = विचार गरेर
आत्मानं = आफूलाई
निष्कले = निराकार
आत्मनि = आत्मामा
आधाय च = लीन गरिदिनुहोस्

वाक्यार्थ– म नै सबैको आश्रय ब्रह्म हुँ र परम पद ब्रह्म नै म हुँ भन्ने निश्चय गरेर आफैँले आफूलाई निराकार आत्मामा लीन गरिदिनुहोस्।

विवरण– यस श्लोकमा श्रीशुकदेवले परीक्षित्‌लाई जीव र ब्रह्मको एकताको उपदेश गर्नुभएको छ। तत्त्वमसि महावाक्य सुनिसकेपछि आत्मालाई ब्रह्मभन्दा अभिन्नरूपमा अनुभव गर्ने निदिध्यासनको प्रक्रियामा जिज्ञासुले यसरी अभ्यास गर्ने गर्दछन् र यही भाव दृढ भएपछि अपरोक्ष अनुभवको रूपमा आत्मा प्रकाशित हुन्छ। श्रीशुकदेवले परीक्षित्‌लाई श्रीमद्‌भागवत श्रवण गराएको अन्तिम सातौँ दिनमा उहाँलाई महावाक्यको उपदेश गर्नुभएको छ। यहाँ जीव र ब्रह्मलाई एउटै रूपमा बताइएको छ।

अनादिकालीन अज्ञानका कारण जीवले आफूलाई ब्रह्म भनी बुझ्न सकेको छैन। उसले आफूलाई शरीर, इन्द्रिय, मन आदिले युक्त अल्पशक्तिमान् जीवको रूपमा बुझेको छ। शरीर निरन्तर परिवर्तनशील छ, बाल्यावस्था, युवावस्था र वृद्धावस्थामा यसमा अनेक भिन्नताहरू

देखिन्छन्, तर आत्मा चाहिँ सबै अवस्थामा **अहं** अर्थात् म हुँ भनी एकरूपले प्रकाशित भइरहेको छ। यो हुँदाहुँदै पनि अविद्याको प्रबल प्रभाव कस्तो छ भने जीवले आफ्नो अनुभवबाट आफू र शरीर भिन्न भएको बुझ्न सकेको छैन। यसै गरी मनमा पनि विरोधी भावहरूको निरन्तर परिवर्तन भइरहन्छ, ती सबै भावलाई प्रकाशित गर्ने आत्मामा कुनै परिवर्तन छैन, तर पनि जीवले आफू मनभन्दा भिन्न भएको बुझ्न सकेको छैन। यसरी शरीर, मन आदिमा तादात्म्याध्यास गरी तिनैलाई आफू मानिरहेको जीवको सधैँ एउटा गुनासो रहेको छ— 'मैले गर्न चाहेको काम गर्न सकिनँ, पाउन चाहेको पाउन सकिनँ, जान्न चाहेको जान्न सकिनँ, मेरो सामर्थ्य थोरै भयो' आदि। सर्वव्यापक परमात्माको स्वरूप भएकाले उसलाई आफ्नो अस्तित्व संसारभरि छाओस्, आफू धन, जमिन, परिवार आदिको माध्यमले सबैतिर उपस्थित हुन सकूँ भन्ने इच्छा लागिरहन्छ, तर थोरै सामर्थ्य भएको शरीर, थोरै शक्ति भएको मन र बुद्धि यी अनित्य वस्तु हुन्जेल ऊ कसरी सबैतिर व्याप्त हुन सक्दछ र ? त्यसैले जीव सधैँ सर्वसमर्थ हुन, सर्वज्ञ हुन छट्पटाइरहन्छ।

ईश्वरको पनि प्राणीहरूसँग एउटा गुनासो रहेको छ। भगवान्ले सबै शास्त्रहरूमा आफू सम्पूर्ण प्राणीहरूको हृदयभित्र साक्षीरूपमा रहेको भनी बताउनुभएको छ। अर्जुनले हे भगवान् ! म हजुरलाई कुन–कुन पदार्थहरूमा चिन्तन गरूँ ? भनी प्रश्न गर्दा भगवान्ले बताउनुभयो— **अहमात्मा गुडाकेशः सर्वभूताशयस्थितः** (श्रीमद्भगवद्गीता (१०.२०) अर्थात् हे अर्जुन ! म सम्पूर्ण प्राणीहरूको आत्मरूपमा हृदयभित्रै बसेको छु। उपनिषद्मा पनि **प्रतिबोधविदितं मतममृतत्त्वं हि विन्दते** (केनोपनिषद् २.४) अर्थात् बुद्धिवृत्तिको साक्षीरूपले आत्मालाई जान्नाले मोक्ष हुन्छ भनी बताइयो र बुद्धिको साक्षीरूपले जान्नुभन्दा अर्को आत्मालाई जान्ने कुनै उपाय छैन भनी आचार्यहरूले निश्चित गर्नुभएको छ। यो सबै हुँदाहुँदै पनि प्राणीहरू परमात्मालाई आफूदेखि टाढा वैकुण्ठ आदि लोकमा बस्ने भनी ठान्दछन्। यसरी जीवहरूले आफूलाई परोक्ष रूपमा बुझेको भगवान्लाई मन परेको छैन। उहाँलाई जीवहरूले मलाई कहिले अपरोक्ष रूपमा बुझ्लान् भन्ने प्रतीक्षा छ, किनभने अपरोक्षसाक्षात्कारद्वारा नै उहाँले आफ्ना भक्तहरूको संसारबन्धन मेटाउने हो। यसरी जीव र ईश्वर दुबैका गुनासालाई अपरोक्ष आत्मबोधले समाप्त गरिदिन्छ र यसकै लागि उपनिषद्का महावाक्यहरू प्रवृत्त हुन्छन्।

यद्यपि जीव र ईश्वरको उपाधिलाई लिँदा दुबैको एकता सम्भव छैन, किनभने जीव अन्तःकरणरूप उपाधिका कारण अल्पज्ञ र अल्पसामर्थ्ययुक्त छ भने ईश्वर चाहिँ माया उपाधिका कारण सर्वज्ञ एवं समर्थ हुनुहुन्छ। चक्रवर्ती सम्राट् र एउटा सिपाहीबिच कसरी अभेद हुन सम्भव छ र ? त्यसैले **तत्त्वमसि** (छान्दोग्योपनिषद् ६.८.७) अर्थात् त्यही तिमी हौ भन्ने महावाक्यले वाच्यार्थमा नभई लक्ष्यार्थमा तात्पर्य बुझाउँछ। जीव र ईश्वरले एक हुन चाहने हो भने आ–आफ्ना उपाधिलाई त्यागी केवल चेतन आत्मा मात्र बन्नुपर्दछ र त्यही चेतन आत्माको रूपमा दुबैको एकता सम्भव छ। यसको दृष्टान्त दिँदै भगवत्पाद श्रीशङ्कराचार्य भन्नुहुन्छ— **राज्यं नरेन्द्रस्य भटस्य खेटकस्तयोर्व्यपोहे न भटो न राजा** (विवेकचूडामणि २४६) अर्थात् राजाले राज्य छाडे, सिपाहीले बर्दी, हतियार आदि छाडेमा दुबै मानिस–मानिसका रूपमा एक हुन सक्दछन्। जीवले आफ्ना सबै उपाधिहरू (शरीर, मन, इन्द्रिय, प्राण, पुत्र, परिवार)लाई पूर्णतः त्यागिदियो भने उसका लागि दया

गरी ईश्वरले पनि आफ्नो सर्वज्ञता, सर्वसामर्थ्य आदि उपाधिहरूलाई त्यागिदिनुहुन्छ र उसलाई अभिन्न बनाउनुहुन्छ। त्यस्ता योग्य व्यक्तिलाई नै **तत्त्वमसि** आदि वेदान्तका महावाक्यहरूको तात्पर्य अपरोक्ष रूपमा प्रकाशित हुन्छ।

यहाँ **अहं ब्रह्म परं धाम** भन्दा अहंलाई उद्देश्य गरी ब्रह्मत्वको विधान गरिएको छ। ब्रह्म यो शब्दले सर्वव्यापक भन्ने अर्थ बुझाउँछ। यसरी जीवमा ब्रह्मत्वको विधान गर्दा उसको 'म अल्पसामर्थ्यवान् छु' भन्ने गुनासो हराउँछ। **ब्रह्म अहं** भन्दा चाहिँ ब्रह्ममा अहन्त्वको विधान गरिएको छ र यसबाट प्राणीहरूले ब्रह्मलाई आफूभन्दा भिन्न मानेकाले भएको परमात्माको गुनासो पनि मेटिन्छ। जीव अहंरूपले नित्य अपरोक्ष छ, त्यसैले ब्रह्मलाई उद्देश्य गरी अहंत्वको विधान गर्दा ईश्वर पनि जीवजस्तै अपरोक्ष हुनुभयो। अनि ईश्वर सर्वव्यापक भएकाले अहंलाई उद्देश्य गरी ब्रह्मत्वको विधान गरेपछि जीव पनि सर्वव्यापक हुने भयो। सर्वव्यापक एवं नित्य अपरोक्ष हुन जीव र ईश्वरले आफ्ना दुबै उपाधिहरूलाई त्यागी शुद्ध साक्षी र मायारहित ब्रह्मको स्वरूपमा अभिन्न भए। यसरी जीव र ईश्वरको अभिन्नताको तात्पर्य साक्षिचैतन्य र ब्रह्मचैतन्यबिचको अभेद हो। यी दुबै चैतन्य वास्तवमै आपसमा भिन्न थिएनन्, तर जीवको अज्ञानका कारणले भिन्न झैँ प्रतीत भएका थिए। पञ्चदशीमा भनिएको छ—

कूटस्थब्रह्मणोर्भेदो नाममात्रादृते न हि।
घटाकाशमहाकाशौ वियुज्येते न हि क्वचित्।। २३७

अर्थात् कूटस्थ साक्षिचैतन्य र ब्रह्मबिच नाम मात्रको भेद छ, वास्तविक भेद छैन, किनभने घैँटो उपाधिका कारण घटाकाश भयो भन्दैमा त्यो महाकाशभन्दा भिन्न होइन। यहाँ पनि अहं भनेर जीव होइन, साक्षी नै हो अनि ब्रह्म भनेको निर्विशेष ब्रह्मचैतन्य नै हो। यी दुबैको अभेद हुन सक्छ।

अहं ब्रह्म भन्नु यो ब्रह्माकार वृत्तिको स्वरूप हो। यसलाई वेदान्तमा चरमवृत्ति, अखण्डाकारवृत्ति आदि पनि भनिन्छ। ब्रह्मज्ञान भनेको पनि यसैको नाम हो। यसलाई चरमवृत्ति किन भनिएको भने यसपछि अन्तःकरण स्वयं बाधित हुने हुनाले यसले अर्को वृत्तिलाई जन्माउन सक्दैन। ब्रह्मको ज्ञानले अज्ञानलाई नष्ट गरिदिन्छ र अज्ञान नष्ट भएपछि अज्ञानको कार्य अन्तःकरण पनि नष्ट हुन्छ। चरमवृत्तिको तात्पर्य के हो भने **वृत्तौ चरमत्वं नाम वृत्यन्तरानुत्पादकत्वम्** अर्थात् अन्तःकरण स्वयं नष्ट भई त्यसले अर्को वृत्तिलाई जन्माउन नसक्नु यही नै चरमवृत्ति हो। यहाँ के शङ्का हुन्छ भने ब्रह्म त निर्विशेष निराकार छ, अनि अन्तःकरण वृत्तिले चाहिँ परिच्छिन्न पदार्थलाई मात्र ग्रहण गर्न सक्दछ। जुन ब्रह्म मन, वाणी आदिको विषय होइन, यसको तदाकार अन्तःकरणवृत्ति बन्न कसरी सम्भव छ र ? यसको उत्तर हो— अशुद्ध एवं बहिर्मुखी अन्तःकरण भएकाहरूका लागि ब्रह्माकारवृत्ति बन्न सम्भव छैन, तर जसको अन्तःकरण विवेक, वैराग्य आदि साधनहरूले सम्पन्न छ र जसले गुरुसेवापूर्वक वेदान्त अध्ययन गरी मनन–निदिध्यासन समेत गर्दछन्, उनीहरूका लागि त ब्रह्मबाहेक अरू कुनै लौकिक विषय नै बाँकी रहँदैनन्, उनीहरूको अन्तःकरण त निरन्तर ब्रह्मरूपमा अवस्थित भइरहन्छ। चित्त भनेको आखिर चित् ब्रह्मरूप नै भएकाले जब चित्त अन्तर्मुख भई ब्रह्मनिकट पुग्छ, तब विषयाध्यास तत्काल नष्ट

हुन्छ र त्यो चित्त तत्क्षण ब्रह्ममा प्रतिष्ठित हुन्छ। ब्रह्ममा नै बुद्धि प्रतिष्ठित भएका यस्ता व्यक्तिहरूलाई शास्त्रहरूमा स्थितप्रज्ञ भनी बताइएको छ। जगत्को अध्यास पूर्णतः मेटिइसकेका यस्ता व्यक्तिहरू लौकिक पदार्थहरूलाई पदार्थहरूको रूपमा नभई ब्रह्मरूपमा नै अनुभव गर्दछन्। उनीहरूको अनुभव बताउँदै भगवान् श्रीकृष्ण भन्नुहुन्छ— **ब्रह्मार्पणं ब्रह्महविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम्** (श्रीमद्भगवद्गीता ४.२४) अर्थात् ब्रह्मज्ञानीका लागि सुरो, चरु, अग्नि र हवन गर्ने होता आफूसमेत सबै ब्रह्मरूप नै हुन्छन्, यिनीहरूका लागि ब्रह्मानुभव या ब्रह्माकार वृत्तिभन्दा बाहेक अरू केही अवशिष्ट रहँदैनन्।

यहाँ अज्ञानीहरू के शङ्का गर्न सक्छन् भने यदि ब्रह्माकारवृत्ति मान्ने हो भने त ब्रह्म पनि घैंटो कपडा आदि पदार्थहरू जस्तै अन्तःकरणवृत्तिद्वारा प्रकाशित-प्रमाणित हुने जड पदार्थ भइहाल्यो नि। फेरि ब्रह्मलाई अप्रमेय स्वयंप्रकाश भनी बताइनुको अर्थ के हो ? यसको उत्तर के हो भने बहिर्मुखी अशुद्ध अन्तःकरणद्वारा घटपट आदिलाई जान्नु र अन्तर्मुख भएको शुद्ध चित्तद्वारा ब्रह्म जान्नुमा धेरै भिन्नता छ। पहिलो कुरा त ब्रह्मलाई अन्तःकरणले नजानिने होइन, किनभने सूक्ष्म अन्तःकरणद्वारा ब्रह्मलाई जानिन्छ भनी उपनिषद्मै बताइएको छ— **मनसैवानुद्रष्टव्यम्** (बृहदारण्यकोपनिषद् ४.४.१९) अर्को कुरा ब्रह्मलाई घैंटो आदिलाई झैं प्रकाशित गर्ने होइन, जसका कारण ब्रह्ममा परप्रकाश्यता आओस्।

शास्त्रमा यसलाई वृत्तिव्याप्ति र फलव्याप्ति भनी बुझाइएको छ। जड पदार्थहरूलाई जान्न तद्विषयक अज्ञान पनि नष्ट गर्नुपर्दछ र चैतन्यद्वारा त्यसलाई प्रकाशित पनि गर्नुपर्दछ। अन्तःकरण वृत्तिले विषयदेशमा गई विषयलाई ढाक्ने अज्ञानलाई नष्ट गरिदिन्छ। अनि वृत्तिमा प्रतिबिम्बित अधिष्ठान ब्रह्मचैतन्यले घटलाई प्रकाशित गरिदिन्छ। अज्ञान नष्ट गर्नु वृत्तिव्याप्ति हो भने चैतन्यले प्रकाशित गर्नु फलव्याप्ति हो, तर जुन वस्तु आफैं प्रकाशरूप छ, त्यसलाई भने वृत्तिप्रतिबिम्बित चैतन्यले प्रकाशित गर्नुपर्ने आवश्यकता रहँदैन। आफूलाई ढाक्ने अज्ञान नष्ट हुनेबित्तिकै त्यो प्रकाशरूप वस्तु आफैं प्रकाशित भइहाल्दछ। घैंटोभित्रको घडीलाई देख्न घैंटोरूपी आवरण हटाई उज्यालोले त्यसलाई प्रकाशित गर्नुपर्दछ, तर घैंटोभित्र दियो रहेछ भने त्यसलाई अर्को उज्यालोले प्रकाशित गर्नुपर्दैन, आवरण हटेपछि ऊ स्वयं नै प्रकाशित भइहाल्दछ। ठिक यसै गरी अन्तःकरण वृत्तिद्वारा ब्रह्मविषयक अज्ञान नष्ट हुनेबित्तिकै स्वयंप्रकाश ब्रह्म आफैं नै प्रकाशित भइरहन्छ। हुन त ब्रह्मतत्त्व नित्यज्ञानस्वरूप भएकाले यसमा अज्ञानको कुनै प्रकारको आवरण पनि रहन सम्भव छैन, तर अज्ञानी जीवको दृष्टिमा चाहिँ यो आवरण हुन सक्ने हुनाले अन्तःकरणवृत्तिद्वारा त्यही जीवकै दृष्टिको अज्ञान नष्ट गरिएको हो। ब्रह्मतत्त्व सूर्यसमान छ। बादलले सूर्यलाई ढाक्यो भन्दा पनि बादलले सूर्यलाई नढाकी प्राणीहरूको आँखालाई ढाकेको हो, किनभने स्वयं बादलसमेत सूर्यकै प्रकाशद्वारा सिद्ध हुन्छ, त्यसै गरी जीवको दृष्टिलाई ढाक्ने अज्ञानसमेत ब्रह्मचैतन्यद्वारा नै सिद्ध भएकाले ब्रह्ममा अज्ञानको आवरण छैन। जीवदृष्टिको अज्ञान जब नष्ट हुन्छ, तब स्वयंप्रकाश ब्रह्म स्वतः नै प्रकाशित भइहाल्दछ। त्यसैले ब्रह्मलाई अन्तःकरणवृत्तिले प्रकाशित गर्ने होइन भन्ने स्पष्ट हुन्छ।

वास्तवमा संसारका जुनसुकै विषय पनि अन्तःकरणवृत्तिद्वारा प्रकाशित हुने होइनन्।

वृत्तिको काम अज्ञानको आवरण हटाइदिनु मात्र हो, त्यसपछि विषयलाई प्रकाशित गर्ने काम त विषयको अधिष्ठानको रूपमा रहेको ब्रह्मचैतन्यकै हो। घटको अधिष्ठान भएको ब्रह्मचैतन्यका लागि घट नित्य अपरोक्ष छँदैछ, तर जीवचैतन्यले घट अपरोक्ष गर्न चाहिँ अन्तःकरण वृत्तिद्वारा आफ्नो दृष्टिमा रहेको घटाज्ञान नष्ट गरी अधिष्ठान चैतन्यसँग एक भएर नै घटानुभव गर्नुपर्दछ। त्यसैले जहाँ वृत्यवच्छिन्न चैतन्यलाई विषयको प्रकाशक भनिन्छ, त्यहाँ पनि अधिष्ठान चैतन्यभन्दा अभिन्न भएर नै त्यसले विषय प्रकाशन गरेको हो भन्ने मान्नुपर्दछ। यसबाट घैंटो कपडा आदि विषयहरू पनि अन्तःकरणवृत्तिद्वारा नभई अधिष्ठान चैतन्यद्वारा नै प्रकाशित हुन्छन्, अन्तःकरणवृत्तिको काम केवल अज्ञानलाई नष्ट गरिदिनु मात्र हो भन्ने सिद्ध हुन्छ।

ब्रह्म चाहिँ स्वयं अधिष्ठान चैतन्य नै भएकाले त्यसलाई अधिष्ठान चैतन्यले फेरि प्रकाशित पनि गर्नुपर्दैन, यो स्वयंप्रकाश छ। यसरी ब्रह्मतत्त्व अरू कुनै साधनद्वारा प्रकाशित नभएकाले यो अप्रमेय हो भन्न सकिन्छ। अप्रमेय या अवेद्य भनेर यो ब्रह्मतत्त्व खरायोको सिङ, आकाशको फूल जस्तो अप्रामाणिक चाहिँ होइन, किनभने यसलाई अन्तःकरणवृत्तिले अज्ञाननाश गर्नका लागि विषय गरेको छ। अन्तःकरणको ब्रह्माकार वृत्ति भन्नुको तात्पर्य पनि अन्तःकरणले ब्रह्मविषयक अज्ञानलाई नष्ट गर्नकै लागि हो। यो ब्रह्माकार वृत्ति ब्रह्मविषयक अज्ञानलाई नष्ट गरी स्वयं पनि नष्ट हुन्छ। अन्तःकरण नष्ट भएपछि अन्तःकरणावच्छिन्न चैतन्यको सानो घेरामा आफूलाई मानिरहेको जीव पनि त्यससँगसँगै अधिष्ठान ब्रह्मचैतन्यमै एक भई मिल्दछ। **अहं ब्रह्मास्मि** (बृहदारण्यकोपनिषद् १.४.१०) यो बोधमा पहिलेको क्षुद्र अहं गई ब्रह्ममा विसर्जित भएको र व्यक्तिले ब्रह्मात्मभावको अनुभव गरिरहेको स्थिति हुन्छ। आफूलाई अद्वितीय ब्रह्मरूपमा साक्षात्कार गर्ने सम्पूर्ण शास्त्र एवं साधनाको यही चरम लक्ष्यलाई श्रीशुकदेवजीले उपदेश गर्नुभएको हो।

दशन्तं तक्षकं पादे लेलिहानं विषाननैः।
न द्रक्ष्यसि शरीरं च विश्वं च पृथगात्मनः॥ १२॥

पदार्थ—
विषाननैः = विषालु मुखहरूद्वारा
लेलिहानं = जिब्रो लप्लपाइरहेको तथा
पादे = आफ्ना खुट्टामा
दशन्तं = टोक्न लागेको
तक्षकं = तक्षकलाई
शरीरं च = आफ्नो शरीरलाई र
विश्वं च = विश्वलाई पनि
आत्मनः = आफूदेखि
पृथक् = भिन्न
न द्रक्ष्यसि = देख्नुहुनेछैन

वाक्यार्थ— यसरी आफूलाई आफैंमा लीन गरेपछि विषालु मुखमा जिब्रो लप्लपाउँदै आफ्नो खुट्टामा टोक्न तयार भएको तक्षक, आफ्नो शरीर र सम्पूर्ण विश्वलाई नै तपाईंले आफूदेखि भिन्न देख्नु हुनेछैन।

एतत् ते कथितं तात यथात्मा पृष्टवान् नृप।
हरेर्विश्वात्मनश्चेष्टां किं भूयः श्रोतुमिच्छसि॥ १३॥

पदार्थ—
तात = हे प्रिय
नृप = हे राजा परीक्षित्
आत्मा = आत्मस्वरूप तपाईंले
यथा = जसरी
विश्वात्मनः = सर्वान्तर्यामी
हरेः = भगवान् श्रीहरिको
चेष्टां = लीलाकथा
पृष्टवान् = सोध्नुभएको थियो
एतत् = ती सबै
ते = तपाईंलाई
कथितं = बताइयो
भूयः = अब फेरि
किं = के
श्रोतुं = सुन्न
इच्छसि = चाहनुहुन्छ

वाक्यार्थ— हे राजा परीक्षित् ! तपाईंले सर्वान्तर्यामी भगवान् श्रीहरिका लीलाकथाको सम्बन्धमा जे-जे सोध्नुभएको थियो ती सबै मैले तपाईंलाई बताइसकेँ। अब अरू के सुन्न चाहनुहुन्छ ?

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे ब्रह्मोपदेशो नाम पञ्चमोऽध्यायः ॥ ५॥

अथ षष्ठोऽध्यायः

राजा परीक्षित्द्वारा भौतिक देहको विसर्जन र छोरा जनमेजयद्वारा गरिएको सर्पयज्ञ

सूत उवाच (सूतजीले भन्नुभयो)

एतन्निशम्य मुनिनाभिहितं परीक्षिद्
व्यासात्मजेन निखिलात्मदृशा समेन ।
तत्पादमूलमुपसृत्य नतेन मूर्ध्ना
बद्धाञ्जलिस्तमिदमाह स विष्णुरातः ॥ १ ॥

पदार्थ–
विष्णुरातः = भगवान्द्वारा रक्षित भएका
सः = ती
परीक्षित् = परीक्षित्ले
निखिलात्मदृशा = सर्वात्मदर्शी
समेन = सबैतिर समान भाव राख्ने
व्यासात्मजेन = व्यासपुत्र
मुनिना = मुनि श्रीशुकदेवजीद्वारा
अभिहितं = भनिएको
एतत् = यो कुरालाई
निशम्य = सुनेर
नतेन = झुकेको
मूर्ध्ना = शिरद्वारा
तत्पादमूलं = उहाँको चरणनजिकै
उपसृत्य = गई
बद्धाञ्जलिः = अञ्जली बाँधी
तं = उहाँलाई
इदं = यसो
आह = भन्नुभयो

वाक्यार्थ– सबै प्राणीहरूमा आत्मदृष्टि गर्ने समद्रष्टा व्यासपुत्र श्रीशुकदेव मुनिले बताएको कुरालाई सुनिसकेपछि ती विष्णुरात परीक्षित्ले शिर झुकाई श्रीशुकदेवजीको नजिक गएर दुबै हात जोडी उहाँलाई यसो भन्नुभयो ।

राजोवाच (राजा परीक्षित्ले भन्नुभयो)

सिद्धोऽस्म्यनुगृहीतोऽस्मि भवता करुणात्मना ।
श्रावितो यच्च मे साक्षादनादिनिधनो हरिः ॥ २ ॥

पदार्थ–
यत् च = किनभने
मे = मलाई
साक्षात् = साक्षात्
अनादिनिधनः = अनादि र अनन्त
हरिः = श्रीहरि भगवान्का लीलाहरू
श्रावितः = सुनाउनुभयो (त्यसैले)
करुणात्मना = करुणामूर्ति
भवता = हजुरद्वारा
अनुगृहीतः = अनुगृहीत
अस्मि = छु
सिद्धः = कृतकृत्य
अस्मि = भएको छु

वाक्यार्थ– करुणामूर्ति हजुरले मलाई अनादि र अनन्त भगवान् श्रीहरिका लीलाचरित्रहरू सुनाउनुभयो, त्यसैले म हजुरबाट अनुगृहीत भएको छु र कृतकृत्य बनेको छु।

नात्यद्भुतमहं मन्ये महतामच्युतात्मनाम्।
अज्ञेषु तापतप्तेषु भूतेषु यदनुग्रहः॥ ३॥

पदार्थ–	**भूतेषु** = प्राणीहरूमा	**अहं** = म
यत् = जुन	**अच्युतात्मनां** = भगवन्मय	**अत्यद्भुतं** = ज्यादै आश्चर्यको कुरा
तापतप्तेषु = संसारका तापबाट तप्त भएका	**महतां** = महापुरुषहरूको	**न मन्ये** = मान्दिनँ
अज्ञेषु = अज्ञानी	**अनुग्रहः** = अनुग्रह हुन्छ (त्यसलाई)	

वाक्यार्थ– संसारका सम्पूर्ण प्राणीहरू तीनथरी तापद्वारा पीडित र अज्ञानी छन्। भगवन्मय महापुरुषहरूले उनीहरूमाथि अनुग्रह गर्दछन्, यसलाई म आश्चर्यको कुरा मान्दिनँ।

पुराणसंहितामेतामश्रौष्म भवतो वयम्।
यस्यां खलूत्तमश्लोको भगवाननुवर्ण्यते॥ ४॥

पदार्थ–	**भगवान्** = भगवान्को	**वयं** = हामीहरूले
यस्यां = जसमा	**अनुवर्ण्यते** = वर्णन हुन्छ	**भवतः** = हजुरबाट
खलु = निश्चय नै	**एतां** = यस्तो	**अश्रौष्म** = श्रवण गर्‍यौं
उत्तमश्लोकः = पवित्रकीर्ति	**पुराणसंहितां** = पुराणसंहितालाई	

वाक्यार्थ– हामी सबैले हजुरको मुखबाट जसको कीर्ति पवित्र छ त्यस्ता भगवान् श्रीहरिका लीलाहरूका वर्णन भएको यो पुराणसंहिता सुन्यौं।

भगवंस्तक्षकादिभ्यो मृत्युभ्यो न बिभेम्यहम्।
प्रविष्टो ब्रह्म निर्वाणमभयं दर्शितं त्वया॥ ५॥

पदार्थ–	**प्रविष्टः** = प्रविष्ट भएको	**न बिभेमि** = डराउँदिनँ
भगवन् = हे सर्वसमर्थ शुकदेव	**अहं** = म	**त्वया** = हजुरद्वारा
निर्वाणं = परमानन्दमय	**तक्षकादिभ्यः** = तक्षक आदि	**अभयं** = अभयपद
ब्रह्म = ब्रह्मस्वरूपमा	**मृत्युभ्यः** = कुनै पनि मृत्युदेखि	**दर्शितम्** = देखाइएको छ

वाक्यार्थ– हे शुकदेव ! हजुरले मलाई अभयपदको साक्षात्कार गराइदिनुभएको छ। म परमानन्दमय ब्रह्मस्वरूपमा प्रविष्ट भएको छु। त्यसैले तक्षक आदिबाट हुने मृत्युबाट म डराउन्नँ।

अनुजानीहि मां ब्रह्मन् वाचं यच्छाम्यधोक्षजे ।
मुक्तकामाशयं चेतः प्रवेश्य विसृजाम्यसून् ॥ ६ ॥

पदार्थ—
ब्रह्मन् = हे शुकदेव
मां = मलाई
अनुजानीहि = आज्ञा दिनुहोस्
वाचं = वाणी
यच्छामि = रोक्न चाहन्छु
मुक्तकामाशयं = विषयवासनाको संस्कारले रहित भएको
चेतः = चित्तलाई
अधोक्षजे = इन्द्रियातीत परमात्मामा
प्रवेश्य = लगाई
असून् = प्राण
विसृजामि = त्याग्दछु

वाक्यार्थ— हे शुकदेव ! मलाई आज्ञा दिनुहोस्। अब म वाणी बन्द गरी मौन हुन चाहन्छु, अनि सम्पूर्ण विषयवासना र त्यसको संस्कारबाट रहित भएको चित्तलाई इन्द्रियातीत परमात्मामा लगाई प्राण त्याग्दछु।

अज्ञानं च निरस्तं मे ज्ञानविज्ञाननिष्ठया ।
भवता दर्शितं क्षेमं परं भगवतः पदम् ॥ ७ ॥

पदार्थ—
भवता = हजुरद्वारा
ज्ञानविज्ञाननिष्ठया = शास्त्रोपदेश र आत्मानुभवमा स्थिर रहनाले
मे = मेरो
अज्ञानं च = अज्ञान पनि
निरस्तं = हटाइयो
परं = परम
क्षेमं = कल्याणमय
भगवतः = भगवान्को
पदं = स्वरूप
दर्शितम् = देखाइयो

वाक्यार्थ— हजुरको कृपाद्वारा शास्त्रोपदेश अनुसार आत्मानुभवमा स्थिर रहनाले मेरो अज्ञान पनि नष्ट भयो। हजुरले मलाई भगवान्को परम कल्याणमय वास्तविक स्वरूपको साक्षात्कार गराउनुभयो।

विवरण— यस प्रसङ्गमा राजा परीक्षित्ले श्रीशुकदेवसमक्ष कृतज्ञता प्रकट गर्दै सबभन्दा पहिले आफू सिद्ध भएको अनुभव बताउनुभएको छ। जो सम्पूर्ण रूपमा कृतकृत्य भयो र अब जसले केही पाउनुपर्ने बाँकी छैन, उसलाई सिद्ध भन्दछन्। ब्रह्मानुभवद्वारा परीक्षित् पूर्णतः कृतकृत्य हुनुभएको छ भन्ने यसबाट स्पष्ट हुन्छ। यसरी कृतकृत्य बनाइदिने ज्ञानदाता गुरुको प्रशंसा कसरी गर्न सकिन्छ र ? फेरि प्रशंसाले उनीहरूलाई के फरक पर्दछ र ? अज्ञानी प्राणीहरूमाथि परम अनुग्रह बर्साउनु यो त ज्ञानीहरूको स्वाभाविक धर्म हो, यसमा केही आश्चर्य मान्नुपर्दैन। उपनिषद्मा भनिन्छ— **नित्यो महिमा ब्राह्मणस्य न वर्धते कर्मणा नो कनीयान्** (बृहदारण्यकोपनिषद् ४.४.२३) अर्थात् ब्रह्मज्ञानीको महिमा नित्य छ, त्यो न कुनै कर्मद्वारा बढ्दछ, न त घट्दछ। त्यसैले शिष्यले स्तुति गर्दैमा ब्रह्मस्वरूप उहाँको नित्य महिमामा के फरक पर्दछ र ? यहाँ परीक्षित्ले आफूमाथि श्रीशुकदेवको परम अनुग्रहलाई सम्झनुभएको छ। कहाँ सात दिन अघि आफूलाई

सम्राट् सम्झिने र शरीरलाई नै आत्मा भन्ने अज्ञानी परीक्षित्, जसले प्यासको व्याकुलताले धैर्यलाई त्यागी तपस्वीको शिरमा मरेको सर्प फुण्ड्याइदिएका थिए, अनि कहाँ आज श्रीशुकदेवको उपदेशपछि ब्रह्मभावमा प्रतिष्ठित भएका परीक्षित्। उहाँले आफू मोक्षस्वरूप ब्रह्ममा प्रविष्ट भएको र अभयपदमा प्रतिष्ठित हुनुभएकाले सर्प आदिदेखि भय नभएको अनुभव बताउनुभएको छ।

ज्ञानी गुरुको महत्ता र शिष्यको उनीप्रतिको पूर्ण निष्ठालाई धन्य-धन्य मान्नै पर्दछ। आत्मज्ञानको यो चमत्कारलाई पनि नकार्न सकिँदैन कि यसले सात बित्ताको शरीरमा सीमित आत्मबोध गर्ने व्यक्तिलाई सम्पूर्ण प्रपञ्चको अधिष्ठान बनाइदिन्छ। गुरुको महत्ता यसैमा छ कि, उनले शिष्यलाई आफू जस्तै विमुक्त गराइदिन सकून्, अनि शिष्यको पनि महत्ता यही हो कि उसले गुरु एवं वेदान्तवाक्यप्रति पूर्ण निष्ठावान् भई त्यो उपदेशलाई जीवनमा उतारोस् र अपरोक्ष अनुभव गरोस्। गुरुको तत्त्वनिष्ठा र शिष्यको गुरुनिष्ठाको यही दुर्लभ समायोजनका कारण शुकदेव-परीक्षित्को जोडी भागवत वक्ता-श्रोतामध्ये सर्वोत्कृष्ट जोडी भयो। मृत्युको भय टाउकोमै नाचिरहेकाले परीक्षित् अत्यन्त विरक्त हुनुभएको थियो र मुक्तिका लागि गुरुप्रति पूर्णतः समर्पित पनि हुनुहुन्थ्यो। उहाँ उपदेशश्रवणको बिचमा खान, शौच गर्न पनि नउठेको कुरा मूल प्रसङ्गमै बताइएको छ। खान-पिउन पनि छाडेकाले उहाँले सुत्न, अरू नित्यकर्म गर्न पनि त्यागिदिएको भन्ने स्पष्ट छ। यसबाट उहाँले अखण्ड रूपमा परमात्मचिन्तनमा समय बिताउने र श्रीशुकदेवले उपदेश गरेको कुरालाई हृदयङ्गम गर्दै रहने गरेको बुझिन्छ। यसरी अखण्ड परमात्मचिन्तन गर्ने दृढ निष्ठा र भोजन आदि विषयको पनि त्याग गरिदिने पूर्ण वैराग्यका कारण परीक्षित्लाई अन्तिम आत्मोपदेशको महावाक्य सुनेपछि तत्काल नै आत्मस्वरूपको अनुभव भएको छ।

वास्तवमा धर्म भनेको त्यही हो, जसद्वारा तत्काल नै शान्तिको अनुभूति होस्। यज्ञ, दान, जप आदि नित्य कर्महरू पनि चित्तशुद्धि गराइदिने भएकाले धर्म नै हुन्, तर वास्तवमा परमधर्म भनेको आत्मतत्त्वको अनुभव नै हो। यसैले परीक्षित्ले आफ्ना सबै नित्य कर्म छाडी कर्तव्यत्याग गर्नुभएको होइन, परमधर्मको आश्रय लिनुभएको हो। याज्ञवल्क्यस्मृतिमा भनिएको छ— **अयं तु परमो धर्मो यद् योगेनात्मदर्शनम्** (याज्ञवल्क्यस्मृति १.८) अर्थात् योगद्वारा आत्मदर्शन गर्नु यही परम धर्म हो, अरू यज्ञ, याग आदि सामान्य धर्म हुन्। मनुस्मृतिमा पनि अन्तिम अध्यायमा धर्म निरूपणका क्रममा **आत्मयाजी** अर्थात् निरन्तर आत्मचिन्तन गर्ने व्यक्ति नै सर्वश्रेष्ठ धर्मनिष्ठ भएको बताइएको छ। समीपमा रहेको मृत्युको भयलाई हटाउन नसक्ने साधना कसरी वास्तविक धर्म हुन सक्छ ? जसले मृत्युबाट जोगाउन सक्दैन, त्यो गुरु, देवता केही पनि होइन। ब्रह्मज्ञानी गुरुहरूले शिष्यलाई अभय पदमा प्रतिष्ठित गराएरै विश्राम लिन्छन्। राजा जनकलाई उपदेशको अन्तमा ब्रह्मज्ञानी गुरु याज्ञवल्क्य भन्दछन्— **अभयं वै जनक प्राप्तोऽसि** (बृहदारण्यकोपनिषद् ४.२.४)। अर्थात् हे जनक तिमीले अभय पद पाइसक्यौ। सत्सङ्ग र आत्मचिन्तनद्वारा प्राप्त हुने यो आत्मबोध सम्पूर्ण धर्मको अन्तिम लक्ष्य हो। त्यसैले परीक्षित् जस्ता सर्वस्वत्यागीहरूको आत्मचिन्तन नै सर्वश्रेष्ठ धर्म भएको थाहा पाइन्छ।

श्रीशुकदेवले परीक्षित्लाई तत्त्वोपदेश गरिसकेपछि **किं भूयः श्रोतुमिच्छसि** (श्रीमद्भागवत

११.५.१३) अर्थात् हे परीक्षित् ! के सुन्न चाहन्छौ ? भनी सोध्नुभयो। गृहस्थहरूको घरमा जम्मा गाई दुहुने वेलासम्म मात्र अडिने परम विरक्त श्रीशुकदेवले सात दिनसम्म अखण्ड रूपमा परीक्षित्लाई उपदेश सुनाउनुभयो र अञ्ज पनि परीक्षित्ले केही सोधे बताउँथैं भनेझैं भाव प्रकट गर्नुभयो। तर परीक्षित् भने अब अरू केही पनि सुन्ने पक्षमा हुनुहुन्न। उहाँ वाणी बन्द गरी मनलाई इन्द्रियातीत परमात्मामा विलीन गर्न अनुमति माग्नुहुन्छ। आखिर श्रीशुकदेवले परम स्नेहका साथ जसलाई **आत्मा** अर्थात् आफ्नै स्वरूप भनी स्नेह गर्नुभएको छ, त्यस्ता परीक्षित् श्रीशुकदेवसमान नै आत्मनिष्ठ हुनुमा कुनै सन्देह कहाँ छ र ? यहाँ परीक्षित्ले **अनुजानीहि** अर्थात् आज्ञा दिनुहोस् भनी श्रीशुकदेवसँग आफू मौन हुने आज्ञा मात्र माग्नुभएको छैन, श्रीशुकदेवलाई आफ्नो स्थानतिर लाग्नसमेत अनुरोध गर्नुभएको छ। त्यसैले सूतजीले यसपछि वर्णन गरेअनुसार पहिले श्रीशुकदेव राजाबाट छुट्टिई भिक्षुहरूका साथमा त्यहाँबाट हिँड्नुभएको छ, अनि पछि परीक्षित् पनि आफ्नो मनलाई आत्मामा स्थापित गरी समाहित बन्नुभएको छ। कुनै प्रपञ्च व्यवहार नभएका आत्मनिष्ठ गुरुहरू शिष्यलाई पूर्ण कृतकृत्य नपारी छोड्दैनन्, यतिसम्म कि उसले अन्तमा आफ्नो चाहसमेत नराखोस्। सामान्य संसारी उपदेशकहरू चाहिँ शिष्यलाई बारम्बार आफ्नो आवश्यकता पर्ने गरी उपदेश बाँकी राख्छन् र यस्ताको उपदेशबाट शिष्य कहिल्यै कृतकृत्य बन्न सक्दैनन्। असली गुरुको लक्ष्य शिष्यलाई आफूतिर तान्ने नभई ब्रह्ममा प्रतिष्ठित गराइदिने हुन्छ। यसैले राजाले स्वयं अघि सरी 'अब हजुर जानुहोस्' भनी गरेको बिदाइले श्रीशुकदेव पक्कै झन् प्रसन्न हुनुभएको छ। श्रीशुकदेव बहँदो गण्डकीको जल जस्तो हुनुहुन्छ, जसलाई आफू बग्दै कहाँ पुग्ने र कुन-कुन व्यक्ति एवं स्थानलाई पवित्र पार्ने आफैँलाई थाहा हुँदैन। त्यसैले श्रीशुकदेव त्यहाँबाट कता जानुभयो ? केही उल्लेख छैन, तर परीक्षित् चाहिँ पूर्ण आत्मनिष्ठ बनेको कुरा सबैको सामु स्पष्ट छ। भगवच्चर्चा र तत्त्वोपदेशद्वारा मोक्ष प्राप्त भएको यो रसिलो र गरिमामय उदाहरण हो, जसलाई विरक्त मुमुक्षु र तत्त्वोपदेशक गुरु दुबैले सधैँ स्मरण गरिरहनेछन्।

सूत उवाच (सूतजीले भन्नुभयो)

इत्युक्तस्तमनुज्ञाप्य भगवान् बादरायणिः।
जगाम भिक्षुभिः साकं नरदेवेन पूजितः॥ ८॥

पदार्थ—
नरदेवेन = राजा परीक्षित्द्वारा
इति उक्तः = यसप्रकार प्रार्थना गरिएका र
पूजितः = पूजा गरिएका
भगवान् = योगैश्वर्यसम्पन्न
बादरायणिः = श्रीशुकदेव
तं = उहाँसँग
अनुज्ञाप्य = बिदा भई
भिक्षुभिः साकं = त्यागी महात्माहरूका साथमा
जगाम = त्यहाँबाट जानुभयो

वाक्यार्थ— राजा परीक्षित्ले यसप्रकार प्रार्थना र पूजा गरेपछि योगैश्वर्यसम्पन्न श्रीशुकदेव पनि अन्य भिक्षुहरूका साथमा त्यहाँबाट जानुभयो।

परीक्षिदपि राजर्षिरात्मन्यात्मानमात्मना।
समाधाय परं दध्यावस्पन्दासुर्यथा तरुः॥ ९॥

पदार्थ–
राजर्षिः = राजर्षि
परीक्षित् अपि = परीक्षित्ले पनि
आत्मना = आफैंले
आत्मानं = आफ्नो मनलाई
आत्मनि = साक्षी आत्मामा
समाधाय = समाहित गरी
यथा = जसरी
तरुः = रुखको ठुटो झैं
अस्पन्दासुः = प्राणस्पन्दनले रहित भई
परं = परमात्मालाई
दध्यौ = ध्यान गर्नुभयो

वाक्यार्थ– राजर्षि परीक्षित्ले पनि आफ्नो मनलाई स्वयंप्रकाश साक्षी आत्मामा समाहित गरी प्राणस्पन्दनले रहित भई रुखका ठुटो जस्तो अविचल भएर परमात्मतत्त्वको ध्यान गर्नुभयो।

प्राक्कूले बर्हिष्यासीनो गङ्गाकूल उदङ्मुखः।
ब्रह्मभूतो महायोगी निःसङ्गश्छिन्नसंशयः॥ १०॥

पदार्थ–
गङ्गाकूले = गङ्गाको तटमा
प्राक्कूले = पूर्वतिर टुप्पो फर्किएका
बर्हिषि = कुशको आसनमा
उदङ्मुखः = उत्तरतर्फ फर्किई
आसीनः = रहेका
निःसङ्गः = आसक्तिरहित
छिन्नसंशयः = अज्ञानशून्य
महायोगी = महायोगी परीक्षित्
ब्रह्मभूतः = ब्रह्मभावमा प्राप्त हुनुभयो

वाक्यार्थ– गङ्गाको तटमा पूर्वतर्फ टुप्पो हुने गरी कुशको आसन ओछ्याएर त्यहाँमाथि उत्तरतर्फ फर्किई बस्नुभएका महायोगी परीक्षित् आसक्तिशून्य र अज्ञानरहित भई ब्रह्मभावमा प्राप्त हुनुभयो।

तक्षकः प्रहितो विप्राः क्रुद्धेन द्विजसूनुना।
हन्तुकामो नृपं गच्छन् ददर्श पथि कश्यपम्॥ ११॥

पदार्थ–
विप्राः = हे ऋषिहरू
क्रुद्धेन = रिसाएका
द्विजसूनुना = ब्राह्मणपुत्र शृङ्गीद्वारा
प्रहितः = पठाइएको
नृपं = राजालाई
हन्तुकामः = मार्न खोज्ने
तक्षकः = तक्षकले
गच्छन् = जाँदाजाँदै
पथि = बाटोमा
कश्यपं = कश्यप ब्राह्मणलाई
ददर्श = देख्यो

वाक्यार्थ– हे शौनक आदि ऋषिहरू! रिसाएका ब्राह्मणपुत्र शृङ्गीले पठाएर राजालाई मार्ने इच्छाले जाँदै गरेको तक्षक नागले बाटोमा कश्यप नामक ब्राह्मणलाई देख्यो।

तं तर्पयित्वा द्रविणैर्निवर्त्य विषहारिणम्।
द्विजरूपप्रतिच्छन्नः कामरूपोऽदशन्नृपम्॥ १२॥

पदार्थ—
कामरूपः = इच्छाअनुसार रूप धारण गर्न सक्ने
द्विजरूपप्रतिच्छन्नः = ब्राह्मणको रूपमा लुकेको त्यसले
विषहारिणं = विषको प्रभावलाई नष्ट गर्न सक्ने
तं = ती कश्यप ब्राह्मणलाई
द्रविणैः = धेरै सम्पत्तिद्वारा
तर्पयित्वा = तृप्त गरी
निवर्त्य = फर्काएर
नृपं = राजालाई
अदशत् = डस्यो

वाक्यार्थ— इच्छाअनुसार रूप धारण गर्न सक्ने त्यस तक्षकले विषको प्रभावलाई नष्ट गर्न सक्ने ती ब्राह्मणलाई धेरै सम्पत्ति दिई सन्तुष्ट बनायो र घरतिरै फर्काइदियो। त्यसपछि ब्राह्मणको वेषमा गई तक्षकले राजालाई डस्यो।

ब्रह्मभूतस्य राजर्षेर्देहोऽहिगरलाग्निना।
बभूव भस्मसात् सद्यः पश्यतां सर्वदेहिनाम्॥ १३॥

पदार्थ—
ब्रह्मभूतस्य = ब्रह्मस्वरूप भइसकेका
राजर्षेः = राजर्षि परीक्षित्को
देहः = शरीर
अहिगरलाग्निना = सर्पको विषरूपी आगोको प्रभावले
सर्वदेहिनां = सम्पूर्ण प्राणीहरूले
पश्यतां = हेर्दाहेर्दै
सद्यः = तत्काल
भस्मसात् = खरानी
बभूव = भयो

वाक्यार्थ— ब्रह्मभावमा स्थित भइसकेका राजर्षि परीक्षित्को शरीरलाई तक्षकले डसेपछि त्यसको विषको प्रभावले त्यो शरीर सबै प्राणीहरूले हेर्दाहेर्दै तत्काल डढेर खरानी भयो।

हाहाकारो महानासीद् भुवि खे दिक्षु सर्वतः।
विस्मिता ह्यभवन् सर्वे देवासुरनरादयः॥ १४॥

पदार्थ—
भुवि = पृथिवीमा
खे = आकाशमा
दिक्षु = दिशा-विदिशामा
सर्वतः = सबैतिर
महान् = ठुलो
हाहाकारः = हाहाकार
आसीत् = भयो
हि = निश्चय नै
सर्वे = सबै
देवासुरनरादयः = देवता, असुर र मानिसहरू
विस्मिताः = चकित
अभवन् = भए

वाक्यार्थ— यसपछि पृथिवी, आकाश र दिशा-विदिशा सबैतिर ठुलो हाहाकार भयो र सबै देवता, असुर र मानिस आदि प्राणीहरू चकित भए।

देवदुन्दुभयो नेदुर्गन्धर्वाप्सरसो जगुः।
ववृषुः पुष्पवर्षाणि विबुधाः साधुवादिनः॥ १५॥

पदार्थ—
देवदुन्दुभयः = देवताका दुन्दुभिहरू

नेदुः = बज्न थाले
गन्धर्वाप्सरसः = गन्धर्व र अप्सराहरू
जगुः = गाउन थाले
साधुवादिनः = साधु-साधु भनिरहेका
विबुधाः = देवताहरूले
पुष्पवर्षाणि = फूलहरूको वृष्टि
ववृषुः = बर्साए

वाक्यार्थ– परीक्षित्को परम गतिलाई देखी देवताहरूले साधु-साधु भन्दै आकाशबाट पुष्पवृष्टि गरे भने सँगसँगै देवताका दुन्दुभिहरू बज्न थाले र गन्धर्व एवं अप्सराहरू गाउन थाले।

जन्मेजयः स्वपितरं श्रुत्वा तक्षकभक्षितम्।
यथा जुहाव संक्रुद्धो नागान् सत्रे सह द्विजैः॥ १६॥

पदार्थ–
स्वपितरं = आफ्ना पितालाई
तक्षकभक्षितं = तक्षकले डसेको
श्रुत्वा = सुनेर
संक्रुद्धः = अत्यन्त रिसाएका
जन्मेजयः = जनमेजयले
द्विजैः सह = ब्राह्मणहरूसँग
सत्रे = यज्ञमा
नागान् = सबै सर्पहरूलाई
यथा = विधिपूर्वक
जुहाव = हवन गर्न थाले

वाक्यार्थ– आफ्ना पितालाई तक्षकले डसेको सुनेर जनमेजय ज्यादै रिसाए र उनले ब्राह्मणहरूको सहयोगमा यज्ञ आयोजित गरी सर्पहरूलाई विधिपूर्वक अग्निकुण्डमा हवन गर्न थाले।

सर्पसत्रे समिद्धाग्नौ दह्यमानान् महोरगान्।
दृष्ट्वेन्द्रं भयसंविग्नस्तक्षकः शरणं ययौ॥ १७॥

पदार्थ–
सर्पसत्रे = सर्पयज्ञमा
समिद्धाग्नौ = अत्यन्त प्रज्वलित अग्निमा
महोरगान् = ठुला-ठुला सर्पहरूलाई
दह्यमानान् = डढिरहेका
दृष्ट्वा = देखेर
भयसंविग्नः = भयभीत भएको
तक्षकः = तक्षक
इन्द्रं = इन्द्रको
शरणं = शरणमा
ययौ = गयो

वाक्यार्थ– जनमेजयद्वारा आयोजित सर्पयज्ञमा अत्यन्त प्रज्वलित अग्निमा ठुला-ठुला सर्पहरू समेत डढिरहेको देखेर तक्षक अत्यन्त भयभीत भयो र इन्द्रको शरणमा गयो।

अपश्यंस्तक्षकं तत्र राजा पारीक्षितो द्विजान्।
उवाच तक्षकः कस्मान्न दह्येतोरगाधमः॥ १८॥

पदार्थ–
तत्र = त्यहाँ
तक्षकं = तक्षकलाई
अपश्यन् = नदेखी
पारीक्षितः = परीक्षित्पुत्र
राजा = राजा जनमेजयले
द्विजान् = ब्राह्मणहरूलाई
उवाच = भने
उरगाधमः = सर्पाधम
तक्षकः = तक्षक
कस्मात् = किन
न दह्येत = डढेन

वाक्यार्थ– परीक्षितपुत्र राजा जनमेजयले त्यहाँ तक्षकलाई नदेखेपछि ब्राह्मणहरूलाई त्यो सर्पाधम तक्षक किन भस्म भएन भनी सोधे।

तं गोपायति राजेन्द्र शक्रः शरणमागतम्।
तेन संस्तम्भितः सर्पस्तस्मान्नाग्नौ पतत्यसौ ॥ १९ ॥
पारीक्षित इति श्रुत्वा प्राहर्त्विज उदारधीः।
सहेन्द्रस्तक्षको विप्रा नाग्नौ किमिति पात्यते ॥ २० ॥

पदार्थ–
राजेन्द्र = हे राजा जनमेजय
शरणं = शरणमा
आगतं = आएको
तं = त्यो तक्षक
शक्रः = इन्द्रले
गोपायति = रक्षा गरिरहेका छन्
सर्पः = तक्षक
तेन = ती इन्द्रद्वारा
संस्तम्भितः = स्तम्भित भएको छ
तस्मात् = त्यसैले
असौ = यो
अग्नौ = अग्निकुण्डमा
न पतति = खसेको छैन
इति = यस्तो (ब्राह्मणहरूले भनेको)
श्रुत्वा = सुनेर
उदारधीः = उदारबुद्धि भएका
पारीक्षितः = जनमेजयले
ऋत्विजः = ती ऋत्विक्हरूलाई
विप्राः = हे ब्राह्मणहरू
सहेन्द्रः = इन्द्रसहित
तक्षकः = तक्षकलाई नै
अग्नौ = अग्निकुण्डमा
किं = किन
न पात्यते इति = खसालिँदैन यसो
प्राह = भने

वाक्यार्थ– तक्षक इन्द्रको शरणमा गएको हुनाले उसलाई इन्द्रले जोगाइरहेका छन् र उनीद्वारा स्तम्भित हुनाले नै तक्षक अग्निकुण्डमा नखसेको हो भनी ब्राह्मणहरूले बताए। यसपछि बुद्धिशाली जनमेजयले ती ऋत्विक्हरूलाई भने– हे ब्राह्मणहरू ! तपाईंहरूले इन्द्रसहित तक्षक नागलाई नै अग्निकुण्डमा किन खसाल्नुभएन ?

तच्छ्रुत्वाजुहुवुर्विप्राः सहेन्द्रं तक्षकं मखे।
तक्षकाशु पतस्वेह सहेन्द्रेण मरुत्वता ॥ २१ ॥

पदार्थ–
विप्राः = ब्राह्मणहरूले
तत् = यस्तो
श्रुत्वा = सुनी
मखे = यज्ञमा
सहेन्द्रं = इन्द्रसहित
तक्षकं = तक्षकलाई नै
आजुहुवुः = आवाहन गरे
तक्षक = हे तक्षक
मरुत्वता = मरुद्गणसँग हिँड्ने
इन्द्रेण सह = इन्द्रसहित
आशु = अहिले नै
इह = यस अग्निकुण्डमा
पतस्व = खसिहाल्

वाक्यार्थ– जनमेजयको यस्तो कुरा सुनी ती ब्राह्मणहरूले त्यस यज्ञमा इन्द्रसहित तक्षकलाई नै आवाहन गरे। उनीहरूले भने– हे तक्षक ! मरुद्गणहरूसँग हिँड्ने इन्द्रका साथ तँ अहिले नै अग्निकुण्डमा खसिहाल्।

इति ब्रह्मोदिताक्षेपैः स्थानादिन्द्रः प्रचालितः ।
बभूव सम्भ्रान्तमतिः सविमानः सतक्षकः ॥ २२ ॥

पदार्थ–
इति = यसप्रकार
ब्रह्मोदिताक्षेपैः = ब्राह्मणहरूद्वारा पढिएको खिच्ने मन्त्रको प्रभावले
स्थानात् = स्वर्गबाट
प्रचालितः = विचलित भएका
सविमानः = विमानसहित
सतक्षकः = तक्षकसँगै
इन्द्रः = इन्द्र पनि
सम्भ्रान्तमतिः = बुद्धि भ्रान्त भएका
बभूव = भए

वाक्यार्थ– यसप्रकार ब्राह्मणहरूले खिच्ने मन्त्रको पाठ गरिसकेपछि त्यसको प्रभावले इन्द्रसमेत स्वर्गलोकबाट विचलित भए। तक्षकका साथमा आफ्नो विमानमा बसेका इन्द्रको बुद्धि भ्रान्त भयो।

तं पतन्तं विमानेन सहतक्षकमम्बरात् ।
विलोक्याङ्गिरसः प्राह राजानं तं बृहस्पतिः ॥ २३ ॥

पदार्थ–
आङ्गिरसः = अङ्गिराका पुत्र
बृहस्पतिः = बृहस्पतिले
विमानेन = विमानसहित
सहतक्षकं = तक्षकसँगै
अम्बरात् = आकाशबाट
पतन्तं = खसिरहेका
तं = ती इन्द्रलाई
विलोक्य = देखेर
तं = ती
राजानं = राजा जनमेजयलाई
प्राह = भने

वाक्यार्थ– अङ्गिराका पुत्र बृहस्पतिले विमान र तक्षकसँगै आकाशबाट अग्निकुण्डमा खसिरहेका इन्द्रलाई देखेर राजा जनमेजयलाई यसो भने।

नैष त्वया मनुष्येन्द्र वधमर्हति सर्पराट् ।
अनेन पीतममृतमथ वा अजरामरः ॥ २४ ॥

पदार्थ–
मनुष्येन्द्र = हे राजा जनमेजय
एषः = यो
सर्पराट् = सर्पराज तक्षक
त्वया = तपाईंद्वारा
वधं = मारिन
न अर्हति = योग्य छैन
अनेन = यसद्वारा
अमृतं = अमृत
पीतं = पिइएको छ
अथ = त्यसैले
वै = निश्चय नै
अजरामरः = अजर, अमर छ

वाक्यार्थ– हे राजा जनमेजय ! तपाईंले सर्पराज तक्षकलाई मार्न हुँदैन। यसले अमृत पिएको छ, त्यसैले यो अजर र अमर छ।

जीवितं मरणं जन्तोर्गतिः स्वेनैव कर्मणा।
राजंस्ततोऽन्यो नान्यस्य प्रदाता सुखदुःखयोः॥ २५॥

पदार्थ—
राजन् = हे राजा जनमेजय
जन्तोः = प्राणीको
जीवितं = जीवन
मरणं = मृत्यु
गतिः = र लोकलोकान्तरको गति
स्वेन = आफ्नो
कर्मणा एव = कर्मद्वारा नै हुन्छ
अन्यस्य = अरू कसैको
सुखदुःखयोः = सुखदुःखको
प्रदाता = प्रदाता
ततः = त्यो भन्दा
अन्यः = बाहेक
न = हुँदैन

वाक्यार्थ— हे जनमेजय! आ-आफ्नो कर्मअनुसार नै प्राणीहरूको जन्म, मृत्यु र लोक-लोकान्तरमा आवागमन हुन्छ। कर्मभन्दा बाहेक कसैलाई सुखदुःख दिने अरू कुनै कारण छैन।

सर्पचौराग्निविद्युद्भ्यः क्षुत्तृड्व्याध्यादिभिर्नृप।
पञ्चत्वमृच्छते जन्तुर्भुङ्क्ते आरब्धकर्म तत्॥ २६॥

पदार्थ—
नृप = हे राजा जनमेजय
जन्तुः = प्राणी
सर्पचौराग्निविद्युद्भ्यः = सर्प, चोर, आगो, बिजुलीहरूबाट
क्षुत्तृड्व्याध्यादिभिः = भोक, प्यास र रोगहरूबाट
पञ्चत्वं = मृत्युमा
ऋच्छते = प्राप्त हुन्छ
तत् = यो पनि
आरब्धकर्म = प्रारब्धकर्मलाई नै
भुङ्क्ते = भोग्दछ

वाक्यार्थ— हे राजा जनमेजय! संसारका सबै प्राणीहरू सर्प, चोर, आगो, बिजुली आदि उपद्रव तथा भोक, प्यास, रोग आदि कष्टहरूबाट मृत्युमा प्राप्त हुन्छन्। तर सबैले केवल प्रारब्धकर्मलाई नै भोगिरहेका हुन्छन्।

तस्मात् सत्रमिदं राजन् संस्थीयेताभिचारिकम्।
सर्पा अनागसो दग्धा जनैर्दिष्टं हि भुज्यते॥ २७॥

पदार्थ—
राजन् = हे राजा जनमेजय
तस्मात् = त्यसैले
इदं = यो
आभिचारिकं = आभिचारिक
सत्रं = सर्पयज्ञ
संस्थीयेत = यहीं सकियोस्
अनागसः = निरपराध
सर्पाः = सर्पहरू
दग्धाः = डढे
हि = निश्चय नै
जनैः = मानिसहरूद्वारा
दिष्टं = आफ्नो भाग्य नै
भुज्यते = भोगिन्छ

वाक्यार्थ— हे राजा जनमेजय! त्यसैले यो आभिचारिक सर्पयज्ञ अब यहीं रोकिनुपर्दछ। किनभने यहाँ निरपराध अनेक सर्पहरू मारिइसकेका छन्। प्राणीहरूले आ-आफ्नो भाग्य नै भोग्दछन्।

सूत उवाच (सूतजीले भन्नुभयो)

इत्युक्तः स तथेत्याह महर्षेर्मानयन् वचः ।
सर्पसत्राद्‌उपरतः पूजयामास वाक्पतिम् ॥ २८ ॥

पदार्थ–
इति = यसो
उक्तः = भनिएका
सः = तिनले
महर्षेः = देवगुरुको
वचः = वचनलाई
मानयन् = सम्मान गर्दै
तथा इति = त्यसै होस्
आह = भने
सर्पसत्रात् = सर्पयज्ञबाट
उपरतः = उपरत भई
वाक्पतिं = बृहस्पतिलाई
पूजयामास = सत्कार गरे

वाक्यार्थ– देवगुरु बृहस्पतिले यसो भनेपछि राजा जनमेजयले उनको वचनलाई सम्मान गर्दै त्यसै होस् भने। यसपछि उनी सर्पयज्ञबाट उपरत भए र उनले बृहस्पतिलाई सत्कार गरे।

सैषा विष्णोर्महामायाबाध्ययालक्षणा यया ।
मुह्यन्त्यस्यैवात्मभूता भूतेषु गुणवृत्तिभिः ॥ २९ ॥

पदार्थ–
सा एषा = त्यो यस्तो
विष्णोः = भगवान् विष्णुको
अलक्षणा = निश्चितरूपले बताउन नसकिने
महामाया = महामाया हो
अबाध्यया = पूर्णतः नष्ट नहुने
यया = जसको कारणले
अस्य एव = उहाँ भगवान्कै
आत्मभूताः = आत्मस्वरूप भएका जीवहरू
गुणवृत्तिभिः = काम, क्रोध आदि वृत्तिहरूद्वारा
भूतेषु = शरीर आदिमा
मुह्यन्ति = मोहित हुन्छन्

वाक्यार्थ– भगवान् विष्णुको यो महामाया अनिर्वचनीय छ र ज्ञानविना पूर्णतः नष्ट नहुने यही अविद्यारूप मायाका कारणले नै भगवान्का आफ्नै स्वरूपभूत जीवहरू समेत काम, क्रोध आदि वृत्तिका कारण शरीर आदिमा मुग्ध हुन्छन्।

न यत्र दम्भीत्यभया विराजिता मायात्मवादेऽसकृदात्मवादिभिः ।
न यद्विवादो विविधस्तदाश्रयो मनश्च सङ्कल्पविकल्पवृत्ति यत् ॥ ३० ॥

पदार्थ–
दम्भी इति = त्यो दम्भी हो भन्ने बुद्धिमा
माया = दम्भ, कपटको रूपले स्फुरित हुने नै माया हो
आत्मवादिभिः = आत्मवेत्ताहरूद्वारा
असकृत् = निरन्तर
आत्मवादे = आत्मचिन्तन गरिरहँदा
यत्र = जुन परमात्मामा
अभया = निर्भय भई
विराजिता न = प्रकाशित हुन सक्दैन
यत् = जुन परमात्मामा
तदाश्रयः = त्यो मायासम्बन्धी
विविधः = अनेक
विवादः = विवादहरू र
यत् च = जुन
सङ्कल्पविकल्पवृत्तिः = सङ्कल्प, विकल्परूप
मनः न = मन पनि छैन

वाक्यार्थ— यो दम्भी हो भन्ने बुद्धिमा दम्भ, कपटको रूपले स्फुरित हुने नै माया हो। जब आत्मवेत्ताहरू आत्मचर्चा गर्दछन्, तब परमात्माको स्वरूप प्रकाशित हुँदा यो माया चाहिँ अरू समय जस्तो निर्भयरूपले मोह आदि कार्य फैलाएर रहन सक्दैन। परमात्मामा मायासम्बन्धी अनेक विवादहरू एवं सङ्कल्प-विकल्पात्मक मनको पनि प्रवेश छैन, किनभने परमात्मा निर्विषयक हुनुहुन्छ।

न यत्र सृज्यं सृजतोभयोः परं श्रेयश्च जीवस्त्रिभिरन्वितस्त्वहम्।
तदेतदुत्सादितबाध्यबाधकं निषिध्य चोर्मीन् विरमेत् स्वयं मुनिः॥ ३१॥

पदार्थ—
यत्र = जसमा
सृजता = सृष्टि गर्ने कारकहरूले सहित
सृज्यं = कर्म
उभयोः = कर्म र कारक दुबैले
परं = पर रहेको
श्रेयः च = साध्य फल पनि
त्रिभिः = यी कर्म, कारक र फल तीन कुराद्वारा
अन्वितः = युक्त
अहं = अहङ्कारात्मक
जीवः तु = जीव पनि
न = होइन
एतत् = यो आत्मतत्त्व
उत्सादितबाध्यबाधकं = बाध्य-बाधकको भेदभन्दा पर रहेको छ
तत् = त्यसैमा
उर्मीन् = अहङ्कार आदि तरङ्गलाई
निषिध्य = विलीन गरी
मुनिः च = मुनि
स्वयं = आफैँ
विरमेत् = कृतकृत्य बनोस्

वाक्यार्थ— जुन आत्मामा कुनै कर्मलाई सम्पन्न गर्ने कारकहरू र यसबाट प्राप्त हुने परम फल पनि छैन र यी तीनैले युक्त भएको फलभोक्ता अहङ्कारात्मक जीव पनि जो होइन, यो तत्त्व बाध्य र बाधकको भेदभन्दा पर रहेको छ, यसैमा अहङ्कार आदिलाई विलीन गरी मुनि आफैँमा कृतकृत्य बनोस्।

विवरण— यहाँ आत्मतत्त्व बाध्य-बाधकको भेदभन्दा पर रहेको छ र त्यसमा कर्ता, कर्म र फलको भेद छैन भनी आत्मोपदेश गरिएको छ। कर्म गर्दा त्यहाँ मुख्यतया चार वस्तुहरू हुन्छन्, एउटा अहङ्कार अर्थात् जीव, जसमा म कर्ता हुँ र कर्मफलको भोक्ता पनि हुँ भन्ने भाव रहेको हुन्छ। चेतन र जड दुबैको अंश रहेको जीवलाई कर्ता, भोक्ता, प्रमाता पनि भनिन्छ। यसलाई कुनै कुरा जान्न, कुनै काम गर्न भित्री या बाहिरी इन्द्रियको आवश्यकता पर्दछ। यद्यपि नित्य ज्ञानस्वरूप साक्षी आत्मालाई संसारका सबै वस्तुहरू स्वतः प्रकाशित हुन्छन्, तर यो अहङ्कार चाहिँ बिम्बभूत साक्षिचैतन्य नभई अन्तःकरणमा साक्षिचैतन्यको प्रतिबिम्ब पर्दा खडा हुने प्रतिबिम्ब-चैतन्य हो। त्यसैले यसले केही गर्नलाई अन्तःकरण एवं बाहिरी करणहरूको अनिवार्य खोजी गर्दछ। यहाँ विचित्रको कुरा के छ भने आफ्नो वास्तविक साक्षीरूपतालाई भुलिसकेको जीवले अब आफू इन्द्रिय, मनभन्दा भिन्न, यिनीहरूको नियामक हुँ भन्ने पनि बिर्सन्छ र यिनीहरूलाई नै आफू ठान्न थाल्दछ। यस्तो वेलामा इन्द्रियद्वारा जीवले कर्म गरेको नभई स्वयं इन्द्रियहरूले नै कर्म गरेको भन्ने व्यवहार देखिन्छ। आँखाले रूप देख्यो, कानले शब्द सुन्यो आदि भन्दा रूपदर्शनको कर्ता आँखा नै हो र शब्दश्रवणको कर्ता पनि कान हो भने झैँ प्रतीत भइरहेको छ। यो अत्यन्त

अविवेकको अवस्था हो। यसै अवस्थालाई ध्यानमा राखी यहाँ **सृज्य** कर्महरूको **सर्जक** अर्थात् कर्ता भनेर करण-इन्द्रियहरूलाई नै लिइएको छ।

इन्द्रियहरू आ-आफ्ना कर्म गर्दछन्। पाँच ज्ञानेन्द्रियहरूको काम शब्द, स्पर्श, रूप, रस र गन्ध गरी पाँच विषयहरूलाई जान्नु हो, अनि कर्मेन्द्रियहरूको काम चाहिँ कहीं जानु, कुनै वस्तु समात्नु आदि छन्। यसै गरी अन्तःकरणको काम चाहिँ भित्री भावहरू सङ्कल्प, विकल्प गर्ने, निश्चय गर्ने, अहङ्कार गर्ने आदि रहेका छन्। यी सबैमा अध्यास गरी जीवले आफ्नो आत्मशक्ति सबै यिनीहरूमा दिएको छ, त्यसैले अत्यन्त अविवेकीले चाहेर पनि इन्द्रिय आदिको नियन्त्रण गर्न सक्दैन। यदि ऊ इन्द्रियभन्दा अलग तिनको नियामक अहङ्कार मात्र हुन्थ्यो भने पनि त्यसले इन्द्रियहरूलाई नियन्त्रित गर्न सक्थ्यो। त्यसैले इन्द्रिय, मन आदि भन्दा भिन्न अहङ्कार नै आत्मा हो भनेर बुझ्नु पनि राम्रै साधना भएको बुझिन्छ। यसप्रकार आ-आफ्ना कर्महरूलाई कसैको नियन्त्रणविना नै जन्माइरहेका कर्तासमान इन्द्रियहरू, तिनले गर्ने कर्म अनि त्यसद्वारा प्राप्त हुने फल यी तीनै चीज आत्मा होइनन्। अरु यो सबै अविवेकको मूल भएको अहङ्कारी जीव समेत आत्मा होइन भन्ने स्पष्ट हुन्छ।

कर्म, कर्म गर्ने साधन इन्द्रिय र त्यसबाट उत्पन्न हुने फल यी तीनैमा जीव नित्य अनुस्यूत छ। यसैलाई यहाँ **त्रिभिः अन्वितः अहम्** अर्थात् तीनैले अन्वित भएको अहङ्कार भनिएको छ। आत्मा वस्तुतः यी सबैदेखि अतीत छ, जसमा यी चारै भेद कल्पित भएका छन्। यहाँ आत्मालाई **उत्सादितबाध्यबाधकं** भनिएको छ। यसको अर्थ बाध्य र बाधक दुबैदेखि अतीत भन्ने हो। वस्तुतः आत्माले न कसैको बाध गर्दछ, न त त्यसलाई कसैले बाधित गर्न नै सक्छ। यो नित्यसिद्ध स्वयंप्रकाश सत्य वस्तु हो। यद्यपि मायाद्वारा भएको जगत्कल्पनाले आत्माको स्वरूप ढाकिए झैं लाग्छ, तर मायाका जति कार्यहरू थुप्रिए पनि त्यसबाट आत्मा कहिल्यै तिरोहित हुन सक्दैन। स्वयं माया एवं मायाका कार्य पनि यही नित्यसिद्ध चैतन्यकै स्वरूपप्रकाशद्वारा प्रकाशित हुने हुन् भने तिनले आत्मालाई तिरोहित-बाधित गर्न सक्ने कुरै आएन। प्राणीहरूले आफूलाई कर्ता, भोक्ता र प्रमाता जीवको रूपमा बुझे पनि उनीहरूको वास्तविक आत्मरूपता कहिल्यै हराएको छैन, किनभने कर्तृत्व, भोक्तृत्व आदि जीवभावको प्रकाशन गर्ने त्यो आत्मा नित्यसिद्ध छँदैछ। यसरी आफ्नो स्वरूपलाई ढाक्न खोज्ने माया एवं मायाका कार्यहरूलाई समेत प्रकाशित गरी आत्मा सिद्ध नै रहिरहन्छ भन्ने स्पष्ट छ। के डोरीमा सर्प कल्पित भयो भन्दैमा त्यहाँ सर्पद्वारा रज्जुसत्ता बाधित भएको छ र ? ठीक यसै गरी आत्मामै कल्पित भई त्यसकै सत्ताद्वारा प्रकाशित हुने वस्तुद्वारा आत्मा तिरोहित हुन या बाधित हुन असम्भव छ।

आत्मा कसैको बाधक पनि होइन भनिएको छ। उसो भए भ्रमकल्पित संसारको बाध कसरी हुन्छ त भन्ने शङ्काको उत्तर हो— संसारभ्रमको बाध आत्माद्वारा हुने होइन, आत्मज्ञान अर्थात् आत्माकार अन्तःकरणवृत्तिद्वारा हुने हो। यदि आत्माबाट नै संसारभ्रमको बाध हुने भएदेखि त अनादि कालदेखि अहिलेसम्म संसार कसरी अस्तित्ववान् रहिरहन्थ्यो ? त्यो त पहिल्यै बाधित भइसक्नुपर्ने। त्यसैले मुमुक्षुहरूलाई संसारबन्धनबाट मुक्त गर्नका लागि आत्माबाट कुनै सहायता मिल्दैन, आत्माकारवृत्तिकै आवश्यकता पर्दछ। सामान्य अवस्थामा सूर्यको प्रचण्ड तापयुक्त

किरणले सुकेको घाँसको सानो तिन्कोलाई पनि जलाउन सक्दैन, तर त्यही किरणलाई यदि लेन्सद्वारा एकत्रित गरी प्रक्षेपित गर्ने हो भने त्यसले अग्नि उत्पन्न गरिदिन सक्छ। ठिक यसै गरी कूटस्थ आत्मचैतन्यले अज्ञान र त्यसका कार्यलाई पनि नष्ट गर्न सक्दैन, तर त्यही चैतन्य अन्तःकरणवृत्तिमा प्रतिबिम्बित भयो भने त्यसले समस्त भ्रमकल्पनालाई तत्काल भस्म गरिदिन्छ। कूटस्थ आत्मा त संसारको बाधक होइन, बरु साधक भएको देखिन्छ। माया एवं त्यसका कार्य यी सम्पूर्ण भ्रमलाई यही आत्माले त सिद्ध गरिरहेको छ। अरु वास्तवमा आत्माभन्दा भिन्न अर्को कुनै वस्तु सिद्ध गर्नुपर्ने वस्तु नै नभएकाले आत्मा कसैको साधक पनि होइन। जहाँ केवल अद्वितीय आत्मा मात्र छ, त्योभन्दा भिन्न अर्को वस्तु नै छैन भने आत्माले कसलाई सिद्ध गर्ने या जान्ने हुन सक्छ र ? यही कुरा उपनिषद्मा बताइन्छ– **न तु तद्द्वितीयमस्ति ततोऽन्यद् विभक्तं यद् विजानीयात्** (बृहदारण्यकोपनिषद् ४.३.३०)। आत्मामा जगत्साक्षित्व पनि मायाकल्पित नै हो, किनभने यदि साक्ष्य पदार्थ– जगत्, शरीर आदि नभए आत्मा साक्षी हुनै सक्दैन, त्यसैले आत्मा वस्तुतः साक्षी नभई स्वयंसिद्ध ज्ञानस्वरूप तत्त्व मात्र हो। मायिक जगत्को अपेक्षाले आत्मालाई साक्षी, अन्तर्यामी, जगदाधार आदि जे भने पनि त्यो अवास्तविक हुन जान्छ। यसरी वस्तुतः आत्मा कसैको साधक त होइन भने त्यो अद्वितीय तत्त्व अर्काको बाधक या अरूद्वारा बाध्य हुन सम्भव नै छैन। आत्माको यही निरुपाधिक स्वरूपको वर्णन यहाँ गरिएको छ।

परं पदं वैष्णवमामनन्ति तद् यन्नेति नेतीत्यतदुत्सिसृक्षवः।
विसृज्य दौरात्म्यमनन्यसौहृदा हृदोपगुह्यावसितं समाहितैः॥ ३२॥

पदार्थ–	**अनन्यसौहृदाः** = कहीं पनि आसक्ति नभएका मुमुक्षुहरूले	**उपगुह्य** = साक्षात्कार गरी
यत् = जुन	**दौरात्म्यं** = शरीर आदिमा रहेको अहंभावलाई	**अवसितं** = निश्चित गरिएको
तत् = त्यो आत्मतत्त्वलाई	**विसृज्य** = त्यागेर	**परं** = सर्वश्रेष्ठ
नेति नेति इति = पञ्चमहाभूत र माया दुबै होइन भनी	**समाहितैः** = स्थिरचित्त भएकाहरूद्वारा	**वैष्णवं** = भगवान् विष्णु सम्बन्धी
अतदुत्सिसृक्षवः = आत्मभिन्न सम्पूर्ण प्रपञ्चको त्याग गर्न चाहने	**हृदा** = एकाग्र बुद्धिले	**पदं** = निर्विशेष स्वरूप हो भनेर
		आमनन्ति = जान्दछन्

वाक्यार्थ– परमात्मा माया र त्यसको कार्य पञ्चमहाभूत पनि होइन भनी बताउने नेति नेति आदि श्रुतिवचनहरूको आधारमा आत्मभिन्न सम्पूर्ण प्रपञ्चलाई निषेध गर्न खोज्ने र आसक्तिशून्य भएका साधकहरू शरीर आदिमा अहंभावलाई छोडी स्थिरचित्त मुनिहरूद्वारा एकाग्र हृदयले साक्षात्कार गरी निश्चय गरिएको यही परमात्मस्वरूपलाई भगवान् विष्णुको सर्वश्रेष्ठ पद हो भनी बताउँछन्।

त एतदधिगच्छन्ति विष्णोर्यत् परमं पदम्।
अहं ममेति दौर्जन्यं न येषां देहगेहजम्॥ ३३॥

पदार्थ—
येषां = जसको
देहगेहजं = शरीर र घरबाट हुने
अहं = म र
मम इति = मेरो भन्ने
दौर्जन्यं = दुर्भाव
न = छैन
ते = तिनीहरूले नै
विष्णोः = भगवान्को
यत् = जुन
परमं = परम
पदं = अवस्था छ
एतत् = यसलाई
अधिगच्छन्ति = प्राप्त गर्दछन्

वाक्यार्थ— भगवान् विष्णुको परम पदलाई तिनै व्यक्तिहरूले बुझ्न र प्राप्त गर्न सक्दछन्, जसमा शरीर एवं घर आदिबाट हुने म र मेरो भन्ने भाव हुँदैन।

अतिवादांस्तितिक्षेत नावमन्येत कञ्चन।
न चेमं देहमाश्रित्य वैरं कुर्वीत केनचित्॥ ३४॥

पदार्थ—
अतिवादान् = अरूका कठोर वाणीहरूलाई
तितिक्षेत = सहोस्
कञ्चन = कसैलाई पनि
न अवमन्येत = अपमान नगरोस्
इमं = यो
देहं = शरीरलाई
आश्रित्य = अहङ्कार गरी
केनचित् = कोहीसँग पनि
वैरं च = वैरभाव
न कुर्वीत = नगरोस्

वाक्यार्थ— परमात्मतत्त्वलाई प्राप्त गर्न चाहने मानिसले अरू व्यक्तिहरूले बोलेको कठोर वचनलाई सहन गरोस् र आफूले चाहिँ कहिल्यै पनि अरूको अपमान नगरोस्। उसले नाशवान् शरीरमा अहंभाव गरी कुनै व्यक्तिसँग शत्रुता पनि नगरोस्।

नमो भगवते तस्मै कृष्णायाकुण्ठमेधसे।
यत्पादाम्बुरुहध्यानात् संहितामध्यगामिमाम्॥ ३५॥

पदार्थ—
यत्पादाम्बुरुहध्यानात् = जसको चरणकमलको ध्यान गर्नाले
इमां = यो
संहितां = पुराणसंहितालाई
अध्यगां = प्राप्त गरेँ
तस्मै = त्यस्ता
अकुण्ठमेधसे = अनन्त ज्ञानशक्ति भएका
भगवते = भगवान्
कृष्णाय = श्रीकृष्णलाई
नमः = नमस्कार छ

वाक्यार्थ— जुन भगवान्को चरणकमलको ध्यान गर्नाले मैले यो पुराणसंहितालाई प्राप्त गर्न सकेँ, त्यस्ता अनन्त ज्ञानशक्तिसम्पन्न भगवान् श्रीकृष्णलाई नमस्कार छ।

शौनक उवाच (शौनकले भने)

पैलादिभिर्व्यासशिष्यैर्वेदाचार्यैर्महात्मभिः।
वेदाश्च कतिधा व्यस्ता एतत् सौम्याभिधेहि नः॥ ३६॥

पदार्थ—
सौम्य = हे सूतजी
व्यासशिष्यैः = व्यासका शिष्य

वेदाचार्यैः = चारै वेदका आचार्य	**वेदाः** = वेदहरू	**एतत्** = यो कुरा
महात्मभिः = महात्मा	**कतिधाः** = कति प्रकारले	**नः** = हामीलाई
पैलादिभिः च = पैल आदिद्वारा	**व्यस्ताः** = विभाजित गरिए	**अभिधेहि** = बताउनुहोस्

वाक्यार्थ– हे सूतजी ! वेदका आचार्य भएका महात्मा पैल आदि व्यासका शिष्यहरूले वेदलाई कति प्रकारमा विभाजित गरे, यो कुरा हामीलाई बताउनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

समाहितात्मनो ब्रह्मन् ब्रह्मणः परमेष्ठिनः।
हृद्याकाशादभून्नादो वृत्तिरोधाद् विभाव्यते॥ ३७॥

पदार्थ–	**ब्रह्मणः** = ब्रह्माजीको	**अभूत्** = प्रकट भयो
ब्रह्मन् = हे शौनक	**हृदि** = हृदयभित्र	**वृत्तिरोधात्** = बाह्य वृत्तिहरूलाई
समाहितात्मनः = एकाग्र चित्त	**आकाशात्** = हृदयरूप	निरुद्ध गर्नाले (त्यसलाई)
भएका	आकाशबाट नै	**विभाव्यते** = अनुभव गर्न
परमेष्ठिनः = विश्वस्रष्टा	**नादः** = ॐकारको नाद	सकिन्छ

वाक्यार्थ– हे शौनक ! विश्वस्रष्टा ब्रह्माजी जब पूर्व कल्पको सृष्टिलाई सम्झिन एकाग्र चित्त हुनुभयो, तब उहाँको हृदयरूप आकाशमा प्रणवरूपी अनाहत नाद उत्पन्न भयो। यसलाई अहिले पनि योगीहरू बाह्य वृत्तिलाई निरुद्ध गरी अनुभव गर्न सक्दछन्।

यदुपासनया ब्रह्मन् योगिनो मलमात्मनः।
द्रव्यक्रियाकारकाख्यं धूत्वा यान्त्यपुनर्भवम्॥ ३८॥

पदार्थ–	गर्नाले	**मलं** = मललाई
ब्रह्मन् = हे ब्रह्मरूप शौनक	**आत्मनः** = अन्तःकरणको	**धूत्वा** = नष्ट गरी
योगिनः = योगीहरूले	**द्रव्यक्रियाकारकाख्यं** = अधिभूत,	**अपुनर्भवम्** = मोक्षमा
यदुपासनया = जसको उपासना	अध्यात्म र अधिदैवरूपी	**यान्ति** = प्राप्त हुन्छन्

वाक्यार्थ– हे शौनक ! योगीहरू यही प्रणवको नै उपासना गर्दछन् र यसैबाट अन्तःकरणभित्रको अधिभूत, अधिदैव र अध्यात्मरूपी भेदलाई नष्ट गरी मोक्ष प्राप्त गर्दछन्।

ततोऽभूत् त्रिवृदोङ्कारो योऽव्यक्तप्रभवः स्वराट्।
यत्तल्लिङ्गं भगवतो ब्रह्मणः परमात्मनः॥ ३९॥

पदार्थ–	**त्रिवृत्** = तीन मात्राको	**अभूत्** = प्रकट भयो
ततः = यही अनाहत नादबाट	**ओङ्कारः** = ॐकार	**यः** = जो

अव्यक्तप्रभवः = प्रकृतिको उत्पत्तिको कारण र
स्वराट् = स्वयंप्रकाश पनि छ
यत् तत् = जुन यही नै
भगवतः = भगवान्
ब्रह्मणः = ब्रह्म
परमात्मनः = परमात्माको
लिङ्गम् = ज्ञानको साधन हो

वाक्यार्थ– यही अनाहत नादबाट अ, उ म यी तीन मात्राहरूले युक्त भएको व्यक्त ॐकार प्रकट भयो। यही ॐकारको शक्तिबाट नै प्रकृति अव्यक्तबाट व्यक्त रूपमा उत्पन्न भइन् र यो ॐकार परमात्मस्वरूप भएकाले स्वयंप्रकाश पनि छ। ब्रह्मतत्त्व, भगवान् अथवा परमात्मा पनि यही नै एक मात्र ज्ञानको साधन हो।

शृणोति य इमं स्फोटं सुप्तश्रोत्रे च शून्यदृक्।
येन वाग् व्यज्यते यस्य व्यक्तिराकाश आत्मनः॥ ४०॥

पदार्थ–
सुप्तश्रोत्रे च = श्रवणेन्द्रियको शक्ति लुप्त भएपछि
शून्यदृक् = समाधि आदि अवस्थामा सबै वस्तुको अभावलाई पनि जान्ने
यः = जसले
इमं = यो
स्फोटं = अनाहत नादलाई
शृणोति = सुन्दछ
येन = यही नादद्वारा
वाक् = वेदरूप वाणी
व्यज्यते = अभिव्यक्त हुन्छ
यस्य = जुन नादको
आकाशे = हृदयरूप आकाशभित्र
आत्मनः = आत्मतत्त्वसँगसँगै
व्यक्तिः = स्फुरण हुन्छ

वाक्यार्थ– श्रवणेन्द्रियको बाह्य शक्तिलाई भित्र लीन गरेपछि समाधि अवस्थामा सबै वस्तुको अभावलाई पनि प्रकाशित गर्ने आत्मतत्त्वले नै यो अनाहत नादलाई सुन्दछ। यही नादबाट वेदरूपी वाणी अभिव्यक्त हुन्छ भने हृदयरूप आकाशभित्र आत्मतत्त्वसँगै त्यसको स्फुरण हुन्छ।

स्वधाम्नो ब्रह्मणः साक्षाद् वाचकः परमात्मनः।
स सर्वमन्त्रोपनिषद्वेदबीजं सनातनम्॥ ४१॥

पदार्थ–
स्वधाम्नः = आफ्नो आश्रय
ब्रह्मणः = परब्रह्म
परमात्मनः = परमात्माको
साक्षात् = साक्षात्
वाचकः = वाचक भएको
सः = त्यो प्रणव
सनातनं = सनातन रूपमा
सर्वमन्त्रोपनिषद्वेदबीजम् = सबै मन्त्र र उपनिषद्ले युक्त वेदको बीज हो

वाक्यार्थ– आफ्नो आश्रय भएका परब्रह्म परमात्माको साक्षात् वाचक भएको यो प्रणव नै सबैथरी मन्त्र र उपनिषद्ले युक्त भएको वेदको सनातन बीज हो।

तस्य ह्यासंस्त्रयो वर्णा अकाराद्या भृगूद्वह।
धार्यन्ते यैस्त्रयो भावा गुणनामार्थवृत्तयः॥ ४२॥

पदार्थ—
भृगूद्वह = हे भृगुवंशी शौनक
तस्य हि = यो प्रणवको
अकाराद्याः = अकार आदि
त्रयः = तीन
वर्णाः = वर्णहरू
आसन् = छन्
यैः = जसबाट
गुणनामार्थवृत्तयः = सत्त्व आदि गुण, ऋक् आदि नाम, भूः आदि लोक र जाग्रत् आदि वृत्तिहरू समेतका
त्रयः = तीन
भावाः = भावहरू
धार्यन्ते = धारित हुन्छन्

वाक्यार्थ— हे शौनक ! यस ॐकारका अकार आदि तीन वर्णहरू छन् र यसद्वारा क्रमशः सत्त्व, रज र तम यी तीन गुण, ऋक्, यजु र साम यी तीनै वेद, भूः भुवः र स्वः यी तीनै लोक, जाग्रत्, स्वप्न र सुषुप्ति यी तीनै वृत्तिहरू समेतका तीन-तीन भावहरू धारित गरिन्छन्।

ततोऽक्षरसमाम्नायमसृजद् भगवानजः।
अन्तस्थोष्मस्वरस्पर्शह्रस्वदीर्घादिलक्षणम्॥ ४३॥

पदार्थ—
ततः = त्यसपछि
भगवान् = भगवान्
अजः = ब्रह्माजीले
अन्तस्थोष्मस्वरस्पर्शह्रस्व-दीर्घादिलक्षणं = अन्तःस्थ, ऊष्म, स्वर, स्पर्श, ह्रस्व, दीर्घ आदि लक्षणले युक्त
अक्षरसमाम्नायं = वर्णमालाको
असृजत् = सिर्जना गर्नुभयो

वाक्यार्थ— यसपछि भगवान् ब्रह्माजीले यही ओङ्कारबाट अन्तःस्थ, ऊष्म, स्वर, स्पर्श, ह्रस्व, दीर्घ आदि लक्षणले युक्त वर्णमालाको सिर्जना गर्नुभयो।

तेनासौ चतुरो वेदांश्चतुर्भिर्वदनैर्विभुः।
सव्याहृतिकान् सोङ्कारांश्चातुर्होत्रविवक्षया॥ ४४॥

पदार्थ—
असौ = यी
विभुः = ब्रह्माजीले
तेन = त्यही वर्णमालाद्वारा
चातुर्होत्रविवक्षया = चार ऋत्विक्हरूको व्यवस्थाका लागि
चतुर्भिः = चार
वदनैः = मुखहरूबाट
सव्याहृतिकान् = व्याहृति र
सोङ्कारान् = ओङ्कारले सहित
चतुरः = चार
वेदान् = वेदहरू पनि रच्नुभयो

वाक्यार्थ— यसपछि ब्रह्माजीले त्यही वर्णमालाबाट होता, अध्वर्यु, उद्गाता र ब्रह्म यी चार ऋत्विक्हरूको कर्मव्यवस्थाका लागि चार मुखबाट व्याहृति र ओङ्कारले सहित चारै वेदहरूको रचना गर्नुभयो।

पुत्रानध्यापयत् तांस्तु ब्रह्मर्षीन् ब्रह्मकोविदान्।
ते तु धर्मोपदेष्टारः स्वपुत्रेभ्यः समादिशन्॥ ४५॥

पदार्थ–
तान् तु = ती वेदहरूलाई
ब्रह्मर्षीन् = ब्रह्मर्षि
ब्रह्मकोविदान् = वेदाध्ययनमा निपुण भएका
पुत्रान् = मरीचि आदि पुत्रहरूलाई
अध्यापयत् = पढाउनुभयो
धर्मोपदेष्टारः = धर्मोपदेश गर्न समर्थ
ते तु = तिनीहरूले चाहिँ
स्वपुत्रेभ्यः = आफ्ना पुत्रहरूलाई
समादिशन् = उपदेश गरे

वाक्यार्थ– ब्रह्माजीले वेदाध्ययनमा निपुण भएका आफ्ना पुत्र ब्रह्मर्षि मरीचि आदिलाई चारै वेद पढाउनुभयो र धर्मोपदेश गर्न निपुण ती मरीचिहरूले पुत्रहरूलाई यसको उपदेश गरे।

ते परम्परया प्राप्तास्तत्तच्छिष्यैर्धृतव्रतैः।
चतुर्युगेष्वथ व्यस्ता द्वापरादौ महर्षिभिः॥ ४६॥

पदार्थ–
ते = ती वेदहरू
धृतव्रतैः = ब्रह्मचर्यव्रत धारण गर्ने
तत्तच्छिष्यैः = ती–ती शिष्यहरूद्वारा
परम्परया = गुरुपरम्पराबाट
प्राप्ताः = प्राप्त हुँदै आए
अथ = यसपछि
चतुर्युगेषु = चार युगमध्ये
द्वापरादौ = द्वापरयुगको आदिमा
महर्षिभिः = महर्षिहरूद्वारा
(अनेक शाखाको रूपमा)
व्यस्ताः = विभाजन गरिए

वाक्यार्थ– यी वेदहरू ब्रह्मचर्यव्रत धारण गर्ने शिष्यहरूलाई ती–ती गुरुहरूबाट परम्परागत रूपले प्राप्त हुँदै आए र द्वापरयुगको आदिमा महर्षिहरूले यसलाई विभिन्न शाखाको रूपमा विभाजन पनि गरे।

क्षीणायुषः क्षीणसत्त्वान् दुर्मेधान् वीक्ष्य कालतः।
वेदान् ब्रह्मर्षयो व्यस्यन् हृदिस्थाच्युतचोदिताः॥ ४७॥

पदार्थ–
हृदिस्थाच्युतचोदिताः = हृदयभित्र रहेका अन्तर्यामी भगवान्‌बाट प्रेरित
ब्रह्मर्षयः = ब्रह्मर्षिहरूले
कालतः = कालको प्रभावबाट
क्षीणायुषः = आयु क्षीण भएका
क्षीणसत्त्वान् = अल्पशक्ति भएका
दुर्मेधान् = बुद्धि दूषित भएका प्रजाहरूलाई
वीक्ष्य = देखी
वेदान् = वेदमन्त्रहरूलाई
व्यस्यन् = विभक्त गरे

वाक्यार्थ– समयको प्रभावले सबै प्रजाहरू अल्पायु, अल्पशक्ति र अल्पबुद्धि भएको देखी हृदयभित्रका अन्तर्यामी परमात्माबाट प्रेरित भएका महर्षिहरूले यी वेदमन्त्रहरूलाई विभिन्न शाखा–प्रशाखाको रूपमा बाँडे।

अस्मिन्नप्यन्तरे ब्रह्मन् भगवाँल्लोकभावनः।
ब्रह्मेशाद्यैर्लोकपालैर्याचितो धर्मगुप्तये॥ ४८॥

पराशरात् सत्यवत्यामंशांशकलया विभुः।
अवतीर्णो महाभाग वेदं चक्रे चतुर्विधम्॥ ४९॥

पदार्थ—
ब्रह्मन् = हे ब्राह्मण शौनक
अस्मिन् = यही
अन्तरे अपि = वैवस्वत मन्वन्तरमा पनि
ब्रह्मेशाद्यैः = ब्रह्मा, शङ्कर आदि
लोकपालैः = लोकपालहरूद्वारा
धर्मगुप्तये = धर्मरक्षाका लागि
याचितः = प्रार्थना गरिनुभएका
लोकभावनः = लोकरक्षक
विभुः = सर्वव्यापक
भगवान् = भगवान्
पराशरात् = पराशरबाट
सत्यवत्यां = सत्यवतीमा
अंशांशकलया = मायाको शुद्ध सत्त्वप्रधान कलाबाट
अवतीर्णः = अवतीर्ण भएर
महाभाग = हे परम भाग्यवान् शौनक
वेदं = वेदलाई
चतुर्विधं = चार भागमा विभाजित
चक्रे = गरिदिनुभयो

वाक्यार्थ— हे परम भाग्यवान् शौनक ! यही वैवस्वत मन्वन्तरमा पनि लोकरक्षक भगवान्लाई ब्रह्मा, शङ्कर आदि लोकपालहरूले धर्मरक्षाका लागि प्रार्थना गरेपछि सर्वव्यापक भगवान्ले आफ्नो मायाको शुद्ध सत्त्वप्रधान कलाद्वारा पराशर र सत्यवतीबाट द्वैपायन व्यासको रूपमा अवतार लिनुभयो र वेदलाई चार भागमा विभाजित गरिदिनुभयो।

ऋगथर्वयजुःसाम्नां राशीनुद्धृत्य वर्गशः।
चतस्रः संहिताश्चक्रे मन्त्रैर्मणिगणा इव॥ ५०॥

पदार्थ—
मणिगणाः इव = पृथक्-पृथक् मणिहरूलाई झैँ
वर्गशः = प्रकरण अनुसार
राशीन् = एकै प्रकारका मन्त्रहरूलाई
उद्धृत्य = चयन गरी
मन्त्रैः = मन्त्रहरूद्वारा
ऋगथर्वयजुःसाम्नां = ऋक्, अथर्व, यजुः र साम यिनीहरूको
चतस्रः = चार
संहिताः = संहिता
चक्रे = बनाउनुभयो

वाक्यार्थ— मणिको समूहबाट अलग-अलग मणिहरूलाई छुट्टाछुट्टै राखे झैँ वेदमन्त्रका समूहबाट पनि अलग-अलग प्रकारका मन्त्रहरूलाई छुट्याएर त्यसबाट ऋक्, अथर्व, यजुः र साम चार संहिता बनाउनुभयो।

तासां स चतुरः शिष्यानुपाहूय महामतिः।
एकैकां संहितां ब्रह्मन्नेकैकस्मै ददौ विभुः॥ ५१॥

पदार्थ—
ब्रह्मन् = हे ब्राह्मण शौनक
महामतिः = परमज्ञानी
विभुः = सर्वसमर्थ
सः = उहाँ(व्यास)ले
चतुरः = चार
शिष्यान् = शिष्यहरूलाई
उपाहूय = नजिक बोलाई
तासां = ती संहितामध्ये

एकैकां = एक-एक
संहितां = संहिता
एकैकस्मै = एक-एक जनालाई
ददौ = दिनुभयो

वाक्यार्थ– सर्वसमर्थ एवं परमज्ञानी भगवान् वेदव्यासले आफ्ना चार शिष्यहरूलाई बोलाई ती संहिताहरूमध्ये एक-एक संहिता एक-एकजनालाई प्रदान गर्नुभयो।

पैलाय संहितामाद्यां बह्वृचाख्यां उवाच ह।
वैशम्पायनसंज्ञाय निगदाख्यं यजुर्गणम्॥ ५२॥

पदार्थ–
ह = निश्चय नै
पैलाय = पैलनामक शिष्यलाई
बह्वृचाख्यां = बह्वृच नामक
आद्यां = पहिलो
संहितां = ऋक्संहिता र
वैशम्पायनसंज्ञाय = वैशम्पायनलाई
निगदाख्यं = निगद नाम गरेको
यजुर्गणं = यजुःसंहिता
उवाच = बताउनुभयो

वाक्यार्थ– उहाँले पैल नामक शिष्यलाई पहिलो बह्वृच नामक ऋक्संहिता र वैशम्पायन नामक शिष्यलाई निगद नामक यजुःसंहिताको उपदेश गर्नुभयो।

साम्नां जैमिनये प्राह तथा छन्दोगसंहिताम्।
अथर्वाङ्गिरसीं नाम स्वशिष्याय सुमन्तवे॥ ५३॥

पदार्थ–
साम्नां = सामवेदका
छन्दोगसंहितां = छन्दोगसंहिता
जैमिनये = जैमिनिलाई
तथा = तथा
स्वशिष्याय = आफ्ना शिष्य
सुमन्तवे = सुमन्तुलाई
अथर्वाङ्गिरसीं नाम = अथर्वाङ्गिरस नामक संहिता
प्राह = बताउनुभयो

वाक्यार्थ– उहाँले आफ्ना शिष्य जैमिनिलाई सामवेदको छन्दोगसंहिता र सुमन्तुलाई चाहिँ अथर्वाङ्गिरस संहिताको उपदेश गर्नुभयो।

पैलः स्वसंहितामूचे इन्द्रप्रमितये मुनिः।
बाष्कलाय च सोऽप्याह शिष्येभ्यः संहितां स्वकाम्॥ ५४॥
चतुर्धा व्यस्य बोध्याय याज्ञवल्क्याय भार्गव।
पराशरायाग्निमित्रे इन्द्रप्रमितिरात्मवान्॥ ५५॥
अध्यापयत् संहितां स्वां माण्डूकेयमृषिं कविम्।
तस्य शिष्यो देवमित्रः सौभर्यादिभ्य ऊचिवान्॥ ५६॥

पदार्थ—
भार्गव = हे भृगुवंशी शौनक
मुनिः = मुनि
पैलः = पैलले
इन्द्रप्रमितये = इन्द्रप्रमिति र
बाष्कलाय च = बाष्कललाई
स्वसंहितां = आफ्नो संहिता
ऊचे = उपदेश गरे
सः अपि = ती बाष्कलले पनि
स्वकां = आफ्नो
संहितां = संहिता
चतुर्धा = चार भागमा
व्यस्य = बाँडेर
बोध्याय = बोध्य
याज्ञवल्क्याय = याज्ञवल्क्य
पराशराय = पराशर र
अग्निमित्रे = अग्निमित्र
शिष्येभ्यः = यी शिष्यहरूलाई
आह = उपदेश गरे
आत्मवान् = इन्द्रियसंयमी
इन्द्रप्रमितिः = इन्द्रप्रमितिले
स्वां = आफ्नो
संहितां = संहिता
कविं = प्रतिभाशाली
माण्डूकेयं = माण्डूकेय
ऋषिं = ऋषिलाई
अध्यापयत् = पढाए
तस्य = तिनका
शिष्यः = शिष्य
देवमित्रः = देवमित्रले
सौभर्यादिभ्यः = सौभरी आदिलाई
ऊचिवान् = बताए

वाक्यार्थ— हे शौनक ! पैल मुनिले आफ्नो संहिता इन्द्रप्रमिति र बाष्कललाई उपदेश गरे। तीमध्ये बाष्कलले आफ्नो संहितालाई चार भागमा बाँडी आफ्ना शिष्य बोध्य, याज्ञवल्क्य, पराशर र अग्निमित्र यिनीहरूलाई उपदेश गरे। यसै गरी इन्द्रियसंयमी इन्द्रप्रमितिले चाहिँ आफ्नो प्रतिभाशाली शिष्य माण्डूकेयलाई संहिता पढाए र माण्डूकेयका शिष्य देवमित्रले चाहिँ त्यसको उपदेश सौभरी आदिलाई गरे।

शाकल्यस्तत्सुतः स्वां तु पञ्चधा व्यस्य संहिताम्।
वात्स्यमुद्गलशालीयगोखल्यशिशिरेष्वधात्॥ ५७॥

पदार्थ—
तत्सुतः = ती माण्डूकेयका छोरा
शाकल्यः तु = शाकल्यले चाहिँ
स्वां = आफ्नो
संहितां = संहितालाई
पञ्चधा = पाँच भागमा
व्यस्य = विभक्त गरी
वात्स्यमुद्गलशालीयगोखल्यशिशिरेषु = वात्स्य, मुद्गल, शालीय, गोखल्य र शिशिरलाई
अधात् = उपदेश गरिदिए

वाक्यार्थ— माण्डूकेयका छोरा शाकल्यले चाहिँ आफ्नो संहितालाई पाँच भागमा विभक्त गरी वात्स्य, मुद्गल, शालीय, गोखल्य र शिशिरलाई उपदेश गरिदिए।

जातूकर्ण्यश्च तच्छिष्यः सनिरुक्तां स्वसंहिताम्।
बलाकपैजवैतालविरजेभ्यो ददौ मुनिः॥ ५८॥

पदार्थ—
तच्छिष्यः = ती शाकल्यका शिष्य
मुनिः = ऋषि
जातूकर्ण्यः च = जातूकर्ण्यले चाहिँ
सनिरुक्तां = निरुक्तले सहित
स्वसंहितां = आफ्ना तीन संहिता
बलाकपैजवैतालविरजेभ्यः = बलाक, पैज, वैताल र विरज नामक शिष्यहरूलाई
ददौ = दिए

वाक्यार्थ– शाकल्यका शिष्य जातूकर्ण्यले आफ्ना शिष्य बलाक, पैज, वैताल र विरजलाई वेदका तीन संहिता र निरुक्तको उपदेश गरे।

बाष्कलिः प्रतिशाखाभ्यो वालखिल्याख्यसंहिताम्।
चक्रे बालायनिर्भज्यः काशारश्चैव तां दधुः॥ ५९॥

पदार्थ–	**वालखिल्याख्यसंहितां** =	**बालायनिः** = बालायनि
बाष्कलिः = बाष्कलिले	वालखिल्यनामक संहिता	**भज्यः** = भज्य र
प्रतिशाखाभ्यः = सबै	**चक्रे** = रचे	**काशारः च एव** = काशारले
शाखाहरूबाट	**तां** = त्यसलाई	**दधुः** = ग्रहण गरे

वाक्यार्थ– बाष्कलका पुत्र बाष्कलिले सबै शाखाहरूबाट मन्त्रहरू निकाली वालखिल्यनामक संहिताको रचना गरे र त्यस संहितालाई बालायनि, भज्य र काशारले ग्रहण गरे।

बह्वृचाः संहिता ह्येता एभिर्ब्रह्मर्षिभिर्धृताः।
श्रुत्वैतच्छन्दसां व्यासं सर्वपापैः प्रमुच्यते॥ ६०॥

पदार्थ–	**एभिः** = यी	**व्यासं** = संहिताविभाजनलाई
हि = निश्चय नै	**ब्रह्मर्षिभिः** = ब्रह्मर्षिहरूद्वारा	**श्रुत्वा** = सुनेर
एताः = यी	**धृताः** = धारण गरिएका हुन्	**सर्वपापैः** = सबै पापबाट
बह्वृचाः = ऋग्वेदसम्बन्धी	**एतत्** = यो	**प्रमुच्यते** = मुक्त हुन्छ
संहिताः = संहिताहरू	**छन्दसां** = वेदहरूको	

वाक्यार्थ– यसप्रकार यी ब्रह्मर्षिहरूले ऋग्वेदसम्बन्धी यी बह्वृच संहिताहरूलाई धारण गरेका हुन्। यसरी वेदको संहिताविभागलाई सुन्नाले व्यक्ति सबै पापबाट मुक्त हुन्छ।

वैशम्पायनशिष्या वै चरकाध्वर्यवोऽभवन्।
यच्चेरुर्ब्रह्महत्यांहः क्षपणं स्वगुरोर्व्रतम्॥ ६१॥

पदार्थ–	नामका	पापलाई
वै = निश्चय नै	**अभवन्** = भए	**क्षपणं** = क्षीण गर्ने
वैशम्पायनशिष्याः =	**यत्** = किनभने	**व्रतं** = व्रत
वैशम्पायनका शिष्य	**स्वगुरोः** = आफ्ना गुरुको	**चेरुः** = गरेका थिए
चरकाध्वर्यवः = चरकाध्वर्यु	**ब्रह्महत्यांहः** = ब्रह्महत्याको	

वाक्यार्थ– वैशम्पायनका शिष्य चरकाध्वर्यु नामका थिए। आफ्ना गुरुको ब्रह्महत्यारूप पापको प्रायश्चित्तका लागि व्रत गरेको हुनाले यिनीहरूलाई चरकाध्वर्यु भनिएको हो।

याज्ञवल्क्यश्च तच्छिष्य आहाहो भगवन् कियत्।
चरितेनाल्पसाराणां चरिष्येऽहं सुदुश्चरम्॥ ६२॥

पदार्थ—
तच्छिष्यः = तिनका शिष्य
याज्ञवल्क्यः च = याज्ञवल्क्यले
आह = भने
भगवन् = भगवान्
अहो = आश्चर्य छ
अल्पसाराणां = थोरै शक्ति भएकाहरूको
चरितेन = व्रतआचरणले
कियत् = के नै होला
अहं = म
सुदुश्चरं = अत्यन्त कठिन तपस्या
चरिष्ये = गर्नेछु

वाक्यार्थ— वैशम्पायनका शिष्य याज्ञवल्क्यले तिनीहरूलाई देखी आफ्ना गुरुलाई 'हे भगवान् ! यी थोरै शक्ति भएका ऋषिकुमारहरूको व्रतले के होला र ? म अत्यन्त कठिन तपस्या गर्नेछु' भने।

इत्युक्तो गुरुरप्याह कुपितो याह्यलं त्वया।
विप्रावमन्त्रा शिष्येण मदधीतं त्यजाश्विति॥ ६३॥

पदार्थ—
इति उक्तः = यसो भनिएका
कुपितः = रिसाएका
गुरुः अपि = गुरुले पनि
त्वया = तँ जस्ता
विप्रावमन्त्रा = ब्राह्मणको अपमान गर्ने
शिष्येण = शिष्यले
अलं = पुग्यो
याहि = जा
मदधीतं = मबाट पढेको वेद
आशु = अहिल्यै
त्यज इति = छाडिदे
आह = यसो भने

वाक्यार्थ— याज्ञवल्क्यले यसो भनेपछि गुरुले अत्यन्त रिसाएर भने— 'तँ जस्तो ब्राह्मणहरूको अपमान गर्ने शिष्य मलाई चाहिँदैन। मबाट पढेको वेद तत्काल त्यागी तँ अहिल्यै जा।'

देवरातसुतः सोऽपि छर्दित्वा यजुषां गणम्।
ततो गतोऽथ मुनयो ददृशुस्तान् यजुर्गणान्॥ ६४॥

पदार्थ—
सः = ती
देवरातसुतः अपि = देवरातका छोराले पनि
यजुषां गणं = यजुर्वेदका मन्त्रसमूहलाई
छर्दित्वा = छादिदिएर
ततः = त्यहाँबाट
गतः = गए
अथ = त्यसपछि
मुनयः = मुनिहरूले
तान् = ती
यजुर्गणान् = यजुर्वेदका मन्त्रका समूहलाई
ददृशुः = देखे

वाक्यार्थ— देवरातका पुत्र याज्ञवल्क्यले पनि यजुर्वेदका सबै मन्त्रसमूहलाई वमन गरिदिए र त्यहाँबाट गए। त्यसपछि त्यहाँ रहेका मुनिहरूले ती त्यागिएका यजुर्वेदका मन्त्रहरूलाई देखे।

यजूंषि तित्तिरा भूत्वा तल्लोलुपतयाददुः ।
तैत्तिरीया इति यजुः शाखा आसन् सुपेशलाः ॥ ६५ ॥

पदार्थ–
तल्लोलुपतया = त्यसलाई लिने लालचले (मुनिहरूले)
तित्तिराः = तित्रा
भूत्वा = भएर
यजूंषि = यजुर्मन्त्रहरूलाई
आददुः = ग्रहण गरे (ती मन्त्रलाई)
तैत्तिरीयाः इति = तैत्तिरीय नामक
सुपेशलाः = रमणीय
यजुः शाखाः = यजुर्वेदको शाखा
आसन् = यसैबाट भए

वाक्यार्थ– मुनिहरूले वमन गरिएको यजुर्मन्त्रलाई लिने लालचले तित्राको रूप धारण गरे र त्यसलाई ग्रहण गरे। यसै कारणले यजुर्वेदको त्यो रमणीय शाखा तैत्तिरीय नामको भयो।

याज्ञवल्क्यस्ततो ब्रह्मंश्छन्दांस्यधिगवेषयन् ।
गुरोरविद्यमानानि सूपतस्थेऽर्कमीश्वरम् ॥ ६६ ॥

पदार्थ–
ब्रह्मन् = हे ब्राह्मण शौनक
ततः = त्यसपछि
याज्ञवल्क्यः = याज्ञवल्क्यले
गुरोः = आफ्ना गुरुमा पनि
अविद्यमानानि = नभएका
छन्दांसि = वेदमन्त्रहरूको
अधिगवेषयन् = अन्वेषण गर्दै
ईश्वरं = भगवान्
अर्कम् = सूर्यलाई
सूपतस्थे = भक्तिपूर्वक उपस्थान गरे

वाक्यार्थ– हे शौनक ! त्यसपछि याज्ञवल्क्यले आफ्ना गुरु वैशम्पायनसँग पनि नभएका वेदमन्त्रहरूको अन्वेषण गरे र त्यसका प्राप्तिका लागि उनले भक्तिपूर्वक भगवान् सूर्यदेवको उपस्थान गरे।

याज्ञवल्क्य उवाच (याज्ञवल्क्यले भने)

ॐ नमो भगवते आदित्यायाखिलजगतामात्मस्वरूपेण कालस्वरूपेण चतुर्विधभूतनिकायानां ब्रह्मादिस्तम्बपर्यन्तानामन्तर्हृदयेषु बहिरपि चाकाश इवोपाधिनाव्यवधीयमानो भवानेक एव क्षणलवनिमेषावयवोपचितसंवत्सर-गणेनापामादानविसर्गाभ्यामिमां लोकयात्रामनुवहति ॥ ६७ ॥

पदार्थ–
ॐ = ॐकारस्वरूप
भगवते = भगवान्
आदित्याय = आदित्यलाई
नमः = नमस्कार छ
भवान् = हजुर
एकः एव = एउटैले
अखिलजगतां = सम्पूर्ण जगत्को
चतुर्विधभूतनिकायानां = चारथरी प्राणीसमूहहरूको
ब्रह्मादिस्तम्बपर्यन्तानां = ब्रह्मादेखि तृणसम्म सबैका
अन्तर्हृदयेषु च = हृदयभित्र
आत्मस्वरूपेण = आत्मस्वरूपले
आकाशः इव = आकाश झैं

उपाधिना = अन्तःकरणरूप उपाधिले
अव्यवधीयमानः = असङ्ग भई रहनुहुन्छ
बहिः अपि = बाहिर पनि
कालस्वरूपेण = कालस्वरूपले
क्षणलवनिमेषावयवोपचित-संवत्सरगणेन = क्षण, लव, निमेष आदि अवयवद्वारा बन्ने संवत्सरसमूहको रूपले
अपां = जलको
आदानविसर्गाभ्यां = आकर्षण र विकर्षणद्वारा पनि
इमां = यो
लोकयात्रां = लोकयात्रालाई
अनुवहति = चलाउनुहुन्छ

वाक्यार्थ— ओङ्कारस्वरूप भगवान् सूर्यलाई नमस्कार छ। हजुर वास्तवमा अद्वितीय ब्रह्मतत्त्व भएर पनि सम्पूर्ण जगत्का आत्मा एवं कालस्वरूप हुनुहुन्छ। ब्रह्मादेखि तृणपर्यन्तका स्वेदज, उद्भिज्ज, अण्डज, जरायुज यी चारथरी प्राणीहरूका हृदयभित्र हजुर आत्मरूपले रहनुहुन्छ र त्यहाँ रहँदा अन्तःकरणका धर्मद्वारा नछोई आकाश जस्तै असङ्ग रहनुहुन्छ। त्यसै गरी बाहिर पनि हजुर कालस्वरूपले रहनुहुन्छ र क्षण, लव, निमेष आदि अवयवद्वारा बनेको संवत्सरको रूपले अनि जलको आकर्षण विकर्षण आदि क्रियाद्वारा हजुरले प्राणीहरूको जीवनयात्रालाई चलाउनुहुन्छ।

यदु ह वाव विबुधर्षभ सवितरदस्तपत्यनुसवनमहरहराम्नाय-विधिनोपतिष्ठमानानामखिलदुरितवृजिनबीजावभर्जन भगवतः समभिधीमहि तपनमण्डलम्॥ ६८॥

पदार्थ—
अहरहः = दिनदिनै
अनुसवनं = तीनै काल
आम्नायविधिना = वेदविधिद्वारा
उपतिष्ठमानानां = उपासना गर्नेवाला प्राणीहरूको
अखिलदुरितवृजिनबीजावभर्जन = सम्पूर्ण पाप र दुःखका बीज भएको अज्ञानलाई नष्ट गरिदिने
विबुधर्षभ = देवश्रेष्ठ
सवितः = हे सूर्यदेव
यत् उ ह = जुन
अदः = त्यहाँ
तपति = प्रकाशित हुन्छ
वाव = त्यही
भगवतः = भगवान्को
तपनमण्डलं = तापमण्डललाई
समभिधीमहि = ध्यान गर्दछौँ

वाक्यार्थ— हे देवश्रेष्ठ सूर्यदेव ! वेदज्ञहरू दिनदिनै तीनै काल वेदविधिद्वारा हजुरको उपासना गर्दछन् र त्यस्ता उपासकहरूको सम्पूर्ण पाप र दुःखका बीजभूत अज्ञानलाई तपाईं नष्ट गरिदिनुहुन्छ। त्यस्तो हजुरको जुन प्रकाशमान मण्डल देखिन्छ, हामी त्यही चैतन्यस्वरूप सूर्यमण्डलको ध्यान गर्दछौँ।

य इह वाव स्थिरचरनिकराणां निजनिकेतनानां मनइन्द्रियासु-गणाननात्मनः स्वयमात्मान्तर्यामी प्रचोदयति॥ ६९॥

पदार्थ—
वाव = निश्चय नै
इह = यस संसारमा
स्वयं = आफैँ
अन्तर्यामी = अन्तर्यामी
आत्मा = आत्मा
यः = जसले
निजनिकेतनानां = आफूमा आश्रित भएका

स्थिरचरनिकराणां = चर अचर प्राणीहरूका
अनात्मनः = अचेतन
मनइन्द्रियासुगणान् = मन, इन्द्रिय र प्राणको समूह
प्रचोदयति = प्रेरित गर्नुहुन्छ

वाक्यार्थ– हजुर साक्षात् अन्तर्यामी आत्मा हुनुहुन्छ। हजुरले नै आफैंमा आश्रित भएका सम्पूर्ण चराचर प्राणीहरूका अचतेन मन, इन्द्रिय र प्राण आदिलाई चेतन झैं प्रेरित गर्नुहुन्छ।

य एवेमं लोकमतिकरालवदनान्धकारसंज्ञाजगरग्रहगिलितं मृतकमिव विचेतनमवलोक्यानुकम्पया परमकारुणिक ईक्षयैवोत्थाप्याहरहरनुसवनं श्रेयसि स्वधर्माख्यात्मावस्थाने प्रवर्तयत्यवनिपतिरिवासाधूनां भयमुदीरयन्नटति ॥ ७० ॥

पदार्थ–
परमकारुणिक = हे परमकारुणिक भगवान्
यः एव = जुन हजुरले नै
अतिकरालवदनान्धकारसंज्ञा-जगरग्रहगिलितं = अत्यन्त भयङ्कर अन्धकाररूपी अजिङ्गरको मुखभित्र निलिएको
मृतकं इव = मरे झैं
विचेतनं = अचेतन भएको
इमं = यो
लोकं = संसारलाई
अवलोक्य = देखेर
अनुकम्पया = करुणापूर्वक
ईक्षया एव = हेराइ मात्रले
अहरहः = दिनदिनै
उत्थाप्य = उठाएर
अनुसवनं = तीनै काल
स्वधर्माख्यात्मावस्थाने = आत्माविमुख धर्मस्वरूप
श्रेयसि = परम कल्याणमा
प्रवर्तयति = प्रेरित गर्नुहुन्छ
असाधूनां = दुष्टहरूमा
भयं = भय
उदीरयन् = उत्पन्न गर्दै
अवनिपतिः इव = राजा झैं
अटति = घुम्नुहुन्छ

वाक्यार्थ– परमकरुणामय हजुरले नै दिनदिनै रातमा सम्पूर्ण संसारलाई अत्यन्त भयङ्कर अन्धकाररूपी अजिङ्गरको मुखभित्र निलिएको र मरे झैं अचेतन भएको देखेर कृपापूर्वक आफ्नो हेराइले नै उठाउनुहुन्छ र तीनै कालमा आत्माभिमुख हुने परमकल्याणरूप धर्ममा प्राणीहरूलाई प्रवृत्त गर्नुहुन्छ र सँगसँगै चोर आदि दुष्टहरूमा भय उत्पन्न गर्दै राजाले झैं संसारभर घुम्नुहुन्छ।

परित आशापालैस्तत्र तत्र कमलकोशाञ्जलिभिरुपहृताहर्णः ॥ ७१ ॥

पदार्थ–
तत्र तत्र = ती-ती ठाउँमा
आशापालैः = दिक्पालहरूद्वारा
परितः = चारैतिरबाट
कमलकोशाञ्जलिभिः = कमलको कोपिलाजस्ता अञ्जलिहरूद्वारा
उपहृताहर्णः = उपहार अर्पण गरिनुहुन्छ

वाक्यार्थ– हजुर जताजता जानुहुन्छ, त्यता-त्यता दिक्पालहरूले कमलका कोपिला जस्ता अञ्जुलि बनाई हजुरलाई चारैतिरबाट उपहार अर्पण गर्दछन्।

अथ ह भगवंस्तव चरणनलिनयुगलं त्रिभुवनगुरुभिर्वन्दितमहमयात-यामयजुःकाम उपसरामीति ॥ ७२ ॥

पदार्थ—
भगवन् = हे भगवान्
अथ = यसपछि
ह = निश्चय नै
अयातयामयजुःकामः = अरूले अहिलेसम्म नजानेका यजुर्मन्त्रलाई प्राप्त गर्न चाहने
अहं = म
त्रिभुवनगुरुभिः = तीनै लोकका श्रेष्ठ पुरुषहरूद्वारा पनि
वन्दितं = वन्दना गरिएको
तव = हजुरको
चरणनलिनयुगलं = चरणारविन्दको जोडीलाई
उपसरामि इति = शरण लिन्छु

वाक्यार्थ— हे भगवान् ! हजुरको महिमा अपार भएकाले अहिलेसम्म अरू कसैले प्राप्त नगरेको यजुर्मन्त्रको आशा राखी म पनि हजुरको त्यही चरणारविन्दयुगलको शरणमा आएको छु, जसलाई त्रिभुवनभरका श्रेष्ठ पुरुषहरूले वन्दना गर्ने गर्दछन्।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं स्तुतः स भगवान् वाजिरूपधरो हरिः।
यजूंष्ययातयामानि मुनयेऽदात् प्रसादितः॥ ७३॥

पदार्थ—
एवं = यसप्रकार
स्तुतः = स्तुति गरिएका
प्रसादितः = प्रसन्न हुनुभएका
वाजिरूपधरः = अश्वरूपधारी
सः = ती
हरिः = सूर्य
भगवान् = भगवान्ले
मुनये = याज्ञवल्क्य मुनिलाई
अयातयामानि = अरूले नजानेका
यजूंषि = यजुर्मन्त्रहरू
अदात् = दिनुभयो

वाक्यार्थ— यसरी याज्ञवल्क्यले स्तुति गरिसकेपछि भगवान् सूर्य प्रसन्न हुनुभयो र उहाँले अश्वरूप धारण गरी ती मुनिलाई अरूले नजानेका यजुर्मन्त्रहरू प्रदान गर्नुभयो।

यजुर्भिरकरोच्छाखा दश पञ्च शतैर्विभुः।
जगृहुर्वाजसन्यस्ताः काण्वमाध्यन्दिनादयः॥ ७४॥

पदार्थ—
विभुः = सर्वसमर्थ याज्ञवल्क्यले
शतैः = (सयौँ) असंख्य
यजुर्भिः = यजुर्मन्त्रहरूद्वारा
दश पञ्च = पन्ध्रवटा
वाजसन्यः = वाजसनेय
शाखाः = शाखा
अकरोत् = बनाए
ताः = ती शाखाहरूलाई
काण्वमाध्यन्दिनादयः = काण्व, माध्यन्दिन आदि ऋषिहरूले
जगृहुः = ग्रहण गरे

वाक्यार्थ— समर्थ याज्ञवल्क्यमुनिले असंख्य मन्त्रहरूद्वारा वाजसनेय नामका पन्ध्रशाखा बनाए र ती शाखाहरूलाई काण्व, माध्यन्दिन आदि ऋषिहरूले ग्रहण गरे।

जैमिनेः सामगस्यासीत् सुमन्तुस्तनयो मुनिः।
सुन्वांस्तु तत्सुतस्ताभ्यामेकैकां प्राह संहिताम्॥ ७५॥

पदार्थ—
सामगस्य = सामगान गर्ने
जैमिनेः = जैमिनिका
तनयः = छोरा
मुनिः = मुनि
सुमन्तुः = सुमन्तु
आसीत् = थिए
तत्सुतः तु = ती सुमन्तुका छोरा चाहिँ
सुन्वान् = सुन्वान् थिए
ताभ्यां = ती दुबैलाई
एकैकां = एक-एक
संहितां = संहिता
प्राह = बताए

वाक्यार्थ— सामगान गर्ने जैमिनिका छोरा सुमन्तु मुनि र तिनका छोरा सुन्वान् थिए। ती दुबैलाई जैमिनिले एक-एक संहिता पढाए।

सुकर्मा चापि तच्छिष्यः सामवेदतरोर्महान्।
सहस्रसंहिताभेदं चक्रे साम्नां ततो द्विज ॥ ७६ ॥

पदार्थ—
ततः = त्यसै गरी
तच्छिष्यः = ती जैमिनिका शिष्य
महान् = परमप्रभावशाली
साम्नां द्विजः च = सामवेदलाई जान्ने ब्राह्मण
सुकर्मा अपि = सुकर्माले पनि
सामवेदतरोः = सामवेदरूपी वृक्षको
सहस्रसंहिताभेदं = हजारसंहिताभेद
चक्रे = बनाए

वाक्यार्थ— यसै गरी जैमिनिमुनिका एक परमप्रभावशाली शिष्य सुकर्मा सामवेदका विद्वान् थिए। उनले सामवेदरूपी वृक्षका हजार संहितारूपी शाखा बनाए।

हिरण्यनाभः कौसल्यः पौष्यञ्जिश्च सुकर्मणः।
शिष्यौ जगृहतुश्चान्य आवन्त्यो ब्रह्मवित्तमः ॥ ७७ ॥

पदार्थ—
सुकर्मणः = सुकर्माका
शिष्यौ = दुई शिष्य
कौसल्यः = कोसलनिवासी
हिरण्यनाभः = हिरण्यनाभ र
पौष्यञ्जिः च = पौष्यञ्जिले पनि
जगृहतुः = त्यसलाई ग्रहण गरे
अन्यः = अर्का शिष्य
ब्रह्मवित्तमः = ब्रह्मवेत्ता
आवन्त्यः च = आवन्त्यले पनि ग्रहण गरे

वाक्यार्थ— सुकर्माका तीन शिष्य थिए, कोसल देशनिवासी हिरण्यनाभ, पौष्यञ्जि र श्रेष्ठ ब्रह्मज्ञानी आवन्त्य। यी तीनै जनाले ती सामवेदका शाखाहरूलाई ग्रहण गरे।

उदीच्याः सामगाः शिष्या आसन् पञ्चशतानि वै।
पौष्यञ्ज्यावन्त्ययोश्चापि तांश्च प्राच्यान् प्रचक्षते ॥ ७८ ॥

पदार्थ—
वै = निश्चय नै
पौष्यञ्ज्यावन्त्ययोः च = पौष्यञ्जि र आवन्त्यका
पञ्चशतानि = पाँच सय जना
उदीच्याः = उत्तरदेशनिवासी
सामगाः = सामगान गर्ने
शिष्याः = शिष्यहरू
आसन् = थिए
तान् च = तिनीहरूलाई
प्राच्यान् अपि = प्राच्य पनि
प्रचक्षते = भनिन्छ

वाक्यार्थ– पौष्यञ्जि र आवन्त्यका शिष्य पाँच सय जना थिए। ती उत्तरदेशनिवासी सामगान गर्ने विद्वान्हरूलाई प्राच्य सामवेदी पनि भनिन्छ।

लौगाक्षिर्माङ्गलिः कुल्यः कुशीदः कुक्षिरेव च।

पौष्यञ्जिशिष्या जगृहुः संहितास्ते शतं शतम्॥ ७९॥

पदार्थ–
लौगाक्षिः = लौगाक्षि
माङ्गलिः = माङ्गलि
कुल्यः = कुल्य
कुशीदः = कुशीद
कुक्षिः च = कुक्षिसमेत
ते = ती
पौष्यञ्जिशिष्याः एव = पौष्यञ्जिका शिष्यहरूले नै
शतं शतं = सय-सय
संहिताः = संहिताहरू
जगृहुः = ग्रहण गरे

वाक्यार्थ– पौष्यञ्जिका लौगाक्षि, माङ्गलि, कुल्य, कुशीद र कुक्षिसमेत गरी अरू पनि शिष्यहरू थिए। यी सबैले पौष्यञ्जिबाट सय-सय संहिताको अध्ययन गरे।

कृतो हिरण्यनाभस्य चतुर्विंशति संहिताः।

शिष्य ऊचे स्वशिष्येभ्यः शेषा आवन्त्य आत्मवान्॥ ८०॥

पदार्थ–
हिरण्यनाभस्य = हिरण्यनाभका
शिष्यः = शिष्य
कृतः = कृतले
स्वशिष्येभ्यः = आफ्ना शिष्यहरूलाई
चतुर्विंशति = चौबीस
संहिताः = संहिताको
ऊचे = उपदेश गरे
आत्मवान् = आत्मज्ञ
आवन्त्यः = आवन्त्यले चाहिँ
शेषाः = अरू बाँकी रहेका संहिताहरू बताए

वाक्यार्थ– हिरण्यनाभका शिष्य कृतले आफ्ना शिष्यहरूलाई चौबीस संहिताको उपदेश गरे भने बाँकी रहेका सामवेदका अरू संहितालाई आत्मज्ञ आवन्त्यले आफ्ना शिष्यहरूका लागि उपदेश गरे।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे वेदशाखाप्रणयनं नाम षष्ठोऽध्यायः॥ ६॥

अथ सप्तमोऽध्यायः

अथर्ववेदका शाखा र पुराणको लक्षण

सूत उवाच (सूतजीले भन्नुभयो)

अथर्ववित् सुमन्तुश्च शिष्यमध्यापयत् स्वकाम्।
संहितां सोऽपि पथ्याय वेददर्शाय चोक्तवान्॥ १॥

पदार्थ—
अथर्ववित् = अथर्ववेद जान्ने
सुमन्तुः च = सुमन्तुले पनि
शिष्यं = आफ्ना शिष्यलाई
स्वकां = आफ्नो
संहितां = संहिता
अध्यापयत् = पढाए
सः अपि = उनले पनि
पथ्याय = पथ्य र
वेददर्शाय च = वेददर्शलाई
उक्तवान् = उपदेश गरे

वाक्यार्थ— अथर्ववेदका वेत्ता सुमन्तुले कबन्ध नामका आफ्ना शिष्यलाई अथर्वसंहिता पढाए। उनले पनि पथ्य र वेददर्शलाई त्यसको उपदेश गरे।

शौक्लायनिर्ब्रह्मबलिर्मोदोषः पिप्पलायनिः।
वेददर्शस्य शिष्यास्ते पथ्यशिष्यानथो शृणु॥

पदार्थ—
शौक्लायनिः = शौक्लायनि
ब्रह्मबलिः = ब्रह्मबलि
मोदोषः = मोदोष
पिप्पलायनिः = पिप्पलायनि
ते = यिनीहरू
वेददर्शस्य = वेददर्शका
शिष्याः = शिष्यहरू हुन्
अथो = यसपछि
पथ्यशिष्यान् = पथ्यका शिष्यहरू
शृणु = सुन्नुहोस्

वाक्यार्थ— शौक्लायनि, ब्रह्मबलि, मोदोष र पिप्पलायनि यिनीहरू वेददर्शका शिष्य हुन्। यसपछि पथ्यका शिष्यहरूको नाम सुन्नुहोस्।

कुमुदः शुनको ब्रह्मन् जाजलिश्चाप्यथर्ववित्।
बभ्रुः शिष्योऽथाङ्गिरसः सैन्धवायन एव च।
अधीयेतां संहिते द्वे सावर्ण्याद्यास्तथापरे॥ ३॥

पदार्थ—
ब्रह्मन् = हे ब्राह्मण शौनक
कुमुदः = कुमुद
शुनकः = शुनक
अथर्ववित् = अथर्ववेद जान्ने
जाजलिः च = जाजलि अनि
अथ = यसपछि
अङ्गिरसः = शुनकका
शिष्यः = शिष्य
बभ्रुः = बभ्रु र
सैन्धवायनः एव च = सैन्धवायनले पनि

द्वे = दुई
संहिते = संहिता
अधीयेतां = अध्ययन गरे
तथा = त्यसै गरी
अपरे = अरू
सावर्ण्याद्याः = सावर्णि आदिले
पनि पढे

वाक्यार्थ– हे शौनक ! कुमुद, शुनक र जाजलि यी पथ्यका शिष्यहरू हुन्। यसै गरी शुनकका दुई शिष्य बभ्रु र सैन्धवायनले दुई संहिताको अध्ययन गरे र सैन्धवायनका शिष्य सावर्णि आदिले पनि संहिताहरूको अध्ययन गरे।

नक्षत्रकल्पः शान्तिश्च कश्यपाङ्गिरसादयः।
एते आथर्वणाचार्याः शृणु पौराणिकान् मुने ॥ ४ ॥

पदार्थ–
मुने = हे मुनि
नक्षत्रकल्पः = नक्षत्रकल्प
शान्तिः च = शान्ति
कश्यपाङ्गिरसादयः = कश्यप, अङ्गिरा आदि
एते = यी
आथर्वणाचार्याः = अथर्ववेदका आचार्यहरू हुन्
पौराणिकान् = पौराणिकहरू
शृणु = सुन्नुहोस्

वाक्यार्थ– हे मुनि ! नक्षत्रकल्प, शान्ति, कश्यप र अङ्गिरा आदि यी अथर्ववेदका आचार्यहरू हुन्। यसपछि पौराणिकहरूको नाम सुन्नुहोस्।

त्रय्यारुणिः कश्यपश्च सावर्णिरकृतव्रणः।
वैशम्पायनहारीतौ षड् वै पौराणिका इमे ॥ ५ ॥

पदार्थ–
वै = निश्चय नै
त्रय्यारुणिः = त्रय्यारुणि
कश्यपः च = कश्यप
सावर्णिः = सावर्णि
अकृतव्रणः = अकृतव्रण
वैशम्पायनहारीतौ = वैशम्पायन र हारीत
इमे = यी
षड् = छ जना
पौराणिकाः = पौराणिकहरू हुन्

वाक्यार्थ– त्रय्यारुणि, कश्यप, सावर्णि, अकृतव्रण, वैशम्पायन र हारीत यी छ जना पौराणिकहरू हुन्।

अधीयन्त व्यासशिष्यात् संहितां मत्पितुर्मुखात्।
एकैकामहमेतेषां शिष्यः सर्वाः समध्यगाम् ॥ ६ ॥

पदार्थ–
व्यासशिष्यात् = व्यासका शिष्य
मत्पितुः = मेरा पिताको
मुखात् = मुखबाट
एकैकां = एक-एक
संहितां = संहिता
अधीयन्त = अध्ययन गरे
एतेषां = यिनीहरूको
शिष्यः = शिष्य
अहं = मैले चाहिँ
सर्वाः = क्रमशः सबै संहिता
समध्यगाम् = प्राप्त गरैं

वाक्यार्थ– व्यासका शिष्य मेरा पिताजीबाट यी त्रय्यारुणि आदि आचार्यहरूले पुराणका छुट्टाछुट्टै संहिताहरू प्राप्त गरे र यी सबैबाट मैले चाहिँ सम्पूर्ण संहिताको अध्ययन गरेँ।

कश्यपोऽहं च सावर्णी रामशिष्योऽकृतव्रणः।

अधीमहि व्यासशिष्याच्चत्वारो मूलसंहिताः॥ ७॥

पदार्थ–
कश्यपः = कश्यप
सावर्णिः = सावर्णि
रामशिष्यः = रामका शिष्य
अकृतव्रणः = अकृतव्रणले र
अहं च = म सूत समेत
व्यासशिष्यात् = व्यासका शिष्यबाट
चत्वारः = चार
मूलसंहिताः = मूलसंहिताहरू
अधीमहि = अध्ययन गर्‍यौँ

वाक्यार्थ– कश्यप, सावर्णि, रामका शिष्य अकृतव्रण र मसमेतले समेत व्यासशिष्य रोमहर्षबाट चार मूलसंहिताहरू अध्ययन गर्‍यौँ।

पुराणलक्षणं ब्रह्मन् ब्रह्मर्षिभिर्निरूपितम्।

शृणुष्व बुद्धिमाश्रित्य वेदशास्त्रानुसारतः॥ ८॥

पदार्थ–
ब्रह्मन् = हे ब्राह्मण शौनक
ब्रह्मर्षिभिः = ब्रह्मर्षिहरूद्वारा
वेदशास्त्रानुसारतः = वेदशास्त्र अनुसार
पुराणलक्षणं = पुराणको लक्षण
निरूपितं = बताइएको छ
बुद्धिं आश्रित्य = बुद्धिपूर्वक
शृणुष्व = सुन्नुहोस्

वाक्यार्थ– हे शौनक! ब्रह्मर्षिहरूले वेद आदि शास्त्रको नियम अनुसार पुराणको लक्षण बताउनुभएको छ। एकाग्रतापूर्वक सुन्नुहोस्।

सर्गोऽस्याथ विसर्गश्च वृत्तिरक्षान्तराणि च।

वंशो वंशानुचरितं संस्था हेतुरपाश्रयः॥ ९॥

दशभिर्लक्षणैर्युक्तं पुराणं तद्विदो विदुः।

केचित् पञ्चविधं ब्रह्मन् महदल्पव्यवस्थया॥ १०॥

पदार्थ–
अस्य = यो दृश्यप्रपञ्चको
सर्गः = सर्ग
विसर्गः च = विसर्ग अनि
अथ = यसपछि
वृत्तिरक्षान्तराणि च = वृत्ति, रक्षा र मन्वन्तर
वंशः = वंश
वंशानुचरितं = वंशानुचरित
संस्था = संस्था
हेतुः = हेतु
अपाश्रयः = अपाश्रय यी
दशभिः = दश
लक्षणैः = लक्षणहरूले
युक्तं = युक्त भएको
पुराणं = पुराणलाई
तद्विदः = पुराणवेत्ताहरू
विदुः = जान्दछन्
ब्रह्मन् = हे ब्राह्मण शौनक
केचित् = कोही चाहिँ
महदल्पव्यवस्थया = ठुलो-सानो

व्यवस्थाको कारण	**पञ्चविधम्** = पाँच लक्षण मात्र	बताउँछन्

वाक्यार्थ– हे शौनक ! पुराणका सर्ग, विसर्ग, वृत्ति, रक्षा, मन्वन्तर, वंश, वंशानुचरित्र, संस्था (प्रलय), हेतु (ऊति) र अपाश्रय गरी दश लक्षणहरू छन्। पुराणवेत्ताहरू दश लक्षणले युक्त भएको ग्रन्थलाई पुराण भनी बताउँदछन्। कोही चाहिँ ठुलो सानो व्यवस्थाको भेदले पुराणका पाँच लक्षण बताउँछन्।

अव्याकृतगुणक्षोभान्महतस्त्रिवृतोऽहमः।
भूतमात्रेन्द्रियार्थानां सम्भवः सर्ग उच्यते ॥ ११ ॥

पदार्थ–	तामस	**सम्भवः** = उत्पत्तिलाई
अव्याकृतगुणक्षोभात् = प्रकृतिका	**अहमः** = अहङ्कारबाट	**सर्गः** = सर्ग
गुणहरूको क्षोभका कारण	**भूतमात्रेन्द्रियार्थानां** =	**उच्यते** = भनिन्छ
महतः = महत्तत्त्वबाट उत्पन्न	पञ्चमहाभूत, पञ्चतन्मात्रा,	
त्रिवृतः = सात्त्विक, राजस र	इन्द्रिय र त्यसका विषयहरूको	

वाक्यार्थ– त्रिगुणात्मिका प्रकृतिका गुणहरूको क्षोभका कारण महत्तत्त्व उत्पन्न भई यसबाट बनेको सात्त्विक, राजस र तामस अहङ्कारबाट सूक्ष्म पञ्चतन्मात्रा, इन्द्रिय, तिनका विषय (स्थूल महाभूत)हरूको उत्पत्तिलाई सर्ग भनिन्छ।

पुरुषानुगृहीतानामेतेषां वासनामयः।
विसर्गोऽयं समाहारो बीजाद् बीजं चराचरम् ॥ १२ ॥

पदार्थ–	**वासनामयः** = वासनापूर्वकको	**बीजं** = अर्को बीज बने झैँ
पुरुषानुगृहीतानां = ईश्वरबाट	**अयं** = यो	**चराचरं** = क्रमशः उत्पन्न
अनुगृहीत भएका	**समाहारः** = समष्टि सृष्टि	चराचर जगत्
एतेषां = यी महत्तत्त्व आदिको	**बीजात्** = एउटा बीजबाट	**विसर्गः** = विसर्ग हो

वाक्यार्थ– ईश्वरको अनुग्रहबाट यी महत्तत्त्व आदिको एउटा बीजबाट अर्को बीज उत्पन्न भए झैँ चराचर जगत्को रूपमा जुन बारम्बार उत्पत्ति भइरहन्छ, त्यो समष्टि सृष्टि नै विसर्ग हो।

वृत्तिर्भूतानि भूतानां चराणामचराणि च।
कृता स्वेन नृणां तत्र कामाच्चोदनयापि वा ॥ १३ ॥

पदार्थ–	**अचराणि च** = मुख्यतः अचर	**तत्र** = त्यहाँ
चराणां = चर	**भूतानि** = प्राणीहरू	**नृणां** = मानिसहरूको
भूतानां = प्राणीहरूको	**वृत्तिः** = जीविका हुन्	**स्वेन** = आफ्नो स्वभाव अनुसार

कामात् = कामना अनुसार र
चोदनया अपि वा = शास्त्र-
निर्देशन अनुसार पनि
कृता = कल्पना गरियो

वाक्यार्थ– चर प्राणीहरूका लागि मुख्यरूपमा अचर प्राणीहरू नै वृत्ति अर्थात् जीवननिर्वाहका साधन हुन्। तिनमध्ये केही मानिसहरूको स्वभाव अनुसार, केही कामना र शास्त्रनिर्देशन अनुसार पनि यस्तो व्यवस्था गरिएको हो।

रक्षाच्युतावतारेहा विश्वस्यानु युगे युगे।
तिर्यङ्मर्त्यर्षिदेवेषु हन्यन्ते यैस्त्रयीद्विषः॥ १४॥

पदार्थ–
विश्वस्य = विश्वको
अनु युगे युगे = युगैपिच्छे
तिर्यङ्मर्त्यर्षिदेवेषु = पशु,
मानिस, ऋषि र देवताको रूपमा
अच्युतावतारेहा = भगवान्का
अवतार लीला नै
रक्षा = रक्षा हो
यैः = जसद्वारा
त्रयीद्विषः = वेदविरोधीहरू
हन्यन्ते = मारिन्छन्

वाक्यार्थ– विश्वमा युगैपिच्छे पशु, मानिस, ऋषि र देवता आदिको रूपमा भगवान्का अनेक लीलाहरू नै रक्षा हो। जसद्वारा वेदविरोधीहरू मारिन्छन्।

मन्वन्तरं मनुर्देवा मनुपुत्राः सुरेश्वराः।
ऋषयोंऽशावताराश्च हरेः षड्विधमुच्यते॥ १५॥

पदार्थ–
मनुः = मनु
देवाः = देवताहरू
मनुपुत्राः = मनुका पुत्रहरू
सुरेश्वराः = देवराज इन्द्र
ऋषयः = सप्तर्षि
हरेः = भगवान्को
अंशावताराः च = अनेक
अंशावतारहरू गरी
मन्वन्तरं = मन्वन्तर
षड्विधं = छ प्रकारको
उच्यते = भनिन्छ

वाक्यार्थ– मनु, देवता, मनुपुत्र, देवराज इन्द्र, सप्तर्षि र हरि भगवान्का अनेक अंशावतार गरी मन्वन्तर छ प्रकारको हुन्छ।

राज्ञां ब्रह्मप्रसूतानां वंशस्त्रैकालिकोऽन्वयः।
वंशानुचरितं तेषां वृत्तं वंशधराश्च ये॥ १६॥

पदार्थ–
ब्रह्मप्रसूतानां = ब्रह्माजीबाट
उत्पन्न
राज्ञां = राजाहरूको
त्रैकालिकः = भूत, भविष्यत् र
वर्तमानको
अन्वयः = सन्ततिपरम्परा नै
वंशः = वंश हो
ये च = जति पनि
वंशधराः = वंशप्रवर्तकहरू छन्
तेषां = ती सबैको
वृत्तं = चरित्र नै
वंशानुचरितम् = वंशानुचरित हो

वाक्यार्थ– ब्रह्माजीबाट उत्पन्न भएका राजाहरूको तीनै कालमा रहने सन्ततिपरम्परा नै वंश हो। यो वंशका प्रवर्तकहरूको समेत चरित्रलाई नै वंशानुचरित भनिन्छ।

नैमित्तिकः प्राकृतिको नित्य आत्यन्तिको लयः।
संस्थेति कविभिः प्रोक्ता चतुर्धास्य स्वभावतः॥ १७॥

पदार्थ–		
	प्राकृतिकः = प्राकृतिक	**लयः** = प्रलयलाई नै
अस्य = यो जगत्को	**नित्यः** = नित्य र	**कविभिः** = विद्वान्हरूद्वारा
स्वभावतः = स्वभावैले हुने	**आत्यन्तिकः** = आत्यन्तिक गरी	**संस्था इति** = संस्था भनी
नैमित्तिकः = नैमित्तिक	**चतुर्धा** = चार प्रकारको	**प्रोक्ता** = बताइएको छ

वाक्यार्थ– यो जगत्को स्वभावतः नित्य, नैमित्तिक, प्राकृतिक र आत्यन्तिक गरी चार प्रकारको प्रलय भइरहन्छ। यसैलाई विद्वान्हरूले संस्था भनी बताएका छन्।

हेतुर्जीवोऽस्य सर्गादेरविद्याकर्मकारकः।
यं चानुशयिनं प्राहुरव्याकृतमुतापरे॥ १८॥

पदार्थ–		
	कर्म गर्ने	**अपरे** = अरूहरूले
अस्य = यो विश्वको	**जीवः** = जीवात्मा नै हो	**अव्याकृतं** = अव्याकृत भनी
सर्गादेः = सृष्टि आदिको	**यं च** = जसलाई	**प्राहुः** = बताउँछन्
हेतुः = कारण	**अनुशयिनं** = अनुशयी	
अविद्याकर्मकारकः = अविद्याद्वारा	**उत** = अथवा	

वाक्यार्थ– विश्वसृष्टिको कारण अविद्याद्वारा कर्म गर्ने जीवात्मा नै हो। चैतन्यलाई प्रधान मान्दा अनुशयी र उपाधिलाई प्रधान मान्दा अव्याकृत आदि नामले बताइने यही जीव नै हेतु हो।

व्यतिरेकान्वयो यस्य जाग्रत्स्वप्नसुषुप्तिषु।
मायामयेषु तद् ब्रह्म जीववृत्तिष्वपाश्रयः॥ १९॥

पदार्थ–		
	स्वप्न र सुषुप्ति	व्यतिरेकद्वारा सिद्ध
यस्य = जसको	**जीववृत्तिषु** = जीवात्माका यी	**तत्** = त्यो
मायामयेषु = मायामय	तीन अवस्थाहरूमा	**ब्रह्म** = ब्रह्म नै
जाग्रत्स्वप्नसुषुप्तिषु = जाग्रत्,	**व्यतिरेकान्वयः** = अन्वय-	**अपाश्रयः** = अपाश्रय हो

वाक्यार्थ– जीवका मायामय जाग्रत्, स्वप्न र सुषुप्ति गरी तीन अवस्थाहरू छन्। यी सबैमा अन्वय र व्यतिरेकद्वारा नित्य सिद्ध रहने ब्रह्मतत्त्व नै अपाश्रय हो।

पदार्थेषु यथा द्रव्यं सन्मात्रं रूपनामसु।
बीजादिपञ्चतान्तासु ह्यवस्थासु युतायुतम्॥ २०॥

पदार्थ—
यथा = जसरी
पदार्थेषु = घट आदि पदार्थहरूमा
द्रव्यं = माटो आदि (कारण)
युतायुतं = व्याप्त रहने र त्यो भन्दा बाहिर पनि रहने गर्दछन्
रूपनामसु = नाम र रूपमा
सन्मात्रं = सत्ता रहे झैँ
हि = निश्चय नै
बीजादिपञ्चतान्तासु = गर्भदेखि मृत्युसम्मका सबै
अवस्थासु = शरीरका अवस्थाहरूमा ब्रह्मतत्त्व रहन्छ

वाक्यार्थ— घट आदि पदार्थहरूमा माटो कार्यरूपमा व्याप्त रहन्छ र त्योभन्दा बाहिर पनि अस्तित्वमा हुन्छ। त्यसै गरी नामरूपमा सत्तातत्त्वको व्याप्ति पनि छ र पृथक् अस्तित्व पनि छ। यसै गरी शरीरका जन्मदेखि मृत्युसम्मका सबै अवस्थाहरूमा अन्वित रहने शरीरभन्दा भिन्न आत्मतत्त्व नै आश्रय हो।

विरमेत यदा चित्तं हित्वा वृत्तित्रयं स्वयम्।
योगेन वा तदात्मानं वेदेहाया निवर्तते॥ २१॥

पदार्थ—
यदा = जब
चित्तं = चित्तले
वृत्तित्रयं = तीन वृत्तिलाई
हित्वा = छाडी
स्वयं = आफैँ
योगेन वा = अथवा योगको अनुष्ठानद्वारा
विरमेत = शान्त हुन्छ
तदा = त्यस वेला
आत्मानं = आत्मालाई
वेद = जान्दछ
ईहायाः = संसारको आसक्तिबाट
निवर्तते = निवृत्त हुन्छ

वाक्यार्थ— जब चित्तले तीन वृत्तिहरूलाई छाड्छ र आफैँ अथवा योग आदि साधनबाट शान्त हुन्छ, त्यस वेला आत्मसाक्षात्कार हुन्छ र व्यक्ति संसारको आसक्तिबाट निवृत्त हुन्छ।

एवंलक्षणलक्ष्याणि पुराणानि पुराविदः।
मुनयोऽष्टादश प्राहुः क्षुल्लकानि महान्ति च॥ २२॥

पदार्थ—
पुराविदः = पुराणवेत्ता
मुनयः = मुनिहरूले
एवंलक्षणलक्ष्याणि = यी लक्षणहरूद्वारा चिनाइने
क्षुल्लकानि = साना या
महान्ति च = ठुलासमेत
अष्टादश = अठार
पुराणानि = पुराणहरू
प्राहुः = बताएका छन्

वाक्यार्थ— पुराणवेत्ता मुनिहरूले यी दश अथवा पाँच लक्षणले युक्त भएका ठुला र साना गरी अठार पुराणहरू बताएका छन्।

ब्राह्मं पाद्मं वैष्णवं च शैवं लैङ्गं सगारुडं।
नारदीयं भागवतमाग्नेयं स्कान्दसंज्ञितम्॥ २३॥
भविष्यं ब्रह्मवैवर्तं मार्कण्डेयं सवामनम्।
वाराहं मात्स्यं कौर्मं च ब्रह्माण्डाख्यमिति त्रिषट्॥ २४॥

पदार्थ–
ब्राह्मं = ब्रह्मपुराण
पाद्मं = पद्मपुराण
वैष्णवं च = विष्णुपुराण
शैवं = शिवपुराण
सगारुडं = गरुडपुराणले सहित
लैङ्गं = लिङ्गपुराण
नारदीयं = नारदीयपुराण
भागवतं = भागवतपुराण
आग्नेयं = अग्निपुराण
स्कान्दसंज्ञितं = स्कन्दपुराण
भविष्यं = भविष्यपुराण
ब्रह्मवैवर्तं = ब्रह्मवैवर्तपुराण
सवामनं = वामनपुराणले सहित
मार्कण्डेयं = मार्कण्डेयपुराण
वाराहं = वराहपुराण
मात्स्यं = मत्स्यपुराण
कौर्मं = कूर्मपुराण र
ब्रह्माण्डाख्यं इति च = ब्रह्माण्डपुराण समेत
त्रिषट् = अठार पुराणहरू छन्

वाक्यार्थ– ब्रह्म, पद्म, विष्णु, शिव, गरुड, लिङ्ग, नारदीय, भागवत, अग्नि, स्कन्द, भविष्य, ब्रह्मवैवर्त, वामन, मार्कण्डेय, वराह, मत्स्य, कूर्म र ब्रह्माण्ड पुराण समेत अठार पुराणहरू छन्।

ब्रह्मन्निदं समाख्यातं शाखाप्रणयनं मुनेः।
शिष्यशिष्यप्रशिष्याणां ब्रह्मतेजोविवर्धनम्॥ २५॥

पदार्थ–
ब्रह्मन् = हे ब्राह्मण शौनक
इदं = यो
ब्रह्मतेजोविवर्धनं = ब्रह्मतेजलाई बढाउने
मुनेः = वेदव्यासको
शिष्यशिष्यप्रशिष्याणां = शिष्य, प्रशिष्य आदि सबैको
शाखाप्रणयनं = वेद र पुराणको शाखाविभाजन
समाख्यातम् = बताइयो

वाक्यार्थ– हे शौनक! वेदव्यासका शिष्य, प्रशिष्य आदिले गरेको वेद र पुराणहरूको शाखाविभाजन मैले बताएँ। यसको अध्ययन र श्रवण गर्ने शिष्य, प्रशिष्य सबैको ब्रह्मतेज बढ्दछ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे सप्तमोऽध्यायः॥ ७॥

अथ अष्टमोऽध्यायः

ऋषि मार्कण्डेयको तपस्या र वरप्राप्ति

शौनक उवाच (शौनकले भन्नुभयो)

सूत जीव चिरं साधो वद नो वदतां वर।

तमस्यपारे भ्रमतां नृणां त्वं पारदर्शनः॥ १॥

पदार्थ–	**वदतां** = वक्ताहरूमध्ये	**तमसि** = अन्धकारमा
साधो = हे सत्पुरुष	**वर** = सर्वश्रेष्ठ तपाईंले	**भ्रमतां** = घुमिरहेका
सूत = सूतजी	**नः** = हामीलाई	**नृणां** = मानिसहरूका लागि
चिरं = लामो समय	**वद** = बताउनुहोस्	**पारदर्शनः** = पार देखाइदिने
जीव = बाँच्नुहोस्	**अपारे** = अपार	**त्वं** = हजुर नै हुनुहुन्छ

वाक्यार्थ– हे सत्पुरुष सूतजी ! हजुर लामो आयु बाँच्नुहोस्। हजुर वक्ताहरूमध्ये सर्वश्रेष्ठ हुनुहुन्छ, त्यसैले हाम्रो प्रश्नको उत्तर दिनुहोस्। किनभने अज्ञानरूपी घोर अन्धकारमा घुमिरहेका मानिसहरूलाई पार देखाइदिने हजुर मात्र हुनुहुन्छ।

आहुश्चिरायुषमृषिं मृकण्डतनयं जनाः।

यः कल्पान्ते ह्युर्वरितो येन ग्रस्तमिदं जगत्॥ २॥

पदार्थ–	**चिरायुषं** = चिरञ्जीवी	**जगत्** = जगत्
हि = निश्चय नै	**ऋषिं** = ऋषि (भनेर)	**ग्रस्तं** = डुबेको थियो, त्यस्तो
जनाः = मानिसहरूले	**आहुः** = भन्दछन्	**कल्पान्ते** = कल्पान्तमा
मृकण्डतनयं = मृकण्डका छोरा मार्कण्डेयलाई	**येन** = जुन प्रलयले	**यः** = जो
	इदं = यो	**उर्वरितः** = बच्नुभएको थियो

वाक्यार्थ– मानिसहरूले मार्कण्डेयलाई चिरञ्जीवी ऋषि भन्दछन्। सम्पूर्ण जगत्को प्रलय हुँदा पनि उहाँ त्यसबाट बच्नुभएको थियो भनेर पनि बताउँदछन्।

स वा अस्मत्कुलोत्पन्नः कल्पेऽस्मिन् भार्गवर्षभः।

नैवाधुनापि भूतानां सम्प्लवः कोऽपि जायते॥ ३॥

पदार्थ–	**भार्गवर्षभः** = भृगुगोत्रीय ऋषि	**अस्मिन्** = यो
सः = ती	**वै** = निश्चय नै	**कल्पे** = कल्पमा

अस्मत्कुलोत्पन्नः = हाम्रो कुलमा उत्पन्न हुनुभएको हो	**भूतानां** = प्राणीहरूको	**न एव जायते** = भएको छैन
अधुना अपि = अहिलेसम्म पनि	**कः अपि** = कुनै पनि	
	सम्प्लवः = प्रलय	

वाक्यार्थ– भृगुगोत्रीय ती श्रेष्ठ ऋषि त यही कल्पमा हाम्रै कुलमा उत्पन्न हुनुभएको हो, तर अहिलेसम्म संसारको प्रलय भएको छैन।

एक एवार्णवे भ्राम्यन् ददर्श पुरुषं किल।
वटपत्रपुटे तोकं शयानं त्वेकमद्भुतम्॥ ४॥

पदार्थ–

किल = निश्चय नै	**भ्राम्यन्** = घुम्दाघुम्दै	**अद्भुतम्** = अद्भुत
एकः एव = एक्लै	**वटपत्रपुटे** = बरको पातमाथि	**पुरुषं तु** = पुरुषलाई
अर्णवे = प्रलयकालको समुद्रमा	**शयानं** = सुतिरहेका	**तोकं** = शिशुरूपमा
	एकं = एउटा	**ददर्श** = देख्नुभयो

वाक्यार्थ– उहाँले प्रलयकालको समुद्रमा एक्लै भौंतारिदा बरको पातमाथि सुतिरहेका शिशुरूपधारी एक जना अद्भुत पुरुषलाई देख्नुभयो।

एष नः संशयो भूयान् सूत कौतूहलं यतः।
तं नश्छिन्धि महायोगिन् पुराणेष्वपि सम्मतः॥ ५॥

पदार्थ–

महायोगिन् = महायोगी	**संशयः** = सन्देहको विषय छ	**छिन्धि** = नष्ट गरिदिनुहोस्
सूत = हे सूतजी	**यतः** = जसबाट	**पुराणेषु अपि** = हजुर पुराण जान्नेहरूमध्ये पनि
एषः = यो	**कौतूहलं** = जान्ने उत्कण्ठा बढेको छ	**सम्मतः** = श्रेष्ठ हुनुहुन्छ
नः = हाम्रो	**नः** = हाम्रो	
भूयान् = असाध्यै	**तं** = त्यो सन्देहलाई	

वाक्यार्थ– हे महायोगी सूतजी ! यस विषयमा मलाई ज्यादै सन्देह छ र जान्ने तीव्र इच्छा पनि छ। पुराणवेत्ताहरूमध्ये पनि श्रेष्ठ हुनुभएका हजुरले मेरो यो सन्देहलाई नष्ट गरिदिनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

प्रश्नस्त्वया महर्षेऽयं कृतो लोकभ्रमापहः।
नारायणकथा यत्र गीता कलिमलापहा॥ ६॥

पदार्थ–

महर्षे = हे ऋषि	**त्वया** = तपाईंद्वारा	**लोकभ्रमापहः** = प्राणीहरूको भ्रमलाई नष्ट गरिदिने
	अयं = यो	

प्रश्नः = प्रश्न
कृतः = गरियो
यत्र = जुन प्रसङ्गमा
कलिमलापहा = कलिको कल्मषलाई नष्ट गर्ने
नारायणकथा = नारायण भगवान्को कथा
गीता = गाइएको छ

वाक्यार्थ– हे शौनक ! तपाईंले सामान्य प्राणीहरूको भ्रमलाई नष्ट गरिदिने उत्तम प्रश्न गर्नुभयो। यस प्रसङ्गमा कलिको मललाई नष्ट गर्ने भगवान् नारायणको कथा गाइएको छ।

प्राप्तद्विजातिसंस्कारो मार्कण्डेयः पितुः क्रमात्।
छन्दांस्यधीत्य धर्मेण तपःस्वाध्यायसंयुतः ॥ ७ ॥

पदार्थ–
पितुः = पिताबाट
क्रमात् = क्रमैसँग
प्राप्तद्विजातिसंस्कारः = गर्भाधान, उपनयन आदि द्विजातिका संस्कारहरूलाई प्राप्त गरेका
मार्कण्डेयः = मार्कण्डेय
छन्दांसि = वेद
अधीत्य = अध्ययन गरी
धर्मेण = धर्मपूर्वक
तपःस्वाध्यायसंयुतः = तपस्या र स्वाध्यायमा संलग्न भए

वाक्यार्थ– मार्कण्डेयले आफ्ना पिताबाट क्रमशः गर्भाधान, उपनयन आदि सबै द्विजातिका संस्कारहरूलाई प्राप्त गरे। यसपछि उनले वेद अध्ययन गरे र धर्मपूर्वक तपस्या र स्वाध्यायमा संलग्न भए।

बृहद्व्रतधरः शान्तो जटिलो वल्कलाम्बरः।
बिभ्रत् कमण्डलुं दण्डमुपवीतं समेखलम् ॥ ८ ॥
कृष्णाजिनं साक्षसूत्रं कुशांश्च नियमर्द्धये।
अग्न्यर्कगुरुविप्रात्मस्वर्चयन् सन्ध्ययोर्हरिम् ॥ ९ ॥

पदार्थ–
बृहद्व्रतधरः = नैष्ठिक ब्रह्मचर्यव्रत धारण गर्ने
शान्तः = शान्त स्वभावका
जटिलः = जटाधारी
वल्कलाम्बरः = रुखका बोक्राको कपडा लगाउने
नियमर्द्धये = धर्मवृद्धिका लागि
कमण्डलुं = कमण्डलु
दण्डं = दण्ड
समेखलं = मेखलाले सहित
उपवीतं = जनै
साक्षसूत्रं = अक्षमालाले सहित
कृष्णाजिनं = कालो मृगचर्म र
कुशान् च = कुशलाई समेत
बिभ्रत् = धारण गर्ने उनले
सन्ध्ययोः = दुबै सन्ध्याकालमा
अग्न्यर्कगुरुविप्रात्मसु = आगो, सूर्य, गुरु, ब्राह्मण र आफूमा पनि
हरिं = श्रीहरि भगवान्को पनि
अर्चयन् = पूजा गर्दै रहन्थे

वाक्यार्थ– शान्त स्वभाव भएका मार्कण्डेयले नैष्ठिक ब्रह्मचर्यव्रत धारण गरेका थिए। शिरमा जटा र शरीरमा वल्कल (रुखको बोक्राको कपडा) धारण गर्ने उनले धर्मवृद्धिका लागि हातमा

कमण्डलु, दण्ड, यज्ञोपवीत, मेखला, अक्षमाला, कृष्णचर्म र कुशहरू धारण गरेका थिए। उनले बिहान र बेलुकी दुबै सन्ध्याकालमा आगो, सूर्य, गुरु, ब्राह्मण र आफूभित्र पनि श्रीहरि भगवान्‌को पूजा गर्दथे।

सायं प्रातः स गुरवे भैक्ष्यमाहृत्य वाग्यतः।
बुभुजे गुर्वनुज्ञातः सकृन्नो चेदुपोषितः॥ १०॥

पदार्थ–
सः = उनले
सायं = साँझ
प्रातः = बिहान
गुरवे = गुरुका लागि
भैक्ष्यं = भिक्षा
आहृत्य = ल्याई
गुर्वनुज्ञातः = गुरुको आज्ञा भएपछि
वाग्यतः = मौन भई
बुभुजे = भोजन गर्दथे
नो चेत् = नत्र भने
सकृत् = कहिलेकाँही
उपोषितः = भोकै बस्दथे

वाक्यार्थ– उनी साँझ बिहान आफ्ना गुरुका लागि भिक्षान्न ल्याई अर्पण गर्दथे, गुरुको आज्ञा भएपछि मौन भई भोजन ग्रहण गर्दथे भने कहिलेकाँही भिक्षा नमिल्दा भोकै बस्दथे।

एवं तपःस्वाध्यायपरो वर्षाणामयुतायुतम्।
आराधयन् हृषीकेशं जिग्ये मृत्युं सुदुर्जयम्॥ ११॥

पदार्थ–
एवं = यसप्रकार
वर्षाणां = वर्षहरूको
अयुतायुतं = लाखौँ वर्षसम्म
तपःस्वाध्यायपरः = तपस्या र स्वाध्यायमा लागेर
हृषीकेशं = इन्द्रियका अधिपति भगवान्‌को
आराधयन् = आराधना गर्दागर्दै
सुदुर्जयं = जित्नै नसकिने
मृत्युं = मृत्युलाई पनि
जिग्ये = जिते

वाक्यार्थ– यसप्रकार लाखौँ वर्षसम्म तपस्या र स्वाध्याय गरी भगवान् नारायणको आराधना गर्दागर्दै उनले अजेय मृत्युलाई पनि सजिलै जिते।

ब्रह्मा भृगुर्भवो दक्षो ब्रह्मपुत्राश्च येऽपरे।
नृदेवपितृभूतानि तेनासन्नतिविस्मिताः॥ १२॥

पदार्थ–
तेन = यसबाट
ब्रह्मा = ब्रह्मा
भृगुः = भृगु
भवः = भगवान् शङ्कर
दक्षः = दक्ष
ये = जो
अपरे = अरू
ब्रह्मपुत्राः = ब्रह्माजीका पुत्रहरू
नृदेवपितृभूतानि च = मानिस, देवता, पितृ र प्राणीहरू समेत
अतिविस्मिताः = अत्यन्त चकित
आसन् = भए

वाक्यार्थ– उनको यस्तो प्रभावबाट भगवान् शङ्कर, ब्रह्माजी, भृगु, ब्रह्माजीका अरू पुत्रहरू, देवता, मानिस, पितृ र अरू प्राणीहरूसमेत सबै आश्चर्यचकित भए।

इत्थं बृहद्व्रतधरस्तपःस्वाध्यायसंयमैः ।

दध्यावधोक्षजं योगी ध्वस्तक्लेशान्तरात्मना ॥ १३ ॥

पदार्थ–
इत्थं = यसप्रकार
बृहद्व्रतधरः = आजन्म ब्रह्मचर्य धारण गर्ने
योगी = ती योगीले
तपःस्वाध्यायसंयमैः = तपस्या, स्वाध्याय र संयमद्वारा
ध्वस्तक्लेशान्तरात्मना = कल्मष नष्ट भएको अन्तःकरणद्वारा
अधोक्षजं = इन्द्रियातीत परमात्मालाई
दध्यौ = ध्यान गरे

वाक्यार्थ– यसप्रकार आजन्म ब्रह्मचर्य धारण गर्ने ती योगीले तपस्या, स्वाध्याय र संयमद्वारा अन्तःकरणका सबै कल्मषहरू नष्ट गरी इन्द्रियातीत परमात्मालाई ध्यान गरे।

तस्यैवं युञ्जतश्चित्तं महायोगेन योगिनः ।

व्यतीयाय महान् कालो मन्वन्तरषडात्मकः ॥ १४ ॥

पदार्थ–
एवं = यसप्रकार
महायोगेन = अखण्ड महायोगद्वारा
चित्तं = चित्त
युञ्जतः = परमात्मामा जोडिरहेका
तस्य = ती
योगिनः = योगीको
मन्वन्तरषडात्मकः = छ मन्वन्तरसम्मको
महान् = लामो
कालः = समय
व्यतीयाय = बित्यो

वाक्यार्थ– यसप्रकार ती योगीले अखण्ड महायोगद्वारा भगवान्मा चित्त लगाउँदा-लगाउँदै छ मन्वन्तरसम्मको लामो समय बित्यो।

एतत् पुरन्दरो ज्ञात्वा सप्तमेऽस्मिन् किलान्तरे ।

तपोविशङ्कितो ब्रह्मन्नारेभे तद्विघातनम् ॥ १५ ॥

पदार्थ–
ब्रह्मन् = हे ब्राह्मण शौनक
किल = निश्चय नै
अस्मिन् = यो
सप्तमे = सातौँ
अन्तरे = मन्वन्तरमा
तपोविशङ्कितः = उनको तपस्याबाट शङ्कित भएका
पुरन्दरः = इन्द्रले
एतत् = यो
ज्ञात्वा = जानेर
तद्विघातनं = उनको तपस्यामा विघ्न गर्न
आरेभे = थाले

वाक्यार्थ– हे शौनक ! देवराज इन्द्रले सातौँ मन्वन्तरमा आई यो कुरा थाहा पाए र उनले मार्कण्डेयको तपस्यामा विघ्न गर्न प्रयास गरे।

गन्धर्वाप्सरसः कामं वसन्तमलयानिलौ ।
मुनये प्रेषयामास रजस्तोकमदौ तथा ॥ १६ ॥

पदार्थ–	**कामं** = कामदेव	**रजस्तोकमदौ** = रजोगुणको
मुनये = ऋषिनजिक	**वसन्तमलयानिलौ** = वसन्त र	सन्तान लोभ र मदलाई समेत
गन्धर्वाप्सरसः = गन्धर्व र	मलय पर्वतको वायु	**प्रेषयामास** = पठाए
अप्सराहरू	**तथा** = त्यसै गरी	

वाक्यार्थ– उनले तपस्या भङ्ग गर्नका लागि गन्धर्व, अप्सरा, कामदेव, वसन्त, मलयवायु, लोभ र मद यी सबैलाई ऋषिको नजिक पठाए।

ते वै तदाश्रमं जग्मुर्हिमाद्रेः पाश्र्वे उत्तरे ।
पुष्पभद्रा नदी यत्र चित्राख्या च शिला विभो ॥ १७ ॥

पदार्थ–	**पुष्पभद्रा** = पुष्पभद्रा	**उत्तरे** = उत्तर
विभो = हे समर्थ शौनक	**नदी** = नदी छिन्	**पाश्र्वे** = भेगमा रहेको
ते = तिनीहरू	**चित्राख्या च** = चित्रा नामक	**तदाश्रमं** = ती मार्कण्डेयको
वै = निश्चय नै	**शिला** = शिलासमेत छ	आश्रममा
यत्र = जहाँ	**हिमाद्रेः** = हिमालयको	**जग्मुः** = गए

वाक्यार्थ– हे शौनक ! तिनीहरू हिमालको उत्तरीभेगमा जहाँ पुष्पभद्रा नदी र चित्रा नामक शिला अवस्थित छ, त्यहीँ रहेको मार्कण्डेयको आश्रममा गए।

तदाश्रमपदं पुण्यं पुण्यद्रुमलताञ्चितम् ।
पुण्यद्विजकुलाकीर्णं पुण्यामलजलाशयम् ॥ १८ ॥

पदार्थ–	**पुण्यद्रुमलताञ्चितं** = पवित्र वृक्ष	**पुण्यामलजलाशयम्** = पवित्र र
तत् = त्यो	र लहराहरूद्वारा सुशोभित	निर्मल जलाशयले युक्त थियो
पुण्यं = पवित्र	**पुण्यद्विजकुलाकीर्णं** = परमपवित्र	
आश्रमपदं = आश्रमको क्षेत्र	तपस्वीहरूद्वारा भरिएको	

वाक्यार्थ– मार्कण्डेयको त्यो परमपुण्यमय आश्रम पवित्र वृक्ष र लहराहरूद्वारा ढाकिएको थियो। पुण्यात्मा ब्राह्मणहरू आश्रमपरिसरमा रहेका थिए र त्यहाँ पवित्र निर्मल जलाशय पनि थियो।

मत्तभ्रमरसङ्गीतं मत्तकोकिलकूजितम् ।
मत्तबर्हिनटाटोपं मत्तद्विजकुलाकुलम् ॥ १९ ॥

पदार्थ–
मत्तभ्रमरसङ्गीतं = मदमत्त भँवराको सङ्गीत
मत्तकोकिलकूजितं = मत्त कोइलीहरूको ध्वनि
मत्तबर्हिनटाटोपं = मत्त मयूरको नृत्य र
मत्तद्विजकुलाकुलम् = मदयुक्त अनेक पक्षीका झुण्डहरूले युक्त थियो

वाक्यार्थ– मदमस्त भएका पक्षीहरूको झुण्डले भरिएको त्यो आश्रम मत्त भँवराको मधुर गुञ्जन, मत्त कोइलीको कुहू-कुहू ध्वनि र मत्त मयूरको उल्लासमय नृत्यले सुशोभित थियो।

वायुः प्रविष्ट आदाय हिमनिर्झरशीकरान्।
सुमनोभिः परिष्वक्तो ववावुत्तम्भयन् स्मरम्॥ २०॥

पदार्थ–
हिमनिर्झरशीकरान् = हिमाली झरनाबाट आएका शीतल जलबिन्दुहरूलाई
आदाय = लिएर
प्रविष्टः = पसेको
सुमनोभिः = फूलहरूसँग
परिष्वक्तः = अङ्कमाल गरिरहेको
वायुः = वायु
स्मरं = कामभावलाई
उत्तम्भयन् = जगाउँदै
ववौ = बग्न थाल्यो

वाक्यार्थ– त्यसै वेलामा हिमाली झरनाबाट आएका जलबिन्दुहरूका साथ आश्रमपरिसरमा मलयाचलको शीतल हावा प्रवेश गऱ्यो र त्यहाँका फूलहरूसँग अङ्कमाल गर्दै वरपर सुमधुर गन्ध फिजाउँदै र कामभावलाई जागृत गर्दै बग्न थाल्यो।

उद्यच्चन्द्रनिशावक्त्रः प्रवालस्तबकालिभिः।
गोपद्रुमलताजालैस्तत्रासीत् कुसुमाकरः॥ २१॥

पदार्थ–
प्रवालस्तबकालिभिः = नयाँ पालुवाहरूको लहरले युक्त
गोपद्रुमलताजालैः = अनेक वृक्ष र लहराहरूले सहित भएको
उद्यच्चन्द्रनिशावक्त्रः = चन्द्र उदाइरहेको साँझले सहित
कुसुमाकरः = बसन्त ऋतु
तत्र = त्यहाँ
आसीत् = प्रकट भयो

वाक्यार्थ– त्यसै वेला चन्द्र उदाइरहेको साँझको समयमा वसन्त ऋतुको प्रवेश भयो, त्यस वेलामा सारा वृक्ष र लहराहरूमा नयाँ पालुवाहरू भर्खरै पलाएका थिए।

अन्वीयमानो गन्धर्वैर्गीतवादित्रयूथकैः।
अदृश्यतात्तचापेषुः स्वःस्त्रीयूथपतिः स्मरः॥ २२॥

पदार्थ–
गीतवादित्रयूथकैः = गाउने र बजाउने झन्डका झुन्ड
गन्धर्वैः = गन्धर्वहरूद्वारा
अन्वीयमानः = युक्त भएको
स्वःस्त्रीयूथपतिः = स्वर्गीय अप्सराहरूका मालिक
स्मरः = कामदेव
आत्तचापेषुः = हातमा बाण र

धनुष लिएर | **अदृश्यत** = देखिए

वाक्यार्थ– मधुर गीत गाउँदै र बजाउँदै गरेका अनेक गन्धर्वहरू र स्वर्गीय अप्सराहरूद्वारा घेरिएका ती सबैका मालिक कामदेव हातमा पुष्पमय बाण र धनुष लिई त्यहाँ देखा परे।

हुत्वाग्निं समुपासीनं ददृशुः शक्रकिङ्कराः।
मीलिताक्षं दुराधर्षं मूर्तिमन्तमिवानलम्॥ २३॥

पदार्थ–
शक्रकिङ्कराः = इन्द्रका सेवकहरूले
अग्निं = अग्निमा
हुत्वा = हवन गरी
समुपासीनं = चुपचाप बस्नुभएका
मीलिताक्षं = आँखा बन्द गरेका
मूर्तिमन्तं = मूर्तिमान्
अनलं इव = अग्नि झैँ तेजस्वी
दुराधर्षं = आक्रमण गर्न नसकिने ऋषिलाई
ददृशुः = देखे

वाक्यार्थ– ती सबै इन्द्रका अनुचरहरूले अग्निहोत्र सकी आँखा बन्द गरी चुपचाप बसिरहेका साक्षात् मूर्तिमान् अग्नि झैँ तेजस्वी ती आक्रमण गर्न नसकिने मार्कण्डेय ऋषिलाई देखे।

ननृतुस्तस्य पुरतः स्त्रियोऽथो गायका जगुः।
मृदङ्गवीणापणवैर्वाद्यं चक्रुर्मनोरमम्॥ २४॥

पदार्थ–
तस्य = उहाँको
पुरतः = अगाडि
स्त्रियः = अप्सराहरू
ननृतुः = नाच्न थाले
अथो = त्यसपछि
गायकाः = गायकहरूले
जगुः = गीत गाए
मृदङ्गवीणापणवैः = मृदङ्ग, वीणा, ढोल आदिद्वारा
मनोरमं = सुमधुर
वाद्यं = वाद्यवादन
चक्रुः = गरे

वाक्यार्थ– उनका अगाडि ती अप्सराहरू नाच्न थाले। त्यसपछि गायकहरूले मधुर गीत गाए र वादकहरूले पनि मधुर आवाजमा मृदङ्ग, वीणा, ढोल आदि बजाए।

सन्दधेऽस्त्रं स्वधनुषि कामः पञ्चमुखं तदा।
मधुर्मनो रजस्तोक इन्द्रभृत्या व्यकम्पयन्॥ २५॥

पदार्थ–
तदा = त्यसै समयमा
कामः = कामदेवले
स्वधनुषि = आफ्नो धनुषमा
पञ्चमुखं = पाँचमुखे
अस्त्रं = अस्त्र
सन्दधे = सन्धान गरे
मधुः = वसन्त र
रजस्तोकः = लोभ आदि
इन्द्रभृत्याः = इन्द्रका सेवकहरूले
मनः = ऋषिको मन
व्यकम्पयन् = कम्पित गर्न खोजे

वाक्यार्थ– यसै वेलामा कामदेवले आफ्नो पुष्पमय धनुषमा उन्मादन, स्तम्भन, शोषण, दीपन र सम्मोहन गरी पाँचमुखे अस्त्रको सन्धान गरे। यसै समयमा वसन्त र लोभ आदि इन्द्रका सेवकहरूले ऋषिको मन डगाउन प्रयास गरे।

क्रीडन्त्याः पुञ्जिकस्थल्याः कन्दुकैः स्तनगौरवात्।
भृशमुद्विग्नमध्यायाः केशविस्रंसितस्रजः॥ २६॥
इतस्ततो भ्रमद्दृष्टेश्चलन्त्या अनुकन्दुकम्।
वायुर्जहार तद्वासः सूक्ष्मं त्रुटितमेखलम्॥ २७॥

पदार्थ–
कन्दुकैः = भकुन्डो लिएर
क्रीडन्त्याः = खेलिरहेकी
स्तनगौरवात् = स्तनको भारले
भृशं = अत्यन्त
उद्विग्नमध्यायाः = कम्मर लच्किएकी
केशविस्रंसितस्रजः = चुल्ठोबाट फूलहरू खसिरहेकी
इतस्ततः = यताउति
भ्रमद्दृष्टेः = आँखा डुलाइरहेकी
अनुकन्दुकं = भकुन्डोको पछिपछि
चलन्त्याः = दौडिरहेकी
पुञ्जिकस्थल्याः = पुञ्जिकस्थली नामकी अप्सराको
त्रुटितमेखलं = मेखला टुटेको
तत् = त्यो
सूक्ष्मं = मसिनो (पातलो)
वासः = कपडालाई
वायुः = हावाले
जहार = उडाइदियो

वाक्यार्थ– ऋषिको अगाडि पुञ्जिकस्थली नामकी अप्सराले भकुन्डो खेलिरहेकी थिइन्। स्तनको भारका कारण उनको पातलो कम्मर थिचिँदै थियो र चुल्ठोबाट फूलहरू खसिरहेका थिए। उनी शङ्कालु नजरले यताउति आँखा डुलाउँदै भकुन्डो समाउन त्यसको पछि-पछि दौडिइन्। यसै क्रममा मेखला टुट्नाले उनले लगाइरहेको त्यो पातलो कपडालाई हावाले उडाइदियो।

विससर्ज तदा बाणं मत्वा तं स्वजितं स्मरः।
सर्वं तत्राभवन्मोघमनीशस्य यथोद्यमः॥ २८॥

पदार्थ–
तदा = त्यसवेला
स्मरः = कामदेवले
तं = ती ऋषिलाई
स्वजितं = आफूले जितेको
मत्वा = ठानी
बाणं = कामबाण
विससर्ज = छोडे
तत्र = ती ऋषिमाथि
सर्वं = सबै प्रयास
मोघं = व्यर्थ
अभवत् = भयो
यथा = जसरी
अनीशस्य = कमजोर व्यक्तिको
उद्यमः = परिश्रम व्यर्थ हुन्छ

वाक्यार्थ– त्यसवेला कामदेवले ऋषिलाई आफूले वशमा पारेको छु भन्ने ठाने र मार्कण्डेयमाथि कामबाण प्रहार गरे। तर यो सबै प्रयास कमजोर व्यक्तिको परिश्रम झैँ व्यर्थ भयो।

त इत्थमपकुर्वन्तो मुनेस्तत्तेजसा मुने।
दह्यमाना निववृतुः प्रबोध्याहिमिवार्भकाः॥ २९॥

पदार्थ–	**अपकुर्वन्तः** = अपकार गरिरहेका	**अहिं** = सर्पलाई
मुने = हे मुनि शौनक	**ते** = तिनीहरू	**प्रबोध्य** = जगाएर
इत्थं = यसप्रकार	**तत्तेजसा** = उहाँको तेजद्वारा	**अर्भकाः इव** = बच्चाहरू भागे झैँ
मुनेः = मुनिको	**दह्यमानाः** = सन्तप्त हुँदै	**निववृतुः** = फर्किए

वाक्यार्थ– हे शौनक ! यसप्रकार ती इन्द्रका अनुचरहरूले मुनिको तपोभङ्ग गर्न खोजे। उनको अपकार गर्नाले उनीहरू मार्कण्डेयको तेजद्वारा सन्तप्त हुन थाले। सर्पलाई जगाएर साना बच्चाहरू भागे झैँ ती सबै मार्कण्डेयको आश्रमबाट फर्किए।

इतीन्द्रानुचरैर्ब्रह्मन् धर्षितोऽपि महामुनिः।
यन्नागादहमो भावं न तच्चित्रं महत्सु हि॥ ३०॥

पदार्थ–	गरिए पनि	**तत्** = त्यो कुरा
ब्रह्मन् = हे ब्राह्मण शौनक	**महामुनिः** = महामुनि मार्कण्डेय	**महत्सु** = महापुरुषहरूमा
इति = यसप्रकार	**अहमः** = अहङ्कारको	**हि** = निश्चय नै
इन्द्रानुचरैः = इन्द्रका	**यत्** = जुन	**न चित्रम्** = आश्चर्यको कुरा
सेवकहरूद्वारा	**भावं** = भावमा	होइन
धर्षितः अपि = जित्न प्रयास	**न अगात्** = पुगेनन्	

वाक्यार्थ– हे शौनक ! यसप्रकार ती इन्द्रका अनुचरहरूले महामुनि मार्कण्डेयलाई जित्न प्रयास गरे र ती सबै असफल भएर त्यहाँबाट फर्किए। तर यसबाट मार्कण्डेयमा कामविजयको अहङ्कार कत्ति पनि चढेन। किनभने महापुरुषहरूमा अहङ्कार नहुनु आश्चर्य होइन।

दृष्ट्वा निस्तेजसं कामं सगणं भगवान् स्वराट्।
श्रुत्वानुभावं ब्रह्मर्षेर्विस्मयं समगात् परम्॥ ३१॥

पदार्थ–	**निस्तेजसं** = निन्याउरो अनुहार	**श्रुत्वा** = सुनेर
भगवान् = ऐश्वर्यशाली	लगाएको	**परं** = अत्यन्त
स्वराट् = इन्द्रले	**दृष्ट्वा** = देखेर	**विस्मयं** = विस्मय
सगणं = गणसहित	**ब्रह्मर्षेः** = बह्मर्षि मार्कण्डेयको	**समगात्** = प्राप्त गरे
कामं = कामदेवलाई	**अनुभावं** = महान् प्रभावलाई	

वाक्यार्थ– ऐश्वर्यशाली देवराज इन्द्रले अनुचरहरू सहित कामदेवलाई निन्याउरो अनुहार लगाई फर्किएको देखे। यस्तो मार्कण्डेयको महान् प्रभाव सुनेर उनी अत्यन्त चकित भए।

तस्यैवं युञ्जतश्चित्तं तपःस्वाध्यायसंयमैः ।
अनुग्रहायाविरासीन्नरनारायणो हरिः ॥ ३२ ॥

पदार्थ–
एवं = यसप्रकार
तपःस्वाध्यायसंयमैः = तपस्या, स्वाध्याय र संयमद्वारा
चित्तं = चित्तलाई
युञ्जतः = परमात्मामा जोडिरहेका
तस्य = ती ऋषिको
अनुग्रहाय = अनुग्रहका लागि
नरनारायणः = नरनारायण
हरिः = भगवान् श्रीहरि
आविः आसीत् = प्रकट हुनुभयो

वाक्यार्थ– यसप्रकार तपस्या, स्वाध्याय र अखण्ड संयमद्वारा चित्तलाई परमात्मामा जोडिरहेका ती मार्कण्डेय ऋषिमाथि अनुग्रह गर्न भगवान् नरनारायण श्रीहरि प्रकट हुनुभयो ।

तौ शुक्लकृष्णौ नवकञ्जलोचनौ चतुर्भुजौ रौरववल्कलाम्बरौ ।
पवित्रपाणी उपवीतकं त्रिवृत् कमण्डलुं दण्डमृजुं च वैणवम् ॥ ३३ ॥
पद्माक्षमालामुत जन्तुमार्जनं वेदं च साक्षात् तप एव रूपिणौ ।
तपत्तडिद्वर्णपिशङ्गरोचिषा प्रांशू दधानौ विबुधर्षभार्चितौ ॥ ३४ ॥

पदार्थ–
नवकञ्जलोचनौ = कमलको कोपिलाजस्तो आँखा भएका
चतुर्भुजौ = चार हात भएका
रौरववल्कलाम्बरौ = मृगचर्म र वल्कल धारण गरेका
त्रिवृत् = तेब्बर
उपवीतकं = यज्ञोपवीत
कमण्डलुं = कमण्डलु
ऋजुं = सीधा
वैणवं = बाँसको
दण्डं च = दण्ड
पद्माक्षमालां = कमलको फूलको माला
जन्तुमार्जनं = किरा, कमिला आदिलाई बढार्ने कुचो
उत = त्यसै गरी
वेदं च = वेद पनि
दधानौ = धारण गर्ने
पवित्रपाणी = हातमा पवित्र लिने
तपत्तडिद्वर्णपिशङ्गरोचिषा = तताइएको सुन जस्तो सुनौलो कान्ति भएका
साक्षात् = साक्षात्
रूपिणौ = मूर्तिमान्
तपः एव = तपस्या झैँ लाग्ने
प्रांशू = उच्च
विबुधर्षभार्चितौ = श्रेष्ठ देवताहरूद्वारा पनि सेवित
तौ = ती दुबै
शुक्लकृष्णौ = सेता र काला नरनारायण हुनुहुन्थ्यो

वाक्यार्थ– ती नर-नारायणका आँखा कमलका कोपिला झैँ सुन्दर थिए। उहाँहरूले शरीरमा मृगचर्म र वल्कल धारण गर्नुभएको थियो भने चतुर्भुजधारी उहाँको हातमा कमण्डलु, कुशको पवित्र, कमिला आदि प्राणीहरूलाई हटाउने कुचो, बाँसको सीधा लौरो र वेद पनि थियो। उहाँहरूले यज्ञोपवीत र कमलपुष्पको माला धारण गर्नुभएको थियो। तताइएको सुन जस्तै सुनौलो कान्तिले युक्त हुनुभएका उहाँहरू साक्षात् मूर्तिमान् तपस्या झैँ लाग्नुहुन्थ्यो। श्रेष्ठ देवताहरूद्वारा पनि पूजित हुनुभएका ती नरनारायण अग्ला कदका एवं सेतो र कालो वर्णका हुनुहुन्थ्यो।

ते वै भगवतो रूपे नरनारायणावृषी ।
दृष्ट्वोत्थायादरेणोच्चैर्ननामाङ्गेन दण्डवत् ॥ ३५ ॥

पदार्थ–
वै = निश्चय नै
ते = ती दुबै
भगवतः = भगवान्का
रूपे = स्वरूप भएका
नरनारायणौ = नरनारायण
ऋषी = ऋषिलाई
दृष्ट्वा = देखेर
उच्चैः = अत्यन्त
आदरेण = आदरपूर्वक
उत्थाय = उठेर
अङ्गेन = सबै अङ्गहरूद्वारा
दण्डवत् = दण्ड झैं झुकी
ननाम = प्रणाम गरे

वाक्यार्थ– भगवान्का स्वरूप हुनुभएका ती दुबै नरनारायण ऋषिलाई देखेर मार्कण्डेय अत्यन्त आदरपूर्वक उठे र शरीरका अङ्ग-प्रत्यङ्ग झुकाई दण्डवत् प्रणाम गरे।

स तत्सन्दर्शनानन्दनिर्वृतात्मेन्द्रियाशयः ।
हृष्टरोमाश्रुपूर्णाक्षो न सेहे तावुदीक्षितुम् ॥ ३६ ॥

पदार्थ–
तत्सन्दर्शनानन्दनिर्वृतात्मेन्द्रिया-शयः = उहाँहरूको दर्शनको आनन्दद्वारा शरीर, इन्द्रिय र मन पूर्णतः तृप्त भएका
हृष्टरोमा = रोमाञ्चित भएका
अश्रुपूर्णाक्षः = आँखामा आँसु भरिएका
सः = ती मार्कण्डेयले
तौ = उहाँहरूलाई
उदीक्षितुं = हेर्न
न सेहे = सकेनन्

वाक्यार्थ– नरनारायण भगवान्को दर्शन पाई परमआनन्दद्वारा मार्कण्डेयका शरीर, इन्द्रिय र मनमा पूर्णतः तृप्ति भएको थियो। उनको शरीरमा रोमाञ्च भइरहेको थियो र आँखाभरि आँसु डबडबाइरहेका थिए, त्यसैले उनले उहाँहरूलाई हेरिरहन सकेनन्।

उत्थाय प्राञ्जलिः प्रह्व औत्सुक्यादाश्लिषन्निव ।
नमो नम इतीशानौ बभाषे गद्गदाक्षरः ॥ ३७ ॥

पदार्थ–
प्राञ्जलिः = हात जोड्दै
प्रह्वः = अभिवादनपूर्वक
उत्थाय = उठेर
औत्सुक्यात् = अपूर्वदर्शनको उत्सुकताका कारण
आश्लिषन् इव = अङ्कमाल गर्न खोजे झैं गरी
गद्गदाक्षरः = गद्गद वाणी भएका उनले
ईशानौ = नरनारायण भगवान्लाई
नमो नमः इति = बारम्बार नमस्कार मात्र
बभाषे = भनिरहे

वाक्यार्थ– मार्कण्डेय हात जोडेर अभिवादन गर्दै उठे र उनले अपूर्वदर्शनको उत्सुकताका कारण नरनारायण भगवान्लाई अङ्कमाल गर्न खोजे। गद्गद वाणी भएका उनले भगवान्लाई बारम्बार नमस्कार मात्र भनिरहे, अरू बोल्न सकेनन्।

तयोरासनमादाय पादयोरवनिज्य च।
अर्हणेनानुलेपेन धूपमाल्यैरपूजयत्॥ ३८॥

पदार्थ—
तयोः = ती नरनारायणका लागि
आसनं = आसन
आदाय = ल्याएर
पादयोः = भगवान्को चरणमा
अवनिज्य = प्रक्षालन गरी
अर्हणेन = पूजासामग्रीद्वारा
अनुलेपेन = चन्दनद्वारा
धूपमाल्यैः च = धूप र मालाहरूद्वारा
अपूजयत् = पूजा गरे

वाक्यार्थ— मार्कण्डेयले नरनारायण भगवान्का लागि आसन ल्याए र जलद्वारा भगवान्को चरण पखालिदिए। उनले चन्दन, धूप, माला आदि पूजासामग्रीहरू अर्पण गरी भगवान्को पूजा गरे।

सुखमासनमासीनौ प्रसादाभिमुखौ मुनी।
पुनरानम्य पादाभ्यां गरिष्ठाविदमब्रवीत्॥ ३९॥

पदार्थ—
सुखं = सुखपूर्वक
आसनं = आसनमा
आसीनौ = बसेका
प्रसादाभिमुखौ = अनुग्रहका लागि तत्पर भएका
गरिष्ठौ = सर्वश्रेष्ठ
मुनी = नरनारायण मुनिलाई
पुनः = फेरि
पादाभ्यां = चरणमा
आनम्य = प्रणाम गरी
इदं = यसो
अब्रवीत् = भने

वाक्यार्थ— जब नरनारायण भगवान् सुखपूर्वक आसनमा बसी मार्कण्डेयमाथि अनुग्रहका लागि तत्पर हुनुभयो, त्यस वेला उनले भगवान्को चरणमा प्रणाम गर्दै यसो भने।

मार्कण्डेय उवाच (मार्कण्डेयले भने)

किं वर्णये तव विभो यदुदीरितोऽसुः
संस्पन्दते तमनु वाङ्मनइन्द्रियाणि।
स्पन्दन्ति वै तनुभृतामजशर्वयोश्च
स्वस्याप्यथापि भजतामसि भावबन्धुः॥ ४०॥

पदार्थ—
विभो = हे भगवान्
वै = निश्चय नै
तनुभृतां = सबै प्राणीहरूको
अजशर्वयोः = ब्रह्माजी र भगवान् शङ्करको
स्वस्य च = मेरो समेत
यदुदीरितः = जसद्वारा प्रेरित भएर
असुः = प्राण
संस्पन्दते = चल्दछ
तम् अनु = त्यसपछि
वाङ्मनइन्द्रियाणि = वाणी, मन र इन्द्रियहरू
स्पन्दन्ति = चल्दछन् (त्यस्ता)
तव = हजुरको
किं = के
वर्णये = स्तुति गरौँ

अथ अपि = तर पनि
भजतां = भक्तहरूको
भावबन्धुः = भावलाई प्रिय मान्ने
असि = हुनुहुन्छ

वाक्यार्थ– हे भगवान् ! मसहित संसारभरका सबै प्राणीहरू, भगवान् शङ्कर, ब्रह्माजी आदिको पनि प्राण जुन चैतन्यशक्तिले प्रेरित भई चल्दछ र सँगसँगै वाणी, मन र इन्द्रियहरू चल्दछन्, त्यस्ता हजुरको म कसरी स्तुति गरौँ ? त्यसैले हजुरको स्तुति असम्भव छ, तर पनि भक्तहरूको भावलाई प्रिय मान्ने भएकाले म हजुरको स्तुति गर्दछु।

मूर्ती इमे भगवतो भगवंस्त्रिलोक्याः
क्षेमाय तापविरमाय च मृत्युजित्यै।
नाना बिभर्ष्यवितुमन्यतनूर्यथेदं
सृष्ट्वा पुनर्ग्रससि सर्वमिवोर्णनाभिः ॥ ४१ ॥

पदार्थ–
भगवन् = हे भगवान्
यथा = जसरी
इदं = यो संसारलाई
अवितुं = रक्षा गर्न
नाना = अनेक
अन्यतनूः = अवतारहरू
बिभर्षि = धारण गर्नुहुन्छ
भगवतः = भगवान्का
इमे = यी दुई
मूर्ती = रूप
त्रिलोक्याः = तीनै लोकको
क्षेमाय = कल्याणका लागि
तापविरमाय = तीन तापको नाशका लागि र
मृत्युजित्यै च = मृत्युलाई जित्नका लागि हो
सृष्ट्वा = जगत्‌रचना गरी
सर्वम् = सबैलाई
ऊर्णनाभिः इव = माकुराले जालोलाई आफूमा लीन गरेझैँ
पुनः = फेरि
ग्रससि = आफैँमा लीन गर्नुहुन्छ

वाक्यार्थ– हे भगवान् ! हजुरले संसारलाई रक्षा गर्न मत्स्य, कूर्म आदि अनेक अवतारहरू धारण गरे झैँ हजुरका यी दुई रूप पनि तीनै लोकको कल्याण, तीन तापहरूको नाश र जन्म–मृत्युचक्रको अन्तको लागि हो। वास्तवमा यो सम्पूर्ण जगत् हजुरबाट नै उत्पन्न भएको हो र अन्तमा माकुराले जालोलाई आफूमा लीन गरेझैँ सम्पूर्ण जगत्‌लाई हजुरले आफैँमा लीन गर्नुहुन्छ।

तस्यावितुः स्थिरचरेशितुरङ्घ्रिमूलं
यत्स्थं न कर्मगुणकालरुजः स्पृशन्ति।
यद् वै स्तुवन्ति निनमन्ति यजन्त्यभीक्ष्णं
ध्यायन्ति वेदहृदया मुनयस्तदाप्त्यै ॥ ४२ ॥
नान्यं तवाङ्घ्र्युपनयादपवर्गमूर्तेः
क्षेमं जनस्य परितोभिय ईश विद्मः।

ब्रह्मा बिभेत्यलमतो द्विपरार्धधिष्ण्यः
कालस्य ते किमुत तत्कृतभौतिकानाम् ॥ ४३ ॥

पदार्थ—
ईश = सर्वसमर्थ हे भगवान्
वै = निश्चय नै
यत्स्थं = जसको शरण लिनेहरूलाई
कर्मगुणकालरुजः = कर्म, गुण र कालको दुष्प्रभावले
न स्पृशन्ति = छुँदैनन्
वेदहृदयाः = वेदवादी
मुनयः = मुनिहरूले
तदाप्त्यै = त्यो परमात्मप्राप्तिका लागि
यत् = जसको
अभीक्ष्णं = सधैँ
स्तुवन्ति = स्तुति गर्दछन्
निनमन्ति = प्रणाम गर्दछन्
यजन्ति = यज्ञ गर्दछन्
ध्यायन्ति = ध्यान गर्दछन्
स्थिरचरेशितुः = चराचर प्राणीहरूका मालिक
अवितुः = संसारका रक्षक
तस्य = त्यस्ता परमात्माको
अङ्घ्रिमूलं = चरणमा पर्दछु
अपवर्गमूर्तेः = मोक्षस्वरूप
तव = हजुरको
अङ्घ्र्युपनयात् = चरण नजिक जानुभन्दा
परितोभियः = चारैतर्फबाट भयाक्रान्त भएको
जनस्य = प्राणीको लागि
अन्यं = अर्को
क्षेमं = कल्याण
न विद्मः = जान्दैनौँ
ते = हजुरको
कालस्य = कालरूपबाट
द्विपरार्धधिष्ण्यः = द्विपरार्ध समयसम्म बाँच्ने
ब्रह्मा = ब्रह्माजीसमेत
अलं = पूर्णतः
बिभेति = डराउनुहुन्छ
अतः = त्यसैले
तत्कृतभौतिकानां = उहाँबाट उत्पन्न प्राणीहरूको
किं उत = के कुरा

वाक्यार्थ— हे भगवान् ! हजुरको चरणको शरण लिनेलाई कर्म, गुण र कालको प्रभावले छुन सक्दैन। वेदवादी मुनिहरूले परमात्मप्राप्तिका लागि त्यही चरणको नै निरन्तर स्तुति, प्रणाम, पूजा र ध्यान गरिरहन्छन्। चारैतिरबाट भयभीत भइरहेका प्राणीहरूको लागि हजुरको चरणको शरण पर्नुभन्दा बाहेक अर्को कुनै उपाय देखिदनँ। कालस्वरूप हजुरबाट दुई परार्द्धसम्म बाँच्ने ब्रह्माजीसमेत डराउनुहुन्छ भने उहाँबाट रचिएका प्राणीहरूको के कुरा ? त्यसैले म चराचर जगत्का एक मात्र मालिक र भक्तका रक्षक भगवान्कै शरण पर्दछु।

तद् वै भजाम्यृतधियस्तव पादमूलं
हित्वेदमात्मच्छदि चात्मगुरोः परस्य ।
देहाद्यपार्थमसदन्त्यमभिज्ञमात्रं
विन्देत ते तर्हि सर्वमनीषितार्थम् ॥ ४४ ॥

पदार्थ—
वै = निश्चय नै
इदं = यो
आत्मच्छदि = स्वरूपलाई ढाक्ने
तत् = त्यस्तो
अपार्थम् = सत्ताहीन
असत् = असत्
अन्त्यं = नाशवान्
अभिज्ञमात्रं च = आत्माभन्दा

भिन्न अस्तित्व नभएको
देहादि = शरीर आदिलाई
हित्वा = छाडी
आत्मगुरोः = अन्तर्यामी
परस्य = परमात्माको
ऋतधियः = सत्यस्वरूप हुनुभएका
तव = हजुरको
पादमूलं = चरणकमललाई
भजामि = सेवा गर्दछु
तर्हि = यसो गऱ्यो भने
ते = हजुरको
सर्वमनीषितार्थम् = चाहेको सबै कुरा
विन्देत = प्राप्त गर्ला

वाक्यार्थ– हे भगवान् ! शरीर आदिमा गरिने आत्मबुद्धिले नै आफ्नो वास्तविक स्वरूपलाई ढाकिदिन्छ। शरीर आदि पदार्थ त सत्ताहीन र मिथ्या छन्, आत्माभन्दा भिन्न तिनको कुनै अस्तित्व छैन। हजुर चाहिँ सत् र चित् रूप हुनुहुन्छ। सम्पूर्ण प्राणीहरूलाई नियमित गर्ने अन्तर्यामी सत्यस्वरूप परमात्मा हजुरको चरणकमललाई म चिन्तन गर्दछु, किनभने हजुरको चरणचिन्तन गर्नेले चाहेको सबै वस्तु प्राप्त गर्दछ।

सत्त्वं रजस्तम इतीश तवात्मबन्धो
मायामयाः स्थितिलयोदयहेतवोऽस्य।
लीला धृता यदपि सत्त्वमयी प्रशान्त्यै
नान्ये नृणां व्यसनमोहभियश्च याभ्याम्॥ ४५॥

पदार्थ–
ईश = हे परमात्मा
आत्मबन्धो = जीवका नित्यसखा
तव = हजुरका
सत्त्वं = सत्त्व
रजः = रज र
तमः इति = तम यी गुणहरू
अस्य = यो जगत्को
स्थितिलयोदयहेतवः = स्थिति, लय र उत्पत्तिका हेतु हुन्
यत् = किनभने
मायामयाः = मायामय
लीलाः = अनेक लीला-विग्रहहरू
धृताः अपि = हजुरद्वारा नै धारण गरिएका भए पनि
सत्त्वमयी = विशुद्ध सत्त्वमय रूप नै
प्रशान्त्यै = मोक्षका लागि हुन्छ
अन्ये = अरू (राजस र तामस रूपहरू)
न = होइनन्
याभ्यां = अरू रूपबाट
नृणां = प्राणीहरूलाई
व्यसनमोहभियः च = दुःख, मोह र भय पनि मिल्दछ

वाक्यार्थ– हे परमात्मा ! हजुर जीवका नित्यसखा हुनुहुन्छ। जगत्को सृष्टि, स्थिति र प्रलयका लागि हजुरले नै सत्त्व, रज र तमगुणहरूद्वारा अनेक मायामय लीला-विग्रहहरूलाई धारण गर्नुभएको छ। तर तिनीहरूमध्ये विशुद्ध सत्त्वमय हजुरको स्वरूपको उपासनाद्वारा मोक्ष मिल्दछ, अरू स्वरूपको उपासनाले त दुःख, मोह र भयबाट छुट्कारा मिल्दैन।

तस्मात् तवेह भगवन्नथ तावकानां
शुक्लां तनुं स्वदयितां कुशला भजन्ति।

यत्सात्वताः पुरुषरूपमुशन्ति सत्त्वं
लोको यतोऽभयमुतात्मसुखं न चान्यत् ॥ ४६ ॥

पदार्थ–	**तनुं** = नरनारायणरूपलाई	**लोकः** = हजुरको लोक
भगवन् = हे भगवान्	**भजन्ति** = भजन गर्दछन्	**उत** = र
तस्मात् = त्यसैले	**सात्वताः** = भक्तहरू	**अभयं** = अभयप्राप्ति
इह = यो संसारमा	**यत्** = जसलाई	**आत्मसुखं च** = आत्म-साक्षात्कारको आनन्दसमेत पाउँछन्
कुशलाः = बुद्धिमान् व्यक्तिहरू	**पुरुषरूपं** = पुरुषोत्तम	**न अन्यत्** = अरूबाट होइन
स्वदयितां = आफूलाई मन पर्ने	**सत्त्वं** = सत्त्वस्वरूप भनी	
तव = हजुरको र	**उशन्ति** = बताउँछन्	
तावकानां = हजुरका भक्तहरूको	**अथ** = त्यसै गरी	
शुक्लां = सात्त्विक सर्वश्रेष्ठ	**यतः** = जहाँबाट	

वाक्यार्थ– हे भगवान् ! त्यसैले यस संसारका बुद्धिमान् व्यक्तिहरूले आफूलाई मन पर्ने हजुर र हजुरका भक्तको शुद्धसत्त्वमय पुरुषोत्तम भनिने नरनारायणस्वरूपको नै भजन गर्दछन्। हजुरको भजन गर्नाले विनाश नहुने हजुरको लोक र आत्मसाक्षात्कारको आनन्द समेत प्राप्त हुन्छ। यस्तो आत्मसुख अन्य वस्तुबाट पाउन सकिँदैन।

तस्मै नमो भगवते पुरुषाय भूम्ने विश्वाय विश्वगुरवे परदैवताय।
नारायणाय ऋषये च नरोत्तमाय हंसाय संयतगिरे निगमेश्वराय ॥ ४७ ॥

पदार्थ–	**ऋषये** = ज्ञानी	**पुरुषाय** = परमपुरुष
विश्वाय = विश्वरूप	**नरोत्तमाय** = मनुष्यहरूमध्ये श्रेष्ठ	**भूम्ने** = सर्वव्यापक
विश्वगुरवे = संसारका आदिगुरु	**हंसाय** = विवेकी	**भगवते** = भगवान्लाई
परदैवताय = सर्वश्रेष्ठ देवता	**संयतगिरे** = कम बोल्ने	**नमः** = नमस्कार छ
नारायणाय = नारायण भगवान्लाई	**निगमेश्वराय च** = वेदप्रवक्ता	
	तस्मै = त्यस्ता	

वाक्यार्थ– भगवान् नै संसारको रूप धारण गर्नुहुन्छ र यसको आदिगुरु पनि उहाँ नै हुनुहुन्छ। ज्ञानी, विवेकी, कम बोल्ने, सर्वश्रेष्ठ मनुष्यहरूको रूपमा पनि भगवान् नै हुनुहुन्छ। देवाधिदेव उहाँ नै वेदमार्गका प्रवर्तक, सर्वव्यापक परमपुरुष नारायण भगवान् हुनुहुन्छ, म उहाँलाई नमस्कार गर्दछु।

यं वै न वेद वितथाक्षपथैर्भ्रमद्धीः सन्तं स्वकेष्वसुषु हृद्यपि दृक्पथेषु।
तन्माययावृतमतिः स उ एव साक्षाद् आद्यस्तवाखिलगुरोरुपसाद्य वेदम् ॥ ४८ ॥

पदार्थ—
वै = निश्चय नै
तन्माययावृतमतिः = भगवान्को मायाद्वारा बुद्धि ढाकिएको
वितथाक्षपथैः = बहिर्मुखी इन्द्रियहरूद्वारा
भ्रमद्धीः = बुद्धि मोहित भएको मानिस
स्वकेषु = आफ्नै
असुषु = प्राण
हृदि = हृदय र
दृक्पथेषु अपि = इन्द्रियहरूका विषयमा समेत
सन्तं = रहनुभएका
यं = जुन परमात्मालाई
न वेद = जान्दैन
उ = निश्चय नै
आद्यः = पहिलेको
सः एव = त्यही मानिस
अखिलगुरोः = जगद्गुरु
तव = हजुरको
साक्षात् = साक्षात् वाणी भएको
वेदं = वेदलाई
उपसाद्य = आश्रय लिई (भगवान्लाई प्राप्त गर्न सक्छ)

वाक्यार्थ— जसको बुद्धि भगवान्को मायाद्वारा ढाकिएको छ, जसका इन्द्रियहरू बहिर्मुख हुन्छन् र जसको मन मोहित हुन्छ उसले आफ्नै हृदयभित्र प्राण, इन्द्रिय र विषयहरूमा पनि एकरूपले रहिरहनुभएका भगवान्लाई जान्दैन। तर त्यही व्यक्तिले जगद्गुरु भगवान्को वाणीरूप वेदशास्त्रको आधार लिएपछि भने सजिलै भगवान्लाई प्राप्त गर्न सक्छ।

यद्दर्शनं निगम आत्मरहःप्रकाशं मुह्यन्ति यत्र कवयोऽजपरा यतन्तः।
तं सर्ववादविषयप्रतिरूपशीलं वन्दे महापुरुषमात्मनिगूढबोधम्॥ ४९॥

पदार्थ—
आत्मरहःप्रकाशं = त्यस्तो आत्माको रहस्यलाई प्रकाशित गर्ने
यद्दर्शनं = हजुरको साक्षात्कार
निगमे = वेदद्वारा नै हुन्छ
यत्र = जुन विषयमा
यतन्तः = प्रयास गरिरहेका
अजपराः = ब्रह्मा आदि
कवयः = ज्ञानीहरू पनि
मुह्यन्ति = मोहित हुन्छन्
सर्ववादविषयप्रतिरूपशीलं = सबैथरी दर्शनका वादविवादहरू अनुरूप अनेक स्वरूपहरू देखिए झैं लाग्ने
आत्मनिगूढबोधं = शरीर आदिद्वारा गम्भीर रहस्य ढाकिएका
तं = त्यस्ता
महापुरुषं = महापुरुषलाई
वन्दे = नमस्कार गर्दछु

वाक्यार्थ— जसको स्वरूपलाई जान्न प्रयास गर्दागर्दै ब्रह्मा आदि ज्ञानीहरू पनि मोहित हुन्छन्, त्यस्ता हजुरको यथार्थस्वरूपको साक्षात्कार वेदद्वारा मात्र हुन सक्छ। सबैथरी दर्शनका ज्ञाताहरू आ-आफ्नो भावअनुसार हजुरलाई भिन्न-भिन्न स्वरूपमा नै देख्दछन् र लोकमा शरीर आदिद्वारा हजुरको वास्तविक आत्मरूपता ढाकिएको छ। त्यस्ता परमपुरुष परमात्मालाई वन्दना गर्दछु।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धेऽष्टमोऽध्यायः॥ ८॥

अथ नवमोऽध्यायः

मार्कण्डेयद्वारा मायादर्शन

सूत उवाच (सूतजीले भन्नुभयो)

संस्तुतो भगवानित्थं मार्कण्डेयेन धीमता ।

नारायणो नरसखः प्रीत आह भृगूद्वहम् ॥ १ ॥

पदार्थ–
इत्थं = यसप्रकार
धीमता = बुद्धिमान्
मार्कण्डेयेन = मार्कण्डेयद्वारा
संस्तुतः = स्तुति गरिएका
प्रीतः = खुसी हुनुभएका
नरसखः = नरका साथी
नारायणः = नारायण
भगवान् = भगवानले
भृगूद्वहं = भृगुश्रेष्ठ मार्कण्डेयलाई
आह = भन्नुभयो

वाक्यार्थ– यसप्रकार बुद्धिमान् मार्कण्डेयले स्तुति गरेपछि भगवान् नारायण अत्यन्त प्रसन्न हुनुभयो र उहाँले मार्कण्डेयलाई भन्नुभयो।

श्रीभगवानुवाच (भगवान्‌ले भन्नुभयो)

भो भो ब्रह्मर्षिवर्योऽसि सिद्ध आत्मसमाधिना ।

मयि भक्त्यानपायिन्या तपःस्वाध्यायसंयमैः ॥ २ ॥

पदार्थ–
भो भो ब्रह्मर्षिवर्यः = हे श्रेष्ठ ब्रह्मर्षि
आत्मसमाधिना = चित्तको एकाग्रताद्वारा
तपःस्वाध्यायसंयमैः = तपस्या, स्वाध्याय र संयमद्वारा र
मयि = मेरो
अनपायिन्या = अनन्य
भक्त्या = भक्तिद्वारा
सिद्धः = सिद्ध
असि = भएका छौ

वाक्यार्थ– हे ब्रह्मर्षिशिरोमणि ! चित्तको एकाग्रता तपस्या, स्वाध्याय, संयम र मेरो अनन्य भक्तिद्वारा तिमी सिद्ध भएका छौ।

वयं ते परितुष्टाः स्म त्वद्‌बृहद्‌व्रतचर्यया ।

वरं प्रतीच्छ भद्रं ते वरदेशादभीप्सितम् ॥ ३ ॥

पदार्थ–
वयं = हामी
त्वद्‌बृहद्‌व्रतचर्यया = तिम्रो आजीवन ब्रह्मचर्यद्वारा
ते = तिमीमाथि
परितुष्टाः स्मः = खुसी छौं
ते = तिम्रो
भद्रं = कल्याण होस्
वरदेशात् = वरदाताहरूमा श्रेष्ठ हामीबाट
अभीप्सितं = चाहेको
वरं = वर
प्रतीच्छ = माग

वाक्यार्थ– तिम्रो आजीवन ब्रह्मचर्यव्रतको पालनाद्वारा हामी अत्यन्त प्रसन्न भएका छौँ। त्यसैले वरदाताहरूमध्ये श्रेष्ठ हामीबाट आफूले चाहेको वर माग।

ऋषिरुवाच (ऋषिले भने)

जितं ते देवदेवेश प्रपन्नार्तिहराच्युत।

वरेणैतावतालं नो यद्भवान् समदृश्यत॥ ४॥

पदार्थ–	**अच्युत** = अच्युत भगवान्	**वरेण**= वरद्वारा नै
देवदेवेश = हे देवताहरूका पनि देवता	**ते** = हजुरको	**अलं** = पर्याप्त छ
प्रपन्नार्तिहर = शरणागतको दुःखहरण गर्ने	**जितं** = जय होस्	**यत्** = किनभने
	नः = मेरा लागि	**भवान्** = हजुर
	एतावता = यति	**समदृश्यत** = प्रकट हुनुभयो

वाक्यार्थ– शरणागतका दुःख हरण गर्ने देवताहरूका पनि देवता हे अच्युत भगवान्! हजुरको जय होस्। हजुरले मलाई दर्शन दिनुभयो। मेरो लागि यही वर नै पर्याप्त छ।

गृहीत्वाजादयो यस्य श्रीमत्पादाब्जदर्शनम्।

मनसा योगपक्वेन स भवान् मेऽक्षिगोचरः॥ ५॥

पदार्थ–	**मनसा** = मनद्वारा	**सः** = त्यस्ता
अजादयः = ब्रह्मा आदि देवताहरूले	**यस्य** = जसको	**भवान्** = हजुर
योगपक्वेन = योगद्वारा एकाग्र भएको	**श्रीमत्पादाब्जदर्शनं** = परमसुन्दर चरणकमलको दर्शन	**मे** = मेरो
	गृहीत्वा = पाएर (प्रसन्न हुन्छन्)	**अक्षिगोचरः** = आँखाको अगाडि प्रकट हुनुभयो

वाक्यार्थ– ब्रह्मा आदि देवताहरूले योगसाधनाद्वारा एकाग्र भएको अन्तःकरणद्वारा हजुरको परमसुन्दर चरणकमलको दर्शन पाउँछन् र कृतकृत्य हुन्छन्, त्यस्ता हजुर मेरो आँखा अगाडि प्रकट हुनुभएको छ।

अथाप्यम्बुजपत्राक्ष पुण्यश्लोकशिखामणे।

द्रक्ष्ये मायां यया लोकः सपालो वेद सद्भिदाम्॥ ६॥

पदार्थ–	**अम्बुजपत्राक्ष** = हे कमलनयन भगवान्	**सपालः** = लोकपालहरूसहित
पुण्यश्लोकशिखामणे = पवित्रकीर्ति भएका पुरुषहरूमध्ये सर्वश्रेष्ठ	**अथ अपि** = तापनि	**लोकः** = सम्पूर्ण चराचर जगत्
	यया = जसद्वारा	**सद्भिदाम्** = अद्वितीय सद्वस्तुमा द्वैत भेद

वेद् = देख्दछन् (त्यस्तो)	**मायां** = मायालाई	**द्रक्ष्ये** = हेर्न चाहन्छु

वाक्यार्थ– पवित्रकीर्ति भएका पुरुषहरूमध्ये सर्वश्रेष्ठ कमलनयन हे पुरुषोत्तम भगवान् ! हजुरको आज्ञा अनुसार म हजुरको माया दर्शन गर्न चाहन्छु, जसका कारण लोकपालहरूसहित सम्पूर्ण प्राणीहरू अद्वितीय सद्वस्तुमा द्वैतभेदलाई देख्ने गर्दछन्।

सूत उवाच (सूतले भने)

इतीडितोऽर्चितः काममृषिणा भगवान् मुने।

तथेति स स्मयन् प्रागाद् बदर्याश्रममीश्वरः॥ ७॥

पदार्थ–		
मुने = हे शौनक	**ईडितः** = स्तुति गरिएका	**स्मयन्** = मन्द हाँस्दै
इति = यसप्रकार	**अर्चितः** = पूजा गरिएका	**तथा इति** = तथास्तु भनेर
ऋषिणा = मार्कण्डेयद्वारा	**ईश्वरः** = सर्वसमर्थ	**बदर्याश्रमं** = बदरी आश्रममा
कामं = इच्छाअनुसार	**सः** = ती	**प्रागात्** = जानुभयो
	भगवान् = भगवान्	

वाक्यार्थ– हे शौनक ! यसप्रकार मार्कण्डेय ऋषिले इच्छाअनुसार स्तुति र पूजा गरिसकेपछि सर्वसमर्थ नरनारायण भगवान्‌ले मुस्कुराउँदै तथास्तु भन्नुभयो र उहाँ बदरीआश्रमतर्फ जानुभयो।

तमेव चिन्तयन्नर्थमृषिः स्वाश्रम एव सः।

वसन्नग्न्यर्कसोमाम्बुभूवायुवियदात्मसु॥ ८॥

ध्यायन् सर्वत्र च हरिं भावद्रव्यैरपूजयत्।

क्वचित् पूजां विसस्मार प्रेमप्रसरसम्प्लुतः॥ ९॥

पदार्थ–		
सः = ती	**वसन्** = बस्दै	**भावद्रव्यैः** = मानसिक उपचारहरूद्वारा
ऋषिः = मार्कण्डेय ऋषि	**अग्न्यर्कसोमाम्बुभूवायु-वियदात्मसु** = अग्नि, सूर्य, चन्द्रमा, जल, पृथिवी, वायु, आकाश र अन्तःकरणमा	**अपूजयत्** = पूजा गरे
तं एव = त्यही		**प्रेमप्रसरसम्प्लुतः** = प्रेमको बाढी उर्लिनाले
अर्थम् = वरलाई		
चिन्तयन् = विचार गर्दै	**सर्वत्र च** = सबैतिर	**क्वचित्** = कहिलेकाँही
स्वाश्रमे एव = आफ्नो आश्रममा नै	**हरिं** = हरि भगवान्‌लाई	**पूजां** = पूजा गर्न पनि
	ध्यायन् = ध्यान गर्दै	**विसस्मार** = बिर्सन्थे

वाक्यार्थ– ती मार्कण्डेय मुनि मलाई मायाको दर्शन कहिले होला भनी भगवान्‌ले दिएको वरदानको चिन्तन गर्दै आश्रममा नै बसिरहेका थिए। उनले अग्नि, चन्द्र, सूर्य, जल, पृथिवी, वायु,

आकाश, अन्तःकरण र सबै जगत्भरि केवल हरि भगवान्कै दर्शन गर्दथे र मानसिक उपचारहरूद्वारा उहाँको पूजा गर्दथे। कहिलेकाहीँ त प्रेमको बाढी उर्लिनाले उनी भगवान्को पूजा गर्न पनि बिर्सन्थे।

तस्यैकदा भृगुश्रेष्ठ पुष्पभद्रातटे मुनेः।
उपासीनस्य सन्ध्यायां ब्रह्मन् वायुरभून्महान्॥ १०॥

पदार्थ—
भृगुश्रेष्ठ = भृगुश्रेष्ठ
ब्रह्मन् = हे शौनक
एकदा = एकदिन
सन्ध्यायां = सन्ध्याकालमा
पुष्पभद्रातटे = पुष्पभद्रा नदीको किनारमा
उपासीनस्य = सन्ध्योपासना गरिरहेका
तस्य = ती
मुनेः = मुनिको अगाडि
महान् = ठुलो
वायुः = आँधी
अभूत् = चल्न थाल्यो

वाक्यार्थ— हे शौनक ! एक दिन मार्कण्डेय पुष्पभद्रा नदीको किनारमा सन्ध्योपासना गरिरहेका थिए त्यसै वेला ठुलो आँधीबेरी चल्न थाल्यो।

तं चण्डशब्दं समुदीरयन्तं बलाहका अन्वभवन् करालाः।
अक्षस्थविष्ठा मुमुचुस्तडिद्भिः स्वनन्त उच्चैरभिवर्षधाराः॥ ११॥

पदार्थ—
चण्डशब्दं = भयानक आवाज
समुदीरयन्तं = फिँजाइरहेको
तं = त्यो वायुसँगै
करालाः = विकराल
बलाहकाः = मेघहरू
अन्वभवन् = आकाशमा देखिए
तडिद्भिः = बिजुलीहरूद्वारा
उच्चैः = बेस्सरी
स्वनन्तः = आवाज गरिरहेका तिनीहरूले
अक्षस्थविष्ठाः = रथको धुरासमान मोटा
अभिवर्षधाराः = वृष्टिधाराहरू
मुमुचुः = छोडे

वाक्यार्थ— भयानक आवाज गर्दै आँधीबेरी चल्नासाथ आकाशमा विकराल काला बादलहरू मडारिन थाले। ती बादलले बिजुलीहरूको ठुलो गर्जनाद्वारा चारैतिरबाट रथका धुरासमान मोटा वृष्टिका धाराहरू बर्साउन थाले।

ततो व्यदृश्यन्त चतुः समुद्राः समन्ततः क्ष्मातलमाग्रसन्तः।
समीरवेगोर्मिभिरुग्रनक्रमहाभयावर्तगभीरघोषाः॥ १२॥

पदार्थ—
ततः = त्यसपछि
समीरवेगोर्मिभिः = आँधीको झोक्काद्वारा उठेका छालहरूद्वारा
समन्ततः = चारैतर्फबाट
क्ष्मातलं = पृथिवीतललाई
आग्रसन्तः = डुबाउन थालेका
उग्रनक्रमहाभयावर्तगभीरघोषाः = भयङ्कर गोही आदि जीवजन्तु, भयानक भुमरीहरू र विकट शब्दले युक्त
चतुः समुद्राः = चार समुद्र
व्यदृश्यन्त = देखिए

वाक्यार्थ— त्यसपछि आँधीको झोक्काद्वारा उठेका ठुला-ठुला छालहरूद्वारा सम्पूर्ण पृथिवीतललाई नै डुबाइरहेका चार समुद्रहरू मार्कण्डेयले देखे। तिनमा गोही आदि भयङ्कर प्राणीहरू र ठुला-ठुला भयानक भुमरीहरू देखिन्थे र समुद्रको गर्जन पनि अत्यन्त भयङ्कर थियो।

अन्तर्बहिश्चाद्भिरतिद्युभिः खरैः शतह्रदाभीरुपतापितं जगत्।
चतुर्विधं वीक्ष्य सहात्मना मुनिर्जलाप्लुतां क्ष्मां विमनाः समत्रसत्॥ १३॥

पदार्थ—	**अन्तः** = भित्र	**जलाप्लुतां** = जलमग्न भएकी
मुनिः = मुनि मार्कण्डेय	**बहिः** = बाहिर	**क्ष्मां च** = पृथिवीलाई समेत
अतिद्युभिः = आकाशै छिचोल्ने	**आत्मना सह** = आफूसमेत	**वीक्ष्य** = देखी
अद्भिः = जलवर्षाद्वारा	**उपतापितं** = पीडित भएको	**विमनाः** = खिन्न भई
खरैः = सूर्यका किरणद्वारा	**चतुर्विधं** = चारप्रकारको	**समत्रसत्** = भयभीत भए
शतह्रदाभीः = बिजुलीद्वारा	**जगत्** = जगत्लाई	

वाक्यार्थ— मुनि मार्कण्डेयले आफूसमेतका श्वेदज, अण्डज, जरायुज, उद्भिज चारै प्रकारका प्राणीहरूलाई आकाशै छिचोल्ने गरी जलवर्षा भएको, सूर्यका तीखा किरण र विद्युत्पातबाट अत्यन्त पीडित भएको देखे। सम्पूर्ण पृथिवीलाई पनि जलमग्न भएको देख्दा उनी अत्यन्त खिन्न र भयभीत भए।

तस्यैवमुद्वीक्षत ऊर्मिभीषणः प्रभञ्जनाघूर्णितवार्महार्णवः।
आपूर्यमाणो वर्षद्भिरम्बुदैः क्ष्मामप्यधाद् द्वीपवर्षाद्रिभिः समम्॥ १४॥

पदार्थ—	**आपूर्यमाणः** = जल भरिएको	**द्वीपवर्षाद्रिभिः समं** = सबै द्वीप,
एवं = यसप्रकार	**प्रभञ्जनाघूर्णितवाः** =	वर्ष र पहाडहरूले सहित
उद्वीक्षतः = हेरिरहेका	आँधीबेरीद्वारा कम्पित भएको र	**क्ष्मां** = पृथिवीलाई
तस्य = तिनकै अघि	**ऊर्मिभीषणः** = भयानक	**अप्यधात्** = ढाक्यो
वर्षद्भिः = बर्सिरहेका	छालहरूले युक्त	
अम्बुदैः = बादलहरूद्वारा	**महार्णवः** = ठुलो समुद्रले	

वाक्यार्थ— यसप्रकार मार्कण्डेयले हेर्दाहेर्दै बादलहरूको जलवर्षाले समुद्र भरिँदै आयो। आँधीबेरीद्वारा चलायमान भएको र भयानक छाल, भुमरी आदिले युक्त समुद्रले पर्वत, वर्ष, उपवर्ष र सातै द्वीपसहित पृथिवीलाई ढाक्यो।

सक्ष्मान्तरिक्षं सदिवं सभागणं त्रैलोक्यमासीत् सह दिग्भिराप्लुतम्।
स एक एवोर्वरितो महामुनिर्बभ्राम विक्षिप्य जटा जडान्धवत्॥ १५॥

पदार्थ—
दिग्भिः सह = दिशाहरूले सहित
सक्ष्मान्तरिक्षं = पृथिवी र अन्तरिक्ष
सदिवं = द्युलोक
सभागणं = नक्षत्रलोकसहित
त्रैलोक्यं = तीनै लोक नै
आप्लुतं = डुबेको
आसीत् = थियो
एकः एव = एक्लै
उर्वरितः = बचेका
सः = ती
महामुनिः = महामुनि मार्कण्डेय
जटाः = जटालाई
विक्षिप्य = फैलाउँदै
जडान्धवत् = पागल र अन्धासमान भई
बभ्राम = यताउता घुम्न थाले

वाक्यार्थ— त्यस समयमा पृथिवी, अन्तरिक्ष, स्वर्गलोक, आकाशगङ्गा र सबै दिशाहरूले सहित तीनै लोक नै जलमा डुब्यो। त्यसमा मार्कण्डेय मात्रै एक्लै बचेका थिए। उनी जटा फैलाउँदै पागल र अन्धो झैँ भई यताउति घुम्न थाले।

क्षुत्तृट्परीतो मकरैस्तिमिङ्गिलैरुपद्रुतो वीचिनभस्वताहतः।
तमस्यपारे पतितो भ्रमन् दिशो न वेद खं गां च परिश्रमेषितः॥ १६॥

पदार्थ—
दिशः = दिशा-विदिशामा
भ्रमन् = घुम्दा घुम्दै
क्षुत्तृट्परीतः = भोक र प्यासले सताइएका
तिमिङ्गिलैः = ठुला माछा
मकरैः = गोहीहरूद्वारा
उपद्रुतः = सताइएका
वीचिनभस्वता = हावाको झोक्का र समुद्रको छालद्वारा
आहतः = हिर्काइएका
परिश्रमेषितः = परिश्रमद्वारा थाकेका
अपारे = गहन
तमसि = अन्धकारमा
पतितः = खसेका उनले
खं = आकाश र
गां च = पृथिवीलाई पनि
न वेद = जानेनन्

वाक्यार्थ— दिशा-विदिशामा घुमिरहेका र भोक र प्यासले सताइएका मार्कण्डेयलाई कतै ठुला माछा र कतै गोहीहरूले आक्रमण गर्थे त कहीँ आँधीका झोक्का र समुद्रका छालहरूले घायल गराइदिन्थे। यसरी कठिन परिश्रमका कारण उनी बेहोसीको गहन अन्धकारमा खसे र उनलाई पृथिवी र आकाशको समेत ज्ञान भएन।

क्वचिन्मग्नो महावर्ते तरलैस्ताडितः क्वचित्।
यादोभिर्भक्ष्यते क्वापि स्वयमन्योन्यघातिभिः॥ १७॥

पदार्थ—
क्वचित् = कहिले
महावर्ते = ठुलो भुमरीमा
मग्नः = डुब्न पुगे
क्वचित् = कहिले
तरलैः = चञ्चल छालहरूद्वारा
ताडितः = हिर्काइए
क्व अपि = कहीँ चाहिँ
अन्योन्यघातिभिः = एकआपसमा जुधिरहेका
यादोभिः = जलजन्तुहरूद्वारा
स्वयं = अचानक
भक्ष्यते = आक्रमण गरिए

वाक्यार्थ— उनी कहिले ठुलो भुमरीमा फस्थे त कहिले समुद्रका छालहरूद्वारा हिर्काइन्थे। परस्पर

जुधिरहेका जलजन्तुहरूले पनि उनीमाथि अचानक आक्रमण गर्दथे।

क्वचिच्छोकं क्वचिन्मोहं क्वचिद् दुःखं सुखं भयम्।
क्वचिन्मृत्युमवाप्नोति व्याध्यादिभिरुतार्दितः॥ १८॥

पदार्थ—
क्वचित् = कहिले
शोकं = शोक
क्वचित् = कहिले
मोहं = मोह
क्वचित् = कहिले
दुःखं = दुःख
सुखं = सुख र
भयं = भय
व्याध्यादिभिः = रोग आदिद्वारा
अर्दितः = पीडित भई
क्वचित् = कहिलेकाहीँ त
मृत्युं उत = मृत्युलाई समेत
अवाप्नोति = प्राप्त गर्दथे

वाक्यार्थ— उनी कहिले शोकग्रस्त हुन्थे र कहिले मोहग्रस्त हुन्थे। कहिलेकाहीँ उनलाई सुख, दुःख र भय प्राप्त हुन्थ्यो। यसै गरी रोग आदिद्वारा पीडित भई उनी कहिले मृत्युको मुखमा समेत प्राप्त हुन्थे।

अयुतायतवर्षाणां सहस्राणि शतानि च।
व्यतीयुर्भ्रमतस्तस्मिन् विष्णुमायावृतात्मनः॥ १९॥

पदार्थ—
तस्मिन् = त्यो प्रलयजलमा
विष्णुमायावृतात्मनः = भगवान्‌को मायाद्वारा मोहित भएका
भ्रमतः = यताउति घुमिरहेका तिनको
अयुतायतवर्षाणां = दसौँ हजार वर्षको
शतानि = सय गुणा र
सहस्राणि च = हजारौँ गुणा वर्षहरू
व्यतीयुः = बिते

वाक्यार्थ— यसप्रकार भगवान् विष्णुको मायाद्वारा ढाकिई त्यस प्रलयजलमा उनी भड्किँदा भड्किँदै लाखौँ लाख वर्षहरू बिते।

स कदाचिद् भ्रमंस्तस्मिन् पृथिव्याः ककुदि द्विजः।
न्यग्रोधपोतं ददृशे फलपल्लवशोभितम्॥ २०॥

पदार्थ—
कदाचित् = कुनै समय
तस्मिन् = त्यो
पृथिव्याः = पृथिवीको
ककुदि = एक टापुमा
भ्रमन् = घुम्दै पुगेका
सः = ती
द्विजः = ब्राह्मण मार्कण्डेयले
फलपल्लवशोभितं = फल र पालुवाले सुशोभित
न्यग्रोधपोतं = वरको सानो रुख
ददृशे = देखे

वाक्यार्थ— यसप्रकार घुम्दाघुम्दै एकपटक मार्कण्डेय कुनै सानो टापुमा पुगे। त्यहाँ उनले फल र पालुवाले सुशोभित भएको वरको सानो रुख देखे।

प्रागुत्तरस्यां शाखायां तस्यापि ददृशे शिशुम्।
शयानं पर्णपुटके ग्रसन्तं प्रभया तमः॥ २१॥

पदार्थ—
तस्य अपि = त्यो रुखको पनि
प्रागुत्तरस्यां = पूर्वोत्तरको
शाखायां = हाँगामा
पर्णपुटके = सानो पातमा
शयानं = सुतिरहेका
प्रभया = आफ्नो शरीरको कान्तिद्वारा
तमः = अँध्यारोलाई
ग्रसन्तं = नष्ट गरिरहेका
शिशुं = बालकलाई
ददृशे = देखे

वाक्यार्थ— उनले त्यो रुखको ईशान कोणको शाखामा पातमाथि सुतिरहेका एउटा बालकलाई देखे। ती बालकको शरीरबाट निस्किएको कान्तिले वरिपरिको अँध्यारो नष्ट भइरहेको थियो।

महामरकतश्यामं श्रीमद्वदनपङ्कजम्।
कम्बुग्रीवं महोरस्कं सुनसं सुन्दरभ्रुवम्॥ २२॥
श्वासैजदलकाभातं कम्बुश्रीकर्णदाडिमम्।
विद्रुमाधरभासेषच्छोणायितसुधास्मितम्॥ २३॥
पद्मगर्भारुणापाङ्गं हृद्यहासावलोकनम्।
श्वासैजद्वलिसंविग्ननिम्ननाभिदलोदरम्॥ २४॥
चार्वङ्गुलिभ्यां पाणिभ्यामुन्नीय चरणाम्बुजम्।
मुखे निधाय विप्रेन्द्रो धयन्तं वीक्ष्य विस्मितः॥ २५॥

पदार्थ—
विप्रेन्द्रः = विप्रवर ती मार्कण्डेयले
महामरकतश्यामं = मरकतमणिसमान श्याम वर्ण भएका
श्रीमद्वदनपङ्कजं = सम्पूर्ण सौन्दर्यले युक्त मुखकमल भएका
कम्बुग्रीवं = शङ्खसमान घाँटी
महोरस्कं = ठुलो छाती
सुनसं = सुन्दर नासिका
सुन्दरभ्रुवं = सुन्दर आँखीभौंले युक्त
श्वासैजदलकाभातं = श्वासद्वारा गालासम्म लर्किएका घुमौरा कपाल हल्लिरहेका
कम्बुश्रीकर्णदाडिमं = शङ्खजस्तै घुमौरा कानमा दारिमको फूल धारण गरेका
विद्रुमाधरभासा = मुगासमान ओठको रातो कान्तिले
ईषच्छोणायितसुधास्मितं = अमृतसमान सेतो चम्किलो हँसाइ रातो-रातो बनेका
पद्मगर्भारुणापाङ्गं = आँखाका कुना कमलको भित्री भाग जस्तै राता भएका
हृद्यहासावलोकनं = अत्यन्त मनोहर हेराइ र मन्दमुस्कानले युक्त
श्वासैजद्वलिसंविग्ननिम्ननाभि-दलोदरं = श्वास लिँदा पिपलको पातसमानको पातलो पेटमा नाभि र वल्लीहरू चलिरहेका
चार्वङ्गुलिभ्यां = कोमल औंला

भएका	**उन्नीय** = समाती	**धयन्तं** = चुसिरहेका बालकलाई
पाणिभ्यां = दुई हातद्वारा	**मुखे** = मुखमा	**वीक्ष्य** = देखेर
चरणाम्बुजं = चरणकमल	**निधाय** = राखेर	**विस्मितः** = आश्चर्यचकित भए

वाक्यार्थ– ती मार्कण्डेयले आफ्ना कोमल सुन्दर औँला भएका दुबै हातले आफ्नै चरणलाई लिएर मुखभित्र राखी चुसिरहेका ती बालकलाई देखे। उनको शरीरको कान्ति मरकतमणिसमान कालो थियो, अत्यन्त सुन्दर मुख, शङ्खसमान घाँटी, विशाल छाती, राम्रा नासिका र सुन्दर आँखीभौँले युक्त उनले शङ्खसमान घुमाउरा कानमा दारिमका फूल धारण गरेका थिए। कानसम्म लर्किएका उनका घुमाउरा केश बिच-बिचमा सास लिँदा हल्लिरहेका थिए भने उनको नेत्रकोश कमलपुष्प झैँ रातो वर्णको थियो। उनका हेराइ र मन्दमुस्कान सबै मनोहारी थिए, साथै सुधासमान उनको स्वच्छ सेतो मुस्कानमा मुगाको समान ओठको रातो कान्ति पर्दा त्यो हाँसो पनि अलिकति रङ्गिए झैँ हुन्थ्यो। श्वास लिँदाखेरि पिपलको पातसमान उनको पातलो पेटका वल्लीहरू र नाभि पनि हल्लिरहेका थिए। यस्ता परमसुन्दर बालकलाई देख्दा मार्कण्डेय आश्चर्यचकित भए।

तद्दर्शनाद् वीतपरिश्रमो मुदा प्रोत्फुल्लहृत्पद्मविलोचनाम्बुजः।
प्रहृष्टरोमाद्भुतभावशङ्कितः प्रष्टुं पुरस्तं प्रससार बालकम्॥ २६॥

पदार्थ–	**म्बुजः** = हृदयकमल र नेत्रकमल	**तं** = तिनै
तद्दर्शनात् = उनलाई देख्नाले	फक्रिएका	**बालकं** = बालकलाई
वीतपरिश्रमः = थकाइ नष्ट	**प्रहृष्टरोमा** = रोमाञ्चले युक्त	**प्रष्टुं** = सोध्न
भएका	**अद्भुतभावशङ्कितः** = बालकको	**पुरः** = अगाडि
मुदा = खुसीका कारण	अद्भुत भाव देखी शङ्का र	**प्रससार** = गए
प्रोत्फुल्लहृत्पद्मविलोचना-	प्रश्नहरूले युक्त उनी	

वाक्यार्थ– ती शिशुलाई देख्नेबित्तिकै मार्कण्डेयको सम्पूर्ण थकाइ नष्ट भयो। खुसीका कारण उनको हृदयकमल र नेत्रकमल फक्रिए, शरीरमा रोमाञ्च भयो। बालकको रहस्यमय भावलाई देखेर उनका मनमा शङ्का र प्रश्नहरू आए। त्यसैले यस विषयमा बालकसँग नै सोध्न उनी अगाडि गए।

तावच्छिशोर्वै श्वसितेन भार्गवः सोऽन्तः शरीरं मशको यथाविशत्।
तत्राप्यदो न्यस्तमचष्ट कृत्स्नशो यथा पुरामुह्यदतीव विस्मितः॥ २७॥

पदार्थ–	**शिशोः** = ती बालकको	**आविशत्** = पसे
तावत् वै = त्यसै समयमा नै	**श्वसितेन** = साससँगै	**तत्र अपि** = त्यहाँ पनि
सः = ती	**मशकः यथा** = लामखुट्टे झैँ	**यथा पुरा** = प्रलयअघि जस्तै
भार्गवः = मार्कण्डेय	**अन्तः शरीरं** = शरीरभित्र	**अदः** = यो जगत्

कृत्स्नशः = सम्पूर्ण रूपमा
न्यस्तं = अवस्थित भएको
अचष्ट = देखे
अतीव = अत्यन्त
विस्मितः = चकित हुँदै
अमुह्यत् = मोहमा परे

वाक्यार्थ– अगाडि पुग्नेबित्तिकै ती मार्कण्डेय ऋषि बालकको साससँगै लामखुट्टे पसे झैं उनको पेटभित्र पसे। भित्र पुगेपछि उनले यो सम्पूर्ण जगत्‌लाई प्रलय हुनुभन्दा अघि झैं जस्ताको तस्तै रहेको देखे। यसबाट उनी चकित र मोहित भए।

खं रोदसी भगणानद्रिसागरान् द्वीपान् सवर्षान् ककुभः सुरासुरान्।
वनानि देशान् सरितः पुराकरान् खेटान् व्रजानाश्रमवर्णवृत्तयः॥ २८॥
महान्ति भूतान्यथ भौतिकान्यसौ कालं च नानायुगकल्पकल्पनम्।
यत् किञ्चिदन्यद् व्यवहारकारणं ददर्श विश्वं सदिवावभासितम्॥ २९॥

पदार्थ–
असौ = यिनले
खं = आकाश
रोदसी = अन्तरिक्ष
भगणान् = नक्षत्रमण्डल
अद्रिसागरान् = पर्वत र समुद्रहरू
सवर्षान् = वर्षसहित
द्वीपान् = द्वीपहरू
ककुभः = दिशाहरू
सुरासुरान् = देवता र दैत्यहरू
वनानि = वनहरू
देशान् = देशहरू
सरितः = नदीहरू
पुराकरान् = शहर र खानीहरू
खेटान् = किसानका बस्तीहरू
व्रजान् = ग्वालाका बस्तीहरू
आश्रमवर्णवृत्तयः = सबै वर्ण, आश्रम र तिनका व्यवहारहरू
महान्ति भूतानि = महाभूतहरू
अथ = त्यसै गरी
भौतिकानि = यसबाट बनेका शरीर आदि भौतिक पदार्थहरू
नानायुगकल्पकल्पनं = अनेक युग र कल्पको भेदले युक्त
कालं च = काललाई समेत
अन्यत् = अरू
यत् किञ्चित् = जुन कुनै
व्यवहारकारणं = लौकिक व्यवहारसम्पन्न गर्ने
सत् इव = सत्य झैं
अवभासितं = प्रतीत भइरहेको
विश्वं = संसारलाई
ददर्श = देखे

वाक्यार्थ– मार्कण्डेयले त्यहाँभित्र आकाश, अन्तरिक्ष, नक्षत्रमण्डल, पर्वत, समुद्र, द्वीप, वर्ष, दिशा, देवता, दैत्य, वन, देश, नदी, शहर, खानी, किसान र ग्वालाहरूका गाउँ, चारैथरी वर्ण, आश्रम र तिनका आचारव्यवहारहरू, पञ्चमहाभूत, त्यसबाट बनेका शरीर र बाहिरी पदार्थहरू, अनेक युग र कल्पको भेदले युक्त काल यी सबैलाई देखे। वास्तवमा नभएर पनि लौकिक व्यवहार पूरा गर्ने हुनाले सत्य झैं प्रतीत भइरहेको अरू सम्पूर्ण संसारलाई पनि उनले देखे।

हिमालयं पुष्पवहां च तां नदीं निजाश्रमं तत्र ऋषीनपश्यत्।
विश्वं विपश्यञ्छ्वसिताच्छिशोर्वै बहिर्निरस्तो न्यपतल्लयाब्धौ॥ ३०॥

पदार्थ–
हिमालयं = हिमालयलाई
तां = त्यो

पुष्पवहां = पुष्पभद्रा
नदीं = नदीलाई
निजाश्रमं = आफ्नो आश्रमलाई
तत्र = त्यहाँ रहने
ऋषीन् च = ऋषिहरूलाई समेत
अपश्यत् = देखे
वै = निश्चय नै
विश्वं = संसारलाई
विपश्यन् = देखदादेख्दै
शिशोः = बालकको
श्वसितात् = श्वाससँगै
बहिः = बाहिर
निरस्तः = फ्याँकिए
लयाब्धौ = प्रलयजलमा
न्यपतत् = खसे

वाक्यार्थ– उनले त्यहाँ हिमालय पर्वत, पुष्पभद्रा नदी, त्यसको किनारमा रहेको आफ्नो आश्रम र आश्रममा रहने सबै ऋषिहरूलाई समेत देखे। यसरी सम्पूर्ण संसारलाई हेर्दाहेर्दै उनी बालकको श्वाससँगै बाहिर फ्याँकिए र प्रलयजलमा खसे।

तस्मिन् पृथिव्याः ककुदि प्ररूढं वटं च तत्पर्णपुटे शयानम्।
तोकं च तत्प्रेमसुधास्मितेन निरीक्षितोऽपाङ्गनिरीक्षणेन ॥ ३१ ॥

पदार्थ–
तस्मिन् = त्यो
पृथिव्याः = पृथिवीको
ककुदि = सानो टापुमा
प्ररूढं = उम्रिएको
वटं च = वरको रुख र
तत्पर्णपुटे = दुना जस्तो भएका त्यसका पातमा
शयानं = सुतिरहेका
तोकं च = बालकलाई पनि देखे
तत्प्रेमसुधास्मितेन = ती बालकको अमृतसमान प्रेमपूर्ण मुस्कान र
अपाङ्गनिरीक्षणेन = नेत्रकटाक्षद्वारा
निरीक्षितः = हेरिए

वाक्यार्थ– बाहिर आएपछि उनले त्यही पृथिवीको सानो टापुको ढिस्कोमा उम्रिएको वरको रुख र त्यसका पातमा सुतिरहेका तिनै बालकलाई देखे। ती बालकले आफ्नो अमृतसमानको प्रेमपूर्ण मुस्कानले युक्त भई नेत्रकटाक्षद्वारा मार्कण्डेयलाई हेरिरहेका थिए।

अथ तं बालकं वीक्ष्य नेत्राभ्यां धिष्ठितं हृदि।
अभ्ययादतिसंक्लिष्टः परिष्वक्तुमधोक्षजम् ॥ ३२ ॥

पदार्थ–
अथ = यसपछि
नेत्राभ्यां = आँखाका माध्यमले
हृदि = हृदयमा
धिष्ठितं = विराजमान भएका
तं = ती
अधोक्षजं = इन्द्रियातीत
बालकं = बालकलाई
वीक्ष्य = देखेर
अतिसंक्लिष्टः = अत्यन्त कष्टका साथ
परिष्वक्तुं = आलिङ्गनका लागि
अभ्ययात् = अगाडि बढे

वाक्यार्थ– मार्कण्डेयले बालकरूपधारी ती इन्द्रियातीत भगवान्लाई आँखाका माध्यमले पहिल्यै हृदयमा विराजमान गराइसकेका थिए। अब उहाँलाई अङ्कमाल गर्न उनी अत्यन्त कष्टका साथ अघि बढे।

तावत् स भगवान् साक्षाद् योगाधीशो गुहाशयः ।
अन्तर्दध ऋषेः सद्यो यथेहानीशनिर्मिता ॥ ३३ ॥

पदार्थ—	**सः** = ती	**यथा** = जसरी
तावत् = त्यसै वेलामा	**भगवान्** = भगवान्	**अनीशनिर्मिता** = अभागी पुरुषले रचेको
साक्षात् = साक्षात्	**ऋषेः** = मार्कण्डेय ऋषिको अघि नै	**ईहा** = मनको कल्पना (नष्ट हुन्छ)
योगाधीशः = योगका मालिक	**सद्यः** = तत्काल	
गुहाशयः = सबैका हृदयभित्र रहने	**अन्तर्दधे** = अन्तर्धान हुनुभयो	

वाक्यार्थ— मार्कण्डेय मुनि नजिक नपुग्दै सबै प्राणीहरूका हृदयभित्र रहने योगका स्वामी भगवान् त्यहाँबाट त्यसै गरी अन्तर्धान हुनुभयो, जसरी एउटा अभागी पुरुषले गरेको कल्पना नष्ट हुन्छ।

तमन्वथ वटो ब्रह्मन् सलिलं लोकसम्प्लवः ।
तिरोधायि क्षणादस्य स्वाश्रमे पूर्ववत् स्थितः ॥ ३४ ॥

पदार्थ—	**वटः** = वरको रुख	**तिरोधायि** = हराए
ब्रह्मन् = हे ब्राह्मण शौनक	**सलिलं** = समुद्रको जल र	**स्वाश्रमे** = आफ्ना आश्रममा
अथ = त्यसपछि	**लोकसम्प्लवः** = सम्पूर्ण संसारको प्रलय	**पूर्ववत्** = पहिले झैँ
तमनु = त्यससँगसँगै	**क्षणात्** = तत्क्षण नै	**स्थितः** = रहेका थिए
अस्य = यिनको अघि देखिएको		

वाक्यार्थ— हे शौनक ! दिव्य बालक अन्तर्धान हुनेबित्तिकै मार्कण्डेयले देखेका वरको रुख, संसारको प्रलय र प्रलयकालीन जल सबै तत्क्षण नै बिलाए। उनी आफ्नो आश्रममा पहिले झैँ बसेका थिए।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे
मायादर्शनं नाम नवमोऽध्यायः ॥ ९ ॥

अथ दशमोऽध्यायः

भगवान् शङ्करबाट मार्कण्डेयलाई वरदान

सूत उवाच (सूतजीले भन्नुभयो)

स एवमनुभूयेदं नारायणविनिर्मितम् ।

वैभवं योगमायायास्तमेव शरणं ययौ ॥ १ ॥

पदार्थ–
सः = ती मार्कण्डेयले
एवं = यसप्रकार
नारायणविनिर्मितं = भगवान् नारायणबाट विरचित
योगमायायाः = योगमायाको
इदं = यस्तो
वैभवं = प्रभावलाई
अनुभूय = अनुभव गरी
तं एव = ती भगवान्कै
शरणं = शरणमा
ययौ = गए

वाक्यार्थ– यसप्रकार मार्कण्डेयले भगवान् नारायणद्वारा रचिएको उहाँको मायाको प्रभाव अनुभव गरे र यसबाट छुट्नका लागि भगवान्कै शरणमा गए।

मार्कण्डेय उवाच (मार्कण्डेयले भने)

प्रपन्नोऽस्म्यङ्घ्रिमूलं ते प्रपन्नाभयदं हरे ।

यन्माययापि विबुधा मुह्यन्ति ज्ञानकाशया ॥ २ ॥

पदार्थ–
हरे = हे भगवान्
ज्ञानकाशया = सत्य ज्ञान झैँ प्रकाशित हुने
यन्मायया = जसको मायाद्वारा
विबुधाः अपि = ज्ञानीहरू पनि
मुह्यन्ति = मोहित हुन्छन्
ते = त्यस्ता हजुरको
प्रपन्नाभयदं = शरणमा आएकालाई अभय दिने
अङ्घ्रिमूलं = चरणमा
प्रपन्नः = शरणागत
अस्मि = छु

वाक्यार्थ– हे भगवान् ! मिथ्या भए पनि सत्य ज्ञान झैँ प्रकाशित हुने हजुरको मायाद्वारा ज्ञानीहरू पनि मोहित हुन्छन्। त्यस्ता हजुरको शरणमा आएका भक्तहरूलाई अभयप्रदान गर्ने चरणकमलको शरणमा म आएको छु।

सूत उवाच (सूतजीले भन्नुभयो)

तमेवं निभृतात्मानं वृषेण दिवि पर्यटन् ।

रुद्राण्या भगवान् रुद्रो ददर्श स्वगणैर्वृतः ॥ ३ ॥

पदार्थ–
स्वगणैः = आफ्ना गणहरूद्वारा
वृतः = युक्त हुनुभएका

वृषेण = नन्दीद्वारा
दिवि = आकाशमार्गमा
पर्यटन् = घुम्दै गरेका
रुद्राण्या = पार्वतीसहित
भगवान् = भगवान्
रुद्रः = शङ्करले
एवं = यसप्रकार
निभृतात्मानं = शान्त चित्त भएका
तं = ती मार्कण्डेयलाई
ददर्श = देख्नुभयो

वाक्यार्थ– यसप्रकार मार्कण्डेय चित्तलाई समाहित गरी बसिरहेको अवस्थामा आफ्ना गणहरूद्वारा युक्त भई नन्दीमाथि चढी आकाशमार्गमा विचरण गरिरहनुभएका पार्वतीसहित भगवान् शङ्करले उनलाई देख्नुभयो।

अथोमा तमृषिं वीक्ष्य गिरिशं समभाषत।
पश्येमं भगवन् विप्रं निभृतात्मेन्द्रियाशयम्॥ ४॥

पदार्थ–
अथ = यसपछि
उमा = माता पार्वतीले
तं = ती
ऋषिं = ऋषिलाई
वीक्ष्य = देखी
गिरिशं = भगवान् शङ्करलाई
समभाषत = भन्नुभयो
भगवन् = हे भगवान्
निभृतात्मेन्द्रियाशयं = शरीर, इन्द्रिय र अन्तःकरण समाहित भएका
इमं = यी
विप्रं = ब्राह्मणलाई
पश्य = हेर्नुहोस्

वाक्यार्थ– माता उमाले ती ऋषिलाई देखेर भगवान् शङ्करसँग भन्नुभयो– हे भगवान्! आफ्ना शरीर, इन्द्रिय र मनलाई परमात्मामा समाहित गरेका यी मार्कण्डेयलाई हेर्नुहोस्।

निभृतोदझषव्रातं वातापाये यथार्णवम्।
कुर्वस्य तपसः साक्षात् संसिद्धिं सिद्धिदो भवान्॥ ५॥

पदार्थ–
वातापाये = आँधी शान्त भएपछि
निभृतोदझषव्रातं = छालहरू र माछा आदि प्राणीहरू शान्त भएको
अर्णवं यथा = समुद्र झैँ
अस्य = यिनको
तपसः = तपस्याको
संसिद्धिं = सिद्धि
कुरु = गरिदिनुहोस्
भवान् = हजुर
साक्षात् = साक्षात्
सिद्धिदः = सिद्धिदाता हुनुहुन्छ

वाक्यार्थ– आँधी शान्त भएपछि समुद्रका छाल र माछा आदि प्राणीहरू शान्त भएको समुद्रझैँ भएका यी मुनिको तपस्यालाई सिद्ध गरिदिनुहोस्, किनभने हजुर साक्षात् सिद्धिदाता हुनुहुन्छ।

श्रीभगवानुवाच (भगवान् शङ्करजीले भन्नुभयो)

नैवेच्छत्याशिषः क्वापि ब्रह्मर्षिर्मोक्षमप्युत।
भक्तिं परां भगवति लब्धवान् पुरुषेऽव्यये॥ ६॥

पदार्थ—
ब्रह्मर्षिः = यी ब्रह्मर्षि
क्व अपि = कुनै लोकलोकान्तरको
आशिषः = फलभोग र
उत = साथै
मोक्षं अपि = मोक्षसमेत
न इच्छति एव = चाहँदैनन्
अव्यये = अविनाशी
पुरुषे = परमपुरुष
भगवति = भगवान्मा
परां = निष्काम
भक्तिं = भक्ति
लब्धवान् = प्राप्त गरे

वाक्यार्थ— हे पार्वती ! यी ब्रह्मर्षि मार्कण्डेय कुनै लोक-लोकान्तरका फलभोगहरू र मोक्षसमेत चाहँदैनन्। किनभने यिनले अविनाशी परमपुरुष भगवान्मा निष्काम भक्ति प्राप्त गरेका छन्।

अथापि संवदिष्यामो भवान्येतेन साधुना।
अयं हि परमो लाभो नृणां साधुसमागमः॥ ७॥

पदार्थ—
भवानी = हे पार्वती
अथ अपि = तर पनि
एतेन = यी
साधुना = सत्पुरुषसँग
संवदिष्यामः = कुराकानी गरौँ
हि = निश्चय नै
नृणां = मनुष्यहरूका लागि
अयं = यो
साधुसमागमः = सत्सङ्ग नै
परमः = सर्वश्रेष्ठ
लाभः = लाभ हो

वाक्यार्थ— हे पार्वती ! यिनको वरप्राप्ति गर्ने इच्छा नभए पनि यिनीसँग कुराकानी गरौँ। किनभने मनुष्यहरूका लागि सत्सङ्ग नै सबैभन्दा ठुलो लाभ हो।

सूत उवाच (सूतले भने)

इत्युक्त्वा तमुपेयाय भगवान् स सतां गतिः।
ईशानः सर्वविद्यानामीश्वरः सर्वदेहिनाम्॥ ८॥

पदार्थ—
इति उक्त्वा = यसो भनी
सतां = सत्पुरुषहरूका
गतिः = एक मात्र आश्रय
सर्वविद्यानां = सबै विद्याका
ईशानः = प्रवर्तक
सर्वदेहिनां = सम्पूर्ण प्राणीहरूका
ईश्वरः = नियामक
सः = ती
भगवान् = भगवान् शङ्कर
तं = ती ऋषिको नजिक
उपेयाय = पुग्नुभयो

वाक्यार्थ— यसो भनी सत्पुरुषहरूका एक मात्र आश्रय, सबै विद्याहरूका प्रवर्तक, सम्पूर्ण प्राणीहरूका अन्तर्यामी नियामक भगवान् शङ्कर ती ऋषिको नजिक पुग्नुभयो।

तयोरागमनं साक्षादीशयोर्जगदात्मनोः।
न वेद रुद्धधीवृत्तिरात्मानं विश्वमेव च॥ ९॥

पदार्थ—
रुद्धधीवृत्तिः = चित्तवृत्ति निरुद्ध भएका मार्कण्डेयले
जगदात्मनोः = संसारका आत्मा
साक्षात् = साक्षात्
ईशयोः = संसारका मालिक

तयोः = ती गौरीशङ्करको
आगमनं = आगमनलाई
आत्मानं = आफूलाई
विश्वं एव च = विश्वलाई समेत
न वेद = जानेनन्

वाक्यार्थ– चित्तवृत्ति परमात्मामा निरुद्ध भएका मार्कण्डेयले आफूलाई र समस्त विश्वलाई पनि जान्दैनथे। त्यसैले सम्पूर्ण जगत्का आत्मा हुनुभएका भगवान् गौरीशङ्कर साक्षात् आउँदा पनि उनले थाहा पाएनन्।

भगवांस्तदभिज्ञाय गिरिशो योगमायया।
आविशत् तद्गुहाकाशं वायुश्छिद्रमिवेश्वरः॥ १०॥

पदार्थ–
ईश्वरः = सर्वसमर्थ
भगवान् = भगवान्
गिरिशः = शङ्करले
तत् = त्यो कुरा
अभिज्ञाय = जानी
वायुः = हावा
छिद्रं इव = छिद्रभित्र छिरे जैँ
योगमायया = योगमायाद्वारा
तद्गुहाकाशं = मार्कण्डेयको हृदयाकाशमा
आविशत् = पस्नुभयो

वाक्यार्थ– सर्वसमर्थ भगवान् शङ्करले मार्कण्डेयको त्यो अवस्थालाई जान्नुभयो र खाली ठाउँमा हावा छिरे जैँ योगमायाद्वारा उनको हृदयाकाशमा सजिलै प्रवेश गर्नुभयो।

आत्मन्यपि शिवं प्राप्तं तडित्पिङ्गजटाधरम्।
त्र्यक्षं दशभुजं प्रांशुमुद्यन्तमिव भास्करम्॥ ११॥
व्याघ्रचर्माम्बरधरं शूलखट्वाङ्गचर्मभिः।
अक्षमालाडमरुककपालासिधनुः सह॥ १२॥
बिभ्राणं सहसा भातं विचक्ष्य हृदि विस्मितः।
किमिदं कुत एवेति समाधेर्विरतो मुनिः॥ १३॥

पदार्थ–
आत्मनि अपि = आफूभित्र नै
तडित्पिङ्गजटाधरं = बिजुली जैँ चम्किला पहेँला जटा भएका
त्र्यक्षं = त्रिनेत्र
दशभुजं = दशभुजा भएका
प्रांशुं = उच्च शरीर
उद्यन्तं = उदाइरहेको
भास्करं इव = सूर्यसमान तेजस्वी
व्याघ्रचर्माम्बरधरं = व्याघ्रचर्मको वस्त्र लगाउने
शूलखट्वाङ्गचर्मभिः सह = शूल, खट्वाङ्ग, ढालसहित
अक्षमालाडमरुककपालासिधनुः = रुद्राक्षमाला, डमरु, खप्पर, तरबार र धनु
बिभ्राणं = धारण गर्ने
सहसा = अकस्मात्
प्राप्तं = आउनुभएको
शिवं = भगवान् शङ्कर
हृदि = हृदयभित्र
भातं = प्रकट हुनुभएको
विचक्ष्य = देखेर
विस्मितः = चकित भएका
मुनिः = मुनि मार्कण्डेय
इदं = यो
किं = के हो

कुतः एव = कहाँबाट हो	**समाधेः** = समाधिबाट
इति = भनी	**विरतः** = ब्युँझिए

वाक्यार्थ– मार्कण्डेयले आफूभित्र भगवान् शङ्कर प्रकट हुनुभएको देखे। त्रिनेत्र र दशभुजाधारी उहाँका पहेँला जटाहरू बिजुलीसरी चम्किला थिए र उन्नत शरीर, उदाउँदो सूर्यसमान तेजिलो थियो। व्याघ्रचर्मको वस्त्र लगाउनुभएका उहाँले हातमा त्रिशूल, खट्वाङ्ग, ढाल, तरबार, रुद्राक्षमाला, डमरु, खप्पर र धनु धारण गर्नुभएको थियो। यस्ता भगवान्लाई हृदयभित्र प्रकट भएको देखेर मार्कण्डेय चकित भए र यो के हो ? कहाँबाट आयो ? भन्ने सोच्दै समाधिबाट जागे।

नेत्रे उन्मील्य ददृशे सगणं सोमयागतम्।
रुद्रं त्रिलोकैकगुरुं ननाम शिरसा मुनिः॥ १४॥

पदार्थ–	**सोमया** = उमासँग	**ददृशे** = देखे
मुनिः = मुनि मार्कण्डेयले	**आगतं** = आउनुभएका	**शिरसा** = शिरले
नेत्रे = आँखा	**त्रिलोकैकगुरुं** = तीनै लोकका एक मात्र गुरु	**ननाम** = चरणमा प्रणाम गरे
उन्मील्य = खोल्दा	**रुद्रं** = भगवान् शङ्करलाई	
सगणं = गणहरूले सहित		

वाक्यार्थ– मुनि मार्कण्डेयले आँखा खोल्दा गणहरूले सहित भगवान् शङ्कर उमासँग आउनुभएको देखे। तीनै लोकका एक मात्र गुरु भगवान्लाई उनले चरणमा प्रणाम गरे।

तस्मै सपर्यां व्यदधात् सगणाय सहोमया।
स्वागतासनपाद्यार्घ्यगन्धस्रग्धूपदीपकैः॥ १५॥
आह चात्मानुभावेन पूर्णकामस्य ते विभो।
करवाम किमीशान येनेदं निर्वृतं जगत्॥ १६॥

पदार्थ–	**सपर्यां** = पूजा	**निर्वृतं** = आनन्दित हुन्छ
उमया सह = उमाले सहित	**व्यदधात्** = गरे	**आत्मानुभावेन** = आफ्नै महिमाद्वारा
सगणाय = गणहरूले युक्त	**आह च** = यसो पनि भने	**पूर्णकामस्य** = पूर्णकाम हुनुभएका
तस्मै = ती भगवान् शङ्करलाई	**विभो** = हे सर्वव्यापक	**ते** = त्यस्ता हजुरको
स्वागतासनपाद्यार्घ्यगन्धस्रग्धूप-दीपकैः = स्वागत, आसन, पाद्य, अर्घ्य, चन्दन, माला, धूप र दीपद्वारा	**ईशान** = हे अन्तर्यामी परमात्मा	**किं** = के
	येन = जुन हजुरद्वारा	**करवाम** = गरौं
	इदं = यो	
	जगत् = जगत्	

वाक्यार्थ– मार्कण्डेयले गणहरू र माता उमाले सहित भगवान् शङ्करलाई स्वागत, आसन, पाद्य, अर्घ्य, चन्दन, माला, धूप, दीप आदि पूजासामग्रीद्वारा पूजा गरे र उनले भगवान्सँग प्रार्थना गर्दै भने– हे अन्तर्यामी सर्वव्यापक परमात्मा ! जुन हजुरद्वारा यो जगत् आनन्दित छ, त्यस्ता आफ्नो महिमाबाटै पूर्णकाम हुनुभएका हजुरको म के सेवा गरौं ?

नमः शिवाय शान्ताय सत्त्वाय प्रमृडाय च।
रजोजुषेऽप्यघोराय नमस्तुभ्यं तमोजुषे॥ १७॥

पदार्थ–

प्रमृडाय = सबैलाई सुख दिने	**शिवाय च** = शिवलाई	**अघोराय अपि** = अघोररूपका पनि
शान्ताय = शान्तस्वरूप	**नमः** = नमस्कार छ	**तुभ्यं** = हजुरलाई
सत्त्वाय = सत्त्वगुणी	**रजोजुषे** = रजोगुणी र	**नमः** = नमस्कार छ
	तमोजुषे = तमोगुणी	

वाक्यार्थ– संसारलाई सुख दिने, शान्तस्वरूप र सत्त्वगुणी शिव भगवान्लाई नमस्कार छ। यस्तै रजोगुणी र तमोगुणी अघोरस्वरूप हजुरलाई पनि नमस्कार छ।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं स्तुतः स भगवानादिदेवः सतां गतिः।
परितुष्टः प्रसन्नात्मा प्रहसंस्तमभाषत॥ १८॥

पदार्थ–

एवं = यसप्रकार	**सः** = ती	**प्रहसन्** = हाँस्दै
स्तुतः = स्तुति गरिएका	**सतां** = सत्पुरुषहरूका	**तं** = ती मार्कण्डेयलाई
परितुष्टः = सन्तुष्ट भएका	**गतिः** = परम आश्रय	**अभाषत** = भन्नुभयो
प्रसन्नात्मा = प्रसन्नचित्त	**आदिदेवः** = आदिदेव	
	भगवान् = भगवान्ले	

वाक्यार्थ– मार्कण्डेयले यसप्रकार सत्पुरुषहरूका परम आश्रय आदिदेव भगवान् शङ्करको स्तुति गरिसकेपछि प्रसन्नचित्त भई भगवान्ले मुस्कुराउँदै यसो भन्नुभयो।

श्रीभगवानुवाच (भगवान् शङ्करले भन्नुभयो)

वरं वृणीष्व नः कामं वरदेशा वयं त्रयः।
अमोघं दर्शनं येषां मर्त्यो यद् विन्दतेऽमृतम्॥ १९॥

पदार्थ–

नः = मबाट	**वरं** = वर	**त्रयः** = तीन
कामं = चाहेको	**वृणीष्व** = माग	**वरदेशाः** = वरदातामध्ये श्रेष्ठ हौं
	वयं = हामी	**येषां** = जसको

दर्शनं = दर्शन	**यत्** = जसबाट	**अमृतं** = अमृतत्व
अमोघं = व्यर्थ हुँदैन	**मर्त्यः** = मानिसले	**विन्दते** = पाउँछ

वाक्यार्थ— ब्रह्मा, विष्णु र म हामी तीन वरदातामध्ये श्रेष्ठ हौँ। हाम्रो दर्शन कहिल्यै व्यर्थ हुँदैन। हामीबाट मनुष्यले अमरत्व समेत पाउन सक्छ, त्यसैले मबाट आफूले चाहेको वर माग।

ब्राह्मणाः साधवः शान्ता निःसङ्गा भूतवत्सलाः।

एकान्तभक्ता अस्मासु निर्वैराः समदर्शिनः॥ २०॥

पदार्थ—	**भूतवत्सलाः** = प्राणीहरूमा	**साधवः** = परोपकारी र
ब्राह्मणाः = ब्राह्मणहरू	दयाभाव राख्ने	**अस्मासु** = हामीमा
शान्ताः = शान्त	**निर्वैराः** = वैरभावशून्य	**एकान्तभक्ताः** = अनन्य भक्त
निःसङ्गाः = सङ्गरहित	**समदर्शिनः** = समदर्शी	हुन्छन्

वाक्यार्थ— ब्राह्मणहरू स्वभावतः नै शान्तचित्त, सङ्गरहित, वैरभाव नभएका, समदर्शी, दयालु, परोपकारी र हाम्रा अनन्य भक्त हुन्छन्।

सलोका लोकपालास्तान् वन्दन्त्यर्चन्त्युपासते।

अहं च भगवान् ब्रह्मा स्वयं च हरिरीश्वरः॥ २१॥

पदार्थ—	**अर्चन्ति** = पूजा गर्दछन्	**स्वयं** = साक्षात्
सलोकाः = सबै लोकले सहित	**उपासते** = उपासना गर्दछन्	**ईश्वरः** = जगदीश्वर
लोकपालाः = लोकपालहरू	**अहं** = म	**हरिः च** = श्रीहरिसमेत
तान् = तिनीहरूको	**भगवान्** = भगवान्	
वन्दन्ति = वन्दना गर्दछन्	**ब्रह्मा च** = ब्रह्माजी र	

वाक्यार्थ— सम्पूर्ण लोक र लोकपालहरू यस्ता श्रेष्ठ ब्राह्मणहरूको अर्चना, वन्दना र उपासना गर्दछन्। यति मात्र नभई भगवान् ब्रह्मा, जगदीश्वर श्रीहरि र मसमेत तिनको सेवा गर्दछौँ।

न ते मय्यच्युतेऽजे च भिदामण्वपि चक्षते।

नात्मनश्च जनस्यापि तत् युष्मान् वयमीमहि॥ २२॥

पदार्थ—	**भिदां** = भेद	**तत्** = त्यसैले
ते = तिनीहरू	**न चक्षते** = देख्दैनन्	**वयं** = हामीहरू
मयि = ममा	**आत्मनः च** = आफ्नो र	**युष्मान्** = तिमीहरूलाई
अच्युते = अच्युत भगवान्मा	**जनस्य अपि** = अरू	**ईमहि** = आदर गर्दछौँ
अजे च = ब्रह्माजीमा पनि	व्यक्तिहरूको पनि	
अणु अपि = थोरै मात्र	**न** = भेद देख्दैनन्	

वाक्यार्थ– तिनीहरू भगवान् विष्णु, ब्रह्माजी र ममा त्यसै गरी आफू र अरू सम्पूर्ण प्राणीहरूमा अलिकति पनि भेद देख्दैनन्। त्यसैले आत्मस्वरूप भएका तिमीहरूको हामी आदर गर्दछौँ।

न ह्यम्मयानि तीर्थानि न देवाश्चेतनोज्झिताः।
ते पुनन्त्युरुकालेन यूयं दर्शनमात्रतः॥ २३॥

पदार्थ–
हि = निश्चय नै
अम्मयानि = जलप्रधान मात्र
तीर्थानि = तीर्थहरू
न = हुँदैनन्
चेतनोज्झिताः = चेतनारहित मूर्तिहरू मात्र
देवाः = देवता
न = हुँदैनन्
ते = तिनीहरूले
उरुकालेन = लामो समयले मात्र
पुनन्ति = पवित्र गर्दछन्
यूयं = तिमीहरू
दर्शनमात्रतः = दर्शन मात्रले पवित्र गर्दछौ

वाक्यार्थ– केवल जल भएर मात्र तीर्थ हुँदैन र जड मूर्तिहरू मात्र देवता हुँदैनन्। वास्तवमा तिमीहरू जस्ता सत्पुरुषहरू नै तीर्थ र देवता हौ, किनभने बाहिरी तीर्थ र देवताले धेरै लामो समयपछि मात्र पवित्र गर्दछन् भने सत्पुरुषहरू दर्शन मात्रले पवित्र गर्दछन्।

ब्राह्मणेभ्यो नमस्यामो येऽस्मद्रूपं त्रयीमयम्।
बिभ्रत्यात्मसमाधानतपःस्वाध्यायसंयमैः॥ २४॥

पदार्थ–
ये = जो
आत्मसमाधानतपःस्वाध्याय-संयमैः = चित्तको एकाग्रता, तपस्या, स्वाध्याय र संयमद्वारा
त्रयीमयं = वेदमय
अस्मद्रूपं = हाम्रो स्वरूपलाई
बिभ्रति = धारण गर्दछन्
(त्यस्ता)
ब्राह्मणेभ्यः = ब्राह्मणहरूलाई
नमस्यामः = नमस्कार गर्दछौँ

वाक्यार्थ– हामीहरू ब्रह्मवादी ब्राह्मणहरूलाई नमस्कार गर्दछौँ। किनभने उनीहरू चित्तको एकाग्रता, तपस्या, स्वाध्याय र संयमद्वारा हाम्रो वेदमय स्वरूपलाई आफूमा धारण गर्दछन्।

श्रवणाद् दर्शनाद् वापि महापातकिनोऽपि वः।
शुध्येरन्नन्त्यजाश्चापि किमु सम्भाषणादिभिः॥ २५॥

पदार्थ–
वः = तिमीहरूको
श्रवणात् = चरित्रश्रवण
दर्शनात् अपि वा = अथवा दर्शन मात्रले पनि
महापातकिनः अपि = महापातकीहरू पनि
अन्त्यजाः च अपि = शूद्रहरू समेत
शुध्येरन् = पवित्र हुन्छन्
सम्भाषणादिभिः = सम्भाषणआदिबाट त
किमु = के कुरा

वाक्यार्थ– तिमीहरू जस्ता सत्पुरुषहरूको चरित्रश्रवण र दर्शन गर्नाले मात्र पनि महापातकी र शूद्रहरू पनि पवित्र हुन्छन् भने बोलीचाली आदिबाट रुन् के कुरा ?

सूत उवाच (सूतजीले भन्नुभयो)

इति चन्द्रललामस्य धर्मगुह्योपबृंहितम् ।

वचोऽमृतायनमृषिर्नातृप्यत् कर्णयोः पिबन् ॥ २६ ॥

पदार्थ—

इति = यस्तो
चन्द्रललामस्य = चन्द्रचूड भगवान् शङ्करको
धर्मगुह्योपबृंहितं = धर्मको गोप्य रहस्यद्वारा परिपूर्ण भएको
अमृतायनं = अमृतमय
वचः = वचनलाई
कर्णयोः = दुई कानद्वारा
पिबन् = पिइरहेका
ऋषिः = मार्कण्डेय ऋषि
न अतृप्यत् = तृप्त भएनन्

वाक्यार्थ— शिरमा चन्द्रमा धारण गर्नुहुने भगवान् शङ्करको वचन धर्मको गुह्यतम रहस्यद्वारा परिपूर्ण र अमृत झैँ सुमधुर थियो। आफ्ना दुबै कानले त्यस्तो वचन सुनेर मार्कण्डेय ऋषि तृप्त भएनन्।

स चिरं मायया विष्णोर्भ्रामितः कर्शितो भृशम् ।

शिववागमृतध्वस्तक्लेशपुञ्जस्तमब्रवीत् ॥ २७ ॥

पदार्थ—

विष्णोः = भगवान् विष्णुको
मायया = मायाद्वारा
चिरं = लामो समय
भ्रामितः = भौँतारिएका र
भृशं = अत्यन्त
कर्शितः = पीडित भएका
सः = ती (मार्कण्डेय)
शिववागमृतध्वस्तक्लेशपुञ्जः = भगवान् शिवको कल्याणमय वचनामृतलाई पान गरेर सारा क्लेशहरू नष्ट भएकाले
तं = उहाँलाई
अब्रवीत् = भने

वाक्यार्थ— ती मार्कण्डेय पहिले भगवान् विष्णुको मायाद्वारा लामो समय भौँतारिएका र अत्यन्त पीडित भएका थिए। अहिले भगवान् शिवको कल्याणमय अमृतवचनलाई पान गरेर उनका सारा क्लेशहरू नष्ट भए र उनले भगवान्‌लाई यसो भने।

मार्कण्डेय उवाच (मार्कण्डेयले भने)

अहो ईश्वरलीलेयं दुर्विभाव्या शरीरिणाम् ।

यन्नमन्तीशितव्यानि स्तुवन्ति जगदीश्वराः ॥ २८ ॥

पदार्थ—

अहो = आश्चर्य छ
इयं = यो
ईश्वरलीला = ईश्वरको लीला
शरीरिणां = प्राणीहरूका लागि
दुर्विभाव्या = बुझ्न गाह्रो छ
यत् = किनभने
जगदीश्वराः = जगदीश्वरहरूले
ईशितव्यानि = आफूद्वारा नियन्त्रित प्राणीहरूलाई
नमन्ति = वन्दना गर्नुहुन्छ
स्तुवन्ति = स्तुति गर्नुहुन्छ

वाक्यार्थ— आश्चर्य छ ! भगवान्‌को लीला प्राणीहरूका लागि बुझ्न गाह्रो छ। सम्पूर्ण जगत्का

स्वामी भएर पनि आफूद्वारा नियन्त्रित सामान्य प्राणीलाई जगदीश्वरहरूले नमस्कार र स्तुति गर्नुहुन्छ।

धर्मं ग्राहयितुं प्रायः प्रवक्तारश्च देहिनाम्।
आचरन्त्यनुमोदन्ते क्रियमाणं स्तुवन्ति च ॥ २९ ॥

पदार्थ–
प्रायः = प्रायः
प्रवक्तारः च = धर्मका व्याख्याताहरू
देहिनां = प्राणीहरूलाई
धर्मं = धर्म
ग्राहयितुं = बुझाउनका लागि
आचरन्ति = स्वयं आचरण गर्दछन्
अनुमोदन्ते = अनुमोदन गर्दछन्
क्रियमाणं च = धर्मको पालन भइरहेकोलाई
स्तुवन्ति = प्रशंसा गर्दछन्

वाक्यार्थ– धर्मका व्याख्याताहरू सामान्य प्राणीहरूलाई धर्मको स्वरूप सम्झाउनकै लागि स्वयं आफू पनि यसको पालन र अनुमोदन गर्दछन् र धर्मको पालन गर्ने व्यक्तिलाई प्रशंसा गर्दछन्।

नैतावता भगवतः स्वमायामयवृत्तिभिः।
न दुष्येतानुभावस्तैर्मायिनः कुहकं यथा ॥ ३० ॥

पदार्थ–
एतावता = यो लोकसंग्रहद्वारा
स्वमायामयवृत्तिभिः = आफ्नो मायाका वृत्तिहरूलाई स्वीकार गरी गरिएका
तैः = सामान्य जीवहरूका ती प्रशंसा, वन्दना आदिद्वारा
भगवतः = स्वयं भगवान्को
अनुभावः = सर्वश्रेष्ठ प्रभाव
न दुष्येत = कम पर्दैन
यथा = जसरी
मायिनः = जादुगरको
कुहकं = जादुद्वारा
न = ऊ स्वयंको प्रभावमा कमी आउँदैन

वाक्यार्थ– जसरी जादुगरले देखाएको जादुबाट ऊ स्वयंको महिमामा कमी आउँदैन, त्यसै गरी मायाका वृत्तिहरूलाई स्वीकार गरी भगवान्ले सामान्य जीवहरूको प्रशंसा, स्तुति आदि गरी लोकसङ्ग्रहरूप लीला गर्दा उहाँ स्वयंको सर्वश्रेष्ठता आदिमा कुनै कमी आउँदैन।

सृष्ट्वेदं मनसा विश्वमात्मनानुप्रविश्य यः।
गुणैः कुर्वद्भिराभाति कर्तेव स्वप्नदृग् यथा ॥ ३१ ॥

पदार्थ–
यः = जसले
स्वप्नदृक् यथा = स्वप्नद्रष्टा झैँ
इदं = यो
विश्वं = विश्वलाई
मनसा = मनद्वारा नै
सृष्ट्वा = रचना गरी
आत्मना = आफैँ
अनुप्रविश्य = भित्र प्रवेश गरी
कुर्वद्भिः = व्यवहार गरिरहेका
गुणैः = गुणहरूका कारण
कर्ता इव = स्वयं पनि कर्ता झैँ
आभाति = प्रतीत हुनुहुन्छ

वाक्यार्थ– हे भगवान् ! हजुरले सपना देख्ने व्यक्तिले झैँ आफ्नो मनको कल्पनाद्वारा नै यो विश्व रच्नुभएको हो र अन्तर्यामी हजुरले यसभित्र प्रवेश पनि गर्नुभयो। सबै कर्म गर्ने गुणहरू हुन्, तर तिनको संसर्गका कारण अकर्ता हजुर पनि कर्ता झैँ प्रतीत हुनुहुन्छ।

तस्मै नमो भगवते त्रिगुणाय गुणात्मने।
केवलायाद्वितीयाय गुरवे ब्रह्ममूर्तये ॥ ३२ ॥

पदार्थ–

त्रिगुणाय = त्रिगुणस्वरूप	**केवलाय** = केवल	**तस्मै** = त्यस्ता
गुणात्मने = तीनै गुणहरूका आत्मा हुनुभएका	**अद्वितीयाय** = अद्वितीय	**भगवते** = भगवान्‌लाई
	ब्रह्ममूर्तये = ब्रह्मस्वरूप	**नमः** = प्रणाम गर्दछु
	गुरवे = ज्ञानका उपदेष्टा	

वाक्यार्थ– हजुर त्रिगुणस्वरूप हुनुहुन्छ र तीनै गुणका आत्मा हुनुहुन्छ। हजुर नै केवल अद्वितीय ब्रह्मस्वरूप हुनुहुन्छ र ज्ञानका एक मात्र उपदेष्टा हुनुहुन्छ। यस्ता भगवान्‌लाई प्रणाम गर्दछु।

कं वृणे नु परं भूमन् वरं त्वद् वरदर्शनात्।
यद्दर्शनात् पूर्णकामः सत्यकामः पुमान् भवेत् ॥ ३३ ॥

पदार्थ–

भूमन् = हे सर्वव्यापक भगवान्	**पूर्णकामः** = पूर्णकाम र	**त्वत् परं** = हजुरभन्दा अर्को
यद्दर्शनात् = जसको दर्शनद्वारा	**सत्यकामः** = सत्यसङ्कल्प	**कं नु** = कुन चाहिँ
पुमान् = व्यक्ति	**भवेत्** = हुन्छ	**वरं** = वर
	वरदर्शनात् = श्रेष्ठ दर्शन भएका	**वृणे** = मागौँ

वाक्यार्थ– हे सर्वव्यापक भगवान् ! संसारभरमा हजुरको दर्शन नै सर्वश्रेष्ठ छ, किनभने यसबाट व्यक्ति पूर्णकाम र सत्यसङ्कल्प हुन्छ। त्यस्तो दर्शन पाएर म अर्को कुन चाहिँ वर मागौँ ?

वरमेकं वृणेऽथापि पूर्णात् कामाभिवर्षणात्।
भगवत्यच्युतां भक्तिं तत्परेषु तथा त्वयि ॥ ३४ ॥

पदार्थ–

अथ अपि = तर पनि	हजुरबाट	**अच्युतां** = अविचल
पूर्णात् = पूर्णस्वरूप	**भगवति** = भगवान्‌मा	**भक्तिं** = भक्तिरूपी
कामाभिवर्षणात् = सबै कामनाहरूलाई पूरा गरिदिने	**त्वयि** = हजुरमा	**एकं** = एउटा
	तथा = त्यसै गरी	**वरं** = वर
	तत्परेषु = भगवद्‌भक्तहरूमा	**वृणे** = माग्दछु

वाक्यार्थ– हजुर पूर्णस्वरूप हुनुहुन्छ र सबैथरी कामनाहरूलाई पूरा गरिदिनुहुन्छ। म हजुरको आज्ञाअनुसार भगवान्‌मा, भगवान्‌का भक्तहरूमा र हजुरमा अविचल भक्तिरूपी एउटा वर माग्दछु।

सूत उवाच (सूतजीले भन्नुभयो)

इत्यर्चितोऽभिष्टुतश्च मुनिना सूक्तया गिरा।

तमाह भगवाञ्छर्वः शर्वया चाभिनन्दितः॥ ३५॥

पदार्थ–

इति = यसप्रकार
मुनिना = मुनिद्वारा
सूक्तया = सुमधुर
गिरा = वचनद्वारा
अभिष्टुतः = स्तुति गरिएका र
अर्चितः च = पूजा गरिएका
शर्वया च = पार्वतीद्वारा
अभिनन्दितः = प्रेरित हुनुभएका
भगवान् = भगवान्
शर्वः = शङ्करले
तं = उनलाई
आह = भन्नुभयो

वाक्यार्थ– यसप्रकार मार्कण्डेयले सुमधुर वचनद्वारा भगवान्‌को स्तुति गरे र उहाँको पूजा गरे। यसपछि माता पार्वतीद्वारा समेत प्रेरित हुनुभएका भगवान् शङ्करले उनलाई यसो भन्नुभयो।

कामो महर्षे सर्वोऽयं भक्तिमांस्त्वमधोक्षजे।

आकल्पान्ताद् यशः पुण्यमजरामरता तथा॥ ३६॥

ज्ञानं त्रैकालिकं ब्रह्मन् विज्ञानं च विरक्तिमत्।

ब्रह्मवर्चस्विनो भूयात् पुराणाचार्यतास्तु ते॥ ३७॥

पदार्थ–

महर्षे = हे महर्षि
त्वं = तिमी
अधोक्षजे = इन्द्रियातीत परमात्मामा
भक्तिमान् = भक्तियुक्त छौ, त्यसैले
ब्रह्मवर्चस्विनः = ब्रह्मवर्चस्वी तिम्रा
आकल्पान्तात् = कल्पान्तसम्म
पुण्यं = पुण्य
यशः = कीर्ति
अजरामरता = अजरता र अमरता
तथा = त्यसै गरी
त्रैकालिकं = तीनै कालको
ज्ञानं = ज्ञान
विरक्तिमत् = वैराग्यले सहित
विज्ञानं च = ज्ञानसमेत
अयं = यो
सर्वः = सम्पूर्ण
कामः = कामना
भूयात् = पूरा होस्
ब्रह्मन् = हे ब्रह्मरूप मार्कण्डेय
ते = तिमीलाई
पुराणाचार्यता = पुराणको आचार्यत्व पनि
अस्तु = मिलोस्

वाक्यार्थ– हे महर्षि ! इन्द्रियातीत भगवान् श्रीहरिमा भक्ति लागेकाले तिम्रा सारा कामनाहरू पूरा भएका छन्। तिमीलाई कल्पान्तसम्म पवित्र कीर्ति, भूत-भविष्य-वर्तमान तीनै कालको ज्ञान, अमरता, वैराग्यले सहित भएको स्वरूपभूत ज्ञानसमेत प्राप्त होस्। तिमीलाई पुराणको आचार्यत्व पनि मिलोस्।

सूत उवाच (सूतजीले भने)

एवं वरान् स मुनये दत्त्वागात् त्र्यक्ष ईश्वरः।

देव्यै तत् कर्म कथयन्ननुभूतं पुरामुना॥ ३८॥

पदार्थ–
एवं = यसरी
त्र्यक्षः = तीन नेत्र भएका
सः = ती
ईश्वरः = सर्वेश्वर भगवान्ले
मुनये = मुनिलाई
वरान् = वरहरू
दत्त्वा = दिई
देव्यै = देवी पार्वतीलाई
तत्कर्म = ती मुनिको तपस्या र
अमुना = यी मार्कण्डेयद्वारा
पुरा = पहिले
अनुभूतं = अनुभव गरिएको कुरालाई
कथयन् = बताउँदै
अगात् = जानुभयो

वाक्यार्थ– यसरी त्रिनेत्रधारी भगवान् शङ्करले मुनिलाई वरहरू दिनुभयो र उहाँ पार्वतीलाई मार्कण्डेयको तपस्या र उनले अनुभव गरेको प्रलयको कथा सुनाउँदै त्यहाँबाट जानुभयो।

सोऽप्यवाप्तमहायोगमहिमा भार्गवोत्तमः।

विचरत्यधुनाप्यद्धा हरावेकान्ततां गतः॥ ३९॥

पदार्थ–
अवाप्तमहायोगमहिमा = महान् योगको पूर्णफल प्राप्त भएका
सः = ती
भार्गवोत्तमः अपि = भृगुवंशीयहरूमा उत्तम मार्कण्डेय पनि
अद्धा = निश्चय नै
हरौ = हरि भगवान्मा
एकान्ततां गतः = अनन्यभक्ति प्राप्त गरी
अधुना अपि = अहिले पनि
विचरति = विचरण गर्दछन्

वाक्यार्थ– भृगुश्रेष्ठ ती मार्कण्डेयलाई आफ्नो अखण्ड महायोगको पूर्णफल मिल्यो। उनी अहिले पनि भगवान् श्रीहरिको अनन्यभक्ति गर्दै संसारमा विचरण गर्दछन्।

अनुवर्णितमेतत् ते मार्कण्डेयस्य धीमतः।

अनुभूतं भगवतो मायावैभवमद्भुतम्॥ ४०॥

पदार्थ–
धीमतः = ज्ञानसम्पन्न
मार्कण्डेयस्य = मार्कण्डेयले
अनुभूतं = अनुभव गरेको
भगवतः = भगवान्को
एतत् = यो
अद्भुतं = अद्भुत
मायावैभवं = मायाको प्रभावलाई
ते = तपाईंहरूका लागि
अनुवर्णितम् = वर्णन गरियो

वाक्यार्थ– ज्ञानसम्पन्न मार्कण्डेयले भगवान्को योगमायाको जुन अद्भुत प्रभावलाई अनुभव गरेका थिए, त्यही कुरा मैले तपाईंहरूलाई सुनाएँ।

एतत् केचिदविद्वांसो मायासंसृतिमात्मनः ।
अनाद्यावर्तितं नृणां कादाचित्कं प्रचक्षते ॥ ४१ ॥

पदार्थ—
नृणां = मनुष्यहरूको
मायासंसृतिं = मायामय जन्ममरणको चक्र
आत्मनः = भगवान्को लीला मात्रको पनि
अविद्वांसः = नजान्ने
केचित् = कसैले
कादाचित्कं = कहिलेकाहीँ भगवदिच्छाले हुने
एतत् = यस्तो प्रलयलाई
अनाद्यावर्तितं = अनादि कालदेखि बारम्बार दोहोरिइरहने प्रलय भनी
प्रचक्षते = बताउँछन्

वाक्यार्थ— मार्कण्डेयलाई अनुभव भएको यो प्रलय भगवान्कै इच्छाले तत्काल हुने खालको हो। मनुष्यहरूको जन्ममरणको चक्र, भगवान्को सामान्य लीला या इच्छा मात्रको बारेमा पनि नजान्ने केही मानिसहरू यो तत्कालको प्रलयलाई अनादि कालदेखि संसारमा भइरहने नैमित्तिक प्रलय नै हो भनी बताउँछन्।

य एवमेतद् भृगुवर्य वर्णितं रथाङ्गपाणेरनुभावभावितम् ।
संश्रावयेत् संशृणुयादु तावुभौ तयोर्न कर्माशयसंसृतिर्भवेत् ॥ ४२ ॥

पदार्थ—
भृगुवर्य = हे शौनक
एवं = यसप्रकार
रथाङ्गपाणेः = चक्रधारी भगवान् श्रीहरिको
अनुभावभावितं = महान् प्रभावले परिपूर्ण
वर्णितं = मद्वारा बताइएको
एतत् = यो चरित्रलाई
यः = जसले
संश्रावयेत् = सुनाउँछ
उ = अथवा
संशृणुयात् = सुन्छ भने
तौ उभौ = यस्ता जो दुबै छन्
तयोः = ती दुबैथरीको
कर्माशयसंसृतिः = कर्मवासना-द्वारा हुने संसारचक्र
न भवेत् = हुँदैन

वाक्यार्थ— हे शौनक ! मैले उपदेश गरेको यो मार्कण्डेयचरित्र भगवान् श्रीहरिको महान् प्रभावद्वारा परिपूर्ण छ। यसलाई जसले सुन्छ र जसले सुनाउँछ, ती दुबैथरीको कर्मवासनाका कारण हुने संसारचक्र नष्ट हुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे दशमोऽध्यायः ॥ १० ॥

अथ एकादशोऽध्यायः

भगवान्का अङ्ग, उपाङ्ग र आयुधहरूको रहस्य

शौनक उवाच (शौनकले भने)

अथेममर्थं पृच्छामो भवन्तं बहुवित्तमम्।

समस्ततन्त्रराद्धान्ते भवान् भागवततत्त्ववित्॥ १॥

पदार्थ—
अथ = यसपछि
बहुवित्तमं = बहुज्ञ
भवन्तं = हजुरलाई
समस्ततन्त्रराद्धान्ते = सम्पूर्ण तन्त्रशास्त्रको सिद्धान्तको विषयमा
इमं = यो
अर्थं = प्रश्न
पृच्छामः = सोध्छौं
भवान् = तपाईं
भागवततत्त्ववित् = भगवान्का भक्त र तत्त्ववेत्ता हुनुहुन्छ

वाक्यार्थ— हे सूतजी ! तपाईं भगवान्का श्रेष्ठ भक्त र तत्त्ववेत्ता हुनुहुन्छ, त्यसैले बहुज्ञ तपाईंलाई हामी तन्त्रशास्त्रका सिद्धान्तको विषयमा प्रश्न सोध्न चाहन्छौं।

तान्त्रिकाः परिचर्यायां केवलस्य श्रियः पतेः।

अङ्गोपाङ्गायुधाकल्पं कल्पयन्ति यथा च यैः॥ २॥

तन्नो वर्णय भद्रं ते क्रियायोगं बुभुत्सताम्।

येन क्रियानैपुणेन मर्त्यो यायादमर्त्यताम्॥ ३॥

पदार्थ—
तान्त्रिकाः = तन्त्रशास्त्रका वेत्ताहरू
केवलस्य = चैतन्यघन
श्रियः पतेः = लक्ष्मीपति भगवान्को
परिचर्यायां = पूजाको क्रममा
यथा = जुन प्रकारले
यैः च = जुन-जुन तत्त्वहरूद्वारा
अङ्गोपाङ्गायुधाकल्पं = शरीरमा पाउ आदि अङ्ग, गरुड आदि उपाङ्ग, सुदर्शन आदि आयुध र कौस्तुभ आदि आकल्पहरू
कल्पयन्ति = कल्पना गर्दछन्
येन = जुन
क्रियानैपुणेन = क्रियाको कुशलताले
मर्त्यः = मानिस
अमर्त्यतां = अमर्त्यभाव
यायात् = पाउँछ
तत् = त्यो
क्रियायोगं = क्रियायोग
बुभुत्सतां = बुझ्न चाहने
नः = हामीलाई
वर्णय = वर्णन गर्नुहोस्
ते = तपाईंको
भद्रम् = कल्याण होस्

वाक्यार्थ— हे सूतजी ! तन्त्रशास्त्रका वेत्ताहरू सच्चिदानन्दस्वरूप लक्ष्मीपति भगवान्को पूजा गर्ने क्रममा जुन तत्त्वहरूद्वारा उहाँका शरीरमा पाउ आदि अङ्ग, गरुड आदि उपाङ्ग, सुदर्शन आदि

आयुध र कौस्तुभ आदि आकल्पको कल्पना गर्दछन् र जुन कर्ममा कुशलता प्राप्त गर्नाले मरणधर्मा मनुष्यले अमर्त्यभावलाई प्राप्त गर्न सक्छ, त्यो क्रियायोग हामी जान्न चाहन्छौँ। त्यसैले त्यसको वर्णन गर्नुहोस्, हजुरको कल्याण होस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

नमस्कृत्य गुरून् वक्ष्ये विभूतीर्वैष्णवीरपि।

याः प्रोक्ता वेदतन्त्राभ्यामाचार्यैः पद्मजादिभिः॥ ४॥

पदार्थ—
गुरून् = गुरुहरूलाई
नमस्कृत्य = नमस्कार गरी
याः = जसलाई
वेदतन्त्राभ्यां = वेद र तन्त्रशास्त्रद्वारा
पद्मजादिभिः = ब्रह्मा आदि
आचार्यैः अपि = आचार्यहरूद्वारा पनि
प्रोक्ताः = बताइएका छन्, ती
वैष्णवीः = विष्णु भगवान्का
विभूतीः = विभूतिहरूलाई
वक्ष्ये = बताउँछु

वाक्यार्थ— भगवान् विष्णुका विभूतिहरूलाई वेदले, तन्त्रशास्त्रले र ब्रह्मा आदि आचार्यहरूले बताएका छन्। म गुरुहरूलाई नमस्कार गरी त्यस विषयको उपदेश गर्दछु।

मायाद्यैर्नवभिस्तत्त्वैः स विकारमयो विराट्।

निर्मितो दृश्यते यत्र सचित्के भुवनत्रयम्॥ ५॥

पदार्थ—
मायाद्यैः = प्रकृति आदि
नवभिः = नौ
तत्त्वैः = तत्त्वहरूद्वारा
सः = त्यो
विकारमयः = विकारमय
विराट् = विराट् पुरुष
निर्मितः = निर्मित भएको
दृश्यते = देखिन्छ
सचित्के = चेतनाधिष्ठित
यत्र = जसमा
भुवनत्रयम् = तीन भुवन कल्पित छन्

वाक्यार्थ— प्रकृति, सूत्रात्मा, महत्तत्त्व, अहङ्कार, र पञ्चतन्मात्रा यी नौ तत्त्व र मनसहितका एघार इन्द्रिय यी सोह्र तत्त्वबाट विराट् पुरुष बनेको छ। चेतनाधिष्ठित जुन पुरुषमा तीनै भुवन कल्पित छन्।

एतद् वै पौरुषं रूपं भूः पादौ द्यौः शिरो नभः।

नाभिः सूर्योऽक्षिणी नासे वायुः कर्णौ दिशः प्रभोः॥ ६॥

पदार्थ—
वै = निश्चय नै
एतत् = यो
प्रभोः = परमात्माको
पौरुषं = विराट्
रूपं = रूप हो
भूः = पृथिवी नै
पादौ = पाउ
द्यौः = द्युलोक नै

शिरः = शिर	**सूर्यः** = सूर्य नै	**नासे** = नासिका र
नभः = आकाश नै	**अक्षिणी** = आँखा	**दिशः** = दिशाहरू नै
नाभिः = नाभि	**वायुः** = वायु नै	**कर्णौ** = कान हुन्

वाक्यार्थ– परमात्माको विराट्रूप यही हो, जसमा पृथिवी नै पाउ हुन्, द्युलोक नै शिर हो, आकाश नै नाभि हो, सूर्य नै आँखा हुन्, वायु नै नासिका हो र दिशाहरू नै कान हुन्।

प्रजापतिः प्रजननमपानो मृत्युरीशितुः।
तद्बाहवो लोकपाला मनश्चन्द्रो भ्रुवौ यमः॥ ७॥
लज्जोत्तरोऽधरो लोभो दन्ता ज्योत्स्ना स्मयो भ्रमः।
रोमाणि भूरुहा भूम्नो मेघाः पुरुषमूर्धजाः॥ ८॥

पदार्थ–

ईशितुः = परमात्माको	**मनः** = मन हो	**दन्ताः** = दाँतहरू
प्रजापतिः = प्रजापति नै	**यमः** = यमराज	**भ्रमः** = भ्रम
प्रजननं = लिङ्ग हो	**भ्रुवौ** = आँखीभौं हुन्	**स्मयः** = मुस्कान
मृत्युः = मृत्यु नै	**लज्जा** = लज्जा	**भूरुहाः** = वृक्षहरू
अपानः = गुदद्वार हो	**भूम्नः** = विराट्पुरुषको	**रोमाणि** = रौं
लोकपालाः = लोकपालहरू नै	**उत्तरः** = माथिल्लो ओठ हो	**मेघाः** = मेघहरू
तद्बाहवः = उहाँका हातहरू हुन्	**लोभः** = लोभ	**पुरुषमूर्धजाः** = शिरमा उम्रिएका केश हुन्
चन्द्रः = चन्द्रमा नै	**अधरः** = तल्लो ओठ हो	
	ज्योत्स्ना = चाँदनी	

वाक्यार्थ– विराट्पुरुषका प्रजापति नै लिङ्ग हुन् भने मृत्यु नै तिनका गुदद्वार हुन्, सबै लोकपालहरू उनका भुजाहरू हुन्, चन्द्रमा मन हो र यमराज आँखीभौं हुन्, लज्जा नै ती विराट्पुरुषको माथिल्लो ओठ हो, लोभ तल्लो ओठ हो, चन्द्रमाको चाँदनी यिनका दाँत हुन्, भ्रम नै यिनको मुस्कान हो, पृथिवीमा उम्रने वृक्ष-वनस्पति यिनका रौं हुन् भने बादलहरू नै शिरमाथि उम्रिएका केशहरू हुन्।

यावानयं वै पुरुषो यावत्या संस्थया मितः।
तावानसावपि महापुरुषो लोकसंस्थया॥ ९॥

पदार्थ–

वै = निश्चय नै	**यावान्** = जत्रो छ	**मितः** = नापिएको छ
अयं = यो	**यावत्या** = जति	**असौ** = यी
पुरुषः = व्यष्टिपुरुष	**संस्थया** = अवयवको संरचनाद्वारा	**महापुरुषः अपि** = विराट् पुरुष पनि

लोकसंस्थया = लोकहरूको संरचनाद्वारा
तावान् = उत्ति नै परिमाणका छन्

वाक्यार्थ— यो व्यष्टि जीव अवयवहरूको सन्निवेशद्वारा जति परिमाणको (सात बित्ताको) छ त्यस्तै यी विराट् पुरुष पनि सात लोकहरू भएकाले उत्ति नै परिमाण (सात बित्ता)का छन्।

कौस्तुभव्यपदेशेन स्वात्मज्योतिर्बिभर्त्यजः।
तत्प्रभा व्यापिनी साक्षात् श्रीवत्समुरसा विभुः॥ १०॥

पदार्थ—
अजः = अजन्मा परमात्मा
कौस्तुभव्यपदेशेन = कौस्तुभमणिको बहानाले
स्वात्मज्योतिः = जीवचैतन्यरूपी आत्मज्योतिलाई
बिभर्ति = धारण गर्नुहुन्छ
साक्षात् = साक्षात्
विभुः = सर्वव्यापक भगवान्ले
उरसा = वक्षस्थलमा
व्यापिनी = सर्वव्यापक
तत्प्रभा = त्यसको ज्योतिलाई
श्रीवत्सम् = श्रीवत्सरूपले धारण गर्नुहुन्छ

वाक्यार्थ— अजन्मा र सर्वव्यापक भगवान्ले कौस्तुभमणिको निहुँमा जीवचैतन्यलाई धारण गर्नुहुन्छ भने त्यो आत्मज्योतिको सर्वव्यापक प्रभालाई श्रीवत्सको रूपमा धारण गर्नुहुन्छ।

स्वमायां वनमालाख्यां नानागुणमयीं दधत्।
वासश्छन्दोमयं पीतं ब्रह्मसूत्रं त्रिवृत् स्वरम्॥ ११॥
बिभर्ति साङ्ख्यं योगं च देवो मकरकुण्डले।
मौलिं पदं पारमेष्ठ्यं सर्वलोकाभयङ्करम्॥ १२॥

पदार्थ—
नानागुणमयीं = अनेक गुणमयी
स्वमायां = आफ्नो मायालाई
वनमालाख्यां = वनमालाको नामले
छन्दोमयं = वेदमय
पीतं वासः = पीताम्बर
त्रिवृत् = तीन मात्रात्मक
स्वरं = प्रणवलाई
ब्रह्मसूत्रं = यज्ञोपवीतरूपले
दधत् = धारण गरिरहेका
देवः = परमात्माले
साङ्ख्यं = साङ्ख्य र
योगं च = योगलाई
मकरकुण्डले = मकराकार दुई कुण्डलको रूपमा
सर्वलोकाभयङ्करं = सबै लोकलाई अभय दिने
पारमेष्ठ्यं = ब्रह्माको
पदं = पदलाई
मौलिं = मुकुटको रूपमा
बिभर्ति = धारण गर्नुहुन्छ

वाक्यार्थ— परमात्माले सत्त्व, रज र तम यी त्रिगुणात्मिका आफ्नो मायालाई वनमालाको रूपमा धारण गर्नुहुन्छ। उहाँले वेदलाई पीताम्बरको रूपमा धारण गर्नुभएको छ। त्यसै गरी अ उ म यो तीन मात्राले युक्त ओङ्कारलाई यज्ञोपवीतको रूपमा धारण गर्नुहुन्छ। साङ्ख्य र योगशास्त्र नै उहाँका कानमा लगाइने मकराकार कुण्डल हुन् भने उहाँले सबै लोकलाई अभय दिने ब्रह्मपद सत्यलोकलाई मुकुटको रूपमा धारण गर्नुभएको छ।

अव्याकृतमनन्ताख्यमासनं यदधिष्ठितः ।
धर्मज्ञानादिभिर्युक्तं सत्त्वं पद्ममिहोच्यते ॥ १३ ॥

पदार्थ–
यत् = जुन
अनन्ताख्यं = अनन्त नामको
आसनं = आसनमा
अधिष्ठितः = बस्नुहुन्छ (त्यो)
अव्याकृतं = मूलप्रकृति हो
इह = यहाँ
धर्मज्ञानादिभिः युक्तं = धर्म, ज्ञान आदिले युक्त
सत्त्वं = सत्त्वगुण नै
पद्मं उच्यते = कमल भनिन्छ

वाक्यार्थ– भगवान् जुन शेषशय्यामा बस्नुहुन्छ, त्यो भनेको मूलप्रकृति नै हो, त्यसै गरी आध्यात्मिक अर्थमा धर्म, ज्ञान आदिले युक्त भएको विशुद्ध सत्त्व गुणलाई नै कमल भनिन्छ।

ओजःसहोबलयुतं मुख्यतत्त्वं गदां दधत् ।
अपां तत्त्वं दरवरं तेजस्तत्त्वं सुदर्शनम् ॥ १४ ॥
नभोनिभं नभस्तत्त्वमसिं चर्म तमोमयम् ।
कालरूपं धनुः शार्ङ्गं तथा कर्ममयेषुधिम् ॥ १५ ॥

पदार्थ–
ओजःसहोबलयुतं = ओज, सामर्थ्य र बलले युक्त
मुख्यतत्त्वं = मुख्य प्राणतत्त्वरूप
गदां = गदालाई
दधत् = धारण गर्दै परमात्माले
अपां तत्त्वं = जलतत्त्वरूप
दरवरं = शङ्ख
तेजस्तत्त्वं = तेजस्तत्त्वस्वरूप
सुदर्शनं = सुदर्शनचक्र
नभस्तत्त्वं = आकाशतत्त्वरूप
नभोनिभं = आकाशजस्तै निर्मल
असिं = खड्ग
तमोमयं = तमोमय
चर्म = ढाल
कालरूपं = कालस्वरूप
शार्ङ्गं = शार्ङ्ग
धनुः = धनु
तथा = त्यसै गरी
कर्ममयेषुधिम् = कर्मरूप बाणको ठोक्रो धारण गर्नुहुन्छ

वाक्यार्थ– भगवान्ले मन, इन्द्रिय र शरीरका ओज, सामर्थ्य र बल यी शक्तिले युक्त प्राणतत्त्वलाई गदाको रूपमा धारण गर्नुहुन्छ, त्यसै गरी उहाँले जलतत्त्वलाई पाञ्चजन्य शङ्खको रूपमा धारण गर्नुहुन्छ भने तेजस्तत्त्वलाई सुदर्शन चक्रको रूपमा धारण गर्नुहुन्छ अनि आकाशतत्त्वलाई आकाशसमान निर्मल खड्गको रूपमा, अन्धकारमय अज्ञानलाई ढालको रूपमा, कालस्वरूप शार्ङ्गधनु र कर्मलाई बाणको ठोक्राका रूपमा धारण गर्नुहुन्छ।

इन्द्रियाणि शरानाहुराकूतीरस्य स्यन्दनम् ।
तन्मात्राण्यस्याभिव्यक्तिं मुद्रयार्थक्रियात्मताम् ॥ १६ ॥

पदार्थ–
इन्द्रियाणि = इन्द्रियहरू नै
अस्य = यी परमात्माका
शरान् = बाणहरू हुन् भनी
आहुः = भन्दछन्
आकूतीः = क्रियाशक्तियुक्त मन

स्यन्दनं = रथ हो
तन्मात्राणि = पञ्चतन्मात्राहरू
अस्य = यो रथका
अभिव्यक्तिं = बाहिरी देखिने
अवयव हुन्
मुद्रया = वरद-अभय आदि मुद्राले
अर्थक्रियात्मताम् = वरदान, अभयदान आदि क्रियाशीलता
देखाउनुहुन्छ

वाक्यार्थ– इन्द्रियहरू नै परमात्माका बाणस्वरूप हुन् भने परमात्माको रथ भनेको क्रियाशक्तियुक्त मन नै हो। शब्द, स्पर्श आदि पञ्चतन्मात्राहरू रथका बाहिरी अवयव हुन्। त्यसै गरी उहाँले धारण गरेका वरद, अभय आदि मुद्रा नै उहाँका वरदान, अभयदान आदिका सूचक हुन्।

मण्डलं देवयजनं दीक्षा संस्कार आत्मनः।
परिचर्या भगवत आत्मनो दुरितक्षयः॥ १७॥

पदार्थ–
मण्डलं = सूर्यमण्डल या वह्निमण्डल नै
देवयजनं = देवपूजाको भूमि हो
दीक्षा = गुरुद्वारा प्राप्त मन्त्रदीक्षा नै
आत्मनः = आफ्नो
संस्कारः = शुद्धीकरण हो
भगवतः = भगवान्‌को
परिचर्या = सेवा भनेको
आत्मनः = आफ्नो
दुरितक्षयः = पाप नष्ट हुनु हो

वाक्यार्थ– बाह्यपूजामा देवपूजनको क्षेत्र सूर्यमण्डल हो भने मानसपूजा वह्निमण्डल हो। यसै गरी गुरुबाट प्राप्त मन्त्रदीक्षा साधकको शुद्धीकरण हो भने भगवान्‌को सेवा आफ्नो पापराशिको विनाश हो।

भगवान् भगशब्दार्थं लीलाकमलमुद्वहन्।
धर्मं यशश्च भगवांश्चामरव्यजनेऽभजत्॥ १८॥
आतपत्रं तु वैकुण्ठं द्विजा धामाकुतोभयम्।
त्रिवृद्वेदः सुपर्णाख्यो यज्ञं वहति पूरुषम्॥ १९॥

पदार्थ–
भगवान् = परमात्माले
भगशब्दार्थं = भगशब्दप्रतिपाद्य षड्विध ऐश्वर्यलाई
लीलाकमलं = हातमा कमलको रूपमा
उद्वहन् = धारण गर्दै
भगवान् = ऐश्वर्यशाली उहाँले
धर्मं = धर्म र
यशः च = यशलाई समेत
चामरव्यजने = चामर र पङ्खाको रूपमा
अभजत् = धारण गर्नुभयो
द्विजाः = हे ऋषिहरू
आतपत्रं तु = छाता भनेको चाहिँ
अकुतोभयं = सर्वथा भयरहित
वैकुण्ठं = वासनादुःखले रहित
धाम = परम पद नै हो
सुपर्णाख्यः = गरुडरूपी
त्रिवृद्वेदः = ऋक्, यजु र सामरूप वेदले
यज्ञं = यज्ञरूप
पूरुषं = परम पुरुषलाई
वहति = बोक्दछ

वाक्यार्थ– हे ऋषिहरू ! भगवान्‌ले हातमा धारण गर्ने लीलाकमल भनेको धर्म, यश, श्री, ज्ञान,

वैराग्य आदि षड्विध ऐश्वर्य नै हो, त्यसै गरी उहाँले धर्म र यशलाई नै क्रमशः चामर र व्यजनको रूपमा धारण गर्नुभएको छ। भयरहित र कुण्ठा-वासना आदिले शून्य वैकुण्ठ परमपदलाई नै उहाँले छाताको रूपमा धारण गर्नुभएको छ भने गरुडरूपी ऋक्, यजु र साम यी वेदत्रयीले नै यज्ञपुरुष परमात्मालाई वहन गरेका हुन्छन्।

अनपायिनी भगवती श्रीः साक्षादात्मनो हरेः।

विश्वक्सेनस्तन्त्रमूर्तिर्विदितः पार्षदाधिपः॥

नन्दादयोऽष्टौ द्वाःस्थाश्च तेऽणिमाद्या हरेर्गुणाः॥ २०॥

पदार्थ—	नहुने आत्मशक्ति हुन्	**नन्दादयः** = नन्द, सुनन्द आदि
भगवती = भगवती	**पार्षदाधिपः** = पार्षदहरूमध्ये	**अष्टौ** = आठ
श्रीः = लक्ष्मी	श्रेष्ठ	**द्वाःस्थाः च** = द्वारपालहरू चाहिँ
साक्षात् = साक्षात्	**विश्वक्सेनः** = विश्वक्सेन	**हरेः** = भगवान्का
आत्मनः = सच्चिदानन्द	**तन्त्रमूर्तिः** = पाञ्चरात्र आदि	**अणिमाद्याः** = अणिमा आदि
ब्रह्मस्वरूप	आगमरूप	**गुणाः** = अष्टसिद्धि हुन्
हरेः = भगवान्की	**विदितः** = भनिन्छन्	
अनपायिनी = कहिल्यै अलग	**ते** = ती	

वाक्यार्थ— भगवती लक्ष्मी साक्षात् सच्चिदानन्द परब्रह्मस्वरूप श्रीहरिभन्दा अभिन्न आत्मशक्ति हुन्, पार्षदश्रेष्ठ विश्वक्सेन पाञ्चरात्र आदि आगमरूप हुन्। त्यसै गरी नन्द, सुनन्द आदि द्वारपालहरू चाहिँ अणिमा आदि अष्टसिद्धि हुन्।

वासुदेवः सङ्कर्षणः प्रद्युम्नः पुरुषः स्वयम्।

अनिरुद्ध इति ब्रह्मन् मूर्तिव्यूहोऽभिधीयते॥ २१॥

पदार्थ—	**प्रद्युम्नः** = प्रद्युम्न	**मूर्तिव्यूहः इति** = चार व्यूहरूपमा
ब्रह्मन् = हे ब्राह्मण शौनक	**अनिरुद्धः** = अनिरुद्ध यी नामले	पूजित हुनुहुन्छ भनेर
वासुदेवः = वासुदेव	**स्वयं** = साक्षात्	**अभिधीयते** = बताइन्छ
सङ्कर्षणः = सङ्कर्षण	**पुरुषः** = परमात्मा	

वाक्यार्थ— हे शौनक ! चतुर्व्यूहोपासनाको क्रममा स्वयं परमपुरुष अद्वितीय परमात्मा नै वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्ध यी चार स्वरूपमा पूजिनुहुन्छ भनी बताइएको छ।

स विश्वस्तैजसः प्राज्ञस्तुरीय इति वृत्तिभिः।

अर्थेन्द्रियाशयज्ञानैर्भगवान् परिभाव्यते॥ २२॥

पदार्थ—	**सः** = उहाँ	**भगवान्** = भगवान् परमात्मा नै

अर्थेन्द्रियाशयज्ञानैः = बाह्यपदार्थ, मन, वासनायुक्त अज्ञान र साक्षीस्वरूप ज्ञानद्वारा
वृत्तिभिः = जाग्रत् आदि अवस्थाहरूमा
विश्वः = विश्व
तैजसः = तैजस
प्राज्ञः = प्राज्ञ
तुरीयः इति = तुरीयसमेत भनी
परिभाव्यते = बताइनुहुन्छ

वाक्यार्थ– बाह्यपदार्थ, मन, वासनायुक्त अज्ञान र साक्षीस्वरूप ज्ञानद्वारा जाग्रत् आदि अवस्थाहरूमा परब्रह्मस्वरूप परमात्मा नै विश्व, तैजस, प्राज्ञ र तुरीयसमेत हुनुहुन्छ।

अङ्गोपाङ्गायुधाकल्पैर्भगवांस्तच्चतुष्टयम्।
बिभर्ति स्म चतुर्मूर्तिर्भगवान् हरिरीश्वरः ॥ २३ ॥

पदार्थ–
अङ्गोपाङ्गायुधाकल्पैः = अङ्ग, उपाङ्ग, अस्त्र र आभूषणहरूले युक्त हुनुभएका
ईश्वरः = सर्वसमर्थ
भगवान् = ऐश्वर्यसम्पन्न
चतुर्मूर्तिः = चतुमूर्तिरूप
हरिः = श्रीहरि
भगवान् = भगवान्ले
तच्चतुष्टयं = विश्व आदि चारै भावहरूलाई
बिभर्ति स्म = धारण गर्नुहुन्छ

वाक्यार्थ– अङ्ग, उपाङ्ग, अस्त्र र आभूषणहरूले युक्त हुनुभएका सर्वसमर्थ श्रीहरि भगवान्ले वासुदेव, सङ्कर्षण आदि चार मूर्तिको रूपमा विश्व, तैजस आदि चार भावहरूलाई धारण गर्नुहुन्छ।

द्विजऋषभ स एष ब्रह्मयोनिः स्वयंदृक्
स्वमहिमपरिपूर्णो मायया च स्वयैतत्।
सृजति हरति पातीत्याख्ययानावृताक्षो
विवृत इव निरुक्तस्तत्परैरात्मलभ्यः ॥ २४ ॥

पदार्थ–
द्विजऋषभ = हे ब्राह्मणश्रेष्ठ शौनक
ब्रह्मयोनिः = वेदका कारण
स्वयंदृक् = स्वयंप्रकाश
स्वमहिमपरिपूर्णः = आफ्नै महिमाले परिपूर्ण हुनुहुने
सः एषः = त्यस्ता यी भगवान्ले
स्वया = आफ्नो
मायया = मायाद्वारा
एतत् = यो जगत्को
सृजति = सृजना गर्नुहुन्छ
पाति = पालन गर्नुहुन्छ
हरति = हरण गर्नुहुन्छ
इति = यसप्रकार
आख्यया च = नामरूपद्वारा
विवृतः इव = भिन्न भए झैं
निरुक्तः = बताइए पनि
अनावृताक्षः = औपाधिक भेदद्वारा ज्ञानस्वरूपता नढाकिएका उहाँ
तत्परैः = उहाँमा तल्लीन भक्तहरूद्वारा
आत्मलभ्यः = आत्मरूपमा नै प्राप्त हुनुहुन्छ

वाक्यार्थ– हे शौनक ! स्वयंप्रकाश भगवान् नै वेदका कारण हुनुहुन्छ र उहाँ आफ्नै महिमामा परिपूर्ण हुनुहुन्छ। आफ्नो मायाद्वारा ब्रह्मा आदि रूप धारण गरी उहाँले जगत्को सृष्टि, स्थिति र संहार गर्नुहुन्छ र शास्त्रहरूले भिन्न-भिन्न रूप भए झैं उहाँको वर्णन गर्दछन्, तर मायाको गुणद्वारा

हुने भेदले उहाँको अद्वितीय ज्ञानस्वरूपतालाई ढाकेको छैन, त्यसैले विशुद्ध भक्तहरूका लागि उहाँ अद्वितीय आत्माको रूपमा नै प्राप्त हुनुहुन्छ।

श्रीकृष्ण कृष्णसख वृष्ण्यृषभावनिध्रुग्-
राजन्यवंशदहनानपवर्गवीर्य।
गोविन्द गोपवनिताव्रजभृत्यगीत-
तीर्थश्रवः श्रवणमङ्गल पाहि भृत्यान्॥ २५॥

पदार्थ–
कृष्णसख = अर्जुनका साथी
वृष्ण्यृषभ = यदुवंशशिरोमणि
अवनिध्रुग्राजन्यवंशदहन = पृथिवीका भार भएका दुष्ट राजाको वंशलाई डढाउने
अनपवर्गवीर्य = अक्षुण्ण पराक्रम हुनुहुने
गोविन्द = गोविन्द
गोपवनिताव्रजभृत्यगीततीर्थश्रवः = व्रजका गोप-गोपाङ्गना र अन्य भक्तहरूद्वारा पवित्रकीर्ति गाइनुहुने
श्रवणमङ्गल = मङ्गलमय चरित्र भएका
श्रीकृष्ण = हे श्रीकृष्ण
भृत्यान् = भक्तहरूलाई
पाहि = रक्षा गर्नुहोस्

वाक्यार्थ– हे भगवान् श्रीकृष्ण ! हजुर यदुवंशशिरोमणि र अर्जुनका परमसखा हुनुहुन्छ। पृथिवीका भार भएका अनेक राजाहरूलाई हजुरले नष्ट गरिदिनुभयो, तर हजुरको पराक्रम कहिल्यै क्षीण हुँदैन। व्रजका गोप-गोपीहरूद्वारा र नारद आदि भक्तहरूद्वारा पवित्रकीर्ति गाइनुहुने हे गोविन्द ! परम मङ्गलमय चरित्र भएका हजुरले शरणमा आएका भक्तहरूलाई रक्षा गर्नुहोस्।

य इदं कल्य उत्थाय महापुरुषलक्षणम्।
तच्चित्तः प्रयतो जप्त्वा ब्रह्म वेद गुहाशयम्॥ २६॥

पदार्थ–
यः = जसले
कल्ये = प्रातःकालमा
उत्थाय = उठेर
इदं = यो
महापुरुषलक्षणं = परमपुरुष परमात्माको स्वरूपसम्बन्धी रहस्यलाई
तच्चित्तः = उहाँमा नै चित्त लगाई
प्रयतः = एकाग्र भई
जप्त्वा = जपेर
गुहाशयं = अन्तर्यामी
ब्रह्म = परमात्मालाई
वेद = जान्दछ

वाक्यार्थ– जसले प्रातःकाल उठी भगवान्को अङ्ग-उपाङ्गको रहस्यले युक्त यस प्रसङ्गलाई एकाग्र भएर भगवान्मै मन लगाई पाठ गर्दछ उसले अन्तर्यामी परमात्मालाई जान्दछ।

शौनक उवाच (शौनकले भने)

शुको यदाह भगवान् विष्णुराताय शृण्वते।
सौरो गणो मासि मासि नाना वसति सप्तकः॥ २७॥

तेषां नामानि कर्माणि संयुक्तानामधीश्वरैः।
ब्रूहि नः श्रद्दधानानां व्यूहं सूर्यात्मनो हरेः॥ २८॥

पदार्थ—
शृण्वते = जिज्ञासु
विष्णुराताय = परीक्षित्लाई
भगवान् = भगवान्
शुकः = शुकदेवले
यत् = जे कुरा
आह = बताउनुभएको थियो
मासि मासि = हरेक महिनामा
नाना = अनेक प्रकारका
सप्तकः = ऋषि, गन्धर्व, यक्ष आदि सातथरी
सौरः = सूर्यसम्बन्धी
गणः = गण
वसति = रहन्छ
अधीश्वरैः = आफ्ना स्वामीले
संयुक्तानां = युक्त भएका
तेषां = ती सबैको
नामानि = नामहरू
कर्माणि = र कामहरू
सूर्यात्मनः = सूर्यस्वरूपी
हरेः = श्रीहरि भगवान्को
व्यूहं = विभूतिलाई समेत
श्रद्दधानानां = श्रद्धालु
नः = हाम्रा लागि
ब्रूहि = सुनाउनुहोस्

वाक्यार्थ— हरेक महिना ऋषि, गन्धर्व, नाग, अप्सरा, यक्ष, राक्षस र देवता यी सात गणहरू सूर्य सँगसँगै अवस्थित हुन्छन् भनी भगवान् शुकदेवले जिज्ञासु परीक्षित्लाई बताउनुभएको थियो। ती सात गणहरू आफ्ना स्वामी सूर्यसँग संयुक्त भएर रहन्छन्। तिनका नाम र कर्महरू के हुन्? र सूर्यस्वरूप हुनुभएका भगवान् श्रीहरिका बाह्रै महिनामा हुने पृथक् विभूति के-के हुन्? यी सबै कुरा श्रद्धालु हामीहरूलाई बताउनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

अनाद्यविद्यया विष्णोरात्मनः सर्वदेहिनाम्।
निर्मितो लोकतन्त्रोऽयं लोकेषु परिवर्तते॥ २९॥

पदार्थ—
सर्वदेहिनां = सम्पूर्ण प्राणीहरूका
आत्मनः = आत्मा हुनुभएका
विष्णोः = भगवान् विष्णुको
अनाद्यविद्यया = अनादि अविद्याद्वारा
निर्मितः = बनेको
अयं = यो
लोकतन्त्रः = सम्पूर्ण लोकको व्यवहारलाई चलाउने सूर्यमण्डल
लोकेषु = तीनै लोकमा
परिवर्तते = घुम्दछ

वाक्यार्थ— सम्पूर्ण प्राणीका आत्मा हुनुभएका भगवान् विष्णुको अनादि अविद्याद्वारा सम्पूर्ण प्राणीहरूको व्यवहारलाई चलाउने यो सूर्यमण्डलको निर्माण भएको हो र तीनै लोकमा यो घुमिरहन्छ।

एक एव हि लोकानां सूर्य आत्मादिकृद्धरिः।
सर्ववेदक्रियामूलमृषिभिर्बहुधोदितः॥ ३०॥

पदार्थ–
हि = निश्चय नै
लोकानां = सम्पूर्ण प्राणीहरूका
आत्मा = आत्मा
आदिकृत् = जगत्का
आदिकारण
एकः = अद्वितीय
हरिः एव = श्रीहरि भगवान् नै
सर्ववेदक्रियामूलं = सम्पूर्ण वैदिक कर्महरूका मूल भएका
सूर्यः = सूर्य (हुनुहुन्छ भनेर)
ऋषिभिः = ऋषिहरूद्वारा
बहुधा = अनेक रूपले
उदितः = वर्णन गरिनुभएको छ

वाक्यार्थ– सम्पूर्ण प्राणीका आत्मा हुनुभएका जगत्का आदिकारण श्रीहरि भगवान् नै सम्पूर्ण वैदिक कर्महरूका मूल सूर्य बन्नुभएको छ र उहाँलाई ऋषिहरूले अनेक रूपमा वर्णन गरेका छन्।

कालो देशः क्रिया कर्ता करणं कार्यमागमः।
द्रव्यं फलमिति ब्रह्मन्नवधोक्तोऽजया हरिः॥ ३१॥

पदार्थ–
ब्रह्मन् = हे ब्राह्मण शौनक
हरिः = श्रीहरि भगवान्
अजया = मायाद्वारा
कालः = काल
देशः = देश
क्रिया = हवन आदि क्रिया
कर्ता = यजमान
करणं = सुरो आदि साधन
कार्यम् = अग्निहोत्र आदि यज्ञ
आगमः = मन्त्र
द्रव्यं = चरु
फलं = फल
इति = यसप्रकार
नवधा = नौ प्रकारले
उक्तः = बताइनुहुन्छ

वाक्यार्थ– हे शौनक ! एउटै भगवान् श्रीहरि नै आफ्नो मायाद्वारा अग्निहोत्र आदि यज्ञ, त्यसमा गरिने हवन आदि क्रिया, यज्ञीय काल, यज्ञीय देश, यज्ञको कर्ता यजमान, सुरो आदि साधन, चरु आदि हवनीय द्रव्य, यज्ञसम्बन्धी मन्त्रहरू र यज्ञद्वारा प्राप्त हुने फल गरी नौ प्रकारले बताइनुहुन्छ।

मध्वादिषु द्वादशसु भगवान् कालरूपधृक्।
लोकतन्त्राय चरति पृथग्द्वादशभिर्गणैः॥ ३२॥

पदार्थ–
कालरूपधृक् = कालरूपधारी
भगवान् = भगवान् सूर्य
लोकतन्त्राय = लोकव्यवहार
सञ्चालन गर्नका लागि
मध्वादिषु = चैत्र आदि
द्वादशसु = बाह्र महिनामा
द्वादशभिः = बाह्रै वटा
गणैः = गणहरू सहित
पृथक् = भिन्न-भिन्न रूपमा
चरति = घुम्नुहुन्छ

वाक्यार्थ– कालरूपधारी भगवान् सूर्य सम्पूर्ण प्राणीहरूको व्यवहार चलाउनका लागि चैत्र आदि बाह्र महिनामा छुट्टाछुट्टै गणहरूले सहित भई छुट्टाछुट्टै रूपमा घुम्नुहुन्छ।

धाता कृतस्थली हेतिर्वासुकी रथकृन्मुने।
पुलस्त्यस्तुम्बुरुरिति मधुमासं नयन्त्यमी॥ ३३॥

पदार्थ–
मुने = हे मुनि
धाता = धातानामक सूर्य
कृतस्थली = कृतस्थली अप्सरा
हेतिः = हेति राक्षस
वासुकी = वासुकी सर्प
रथकृत् = रथकृत् यक्ष
पुलस्त्यः = पुलस्त्य ऋषि
तुम्बुरुः = तुम्बुरु गन्धर्व
इति = यसरी
अमी = यी सात समूहले
मधुमासं = चैत्र महिनालाई
नयन्ति = बिताउँछन्

वाक्यार्थ– हे मुनि ! चैत्र महिनामा धातानामक सूर्य, कृतस्थली अप्सरा, हेति राक्षस, वासुकी सर्प, रथकृत् यक्ष, पुलस्त्य ऋषि र तुम्बुरु गन्धर्वले आफ्नो कार्य सम्पन्न गर्दछन्।

अर्यमा पुलहोऽथौजाः प्रहेतिः पुञ्जिकस्थली।
नारदः कच्छनीरश्च नयन्त्येते स्म माधवम्॥ ३४॥

पदार्थ–
अर्यमा = अर्यमा सूर्य
पुलहः = पुलह ऋषि
अथौजाः = अथौजा यक्ष
प्रहेतिः = प्रहेति राक्षस
पुञ्जिकस्थली = पुञ्जिकस्थली अप्सरा
नारदः = नारद गन्धर्व
कच्छनीरः च = र कच्छनीर सर्पले समेत
एते = यिनीहरूले
माधवं = वैशाख मासलाई
नयन्ति स्म = बिताउँछन्

वाक्यार्थ– अर्यमा नामक सूर्य, पुलह ऋषि, अथौजा यक्ष, प्रहेति राक्षस, पुञ्जिकस्थली अप्सरा, नारद गन्धर्व र कच्छनीर सर्प यी सात गण मिलेर वैशाख महिनाको कार्य सम्पन्न गर्दछन्।

मित्रोऽत्रिः पौरुषेयोऽथ तक्षको मेनका हहाः।
रथस्वन इति ह्येते शुक्रमासं नयन्त्यमी॥ ३५॥

पदार्थ–
हि = निश्चय नै
मित्रः = मित्र सूर्य
अत्रिः = अत्रि ऋषि
पौरुषेयः = पौरुषेय राक्षस
अथ = त्यसै गरी
तक्षकः = तक्षक सर्प
मेनका = मेनका अप्सरा
हहाः = हहा गन्धर्व
रथस्वनः = रथस्वन यक्ष
इति = गरी
एते = यी सबै
अमी = यहाँ बताइएकाहरूले
शुक्रमासं = जेठ महिनालाई
नयन्ति = सम्पन्न गर्दछन्

वाक्यार्थ– यसै गरी मित्र नामक सूर्य, अत्रि ऋषि, पौरुषेय राक्षस, तक्षक सर्प, मेनका अप्सरा, हहा गन्धर्व र रथस्वन नाम गरेका यक्ष यिनीहरूले जेठ महिनाको कार्य सम्पन्न गर्दछन्।

वसिष्ठो वरुणो रम्भा सहजन्यस्तथा हुहूः।
शुक्रश्चित्रस्वनश्चैव शुचिमासं नयन्त्यमी॥ ३६॥

पदार्थ–
वसिष्ठः = वसिष्ठ ऋषि
वरुणः = वरुण सूर्य

रम्भा = रम्भा अप्सरा	**हुहूः** = हुहू गन्धर्व	**अमी** = यिनीहरूले
सहजन्यः = सहजन्य यक्ष	**शुक्रः** = शुक्र नाग	**शुचिमासं** = असार महिनालाई
तथा = तथा	**चित्रस्वनः च** = चित्रस्वन राक्षस	**नयन्ति एव** = सम्पन्न गर्दछन्

वाक्यार्थ– वसिष्ठ ऋषि, वरुणनामक सूर्य, रम्भा अप्सरा, सहजन्य यक्ष, हुहू गन्धर्व, शुक्र नाग र चित्रस्वन राक्षस यी सबैले असार महिनाको कार्य सम्पन्न गर्छन्।

इन्द्रो विश्वावसुः श्रोता एलापत्रस्तथाङ्गिराः।
प्रम्लोचा राक्षसो वर्यो नभोमासं नयन्त्यमी॥ ३७॥

पदार्थ–

इन्द्रः = इन्द्र सूर्य	**एलापत्रः** = एलापत्र नाग	**वर्यः राक्षसः** = वर्यनामक राक्षस
विश्वावसुः = विश्वावसु गन्धर्व	**तथा** = त्यसै गरी	**अमी** = यिनीहरूले
श्रोता = श्रोता यक्ष	**अङ्गिराः** = अङ्गिरा ऋषि	**नभोमासं** = साउन महिनालाई
	प्रम्लोचा = प्रम्लोचा अप्सरा	**नयन्ति** = सम्पन्न गर्दछन्

वाक्यार्थ– यसै गरी इन्द्रनामका सूर्यले सहित विश्वावसु गन्धर्व, श्रोता यक्ष, एलापत्र नाग, अङ्गिरा ऋषि, प्रम्लोचा अप्सरा र वर्य राक्षस यी सबैले श्रावण महिनाको कार्य सम्पन्न गर्दछन्।

विवस्वानुग्रसेनश्च व्याघ्र आसारणो भृगुः।
अनुम्लोचा शङ्खपालो नभस्याख्यं नयन्त्यमी॥ ३८॥

पदार्थ–

विवस्वान् = विवस्वान् सूर्य	**आसारणः** = आसारण यक्ष	**अमी** = यिनीहरूले
उग्रसेनः च = उग्रसेन गन्धर्व	**भृगुः** = भृगु ऋषि	**नभस्याख्यं** = भाद्र महिनालाई
व्याघ्रः = व्याघ्र राक्षस	**अनुम्लोचा** = अनुम्लोचा अप्सरा	**नयन्ति** = सम्पन्न गर्दछन्
	शङ्खपालः = शङ्खपाल नाग	

वाक्यार्थ– विवस्वान् नामक सूर्यका साथमा उग्रसेन गन्धर्व, व्याघ्र राक्षस, आसारण यक्ष, भृगु ऋषि, अनुम्लोचा अप्सरा र शङ्खपालनामक नाग यिनीहरूले भाद्र महिनाको कार्य सम्पन्न गर्दछन्।

पूषा धनञ्जयो वातः सुषेणः सुरुचिस्तथा।
घृताची गौतमश्चेति तपोमासं नयन्त्यमी॥ ३९॥

पदार्थ–

पूषा = पूषा सूर्य	**सुरुचिः** = सुरुचि यक्ष	**अमी** = यी सबैले
धनञ्जयः = धनञ्जय नाग	**तथा** = त्यसै गरी	**तपोमासं** = माघ महिनालाई
वातः = वात राक्षस	**घृताची** = घृताची अप्सरा	**नयन्ति** = सम्पन्न गर्दछन्
सुषेणः = सुषेण गन्धर्व	**गौतमः च इति** = गौतम ऋषि समेत	

वाक्यार्थ– पूषा नामका सूर्यसँगै धनञ्जय नाग, वात राक्षस, सुषेण गन्धर्व, सुरुचि यक्ष त्यसै गरी घृताची अप्सरा र गौतम ऋषि यी सबैले माघ मासको कार्य सम्पन्न गर्दछन्।

क्रतुर्वर्चा भरद्वाजः पर्जन्यः सेनजित् तथा।
विश्व ऐरावतश्चैव तपस्याख्यं नयन्त्यमी॥ ४०॥

पदार्थ–	**सेनजित्** = सेनजित् अप्सरा	**अमी** = यिनीहरूले
क्रतुः = ऋतु यक्ष	**तथा** = त्यसै गरी	**तपस्याख्यं** = फागुन मास
वर्चा = वर्चा राक्षस	**विश्वः** = विश्व गन्धर्व	**नयन्ति** = सम्पन्न गर्दछन्
भरद्वाजः = भरद्वाज ऋषि	**ऐरावतः च एव** = ऐरावत	
पर्जन्यः = पर्जन्य सूर्य	नागसमेत	

वाक्यार्थ– पर्जन्य नामका सूर्यले सहित ऋतु यक्ष, वर्चा राक्षस, भरद्वाज ऋषि, सेनजित् अप्सरा, विश्व गन्धर्व र ऐरावत नामका नाग यी सबैले फागुन महिनाको कार्य सम्पन्न गर्दछन्।

अथांशुः कश्यपस्तार्क्ष्य ऋतसेनस्तथोर्वशी।
विद्युच्छत्रुर्महाशङ्खः सहोमासं नयन्त्यमी॥ ४१॥

पदार्थ–	**ऋतसेनः** = ऋतसेन गन्धर्व	**अमी** = यी सबैले
अथ = यसै गरी	**तथा** = त्यसै गरी	**सहोमासं** = मंसिर महिनालाई
अंशुः = अंशु सूर्य	**उर्वशी** = उर्वशी अप्सरा	**नयन्ति** = सम्पन्न गर्दछन्
कश्यपः = कश्यप ऋषि	**विद्युच्छत्रुः** = विद्युच्छत्रु राक्षस	
तार्क्ष्यः = तार्क्ष्य यक्ष	**महाशङ्खः** = महाशङ्ख नाग	

वाक्यार्थ– यसै गरी अंशु नामका सूर्यले सहित भएका कश्यप ऋषि, तार्क्ष्य यक्ष, ऋतसेन गन्धर्व, उर्वशी अप्सरा, विद्युच्छत्रु राक्षस र महाशङ्ख नाग यी सबैले मंसिर महिनाको कार्य सम्पन्न गर्दछन्।

भगः स्फूर्जोऽरिष्टनेमिरूर्ण आयुश्च पञ्चमः।
कर्कोटकः पूर्वचित्तिः पुष्यमासं नयन्त्यमी॥ ४२॥

पदार्थ–	**ऊर्णः** = ऊर्ण यक्ष	**पूर्वचित्तिः** = पूर्वचित्ति अप्सरा
भगः = भग सूर्य	**पञ्चमः** = पाँचौं	**अमी** = यी सबैले
स्फूर्जः = स्फूर्ज राक्षस	**आयुः च** = आयु ऋषि	**पुष्यमासं** = पौष महिनालाई
अरिष्टनेमिः = अरिष्टनेमि गन्धर्व	**कर्कोटकः** = कर्कोटक नाग	**नयन्ति** = सम्पन्न गर्दछन्

वाक्यार्थ– भग नामका सूर्यका साथ स्फूर्ज राक्षस, अरिष्टनेमि गन्धर्व, ऊर्ण यक्ष, आयु ऋषि, कर्कोटक नाग र पूर्वचित्ति अप्सरा यी सबैले पौष महिनाको कार्य सम्पन्न गर्दछन्।

त्वष्टा ऋचीकतनयः कम्बलश्च तिलोत्तमा ।
ब्रह्मापेतोऽथ शतजिद् धृतराष्ट्र इषम्भराः ॥ ४३ ॥

पदार्थ–
अथ = यसपछि
त्वष्टा = त्वष्टा सूर्य
ऋचीकतनयः = ऋचीकपुत्र जमदग्नि ऋषि
कम्बलः = कम्बल नाग
तिलोत्तमा = तिलोत्तमा अप्सरा
ब्रह्मापेतः = ब्रह्मापेत राक्षस
शतजित् = शतजित् यक्ष
धृतराष्ट्रः च = धृतराष्ट्र गन्धर्वले
इषम्भराः = आश्विन महिनाको भरण गर्दछन्

वाक्यार्थ– त्वष्टा नामका सूर्यले सहित भएका जमदग्नि ऋषि, कम्बल नाग, तिलोत्तमा अप्सरा, ब्रह्मापेत राक्षस, शतजित् यक्ष र धृतराष्ट्र गन्धर्व यी सबैले आश्विन महिनाको कार्य सम्पन्न गर्दछन् ।

विष्णुरश्वतरो रम्भा सूर्यवर्चाश्च सत्यजित् ।
विश्वामित्रो मखापेत ऊर्जमासं नयन्त्यमी ॥ ४४ ॥

पदार्थ–
विष्णुः = विष्णु सूर्य
अश्वतरः = अश्वतर नाग
रम्भा = रम्भा अप्सरा
सूर्यवर्चाः च = सूर्यवर्चा गन्धर्व
सत्यजित् = सत्यजित् यक्ष
विश्वामित्रः = विश्वामित्र ऋषि
मखापेतः = मखापेत राक्षस
अमी = यी सबैले
ऊर्जमासं = कार्त्तिक महिनालाई
नयन्ति = सम्पन्न गर्दछन्

वाक्यार्थ– विष्णुनामक सूर्यका साथमा अश्वतर नाग, रम्भा अप्सरा, सूर्यवर्चा गन्धर्व, सत्यजित् यक्ष, विश्वामित्र ऋषि, मखापेत राक्षस यी सबैले कार्त्तिक महिनाको कार्य सम्पन्न गर्दछन् ।

एता भगवतो विष्णोरादित्यस्य विभूतयः ।
स्मरतां सन्ध्ययोर्नृणां हरन्त्यंहो दिने दिने ॥ ४५ ॥

पदार्थ–
आदित्यस्य = सूर्यस्वरूप
भगवतः = भगवान्
विष्णोः = विष्णुका
एताः = यी सबै
विभूतयः = विभूतिहरूले
दिने दिने = दिनदिनै
सन्ध्ययोः = दुबै सन्ध्याकालमा
स्मरतां = सम्झिने
नृणां = मानिसहरूका
अंहः = पापलाई
हरन्ति = नष्ट गर्दछन्

वाक्यार्थ– मित्र, अर्यमा आदि सूर्यस्वरूप भगवान्का विभूतिहरू हुन् र यिनीहरूले प्रतिदिन साँझबिहान दुबै सन्ध्याकालमा सम्झना गर्ने मानिसहरूका पापराशिलाई नष्ट गरिदिन्छन् ।

द्वादशस्वपि मासेषु देवोऽसौ षड्भिरस्य वै ।
चरन् समन्तात् तनुते परत्रेह च सन्मतिम् ॥ ४६ ॥

पदार्थ–
वै = निश्चय नै
अस्य = आफ्ना
षड्भिः = छ वटा गणहरूले सहित भई
द्वादशसु अपि = बाह्रै वटा
मासेषु = महिनाहरूमा
समन्तात् = निरन्तर
चरन् = घुमिरहेका
असौ = यी
देवः = भगवान् सूर्यले
परत्र = परलोकमा र
इह च = यस लोकमा पनि
सन्मतिं = शुद्ध बुद्धिलाई
तनुते = विस्तार गर्नुहुन्छ

वाक्यार्थ– आफ्ना छ प्रकारका गणहरूले युक्त भएका भगवान् सूर्य बाह्रै महिना पृथक्-पृथक् नामरूपले संसारमा घुम्नुहुन्छ र प्राणीलाई यस लोक र परलोकमा शुद्ध बुद्धि प्रदान गर्नुहुन्छ।

सामर्ग्यजुर्भिस्तल्लिङ्गैर्ऋषयः संस्तुवन्त्यमुम्।
गन्धर्वास्तं प्रगायन्ति नृत्यन्त्यप्सरसोऽग्रतः॥ ४७॥

पदार्थ–
ऋषयः = ऋषिहरूले
तल्लिङ्गैः = सूर्यसँग सम्बन्धित
सामर्ग्यजुर्भिः = ऋक्, साम र यजुका मन्त्रहरूद्वारा
अमुं = यी सूर्य भगवान्लाई
संस्तुवन्ति = स्तुति गर्दछन्
गन्धर्वाः = गन्धर्वहरूले
तं = उहाँलाई नै
प्रगायन्ति = गान गर्दछन्
अप्सरसः = अप्सराहरू
अग्रतः = अगाडिपट्टि
नृत्यन्ति = नृत्य गर्दछन्

वाक्यार्थ– सूर्यका गणभित्र रहने ऋषिहरूले ऋक्, यजु र साम यी वेदका मन्त्रहरूद्वारा उहाँको स्तुति गर्दछन्, गन्धर्वहरूले कीर्तिको गान गर्दछन् र अप्सराहरू अगाडिपट्टि नृत्य गरिरहन्छन्।

उन्नह्यन्ति रथं नागा ग्रामण्यो रथयोजकाः।
चोदयन्ति रथं पृष्ठे नैर्ऋता बलशालिनः॥ ४८॥

पदार्थ–
नागाः = नागहरूले
रथं = सूर्य भगवान्को रथलाई
उन्नह्यन्ति = कसेर बाँध्छन्
ग्रामण्यः = यक्षहरू
रथयोजकाः = रथ सजाउँछन्
बलशालिनः = बलशाली
नैर्ऋताः = राक्षसहरूले
पृष्ठे = पछाडिबाट
रथं = रथलाई
चोदयन्ति = धकेल्छन्

वाक्यार्थ– नागहरूले भगवान् सूर्यदेवको रथलाई डोरीले क्सैँ कस्छन् भने यक्षहरूले रथलाई सजाउने काम गर्दछन्। त्यसै गरी बलशाली राक्षसहरूले पछाडिबाट रथ धकेल्छन्।

वालखिल्याः सहस्राणि षष्टिर्ब्रह्मर्षयोऽमलाः।
पुरतोऽभिमुखं यान्ति स्तुवन्ति स्तुतिभिर्विभुम्॥ ४९॥

पदार्थ–
षष्टिः सहस्राणि = साठी हजार
वालखिल्याः = वालखिल्यनामक
अमलाः = निर्मल
ब्रह्मर्षयः = ब्रह्मर्षिहरू
पुरतः = अगाडिपट्टि

अभिमुखं = सूर्यतिर मुख फर्काई
यान्ति = हिँड्छन्
स्तुतिभिः = अनेक प्रकारका स्तुतिद्वारा
विभुं = भगवान् सूर्यलाई
स्तुवन्ति = स्तुति गर्दछन्

वाक्यार्थ– निर्मल वालखिल्य नामका साठी हजार ब्रह्मर्षिहरू सूर्यतर्फ अभिमुख भई त्यस रथको अघि-अघि हिँड्छन् र उनीहरूले निरन्तर सूर्य भगवान्को स्तुति गरिरहन्छन्।

एवं ह्यनादिनिधनो भगवान् हरिरीश्वरः।
कल्पे कल्पे स्वमात्मानं व्यूह्य लोकानवत्यजः॥ ५०॥

पदार्थ–
हि = निश्चय नै
एवं = यसप्रकार
अनादिनिधनः = आदि अन्त रहित
अजः = अजन्मा
ईश्वरः = सर्वसमर्थ
भगवान् = भगवान्
हरिः = श्रीहरिले
कल्पे कल्पे = कल्पैपिच्छे
स्वं = आफ्नो
आत्मानं = स्वरूपलाई
व्यूह्य = विभक्त गरी
लोकान् = संसारका प्राणीहरूलाई
अवति = रक्षा गर्नुहुन्छ

वाक्यार्थ– यसप्रकार सर्वसमर्थ भगवान् श्रीहरि वास्तवमा आदि र अन्तले रहित एवं अजन्मा भएर पनि कल्पैपिच्छे आफूलाई अनेक स्वरूपमा विभक्त गरी प्राणीहरूको पालन गर्नुहुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे
आदित्यव्यूहविवरणं नामैकादशोऽध्यायः॥ ११॥

अथ द्वादशोऽध्यायः

श्रीमद्भागवतको सारसंक्षेप

सूत उवाच (सूतजीले भन्नुभयो)

नमो धर्माय महते नमः कृष्णाय वेधसे।

ब्राह्मणेभ्यो नमस्कृत्य धर्मान् वक्ष्ये सनातनान्॥ १॥

पदार्थ–	**वेधसे** = विश्वविधाता	**नमस्कृत्य** = नमस्कार गरेर
महते = महान्	**कृष्णाय** = श्रीकृष्णलाई	**सनातनान्** = सनातन
धर्माय = धर्मलाई	**नमः** = नमस्कार छ	**धर्मान्** = धर्महरू
नमः = नमस्कार छ	**ब्राह्मणेभ्यः** = ब्राह्मणहरूलाई	**वक्ष्ये** = बताउँछु

वाक्यार्थ– भगवद्भक्तिरूप सर्वश्रेष्ठ धर्मलाई र विश्वविधाता भगवान् श्रीकृष्णलाई बारम्बार नमस्कार छ। ब्राह्मणहरूलाई नमस्कार गरेर सनातन धर्मको वर्णन गर्दछु।

एतद् वः कथितं विप्रा विष्णोश्चरितमद्भुतम्।

भवद्भिर्यदहं पृष्टो नराणां पुरुषोचितम्॥ २॥

पदार्थ–	**पुरुषोचितं** = मनुष्य जीवनको प्रयोजनरूप	**विष्णोः** = भगवान् विष्णुको
विप्राः = हे ऋषिहरू		**अद्भुतं** = अद्भुत
भवद्भिः = तपाईंहरूद्वारा	**यत्** = जुन कुरा	**चरितं** = चरित्र
अहं = म	**पृष्टः** = सोधिएको थिएँ	**वः** = तपाईंहरूका लागि
नराणां = मानिसहरूको	**एतत्** = त्यो	**कथितम्** = बताइयो

वाक्यार्थ– हे शौनक आदि ऋषिहरू ! तपाईंहरूले मसँग मनुष्य जीवनको प्रयोजन के हो भनी सोध्नुभएको थियो, त्यसको उत्तरको रूपमा भगवान् विष्णुको अद्भुत चरित्र मैले तपाईंहरूलाई बताएँ।

अत्र सङ्कीर्तितः साक्षात् सर्वपापहरो हरिः।

नारायणो हृषीकेशो भगवान् सात्वतां पतिः॥ ३॥

पदार्थ–	**सात्वतां पतिः** = भक्तहरूका स्वामी	**साक्षात्** = साक्षात्
अत्र = यस ग्रन्थमा		**भगवान्** = भगवान्
सर्वपापहरः = सम्पूर्ण पापलाई नष्ट गर्ने	**नारायणः** = हृदयवासी	**हरिः** = श्रीहरि
	हृषीकेशः = इन्द्रियहरूका स्वामी	**सङ्कीर्तितः** = गाइनुभएको छ

वाक्यार्थ– यस श्रीमद्भागवत महापुराणमा भक्तहरूका एक मात्र स्वामी र सम्पूर्ण पापलाई नष्ट गर्ने हृदयवासी इन्द्रियाधीश भगवान् श्रीहरिको महिमागान गरिएको छ।

अत्र ब्रह्म परं गुह्यं जगतः प्रभवाप्ययम्।
ज्ञानं च तदुपाख्यानं प्रोक्तं विज्ञानसंयुतम्॥ ४॥

पदार्थ–	**परं** = अत्यन्त	**ज्ञानं** = ज्ञान
अत्र = यहाँ	**गुह्यं** = गुह्य	**तदुपाख्यानं च** = त्यस ज्ञानको
जगतः = संसारको	**ब्रह्म** = ब्रह्मतत्त्व	साधन समेत
प्रभवाप्ययं = उत्पत्ति र लयका	**विज्ञानसंयुतं** = अपरोक्ष	**प्रोक्तम्** = बताइएको छ
हेतु	साक्षात्कार सम्मको	

वाक्यार्थ– यस महापुराणमा सम्पूर्ण संसारका उत्पत्ति र लयका कारण भएका परं गुह्य ब्रह्मतत्त्वको वर्णन गरिएको छ। त्यसै गरी त्यही परमतत्त्वको अपरोक्ष साक्षात्कारसम्मको ज्ञान र ज्ञानका साधनहरूसमेत बताइएका छन्।

भक्तियोगः समाख्यातो वैराग्यं च तदाश्रयम्।
पारीक्षितमुपाख्यानं नारदाख्यानमेव च॥ ५॥

पदार्थ–	**वैराग्यं च** = वैराग्य पनि	**नारदाख्यानं एव च** = नारदको
भक्तियोगः = भक्तियोग	**पारीक्षितं** = परीक्षित्	चरित्रसमेत बताइएको छ
समाख्यातः = बताइएको छ	राजासम्बन्धी	
तदाश्रयं = त्यसमा आश्रित रहने	**उपाख्यानं** = कथा	

वाक्यार्थ– यहाँ भक्तियोग र त्यसको प्रमुख सहायक वैराग्यको पनि निरूपण गरिएको छ। त्यसै गरी परीक्षित् राजाको कथा र व्यासनारदसंवाद पनि बताइएको छ।

प्रायोपवेशो राजर्षेर्विप्रशापात् परीक्षितः।
शुकस्य ब्रह्मर्षभस्य संवादश्च परीक्षितः॥ ६॥

पदार्थ–	**परीक्षितः** = परीक्षित्को	**परीक्षितः** = परीक्षित्को
विप्रशापात् = ब्राह्मणको	**प्रायोपवेशः** = अनशन व्रत	**संवादः च** = संवादसमेत
श्रापद्वारा	**ब्रह्मर्षभस्य** = ब्रह्मर्षि	बताइएको छ
राजर्षेः = राजर्षि	**शुकस्य** = श्रीशुकदेवसँग	

वाक्यार्थ– त्यसै गरी ब्राह्मणको श्राप परेपछि राजर्षि परीक्षित्ले गङ्गातटमा अनशन व्रत गरेको र ब्रह्मर्षिश्रेष्ठ श्रीशुकदेवसँग उनको संवाद भएको प्रसङ्ग पनि बताइएको छ।

योगधारणयोत्क्रान्तिः संवादो नारदाजयोः।

अवतारानुगीतं च सर्गः प्राधानिकोऽग्रतः॥ ७॥

पदार्थ–

योगधारणया = योगधारणाद्वारा
उत्क्रान्तिः = शरीरत्याग गर्ने विधि
नारदाजयोः = नारद र ब्रह्माको
संवादः = वार्तालाप
अवतारानुगीतं = अवतारहरूको सङ्क्षिप्त चर्चा
अग्रतः = महत्तत्त्वदेखि
प्राधानिकः = प्राकृतिक
सर्गः च = सृष्टिको समेत वर्णन गरिएको छ

वाक्यार्थ– योगधारणाद्वारा शरीरत्याग गर्ने विधि र नारद एवं ब्रह्माको संवाद अनि भगवान्का अवतारहरूको सङ्क्षिप्त चर्चा र महत्तत्त्वको क्रमले भएको प्राकृतिक सृष्टिको समेत वर्णन गरिएको छ।

विदुरोद्धवसंवादः क्षत्तृमैत्रेययोस्ततः।

पुराणसंहिताप्रश्नो महापुरुषसंस्थितिः॥ ८॥

पदार्थ–

विदुरोद्धवसंवादः = विदुर र उद्धवको संवाद
ततः = त्यसपछि
क्षत्तृमैत्रेययोः = विदुर र मैत्रेयको संवाद
पुराणसंहिताप्रश्नः = पुराणसंहिताको विषयमा प्रश्न र
महापुरुषसंस्थितिः = प्रलयकालमा परमात्माको अवस्थितिको विषयमा समेत बताइएको छ

वाक्यार्थ– यहाँ विदुर र उद्धवको संवाद त्यसपछि विदुरसँग भएको मैत्रेय ऋषिको संवाद बताइएको छ, अनि पुराणसंहिताको विषयमा प्रश्न र प्रलयकालमा परमात्मा कसरी रहनुहुन्छ भन्ने विषयमा समेत बताइएको छ।

ततः प्राकृतिकः सर्गः सप्त वैकृतिकाश्च ये।

ततो ब्रह्माण्डसम्भूतिर्वैराजः पुरुषो यतः॥ ९॥

पदार्थ–

ततः = त्यसपछि
प्राकृतिकः = प्राकृतिक
सर्गः = सृष्टि (बताइयो)
ये = जुन
सप्त = सातवटा
वैकृतिकाः च = विकृतिहरूद्वारा हुने सृष्टि
ततः = त्यसपछि
ब्रह्माण्डसम्भूतिः = ब्रह्माण्डको उत्पत्ति
यतः = जहाँबाट
वैराजः = विराट्
पुरुषः = पुरुष भए

वाक्यार्थ– तीन गुणहरूको क्षोभद्वारा हुने प्राकृतिक सृष्टि, त्यसबाट हुने महत्तत्त्व आदि सातवटा प्रकृतिका विकृतिबाट हुने सृष्टि र यही क्रमले अनेक विकृतिहरूको सृष्टि हुँदै ब्रह्माण्डको उत्पत्तिप्रक्रिया बताइएको छ, जुन ब्रह्माण्डमा विराट्पुरुषको अवस्थिति छ।

कालस्य स्थूलसूक्ष्मस्य गतिः पद्मसमुद्भवः।
भुव उद्धरणेऽम्भोधेर्हिरण्याक्षवधो यथा॥ १०॥

पदार्थ–	**पद्मसमुद्भवः** = प्रलयजलमा	**उद्धरणे** = उद्धार गर्ने क्रममा
स्थूलसूक्ष्मस्य = स्थूल र सूक्ष्म	कमलको उत्पत्ति	**यथा** = जसरी
कालस्य = कालको	**अम्भोधेः** = सागरबाट	**हिरण्याक्षवधः** = हिरण्याक्षवध
गतिः = गति	**भुवः** = पृथिवीको	भएको थियो

वाक्यार्थ– यहाँ स्थूल र सूक्ष्म दुबैथरी कालको गति, यसै गरी प्रलयकालमा लोकपद्मको उत्पत्ति भएको कुरा र प्रलयजलबाट पृथिवीको उद्धार गर्ने क्रममा हिरण्याक्षवध भएको प्रसङ्ग पनि बताइएको छ।

ऊर्ध्वतिर्यगवाक्सर्गो रुद्रसर्गस्तथैव च।
अर्धनारीश्वरस्याथ यतः स्वायम्भुवो मनुः॥ ११॥

पदार्थ–	**रुद्रसर्गः च** = रुद्रहरूको उत्पत्ति	**यतः** = जहाँबाट
ऊर्ध्वतिर्यगवाक्सर्गः = देवता,	**अथ** = त्यसपछि	**स्वायम्भुवः** = स्वायम्भुव
पशु, पक्षी आदिको सृष्टि	**अर्धनारीश्वरस्य** =	**मनुः** = मनु भए
तथा एव = त्यसै गरी	अर्धनारीनरस्वरूपको वर्णन	

वाक्यार्थ– देवता, पशु, पक्षी र मनुष्य आदिको सृष्टि भएको र रुद्रहरूको सृष्टि भएको कुरा पनि यहाँ बताइएको छ, त्यसपछि जुन अर्धनारीनरको स्वरूपबाट स्वायम्भुव मनु उत्पन्न भए, त्यो कुरा पनि यहाँ बताइएको छ।

शतरूपा च या स्त्रीणामाद्या प्रकृतिरुत्तमा।
सन्तानो धर्मपत्नीनां कर्दमस्य प्रजापतेः॥ १२॥

पदार्थ–	**प्रकृतिः** = रचना हुन् (ती)	**धर्मपत्नीनां** = धर्मका पत्नी
या = जो	**शतरूपा च** = शतरूपाको चरित्र	भएका छोरीहरूको
स्त्रीणां = स्त्रीहरूमध्ये	पनि	**सन्तानः** = सन्ततिपरम्परा
आद्या = पहिली	**प्रजापतेः** = प्रजापति	बताइयो
उत्तमा = उत्तम	**कर्दमस्य** = कर्दमका	

वाक्यार्थ– त्यही अर्धनारीनर शरीरबाट स्त्रीहरूमध्ये पहिली उत्तम शतरूपाको पनि उत्पत्ति भयो। त्यसै गरी प्रजापति कर्दमका नौवटी छोरीहरू जो धर्मका पत्नी भए तिनीहरूको उत्पत्ति भएको प्रसङ्गसमेत बताइएको छ।

अवतारो भगवतः कपिलस्य महात्मनः।

देवहूत्याश्च संवादः कपिलेन च धीमता ॥ १३ ॥

पदार्थ—
महात्मनः = उदारचरित्र भएका
भगवतः = भगवान्
कपिलस्य = कपिलदेवको
अवतारः च = अवतार पनि बताइएको छ
धीमता = परमबुद्धिशाली
कपिलेन = कपिलसँग
देवहूत्याः = देवहूतिको
संवाद चः = संवाद पनि बताइएको छ

वाक्यार्थ— यहाँ उदारचरित्र भगवान् कपिलदेवको अवतार भएको कथा र परमबुद्धिशाली कपिलदेवसँग माता देवहूतिको संवाद समेत बताइएको छ।

नवब्रह्मसमुत्पत्तिर्दक्षयज्ञविनाशनम्।

ध्रुवस्य चरितं पश्चात् पृथोः प्राचीनबर्हिषः ॥ १४ ॥

पदार्थ—
नवब्रह्मसमुत्पत्तिः = मरीचि आदि नौ प्रजापतिहरूको उत्पत्ति
दक्षयज्ञविनाशनं = दक्षयज्ञको विध्वंस
ध्रुवस्य = ध्रुवको
चरितं = चरित्र
पश्चात् = त्यसपछि
पृथोः = पृथुको चरित्र र
प्राचीनबर्हिषः = प्राचीनबर्हिको चरित्र पनि बताइएको छ

वाक्यार्थ— मरीचि आदि नौ प्रजापतिहरूको उत्पत्ति भएको प्रसङ्ग, दक्षको यज्ञविध्वंस भएको प्रसङ्ग, ध्रुवको चरित्र यसै गरी महाराज पृथु र प्राचीनबर्हिको चरित्र समेत बताइएको छ।

नारदस्य च संवादस्ततः प्रैयव्रतं द्विजाः।

नाभेस्ततोऽनुचरितमृषभस्य भरतस्य च ॥ १५ ॥

पदार्थ—
द्विजाः = हे ऋषिहरू
नारदस्य = नारदसँगको
संवादः च = संवाद पनि बताइएको छ
ततः = त्यसपछि
प्रैयव्रतं = प्रियव्रतको चरित्र बताइएको छ
ततः = त्यसपछि
नाभेः = नाभिको
अनुचरितं = चरित्र
ऋषभस्य = ऋषभदेवको र
भरतस्य च = भरतको समेत चरित्र बताइएको छ

वाक्यार्थ— हे ऋषिहरू ! प्राचीनबर्हिसँग नारदको संवाद भएको प्रसङ्ग पनि यहाँ बताइएको छ। त्यसै गरी राजा प्रियव्रतको उपाख्यान र क्रमैसँग नाभि, ऋषभदेव र भरत आदिको चरित्रसमेत यहाँ बताइएको छ।

द्वीपवर्षसमुद्राणां गिरिनद्युपवर्णनम्।

ज्योतिश्चक्रस्य संस्थानं पातालनरकस्थितिः ॥ १६ ॥

पदार्थ—
द्वीपवर्षसमुद्राणां = द्वीप, वर्ष र समुद्रहरूको वर्णन
गिरिनद्युपवर्णनं = पर्वत र नदीहरूको वर्णन
ज्योतिश्चक्रस्य = ज्योतिश्चक्रको
संस्थानं = अवस्थिति
पातालनरकस्थितिः = पाताल र नरकको स्थितिसमेत बताइएको छ

वाक्यार्थ— सात द्वीप, त्यसका वर्ष उपवर्षहरू, ती द्वीपहरूलाई छुट्याउने समुद्र, मर्यादा पर्वतहरू र अनेक प्रकारका नदीहरूको वर्णनसमेत यहाँ गरिएको छ। त्यसै गरी ज्योतिश्चक्रको अवस्थिति अनि पाताल र नरकको अवस्थितिको बारेमा समेत यहाँ बताइएको छ।

दक्षजन्म प्रचेतोभ्यस्तत्पुत्रीणां च सन्ततिः।
यतो देवासुरनरास्तिर्यङ्नगखगादयः॥ १७॥

पदार्थ—
प्रचेतोभ्यः = प्रचेताहरूबाट
दक्षजन्म = दक्षको जन्म
तत्पुत्रीणां = तिनका पुत्रीहरूको
सन्ततिः च = सन्तानपरम्परा
यतः = जहाँबाट
देवासुरनराः = देवता, राक्षस र मानिसहरू
तिर्यङ्नगखगादयः = पशु, पर्वत, पक्षीहरूको उत्पत्ति भएको प्रसङ्ग पनि बताइएको छ

वाक्यार्थ— प्रचेताहरूबाट दक्षको उत्पत्ति भएको र उनबाट साठीवटी छोरीहरूको जन्म भएको प्रसङ्ग पनि यहाँ बताइएको छ। तिनै दक्षपुत्रीहरूबाट देवता, असुर, मानिस, पशु, पर्वत र पक्षी आदि प्राणीहरूको उत्पत्ति भएको प्रसङ्गसमेत यहाँ बताइएको छ।

त्वाष्ट्रस्य जन्म निधनं पुत्रयोश्च दितेर्द्विजाः।
दैत्येश्वरस्य चरितं प्रह्लादस्य महात्मनः॥ १८॥

पदार्थ—
द्विजाः = हे ऋषिहरू
त्वाष्ट्रस्य = वृत्रासुरको
जन्म = उत्पत्ति
निधनं = निधनको प्रसङ्ग
दितेः = दितिका
पुत्रयोः च = दुई पुत्रहरूको प्रसङ्ग
दैत्येश्वरस्य = दैत्यराज
महात्मनः = महात्मा
प्रह्लादस्य = प्रह्लादको
चरितम् = चरित्र पनि बताइयो

वाक्यार्थ— हे ऋषिहरू! यहाँ त्वष्ट्राको पुत्र वृत्रासुरको उत्पत्ति र परमधामगमनको चरित्र बताइयो र दितिका हिरण्याक्ष र हिरण्यकशिपु यी दुई पुत्रहरूको प्रसङ्ग र महात्मा दैत्यराज प्रह्लादको चरित्रसमेत बताइयो।

मन्वन्तरानुकथनं गजेन्द्रस्य विमोक्षणम्।
मन्वन्तरावताराश्च विष्णोर्हयशिरादयः॥ १९॥

पदार्थ—
मन्वन्तरानुकथनं = मन्वन्तरहरूको कथा

गजेन्द्रस्य = गजेन्द्रको	**हयशिरादयः** = हयग्रीव आदि	अवतारहरूसमेत बताइए
विमोक्षणं = मोक्ष	**मन्वन्तरावताराः च** =	
विष्णोः = भगवान् विष्णुको	मन्वन्तरपिच्छेका	

वाक्यार्थ– त्यसै गरी यस महापुराणमा मन्वन्तरहरूको प्रसङ्ग र गजेन्द्रको मुक्ति भएको प्रसङ्ग पनि बताइएको छ अनि भगवान् विष्णुको मन्वन्तरैपिच्छे हुने अनेक अवतारहरूको प्रसङ्गसमेत बताइएको छ।

कौर्मं धान्वन्तरं मात्स्यं वामनं च जगत्पतेः।

क्षीरोदमथनं तद्वदमृतार्थे दिवौकसाम्॥ २०॥

पदार्थ–	**मात्स्यं** = मत्स्य अवतार	**दिवौकसां** = देवताहरूको
जगत्पतेः = जगत्पति भगवान्को	**वामनं च** = वामन अवतारसमेत	**क्षीरोदमथनम्** = समुद्रमन्थनसमेत
कौर्मं = कूर्म अवतार	**तद्वत्** = त्यसै गरी	बताइएको छ
धान्वन्तरं = धन्वन्तरि अवतार	**अमृतार्थे** = अमृतका लागि	

वाक्यार्थ– जगत्पत्ति भगवान् विष्णुका कूर्म, धन्वन्तरि, मत्स्य, वामन आदि अवतारहरूको प्रसङ्ग र अमृतका लागि देवताहरूले गरेको समुद्रमन्थनको प्रसङ्गसमेत यहाँ बताइएको छ।

देवासुरमहायुद्धं राजवंशानुकीर्तनम्।

इक्ष्वाकुजन्म तद्वंशः सुद्युम्नस्य महात्मनः॥ २१॥

इलोपाख्यानमत्रोक्तं तारोपाख्यानमेव च।

सूर्यवंशानुकथनं शशादाद्या नृगादयः॥ २२॥

पदार्थ–	र	**तारोपाख्यानं एव च** = ताराको
अत्र = यस महापुराणमा	**तद्वंशः** = उनको वंशविस्तार	कथासमेत बताइयो
देवासुरमहायुद्धं =	भएको प्रसङ्ग (त्यही क्रममा)	**सूर्यवंशानुकथनं** = सूर्यवंशी
देवासुरसंग्रामको प्रसङ्ग	**महात्मनः** = महात्मा	राजाहरूको चरित्र
राजवंशानुकीर्तनं =	**सुद्युम्नस्य** = सुद्युम्नको चरित्र	**शशादाद्याः** = शशाद आदि र
राजवंशहरूको वर्णन	**इलोपाख्यानं** = इलाको कथा	**नृगादयः** = नृग आदिको
इक्ष्वाकुजन्म = इक्ष्वाकुको जन्म	**उक्तं** = बताइयो	प्रसङ्गसमेत बताइएको छ

वाक्यार्थ– यस महापुराणमा देवता र दानवबिच भएको महायुद्धको प्रसङ्ग बताइयो भने राजवंशहरूको चरित्रसमेत बताइयो। त्यसै क्रममा राजा इक्ष्वाकुको जन्म र उनको वंशविस्तार भएको प्रसङ्ग, उनका पुत्र सुद्युम्न इला नामकी स्त्री भएको कथा र ताराको कथासमेत यहाँ बताइएको छ। यसै गरी सूर्यवंशीय राजाहरूको प्रसङ्गमा शशाद र नृग आदि राजाहरूको चरित्रसमेत बताइएको छ।

सौकन्यं चाथ शर्यातेः ककुत्स्थस्य च धीमतः ।
खट्वाङ्गस्य च मान्धातुः सौभरेः सगरस्य च ॥ २३ ॥

पदार्थ–
सौकन्यं च = सुकन्याको चरित्रसमेत
अथ = यसपछि
शर्यातेः = शर्यातिको चरित्र
धीमतः = बुद्धिमान्
ककुत्स्थस्य च = ककुत्स्थको चरित्र
खट्वाङ्गस्य च = खट्वाङ्ग राजाको र
मान्धातुः = मान्धाता राजाको
सौभरेः = सौभरि ऋषि र
सगरस्य च = सगर राजाको चरित्रसमेत बताइएको छ

वाक्यार्थ– यहाँ शर्याति र सुकन्याको चरित्र र बुद्धिमान् ककुत्स्थ राजाको चरित्रसमेत बताइएको छ। त्यसै गरी खट्वाङ्गको चरित्र, मान्धाता राजा र सौभरि ऋषिको र सगर राजाको चरित्रसमेत बताइएको छ।

रामस्य कोशलेन्द्रस्य चरितं किल्बिषापहम् ।
निमेरङ्गपरित्यागो जनकानां च सम्भवः ॥ २४ ॥

पदार्थ–
कोशलेन्द्रस्य = अयोध्यापति
रामस्य = श्रीरामचन्द्रको
किल्बिषापहं = पापनाशक
चरितं = चरित्र बताइयो
निमेः = निमि राजाको
अङ्गपरित्यागः = देहत्याग
जनकानां = जनकहरूको
सम्भवः च = उत्पत्तिको विषयमा समेत बताइएको छ

वाक्यार्थ– त्यस्तै अयोध्यापति श्रीरामचन्द्र भगवान्‌को पापलाई नष्ट गर्ने चरित्र बताइएको छ। त्यसै गरी निमि राजाको देहत्याग र त्यसबाट विदेह जनकवंशको सुरुवात भएको प्रसङ्गसमेत यहाँ बताइएको छ।

रामस्य भार्गवेन्द्रस्य निःक्षत्रकरणं भुवः ।
ऐलस्य सोमवंशस्य ययातेर्नहुषस्य च ॥ २५ ॥

पदार्थ–
भार्गवेन्द्रस्य = भृगुवंशश्रेष्ठ
रामस्य = परशुरामद्वारा गरिएको
भुवः = पृथिवीभरका
निःक्षत्रकरणं = क्षत्रियहरूको विनाश
सोमवंशस्य = सोमवंशका राजाहरूमध्ये
ऐलस्य = ऐल राजा
ययातेः = ययाति र
नहुषस्य च = नहुषको प्रसङ्गसमेत बताइएको छ

वाक्यार्थ– यहाँ भृगुवंशमा उत्पन्न भएका परशुरामद्वारा पृथिवीलाई क्षत्रियरहित बनाइएको प्रसङ्ग र सोमवंशीय राजाहरूमध्ये ऐल, ययाति र नहुषको प्रसङ्ग पनि बताइएको छ।

दौष्यन्तेर्भरतस्यापि शन्तनोस्तत्सुतस्य च ।

ययातेर्ज्येष्ठपुत्रस्य यदोर्वंशोऽनुकीर्तितः ॥ २६ ॥

पदार्थ–
दौष्यन्तेः = दुष्यन्तपुत्र
भरतस्य अपि = भरतको चरित्रसमेत
शन्तनोः = शन्तनु राजा
तत्सुतस्य च = तिनका छोरा भीष्मको चरित्रसमेत
ययातेः = ययातिका
ज्येष्ठपुत्रस्य = जेठा छोरा
यदोः = यदुको
वंशः = वंशसमेत
अनुकीर्तितः = बताइयो

वाक्यार्थ– यहाँ दुष्यन्तपुत्र भरतको चरित्र र महाराज शन्तनु एवं तिनका पुत्र भीष्मको चरित्रसमेत बताइयो। त्यसै गरी ययातिका जेठा छोरा यदुको वंशपरम्परा बताइयो।

यत्रावतीर्णो भगवान् कृष्णाख्यो जगदीश्वरः ।

वसुदेवगृहे जन्म ततो वृद्धिश्च गोकुले ॥ २७ ॥

पदार्थ–
यत्र = जुन कुलमा
कृष्णाख्यः = श्रीकृष्णनामक
जगदीश्वरः = जगदीश्वर
भगवान् = भगवान्
अवतीर्णः = अवतीर्ण हुनुभयो
वसुदेवगृहे = वसुदेवको घरमा उहाँ
जन्म = जन्मिएको
ततः च = त्यसपछि
गोकुले = गोकुलमा
वृद्धिः = बढेको प्रसङ्ग समेत बताइएको छ

वाक्यार्थ– यही यदुवंशमा नै जगदीश्वर भगवान् श्रीकृष्णरूपले अवतीर्ण हुनुभयो। वसुदेवको घरमा उहाँको जन्म भएको र गोकुलमा गई उहाँ बढ्नुभएको प्रसङ्ग समेत यहाँ बताइएको छ।

तस्य कर्माण्यपाराणि कीर्तितान्यसुरद्विषः ।

पूतनासुपयःपानं शकटोच्चाटनं शिशोः ॥ २८ ॥

पदार्थ–
असुरद्विषः = असुरनाशक
तस्य = ती भगवान्‌का
कर्माणि = लीलाहरू
अपाराणि = अनन्त
कीर्तितानि = बताइएका छन्
शिशोः = शिशुअवस्थामा नै
पूतनासुपयःपानं = पूतनाको दुधसमेत प्राण पिइदिनुभएको
शकटोच्चाटनम् = शकटासुरलाई नष्ट गरिदिनुभएको कुरा पनि यहाँ बताइएको छ

वाक्यार्थ– असुरविनाशक भगवान् श्रीकृष्णका लीलाहरू अनन्त छन्। शिशु अवस्थामा नै उहाँले पूतनाको स्तनपानसँगै प्राण नै पिइदिनुभएको र शकटासुरको विनाश गरिदिनुभएको प्रसङ्ग पनि यहाँ बताइएको छ।

तृणावर्तस्य निष्पेषस्तथैव बकवत्सयोः ।

धेनुकस्य सहभ्रातुः प्रलम्बस्य च संक्षयः ॥ २९ ॥

पदार्थ–
तथैव = त्यसै गरी
तृणावर्तस्य = तृणावर्तलाई
निष्पेषः = चूरचूर पार्नु
बकवत्सयोः = बकासुर र वत्सासुरको विनाश
सहभ्रातुः = भाइपरिवारले युक्त
धेनुकस्य = धेनुकासुरको र
प्रलम्बस्य च = प्रलम्बासुरको समेत
संक्षयः = विनाश भएको प्रसङ्ग पनि यहाँ बताइएको छ

वाक्यार्थ– भगवान्‌ले तृणावर्तलाई मारिदिनुभएको, बकासुर र वत्सासुरको संहार गर्नुभएको एवं परिवारले सहित धेनुकासुरको र प्रलम्बासुरको विनाश गर्नुभएको प्रसङ्गसमेत यहाँ बताइएको छ।

गोपानां च परित्राणं दावाग्नेः परिसर्पतः ।
दमनं कालियस्याहेर्महाहेर्नन्दमोक्षणम् ॥ ३० ॥

पदार्थ–
परिसर्पतः = फैलिरहेको
दावाग्नेः = डढेलोबाट
गोपानां = गोपहरूको
परित्राणं च = रक्षा गरिएको प्रसङ्ग
कालियस्य = कालिय
अहेः = नागको
दमनं = दमन र
महाहेः = अजिङ्गरबाट
नन्दमोक्षणम् = नन्दलाई जोगाएको प्रसङ्गसमेत बताइएको छ

वाक्यार्थ– चारैतर्फ फैलिएको डढेलोबाट गोपहरूको रक्षा गरिएको प्रसङ्ग र भगवान् श्रीकृष्णले कालियनागको दमन गर्नुभएको र अजिङ्गरबाट नन्दलाई छुटाउनुभएको प्रसङ्ग समेत बताइएको छ।

व्रतचर्या तु कन्यानां यत्र तुष्टोऽच्युतो व्रतैः ।
प्रसादो यज्ञपत्नीभ्यो विप्राणां चानुतापनम् ॥ ३१ ॥

पदार्थ–
कन्यानां तु = व्रजकन्याहरूको
व्रतचर्या = कात्यायनीव्रत
यत्र = जहाँ
व्रतैः = व्रतद्वारा
अच्युतः = श्रीकृष्ण
तुष्टः = प्रसन्न हुनुभएको प्रसङ्ग
यज्ञपत्नीभ्यः = यज्ञपत्नीहरूमाथि
प्रसादः = कृपा
विप्राणां = ब्राह्मणहरूलाई
अनुतापनं च = पश्चात्ताप भएको प्रसङ्गसमेत बताइएको छ

वाक्यार्थ– यहाँ व्रजकन्याहरूले भगवत्प्रीतिका लागि कात्यायनीव्रत गरेको र उनीहरूका व्रतद्वारा भगवान् श्रीकृष्ण खुसी हुनुभएको प्रसङ्ग अनि भगवान्‌ले यज्ञपत्नीहरूमाथि कृपा गर्नुभएको र तिनका पति ब्राह्मणहरू चाहिँ पश्चात्तापमा परेको प्रसङ्गसमेत बताइएको छ।

गोवर्धनोद्धारणं च शक्रस्य सुरभेरथ ।
यज्ञाभिषेकं कृष्णस्य स्त्रीभिः क्रीडा च रात्रिषु ॥ ३२ ॥

पदार्थ–
गोवर्धनोद्धारणं च = गोवर्धन धारण गरिएको प्रसङ्ग

अथ = त्यसपछि
शक्रस्य = इन्द्र र
सुरभेः = कामधेनुद्वारा
कृष्णस्य = श्रीकृष्णको
यज्ञाभिषेकं = पूजा र गोविन्दाभिषेक भएको प्रसङ्ग
रात्रिषु च = शरत्पूर्णिमामा
स्त्रीभिः = गोपीहरूसँग
क्रीडा = रासक्रीडा गरिएको प्रसङ्ग पनि बताइएको छ

वाक्यार्थ– भगवान् श्रीकृष्णले गोवर्धन पर्वतलाई धारण गर्नुभएको, त्यसपछि इन्द्र र कामधेनुले भगवान्‌को पूजा र गोविन्दाभिषेक गरेको प्रसङ्ग बताइएको छ, त्यसै गरी शरत्पूर्णिमाको रातमा भगवान्‌ले गोपीहरूसँग गर्नुभएको रासक्रीडाको समेत यहाँ वर्णन गरिएको छ।

शङ्खचूडस्य दुर्बुद्धेर्वधोऽरिष्टस्य केशिनः ।
अक्रूरागमनं पश्चात् प्रस्थानं रामकृष्णयोः ॥ ३३ ॥

पदार्थ–
दुर्बुद्धेः = दुष्टबुद्धि भएको
शङ्खचूडस्य = शङ्खचूडको
अरिष्टस्य = अरिष्टासुरको
केशिनः = तथा केशीको
वधः = वध
पश्चात् = त्यसपछि
अक्रूरागमनं = अक्रूरको आगमन
रामकृष्णयोः = बलराम र श्रीकृष्णको
प्रस्थानम् = मथुराप्रस्थानको विषय समेत बताइएको छ

वाक्यार्थ– त्यसपछि दुष्टबुद्धि भएको शङ्खचूड, अरिष्टासुर र केशीनामक राक्षसको वध भएको प्रसङ्ग बताइएको छ भने मथुराबाट अक्रूर आइसकेपछि भगवान् श्रीकृष्ण र बलराम त्यतै प्रस्थान गर्नुभएको प्रसङ्ग पनि बताइएको छ।

व्रजस्त्रीणां विलापश्च मथुरालोकनं ततः ।
गजमुष्टिकचाणूरकंसादीनां च यो वधः ॥ ३४ ॥

पदार्थ–
व्रजस्त्रीणां = व्रजस्त्रीहरूको
विलापः च = विलाप
ततः = त्यसपछि
मथुरालोकनं = मथुराको अवलोकन
गजमुष्टिकचाणूरकंसादीनां = कुवलयापीड, मुष्टिक, चाणूर र कंस आदिको
यः = जुन
वधः च = वध भयो त्यो पनि बताइएको छ

वाक्यार्थ– भगवान् मथुरा जाँदा व्रजवासी गोपीहरूले गरेको विलाप र भगवान्‌ले मथुराको अवलोकन गर्नुभएको प्रसङ्ग अनि कुवलयापीड हात्ती, मुष्टिक, चाणूर आदि योद्धा र कंस आदि दुष्टहरूको वध गरिएको प्रसङ्गसमेत यहाँ बताइएको छ।

मृतस्यानयनं सूनोः पुनः सान्दीपनेर्गुरोः ।
मथुरायां निवसता यदुचक्रस्य यत्प्रियम् ।
कृतमुद्धवरामाभ्यां युतेन हरिणा द्विजाः ॥ ३५ ॥

पदार्थ–
द्विजाः = हे ऋषिहरू
गुरोः = गुरु
सान्दीपनेः = सान्दीपनिका
मृतस्य = मरेका
सूनोः = छोरालाई
पुनः = फेरि
आनयनं = ल्याइएको चरित्र
मथुरायां = मथुरामा
निवसता = बस्नुहुँदा
उद्धवरामाभ्यां = उद्धव र बलरामले
युतेन = सहित
हरिणा = श्रीकृष्णद्वारा
यदुचक्रस्य = यदुवंशीहरूको
यत् = जुन
प्रियं = हित
कृतम् = गरियो (त्यो पनि बताइएको छ)

वाक्यार्थ– हे ऋषिहरू ! भगवान् श्रीकृष्णले सान्दीपनि गुरुका मरिसकेका छोरालाई फेरि ल्याइदिनुभएको चरित्र बताइएको छ। त्यसै गरी मथुरामा बस्दा उहाँले उद्धव र बलरामले सहित भई यदुवंशीहरूको हित गर्नुभएको चरित्रसमेत बताइएको छ।

जरासन्धसमानीतसैन्यस्य बहुशो वधः।
घातनं यवनेन्द्रस्य कुशस्थल्या निवेशनम्॥ ३६॥

पदार्थ–
जरासन्धसमानीतसैन्यस्य = जरासन्धद्वारा ल्याइएका सेनाहरूको
बहुशः = अनेक चोटि
वधः = विनाश
यवनेन्द्रस्य = कालयवनको
घातनं = मारण
कुशस्थल्याः = द्वारकापुरीको
निवेशनम् = निर्माणको विषयमा पनि बताइएको छ

वाक्यार्थ– जरासन्धले अनेक पटक जम्मा पारेका सेनाहरूको भगवान् श्रीकृष्णले नाश गरिदिनुभएको, कालयवनलाई मारिदिनुभएको र द्वारकापुरीमा मथुरावासीहरूलाई सार्नुभएको कथा समेत यहाँ बताइएको छ।

आदानं पारिजातस्य सुधर्मायाः सुरालयात्।
रुक्मिण्या हरणं युद्धे प्रमथ्य द्विषतो हरेः॥ ३७॥

पदार्थ–
सुरालयात् = देवलोकबाट
पारिजातस्य = पारिजात र
सुधर्मायाः = देवसभालाई
आदानं = ल्याउनु
हरेः = भगवान्द्वारा
युद्धे = युद्धमा
द्विषतः = शत्रुहरूलाई
प्रमथ्य = परास्त गरी
रुक्मिण्याः = रुक्मिणीको
हरणम् = हरण गरिएको (चरित्रसमेत यहाँ बताइएको छ)

वाक्यार्थ– भगवान् श्रीकृष्णले देवलोकबाट कल्पवृक्ष पारिजात र देवसभा सुधर्मालाई ल्याउनुभएको त्यसै गरी द्वेष गर्ने रुक्मी आदिलाई परास्त गरी रुक्मिणीको हरण गर्नुभएको कथा समेत यहाँ बताइएको छ।

हरस्य जृम्भणं युद्धे बाणस्य भुजकृन्तनम्।
प्राग्ज्योतिषपतिं हत्वा कन्यानां हरणं च यत्॥ ३८॥

पदार्थ–	**भुजकृन्तनं** = हातहरू काटिएको	**यत्** = जुन
युद्धे = युद्धमा	**प्राग्ज्योतिषपतिं** = प्राग्ज्योतिष	**हरणं च** = उद्धार गरिएको
हरस्य = भगवान् शङ्करलाई	नगरको राजा भौमासुरलाई	कथासमेत बताइएको छ
जृम्भणं = मोहित गर्नु	**हत्वा** = मारेर	
बाणस्य = बाणासुरको	**कन्यानां** = कन्याहरूको	

वाक्यार्थ– युद्धस्थलमा भगवान् शङ्करलाई जृम्भणास्त्रद्वारा मोहित गरिएको र बाणासुरका हातहरू काटिदिनुभएको प्रसङ्ग र प्राग्ज्योतिषनगरको राजा भौमासुरलाई मारी उसले थुनेका कन्याहरूको उद्धार गर्नुभएको प्रसङ्गसमेत यहाँ बताइएको छ।

चैद्यपौण्ड्रकशाल्वानां दन्तवक्रस्य दुर्मतेः।
शम्बरो द्विविदः पीठो मुरः पञ्चजनादयः॥ ३९॥
माहात्म्यं च वधस्तेषां वाराणस्याश्च दाहनम्।
भारावतरणं भूमेर्निमित्तीकृत्य पाण्डवान्॥ ४०॥

पदार्थ–	**द्विविदः** = द्विविद	**वाराणस्याः** = वाराणसीको
चैद्यपौण्ड्रकशाल्वानां =	**पीठः** = पीठ	**दाहनं** = दहन भएको प्रसङ्ग
शिशुपाल, पौण्ड्रक, शाल्व	**मुरः** = मुर र	**पाण्डवान्** = पाण्डवहरूलाई
आदिको	**पञ्चजनादयः** = पञ्चजन आदि	**निमित्तीकृत्य** = निमित्त बनाई
दुर्मतेः = दुर्बुद्धि	**तेषां** = ती सबै असुरहरूको	**भूमेः** = पृथिवीको
दन्तवक्रस्य = दन्तवक्रको नाश	**माहात्म्यं** = पराक्रम र	**भारावतरणं च** = भारहरण
भएको चरित्र	**वधः च** = उनीहरूको वध	गर्नुभएको प्रसङ्गसमेत बताइएको
शम्बरः = शम्बरासुर	भएको प्रसङ्ग	छ

वाक्यार्थ– यहाँ भगवान्ले शिशुपाल, पौण्ड्रक, शाल्व र दन्तवक्र आदि दुर्बुद्धि राजाहरूलाई नष्ट गर्नुभएको प्रसङ्ग बताइएको छ। यसै गरी शम्बरासुर, द्विविद, पीठ, मुर र पञ्चजन आदि दैत्यहरूको पराक्रमको वर्णन गर्दै उनीहरूलाई पनि भगवान्ले मारिदिनुभएको प्रसङ्ग बताइएको छ। यसै गरी चक्रद्वारा वाराणसी पुरीलाई जलाइदिनुभएको र पाण्डवहरूलाई निमित्त बनाई पृथिवीको भार हरण गर्नुभएको प्रसङ्गसमेत यहाँ बताइएको छ।

विप्रशापापदेशेन संहारः स्वकुलस्य च।
उद्धवस्य च संवादो वसुदेवस्य चाद्भुतः॥ ४१॥

पदार्थ–	श्रापको निहुले	**संहारः च** = संहार गर्नुभएको
विप्रशापापदेशेन = ब्राह्मणहरूको	**स्वकुलस्य** = आफ्नो कुलको	प्रसङ्गसमेत

उद्धवस्य = उद्धव र	भएको	**संवादः च** = संवादसमेत
वसुदेवस्य च = वासुदेवको बिच	**अद्भुतः** = अद्भुत	बताइएको छ

वाक्यार्थ– भगवान्ले ऋषिहरूको श्रापको निहुँले आफ्नै कुलको संहार गर्नुभएको प्रसङ्ग पनि यहाँ बताइएको छ। यसै गरी भगवान्सँग उद्धवको अद्भुत संवाद भएको प्रसङ्ग पनि यहाँ बताइएको छ।

यत्रात्मविद्या ह्यखिला प्रोक्ता धर्मविनिर्णयः।
ततो मर्त्यपरित्याग आत्मयोगानुभावतः ॥ ४२ ॥

पदार्थ–	**आत्मविद्या** = आत्मविद्याको	आत्मयोगको प्रभावले
हि = निश्चय नै	विषयमा	**मर्त्यपरित्यागः** = मर्त्यलोकको
यत्र = जुन प्रसङ्गमा	**प्रोक्ता** = बताइएको छ	त्याग गर्नुभएको प्रसङ्ग पनि
धर्मविनिर्णयः = धर्मको निर्णय र	**ततः** = त्यसपछि	बताइएको छ
अखिला = सम्पूर्ण	**आत्मयोगानुभावतः** =	

वाक्यार्थ– उद्धवसँगको संवादमा धर्मको निर्णय र सम्पूर्ण आत्मविद्याको वर्णन गरिएको छ। त्यसपछि भगवान्ले आफ्नो योगको प्रभावले मर्त्यलोकलाई छोड्नुभएको चरित्रसमेत यहाँ बताइएको छ।

युगलक्षणवृत्तिश्च कलौ नृणामुपप्लवः।
चतुर्विधश्च प्रलय उत्पत्तिस्त्रिविधा तथा ॥ ४३ ॥

पदार्थ–	**नृणां** = मानिसहरूको	**तथा** = त्यसै गरी
युगलक्षणवृत्तिः च = युगहरूका	**उपप्लवः** = अनाचार	**त्रिविधा** = तीन प्रकारको
लक्षण र त्यसका वृत्तिहरू	**चतुर्विधः** = चार प्रकारको	**उत्पत्तिः च** = उत्पत्तिको
कलौ = कलियुगमा	**प्रलयः** = प्रलय	विषयमा समेत बताइएको छ

वाक्यार्थ– यहाँ युगहरूका लक्षण र त्यसमा रहने प्राणीहरूका व्यवहारहरूसमेत बताइए। त्यसै गरी कलियुगमा मानिसहरूको अनाचारको प्रसङ्गसँगसँगै चारथरी प्रलय र तीनथरी उत्पत्तिको प्रसङ्गसमेत यहाँ बताइएको छ।

देहत्यागश्च राजर्षेर्विष्णुरातस्य धीमतः।
शाखाप्रणयनमृषेर्मार्कण्डेयस्य सत्कथा ॥
महापुरुषविन्यासः सूर्यस्य जगदात्मनः ॥ ४४ ॥

पदार्थ–	**धीमतः** = बुद्धिमान्	**राजर्षेः** = राजर्षि

विष्णुरातस्य = परीक्षित्को
देहत्यागः च = देहत्यागसमेत
बताइएको छ
शाखाप्रणयनं = वेदको
शाखाविभाजन र
ऋषेः = ऋषि
मार्कण्डेयस्य = मार्कण्डेयको
सत्कथा = पवित्र कथा अनि
महापुरुषविन्यासः = परमपुरुष
परमात्माको स्वरूपरहस्य र
जगदात्मनः = जगदात्मा
सूर्यस्य = सूर्यको विभूतिसमेत
बताइएको छ

वाक्यार्थ– यस महापुराणमा परमज्ञानी राजर्षि परीक्षित्को देहत्याग भएको प्रसङ्ग, वेदहरूको शाखा विभाजनको वर्णन र ऋषि मार्कण्डेयको पावनचरित्र समेत बताइएको छ। त्यसै गरी भगवान्का अङ्ग उपाङ्गहरूका रहस्य र विश्वात्मा सूर्यको विभूतिको निरूपणसमेत गरिएको छ।

इति चोक्तं द्विजश्रेष्ठा यत्पृष्टोऽहमिहास्मि वः।
लीलावतारकर्माणि कीर्तितानीह सर्वशः॥ ४५॥

पदार्थ–
द्विजश्रेष्ठाः = हे श्रेष्ठ ब्राह्मणहरू
अहं = म
इह = यहाँ
वः = तपाईंहरूद्वारा
यत् = जे
पृष्टः = सोधिएको
अस्मि = थिएँ
इति = यसप्रकार
उक्तं = सबै बताइयो
इह = यहाँ
लीलावतारकर्माणि च =
भगवान्का लीला र
अवतारचरित्रहरू
सर्वशः = सम्पूर्ण रूपले
कीर्तितानि = बताइए

वाक्यार्थ– हे श्रेष्ठ ब्राह्मणहरू ! यसप्रकार तपाईंहरूले मलाई यहाँ जे-जे सोध्नुभएको थियो, ती सबै कुरा मैले बताएँ। यहाँ सम्पूर्ण रूपले भगवान्कै लीला र अवतारचरित्रहरू पनि बताइएका छन्।

पतितः स्खलितश्चार्तः क्षुत्त्वा वा विवशो गृणन्।
हरये नम इत्युच्चैर्मुच्यते सर्वपातकात्॥ ४६॥

पदार्थ–
पतितः = खस्दा (लड्दा)
स्खलितः = चिप्लिँदा
आर्तः च = दुःख भोग्दा
क्षुत्त्वा वा = हाँच्छ्यु गर्दा पनि
विवशः = विवश हुँदा समेत
हरये नमः इति = हरये नमः भनी
उच्चैः = उच्च स्वरले
गृणन् = उच्चारण गर्दा
सर्वपातकात् = सबैथरी
पापहरूबाट
मुच्यते = मुक्त हुन्छ

वाक्यार्थ– जो व्यक्ति खस्दा, चिप्लिँदा, दुःखित हुँदा वा हाँच्छ्यु आदि आउँदा समेत विवशताले भए पनि 'हरये नमः' भनी उच्च स्वरले बोल्दछ भने त्यो व्यक्ति सबैथरी पापबाट मुक्त हुन्छ।

सङ्कीर्त्यमानो भगवाननन्तः श्रुतानुभावो व्यसनं हि पुंसाम्।
प्रविश्य चित्तं विधुनोत्यशेषं यथा तमोऽर्कोऽभ्रमिवातिवातः॥ ४७॥

पदार्थ—
हि = निश्चय नै
श्रुतानुभावः = माहात्म्यश्रवण गरिनुभएका
सङ्कीर्त्यमानः = गुणकीर्तन गरिनुभएका
भगवान् = सर्वसमर्थ
अनन्तः = अनन्त परमात्माले
पुंसां = मानिसहरूको
चित्तं = मनभित्र
प्रविश्य = प्रवेश गरी
यथा = जसरी
अर्कः = सूर्यले
तमः = अन्धकारलाई
अतिवातः = आँधीबेरीले
अभ्रं इव = बादललाई नष्ट गरे झैं
अशेषं = सम्पूर्ण
व्यसनं = दुःख
विधुनोति = नष्ट गरिदिनुहुन्छ

वाक्यार्थ— कुनै व्यक्तिले भगवान्को महिमालाई भक्तिपूर्वक श्रवण गर्दछ र त्यसको कीर्तन गरिरहन्छ भने परमात्माले उसको हृदयभित्र प्रवेश गरी उसका सारा पाप एवं तापहरूलाई त्यसै गरी नष्ट गरिदिनुहुन्छ, जसरी सूर्यले अन्धकारलाई र आँधीबेरीले बादललाई नष्ट गरिदिन्छ।

मृषा गिरस्ता ह्यसतीरसत्कथा न कथ्यते यद्भगवानधोक्षजः।
तदेव सत्यं तदु हैव मङ्गलं तदेव पुण्यं भगवद्गुणोदयम्॥ ४८॥
तदेव रम्यं रुचिरं नवं नवं तदेव शश्वन्मनसो महोत्सवम्।
तदेव शोकार्णवशोषणं नृणां यदुत्तमःश्लोकयशोऽनुगीयते॥ ४९॥

पदार्थ—
हि = निश्चय नै
यत् = जहाँ
अधोक्षजः = इन्द्रियातीत
भगवान् = भगवान्
न कथ्यते = वर्णन गरिनुहुन्न
ताः = ती
असत्कथाः = असत् वस्तुहरूका चर्चा गरिने
गिरः = वाणीहरू
असतीः = निरर्थक
मृषा = मिथ्या हुन्
यत् = जहाँ
उत्तमःश्लोकयशः = पवित्रकीर्ति भएका परमात्माको यश
अनुगीयते = गाइन्छ
तत् एव = त्यो वचन नै
सत्यं = सत्य हो
ह = निश्चय नै
तत् उ एव = त्यही मात्र
मङ्गलं = मङ्गलमय हो
भगवद्गुणोदयं = भगवद्गुणानुवाद गरिएको
तत् एव = त्यही वचन
पुण्यं = पुण्यरूप पनि हो
नवं नवं = सधैँ नयाँ भइरहने
रुचिरं = रुचिकर
रम्यं = अत्यन्त रमणीय
तत् एव = त्यही नै हो
शश्वत् = निरन्तर
मनसः = मनलाई
महोत्सवं = ठुलो आनन्द दिने पनि
तत् एव = त्यही नै हो
नृणां = मानिसहरूको
शोकार्णवशोषणं = शोकरूप समुद्रलाई सोसिदिने पनि
तत् एव = त्यही वचन हो

वाक्यार्थ— जुन वाणीद्वारा सर्वान्तर्यामी परमात्माको वर्णन गरिँदैन, त्यो संसारका असत्य वस्तुहरूलाई प्रतिपादन गर्ने वाणी अत्यन्त निरर्थक र सारहीन हो। जहाँ अनन्तकीर्ति भएका परमात्माको परमपवित्र यश गाइन्छ भने त्यही वचन मात्र सत्य हो र केवल त्यही नै परममङ्गल

हो। भगवान्को गुणानुवाद गरिने त्यही वचन पुण्यकारक पनि हो। जति सुने पनि नयाँ भइरहने रुचिकर र अत्यन्त रमणीय यही भगवद्गुणानुवादले नै मनलाई परम आनन्द दिन्छ र मानिसहरूको सम्पूर्ण शोकरूप समुद्रलाई सोसिदिन्छ।

न तद् वचश्चित्रपदं हरेर्यशो
जगत्पवित्रं प्रगृणीत कर्हिचित्।
तद् ध्वाङ्क्षतीर्थं न तु हंससेवितं
यत्राच्युतस्तत्र हि साधवोऽमलाः॥ ५०॥

पदार्थ–
चित्रपदं = रस, अलङ्कार आदि विचित्रताले युक्त
तत् = त्यो
वचः = वचन
जगत्पवित्रं = जगत्लाई पवित्र गर्ने
हरेः = श्रीहरि भगवान्का
यशः = कीर्तिलाई
कर्हिचित् = कहिल्यै पनि
न प्रगृणीत = ग्रहण गर्दैन भने
तत् = त्यो वचन
ध्वाङ्क्षतीर्थं = कागको तीर्थ हो
हंससेवितं तु = मानस हंसहरूद्वारा सेवन गरिने
न = होइन
हि = निश्चय नै
यत्र = जहाँ
अच्युतः = अच्युत भगवान् हुनुहुन्छ
तत्र = त्यहीँ नै
अमलाः = निर्मल
साधवः = सत्पुरुषहरू रहन्छन्

वाक्यार्थ– रस, अलङ्कार आदि विचित्र प्रयोगले युक्त भएको वचन भए पनि यदि त्यसमा जगत्लाई नै पवित्र गर्ने भगवान्का यशको वर्णन गरिएको छैन भने त्यो सत्पुरुषहरूका लागि कागको तीर्थ जुठ्यान झैँ अपवित्र हुन्छ। मानससरोवरमा रमाउने हंससमानका सत्पुरुषहरूले त्यसलाई स्वीकार गर्दैनन्, किनभने जहाँ अच्युत भगवान् हुनुहुन्छ, त्यहीँ नै निर्मल स्वभाव भएका सत्पुरुषहरू रमाउँन्।

स वाग्विसर्गो जनताघसम्प्लवो
यस्मिन् प्रतिश्लोकमबद्धवत्यपि।
नामान्यनन्तस्य यशोऽङ्कितानि यच्-
छृण्वन्ति गायन्ति गृणन्ति साधवः॥ ५१॥

पदार्थ–
अबद्धवती अपि = व्याकरणको नियमद्वारा नबाँधिएका भए पनि
यस्मिन् = जहाँ
प्रतिश्लोकं = प्रत्येक श्लोकमा
अनन्तस्य = अनन्त भगवान्का
यशोऽङ्कितानि = यशःसूचक
नामानि = नामहरू छन्
सः = त्यही
वाग्विसर्गः = वचनको प्रयोगले
जनताघसम्प्लवः = सम्पूर्ण मानिसहरूको पापलाई नष्ट

गर्दछ
यत् = किनभने
साधवः = सत्पुरुषहरू
शृण्वन्ति = (भगवान्कै नाम) सुन्छन्
गायन्ति = गाउँछन् र
गृणन्ति = ग्रहण गर्दछन्

वाक्यार्थ– व्याकरणको नियमभन्दा बाहिर भए पनि जुन वचनमा परमात्माका यशःसूचक पवित्र नामहरू छन्, त्यही वचनको प्रयोगले प्राणीहरूको सम्पूर्ण पापलाई नष्ट गर्न सक्छ र सत्पुरुषहरू पनि त्यही नामलाई सुन्छन्, गाउँछन् र एकान्तमा स्मरण गर्दछन्।

विवरण– यस प्रसङ्गमा भगवत्सङ्कीर्तन एवं गुणानुवाद नै वाणीको आभूषण र सार्थकता हो भनी बताइएको छ। संसारका मिथ्या विषयहरूको प्रतिपादन गर्ने वाणी मिथ्या नै हो, अनि जति मिठो भाषाशैलीको चर्चा भए तापनि भगवान् बाहेक अरू कुनै विषयको कथा असत्कथा मात्र हो। जीवनभरि प्राणीहरूले संसारको विषयमा जति नै बुद्धिशक्ति, वाणीशक्तिको प्रयोग गरे तापनि त्यो पूर्णतः सारहीन र व्यर्थ हो। नौलो, राम्रो, मङ्गलमय, पुण्यस्वरूप, सबैको मनलाई आनन्दित बनाउने र सबै शोक-दुःखहरूलाई नष्ट गरिदिने परमपवित्र कथा त पवित्रकीर्ति भगवान्का पावन गुणकथा नै हुन्।

भक्तका लागि भगवद्गुणानुवाद नै सबैभन्दा ठुलो सम्पत्ति हो, त्यो विना ऊ बाँच्न सक्दैन र अरू कुनै सम्पत्ति, सुखसुविधा आदि नभए पनि भगवद्गुणानुवाद सुन्न र भन्न पाए ऊ त्यहीँ रमाउँछ। प्रेमको उच्च तहमा विप्रलम्भ भावका कारण जब भक्तहरू भगवान्लाई नै हराएको सम्झी विनष्ट हुन थाल्दछन्, त्यस समयमा पनि भक्तहरू भगवत्कथाकै आधारमा बाँच्दछन्, त्यसैले भक्तहरूलाई बचाउने यस कथालाई कथामृत भनिएको छ। उसका लागि भगवत्कथाभन्दा अर्को सारयुक्त वस्तु कुनै छँदैछैन। भक्त अरूले के गर्छन्, के भन्छन् भनी हेर्दैन, आफ्नो विश्वासमा रमाउँदै श्रद्धाको मार्गबाट अघि बढ्दछ। सामान्य मानिसहरू आफ्नो धनसम्पत्ति र छोरा-नातिको कुरा गरेर कहिल्यै थाक्दैनन् र त्यसमा खान-लाउन समेत भुल्दछन् भने भक्तका लागि भगवान् त त्यसभन्दा पनि अनन्तगुना कोमल, सरस र प्रिय हुनुहुन्छ। ऊ भगवत्कथाबाट किन थाकोस् ?

भक्तलाई रस, छन्द, अलङ्कार सबै मिलाएको मधुर पदावलीको काव्य पनि भगवत्कथाबाट विहीन भएदेखि निष्प्राण लाग्दछ अनि केही गुण-अलङ्कार आदि नभए पनि भगवान्सम्बन्धी भनाइ छ भने उसलाई सबैभन्दा मिठो लाग्छ। वास्तवमा मिथ्या संसारको विषयमा कुराकानी गर्नुभन्दा परम सत्य परमात्माको विषयमा चर्चा गर्नु सबै दृष्टिले उपयुक्त हो। फेरि संसारचर्चा गर्दा संसारबन्धन बढ्दै जान्छ अनि भगवच्चर्चाद्वारा त्यो खुकुलिन्छ भने भगवत्कथाको महत्त्व यस अर्थमा पनि सर्वश्रेष्ठ हुन्छ। अतः भगवत्कथा गर्नु नै वाणीको सार्थकता हो भनी बताइएको हो।

नैष्कर्म्यमप्यच्युतभाववर्जितं न शोभते ज्ञानमलं निरञ्जनम्।
कुतः पुनः शश्वदभद्रमीश्वरे न ह्यर्पितं कर्म यदप्यनुत्तमम्॥ ५२॥

पदार्थ–
हि = निश्चय नै
अच्युतभाववर्जितं = भगवद्भक्तिले रहित भएको
नैष्कर्म्यम् = मोक्षको साधन
निरञ्जनं = निर्मल

ज्ञानं अपि = ज्ञान पनि
अलं = पूर्णतः
न शोभते = शोभित हुँदैन भने
पुनः = झन्
ईश्वरे = ईश्वरमा
न अर्पितं = अर्पण नगरिएको
कर्म = कर्मको
कुतः = के कुरा
यत् = जुन कर्म
अनुत्तमं अपि = सर्वश्रेष्ठ भए पनि
शश्वत् = सर्वदा
अभद्रम् = अमङ्गल रूप नै हुन्छ

वाक्यार्थ– यद्यपि निर्मल ज्ञान साक्षात् मोक्षको साधन हो, तर भगवद्भक्तिले रहित छ भने त्यो समेत अपरोक्षरूपमा पूर्णतः प्रकाशित हुँदैन भने परमात्मामा अर्पण नगरिएको कर्मको के कुरा ? जुन कर्म जतिसुकै सर्वश्रेष्ठ नै भए पनि संसाररूपी फल दिने हुनाले अमङ्गलमय नै हुन्छ।

यशःश्रियामेव परिश्रमः परो वर्णाश्रमाचारतपःश्रुतादिषु।
अविस्मृतिः श्रीधरपादपद्मयोर्गुणानुवादश्रवणादिभिर्हरेः॥ ५३॥

पदार्थ–
वर्णाश्रमाचारतपःश्रुतादिषु = वर्णधर्म, आश्रमधर्म, तदनुकूलका आचरण, तपस्या र अध्ययन आदिमा गरिएको
परः = अत्यन्त
परिश्रमः = परिश्रम
यशःश्रियां एव = सम्पत्ति र कीर्तिका लागि मात्र हो
हरेः = श्रीहरि भगवान्को
गुणानुवादश्रवणादिभिः = गुणश्रवण आदिद्वारा त
श्रीधरपादपद्मयोः = परमात्माको चरणकमलमा
अविस्मृतिः = निरन्तर स्मरणरूपी भक्ति मिल्दछ

वाक्यार्थ– वर्णधर्म, आश्रमधर्म, तदनुकूलका आचारहरू, तपस्या र अध्ययन आदिमा गरिने ठुला-ठुला परिश्रमले केवल यस लोकमा सम्पत्ति र कीर्ति प्रदान गर्न सक्छन्, तर श्रीहरि भगवान्को गुणश्रवण आदिद्वारा त परमात्माको चरणकमलमा अखण्ड स्मृतिरूप भक्ति लाग्दछ।

अविस्मृतिः कृष्णपदारविन्दयोः क्षिणोत्यभद्राणि च शं तनोति।
सत्त्वस्य शुद्धिं परमात्मभक्तिं ज्ञानं च विज्ञानविरागयुक्तम्॥ ५४॥

पदार्थ–
कृष्णपदारविन्दयोः = भगवान् श्रीकृष्णका चरणकमलको
अविस्मृतिः = अखण्डस्मृतिले
अभद्राणि = अमङ्गलहरूलाई
क्षिणोति = नष्ट गरिदिन्छ
शं च = परममङ्गलको समेत
तनोति = विस्तार गर्दछ
सत्त्वस्य = चित्तको
शुद्धिं = शुद्धता
परमात्मभक्तिं = परमात्माको भक्ति
विज्ञानविरागयुक्तं = वैराग्य र अपरोक्ष अनुभवले युक्त
ज्ञानं च = ज्ञानसमेत प्रदान गर्दछ

वाक्यार्थ– श्रीकृष्णका चरणारविन्दको अखण्ड स्मरणले सबैथरी अकल्याणहरूलाई नष्ट गरिदिन्छ र परम कल्याणको विस्तार गर्दछ। यसैद्वारा चित्तशुद्धि, परमात्मभक्ति र वैराग्य एवं अपरोक्ष स्वरूपभूत ज्ञानसमेत प्राप्त हुन्छ।

यूयं द्विजाग्र्या बत भूरिभागा यच्छश्वदात्मन्यखिलात्मभूतम्।
नारायणं देवमदेवमीशमजस्रभावा भजताविवेश्य ॥ ५५ ॥

पदार्थ—
द्विजाग्र्याः = हे श्रेष्ठ ब्राह्मणहरू
बत = निश्चय नै
यूयं = तपाईंहरू
भूरिभागाः = परम भाग्यशाली हुनुहुन्छ
यत् = किनभने
आत्मनि = अन्तःकरणभित्र
आविवेश्य = राखेर
शश्वत् = निरन्तर
अखिलात्मभूतं = सम्पूर्ण प्राणीहरूका आत्मा हुनुभएका
ईशं = सबैका मालिक
अदेवं = स्वयं आफूभन्दा अर्को आराध्य नभएका
नारायणं = नारायण
देवं = भगवान्लाई
अजस्रभावाः = अखण्डभावले युक्त भई
भजत = भजन गर्नुहुन्छ

वाक्यार्थ— हे श्रेष्ठ ब्राह्मणहरू ! तपाईंहरू निश्चय नै परमभाग्यशाली हुनुहुन्छ। किनभने तपाईंहरूले निरन्तर आफ्नो मनभित्र सम्पूर्ण प्राणीहरूका आत्मा हुनुभएका त्यस्ता नारायण भगवान्लाई अखण्ड भावपूर्वक भजन गर्नुभएको छ, जो सम्पूर्ण संसारका ईश्वर हुनुहुन्छ, जोभन्दा ठुलो अर्को कुनै आराध्य छैन।

अहं च संस्मारित आत्मतत्त्वं श्रुतं पुरा मे परमर्षिवक्त्रात्।
प्रायोपवेशे नृपतेः परीक्षितः सदस्यृषीणां महतां च शृण्वताम्॥ ५६ ॥

पदार्थ—
अहं च = म पनि
पुरा = पहिले
नृपतेः = राजा
परीक्षितः = परीक्षित्को
प्रायोपवेशे = आमरण उपवासमा
शृण्वतां = सुनिरहेका
महतां = महापुरुषहरू र
ऋषीणां च = ऋषिहरूको
सदसि = सभामा
मे = मद्वारा
परमर्षिवक्त्रात् = परमर्षि शुकदेवको मुखबाट
श्रुतं = सुनिएको
आत्मतत्त्वं = आत्मतत्त्व
संस्मारितः = सम्झाइएँ

वाक्यार्थ— मैले पनि महाराजा परीक्षित्को आमरण अनशन व्रतको समयमा अनेक महापुरुषहरूले सुन्दासुन्दै ऋषिहरूको त्यो पावन सभामा श्रेष्ठ महर्षि श्रीशुकदेवको मुखारविन्दबाट परमात्मतत्त्वको यो रहस्य सुनको थिएँ, अहिले तपाईंहरूले त्यही कुरा सम्झाइदिनुभयो।

एतद् वः कथितं विप्राः कथनीयोरुकर्मणः।
माहात्म्यं वासुदेवस्य सर्वाशुभविनाशनम्॥ ५७ ॥

पदार्थ—
विप्राः = हे ब्राह्मणहरू
वः = तपाईंहरूलाई
कथनीयोरुकर्मणः = कीर्तन गर्न योग्य अनन्त लीलाचरित्र भएका
वासुदेवस्य = भगवान्को
सर्वाशुभविनाशनं = सम्पूर्ण अशुभलाई नष्ट गरिदिने
एतत् = यो
माहात्म्यं = माहात्म्य
कथितम् = बताइयो

वाक्यार्थ– हे ब्राह्मणहरू ! भगवान्का ती हरेक लीलाहरू कीर्तन गर्न योग्य छन्। मैले सबैथरी अशुभलाई नष्ट गरिदिने तिनै भगवान्को यो माहात्म्य तपाईंहरूलाई बताएँ।

य एवं श्रावयेन्नित्यं यामक्षणमनन्यधीः।

श्रद्धावान् योऽनुशृणुयात् पुनात्यात्मानमेव सः॥ ५८॥

पदार्थ–	एक क्षण	**अनुशृणुयात्** = सुन्दछ भने
यः = जसले	**नित्यं** = निरन्तर	**सः** = त्यसले
एवं = यसप्रकार	**श्रावयेत्** = सुनाउँछ	**आत्मानं एव** = आफैंलाई
अनन्यधीः = एकाग्रचित्त भई	**यः** = जसले	**पुनाति** = पवित्र गर्दछ
यामक्षणं = एक प्रहर अथवा	**श्रद्धावान्** = श्रद्धायुक्त भई	

वाक्यार्थ– जसले भगवान्को यस्तो महिमालाई एकाग्रचित्त भई एक प्रहर वा एक क्षण मात्र भए पनि सुनाउँछ या श्रद्धायुक्त भई सुन्दछ भने त्यस्तो व्यक्तिले आफैंलाई पवित्र गर्दछ।

द्वादश्यामेकादश्यां वा शृण्वन्नायुष्यवान् भवेत्।

पठन्ननश्नन् प्रयतस्ततो भवत्यपातकी॥ ५९॥

पदार्थ–	**आयुष्यवान्** = दीर्घायु	**पठन्** = पाठ गऱ्यो भने
द्वादश्यां = द्वादशीमा	**भवेत्** = हुन्छ	**ततः** = त्यसबाट
एकादश्यां वा = एकादशीमा	**अनश्नन्** = उपवासपूर्वक	**अपातकी** = पापरहित
शृण्वन् = सुन्नाले	**प्रयतः** = एकाग्र भई	**भवति** = हुन्छ

वाक्यार्थ– जसले एकादशी अथवा द्वादशीमा भागवतको श्रवण गर्दछ, त्यो दीर्घायु हुन्छ र उपावासपूर्वक एकाग्र चित्त भई पाठ गऱ्यो भने त त्यसका सारा पापहरू नष्ट हुन्छन्।

पुष्करे मथुरायां च द्वारवत्यां यतात्मवान्।

उपोष्य संहितामेतां पठित्वा मुच्यते भयात्॥ ६०॥

पदार्थ–	**मथुरायां** = मथुरामा अथवा	**पठित्वा** = पाठ गऱ्यो भने
यतात्मवान् = अन्तःकरणलाई	**द्वारवत्यां च** = द्वारकामा	**भयात्** = संसारभयबाट
नियन्त्रित गरेको व्यक्तिले	**एतां** = यो	**मुच्यते** = मुक्त हुन्छ
उपोष्य = उपवास गरेर	**संहितां** = श्रीमद्भागवत	
पुष्करे = पुष्करमा	संहितालाई	

वाक्यार्थ– जसले अन्तःकरणलाई संयमित गरी उपवासपूर्वक पुष्कर, मथुरा वा द्वारिकामा बसी श्रीमद्भागवत संहिताको पाठ गर्दछ भने त्यो सम्पूर्ण सांसारिक भयबाट मुक्त हुन्छ।

देवता मुनयः सिद्धाः पितरो मनवो नृपाः ।

यच्छन्ति कामान् गृणतः शृण्वतो यस्य कीर्तनात् ॥ ६१ ॥

पदार्थ–	**देवताः** = देवताहरू	**नृपाः** = राजाहरूले
शृण्वतः = सुनिरहेको	**मुनयः** = मुनिहरू	**कामान्** = सबै कामनाहरू
गृणतः = उच्चारण गरिरहेको	**सिद्धाः** = सिद्धहरू	**यच्छन्ति** = पूरा गरिदिन्छन्
यस्य = जुन व्यक्तिको	**पितरः** = पितृहरू	
कीर्तनात् = भगवन्महिमाज्ञानद्वारा	**मनवः** = मनुहरू र	

वाक्यार्थ– जसले भगवान्को महिमा श्रवण गर्दछ अथवा गाउँछ भने उसको त्यो भगवत्सङ्कीर्तनबाट प्रसन्न भई देवता, मुनि, सिद्ध, पितृ, मनु एवं राजाहरूले उसका सारा इच्छाहरू पूरा गरिदिन्छन्।

ऋचो यजूंषि सामानि द्विजोऽधीत्यानुविन्दते ।

मधुकुल्या घृतकुल्याः पयःकुल्याश्च तत्फलम् ॥ ६२ ॥

पुराणसंहितामेतामधीत्य प्रयतो द्विजः ।

प्रोक्तं भगवता यत् तु तत्पदं परमं व्रजेत् ॥ ६३ ॥

पदार्थ–	नदीसमान	**अधीत्य** = अध्ययन गरी
द्विजः = ब्राह्मणले	**फलं** = सुख	**भगवता** = भगवान्द्वारा
ऋचः = ऋग्वेद	**अनुविन्दते** = प्राप्त गर्दछ	**प्रोक्तं** = बताइएको
यजूंषि = यजुर्वेद र	**तत्** = त्यो फल यसको	**यत्** = जुन
सामानि = सामवेद	अध्ययनबाट पनि मिल्दछ	**परमं पदं** = परमपद छ
अधीत्य = अध्ययन गरेर	**प्रयतः** = एकाग्रचित्त भएको	**तत्** = त्यो
मधुकुल्याः = महको नदी	**द्विजः तु** = ब्राह्मणले त	**व्रजेत्** = प्राप्त गर्दछ
घृतकुल्याः = घिउको नदी	**एतां** = यो	
पयःकुल्याः च = दुधको	**पुराणसंहितां** = पुराणसंहितालाई	

वाक्यार्थ– ब्राह्मणले ऋग्वेद, यजुर्वेद र सामवेदको अध्ययन गऱ्यो भने मह, घिउ र दुधका नदीसमान सबैथरी सुखभोगहरूलाई सजिलै प्राप्त गरे झैँ श्रीमद्भागवतको अध्ययनले पनि सबै फल प्राप्त हुन्छ। एकाग्रचित्त भई यदि कुनै द्विजले यो पुराणसंहिताको अध्ययन गऱ्यो भने उसले स्वयं भगवान्ले बताउनुभएको परमपदलाई प्राप्त गर्दछ।

विप्रोऽधीत्याप्नुयात् प्रज्ञां राजन्योदधिमेखलाम् ।

वैश्यो निधिपतित्वं च शूद्रः शुध्येत पातकात् ॥ ६४ ॥

पदार्थ—
विप्रः = ब्राह्मणले
अधीत्य = अध्ययन गर्दा
प्रज्ञां = आत्मज्ञान
आप्नुयात् = प्राप्त गर्दछ
राजन्यः = क्षत्रियले
उदधिमेखलां = समुद्रपर्यन्त पृथिवीलाई पाउँछ
वैश्यः च = वैश्यले चाहिँ
निधिपतित्वं = कुबेरको पदलाई
शूद्रः = शूद्र
पातकात् = सबै पापबाट
शुध्येत = शुद्ध हुन्छ

वाक्यार्थ— ब्राह्मणले यसको अध्ययन गऱ्यो भने आत्मज्ञान प्राप्त गर्दछ भने क्षत्रियले समुद्रपर्यन्त पृथिवीको राज्य पाउँछ। त्यसै गरी वैश्य कुबेरसमान सम्पूर्ण सम्पत्तिको स्वामी हुन्छ भने शूद्र सबैथरी पापबाट मुक्त हुन्छ।

कलिमलसंहतिकालनोऽखिलेशो हरिरितरत्र न गीयते ह्यभीक्ष्णम्।
इह तु पुनर्भगवानशेषमूर्तिः परिपठितोऽनुपदं कथाप्रसङ्गैः॥ ६५॥

पदार्थ—
हि = निश्चय नै
इतरत्र = अन्य शास्त्रहरूमा
कलिमलसंहतिकालनः = कलिको मललाई नष्ट गरिदिने
अखिलेशः = सम्पूर्ण जगत्‌का स्वामी
हरिः = श्रीहरि भगवान्
अभीक्ष्णं = निरन्तर
न गीयते = गाइनुहुन्न
पुनः = तर
इह तु = यहाँ चाहिँ
अशेषमूर्तिः = सर्वस्वरूप
भगवान् = परमात्मा
कथाप्रसङ्गैः = अनेक कथाप्रसङ्गमा
अनुपदं = पदैपिच्छे
परिपठितः = वर्णित हुनुहुन्छ

वाक्यार्थ— निश्चय नै अन्य शास्त्रहरूमा पनि कलिका मललाई नष्ट गरिदिने सबैका स्वामी श्रीहरि भगवान्‌को केही वर्णन भए पनि उहाँको मात्र वर्णन गरिएको छैन। तर यस भागवत ग्रन्थमा चाहिँ सबैथरी कथाप्रसङ्गहरूमा पदैपिच्छे केवल सर्वस्वरूपी परमात्माको वर्णन गरिएको छ।

तमहमजमनन्तमात्मतत्त्वं जगदुदयस्थितिसंयमात्मशक्तिम्।
द्युपतिभिरजशक्रशङ्कराद्यैर्दुरवसितस्तवमच्युतं नतोऽस्मि॥ ६६॥

पदार्थ—
अहं = म
अजशक्रशङ्कराद्यैः = ब्रह्मा, इन्द्र, शङ्कर आदि
द्युपतिभिः = लोकपालहरूद्वारा
दुरवसितस्तवं = स्तुति गर्न नसकिने
जगदुदयस्थितिसंयमात्मशक्तिं = जगत्‌को उत्पत्ति, स्थिति र लय गर्ने शक्ति भएका
तं = त्यस्ता
अजं = अजन्मा
अनन्तं = अनन्त
आत्मतत्त्वं = आत्मस्वरूप
अच्युतं = अच्युत भगवान्‌लाई
नतः अस्मि = प्रणाम गर्दछु

वाक्यार्थ— भगवान् अच्युत अजन्मा र अनन्त हुनुहुन्छ। आत्मशक्तिद्वारा जगत्‌को सृष्टि, स्थिति र प्रलय उहाँले नै गर्नुहुन्छ र इन्द्र, ब्रह्मा र शङ्कर आदिले लोकपालहरू उहाँको स्तुति गर्न सक्दैनन्। त्यस्ता आत्मस्वरूप परमात्मालाई म बारम्बार वन्दना गर्दछु।

उपचितनवशक्तिभिः स्व आत्मन्युपरचितस्थिरजङ्गमालयाय।

भगवत उपलब्धिमात्रधाम्ने सुरऋषभाय नमः सनातनाय॥ ६७॥

पदार्थ–	**उपरचितस्थिरजङ्गमालयाय** =	भएका
उपचितनवशक्तिभिः = नौ	स्थावर र जङ्गम सम्पूर्ण	**सुरऋषभाय** = देवश्रेष्ठ
शक्तिहरूको ग्रहणद्वारा	संसारलाई रचना गर्ने	**सनातनाय** = सनातन
स्वे = आफ्नै	**उपलब्धिमात्रधाम्ने** = केवल	**भगवते** = भगवान्लाई
आत्मनि = स्वरूपमा	अनुभूतिस्वरूप परम धाम	**नमः** = नमस्कार छ

वाक्यार्थ– परमात्माले आफ्नै सङ्कल्पद्वारा प्रकृति, महत्तत्त्व आदि नौ प्रकारका शक्तिहरूलाई जगाउनुहुन्छ र तिनीहरूद्वारा आफैँमा चराचर जगत्को रचना गर्नुहुन्छ। उहाँ सबै देवताहरूद्वारा पनि वन्दनीय सनातन पुरुष हुनुहुन्छ र उहाँको परमपद केवल अपरोक्ष अनुभवस्वरूप छ, त्यस्ता परब्रह्म परमात्मालाई नमस्कार गर्दछु।

स्वसुखनिभृतचेतास्तद्व्युदस्तान्यभावो-

ऽप्यजितरुचिरलीलाकृष्टसारस्तदीयम्।

व्यतनुत कृपया यस्तत्त्वदीपं पुराणं

तमखिलवृजिनघ्नं व्याससूनुं नतोऽस्मि॥ ६८॥

पदार्थ–	लीलाद्वारा चित्त आकर्षित	**तं** = त्यस्ता
यः = जसले	हुनाले	**अखिलवृजिनघ्नं** = सम्पूर्ण
स्वसुखनिभृतचेताः = आफ्नै	**तदीयं** = उनै भगवान्सम्बन्धी	पापलाई नष्ट गरिदिने
आनन्दमा चित्त निमग्न भएर	**तत्त्वदीपं** = तत्त्वज्ञानलाई	**व्याससूनुं** = व्यासपुत्र
तद्व्युदस्तान्यभावः अपि =	प्रकाशित गरिदिने	श्रीशुकदेवलाई
सम्पूर्ण भेददृष्टि नष्ट भए तापनि	**पुराणं** = यस महापुराणलाई	**नतः अस्मि** = प्रणाम गर्दछु
अजितरुचिरलीलाकृष्टसारः =	**कृपया** = कृपापूर्वक	
अजित भगवान्का मनोहर	**व्यतनुत** = विस्तार गर्नुभयो	

वाक्यार्थ– श्रीशुकदेव आफ्नै आनन्दमा निमग्न हुनुहुन्थ्यो र उहाँको भेददृष्टि पूर्णतः नष्ट भइसकेको थियो, तापनि भगवान्का मनोहर लीलाहरूद्वारा चित्त आकृष्ट भएको हुनाले उहाँले जीवहरूमाथि कृपा गरी भगवत्तत्त्वलाई प्रकाशित गरिदिने यो पुराणको विस्तार गर्नुभयो, सम्झनाले मात्र सबै पाप नष्ट गरिदिने त्यस्ता व्यासनन्दन श्रीशुकदेवलाई म प्रणाम गर्दछु।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे

द्वादशस्कन्धार्थनिरूपणं नाम द्वादशोऽध्यायः॥ १२॥

अथ त्रयोदशोऽध्यायः

पुराणहरूको श्लोकसङ्ख्या र श्रीमद्भागवतको महिमा

सूत उवाच (सूतजीले भन्नुभयो)

यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवै-
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः।
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो
यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः॥ १॥

पदार्थ–
ब्रह्मा = ब्रह्माजी
वरुणेन्द्ररुद्रमरुतः = वरुण, इन्द्र, रुद्र र मरुद्गणहरूले
दिव्यैः = दिव्य
स्तवैः = स्तुतिहरूद्वारा
यं = जसलाई
स्तुन्वन्ति = स्तुति गर्दछन्
सामगाः = साम जान्नेहरू
साङ्गपदक्रमोपनिषदैः = अङ्ग, पद, क्रम र उपनिषद्हरूले युक्त
वेदैः = वेदहरूद्वारा
यं = जसलाई
गायन्ति = गान गर्दछन्
योगिनः = योगीहरूले
ध्यानावस्थिततद्गतेन = ध्यानको अवस्थामा निश्चल र तल्लीन भएको
मनसा = मनद्वारा
यं = जसलाई
पश्यन्ति = देख्दछन्
सुरासुरगणाः = देवता, दैत्य, मनुष्य आदिले
यस्य = जसको
अन्तं = पूर्णतालाई
न विदुः = जान्न सक्दैनन्
तस्मै = त्यस्ता
देवाय = स्वयंप्रकाश परमात्मालाई
नमः = नमस्कार छ

वाक्यार्थ– ब्रह्मा, वरुण, इन्द्र, रुद्र र मरुद्गणहरू दिव्य स्तुतिहरूद्वारा जसको स्तुति गर्दछन्; सामगान गर्न जान्ने ऋषिहरूले वेदका अङ्ग, पद, क्रम र उपनिषद्हरूले सहित वेदहरूद्वारा जसको स्तुति गर्दछन्; योगीहरूले ध्यानावस्थामा तल्लीन भएको मनद्वारा जसलाई देख्दछन्; तर बहिर्मुख चित्तवृत्तिद्वारा देवता, दैत्य, मनुष्य आदि सबैले जुन परमात्मतत्त्वको पूर्णतालाई बुझ्न सक्दैनन्, त्यस्ता स्वयंप्रकाश परमात्मालाई नमस्कार छ।

पृष्ठे भ्राम्यदमन्दमन्दरगिरिग्रावाग्रकण्डूयनान्
निद्रालोः कमठाकृतेर्भगवतः श्वासानिलाः पान्तु वः।
यत्संस्कारकलानुवर्तनवशाद् वेलानिभेनाम्भसां
यातायातमतन्द्रितं जलनिधेर्नाद्यापि विश्राम्यति॥ २॥

पदार्थ—
पृष्ठे = पिठिउँमा
भ्राम्यदमन्दमन्दरगिरिग्रावाग्र-कण्डूयनात् = घुमिरहेको गह्रौँ मन्दराचलको चट्टानको चुच्चोले कन्याउँदा
निद्रालोः = निदाउन लाग्नुभएका
कमठाकृतेः = कच्छपावतार
भगवतः = भगवान्‌का
श्वासानिलाः = श्वासवायुहरूले
वः = तपाईंहरूको
पान्तु = रक्षा गरून्
यत्संस्कारकलानुवर्तनवशात् = जुन श्वासवायुको संस्कार र अलिकति वेगको अनुवर्तनले
वेलानिभेन = ठुलै ज्वारभाटा आई
जलनिधेः = समुद्रको
अम्भसां = जलराशिको
अतन्द्रितं = अविश्रान्त
यातायातं = छालको उतारचढाव
अद्य अपि = आजसम्म पनि
न विश्राम्यति = शान्त भएको छैन

वाक्यार्थ— समुद्रमन्थनको समयमा आफ्नो पिठिउँमा घुमिरहेको गह्रौँ मन्दराचलको चट्टानको चुच्चोले कन्याउँदा अलिकति चिलाइ मरेजस्तो भई निदाउन लाग्नुभएका कच्छपावतार भगवान्‌को श्वास अलि लामो हुँदा, त्यो श्वासको वेगले समुद्रमा ठुलै ज्वारभाटा गएजस्तो भयो। त्यही श्वासप्रश्वासको संस्कार र वेग अलिकति बाँकी रहेकाले समुद्रको जलराशिका छालहरूको उतारचढाव अझै शान्त भएको छैन, त्यस्ता कच्छपावतार भगवान्‌का श्वासवायुले तपाईंहरूको रक्षा गरून्।

पुराणसङ्ख्यासम्भूतिमस्य वाच्यप्रयोजने।
दानं दानस्य माहात्म्यं पाठादेश्च निबोधत॥ ३॥

पदार्थ—
पुराणसङ्ख्यासम्भूतिं = पुराणका श्लोक र पुराणहरूको संख्या
अस्य = यो श्रीमद्भागवतको
वाच्यप्रयोजने = प्रतिपाद्य विषय र प्रयोजन
दानं = दान गर्ने विधि
दानस्य = दानको र
पाठादेः च = पाठ आदि गर्नुको
माहात्म्यं = महत्त्वसमेत
निबोधत = सुन्नुहोस्

वाक्यार्थ— हे ऋषिहरू! पुराणहरू र तिनमा रहेका श्लोकहरूको संख्या अनि यस श्रीमद्भागवतमहापुराणको प्रतिपाद्य विषय र प्रयोजन पनि सुन्नुहोस्। त्यसै गरी यस महापुराणलाई दान गर्ने विधि, दानको महत्त्व र पाठ आदि गर्नुको माहात्म्य पनि सुन्नुहोस्।

ब्राह्मं दश सहस्राणि पाद्मं पञ्चोनषष्टि च।
श्रीवैष्णवं त्रयोविंशच्चतुर्विंशति शैवकम्॥ ४॥

पदार्थ—
ब्राह्मं = ब्रह्मपुराण
दश सहस्राणि = दश हजार श्लोकयुक्त
पाद्मं च = पद्मपुराण
पञ्चोनषष्टि = पचपन्नहजार श्लोकले युक्त
श्रीवैष्णवं = विष्णुपुराण
त्रयोविंशत् = तेईस हजार श्लोकले युक्त
शैवकं = शिवपुराण
चतुर्विंशति = चौबीसहजार श्लोकले युक्त छ

वाक्यार्थ– ब्रह्मपुराण दशहजार श्लोकयुक्त छ, पद्मपुराण पचपन्नहजार श्लोकयुक्त छ, विष्णुपुराण तेईसहजार श्लोकयुक्त छ र शिवपुराण चौबीसहजार श्लोकयुक्त छ।

दशाष्टौ श्रीभागवतं नारदं पञ्चविंशति।
मार्कण्डं नव वाह्नं च दशपञ्च चतुःशतम्॥ ५॥

पदार्थ–
श्रीभागवतं = श्रीमद्भागवत **दशाष्टौ** = अठारहजार श्लोकले युक्त **नारदं** = नारदपुराण **पञ्चविंशति** = पच्चीसहजार श्लोकले युक्त **मार्कण्डं** = मार्कण्डेयपुराण **नव** = नौहजार र **वाह्नं च** = अग्निपुराण चाहिँ **चतुःशतं दशपञ्च** = पन्ध्रहजार चारसय श्लोकले युक्त छ

वाक्यार्थ– श्रीमद्भागवत पुराण अठार हजार श्लोकयुक्त छ, नारदपुराण पच्चीसहजार श्लोकयुक्त छ, त्यसै गरी मार्कण्डेयपुराण नौहजार श्लोकयुक्त छ र अग्निपुराण पन्ध्रहजार चारसय श्लोकयुक्त छ।

चतुर्दश भविष्यं स्यात् तथा पञ्चशतानि च।
दशाष्टौ ब्रह्मवैवर्तं लैङ्गमेकादशैव तु॥ ६॥

पदार्थ–
तथा = त्यसै गरी **भविष्यं** = भविष्यपुराण **चतुर्दश पञ्चशतानि च** = चौध हजार पाँचसय श्लोकले युक्त **स्यात्** = छ **ब्रह्मवैवर्तं** = ब्रह्मवैवर्तपुराण **दशाष्टौ** = अठारहजार श्लोक र **लैङ्गं तु** = लिङ्गपुराण चाहिँ **एकादश एव** = एघार हजार श्लोकले युक्त छ

वाक्यार्थ– भविष्यपुराण चौधहजार पाँचसय श्लोकयुक्त छ, ब्रह्मवैवर्तपुराण अठार हजार श्लोकयुक्त छ र लिङ्गपुराण एघारहजार श्लोकयुक्त छ।

चतुर्विंशति वाराहमेकाशीतिसहस्रकम्।
स्कान्दं शतं तथा चैकं वामनं दश कीर्तितम्॥ ७॥

पदार्थ–
वाराहं = वराहपुराण **चतुर्विंशति** = चौबीसहजार श्लोकले युक्त छ **तथा** = त्यसै गरी **स्कान्दं** = स्कन्दपुराण **एकाशीतिसहस्रकं एकं शतं च** = एकासी हजार एक सय श्लोकले युक्त **वामनं** = वामनपुराण चाहिँ **दश** = दशहजार श्लोकले युक्त **कीर्तितम्** = भनिन्छ

वाक्यार्थ– वराहपुराण चौबीस हजार श्लोकयुक्त छ, स्कन्दपुराणमा एकासीहजार एक सय श्लोकयुक्त छ, त्यसै गरी वामनपुराण दशहजार श्लोकयुक्त छ भनी बताइन्छ।

कौर्मं सप्तदशाख्यातं मात्स्यं तत् तु चतुर्दश ।
एकोनविंशत् सौपर्णं ब्रह्माण्डं द्वादशैव तु ॥ ८ ॥

पदार्थ—
कौर्मं = कूर्मपुराण
सप्तदश = सत्र हजार श्लोकले युक्त छ
आख्यातं = भनिन्छ
तत् = त्यो
मात्स्यं तु = मत्स्यपुराण चाहिँ
चतुर्दश = चौध हजार श्लोकले युक्त छ
सौपर्णं = गरुडपुराण
एकोनविंशत् = उन्नाईस हजार श्लोकले युक्त र
ब्रह्माण्डं तु = ब्रह्माण्डपुराण चाहिँ
द्वादश एव = बाह्र हजार श्लोकले युक्त छ

वाक्यार्थ— कूर्मपुराण सत्र हजार श्लोकयुक्त छ, मत्स्यपुराण चाहिँ चौध हजार श्लोकयुक्त छ, त्यसै गरी गरुडपुराण उन्नाईस हजार श्लोकयुक्त छ र ब्रह्माण्डपुराण बाह्र हजार श्लोकयुक्त छ।

एवं पुराणसन्दोहश्चतुर्लक्ष उदाहृतः ।
तत्राष्टादशसाहस्रं श्रीभागवतं इष्यते ॥ ९ ॥

पदार्थ—
एवं = यसप्रकार
पुराणसन्दोहः = पुराणहरूको समूह
चतुर्लक्षः = चार लाख श्लोक भएको
उदाहृतः = भनिन्छ
तत्र = तीमध्ये
श्रीभागवतं = भागवतपुराण चाहिँ
अष्टादशसाहस्रं = अठार हजार श्लोकले युक्त
इष्यते = प्रसिद्ध छ

वाक्यार्थ— यसप्रकार सबै मिलाउँदा पुराणहरूको श्लोकसंख्या चार लाख पुग्दछ। तीमध्ये भागवतमहापुराण चाहिँ अठारहजार श्लोकले युक्त छ।

इदं भगवता पूर्वं ब्रह्मणे नाभिपङ्कजे ।
स्थिताय भवभीताय कारुण्यात् सम्प्रकाशितम् ॥ १० ॥

पदार्थ—
इदं = यो श्रीमद्भागवत
पूर्वं = पहिले
भगवता = भगवान्द्वारा नै
नाभिपङ्कजे = आफ्नो नाभिकमलमा
स्थिताय = रहेका
भवभीताय = संसारदेखि डराएका
ब्रह्मणे = ब्रह्माजीका लागि
कारुण्यात् = करुणापूर्वक
सम्प्रकाशितम् = प्रकाशित गरिएको हो

वाक्यार्थ— सबैभन्दा पहिले यस श्रीमद्भागवतको ज्ञान स्वयं भगवान्ले आफ्नो नाभिकमलमा रहेका र संसारदेखि अन्यन्त डराएका ब्रह्माजीका लागि अनुग्रह गर्न प्रकाशित गर्नुभएको हो।

आदिमध्यावसानेषु वैराग्याख्यानसंयुतम् ।
हरिलीलाकथाव्रातामृतानन्दितसत्सुरम् ॥ ११ ॥

पदार्थ—
आदिमध्यावसानेषु = आदि, मध्य र अन्तमा
वैराग्याख्यानसंयुतं = वैराग्यपरक कथाहरूले युक्त भएको
हरिलीलाकथाव्रातामृतानन्दित-सत्सुरम् = भगवान् श्रीकृष्णका लीलाकथारूपी अमृतद्वारा सत्पुरुष र देवताहरूलाई आनन्द दिने यो महापुराण हो

वाक्यार्थ— यस पुराणमा आदि, मध्य र अन्त जताततै वैराग्यपरक कथाहरू छन्। त्यसमा पनि भगवान् श्रीकृष्णका लीलाचरित्ररूपी अमृतद्वारा सम्पूर्ण देवता र भक्तहरू अत्यन्त आनन्दित हुन्छन्।

सर्ववेदान्तसारं यद् ब्रह्मात्मैकत्वलक्षणम् ।
वस्त्वद्वितीयं तन्निष्ठं कैवल्यैकप्रयोजनम् ॥ १२ ॥

पदार्थ—
सर्ववेदान्तसारं = सम्पूर्ण उपनिषद्को सार भएको
तन्निष्ठं = उपनिषद्प्रतिपाद्य
यत् = जुन
ब्रह्मात्मैकत्वलक्षणं = जीव र ब्रह्मको एकतारूप
अद्वितीयं = अद्वितीय
वस्तु = सद्वस्तु हो (त्यही यसको प्रतिपाद्य हो)
कैवल्यैकप्रयोजनम् = एक मात्र कैवल्य मोक्ष यसको प्रयोजन हो

वाक्यार्थ— श्रीमद्भागवतको विषय भनेको जीव र ब्रह्मको एकतारूप अद्वितीय सद्वस्तु हो, जुन सम्पूर्ण उपनिषद्हरूको एक मात्र सार र प्रतिपाद्य विषय हो। त्यसै गरी कैवल्य मोक्ष नै यसको एक मात्र प्रयोजन हो।

प्रौष्ठपद्यां पौर्णमास्यां हेमसिंहसमन्वितम् ।
ददाति यो भागवतं स याति परमां गतिम् ॥ १३ ॥

पदार्थ—
यः = जसले
प्रौष्ठपद्यां = भाद्रमहिनाको
पौर्णमास्यां = पूर्णिमामा
हेमसिंहसमन्वितं = सुवर्णमय सिंहासनले सहित
भागवतं = श्रीमद्भागवत
ददाति = दान गर्दछ
सः = उसले
परमां = परम
गतिं = गतिलाई
याति = पाउँछ

वाक्यार्थ— जसले भदौ महिनाको पूर्णिमा तिथिमा सुवर्णको सिंहासनमा राखी श्रीमद्भागवत दान गर्दछ उसले परम गति प्राप्त गर्दछ।

राजन्ते तावदन्यानि पुराणानि सतां गणे ।
यावन्न दृश्यते साक्षाच्छ्रीमद्भागवतं परम् ॥ १४ ॥

पदार्थ–	**पुराणानि** = पुराणहरू	**परं** = सर्वश्रेष्ठ
सतां = सत्पुरुषहरूको	**तावत्** = तबसम्म	**श्रीमद्भागवतं** = श्रीमद्भागवत
गणे = समूहमा	**राजन्ते** = शोभित हुन्छन्	**साक्षात्** = साक्षात्
अन्यानि = अरू	**यावत्** = जबसम्म	**न दृश्यते** = प्रकाशित हुँदैन

वाक्यार्थ– सत्पुरुषहरूको सभामा अरू पुराणहरूको शोभा तबसम्म हुन्छ, जबसम्म सर्वश्रेष्ठ श्रीमद्भागवतको साक्षात् दर्शन हुँदैन।

सर्ववेदान्तसारं हि श्रीभागवतमिष्यते।

तद्रसामृततृप्तस्य नान्यत्र स्याद् रतिः क्वचित्॥ १५॥

पदार्थ–	**इष्यते** = हो	**क्वचित्** = कहीं पनि
हि = निश्चय नै	**तद्रसामृततृप्तस्य** = यसको रसरूपी अमृतद्वारा तृप्त भएकालाई	**रतिः** = रमाइलो
श्रीभागवतं = श्रीमद्भागवत	**अन्यत्र** = अन्यत्र	**न स्यात्** = हुँदैन
सर्ववेदान्तसारं = सम्पूर्ण वेदान्तको सार		

वाक्यार्थ– निश्चय नै श्रीमद्भागवतमहापुराण सम्पूर्ण उपनिषद्हरूको सार हो। त्यसैले यसको रसरूपी अमृतबाट तृप्त भएको व्यक्ति अरू कुनै पनि पुराणहरूमा रमाउँदैन।

विवरण– यस प्रसङ्गमा श्रीमद्भागवतको महत्त्व एवं विशेषता बताइएको छ। भगवान्का भक्त एवं आत्मजिज्ञासु मुमुक्षुहरूमा श्रीमद्भागवत समान रूपले लोकप्रिय रहिआएको छ। भगवान्का विचित्र एवं आश्चर्यमय अनेकौं लीलाहरूले यस ग्रन्थलाई रसमय बनाएका छन्, साथै वेदान्तका गम्भीर उपदेशहरूले यसलाई उत्कृष्ट दार्शनिक चिन्तनको क्षेत्र बनाइदिएका छन्। श्रीमद्भागवतका अध्येताहरूलाई यो कुरा सहजै दृष्टिगोचर हुन्छ कि यसमा भक्ति एवं ज्ञानका लहरहरू एकपछि अर्को गरी उठिरहन्छन्। समुद्रमा चञ्चल तरङ्गहरू दुईतिरबाट उठी एकठाउँमा गई ठोक्किएर समुद्रमै विलीन भएझैं श्रीमद्भागवतमा पनि प्रतिक्षण भक्ति र ज्ञानका तरङ्गहरू मूर्तिमान् भई उठ्दछन् र एकै ठाउँमा मिली अद्वितीय परमात्मामा विलीन हुन्छन्। त्यसैले भागवत परमात्मरसले भरिएको एउटा सागर हो। समुद्रमा जलभन्दा अरू कुनै तत्त्व नभएजस्तो श्रीमद्भागवतमा परमात्माभन्दा भिन्न कुनै अंश छैन। **इत्येषा वाङ्मयी मूर्तिः प्रत्यक्षा वर्तते हरेः** अर्थात् यो श्रीहरि भगवान्को वाङ्मयी मूर्ति हो भनेबाट यो कुरा अरु स्पष्ट हुन्छ। यसकारण भक्तहरूका लागि श्रीमद्भागवत स्वयं भगवान्को प्रतिनिधि हो, उहाँले स्वधामगमनको समयमा आफ्नो तेज यही वाङ्मयी मूर्तिभित्र प्रतिष्ठित गरिदिनुभएको थियो र यो सबै श्रेष्ठ भगवद्भक्त उद्धवको प्रार्थना र सान्निध्यमा भएको थियो। भगवत्तत्त्व वास्तवमा शुद्ध ज्ञानस्वरूप छँदैछ, भक्तका भक्तिभावअनुसार उहाँले धारण गर्नुभएका सबै स्वरूपहरू समेत भक्तिमय छन्। त्यसैले भगवान् श्रीकृष्णको स्वरूप भनेकै ज्ञान र भक्तिमय भएको स्पष्ट हुन्छ। उपनिषत्प्रतिपाद्य

परमात्मवस्तु केवल ज्ञानमय छ, तर भागवत शास्त्रका प्रतिपाद्य परमात्मामा भक्ति पनि मिसिएकाले यो बढी सरस र भाववर्धक रहेको छ। त्यसैले भावुक भक्तहरू कै भन्छन् भने उपनिषत्प्रतिपाद्य ब्रह्म श्रीमद्भागवतमा आई पग्लिएको छ। आत्मज्ञानको गम्भीर अनुभूतिसँगसँगै चित्तलाई भक्तिरसले ओतप्रोत गरी पगालिदिने यही विशेषताले श्रीमद्भागवतलाई सर्वोच्च स्थानमा राखेको छ।

श्रीमद्भागवत मोक्षशास्त्र हो भन्ने कुरामा कुनै शङ्का छैन। सर्वप्रथम त श्रीमद्भागवतको प्रतिपाद्य विषय **ब्रह्मात्मैकत्वलक्षणं अद्वितीयं वस्तु** अर्थात् जीव र ब्रह्मको एकतारूपी अद्वितीय वस्तु नै हो भनी यहीँ उल्लेख गरिएको छ। वेद र उपनिषद्को जे सार हो, त्यसैबाट श्रीमद्भागवत बनेको हो भन्ने माहात्म्यको वचनले पनि यही कुराको पुष्टि गर्दछ। जसरी श्रीमद्भगवद्गीतामा उपनिषत्प्रतिपाद्य अर्थकै पूर्णतः वर्णन गरिएकाले र भगवान्कै उपदेशवचन भएकाले श्रीमद्भगवद्गीतालाई उपनिषद्को दर्जामा राखिएको छ, त्यसै गरी श्रीमद्भागवतमा पनि उपनिषत्प्रतिपाद्य अर्थकै विस्तृत विवेचन भएकाले र यो पनि भगवान्कै उपदेशवचन भएकाले यसलाई उपनिषद्समान मान्नुमा कुनै आपत्ति छैन। श्रीमद्भागवतको उपदेश बारम्बार संसारभयलाई नष्ट गर्न, शोकनिवृत्ति गर्न, मृत्युभयलाई हटाउन गरिएको पाइन्छ। सबभन्दा पहिले भगवान् नारायणले **भवभीत** अर्थात् संसारबाट अत्यन्त डराउनुभएका ब्रह्माजीलाई उद्देश्य गरी श्रीमद्भागवतको उपदेश गर्नुभयो। नारायणले ब्रह्माजीलाई बताउनुभएको चतुःश्लोकी भागवतको बीजबाट फैलिएर नै भागवतरूपी महान् वटवृक्ष तयार भएको हो। अर्कोपटक भित्री असन्तोषका कारण अत्यन्त शोकाकुल भई बसिरहनुभएका व्यासलाई देवर्षि नारदले श्रीमद्भागवतको उपदेश गर्नुभयो। व्यासको शोक हटाउन देवर्षि नारदले पनि उनलाई त्यही ब्रह्मविद्याकै उपदेश गरेको हुनुपर्दछ, जसको ज्ञानद्वारा उहाँको आफ्नो शोक नष्ट भएको थियो। तेस्रो पटक भागवतको उपदेश शुकदेवद्वारा मृत्यभयबाट चिन्तित भएका परीक्षित्लाई त्यसबाट मुक्त गर्नका लागि गरियो र यसको श्रवणपछि उनी निर्भय पनि भए। यी सबै सन्दर्भहरूलाई श्रीमद्भागवत मोक्षशास्त्र हो भन्ने कुरा स्पष्ट हुन्छ। यद्यपि मुमुक्षु भक्तहरूलाई यो प्रमाणद्वारा सिद्ध गरिरहनुपर्ने कुरा होइन, तर शङ्कालु व्यक्तिहरूको शङ्काको समाधान गर्न यस्तो विचार गर्नु आवश्यक देखिन्छ। श्रीमद्भागवतको अन्तमा आएर सूतजीले यसको विषय, प्रयोजन आदि बताउनु र नारायण–ब्रह्माको उपदेशसन्दर्भलाई दोहोऱ्याउनु पनि यही शङ्काकै निवृत्तिका लागि हो।

श्रीमद्भागवत अरू सारा पुराणहरूभन्दा कान्छो भएर पनि आफ्नो गुणका कारण सर्वश्रेष्ठ र अग्रगण्य भएको छ। नारदको उपदेशपछि भक्ति र आत्मसमाधिद्वारा शुद्ध भएको व्यासको प्रज्ञाले समाधिकै भाषामा श्रीमद्भागवतको गुम्फन गरेको छ। यो व्यासले लेखेभन्दा बढी देखेको ग्रन्थ हो। उहाँलाई नारदको आज्ञा पनि त्यस्तै भएको थियो– **समाधिनानुस्मर तद्विचेष्टितम्** (श्रीमद्भागवत १.५.१३) अर्थात् हे व्यास ! तिमी समाधिद्वारा भगवान्का लीलाचरित्रहरूलाई स्मरण गर र त्यसै अनुसार वर्णन गर। श्रीमद्भागवत भक्ति, ज्ञान र वैराग्यलाई बढाउनका लागि अमोघ उपाय हो भन्ने कुरा पद्मपुराणोक्त श्रीमद्भागवतमाहात्म्यमा कथाशैलीमा विस्तारपूर्वक बताइएको छ। श्रीमद्भागवतमा ज्ञान र वैराग्य प्राप्त गर्ने सजिलो विधि छ– भगवान्को भक्ति

गर्ने। ज्ञान र वैराग्य दुबै भक्ति आमाका पुत्र हुन्। त्यसैले भक्ति आमा पनि ज्ञानवैराग्यको उपेक्षा गरी आफूलाई मात्र ग्रहण गर्दा खुसी हुनुहुन्न, झन् दुःखी हुनुहुन्छ। यदि भागवतको भावअनुसार भक्ति गर्ने हो भने त्यसबाट भगवत्तत्त्व साक्षात्कार र संसारबाट परम वैराग्य सजिलैसँग हुन्छ। त्यसैले भागवतको भक्ति अभ्यासीको साधनाअनुसार दृढ हुँदै अन्तमा अनवच्छिन्न परमात्मप्रेममा परिणत हुन्छ, जसलाई उपनिषद्मा आत्मरति, आत्मक्रीडा आदि भनी बताइएको पाइन्छ। यो अनुभवरूप भक्तिले उपास्य र उपासकबिचको भेदलाई समेत नष्ट गरी दुबैलाई एकाकार अद्वितीय बनाइदिन्छ। श्रीमद्भागवतमा श्रीकृष्णसँग विरह हुँदा गोपीहरूभित्र बढेको प्रेमभावले उनीहरूलाई **कृष्णोऽहम्** अर्थात् म कृष्ण हुँ भन्ने स्थितिमा पुऱ्याइदिएको स्पष्ट नै छ। त्यसैले श्रीमद्भागवतको भक्ति उपास्य र उपासकको भेदभावमा मात्र सीमित नरही त्यो द्वैतको सीमालाई पार गरी अद्वितीय आत्मानुभवको रूपमा प्रतिष्ठित भएको छ।

त्यसै गरी श्रीमद्भागवतको ज्ञान पनि भक्तिरहित छैन, सच्चिदानन्दरूप परमकल्याणमय परमात्माप्रति प्रेम नभइकन केवल जीव-ब्रह्मको एकता बुझ्नँ भन्नु तार्किक अभिमानसिवाय केही हुन सक्दैन। ज्ञान हुनुभन्दा अघि व्यक्तिगत अहंमा प्रेम गरिन्थ्यो भने ज्ञानपछि उसको व्यष्टि अहं बाधित भई सर्वाधार परमात्माकै रूपमा प्रतिष्ठित हुन्छ र उसले त्यही स्वस्वरूप अद्वितीय आत्मासँग प्रेम गर्दछ। संसारको मिथ्यात्व पूर्णतया बुझिसकेकाले उसको त परमात्मप्रेमबाहेक अरू केही काम नै बाँकी रहँदैन। यदि यसो भएको छैन भने त्यो ज्ञान पूर्ण भएकै छैन भन्ने थाहा हुन्छ। त्यसैले श्रीमद्भागवत (१२.१२.५२)मा **अच्युतभाववर्जितं ज्ञानमलं न शोभते** अर्थात् अच्युतभक्तिले रहित भएको ज्ञान पूर्णतः शोभित हुँदैन भनिएको छ। श्रीमद्भागवतको भक्ति इन्द्रिय-मनको कर्म मात्र नभई सूक्ष्मतम अनुभवरूप भएकाले जीवन्मुक्तिदशामा पनि यो रहिरहन्छ। जसरी मोक्षदशामा मुक्त व्यक्तिमा तत्त्वज्ञान र संसारदेखि वैराग्य स्वरूपतः नै रहन्छन्, त्यसै गरी श्रीमद्भागवतअनुसार मोक्षमा तत्त्वज्ञान, संसारदेखि वैराग्य र स्वस्वरूप परमात्मासँगको प्रेम पनि निरन्तर रहिरहन्छ। त्यसैले त्रिगुणातीत परम पदमा प्रतिष्ठित भइसक्नुभएका श्रीशुकदेवले पनि भगवद्भक्ति गर्नुभएको छ। यसरी श्रीमद्भागवतको भक्ति स्वयं तत्त्वज्ञान एवं मोक्षस्वरूप हो, यिनलाई छुट्याउन सकिँदैन भन्ने स्पष्ट हुन्छ।

सूतजी भन्नुहुन्छ, श्रीमद्भागवतमा आदि, मध्य र अन्त जताततै वैराग्यमय आख्यानहरू छन्, अनि यसको सबभन्दा विशेषता त श्रीकृष्णलीलाको अमृतपानद्वारा सत्पुरुषहरूलाई पूर्ण आनन्द दिनु हो। संसारमा प्राणीहरूका पाप एवं पापसंस्कारहरूलाई नष्ट गर्ने दुई प्रमुख साधनहरू छन्— एउटा भगवान् नारायणको चरणकमलबाट निस्किएकी पतितपावनी गङ्गा र अर्को उहाँको मुखकमलबाट निस्किएको वेदान्तशास्त्र। श्रीमद्भागवत पनि भगवान्को मुखकमलबाट निस्किएको भक्तिमिश्रित वेदान्तशास्त्र नै हो। त्यसैले यसले सबै पापहरूलाई नष्ट गरिदिई मनुष्यलाई निष्पाप बनाउनेमा कुनै शङ्का छैन। नदीहरूमध्ये गङ्गा, देवताहरूमध्ये अच्युत भगवान् र विष्णुभक्तहरूमध्ये शम्भु सर्वश्रेष्ठ भएझैं पुराणहरूमध्ये यो पुराण सर्वश्रेष्ठ छ भनी यहीं तल्लो श्लोकमा भनिएको छ। श्रीमद्भागवतमा आनन्दस्वरूप ब्रह्मतत्त्व पग्लिई छताछुल्ल भएको छ, त्यसैले यसको रसामृतको आस्वादन लिने बानी परेका व्यक्तिलाई अरू पुराणहरूमा त्यति रुचि

हुँदैन। यसरी भक्ति, ज्ञान र वैराग्यको महिमाले ओतप्रोत भएकाले श्रीमद्भागवतपुराण सर्वश्रेष्ठ छ भन्ने सिद्ध हुन्छ।

निम्नगानां यथा गङ्गा देवानामच्युतो यथा।
वैष्णवानां यथा शम्भुः पुराणानामिदं तथा॥ १६॥

पदार्थ–
यथा = जसरी
निम्नगानां = नदीहरूमध्ये
गङ्गा = गङ्गा श्रेष्ठ छिन्
यथा = जसरी
देवानां = देवताहरूमध्ये
अच्युतः = अच्युत भगवान्
यथा = जसरी
वैष्णवानां = विष्णुभक्तहरूमध्ये
शम्भुः = भगवान् शङ्कर
तथा = त्यसै गरी
पुराणानां = पुराणहरूमध्ये
इदम् = यो श्रीमद्भागवत छ

वाक्यार्थ– नदीहरूमध्ये गङ्गा सर्वश्रेष्ठ भए झैं, देवताहरूमध्ये अच्युत भगवान् र विष्णुभक्तहरूमध्ये भगवान् शङ्कर सर्वश्रेष्ठ भए झैं पुराणहरूमध्ये यो श्रीमद्भागवत सर्वश्रेष्ठ छ।

क्षेत्राणां चैव सर्वेषां यथा काशी ह्यनुत्तमा।
तथा पुराणव्रातानां श्रीमद्भागवतं द्विजाः॥ १७॥

पदार्थ–
द्विजाः = हे ऋषिहरू
हि = निश्चय नै
यथा च = जसरी
सर्वेषां = सबै
क्षेत्राणां = तीर्थक्षेत्रहरूमध्ये
काशी एव = काशी नै
अनुत्तमा = सर्वश्रेष्ठ छ
तथा = त्यसै गरी
पुराणव्रातानां = अनेक पुराणहरूमध्ये
श्रीमद्भागवतम् = श्रीमद्भागवत श्रेष्ठ छ

वाक्यार्थ– हे ऋषिहरू! जसरी अनेक उत्तम तीर्थहरूमध्ये काशी नै सर्वोत्तम छ, त्यसै गरी सम्पूर्ण पुराणहरूमध्ये श्रीमद्भागवत सर्वोत्तम छ।

श्रीमद्भागवतं पुराणममलं यद्वैष्णवानां प्रियं
यस्मिन् पारमहंस्यमेकममलं ज्ञानं परं गीयते।
तत्र ज्ञानविरागभक्तिसहितं नैष्कर्म्यमाविष्कृतं
तच्छृण्वन् सुपठन् विचारणपरो भक्त्या विमुच्येन्नरः॥ १८॥

पदार्थ–
यत् = जुन
वैष्णवानां = विष्णुभक्तहरूका लागि
प्रियं = अत्यन्त प्रिय छ
यस्मिन् = जहाँ
पारमहंस्यं = परमहंसहरूद्वारा प्राप्य
एकं = अद्वितीय

अमलं = निर्मल
परं = सर्वश्रेष्ठ
ज्ञानं = ज्ञान
गीयते = बताइएको छ
तत्र = त्यहाँ
ज्ञानविरागभक्तिसहितं = ज्ञान, वैराग्य र भक्तिले सहित भएको
नैष्कर्म्यम् = सर्वकर्मत्यागको
आविष्कृतं = आविष्कार गरिएको छ
तत् = त्यस्तो
श्रीमद्भागवतं = श्रीमद्भागवतरूपी
अमलं = निर्मल
पुराणं = पुराणलाई
भक्त्या = भक्तिपूर्वक
शृण्वन् = सुन्दा
सुपठन् = पढ्दा र
विचारणपरः = विचार गर्दा
नरः = मानिस
विमुच्येत् = मुक्त हुन्छ

वाक्यार्थ– श्रीमद्भागवतमहापुराण पूर्णतः निर्मल छ र यो भगवद्भक्तहरूलाई अत्यन्त प्रिय छ। यहाँ परमहंसहरूद्वारा प्राप्त गरिने अविद्यादोषले रहित सर्वश्रेष्ठ अद्वितीय ज्ञानको वर्णन गरिएको छ र यहाँको मोक्ष पनि ज्ञान, वैराग्य र भक्तिले सहित भएको छ। यस्तो पुराणलाई भक्तिपूर्वक सुन्दा, पाठ गर्दा या मनन गर्दा मानिस निश्चय नै मुक्त हुन्छ।

कस्मै येन विभासितोऽयमतुलो ज्ञानप्रदीपः पुरा
तद्रूपेण च नारदाय मुनये कृष्णाय तद्रूपिणा।
योगीन्द्राय तदात्मनाथ भगवद्राताय कारुण्यत-
स्तच्छुद्धं विमलं विशोकममृतं सत्यं परं धीमहि ॥ १९॥

पदार्थ–
येन = जसद्वारा
पुरा = पहिले
अयं = यो
अतुलः = अतुलनीय
ज्ञानप्रदीपः = ज्ञानरूपी प्रदीप
कस्मै = ब्रह्माजीलाई
विभासितः = प्रकाशित गरियो
तद्रूपेण च = ती ब्रह्माजीको रूपले
मुनये नारदाय = नारदमुनिलाई
तद्रूपिणा = त्यो नारदको रूपले
कृष्णाय = कृष्णद्वैपायन व्यासलाई
योगीन्द्राय = त्यसपछि योगीन्द्र श्रीशुकदेवलाई र
अथ = त्यसपछि
तदात्मना = श्रीशुकदेवले चाहिँ
कारुण्यतः = करुणापूर्वक
भगवद्राताय = परीक्षित् राजालाई बताउनुभयो
तत् = त्यस्तो
शुद्धं = शुद्ध
विमलं = निर्मल
विशोकं = शोकले रहित
अमृतं = मृत्युरहित
परं = परम
सत्यं = सत्यलाई
धीमहि = ध्यान गरौँ

वाक्यार्थ– श्रीमद्भागवतमहापुराण आत्मतत्त्वलाई प्रकाश गरिदिने ज्ञानरूपी अतुलनीय प्रदीप हो। परम सत्स्वरूप परमात्माले सृष्टिको आदिमा ब्रह्माजीका लागि यो प्रकाशित गरिदिनुभएको थियो। ब्रह्माजीले नारदलाई, नारदले वेदव्यासलाई, व्यासले श्रीशुकदेवलाई र श्रीशुकदेवले परीक्षित् राजालाई उनै परमात्माले करुणापूर्वक यसको रहस्य प्रकाशित गरिदिनुभएको हो। त्यस्ता परमशुद्ध, निर्मल, शोक र मृत्युले रहित परम सत्स्वरूप परमात्मालाई हामी सबै ध्यान गरौँ।

विवरण– यस श्लोकमा विशुद्ध सत्यस्वरूप परमात्मालाई नमस्कार गरिएको छ। श्रीमद्भागवतको सुरुवात पनि सत्यस्वरूप परमात्माको वन्दनाबाट नै भएको हो। त्यहाँ व्यासले सम्पूर्ण जगत् उत्पत्तिको अधिष्ठान भएको स्वयंप्रकाश सत्यस्वरूप ब्रह्मतत्त्वको ध्यान गर्नुभएको छ– **धाम्ना स्वेन सदा निरस्तकुहकं सत्यं परं धीमहि** अर्थात् आफ्नो स्वप्रकाश चैतन्य ज्योतिद्वारा मायारूपी अन्धकारलाई निरस्त गर्ने परम सत्यलाई ध्यान गरौँ। यहाँ पनि निर्मल एवं शुद्ध सत्यतत्त्वलाई ध्यान गरिएको छ। परमात्मा सत्स्वरूप हुँदाहुँदै यहाँ उहाँलाई परम सत्य भनी किन बताइयो ? भन्ने शङ्का हुनसक्छ। यसको तात्पर्य हो, ज्ञान हुनुभन्दा अघि व्यक्तिलाई सम्पूर्ण संसार सत्यझैं प्रतीत हुन्छ र केही दर्शनसिद्धान्तमा आकाश, काल आदिलाई सत्य मानिन्छ। त्यसैले ती सापेक्षिक सत्य पदार्थहरूको ध्यानलाई निराकरण गरी वास्तविक सत्यको ध्यान गर्न यहाँ परम सत्य भनिएको हो। मल भनेको सम्पूर्ण संसार नै हो, त्यसैले मिथ्या प्रपञ्चसँग संसर्ग नभएकाले ब्रह्मलाई विमल भनिएको हो। मलरहित भएकाले नै ब्रह्म शुद्ध पनि छ। शुद्धत्वको परिभाषा यस प्रकार छ– **मायातत्कार्यशून्यत्वं शुद्धत्वम्** अर्थात् माया र त्यसको कार्यसँग संसर्ग नहुनु नै शुद्ध हो। आत्मामा भ्रमद्वारा कल्पित भएको संसारको कुनै सम्बन्ध छैन। यद्यपि भ्रमकल्पित संसारको आफ्नै कुनै सत्ता र प्रकाश नभएकाले यो आफू सत्तावान् हुन र प्रकाशित हुन ब्रह्ममा अडिनै पर्दछ। ब्रह्ममा नै अध्यस्त भएकाले ब्रह्मकै सत्ता र प्रकाशद्वारा संसार सिद्ध हुन्छ, अस्तित्ववान् हुन्छ। तर ब्रह्मतत्त्वलाई सत्तावान् हुन र प्रकाशित हुन मिथ्या संसारको आवश्यकता पर्दैन। ब्रह्मको संसारसँग सम्बन्ध छैन भन्नुको तात्पर्य संसार ब्रह्ममा अध्यस्त भएकै छैन भन्न खोजिएको होइन, अपि तु संसारभ्रमद्वारा ब्रह्ममा केही फरक परेको छैन र ब्रह्म स्वयंसिद्ध छ भन्ने हो। यही भाव भगवान्ले श्रीमद्भगवद्गीता (७.१२)मा पनि भन्नुभएको छ– **न त्वहं तेषु ते मयि** अर्थात् म सांसारिक पदार्थभित्र छैन, तर ती चाहिँ ममा छन्। यसैले प्रपञ्चातीत वास्तविक सत्य वस्तु भएकाले ब्रह्म शुद्ध रहेको छ।

भागवतको आदि र अन्तमा सत्यस्वरूप परमात्माकै ध्यान गरिएबाट अर्को अर्थ पनि प्रकट भएको छ, त्यो हो श्रीमद्भागवतशास्त्र सबै सत्यान्वेषीहरूका लागि आदरणीय छ। यहाँ विष्णुभक्त, शिवभक्त आदि सबैको समान आदर छ, किनभने उपासकहरूले आ–आफ्ना इष्टदेवलाई सत्यस्वरूप नै मान्दछन्। श्रीमद्भागवतको विरोध त्यही व्यक्तिसँग हुन सक्छ, जो मिथ्याको उपासना–चिन्तन गर्दछ। नत्र अरू सबै श्रीमद्भागवतकै क्षेत्रभित्र पर्दछन्। उपासकहरूको मानसिक अभिरुचि र संस्कार अनुसार एउटै परब्रह्मले शिव, विष्णु, देवी, गणेश, सूर्य आदिको रूप लिनुभएको हो। अरु भन्ने हो भने त जीवहरूको भोगसंस्कार अनुसार त्यसलाई तृप्त गर्न परमात्मा सम्पूर्ण सांसारिक विषयको रूपमा समेत कल्पित हुनुभएको हो। त्यसैले आ–आफ्ना इष्टदेवको उपासना गर्दा उपासकले अरू सबैलाई त्यही परम सत्यकै विवर्त भनी मान्नुपर्दछ। परमात्माको सर्वात्मभावलाई नबुझी गरिएका देवोपासनाहरू सङ्कुचित हुँदै अन्तमा अरूको इष्टदेवको निन्दामा परिणत हुने सम्भावना देखेर भगवत्पाद श्रीशङ्कराचार्यले शास्त्रीय पञ्चदेवोपासनाको विधि पुनः प्रचारित गर्नुभएको हो। उपासकहरूले ती–ती इष्टदेवको उपासना गर्दा अन्यलाई उहाँकै विवर्त सम्झिदिनेबित्तिकै सारा भेदबुद्धि नष्ट भइहाल्दछ। यसबाट सबैका

उपास्य एक मात्र सत्यस्वरूप परमात्मा हुनुहुन्छ र उहाँले उपासकहरूको रुचिअनुसार अनेक स्वरूप लिनुभएको हो भन्ने स्पष्ट हुन्छ। श्रीमद्भागवतमा सत्यस्वरूप परमात्माको ध्यान गरी उपासनाको यही रहस्यलाई बताइएको छ।

यहाँ एउटै व्यक्तिले **धीमहि** अर्थात् ध्यान गरौँ भनी बहुवचन प्रयोग गर्नुका अनेक कारणहरू छन्। सबभन्दा पहिलो कारण त यो गुरुले शिष्यहरूको तर्फबाट पनि भगवान्को प्रार्थना गर्नुभएको भन्ने हो। यसका अरू पनि तात्पर्यहरू छन्। संसारी विषयासक्त प्राणीहरूले ब्रह्मको ध्यान नगरे पनि आत्मज्ञानीहरूले सबै प्राणीहरूलाई आफ्नै स्वरूप देखी ती सबैलाई करुणा गर्दै सबैको तर्फबाट परमात्मवन्दना गर्दछन्। त्यसैले यहाँ बहुवचन प्रयोग गरियो। अथवा सबै सम्प्रदाय मतहरूका उपास्य एउटै सत्यस्वरूप परमात्मा भएकाले यहाँ सबैथरी उपासकहरूको तर्फबाट सत्यस्वरूप परमात्माको वन्दना गरिएको हो। यो श्रीमद्भागवत ज्ञानदीप हो, जसलाई सर्वप्रथम नारायणले नै ब्रह्माजीको ज्ञानज्योति प्रज्वलित गर्न उपदेश गर्नुभएको थियो। शिष्यमा ज्ञानको अवतरणसँगै त्यो स्वयं गुरुरूप हुन जान्छ, किनभने ऊ गुरुभन्दा अभिन्न आत्मा भइसक्यो। त्यसैले ब्रह्माजीले नारदलाई तत्त्वोपदेश गर्दा पनि त्यो उपदेश **तद्रूप** अर्थात् ब्रह्मारूपी भगवान्ले नै गर्नुभएको हो। त्यसै गरी नारदले व्यासलाई, व्यासले शुकदेवलाई अनि शुकदेवले परीक्षित्लाई उपदेश गर्दा पनि ती-ती उपदेष्टाको रूपमा भगवान्ले नै त्यो-त्यो उपदेश गर्नुभएको हो। किनभने आत्मतत्त्वको उपदेश स्वयं परमात्माबाहेक अरूले गर्न सक्दैन र गुरुहरूको रूपमा पनि परमात्माले नै आत्मोपदेश गर्नुहुन्छ। यसैले भागवतका प्रतिपाद्य अर्थ एवं त्यसको उपदेष्टा पनि स्वयं परमात्मा नै हुनुहुन्छ भन्ने स्पष्ट हुन्छ।

नमस्तस्मै भगवते वासुदेवाय साक्षिणे।
य इदं कृपया कस्मै व्याचचक्षे मुमुक्षवे॥ २०॥

पदार्थ—

यः = जसले	**कस्मै** = ब्रह्माजीलाई	**साक्षिणे** = सर्वसाक्षी
कृपया = कृपापूर्वक	**इदं** = यो शास्त्र	**वासुदेवाय** = वासुदेव
मुमुक्षवे = मुमुक्षु	**व्याचचक्षे** = उपदेश गर्नुभयो	**भगवते** = भगवान्लाई
	तस्मै = त्यस्ता	**नमः** = नमस्कार छ

वाक्यार्थ— जसले मुमुक्षु ब्रह्माजीलाई कृपापूर्वक यस श्रीमद्भागवतशास्त्रको उपदेश गर्नुभयो, त्यस्ता सर्वसाक्षी वासुदेव भगवान्लाई नमस्कार छ।

योगीन्द्राय नमस्तस्मै शुकाय ब्रह्मरूपिणे।
संसारसर्पदष्टं यो विष्णुरातममूमुचत्॥ २१॥

पदार्थ—

यः = जसले	**संसारसर्पदष्टं** = संसाररूपी सर्पद्वारा डसिएका	**विष्णुरातं** = परीक्षित्लाई
		अमूमुचत् = मुक्त गराइदिनुभयो

तस्मै = त्यस्ता
ब्रह्मरूपिणे = ब्रह्मस्वरूप
योगीन्द्राय = योगिराज
शुकाय = श्रीशुकदेवलाई
नमः = नमस्कार छ

वाक्यार्थ– संसाररूपी सर्पद्वारा डसिएका महाराज परीक्षित्‌लाई संसारबन्धनबाट मुक्त गराइदिने ब्रह्मस्वरूप योगिराज श्रीशुकदेवलाई नमस्कार छ।

विवरण– राजा परीक्षित्‌लाई सर्पले टोकेर मार्ला भन्ने डर थियो, तर श्रीशुकदेवले ज्ञानोपदेश गरेर उनलाई सामान्य सर्पबाट मात्र होइन, संसाररूपी सर्पबाट समेत जोगाइदिनुभयो। सर्प चञ्चल हुन्छ, निरन्तर एक ठाउँबाट अर्को ठाउँमा गइरहन्छ। यसै अर्थमा गत्यर्थक 'सृप्' धातुबाट सर्प शब्द बन्दछ। संसार पनि त कम चञ्चल छैन। यो पनि क्षणभङ्गुर भएकाले आफ्नो स्वरूप फेरिरहन्छ। यसै अर्थमा संसारलाई पनि सर्प भन्न सकिन्छ।

यदि श्रीशुकदेवले परीक्षित्‌लाई तक्षकबाट जोगाएको भए पनि प्रारब्ध समाप्त भएपछि उनको अरू कुनै कारणले प्राणान्त भइहाल्दथ्यो, यसपछि फेरि अरू-अरू जन्म लिई बारम्बार संसारचक्रमा घुम्ने उनको चक्कर समाप्त हुँदैनथ्यो। श्रीशुकदेवजस्ता आत्मनिष्ठ सद्‌गुरुको संसर्गमा पुगिसकेपछि पनि बारम्बार संसारचक्रमा फसिरहनु भनेको आत्मज्ञानीको महत्त्वमाथि नै प्रश्न उठ्नु हो, त्यसैले आत्मनिष्ठ महापुरुषहरू आफ्नो संसर्गमा आएकाहरूलाई बन्धनबाट मुक्त गराउँछन्। आगोको नजिक आएको दाउरा आगोको संसर्गबाट प्रज्वलित भए झैँ ज्ञानीको संसर्गबाट सामान्य मानिसहरूको हृदयमा पनि ज्ञानज्योति झल्किन्छ। यसपछि उनीहरू बारम्बार जन्मिनु-मर्नुबाट मुक्त हुन्छन्। वास्तवमा त्यही नै असली जन्म हो, जसपछि फेरि जन्मनु नपरोस्। अनि फेरि मर्न नपर्ने गरी आफ्ना वासना-संस्कारहरूलाई समेत डढाई पूर्णरूपमा मर्नु नै असली मृत्यु हो। सामान्य प्राणीहरू चाहिँ फेरि जन्मिन र फेरि मर्न बाँकी राखेरै जन्मिने-मर्ने गर्दछन्। श्रीशुकदेवले परीक्षित्‌लाई असली रूपमा मर्न सिकाउनुभयो। किनभने आत्मज्ञानी महापुरुषबाहेक अरूलाई पूर्ण मृत्युको कला आउँदैन। यसपछि परीक्षित्‌लाई संसाररूपी सर्पले नडस्ने भयो किनभने उनी त अब नमर्ने गरी मुक्त भइसके। त्यसैले परीक्षित्‌को शरीरलाई सर्पले डसेको देखेर यो सोच्नु हुँदैन कि त्यत्रो भगवद्‌भक्ति गरेर पनि के भयो त? आखिर परीक्षित्‌लाई सर्पले डसिहाल्यो। सर्पले परीक्षित्‌लाई नभई उनमा कल्पित भएको मिथ्या शरीरलाई डस्यो, जसलाई कालले आज नभए पनि भोलि अवश्य नै नष्ट गरिदिन्थ्यो। परीक्षित्‌ले शरीरलाई पहिले नै छाडिदिएका थिए, कालले त उनले छाडेको उच्छिष्टलाई ग्रहण गर्‍यो र त्यसो हुँदा पनि ब्रह्मज्ञानीको उपकार नै भयो। ब्रह्मज्ञानीले शरीरलाई क्षणभङ्गुर, अनित्य भनी बुझेको हुन्छ, शरीरपातले उसको त्यो अनुभवलाई झन् स्पष्ट बनाइदिन्छ। त्यसैले कालले ब्रह्मज्ञानीको केही बिगार्न सक्दैन, उनको चिन्तनमा सहयोग चाहिँ गरिदिन्छ। जसरी पाकेको घाउ लिएर बसेको व्यक्तिलाई कसैले त्यसको शल्यक्रिया गरिदियो भने आनन्द आउँछ, त्यसै गरी मिथ्या शरीरको भार व्यर्थमा नै बोकिरहेको ज्ञानीलाई कालले त्यो बोझबाट पनि मुक्त गरिदिन्छ। यसरी संसारबन्धनबाट मुक्त भइसकेको व्यक्ति जसरी पनि सुखी नै हुन्छ, उसलाई शरीर रहुन्जेल जीवन्मुक्तिको सुख हुन्छ, अनि शरीरपात भएपछि ऊ विदेह मुक्त भई सुखस्वरूप आत्मामा

प्रतिष्ठित हुन्छ। यसरी संसारभयबाट जोगाउने श्रीशुकदेवलाई यहाँ साक्षात् ब्रह्मरूप भनी स्तुति गरिएको छ।

भवे भवे यथा भक्तिः पादयोस्तव जायते।
तथा कुरुष्व देवेश नाथस्त्वं नो यतः प्रभो॥ २२॥

पदार्थ–
देवेश = हे परमदेव
भवे भवे = जन्मैपिच्छे
यथा = जसरी
तव = हजुरको
पादयोः = चरणमा
भक्तिः = भक्ति
जायते = लाग्दछ
तथा = त्यस्तो कृपा
कुरुष्व = गर्नुहोस्
यतः = किनभने
प्रभो = हे प्रभु
त्वं = हजुर नै
नः = हाम्रा
नाथः = स्वामी हुनुहुन्छ

वाक्यार्थ– हे देवताका पनि आराध्य सर्वसमर्थ भगवान्! हाम्रो अनेक जन्म भयो भने पनि हजुरको कृपाद्वारा हजुरको चरणमा नै हाम्रो भक्ति लागोस्। हे भगवान्! हजुर नै हाम्रा स्वामी हुनुहुन्छ।

विवरण– यस श्लोकमा भक्तको विनयभाव प्रकट भएको छ। भगवान्मा पूर्णतः समर्पित भएको भक्त नम्रताको प्रतिमूर्ति नै हुन्छ, उसलाई आफूमा श्रेष्ठ गुणहरू रहेको थाहै हुँदैन। ऊ त सबै गुणहरू भगवान्मा नै देख्दछ। साधनावस्थामा भगवान्लाई आफूभन्दा भिन्न मानेको वेला उसले आफूलाई मायाका अनेकौँ दोषले पूर्ण अनि भगवान्लाई चाहिँ सर्वगुणसम्पन्न अनुभव गर्दछ। उसले आफ्ना परमप्रिय परमात्मालाई आफ्ना सबै वस्तुहरू अर्पण गरिसकेको छ, तर स्वयं आफूलाई भगवान्मा अर्पित गरी आफू परमात्माको अस्तित्वमा विलीन हुन या आफ्नो रूपमा पनि परमात्मा नै रहनुभएको बोध गर्न बाँकी छ। पूर्ण आत्मसमर्पणद्वारा भक्तले पूर्ण आत्मरूपता पाउने हो, तर यो अन्तिम स्थिति आउनुभन्दा अघि भक्तले भगवान्सँग दीनतापूर्ण अनेक प्रार्थनाहरू गरिरहन्छ। ऊ भन्छ– हे भगवान्! त्याग, वैराग्य, शम, दम आदि अनेकौँ साधनाहरूले सम्पन्न एवं चित्त शुद्ध भएको व्यक्तिले मात्र मोक्ष प्राप्त गर्न सक्दछ। ममा त्यस्ता सद्गुणहरू कहाँ पाउनु? त्यसैले अज्ञानका कारण मेरो संसारमा बारम्बार जन्म हुँदै रहला, त्यस वेला हजुरले मलाई संसारदुःखबाट बच्न आफ्नो चरणको अविचल भक्ति अवश्य दिनुहोला, जसको सहाराले म जीवित रहनेछु। भक्तलाई यो थाहा छ कि भगवान् सर्वसमर्थ हुनुहुन्छ र उहाँले आफ्नो भक्तलाई आफूदेखि अभिन्न गराई मुक्त बनाइदिन सक्नुहुन्छ, तर भक्त आफ्ना परमप्रिय परमात्मालाई आफ्नो शक्तिप्रयोग गर्ने प्रार्थना पनि गर्दैन। सायद ऊ भगवान्लाई यति सानो दुःख दिन पनि चाहँदैन। आखिर उसले भगवान्को भक्ति आफ्नो स्वार्थका लागि कहाँ गरेको हो र? यो प्रेममार्गमा त उसले आफ्नो सुखको चिन्ता पहिल्यै छाडिसक्यो, अब भगवान्को सुखमा नै उसको सुख छ। त्यसैले 'मेरा लागि मुक्तिप्रदान गर्न भगवान्ले आफ्नो शक्तिप्रयोग गर्दा भगवान्लाई दुःख हुन्छ र उहाँमाथि आफ्ना भक्तलाई मात्र पक्षपात गरी मुक्त बनाएको आक्षेप आउन पनि सक्छ' भन्ने सोची भगवान्को भक्त मोक्षको समेत चाहना गर्दैन। भक्ति प्राप्त भइरह्यो भने उसले त्यसैलाई

सर्वश्रेष्ठ धन मान्दछ। वृत्रासुरले आफ्नो मृत्युको समयमा पनि भगवान्सँग यस्तै प्रार्थना गरेका छन्। उनी भन्दछन्— हे भगवन् ! ममा त हजुरको दास हुने योग्यता पनि छैन, अतः म हजुरको दासको पनि दास हुन पाऊँ— **अहं हरे तव पादैकमूलदासानुदासो भवितास्मि भूयः** (श्रीमद्भागवत ६.११.२४)।

भक्तहरूको यही विनयभाव बढ्दै जाँदा जब उनीहरूले आफूलाई पूर्णतः परमात्मामा समर्पित गरिदिन्छन् र संसारबन्धनमा परी मेरो जन्म होला भन्ने चिन्तासम्म छाडिदिन्छन्, तब तत्क्षण नै त्यहाँ पूर्ण समर्पणको शुभ अवसर घटित हुन्छ, त्यो वेला ऊ आफ्नो व्यष्टि अस्तित्व भुली परमात्माद्वारा आपूरित हुन्छ। यस्तो भक्तलाई भगवान्ले संसारचक्रमा दुःख पाउन किन पठाउनुहुन्थ्यो। भगवान्ले आफ्ना भक्तहरूलाई मृत्युरूपी संसारसागरबाट अवश्य नै जोगाउने प्रतिज्ञा गर्नुभएको छ— **तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात्, भवामि न चिरात् पार्थ मय्यावेशितचेतसाम्** (भगवद्गीता १२.७)। यदि पठाउनै परे पनि ज्ञानी एवं भक्तहरूलाई उहाँले आफ्नो प्रतिनिधिको रूपमा संसारमा ज्ञान एवं भक्तिको प्रचार गर्न आधिकारिक पुरुषको रूपमा पठाउनुहुन्छ। त्यसैले यो प्रार्थना भक्तको विशुद्ध नम्रता हो भन्ने स्पष्ट हुन्छ।

नामसङ्कीर्तनं यस्य सर्वपापप्रणाशनम्।
प्रणामो दुःखशमनस्तं नमामि हरिं परम्॥ २३॥

पदार्थ—
यस्य = जसको
नामसङ्कीर्तनं = नामसङ्कीर्तनले
सर्वपापप्रणाशनं = सबै पापलाई नष्ट गरिदिन्छ
प्रणामः = वन्दनाले
दुःखशमनः = सम्पूर्ण दुःखलाई नष्ट गरिदिन्छ
तं = त्यस्ता
परं = परमात्मा
हरिं = श्रीहरिलाई
नमामि = नमस्कार गर्दछु

वाक्यार्थ– जसको नामसङ्कीर्तन गर्नाले सबै प्रकारका पापहरू नष्ट हुन्छन् र जसलाई भक्तिपूर्वक प्रणाम गर्नाले सारा दुःखहरू मेटिन्छन्, त्यस्ता परमात्मा श्रीहरिलाई वन्दना गर्दछु।

विवरण– यहाँ भगवान्‌को नामसङ्कीर्तनले सारा पापहरूलाई नष्ट गरिदिन्छ र उहाँलाई प्रणाम गर्नाले सबै दुःखहरू समाप्त हुन्छन् भनी बताइएको छ। भगवान्‌को नाम भक्तहरूका लागि नामी परमात्माभन्दा पनि बढी प्रिय हुन्छ। परमात्माले त आफ्नो अवतारको समयमा मात्र व्यक्तिहरूको उद्धार गर्नुहुन्छ, तर उहाँको नामले चाहिँ उहाँको अवतार हुनुभन्दा अघि-पछिका सबै भक्तहरूलाई संसारदुःखबाट मुक्त गराउँछ। आपत्ति परेको वेलामा भगवन्नामको सहाराबाहेक भक्तलाई अरू कसको सहारा मिल्दछ र ? नामले नामी परमात्मासँग पनि भेट गराइदिन्छ। त्यसैले नामसङ्कीर्तनको धेरै महत्त्व छ। शास्त्रहरूमा भनिएको छ–

नाम्नोऽस्ति यावती शक्तिः पापनिर्हरणे हरेः ।
तावत् कर्तुं न शक्नोति पातकं पातकी जनः ।।

अर्थात् भगवान्‌को नाममा पापलाई नष्ट गर्ने त्यति शक्ति रहेको छ, जति पापराशि त महापातकी व्यक्तिले आजन्म पाप गरिरहँदा पनि पुऱ्याउन सक्दैन। एक क्षण मात्र हृदय पापमुक्त हुनेबित्तिकै त्यहाँ परमात्मा प्रकट भइहाल्नुहुन्छ। यसपछि त पापका जति राशि आए पनि प्रचण्ड सूर्यका अगाडि कुइरो नष्ट भएझैं ती स्वयं नष्ट भइहाल्दछन्। नामजप एवं स्मरणको प्रभावले पापी अजामिलसमेत यमदूतहरूको पञ्जाबाट छुटेको र पछि ऊ असली भक्त भएको कथा छैटौं स्कन्धको सुरुमै बताइएको छ। त्यसै गरी राम नामलाई नारदको उपेदशअनुसार उल्टो गरी मरा भनेर जप्दा पनि रत्नाकर डाँकु आदिकवि महर्षि वाल्मीकि बनेको इतिहास प्रसिद्ध नै छ।

नामजप समान नै भगवान्‌लाई भावपूर्वक प्रणाम गर्नाले पनि सारा दुःखहरू तत्काल नष्ट हुन्छन्। प्रणाम भनेको एकले अर्कालाई प्रणाम शब्दको उच्चारण गरी अभिवादन गर्ने भनेको होइन। प्रणाम भनेको **प्रकर्षेण नमनं** अर्थात् पूर्णतया नम्र भई झुक्नु हो। नम्रता मनको गुण भएकाले वास्तविक प्रणाम शारीरिक नभई मानसिक क्रिया हो। कसैको अघि कोही झुक्दा उसको अभिमान अलिकति भए पनि नष्ट भएको हुन्छ। घमन्डले गर्विलो भएको ठुटो रुखजस्तो ठाडो शिर गरिरहनुभन्दा सबैसँग विनम्र भई झुकेको शिर हुनु नै व्यवहारमा समेत राम्रो मानिन्छ। नम्र व्यक्ति व्यवहारमा त सबैको प्रिय बन्दछ भने परमात्माको प्रिय नबन्ने सम्भावना नै छैन। प्रणामका मुख्य दुई भेद छन्– साष्टाङ्ग प्रणाम र दण्डवत् प्रणाम। साष्टाङ्ग प्रणाम भनेको शिर, छाती, आँखा, मन, वचन, दुई पाउ, दुबै हात, दुबै घुँडा यिनलाई झुकाई भगवान्‌को स्मरणपूर्वक वन्दना गर्नु हो। त्यसै गरी दण्डवत् प्रणाम भनेको चाहिँ लौरो पल्टिएझैं सम्पूर्ण शरीरलाई भगवान्‌को चरणमा झुकाउनु हो। परमात्माको अघि प्रणाम गर्नुको वास्तविक अर्थ आफ्नो अभिमानलाई त्यागिदिनु हो। त्यसैले **नमः** भन्ने शब्दको अर्थ आचार्यहरूले त्याग भन्ने गर्नुभएको छ– **नमः शब्दः त्यागवाची**। भगवान्‌लाई प्रणाम वा नमस्कार गर्दा उहाँलाई आफ्नो सम्पूर्ण अभिमान सुम्पिदियो भने मानिस तत्काल जीवभावबाट मुक्त हुन्छ, किनभने जीवभाव भनेकै अहङ्कार हो। यही भोक्ता अहङ्कारको कारणले त प्राणीले अहिलेसम्म संसारमा दुःख भोगिरहेको

थियो, त्यसैले अहङ्कार नष्ट हुनेबित्तिकै जीव सबै दुःखबाट तत्काल मुक्त भइहाल्दछ। उसले तुरीय आत्मस्थिति प्राप्त गर्दछ। त्यसैले भगवान्‌को अघि प्रणाम वा नमस्कार गर्नुको रहस्य बताउँदै भावनोपनिषद्‌मा भनिएको छ— **नमस्कारः तुरीयावस्था** अर्थात् नमस्कार भनेको तुरीय अवस्था हो। यसप्रकार यहाँ जीवभावरूप अहङ्कारलाई पूर्ण विनष्ट गर्ने साधनको रूपमा कीर्तन, वन्दनरूप भक्तिको महिमा बताइएको हो।

वास्तवमा भगवान्‌को भक्तिद्वारा उहाँको कृपा प्राप्त नगरी वैराग्य, विवेक आदि आत्मज्ञानका साधनहरू समेत प्राप्त हुँदैनन्। वेदका तीन काण्डमध्ये कर्मकाण्ड-प्रतिपाद्य कर्मले मलदोषलाई, उपासनाकाण्ड-प्रतिपाद्य भगवदुपासनाले विक्षेपदोषलाई र ज्ञानकाण्ड-प्रतिपाद्य अद्वितीय आत्मतत्त्वज्ञानले आवरणदोषलाई नष्ट नगरी आत्मतत्त्वसाक्षात्कार हुन सक्दैन। आत्मतत्त्वसाक्षात्कारद्वारा मोक्ष अवश्य हुन्छ र त्यही कैवल्य प्रदान गर्नु नै श्रीमद्भागवतको प्रयोजन हो, तर भक्तिद्वारा चित्त पूर्णतः नपग्लिएसम्म शाब्दिक ज्ञानले मात्र भगवत्तत्त्वसाक्षात्कार हुन सम्भव छैन। अन्तःकरणलाई पगाल्ने एक मात्र साधन भक्ति भएकाले त्यसबाट मात्र चित्तका दोष नष्ट हुन सक्दछन्, अन्यथा केवल शब्दाडम्बरी ज्ञानीहरूको हृदयभित्र उनीहरूले नै थाहा नपाउने गरी लुकेका वासनाले उनीहरूलाई कहिले पछारिदिन्छन्, केही थाहा हुँदैन। त्यसैले भक्ति अनिवार्य छ।

ज्ञानको योग्यता प्राप्त गर्न भक्तिको प्रमुख भूमिका रहने कुरा स्पष्ट नै छ, तर भागवतशास्त्रमा यो गोप्य रहस्य समेत उजागर भएको छ कि भक्ति स्वयं ज्ञानरूप पनि हो। बाहिरी कर्महरू त भक्ति नभई भक्तिका साधन हुन्, हृदयभित्रको तीव्र परमात्मप्रेमले अन्तमा जीवभावको विस्मृतिसँगै भगवद्भावमा पुऱ्याइदिन्छ। गोपीहरूको **कृष्णोऽहं** भन्ने भावले यो कुराको पुष्टि गर्दछ। भक्तहरूलाई आफैँले तत्त्वज्ञान प्रदान गर्ने प्रतिज्ञा भगवान्‌ले गर्नुभएकै छ— **ददामि बुद्धियोगं तम्** श्रीमद्भगवद्गीता (१०.१०)। अरु आत्माकार वृत्तिमा आफू नै प्रतिबिम्बित भई त्यही ज्ञानदीपद्वारा भक्तहरूको अज्ञान भित्रभित्रै नष्ट गरिदिने प्रतिज्ञा पनि त्यहाँ छ। यहाँ भगवान्‌ले आफ्ना अत्यन्त प्रिय भक्त गोपी र उद्धवलाई तत्त्वज्ञान प्रदान गरेर त्यही प्रतिज्ञालाई चरितार्थ गर्नुभएको छ। भक्ति स्वयं फलरूप हो, अरू कसैको साधन होइन भनी मान्ने आचार्यहरूले पनि यही अनुभवस्वरूप वा ज्ञानस्वरूप भक्तिलाई लिएर नै त्यो कुरा भनेका हुन्, साधन भक्तिलाई लिई होइन। यसप्रकार भगवत्साक्षात्कारद्वारा मोक्ष हुने भए पनि ज्ञान गर्नु भन्ने कुनै विधेय वस्तु नभई अन्त्यमा निष्पन्न हुने फल भएकाले, स्वयं भक्ति ज्ञानको साधन अनि ज्ञानस्वरूप नै भएकाले, श्रीमद्भागवतको अन्त्यमा भगवान्‌को भक्तिलाई नै जोड दिइएको छ। भक्तको संसारबन्धन छुटाउने सम्पूर्ण जिम्मा भगवान्‌ले लिनुहुन्छ। त्यसैले भावुक व्यक्तिहरू, जो संसारबन्धनबाट मुक्त हुन चाहन्छन् र श्रीमद्भागवतको अनुशीलन गर्दछन्, उनीहरूले सर्वस्वरूप उनै परमात्मा, जो जीवको स्वरूपमा पनि बस्नुभएको छ र जोभन्दा भिन्न संसारमा अरू कुनै सत्य वस्तु छँदैछैन, उहाँकै भक्ति गर्नुपर्दछ, उहाँमा नै समर्पित हुनुपर्दछ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वादशस्कन्धे त्रयोदशोऽध्यायः॥ १३॥

इति द्वादशस्कन्धः समाप्तः।

सम्पूर्णोऽयं ग्रन्थः।

पद्मपुराणस्थं श्रीमद्भागवतमाहात्म्यम्

अथ प्रथमोऽध्यायः

भक्तिसित देवर्षि नारदको भेट

सच्चिदानन्दरूपाय विश्वोत्पत्त्यादिहेतवे ।

तापत्रयविनाशाय श्रीकृष्णाय वयं नुमः ॥ १ ॥

पदार्थ–
सच्चिदानन्दरूपाय = सद्रूप, चिद्रूप र आनन्दरूप भएका **विश्वोत्पत्त्यादिहेतवे** = संसारको उत्पत्ति आदि (स्थिति र विनाश)का कारण भएका **श्रीकृष्णाय** = श्रीकृष्णलाई **वयं** = हामीहरू **तापत्रयविनाशाय** = (आध्यात्मिक, आधिभौतिक र आधिदैविक) तीन प्रकारका तापहरूलाई नाश गर्नका लागि **नुमः** = नमस्कार गर्दछौँ

वाक्यार्थ– सद्रूप, चिद्रूप र आनन्दरूप भएका, संसारको उत्पत्ति, स्थिति र विनाशका कारण भएका भगवान् श्रीकृष्णलाई हामीहरू आध्यात्मिक, आधिभौतिक र आधिदैविक यी तीन प्रकारका तापहरूलाई नाश गर्नका लागि नमस्कार गर्दछौँ।

विवरण– व्यावृत्ति र व्यवहार लक्षणको प्रयोजन हो। अर्थात् लक्षण भनेको त्यस्तो धर्म हो जसले लक्ष्यलाई अरू पदार्थदेखि भिन्न रूपले चिनाउँछ। स्वरूप र तटस्थ गरी लक्षण दुई प्रकारका हुन्छन्। तैत्तिरीयोपनिषद्मा ब्रह्मका दुबै प्रकारका लक्षणहरूको उल्लेख गरिएको पाइन्छ। **सत्यं ज्ञानमनन्तं ब्रह्म** यो ब्रह्मको स्वरूपलक्षण हो भने **यतो वा इमानि भूतानि जायन्ते** यो ब्रह्मको तटस्थ लक्षण हो। यहाँ **सच्चिदानन्दरूपाय** यो पदले स्वरूपलक्षणको सङ्केत गरेको छ भने **विश्वोत्पत्त्यादिहेतवे** यो पदले ब्रह्मको तटस्थ लक्षणको सङ्केत गरेको छ।

वेदान्तसिद्धान्तअनुसार सत्त्व ब्रह्मको उपाधि हो। त्यो सत्त्वरूप उपाधिद्वारा ब्रह्म निरूप्य हुनाले त्यही अर्थलाई बताउनका लागि यस पद्यमा **सच्चिदानन्दरूपाय** यो पद आएको हो। सत्त्व भन्ने वस्तु ब्रह्म बाहेक अन्यत्र कहीँ पनि बस्न सक्दैन। सत्त्व ब्रह्मको धर्म हुनाले अनात्म पदार्थहरूमा अर्थात् माया र मायाको कार्यमा सत्त्व छैन। ब्रह्ममा नै रहेको सत्त्व धर्मको आरोप गरेर अन्य घडा, कपडा आदि सम्पूर्ण पदार्थहरूको व्यावहारिक अस्तित्व स्विकारिन्छ।

न्याय र वैशेषिक सिद्धान्तअनुसार द्रव्य, गुण र कर्ममा सत्ता बस्छ। नैयायिकहरू सत्तालाई नै जाति भन्दछन् र उनीहरूको मतमा जाति नित्य हो। तर वेदान्तसिद्धान्तअनुसार आत्माबाहेक अन्य कुनै पनि वस्तु नित्य होइनन्। नित्य वस्तुमा मात्र सत्ता रहने हुनाले ब्रह्म मात्र सत् वस्तु हो। त्यही ब्रह्मसत्तामा संसारका सम्पूर्ण पदार्थहरू मायाद्वारा कल्पित भएका छन्। मायाद्वारा कल्पित पदार्थहरूमा सत्को आरोप गरिएकाले ती पदार्थहरूमा सद्रूपताको प्रतीति भएको हो, वास्तवमा ती पदार्थहरूमा सत्त्व धर्म छैन। घट, पट आदि पदार्थहरू कल्पित हुन्, त्यही ब्रह्मको सत्ता नै उक्त

पदार्थहरूमा आरोपित हुनाले घडा छ, कपडा छ भन्ने व्यवहार भएको हो। घडामा सत्ता छैन, सत् ब्रह्ममा घडा कल्पित छ। घडा आदि पदार्थहरूमा सत्त्व नभएको हुनाले नै तिनलाई मिथ्या भनिएको हो।

जसरी सत् वस्तु ब्रह्म मात्र हो अन्य सबै वस्तुहरू सत् होइनन्, असत् हुन् त्यसै गरी ब्रह्म मात्र चित् हो, संसारका अन्य सबै वस्तुहरू चित् होइनन्। ब्रह्ममा रहेको यो चिति शक्तिलाई ज्ञान वा संवित् पनि भनिन्छ। संसारका सम्पूर्ण पदार्थहरूलाई यसैले नै प्रकाशित गर्दछ। सम्पूर्ण वस्तुहरूमा रहेको चेतन तत्त्व ब्रह्मकै चेतनको अंश हो।

सत् र चित् ब्रह्मका धर्म हुन् भनिए पनि ब्रह्मभन्दा भिन्न होइनन्। यस्तै आनन्द पनि ब्रह्मभन्दा भिन्न होइन, ब्रह्म नै हो। अभिव्यञ्जकको भेदले आनन्दमा भेदको प्रतीति भएको हो तर वास्तवमा आनन्द ब्रह्म नै हो।

सच्चिदानन्दरूपाय यो पद यहाँ भगवान् श्रीकृष्णको विशेषणको रूपमा आएको छ। सच्चिदानन्दरूप यो ब्रह्मको स्वरूप लक्षण हो। सत्, चित् र आनन्द ब्रह्मका यी तीन धर्महरूमध्ये माया र मायाका कार्यहरूमा सत्को आरोप हुन्छ, चित्को अनुवर्तन हुन्छ भने आनन्दको चाहिँ उक्त पदार्थहरूमा अभिव्यक्ति हुन्छ।

संसारको उत्पत्ति, स्थिति र नाशको कारण ब्रह्म नै हो। वस्तुको सदंशबाट सृष्टि, चिदंशबाट स्थिति र आनन्दांशबाट संहार हुन्छ। ब्रह्म र कृष्ण अभिन्न हुनाले यहाँ भगवान् श्रीकृष्णलाई **विश्वोत्पत्यादिहेतु** यो विशेषण दिइएको हो।

कृष्ण शब्दको व्युत्पत्ति विभिन्न किसिमले गरिएको छ। **कृष विलेखने आकर्षणे च** यस धातुबाट कृष्ण शब्द बन्दछ। **कर्षति आकर्षति भोगाय विषयेषु इन्द्रियाणि येषाम् इति कृष्ण** यसप्रकार कृष्ण शब्दको व्युत्पत्ति गर्दा जसले जीवहरूको भोगका लागि इन्द्रियहरूलाई विषयतर्फ प्रेरित गर्दछ त्यसलाई कृष्ण भनिन्छ। त्यस्तै **कर्षति अरीन् कामक्रोधादीन् आकर्षति साधकेभ्यः बहिष्करोति इति कृष्णः** यस्तो व्युत्पत्ति गर्दा जसले काम, क्रोध आदि शत्रुहरूलाई साधकहरूबाट हटाउँछ उही नै कृष्ण हो। अर्को व्युत्पत्ति अनुसार **आकर्षति मुमुक्षून् आत्मानं प्रति इति कृष्णः** अर्थात् जसले मुमुक्षुहरूलाई आफूतर्फ आकर्षित गर्दछ उही कृष्ण हो। त्यस्तै अर्को व्युत्पत्तिअनुसार **करोति इति कृष्णः, कृष्ण एव मायासाहाय्येन जगतः उत्पत्यादिकं करोति**, अर्थात् जसले मायाको सहायताले जगत् उत्पत्ति आदि गर्दछ उही कृष्ण हो।

भगवान् श्रीकृष्णलाई नमस्कार गर्नुको प्रयोजन **तापत्रयविनाश** अर्थात् तीन प्रकारका तापलाई हटाउनु नै हो। भगवान् श्रीकृष्णलाई सामान्य रूपले नमस्कार गरेर मात्रै तापबाट मुक्त हुन सकिँदैन। अतः **नमः** पदको विशेष अर्थ गर्नुपर्दछ। **नमः** पदको वास्तविक अर्थ अहङ्कारको त्याग नै हो। अहङ्कारको त्याग हुनका लागि भगवान् श्रीकृष्णलाई आफूदेखि अभिन्न रूपले जान्नुपर्दछ। औपनिषद सिद्धान्त अनुसार भेदज्ञानद्वारा मोक्ष सम्भव छैन। भगवान् श्रीकृष्णलाई आफूदेखि अभिन्न रूपले जान्नु नै तत्त्वज्ञान हो। त्यही तत्त्वज्ञानद्वारा अहङ्कारको निवृत्ति हुन्छ। त्यसपछि मात्र जीव आध्यात्मिक, आधिभौतिक र आधिदैविक यी तीन प्रकारका तापबाट मुक्त हुन सक्छ। त्यसैले भनिएको छ—

निवृत्तेः सर्वदुःखानामीशानः प्रभुरव्ययः ।
अद्वैतः सर्वभावानां देवस्तुर्यो विभुः स्मृतः ।। (माण्डूक्योपनिषत्कारिका १.१०)

अर्थात्, सम्पूर्ण दुःखहरूको निवृत्तिका लागि अव्यय परमात्मा समर्थ हुनुहुन्छ र उही परमात्मा सम्पूर्ण भावहरूको अधिष्ठानरूप प्रकाशस्वरूप व्यापक र विश्व आदिको अपेक्षाले तुरीयको रूपमा जानिनुहुन्छ।

यसर्थ जीवात्माले सम्पूर्ण दुःखको निवृत्तिका लागि परमात्मालाई आफूदेखि अभिन्नरूपमा जान्नुपर्दछ।

यं प्रव्रजन्तमनुपेतमपेतकृत्यं द्वैपायनो विरहकातर आजुहाव ।
पुत्रेति तन्मयतया तरवोऽभिनेदुस्तं सर्वभूतहृदयं मुनिमानतोऽस्मि ॥ २ ॥

पदार्थ—
यं = जो
प्रव्रजन्तम् = सम्पूर्ण कुरा त्यागेर जान लागेका
अनुपेतम् = उपनयन संस्कार गरिदिनुहोस् भनी आचार्यसमक्ष नपुगेका
अपेतकृत्यं = कर्ममार्गमा प्रवृत्त नभएका (श्रीशुकदेवजीलाई देखेर)
विरहकातरः = विरहले डराएका
द्वैपायनः = वेदव्यासले
पुत्र इति = ए छोरा भनेर
आजुहाव = बोलाउनुभयो
तरवः = वृक्षहरूले
तन्मयतया = तन्मयताका कारणले गर्दा
अभिनेदुः = उत्तर दिए
सर्वभूतहृदयं = सम्पूर्ण प्राणीहरूका हृदयमा बस्ने
तं = ती
मुनिम् = श्रीशुकदेव मुनिलाई
आनतः अस्मि = नमस्कार गर्दछु

वाक्यार्थ— जुन समयमा श्रीशुकदेवजीको व्रतबन्ध संस्कार भएको थिएन, उहाँलाई लौकिक र वैदिक कर्मको अनुष्ठानको अवसर पनि प्राप्त भएको थिएन, त्यस समयमा सम्पूर्ण कुरा त्यागी हिँड्न लागेको देखेर उहाँका पिता वेदव्यास विरहले व्याकुल हुनुभयो र उहाँ उच्च स्वरले 'ए छोरा ! तिमी मलाई छोडेर अन्यत्र नजाऊ' भनी बोलाउन थाल्नुभयो। त्यस वेला तन्मय भएका कारणले श्रीशुकदेवजीका तर्फबाट वृक्षहरूले उत्तर दिए। यस्ता सम्पूर्ण प्राणीहरूका हृदयमा निवास गर्ने श्रीशुकदेवजीलाई म नमस्कार गर्दछु।

विवरण— यो मङ्गलाचरण श्लोक हो। मङ्गलाचरण नमस्कारात्मक, आशीर्वादात्मक र वस्तुनिर्देशात्मक गरी तीन प्रकारका हुन्छन्। आफ्ना गुरु अथवा इष्टदेवतालाई नमस्कार गरिएको मङ्गलाचरणलाई नमस्कारात्मक मङ्गलाचरण भनिन्छ। यहाँ सूतजीले आफ्ना गुरु शुकदेवलाई नमस्कार गरेर शौनक आदि ऋषिलाई उपदेश प्रारम्भ गर्नुभएको छ। मङ्गलाचरणको प्रयोजन विघ्नध्वंसपूर्वक ग्रन्थसमाप्ति हो। अन्यत्र मङ्गलाचरण गरेर ग्रन्थको आरम्भ गर्दा शिष्यहरूले मङ्गलाचरण भएको थाहा नपाउने हुँदा ग्रन्थभित्र नै मङ्गलाचरण गर्ने परम्परा बसेको हो।

यस श्लोकमा सूतजीले आफ्ना गुरु शुकदेवको महिमाको वर्णन गर्दै उहाँलाई नमस्कार गर्नुभएको छ। प्र उपसर्गपूर्वक गत्यर्थक व्रजधातुदेखि शतृप्रत्यय गरेपछि द्वितीया विभक्तिमा **प्रव्रजन्तम्** रूप बन्दछ। यसको अर्थ हो— संन्यासी भएका। **अनुपेतम्** को अर्थ हो— उपनयन संस्कारका लागि आचार्यको नजिकमा नगएका। यसमा कारण **अपेतकृत्यम्** अर्थात् कर्ममार्गमा

प्रवृत्ति नहुनु हो। उपनयन वेदाध्ययनको अङ्ग हो। जसको उपनयन संस्कार भएको छैन, उसलाई वेद पढ्ने अधिकार हुँदैन। साथै जसको शरीरमा अहंबुद्धि र शरीरसम्बन्धी वस्तुमा ममबुद्धि हुँदैन उसलाई कर्म गर्ने अधिकार नै हुँदैन, किनकि कर्म गर्नका लागि वर्ण र आश्रममा अहङ्कार हुनै पर्छ। जसमा अहङ्कार छैन, उसबाट कुनै पनि परिस्थितिमा कर्म हुन सक्दैन। उदाहरणका लागि सुषुप्ति अवस्थामा लौकिक र वैदिक कुनै पनि कर्म हुन सक्दैनन्, किनकि सुषुप्तिमा अहङ्कार हुँदैन। जाग्रत् र स्वप्नमा भने कर्महरू भएका हुन्छन्, किनकि यी दुबै अवस्थाहरूमा अहङ्कार हुन्छ। भनिएको पनि छ— **देहाभिमानादभिवर्धते क्रिया, विद्या गताहङ्कृतितः प्रसिद्ध्यति** (रामगीता १४)। अर्थात् शरीरमा अहङ्कार नभईकन कर्म हुँदैन भने अहङ्कारको नाश नभईकन ज्ञानको उदय हुँदैन। अतः ज्ञानीबाट कर्म हुन सम्भव छैन।

शुकदेव ब्रह्मनिष्ठ हुनुहुन्थ्यो। ज्ञानद्वारा उहाँको अहङ्कार सर्वथा निवृत्त भइसकेको थियो। अतः उहाँलाई उपनयन संस्कारका लागि गुरुकुल जाने, वेदको अध्ययन गर्ने, वेदार्थको जिज्ञासा गर्ने, वेदार्थको ज्ञान गर्ने, त्यसपछि धर्मको अनुष्ठान गर्ने आदि कुनै पनि कुराको आवश्यकता थिएन। भगवान् श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ— **त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन** (भगवद्गीता २.४५)। अर्थात् वेदहरूले त्रिगुणात्मक विषयहरूकै प्रतिपादन गर्दछन्, तिमी वेदप्रतिपादित कर्ममार्गबाट अलग होऊ। ज्ञानीलाई वेदका विधिवाक्य र निषेधवाक्यहरूले स्पर्श गर्दैनन्, त्यसैले भनिएको पनि छ— **निस्त्रैगुण्ये पथि विचरतां को विधिः को निषेधः** ? अर्थात्, त्रिगुणरहित मार्गमा हिँड्नेहरूका लागि विधि र निषेधको के प्रयोजन ?

श्लोकमा आएको **अभिनेदुः** यो क्रियापद अभि उपसर्गपूर्वक अव्यक्तशब्दार्थक णदधातुबाट बन्दछ। यसको कर्ता हो **तरवः** अर्थात् वृक्षहरू। उनीहरूले **अभिनेदुः** अर्थात् अस्पष्ट शब्दमा उत्तर दिए। यसको कारण हो— **तन्मयतया** अर्थात् **शुकरूपतया**। जुन समयमा श्रीशुकदेव संन्यास लिएर वनतिर जान लाग्नुभएको थियो त्यतिखेर भगवान् वेदव्यास पुत्र शुकदेवको विरहले अत्यन्त दुःखी भएर छोराको पछि लाग्दै हे बाबु ! भन्दै बोलाउन थाल्नुभयो। त्यस समयमा जङ्गलका सम्पूर्ण वृक्षहरू शुकदेवरूप भएका थिए, त्यसैले वृक्षहरूले वेदव्यासलाई उत्तर दिए। यद्यपि यहाँ **तरवः अभिनेदुः** अर्थात् वृक्षहरूले उत्तर दिए भनिएको छ, तर यो उत्तर वृक्षहरूको नभएर साक्षात् श्रीशुकदेवकै उत्तर हो। **पितुः स्नेहानुबन्धपरिहाराय यो वृक्षरूपेण उत्तरं दत्तवान्** (श्रीधरी) अर्थात् पिताको आफूप्रतिको ममता हटाउनको लागि शुकदेवले नै वृक्षरूपमा उत्तर दिनुभयो। **मुनिमानतोऽस्मि** अर्थात् यस्ता शुकदेव मुनिलाई म नमस्कार गर्दछु। यहाँ **आनतः**को अर्थ हुन्छ— झुक्नु। नमस्कार गर्दा झुक्नुपर्दछ। **नमः** शब्दको अर्थ हो— अहङ्कारको त्याग। गुरुहरूले विनयी छात्रलाई नै उपदेश गर्दछन्। नमस्कार गर्दा शरीरका सम्पूर्ण अङ्गहरू झुकेको हुनुपर्दछ। अतः शास्त्रमा साष्टाङ्ग दण्डवत्को अत्यन्त महत्त्व बताइएको छ। दण्डको अर्थ हुन्छ— लठ्ठी। जसरी लठ्ठी जमिनमा पूरै पसारिएको हुन्छ, त्यसै गरी शिष्यले गुरुको अगाडि झुक्नुपर्दछ, त्यसपछि मात्र शिष्यप्रति गुरुको हृदय पग्लन्छ, अनि मात्र गुरुले शिष्यलाई उपदेश गर्दछन्। गुरुका सामु पूर्णतया समर्पित भएपछि मात्र गुरुले शिष्यमा अहङ्कार छैन भन्ने बुझ्दछन्, अनि उसलाई उपदेश गर्दछन्।

श्लोकमा अर्को पद आएको छ— **सर्वभूतहृदयम्**। यो **मुनिः** अर्थात् शुकदेवको विशेषण पद

हो। यद्यपि आपाततः अर्थ गर्दा शुकदेव ज्ञानी हुनुभएकाले र ज्ञानी सर्वरूप हुने भएकाले **सर्वभूतहृदयम्** यो पदको अर्थ सम्पूर्ण प्राणीहरूका हृदयस्वरूप भन्ने पनि हुन सक्दछ, तथापि सबै प्राणीहरूको हृत् अर्थात् हृदयमा **अयते** अर्थात् योगबलद्वारा प्रवेश गर्ने भएकाले शुकदेवलाई सर्वभूतहृदय भनिएको हो। **सर्वभूतानां हृन्मनः अयते योगबलेन प्रविशतीति सर्वभूतहृदयस्तम्** (श्रीधरस्वामी) । उहाँ सबै प्राणीहरूमा योगबलले प्रवेश गर्न सक्ने हुनुहुन्थ्यो, त्यसकारण वृक्षहरूमा पनि योगबलद्वारा प्रवेश गर्न सक्नुहुन्थ्यो। अतः आफ्ना पिताको आफूप्रतिको ममता या आसक्तिलाई हटाउनको लागि उहाँले वृक्षरूपले उत्तर दिनुभयो। शुकदेवले वृक्षरूपले आफ्ना पिता वेदव्यासलाई के उत्तर दिनुभयो ? भन्ने कुराको उल्लेख वंशीधरी टीकामा यसप्रकार गरिएको छ— एउटा वृक्षको हाँगो काटेर अन्यत्र सारेपछि केही वर्षपछि त्यो हाँगो पनि पहिलेको वृक्ष जस्तै ठुलो हुन्छ। त्यो वृक्षले वेदव्यासलाई यसप्रकार उत्तर दियो— हेर्नुहोस् वेदव्यास ! म त्यो रुखको हाँगोबाट बनेको वृक्ष हुँ। अतः अगाडिको त्यो रुख मेरो जन्मदाता हो। म त्यसको पुत्र हुँ। त्यो रुखप्रति मेरो न यो मेरो जन्मदाता हो भन्ने आसक्ति छ, न त त्यो रुखको नै मप्रति यो मेरो छोरो हो भन्ने आसक्ति छ। हामी जड वृक्षहरूमा त त्यस्तो आसक्ति देखिँदैन भने हजुर त स्वयं भगवान् नारायणका अवतार हुनुहुन्छ। हजुर जस्ता ज्ञानीमा यो शुकदेव मेरो छोरो हो भन्ने आसक्ति कसरी भयो ? यो त ठीक भएन नि ! वृक्षको यो कुरा सुनिसकेपछि वेदव्यासको पुत्रप्रतिको आसक्ति कम भयो। वस्तुतः यो उत्तर कुनै जड वृक्षको नभई स्वयं श्रीशुकदेवको नै उत्तर थियो। मङ्गलाचरणमा आएको शुकदेवको यो प्रसङ्गबाट भागवतको मुख्य प्रतिपाद्य विषय मोक्ष हो र त्यसका लागि वैराग्यपूर्वक ज्ञान नै कारण हो भन्ने सूचित भएको छ।

नैमिषे सूतमासीनमभिवाद्य महामतिम् ।
कथामृतरसास्वादकुशलः शौनकोऽब्रवीत् ॥ ३ ॥

पदार्थ—
कथामृतरसास्वादकुशलः = भगवान्को कथारूपी अमृतको रसास्वादन गर्ने सिपालु **शौनकः** = शौनकले **नैमिषे** = नैमिषारण्यमा **आसीनम्** = बसेका **महामतिम्** = विशाल बुद्धि भएका **सूतम्** = सूतजीलाई **अभिवाद्य** = नमस्कार गरेर **अब्रवीत्** = भन्नुभयो

वाक्यार्थ— भगवत्कथामृतको रसास्वादन गर्न अत्यन्त सिपालु शौनकले नैमिषारण्यमा बसेका विशाल बुद्धि भएका सूतजीलाई नमस्कार गरेर भन्नुभयो।

शौनक उवाच (शौनकले भन्नुभयो)

अज्ञानध्वान्तविध्वंसकोटिसूर्यसमप्रभ ।
सूताख्याहि कथासारं मम कर्णरसायनम् ॥ ४ ॥

पदार्थ—
अज्ञानध्वान्तविध्वंसकोटिसूर्य-समप्रभ = अज्ञानरूपी अन्धकारलाई नाश गर्नका लागि करोडौं सूर्यका जस्ता प्रकाश भएका

सूत = हे सूतजी
मम = मेरो
कर्णरसायनम् = कानलाई आनन्द दिने
कथासारं = कथाको सार
आख्याहि = भन्नुहोस्

वाक्यार्थ– हे सूतजी ! तपाईंको ज्ञान अज्ञानरूपी अन्धकारलाई नाश गर्नका लागि करोडौँ सूर्य जस्तै प्रकाशमान छ। अतः सुन्दाखेरी नै आनन्द दिने भगवत्कथाको सार मलाई सुनाउनुहोस्।

भक्तिज्ञानविरागाप्तो विवेको वर्धते महान्।
मायामोहनिरासश्च वैष्णवैः क्रियते कथम्॥ ५॥

पदार्थ–
भक्तिज्ञानविरागाप्तः = भक्ति, ज्ञान र वैराग्यद्वारा प्राप्त हुने
महान् = ठुलो
विवेकः = विवेक
वर्धते = (कसरी) बढ्दछ (र)
वैष्णवैः = वैष्णवहरूद्वारा
मायामोहनिरासः च = माया र मोहको निराकरण पनि
कथम् = कसरी
क्रियते = गरिन्छ

वाक्यार्थ– भक्ति, ज्ञान र वैराग्यद्वारा प्राप्त हुने महान् विवेकको वृद्धि कसरी हुन्छ र वैष्णवहरूले माया र मोहबाट कसरी छुट्कारा प्राप्त गर्दछन् ?

इह घोरे कलौ प्रायो जीवश्चासुरतां गतः।
क्लेशाक्रान्तस्य तस्यैव शोधने किं परायणम्॥ ६॥

पदार्थ–
इह = यहाँ
घोरे = डर लाग्दो
कलौ = कलियुगमा
जीवः च = जीव पनि
प्रायः = धेरैजसो
असुरतां = असुरभावमा
गतः = प्राप्त भएको छ
क्लेशाक्रान्तस्य = दुःखले पीडित भएको
तस्य = त्यस जीवको
शोधने एव = शुद्धिका लागि चाहिँ
किं = के
परायणम् = उपाय छ

वाक्यार्थ– यस डरलाग्दो कलियुगमा प्रायः जीवहरू असुरभावमा प्राप्त भएका छन्, विभिन्न प्रकारका क्लेशहरूले आक्रान्त भएका ती जीवहरूको शुद्धिका लागि के उपाय छ ?

श्रेयसां यद् भवेच्छ्रेयः पावनानां च पावनम्।
कृष्णप्राप्तिकरं शश्वत् साधनं तद् वदाधुना॥ ७॥

पदार्थ–
श्रेयसां = कल्याणकारी साधनहरूमध्ये
श्रेयः = अत्यन्त कल्याण गर्ने
पावनानां च = पवित्र गर्ने साधनहरूमध्ये पनि
पावनम् = पवित्र
यत् = जुन
भवेत् = छ
शश्वत् = सधैँ
कृष्णप्राप्तिकरं = भगवान् श्रीकृष्णप्राप्ति गराउने
तत् साधनं = त्यो साधन
अधुना = अहिले
वद = भन्नुहोस्

वाक्यार्थ— हे सूतजी ! हामीलाई कल्याणकारी साधनहरूमध्ये अत्यन्त कल्याणकारी एवं पवित्र गर्ने साधनहरूमध्ये अत्यन्त पवित्र जुन साधन छ सधैं भगवान् श्रीकृष्णप्राप्ति गराउने त्यो साधन अहिले बताइदिनुहोस् ।

चिन्तामणिर्लोकसुखं सुरद्रुः स्वर्गसम्पदम् ।
प्रयच्छति गुरुः प्रीतो वैकुण्ठं योगिदुर्लभम् ॥ ८ ॥

पदार्थ—
चिन्तामणिः = चिन्तामणिले
लोकसुखं = लौकिक सुख दिन्छ
सुरद्रुः = कल्पवृक्षले
स्वर्गसम्पदम् = स्वर्गीय सम्पत्ति दिन्छ
प्रीतः = प्रसन्न भएका
गुरुः = गुरुले
योगिदुर्लभम् = योगीहरूका लागि पनि दुर्लभ
वैकुण्ठं = वैकुण्ठ लोक
प्रयच्छति = दिनुहुन्छ

वाक्यार्थ— चिन्तमणिले सांसारिक सुख दिन्छ, कल्पवृक्षले स्वर्गीय सम्पत्ति दिन्छ भने गुरुले प्रसन्न भएमा योगीहरूका लागि पनि दुर्लभ भगवान्को नित्य वैकुण्ठधाम समेत दिनुहुन्छ।

सूत उवाच (सूतजीले भन्नुभयो)

प्रीतिः शौनक चित्ते ते ह्यतो वच्मि विचार्य च ।
सर्वसिद्धान्तनिष्पन्नं संसारभयनाशनम् ॥ ९ ॥

पदार्थ—
शौनक = हे शौनकजी
ते = तपाईंको
चित्ते = चित्तमा
प्रीतिः = भगवान्प्रति प्रेम देखिन्छ
हि = निश्चय नै
अतः = त्यसकारण
विचार्य = विचार गरेर
सर्वसिद्धान्तनिष्पन्नं = सम्पूर्ण सिद्धान्तहरूको निष्कर्ष भएको
संसारभयनाशनम् च = संसारको जन्म र मृत्युको भयलाई नाश गर्ने उपाय पनि
वच्मि = बताउँछु

वाक्यार्थ— हे शौनकजी ! तपाईंका हृदयमा भगवान्का प्रति प्रेम भएको हुनाले म विचार गरेर तपाईंलाई सम्पूर्ण सिद्धान्तको निष्कर्षको रूपमा रहेको जन्म र मृत्युको भयलाई नाश गर्ने उपाय बताउँछु।

भक्त्योघवर्धनं यच्च कृष्णसंतोषहेतुकम् ।
तदहं तेऽभिधास्यामि सावधानतया शृणु ॥ १० ॥

पदार्थ—
यत् = जुन साधन
भक्त्योघवर्धनं = भक्तिको प्रवाहलाई बढाउने
कृष्णसंतोषहेतुकम् च = भगवान् श्रीकृष्णको सन्तुष्टिको कारण भएको पनि छ
तत् = त्यो साधन
अहं = म
ते = तपाईंलाई
अभिधास्यामि = भन्दछु
सावधानतया = सावधान भएर
शृणु = सुन्नुहोस्

वाक्यार्थ— जुन साधनले भक्तिको प्रवाहलाई बढाउँछ अनि जुन साधन भगवान् श्रीकृष्णको

सन्तुष्टिको कारण छ त्यो साधन म तपाईंलाई बताउँछु, सावधान भएर सुन्नुहोस् ।

कालव्यालमुखग्रासत्रासनिर्णाशहेतवे ।
श्रीमद्भागवतं शास्त्रं कलौ कीरेण भाषितम् ॥ ११ ॥

पदार्थ–
कालव्यालमुखग्रासत्रासनिर्णाश-हेतवे = कालरूपी सर्पको मुखको गासमा परिएला कि भनेर भएको डरलाई पूर्ण रूपमा नाश गर्नका लागि
कलौ = कलियुगमा
कीरेण = श्रीशुकदेवजीद्वारा
श्रीमद्भागवतं शास्त्रं = श्रीमद्भागवत शास्त्र
भाषितम् = भनिएको हो

वाक्यार्थ– कलियुगमा कालरूपी सर्पको मुखको गासमा परिएला कि भनेर भएको जीवहरूको त्रासलाई पूर्णरूपमा नाश गर्न श्रीशुकदेवजीले श्रीमद्भागवत शास्त्रको उपदेश गर्नुभएको हो ।

एतस्मादपरं किञ्चिन्मनःशुद्ध्यै न विद्यते ।
जन्मान्तरे भवेत् पुण्यं तदा भागवतं लभेत् ॥ १२ ॥

पदार्थ–
मनःशुद्ध्यै = मनको शुद्धिका निमित्त
एतस्मात् = योभन्दा
अपरं = अर्को
किञ्चित् = कुनै उपाय
न विद्यते = छैन
जन्मान्तरे = पूर्वजन्मको
पुण्यं = पुण्य (को उदय जब)
भवेत् = होला
तदा = त्यस वेला
भागवतं = भागवत श्रवण गर्ने अवसर
लभेत् = प्राप्त होला

वाक्यार्थ– मनको शुद्धिका लागि भागवत शास्त्रभन्दा ठुलो उपाय संसारमा अरू कुनै छैन। मनुष्यको पूर्वजन्मको पुण्यको उदय भएपछि मात्र भागवत श्रवण गर्ने अवसर प्राप्त हुन्छ।

परीक्षिते कथां वक्तुं सभायां संस्थिते शुके ।
सुधाकुम्भं गृहीत्वैव देवास्तत्र समागमन् ॥ १३ ॥

पदार्थ–
परीक्षिते = परीक्षित्लाई
कथां = कथा
वक्तुं = भन्नका लागि
शुके = श्रीशुकदेवजी
सभायां = सभामा
संस्थिते = विराजमान हुनुभएपछि
देवाः = देवताहरू
सुधाकुम्भं = अमृतको घडा
गृहीत्वा = लिएर
तत्र एव = त्यहाँ नै
समागमन् = आए

वाक्यार्थ– श्रीशुकदेवजी राजा परीक्षित्लाई कथा सुनाउनका लागि सभामा विराजमान हुनुभएपछि अमृतको घडा लिएर देवताहरू उहाँ बसेका ठाउँमा आए।

शुकं नत्वावदन् सर्वे स्वकार्यकुशलाः सुराः ।
कथासुधां प्रयच्छस्व गृहीत्वैव सुधामिमाम् ॥ १४ ॥

पदार्थ–
स्वकार्यकुशलाः = आफ्नो काम बनाउनमा सिपालु

सर्वे = सबै
सुराः = देवताहरूले
शुकं = श्रीशुकदेवजीलाई
नत्वा = नमस्कार गरेर
अवदन् = भने
इमाम् = यो
सुधाम् = अमृत
गृहीत्वा एव = लिएर नै
कथासुधां = कथारूपी अमृत
प्रयच्छस्व = दिनुहोस्

वाक्यार्थ– आफ्नो काम बनाउन सिपालु सबै देवताहरूले श्रीशुकदेवजीलाई नमस्कार गरेर भने– हामीहरूले ल्याएको यो अमृत लिएर हामीहरूलाई कथारूपी अमृत दिनुहोस्।

एवं विनिमये जाते सुधा राज्ञा प्रपीयताम्।
प्रपास्यामो वयं सर्वे श्रीमद्भागवतामृतम्॥ १५॥

पदार्थ–
एवं = यस प्रकारको
विनिमये = आदान-प्रदान
जाते = भएपछि
राज्ञा = राजाद्वारा
सुधा = अमृत
प्रपीयताम् = पिइयोस्
सर्वे = सबै
वयं = हामीहरू
श्रीमद्भागवतामृतम् = श्रीमद्भागवतरूपी अमृत
प्रपास्यामः = पिउनेछौँ

वाक्यार्थ– यस प्रकारको आदान-प्रदान भएपछि राजाद्वारा अमृत पिइयोस् र हामीहरू चाहिँ श्रीमद्भागवतरूपी अमृतको पान गर्नेछौँ भनी देवताहरूले भने।

क्व सुधा क्व कथा लोके क्व काचः क्व मणिर्महान्।
ब्रह्मरातो विचार्यैवं तदा देवाञ्जहास ह॥ १६॥

पदार्थ–
लोके = यस संसारमा
सुधा क्व = कहाँ अमृत
कथा क्व = कहाँ कथा
काचः क्व = कहाँ काँच
महान् मणिः क्व = कहाँ बहुमूल्य मणि
ब्रह्मरातः = श्रीशुकदेवजीले
एवं = यस्तो
विचार्य = विचार गरेर
तदा = त्यस वेला
देवान् = देवताहरूलाई
जहास ह = हँसी उडाउनुभयो

वाक्यार्थ– कहाँ काँच अनि कहाँ बहुमूल्य मणि, कहाँको अमृत अनि कहाँ श्रीमद्भागवतको कथा (जसरी काँचको मणिसँग तुलना हुन सक्दैन त्यसै गरी तिमीहरूले ल्याएको अमृत काँच जस्तो हो भने श्रीमद्भागवत कथा बहुमूल्य मणि जस्तो हो), यस्तो विचार गरेर श्रीशुकदेवजीले देवताहरूलाई हँसी उडाउनुभयो।

अभक्तांस्तांश्च विज्ञाय न ददौ स कथामृतम्।
श्रीमद्भागवती वार्ता सुराणामपि दुर्लभा॥ १७॥

पदार्थ–
तान् = ती देवताहरू
अभक्तान् च = भगवान्का भक्त होइनन् भन्ने पनि
विज्ञाय = बुझेर
सः = उहाँ श्रीशुकदेवजीले
कथामृतम् = कथारूपी अमृत
न ददौ = दिनुभएन
श्रीमद्भागवती =

श्रीमद्भागवतको	**सुराणाम् अपि** = देवताहरूका लागि पनि	**दुर्लभा** = दुर्लभ छ
वार्ता = कथा		

वाक्यार्थ– श्रीशुकदेवजीले देवताहरू भगवान्‌का भक्त होइनन् भन्ने कुरा बुझेर उनीहरूलाई श्रीमद्भागवतको कथा सुनाउनुभएन। श्रीमद्भागवतको कथा देवताहरूका लागि पनि दुर्लभ छ।

राज्ञो मोक्षं तथा वीक्ष्य पुरा धातापि विस्मितः।

सत्यलोके तुलां बद्ध्वातोलयत् साधनान्यजः॥ १८॥

पदार्थ–	**पुरा** = पूर्वकालमा	**सत्यलोके** = सत्यलोकमा
राज्ञः = राजाको	**धाता अपि** = ब्रह्माजी पनि	**तुलां** = तराजु
तथा मोक्षं = त्यस किसिमको मोक्ष	**विस्मितः** = आश्चर्यचकित हुनुभयो	**बद्ध्वा** = बाँधेर
वीक्ष्य = देखेर	**अजः** = ब्रह्माजीले	**साधनानि** = साधनहरूलाई
		अतोलयत् = तौलनुभयो

वाक्यार्थ– श्रीमद्भागवतको श्रवण गर्नाले राजा परीक्षित् मुक्त भएको देखेर पूर्वकालमा ब्रह्माजी पनि आश्चर्यचकित हुनुभयो। त्यसपछि उहाँले तराजु बाँधेर साधनहरूलाई तौलनुभयो।

लघून्यन्यानि जातानि गौरवेण इदं महत्।

तदा ऋषिगणाः सर्वे विस्मयं परमं ययुः॥ १९॥

पदार्थ–	**गौरवेण** = आफ्नो गुरुताको कारणले	**ऋषिगणाः** = ऋषिहरू
अन्यानि = अरू साधनहरू	**महत्** = गह्रौं भयो	**परमं** = ठुलो
लघूनि = हलुका	**तदा** = त्यस वेला	**विस्मयं ययुः** = आश्चर्यमा प्राप्त भए
जातानि = भए	**सर्वे** = सबै	
इदं = यो श्रीमद्भागवत		

वाक्यार्थ– तराजुमा तौलँदा अन्य साधनहरू हलुका भए, श्रीमद्भागवत चाहिँ आफ्नो गुरुताको कारणले गह्रौं (महत्त्वपूर्ण) भयो, यो देखेर त्यस समयमा सम्पूर्ण ऋषिहरू आश्चर्यचकित भए।

मेनिरे भगवद्रूपं शास्त्रं भागवतं कलौ।

पठनाच्छ्रवणात् सद्यो वैकुण्ठफलदायकम्॥ २०॥

पदार्थ–	**पठनात्** = पढ्नाले	फल प्रदान गर्ने
कलौ = कलि युगमा	**श्रवणात्** = सुन्नाले	**मेनिरे** = माने
भगवद्रूपं = भगवद्रूप	**सद्यः** = तुरुन्त	
भागवतं शास्त्रं = भागवत शास्त्र	**वैकुण्ठफलदायकम्** = वैकुण्ठरूपी	

वाक्यार्थ– कलि युगमा भगवद्रूप भागवत शास्त्र पढ्नाले वा सुन्नाले यसले तुरुन्त वैकुण्ठरूपी फल प्रदान गर्दछ भन्ने कुरा ऋषिहरूले माने।

सप्ताहेन श्रुतं चैतत् सर्वथा मुक्तिदायकम्।

सनकाद्यैः पुरा प्रोक्तं नारदाय दयापरैः॥ २१॥

पदार्थ–
सप्ताहेन = सप्ताह विधिद्वारा
श्रुतं च = श्रवण गरिएको भागवत
सर्वथा = अवश्य नै
मुक्तिदायकम् = मुक्तिप्रदायक (छ)
पुरा = पूर्वकालमा
एतत् = यो भागवत
दयापरैः = ज्यादै दयालु
सनकाद्यैः = सनक आदि ऋषिहरूद्वारा
नारदाय = नारदजीलाई
प्रोक्तं = बताइएको थियो

वाक्यार्थ– सप्ताह विधिद्वारा श्रवण गरिएको यस भागवतले अवश्य पनि मुक्ति प्रदान गर्दछ। पूर्वकालमा ज्यादै दयालु सनक आदि ऋषिहरूले देवर्षि नारदलाई यही भागवत बताएका थिए।

यद्यपि ब्रह्मसम्बन्धाच्छ्रुतमेतत् सुरर्षिणा।

सप्ताहश्रवणविधिः कुमारैस्तस्य भाषितः॥ २२॥

पदार्थ–
यद्यपि = यसो भए पनि
सुरर्षिणा = देवर्षि नारदद्वारा
एतत् = यो श्रीमद्भागवत
ब्रह्मसम्बन्धात् = ब्रह्माजीबाट
श्रुतम् = सुनिएको थियो
सप्ताहश्रवणविधिः = सात दिनसम्म सुन्ने विधि भने
कुमारैः = सनक आदि कुमारहरूद्वारा
तस्य = उहाँलाई (नारदजीलाई)
भाषितः = बताइएको थियो

वाक्यार्थ– यो श्रीमद्भागवत महापुराण सबभन्दा पहिले ब्रह्माजीबाट नारदजीले सुन्नुभएको थियो, सात दिनसम्म लगातार भागवत सुन्ने विधि चाहिँ सनक आदि कुमारहरूले नारदजीलाई बताउनुभएको थियो।

शौनक उवाच (शौनकले भन्नुभयो)

लोकविग्रहमुक्तस्य नारदस्यास्थिरस्य च।

विधिश्रवे कुतः प्रीतिः संयोगः कुत्र तैः सह॥ २३॥

पदार्थ–
लोकविग्रहमुक्तस्य = सांसारिक प्रपञ्चबाट मुक्त भएका
अस्थिरस्य = एक ठाउँमा स्थिर भएर नबस्ने
नारदस्य च = नारदजीलाई पनि
विधिश्रवे = विधिको श्रवणमा
कुतः = कसरी
प्रीतिः = प्रेम भयो
तैः सह = ती सनक आदिहरूसँग
संयोगः = भेटघाट
कुत्र = कहाँ

वाक्यार्थ– सांसारिक प्रपञ्चबाट मुक्त भएका र कहिल्यै पनि एक ठाउँमा स्थिर भएर नबस्ने दवर्षि नारदलाई विधिको श्रवण गर्ने कार्यमा प्रेम कसरी भयो र सनक आदि ऋषिहरूका साथ उहाँको भेटघाट कहाँ भयो ?

सूत उवाच (सूतजीले भन्नुभयो)

अत्र ते कीर्तयिष्यामि भक्तियुक्तं कथानकम्।

शुकेन मम यत् प्रोक्तं रहः शिष्यं विचार्य च॥ २४॥

पदार्थ–

अत्र = यस विषयमा
शुकेन च = श्रीशुकदेवजीद्वारा चाहिँ
मम = मलाई
शिष्यं = शिष्य
विचार्य = ठानेर, बुझेर
यत् = जुन कुरा
रहः = एकान्तमा
प्रोक्तं = भनिएको थियो
भक्तियुक्तं = भक्तिपूर्ण
कथानकम् = कथानक
ते = तपाईंलाई
कीर्तयिष्यामि = सुनाउँछु

वाक्यार्थ– यस विषयमा श्रीशुकदेवजीले मलाई शिष्य ठानेर एकान्तमा सुनाउनुभएको एउटा भक्तिपूर्ण कथानक छ, त्यो अब म तपाईंलाई सुनाउँछु।

एकदा हि विशालायां चत्वार ऋषयोऽमलाः।

सत्सङ्गार्थं समायाता ददृशुस्तत्र नारदम्॥ २५॥

पदार्थ–

एकदा = एक दिन
हि = निश्चय नै
विशालायां = विशालापुरी (बदरीकाश्रम)मा
सत्सङ्गार्थं = सत्सङ्गका लागि
समायाताः = आएका
अमलाः = निर्मल
चत्वारः = चार जना
ऋषयः = ऋषिहरूले
तत्र = त्यहाँ
नारदम् = नारदजीलाई
ददृशुः = देख्नुभयो

वाक्यार्थ– एक दिन बदरीकाश्रममा निर्मल अन्तःकरण भएका चार जना ऋषिहरू सत्सङ्गका लागि आउनुभयो र उहाँहरूले त्यहाँ नारदजीलाई देख्नुभयो।

कुमारा ऊचुः (सनक आदि कुमारहरूले भन्नुभयो)

कथं ब्रह्मन् दीनमुखः कुतश्चिन्तातुरो भवान्।

त्वरितं गम्यते कुत्र कुतश्चागमनं तव॥ २६॥

पदार्थ–

ब्रह्मन् = हे नारदजी
भवान् = तपाईं
कथं = किन
दीनमुखः = निन्याउरो मुख भएको (हुनुहुन्छ ?)
कुतः = किन
चिन्तातुरः = चिन्ताले व्याकुल हुनुभएको छ ?
त्वरितं = हतारिएर
कुत्र = कहाँ
गम्यते = जाँदै हुनुहुन्छ
तव = तपाईंको
आगमनं च = आगमन पनि
कुतः = कहाँबाट भयो ?

वाक्यार्थ– हे नारदजी ! तपाईंको मुख किन मलिन (निन्याउरो) छ ? तपाईं किन चिन्तित हुनुहुन्छ ? तपाईं हतारिएर कहाँ जाँदै हुनुहुन्छ ? र तपाईं अहिले कहाँबाट आउनुभएको हो ?

इदानीं शून्यचित्तोऽसि गतवित्तो यथा जनः।
तवेदं मुक्तसङ्गस्य नोचितं वद कारणम्॥ २७॥

पदार्थ—
यथा = जसरी
गतवित्तः = धन हराएको
जनः = मानिस
शून्यचित्तः = अत्यन्त व्याकुल हुन्छ
इदानीं = अहिले (तपाईं त्यस्तै)
असि = हुनुहुन्छ
मुक्तसङ्गस्य = आसक्तिले रहित भएका
तव = तपाईंका लागि
इदं = यो
उचितं = उचित
न = होइन
कारणम् = (यसको) कारण
वद = भन्नुहोस्

वाक्यार्थ— अहिले तपाईं धन हराएको मानिस जस्तै व्याकुल हुनुहुन्छ। तपाईं जस्ता आसक्तिरहित व्यक्तिका लागि यो कुरो उचित होइन, यसको कारण बताउनुहोस्।

नारद उवाच (नारदजीले भन्नुभयो)

अहं तु पृथिवीं यातो ज्ञात्वा सर्वोत्तमामिति।
पुष्करं च प्रयागं च काशीं गोदावरीं तथा॥ २८॥
हरिक्षेत्रं कुरुक्षेत्रं श्रीरङ्गं सेतुबन्धनम्।
एवमादिषु तीर्थेषु भ्रममाण इतस्ततः॥ २९॥
नापश्यं कुत्रचिच्छर्म मनःसंतोषकारकम्।
कलिनाधर्ममित्रेण धरेयं बाधिताधुना॥ ३०॥

पदार्थ—
अहं तु = म त
सर्वोत्तमाम् इति = सर्वोत्तम लोक हो भन्ने
ज्ञात्वा = ठानेर
पृथिवीं = पृथ्वीमा
यातः = आएको थिएँ
पुष्करं = पुष्कर पनि
प्रयागं = प्रयाग पनि
काशीं = काशी
गोदावरीं = गोदावरी
तथा = त्यस्तै
हरिक्षेत्रं = हरिक्षेत्र
कुरुक्षेत्रं च = कुरुक्षेत्र र
श्रीरङ्गं च = श्रीरङ्ग अनि
सेतुबन्धनम् = सेतुबन्ध
एवम् आदिषु = इत्यादि
तीर्थेषु = तीर्थहरूमा
इतस्ततः = यता-उता
भ्रममाणः = घुमिरहेको मैले
कुत्रचित् = कतै पनि
मनःसंतोषकारकम् = मनलाई सन्तोष दिने
शर्म = ठाउँ
न अपश्यं = देखिनँ
अधुना = अहिले
अधर्ममित्रेण = अधर्मको साथी
कलिना = कलिद्वारा
इयं = यी
धरा = पृथ्वी
बाधिता = पीडित छिन्

वाक्यार्थ– म सर्वोत्तम लोक त यही हो भन्ने सम्झेर पृथ्वीमा आएको थिएँ, यहाँ पुष्कर, प्रयाग, काशी, गोदावरी, हरिद्वार, कुरुक्षेत्र, श्रीरङ्ग र सेतुबन्ध आदि विभिन्न तीर्थहरूमा घुम्दा पनि मैले कतै पनि मनलाई सन्तोष दिने ठाउँ पाउन सकिनँ। यतिखेर अधर्मको मित्र कलियुगद्वारा पृथ्वी पीडित भएकी छिन्।

सत्यं नास्ति तपः शौचं दया दानं न विद्यते।
उदरम्भरिणो जीवा वराकाः कूटभाषिणः॥ ३१॥
मन्दाः सुमन्दमतयो मन्दभाग्या ह्युपद्रुताः।
पाखण्डनिरताः सन्तो विरक्ताः सपरिग्रहाः॥ ३२॥
तरुणीप्रभुता गेहे श्यालको बुद्धिदायकः।
कन्याविक्रयिणो लोभाद् दम्पतीनां च कल्कनम्॥ ३३॥

पदार्थ–
सत्यं = सत्य
न अस्ति = छैन
तपः = तपस्या
शौचं = पवित्रता
दया = दया
दानं = दान
न विद्यते = छैन
वराकाः = बिचरा
जीवाः = जीवहरू
उदरम्भरिणः = केवल आफ्नो पेट भर्नमा लाग्ने (भएका छन्)
कूटभाषिणः = असत्य बोल्ने
मन्दाः = अल्छी
सुमन्दमतयः = मन्द बुद्धि भएका
मन्दभाग्याः हि = भाग्य कम भएका (छन्)
उपद्रुताः = उपद्रवग्रस्त (छन्)
सन्तः = साधुहरू
पाखण्डनिरताः = पाखण्डी (भएका छन्)
विरक्ताः = विरक्त (भनाउँदा)हरू
सपरिग्रहाः = धन सम्पत्ति जम्मा गर्ने (भएका छन्)
गेहे = घरमा
तरुणीप्रभुताः = स्त्रीहरूको शासन (छ)
श्यालकः = सालो
बुद्धिदायकः = बुद्धि दिनेवाला (भएको छ)
लोभात् = लोभका कारणले
कन्याविक्रयिणः = कन्याको बिक्री गर्ने (भएका छन्)
दम्पतीनां च = पतिपत्नीहरूमा पनि
कल्कनम् = झगडा (देखिन्छ)

वाक्यार्थ– यस समय पृथ्वीमा सत्य, तप, पवित्रता, दया, दान आदि देखिँदैनन्। बिचरा जीवहरू केवल आफ्नो पेट पाल्नमा मात्र लागेका छन्। उनीहरू असत्यभाषी, अल्छी, मन्दबुद्धि भएका, भाग्य कम भएका र उपद्रवग्रस्त छन्। साधुसन्तहरू पनि पाखण्डी भएका छन्, विरक्त भनाउँदाहरू पनि धनसम्पत्ति बटुल्नमा लागेका छन्। घरमा स्त्रीको शासन चलेको छ, सालो सल्लाहकार बनेको छ, लोभले मनुष्यहरू छोरीलाई बेच्ने बनेका छन् र पतिपत्नीमा पनि झगडा देखिन्छ।

आश्रमा यवनै रुद्धास्तीर्थानि सरितस्तथा।
देवतायतनान्यत्र दुष्टैर्नष्टानि भूरिशः॥ ३४॥

न योगी नैव सिद्धो वा न ज्ञानी सत्क्रियो नरः।
कलिदावानलेनाद्य साधनं भस्मतां गतम्॥ ३५॥
अट्टशूला जनपदाः शिवशूला द्विजातयः।
कामिन्यः केशशूलिन्यः सम्भवन्ति कलाविह॥ ३६॥

पदार्थ—
आश्रमाः = आश्रमहरू
तीर्थानि = तीर्थहरू
तथा = त्यस्तै
सरितः = नदीहरू
यवनैः = यवनहरूद्वारा
रुद्धाः = अधीनमा गरिएका (छन्)
अत्र = यहाँ
भूरिशः = धेरैजसो
देवतायतनानि = देवालयहरू
दुष्टैः = दुष्टहरूद्वारा
नष्टानि = नष्ट गरिएका (छन्)
योगी न = योगी छैनन्
सिद्धः न एव = सिद्ध छैनन् नै
ज्ञानी = ज्ञानी र
सत्क्रियः = सत्कर्म गर्ने
नरः वा न = मानिसहरू (पनि छैनन्)
अद्य = अहिले
साधनं = साधन
कलिदावानलेन = कलियुगरूपी डँढेलोद्वारा
भस्मतां = खरानी भएको अवस्थामा
गतम् = पुगेका छन्
इह कलौ = यो कलियुगमा
जनपदाः = देशवासीहरू
अट्टशूलाः = अन्न विक्री गर्ने (भएका छन्)
द्विजातयः = ब्राह्मणहरू
शिवशूलाः = वेदको विक्री गर्ने (भएका छन्)
कामिन्यः = कामिनी स्त्रीहरू
केशशूलिन्यः = वेश्यावृत्तिद्वारा जीवन निर्वाह गर्ने
सम्भवन्ति = भएका छन्

वाक्यार्थ— यस कलियुगमा आश्रम, तीर्थ र नदीहरू यवनहरूका अधीनमा छन्; धेरैजसो देवालयहरू दुष्टहरूले नष्ट गरिसकेका छन्; यस समयमा यहाँ न कोही योगी छन्, न त कुनै सिद्ध छन्, न ज्ञानवान् नै छन्, न कुनै सत्कर्म गर्ने मानिसहरू नै छन्। सम्पूर्ण साधनहरू कलिरूप डँढेलोले जलेर भस्म भएका छन्। यस कलियुगमा देशवासीहरू अन्नको बेचबिखन गर्दछन्, ब्राह्मणहरू वेदको विक्री गर्ने भएका छन् र कामुक स्त्रीहरू वेश्यावृत्तिद्वारा जीवन निर्वाह गर्ने भएका छन्।

एवं पश्यन् कलेर्दोषान् पर्यटन्नवनीमहम्।
यामुनं तटमापन्नो यत्र लीला हरेरभूत्॥ ३७॥

पदार्थ—
एवं = यस प्रकार
कलेः = कलियुगका
दोषान् = दोषहरूलाई
पश्यन् = हेर्दै
अहम् = म
अवनीम् = पृथ्वीमा
पर्यटन् = घुम्दै
यामुनं = यमुना नदीको
तटम् = किनारमा
आपन्नः = आइपुगेँ
यत्र = जहाँ
हरेः = भगवान् श्रीहरिको
लीला = लीला
अभूत् = भएको थियो

वाक्यार्थ— यस प्रकार कलियुगका दोषहरूलाई हेर्दै पृथ्वीभर घुम्दै-घुम्दै म यमुनाका किनारमा

आइपुगेँ जहाँ भगवान् श्रीहरिको लीला भएको थियो।

तत्राश्चर्यं मया दृष्टं श्रूयतां तन्मुनीश्वराः।
एका तु तरुणी तत्र निषण्णा खिन्नमानसा ॥ ३८ ॥

पदार्थ–
मुनीश्वराः = हे मुनीश्वरहरू
तत्र = त्यहाँ
मया = मद्वारा
आश्चर्यं = (जुन) आश्चर्य
दृष्टं = देखियो
तत् = त्यो
श्रूयतां = सुन्नुहोस्
एका = एउटी
तरुणी तु = युवति चाहिँ
तत्र = त्यहाँ
खिन्नमानसा = दुःखी भएर
निषण्णा = बसेकी थिइन्

वाक्यार्थ– हे मुनीश्वरहरू ! मैले त्यहाँ के आश्चर्य देखेँ भने त्यहाँ एउटी युवति दुःखी भएर बसिरहेकी थिइन्, त्यस विषयमा सुन्नुहोस्।

वृद्धौ द्वौ पतितौ पार्श्वे निःश्वसन्तावचेतनौ।
शुश्रूषन्ती प्रबोधन्ती रुदती च तयोः पुरः ॥ ३९ ॥
दशदिक्षु निरीक्षन्ती रक्षितारं निजं वपुः।
वीज्यमाना शतस्त्रीभिर्बोध्यमाना मुहुर्मुहुः ॥ ४० ॥

पदार्थ–
पार्श्वे = उनका नजिकमा
द्वौ = दुई जना
वृद्धौ = बुढा
अचेतनौ = अचेत अवस्थामा
निःश्वसन्तौ = जोरसँग सास फेरिरहेका
पतितौ = लडिरहेका
तयोः = ती दुईजना वृद्धहरूको
पुरः = नजिकमा
शुश्रूषन्ती = सेवा गरिरहेकी
प्रबोधन्ती = उनीहरूलाई बिउँझाउने प्रयास गरिरहेकी
रुदती च = रोई पनि रहेकी
निजं = आफ्नो
वपुः = शरीरको
रक्षितारं = संरक्षक हुनुभएका भगवान्लाई
दशदिक्षु = दशै दिशाहरूमा
निरीक्षन्ती = हेरिरहेकी थिइन्
शतस्त्रीभिः = सयौँ स्त्रीहरूद्वारा
वीज्यमाना = पङ्खा हम्किइएकी
मुहुर्मुहुः = बारम्बार
बोध्यमाना = सम्झाइएकी थिइन्

वाक्यार्थ– उनका नजिकमा अचेत अवस्थामा रहेका दुईजना बुढाहरू जोर-जोरले सास फेर्दै जमिनमा लडिरहेका थिए। ती युवतिले ती दुईजना बुढाहरूको सेवा गरिरहेकी थिइन् र तिनीहरूलाई बिउँझाउने प्रयास गरिरहेकी थिइन् अनि ती दुईजनाको अगाडि बसेर रोइरहेकी थिइन्। उनी आफ्ना शरीरका रक्षक परमात्मालाई दशै दिशातिर खोजिरहेकी थिइन्। चारैतिर रहेका सयौँ सेविकाहरूले उनलाई पङ्खा हम्किरहेका थिए र बारम्बार उनलाई सम्झाइरहेका थिए।

दृष्ट्वा दूराद् गतः सोऽहं कौतुकेन तदन्तिकम्।
मां दृष्ट्वा चोत्थिता बाला विह्वला चाब्रवीद् वचः ॥ ४१ ॥

पदार्थ–
दूरात् = टाढाबाट
दृष्ट्वा = (यस्तो) देखेर
कौतुकेन = जान्न इच्छुक भएर
सः अहं = म
तदन्तिकम् = तिनका नजिकमा
गतः च = गएँ पनि
मां = मलाई
दृष्ट्वा = देखेर
उत्थिता = उठेकी र
विह्वला च = व्याकुल भएकी
बाला = ती युवतिले
वचः अब्रवीत् = भन्न लागिन्

वाक्यार्थ– टाढाबाट यस्तो देखेर म (नारद) (के भएको रहेछ भन्ने कुरा) जान्न उत्सुक भएर ती युवतिको नजिक गएँ। मलाई देखेर ती युवति उठिन् र विह्वल भएर भन्न लागिन्।

बालोवाच (युवतिले भनिन्)

भोः भोः साधो क्षणं तिष्ठ मच्चिन्तामपि नाशय।
दर्शनं तव लोकस्य सर्वथाघहरं परम्॥ ४२॥
बहुधा तव वाक्येन दुःखशान्तिर्भविष्यति।
यदा भाग्यं भवेद् भूरि भवतो दर्शनं तदा॥ ४३॥

पदार्थ–
भोः भोः साधो = हे साधु
क्षणं = एकै छिन
तिष्ठ = रोकिनुहोस्
मच्चिन्ताम् अपि = मेरो चिन्ता पनि
नाशय = नष्ट गरिदिनुहोस्
तव = तपाईंको
दर्शनं = दर्शन
लोकस्य = मानिसहरूको
सर्वथा = सम्पूर्ण रूपमा
परम् = ठुलो
अघहरं = पापहरूलाई नष्ट गरिदिने (किसिमको छ)
तव = तपाईंको
वाक्येन = कुराले
बहुधा = धेरै
दुःखशान्तिः = दुःखको शान्ति
भविष्यति = हुनेछ
यदा = जब
भूरि = धेरै
भाग्यं = भाग्य
भवेत् = हुन्छ
तदा = त्यस वेला
भवतः = तपाईंको
दर्शनं = दर्शन (पाइन्छ)

वाक्यार्थ– हे साधु नारदजी ! तपाईं एकै छिन यहाँ रोकिनुहोस् र मेरो चिन्ता नष्ट गरिदिनुहोस्। तपाईंको दर्शनले संसारका सम्पूर्ण पापहरू नष्ट गरिदिन्छ, तपाईंको वचनले मेरो दुःख अवश्य शान्त हुनेछ। जब भाग्यको उदय हुन्छ तब मात्र तपाईंको दर्शन पाइन्छ।

नारद उवाच (नारदजीले भन्नुभयो)

कासि त्वं काविमौ चेमा नार्यः काः पद्मलोचनाः।
वद देवि सविस्तारं स्वस्य दुःखस्य कारणम्॥ ४४॥

पदार्थ–
त्वं = तिमी
का असि = को हौ
इमौ कौ = यी दुईजना पुरुषहरू को हुन्
इमाः = यी

पद्मलोचनाः = कमलजस्ता आँखा भएका	**देवि** = हे देवी	**सविस्तारं** = विस्तारपूर्वक
नार्यः च = नारीहरू चाहिँ	**स्वस्य** = आफ्नो	**वद** = भन
काः = को हुन्	**दुःखस्य** = दुःखको	
	कारणम् = कारण	

वाक्यार्थ– हे देवी ! तिमी को हौ ? यी दुई पुरुष को हुन् ? यी कमलजस्ता आँखा भएका नारीहरू को हुन् ? तिमी आफ्नो दुःखको कारण विस्तारपूर्वक मलाई भन।

बालोवाच (युवतिले भनिन्)

अहं भक्तिरिति ख्याता इमौ मे तनयौ मतौ।

ज्ञानवैराग्यनामानौ कालयोगेन जर्जरौ॥ ४५॥

पदार्थ–

अहं = म	**इमौ** = यी दुईजना	**कालयोगेन** = समयका प्रभावले
भक्तिः इति = भक्ति नामले	**मे** = मेरा	**जर्जरौ** = बुढा भएका
ख्याता = प्रसिद्ध छु	**ज्ञानवैराग्यनामानौ** = ज्ञान र वैराग्य नामका	**तनयौ** = दुई छोरा
		मतौ = मानिएका (हुन्)

वाक्यार्थ– मेरो नाम भक्ति हो। यी दुईजना ज्ञान र वैराग्य नामका समयका प्रभावले बुढा भएका मेरा छोराहरू हुन्।

गङ्गाद्याः सरितश्चेमा मत्सेवार्थं समागताः।

तथापि न च मे श्रेयः सेवितायाः सुरैरपि॥ ४६॥

पदार्थ–

इमाः = यी	**समागताः** = आएका छन्	**मे** = मलाई
गङ्गाद्याः = गङ्गा आदि	**तथा अपि** = तर पनि	**श्रेयः** = कल्याण
सरितः च = नदीहरू चाहिँ	**सुरैः** = देवताहरूद्वारा	**न** = छैन
मत्सेवार्थं = मेरो सेवाका लागि	**सेवितायाः च अपि** = सेवा गरिएकी भए पनि	

वाक्यार्थ– यी (नारीको रूपमा रहेका) गङ्गा आदि नदीहरू मेरो सेवाका लागि यहाँ आएका हुन्। देवताहरूद्वारा सेवा गरिए पनि मरो कल्याण भएको छैन।

इदानीं शृणु मद्वार्तां सचित्तस्त्वं तपोधन।

वार्ता मे वितताप्यस्ति तां श्रुत्वा सुखमावह॥ ४७॥

पदार्थ–

तपोधन = हे तपोधन नारद मुनि	**इदानीं** = अहिले	**वार्ता** = कुरा
त्वं = तपाईं	**मद्वार्तां** = मेरो कुरा	**वितता अपि** = लामो पनि
सचित्तः = ध्यान दिएर	**शृणु** = सुन्नुहोस्	**अस्ति** = छ
	मे = मेरो	**तां** = त्यसलाई

श्रुत्वा = सुनेर | **सुखम्** = (मलाई) सुख | **आवह** = दिनुहोस्

वाक्यार्थ– हे तपोधन नारद मुनि ! अब ध्यान दिएर मेरो वृत्तान्त सुन्नुहोस्। मेरो कुरा लामो छ तैपनि यो मेरो वेदना सुनेर मलाई सुख दिनुहोस्।

उत्पन्ना द्रविडे साहं वृद्धिं कर्णाटके गता।
क्वचित् क्वचिन्महाराष्ट्रे गुर्जरे जीर्णतां गता॥ ४८॥

पदार्थ–
सा अहं = त्यो म भक्ति
द्रविडे = द्रविड देशमा
उत्पन्ना = उत्पन्न भएँ
कर्णाटके = कर्णाटक देशमा
वृद्धिं गता = हुर्किएँ
क्वचित् क्वचित् = कतै कतै
महाराष्ट्रे = महाराष्ट्रमा
(सम्मानित भएँ तर)
गुर्जरे = गुजरातमा
जीर्णतां गता = बुढी भएँ

वाक्यार्थ– म द्रविड देशमा जन्मिएँ, कर्णाटकमा हुर्किएँ, महाराष्ट्रमा कतै कतै सम्मानित पनि भएँ, तर गुजरातमा आएर म बुढी भएँ।

तत्र घोरकलेर्योगात् पाखण्डैः खण्डिताङ्गका।
दुर्बलाहं चिरं याता पुत्राभ्यां सह मन्दताम्॥ ४९॥

पदार्थ–
तत्र = त्यहाँ
घोरकलेः योगात् = डरलाग्दो कलियुगको प्रभावले
पाखण्डैः = पाखण्डीहरूद्वारा
खण्डिताङ्गका = अङ्गभङ्ग गरिएकी
दुर्बला = दुर्बल भएकी
अहं = म
चिरं = धेरै समयसम्म
पुत्राभ्यां सह = छोराहरूका साथ
मन्दताम् = निस्तेज (अवस्थामा)
याता = पुगेँ

वाक्यार्थ– त्यहाँ घोर कलियुगका प्रभावले पाखण्डीहरूले मेरो अङ्गभङ्ग गरिदिएकाले म दुर्बल भएँ। धेरै कालसम्म म आफ्ना छोराहरूका साथ निस्तेज भएर बसेँ।

वृन्दावनं पुनः प्राप्य नवीनेव सुरूपिणी।
जाताहं युवती सम्यक्प्रेष्ठरूपा तु साम्प्रतम्॥ ५०॥

पदार्थ–
अहं = म
पुनः = फेरि
वृन्दावनं = वृन्दावनमा
प्राप्य तु = आइपुगेपछि चाहिँ
साम्प्रतम् = अहिले
सम्यक्प्रेष्ठरूपा = परम सुन्दरी
सुरूपिणी = रूपवती
नवीना = नयाँ
युवती इव = युवति जस्ती
जाता = भएँ

वाक्यार्थ– परन्तु वृन्दावनमा आइपुगेपछि म अहिले फेरि परम सुन्दरी, रूपवती र नवयुवति जस्ती भएँ।

इमौ तु शयितावत्र सुतौ मे क्लिश्यतः श्रमात्।
इदं स्थानं परित्यज्य विदेशं गम्यते मया॥ ५१॥

पदार्थ–
अत्र = यहाँ
शयितौ = सुतेका
इमौ = यी
मे = मेरा
सुतौ तु = दुई छोरा चाहिँ
श्रमात् = थकाइले
क्लिश्यतः = दुःखी छन् (त्यस कारण)
मया = मद्वारा
इदं = यो
स्थानं = ठाउँ
परित्यज्य = छाडेर
विदेशं = अन्य ठाउँमा
गम्यते = गइन्छ

वाक्यार्थ– यहाँ भुइँमा सुतिरहेका मेरा यी दुई छोराहरू थकाइले दुःखी भएका छन्। त्यसै कारणले अहिले म यो ठाउँ छोडेर अन्य ठाउँमा जान लागेकी छु।

जरठत्वं समायातौ तेन दुःखेन दुःखिता।
साहं तु तरुणी कस्मात् सुतौ वृद्धाविमौ कुतः॥ ५२॥

पदार्थ–
सुतौ = यी दुई छोरा
जरठत्वं समायातौ = बुढा भएका छन्
तेन = त्यो
दुःखेन = दुःखले
दुःखिता = दुःखी भएकी छु
सा अहं = म
कस्मात् = कसरी
तरुणी = युवति (भएँ)
इमौ तु = यी दुईजना छोराहरू चाहिँ
कुतः = कसरी
वृद्धौ = बुढा भए

वाक्यार्थ– यी मेरा दुई छोराहरू बुढा भए। यो पीडाले म दुःखी भएकी छु। म कसरी युवति भएँ र यी दुई छोराहरू चाहिँ कसरी बुढा भए ?

त्रयाणां सहचारित्वाद् वैपरीत्यं कुतः स्थितम्।
घटते जरठा माता तरुणौ तनयाविति॥ ५३॥

पदार्थ–
त्रयाणां = हामी तीनै जना
सहचारित्वात् = सँगसँगै हुँदा
वैपरीत्यं = उल्टोपन
कुतः = कसरी
स्थितम् = भयो
माता = आमा
जरठा = बुढी
तनयौ = छोराहरू
तरुणौ = युवक
इति घटते = यस्तो उचित हुन्छ

वाक्यार्थ– हामीहरू तीन जना (आमाछोराहरू) सँगसँगै छौँ तापनि आमा युवति भएर छोराहरू कसरी बुढा भए ? म आमा बुढी भएर छोराहरू युवक हुनु उचित हुन्थ्यो।

अतः शोचामि चात्मानं विस्मयाविष्टमानसा।
वद योगनिधे धीमन् कारणं चात्र किं भवेत्॥ ५४॥

पदार्थ–
अतः = यस कारण
विस्मयाविष्टमानसा च = आश्चर्यचकित भएकी म
आत्मानं = आफ्नो वर्तमान अवस्थालाई लिएर
शोचामि = शोक गरिरहेकी छु
योगनिधे = योगका खानी भएका
धीमन् = हे बुद्धिमान् नारदजी
अत्र = यहाँ
किं च = के चाहिँ

कारणं = कारण पनि | **भवेत्** = होला | **वद** = भन्नुहोस्

वाक्यार्थ– यस कारण आश्चर्यचकित भएकी म आफ्नो वर्तमान अवस्थाले गर्दा शोक गरिरहेकी छु। योगका खानी भएका परमबुद्धिमान् हे नारदमुनि ! यसको कारण के हुन सक्दछ, मलाई बताइदिनुहोस्।

नारद उवाच (नारदजीले भन्नुभयो)

ज्ञानेनात्मनि पश्यामि सर्वमेतत् तवानघे ।

न विषादस्त्वया कार्यो हरिः शं ते करिष्यति ॥ ५५ ॥

पदार्थ–
अनघे = पापले रहित हे भक्ति
आत्मनि = आफ्नो हृदयमा
ज्ञानेन = ज्ञानको दृष्टिले
तव = तिम्रो
एतत् = यो
सर्वम् = सब
पश्यामि = हेर्दछु
त्वया = तिमीद्वारा
विषादः = चिन्ता
न कार्यः = गरिनु पर्दैन
हरिः = श्रीहरिले
ते = तिम्रो
शं = कल्याण
करिष्यति = गर्नुहुनेछ

वाक्यार्थ– पापले रहित भएकी हे भक्ति ! म आफ्नो हृदयमा ज्ञानको दृष्टिले तिम्रो दुःखको कारण हेर्दछु। तिमीले शोक गर्नु पर्दैन, श्रीहरिले तिम्रो कल्याण गर्नुहुनेछ।

सूत उवाच (सूतजीले भन्नुभयो)

क्षणमात्रेण तज्ज्ञात्वा वाक्यमूचे मुनीश्वरः ॥ ५६ ॥

पदार्थ–
क्षणमात्रेण = एक क्षणमा नै
तत् = त्यो (उनको दुःखको कारण)
ज्ञात्वा = जानेर
मुनीश्वरः = देवर्षि नारदले
वाक्यम् = वाक्य
ऊचे = भन्नुभयो

वाक्यार्थ– एक छिनमा नै उनको दुःखको कारण जानेर देवर्षि नारदजीले भक्तिलाई भन्नुभयो।

नारद उवाच (नारदजीले भन्नुभयो)

शृणुष्वावहिता बाले युगोऽयं दारुणः कलिः ।

तेन लुप्तः सदाचारो योगमार्गस्तपांसि च ॥ ५७ ॥

पदार्थ–
बाले = हे बालिका
अवहिता = सावधान भएर
शृणुष्व = सुन
अयं = यो
युगः = युग
दारुणः = डरलाग्दो
कलिः = कलियुग हो
तेन = त्यस कारणले
सदाचारः = सदाचार
लुप्तः = लुप्त भएको छ
योगमार्गः = योगमार्ग
तपांसि च = तपस्याहरू पनि (लुप्त भएका छन्)

वाक्यार्थ– हे बालिका ! तिमी सावधान भएर सुन। यो डरलाग्दो कलियुग हो, यसैका प्रभावले

गर्दा आज सदाचार लुप्त भएको छ, योगमार्ग र तपस्या पनि लुप्त भएका छन्।

जना अघासुरायन्ते शाठ्यदुष्कर्मकारिणः।
इह सन्तो विषीदन्ति प्रहृष्यन्ति ह्यसाधवः।
धत्ते धैर्यं तु यो धीमान् स धीरः पण्डितोऽथवा ॥ ५८ ॥

पदार्थ—
शाठ्यदुष्कर्मकारिणः = बेइमानी र दुष्कर्ममा लागेका
जनाः = मानिसहरू
अघासुरायन्ते = अघासुर जस्ता भएका छन्
इह = यहाँ
सन्तः = सज्जनहरूले
विषीदन्ति = दुःख पाउँछन्
असाधवः = दुष्टहरू
हि = निश्चय नै
प्रहृष्यन्ति = प्रसन्न हुन्छन्
यः = जो
धीमान् = बुद्धिमान्ले
धैर्यं = धैर्यलाई
धत्ते = धारण गर्दछ
सः तु = त्यो नै
धीरः = बुद्धिमान्
अथवा = अथवा
पण्डितः = पण्डित हो

वाक्यार्थ— यस कलियुगमा मानिसहरू बेइमानी र दुष्कर्ममा लागेका हुनाले अघासुर जस्ता भएका छन्। सज्जनहरूले दुःख पाइरहेका छन् भने दुष्टहरू प्रसन्न देखिन्छन्। यस समयमा जुन बुद्धिमान् मानिसले धैर्यधारण गर्दछ त्यही मानिस धीर अथवा पण्डित हो।

अस्पृश्यानवलोक्येयं शेषभारकरी धरा।
वर्षे वर्षे क्रमाज्जाता मङ्गलं नापि दृश्यते ॥ ५९ ॥

पदार्थ—
इयं धरा = यी पृथ्वी
वर्षे वर्षे = प्रत्येक वर्ष
क्रमात् = क्रमशः
शेषभारकरी = शेषनागका लागि भाररूप बन्दै गएकी छिन्
अस्पृश्या = छुन अयोग्य
अनवलोक्या = हेर्न अयोग्य
जाता = भएकी छिन्
मङ्गलं अपि = शुभ कार्य पनि
न दृश्यते = देखिँदैन

वाक्यार्थ— कलियुगको प्रभावले गर्दा यी पृथ्वी प्रतिवर्ष क्रमशः शेषनागका लागि भाररूप बन्दै छुन र हेर्न पनि अयोग्य बन्दै गएकी छिन्। यस समयमा पृथ्वीमा शुभ कार्यहरू पनि देखिँदैनन्।

न त्वामपि सुतैः साकं कोऽपि पश्यति साम्प्रतम्।
उपेक्षितानुरागान्धैर्जर्जरत्वेन संस्थिता ॥ ६० ॥

पदार्थ—
साम्प्रतम् = अहिले
सुतैः साकं = छोराहरूका साथमा
त्वाम् अपि = तिमीलाई पनि
कः अपि = कसैले पनि
न पश्यति = देख्दैन
अनुरागान्धैः = विषयानुरागका कारणले अन्धा भएका मानिसहरूद्वारा
उपेक्षिता = उपेक्षित भएर
जर्जरत्वेन = बुढी भएर
संस्थिता = बसेकी थियौ

वाक्यार्थ— तिमीलाई तिम्रा छोराहरूका साथमा अहिले कसैले पनि देख्दैन। विषयानुरागका

कारणले अन्धा भएका मानिसहरूद्वारा उपेक्षा गरिएकी तिमी बुढी भएकी थियौ।

वृन्दावनस्य संयोगात् पुनस्त्वं तरुणी नवा।
धन्यं वृन्दावनं तेन भक्तिर्नृत्यति यत्र च॥ ६१॥

पदार्थ—
वृन्दावनस्य = वृन्दावनको
संयोगात् = संयोगले
त्वं = तिमी
पुनः = फेरि
नवा = नयाँ
तरुणी = युवति (भयौ)
तेन = त्यस कारण
वृन्दावनं = वृन्दावन
धन्यं = धन्य छ
यत्र च = जहाँ चाहिँ
भक्तिः = भक्ति
नृत्यति = नाच्दछिन्

वाक्यार्थ— वृन्दावनको संयोगको कारणले गर्दा तिमी फेरि नयाँ युवति भएकी छौ। त्यसकारण वृन्दावन धन्य छ, जहाँ भक्ति नाच्दछिन्।

अत्रेमौ ग्राहकाभावान्न जरामपि मुञ्चतः।
किञ्चिदात्मसुखेनेह प्रसुप्तिर्मन्यतेऽनयोः॥ ६२॥

पदार्थ—
अत्र = यहाँ
ग्राहकाभावात् = ग्रहण गर्ने व्यक्तिको अभावले
इमौ = यी दुई तिम्रा छोराले
जराम् अपि = वृद्धावस्थालाई पनि
न मुञ्चतः = छाडेका छैनन्
इह = यहाँ
किञ्चित् = केही
आत्मसुखेन = आत्मसुखका कारणले गर्दा
अनयोः = यी दुईको
प्रसुप्तिः = सुताइ
मन्यते = मानिएको छ (भएको छ)

वाक्यार्थ— यहाँ ग्राहक (ज्ञान र वैराग्यलाई ग्रहण गर्ने व्यक्ति) कोही पनि नभएकाले तिम्रा यी दुई छोराले वृद्धावस्थालाई त्यागेका छैनन्। यहाँ यिनलाई (ठाउँका प्रभावले) केही आत्मसुख (भगवत्स्पर्शजनित आनन्द) प्राप्त भएकाले यहाँ यिनीहरू मस्तसँग सुतेका छन्।

भक्तिरुवाच (भक्तिले भनिन्)

कथं परीक्षिता राज्ञा स्थापितो ह्यशुचिः कलिः।
प्रवृत्ते तु कलौ सर्वसारः कुत्र गतो महान्॥ ६३॥

पदार्थ—
राज्ञा = राजा
परीक्षिता = परीक्षित्द्वारा
कथं हि = कसरी
अशुचिः = अशुद्ध
कलिः = कलियुग
स्थापितः = स्थापित गरियो
कलौ = कलियुग
प्रवृत्ते तु = सुरु भएपछि चाहिँ
महान् = महत्त्वपूर्ण
सर्वसारः = सम्पूर्ण वस्तुहरूको सार
कुत्र = कहाँ
गतः = गयो

वाक्यार्थ— राजा परीक्षित्ले यस अशुद्ध कलियुगलाई किन आश्रय दिए। यो कलियुग

आउनेबित्तिकै सम्पूर्ण वस्तुहरूको सार कहाँ गयो ?

करुणापरेण हरिणाप्यधर्मः कथमीक्ष्यते ।
इमं मे संशयं छिन्धि त्वद्वाचा सुखितास्म्यहम् ॥ ६४ ॥

पदार्थ–
करुणापरेण = करुणामय
हरिणा अपि = श्रीहरिद्वारा पनि
अधर्मः = अधर्म
कथम् = कसरी
ईक्ष्यते = हेरिन्छ
इमं = यो
मे = मेरो
संशयं = शङ्कालाई
छिन्धि = हटाइदिनुहोस्
त्वद्वाचा = तपाईंका वचनबाट
अहम् = म
सुखिता = सुखी भएकी
अस्मि = छु

वाक्यार्थ– करुणामय श्रीहरिले पनि यस्तो अधर्मलाई कसरी हेरिरहन सक्नुभएको छ ? मेरो यो शङ्का हटाइदिनुहोस्, तपाईंको वचनबाट अहिले म केही सुखी भएकी छु।

नारद उवाच (नारदजीले भन्नुभयो)

यदि पृष्टस्त्वया बाले प्रेमतः श्रवणं कुरु ।
सर्वं वक्ष्यामि ते भद्रे कश्मलं ते गमिष्यति ॥ ६५ ॥

पदार्थ–
बाले = हे बालिका
यदि = यदि
त्वया = तिमीद्वारा
पृष्टः = सोधिएको हो भने
प्रेमतः = प्रेमपूर्वक
श्रवणं कुरु = सुन
भद्रे = हे कल्याणी
ते = तिमीलाई
सर्वं = सबै कुरा
वक्ष्यामि = भन्नेछु
ते = तिम्रो
कश्मलं = दुःख
गमिष्यति = जानेछ

वाक्यार्थ– हे बालिका ! यदि तिमीले साँच्चै सोधेकी हौ भने मैले भनेको कुरा प्रेमपूर्वक सुन ! म सबै कुरा तिमीलाई भन्नेछु, त्यसपछि तिम्रो दुःख हट्नेछ।

यदा मुकुन्दो भगवान् क्ष्मां त्यक्त्वा स्वपदं गतः ।
तद्दिनात् कलिरायातः सर्वसाधनबाधकः ॥ ६६ ॥

पदार्थ–
यदा = जुन दिन
भगवान् = भगवान्
मुकुन्दः = मुकुन्द (श्रीकृष्ण)
क्ष्मां = पृथ्वीलाई
त्यक्त्वा = छोडेर
स्वपदं = आफ्नो परमधाममा
गतः = जानुभयो
तद्दिनात् = त्यही दिनदेखि
सर्वसाधनबाधकः = सम्पूर्ण साधनहरूमा अवरोध पुऱ्याउने
कलिः = कलियुग
आयातः = आयो

वाक्यार्थ– जुन दिन भगवान् मुकुन्द (श्रीकृष्ण) पृथ्वीलाई छोडेर आफ्नो परमधाममा जानुभयो त्यही दिनदेखि सम्पूर्ण साधनहरूमा अवरोध पुऱ्याउने कलियुग आयो।

दृष्टो दिग्विजये राज्ञा दीनवच्छरणं गतः ।

न मया मारणीयोऽयं सारङ्ग इव सारभुक् ॥ ६७ ॥

पदार्थ–	**दीनवत्** = दुःखी जस्तै	**अयं** = यो कलि
दिग्विजये = दिग्विजयका समयमा	**शरणं** = शरणमा	**मया** = मद्वारा
राज्ञा = राजा परीक्षित्द्वारा	**गतः** = गयो	**न मारणीयः** = मारिनु ठीक छैन
दृष्टः = देखिएको (कलि)	**सारङ्गः इव** = भ्रमर जस्तै	
	सारभुक् = सारग्राही (राजाले)	

वाक्यार्थ– दिग्विजयका समयमा अत्यन्त दीनभावले आफ्नो शरणमा आएको कलिलाई देखेर भ्रमर जस्ता सारग्राही राजा परीक्षित्ले यसलाई मार्नु हुँदैन भन्ने निश्चय गर्नुभयो ।

यत् फलं नास्ति तपसा न योगेन समाधिना ।

तत् फलं लभते सम्यक् कलौ केशवकीर्तनात् ॥ ६८ ॥

पदार्थ–	**समाधिना** = समाधिद्वारा	**केशवकीर्तनात्** = भगवान् नारायणको कीर्तन गर्नाले
यत् = जुन	**न अस्ति** = मिल्न सक्दैन	**सम्यक्** = सजिलैसँग
फलं = फल	**तत्** = त्यो	**लभते** = पाउन सकिन्छ
तपसा = तपस्याद्वारा	**फलं** = फल	
योगेन = योगद्वारा	**कलौ** = कलिमा	

वाक्यार्थ– जुन फल तपस्या, योग र समाधिद्वारा पनि मिल्न सक्दैन त्यो फल कलियुगमा श्रीहरिको कीर्तन गर्नाले सजिलैसँग प्राप्त हुन्छ ।

एकाकारं कलिं दृष्ट्वा सारवत् सारनीरसम् ।

विष्णुरातः स्थापितवान् कलिजानां सुखाय च ॥ ६९ ॥

पदार्थ–	**एकाकारं** = एउटै दृष्टिले	जन्मिएका जीवहरूको
सारनीरसम् = सारले रहित भएको	**सारवत्** = सारयुक्त	**सुखाय च** = सुखका लागि पनि
कलिं = कलिलाई	**दृष्ट्वा** = देखेर	**विष्णुरातः** = राजा परीक्षित्ले
	कलिजानां = कलियुगमा	**स्थापितवान्** = स्थान दिनुभयो

वाक्यार्थ– अन्य दृष्टिले कलियुग सारहीन भए तापनि एउटै दृष्टिले यसलाई सारयुक्त देखेर राजा परीक्षित्ले यस कलिलाई स्थान दिनुभयो ।

कुकर्माचरणात् सारः सर्वतो निर्गतोऽधुना ।

पदार्थाः संस्थिता भूमौ बीजहीनास्तुषा यथा ॥ ७० ॥

पदार्थ–	**अधुना** = अहिले	**कुकर्माचरणात्** = कुकर्मको

आचरणको कारणले गर्दा	**भूमौ** = पृथ्वीमा	**तुषाः** = भुस
सर्वतः = सम्पूर्ण	**संस्थिताः** = रहेका	**यथा** = जस्तै (भए)
सारः = सार	**पदार्थाः** = पदार्थहरू	
निर्गतः = निस्केर गयो	**बीजहीनाः** = बीजले हीन भएका	

वाक्यार्थ– यस कलियुगमा अहिले कुकर्मको आचरणका कारणले गर्दा सम्पूर्ण पदार्थहरूको सार निक्लेर गयो। पृथ्वीमा रहेका सम्पूर्ण पदार्थहरू बीजले रहित भएका भुसजस्ता भए।

विप्रैर्भागवती वार्ता गेहे गेहे जने जने।
कारिता कणलोभेन कथासारस्ततो गतः॥ ७१॥

पदार्थ–

विप्रैः = ब्राह्मणहरूद्वारा	**कणलोभेन** = अन्न, धन आदिको लोभले	**कारिता** = सुनाइन्छ
भागवती वार्ता = भागवतको कथा	**गेहे गेहे** = घर-घरमा	**ततः** = त्यस कारणले
	जने जने = मान्छे-मान्छेमा	**कथासारः** = कथाको सार
		गतः = गयो

वाक्यार्थ– यस कलियुगमा ब्राह्मणहरूले घर-घरमा, मान्छे-मान्छेमा अन्न, धन आदिको लोभले श्रीमद्भागवत कथा सुनाउँछन्, त्यस कारण कथाको सार गयो।

अत्युग्रभूरिकर्माणो नास्तिका रौरवा जनाः।
तेऽपि तिष्ठन्ति तीर्थेषु तीर्थसारस्ततो गतः॥ ७२॥

पदार्थ–

अत्युग्रभूरिकर्माणः = अत्यन्त भयङ्कर काम गर्ने	**ते अपि जनाः** = त्यस्ता मानिसहरू पनि	**ततः** = त्यस कारणले
नास्तिकाः = नास्तिक (र)	**तीर्थेषु** = तीर्थहरूमा	**तीर्थसारः** = तीर्थको सार
रौरवाः = नारकीय स्वभाव भएका	**तिष्ठन्ति** = बस्दछन्	**गतः** = गयो

वाक्यार्थ– अत्यन्त भयङ्कर काम गर्ने मानिसहरू, नास्तिकहरू र नारकीय स्वभावका मानिसहरू पनि तीर्थमा बस्दछन्, त्यसकारण तीर्थको सार गयो।

कामक्रोधमहालोभतृष्णाव्याकुलचेतसः।
तेऽपि तिष्ठन्ति तपसि तपःसारस्ततो गतः॥ ७३॥

पदार्थ–

कामक्रोधमहालोभतृष्णाव्याकुलचेतसः = काम, क्रोध, लोभ र तृष्णाले चित्त व्याकुल भएका	**ते अपि** = त्यस्ता मानिसहरू पनि	**ततः** = त्यस कारणले
	तपसि = तपस्यामा	**तपःसारः** = तपस्याको सार
	तिष्ठन्ति = बस्दछन्	**गतः** = गयो

वाक्यार्थ– काम, क्रोध, लोभ र तृष्णाले चित्त व्याकुल भएका मानिसहरू पनि तपस्या गर्न

बस्दछन्, त्यसकारण तपस्याको सार पनि गयो।

मनसश्चाजयाल्लोभाद् दम्भात् पाखण्डसंश्रयात्।
शास्त्रानभ्यसनाच्चैव ध्यानयोगफलं गतम्॥ ७४॥

पदार्थ–
मनसः = मनमाथि
अजयात् = विजय प्राप्त गर्न नसक्नाले
लोभात् = लोभका कारणले
दम्भात् = घमन्डका कारणले
पाखण्डसंश्रयात् च = पाखन्डीपनका कारणले पनि
शास्त्रानभ्यसनात् च एव = शास्त्रको अभ्यास नगर्नाले पनि
ध्यानयोगफलं = ध्यानयोगको फल
गतम् = गयो

वाक्यार्थ– मनमाथि विजय प्राप्त गर्न नसक्नाले, लोभले, घमन्डले, पाखन्डीपनले र शास्त्रको अभ्यास नगर्नाले पनि ध्यानयोगको फल गयो।

पण्डितास्तु कलत्रेण रमन्ते महिषा इव।
पुत्रस्योत्पादने दक्षा अदक्षा मुक्तिसाधने॥ ७५॥

पदार्थ–
पण्डिताः तु = पण्डितहरू पनि
कलत्रेण = पत्नीका साथ
महिषाः इव = राँगा झैं
रमन्ते = रमाउँछन्
पुत्रस्य = छोरा
उत्पादने = जन्माउनमा
दक्षाः = सिपालु छन्
मुक्तिसाधने = मोक्षको सम्पादनमा भने
अदक्षाः = असमर्थ छन्

वाक्यार्थ– पण्डितहरू पनि राँगाहरू भैंसीसँग रमाए झैं आफ्नी पत्नीसँग रमाउँछन्। तिनीहरू सन्तान जन्माउनमा ज्यादै सिपालु छन्, तर मोक्षसम्पादनमा भने असमर्थ छन्।

न हि वैष्णवता कुत्र सम्प्रदायपुरःसरा।
एवं प्रलयतां प्राप्तो वस्तुसारः स्थले स्थले॥ ७६॥

पदार्थ–
सम्प्रदायपुरःसरा = सम्प्रदायअनुसार प्राप्त भएको
वैष्णवता = वैष्णवता
कुत्र = कतै पनि
न हि = छैन
एवं = यस प्रकार
वस्तुसारः = वस्तुको सार
स्थले स्थले = ठाउँ-ठाउँमा
प्रलयतां = समाप्तिको अवस्थामा
प्राप्तः = पुगेको छ

वाक्यार्थ– सम्प्रदायअनुसार प्राप्त भएको वैष्णवता कतै पनि देखिँदैन। यस प्रकार ठाउँ-ठाउँमा वस्तुहरूको सार पनि समाप्तिको अवस्थामा पुगेको छ।

अयं तु युगधर्मो हि वर्तते कस्य दूषणम्।
अतस्तु पुण्डरीकाक्षः सहते निकटे स्थितः॥ ७७॥

पदार्थ–
अयं तु = यो त
हि = निश्चय नै

युगधर्मः = युगको धर्म (स्वभाव) हो (यसमा)
कस्य = कसको
दूषणम् = दोष
वर्तते = छ र
अतः तु = यसकारण
पुण्डरीकाक्षः = कमलको फूल जस्ता आँखा भएका भगवान् नारायण
निकटे = नजिकै
स्थितः = बसेर
सहते = सहिरहनुहुन्छ

वाक्यार्थ– यो त युगको स्वभाव हो, यसमा कसको के दोष छ र? यसकारण पुण्डरीकाक्ष भगवान् नारायण नजिकै बसेर यी सारा कुरा सहिरहनुहुन्छ।

सूत उवाच (सूतजीले भन्नुभयो)

इति तद्वचनं श्रुत्वा विस्मयं परमं गता।
भक्तिरूचे वचो भूयः श्रूयतां तच्च शौनक॥ ७८॥

पदार्थ–
शौनक = हे शौनक मुनि
इति = यसरी
तद्वचनं = उहाँ नारद ऋषिका कुराहरू
श्रुत्वा = सुनेर
परमं = ठुलो
विस्मयं = आश्चर्यमा
गता = पुगेकी (परेकी)
भक्तिः = भक्तिले
भूयः = फेरि
ऊचे = भनिन्
तत् वचः च = त्यो कुरा पनि
श्रूयतां = सुन्नुहोस्

वाक्यार्थ– हे शौनक मुनि! यसरी नारद ऋषिका कुरा सुनेर भक्तिलाई अत्यन्त ठुलो आश्चर्य भयो। त्यसपछि उनले देवर्षि नारदलाई फेरि पनि भनिन्, उनले भनेको कुरा सुन्नुहोस्।

भक्तिरुवाच (भक्तिले भनिन्)

सुरर्षे त्वं हि धन्योऽसि मद्भाग्येन समागतः।
साधूनां दर्शनं लोके सर्वसिद्धिकरं परम्॥ ७९॥

पदार्थ–
सुरर्षे = हे देवर्षि नारद
त्वं = तपाईं
हि = निश्चय नै
धन्यः = धन्य
असि = हुनुहुन्छ
मद्भाग्येन = मेरो भाग्यले
समागतः = आइपुग्नुभएको छ
लोके = संसारमा
साधूनां = साधुहरूको
दर्शनं = दर्शन
परम् = ठुलो
सर्वसिद्धिकरं = सम्पूर्ण सिद्धि दिनेवाला हुन्छ

वाक्यार्थ– हे देवर्षि नारद! तपाईं धन्य हुनुहुन्छ, मेरा भाग्यले तपाईं यहाँ आइपुग्नुभएको छ। संसारमा साधुहरूको दर्शनले सम्पूर्ण सिद्धिहरू प्रदान गर्दछ।

जयति जगति मायां यस्य कायाधवस्ते
वचनरचनमेकं केवलं चाकलय्य।
ध्रुवपदमपि यातो यत्कृपातो ध्रुवोऽयं
सकलकुशलपात्रं ब्रह्मपुत्रं नतास्मि॥ ८०॥

पदार्थ—	**कायाधवः** = कयाधुपुत्र प्रह्लादले	**ध्रुवपदम्** = ध्रुवपदमा
यस्य ते = जुन तपाईंको	**जगति** = संसारमा	**यातः च** = पुगे
केवलं = केवल	**मायां** = मायालाई	**सकलकुशलपात्रं** = सबैको
एकं = एक पटकको	**जयति** = जित्दछन्	कल्याण गर्ने
वचनरचनम् = उपदेशलाई	**यत्कृपातः** = जसको कृपाबाट	**ब्रह्मपुत्रं** = ब्रह्माजीका पुत्रलाई
आकलय्य = धारण गरेर	**अयं ध्रुवः अपि** = यी ध्रुव पनि	**नता अस्मि** = नमस्कार गर्दछु

वाक्यार्थ— हे देवर्षि नारद ! तपाईंको केवल एकै पटकको उपदेश पाएर पनि कयाधुपुत्र प्रह्लादले यस संसारमा मायामाथि विजय प्राप्त गरेका थिए। तपाईंकै कृपा पाएर ध्रुवले पनि ध्रुवपद प्राप्त गरेका थिए। यस्ता सबैको कल्याण गर्ने एवं साक्षात् ब्रह्माजीका मानसपुत्र तपाईंलाई नमस्कार गर्दछु।

इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये

भक्तिनारदसमागमो नाम प्रथमोऽध्यायः॥ १॥

अथ द्वितीयोऽध्यायः

भक्तिको दुःख हटाउनका लागि देवर्षि नारदको प्रयत्न

नारद उवाच (नारदजीले भन्नुभयो)

वृथा खेदयसे बाले अहो चिन्तातुरा कथम्।
श्रीकृष्णचरणाम्भोजं स्मर दुःखं गमिष्यति ॥ १ ॥

पदार्थ–
अहो = अहो
बाले = हे नानी
चिन्तातुरा = चिन्ताले व्याकुल भएकी तिमी
कथम् = किन
वृथा = व्यर्थ
खेदयसे = खिन्न हुन्छ्यौ
श्रीकृष्णचरणाम्भोजं = श्रीकृष्णको चरणकमलको
स्मर = स्मरण गर
दुःखं = दुःख
गमिष्यति = जानेछ (हट्नेछ)

वाक्यार्थ– हे नानी ! चिन्ताले व्याकुल भएकी तिमी व्यर्थमा किन दुःखी भएकी छ्यौ ? भगवान् श्रीकृष्णको चरणकमलको सम्झना गर, तिम्रो दुःख हट्नेछ।

द्रौपदी च परित्राता येन कौरवकश्मलात्।
पालिता गोपसुन्दर्यः स कृष्णः क्वापि नो गतः ॥ २ ॥

पदार्थ–
येन = जसद्वारा
कौरवकश्मलात् = कौरवहरूको अत्याचारबाट
द्रौपदी = द्रौपदी
परित्राता = बचाइएकी थिइन्
गोपसुन्दर्यः च = गोपिनीहरू पनि
पालिताः = रक्षा गरिएका थिए
सः = उहाँ
कृष्णः = श्रीकृष्ण
क्व = कहीँ
अपि = पनि
नो गतः = जानुभएको छैन

वाक्यार्थ– जसले कौरवहरूको अत्याचारबाट द्रौपदीलाई बचाउनुभएको थियो र गोपिनीहरूलाई रक्षा गर्नुभएको थियो त्यस्ता श्रीकृष्ण भगवान् अहिले पनि कतै जानुभएको छैन।

त्वं तु भक्तिः प्रिया तस्य सततं प्राणतोऽधिका।
त्वयाहूतस्तु भगवान् याति नीचगृहेष्वपि ॥ ३ ॥

पदार्थ–
त्वं तु = तिमी त
भक्तिः = भक्ति (हौ)
तस्य = उहाँको (भगवान् श्रीकृष्णको)
सततं = सदाकाल
प्राणतः = प्राणभन्दा
अधिका = बढी
प्रिया = प्यारी छौ
त्वया = तिमीद्वारा
आहूतः तु = बोलाइएपछि त
भगवान् = भगवान्
नीचगृहेषु अपि = नीचहरूका घरमा पनि
याति = जानुहुन्छ

वाक्यार्थ– तिमी त भक्ति हौ, भगवान् श्रीकृष्णका लागि सदाकाल प्राणभन्दा प्यारी छौ।

तिमीले बोलाएपछि त भगवान् नीचहरूका घरमा पनि जानुहुन्छ (भने तिमीकहाँ त अवश्य पनि आइहाल्नुहुन्छ)।

सत्यादित्रियुगे बोधवैराग्यौ मुक्तिसाधकौ।

कलौ तु केवला भक्तिर्ब्रह्मसायुज्यकारिणी॥ ४॥

पदार्थ—
सत्यादित्रियुगे = सत्य, त्रेता र द्वापर यी तीन युगहरूमा
बोधवैराग्यौ = ज्ञान र वैराग्य
मुक्तिसाधकौ = मोक्षका साधन थिए
कलौ तु = कलि युगमा त
केवला = केवल
भक्तिः = भक्ति (नै)
ब्रह्मसायुज्यकारिणी = ब्रह्मलाई नजिकमा ल्याइदिने वस्तु (मोक्षको साधन) हो

वाक्यार्थ— सत्य, त्रेता र द्वापर यी तीन युगहरूमा ज्ञान र वैराग्य मोक्षका साधन थिए तर कलियुगमा भने केवल भक्ति नै मोक्षको साधन हो।

इति निश्चित्य चिद्रूपः सद्रूपां त्वां ससर्ज ह।

परमानन्दचिन्मूर्तिः सुन्दरीं कृष्णवल्लभाम्॥ ५॥

पदार्थ—
इति = यस्तो
निश्चित्य = निश्चय गरेर
परमानन्दचिन्मूर्तिः = परमानन्दरूप र चितिशक्तिका मूर्तिस्वरूप भएका
चिद्रूपः = ज्ञानस्वरूप भगवान्ले
सद्रूपां = सद्रूप भएकी
सुन्दरीं = राम्री
कृष्णवल्लभाम् = श्रीकृष्णकी प्यारी
त्वां = तिमीलाई
ससर्ज ह = सृष्टि गर्नुभयो

वाक्यार्थ— यस्तो निश्चय गरेर परमानन्द चिन्मूर्ति ज्ञानस्वरूप भगवान्ले श्रीकृष्णकी प्यारी सुन्दरी सत्रूप तिमीलाई सृष्टि गर्नुभयो।

बद्ध्वाञ्जलिं त्वया पृष्टं किं करोमीति चैकदा।

त्वां तदाज्ञापयत् कृष्णो मद्भक्तान् पोषयेति च॥ ६॥

पदार्थ—
एकदा = एक दिन
त्वया = तिमीद्वारा
अञ्जलिं = हात
बद्ध्वा = जोडेर
किं करोमि इति = म के गरौँ भनेर
पृष्टं च = सोधिएको पनि थियो
तदा = त्यस वेला
त्वां = तिमीलाई
कृष्णः = भगवान् श्रीकृष्णले
मद्भक्तान् = मेरा भक्तहरूलाई
पोषय इति = पोषण गर भनेर
आज्ञापयत् च = आज्ञा दिनुभएको पनि थियो

वाक्यार्थ— भगवान् श्रीकृष्णसँग तिमीले हात जोडेर एक पटक म के गरूँ भनी सोधेकी थियौ, भगवान्ले तिमीलाई मेरा भक्तहरूको पोषण गर भनेर आज्ञा दिनुभएको थियो।

अङ्गीकृतं त्वया तद् वै प्रसन्नोऽभूद्धरिस्तदा।

मुक्तिं दासीं ददौ तुभ्यं ज्ञानवैराग्यकाविमौ॥ ७॥

पदार्थ—
त्वया = तिमीद्वारा
तत् वै = भगवान्को त्यो आज्ञा निश्चय नै
अङ्गीकृतं = स्वीकार गरियो
हरिः = भगवान् श्रीकृष्ण
तदा = त्यस वेला
प्रसन्नः = प्रसन्न
अभूत् = हुनुभयो
तुभ्यं = तिमीलाई
मुक्तिं = मुक्तिलाई
दासीं = दासीका रूपमा (र)
इमौ = यी दुई
ज्ञानवैराग्यकौ = ज्ञान र वैराग्य (पुत्रका रूपमा)
ददौ = दिनुभयो

वाक्यार्थ— तिमीले भगवान्को आज्ञा पालन गरेकीले भगवान् तिमीदेखि प्रसन्न हुनुभयो र उहाँले मुक्तिलाई दासीका रूपमा अनि ज्ञान र वैराग्यलाई पुत्रका रूपमा तिमीलाई दिनुभयो।

पोषणं स्वेन रूपेण वैकुण्ठे त्वं करोषि च।

भूमौ भक्तविपोषाय छायारूपं त्वया कृतम्॥ ८॥

पदार्थ—
त्वं = तिमी
वैकुण्ठे = वैकुण्ठमा
स्वेन = आफ्नै
रूपेण = रूपमा
पोषणं = भक्तहरूको पोषण
करोषि = गर्दछ्यौ
भूमौ च = पृथ्वीमा चाहिँ
त्वया = तिमीद्वारा
भक्तविपोषाय = भक्तहरूको पुष्टिका लागि
छायारूपं = छायारूप
कृतम् = धारण गरिएको छ

वाक्यार्थ— तिमीले वैकुण्ठमा आफ्नै स्वरूपले भक्तहरूको पोषण गर्दछ्यौ, पृथ्वीमा भने तिमीले आफ्ना भक्तहरूको पोषणका लागि छायारूप धारण गरेकी छ्यौ।

मुक्तिं ज्ञानं विरक्तिं च सह कृत्वा गता भुवि।

कृतादिद्वापरस्यान्तं महानन्देन संस्थिता॥ ९॥

पदार्थ—
मुक्तिं = मुक्ति
ज्ञानं = ज्ञान र
विरक्तिं च = वैराग्यलाई पनि
सह कृत्वा = साथमा लिएर
भुवि = पृथ्वीमा
गता = आएकी (तिमी)
कृतादिद्वापरस्यान्तं = सत्य युगदेखि द्वापर युगसम्म
महानन्देन = ठूलो आनन्दका साथ
संस्थिता = रह्यौ

वाक्यार्थ— मुक्ति, ज्ञान र वैराग्यलाई साथमा लिएर पृथ्वीमा आएकी तिमी सत्य युगदेखि द्वापर युगसम्म अत्यन्त आनन्दका साथ रह्यौ।

कलौ मुक्तिः क्षयं प्राप्ता पाखण्डामयपीडिता।

त्वदाज्ञया गता शीघ्रं वैकुण्ठं पुनरेव सा॥ १०॥

पदार्थ—
कलौ = कलियुगमा
मुक्तिः = मुक्ति
पाखण्डामयपीडिता = पाखण्डरूपी रोगले पीडित भएर
क्षयं प्राप्ता = क्षीण हुन लागेकी थिइन्
त्वदाज्ञया = तिम्रो आज्ञाले
सा = उनी

पुनः एव = फेरि पनि
शीघ्रं = चाँडै
वैकुण्ठं = वैकुण्ठ
गता = गइन्

वाक्यार्थ– कलियुगमा मुक्ति पाखण्डरूपी रोगले पीडित भएर क्षीण हुन लागेकी थिइन्, तिम्रो आज्ञाले उनी वैकुण्ठ गइन्।

स्मृता त्वयापि चात्रैव मुक्तिरायाति याति च।
पुत्रीकृत्य त्वयेमौ च पार्श्वे स्वस्यैव रक्षितौ॥ ११॥

पदार्थ–
अत्र एव = यसै लोकमा
त्वया = तिमीद्वारा
स्मृता = सम्झिएकी
मुक्तिः च अपि = मुक्ति पनि
आयाति = आउँछिन्
याति च = (वैकुण्ठ) जान्छिन् पनि
त्वया = तिमीद्वारा
इमौ = यी ज्ञान र वैराग्य
पुत्रीकृत्य = छोराहरू बनाइएर
स्वस्य = आफ्नो
पार्श्वे एव = नजिकमा नै
रक्षितौ च = सुरक्षित गरिएका पनि (छन्)

वाक्यार्थ– यस लोकमा पनि तिमीले स्मरण गरेपछि ती मुक्ति आउँछिन् र फेरि तिम्रै आज्ञाले वैकुण्ठ जान्छिन् पनि। ज्ञान र वैराग्यलाई चाहिँ तिमीले छोराका रूपमा स्वीकार गरेर आफ्नै साथमा राखेकी छौ।

उपेक्षातः कलौ मन्दौ वृद्धौ जातौ सुतौ तव।
तथापि चिन्तां मुञ्च त्वमुपायं चिन्तयाम्यहम्॥ १२॥

पदार्थ–
कलौ = कलि युगमा
उपेक्षातः = उपेक्षाका कारणले
तव = तिम्रा
सुतौ = दुई छोराहरू
मन्दौ = उत्साहहीन (र)
वृद्धौ = बुढा
जातौ = भए
तथा अपि = त्यसो भए पनि
त्वम् = तिमी
चिन्तां = चिन्ता
मुञ्च = छोड
अहम् = म
उपायं = उपाय
चिन्तयामि = विचार गर्छु

वाक्यार्थ– कलियुगमा मानिसहरूले वास्ता नगरेकाले यी तिम्रा दुई छोरा ज्ञान र वैराग्य उत्साहहीन र वृद्ध भएका छन्। तिमी चिन्ता नगर, म यिनको कल्याणका लागि उपाय सोच्दछु।

कलिना सदृशः कोऽपि युगो नास्ति वरानने।
तस्मिंस्त्वां स्थापयिष्यामि गेहे गेहे जने जने॥ १३॥

पदार्थ–
वरानने = हे सुमुखी
कलिना सदृशः = कलि युग जस्तो
कः अपि = कुनै पनि
युगः = युग
न अस्ति = छैन
तस्मिन् = त्यस युगमा
त्वां = तिमीलाई
गेहे गेहे = घर-घरमा
जने जने = मान्छे-मान्छेमा
स्थापयिष्यामि = स्थापित गर्नेछु

वाक्यार्थ– हे सुमुखी ! कलि युग जस्तो कुनै पनि युग छैन। यस कलियुगमा म तिमीलाई घर-

घरमा र मान्छ-मान्छेमा स्थापित गर्नेछु।

अन्यधर्मांस्तिरस्कृत्य पुरस्कृत्य महोत्सवान्।

तदा नाहं हरेर्दासो लोके त्वां न प्रवर्तये॥ १४॥

पदार्थ–
अन्यधर्मान् = अन्य धर्महरूलाई
तिरस्कृत्य = पछाडि पारेर
महोत्सवान् = भक्तिविषयक महोत्सवहरूलाई
पुरस्कृत्य = अगाडि ल्याएर
त्वां = तिमीलाई
लोके = यस लोकमा
न प्रवर्तये = स्थापित गर्न सकिनँ भने
तदा = त्यस समयमा
अहं = म
हरेः = श्रीहरिको
दासः न = दास नै होइन

वाक्यार्थ– अरू धर्महरूलाई पछाडि पारी भक्तिविषयक महोत्सवहरूलाई अगाडि पारेर यदि मैले यस लोकमा तिमीलाई स्थापित गर्न सकिनँ भने म श्रीहरिको दास नै होइन।

त्वदन्विताश्च ये जीवा भविष्यन्ति कलाविह।

पापिनोऽपि गमिष्यन्ति निर्भयं कृष्णमन्दिरम्॥ १५॥

पदार्थ–
इह कलौ = यस कलियुगमा
त्वदन्विताः = तिमीसँग सम्बद्ध भएका
ये च = जुन चाहिँ
जीवाः = जीवहरू
भविष्यन्ति = हुनेछन्
पापिनः अपि = (ती जीवहरू) पापी भए पनि
निर्भयं = भयले रहित भएर
कृष्णमन्दिरम् = भगवान् श्रीकृष्णका धाममा
गमिष्यन्ति = जानेछन्

वाक्यार्थ– यस कलियुगमा जुन मानिसहरू तिमीसँग सम्बद्ध हुनेछन् (भक्तिभावले युक्त हुनेछन्), तिनीहरू पापी नै भए पनि भयले रहित भएर भगवान् श्रीकृष्णका धाममा जानेछन्।

येषां चित्ते वसेद् भक्तिः सर्वदा प्रेमरूपिणी।

न ते पश्यन्ति कीनाशं स्वप्नेऽप्यमलमूर्तयः॥ १६॥

पदार्थ–
येषां = जसको
चित्ते = चित्तमा
प्रेमरूपिणी = प्रेमस्वरूप भएकी
भक्तिः = भक्ति
सर्वदा = सधैँ
वसेत् = बस्छिन्
ते अमलमूर्तयः = शुद्ध चित्त भएका ती मानिसहरूले
स्वप्ने अपि = स्वप्नमा पनि
कीनाशं = यमराजलाई
न पश्यन्ति = देख्दैनन्

वाक्यार्थ– जसका चित्तमा प्रेमस्वरूप भएकी तिमी भक्तिले निवास गरेकी छ्यौ, शुद्ध चित्त भएका ती मानिसहरूले स्वप्नमा पनि यमराजलाई देख्दैनन्।

न प्रेतो न पिशाचो वा राक्षसो वासुरोऽपि वा।

भक्तियुक्तमनस्कानां स्पर्शने न प्रभुर्भवेत्॥ १७॥

पदार्थ—
भक्तियुक्तमनस्कानां = भक्तियुक्त मन भएकाहरूलाई
स्पर्शने = छुन
राक्षसः वा = राक्षस पनि
असुरः अपि वा = असुर पनि
प्रभुः = समर्थ
न भवेत् = नहोला
प्रेतः न = प्रेत (पनि समर्थ हुँदैन)
पिशाचः वा न = पिशाच (पनि समर्थ हुँदैन)

वाक्यार्थ— जसको मन भगवान्‌को भक्तिले भरिएको छ उनीहरूलाई प्रेत, पिशाच, राक्षस र असुर कसैले पनि छुन सक्दैनन्।

न तपोभिर्न वेदैश्च न ज्ञानेनापि कर्मणा।
हरिर्हि साध्यते भक्त्या प्रमाणं तत्र गोपिकाः॥ १८॥

पदार्थ—
हरिः = भगवान् श्रीहरिलाई
भक्त्या हि = भक्तिद्वारा नै
साध्यते = प्राप्त गर्न सकिन्छ
तपोभिः न = तपस्याहरूद्वारा (प्राप्त गर्न सकिँदैन)
वेदैः न = वेदहरूद्वारा (प्राप्त गर्न सकिँदैन)
ज्ञानेन न = ज्ञानद्वारा (प्राप्त गर्न सकिँदैन)
कर्मणा च अपि न = कर्मद्वारा पनि (प्राप्त गर्न सकिँदैन)
तत्र = त्यस कुरामा
गोपिकाः = गोपीहरू
प्रमाणं = प्रमाण छन्

वाक्यार्थ— भगवान्‌लाई भक्तिद्वारा नै प्राप्त गर्न सकिन्छ, तपस्या, वेद, ज्ञान र कर्मद्वारा भगवान्‌लाई प्राप्त गर्न सकिँदैन, यस कुरामा गोपीहरू नै प्रमाण छन्।

नृणां जन्मसहस्रेण भक्तौ प्रीतिर्हि जायते।
कलौ भक्तिः कलौ भक्तिर्भक्त्या कृष्णः पुरः स्थितः॥ १९॥

पदार्थ—
नृणां = मानिसहरूको
जन्मसहस्रेण = हजारौँ जन्म(को पुण्य)द्वारा
भक्तौ = भगवान्‌को भक्तिमा
हि प्रीतिः = निश्चय नै प्रेम
जायते = उत्पन्न हुन्छ
कलौ = कलि युगमा
भक्तिः = भक्ति
कलौ = कलि युगमा
भक्तिः = भक्ति (नै श्रीकृष्णप्राप्तिको उपाय हो)
भक्त्या = भक्तिद्वारा
कृष्णः = श्रीकृष्ण
पुरः = अगाडि
स्थितः = उपस्थित हुनुहुन्छ

वाक्यार्थ— मानिसहरूको हजारौँ जन्मको पुण्यद्वारा भगवान्‌को भक्तिमा प्रेम उत्पन्न हुन्छ, कलि युगमा भक्ति नै श्रीकृष्णप्राप्तिको उपाय हो, भक्तिद्वारा श्रीकृष्ण अगाडि उपस्थित हुनुहुन्छ।

भक्तिद्रोहकरा ये च ते सीदन्ति जगत्त्रये।
दुर्वासा दुःखमापन्नः पुरा भक्तविनिन्दकः॥ २०॥

पदार्थ—
ये च = जो चाहिँ
भक्तिद्रोहकराः = भक्तिसँग द्वेष गर्दछन्
ते = तिनीहरूले
जगत्त्रये = तीनै लोकमा
सीदन्ति = दुःख पाउँछन्
पुरा = पहिला
भक्तविनिन्दकः = भक्तको निन्दा

गर्ने	**दुःखम्** = दुःख
दुर्वासा = दुर्वासाले	**आपन्नः** = प्राप्त गरे

वाक्यार्थ– जसले भक्तिसँग द्वेष गर्दछन् तिनीहरूले तीनै लोकमा दुःख पाउँछन्। पहिला भगवान्‌का भक्त (अम्बरीष)को निन्दा गर्ने दुर्वासाले दुःख पाएका थिए।

अलं व्रतैरलं तीर्थैरलं योगैरलं मखैः।
अलं ज्ञानकथालापैर्भक्तिरेकैव मुक्तिदा॥ २१॥

पदार्थ–	आवश्यकता छैन	**एका** = एउटै
व्रतैः अलं = व्रतहरूको त्यति	**मखैः अलं** = यज्ञहरूको त्यति	**भक्तिः एव** = भक्ति नै
आवश्यकता छैन	आवश्यकता छैन	**मुक्तिदा** = मुक्ति प्रदान गर्न
तीर्थैः अलं = तीर्थहरूको त्यति	**ज्ञानकथालापैः अलं** = ज्ञानका	पर्याप्त छ
आवश्यकता छैन	कथाहरूको चर्चाको त्यति	
योगैः अलं = योगहरूको त्यति	आवश्यकता छैन	

वाक्यार्थ– कलियुगमा मोक्ष प्राप्त गर्नका लागि व्रतहरूको, तीर्थहरूको, योगहरूको, यज्ञहरूको र ज्ञानका कथाचर्चाको पनि त्यति आवश्यकता छैन, केवल भक्ति नै मुक्ति प्रदान गर्नका लागि पर्याप्त छ।

सूत उवाच (सूतजीले भन्नुभयो)

इति नारदनिर्णीतं स्वमाहात्म्यं निशम्य सा।
सर्वाङ्गपुष्टिसंयुक्ता नारदं वाक्यमब्रवीत्॥ २२॥

पदार्थ–	**निशम्य** = सुनेर	**नारदं** = नारदजीलाई
इति = यस प्रकार	**सर्वाङ्गपुष्टिसंयुक्ता** = आफ्ना	**वाक्यम्** = यो कुरा
नारदनिर्णीतं = नारदजीद्वारा	सम्पूर्ण अङ्गहरूद्वारा परिपुष्ट	**अब्रवीत्** = भनिन्
निर्णय गरिएको	भएकी	
स्वमाहात्म्यं = आफ्नो माहात्म्य	**सा** = ती भक्तिले	

वाक्यार्थ– यस प्रकार नारदजीद्वारा निर्णय गरिएको आफ्नो माहात्म्य सुनेपछि आफ्ना सम्पूर्ण अङ्गहरूद्वारा परिपुष्ट भएकी ती भक्तिले नारदजीलाई भनिन्।

भक्तिरुवाच (भक्तिले भनिन्)

अहो नारद धन्योऽसि प्रीतिस्ते मयि निश्चला।
न कदाचिद् विमुञ्चामि चित्ते स्थास्यामि सर्वदा॥ २३॥

पदार्थ–	**मयि** = ममा	**प्रीतिः** = प्रेम (छ)
अहो नारद = हे नारदजी	**ते** = तपाईंको	**कदाचित्** = कहिल्यै (पनि)
धन्यः असि = धन्य हुनुहुन्छ	**निश्चला** = अचल	**न विमुञ्चामि** = (म) तपाईंलाई

छाड्नेछैन
सर्वदा = सधैँ
चित्ते = (तपाईंको) चित्तमा
स्थास्यामि = बस्नेछु

वाक्यार्थ– हे नारदजी ! तपाईं धन्य हुनुहुन्छ, तपाईंको ममा अचल प्रेम छ, म तपाईंका हृदयमा सधैँ रहनेछु, तपाईंलाई म कहिल्यै पनि छाड्नेछैन।

कृपालुना त्वया साधो मद्बाधा ध्वंसिता क्षणात्।
पुत्रयोश्चेतना नास्ति ततो बोधय बोधय॥ २४॥

पदार्थ–
साधो = हे सज्जन नारदजी
कृपालुना = दयालु
त्वया = तपाईंद्वारा
मद्बाधा = मेरो बाधा
क्षणात् = एकछिनमा नै
ध्वंसिता = नष्ट गरियो
पुत्रयोः = (यी मेरा) छोराहरूको
चेतना = चेतना
न अस्ति = छैन
ततः = त्यसकारण (यी मेरा छोराहरूलाई)
बोधय बोधय = लौ न जगाइदिनुहोस्

वाक्यार्थ– हे सज्जन नारदजी ! दयालु तपाईंले मेरो बाधा एकछिनमा नै नष्ट गरिदिनुभयो, तर यी मेरा छोराहरूको चेतना छैन त्यसकारण लौ न यिनीहरूलाई जगाइदिनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

तस्या वचः समाकर्ण्य कारुण्यं नारदो गतः।
तयोर्बोधनमारेभे कराग्रेण विमर्दयन्॥ २५॥

पदार्थ–
तस्याः = ती भक्तिको
वचः = कुरा
समाकर्ण्य = सुनेर
नारदः = नारदजी
कारुण्यं गतः = करुणामय हुनुभयो
कराग्रेण = हातको अग्रभागले
विमर्दयन् = सुम्सुम्याउँदै
तयोः = ती दुई ज्ञान र वैराग्यलाई
बोधनम् = जगाउने काम
आरेभे = सुरु गर्नुभयो

वाक्यार्थ– ती भक्तिको कुरा सुनेपछि नारदजीका मनमा दया जाग्यो र उहाँले हातले सुम्सुम्याउँदै ती ज्ञान र वैराग्यलाई जगाउन थाल्नुभयो।

मुखं संयोज्य कर्णान्ते शब्दमुच्चैः समुच्चरन्।
ज्ञान प्रबुध्यतां शीघ्रं रे वैराग्य प्रबुध्यताम्॥ २६॥

पदार्थ–
कर्णान्ते = कानको नजिकै
मुखं = मुख
संयोज्य = जोडेर
उच्चैः = ठुलो स्वरले
शब्दम् = शब्द
समुच्चरन् = उच्चारण गर्दै
रे ज्ञान = हे ज्ञान
प्रबुध्यतां = जाग
वैराग्य = हे वैराग्य
शीघ्रं = चाँडै
प्रबुध्यताम् = जाग

वाक्यार्थ– भक्तिको प्रार्थना सुनेर देवर्षि नारदजीले कानको नजिकै मुख जोडेर उच्च स्वरले

भन्नुभयो– हे ज्ञान ! हे वैराग्य ! तिमीहरू चाँडै जाग।

वेदवेदान्तघोषैश्च गीतापाठैर्मुहुर्मुहुः ।
बोध्यमानौ तदा तेन कथंचिच्चोत्थितौ बलात् ॥ २७ ॥

पदार्थ–
तेन = ती नारदजीद्वारा
वेदवेदान्तघोषैः = वेद र उपनिषद्का ध्वनिहरूद्वारा
गीतापाठैः च = गीताको पाठद्वारा पनि
मुहुर्मुहुः = बारम्बार
बोध्यमानौ = जगाउन लागिएका ती दुई
तदा = त्यस वेला
कथंचित् = कुनै प्रकारले
बलात् = बलपूर्वक
उत्थितौ च = उठे पनि

वाक्यार्थ– नारदजीले वेद एवं उपनिषद्का ध्वनिहरूद्वारा र गीतापाठद्वारा बारम्बार जगाउन खोजेपछि ज्ञान र वैराग्य मुस्किलसँग उठे।

नेत्रैरनवलोकन्तौ जृम्भन्तौ सालसावुभौ ।
बकवत् पलितौ प्रायः शुष्ककाष्ठसमाङ्गकौ ॥ २८ ॥

पदार्थ–
उभौ = ज्ञान र वैराग्य यी दुबै
सालसौ = अल्छी मानिरहेका
नेत्रैः = आँखाद्वारा
अनवलोकन्तौ = कुनै वस्तुलाई पनि राम्ररी नहेरिरहेका
जृम्भन्तौ = हाइ गरिरहेका
बकवत् पलितौ = कपाल फुलेर बकुल्ला जस्तै सेता भएका
प्रायः = लगभग
शुष्ककाष्ठसमाङ्गकौ = सुकेको काठजस्ता अङ्ग भएका (थिए)

वाक्यार्थ– ज्ञान र वैराग्य यी दुबै अल्छी मानिरहेका, आँखाद्वारा कुनै वस्तुलाई पनि राम्ररी नहेरिरहेका, हाइ गरिरहेका, कपाल फुलेर बकुल्ला जस्तै सेता भएका र लगभग सुकेको काठजस्ता अङ्ग भएका थिए।

क्षुत्क्षामौ तौ निरीक्ष्यैव पुनः स्वापपरायणौ ।
ऋषिश्चिन्तापरो जातः किं विधेयं मयेति च ॥ २९ ॥

पदार्थ–
क्षुत्क्षामौ = भोकले व्याकुल भएका
पुनः = फेरि
स्वापपरायणौ = सुत्न लागेका
तौ = ती दुईजनालाई
निरीक्ष्य एव = देखेर नै
मया = मद्वारा
किं = के
विधेयं इति च = गरिनु पर्ला भनेर
ऋषिः = ऋषि
चिन्तापरः = चिन्ताग्रस्त
जातः = हुनुभयो

वाक्यार्थ– भोकले व्याकुल भएकाले फेरि सुत्न लागेका ती ज्ञान र वैराग्यलाई देखेर ऋषि नारद अब मैले के गर्न उचित होला भनेर चिन्ताग्रस्त हुनुभयो।

अहो निद्रा कथं याति वृद्धत्वं च महत्तरम् ।
चिन्तयन्निति गोविन्दं स्मारयामास भार्गव ॥ ३० ॥

पदार्थ—
भार्गव = हे भृगुका पुत्र (शौनकजी)
अहो = अहो
निद्रा = (यी दुईको) निद्रा र
महत्तरम् = अति ठुलो (डरलाग्दो)
वृद्धत्वं च = वृद्धावस्था पनि
कथं = कसरी
याति = हट्दछ
इति = यस प्रकार
चिन्तयन् = विचार गर्दै
गोविन्दं = भगवान् गोविन्दलाई
स्मारयामास = सम्झिनुभयो

वाक्यार्थ— हे शौनकजी ! यी ज्ञान र वैराग्यको निद्रा र डरलाग्दो वृद्धत्व कसरी हट्लान् भनेर विचार गर्दा-गर्दै नारदजीले भगवान् श्रीकृष्णलाई सम्झिनुभयो।

व्योमवाणी तदैवाभून्मा ऋषे खिद्यतामिति।
उद्यमः सफलस्तेऽयं भविष्यति न संशयः॥ ३१॥

पदार्थ—
तदा एव = त्यसै वेला
ऋषे = हे ऋषि
मा खिद्यताम् = खिन्न नहुनुहोस्
ते = तपाईंको
अयं = यो
उद्यमः = प्रयास
सफलः = सफल
भविष्यति = हुनेछ
संशयः न = यसमा शङ्का छैन
इति = यस प्रकारको
व्योमवाणी = आकाशवाणी
अभूत् = भयो

वाक्यार्थ— त्यसै वेला, हे ऋषि ! तपाईं खिन्न नहुनुहोस्, तपाईंको प्रयास सफल हुनेछ, यस विषयमा शङ्का छैन भनी आकाशवाणी भयो।

एतदर्थं तु सत्कर्म सुरर्षे त्वं समाचर।
तत् ते कर्माभिधास्यन्ति साधवः साधुभूषणाः॥ ३२॥

पदार्थ—
सुरर्षे = हे देवर्षि नारद
एतदर्थं तु = यसका लागि चाहिँ
त्वं = तपाईं
सत्कर्म = सत्कर्म
समाचर = गर्नुहोस्
ते = तपाईंलाई
तत् = त्यो
कर्म = कर्मको विषयमा
साधुभूषणाः = साधुहरूमा श्रेष्ठ
साधवः = साधुहरूले
अभिधास्यन्ति = बताउनेछन्

वाक्यार्थ— हे देवर्षि नारद ! यसका लागि तपाईं सत्कर्म गर्नुहोस्, तपाईंलाई त्यो कर्मको विषयमा श्रेष्ठ साधुहरूले बताउनेछन्।

सत्कर्मणि कृते तस्मिन् सनिद्रा वृद्धतानयोः।
गमिष्यति क्षणाद् भक्तिः सर्वतः प्रसरिष्यति॥ ३३॥

पदार्थ—
तस्मिन् = त्यो
सत्कर्मणि = सत्कर्म
कृते = गरेपछि
अनयोः = यी दुई (ज्ञान र वैराग्य)को
सनिद्रा = निद्रा सहित
वृद्धता = वृद्धत्व
गमिष्यति = हट्नेछ
क्षणात् = एकै छिनमा
सर्वतः = सबैतिर
भक्तिः = भक्ति
प्रसरिष्यति = फैलनेछ

वाक्यार्थ– त्यो सत्कर्म गरेपछि यी ज्ञान र वैराग्यको निद्रा र वृद्धत्व हट्नेछन् र त्यसपछि एकै छिनमा नै सबैतिर भक्ति फैलनेछ।

इत्याकाशवचः स्पष्टं तत् सर्वैरपि विश्रुतम्।

नारदो विस्मयं लेभे नेदं ज्ञातमिति ब्रुवन्॥ ३४॥

पदार्थ–

इति = यसरी	**स्पष्टं** = स्पष्टसँग	**नारदः** = नारदजी
तत् = त्यो	**विश्रुतम्** = सुनियो	**विस्मयं लेभे** = आश्चर्यचकित हुनुभयो
आकाशवचः = आकाशवाणी	**इदं न ज्ञातम् इति** = यसको आशय बुझिएन यसो	
सर्वैः अपि = सबैद्वारा नै	**ब्रुवन्** = भन्दै	

वाक्यार्थ– त्यहाँ भएका सबैले यस प्रकारको आकाशवाणी स्पष्टसँग सुने, त्यो आकाशवाणीको आशय स्पष्ट बुझिएन भन्दै नारदजी आश्चर्यचकित हुनुभयो।

नारद उवाच (नारदजीले भन्नुभयो)

अनयाकाशवाण्यापि गोप्यत्वेन निरूपितम्।

किं वा तत्साधनं कार्यं येन कार्यं भवेत् तयोः॥ ३५॥

क्व भविष्यन्ति सन्तस्ते कथं दास्यन्ति साधनम्।

मयात्र किं प्रकर्तव्यं यदुक्तं व्योमभाषया॥ ३६॥

पदार्थ–

अनया = यो	**येन** = जसले	**साधनम्** = उपाय
आकाशवाण्या अपि = आकाशवाणीद्वारा पनि	**तयोः** = ती दुई (ज्ञान र वैराग्य)को	**दास्यन्ति** = देलान् (बताउलान्)
गोप्यत्वेन = गोप्यरूपले नै	**कार्यं** = काम	**व्योमभाषया** = आकाशवाणीद्वारा
निरूपितम् = सङ्केत गरियो	**भवेत्** = सम्पन्न होला	**यत्** = जुन कुरा
किं वा = के चाहिँ	**सन्तः** = सज्जनहरू	**उक्तं** = भनियो
तत् = त्यो	**क्व** = कहाँ	**मया** = मद्वारा
साधनं = उपाय	**भविष्यन्ति** = होलान्	**अत्र** = यस विषयमा
कार्यं = गर्नुपर्ला	**ते** = तिनीहरूले	**किं** = के
	कथं = कसरी	**प्रकर्तव्यं** = गरिनु पर्ला

वाक्यार्थ– यो आकाशवाणीले पनि गोप्यरूपमा नै सङ्केत गर्‍यो, ज्ञान र वैराग्यको निद्रा र वृद्धता हट्ने उपाय के गर्नुपर्ला ? त्यो उपाय बताइदिने सन्त कहाँ भेटिएलान् ? उनीहरूले त्यसको उपाय कसरी बताउलान् ? आकाशवाणीले जुन कुरा बतायो त्यस विषयमा मैले के गर्नुपर्ला ?

सूत उवाच (सूतजीले भन्नुभयो)

तत्र द्वावपि संस्थाप्य निर्गतो नारदो मुनिः ।

तीर्थं तीर्थं विनिष्क्रम्य पृच्छन् मार्गे मुनीश्वरान् ॥ ३७ ॥

पदार्थ–
नारदः मुनिः = नारद मुनि
द्वौ अपि = दुबै जनालाई नै
तत्र = त्यहाँ
संस्थाप्य = राखेर
निर्गतः = निस्कनुभयो
तीर्थं तीर्थं = विभिन्न तीर्थहरूमा
विनिष्क्रम्य = पुगेर
मार्गे = बाटामा
मुनीश्वरान् = ठुला ऋषिहरूलाई
पृच्छन् = सोध्दै (हिँड्नुभयो)

वाक्यार्थ– ज्ञान र वैराग्यलाई त्यहाँ छाडेर नारद मुनि विभिन्न तीर्थहरूमा पुगेर बाटामा भेटिएका मुनीश्वरहरूसँग उक्त साधनका विषयमा सोध्दै हिँड्नुभयो।

वृत्तान्तः श्रूयते सर्वैः किंचिन्निश्चित्य नोच्यते ।

असाध्यं केचन प्रोचुर्दुर्ज्ञेयमिति चापरे ।

मूकीभूतास्तथान्ये तु कियन्तस्तु पलायिताः ॥ ३८ ॥

पदार्थ–
वृत्तान्तः = नारदजीले भनेको कुरा
सर्वैः = सबै मानिसहरूद्वारा
श्रूयते = सुनिन्थ्यो
निश्चित्य = निश्चय गरेर
किंचित् = केही पनि
न उच्यते = भनिँदैनथ्यो
केचन = केहीले
असाध्यं = यो कुरा पत्ता लगाउन असम्भव छ
प्रोचुः = भने
अपरे च = अरूहरूले चाहिँ
दुर्ज्ञेयम् = यो कुरा जान्न कठिन छ
इति = यसो (भने)
अन्ये तु = अरूहरू चाहिँ
मूकीभूताः = चुप भए
तथा = त्यस्तै
कियन्तः तु = केही मानिसहरू त
पलायिताः = (प्रश्नको उत्तर दिन नसकेर) भागे

वाक्यार्थ– नारदजीले भनेको कुरा सबैले सुने तर आकाशवाणीले यही नै उपाय बताएको हो भनी निश्चयका साथ कसैले पनि भन्न सकेनन्। कसैले यो असाध्य कुरा हो भने, कसैले यो कुरा बुझ्न सकिँदैन भने, केही सोधनासाथ चुप लागेर बसे, केही प्रश्नको उत्तर दिन नसकेर भागे।

हाहाकारो महानासीत् त्रैलोक्ये विस्मयावहः ।

वेदवेदान्तघोषैश्च गीतापाठैर्विबोधितम् ॥ ३९ ॥

भक्तिज्ञानविरागाणां नोदतिष्ठत् त्रिकं यदा ।

उपायो नापरोऽस्तीति कर्णे कर्णेऽजपञ्जनाः ॥ ४० ॥

योगिना नारदेनापि स्वयं न ज्ञायते तु यत् ।

तत् कथं शक्यते वक्तुमितरैरिह मानुषैः ॥ ४१ ॥

एवमृषिगणैः पृष्टैर्निर्णीयोक्तं दुरासदम् ॥ ४२ ॥

पदार्थ–
त्रैलोक्ये = तीनै लोकमा
विस्मयावहः = आश्चर्यजनक
महान् = ठुलो
हाहाकारः = हाहाकार
आसीत् = भयो
वेदवेदान्तघोषैः = वेद र उपनिषद्का ध्वनिहरूद्वारा
गीतापाठैः च = गीतापाठद्वारा पनि
विबोधितम् = जगाउन कोसिस गरियो
यदा = जब
भक्तिज्ञानविरागाणां त्रिकं = भक्ति, ज्ञान र वैराग्य यी तीनजनाको समूह
न उदतिष्ठत् = जागेन (भने)
अपरः = अर्को
उपायः = उपाय
न अस्ति = छैन
इति = यस्तो कुरा
जनाः = मानिसहरूले
कर्णे कर्णे अजपन् = कानेखुसी गरेर भन्न लागे
स्वयं योगिना नारदेन अपि = स्वयं योगी नारदजीद्वारा पनि
यत् = जुन कुरा
न ज्ञायते = जानिँदैन
तत् तु = त्यो कुरा त
कथं = कसरी
इतरैः = अन्य
मानुषैः = मानिसहरूद्वारा
इह = यहाँ
वक्तुम् = भन्न
शक्यते = सकिन्छ
एवम् = यस प्रकार
पृष्टैः = सोधिएका
ऋषिगणैः = ऋषिगणहरूद्वारा
निर्णीय = निर्णय गरेर
दुरासदम् = यो कुरा पत्ता लगाउन ज्यादै कठिन छ भनी
उक्तं = बताइयो

वाक्यार्थ– तीनै लोकमा यस्तो आश्चर्यजनक ठुलो हाहाकार मच्चियो कि वेद र उपनिषद्को ध्वनिद्वारा र गीतापाठद्वारा जगाउन प्रयास गर्दा पनि भक्ति, ज्ञान र वैराग्य जागेनन् भने अब उनीहरूलाई जगाउन कुनै पनि उपाय छैन भनी आपसमा मानिसहरू कानेखुसी गर्न लागे र जुन कुरा स्वयं त्यस्ता ठुला योगी नारदजीले जान्न सक्नुभएन भने अरू साधारण मानिसले कसरी जान्लान् भनी मानिसहरू भन्न लागे। यस प्रकार जो-जो ऋषिहरूसँग नारदजीले सोध्नुभएको थियो तिनीहरूले निर्णय गरेर कुरा पत्ता लगाउन ज्यादै कठिन छ भनी उत्तर दिए।

ततश्चिन्तातुरः सोऽथ बदरीवनमागतः ।

तपश्चरामि चात्रेति तदर्थं कृतनिश्चयः ॥ ४३ ॥

पदार्थ–
ततः = त्यसपछि
चिन्तातुरः = चिन्ताग्रस्त
सः च = ती नारदजी
तदर्थं = ज्ञान र वैराग्यलाई जगाउने उपाय पत्ता लगाउनका लागि
अत्र = यस ठाउँमा
तपः चरामि इति = तपस्या गर्छु भनी
कृतनिश्चयः = निश्चय गरेर
अथ = त्यसपछि
बदरीवनम् = बदरी वनमा
आगतः = आइपुग्नुभयो

वाक्यार्थ– त्यसपछि चिन्ताग्रस्त नारदजी ज्ञान र वैराग्यलाई जगाउने उपाय पत्ता लगाउनका लागि यसै ठाउँमा बसेर तपस्या गर्छु भन्ने निश्चय गरेर बदरी वनमा आइपुग्नुभयो।

तावद् ददर्श पुरतः सनकादीन् मुनीश्वरान्।

कोटिसूर्यसमाभासानुवाच मुनिसत्तमः॥ ४४॥

पदार्थ—

तावत् = त्यसै समयमा
कोटिसूर्यसमाभासान् = करोडौं सूर्यको तेज बराबर तेजिला
सनकादीन् = सनक आदि
मुनीश्वरान् = मुनीश्वरहरूलाई
पुरतः = अगाडि
ददर्श = देख्नुभयो (त्यसपछि)
मुनिसत्तमः = मुनिश्रेष्ठ नारदले
उवाच = भन्नुभयो

वाक्यार्थ— त्यसै समयमा करोडौं सूर्यको बराबर तेज भएका सनक आदि मुनीश्वरहरूलाई अगाडि देखेपछि मुनिश्रेष्ठ नारदले भन्नुभयो।

नारद उवाच (नारदजीले भन्नुभयो)

इदानीं भूरिभाग्येन भवद्भिः संगमोऽभवत्।

कुमारा ब्रुवतां शीघ्रं कृपां कृत्वा ममोपरि॥ ४५॥

पदार्थ—

इदानीं = अहिले
भूरिभाग्येन = ठुलो भाग्यले
भवद्भिः = तपाईंहरूसँग
संगमः = (मेरो) भेट
अभवत् = भयो
कुमाराः = हे कुमारहरू
मम उपरि = ममाथि
कृपां = दया
कृत्वा = गरेर
शीघ्रं = चाँडै
ब्रुवतां = भन्नुहोस्

वाक्यार्थ— अहिले ठुलो भाग्यले तपाईंहरूसँग मेरो भेट भयो। हे कुमारहरू ! ममाथि दया गरेर चाँडै भन्नुहोस्।

भवन्तो योगिनः सर्वे बुद्धिमन्तो बहुश्रुताः।

पञ्चहायनसंयुक्ताः पूर्वेषामपि पूर्वजाः॥ ४६॥

सदा वैकुण्ठनिलया हरिकीर्तनतत्पराः।

लीलामृतरसोन्मत्ताः कथामात्रैकजीविनः॥ ४७॥

हरिः शरणमेवं हि नित्यं येषां मुखे वचः।

अतः कालसमादिष्टा जरा युष्मान् न बाधते॥ ४८॥

येषां भ्रूभङ्गमात्रेण द्वारपालौ हरेः पुरा।

भूमौ निपतितौ सद्यो यत्कृपातः पुरं गतौ॥ ४९॥

पदार्थ—

भवन्तः = तपाईंहरू
सर्वे = सबै
योगिनः = योगीहरू
बुद्धिमन्तः = बुद्धिमान्
बहुश्रुताः = धरै शास्त्र जानेका

पञ्चहायनसंयुक्ताः = सधैँ पाँच वर्षको उमेर भएका
पूर्वेषाम् अपि पूर्वजाः = पूर्वजहरूका पनि पूर्वज
सदा वैकुण्ठनिलयाः = सधैँ वैकुण्ठमा निवास गर्ने
हरिकीर्तनतत्पराः = हरिकीर्तनमा तत्पर रहने
लीलामृतरसोन्मत्ताः = भगवान्‌को लीलारूपी अमृतको पान गरेर उन्मत्त भएका
कथामात्रैकजीविनः = भगवान्‌को कथा सुन्ने-सनाउने गरेर बाँच्ने
नित्यं हि = सधैँ नै
हरिः शरणम् एवं वचः = 'हरिः शरणम्' यस्तो वाणी
येषां = जसको
मुखे = मुखमा (छ)
अतः = त्यसकारण
कालसमादिष्टा = कालद्वारा प्रेरित
जरा = वृद्धावस्थाले
युष्मान् = तपाईंहरूलाई
न बाधते = सताउँदैन
पुरा = पूर्व कालमा
येषां = जसको
भ्रूभङ्गमात्रेण = आँखीभौँको टेढो हेराइ मात्रले पनि
हरेः = भगवान् विष्णुका
द्वारपालौ = दुई जना द्वारपाल
सद्यः = तत्काल
भूमौ = पृथ्वीमा
निपतितौ = खसेका थिए
यत्कृपातः = जसका कृपाले (पछि उनीहरू)
पुरं = वैकुण्ठ
गतौ = गए

वाक्यार्थ– तपाईंहरू योगी, बुद्धिमान्, धरै शास्त्र जानेका, पाँच वर्ष मात्र उमेर भएका र पूर्वजहरूका पनि पूर्वज हुनुहुन्छ। तपाईंहरू सधैँ वैकुण्ठमा बस्ने, हरिकीर्तन गरिरहने, भगवान्‌को लीलारूपी अमृतपान गरेर उन्मत्त भएका, भगवान्‌को कथा सुन्ने-सुनाउने गरेर बाँच्ने स्वभाव भएका हुनुहुन्छ। तपाईंहरू सधैँ 'हरिःशरणम्' यो वचन उच्चारण गरिरहनुहुन्छ त्यसकारण कालद्वारा प्रयुक्त वृद्धावस्थाले तपाईंहरूलाई कहिल्यै सताउँदैन। तपाईंहरूको टेढो हेराइ मात्रले पनि पूर्व कालमा भगवान् विष्णुका द्वारपालहरू तुरुन्त पृथ्वीमा खसेका थिए र तपाईंहरूको कृपाले उनीहरू फेरि वैकुण्ठ गएका थिए।

अहो भाग्यस्य योगेन दर्शनं भवतामिह।
अनुग्रहस्तु कर्तव्यो मयि दीने दयापरैः॥ ५०॥

पदार्थ–
अहो = अहो
इह = यहाँ
भाग्यस्य योगेन = सौभाग्यको कारणले
भवताम् = तपाईंहरूको
दर्शनं = दर्शन (मिलेको छ)
दयापरैः = दयावान् तपाईंहरूद्वारा
दीने = दुःखी
मयि तु = ममाथि चाहिँ
अनुग्रहः = कृपा
कर्तव्यः = गरियोस्

वाक्यार्थ– सौभाग्यका कारणले मैले यहाँ तपाईंहरूको दर्शन पाएको छु, तपाईंहरू अत्यन्त दयावान् हुनुहुन्छ, ममाथि कृपा गर्नुहोस्।

अशरीरगिरोक्तं यत् तत् किं साधनमुच्यताम्।
अनुष्ठेयं कथं तावत् प्रब्रुवन्तु सविस्तरम्॥ ५१॥

पदार्थ–	**उक्तं** = भनियो	**अनुष्ठेयं** = सम्पादन गर्ने हो
अशरीरगिरा = आकाशवाणीद्वारा	**तत्** = त्यो	**तावत्** = ती सबै कुरा
यत् = जुन	**किं** = के हो	**सविस्तरम्** = विस्तारपूर्वक
साधनम् = साधन	**उच्यताम्** = भन्नुहोस्	**प्रब्रुवन्तु** = भन्नुहोस्
	कथं = कसरी	

वाक्यार्थ– आकाशवाणीले बताएको साधन के हो र त्यसको सम्पादन कसरी गर्ने हो ? यहाँहरूले मलाई यी सबै कुरा विस्तारपूर्वक बताइदिनुहोस्।

भक्तिज्ञानविरागाणां सुखमुत्पद्यते कथम्।
स्थापनं सर्ववर्णेषु प्रेमपूर्वं प्रयत्नतः॥ ५२॥

पदार्थ–	**सुखम्** = सुख	**प्रयत्नतः** = प्रयासले
कथम् = कसरी	**उत्पद्यते** = उत्पन्न हुन्छ	**स्थापनं** = स्थापन (सम्भव छ)
भक्तिज्ञानविरागाणां = भक्ति, ज्ञान र वैराग्यलाई	**सर्ववर्णेषु** = सम्पूर्ण वर्णहरूमा	
	प्रेमपूर्वं = प्रेमपूर्वक	

वाक्यार्थ– भक्ति, ज्ञान र वैराग्यलाई सुख कसरी प्राप्त हुन्छ र सम्पूर्ण वर्ण (ब्राह्मण, क्षेत्रिय, वैश्य र शूद्र)हरूमा यिनको संस्थापन कसरी गर्न सकिन्छ ?

कुमाराः ऊचुः (कुमारहरूले भन्नुभयो)

मा चिन्तां कुरु देवर्षे हर्षं चित्ते समावह।
उपायः सुखसाध्योऽत्र वर्तते पूर्व एव हि॥ ५३॥

पदार्थ–	**हर्षं** = हर्षलाई	**उपायः** = उद्धारको उपाय
देवर्षे = हे देवर्षि	**समावह** = धारण गर्नुहोस्	**पूर्वे एव हि** = पहिलेदेखि नै
चिन्तां = चिन्ता	**अत्र** = यस विषयमा	**वर्तते** = छ
मा कुरु = नगर्नुहोस्	**सुखसाध्यः** = सजिलैसँग गर्न सकिने	
चित्ते = चित्तमा		

वाक्यार्थ– हे नारदजी ! यस विषयमा चिन्ता नगर्नुहोस्, प्रसन्न हुनुहोस्। यिनीहरूको सजिलैसँग उद्धार गर्ने उपाय पहिलेदेखि नै रहेको छ।

अहो नारद धन्योऽसि विरक्तानां शिरोमणिः।
सदा श्रीकृष्णदासानामग्रणीर्योगभास्करः॥ ५४॥

पदार्थ–	**विरक्तानां शिरोमणिः** = विरक्तहरूमा सर्वश्रेष्ठ	श्रीकृष्णका दासहरूमध्येमा सधैँ सबैभन्दा अगाडि रहने
अहो = अहो	**सदा श्रीकृष्णदासानाम् अग्रणीः** =	**योगभास्करः** = योगलाई
नारद = हे नारदजी		

प्रकाशित गर्नेवाला हुनुहुन्छ	**धन्यः** = (तपाईं) धन्य	**असि** = हुनुहुन्छ

वाक्यार्थ– अहो, हे नारदजी ! तपाईं विरक्तहरूमा सर्वश्रेष्ठ हुनुहुन्छ, श्रीकृष्णका दासहरूमध्येमा तपाईं सधैं सबैभन्दा अगाडि हुनुहुन्छ, तपाईं योगका प्रकाशक हुनुहुन्छ त्यसकारण तपाईं धन्य हुनुहुन्छ।

त्वयि चित्रं न मन्तव्यं भक्त्यर्थमनुवर्तिनि।
घटते कृष्णदासस्य भक्तेः संस्थापना सदा॥ ५५॥

पदार्थ–		
भक्त्यर्थम् = भक्तिको (स्थापनाका) लागि	**चित्रं** = आश्चर्य	**संस्थापना** = संस्थापन
अनुवर्तिनि = पछि लागिरहने	**न मन्तव्यं** = मान्नुपर्दैन	**सदा** = सधैं
त्वयि = तपाईंमा	**कृष्णदासस्य** = श्रीकृष्णका भक्तका लागि	**घटते** = उचित रहन्छ
	भक्तेः = भक्तिको	

वाक्यार्थ– तपाईं भक्तिको स्थापनाका लागि जुन प्रयास गर्दै हुनुहुन्छ त्यो तपाईंका लागि कुनै आश्चर्यको कुरो होइन। भगवान् श्रीकृष्णका भक्तहरूले भक्तिलाई स्थापित गर्न प्रयास गर्नु उचित नै हो।

ऋषिभिर्बहवो लोके पन्थानः प्रकटीकृताः।
श्रमसाध्याश्च ते सर्वे प्रायः स्वर्गफलप्रदाः॥ ५६॥

पदार्थ–		
ऋषिभिः = ऋषिहरूद्वारा	**प्रकटीकृताः** = देखाइएका छन्	**प्रायः** = धेरैजसो
लोके = लोकमा	**ते** = ती	**स्वर्गफलप्रदाः च** = स्वर्गरूप फल प्रदान गर्ने (खालका छन्)
बहवः = धेरै	**सर्वे** = सबै बाटाहरू	
पन्थानः = बाटाहरू	**श्रमसाध्याः** = परिश्रमपूर्वक मात्र सम्पन्न गर्न सकिने र	

वाक्यार्थ– ऋषिहरूले यस लोकमा धेरै बाटाहरू देखाएका छन्, ती सबै बाटाहरू कष्टसाध्य छन् र प्रायः केवल स्वर्गरूप फल मात्र प्रदान गर्ने खालका छन्।

वैकुण्ठसाधकः पन्थाः स तु गोप्यो हि वर्तते।
तस्योपदेष्टा पुरुषः प्रायो भाग्येन लभ्यते॥ ५७॥

पदार्थ–		
सः = त्यो	**गोप्यः हि** = गोप्य नै	**प्रायः** = धेरैजसो
वैकुण्ठसाधकः = वैकुण्ठ लोक प्राप्त गराउने	**वर्तते** = छ	**भाग्येन** = भाग्यले मात्र
पन्थाः तु = बाटो चाहिँ	**तस्य** = त्यो मार्गको	**लभ्यते** = पाइन्छ
	उपदेष्टा = उपदेश गर्ने	
	पुरुषः = मानिस पनि	

वाक्यार्थ– वैकुण्ठ लोकलाई प्राप्त गराउने बाटो गोप्य छ, त्यसको उपदेश गर्ने मानिस पनि प्रायः भाग्यले मात्र पाइन्छ।

सत्कर्म तव निर्दिष्टं व्योमवाचा तु यत् पुरा ।
तदुच्यते शृणुष्वाद्य स्थिरचित्तः प्रसन्नधीः ॥ ५८ ॥

पदार्थ—
पुरा = पहिले
व्योमवाचा = आकाशवाणीद्वारा
यत् = जुन
सत्कर्म = सत्कर्म
तव = तपाईंका लागि
निर्दिष्टं = निर्देश गरिएको थियो
तत् तु = त्यो चाहिँ
अद्य = आज
उच्यते = (मद्वारा) भनिन्छ
स्थिरचित्तः = आफ्नो चित्तलाई स्थिर गरेर
प्रसन्नधीः = प्रसन्न भएर
शृणुष्व = सुन्नुहोस्

वाक्यार्थ— पहिले आकाशवाणीले जुन सत्कर्मका विषयमा तपाईंलाई निर्देश गरेको थियो त्यस विषयमा म अहिले तपाईंलाई भन्दछु, आफ्नो चित्तलाई स्थिर गरी प्रसन्न भएर सुन्नुहोस् ।

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।
स्वाध्यायज्ञानयज्ञाश्च ते तु कर्मविसूचकाः ॥ ५९ ॥

पदार्थ—
द्रव्ययज्ञाः = द्रव्ययज्ञ
तपोयज्ञाः = तपोयज्ञ
योगयज्ञाः = योगयज्ञ
तथा = त्यस्तै
अपरे = अन्य
स्वाध्यायज्ञानयज्ञाः च = स्वाध्याययज्ञ र ज्ञानयज्ञ आदि जुन यज्ञहरू पनि (छन्)
ते तु = तिनीहरू त
कर्मविसूचकाः = (स्वर्गादिरूप फल प्राप्त गराउने) कर्मलाई सङ्केत गर्ने खालका छन्

वाक्यार्थ— द्रव्ययज्ञ, तपोयज्ञ, योगयज्ञ र त्यस्तै नै स्वाध्याययज्ञ एवं ज्ञानयज्ञ आदि अरू जति पनि यज्ञयागादि छन् तिनीहरू सबै स्वर्गादिरूप फल प्राप्त गराउने कर्मलाई सङ्केत गर्ने खालका छन् ।

सत्कर्मसूचको नूनं ज्ञानयज्ञः स्मृतो बुधैः ।
श्रीमद्भागवतालापः स तु गीतः शुकादिभिः ॥ ६० ॥

पदार्थ—
नूनं = निश्चय नै
बुधैः = विद्वान्हरूद्वारा
ज्ञानयज्ञः = ज्ञानयज्ञ
सत्कर्मसूचकः = सत्कर्मको सूचक हो भनी
स्मृतः = सम्झिइएको छ
सः तु = त्यो ज्ञानयज्ञ चाहिँ
शुकादिभिः = शुक आदि मुनिहरूद्वारा
गीतः = गाइएको
श्रीमद्भागवतालापः = श्रीमद्‌भागवतको कथा नै हो

वाक्यार्थ— विद्वान्हरूले ज्ञानयज्ञ नै सत्कर्मको सूचक हो भनी बताएका छन् र श्रीमद्‌भागवतको कथा भन्नु र सुन्नु नै ज्ञानयज्ञ हो जसको महिमा शुक आदि मुनिहरूले गाएका थिए ।

भक्तिज्ञानविरागाणां तद्घोषेण बलं महत् ।
व्रजिष्यति द्वयोः कष्टं सुखं भक्तेर्भविष्यति ॥ ६१ ॥

पदार्थ–
तद्घोषेण = श्रीमद्भागवत कथाको श्रवण गर्नाले
भक्तिज्ञानविरागाणां = भक्ति, ज्ञान र वैराग्यलाई
महत् = ठुलो
बलं = बल (मिल्नेछ)
द्वयोः = दुबैको (ज्ञान र वैराग्यको)
कष्टं = दुःख
व्रजिष्यति = हट्नेछ
भक्तेः = भक्तिलाई
सुखं = सुख
भविष्यति = हुनेछ

वाक्यार्थ– श्रीमद्भागवतको कथा श्रवण गर्नाले भक्ति, ज्ञान र वैराग्यलाई ज्यादै ठुलो बल मिल्नेछ, ज्ञान र वैराग्यको कष्ट हट्नेछ अनि भक्तिलाई पनि सुख मिल्नेछ।

प्रलयं हि गमिष्यन्ति श्रीमद्भागवतध्वनेः।
कलेर्दोषा इमे सर्वे सिंहशब्दाद् वृका इव॥ ६२॥

पदार्थ–
सिंहशब्दात् = सिंहको गर्जना सुनेर
वृकाः इव = ब्वाँसाहरू भागेझैँ
श्रीमद्भागवतध्वनेः = श्रीमद्भागवतको ध्वनिबाट
कलेः = कलिका
इमे = यी
सर्वे हि = सबै नै
दोषाः = दोषहरू
प्रलयं = प्रलयको अवस्थामा
गमिष्यन्ति = पुग्नेछन्

वाक्यार्थ– जसरी सिंहको गर्जना सुन्ने बित्तिकै ब्वाँसाहरू भाग्दछन् त्यसै गरी श्रीमद्भागवतको कथा श्रवण गर्ने बित्तिकै कलियुगका सम्पूर्ण दोषहरू नष्ट हुनेछन्।

ज्ञानवैराग्यसंयुक्ता भक्तिः प्रेमरसावहा।
प्रतिगेहं प्रतिजनं ततः क्रीडां करिष्यति॥ ६३॥

पदार्थ–
ततः = त्यसपछि
प्रेमरसावहा = प्रेमको रस प्रवाहित गर्ने
भक्तिः = भक्तिले
ज्ञानवैराग्यसंयुक्ता = ज्ञान र वैराग्यले युक्त भएर
प्रतिगेहं = प्रत्येक घरमा र
प्रतिजनं = प्रत्येक व्यक्तिमा
क्रीडां = क्रीडा
करिष्यति = गर्नेछ

वाक्यार्थ– त्यसपछि प्रेमरसलाई प्रवाहित गर्ने भक्तिले ज्ञान र वैराग्यले युक्त भएर प्रत्येक घरमा र प्रत्येक व्यक्तिमा क्रीडा गर्नेछिन्।

नारद उवाच (नारदजीले भन्नुभयो)
वेदवेदान्तघोषैश्च गीतापाठैः प्रबोधितम्।
भक्तिज्ञानविरागाणां नोदतिष्ठत् त्रिकं यदा॥ ६४॥
श्रीमद्भावतालापात् तत् कथं बोधमेष्यति।
तत्कथासु तु वेदार्थः श्लोके श्लोके पदे पदे॥ ६५॥

छिन्दन्तु संशयं ह्येनं भवन्तोऽमोघदर्शनाः ।
विलम्बो नात्र कर्तव्यः शरणागतवत्सलाः ॥ ६६ ॥

पदार्थ–
वेदवेदान्तघोषैः = वेद र उपनिषद्को वाणीद्वारा
गीतापाठैः = गीतापाठद्वारा
प्रबोधितम् च = जगाउँदा पनि
यदा = जब
भक्तिज्ञानविरागाणां त्रिकं = भक्ति, ज्ञान र वैराग्य यी तीनको समूह
न उदतिष्ठत् = उठेन भने
तत् = त्यो समूह
श्रीमद्भावतालापात् = श्रीमद्भागवतको वाचनले
कथं = कसरी
बोधम् एष्यति = जाग्नेछ
तत्कथासु तु = श्रीमद्भागवतका कथाहरूमा त
श्लोके श्लोके = श्लोक-श्लोकमा
पदे पदे = पद-पदमा
वेदार्थः = वेदको अर्थ (रहेको छ)
अमोघदर्शनाः = जसको दर्शन कहिल्यै पनि विफल हुँदैन त्यस्ता
शरणागतवत्सलाः = शरणमा आएकालाई प्रेम गर्ने
भवन्तः = तपाईंहरू
एनं = यो
संशयं = शङ्कालाई
हि = निश्चय नै
छिन्दन्तु = नष्ट गरिदिनुहोस्
अत्र = यस विषयमा
विलम्बः = ढिलो
न कर्तव्यः = नगरियोस्

वाक्यार्थ– जब वेद र उपनिषद्को वाणीद्वारा र गीतापाठद्वारा समेत जगाउन प्रयास गर्दा पनि ज्ञान, वैराग्य र भक्ति उठेनन् भने श्रीमद्भागवतको वाचनले तिनीहरू कसरी उठ्लान् ? किनभने श्रीमद्भागवतका श्लोक-श्लोक र पद-पदमा पनि त वेदार्थकै सार छ। तपाईंहरू शरणागतवत्सल हुनुहुन्छ, यहाँहरूको दर्शन कहिल्यै पनि खेर जाँदैन, मेरो शङ्कालाई चाँडै नै नष्ट गरिदिनुहोस्।

कुमारा ऊचुः (कुमारहरूले भन्नुभयो)
वेदोपनिषदां साराज्जाता भागवती कथा ।
अत्युत्तमा ततो भाति पृथग्भूता फलाकृतिः ॥ ६७ ॥
आमूलाग्रं रसस्तिष्ठन्नास्ते न स्वाद्यते यथा ।
स भूयः संपृथग्भूतः फले विश्वमनोहरः ॥ ६८ ॥

पदार्थ–
भागवती कथा = श्रीमद्भागवतको कथा
वेदोपनिषदां = वेद र उपनिषद्को
सारात् = सारबाट
जाता = जन्मिएको छ
पृथग्भूता = वेद र उपनिषद्देखि भिन्न भएर
फलाकृतिः = वेद र उपनिषद्को फलको रूपमा
ततः = ती वेद र उपनिषद्भन्दा
अत्युत्तमा = ज्यादै नै उत्तम
भाति = प्रतीत हुन्छ
यथा = जसरी
आमूलाग्रं = फेददेखि टुप्पासम्म
रसः = रस
तिष्ठन् आस्ते = रहेको हुन्छ (तर)
न स्वाद्यते = आस्वादन गर्न मिल्दैन
सः = त्यो रस
भूयः = फेरि
फले = फलमा

संपृथग्भूतः = वृक्षदेखि अलग भएर आएपछि	**विश्वमनोहरः** = संसारका सबै मानिसलाई मिठो लाग्ने हुन्छ

वाक्यार्थ– यो श्रीमद्भागवतको कथा वेद र उपनिषद्हरूको सारबाट जन्मिएको हो। यो कथा वेद र उपनिषद्देखि भिन्न भएर पनि तिनीहरूकै फलका रूपमा रहेको हुनाले तिनीहरूभन्दा ज्यादै उत्तम मानिन्छ। जसरी कुनै वृक्षमा त्यसको फेददेखि टुप्पासम्म रस जताततै रहेको हुन्छ तर पनि त्यो रसको आस्वादन गर्न मिल्दैन तर त्यही रस वृक्षबाट फलरूपमा आएपछि त्यो फलमा रहेको रस सबै मानिसलाई मिठो लाग्ने हुन्छ।

यथा दुग्धे स्थितं सर्पिर्न स्वादायोपकल्पते।
पृथग्भूतं हि तद् गव्यं देवानां रसवर्धनम्॥ ६९॥
ईक्षूणामपि मध्यान्तं शर्करा व्याप्य तिष्ठति।
पृथग्भूता च सा मिष्टा तथा भागवती कथा॥ ७०॥

पदार्थ–	**तत् हि** = त्यही नै	**सा च** = त्यो सखखर पनि
यथा = जसरी	**गव्यं** = घिउ	**पृथग्भूता** = उखुबाट निकालेपछि
दुग्धे = दुधमा	**देवानां** = देवताहरूका लागि	**मिष्टा** = अत्यन्त मिठो हुन्छ
स्थितं = रहेको	**रसवर्धनम्** = स्वाद बढाउने हुन्छ	**तथा** = त्यस्तै वेद र उपनिषद्बाट पृथक् भएको
सर्पिः = घिउ	**ईक्षूणाम् अपि** = उखुहरूको पनि	**भागवती** = भागवतको
स्वादाय = भिन्न रूपले स्वाद लिनका लागि	**मध्यान्तं** = बिच र छेउ सबैतिर	**कथा** = कथा (मिठो हुन्छ)
न उपकल्पते = योग्य हुँदैन	**व्याप्य** = ढाकेर	
पृथग्भूतं = दुधबाट फरक रहेको	**शर्करा** = सखखर	
	तिष्ठति = रहेको हुन्छ	

वाक्यार्थ– जसरी दुधमा घिउ पहिलेदेखि नै रहेको हुन्छ तर त्यसको भिन्न रूपले स्वाद लिन मिल्दैन, दुधबाट छुट्याएपछि त्यही घिउ देवताहरूका लागि रसवर्धक हुन्छ, अनि जसरी उखुहरूमा भित्रबाहिर सबैतिर सक्खर व्याप्त भएर रहेको हुन्छ परन्तु त्यस स्थितिमा त्यसको आस्वादन गर्न मिल्दैन, उखुबाट भिन्न रूपमा बाहिर निकालेपछि त्यही सक्खर अत्यन्त मिठो हुन्छ, त्यसै गरी यो श्रीमद्भागवतको कथा पनि वेद र उपनिषद्हरूकै सारका रूपमा भए तापनि वेद र उपनिषद्भन्दा भिन्न तिनको फलका रूपमा भएको हुनाले यो अत्यन्त मिठो छ। (अतः भक्ति, ज्ञान र वैराग्यलाई जगाउन यो समर्थ छ।)

इदं भागवतं नाम पुराणं ब्रह्मसम्मितम्।
भक्तिज्ञानविरागाणां स्थापनाय प्रकाशितम्॥ ७१॥

पदार्थ–	**इदं** = यो	**भागवतं नाम** = भागवत नाम

गरेको
पुराणं = पुराण
ब्रह्मसम्मितम् = वेद बराबर छ
भक्तिज्ञानविरागाणां = भक्ति, ज्ञान र वैराग्यको
स्थापनाय = स्थापनाका लागि
प्रकाशितम् = प्रकाशमा ल्याइएको हो

वाक्यार्थ– यो श्रीमद्भागवत नाम गरेको पुराण वेदबराबर छ। भक्ति, ज्ञान र वैराग्यको स्थापनाका लागि यसलाई प्रकाशमा ल्याइएको हो।

वेदान्तवेदसुस्नाते गीताया अपि कर्तरि ।
परितापवति व्यासे मुह्यत्यज्ञानसागरे ॥ ७२ ॥
तदा त्वया पुरा प्रोक्तं चतुःश्लोकसमन्वितम् ।
तदीयश्रवणात् सद्यो निर्बाधो बादरायणः ॥ ७३ ॥

पदार्थ–
पुरा = पहिला
वेदान्तवेदसुस्नाते = वेदान्त र वेदका पारङ्गत
गीतायाः अपि = गीताका पनि
कर्तरि = रचयिता
व्यासे = वेदव्यास
परितापवति = अत्यन्त खिन्न भएर
अज्ञानसागरे = अज्ञानको सागरमा
मुह्यति = डुबिरहेको समयमा
त्वया = तपाईं (नारदजी)द्वारा
तदा = त्यस वेला
चतुःश्लोकसमन्वितम् = चार श्लोक भएको
प्रोक्तं = सुनाइएको थियो
तदीयश्रवणात् = त्यो भागवतको श्रवण गरेपछि
बादरायणः = वेदव्यास
सद्यः = तुरुन्तै
निर्बाधः = चिन्तारहित हुनुभएको थियो

वाक्यार्थ– पहिला वेदान्त र वेदका पारङ्गत अनि गीताका पनि रचयिता वेदव्यास अत्यन्त खिन्न भएर अज्ञानका सागरमा चुर्लुम्म डुबेका बखतमा तपाईंले उहाँलाई चतुःश्लोकी भागवतको उपदेश गर्नुभएको थियो। त्यो भागवत श्रवण गरेपछि उहाँ तुरुन्त चिन्तामुक्त हुनुभएको थियो।

तत्र ते विस्मयः केन यतः प्रश्नकरो भवान् ।
श्रीमद्भागवतं श्राव्यं शोकदुःखविनाशनम् ॥ ७४ ॥

पदार्थ–
तत्र = त्यस विषयमा
ते = तपाईंलाई
विस्मयः = आश्चर्य
केन = कुन कारणले भयो
यतः = जुन आश्चर्यको कारणले
भवान् = तपाईं
प्रश्नकरः = प्रश्न गर्दै हुनुहुन्छ
शोकदुःखविनाशनम् = शोक र दुःखलाई नाश गर्ने
श्रीमद्भागवतं = श्रीमद्भागवत
श्राव्यं = सुन्नुपर्छ

वाक्यार्थ– यस विषयमा तपाईंलाई के कारणले आश्चर्य भयो र मसँग प्रश्न गर्दै हुनुहुन्छ ? शोक र दुःखलाई नाश गर्ने श्रीमद्भागवत अवश्य पनि सुन्नुपर्छ।

नारद उवाच (नारदजीले भन्नुभयो)

यद्दर्शनं च विनिहन्त्यशुभानि सद्यः
श्रेयस्तनोति भवदुःखदवार्दितानाम् ।
निःशेषशेषमुखगीतकथैकपानाः
प्रेमप्रकाशकृतये शरणं गतोऽस्मि ॥ ७५ ॥

पदार्थ–	**अशुभानि** = सम्पूर्ण अशुभलाई	**तनोति** = फैलाउँछ
निःशेषशेषमुखगीतकथैकपानाः =	**सद्यः** = तुरुन्त	**प्रेमप्रकाशकृतये** = प्रेमरूपी
शेष नागका सम्पूर्ण (हजार)	**विनिहन्ति** = नष्ट गर्दछ	भक्तिलाई प्रकाशित गर्नका
मुखद्वारा गाइएको (भगवान्को)	**भवदुःखदवार्दितानाम्** = संसारका	लागि (त्यस्ता तपाईंहरूको)
कथाको मात्र पान गरिरहने हे	दुःखरूप डढेलोले सन्तप्त	**शरणं** = शरणमा
कुमारहरू	भएका मनुष्यहरूको	**गतः अस्मि** = आइपुगेको छु
यद्दर्शनं = जसको दर्शनले	**श्रेयः च** = शान्तिलाई पनि	

वाक्यार्थ– शेष नागका सम्पूर्ण (हजार) मुखद्वारा गाइएको भगवान्को कथाको मात्र पान गरिरहने हे कुमारहरू ! तपाईंहरूको दर्शन गर्नाले सम्पूर्ण पापहरू तुरुन्त नष्ट हुन्छन्, संसारको दुःखरूप डढेलोले सन्तप्त भएका प्राणीहरूले तुरुन्त शान्ति पनि प्राप्त गर्दछन्, प्रेमलक्षणा भक्तिको प्रकाश गर्ने उद्देश्यले यस्ता तपाईंहरूको शरणमा म आएको छु।

भाग्योदयेन बहुजन्मसमर्जितेन सत्सङ्गमं च लभते पुरुषो यदा वै ।
अज्ञानहेतुकृतमोहमदान्धकारनाशं विधाय हि तदोदयते विवेकः ॥ ७६ ॥

पदार्थ–	**पुरुषः** = मान्छेले	मोह र मदरूप अन्धकारको
बहुजन्मसमर्जितेन = धेरै जन्ममा	**सत्सङ्गमं** = सत्सङ्गलाई	नाश पनि
कमाइएको	**लभते** = प्राप्त गर्दछ	**विधाय** = गरेर
भाग्योदयेन = पुण्यको उदय	**तदा वै** = त्यसै वेला	**विवेकः** = विवेक
भएपछि	**अज्ञानहेतुकृतमोहमदान्धकारनाशं**	**हि उदयते** = निश्चय नै उत्पन्न
यदा = जब	**च** = अज्ञानबाट उत्पन्न भएको	हुन्छ

वाक्यार्थ– जब मनुष्यले धेरै जन्मदेखि सङ्ग्रह गरिएको पुण्यपुञ्जको परिपाकद्वारा सत्सङ्ग प्राप्त गर्दछ त्यसै समयमा अज्ञानबाट उत्पन्न भएको मोह र मदरूपी अन्धकार नष्ट हुन्छ अनि विवेकको उदय हुन्छ।

इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये
कुमारनारदसंवादो नाम द्वितीयोऽध्यायः ॥ २ ॥

अथ तृतीयोऽध्याय

भक्तिको कष्टको निवृत्ति

नारद उवाच (नारदजीले भन्नुभयो)

ज्ञानयज्ञं करिष्यामि शुकशास्त्रकथोज्ज्वलम् ।

भक्तिज्ञानविरागाणां स्थापनार्थं प्रयत्नतः ॥ १ ॥

पदार्थ–
भक्तिज्ञानविरागाणां = भक्ति, ज्ञान र वैराग्यको
स्थापनार्थं = स्थापनाका लागि
प्रयत्नतः = प्रयत्नपूर्वक
शुकशास्त्रकथोज्ज्वलम् = श्रीशुकदेवजीले बताउनुभएको भागवत शास्त्रको कथाद्वारा उज्ज्वल भएको
ज्ञानयज्ञं = ज्ञानयज्ञ
करिष्यामि = गर्नेछु

वाक्यार्थ– भक्ति, ज्ञान र वैराग्यको स्थापनाका लागि श्रीशुकदेवजीले बताउनुभएको कथाद्वारा उज्ज्वल भएको ज्ञानयज्ञ म गर्नेछु।

कुत्र कार्यो मया यज्ञः स्थलं तद् वाच्यतामिह ।

महिमा शुकशास्त्रस्य वक्तव्यो वेदपारगैः ॥ २ ॥

पदार्थ–
मया = मद्वारा
यज्ञः = यज्ञ
कुत्र = कहाँ
कार्यः = गरिनुपर्छ
तत् = त्यो
स्थलं = ठाउँ
इह = यहाँ
वाच्यताम् = भन्नुहोस्
शुकशास्त्रस्य = शुकशास्त्र (भागवत शास्त्र)को
महिमा = महत्त्व
वेदपारगैः = वेदमा पारङ्गत भएका विद्वान्हरूद्वारा
वक्तव्यः = भनिनुपर्ने हुन्छ

वाक्यार्थ– मैले त्यो ज्ञानयज्ञ कहाँ गर्नुपर्छ ? त्यो ठाउँ यहाँले मलाई अहिले बताइदिनुहोस् । वेदमा पारङ्गत भएका विद्वान्हरूले नै भागवतशास्त्रको महिमा बताइदिनुपर्छ।

कियद्भिर्दिवसैः श्राव्या श्रीमद्भागवती कथा ।

को विधिस्तत्र कर्तव्यो ममेदं ब्रुवतामितः ॥ ३ ॥

पदार्थ–
इतः = अब यसपछि
कियद्भिः = कति
दिवसैः = दिनहरू लगाएर
श्रीमद्भागवती कथा = श्रीमद्भागवतको कथा
श्राव्या = सुन्नुपर्छ
तत्र = त्यहाँ
कः = कस्तो
विधिः = विधि
कर्तव्यः = गर्नुपर्छ
मम = मेरो लागि
इदं = यो कुरा
ब्रुवताम् = बताइदिनुहोस्

वाक्यार्थ– अब यसपछि कति दिन लगाएर श्रीमद्भागवतको कथा सुन्नुपर्छ र कथा सुन्दा कस्तो

विधि अपनाउनुपर्छ, यो कुरा तपाईंहरू मलाई बताइदिनुहोस्।

कुमारा ऊचुः (कुमारहरूले भन्नुभयो)

शृणु नारद वक्ष्यामो विनम्राय विवेकिने।
गङ्गाद्वारसमीपे तु तटमानन्दनामकम्॥ ४॥
नानाऋषिगणैर्जुष्टं देवसिद्धनिषेवितम्।
नानातरुलताकीर्णं नवकोमलवालुकम्॥ ५॥
रम्यमेकान्तदेशस्थं हेमपद्मसुसौरभम्।
यत् समीपस्थजीवानां वैरं चेतसि न स्थितम्॥ ६॥
ज्ञानयज्ञस्त्वया तत्र कर्तव्यो ह्यप्रयत्नतः।
अपूर्वरसरूपा च कथा तत्र भविष्यति॥ ७॥

पदार्थ–
नारद = हे नारद
विनम्राय = विनम्र
विवेकिने = विवेकी (तपाईंलाई)
वक्ष्यामः = हामी बताउँछौं
शृणु = सुन्नुहोस्
गङ्गाद्वारसमीपे तु = हरिद्वारको समीपमा चाहिँ
आनन्दनामकम् = आनन्द नाम गरेको
तटम् = किनार (छ)
नानाऋषिगणैः = अनेक ऋषिहरूद्वारा
जुष्टं = सेवन गरिएको
देवसिद्धनिषेवितम् = देवताहरू र सिद्धहरूद्वारा सेवन गरिएको
नानातरुलताकीर्णं = विभिन्न प्रकारका रुख र लहराहरूद्वारा घेरिएको
नवकोमलवालुकम् = नयाँ र कमलो बालुवाले युक्त भएको
रम्यम् = रमाइलो
एकान्तदेशस्थं = एकान्त ठाउँमा रहेको
हेमपद्मसुसौरभम् = सुन जस्ता कमलका सुगन्धले युक्त भएको
यत्समीपस्थजीवानां = जुन तटका आस-पासमा बस्ने जीवहरूको
चेतसि = चित्तमा
वैरं = वैरभाव
न स्थितम् = रहेको हुँदैन
त्वया = तपाईंद्वारा
तत्र = त्यहाँ
अप्रयत्नतः हि = विशेष प्रयास नगरिकन नै
ज्ञानयज्ञः = ज्ञानयज्ञ
कर्तव्यः = गरिनुपर्छ
अपूर्वरसरूपा = अपूर्व रसको स्वरूप भएको
कथा च = कथा पनि
तत्र = त्यहाँ
भविष्यति = हुनेछ

वाक्यार्थ– हे नारदजी ! तपाईं विनम्र र विवेकी हनुभएको हुनाले तपाईंले सोधेको कुरा हामी तपाईंलाई बताउँछौं, ध्यानपूर्वक सुन्नुहोस्। हरिद्वारको नजिकमा आनन्द नामक किनार छ। त्यो ठाउँ अनेक ऋषिहरूद्वारा सेवन गरिएको, देवताहरू र सिद्धहरूद्वारा घेरिएको, विभिन्न प्रकारका रुख र लहराहरूद्वारा शोभायमान, नयाँ र कमला बालुवाद्वारा सुशोभित, अत्यन्त सुन्दर र एकान्त

ठाउँमा रहेको, सुनजस्ता कमलका सुगन्धले युक्त छ। यस नदीकिनारका वरिपरि बस्ने जीवहरूमा कुनै प्रकारको वैरभाव छैन, त्यस किनारमा तपाईंले विना प्रयास नै ज्ञानयज्ञ गर्नुपर्छ। त्यस ठाउँमा तपाईंले श्रीमद्भागवतको ज्ञानयज्ञ आरम्भ गर्नुभयो भने कथामा अपूर्व रसको उदय हुनेछ।

पुरःस्थं निर्बलं चैव जराजीर्णकलेवरम्।

तद्द्वयं च पुरस्कृत्य भक्तिस्तत्रागमिष्यति ॥ ८ ॥

पदार्थ–
भक्तिः च = भक्ति पनि
पुरःस्थं = अगाडि रहेका
निर्बलं = निर्बल
जराजीर्णकलेवरम् = वृद्धताले ग्रस्त शरीर भएका
तद्द्वयं च एव = ती दुई (ज्ञान र वैराग्य)लाई नै
पुरस्कृत्य = अगाडि लाएर
तत्र = त्यहाँ
आगमिष्यति = आउनेछिन्

वाक्यार्थ– भक्ति पनि आफ्ना अगाडि रहेका निर्बल एवं वृद्धताले ग्रस्त शरीर भएका आफ्ना दुबै पुत्र ज्ञान र वैराग्यलाई साथमा लिएर त्यहाँ आउनेछिन्।

यत्र भागवती वार्ता तत्र भक्त्यादिकं व्रजेत्।

कथाशब्दं समाकर्ण्य तत्त्रिकं तरुणायते ॥ ९ ॥

पदार्थ–
यत्र = जहाँ
भागवती = भागवतको
वार्ता = कथा (हुन्छ)
तत्र = त्यहाँ
भक्त्यादिकं = भक्ति, ज्ञान र वैराग्य
व्रजेत् = पुग्दछन्
कथाशब्दं = कथाका शब्द
समाकर्ण्य = सुनेर
तत्त्रिकं = ती तीन (भक्ति, ज्ञान र वैराग्य)को समूह
तरुणायते = तरुण अवस्थामा पुग्नेछ

वाक्यार्थ– जुन ठाउँमा भागवतको कथावाचन हुन्छ त्यहाँ भक्ति, ज्ञान र वैराग्य अवश्य आइपुग्छन्, कथाको शब्द सुन्नेबित्तिकै ती तीनै जना तरुण हुन्छन्।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवमुक्त्वा कुमारास्ते नारदेन समं ततः।

गङ्गातटं समाजग्मुः कथापानाय सत्वराः ॥ १० ॥

पदार्थ–
ततः = त्यसपछि
एवम् = यस्तो
उक्त्वा = भनेर
सत्वराः = हतारिएका
ते = ती
कुमाराः = कुमारहरू
नारदेन समं = नारदजीका साथमा
कथापानाय = कथारूपी अमृतको पान गर्नका लागि
गङ्गातटं = गङ्गाको किनारमा
समाजग्मुः = आइपुगे

वाक्यार्थ– त्यसपछि यसो भनेर ती कुमारहरू नारदका साथ तुरुन्त श्रीमद्भागवतको कथारूपी अमृतको पान गर्नका लागि गङ्गाका किनारमा आइपुगे।

यदा यातास्तटं ते तु तदा कोलाहलोऽप्यभूत्।
भूर्लोके देवलोके च ब्रह्मलोके तथैव च॥ ११॥

पदार्थ—
यदा तु = जब चाहिँ
ते = तिनीहरू
तटं = तटमा
याताः = आइपुग्नुभयो
तदा = त्यस वेला
भूर्लोके = भूर्लोकमा
देवलोके = देवलोकमा
तथा एव च = त्यसै गरी
ब्रह्मलोके च अपि = ब्रह्मलोकमा पनि
कोलाहलः = कोलाहल
अभूत् = भयो

वाक्यार्थ— जब ती ऋषिहरू गङ्गाका किनारमा आइपुग्नुभयो त्यस वेला भूर्लोकमा, देवलोकमा र ब्रह्मलोकमा पनि ठुलो कोलाहल भयो।

श्रीभागवतपीयूषपानाय रसलम्पटाः॥
धावन्तोऽप्याययुः सर्वे प्रथमं ये च वैष्णवाः॥ १२॥

पदार्थ—
श्रीभागवतपीयूषपानाय = श्रीमद्भागवतको कथारूपी अमृतको पान गर्नका लागि
रसलम्पटाः = रसमा मस्त भएका
सर्वे अपि = सबै नै
धावन्तः = दौडादौड गर्दै
आययुः = आइपुगे
ये च = जो चाहिँ
वैष्णवाः = वैष्णवहरू (थिए उनीहरू)
प्रथमं = पहिले (आए)

वाक्यार्थ— श्रीमद्भागवतको कथारूपी अमृतको पान गर्नका लागि रसिक मुमुक्षुहरू दौडादौड गर्दै आए, तीमध्ये वैष्णवहरू सबभन्दा पहिला आइपुगे।

भृगुर्वसिष्ठश्च्यवनश्च गौतमो मेधातिथिर्देवलदेवरातौ।
रामस्तथा गाधिसुतश्च शाकलो मृकण्डुपुत्रात्रिजपिप्पलादाः॥ १३॥
योगेश्वरौ व्यासपराशरौ च छायाशुको जाजलिजह्नुमुख्याः।
सर्वेऽप्यमी मुनिगणाः सहपुत्रशिष्याः स्वस्त्रीभिराययुरतिप्रणयेन युक्ताः॥१४॥

पदार्थ—
भृगुः = भृगु
वसिष्ठः = वसिष्ठ
च्यवनः = च्यवन
गौतमः च = गौतम पनि
मेधातिथिः = मेधातिथि
देवलदेवरातौ = देवल र देवरात
रामः = परशुराम
तथा = त्यसै गरी
गाधिसुतः च = गाधिका छोरा विश्वामित्र पनि
शाकलः = शाकल
मृकण्डुपुत्रात्रिजपिप्पलादाः = मृकण्डुका छोरा मार्कण्डेय, अत्रिका छोरा दत्तात्रेय र पिप्पलाद
योगेश्वरौ = योगेश्वर
व्यासपराशरौ च = व्यास र पराशर पनि
छायाशुकः = छायाशुक
जाजलिजह्नुमुख्याः = जाजलि,

जह्नु आदि
अमी सर्वे अपि = यी सबै नै
अतिप्रणयेन = अत्यन्त प्रेमले
युक्ताः = युक्त भएका
मुनिगणाः = ऋषिहरू
सहपुत्रशिष्याः = पुत्र र शिष्य सहित
स्वस्त्रीभिः = आफ्नी पत्नीहरूसहित
आययुः = आइपुग्नुभयो

वाक्यार्थ– त्यस समयमा भृगु, वसिष्ठ, च्यवन, गौतम, मेधातिथि, देवल, देवरात, परशुराम, विश्वामित्र, शाकल, मार्कण्डेय, दत्तात्रेय, पिप्पलाद, योगेश्वर व्यास र पराशर, छायाशुक, जाजलि, जह्नु आदि अत्यन्त प्रेमयुक्त भएका सम्पूर्ण मुनिहरू आ-आफ्ना पुत्र, शिष्य र पत्नीहरूका साथ त्यहाँ आइपुग्नुभयो।

वेदान्तानि च वेदाश्च मन्त्रास्तन्त्राः समूर्तयः।
दशसप्तपुराणानि षट्शास्त्राणि तथाययुः॥ १५॥
गङ्गाद्याः सरितस्तत्र पुष्करादिसरांसि च।
क्षेत्राणि च दिशः सर्वा दण्डकादिवनानि च॥ १६॥
नगादयो ययुस्तत्र देवगन्धर्वदानवाः।
गुरुत्वात् तत्र नायातान् भृगुः सम्बोध्य चानयत्॥ १७॥

पदार्थ–
वेदान्तानि = वेदान्तहरू
वेदाः = वेदहरू
मन्त्राः = मन्त्रहरू
तन्त्राः च = तन्त्रहरू पनि
दशसप्तपुराणानि = सत्र पुराणहरू
तथा = त्यसै गरी
षट्शास्त्राणि च = न्याय आदि छ वटा दर्शनशास्त्रहरू पनि
समूर्तयः = मूर्तिमान् भएर
आययुः = (त्यहाँ) आइपुगे
तत्र = त्यहाँ
गङ्गाद्याः = गङ्गा आदि
सरितः = नदीहरू
पुष्करादिसरांसि च = पुष्कर आदि तलाउहरू पनि
क्षेत्राणि च = कुरुक्षेत्र आदि सबै क्षेत्रहरू पनि
सर्वाः = सबै
दिशः = दिशाहरू
दण्डकादिवनानि च = दण्डक आदि वनहरू पनि
नगादयः = पर्वतहरू
देवगन्धर्वदानवाः = देवता, गन्धर्व र दानवहरू
ययुः = (त्यहाँ) आइपुगे
गुरुत्वात् = आफ्नो गौरवका कारणले
तत्र = त्यहाँ
न आयातान् = नआएकाहरूलाई
भृगुः = भृगुले
सम्बोध्य च = बोलाएर पनि
तत्र = त्यहाँ
आनयत् = ल्याउनुभयो

वाक्यार्थ– वेदान्त, वेद, मन्त्र, तन्त्र, सत्र पुराणहरू अनि छ वटा शास्त्रहरू मूर्तिमान् भएर गङ्गातटमा भागवतकथा सुन्नका लागि आइपुगे। त्यसै गरी गङ्गा आदि नदीहरू, पुष्कर आदि तलाउहरू, कुरुक्षेत्र आदि क्षेत्रहरू, सम्पूर्ण दिशाहरू, दण्डक आदि वनहरू, हिमालय आदि पर्वतहरू एवं देवता, गन्धर्व र दानवहरू पनि त्यहाँ आइपुगे। आफ्नो गौरवका कारण नआएकाहरूलाई भृगु ऋषिले बोलाएर ल्याउनुभयो।

दीक्षिता नारदेनाथ दत्तमासनमुत्तमम्।

कुमारा वन्दिताः सर्वैर्निषेदुः कृष्णतत्पराः ॥ १८ ॥

पदार्थ—
अथ = त्यसपछि
नारदेन = नारदजीद्वारा
उत्तमम् = उत्तम
आसनम् = आसन
दत्तम् = दिइयो
दीक्षिताः = कथा भन्नका लागि दीक्षित भएका
सर्वैः = सबैद्वारा
वन्दिताः = वन्दना गरिएका
कृष्णतत्पराः = श्रीकृष्णभक्तिमा लागेका
कुमाराः = कुमारहरू
निषेदुः = (ती आसनहरूमा) बस्नुभयो

वाक्यार्थ— त्यसपछि नारदजीले उत्तम आसन दिनुभयो र कथा भन्नका लागि दीक्षित भएका, सबैद्वारा वन्दना गरिएका एवं श्रीकृष्णभक्तिमा लागेका कुमारहरू ती आसनहरूमा बस्नुभयो।

वैष्णवाश्च विरक्ताश्च न्यासिनो ब्रह्मचारिणः।

मुखभागे स्थितास्ते च तदग्रे नारदः स्थितः ॥ १९ ॥

पदार्थ—
ते = ती
वैष्णवाः = वैष्णवहरू
विरक्ताः = विरक्तहरू
न्यासिनः = संन्यासीहरू र
ब्रह्मचारिणः च = ब्रह्मचारीहरू पनि
मुखभागे = अगाडिपट्टि
स्थिताः = बसे
तदग्रे च = उनीहरूको अगाडि चाहिँ
नारदः = नारदजी
स्थितः = बस्नुभयो

वाक्यार्थ— वैष्णवहरू, विरक्तहरू, संन्यासीहरू र ब्रह्मचारीहरू अगाडि बसे अनि तिनीहरूका पनि अगाडि नारदजी बस्नुभयो।

एकभागे ऋषिगणास्तदन्यत्र दिवौकसः।

वेदोपनिषदोऽन्यत्र तीर्थान्यत्र स्त्रियोऽन्यतः ॥ २० ॥

पदार्थ—
अत्र = त्यस ठाउँमा
एकभागे = एकापट्टिको भागमा
ऋषिगणाः = ऋषिहरू
तदन्यत्र = त्यसको अर्कापट्टिको भागमा
दिवौकसः = देवताहरू
अन्यत्र = अर्कापट्टि
वेदोपनिषदः = वेद र उपनिषद्हरू
अन्यत्र = अर्कापट्टि
तीर्थानि = तीर्थहरू
अन्यतः = अर्कापट्टि भागमा
स्त्रियः = स्त्रीहरू बसेका थिए

वाक्यार्थ— त्यस ठाउँमा एकातिर ऋषिहरू बसेका थिए, अर्कापट्टि देवताहरू बसेका थिए, त्यसै गरी अर्कातर्फ वेद र उपनिषद्हरू बसेका थिए, अर्कातर्फ तीर्थहरू बसेका थिए भने अर्कातर्फ स्त्रीहरू बसेका थिए।

जयशब्दो नमःशब्दः शङ्खशब्दस्तथैव च।

चूर्णलाजाप्रसूनानां निक्षेपः सुमहानभूत्॥ २१॥

पदार्थ–
जयशब्दः = जय-जयकारको शब्द
नमःशब्दः = नमस्कारको शब्द
शङ्खशब्दः = शङ्खको ध्वनि भयो
तथा एव च = त्यसै गरी नै
चूर्णलाजाप्रसूनानां = अबिर, लावा र फूलहरूको
सुमहान् = ठुलो
निक्षेपः = वर्षा
अभूत् = भयो

वाक्यार्थ– त्यस समयमा जय-जयकारको शब्द, नमस्कारको शब्द र शङ्खको ध्वनि आउन लाग्यो, अनि त्यहाँ अबिर, लावा र फूलहरूको वर्षा भयो।

विमानानि समारुह्य कियन्तो देवनायकाः।

कल्पवृक्षप्रसूनैस्तान् सर्वांस्तत्र समाकिरन्॥ २२॥

पदार्थ–
कियन्तः = केही
देवनायकाः = श्रेष्ठ देवताहरूले
विमानानि = विमानमा
समारुह्य = चढेर
कल्पवृक्षप्रसूनैः = कल्पवृक्षका फूलहरूद्वारा
तत्र = त्यहाँ
तान् = ती
सर्वान् = सम्पूर्ण (व्यक्तिहरूमाथि)
समाकिरन् = वर्षा गर्न लागे

वाक्यार्थ– कतिपय श्रेष्ठ देवताहरूले आ-आफ्ना विमानमा चढेर स्वर्गबाट ल्याएका कल्पवृक्षका फूलहरू त्यहाँ बसेका सम्पूर्ण श्रोताहरूमाथि बर्साउन थाले।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं तेष्वेकचित्तेषु श्रीमद्‌भागवतस्य च।

माहात्म्यमूचिरे स्पष्टं नारदाय महात्मने॥ २३॥

पदार्थ–
एवं = यस प्रकार (पूजा समाप्त भएपछि)
तेषु = उनीहरू
एकचित्तेषु = एकाग्र चित्त भएर बसेपछि
महात्मने = महात्मा
नारदाय = नारदजीलाई
श्रीमद्‌भागवतस्य = श्रीमद्‌भागवतको
माहात्म्यम् च = माहात्म्य पनि
स्पष्टं = स्पष्टरूपले
ऊचिरे = भन्नुभयो

वाक्यार्थ– यस प्रकार पूजा समाप्त भएपछि जब श्रोताहरू एकचित्त भएर बसे त्यसपछि कुमारहरूले महात्मा नारदलाई अत्यन्त स्पष्टरूपले श्रीमद्‌भागवतको माहात्म्य बताउन थाल्नुभयो।

कुमारा ऊचुः (कुमारहरूले भन्नुभयो)

अथ ते वर्ण्यतेऽस्माभिर्महिमा शुकशास्त्रजः।

यस्य श्रवणमात्रेण मुक्तिः करतले स्थिता॥ २४॥

पदार्थ–
अथ = यसपछि
अस्माभिः = हामीहरूद्वारा

ते = तपाईंलाई
शुकशास्त्रजः = शुकदेवद्वारा बताइएको भागवतको
महिमा = महत्त्व
वर्ण्यते = वर्णन गरिन्छ
यस्य = जसको
श्रवणमात्रेण = श्रवण मात्रले पनि
मुक्तिः = मुक्ति
करतले स्थिता = हातमा रहन्छ

वाक्यार्थ– अब हामीहरू तपाईंलाई श्रीमद्भागवतको महिमा सुनाउँछौं, यो सुनेपछि मुक्ति प्राप्त हुन्छ।

सदा सेव्या सदा सेव्या श्रीमद्भागवती कथा।
यस्याः श्रवणमात्रेण हरिश्चित्तं समाश्रयेत्॥ २५॥

पदार्थ–
श्रीमद्भागवती कथा = श्रीमद्भागवतको कथा
सदा सेव्या = सधैं सेवन गर्नुपर्छ
सदा सेव्या = सधैं सेवन गर्नुपर्छ
यस्याः = जसको
श्रवणमात्रेण = श्रवण मात्रले पनि
हरिः = भगवान् श्रीहरि
चित्तं = चित्तमा
समाश्रयेत् = प्रवेश गर्नुहुन्छ

वाक्यार्थ– हामीहरूले सदा सर्वदा श्रीमद्भागवतको सेवन गर्नुपर्छ। यसको श्रवण मात्रले पनि भगवान् श्रीहरि श्रोताका चित्तमा प्रवेश गर्नुहुन्छ।

ग्रन्थोऽष्टादशसाहस्रो द्वादशस्कन्धसम्मितः।
परीक्षिच्छुकसंवादः शृणु भागवतं च तत्॥ २६॥

पदार्थ–
अष्टादशसाहस्रः = अठार हजार श्लोक भएको
द्वादशस्कन्धसम्मितः = बाह्र स्कन्ध भएको
परीक्षिच्छुकसंवादः = परीक्षित् र श्रीशुकदेवजीको संवादले युक्त भएको
ग्रन्थः = ग्रन्थ
भागवतं = भागवत (हो)
तत् च = त्यो चाहिँ
शृणु = सुन्नुहोस्

वाक्यार्थ– अठार हजार श्लोकहरूले युक्त भएको, बाह्र स्कन्धले युक्त भएको, राजा परीक्षित् र श्रीशुकदेवजीको संवादले युक्त भएको ग्रन्थ श्रीमद्भागवत हो, यसको श्रवण गर्नुहोस्।

तावत् संसारचक्रेऽस्मिन् भ्रमतेऽज्ञानतः पुमान्।
यावत् कर्णगता नास्ति शुकशास्त्रकथा क्षणम्॥ २७॥

पदार्थ–
पुमान् = मानिस
तावत् = त्यति वेलासम्म
अस्मिन् = यो
संसारचक्रे = संसाररूपी चक्रमा
अज्ञानतः = अज्ञानको कारणले
भ्रमते = घुम्दछ
यावत् = जबसम्म
शुकशास्त्रकथा = श्रीमद्भागवतको कथा
क्षणम् = एकै छिनका लागि पनि
कर्णगता = कानमा परेको
न अस्ति = हुँदैन

वाक्यार्थ– श्रीमद्भागवतको कथा एकै छिनका लागि भए पनि कानमा नपरुन्जेलसम्म मात्र

मानिस यस संसारचक्रमा अज्ञानका कारणले घुमिरहन्छ।

किं श्रुतैर्बहुभिः शास्त्रैः पुराणैश्च भ्रमावहैः।
एकं भागवतं शास्त्रं मुक्तिदानेन गर्जति ॥ २८ ॥

पदार्थ—
बहुभिः = धेरै
शास्त्रैः = शास्त्रहरू
श्रुतैः किं = सुनेर के काम
भ्रमावहैः = भ्रमलाई बढाउने
पुराणैः च = पुराणहरू पनि
किं = सुनेर के काम
एकं = एउटै
भागवतं शास्त्रं = भागवत शास्त्र
मुक्तिदानेन = मुक्ति दिनका लागि
गर्जति = गर्जना गर्दछ

वाक्यार्थ— एउटै भागवत शास्त्र मुक्ति प्रदान गर्नका लागि पूर्ण रूपमा समर्थ भएको हुनाले न त धेरैथरी शास्त्रहरू सुन्ने कुनै आवश्यकता छ, न त केवल भ्रमलाई बढाउने धेरै पुराणहरू सुन्ने नै आवश्यकता छ।

कथा भागवतस्यापि नित्यं भवति यद्गृहे।
तद्गृहं तीर्थरूपं हि वसतां पापनाशनम् ॥ २९ ॥

पदार्थ—
यद्गृहे = जुन घरमा
नित्यं = सधैँ
भागवतस्य = भागवतको
कथा = कथा
भवति = हुन्छ
तद्गृहं अपि = त्यो घर पनि
तीर्थरूपं = तीर्थरूप
हि = नै (हुन्छ)
वसतां = त्यस घरमा बस्नेहरूका लागि
पापनाशनम् = पाप नाश गर्ने हुन्छ

वाक्यार्थ— जसका घरमा सदाकाल भागवतका कथा भन्ने गरिन्छ त्यो घर नै तीर्थरूप हुन्छ र त्यहाँ बस्ने मानिसहरूका लागि श्रीमद्भागवत कथा नै पापको नाश गर्ने कारण बन्दछ।

अश्वमेधसहस्राणि वाजपेयशतानि च।
शुकशास्त्रकथायाश्च कलां नार्हन्ति षोडशीम् ॥ ३० ॥

पदार्थ—
अश्वमेधसहस्राणि = हजारौँ अश्वमेध यज्ञ
वाजपेयशतानि च = सयौँ वाजपेय यज्ञ पनि
शुकशास्त्रकथायाः = श्रीमद्भागवत कथाको
षोडशीम् कलां च = सोह्रौँ खण्डको एक खण्ड पनि
न अर्हन्ति = हुन सक्दैनन्

वाक्यार्थ— हजारौँ अश्वमेध यज्ञ र सयौँ वाजपेय यज्ञहरू एकत्रित गर्दा पनि भागवत शास्त्रको सोह्रौँ खण्डको एक खण्ड बराबर पनि हुन सक्दैनन्।

तावत् पापानि देहेऽस्मिन् निवसन्ति तपोधनाः।
यावन्न श्रूयते सम्यक् श्रीमद्भागवतं नरैः ॥ ३१ ॥

पदार्थ—
तपोधनाः = तपस्या नै धन भएका हे श्रोताहरू

तावत् = त्यस वेलासम्म
पापानि = पापहरू
अस्मिन् = यस
देहे = शरीरमा
निवसन्ति = बस्दछन्
यावत् = जबसम्म
नरैः = मानिसहरूद्वारा
सम्यक् = राम्रोसँग
श्रीमद्भागवतं = श्रीमद्‌भागवत
न श्रूयते = सुनिँदैन

वाक्यार्थ– हे तपोधन श्रोताहरू ! मानिसहरूले श्रीमद्‌भागवतको कथा राम्रोसँग नसुनुन्जेलसम्म मात्र मानिसहरूका शरीरमा पापहरूले निवास गर्दछन्।

न गङ्गा न गया काशी पुष्करं न प्रयागकम्।
शुकशास्त्रकथायाश्च फलेन समतां नयेत्॥ ३२॥

पदार्थ–
गङ्गा = गङ्गा (नदी)
गया = गया (तीर्थ) र
काशी च = काशी (धाम)ले
शुकशास्त्रकथायाः = श्रीमद्‌भागवत कथाको श्रवणको
फलेन = फलसँग
समतां = बराबरी अवस्थामा
न नयेत् = (पुऱ्याउन) हुन सक्दैन
पुष्करं न = पुष्कर (क्षेत्रले पनि बराबरी अवस्थामा पुऱ्याउन सक्दैन र)
प्रयागकम् न = प्रयाग (तीर्थले पनि बराबरी अवस्थामा पुऱ्याउन सक्दैन)

वाक्यार्थ– गङ्गा, गया, काशी, पुष्कर, प्रयाग आदि तीर्थहरूको सेवन पनि श्रीमद्‌भागवत कथा श्रवण गरेको पुण्यको फलसँग बराबर हुन सक्दैन।

श्लोकार्धं श्लोकपादं वा नित्यं भागवतोद्भवम्।
पठस्व स्वमुखेनैव यदीच्छसि परां गतिम्॥ ३३॥

पदार्थ–
यदि = यदि
परां = परम
गतिम् = गतिलाई
इच्छसि = प्राप्त गर्न चाहन्छौ भने
नित्यं = सधैँ
भागवतोद्भवम् = भागवतको
श्लोकार्धं = आधा श्लोक
श्लोकपादं वा = अथवा श्लोकको एक पाउ भए पनि
स्वमुखेन एव = आफ्नै मुखले
पठस्व = पढ

वाक्यार्थ– यदि तिमी परम गतिलाई प्राप्त गर्न चाहन्छौ भने सधैँ नै श्रीमद्‌भागवतको आधा श्लोक अथवा श्लोकको एकै पाउ मात्र भए पनि आफ्नै मुखले पढ।

वेदादिर्वेदमाता च पौरुषं सूक्तमेव च।
त्रयी भागवतं चैव द्वादशाक्षर एव च॥ ३४॥
द्वादशात्मा प्रयागश्च कालः संवत्सरात्मकः।
ब्राह्मणाश्चाग्निहोत्रं च सुरभिर्द्वादशी तथा॥ ३५॥
तुलसी च वसन्तश्च पुरुषोत्तम एव च।

एतेषां तत्त्वतः प्राज्ञैर्न पृथग्भाव इष्यते ॥ ३६ ॥

पदार्थ—
वेदादिः = वेदको आदिरूप ॐकार
वेदमाता = वेदमाता गायत्री
पौरुषं सूक्तम् च एव = पुरुषसूक्त त्यस्तै
त्रयी = तीन वेद (ऋक्, यजु, साम)
भागवतं च एव = श्रीमद्भागवत अनि
द्वादशाक्षरः च एव = ॐ नमो भागवते वासुदेवाय (यो द्वादशाक्षर मन्त्र) अनि
द्वादशात्मा = बाह्र मूर्ति भएका भगवान् सूर्य
प्रयागः = प्रयाग
संवत्सरात्मकः कालः = संवत्सररूप काल
ब्राह्मणाः च = ब्राह्मणहरू पनि
अग्निहोत्रं च = अग्निहोत्र पनि
सुरभिः = कामधेनु गाई
द्वादशी = द्वादशी तिथि
तथा = त्यस्तै
तुलसी च = तुलसी पनि
वसन्तः च = वसन्त ऋतु पनि
पुरुषोत्तमः च एव = भगवान् पुरुषोत्तम पनि
एतेषां = यिनीहरूको
तत्त्वतः = वास्तवमा
प्राज्ञैः = विद्वान्हरूद्वारा
पृथग्भावः = फरकपन
न इष्यते = स्वीकार गरिँदैन

वाक्यार्थ— ॐकार, गायत्री, पुरुषसूक्त, तीन वेद, श्रीमद्भागवत, ॐ नमो भगवते वासुदेवाय यो मन्त्र, बाह्र मूर्ति भएका भगवान् सूर्य, प्रयाग, संवत्सररूप काल, ब्राह्मण, अग्निहोत्र, गाई, द्वादशी तिथि, तुलसी, वसन्त ऋतु र भगवान् पुरुषोत्तम यी सबैमा बुद्धिमान् पुरुषहरू कुनै भेद देख्दैनन्।

यश्च भागवतं शास्त्रं वाचयेदर्थतोऽनिशम्।
जन्मकोटिकृतं पापं नश्यते नात्र संशयः ॥ ३७ ॥

पदार्थ—
यः च = जसले चाहिँ
अनिशम् = सधैं नै
भागवतं शास्त्रं = भागवत शास्त्र
अर्थतः = अर्थपूर्वक
वाचयेत् = पाठ गर्दछ
जन्मकोटिकृतं = करोडौं जन्ममा गरिएका
पापं = पाप
नश्यते = नष्ट हुन्छ
अत्र = यस विषयमा
न संशयः = शङ्का छैन

वाक्यार्थ— जसले सदाकाल भागवतको पाठ गरिरहन्छ त्यस व्यक्तिको करोडौं जन्ममा गरिएका पापहरू पनि नष्ट हुन्छन्, यसमा कुनै शङ्का छैन।

श्लोकार्धं श्लोकपादं वा पठेद् भागवतं च यः।
नित्यं पुण्यमवाप्नोति राजसूयाश्वमेधयोः ॥ ३८ ॥

पदार्थ—
यः = जो मानिस
श्लोकार्धं = आधा श्लोक
श्लोकपादं वा = अथवा श्लोकको एक पाउ
भागवतं = भागवत
नित्यं = सधैं
पठेत् = पढ्छ
राजसूयाश्वमेधयोः च = राजसूय र अश्वमेध यज्ञको पनि
पुण्यम् = पुण्य
अवाप्नोति = प्राप्त गर्दछ

वाक्यार्थ— जसले श्रीमद्भागवतको आधा श्लोक अथवा एक पाउ मात्र भए पनि सधैं पाठ गर्दछ, उसले राजसूय यज्ञ र अश्वमेध यज्ञ गरेको पुण्य प्राप्त गर्दछ।

उक्तं भागवतं नित्यं कृतं च हरिचिन्तनम्।
तुलसीपोषणं चैव धेनूनां सेवनं समम्॥ ३९॥

पदार्थ–
नित्यं = सधैं
उक्तं भागवतं = भागवत भन्नु
कृतं हरिचिन्तनम् = श्रीहरिको चिन्तन गर्नु र
तुलसीपोषणं च = तुलसीको सेवा गर्नु अनि
धेनूनां सेवनं च एव = गाईहरूको सेवा पनि
समम् = बराबर हो

वाक्यार्थ– भागवतको नित्य पाठ गर्नु, भगवान्‌को नित्य चिन्तन गर्नु, तुलसीको सेवा गर्नु र गाईको नित्य सेवा गर्नु बराबर हो।

अन्तकाले तु येनैव श्रूयते शुकशास्त्रवाक्।
प्रीत्या तस्यैव वैकुण्ठं गोविन्दोऽपि प्रयच्छति॥ ४०॥

पदार्थ–
येन तु = जुन सज्जनद्वारा चाहिँ
अन्तकाले = अन्तिम समयमा
शुकशास्त्रवाक् = श्रीमद्भागवत
श्रूयते = सुनिन्छ
गोविन्दः = भगवान् श्रीकृष्णले
प्रीत्या = प्रसन्न भएर
तस्य एव = ती सज्जनलाई नै
वैकुण्ठं अपि = वैकुण्ठ पनि
प्रयच्छति एव = दिनुहुन्छ नै

वाक्यार्थ– जुन सज्जनले जीवनको अन्त्य समयमा श्रीमद्भागवत सुन्दछन्, भगवान् नारायण ऊमाथि प्रसन्न भएर उसलाई वैकुण्ठ प्रदान गर्नुहुन्छ।

हेमसिंहयुतं चैतद् वैष्णवाय ददाति च।
कृष्णेन सह सायुज्यं स पुमाँल्लभते ध्रुवम्॥ ४१॥

पदार्थ–
एतत् = यो श्रीमद्भागवतलाई
हेमसिंहयुतं = सुनको सिंहासनमा राखेर
वैष्णवाय = विष्णुभक्तलाई
ददाति = दान दिन्छ
सः च पुमान् = त्यस व्यक्तिले पनि
ध्रुवम् = निश्चय नै
कृष्णेन सह = भगवान् श्रीकृष्णका साथ
सायुज्यं = सायुज्य मुक्ति
लभते = प्राप्त गर्दछ

वाक्यार्थ– जसले यो श्रीमद्भागवतलाई सुनको सिंहासनमाथि राखेर विष्णुभक्तलाई दान दिन्छ उसले अवश्य पनि भगवान् श्रीकृष्णका साथ सायुज्य मुक्ति प्राप्त गर्दछ।

आजन्ममात्रमपि येन शठेन किंचि-
च्चित्तं विधाय शुकशास्त्रकथा न पीता।
चाण्डालवच्च खरवद् बत तेन नीतं

मिथ्या स्वजन्म जननीजनिदुःखभाजा ॥ ४२ ॥

पदार्थ–
येन = जुन
शठेन = मूर्ख व्यक्तिद्वारा
आजन्ममात्रम् = आफ्नो सम्पूर्ण जीवनमा
चित्तं विधाय = ध्यान दिएर
किंचित् अपि = अलिकति पनि
शुकशास्त्रकथा = श्रीमद्भागवतको कथा
न पीता = पान गरिएको छैन
बत = हरे ! दुःखको कुरो
तेन = उसद्वारा
चाण्डालवत् = चाण्डालले झैँ अनि
खरवत् च = गधाले झैँ
जननीजनिदुःखभाजा = आफ्नी आमालाई केवल जन्माउनको दुःख मात्र दिएर
मिथ्या = बेकारमा
स्वजन्म = आफ्नो जन्म
नीतं = बितायो

वाक्यार्थ– जुन व्यक्तिले चित्तलाई एकाग्र गरेर आफ्नो सम्पूर्ण जीवनमा एकै पटक मात्र भए पनि श्रीमद्भागवतको कथाको श्रवण गरेको छैन भने हरे ! दुःखको कुरो, त्यस मूर्ख व्यक्तिले चाण्डालले र गधाले झैँ आमालाई केवल जन्माउनको पीडा मात्र दिएर आफ्नो जीवन व्यर्थमा बिताएको हुन्छ।

जीवच्छवो निगदितः स तु पापकर्मा
येन श्रुतं शुककथावचनं न किंचित्।
धिक् तं नरं पशुसमं भुवि भाररूप-
मेवं वदन्ति दिवि देवसमाजमुख्याः ॥ ४३ ॥

पदार्थ–
येन = जसद्वारा
किंचित् = केही मात्रमा भए पनि
शुककथावचनं = श्रीमद्भागवतको कथा
न श्रुतं = सुनिएको छैन भने
सः पापकर्मा तु = त्यो पापी त
जीवच्छवः = जिउँदो मुर्दा (हो भनी)
निगदितः = भनिएको छ
भुवि = पृथ्वीमा
भाररूपम् = भारस्वरूप
पशुसमं = पशुबराबर
तं = त्यो
नरं = मानिसलाई
धिक् = धिक्कार छ
एवं = यस्तो कुरा
दिवि = स्वर्गमा
देवसमाजमुख्याः = देवताहरूमा प्रधान (इन्द्र आदि)ले
वदन्ति = भन्दछन्

वाक्यार्थ– यदि कुनै व्यक्तिले आफ्ना जीवनमा श्रीमद्भागवतको केही मात्र भए पनि कथा सुनेको छैन भने त्यो पापात्मा जिउँदो मुर्दा समान हो, पृथ्वीको भार हो, त्यस्ता व्यक्तिलाई धिक्कार छ भनी स्वर्गका इन्द्र आदि देवताहरू भन्दछन्।

दुर्लभैव कथा लोके श्रीमद्भागवतोद्भवा।
कोटिजन्मसमुत्थेन पुण्येनैव तु लभ्यते ॥ ४४ ॥

पदार्थ–
श्रीमद्भागवतोद्भवा कथा = श्रीमद्भागवतको कथा
लोके = यस लोकमा
दुर्लभा एव = दुर्लभ नै (छ)
कोटिजन्मसमुत्थेन = करोडौं

जन्ममा गरिएका शुभकर्मबाट उत्पन्न भएको
पुण्येन एव तु = पुण्यले मात्रै
लभ्यते = प्राप्त गर्न सकिन्छ

वाक्यार्थ– यस लोकमा श्रीमद्भागवतको कथा अत्यन्त दुर्लभ छ, करोडौं जन्ममा गरिएका शुभ कर्महरूबाट उत्पन्न भएको पुण्यले मात्र भागवत सुन्ने-सुनाउने अवसर प्राप्त हुन्छ।

तेन योगनिधे धीमन् श्रोतव्या सा प्रयत्नतः ।
दिनानां नियमो नास्ति सर्वदा श्रवणं मतम् ॥ ४५ ॥

पदार्थ–
तेन = त्यस कारण
योगनिधे = योगका खानी भएका
धीमन् = हे बुद्धिमान् (नारदजी)
सा = त्यो भागवतको कथा
प्रयत्नतः = प्रयासपूर्वक
श्रोतव्या = सुन्नुपर्छ
दिनानां = कुनै दिन विशेषको
नियमः = नियम
न अस्ति = छैन
सर्वदा = सधैँ
श्रवणं मतम् = सुन्न सकिन्छ

वाक्यार्थ– त्यसकारण, हे योगका खानी भएका बुद्धिमान् नारदजी ! श्रीमद्भागवतको कथा प्रयासपूर्वक सुन्नुपर्छ। यसै दिनमा सुन्नुपर्छ भन्ने कुनै खास नियम छैन, जहिले पनि सुन्न सकिन्छ।

सत्येन ब्रह्मचर्येण सर्वदा श्रवणं मतम् ।
अशक्यत्वात् कलौ बोध्यो विशेषोऽत्र शुकाज्ञया ॥ ४६ ॥

पदार्थ–
सत्येन = सत्य भाषण र
ब्रह्मचर्येण = ब्रह्मचर्य पालनद्वारा
सर्वदा = सधैँ
श्रवणं मतम् = सुने हुन्छ
कलौ = कलियुगमा
अशक्यत्वात् = सत्य बोल्न र ब्रह्मचर्य पालन गर्न कठिन भएकाले
अत्र = यस विषयमा
शुकाज्ञया = श्रीशुकदेवजीको आज्ञाले
विशेषः = विशेष विधि
बोध्यः = जान्नुपर्छ

वाक्यार्थ– यदि कुनै सज्जन, भक्तले सत्य मात्र बोल्न र ब्रह्मचर्य व्रतको पालन गर्न सक्दछन् भने उनले यो भागवतको कथा जहिले सुने पनि हुन्छ तर कलियुगमा यो व्रत पालन गर्न कठिन भएको हुनाले भगवान् श्रीशुकदेवजीले कलियुगका श्रोताहरूका लागि विशेष विधि बताइदिनुभएको छ।

मनोवृत्तिजयश्चैव नियमाचरणं तथा ।
दीक्षां कर्तुमशक्यत्वात् सप्ताहश्रवणं मतम् ॥ ४७ ॥

पदार्थ–
मनोवृत्तिजयः = चित्तका वृत्तिलाई वशमा राख्न
नियमाचरणं = कुनै पनि नियममा बाँधिएर बस्न
तथा = त्यस्तै
दीक्षां कर्तुम् अशक्यत्वात् च एव = दीक्षा लिएर बस्न पनि कठिन हुने भएकाले पनि
सप्ताहश्रवणं मतम् = सप्ताहश्रवणको विधि बताइएको हो

वाक्यार्थ– कलियुगमा मनुष्यहरूका लागि आफ्ना मनका वृत्तिहरूलाई वशमा राख्न, कुनै नियममा बाँधिएर बस्न र कुनै पुण्यकर्मका लागि दीक्षित भएर बस्न समेत कठिनाइ पर्ने हुनाले सप्ताहश्रवणको विधि बताइएको हो।

श्रद्धातः श्रवणे नित्यं माघे तावद्धि यत् फलम्।

तत् फलं शुकदेवेन सप्ताहश्रवणे कृतम्॥ ४८॥

पदार्थ–	**यत् फलम्** = जुन फल प्राप्त हुन्छ	**सप्ताहश्रवणे कृतम्** = सप्ताह श्रवणद्वारा प्राप्त हुन्छ भनी बताइएको छ
श्रद्धातः = श्रद्धापूर्वक	**तावत् हि** = त्यति नै	
नित्यं = सधैं	**तत् फलं** = त्यही फल	
माघे = माघ महिनाभरि	**शुकदेवेन** = श्रीशुकदेवजीद्वारा	
श्रवणे = सुन्दा		

वाक्यार्थ– अरू कुनै समयमा नियमित रूपले श्रवण गर्नाले र पूरा माघ महिनाभरि श्रवण गर्नाले श्रोताहरूलाई जुन फल प्राप्त हुन्छ त्यो फल सप्ताह श्रवणद्वारा प्राप्त हुन्छ भनी श्रीशुकदेवजीले बताउनुभएको छ।

मनसश्चाजयाद् रोगात् पुंसां चैवायुषः क्षयात्।

कलेर्दोषबहुत्वाच्च सप्ताहश्रवणं मतम्॥ ४९॥

पदार्थ–	**कलेः** = कलिको	**क्षयात् च** = कम भएकाले पनि
मनसः = मनको	**दोषबहुत्वात् च एव** = दोष धेरै भएकाले पनि	**सप्ताहश्रवणं मतम्** = सप्ताह श्रवणको विधि बताइएको हो
अजयात् = असंयमको कारणले	**पुंसां** = मानिसहरूको	
रोगात् च = रोगको कारणले पनि	**आयुषः** = आयु	

वाक्यार्थ– कलियुगमा मनमाथि विजय प्राप्त गर्न कठिन हुने हुनाले, रोगका कारणले र मानिसहरूको आयुको अल्पताका कारणले समेत सप्ताहश्रवणको विधान गरिएको हो।

यत् फलं नास्ति तपसा न योगेन समाधिना।

अनायासेन तत् सर्वं सप्ताहश्रवणे लभेत्॥ ५०॥

पदार्थ–	**समाधिना** = समाधिद्वारा	**सप्ताहश्रवणे** = सप्ताह श्रवण गरेर
यत् फलं = जुन फल	**न अस्ति** = प्राप्त गर्न सकिने छैन	**अनायासेन** = सजिलैसँग
तपसा = तपस्याद्वारा	**तत् सर्वं** = त्यो सबै	**लभेत्** = प्राप्त गर्न सकिन्छ
योगेन = योगद्वारा		

वाक्यार्थ– जुन फल तपस्या, योग र समाधिद्वारा पनि प्राप्त गर्न सकिँदैन, त्यो फल सप्ताह श्रवणद्वारा सजिलैसँग प्राप्त गर्न सकिन्छ।

यज्ञाद् गर्जति सप्ताहः सप्ताहो गर्जति व्रतात्।
तपसो गर्जति प्रोच्चैस्तीर्थान्नित्यं हि गर्जति॥ ५१॥
योगाद् गर्जति सप्ताहो ध्यानाज्ज्ञानाच्च गर्जति।
किं ब्रूमो गर्जनं तस्य रे रे गर्जति गर्जति॥ ५२॥

पदार्थ–
सप्ताहः = सप्ताह श्रवण
यज्ञात् गर्जति = यज्ञका अगाडि गर्जना गर्दछ (यज्ञभन्दा महत्त्वपूर्ण छ)
सप्ताहः = सप्ताह श्रवण
व्रतात् गर्जति = व्रतहरू भन्दा बढी गर्जना गर्दछ
तपसः गर्जति = तपस्याहरू भन्दा बढी गर्जना गर्दछ
तीर्थात् = तीर्थहरू भन्दा
नित्यं हि = सधैं नै
प्रोच्चैः = उच्च स्वरले
गर्जति = गर्जना गर्दछ
सप्ताहः = सप्ताह श्रवण
योगात् गर्जति = योगभन्दा बढी गर्जना गर्दछ
ध्यानात् = ध्यानभन्दा बढी
ज्ञानात् च = ज्ञानभन्दा बढी
गर्जति = गर्जना गर्दछ
किं = कि
ब्रूमः = भनौं
तस्य गर्जनं = त्यसको गर्जनका विषयमा
रे रे = ए मानिसहरू हो
गर्जति गर्जति = सब साधनहरू भन्दा बढी बारम्बार गर्जना गर्दछ

वाक्यार्थ– यो सप्ताहश्रवण यज्ञभन्दा ठुलो, व्रतभन्दा ठुलो, तपस्याभन्दा ठुलो, तीर्थभन्दा ठुलो र योगभन्दा ठुलो छ, त्यति मात्र होइन यो सप्ताहश्रवण त ध्यान र ज्ञानभन्दा पनि ठुलो छ। यसको महत्त्वका विषयमा कति वर्णन गरूँ, यो सप्ताहश्रवण मोक्षका सम्पूर्ण साधनहरूमध्ये सर्वश्रेष्ठ साधनका रूपमा रहेको छ।

शौनक उवाच (शौनकजीले भन्नुभयो)

साश्चर्यमेतत् कथितं कथानकं ज्ञानादिधर्मान् विगणय्य साम्प्रतम्।
निःश्रेयसे भागवतं पुराणं जातं कुतो योगविदादिसूचकम्॥ ५३॥

पदार्थ–
साम्प्रतम् = अहिले
एतत् = यो
साश्चर्यम् = आश्चर्यमय
कथानकं = कुरा
कथितं = भनियो
निःश्रेयसे = मोक्षका लागि
ज्ञानादिधर्मान् = ज्ञान आदि साधनहरूलाई
विगणय्य = तिरस्कार गरेर
भागवतं पुराणं = भागवत पुराण
योगविदादिसूचकम् = ब्रह्माका पनि आदि कारण भगवान् नारायणको निरूपण गर्न सक्षम
कुतः = कसरी
जातं = बन्यो

वाक्यार्थ– आश्चर्यले युक्त भएको यो कथानक यहाँले हामीहरूलाई बताउनुभयो। यस कलियुगमा मोक्षप्राप्तिका अरू ज्ञान आदि साधनहरूलाई तिरस्कार गरेर यो भागवत महापुराण ब्रह्माका पनि आदि कारण भगवान् नारायणको निरूपण गर्न सक्षम कसरी बन्यो ?

सूत उवाच (सूतजीले भन्नुभयो)

यदा कृष्णो धरां त्यक्त्वा स्वपदं गन्तुमुद्यतः।

एकादशं परिश्रुत्याप्युद्धवो वाक्यमब्रवीत्॥ ५४॥

पदार्थ–

यदा = जुन समयमा	**स्वपदं** = आफ्नो धाममा	दिइएको ज्ञानोपदेश
कृष्णः = भगवान् श्रीकृष्ण	**गन्तुम्** = जान	**परिश्रुत्य अपि** = सुनेर पनि
धरां = पृथ्वीलाई	**उद्यतः** = तत्पर हुनुभयो	**वाक्यम्** = यो कुरा
त्यक्त्वा = छाडेर	**उद्धवः** = उद्धवले	**अब्रवीत्** = भन्नुभयो
	एकादशं = एकादश स्कन्धमा	

वाक्यार्थ– जुन समयमा भगवान् श्रीकृष्ण यस पृथ्वीलाई छोडेर आफ्नो धामतिर फर्कन तयार हुनुभएको थियो, त्यतिवेला उद्धवजीले (श्रीमद्भागवतको) एकादश स्कन्धको ज्ञानोपदेश सुनिसकेपछि भगवान्सँग यस प्रकार भन्न लाग्नुभयो।

उद्धव उवाच (उद्धवले भन्नुभयो)

त्वं तु यास्यसि गोविन्द भक्तकार्यं विधाय च।

मच्चित्ते महती चिन्ता तां श्रुत्वा सुखमावह॥ ५५॥

पदार्थ–

गोविन्द = हे गोविन्द	**यास्यसि** = जाँदै हुनुहुन्छ	**श्रुत्वा** = सुनेर
त्वं तु = तपाईं त	**मच्चित्ते च** = मेरो चित्तमा चाहिँ	**सुखम्** = सुख
भक्तकार्यं = भक्तहरूको काम	**महती** = ठुलो	**आवह** = ल्याइदिनुहोस्
विधाय = गरेर	**चिन्ता** = चिन्ता (छ)	
	तां = त्यसलाई	

वाक्यार्थ– हे गोविन्द ! तपाईं त आफ्ना भक्तहरूको कार्यलाई पूरा गरेर आफ्नो धामतिर फर्कँदै हुनुहुन्छ, मेरा मनमा ठुलो चिन्ता छ, मलाई सुखी बनाइदिनुहोस्।

आगतोऽयं कलिर्घोरो भविष्यन्ति पुनः खलाः।

तत्सङ्गेनैव सन्तोऽपि गमिष्यन्त्युग्रतां यदा॥ ५६॥

तदा भारवती भूमिर्गोरूपेयं कमाश्रयेत्।

अन्यो न दृश्यते त्राता त्वत्तः कमललोचन॥ ५७॥

पदार्थ–

अयं = यो	**कलिः** = कलि युग	**खलाः** = दुष्टहरू
घोरः = डरलाग्दो	**आगतः** = आउन लागेको छ	**भविष्यन्ति** = हुनेछन्
	यदा पुनः = जुन समयमा फेरि	**तत्सङ्गेन एव** = ती दुष्टहरूको

सङ्गतले नै	दबिएकी	**कमललोचन** = हे कमललोचन
सन्तः अपि = सज्जनहरू पनि	**इयं** = यी	श्रीकृष्ण
उग्रतां गमिष्यन्ति = उग्र	**भूमिः** = पृथ्वी	**त्वत्तः** = हजुर बाहेक
प्रकृतिका हुनेछन्	**गोरूपा** = गाईको रूप लिएर	**अन्यः** = अरू
तदा = त्यस वेला	**कम् आश्रयेत्** = कसको शरणमा	**त्राता** = रक्षा गर्ने
भारवती = दुष्टहरूका भारले	जालिन्	**न दृश्यते** = देखिँदैन

वाक्यार्थ– यो घोर कलियुग आउन लागेको छ, जब यस पृथ्वीमा फेरि दुष्टहरू बढ्नेछन्, ती दुष्टहरूको संसर्गले गर्दा सज्जनहरू पनि उग्र प्रकृतिका हुनेछन्, त्यस समयमा दुष्टहरूको भारले दबेकी यी पृथ्वी गाईको रूप धारण गरेर कसको शरणमा जालिन् ? कमललोचन भगवान् श्रीकृष्ण ! हजुरलाई छोडेर यी पृथ्वीको रक्षा गर्ने अरू कोही पनि देखिँदैन।

अतः सत्सु दयां कृत्वा भक्तवत्सल मा व्रज।
भक्तार्थं सगुणो जातो निराकारोऽपि चिन्मयः॥ ५८॥

पदार्थ–	**दयां** = दया	भएर पनि
अतः = त्यसकारण	**कृत्वा** = गरेर	**भक्तार्थं** = भक्तहरूका लागि
भक्तवत्सल = हे भक्तहरूलाई	**मा व्रज** = नजानुहोस्	**सगुणः** = सगुण
अत्यन्त माया गर्ने भगवान्	**निराकारः** = निराकार	**जातः** = हुनुभयो
सत्सु = सज्जनहरूमाथि	**चिन्मयः अपि** = चेतनरूप	

वाक्यार्थ– यसकारण हे भक्तवत्सल भगवान् ! सज्जनहरूमाथि कृपा गर्नुहोस्, आफ्नो धामतिर नफर्कनुहोस्, हजुरले निराकार एवं चिन्मयरूप भएर पनि भक्तहरूमाथि अनुग्रह गर्नका लागि सगुण रूपमा अवतार लिनुभएको छ।

त्वद्वियोगेन ते भक्ताः कथं स्थास्यन्ति भूतले।
निर्गुणोपासने कष्टमतः किंचिद् विचारय॥ ५९॥

पदार्थ–	**कथं** = कसरी	**अतः** = त्यसकारण
त्वद्वियोगेन = तपाईंको	**स्थास्यन्ति** = रहनेछन्	**किंचित्** = केही
वियोगमा	**निर्गुणोपासने** = निर्गुण	**विचारय** = विचार गर्नुहोस्
ते भक्ताः = ती भक्तहरू	उपासनामा	
भूतले = पृथ्वीमा	**कष्टम्** = दुःख छ	

वाक्यार्थ– तपाईंका वियोगमा तपाईंका भक्तहरू यस पृथ्वीमा कसरी रहलान् ? निर्गुण उपासनामा कष्ट छ, यसकारण यस विषयमा केही विचार गर्नुहोस्।

इत्युद्धववचः श्रुत्वा प्रभासेऽचिन्तयद्धरिः।
भक्तावलम्बनार्थाय किं विधेयं मयेति च॥ ६०॥

पदार्थ—
इति = यस प्रकार
उद्धववचः = उद्धवको कुरा
श्रुत्वा = सुनेर
प्रभासे = प्रभास क्षेत्रमा
हरिः = भगवान् श्रीकृष्णले
भक्तावलम्बनार्थाय = भक्तहरूको सहयोगका लागि
मया = मद्वारा
किं = के
विधेयं इति च = गरिनु पर्ला भनेर
अचिन्तयत् = विचार गर्न लाग्नुभयो

वाक्यार्थ— यस प्रकार उद्धवका कुरा सुनेर प्रभास क्षेत्रमा भगवान् श्रीकृष्णले मैले मेरा भक्तहरूको सहयोगका लागि के गर्नुपर्ला भनेर विचार गर्न लाग्नुभयो।

स्वकीयं यद् भवेत् तेजस्तच्च भागवतेऽदधात्।
तिरोधाय प्रविष्टोऽयं श्रीमद्भागवतार्णवम्॥ ६१॥

पदार्थ—
स्वकीयं = आफ्नो
यत् = जुन
तेजः = तेज
भवेत् = थियो
तत् च = त्यो पनि
भागवते = भागवतमा
अदधात् = राखिदिनुभयो
अयं = यी भगवान् श्रीकृष्ण
तिरोधाय = लुकेर
श्रीमद्भागवतार्णवम् = श्रीमद्भागवतरूपी समुद्रमा
प्रविष्टः = प्रवेश गर्नुभयो

वाक्यार्थ— त्यसपछि भगवान् श्रीकृष्णले आफूमा भएको तेज श्रीमद्भागवतमा राखिदिनुभयो र आफू अन्तर्धान भएर श्रीमद्भागवतरूपी महासागरमा प्रविष्ट हुनुभयो।

तेनेयं वाङ्मयी मूर्तिः प्रत्यक्षा वर्तते हरेः।
सेवनाच्छ्रवणात् पाठाद् दर्शनात् पापनाशिनी॥ ६२॥

पदार्थ—
तेन = त्यस कारण
इयं = यो (भागवत कथा)
हरेः = भगवान् कृष्णको
प्रत्यक्षा = प्रत्यक्ष
वाङ्मयी मूर्तिः = वाङ्मयरूप मूर्ति (हो)
सेवनात् = (यसको) सेवनले
श्रवणात् = श्रवण गर्नाले
पाठात् = पाठ गर्नाले
दर्शनात् = (ग्रन्थको) दर्शन गर्नाले (पनि)
पापनाशिनी = पापलाई नष्ट गर्ने
वर्तते = छ

वाक्यार्थ— त्यस कारण यो भागवत शास्त्र भगवान् श्रीकृष्णको प्रत्यक्ष वाङ्मयमूर्ति हो। यसको सेवन गर्नाले, श्रवण गर्नाले, पाठ गर्नाले र दर्शन मात्र गर्नाले पनि पाप नाश हुन्छ।

सप्ताहश्रवणं तेन सर्वेभ्योऽप्यधिकं कृतम्।
साधनानि तिरस्कृत्य कलौ धर्मोऽयमीरितः॥ ६३॥

पदार्थ—
तेन = त्यस कारण
सप्ताहश्रवणं = सप्ताह श्रवण
सर्वेभ्यः अपि = अरू सारा साधनहरूभन्दा पनि
अधिकं = श्रेष्ठ
कृतम् = बनाइएको (मानिएको) छ
कलौ = कलियुगमा
साधनानि = अन्य साधनहरूलाई
तिरस्कृत्य = तिरस्कार गरेर
अयम् = यो

धर्मः = धर्म	**ईरितः** = बताइयो

वाक्यार्थ– त्यस कारण कलियुगमा अरू सम्पूर्ण साधनहरूलाई उपेक्षा गरेर यही भागवत श्रवणरूप धर्मलाई मोक्षको सर्वश्रेष्ठ साधनका रूपमा मानिएको छ।

दुःखदारिद्र्यदौर्भाग्यपापप्रक्षालनाय च।

कामक्रोधजयार्थं हि कलौ धर्मोऽयमीरितः॥ ६४॥

पदार्थ–	लागि	**कलौ** = कलियुगमा
दुःखदारिद्र्यदौर्भाग्यपाप-	**कामक्रोधजयार्थं च** = काम र	**अयम् हि धर्मः** = यो
प्रक्षालनाय = दुःख, दरिद्रता,	क्रोधमाथि विजय प्राप्त गर्नका	भागवत धर्मको
दुर्भाग्य र पापलाई नाश गर्नका	लागि पनि	**ईरितः** = उपदेश गरियो

वाक्यार्थ– दुःख, दरिद्रता, दुर्भाग्य र पापलाई हटाउनका लागि अनि काम-क्रोधमाथि विजय प्राप्त गर्नका लागि समेत कलियुगमा यो भागवतको उपदेश गरियो।

अन्यथा वैष्णवी माया देवैरपि सुदुस्त्यजा।

कथं त्याज्या भवेत् पुम्भिः सप्ताहोऽतः प्रकीर्तितः॥ ६५॥

पदार्थ–	**माया** = माया	**अतः** = त्यसकारण
अन्यथा = अन्यथा	**पुम्भिः** = मानिसहरूद्वारा	**सप्ताहः** = सप्ताह यज्ञको
देवैः अपि = देवताहरूद्वारा पनि	**कथं** = कसरी	विधान
सुदुस्त्यजा = त्याग्न कठिन	**त्याज्या** = छाड्न सकिने	**प्रकीर्तितः** = बताइयो
वैष्णवी = विष्णु भगवान्को	**भवेत्** = होला	

वाक्यार्थ– अन्यथा देवताहरूद्वारा पनि त्याग्न कठिन भगवान् विष्णुको मायालाई मानिसहरूले कसरी त्याग्न सक्लान् ? यस कारण कलियुगमा सप्ताह श्रवणको विधान गरिएको हो।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं नगाहश्रवणोरुधर्मे प्रकाश्यमाने ऋषिभिः सभायाम्।

आश्चर्यमेकं समभूत् तदानीं तदुच्यते संशृणु शौनक त्वम्॥ ६६॥

पदार्थ–	श्रवणरूपी ठुलो धर्म	**समभूत्** = भयो
शौनक = हे शौनक	**प्रकाश्यमाने** = प्रकाशित गर्दा	**तत्** = त्यो
एवं = यस प्रकार	गर्दै	**उच्यते** = भनिन्छ (म भन्छु)
ऋषिभिः = ऋषिहरूद्वारा	**तदानीं** = त्यस समयमा	**त्वम्** = तपाईं
सभायाम् = सभामा	**एकं** = एउटा	**संशृणु** = सुन्नुहोस्
नगाहश्रवणोरुधर्मे = सप्ताह	**आश्चर्यम्** = आश्चर्य	

वाक्यार्थ– यस प्रकार ऋषिहरूले सभामा सप्ताहश्रवणरूपी ठुलो धर्मको वर्णन गर्दागर्दै त्यस

समयमा एउटा आश्चर्य भयो, त्यसका विषयमा बताउँछु, हे शौनकजी ! त्यो कुरा तपाईं सुन्नुहोस् ।

भक्तिः सुतौ तौ तरुणौ गृहीत्वा प्रेमैकरूपा सहसाविरासीत् ।

श्रीकृष्ण गोविन्द हरे मुरारे नाथेति नामानि मुहुर्वदन्ती ॥ ६७ ॥

पदार्थ–	**सुतौ** = छोराहरूलाई	हरि, मुरारि, नाथ यी
प्रेमैकरूपा = विशुद्ध प्रेमस्वरूप	**गृहीत्वा** = लिएर	**नामानि** = (श्रीकृष्णका) नामहरू
भक्तिः = भक्ति	**मुहुः** = बारम्बार	**वदन्ती** = उच्चारण गर्दै
तौ = ती	**श्रीकृष्ण गोविन्द हरे मुरारे नाथ**	**सहसा** = अकस्मात्
तरुणौ = युवक	**इति** = हे श्रीकृष्ण, गोविन्द,	**आविरासीत्** = प्रकट भइन्

वाक्यार्थ– विशुद्ध प्रेमस्वरूप भक्ति युवक भएका ज्ञान र वैराग्य दुई छोराहरूलाई साथमा लिएर बारम्बार श्रीकृष्ण गोविन्द हरे मुरारे ! आदि भगवान्का पवित्र नामहरूको उच्चारण गर्दै सभामा अकस्मात् प्रकट भइन् ।

तां चागतां भागवतार्थभूषां सुचारुवेषां ददृशुः सदस्याः ।

कथं प्रविष्टा कथमागतेयं मध्ये मुनीनामिति तर्कयन्तः ॥ ६८ ॥

पदार्थ–	**मध्ये** = बिचमा	**भागवतार्थभूषां** = भागवतको
इयं = यी स्त्री	**प्रविष्टा** = प्रवेश गरेकी	अर्थहरूको गहना लगाएकी
कथम् = कसरी	**इति** = यस्तो	**सुचारुवेषां** = अत्यन्त सुन्दरी
आगता = आइन्	**तर्कयन्तः** = तर्क-वितर्क	**आगतां** = आएकी
कथं च = कसरी	गरिरहेका	**तां** = तिनलाई पनि
मुनीनाम् = मुनिहरूका	**सदस्याः** = सदस्यहरूले	**ददृशुः** = देखे

वाक्यार्थ– यी स्त्री कसरी आइन् ? कसरी मुनिहरूका बिचमा प्रवेश गरिन् ? यस्तो तर्क-वितर्क गरिरहेका सदस्यहरूले भागवतको अर्थहरूको गहना लगाएकी अत्यन्त सुन्दरी ती स्त्रीलाई देखे ।

ऊचुः कुमारा वचनं तदानीं कथार्थतो निष्पतिताधुनेयम् ।

एवं गिरः सा ससुता निशम्य सनत्कुमारं निजगाद नम्रा ॥ ६९ ॥

पदार्थ–	**इयम्** = यी	**ससुता** = छोराहरू सहित भएकी
कुमाराः = सनत्कुमारहरूले	**अधुना** = अहिले	**सा** = ती भक्तिले
तदानीं = त्यस समयमा	**निष्पतिता** = निक्लेकी हुन्	**नम्रा** = नम्रताका साथ
वचनं = यी कुरा	**एवं** = यस्ता प्रकारका	**सनत्कुमारं** = सनत्कुमारलाई
ऊचुः = भने	**गिरः** = कुराहरू	**निजगाद** = भनिन्
कथार्थतः = कथाको अर्थबाट	**निशम्य** = सुनेर	

वाक्यार्थ– सभाका सदस्यहरूका यस्ता तर्क-वितर्कहरूको उत्तर दिँदै कथाको अर्थबाट अहिले

यी भक्ति निक्लेकी हुन् भनी सनत्कुमारहरूले भनेपछि छोराहरूले सहित भएकी भक्तिले अत्यन्त नम्रताका साथ सनत्कुमारहरूलाई भनिन्।

भक्तिरुवाच (भक्तिले भनिन्)

भवद्भिरद्यैव कृतास्मि पुष्टा कलिप्रणष्टापि कथारसेन।
क्वाहं तु तिष्ठाम्यधुना ब्रुवन्तु ब्राह्मा इदं तां गिरमूचिरे ते॥ ७०॥

पदार्थ—	**अद्य एव** = आज नै	**ब्राह्माः** = ब्रह्माजीका मानस पुत्र
अहं = म	**पुष्टा** = पुष्ट	**ते** = तिनीहरूले
कलिप्रणष्टा अपि = कलिका दोषहरूका कारणले प्रायः नष्ट भइसकेकी भए पनि	**कृता अस्मि** = बनाइएकी छु	**तां** = उनलाई
भवद्भिः = तपाईंहरूद्वारा	**अधुना तु** = अहिले चाहिँ	**इदं** = यो
कथारसेन = कथाको रसले	**क्व** = कहाँ	**गिरम्** = कुरा
	तिष्ठामि = बसूँ	**ऊचिरे** = भन्नुभयो
	ब्रुवन्तु = भन्नुहोस्	

वाक्यार्थ— म कलिका दोषहरूका कारणले प्रायः नष्ट भइसकेकी थिएँ, तपाईंहरूको कथाको रसले अहिले म फेरि पुष्ट भएकी छु। अब म कहाँ बसूँ ? भनिदिनुहोस्, भक्तिको यो कुरा सुनेर ब्रह्माजीका मानसपुत्र कुमारहरूले भक्तिलाई भन्नुभयो।

भक्तेषु गोविन्दसरूपकर्त्री प्रेमैकधर्त्री भवरोगहन्त्री।
सा त्वं च तिष्ठस्व सुधैर्यसंश्रया निरन्तरं वैष्णवमानसानि॥ ७१॥

पदार्थ—	धारण गर्ने र	**सुधैर्यसंश्रया** = धैर्य धारण गरेर
भक्तेषु = भक्तहरूमा	**भवरोगहन्त्री च** = संसाररूपी रोगलाई निर्मूल पार्ने	**निरन्तरं** = सधैँ नै
गोविन्दसरूपकर्त्री = भगवान् गोविन्दको स्वरूप प्रदान गर्ने	**सा** = त्यस्ती	**वैष्णवमानसानि** = भगवान् विष्णुका भक्तहरूका हृदयमा
प्रेमैकधर्त्री = अनन्य प्रेमलाई	**त्वं** = तिमी भक्ति	**तिष्ठस्व** = बस

वाक्यार्थ— भक्तहरूमा भगवान्‌को स्वरूप प्रदान गर्ने, अनन्य प्रेम धारण गर्ने, संसाररूपी रोगलाई निर्मूल गर्ने त्यस्ती तिमी भक्ति धैर्य धारण गरेर सधैँ विष्णुभक्तहरूको मनमा बस।

ततोऽपि दोषाः कलिजा इमे त्वां द्रष्टुं न शक्ताः प्रभवोऽपि लोके।
एवं तदाज्ञावसरेऽपि भक्तिस्तदा निषण्णा हरिदासचित्ते॥ ७२॥

पदार्थ—	**लोके** = लोकमा	**द्रष्टुं अपि** = देख्न पनि
कलिजाः = कलिका कारण जन्मिएका	**प्रभवः अपि** = आफ्नो काम गर्न सफल (भए) पनि	**न शक्ताः** = समर्थ हुनेछैनन्
इमे दोषाः = यी दोषहरू	**त्वां** = तिमीलाई	**एवं** = यसरी
		तदाज्ञावसरे = कुमारहरूको

आज्ञा पाउने बित्तिकै
तदा = त्यस वेला
ततः अपि = त्यहाँ पनि
भक्तिः = भक्ति
हरिदासचित्ते = भगवान् श्रीहरिका भक्तहरूका चित्तमा
निषण्णा = बसिन्

वाक्यार्थ– कलियुगका यी दोषहरू लोकमा आफ्नो प्रभाव जमाउन समर्थ छन् तर पनि तिमीलाई यिनले देख्न पनि सक्नेछैनन्, यस प्रकार कुमारहरूको आज्ञा पाउनेबित्तिकै भक्ति विष्णुभक्तहरूका चित्तमा बसिन्।

सकलभुवनमध्ये निर्धनास्तेऽपि धन्या
निवसति हृदि येषां श्रीहरेर्भक्तिरेका।
हरिरपि निजलोकं सर्वथातो विहाय
प्रविशति हृदि तेषां भक्तिसूत्रोपनद्धः॥ ७३॥

पदार्थ–
सकलभुवनमध्ये = सबै लोकका बिचमा
निर्धनाः अपि = धनले रहित भए पनि
ते = तिनीहरू
धन्याः = धन्य छन्
येषां = जसको
हृदि = हृदयमा
श्रीहरेः = श्रीहरिको
एका भक्तिः = एउटै मात्र (अनन्य) भक्ति
निवसति = बस्दछ
हरिः अपि = श्रीहरि पनि
भक्तिसूत्रोपनद्धः = भक्तिरूपी डोरीले बाँधिएर
निजलोकं = आफ्नो लोक
सर्वथा = पूरै
विहाय = छाडेर
अतः = त्यहाँबाट
तेषां = तिनीहरूको
हृदि = हृदयमा
प्रविशति = प्रवेश गर्नुहुन्छ

वाक्यार्थ– जसका हृदयमा भगवान्को भक्तिले निवास गरेको छ ती व्यक्तिहरू तीनै लोकमा धनले रहित भए तापनि धन्य छन्, किनभने भक्तिरूपी डोरीद्वारा बाँधिएर भगवान् नारायण पनि आफ्नो वैकुण्ठ लोकलाई सर्वथा छोडेर ती भक्तहरूका हृदयमा आएर प्रवेश गर्नुहुन्छ।

ब्रूमोऽद्य ते किमधिकं महिमानमेवं
ब्रह्मात्मकस्य भुवि भागवताभिधस्य।
यत्संश्रयान्निगदिते लभते सुवक्ता
श्रोतापि कृष्णसमतामलमन्यधर्मैः॥ ७४॥

पदार्थ–
अद्य = आज
ते = तपाईंलाई
भुवि = यस लोकमा
ब्रह्मात्मकस्य = परब्रह्म परमात्माको विग्रहस्वरूप
भागवताभिधस्य = भागवत नामको
अधिकं = धेरै
महिमानम् = महिमा
किम् ब्रूमः = के भनौँ
यत्संश्रयात् निगदिते = जसको

आश्रय लिएर भनेपछि	बराबरी अवस्था	यस्तै अवस्था प्राप्त गर्दछ
सुवक्ता = राम्रो वक्ताले	**लभते** = प्राप्त गर्दछ	**अन्यधर्मैः अलम्** = अन्य
कृष्णसमताम् = कृष्णको	**श्रोता अपि एवं** = श्रोता पनि	धर्महरूको कुनै प्रयोजन छैन

वाक्यार्थ– आज म तपाईंलाई यस लोकमा परब्रह्म परमात्माको विग्रहस्वरूप भएको श्रीमद्भागवत ग्रन्थको महिमालाई लिएर यसभन्दा बढी के कुरा भनूँ र ! यो भागवत सुनाएपछि वक्ता र श्रोता दुबै साक्षात् भगवान् श्रीकृष्णका बराबरीमा प्राप्त हुन्छन्। अतः यस भागवत ग्रन्थलाई छाडेर अरू धर्महरूको के प्रयोजन छ र ?

इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये

भक्तिकष्टनिवर्तनं नाम तृतीयोऽध्यायः ॥ ३ ॥

अथ चतुर्थोऽध्यायः

गोकर्णद्वारा पितालाई वैराग्यको उपदेश

सूत उवाच (सूतजीले भन्नुभयो)

अथ वैष्णवचित्तेषु दृष्ट्वा भक्तिमलौकिकीम्।
निजलोकं परित्यज्य भगवान् भक्तवत्सलः॥ १॥
वनमाली घनश्यामः पीतवासा मनोहरः।
काञ्चीकलापरुचिरोल्लसन्मुकुटकुण्डलः॥ २॥
त्रिभङ्गललितश्चारुकौस्तुभेन विराजितः।
कोटिमन्मथलावण्यो हरिचन्दनचर्चितः॥ ३॥
परमानन्दचिन्मूर्तिर्मधुरो मुरलीधरः।
आविवेश स्वभक्तानां हृदयान्यमलानि च॥ ४॥

पदार्थ–
अथ = त्यसपछि
वैष्णवचित्तेषु = वैष्णवहरूका मनमा
अलौकिकीम् = अलौकिक
भक्तिम् = भक्ति
दृष्ट्वा = देखेर
वनमाली = वनमाला धारण गर्नुभएका
घनश्यामः = मेघको जस्तो वर्ण भएका
पीतवासा = पीताम्बर धारण गर्नुभएका
मनोहरः = सुन्दर
काञ्चीकलापरुचिरोल्लसन्मुकुट-कुण्डलः = राम्रा कन्दनीको कुप्पाले युक्त कटि भएका र शिरमा मुकुट र कानमा कुण्डल लगाउनुभएका
त्रिभङ्गललितः = पेटमा रहेका तीनवटा रेखाद्वारा शोभायमान
चारुकौस्तुभेन = सुन्दर कौस्तुभ मणिद्वारा
विराजितः = सुशोभित भएका
कोटिमन्मथलावण्यः = करोडौँ कामदेवको सुन्दरता बराबर सुन्दर
हरिचन्दनचर्चितः = हरिचन्दन लेपन गरेका
परमानन्दचिन्मूर्तिः = परमानन्दरूप र चिन्मूर्तिरूप भएका
मधुरः = मधुर
मुरलीधरः = हातमा मुरली लिनुभएका र
भक्तवत्सलः च = भक्तहरूलाई ज्यादै माया गर्ने
भगवान् = भगवान्
निजलोकं = आफ्नो लोक
परित्यज्य = छाडेर
स्वभक्तानां = आफ्ना भक्तहरूका
अमलानि = निर्मल
हृदयानि = हृदयहरूमा
आविवेश = प्रवेश गर्नुभयो

वाक्यार्थ– त्यसपछि वैष्णवहरूका मनमा अलौकिक भक्ति देखेर वनमाला धारण गर्नुभएका,

मेघको जस्तो वर्ण भएका, पीताम्बर धारण गर्नुभएका, सुन्दर राम्रा कन्दनीको झुप्पाले युक्त कम्मर भएका र शिरमा मुकुट एवं कानमा कुण्डल लगाउनुभएका, पेटमा रहेका तीनवटा रेखाद्वारा शोभायमान, सुन्दर कौस्तुभ मणिद्वारा सुशोभित भएका, करोडौं कामदेवको सुन्दरता बराबर सुन्दर, हरिचन्दन लेपन गर्नुभएका, परमानन्दरूप र चिन्मूर्तिरूप भएका, सुन्दर स्वरूप भएका, हातमा मुरली लिनुभएका र भक्तहरूलाई ज्यादै माया गर्ने भगवान् आफ्नो लोक छाडेर आफ्ना भक्तहरूको निर्मल हृदयमा प्रवेश गर्नुभयो।

वैकुण्ठवासिनो ये च वैष्णवा उद्धवादयः।
तत्कथाश्रवणार्थं ते गूढरूपेण संस्थिताः॥ ५॥

पदार्थ—
ये च = जो चाहिँ
वैकुण्ठवासिनः = वैकुण्ठमा निवास गर्ने
उद्धवादयः = उद्धव आदि
वैष्णवाः = वैष्णवहरू (छन्)
ते = तिनीहरू
तत्कथाश्रवणार्थं = भगवान्को कथा श्रवण गर्नका लागि
गूढरूपेण = गुप्त रूपले
संस्थिताः = बसेका थिए

वाक्यार्थ— वैकुण्ठमा निवास गर्ने भगवद्भक्त उद्धव आदि वैष्णवहरू भागवतको कथा श्रवणका लागि त्यहाँ गुप्तरूपले आएर बसेका थिए।

तदा जयजयारावो रसपुष्टिरलौकिकी।
चूर्णप्रसूनवृष्टिश्च मुहुः शङ्खरवोऽप्यभूत्॥ ६॥

पदार्थ—
तदा = त्यस वेला
जयजयारावः = जय होस् जय होस् यो आवाज
अलौकिकी = अलौकिक
रसपुष्टिः = भक्तिरसको प्रवाह
चूर्णप्रसूनवृष्टिः = चन्दनको धुलो र फूलहरूको वर्षा
मुहुः = बारम्बार
शङ्खरवः च अपि = शङ्खको ध्वनि पनि
अभूत् = भयो

वाक्यार्थ— त्यस वेला चारैतिर 'जय होस्! जय होस्!' ध्वनि गुञ्जिन लाग्यो र अलौकिक भक्तिसरको प्रवाह चल्न थाल्यो, बारम्बार चन्दनको धुलो र फूलहरूको वृष्टि हुन लाग्यो अनि शङ्खको ध्वनि पनि गुञ्जियो।

तत्सभासंस्थितानां च देहगेहात्मविस्मृतिः।
दृष्ट्वा च तन्मयावस्थां नारदो वाक्यमब्रवीत्॥ ७॥

पदार्थ—
तत्सभासंस्थितानां = त्यस सभामा बसेका श्रोताहरूलाई
देहगेहात्मविस्मृतिः = शरीरको, घरको र आफ्नो पनि विस्मृति भयो
तन्मयावस्थां च = तिनीहरूको तन्मयावस्थालाई पनि
दृष्ट्वा = देखेर
नारदः = नारदजीले
वाक्यम् = यो कुरा
अब्रवीत् = भन्नुभयो

वाक्यार्थ— त्यस सभामा बसेका श्रोताहरूले घर, शरीर र आफैँलाई पनि बिर्से। तिनीहरूको

त्यस्तो तन्मयावस्थालाई देखेर नारदजीले यसो भन्नुभयो।

अलौकिकोऽयं महिमा मुनीश्वराः सप्ताहजन्योऽद्य विलोकितो मया।

मूढाः शठा ये पशुपक्षिणोऽत्र सर्वेऽपि निष्पापतमा भवन्ति ॥ ८ ॥

पदार्थ—
मुनीश्वराः = हे मुनीश्वरहरू
मया = मद्वारा
अद्य = आज
सप्ताहजन्यः = सप्ताह यज्ञबाट उत्पन्न भएको
अयं = यो
अलौकिकः = अलौकिक
महिमा = महिमा
विलोकितः = देखियो
मूढाः = मूर्ख
शठाः = बुद्धिहीन
अत्र = यहाँ
ये सर्वे अपि = जो सबै नै
पशुपक्षिणः = पशु र पक्षीहरू छन् (तिनीहरू)
निष्पापतमाः = पूर्ण रूपमा पापले रहित
भवन्ति = भएका छन्

वाक्यार्थ— हे मुनीश्वरहरू ! मैले आज सप्ताहयज्ञबाट उत्पन्न भएको अलौकिक महिमा देखेँ। कथाको प्रभावले यहाँ मूर्ख र दुष्ट व्यक्तिहरू एवं पशुपक्षीहरू पनि पूर्ण रूपले निष्पाप भएका छन्।

अतो नृलोके ननु नास्ति किंचिच्चित्तस्य शोधाय कलौ पवित्रम्।

अघौघविध्वंसकरं तथैव कथासमानं भुवि नास्ति चान्यत् ॥ ९ ॥

पदार्थ—
अतः = यसकारण
कलौ = कलि युगमा
नृलोके = मनुष्य लोकमा
चित्तस्य = चित्तको
शोधाय = शोधनका लागि
कथासमानं = कथाबराबर
अघौघविध्वंसकरं = पापको समूहलाई नष्ट गर्ने
ननु = निश्चयै
अन्यत् = अर्को
किंचित् = कुनै
पवित्रम् = पवित्र
न अस्ति = छैन
तथा एव = त्यसै गरी
भुवि च = भूलोकमा पनि
न अस्ति = छैन

वाक्यार्थ— यसकारण यस कलियुगमा, मनुष्यलोकमा र भूलोकमा पनि भागवतको कथा बराबर चित्तशुद्धिका लागि पापलाई नष्ट गर्ने अरू कुनै त्यस्तो पवित्र साधन छैन।

के के विशुद्ध्यन्ति वदन्तु मह्यं सप्ताहयज्ञेन कथामयेन।

कृपालुभिर्लोकहितं विचार्य प्रकाशितः कोऽपि नवीनमार्गः ॥ १० ॥

पदार्थ—
कथामयेन = कथारूप
सप्ताहयज्ञेन = सप्ताह यज्ञद्वारा
के के = कस्ता-कस्ता मनुष्यहरू
विशुद्ध्यन्ति = शुद्ध हुन्छन्
मह्यं = मलाई
वदन्तु = भन्नुहोस्
कृपालुभिः = दयावान्हरूद्वारा
लोकहितं = लोकको कल्याणलाई
विचार्य = विचार गरेर
कः अपि = कुनै त्यस्तो
नवीनमार्गः = नयाँ बाटो
प्रकाशितः = प्रकाशमा ल्याइएको छ

वाक्यार्थ– कथारूप सप्ताहयज्ञद्वारा कस्ता-कस्ता मनुष्यहरू पापबाट मुक्त हुन्छन् ? यहाँहरूले मलाई बताउनुहोस्। दयाका खानी भएका तपाईंहरूले लोकका हितलाई ध्यानमा राखेर कुनै एउटा नयाँ मार्ग प्रकाशमा ल्याउनुभएको छ।

कुमारा ऊचुः (कुमारहरूले भन्नुभयो)

ये मानवाः पापकृतस्तु सर्वदा सदा दुराचाररता विमार्गगाः।

क्रोधाग्निदग्धाः कुटिलाश्च कामिनः सप्ताहयज्ञेन कलौ पुनन्ति ते॥ ११॥

पदार्थ–
ये तु = जो चाहिँ
मानवाः = मानवहरू
सर्वदा = सधैँ
पापकृतः = पाप कर्ममा लागेका छन्
सदा = सधैँ
दुराचाररताः = दुराचारमा लागेका छन्
विमार्गगाः = उल्टो बाटोमा हिँडेका छन्
क्रोधाग्निदग्धाः = जो रिसको आगोले जलेका छन्
कुटिलाः = कुटिल र
कामिनः च = कामुक पनि छन्
ते = ती
कलौ = कलियुगमा
सप्ताहयज्ञेन = सप्ताह यज्ञद्वारा
पुनन्ति = पवित्र हुन्छन्

वाक्यार्थ– जो मानिसहरू सधैँ पापकर्ममा लागेका छन्, दुराचारमा लागेका छन्, उल्टो बाटामा हिँडेका छन्, जो क्रोधरूपी आगाले सधैँ जलिरहेका छन् र जो कपटी र कामुक छन् त्यस्ता मान्छे पनि कलियुगमा सप्ताह यज्ञद्वारा पवित्र हुन्छन्।

सत्येन हीनाः पितृमातृदूषकास्तृष्णाकुलाश्चाश्रमधर्मवर्जिताः।

ये दाम्भिका मत्सरिणोऽपि हिंसकाः सप्ताहयज्ञेन कलौ पुनन्ति ते॥ १२॥

पदार्थ–
ये = जो
सत्येन हीनाः = सत्यले हीन भएका
पितृमातृदूषकाः = बाबु-आमालाई दोष लगाउने
तृष्णाकुलाः = कामतृष्णाले व्याकुल भएका
आश्रमधर्मवर्जिताः = आश्रमधर्ममा नलागेका
दाम्भिकाः = घमन्डी
मत्सरिणः = ईर्ष्यालु
हिंसकाः च = हत्यारा पनि छन्
ते अपि = तिनीहरू पनि
कलौ = कलि युगमा
सप्ताहयज्ञेन = सप्ताहयज्ञद्वारा
पुनन्ति = पवित्र हुन्छन्

वाक्यार्थ– जो व्यक्ति सत्यले हीन भएका, बाबु-आमालाई दोष लगाउने, कामतृष्णाले पीडित भएका, आश्रमधर्ममा नलागेका, घमन्डी, ईर्ष्यालु र हत्याराहरू छन् ती पनि सप्ताह यज्ञद्वारा कलियुगमा पवित्र हुन्छन्।

पञ्चोग्रपापाश्छलछद्मकारिणः क्रूराः पिशाचा इव निर्दयाश्च ये।

ब्रह्मस्वपुष्टा व्यभिचारकारिणः सप्ताहयज्ञेन कलौ पुनन्ति ते॥ १३॥

पदार्थ–
ये = जो
पञ्चोग्रपापाः = पाँच थरी उग्र

पाप गर्ने
छलछद्मकारिणः = छलकपटमा लागेका
क्रूराः = क्रूर
पिशाचाः इव = पिशाच जस्तै
निर्दयाः = निर्दयी
ब्रह्मस्वपुष्टाः = ब्राह्मणको सम्पत्ति खाएर मोटाएका
व्यभिचारकारिणः च = व्यभिचारी
पनि (छन्)
ते = ती
कलौ = कलि युगमा
सप्ताहयज्ञेन = सप्ताह यज्ञद्वारा
पुनन्ति = पवित्र हुन्छन्

वाक्यार्थ– जो मानिसहरूले मदिरापान, ब्रह्महत्या, सुनचोरी, गुरुस्त्रीगमन र विश्वासघात जस्ता पाँच किसिमका उग्र पाप गरेका छन्, जो छलकपट गर्दछन्, जो अत्यन्त क्रूर छन्, पिशाच जस्तै निर्दयी छन्, ब्राह्मणको सम्पत्ति खाएर मोटाएका छन् र जो व्यभिचारी छन् त्यस्ता पापीहरू पनि कलियुगमा सप्ताहयज्ञद्वारा पवित्र हुन्छन्।

कायेन वाचा मनसापि पातकं नित्यं प्रकुर्वन्ति शठा हठेन ये।
परस्वपुष्टा मलिना दुराशयाः सप्ताहयज्ञेन कलौ पुनन्ति ते ॥ १४ ॥

पदार्थ–
ये = जो
शठाः = मूर्खहरू
हठेन = हठपूर्वक
कायेन = शरीरद्वारा
वाचा = वाणीद्वारा
मनसा अपि = मनद्वारा पनि
नित्यं = सधैँ
पातकं = पाप
प्रकुर्वन्ति = गर्दछन्
परस्वपुष्टाः = अर्काको सम्पत्ति खाएर मोटाएका
मलिनाः = मलिन मन भएका र
दुराशयाः = दुर्भावना भएका
ते अपि = तिनीहरू पनि
कलौ = कलि युगमा
सप्ताहयज्ञेन = सप्ताह यज्ञद्वारा
पुनन्ति = पवित्र हुन्छन्

वाक्यार्थ– जो दुष्ट छन्, जसले सधैँ हठपूर्वक मन, वाणी र शरीरद्वारा पाप गरिरहन्छन्, जो अर्काको धन खाएर मोटाएका छन्, जो मलिन मन र दुर्भावना भएका छन् त्यस्ता व्यक्तिहरू पनि कलियुगमा सप्ताह यज्ञद्वारा पवित्र हुन्छन्।

अत्र ते कीर्तयिष्याम इतिहासं पुरातनम्।
यस्य श्रवणमात्रेण पापहानिः प्रजायते ॥ १५ ॥

पदार्थ–
अत्र = यहाँ
ते = तपाईंलाई
पुरातनम् = प्राचीन
इतिहासं = इतिहास
कीर्तयिष्यामः = सुनाउनेछौँ
यस्य = जसको
श्रवणमात्रेण = श्रवण मात्रले
पनि
पापहानिः = पापको नाश
प्रजायते = हुन्छ

वाक्यार्थ– हे नारद मुनि ! यहाँ हामीहरू तपाईंलाई सुन्नाले मात्र पनि पापको नाश हुने एउटा प्राचीन इतिहास सुनाउँछौँ।

तुङ्गभद्रातटे पूर्वमभूत् पत्तनमुत्तमम्।
यत्र वर्णाः स्वधर्मेण सत्यसत्कर्मतत्पराः ॥ १६ ॥

आत्मदेवः पुरे तस्मिन् सर्ववेदविशारदः ।
श्रौतस्मार्तेषु निष्णातो द्वितीय इव भास्करः ॥ १७ ॥
भिक्षुको वित्तवाँल्लोके तत्प्रिया धुन्धुली स्मृता ।
स्ववाक्यस्थापिका नित्यं सुन्दरी सुकुलोद्भवा ॥ १८ ॥

पदार्थ–
पूर्वम् = पहिला
तुङ्गभद्रातटे = तुङ्गभद्रा नदीको किनारमा
उत्तमम् = सुन्दर
पत्तनम् = सहर
अभूत् = थियो
यत्र = जुन सहरमा
वर्णाः = चारै वर्णका मानिसहरू
स्वधर्मेण = आफ्नो धर्मअनुसार
सत्यसत्कर्मतत्पराः = सत्य बोल्दथे र सत्कर्ममा लागेका थिए
तस्मिन् = त्यस
पुरे = सहरमा
सर्ववेदविशारदः = सम्पूर्ण वेदहरूमा पारङ्गत भएका
श्रौतस्मार्तेषु = श्रौत कर्म र स्मार्त कर्महरूमा
निष्णातः = पारङ्गत भएका
द्वितीयः = दोस्रा
भास्करः इव = सूर्य जस्तै
आत्मदेवः = आत्मदेव नाम गरेका व्यक्ति (थिए)
लोके = लोकमा
वित्तवान् = धनी भए तापनि
भिक्षुकः = भिक्षुक थिए
तत्प्रिया = उनकी पत्नी
धुन्धुली = धुन्धुली
नित्यं = सधैँ
स्ववाक्यस्थापिका = आफ्नो कुरा माथि पार्ने
सुन्दरी = राम्री
सुकुलोद्भवा = राम्रो कुलमा उत्पन्न भएकी
स्मृता = मानिन्थिन् (थिइन्)

वाक्यार्थ– पहिले तुङ्गभद्रा नदीको किनारमा एउटा अत्यन्त सुन्दर सहर थियो। त्यस सहरमा चारै वर्णका मानिसहरू बस्दथे। तिनीहरू सत्यवादी थिए, साथै उनीहरू सधैँ सत्कर्ममा लागिरहन्थे। त्यस सहरमा सम्पूर्ण वेदहरूमा पारङ्गत भएका, वेद र स्मृतिशास्त्रले बताएको कर्ममा निष्ठा राख्ने, साक्षात् दोस्रा सूर्यजस्ता देदीप्यमान भएका आत्मदेव नाम गरेका ब्राह्मण बस्दथे। उनी धनी भए तापनि भिक्षावृत्तिद्वारा आफ्नो जीवन निर्वाह गर्दथे। उनकी राम्री, असल कुलमा जन्मेकी धुन्धुली नाम गरेकी, सधैँ आफ्नै कुरा माथि पार्ने स्वभावकी पत्नी थिइन्।

लोकवार्तारता क्रूरा प्रायशो बहुजल्पिला ।
शूरा च गृहकृत्येषु कृपणा कलहप्रिया ॥ १९ ॥

पदार्थ–
लोकवार्तारता = अर्काको कुरा काट्नमा व्यस्त
क्रूरा = रिसालु स्वभाव भएकी
प्रायशः = धेरै जसो
बहुजल्पिला = धेरै कुरा गर्ने (फतफताइ रहने)
गृहकृत्येषु = घरका कामकाजमा
शूरा = सिपालु
कृपणा = कन्जुस र
कलहप्रिया च = झगडालु स्वभावकी पनि (थिइन्)

वाक्यार्थ– उनी अर्काको कुरा काट्ने, क्रूर स्वभावकी, धेरै बोल्ने, घरका कामकाजमा सिपालु, कन्जुस र झगडालु स्वभावकी थिइन्।

एवं निवसतोः प्रेम्णा दम्पत्यो रममाणयोः ।

अर्थाः कामास्तयोरासन्न सुखाय गृहादिकम् ॥ २० ॥

पदार्थ–
एवं = यस प्रकार
प्रेम्णा = प्रेमपूर्वक
निवसतोः = घरमा बसिरहेका
रममाणयोः = रमाइरहेका
तयोः = ती
दम्पत्योः = पति-पत्नीको
अर्थाः = धन
कामाः = भोगका सामग्रीहरू र
गृहादिकम् = घर आदि सामग्रीहरू
सुखाय = सुखप्राप्तिका लागि
न आसन् = भएनन्

वाक्यार्थ– यस प्रकार प्रेमपूर्वक घरमा बसेर रमाइरहेका ती दुई पतिपत्नीलाई धन र घर आदि भोगका सामग्रीहरूबाट सुख प्राप्त भएन।

पश्चाद् धर्माः समारब्धास्ताभ्यां संतानहेतवे ।
गोभूहिरण्यवासांसि दीनेभ्यो यच्छतः सदा ॥ २१ ॥
धनार्धं धर्ममार्गेण ताभ्यां नीतं तथापि च ।
न पुत्रो नापि वा पुत्री ततश्चिन्तातुरो भृशम् ॥ २२ ॥

पदार्थ–
पश्चात् = पछि (उमेर ढल्केपछि)
संतानहेतवे = सन्तानप्राप्तिका लागि
ताभ्यां = ती पति र पत्नीले
धर्माः = धार्मिक कर्महरू
समारब्धाः = सुरु गरे
सदा = सधैँ (तिनीहरूले)
दीनेभ्यः = दुःखीहरूलाई
गोभूहिरण्यवासांसि = गाई, जग्गा, सुन र वस्त्र आदि
यच्छतः = दान दिन्थे
ताभ्यां = ती दुईद्वारा
धर्ममार्गेण = धर्म मार्गमा
धनार्धं = धनको आधा भाग
नीतं = खर्च गरियो
तथा अपि = त्यसो भए पनि
न च = न त
पुत्रः = छोरो
न अपि वा = न त
पुत्री = छोरी (भए)
ततः = त्यसकारण
भृशम् = ज्यादै
चिन्तातुरः = चिन्तित (भए)

वाक्यार्थ– उमेर ढल्केपछि सन्तान प्राप्तिका लागि ती पति-पत्नीले विभिन्न प्रकारका धार्मिक काम गर्न सुरु गरे। सधैँ गरिबहरूलाई गाई, जग्गा, सुन र वस्त्र आदि दान गर्दै ती दुईले धर्ममार्गमा आफ्नो सम्पत्तिको आधा भाग खर्च गरे। तर पनि तिनको घरमा न त छोरो जन्मियो न त छोरी नै जन्मिई। त्यसकारण ती ब्राह्मण ज्यादै चिन्तित भए।

एकदा स द्विजो दुःखाद् गृहं त्यक्त्वा वनं गतः ।
मध्याह्ने तृषितो जातस्तडागं समुपेयिवान् ॥ २३ ॥
पीत्वा जलं निषण्णस्तु प्रजादुःखेन कर्शितः ।
मुहूर्तादपि तत्रैव संन्यासी कश्चिदागतः ॥ २४ ॥
दृष्ट्वा पीतजलं तं तु विप्रो यातस्तदन्तिकम् ।

नत्वा च पादयोस्तस्य निःश्वसन् संस्थितः पुरः ॥ २५ ॥

पदार्थ–
एकदा = एक दिन
सः = ती
द्विजः = ब्राह्मण
दुःखात् = दुःखका कारण
गृहं = घर
त्यक्त्वा = छाडेर
वनं = वन
गतः = गए
मध्याह्ने = मध्याह्नका समयमा
तृषितः जातः = तिर्खाएर
तडागं = तलाउमा
समुपेयिवान् = पुगे
प्रजादुःखेन = सन्तान नभएको दुःखले
कर्शितः तु = दुब्लाएका उनी चाहिँ
जलं = पानी
पीत्वा = पिएर
निषण्णः = बसेका (थिए)
मुहूर्तात् = दुई घडी बितेपछि
तत्र एव = त्यहीँ नै
कश्चित् = कुनै
संन्यासी अपि = संन्यासी पनि
आगतः = आइपुगे
पीतजलं = पानी पिइसकेका
तं = तिनीलाई
दृष्ट्वा तु = देखपछि चाहिँ
विप्रः = ब्राह्मण
तदन्तिकम् = उनको नजिक
यातः = पुगे
तस्य = उनको
पादयोः = दुई पाउमा
नत्वा च = ढोगेर अनि
निःश्वसन् = लामो सास फेर्दै
पुरः = अगाडि
संस्थितः = उभिए

वाक्यार्थ– एक दिन ती ब्राह्मण दुःखका कारणले घर छाडेर वनमा गए। मध्याह्नको समयमा उनलाई तिर्खा लाग्यो र उनी त्यहाँ नजिकैको एक तलाउमा पुगे। त्यहाँ उनी पानी पिएर विश्राम गरिरहेका थिए। सन्तान नहुनाको दुःखले गर्दा उनको शरीर सुकेको थियो। दुई घडी समय बितेपछि त्यहाँ एकजना संन्यासी आइपुगे। ती संन्यासीले पनि त्यही तलाउमा पानी पिए। त्यसपछि ती आत्मदेव ब्राह्मणले ती संन्यासीको नजिकै गएर उनका पाउमा ढोगे अनि लामो सास फेर्दै उनका अगाडि उभिए।

यतिरुवाच (संन्यासीले भने)

कथं रोदिषि विप्र त्वं का ते चिन्ता बलीयसी ।

वद त्वं सत्वरं मह्यं स्वस्य दुःखस्य कारणम् ॥ २६ ॥

पदार्थ–
विप्र = हे ब्राह्मण
त्वं = तिमी
कथं = किन
रोदिषि = रुन्छौ
ते = तिम्रो
बलीयसी = ठुलो
चिन्ता = चिन्ता
का = के हो
त्वं = तिमी
सत्वरं = चाँडै
मह्यं = मलाई
स्वस्य = आफ्नो
दुःखस्य = दुःखको
कारणम् = कारण
वद = भन

वाक्यार्थ– हे ब्राह्मण ! तिमी किन रोइरहेका छौ ? तिमीलाई त्यस्तो कुन ठुलो चिन्ताले सताएको छ ? चाँडै नै तिमी मलाई आफ्नो दुःखको कारण भन।

ब्राह्मण उवाच (ब्राह्मणले भने)

किं ब्रवीमि ऋषे दुःखं पूर्वपापेन संचितम् ।

मदीयाः पूर्वजास्तोयं कवोष्णमुपभुञ्जते ॥ २७ ॥

मद्दतं नैव गृह्णन्ति प्रीत्या देवा द्विजातयः ।

प्रजादुःखेन शून्योऽहं प्राणांस्त्यक्तुमिहागतः ॥ २८ ॥

धिग् जीवितं प्रजाहीनं धिग् गृहं च प्रजां विना ।

धिग् धनं चानपत्यस्य धिक् कुलं संततिं विना ॥ २९ ॥

पदार्थ–
ऋषे = हे ऋषि
पूर्वपापेन = पूर्वजन्मका पापले
संचितम् = जम्मा भएको
दुःखं = दुःख
किं = के
ब्रवीमि = भनौँ
मदीयाः = मेरा
पूर्वजाः = पूर्वजहरू
कवोष्णम् = तातो
तोयं = जल
उपभुञ्जते = पिउँछन्
देवाः = देवताहरू
द्विजातयः = ब्राह्मणहरू
मद्दतं = मैले दिएको (वस्तु)
प्रीत्या = प्रेमपूर्वक
न एव गृह्णन्ति = स्वीकार गर्दैनन्
प्रजादुःखेन = सन्तान नभएको दुःखले
शून्यः = शून्यताको अनुभव गर्ने
अहं = म
प्राणान् = प्राण
त्यक्तुम् = त्याग गर्न
इह = यहाँ
आगतः = आएको छु
प्रजाहीनं = सन्तान रहित
जीवितं = जीवन
धिक् = धिक्कार छ
गृहं च = घर पनि
धिक् = धिक्कार छ
प्रजां विना = सन्तानविना
अनपत्यस्य = सन्तान रहितको
धनं = धन
धिक् = धिक्कार छ
संततिं विना = सन्तानविना
कुलं च = कुल पनि
धिक् = धिक्कार छ

वाक्यार्थ– हे ऋषि ! मेरो पूर्वजन्मको पापले सञ्चित दुःखको म कति वर्णन गरूँ। मेरा पितापुर्खाहरू मैले दिएको जल (तर्पण)लाई चिन्ताजनित सासले तातो (पोल्ने) अनुभव गरी पिउँछन्। देवता र ब्राह्मणहरू पनि मैले चढाएका वस्तुहरूलाई प्रेमपूर्वक ग्रहण गर्दैनन्। सन्तान नहुनाका कारणले गर्दा मलाई चारैतिर शून्यताको भान भइरहेको छ। त्यसै कारणले गर्दा म यहाँ आफ्नो प्राण छोड्नका लागि आएको हुँ। सन्तानले रहित भएको जीवन, सन्तान नभएको घर, सन्तानविनाको धन-सम्पत्ति र निःसन्तान भएको कुललाई पनि धिक्कार छ।

पाल्यते या मया धेनुः सा वन्ध्या सर्वथा भवेत् ।

यो मया रोपितो वृक्षः सोऽपि वन्ध्यत्वमाश्रयेत् ॥ ३० ॥

यत् फलं मद्गृहायातं तच्च शीघ्रं विनश्यति ।

निर्भाग्यस्यानपत्यस्य किमतो जीवितेन मे ॥ ३१ ॥
इत्युक्त्वा स रुरोदोच्चैस्तत्पार्श्वं दुःखपीडितः ।
तदा तस्य यतेश्चित्ते करुणाभूद्‌ गरीयसी ॥ ३२ ॥

पदार्थ–
मया = मद्वारा
या = जुन
धेनुः = गाई
पाल्यते = पालिन्छ
सा = त्यो गाई
सर्वथा = सधैँ
वन्ध्या = नब्याउने
भवेत् = हुन्छ
यः = जुन
वृक्षः = रुख
मया = मद्वारा
रोपितः = रोपिन्छ
सः अपि = त्यो पनि
वन्ध्यत्वम् = फल नलाग्ने अवस्थामा
आश्रयेत् = पुग्छ
मद्गृहायातं = मेरो घरमा आइपुगेको
यत् = जुन
फलं = फल (हुन्छ)
तत् च = त्यो पनि
शीघ्रं = चाँडै
विनश्यति = नष्ट हुन्छ (कुहिन्छ)
अतः = त्यसकारण
निर्भाग्यस्य = अभागी
अनपत्यस्य = सन्तानरहित
मे जीवितेन = मैले बाँचेर
किम् = के काम
इति = यसो
उक्त्वा = भनेर
दुःखपीडितः = दुःखले पीडित भएका
सः = उनी
तत्पार्श्वं = ती संन्यासीका नजिकमा
उच्चैः = उच्च स्वरले
रुरोद = रुन थाले
तदा = त्यस वेला
तस्य = ती
यतेः = संन्यासीको
चित्ते = चित्तमा
गरीयसी = ठुलो
करुणा = दया
अभूत् = उत्पन्न भयो

वाक्यार्थ– मैले घरमा पालेको गाई पनि कहिल्यै ब्याउँदैन, मैले आफ्ना बगैंचामा रोपेको फलफूलका रुखमा कहिल्यै फल लाग्दैन, मेरो घरमा ल्याइएको फल समेत चाँडै नै कुहिएर जान्छ, त्यसकारण अभागी र सन्तानरहित मैले बाँचेर के काम भन्दै दुःखले पीडित भएका ती आत्मदेव ब्राह्मण संन्यासीका अगाडि डाँको छोडेर रुन थाले। त्यो देखेर ती संन्यासीको मनमा ज्यादै दया जाग्यो।

तद्भालाक्षरमालां च वाचयामास योगवान् ।
सर्वं ज्ञात्वा यतिः पश्चाद्‌ विप्रमूचे सविस्तरम् ॥ ३३ ॥

पदार्थ–
योगवान् = योगनिष्ठ ती संन्यासीले
तद्भालाक्षरमालां च = ती ब्राह्मणको निधारको रेखा पनि
वाचयामास = पढे
सर्वं = सबै
ज्ञात्वा = बुझेर
पश्चात् = पछि
यतिः = संन्यासीले
विप्रम् = ब्राह्मणलाई
सविस्तरम् = विस्तारपूर्वक
ऊचे = भने

वाक्यार्थ– योगनिष्ठ ती संन्यासीले ब्राह्मणको निधारको रेखा राम्रोसँग पढेर सबै कुरा बुझे।

त्यसपछि उनले ती ब्राह्मणलाई विस्तारपूर्वक भने।

यतिरुवाच (संन्यासीले भने)

मुञ्चाज्ञानं प्रजारूपं बलिष्ठा कर्मणो गतिः।

विवेकं तु समासाद्य त्यज संसारवासनाम्॥ ३४॥

पदार्थ–	**कर्मणः** = कर्मको	**समासाद्य** = प्राप्त गरेर
प्रजारूपं = सन्तानप्राप्तिरूप	**गतिः** = गति	**संसारवासनाम् तु** = संसारको
अज्ञानं = अज्ञानलाई	**बलिष्ठा** = प्रबल छ	वासनालाई चाहिँ
मुञ्च = छाडिदेऊ	**विवेकं** = विवेकलाई	**त्यज** = छाडिदेऊ

वाक्यार्थ– सन्तान पाउने मोहलाई छाडिदेऊ, कर्मको गति प्रबल छ, विवेकी बनेर संसारको वासनालाई छाडिदेऊ।

शृणु विप्र मया तेऽद्य प्रारब्धं तु विलोकितम्।

सप्तजन्मावधि तव पुत्रो नैव च नैव च॥ ३५॥

विप्र = हे ब्राह्मण	**विलोकितम्** = हेरियो	**पुत्रः** = छोरो (सन्तान)
मया = मद्वारा	**शृणु** = सुन	**न एव च** = हुँदैन नै
अद्य = आज	**सप्तजन्मावधि तु** = सात	**न एव च** = हुँदैन नै
ते = तिम्रो	जन्मसम्म पनि	
प्रारब्धं = प्रारब्ध	**तव** = तिम्रो	

वाक्यार्थ– हे ब्राह्मण मैले तिम्रो प्रारब्ध हेरेँ, सात जन्मसम्म तिम्रो कुनै पनि सन्तान हुने सम्भावनै छैन।

संततेः सगरो दुःखमवापाङ्गः पुरा तथा।

रे मुञ्चाद्य कुटुम्बाशां संन्यासे सर्वथा सुखम्॥ ३६॥

पदार्थ–	**तथा** = त्यस्तै	इच्छा
पुरा = पहिला	**अङ्गः** = अङ्ग राजाले (दुःख	**मुञ्च** = त्याग
सगरः = सगर राजाले	पाए)	**संन्यासे** = संन्यासमा
संततेः = सन्तानका कारणले	**रे** = हे ब्राह्मण	**सर्वथा** = सबै दृष्टिकोणले
दुःखम् = दुःख	**अद्य** = आज	**सुखम्** = सुख (छ)
अवाप = पाए	**कुटुम्बाशां** = सन्तान प्राप्त गर्ने	

वाक्यार्थ– पहिला राजा सगरले र राजा अङ्गले पनि सन्तानका कारणबाट दुःख पाएका थिए, अतः सन्तान प्राप्त गर्ने इच्छा छाडिदेऊ, संन्यासमा नै सबै दृष्टिकोणले सुख छ।

ब्राह्मण उवाच (ब्राह्मणले भने)

विवेकेन भवेत् किं मे पुत्रं देहि बलादपि ।

नो चेत् त्यजाम्यहं प्राणाँस्त्वदग्रे शोकमूर्च्छितः ॥ ३७ ॥

पदार्थ–	**पुत्रं** = छोरा	**अहं** = म
विवेकेन = विवेकले	**देहि** = दिनुहोस्	**त्वदग्रे** = तपाईंकै अगाडि
किं = के	**नो चेत्** = यदि सन्तान दिनुभएन भने	**प्राणान्** = प्राण
भवेत् = हुन्छ र ?	**शोकमूर्च्छितः** = शोकले मूर्छित भएर	**त्यजामि** = त्यागिदिन्छु
मे = मलाई		
बलात् अपि = जसरी भए पनि		

वाक्यार्थ– विवेकले के हुन्छ र ? मलाई त जसरी भए पनि सन्तान दिनुहोस्। यदि सन्तान दिनुभएन भने म तपाईंकै अगाडि शोकले मूर्छित भएर आफ्नो प्राण छोडिदिन्छु।

पुत्रादिसुखहीनोऽयं संन्यासः शुष्क एव हि ।

गृहस्थः सरसो लोके पुत्रपौत्रसमन्वितः ॥ ३८ ॥

पदार्थ–	**संन्यासः** = संन्यास	**पुत्रपौत्रसमन्वितः** = छोरा र नातिहरूले युक्त भएको
पुत्रादिसुखहीनः = पुत्र आदिका सुखले रहित भएको	**हि** = निश्चय नै	**गृहस्थः** = गृहस्थ आश्रम
अयं = यो	**शुष्कः एव** = नीरस नै हुन्छ	**सरसः** = रसिलो हुन्छ
	लोके = यस लोकमा	

वाक्यार्थ– पुत्र आदिका सुखले रहित हुने भएकाले संन्यास आश्रम शुष्क हुन्छ। छोरा र नातिहरूको सुखले युक्त भएको गृहस्थ आश्रम सरस हुन्छ।

इति विप्राग्रहं दृष्ट्वा प्राब्रवीत् स तपोधनः ।

चित्रकेतुर्गतः कष्टं विधिलेखविमार्जनात् ॥ ३९ ॥

पदार्थ–	**सः** = ती	**विधिलेखविमार्जनात्** = विधिको लेखलाई मेटाउने कोसिस गरेको हुनाले
इति = यस प्रकारको	**तपोधनः** = तपस्वी संन्यासीले	**चित्रकेतुः** = राजा चित्रकेतुले
विप्राग्रहं = ब्राह्मणको हठलाई	**प्राब्रवीत्** = भने	**कष्टं गतः** = दुःख पाए
दृष्ट्वा = देखेर		

वाक्यार्थ– यस प्रकारको ब्राह्मणको हठ देखेर ती तपस्वी संन्यासीले विधाताको लेखलाई हटाउने प्रयास गर्दा राजा चित्रकेतुले ठुलो कष्ट भोग्नुपरेको कुरा ती ब्राह्मणलाई बताए।

न यास्यसि सुखं पुत्राद् यथा दैवहतोद्यमः ।

अतो हठेन युक्तोऽसि ह्यर्थिनं किं वदाम्यहम् ॥ ४० ॥

पदार्थ—

दैवहतोद्यमः = भाग्यले ठगिएको व्यक्तिको प्रयास
यथा = जस्तै
पुत्रात् = छोरा (सन्तान)बाट
सुखं = सुख
न यास्यसि = प्राप्त गर्नेछैनौ
अतः हि = त्यसैले
हठेन = हठले
युक्तः = युक्त भएका
असि = छौ
अहम् = म
अर्थिनं = याचकको रूपमा रहेका तिमीलाई
किं = के
वदामि = भनूँ

वाक्यार्थ— भाग्यले ठगिएको व्यक्तिले गरेको कुनै पनि प्रयास सफल नभएझैं सन्तानबाट तिमीलाई सुख मिल्नेछैन, तिमी अत्यन्त हठी रहेछौ, याचकका रूपमा रहेका तिमीलाई म के भनूँ ?

तस्याग्रहं समालोक्य फलमेकं स दत्तवान्।
इदं भक्षय पत्न्या त्वं ततः पुत्रो भविष्यति॥ ४१॥

पदार्थ—

तस्य = ती ब्राह्मणको
आग्रहं = आग्रहलाई
समालोक्य = देखेर
सः = ती संन्यासीले
एकं = एउटा
फलम् = फल
दत्तवान् = दिए
त्वं = तिमी
इदं = यो फल
पत्न्या = पत्नीलाई
भक्षय = खुवाऊ (खान देऊ)
ततः = त्यसपछि
पुत्रः = छोरो
भविष्यति = हुनेछ

वाक्यार्थ— ब्राह्मणको आग्रहलाई देखेर ती संन्यासीले एउटा फल ब्राह्मणलाई दिँदै भने— तिमी यो फल पत्नीलाई खुवाऊ, त्यसपछि तिमीलाई छोरो प्राप्त हुनेछ।

सत्यं शौचं दया दानमेकभक्तं तु भोजनम्।
वर्षावधि स्त्रिया कार्यं तेन पुत्रोऽतिनिर्मलः॥ ४२॥

पदार्थ—

स्त्रिया = (तिम्री) पत्नीद्वारा
वर्षावधि = एक वर्षसम्म
सत्यं = सत्य भाषण
शौचं = पवित्रता
दया = दया
दानम् = दान
एकभक्तं तु = दिनमा एक पटक मात्र
भोजनम् = भोजन
कार्यं = गर्नू
तेन = त्यसले
अतिनिर्मलः = अत्यन्त शुद्ध स्वभाव भएको
पुत्रः = छोरो (जन्मनेछ)

वाक्यार्थ— तिम्री पत्नीले एक वर्षसम्म सत्यभाषण, पवित्रता, दया र दान गर्दै दिनमा एक पटक मात्र भोजन गर्नू। यसरी नियम पालन गर्नाले अत्यन्त राम्रो स्वभाव भएको छोरो जन्मनेछ।

एवमुक्त्वा ययौ योगी विप्रस्तु गृहमागतः।
पत्न्याः पाणौ फलं दत्त्वा स्वयं यातस्तु कुत्रचित्॥ ४३॥

पदार्थ—

एवम् = यसो
उक्त्वा = भनेर
योगी = योगी
ययौ = गए
विप्रः तु = ब्राह्मण चाहिँ

गृहम् = घर	**पाणौ** = हातमा	**स्वयं तु** = आफू चाहिँ
आगतः = आए	**फलं** = त्यो फल	**कुत्रचित्** = कतै
पत्न्याः = पत्नी धुन्धुलीको	**दत्त्वा** = दिएर	**यातः** = गए

वाक्यार्थ– यसो भनेर संन्यासी गएपछि ती ब्राह्मण घरतिर फर्के। घरमा आएर आफ्नी पत्नीका हातमा संन्यासीबाट प्राप्त भएको फल दिएर उनी कतैतिर गए।

तरुणी कुटिला तस्य सख्यग्रे च रुरोद ह।
अहो चिन्ता ममोत्पन्ना फलं चाहं न भक्षये॥ ४४॥
फलभक्षेण गर्भः स्याद् गर्भेणोदरवृद्धिता।
स्वल्पभक्षं ततोऽशक्तिर्गृहकार्यं कथं भवेत्॥ ४५॥

पदार्थ–

तस्य = ती ब्राह्मणकी	**उत्पन्ना** = उत्पन्न भयो	**स्वल्पभक्षं** = (त्यसपछि) थोरै खानुपर्ने हुन्छ
कुटिला = कपटी स्वभावकी	**अहं** = म	**ततः** = त्यसपछि
तरुणी च = युवति पत्नी चाहिँ	**फलं** = फल	**अशक्तिः** = शक्ति कम हुन्छ
सख्यग्रे = साथीका अगाडि	**न भक्षये** = खान्नँ	**गृहकार्यं** = घरको कामकाज
रुरोद ह = रुन लागिन्	**फलभक्षेण च** = फल खानाले त	**कथं** = कसरी
अहो = अहो !	**गर्भः** = गर्भ	**भवेत्** = होला (गर्न सकिएला)
मम = मेरो (ममा)	**स्यात्** = रहन्छ	
चिन्ता = चिन्ता	**गर्भेण** = गर्भ रहेमा	
	उदरवृद्धिता = पेट बढ्छ	

वाक्यार्थ– ती ब्राह्मणकी कुटिल स्वभावकी युवति पत्नीले आफ्नी साथीका अगाडि रुँदै भन्न लागिन्– मलाई ठुलो चिन्ताले सताइरहेको छ, म यो फल खान्नँ, यो फल खाएँ भने मेरो गर्भ रहनेछ, गर्भ रहेपछि पेट बढ्नेछ, खान रुचि कम हुनेछ, भोजन कम भएपछि शरीरमा तागत घट्नेछ, शरीरमा तागत कम भएपछि घरको कामकाज कसरी गर्न सकिएला र ?

दैवाद् धाटी व्रजेद् ग्रामे पलायेद् गर्भिणी कथम्।
शुकवन्निवसेद् गर्भस्तं कुक्षेः कथमुत्सृजेत्॥ ४६॥
तिर्यक् चेदागतो गर्भस्तदा मे मरणं भवेत्।
प्रसूतौ दारुणं दुःखं सुकुमारी कथं सहे॥ ४७॥

पदार्थ–

दैवात् = दैववश	**व्रजेत्** = आयो भने	**गर्भः** = गर्भ
धाटी = डाँकाहरूको समूह	**गर्भिणी** = गर्भिणी	**शुकवत्** = श्रीशुकदेव झैँ
ग्रामे = गाउँमा	**कथम्** = कसरी	**निवसेत्** = बस्ला
	पलायेत् = भाग्ली	**तं** = त्यसलाई

कथम् = कसरी	**चेत्** = भने	**दारुणं** = असह्य
कुक्षेः = पेटबाट	**तदा** = त्यस वेला	**दुःखं** = दुःख
उत्सृजेत् = बाहिर निकाल्ली	**मे** = मेरो	**सुकुमारी** = कोमल अङ्ग भएकी मैले
गर्भः = गर्भमा रहेको बच्चा	**मरणं** = मृत्यु	**कथं** = कसरी
तिर्यक् = तेर्सो परेर	**भवेत्** = होला	**सहे** = सहन सकुँला
आगतः = बाहिर आयो	**प्रसूतौ** = प्रसव अवस्थामा	

वाक्यार्थ– दैववश डाँकाहरूको समूह गाउँमा आयो भने म कसरी भागुँला, श्रीशुकदेवजी ! गर्भ पेटमा नै धेरै कालसम्म बस्यो भने त्यस गर्भलाई पेटबाट कसरी निकाल्ने होला ? यदि गर्भ टेढो भएर बाहिर निक्ल्यो भने म अवश्य पनि मर्नेछु। प्रसवकालको असह्य दुःखलाई सुकुमारी मैले कसरी सहन गर्ने होला ?

मन्दायां मयि सर्वस्वं ननान्दा संहरेत् तदा ।
सत्यशौचादिनियमो दुराराध्यः स दृश्यते ॥ ४८ ॥

पदार्थ–	**सर्वस्वं** = घरको सबै सम्पत्ति	**सत्यशौचादिनियमः** = सत्य, शौच आदि नियम (पनि)
मयि = म	**संहरेत्** = लैजालान्	**दुराराध्यः** = पालन गर्न कठिन
मन्दायां = दुर्बल भएपछि	**तदा** = त्यस वेला	**दृश्यते** = देखिन्छ
ननान्दा = नन्दहरूले	**सः** = त्यो	

वाक्यार्थ– म दुर्बल भएपछि नन्दहरूले मेरो घरका सम्पूर्ण श्रीसम्पत्ति लैजालान्। सत्य, शौच आदि नियमहरूको पालन गर्न पनि मलाई कठिन हुनेछ।

लालने पालने दुःखं प्रसूतायाश्च वर्तते ।
वन्ध्या वा विधवा नारी सुखिनी चेति मे मतिः ॥ ४९ ॥

पदार्थ–	**वर्तते** = हुन्छ	**सुखिनी च इति** = सुखी हो भन्ने
प्रसूतायाः = सुत्केरीलाई	**वन्ध्या** = बच्चा नजन्माएकी	**मे** = मेरो
लालने पालने च = बच्चाको लालन-पालनमा पनि	**विधवा वा** = अथवा विधवा भएकी	**मतिः** = विचार छ
दुःखं = दुःख	**नारी** = नारी	

वाक्यार्थ– बच्चा जन्माएपछि सुत्केरीलाई त्यसको पालन-पोषण आदिमा पनि निकै नै दुःख हुन्छ। वन्ध्या अथवा विधवा नारी नै सुखी हो भन्ने मेरो विचार छ।

एवं कुतर्कयोगेन तत्फलं नैव भक्षितम् ।
पत्या पृष्टं फलं भुक्तं भुक्तं चेति तयेरितम् ॥ ५० ॥

पदार्थ–	**एवं** = यस प्रकारको	**कुतर्कयोगेन** = कुतर्क गरेर

तत्फलं = त्यो फल	**फलं भुक्तं** = फल खायौ (भनेर)	**भुक्तं इति च** = खाइयो भनी
भक्षितम् एव न = खाइनन् नै	**पृष्टं** = सोध्दा	**ईरितम्** = बताइयो
पत्या = पतिले	**तया** = उनद्वारा	

वाक्यार्थ— यस प्रकारका कुतर्कहरू गरेर उनले त्यो फल खाइनन्। 'तिमीले फल खायौ त ?' भनेर पतिले सोध्दा उनले 'खाएँ' भनेर उत्तर दिइन्।

एकदा भगिनी तस्यास्तद्गृहं स्वेच्छयागता।

तदग्रे कथितं सर्वं चिन्तेयं महती हि मे॥ ५१॥

पदार्थ—	**तद्गृहं** = उनको घरमा	**इयं हि** = यो नै
एकदा = एक दिन	**आगता** = आइन्	**मे** = मेरो
तस्याः = उनकी	**तदग्रे** = ती बहिनीको अगाडि	**महती** = ठुलो
भगिनी = बहिनी	**सर्वं** = सबै कुरा	**चिन्ता** = चिन्ता (हो)
स्वेच्छया = आफ्नै इच्छाले	**कथितं** = भनिन्	

वाक्यार्थ— एक दिन ती धुन्धुलीकी बहिनी आफ्नै इच्छाले दिदीको घरमा आइन्। बहिनीसँग धुन्धुलीले आफ्ना सम्पूर्ण कुरा बताइन् र यो मेरो ठुलो चिन्ताको विषय बनेको छ भनिन्।

दुर्बला तेन दुःखेन ह्यनुजे करवाणि किम्।

साब्रवीन्मम गर्भोऽस्ति तं दास्यामि प्रसूतितः॥ ५२॥

पदार्थ—	**किम्** = के	**अस्ति** = छ
तेन = त्यो	**करवाणि** = गरौँ	**प्रसूतितः** = बच्चा जन्मिएपछि
दुःखेन = दुःखले	**सा** = उनले	**तं** = त्यो बच्चा
दुर्बला हि = बलहीन हुँदै गएकी छु	**अब्रवीत्** = भनिन्	**दास्यामि** = तपाईंलाई दिनेछु
	मम = मेरो	
अनुजे = हे बहिनी (म)	**गर्भः** = गर्भ रहेको	

वाक्यार्थ— 'हे बहिनी ! त्यस दुःखले गर्दा म ज्यादै दुर्बल भएकी छु, त्यसकारण म के गरूँ' दिदीले यसो भनेपछि उनकी बहिनीले भनिन्— 'दिदी मैले गर्भधारण गरेकी छु, बच्चा जन्मेपछि त्यो बच्चा म तपाईंलाई दिउँला।'

तावत्कालं सगर्भेव गुप्ता तिष्ठ गृहे सुखम्।

वित्तं त्वं मत्पतेर्यच्छ स ते दास्यति बालकम्॥ ५३॥

पदार्थ—	**सगर्भा इव** = गर्भधारण गरेकी जस्ती भएर	**गृहे** = घरमा
तावत्कालं = त्यस समयसम्म (म सुत्केरी नहुन्जेल)	**सुखम्** = सुखपूर्वक	**गुप्ता** = गुप्त रूपले
		तिष्ठ = बस्नुहोस्

त्वं = तपाईं	**यच्छ** = दिनुहोस्	**बालकम्** = बालक
मत्पतेः = मेरा पतिलाई	**सः** = उहाँले	**दास्यति** = दिनुहुनेछ
वित्तं = सम्पत्ति	**ते** = तपाईंलाई	

वाक्यार्थ– म सुत्केरी नहुन्जेलसम्मका लागि गर्भधारण गरेको बहाना गरेर तपाईं गुप्त रूपले आफ्नै घरमा सुखपूर्वक बस्नुहोस्। म सुत्केरी भएपछि मेरा श्रीमान्लाई धन दिनुहोस्, उहाँले त्यो बालक तपाईंलाई दिनुहुनेछ।

षाण्मासिको मृतो बाल इति लोको वदिष्यति।
तं बालं पोषयिष्यामि नित्यमागत्य ते गृहे॥ ५४॥

पदार्थ–

षाण्मासिकः = छ महिनाको	**वदिष्यति** = भन्नेछ	**गृहे** = घरमा
बालः = बालक	**तं** = त्यो आफ्नो	**आगत्य** = आएर
मृतः इति = मऱ्यो भनेर	**बालं** = बालकलाई	**पोषयिष्यामि** = पालन-पोषण गर्नेछु
लोकः = समाजले	**नित्यम्** = सधैं	
	ते = तपाईंको	

वाक्यार्थ– छ महिनामा नै जन्मिएको (महिना नपुगी जन्मिएको) मेरो आफ्नो बालक मऱ्यो भनेर लोकमा भनौंला र लोकले त्यही भन्नेछ। म चाहिँ आफूबाट जन्मिएको त्यस बालकलाई तपाईंको घरमा आएर पालनपोषण गरौंला।

फलमर्पय धेन्वै त्वं परीक्षार्थं तु साम्प्रतम्।
तत्तदाचरितं सर्वं तथैव स्त्रीस्वभावतः॥ ५५॥

पदार्थ–

त्वं = तपाईं	**धेन्वै** = गाईलाई	**सर्वं** = सबै
साम्प्रतम् = अहिले	**अर्पय** = दिनुहोस्	**तथा एव** = त्यस्तै नै (बहिनीले भनेजस्तै नै)
परीक्षार्थं = परीक्षणका लागि	**स्त्रीस्वभावतः** = स्त्रीस्वभावका कारण (धुन्धुलीद्वारा)	**आचरितं** = गरियो
फलम् तु = फल चाहिँ	**तत्तत्** = त्यो-त्यो काम	

वाक्यार्थ– परीक्षणका लागि त्यो फल गाईलाई खान दिनुहोस् भनेर बहिनीले भनेपछि धुन्धुलीले पनि स्त्रीस्वभावको कारणले बहिनीले भनेबमोजिम नै गरिन्।

अथ कालेन सा नारी प्रसूता बालकं तदा।
आनीय जनको बालं रहस्ये धुन्धुलीं ददौ॥ ५६॥
तया च कथितं भर्त्रे प्रसूतः सुखमर्भकः।
लोकस्य सुखमुत्पन्नमात्मदेवप्रजोदयात्॥ ५७॥

पदार्थ–

	अथ = यसपछि	**कालेन** = समय बित्दै गएपछि

सा नारी = ती धुन्धुलीकी बहिनीले
बालकं = छोरोलाई
प्रसूता = जन्माइन्
तदा = त्यस वेला
जनकः = त्यस बालकका बाबुले
बालं = बालकलाई
आनीय = ल्याएर
रहस्ये = एकान्तमा
धुन्धुलीं = धुन्धुलीलाई
ददौ = दिए
तया = ती धुन्धुलीद्वारा
भर्त्रे च = पति आत्मदेवलाई चाहिँ
सुखम् = सुखपूर्वक
अर्भकः = बालक
प्रसूतः = जन्मियो (भनेर)
कथितं = भनियो
आत्मदेवप्रजोदयात् = आत्मदेवको सन्तान जन्मिएको हुनाले
लोकस्य = समाजका मानिसहरूमा
सुखम् = सुख
उत्पन्नम् = उत्पन्न भयो

वाक्यार्थ– त्यसपछि समय बित्दै गएपछि धुन्धुलीकी बहिनीले बच्चा जन्माइन्। त्यस बालकका बाबुले बालक ल्याएर एकान्तमा धुन्धुलीलाई दिए। धुन्धुलीले आफ्ना पति आत्मदेवलाई बालक सुखपूर्वक जन्मियो भनेर बताइन्। आत्मदेवका घरमा बालक जन्मेको कुरा सुनेर आत्मदेवका इष्टमित्र, छर-छिमेकी समेत प्रसन्न भए।

ददौ दानं द्विजातिभ्यो जातकर्म विधाय च।
गीतवादित्रघोषोऽभूत् तद्द्वारे मङ्गलं बहु ॥ ५८ ॥

पदार्थ–
जातकर्म = जातकर्म (बच्चा जन्मिएपछि गरिने कर्म)
विधाय = गरेर
द्विजातिभ्यः = ब्राह्मणहरूलाई
दानं = दान
ददौ = दिए
तद्द्वारे च = ती आत्मदेवका घरमा पनि
बहु मङ्गलं = ज्यादै मङ्गलमय
गीतवादित्रघोषः = गान-बजानको आवाज
अभूत् = (उत्पन्न) भयो

वाक्यार्थ– त्यसपछि ती आत्मदेवले आफ्नो छोराको जातकर्म संस्कार गराएर ब्राह्मणहरूलाई दान दिए, उनका घरमा गाउने-बजाउने काम र अरू माङ्गलिक कार्यहरू पनि सम्पन्न भए।

भर्तुरग्रेऽब्रवीद् वाक्यं स्तन्यं नास्ति कुचे मम।
अन्यस्तन्येन निर्दुग्धा कथं पुष्णामि बालकम्॥ ५९॥
मत्स्वसुश्च प्रसूताया मृतो बालस्तु वर्तते।
तामाकार्य गृहे रक्ष सा तेऽर्भं पोषयिष्यति ॥ ६० ॥

पदार्थ–
भर्तुः = (आफ्ना) पतिका
अग्रे = अगाडि
मम = मेरो
कुचे = स्तनमा
स्तन्यं = दुध
न अस्ति = छैन (आउँदैन)
निर्दुग्धा = दुध नआएकी मैले
अन्यस्तन्येन = अरूको दुध खुवाएर
बालकम् = बालकलाई
कथं = कसरी

पुष्णामि = पालन-पोषण गर्ने होला
वाक्यं = (यो) कुरा
अब्रवीत् = भनिन्
प्रसूतायाः = सुत्केरी भएकी
मत्स्वसुः च = मेरी बहिनीको चाहिँ
बालः = बालक
मृतः = मरेको
वर्तते = छ
ताम् = उनलाई
गृहे = घरमा
आकार्य = बोलाएर
रक्ष = पाल्नुहोस्
सा तु = उनले चाहिँ
ते = तपाईंको
अर्भं = बालकलाई
पोषयिष्यति = पालन-पोषण गर्नेछिन्

वाक्यार्थ– ती धुन्धुलीले आफ्ना पतिसँग भनिन्– मेरो स्तनबाट दुध आएन, मेरी बहिनी सुत्केरी भएकी छिन्, तर उनको जन्मिएको बच्चा मऱ्यो रे। बहिनीलाई बोलाएर हाम्रो घरमा पाल्नुहोस् र उनैले दुध खुवाएर तपाईंको छोराको पालन-पोषण गर्नेछिन्।

पतिना तत्कृतं सर्वं पुत्ररक्षणहेतवे ।
पुत्रस्य धुन्धुकारीति नाम मात्रा प्रतिष्ठितम् ॥ ६१ ॥

पदार्थ–
पतिना = उनका पतिद्वारा
पुत्ररक्षणहेतवे = छोराको रक्षाका लागि
तत् सर्वं = त्यो काम (पत्नीले भनेअनुसार) सबै
कृतं = गरियो
मात्रा = आमा धुन्धुलीद्वारा
पुत्रस्य = छोरोको
धुन्धुकारी इति = धुन्धुकारी भन्ने
नाम = नाम
प्रतिष्ठितम् = राखियो

वाक्यार्थ– आफ्नो छोराको रक्षाका लागि धुन्धुलीका पति आत्मदेवले आफ्नी पत्नीले भनेअनुसार नै सबै काम गरे। धुन्धुलीले आफ्नो छोराको नाम धुन्धुकारी राखिन्।

त्रिमासे निर्गते चाथ सा धेनुः सुषुवेऽर्भकम् ।
सर्वाङ्गसुन्दरं दिव्यं निर्मलं कनकप्रभम् ॥ ६२ ॥
दृष्ट्वा प्रसन्नो विप्रस्तु संस्कारान् स्वयमादधे ।
मत्वाश्चर्यं जनाः सर्वे दिदृक्षार्थं समागताः ॥ ६३ ॥

पदार्थ–
अथ = यसपछि
त्रिमासे निर्गते = तीन महिना बितेपछि
सा धेनुः च = (फल खान दिइएकी) ती गाईले पनि
सर्वाङ्गसुन्दरं = सबै अङ्ग सुन्दर भएको
दिव्यं = दिव्य
निर्मलं = निर्मल
कनकप्रभम् = सुनको जस्तो कान्ति भएको
अर्भकम् = बालकलाई
सुषुवे = जन्माइन्
दृष्ट्वा = त्यो देखेर
प्रसन्नः = खुसी भएका
विप्रः तु = ब्राह्मण आत्मदेवले चाहिँ
स्वयम् = आफैँले
संस्कारान् = जातकर्म आदि संस्कारहरू
आदधे = गरे
आश्चर्यं = आश्चर्य
मत्वा = मानेर

सर्वे = सबै
जनाः = मानिसहरू
दिदृक्षार्थं = हेर्नका लागि
समागताः = आए

वाक्यार्थ– तीन महिना बितेपछि फल खान दिइएकी ती गाईले सर्वाङ्ग सुन्दर, दिव्य, निर्मल, सुनको जस्तो कान्ति भएको एउटा मनुष्य बालक जन्माइन्। त्यस्तो बालकलाई देखेर आत्मदेव अत्यन्त प्रसन्न भए। त्यस बालकलाई सम्पूर्ण जातकर्म संस्कार उनी आफैँले गराए। आश्चर्य मानेर सबै मानिसहरू हेर्न आए।

भाग्योदयोऽधुना जात आत्मदेवस्य पश्यत।
धेन्वा बालः प्रसूतस्तु देवरूपीति कौतुकम्॥ ६४॥
न ज्ञातं तद्रहस्यं तु केनापि विधियोगतः।
गोकर्णं तं सुतं दृष्ट्वा गोकर्णं नाम चाकरोत्॥ ६५॥

पदार्थ–
पश्यत = हेर
अधुना = अहिले
आत्मदेवस्य = आत्मदेवको
भाग्योदयः = भाग्यको उदय
जातः = भयो
धेन्वा = गाईद्वारा
देवरूपी = देवतारूपी
बालः = बालक
प्रसूतः = जन्माइयो
इति तु = यो त
कौतुकम् = आश्चर्य (हो)
विधियोगतः = दैव संयोगले
तद्रहस्यं तु = त्यसभित्रको रहस्यलाई चाहिँ
केन अपि = कोहीद्वारा पनि
न ज्ञातं = जानिएन
तं = ती
सुतं = छोरालाई
गोकर्णं = गाईको जस्तै कान भएको
दृष्ट्वा = देखेर
नाम च = नाम पनि
गोकर्णं = गोकर्ण
अकरोत् = राखे

वाक्यार्थ– (मानिसहरूले आपसमा भन्न लागे–) 'हेर, अहिले आत्मदेवको भाग्यको उदय भएको छ। गाईबाट समेत देवताजस्तो अत्यन्त सुन्दर बालक जन्मेको छ। यो त साह्रै नै आश्चर्य लाग्दो कुरो हो।' तर दैव संयोगले यो रहस्यलाई कसैले पनि वास्तविक रूपमा जान्न सकेनन्। गाईले जन्माएको बालकको कान गाईको जस्तै भएकोले आत्मदेवले ती बालकको नाम गोकर्ण राखे।

कियत्कालेन तौ जातौ तरुणौ तनयावुभौ
गोकर्णः पण्डितो ज्ञानी धुन्धुकारी महाखलः॥ ६६॥

पदार्थ–
कियत्कालेन = केही समय बितेपछि
तौ = ती
उभौ = दुबै
तनयौ = छोराहरू
तरुणौ = युवक
जातौ = भए
गोकर्णः = गोकर्ण
पण्डितः = पण्डित
ज्ञानी = ज्ञानी भए
धुन्धुकारी = धुन्धुकारी

महाखलः = ज्यादै दुष्ट भयो

वाक्यार्थ– केही समय बितेपछि ती दुबै छोराहरू युवक भए। गोकर्ण चाहिँ पण्डित र ज्ञानी भए भने धुन्धुकारी चाहिँ ज्यादै दुष्ट भयो।

स्नानशौचक्रियाहीनो दुर्भक्षी क्रोधवर्धितः।
दुष्परिग्रहकर्ता च शवहस्तेन भोजनम्॥ ६७॥
चौरः सर्वजनद्वेषी परवेश्मप्रदीपकः।
लालनायार्भकान् धृत्वा सद्यः कूपे न्यपातयत्॥ ६८॥
हिंसकः शस्त्रधारी च दीनान्धानां प्रपीडकः।
चाण्डालाभिरतो नित्यं पाशहस्तः श्वसंगतः॥ ६९॥

पदार्थ–
स्नानशौचक्रियाहीनः = स्नान, शौच आदि क्रियाले हीन
दुर्भक्षी = अभक्ष्य पदार्थ खाने
क्रोधवर्धितः = ज्यादै रिसाहा
दुष्परिग्रहकर्ता = खराब वस्तुहरूको संग्रह गर्ने
शवहस्तेन च = मुर्दाको हातले छोएको पनि
भोजनम् = खाने (गर्दथ्यो)
चौरः = चोर
सर्वजनद्वेषी = सबै मानिसहरूसँग शत्रुता गर्ने
परवेश्मप्रदीपकः = अरूको घरमा आगो लगाइदिने
अर्भकान् = बालकहरूलाई
लालनाय = खेलाउने बहाना गरेर
धृत्वा = आफूले लिएर
सद्यः = तुरुन्तै
कूपे = कुवामा
न्यपातयत् = फ्याँकिदिन्थ्यो
हिंसकः = मारकाट गर्ने
शस्त्रधारी = हातहतियार लिएर हिँड्ने
दीनान्धानां = दुःखी र आँखा नदेख्नेहरूलाई
प्रपीडकः = दुःख दिने
चाण्डालाभिरतः = चाण्डालहरूसँग विशेष मित्रता राख्ने
नित्यं = सधैँ
पाशहस्तः = हातमा पाशो लिएर हिँड्ने
श्वसंगतः च = कुकुरहरूलाई साथमा लिएर हिँड्ने पनि (गर्दथ्यो)

वाक्यार्थ– धुन्धुकारी कस्तो थियो भने– स्नान, शौच आदि आचरणले रहित, खान नहुने कुरा खाने, ज्यादै रिसाहा, खराब वस्तुहरूको संग्रह गर्ने, मुर्दाको हातले छोइएको अन्न पनि खाने, चोरी गर्ने, सबै मानिसहरूसँग द्वेष गर्ने, अर्काका घरमा आगो लगाइदिने, खेलाउने बहाना गरेर अर्काका बालकहरू लगेर कुवामा फ्याँकिदिने, मारकाट गर्ने, हातहतियार लिएर हिँड्ने, दीन-दुःखीहरूलाई सताउने, चाण्डालहरूसँग विशेष प्रेम राख्ने अनि हातमा पासो लिएर कुकुरहरूलाई अगाडि-पछाडि लगाएर हिँड्ने गर्दथ्यो।

तेन वेश्याकुसङ्गेन पित्र्यं वित्तं तु नाशितम्।

एकदा पितरौ ताड्य पात्राणि स्वयमाहरत्॥ ७०॥

पदार्थ–
तेन = त्यस धुन्धुकारीद्वारा
वेश्याकुसङ्गेन = वेश्याहरूको कुसङ्गतले
पित्र्यं = बाबुले कमाएको
वित्तं तु = धन त
नाशितम् = नष्ट गरियो
एकदा = एक दिन
पितरौ = बाबु र आमालाई
ताड्य = पिटेर
स्वयम् = आफैं
पात्राणि = घरका भाँडा-कुँडा
आहरत् = लिएर गयो

वाक्यार्थ– त्यस धुन्धुकारीले वेश्याहरूसँगको सङ्गतले गर्दा बाबुले कमाएको सम्पूर्ण धन-सम्पत्ति खर्च गरेर सक्यो। एक दिन उसले आफ्ना बाबु-आमा दुबैलाई कुटपिट गरेर घरका सम्पूर्ण भाँडाकुँडाहरू समेत लिएर गयो।

तत्पिता कृपणः प्रोच्चैर्धनहीनो रुरोद ह।
वन्ध्यत्वं तु समीचीनं कुपुत्रो दुःखदायकः॥ ७१॥

पदार्थ–
तत्पिता = धुन्धुकारीका बाबु आत्मदेव
धनहीनः = निर्धन भएर
कृपणः = ज्यादै दुःखी भएर
प्रोच्चैः = ठुलो स्वरले
ह रुरोद = निश्चय नै रुन लागे
वन्ध्यत्वं तु = (स्वास्नीमान्छे) बरु बाँझी हुनु
समीचीनं = ठिक हो
कुपुत्रः = खराब चरित्र भएको छोरो
दुःखदायकः = दुःख दिने हुन्छ

वाक्यार्थ– धुन्धुकारीका बाबु आत्मदेव धनका अभावमा अत्यन्त दुःखी भएर डाँको छोडेर रुन लागे। दुःख दिने चरित्रभ्रष्ट छोरो पाउनुभन्दा त बरु स्वास्नीमान्छे बाँझी नै हुनु राम्रो हो भनी उनी भन्न लागे।

क्व तिष्ठामि क्व गच्छामि को मे दुःखं व्यपोहयेत्।
प्राणाँस्त्यजामि दुःखेन हा कष्टं मम संस्थितम्॥ ७२॥

पदार्थ–
क्व = कहाँ
तिष्ठामि = बसूँ
क्व = कहाँ
गच्छामि = जाऊँ
कः = कसले
मे = मेरो
दुःखं = दुःख
व्यपोहयेत् = हटाइदेला
हा = अहो
मम = ममाथि
कष्टं = दुःख
संस्थितम् = आइपऱ्यो
दुःखेन = दुःखको कारणले
प्राणान् = प्राण
त्यजामि = त्याग गर्दछु

वाक्यार्थ– म कहाँ बसूँ ? म कहाँ जाऊँ ? कसले मेरो दुःख हटाइदेला। अहिले मलाई ठुलो दुःख आइपऱ्यो। यही दुःखका कारणले म अहिले आफ्नो प्राण त्यागिदिन्छु।

तदानीं तु समागत्य गोकर्णो ज्ञानसंयुतः।

बोधयामास जनकं वैराग्यं परिदर्शयन्॥ ७३॥

पदार्थ–
तदानीं = त्यस समयमा
ज्ञानसंयुतः = ज्ञानसम्पन्न
गोकर्णः तु = गोकर्ण चाहिँ
समागत्य = आएर
वैराग्यं = वैराग्य(को बाटो)
परिदर्शयन् = देखाउँदै
जनकं = बाबुलाई
बोधयामास = सम्झाउन थाले

वाक्यार्थ– त्यस समयमा ज्ञानले परिपूर्ण भएका गोकर्णले त्यहाँ आएर वैराग्यको उपदेश गर्दै आफ्ना बाबु आत्मदेवलाई सम्झाउन थाले।

असारः खलु संसारो दुःखरूपी विमोहकः।
सुतः कस्य धनं कस्य स्नेहवाञ्ज्वलतेऽनिशम्॥ ७४॥

पदार्थ–
संसारः = यो संसार
खलु = निश्चय नै
असारः = सारहीन (छ)
दुःखरूपी = दुःख नै दुःखले भरिएको र
विमोहकः = मानिसलाई मोहमा फसाउने किसिमको छ
सुतः = छोरो
कस्य = कसको (हो)
धनं = धन
कस्य = कसको (हो)
स्नेहवान् = स्नेह गर्ने मानिस
अनिशम् = रातदिन
ज्वलते = जलिरहन्छ

वाक्यार्थ– यो संसार सारहीन छ। दुःख नै दुःखले भरिएको यो संसार मानिसहरूलाई मोहमा फसाउने खालको छ। यो नाशवान् र क्षणिक संसारमा छोरा कसको हो र धन कसको हो ? यसमा स्नेह गर्ने मानिस रातदिन जलिरहन्छ।

न चेन्द्रस्य सुखं किंचिन्न सुखं चक्रवर्तिनः।
सुखमस्ति विरक्तस्य मुनेरेकान्तजीविनः॥ ७५॥

पदार्थ–
इन्द्रस्य = इन्द्रलाई
किंचित् = कत्ति पनि
सुखं न = सुख छैन
चक्रवर्तिनः च = चक्रवर्ती राजालाई पनि
सुखं न = सुख छैन
विरक्तस्य = विरक्त
एकान्तजीविनः = एकान्तमा बस्ने
मुनेः = मुनिलाई
सुखम् = सुख
अस्ति = छ

वाक्यार्थ– न देवराज इन्द्रलाई सुख छ, न त चक्रवर्ती राजालाई नै सुख छ। बरु सुख त एकान्तसेवी विरक्त मुनिलाई छ।

मुञ्चाज्ञानं प्रजारूपं मोहतो नरके गतिः।
निपतिष्यति देहोऽयं सर्वं त्यक्त्वा वनं व्रज॥ ७६॥

पदार्थ–
प्रजारूपम् = यो मेरो सन्तान हो भन्ने
अज्ञानं = अज्ञानलाई
मुञ्च = छाडिदिनुहोस्
मोहतः = मोहको कारणले गर्दा

नरके गतिः = नरकमा वास हुन्छ	**निपतिष्यति** = अवश्य एक दिन छुट्छ (त्यसकारण)	**त्यक्त्वा** = छाडेर
अयं = यो	**सर्वं** = सबै	**वनं** = वनमा
देहः = शरीर		**व्रज** = जानुहोस्

वाक्यार्थ– हे पिताजी ! यो मेरो छोरो हो भन्ने मोहलाई छाडिदिनुहोस्। मोहकै कारणले गर्दा मानिसको नरकमा वास हुन्छ। तपाईंको यो शरीर त एक दिन अवश्य छुट्नेछ। अतः यो सारा कुरा छोडेर वनतिर लाग्नुहोस्।

तद्वाक्यं तु समाकर्ण्य गन्तुकामः पिताब्रवीत्।
किं कर्तव्यं वने तात तत्त्वं वद सविस्तरम्॥ ७७॥
अन्धकूपे स्नेहपाशे बद्धः पङ्गुरहं शठः।
कर्मणा पतितो नूनं मामुद्धर दयानिधे॥ ७८॥

पदार्थ–	**किं** = के	**बद्धः** = बाँधिएको
तद्वाक्यं = गोकर्णको यो कुरा	**कर्तव्यं** = गर्नुपर्छ	**पङ्गुः** = अपाङ्ग भएर
समाकर्ण्य = सुनेर	**सविस्तरम्** = विस्तारपूर्वक	**अन्धकूपे** = अँध्यारो इनारमा
गन्तुकामः = वन जान चाहेका	**तत्त्वं** = वास्तविक कुरा	**पतितः** = खसेको (छु)
पिता तु = गोकर्णका पिता आत्मदेवले चाहिँ	**वद** = भन	**दयानिधे** = हे दयाका खानी
	अहं = म	**नूनं** = अवश्य नै
अब्रवीत् = भने	**शठः** = मूर्ख	**माम्** = मलाई
तात = हे छोरा	**कर्मणा** = कर्मले गर्दा	**उद्धर** = उद्धार गर
वने = वनमा	**स्नेहपाशे** = मायाको पासोले	

वाक्यार्थ– गोकर्णका कुरा सुनेर वन जान तयार भएका आत्मदेवले भने– हे छोरा ! मैले वनमा गएर के गर्नुपर्छ यो कुरा मलाई विस्तारपूर्वक बताइदेऊ। म आफ्नै कर्मवश स्नेहपाशले बाँधिएको मूर्ख हुँ। यो घररूपी अँध्यारो कुवामा अपाङ्गजस्तो भएर बसेको छु। तिमी त दयाका खानी छौ। अतः तिमी मेरो उद्धार गर।

गोकर्ण उवाच (गोकर्णले भने)

देहेऽस्थिमांसरुधिरेऽभिमतिं त्यज त्वं
जायासुतादिषु सदा ममतां विमुञ्च।

पश्यानिशं जगदिदं क्षणभङ्गनिष्ठं
वैराग्यरागरसिको भव भक्तिनिष्ठः॥ ७९॥

पदार्थ–
त्वं = तपाईं
अस्थिमांसरुधिरे = हाड, मासु र रगतले युक्त
देहे = देहमा
अभिमतिं = म यही हुँ भन्ने बुद्धि
त्यज = छाडिदिनुहोस्
जायासुतादिषु = पत्नी र छोराछोरी आदिमा
सदा = सधैँ
ममतां = मेरो भन्ने बुद्धि
विमुञ्च = छाडिदिनुहोस्
इदं = यो
जगत् = जगत्लाई
अनिशं = रातदिन
क्षणभङ्गनिष्ठं = प्रत्येक क्षणमा नाशवान्
पश्य = देख्नुहोस् (मान्नुहोस्)
वैराग्यरागरसिकः = वैराग्यको रागले रसिक भएर
भक्तिनिष्ठः = (भगवान्को) भक्तिमा लागिरहने
भव = हुनुहोस्

वाक्यार्थ– हाड, मासु र रगतले बनेको देहमा म र मेरो बुद्धि नगर्नुहोस्। पत्नी र छोरा-छोरी आदिमा ममता छोड्नुहोस्। यो जगत् क्षणभङ्गुर हो भन्ने बुझेर दृढ वैराग्यपूर्वक भगवान्मा सदा सर्वदा भक्ति गरिरहनुहोस्।

विवरण– मनुष्यको देह अन्नबाट उत्पन्न हुन्छ, अन्नबाट नै बढ्दछ र अन्त्यमा पृथिवीमा नै लीन हुन्छ। **दिह उपचये** यो धातुबाट देह शब्द बन्दछ। सधैँ घट्ने र बढ्ने अथवा परिवर्तन भइरहने स्वभाव भएकाले यसलाई देह भनिएको हो। विचार नगर्नाले मनुष्यदेह राम्रो जस्तो देखिए तापनि विचार गरेको खण्डमा यो देहमा राम्रो भन्ने वस्तु केही पनि सिद्ध हुँदैन। पुरुषले खाएको अन्नको केही अंश वीर्य बन्दछ भने स्त्रीले खाएको अन्नको केही अंश रज बन्दछ। रज र वीर्यको सम्मिश्रणबाट यो देह बन्दछ। यो भौतिक देहमा हाड, छाला, रगत, मासु र बोसो बाहेक अरू कुनै पनि वस्तु फेला पर्दैन। देहलाई शरीर पनि भन्दछन्। **शीर्यते तत्त्वज्ञानाद् विनश्यतीति शरीरम्** अर्थात् तत्त्वज्ञान भएपछि नष्ट हुने भएको हुनाले यसलाई शरीर भनिएको हो। मनुष्य शरीरलाई पार्थिव मानिन्छ, किनकि यसमा पृथिवीको मात्रा बढी हुन्छ। जसरी माटोबाट बनेको घडा पछि गएर माटोमै मिल्दछ, त्यसै गरी पृथिवीबाट बनेको शरीर पनि पछि गएर पृथिवीमै लीन हुन्छ। उत्पन्न हुनुभन्दा पहिले यो शरीर थिएन, अहिले केही दिनका लागि देखा परेको छ र फेरि केही दिनपछि यो हराउँछ। जीवका उपाधि भएका स्थूल, सूक्ष्म र कारण यी तीनै वटा शरीरहरू मिथ्या हुन्। जुन वस्तु अविचारकालमा देखिन्छ अनि विचार गर्दा हराएर जान्छ, त्यसैलाई मिथ्या भनिन्छ। उदाहरणका लागि जाग्रत्को स्थूल शरीर र स्थूल शरीरसम्बन्धी स्त्री, पुत्र आदि स्वप्नमा देखिँदैनन्, स्वप्नको वासनामय शरीर जाग्रत्मा देखिँदैन, फेरि जाग्रत्को स्थूल शरीर र स्वप्नको वासनामय शरीर यी दुबै सुषुप्तिमा देखिँदैनन्। परन्तु आत्मा उक्त तीनै अवस्थाहरूमा साक्षीरूपले रहेको हुन्छ। जीवको असली स्वरूप त्यही कूटस्थ साक्षीरूप आत्मा हो।

यसप्रकार स्थूल, सूक्ष्म र कारण यी तीन शरीरहरूबाट आफूलाई अलग गरेर बुझ्ने प्रक्रियालाई अन्वयव्यतिरेक पनि भनिन्छ। अन्वय शब्दको अर्थ हुनु हो भने व्यतिरेक शब्दको अर्थ नहुनु हो। के नहुनु ? एक अवस्थामा अर्को अवस्था नहुनु व्यतिरेक हो। उक्त तीनवटै अवस्थाहरूमा आत्मा हुनु अन्वय हो। जस्तै जाग्रत्मा स्वप्न र सुषुप्ति यी दुई अवस्थाहरूको अभाव हुन्छ, त्यसै गरी स्वप्नमा जाग्रत् र सुषुप्ति यी दुई अवस्थाहरू हुँदैनन्। फेरि सुषुप्तिमा जाग्रत् र स्वप्न अवस्थाहरू हुँदैनन्। परन्तु यी तीनवटै अवस्थाहरूमा आत्मा रहिरहन्छ। अनात्मा

शरीरमा आत्मबुद्धि हुनु र शरीरसम्बन्धी स्त्री, पुत्र आदिमा ममबुद्धि हुनु नै अध्यास हो। **अतस्मिन् तद्‌बुद्धिरध्यासः** अर्थात् जो वस्तु जुन रूपमा छैन, त्यसलाई त्यो रूपले जान्नु नै अध्यास हो। शरीर आत्मा होइन, अनात्मा हो। त्यस्तो अनात्मा शरीरलाई आत्मरूपले जान्नु नै अध्यास हो। शरीरमा अहंबुद्धि भएपछि शरीरसम्बन्धी स्त्रीपुत्रादिमा ममबुद्धि स्वतः नै हुन्छ। जहाँ धुवाँ हुन्छ त्यहाँ आगो हुन्छ भनेझैं जहाँ-जहाँ ममबुद्धि हुन्छ त्यहाँ-त्यहाँ अहंबुद्धि अवश्य हुन्छ। अर्थात्, शरीरमा अहंबुद्धि स्त्रीपुत्रादिमा हुने ममबुद्धिको कारण हो। जाग्रत्‌को स्थूल शरीर र स्वप्नको वासनामय शरीरमा अहंबुद्धि भएकाले नै जाग्रत् र स्वप्नका पदार्थहरूमा ममबुद्धि भएको हो। सुषुप्तिमा अहंबुद्धि नभएकाले ममबुद्धि पनि हुँदैन। यसप्रकार शरीरमा अहंभाव र शरीरसम्बन्धी स्त्रीपुत्रादिमा ममभाव नै बन्धनको कारण हुनाले यहाँ गोकर्णले आफ्ना पिता आत्मदेवलाई उपदेश गर्ने प्रसङ्गमा शरीरमा आत्मबुद्धि र स्त्रीपुत्रादिमा ममबुद्धिको परित्यागका लागि विशेष आग्रह गरेका छन्। गीता (२। ७१)मा पनि भगवान्‌ले अर्जुनलाई **निर्ममो निरहङ्कारः स शान्तिमधिगच्छति** अर्थात् जो व्यक्ति अहङ्कार र ममकारले रहित भएर पृथिवीमा विरचण गर्दछ, उसैले शान्तिको अनुभव गर्दछ भन्दै अहङ्कार र ममकारको परित्याग गर्न उपदेश दिनुभएको छ। भगवान्‌को यस उपदेशबाट पनि गोकर्णले आफ्ना पिता आत्मदेवलाई दिनुभएको उपदेशको पुष्टि हुन्छ।

आत्मदेवका लागि गोकर्णको अर्को उपदेश हो— **पश्यानिशं जगदिदं क्षणभङ्गनिष्ठम्,** अर्थात् हे पिताजी ! तपाईं जङ्गलमा गएर बस्दा यो संसार क्षणिक हो भन्ने कुराको निरन्तर चिन्तन गर्नुहोला। शास्त्रकारहरूले यो संसार दृष्टनष्ट स्वभाववाला छ भनी बताएका छन्। वस्तुतः यो संसार यस्तै प्रतीत हुन्छ। किनकि बाल्यावस्था युवावस्थामा छैन, युवावस्था वृद्धावस्थामा छैन, बितेका दिनहरू फर्केर आउँदैनन्, मरेका बाबुलाई फेरि फर्केर आएको कसैले पनि देखेको छैन। त्यसकारण संसारका यी सबै वस्तुहरू पानीका फोकाजस्ता हुन्। जसरी पानीमा फोका पर्दछन्, ती फोकाहरू फेरि तुरन्त फुटिहाल्दछन्, त्यसै गरी संसारका पदार्थहरू केही क्षणका लागि देखिन्छन्, फेरि तुरुन्त हराइहाल्दछन्। संसारका सम्पूर्ण पदार्थहरू क्षणिक तथा नाशवान् हुन् भन्ने निश्चय भएपछि ती पदार्थहरूप्रतिको आसक्ति स्वतः नै हट्‌दछ। यसप्रकार द्वैतमिथ्यात्वको निश्चय हुनेबित्तिकै आत्मामा मन स्वतः नै स्थिर हुने हुनाले गोकर्णले आफ्ना पिता आत्मदेवलाई संसारका पदार्थहरूको क्षणिकताको उपदेश गरेका हुन्।

दुःखको आत्यन्तिक निवृत्ति नै मोक्ष हो। जीवात्मा र परमात्माको एकताको ज्ञानविना मोक्ष सम्भव छैन। त्यस्तो ज्ञानको लागि वैराग्य र भक्ति आवश्यक हुन्छ। त्यसैले यहाँ गोकर्णले **वैराग्यरागरसिको भव** अर्थात् वैराग्यको रागमा रमाउनेवाला हुनुहोस् भनेका छन्। सामान्यतया सुख प्राप्त गर्ने इच्छालाई राग भनिन्छ। पाँच क्लेशमध्ये राग पनि एउटा क्लेश हो। विषयप्राप्तिको चाहनारूप राग नै दुःखको कारण हो। तर भगवत्प्राप्तिको चाहनारूप राग भने दुःखको कारण हुँदैन। शाण्डिल्यमुनिले भक्तिको परिभाषा गर्दा **सा परानुरक्तिरीश्वरे** भनेका छन्। अर्थात् ईश्वरमा परमप्रेम हुनुलाई नै भक्ति भनिन्छ। त्यस्तो भक्ति रागरूप भएकोले हेय हुन्छ कि भन्ने जिज्ञासाको समाधान गर्दै भनिएको छ— भगवान्‌मा आश्रित भएको हुनाले यो राग दुःखको कारण हुँदैन। **हेयो रागत्वात् इति चेन्न, उत्तमालम्बत्वात् सङ्गवत्** अर्थात्, राग भएको हुनाले त्याज्य नै हुन्छ भन्ने

कुरा होइन, त्यसको विषय उत्कृष्ट छ भने त्यो त्याज्य हुँदैन, सज्जनहरूसँग गरिएको सङ्गत जस्तै। त्यसैले यहाँ वैराग्यमा राग गर्नुहोस् भनिएको हो। **विगतो रागो यस्मात् विरागः, तस्य भाव वैराग्यम्**। रागरहित हुनु नै वैराग्य हो। वैराग्य हुन सर्वप्रथम विषयमा दोषदृष्टि हुनुपर्छ, यो वैराग्यको कारण हो। त्यसपछि जिहासा अर्थात् पदार्थलाई त्याग्ने इच्छा हुन्छ। यो वैराग्यको स्वरूप हो। एक पटक त्यागिसकेको विषयमा फेरि आसक्ति नहुनु वैराग्यको फल हो। आचार्य शङ्करले वैराग्यको महत्त्व यसरी बताउनुभएको छ–

सुरमन्दिरतरुमूलनिवासः शय्या भूतलमजिनं वासः ।
सर्वपरिग्रहभोगत्यागः कस्य सुखं न करोति विरागः ।। (चर्पटमञ्जरी)

अर्थात्, देवमन्दिर अथवा रुखको छहारीमा निवास गर्नु, जमिनमा सुत्नु, हातको तकिया गर्नु, कुनै पनि वस्तुको सङ्ग्रह नगर्नु, सम्पूर्ण भोगलाई परित्याग गर्नुरूप वैराग्यले कसलाई सुख नदेला ?

यसप्रकार दृढ वैराग्य भएपछि मात्र भक्तिनिष्ठ हुने योग्यता हुन्छ। अतः यहाँ **भक्तिनिष्ठो भव** भनिएको हो। सेवार्थक **भज** धातुबाट भावमा **क्तिन्** प्रत्यय गर्दा **भक्ति** शब्द बन्दछ। यसको अर्थ विभिन्न प्रकारबाट गर्न सकिन्छ। **भागो भक्तिः** अर्थात् म भगवान्को हुँ भनेर आफूलाई भगवान्मा भाग लगाइदिनु भक्ति हो। **भजनं भक्तिः** अर्थात् भगवान्को पूजामा, नमस्कारमा, गुणकीर्तनमा रस लिनु भक्ति हो। त्यस्तै **भञ्जनं भक्तिः** अर्थात् भगवान्मा दृढ भक्ति गर्दै रागद्वेष आदिलाई पूरै नष्ट गर्नु भक्ति हो। यसरी सर्वतोभावेन भगवान्मा समर्पित हुनु भक्ति हो। जसरी भोकाएको व्यक्तिले भोजन गर्दा तुष्टि, पुष्टि र क्षुधानिवृत्ति सँगै हुन्छ त्यसै गरी भक्ति हुँदा भगवान्मा प्रेम, विषयवासनाको निवृत्ति र भगवत्तत्त्वसाक्षात्कार सँगसँगै हुन्छ। यसरी भगवत्तत्त्वसाक्षात्कारको लागि वैराग्य र भक्ति आवश्यक हुन्छ भन्ने सङ्केत गर्नु यस प्रसङ्गको तात्पर्य हो।

धर्मं भजस्व सततं त्यज लोकधर्मान्
सेवस्व साधुपुरुषाञ्जहि कामतृष्णाम् ।
अन्यस्य दोषगुणचिन्तनमाशु मुक्त्वा
सेवाकथारसमहो नितरां पिब त्वम् ॥ ८० ॥

पदार्थ–
सततं = सधैं
धर्मं भजस्व = (भगवान्को सेवनरूप) धर्म गर्नुहोस्
लोकधर्मान् = सम्पूर्ण लौकिक धर्महरूलाई
त्यज = छाडिदिनुहोस्
साधुपुरुषान् = साधु सज्जनहरूको
सेवस्व = सेवापूर्वक सङ्गत गर्नुहोस्
कामतृष्णाम् = विषयभोगको इच्छालाई
जहि = त्याग गर्नुहोस्
अन्यस्य = अरूको
दोषगुणचिन्तनम् = दोष र गुणको चिन्तनलाई
आशु = चाँडै नै
मुक्त्वा = छाडेर
अहो = अहो
त्वम् = तपाईं
सेवाकथारसम् = भगवान्को सेवा र उहाँको कथारूपी रस
नितरां = सधैं

पिब = पिउनुहोस्

वाक्यार्थ– हे पिताजी ! ज्ञानवैराग्यरूप धर्मको आश्रय लिनुहोस्, अरू लोकधर्महरूलाई परित्याग गरिदिनुहोस्, साधु-सन्तहरूको सेवापूर्वक सङ्गत गर्नुहोस्, विषयभोगको तृष्णालाई छोडिदिनुहोस्, अरूका गुण-दोषहरूका चिन्तनलाई छोडेर चाँडै नै भगवान्को सेवा र उहाँको कथारूपी अमृतको पान गर्नुहोस्।

विवरण– यस श्लोकमा **धर्मं भजस्व** भनेर जैमिनि महर्षिद्वारा पूर्वमीमांसा शास्त्रमा बताइएको **चोदनालक्षणोऽर्थो धर्मः** यो लक्षणद्वारा निर्दिष्ट वेदविहित कर्म यज्ञ आदिलाई धर्म भनी लिन खोजिएको होइन। त्यो विधिवाक्यप्रयुक्त धर्म स्वर्ग प्राप्तिका लागि गरिने हुनाले त्यो प्रवृत्तिधर्म हो। आत्मज्ञानी गोकर्णले आफ्ना पिता मुमुक्षु आत्मदेवलाई मोक्षमार्गको उपदेश गरिरहेको हुनाले यहाँ धर्म भन्नाले ज्ञानवैराग्यरूप निवृत्तिधर्मलाई बुझ्नुपर्छ।

मोक्षप्राप्तिका लागि आवश्यक साधनहरूलाई छाडेर अरू जति पनि व्यापार, कृषि आदि जीविकाका साधनहरू छन् ती साधनहरूलाई यहाँ लोकधर्म भनिएको हो। त्यस किसिमका लोकधर्महरूलाई पनि त्याग्नका लागि गोकर्ण यहाँ उपदेश दिन्छन्।

सेवस्व साधुपुरुषान् अर्थात् साधु पुरुषहरूको सेवा गर्नुहोस्। **साध्नोति परकार्यमिति साधुः** अर्थात् अर्काको कार्य सम्पन्न गरिदिने व्यक्ति नै साधु हो। भगवत्तत्त्वसाक्षात्कारविना जीवको उपकार नहुने हुनाले भगवत्तत्त्वसाक्षात्कार गराउने वा गर्न प्रेरणा दिने व्यक्तिलाई साधु भनिन्छ। तिनै साधुहरू महापुरुष हुन्। शास्त्रमा मोक्षप्राप्तिका नौवटा खुड्किला भएको सोपान (भऱ्याङ्)को क्रम बताइएको छ। त्यसमा महत्सेवालाई पहिलो खुड्किलो मानिएको छ। त्यो सोपानक्रम यसप्रकार छ– १) महत्सेवा २) उनीहरूको कृपा ३) उनीहरूले बताएको धर्ममा श्रद्धा ४) भगवत्कथाश्रवण ५) भगवान्मा प्रेम ६) देहद्वयविवेकपूर्वकको आत्मज्ञान ७) भगवान्मा दृढ भक्ति ८) भगवत्तत्त्व साक्षात्कार र ९) भगवान्को गुणको आविर्भाव।

यसरी साधु पुरुषको सेवा गर्नु नै मोक्षप्राप्तिको मार्गको पहिलो खुड्किलो हो। यस्तै जगद्गुरु शङ्कराचार्यले पनि जीवन्मुक्तिको सोपानक्रमको पहिलो खुड्किलोको रूपमा सत्सङ्गलाई नै स्थान दिनुभएको छ।

सत्सङ्गत्वे निःसङ्गत्वं, निःसङ्गत्वे निर्मोहत्वम्।
निर्मोहत्वे निश्चलितत्वं, निश्चलितत्वे जीवन्मुक्तिः।।

अर्थात् सत्सङ्ग भएपछि निःसङ्ग अवस्थामा पुगिन्छ, निःसङ्ग भएपछि मोहरहित अवस्थामा पुगिन्छ, मोहरहित भएपछि मन निश्चल हुन्छ र मन निश्चल भएपछि जीवन्मुक्ति हुन्छ।

भागवतको पञ्चम स्कन्धको पाँचौँ अध्यायको दोस्रो श्लोकमा ऋषभदेवले **महत्सेवा द्वारमाहुर्विमुक्तेः** भन्दै महापुरुषहरूको सङ्गत मोक्षको ढोका हो भनी आफ्ना पुत्रहरूलाई बताउनुभएको छ। विष्णुपुराणमा पनि भनिएको छ–

सङ्गः सदात्मना हेयो यदि हातुं न शक्यते।
स सद्भिरेव कर्तव्यः सतां सङ्गो हि भेषजम्।।

अर्थात् सङ्गत दुःखको कारण भएकाले यसलाई त्याग्नुपर्दछ, त्यसो गर्न सकिँदैन भने

महापुरुषको सङ्गत गर्नुपर्दछ। किनभने सज्जनहरूसँगको सङ्गत नै संसाररोगको औषधि हो।

फलामले नै फलामलाई काट्छ भनेझैं महापुरुषप्रति गरिएको आसक्तिले विषयप्रतिको आसक्ति हटाउन सक्दछ। सत्सङ्गको महत्त्वलाई प्रस्ट्याउने क्रममा भनिएको छ– **सत्सङ्गश्च विवेकश्च निर्मलनयनद्वयम्** अर्थात्, सत्सङ्ग र विवेक नै मनुष्यका असली दुई आँखा हुन्।

यसरी सज्जनहरूको सेवा गर्नु नै मोक्षप्राप्तिको मार्गको पहिलो खुड्किलो भएको हुनाले यहाँ गोकर्णले आत्मदेवलाई सज्जनहरूको सेवा गर्न उपदेश गरेका हुन्।

विषयप्रतिको कामनाले मनुष्यका सम्पूर्ण दैवी गुणहरू नष्ट हुन्छन्। कामना कति दुःखदायी हुन्छ भन्ने कुरा शास्त्रमा यसरी बताइएको छ–

यमस्य कामस्य च तारतम्यं विचार्यमाणे महदस्ति लोके।
हितं करोत्यस्य यमोऽप्रियः सन् कामस्त्वनर्थं कुरुते प्रियः सन्।।

कामना यमराजभन्दा डरलाग्दो वस्तु हो। यमराजले पापीलाई दण्ड दिएर निष्पाप गराउँदै भक्ति र ज्ञानको मार्गबाट हिँडाई उसको हित गर्दछन् भने कामनाले उच्च अवस्थामा पुगेको व्यक्तिलाई पनि पतित गराइदिन्छ। कामनाले बुद्धिको हरण गर्दछ। अष्टावक्रगीतामा कामना नै बन्धन हो र कामनात्याग नै मोक्ष हो भनिएको छ–

भोगेच्छामात्रको बन्धस्तत्त्यागो मोक्ष उच्यते।

त्यसै गरी गीतामा कामनारहित व्यक्तिलाई स्थितप्रज्ञको रूपमा बताइएको छ–

प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान्।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते।।

sfdgfsf] sf/0fn] cfTdf hLjefjdf v:5 / sfdgfsf] Tofun] k'gM pm O{Zj/efjdf k|fKt x'G5 eGb} efujtsf] ;ftf}F :sGwsf] bzf}F cWofosf] gjf}F Znf]sdf k|Åfnfbn] eGg'ePsf] 5—

विमुञ्चति यदा कामान् मानवो मनसि स्थितान्।
तर्ह्येव पुण्डरीकाक्ष भगवत्त्वाय कल्पते।।

यसप्रकार कामनात्याग मोक्षको कारण भएकाले गोकर्णले कामनाको त्याग गर्नुपर्छ भन्ने कुरामा जोड दिएका छन्।

यसपछि गोकर्ण भन्दछन्– अरूको दोष र गुणको चिन्तनलाई तुरुन्त छाडेर भगवान्‌को सेवा र उहाँको कथारूपी अमृतको पान गर्नुहोस्। मुमुक्षुले कसैको पनि निन्दा या प्रशंसा गर्नु उचित होइन। यसले आफ्नो मोक्षप्राप्तिको मार्गमा अवरोध ल्याउँछ। त्यसकारण अरूको निन्दा या प्रशंसा गर्ने कार्य छाडिदिनुपर्छ।

एवं सुतोक्तिवशतोऽपि गृहं विहाय
यातो वनं स्थिरमतिर्गतषष्टिवर्षः।
युक्तो हरेरनुदिनं परिचर्ययासौ

श्रीकृष्णमाप नियतं दशमस्य पाठात्॥ ८१ ॥

पदार्थ–
एवं = यस प्रकार
सुतोक्तिवशतः = आफ्ना छोरा गोकर्णको उपदेशबाट प्रभावित भएर
स्थिरमतिः = मनमा दृढता भएका (ती आत्मदेव)
गतषष्टिवर्षः = साठी वर्ष उमेर पुगेका
गृहं अपि = घर पनि
विहाय = छाडेर
वनं = वन
यातः = गए
अनुदिनं = प्रत्येक दिन
हरेः = श्रीहरिको
परिचर्यया = सेवाले
युक्तः = युक्त भएका
असौ = यी आत्मदेवले
नियतं = सधैँ
दशमस्य = श्रीमद्भागवतको दशम स्कन्धको
पाठात् = पाठ गर्नाले
श्रीकृष्णम् = श्रीकृष्णलाई
आप = प्राप्त गरे

वाक्यार्थ– यस प्रकार आत्मदेव ब्राह्मण गोकर्णको उपदेश सुनिसकेपछि आफ्नो घर छोडेर वनतिर लागे। त्यस समयमा उनको उमेर साठी वर्षको थियो, उनको मनमा दृढता थियो, वनमा उनले भगवान्को खुब सेवा गरे, साथसाथै नियमपूर्वक श्रीमद्भागवत महापुराणको दशम स्कन्धको पाठ गरे। यसकै फलस्वरूप उनले भगवान् श्रीकृष्णलाई प्राप्त गरे।

इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये

विप्रमोक्षो नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

अथ पञ्चमोऽध्यायः

गोकर्णद्वारा प्रेत बनेको धुन्धुकारीको उद्धार

सूत उवाच (सूतजीले भन्नुभयो)

पितर्युपरते तेन जननी ताडिता भृशम्।
क्व वित्तं तिष्ठति ब्रूहि हनिष्ये लत्तया न चेत्॥ १॥
इति तद्वाक्यसंत्रासाज्जनन्या पुत्रदुःखतः।
कूपे पातः कृतो रात्रौ तेन सा निधनं गता॥ २॥

पदार्थ–
पितरि = बाबु आत्मदेव
उपरते = विरक्त भएर वनतिर गएपछि
तेन = त्यस धुन्धुकारीद्वारा
जननी = आमा धुन्धुली
भृशम् = बेसरी
ताडिता = पिटिइन्
वित्तं = धन
क्व = कहाँ
तिष्ठति = राखेकी छौ
ब्रूहि = भन
न चेत् = भन्दिनौ भने
लत्तया = अगुल्टोले
हनिष्ये = हान्नेछु
इति = यस प्रकारको
तद्वाक्यसंत्रासात् = उसको धम्कीको डरले
जनन्या = आमा धुन्धुलीद्वारा
पुत्रदुःखतः = छोराको दुःखले
रात्रौ = रातमा
कूपे = इनारमा
पातः कृतः = हामफालियो
तेन = त्यसकारण
सा = उनी
निधनं गता = मरिन्

वाक्यार्थ– बाबु आत्मदेव विरक्त भएर वनतिर लागेपछि धुन्धुकारीले आफ्नी आमा धुन्धुलीलाई बेसरी पिट्यो र धन-सम्पत्ति कहाँ राखेकी छौ भन? यदि भन्दिनौ भने तिमीलाई म अगुल्टोले हान्नेछु भन्यो। यस प्रकारको छोराको धम्कीको डरले ज्यादै दुःखी भएकी धुन्धुली रातका समयमा इनारमा हाम्फालेर मरिन्।

गोकर्णस्तीर्थयात्रार्थं निर्गतो योगसंस्थितः।
न दुःखं न सुखं तस्य न वैरी नापि बान्धवः॥ ३॥

पदार्थ–
योगसंस्थितः = योगनिष्ठ
गोकर्णः = गोकर्ण
तीर्थयात्रार्थं = तीर्थयात्राका लागि
निर्गतः = घरबाट निस्के
तस्य = उनलाई
न दुःखं = न त दुःख हुन्थ्यो
न सुखं = न त सुख हुन्थ्यो
न वैरी = न त कोही शत्रु थिए
न अपि बान्धवः = न त कोही मित्र नै थिए

वाक्यार्थ– योगनिष्ठ गोकर्ण तीर्थयात्राका लागि घरबाट निस्के। संसारका कुनै पनि घटनाले उनलाई न दुःख हुन्थ्यो, न त सुख नै हुन्थ्यो, न उनका कोही शत्रु थिए, न त मित्र नै।

धुन्धुकारी गृहेऽतिष्ठत् पञ्चपण्यवधूवृतः।
अत्युग्रकर्मकर्ता च तत्पोषणविमूढधीः॥ ४॥

पदार्थ–	**पञ्चपण्यवधूवृतः** = पाँच वटी वेश्याहरूद्वारा घेरिएर	कामले बुद्धि नष्ट भएको (ऊ)
अत्युग्रकर्मकर्ता = अत्यन्त डरलाग्दो कुकर्म गर्ने	**तत्पोषणविमूढधीः** = तिनीहरूलाई पालन–पोषण गर्ने	**गृहे** = घरमा
धुन्धुकारी च = धुन्धुकारी चाहिँ		**अतिष्ठत्** = रहन थाल्यो

वाक्यार्थ– अत्यन्त क्रूर कर्म गर्ने धुन्धुकारी पाँच वटी वेश्याहरूद्वारा घेरिएर घरमा बस्न लाग्यो। ती वेश्याहरूलाई पालनपोषण गर्दागर्दै उसको बुद्धि नष्ट भइसकेको थियो।

एकदा कुलटास्तास्तु भूषणान्यभिलिप्सवः।
तदर्थं निर्गतो गेहात् कामान्धो मृत्युमस्मरन्॥ ५॥
यतस्ततश्च संहृत्य वित्तं वेश्म पुनर्गतः।
ताभ्योऽयच्छत् सुवस्त्राणि भूषणानि कियन्ति च॥ ६॥

पदार्थ–	**कामान्धः** = कामवासनाले अन्धो भएको त्यो धुन्धुकारी	**वेश्म** = घरमा
एकदा = एक दिन	**मृत्युम्** = मृत्युलाई	**पुनः गतः** = फर्किएको (उसले)
ताः = ती	**अस्मरन्** = पर्वाह नगरी	**ताभ्यः** = ती वेश्याहरूलाई
भूषणानि = गहनाहरू	**गेहात्** = घरबाट	**सुवस्त्राणि** = राम्रा कपडाहरू
अभिलिप्सवः = जसरी पनि प्राप्त गर्ने चाहना राख्ने	**निर्गतः** = निस्क्यो	**कियन्ति** = केही
कुलटाः तु = वेश्याहरूले चाहिँ	**यतः ततः च** = जहाँ–कहीँबाट	**भूषणानि च** = गहनाहरू पनि
तदर्थं = ती आभूषणहरू प्राप्त गर्नका लागि	**वित्तं** = धन	**अयच्छत्** = दियो
	संहृत्य = चोरी गरेर	

वाक्यार्थ– एक दिन जसरी पनि गहना प्राप्त गर्ने चाहना राख्ने ती वेश्याहरूले धुन्धुकारीसँग धेरै गहनाहरू मागे। कामान्ध भएको धुन्धुकारी मृत्युको पनि वास्तै नगरी गहनाहरू जुटाउनका लागि घरबाट निस्क्यो। कतैबाट प्रशस्त धन, चोरेर घरमा ल्यायो र ती वेश्याहरूलाई राम्रा कपडा र गहनाहरू दियो।

बहुवित्तचयं दृष्ट्वा रात्रौ नार्यो व्यचारयन्।
चौर्यं करोत्यसौ नित्यमतो राजा ग्रहीष्यति॥ ७॥
वित्तं हृत्वा पुनश्चैनं मारयिष्यति निश्चितम्।

अतोऽर्थगुप्तये गूढमस्माभिः किं न हन्यते ॥ ८ ॥
निहत्यैनं गृहीत्वार्थं यास्यामो यत्र कुत्रचित् ।
इति ता निश्चयं कृत्वा सुप्तं सम्बध्य रश्मिभिः ॥ ९ ॥
पाशं कण्ठे निधायास्य तन्मृत्युमुपचक्रमुः ।
त्वरितं न ममारासौ चिन्तायुक्तास्तदाभवन् ॥ १० ॥
तप्ताङ्गारसमूहाँश्च तन्मुखे हि विचिक्षिपुः ।
अग्निज्वालातिदुःखेन व्याकुलो निधनं गतः ॥ ११ ॥

पदार्थ–
बहुवित्तचयं = धेरै धनको थुप्रो
दृष्ट्वा = देखेर
रात्रौ = रातमा
नार्यः = ती वेश्या नारीहरूले
व्यचारयन् = विचार गरे
असौ = यो
नित्यम् = सधैँ
चौर्यं = चोरी
करोति = गर्दछ
अतः = त्यसकारण
राजा = राजाले
ग्रहीष्यति = यसलाई समात्नेछन्
वित्तं = (धुन्धुकारीले चोरेको) धन
हृत्वा = खोसेर
पुनः = त्यसपछि
एनं च = यसलाई पनि
निश्चितम् = निश्चय नै
मारयिष्यति = मार्नेछन्
अतः = त्यसकारण
अर्थगुप्तये = धनको रक्षाका लागि
अस्माभिः = हामीहरूद्वारा
गूढम् = गुप्तरूपले
किं न हन्यते = किन नमारिने
एनं = यसलाई
निहत्य = मारेर
अर्थं = धन
गृहीत्वा = लिएर
यत्र कुत्रचित् = जहाँ–कहीँ
यास्यामः = जाऔँला
इति = यो
निश्चयं = निश्चित
कृत्वा = गरेर
ताः = उनीहरूले
सुप्तं = सुतेको त्यो धुन्धुकारीलाई
रश्मिभिः = डोरीले
सम्बध्य = बाँधेर
अस्य = त्यसको
कण्ठे = घाँटीमा
पाशं = पासो
निधाय = लगाएर
तन्मृत्युम् = उसलाई मार्न
उपचक्रमुः = कोसिस गरे
असौ = यो धुन्धुकारी
त्वरितं = चाँडै
न ममार = मरेन
तदा = त्यस वेला
चिन्तायुक्ताः = चिन्तित
अभवन् = भए
तप्ताङ्गारसमूहान् च = तातो कोइला पनि
तन्मुखे हि = त्यसका मुखमा नै
विचिक्षिपुः = हालिदिए
अग्निज्वालातिदुःखेन = आगोको ज्वालाले पोलेको दुःखले
व्याकुलः = छट्पटाएर
निधनं गतः = मऱ्यो

वाक्यार्थ– ती वेश्याहरूले धुन्धुकारीले चोरेर ल्याएको धनको थुप्रो देखेर रातमा के विचार गरे भने यो धुन्धुकारी सधैँ चोरी गरिरहन्छ। कुनै पनि दिन यसलाई राजा (राजाका मान्छे प्रहरी)ले

समात्नेछन्। अनि यसले चोरी गरेर ल्याएको धन पनि लैजानेछन् र यसलाई पनि मार्नेछन्। यस कारण घरमा आइपुगेको धनको रक्षाका लागि पनि हामी यसलाई गुप्तरूपले मारौँ र यो धन लिएर कतै भागिहालौँ। यसरी सल्लाह गरेर उनीहरूले रातमा नै सुतिरहेको धुन्धुकारीलाई डोरीले बाँधे। त्यसपछि घाँटीमा पासो लगाएर मार्ने कोसिस गरे तापनि त्यो धुन्धुकारी चाँडै नै मरेन। त्यसपछि ती वेश्याहरूले तातो गोल उसको मुखमा हलिदिए। त्यसपछि त्यो धुन्धुकारी आगाको पोलाइको दुःखले छट्पटाएर मऱ्यो।

तं देहं मुमुचुर्गर्ते प्रायः साहसिकाः स्त्रियः।
न ज्ञातं तद्रहस्यं तु केनापीदं तथैव च॥ १२॥

पदार्थ—
तं = त्यो
देहं = मृत शरीरलाई
गर्ते = खाडलमा
मुमुचुः = फ्याँकिदिए (गाडिदिए)
प्रायः = धेरैजसो
स्त्रियः = स्त्रीहरू
साहसिकाः = दुस्साहस गर्ने खालका (हुन्छन्)
तद्रहस्यं तु = यो मृत्युको रहस्यलाई चाहिँ
केन अपि = कसैद्वारा पनि
न ज्ञातं = थाहा पाइएन
तथा एव च = त्यसै गरी
इदं = यो कुरा पनि (कसैले थाहा पाएन)

वाक्यार्थ— उसको मृत शरीरलाई वेश्याहरूले खाडलमा हालेर पुरिदिए। प्रायः स्त्रीहरू ज्यादै दुस्साहसी हुन्छन्। यसरी धुन्धुकारीको मृत्यु भएको रहस्य कसैले पनि थाहा पाएन।

लोकैः पृष्टा वदन्ति स्म दूरं यातः प्रियो हि नः।
आगमिष्यति वर्षेऽस्मिन् वित्तलोभविकर्षितः॥ १३॥

पदार्थ—
लोकैः = मानिसहरूद्वारा
पृष्टाः = (तिम्रा पति कहाँ गए त भनी) सोधिएका तिनीहरू
नः = हाम्रा
प्रियः = पति
वित्तलोभविकर्षितः = धनको लोभले तानिएर
दूरं = टाढा
यातः = गएका छन्
अस्मिन् = यही
वर्षे हि = वर्षमा नै
आगमिष्यति = आउँछन्
वदन्ति स्म = भन्दथे

वाक्यार्थ— तिम्रा लोग्ने धुन्धुकारी आजकल देखिँदैनन् नि, कहाँ गए भनी अरूले ती वेश्याहरूलाई सोध्दा उनीहरू हाम्रा श्रीमान् पैसा कमाउन परदेश गएका छन्, यसै वर्ष आउँछन् भनी जवाफ दिन्थे।

स्त्रीणां नैव तु विश्वासं दुष्टानां कारयेद् बुधः।
विश्वासे यः स्थितो मूढः स दुःखैः परिभूयते॥ १४॥
सुधामयं वचो यासां कामिनां रसवर्धनम्।
हृदयं क्षुरधाराभं प्रियः को नाम योषिताम्॥ १५॥

पदार्थ–
बुधः = बुद्धिमान् पुरुषले
दुष्टानां = दुष्ट
स्त्रीणां = स्त्रीहरूको
विश्वासं = विश्वास
न एव कारयेत् = गर्नै हुँदैन
यः तु = जो चाहिँ
विश्वासे = विश्वासमा
स्थितः = रहन्छ
सः = त्यो
मूढः = मूर्ख
दुःखैः = दुःखहरूद्वारा
परिभूयते = पराजित हुन्छ
यासां = जसको
वचः = वाणी
सुधामयं = अमृतजस्तो हुन्छ
कामिनां = कामुक पुरुषहरूका लागि
रसवर्धनम् = रस वृद्धि गर्ने खालको हुन्छ
हृदयं = मन भने
क्षुरधाराभं = छुराको धार जस्तो धारिलो (हुन्छ)
योषिताम् = स्त्रीहरूको
कः नाम = कुन चाहिँ
प्रियः = प्रिय हुन सक्छ र

वाक्यार्थ– बुद्धिमान् पुरुषले दुष्ट स्त्रीहरूको कहिल्यै पनि विश्वास गर्नुहुँदैन। यदि गऱ्यो भने उसले जीवनमा ज्यादै ठुलो दुःख भोग्नुपर्ने हुन्छ। तिनीहरूको वचन कामवासनाले लट्ठ भएका मान्छेका लागि अमृतजस्तो रसवर्धक हुन्छ तर तिनीहरूको हृदय भने छुराको धार जस्तो धारिलो हुन्छ। त्यस्ता स्त्रीहरूका लागि साँच्चै नै प्यारो को पो हुन्छ र ?

संहृत्य वित्तं ता याताः कुलटा बहुभर्तृकाः।
धुन्धुकारी बभूवाथ महान् प्रेतः कुकर्मतः॥ १६॥
वात्यारूपधरो नित्यं धावन् दशदिशोऽन्तरम्।
शीतातपपरिक्लिष्टो निराहारः पिपासितः॥ १७॥
न लेभे शरणं क्वापि हा दैवेति मुहुर्वदन्।
कियत् कालेन गोकर्णो मृतं लोकादबुध्यत॥ १८॥

पदार्थ–
ताः = ती
बहुभर्तृकाः = धेरै पति भएका
कुलटाः = वेश्याहरू
वित्तं = धन
संहृत्य = लिएर
याताः = गए
अथ = त्यसपछि
कुकर्मतः = कुकर्मका कारणले
धुन्धुकारी = धुन्धुकारी
महान् = ठुलो
प्रेतः = प्रेत
बभूव = भयो
वात्यारूपधरः = आँधीको रूपलाई धारण गरेर
दशदिशः अन्तरम् = दसै दिशाहरूमा
नित्यं = सधैँ
धावन् = दौडँदै (घुम्दै)
शीतातपपरिक्लिष्टः = जाडो र गर्मीले पीडित भएर
निराहारः = भोकले व्याकुल भएर
पिपासितः = तिर्खाले छट्पटाएर
मुहुः = बारम्बार
हा दैव = हा दैव
इति = यसो
वदन् = भन्दै
क्व अपि = कतै पनि
शरणं = शरण
न लेभे = पाएन
कियत् कालेन = केही समय बितेपछि
गोकर्णः = गोकर्णले
लोकात् = मानिसबाट
मृतं = धुन्धुकारी मरे भन्ने

अबुध्यत = थाहा पाए

वाक्यार्थ– धेरै वटा लोग्ने भएका ती वेश्याहरू धुन्धुकारीको सबै सम्पत्ति लिएर भागे। धुन्धुकारी भने आफ्ना कुकर्मका कारणले डर लाग्दो ठुलो प्रेत भएर आँधीको रूपमा दसै दिशाहरूमा घुम्न लाग्यो। जाडो-गर्मी अनि भोक र तिर्खाले आकुल-व्याकुल भएर त्यो धुन्धुकारी हा दैव ! भन्दै हिँड्दथ्यो। तर त्यसले कहीँ पनि शरण पाएन। केही समयपछि गोकर्णले अरू मानिसबाट धुन्धुकारी मरिसके भन्ने समाचार पाए।

अनाथं तं विदित्वैव गयाश्राद्धमचीकरत्।
यस्मिंस्तीर्थे तु संयाति तत्र श्राद्धमवर्तयत्॥ १९॥
एवं भ्रमन् स गोकर्णः स्वपुरं समुपेयिवान्।
रात्रौ गृहाङ्गणे स्वप्तुमागतोऽलक्षितः परैः॥ २०॥

पदार्थ–
तं = त्यस धुन्धुकारीलाई
अनाथं = अनाथ
विदित्वा एव = जानेर नै
गयाश्राद्धम् = गयाश्राद्ध
अचीकरत् = गरिदिए
यस्मिन् = जुन
तीर्थे तु = तीर्थमा त
संयाति = उनी जान्थे
तत्र = त्यहाँ
श्राद्धम् = श्राद्ध
अवर्तयत् = गरिदिन्थे
एवं = यसरी
भ्रमन् = घुम्दै
सः = ती
गोकर्णः = गोकर्ण
स्वपुरं = आफ्नो शहर
समुपेयिवान् = आइपुगे
रात्रौ = रातमा
परैः = अरूद्वारा
अलक्षितः = नदेखिएका
गृहाङ्गणे = घरको आँगनमा
स्वप्तुम् = सुत्न
आगतः = आए

वाक्यार्थ– गोकर्णले ती धुन्धुकारीलाई अनाथ हुन् भन्ने जानेर उनको उद्धारका लागि गयाश्राद्ध गरिदिए। जुन-जुन तीर्थमा उनी पुग्दथे त्यहाँ-त्यहाँ उसका लागि श्राद्ध गरिदिन्थे। यस प्रकार विभिन्न तीर्थहरूमा घुम्दै गर्दा उनी आफ्नै शहरमा आइपुगे। राती अर्काले थाहा नपाउने गरी उनी आफ्नै घरका आँगनमा सुत्ने विचारले आए।

तत्र सुप्तं स विज्ञाय धुन्धुकारी स्वबान्धवम्।
निशीथे दर्शयामास महारौद्रतरं वपुः॥ २१॥
सकृन्मेषः सकृद्धस्ती सकृच्च महिषोऽभवत्।
सकृदिन्द्रः सकृच्चाग्निः पुनश्च पुरुषोऽभवत्॥ २२॥
वैपरीत्यमिदं दृष्ट्वा गोकर्णो धैर्यसंयुतः।
अयं दुर्गतिकः कोऽपि निश्चित्याथ तमब्रवीत्॥ २३॥

पदार्थ–
सः = त्यस
धुन्धुकारी = धुन्धुकारीले

स्वबान्धवम् = आफ्ना भाइ
तत्र = त्यहाँ
सुप्तं = सुतेको
विज्ञाय = थाहा पाएर
निशीथे = रातमा
महारौद्रतरं = ज्यादै डरलाग्दो
वपुः = शरीर
दर्शयामास = देखाउन थाल्यो
सकृत् = कहिले
मेषः = भेडा
सकृत् = कहिले
हस्ती = हात्ती
सकृत् च = कहिले चाहिँ
महिषः = भैंसी
अभवत् = भयो
सकृत् च = कहिले चाहिँ
इन्द्रः = इन्द्र
अग्निः = आगो
पुनः = फेरि
सकृत् च = कहिले चाहिँ
पुरुषः = मानिस
अभवत् = भयो
इदं = यो
वैपरीत्यम् = विपरीत
अवस्थालाई
दृष्ट्वा = देखेर
गोकर्णः = गोकर्णले
अयं = यो
कः अपि = कुनै पनि
दुर्गतिकः = दुर्गतिमा प्राप्त भएको (जीव हो भन्ने)
निश्चित्य = निश्चय गरेर
धैर्यसंयुतः = धैर्यका साथ
अथ = त्यसपछि
तम् = त्यसलाई
अब्रवीत् = भने

वाक्यार्थ– धुन्धुकारीले आफ्ना भाइ आफ्ना घरमा आएर सुतेको थाहा पाएर मध्य रातको समयमा भयङ्कर डरलाग्दो रूप देखाउन थाल्यो। आफ्ना भाइ गोकर्णका अगाडि ऊ कहिले भेडाका रूपमा त कहिले हात्तीका रूपमा, अनि कहिले राँगाका रूपमा त कहिले इन्द्र, कहिले अग्नि र कहिले मान्छेका रूपमा देखा पर्न लाग्यो। उसका यी विभिन्न विपरीत आकृतिहरूलाई देखेर गोकर्णले यो कुनै दुर्गतिमा प्राप्त भएको जीवात्मा (प्रेतात्मा) हो भन्ने जानेर धैर्यपूर्वक त्यससँग सोधे।

गोकर्ण उवाच (गोकर्णले भने)

कस्त्वमुग्रतरो रात्रौ कुतो यातो दशामिमाम्।
किं वा प्रेतः पिशाचो वा राक्षसोऽसीति शंस नः॥ २४॥

पदार्थ–
रात्रौ = रातमा
उग्रतरः = डरलाग्दो रूपमा
त्वम् = तिमी
कः = को हौ
कुतः = के कारणले
इमाम् = यस
दशाम् = अवस्थामा
यातः = पुग्यौ
किं प्रेतः = के तिमी प्रेत हौ
पिशाचः वा = अथवा पिशाच
राक्षसः वा = राक्षस
असि = हौ
इति = यो कुरा
नः = मलाई
शंस = भन

वाक्यार्थ– यसरी रातको समयमा यस्तो डरलाग्दो रूपमा देखा पर्ने तिमी को हौ ? के कारणले तिमी यस्तो अवस्थामा पुगेका हौ ? के तिमी प्रेत हौ ? अथवा पिशाच हौ ? अथवा राक्षस पो हौ कि ? मलाई भन।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं पृष्टस्तदा तेन रुरोदोच्चैः पुनः पुनः।
अशक्तो वचनोच्चारे संज्ञामात्रं चकार ह ॥ २५ ॥

पदार्थ–
एवं = यस प्रकार
तेन = ती गोकर्णद्वारा
तदा = त्यस बेला
पृष्टः = सोधिएको (त्यो धुन्धुकारी)
उच्चैः = उच्च स्वरमा
पुनः पुनः = बारम्बार
रुरोद = रुन थाल्यो
वचनोच्चारे = बोल्नका लागि
अशक्तः = असमर्थ भएको उसले
संज्ञामात्रं ह = सङ्केत मात्र
चकार = गर्‍यो

वाक्यार्थ– यसरी गोकर्णले सोधेपछि त्यो धुन्धुकारी डाँको छोडेर बारम्बार रुन लाग्यो। बोली उच्चारण गर्न असमर्थ भएको हुनाले सङ्केत मात्रले आफ्नो वेदना पोख्न खोज्यो।

ततोऽञ्जलौ जलं कृत्वा गोकर्णस्तमुदैरयत्।
तत्सेकहतपापोऽसौ प्रवक्तुमुपचक्रमे ॥ २६ ॥

पदार्थ–
ततः = त्यसपछि
गोकर्णः = गोकर्णले
अञ्जलौ = अँजुलीमा
जलं कृत्वा = जल लिएर
तम् = त्यो धुन्धुकारीमाथि
उदैरयत् = अभिमन्त्रित जल छर्किए
तत्सेकहतपापः = त्यो जलसिञ्चनद्वारा पाप नष्ट भएको
असौ = त्यो धुन्धुकारी
प्रवक्तुम् = बोल्न
उपचक्रमे = सुरु गर्‍यो

वाक्यार्थ– त्यसपछि गोकर्णले आफ्ना अँजुलीमा अभिमन्त्रित जल लिएर उसमाथि छर्किदिए। त्यो जलसिञ्चनको प्रभावले केही पाप नष्ट भएको त्यो धुन्धुकारी बोल्न सक्ने भयो र ऊ बोल्न थाल्यो।

प्रेत उवाच (प्रेतले भन्यो)

अहं भ्राता त्वदीयोऽस्मि धुन्धुकारीति नामतः।
स्वकीयेनैव दोषेण ब्रह्मत्वं नाशितं मया ॥ २७ ॥
कर्मणो नास्ति संख्या मे महाज्ञाने विवर्तिनः।
लोकानां हिंसकः सोऽहं स्त्रीभिर्दुःखेन मारितः ॥ २८ ॥
अतः प्रेतत्वमापन्नो दुर्दशां च वहाम्यहम्।
वाताहारेण जीवामि दैवाधीनफलोदयात् ॥ २९ ॥
अहो बन्धो कृपासिन्धो भ्रातर्मामाशु मोचय।

गोकर्णो वचनं श्रुत्वा तस्मै वाक्यमथाब्रवीत् ॥ ३० ॥

पदार्थ–
अहं = म
नामतः धुन्धुकारी इति = धुन्धुकारी यो नाम भएको
त्वदीयः = तिम्रो
भ्राता = दाइ
अस्मि = हुँ
मया = मद्वारा
स्वकीयेन एव = आफ्नै
दोषेण = दोष (कुकर्म)का कारणले
ब्रह्मत्वं = ब्राह्मणत्व
नाशितं = नष्ट गरियो
महाज्ञाने = महान् अज्ञानमा
विवर्तिनः = चक्कर काटिरहने
मे = मेरो
कर्मणः = कुकर्मको
संख्या = संख्या
न अस्ति = छैन
लोकानां = मानिसहरूलाई
हिंसकः = मार्ने
सः अहं = त्यस्तो म
स्त्रीभिः = आइमाईहरूद्वारा
दुःखेन = कष्टपूर्वक
मारितः = मारिएँ
अतः = त्यसकारण
दैवाधीनफलोदयात् = दैवको अधीनमा रहेको फल उत्पन्न भएकाले
प्रेतत्वम् = प्रेत अवस्था
आपन्नः = प्राप्त गरेको
अहम् = म
दुर्दशां वहामि = दुर्दशा भोग्दैछु
वाताहारेण च = हावा खाएर चाहिँ
जीवामि = बाँचिरहेको छु
अहो = अहो
कृपासिन्धो = हे कृपासिन्धु
बन्धो = बन्धु
भ्रातः = हे भाइ
माम् = मलाई
आशु = चाँडै
मोचय = (यस प्रेत अवस्थाबाट) छुटाऊ
गोकर्णः = गोकर्णले
वचनं = यो कुरा
श्रुत्वा = सुनेर
अथ = त्यसपछि
तस्मै = त्यो धुन्धुकारीलाई
वाक्यम् = यो कुरा
अब्रवीत् = भने

वाक्यार्थ– म धुन्धुकारी नाम भएको तिम्रो दाइ हुँ। आफ्नै दोषका कारणले मैले आफ्नो ब्राह्मणत्वलाई नष्ट गरेँ। अज्ञानका महासागरमा चक्कर काट्ने मेरो कुकर्मको कुनै संख्या नै छैन। मैले धेरै मानिसहरूको ज्यान लिएँ। म वेश्या आइमाईहरूद्वारा अत्यन्त कष्टपूर्वक मारिएँ। त्यसै कारण प्रेत बनेर यो दुर्दशा भोगिरहेको छु। दैववश कर्मफलको उदय भएको हुनाले हावा मात्र खाएर बाँचिरहेको छु। हे भाइ ! दयाका सागर भएका तिमीले जतिसक्यो चाँडो मलाई यस प्रेत अवस्थाबाट छुटाइदिने कृपा गर। यसरी धुन्धुकारीको पुकार सुनेपछि गोकर्णले त्यसलाई भने।

गोकर्ण उवाच (गोकर्णले भने)

त्वदर्थं तु गयापिण्डो मया दत्तो विधानतः।
तत्कथं नैव मुक्तोऽसि ममाश्चर्यमिदं महत् ॥ ३१ ॥
गयाश्राद्धान्न मुक्तिश्चेदुपायो नापरस्त्विह ।
किं विधेयं मया प्रेत तत्त्वं वद सविस्तरम् ॥ ३२ ॥

पदार्थ–
मया = मद्वारा
त्वदर्थं तु = तिम्रा लागि त

विधानतः = विधिपूर्वक	**महत्** = ठुलो	**प्रेत** = हे प्रेत
गयापिण्डः = गयामा पिण्ड	**आश्चर्यम्** = आश्चर्यको कुरा हो	**मया** = मद्वारा
दत्तः = दिइयो	**गयाश्राद्धात्** = गयाश्राद्धबाट	**किं** = के
तत् कथं = त्यसो गर्दा पनि कसरी	**मुक्तिः** = मुक्ति	**विधेयं** = गरिनुपर्ला
मुक्तः = मुक्त	**न चेत्** = हुँदैन भने	**तत्** = त्यो
न एव असि = भएका छैनौ	**इह** = यहाँ	**त्वं** = तिमी
इदं = यो	**अपरः** = अर्को	**सविस्तरम्** = विस्तारपूर्वक
मम = मेरा लागि	**उपायः तु न** = उपाय त छैन	**वद** = भन

वाक्यार्थ– तिम्रा लागि मैले विधिपूर्वक गयामा पिण्डदान दिइसकेँ। तिमी किन यस प्रेत योनिबाट मुक्त भएनौ ? यसमा मलाई ठुलो आश्चर्य लागेको छ। गयाश्राद्धद्वारा पनि यदि तिम्रो मुक्ति भएन भने तिम्रो मुक्तिका लागि अरू कुनै विधान देखिँदैन। हे प्रेत ! तिम्रा लागि मैले अरू के उपाय गर्नुपर्ला, विस्तारपूर्वक मलाई भन।

प्रेत उवाच (प्रेतले भन्यो)

गयाश्राद्धशतेनापि मुक्तिर्मे न भविष्यति।
उपायमपरं कंचित् त्वं विचारय साम्प्रतम्॥ ३३॥

पदार्थ–

गयाश्राद्धशतेन अपि = सयौँ गयाश्राद्धद्वारा पनि	**मुक्तिः** = मुक्ति	**कंचित्** = कुनै
मे = मेरो	**न भविष्यति** = हुँदैन	**अपरं** = अर्को
	साम्प्रतम् = अहिले	**उपायम्** = उपाय
	त्वं = तिमी	**विचारय** = विचार गर

वाक्यार्थ– गयामा सय वटा श्राद्ध गरे पनि मेरो प्रेतयोनिबाट मुक्ति संभव छैन। त्यसैले अहिले तिमी मेरो मुक्तिका लागि अरू नै कुनै उपाय विचार गर।

इति तद्वाक्यमाकर्ण्य गोकर्णो विस्मयं गतः।
शतश्राद्धैर्न मुक्तिश्चेदसाध्यं मोचनं तव॥ ३४॥
इदानीं तु निजं स्थानमातिष्ठ प्रेत निर्भयः।
त्वन्मुक्तिसाधकं किंचिदाचरिष्ये विचार्य च॥ ३५॥

पदार्थ–

इति = यस प्रकार	**गोकर्णः** = गोकर्ण	**न चेत्** = हुँदैन भने
तद्वाक्यम् = त्यो प्रेतको कुरा	**विस्मयं गतः** = आश्चर्यमा परे	**तव** = तिम्रो
आकर्ण्य = सुनेर	**शतश्राद्धैः** = सयौँ श्राद्धद्वारा पनि	**मोचनं** = मुक्ति
	मुक्तिः = मुक्ति	**असाध्यं** = असंभव देखिन्छ

प्रेत = हे प्रेत
इदानीं तु = अहिले चाहिँ
निर्भयः = नडराइकन
निजं = आफ्नो
स्थानम् = ठाउँमा
आतिष्ठ = बस
विचार्य च = (म) विचार गरेर चाहिँ
त्वन्मुक्तिसाधकं = तिम्रो मुक्तिको साधन हुने
किंचित् = कुनै काम
आचरिष्ये = गर्नेछु

वाक्यार्थ– प्रेतको यस प्रकारको कुरा सुनेर गोकर्णलाई ठुलो आश्चर्य भयो। सयौँ गया श्राद्धद्वारा पनि यदि तिम्रो मोक्ष हुँदैन भने तिम्रो मोक्ष असम्भव देखिन्छ। हे प्रेत ! तिमी निर्भय भएर अहिले आफ्नो ठाउँमा गएर बस। म विचार गरेर तिम्रो मोक्षका लागि केही उपाय गर्नेछु।

धुन्धुकारी निजस्थानं तेनादिष्टस्ततो गतः।
गोकर्णश्चिन्तयामास तां रात्रिं न तदध्यगात्॥ ३६ ॥
प्रातस्तमागतं दृष्ट्वा लोकाः प्रीत्या समागताः।
तत् सर्वं कथितं तेन यज्जातं च यथा निशि॥ ३७ ॥
विद्वांसो योगनिष्ठाश्च ज्ञानिनो ब्रह्मवादिनः।
तन्मुक्तिं नैव तेऽपश्यन् पश्यन्तः शास्त्रसंचयान्॥ ३८ ॥

पदार्थ–
तेन = ती गोकर्णद्वारा
आदिष्टः = आदेश दिइएको
धुन्धुकारी = धुन्धुकारी
निजस्थानं = आफ्नो ठाउँमा
गतः = गयो
ततः = त्यसपछि
गोकर्णः = गोकर्णले
तां रात्रिं = त्यो रात
चिन्तयामास = विचार गरे (तर)
तत् न अध्यगात् = धुन्धुकारीको मुक्तिको उपाय केही सुझेन
प्रातः = बिहान
तम् = उनी
आगतं = आएको
दृष्ट्वा = देखेर
लोकाः = मानिसहरू
प्रीत्या = प्रेमपूर्वक
समागताः = आए
निशि = रातमा
यत् = जुन घटना
यथा = जसरी
जातं = घटेको थियो (भएको थियो)
तेन = उनीद्वारा
तत् सर्वं च = त्यो सबै नै
कथितं = भनियो
विद्वांसः = विद्वान्हरू
योगनिष्ठाः = योगीहरू
ज्ञानिनः = ज्ञानीहरू
ब्रह्मवादिनः च = वेदज्ञहरूले पनि
शास्त्रसंचयान् = धेरै शास्त्रहरू
पश्यन्तः = हेर्दा पनि
ते = तिनीहरूले
तन्मुक्तिं = त्यो धुन्धुकारीको मुक्तिको उपाय
न एव अपश्यन् = पत्ता लगाउन सकेनन्

वाक्यार्थ– यसरी गोकर्णले आदेश दिएपछि धुन्धुकारी आफ्नो ठाउँमा गएर बस्यो। गोकर्णले रातभर त्यसको मोक्षको उपाय के हुन सक्ला भनेर सोचे तर उनको मनमा कुनै पनि उपाय सुझेन। भोलिपल्ट बिहान गोकर्ण आएको थाहा पाएर उनलाई भेट्नका लागि वरिपरिका मानिसहरू अत्यन्त प्रेमपूर्वक आए। गोकर्णले उनीहरूलाई रातमा घटेको सम्पूर्ण घटना बताए। त्यहाँ आएका विद्वान्, योगी, ज्ञानी र वेदज्ञहरूले विभिन्न शास्त्रहरू पल्टाएर हेरे, परन्तु

धुन्धुकारीको मोक्षको उपाय कसैले पनि पत्ता लगाउन सकेन।

ततः सर्वैः सूर्यवाक्यं तन्मुक्तौ स्थापितं परम्।
गोकर्णः स्तम्भनं चक्रे सूर्यवेगस्य वै तदा॥ ३९॥
तुभ्यं नमो जगत्साक्षिन् ब्रूहि मे मुक्तिहेतुकम्।
तच्छ्रुत्वा दूरतः सूर्यः स्फुटमित्यभ्यभाषत॥ ४०॥
श्रीमद्भागवतान्मुक्तिः सप्ताहं वाचनं कुरु।
इति सूर्यवचः सर्वैर्धर्मरूपं तु विश्रुतम्॥ ४१॥
सर्वेऽब्रुवन् प्रयत्नेन कर्तव्यं सुकरं त्विदम्।
गोकर्णो निश्चयं कृत्वा वाचनार्थं प्रवर्तितः॥ ४२॥

पदार्थ–
ततः = त्यसपछि
सर्वैः = सबैद्वारा
तन्मुक्तौ = त्यो धुन्धुकारीको मुक्तिका लागि
सूर्यवाक्यं = सूर्यको वचन
परम् = अन्तिम प्रमाणका रूपमा
स्थापितं = निश्चित गरियो
तदा वै = त्यसै वेला
गोकर्णः = गोकर्णले
सूर्यवेगस्य = सूर्यको वेगलाई
स्तम्भनं चक्रे = रोके (र भने)
जगत्साक्षिन् = हे जगत्का साक्षी
तुभ्यं = तपाईंलाई
नमः = नमस्कार
मे = मलाई
मुक्तिहेतुकम् = धुन्धुकारीको मुक्तिको कारण
ब्रूहि इति = भन्नुहोस्
तत् = त्यो
श्रुत्वा = सुनेर
सूर्यः = सूर्यले
दूरतः = टाढैबाट
स्फुटम् = स्पष्टसँग
अभ्यभाषत = भन्नुभयो
श्रीमद्भागवतात् = श्रीमद्भागवतबाट नै
मुक्तिः = मुक्ति हुन्छ
सप्ताहं = सात दिनसम्म
वाचनं = वाचन
कुरु = गर्नुहोस्
इति = यस प्रकार
सर्वैः तु = सबैद्वारा नै
धर्मरूपं = धर्मस्वरूप भएको
सूर्यवचः = सूर्यको वाणी
विश्रुतम् = सुनियो
सर्वे = सबैले
अब्रुवन् = भने
इदम् तु = यो उपाय चाहिँ
सुकरं = सजिलो छ
प्रयत्नेन = प्रयत्नका साथ
कर्तव्यं = गर्नुपर्छ
गोकर्णः = गोकर्ण
निश्चयं = निश्चय
कृत्वा = गरेर
वाचनार्थं = भागवत वाचनका लागि
प्रवर्तितः = तयार भए

वाक्यार्थ– त्यसपछि त्यहाँ भेला भएका सम्पूर्ण व्यक्तिहरूले भगवान् सूर्यले जे भन्नुहुन्छ त्यो वाक्य नै धुन्धुकारीको मुक्तिका विषयमा अन्तिम प्रमाणका रूपमा मान्नुपर्छ भनी निश्चय गरे। उनीहरूको यस्तो निर्णय सुनेपछि गोकर्णले सूर्यको वेगलाई आफ्नो तपोबलले रोकेर यस प्रकार प्रार्थना गरे– 'हे भगवान् सूर्य! तपाईं जगत्को साक्षी हुनुहुन्छ, यस्ता तपाईंलाई नमस्कार छ।

धुन्धुकारीको मुक्तिको उपाय मलाई बताइदिनुहोस्।' गोकर्णको यस्तो प्रार्थना सुनेर भगवान् सूर्यले अत्यन्त स्पष्टसँग यस प्रकार भन्नुभयो– 'श्रीमद्भागवत सुनेपछि मुक्ति हुन्छ। त्यसैकारण सप्ताहवाचन गर्नुहोस्।' भगवान् सूर्यको यस्तो धर्मरूप वचनलाई सुनेर त्यहाँ भेला भएका सम्पूर्ण व्यक्तिहरूले यस कुरालाई समर्थन गर्दै भने– 'यो अत्यन्त सजिलो उपाय हो, यसलाई प्रयत्नपूर्वक सम्पन्न गर्नुपर्छ।' उनीहरूको यस्तो निर्णय सुनेपछि गोकर्ण भागवत श्रवण गराउन तयार भए।

तत्र संश्रवणार्थाय देशग्रामाज्जना ययुः।
पङ्ग्वन्धवृद्धमन्दाश्च तेऽपि पापक्षयाय वै॥ ४३॥
समाजस्तु महाञ्जातो देवविस्मयकारकः।
यदैवासनमास्थाय गोकर्णोऽकथयत् कथाम्॥ ४४॥

पदार्थ–
यदा = जब
गोकर्णः = गोकर्ण
आसनम् = आसनमा
आस्थाय = बसेर
कथाम् = कथा
अकथयत् = भन्न लागे (त्यस वेला)
तत्र = त्यहाँ
संश्रवणार्थाय = कथा सुन्नका लागि
देशग्रामात् = विभिन्न ठाउँ र विभिन्न गाउँहरूबाट
जनाः = मानिसहरू
ययुः = आइपुगे
पङ्ग्वन्धवृद्धमन्दाः च = (जो) लङ्गडा, अन्धा, वृद्ध र मन्दबुद्धि भएकाहरू पनि (छन्)
ते अपि = तिनीहरू पनि
पापक्षयाय = पाप नाश गर्नका लागि (आए)
वै = निश्चय नै
देवविस्मयकारकः = देवताहरूलाई समेत आश्चर्यचकित गराउने
महान् = ठुलो
समाजः तु = जमात (भेला) त
जातः एव = भयो नै

वाक्यार्थ– जब गोकर्ण आसनमा बसेर श्रीमद्भागवतको कथा सुनाउन लागे तब श्रीमद्भागवतको कथा सुन्नका लागि विभिन्न देश र गाउँहरूबाट धेरै मानिसहरू आए। लङ्गडा, अन्धा, बुढा र मन्दबुद्धि भएका मानिसहरू पनि आफ्नो पाप नाश गर्नका लागि त्यहाँ आए। देवताहरूलाई समेत आश्चर्यचकित गराउने ठुलो समाज त्यहाँ एकत्रित भयो।

स प्रेतोऽपि तदायातः स्थानं पश्यन्नितस्ततः।
सप्तग्रन्थियुतं तत्रापश्यत् कीचकमुच्छ्रितम्॥ ४५॥
तन्मूलच्छिद्रमाविश्य श्रवणार्थं स्थितो ह्यसौ।
वातरूपी स्थितिं कर्तुमशक्तो वंशमाविशत्॥ ४६॥

पदार्थ–
सः = त्यो
प्रेतः अपि = प्रेत पनि
तदा = त्यस वेला
इतः ततः = यता–उता
स्थानं = बस्ने ठाउँ
पश्यन् = खोज्दै
आयातः = आइपुग्यो
तत्र = त्यहाँ
सप्तग्रन्थियुतं = सातवटा आँखलाहरूले युक्त
उच्छ्रितम् = उभ्याइएको

कीचकम् = बाँस	**असौ** = त्यो प्रेत	**स्थितिं कर्तुम्** = (अन्यत्र) एक ठाउँमा बस्न
अपश्यत् = देख्यो	**श्रवणार्थं** = कथा सुन्नका लागि	**अशक्तः** = नसक्ने हुनाले
तन्मूलच्छिद्रम् = त्यस बाँसको फेदको प्वालमा	**स्थितः** = बस्यो	**वंशम्** = बाँसमा
आविश्य = प्रवेश गरेर	**हि** = निश्चय नै	**आविशत्** = प्रवेश गर्‍यो
	वातरूपी = वायुरूप प्रेतले	

वाक्यार्थ– आसनमा बसेर गोकर्णले श्रीमद्भागवतको कथा सुनाउन थालेपछि प्रेत योनिमा पुगेको त्यो धुन्धुकारी पनि यताउति बस्ने ठाउँ खोज्दै त्यहाँ आइपुग्यो। उसले सात वटा आँखला भएको त्यहीं उभ्याइएको एउटा बाँस देख्यो। वायुरूप भएकाले बाहिर अन्यत्र कहीँ पनि ऊ बस्न सक्दैनथ्यो अतः ऊ त्यही बाँसको फेदको प्वालभित्र पस्यो।

वैष्णवं ब्राह्मणं मुख्यं श्रोतारं परिकल्प्य सः।

प्रथमस्कन्धतः स्पष्टमाख्यानं धेनुजोऽकरोत्॥ ४७॥

पदार्थ–

सः = ती	**मुख्यं** = मुख्य	**स्पष्टम्** = स्पष्ट स्वरले
धेनुजः = गोकर्णले	**श्रोतारं** = श्रोता	**आख्यानं अकरोत्** = कथा भन्न थाले
वैष्णवं = विष्णुभक्त	**परिकल्प्य** = बनाएर	
ब्राह्मणं = ब्राह्मणलाई	**प्रथमस्कन्धतः** = पहिलो स्कन्धदेखि	

वाक्यार्थ– ती गोकर्णले एक जना विष्णुभक्त ब्राह्मणलाई मुख्य श्रोता बनाएर प्रथम स्कन्धदेखि अत्यन्त स्पष्ट स्वरले कथा भन्न लागे।

दिनान्ते रक्षिता गाथा तदा चित्रं बभूव ह।

वंशैकग्रन्थिभेदोऽभूत् सशब्दं पश्यतां सताम्॥ ४८॥

द्वितीयेऽह्नि तथा सायं द्वितीयग्रन्थिभेदनम्।

तृतीयेऽह्नि तथा सायं तृतीयग्रन्थिभेदनम्॥ ४९॥

एवं सप्तदिनैश्चैव सप्तग्रन्थिविभेदनम्।

कृत्वा स द्वादशस्कन्धश्रवणात् प्रेततां जहौ॥ ५०॥

पदार्थ–

दिनान्ते = साँझ परेपछि (जब)	**चित्रं** = आश्चर्यलाग्दो घटना	**सशब्दं** = ठुलो आवाजका साथ
गाथा रक्षिता = कथाको विश्राम हुन्थ्यो	**बभूव** = भयो	**वंशैकग्रन्थिभेदः अभूत्** = बाँसको एउटा आँखलो फुट्यो
तदा = त्यस वेला	**ह** = निश्चय नै	**तथा** = त्यस्तै
	सताम् पश्यतां = सज्जनहरूले हेर्दाहेर्दै	**द्वितीये** = दोस्रो

अह्नि = दिनमा
सायं = साँझमा
द्वितीयग्रन्थिभेदनम् = दोस्रो आँखलो फुट्यो
तथा = त्यसै गरी
तृतीये = तेस्रो
अह्नि = दिन
सायं = साँझमा
तृतीयग्रन्थिभेदनम् = तेस्रो आँखलो फुट्यो
एवं = यसरी
सप्तदिनैः = सात दिनसम्ममा
सप्तग्रन्थिविभेदनम् च एव कृत्वा = सातै आँखलाहरू फुट्ने काम भएपछि
द्वादशस्कन्धश्रवणात् = भागवतको बाह्रै स्कन्ध सुनेपछि
सः = त्यो धुन्धुकारीले
प्रेततां = प्रेत अवस्था
जहौ = त्याग्यो

वाक्यार्थ– साँझ पर्नासाथ कथाको विश्राम भएपछि एउटा कस्तो आश्चर्य लाग्दो घटना घट्यो भने सबै सज्जनहरूले हेर्दा–हेर्दै ठुलो आवाज गरेर बाँसको एउटा आँखलो फुट्यो। त्यसै गरी दोस्रो दिनको साँझमा दोस्रो आँखलो, तेस्रो दिनको साँझमा तेस्रो आँखलो फुट्यो। यसै गरी क्रमैसँग सातौँ दिनमा सातौँ आँखलो फुट्यो। यस प्रकार बाह्रै स्कन्धको कथा श्रवण गरेपछि धुन्धुकारीले प्रेत अवस्था त्याग्यो।

दिव्यरूपधरो जातस्तुलसीदाममण्डितः।
पीतवासा घनश्यामो मुकुटी कुण्डलान्वितः॥ ५१॥
ननाम भ्रातरं सद्यो गोकर्णमिति चाब्रवीत्।
त्वयाहं मोचितो बन्धो कृपया प्रेतकश्मलात्॥ ५२॥
धन्या भगवती वार्ता प्रेतपीडाविनाशिनी।
सप्ताहोऽपि तथा धन्यः कृष्णलोकफलप्रदः॥ ५३॥
कम्पन्ते सर्वपापानि सप्ताहश्रवणे स्थिते।
अस्माकं प्रलयं सद्यः कथा चेयं करिष्यति॥ ५४॥

पदार्थ–
दिव्यरूपधरः = (त्यो धुन्धुकारी) दिव्य रूप धारण गरेको
तुलसीदाममण्डितः = तुलसीको मालाद्वारा सुशोभित भएको
पीतवासा = पहेँलो कपडा लगाएको
घनश्यामः = मेघको वर्णजस्तै श्याम वर्ण भएको
मुकुटी = मुकुट लगाएको
कुण्डलान्वितः = कुण्डलहरू लगाएको
जातः = भयो
सद्यः = तुरुन्तै
भ्रातरं = भाइ
गोकर्णम् = गोकर्णलाई
ननाम = नमस्कार गऱ्यो र
बन्धो = हे भाइ
कृपया = कृपा गरेर
त्वया = तिमीद्वारा
अहं = म
प्रेतकश्मलात् = प्रेत हुँदाको यातनाबाट
मोचितः = मुक्त गरिएको छु
इति = यसो
अब्रवीत् च = भन्यो पनि
प्रेतपीडाविनाशिनी = प्रेतत्वको पीडाबाट छुटाउने
भगवती वार्ता = भागवतको कथा

धन्या = धन्य छ
तथा = त्यसै गरी
कृष्णलोकफलप्रदः = श्रीकृष्णको लोकरूप फल प्राप्त गराउने
सप्ताहः अपि = सप्ताह पनि
धन्यः = धन्य छ
सप्ताहश्रवणे = (कुनै व्यक्ति) सप्ताह श्रवण गर्न
स्थिते = बसेपछि
इयं = यस
कथा = कथाले
सद्यः = तुरुन्तै
अस्माकं = हाम्रो
प्रलयं च = नाश पनि
करिष्यति = गर्नेछ (भनेर)
सर्वपापानि = सबै पापहरू
कम्पन्ते = काँप्न थाल्दछन्

वाक्यार्थ— त्यो धुन्धुकारी त दिव्य रूप धारण गरेर भागवत ज्ञानयज्ञका सज्जनहरूका अगाडि प्रकट भयो। उसको शरीर मेघको वर्णझैँ श्यामवर्णको थियो, उसको घाँटी तुलसीका मालाले सुशोभित थियो, उसले शरीरमा पीताम्बर धारण गरेको थियो, उसको शिरमा मुकुट र कानमा कुण्डलहरू शोभायमान थिए। उसले तत्कालै आफ्नो भाइ गोकर्णलाई नमस्कार गर्दै भन्यो— 'हे भाइ ! तिमीले मलाई प्रेत योनिबाट छुटायौ, प्रेतयोनिको पीडालाई नाश गर्ने श्रीमद्भागवतको कथा त धन्य रहेछ। भगवान् श्रीकृष्णको धामलाई प्राप्त गराउने सप्ताहयज्ञ पनि धन्य रहेछ। जब कुनै मुमुक्षु श्रीमद्भागवत सप्ताह श्रवण गर्न लाग्दछ तब सबै प्रकारका पापहरू अब यस कथाले हामीहरूको सर्वनाश गर्नेछ भन्ने डरले थर्थर् काँप्न थाल्दछन्।'

आर्द्रं शुष्कं लघु स्थूलं वाङ्मनःकर्मभिः कृतम्।
श्रवणं विदहेत् पापं पावकः समिधो यथा॥ ५५॥
अस्मिन् वै भारते वर्षे सूरिभिर्देवसंसदि।
अकथाश्राविणां पुंसां निष्फलं जन्म कीर्तितम्॥ ५६॥
किं मोहतो रक्षितेन सुपुष्टेन बलीयसा।
अध्रुवेण शरीरेण शुकशास्त्रकथां विना॥ ५७॥

पदार्थ—
यथा = जसरी
पावकः = आगोले
आर्द्रं = चिसो
शुष्कं = सुकेको
लघु = सानो
स्थूलं = ठुलो
समिधः = समिधा (दाउरा)लाई
विदहेत् = डढाउँछ (त्यसै गरी)
श्रवणं = श्रीमद्भागवतको श्रवणले
वाङ्मनःकर्मभिः = बोली, मन र कर्मद्वारा
कृतम् = गरिएको
पापं = पापलाई (डढाउँछ)
सूरिभिः = विद्वान्हरूद्वारा
देवसंसदि = देवताहरूको सभामा
अस्मिन् = यो
भारते वर्षे = भारत वर्षमा
अकथाश्राविणां = श्रीमद्भागवतको कथा श्रवण नगर्ने
पुंसां = मानिसहरूको
जन्म = जन्म
निष्फलं वै = निष्फल नै (हुन्छ भनेर)
कीर्तितम् = बताइएको छ
शुकशास्त्रकथां विना = श्रीमद्भागवतको कथा श्रवण नगरिकन
मोहतः = मोहपूर्वक
रक्षितेन = रक्षा गरिएको

सुपुष्टेन = अत्यन्त पुष्ट
बलीयसा = बलियो
अध्रुवेण = असत्य
शरीरेण किं = शरीरको के प्रयोजन

वाक्यार्थ– जसरी आगोले चिसो अथवा सुकेको, सानो अथवा ठुलो जस्तोसुकै खालको दाउरालाई पनि खरानी पारिदिन्छ; त्यसै गरी श्रीमद्भागवतको कथा सुन्नाले पनि मन, वचन र कर्मद्वारा गरिएका सम्पूर्ण पापलाई नष्ट गरिदिन्छ। विद्वान्हरूले त देवताहरूका सभामा के भनेका छन् भने भारतवर्षमा जन्मेर पनि श्रीमद्भागवतको कथा श्रवण नगर्ने मानिसहरूको जन्म त निष्फल नै हो। जसले श्रीमद्भागवतको कथा श्रवण चाहिँ नगरी केवल मोहपूर्वक शरीरको रक्षा गर्दछन्, त्यस्ता व्यक्तिको अत्यन्त पुष्ट, बलियो अनि असत्य शरीरको के प्रयोजन छ र ?

अस्थिस्तम्भं स्नायुबद्धं मांसशोणितलेपितम् ।
चर्मावनद्धं दुर्गन्धं पात्रं मूत्रपुरीषयोः ॥ ५८ ॥
जराशोकविपाकार्तं रोगमन्दिरमातुरम् ।
दुष्पूरं दुर्धरं दुष्टं सदोषं क्षणभङ्गुरम् ॥ ५९ ॥
कृमिविड्भस्मसंज्ञान्तं शरीरमिति वर्णितम् ।
अस्थिरेण स्थिरं कर्म कुतोऽयं साधयेन्न हि ॥ ६० ॥

पदार्थ–
अस्थिस्तम्भं = हाडरूपी खम्बा भएको
स्नायुबद्धं = नसाहरूद्वारा जेलिएको
मांसशोणितलेपितम् = मासु र रगतले लेपिएको
चर्मावनद्धं = छालाले ढाकिएको
दुर्गन्धं = गनाउने
मूत्रपुरीषयोः = दिसा–पिशाबको
पात्रं = भाँडो
जराशोकविपाकार्तं = बुढ्याइँ र शोकका कारणले परिणाममा दुःख दिने
रोगमन्दिरम् = रोगको मन्दिर
आतुरम् = कामनाद्वारा पीडित
दुष्पूरं = कहिल्यै तृप्त नहुने
दुर्धरं = धारण गर्न कठिन
दुष्टं = दुष्ट
सदोषं = दोषै दोषले भरिएको
क्षणभङ्गुरम् = प्रत्येक क्षणमा नष्ट भइरहने
कृमिविड्भस्मसंज्ञान्तं = अन्त्यमा किरा, बिष्टा या खरानीका रूपमा परिणत हुने
शरीरम् इति = शरीर हो भनेर
वर्णितम् = वर्णन गरिएको छ
अयं = यो व्यक्तिले
अस्थिरेण हि = अस्थिर शरीरद्वारा नै
स्थिरं कर्म = स्थायी काम
कुतः = किन
न साधयेत् = सम्पन्न नगर्ने

वाक्यार्थ– यो शरीर एउटा घर हो। यस घरमा रोगै–रोगहरू बस्दछन्। हाडहरू यस घरका आधारस्तम्भ हुन्। नसारूप डोरीले यो सबैतिरबाट बाँधिएको छ। मासु र रगतले यो पोतिएको छ। माथिबाट छालाले ढाकिएको छ। मलमूत्रको थैलो यस शरीरका प्रत्येक अङ्गबाट दुर्गन्ध आउँछ। बुढ्याइँ र शोकका कारणले यो अन्त्यमा गएर दुःखदायी हुन्छ। कुनै न कुनै कामनाद्वारा यो सदाकाल पीडित छ र स्वयंमा भाररूप पनि छ। अनि यो केही छिनमा नै नाश हुने खालको छ। यस शरीरलाई मरेपछि गाडिदियो भने यसमा किराहरू पर्न थाल्दछन्, पशुपक्षीहरूले खाए भने

विष्टामा परिणत हुन्छ, आगोले पोलिदियो भने यो खरानीमा परिणत हुन्छ। यस्तो अस्थिर शरीरलाई प्राप्त गरेर मानिसले अविनाशी फल दिने शुभ कर्म किन नगर्ने ?

यत् प्रातः संस्कृतं चान्नं सायं तच्च विनश्यति ।
तदीयरससम्पुष्टे काये का नाम नित्यता ॥ ६१ ॥
सप्ताहश्रवणाल्लोके प्राप्यते निकटे हरिः ।
अतो दोषनिवृत्त्यर्थमेतदेव हि साधनम् ॥ ६२ ॥
बुद्बुदा इव तोयेषु मशका इव जन्तुषु ।
जायन्ते मरणायैव कथाश्रवणवर्जिताः ॥ ६३ ॥

पदार्थ—
यत् = जुन
अन्नं = अन्न
प्रातः = बिहान
संस्कृतं = पकाइन्छ
तत् च = त्यो त
सायं = साँझमा
विनश्यति = सड्दछ
तदीयरससम्पुष्टे = त्यही अन्नको रसबाट पुष्ट भएको
काये च = शरीरमा चाहिँ
का नाम = कहाँको
नित्यता = नित्यता हुनु
लोके = संसारमा
सप्ताहश्रवणात् = सप्ताह श्रवण गर्नाले
हरिः = भगवान् श्रीहरि
निकटे = नजिकैमा
प्राप्यते = प्राप्त हुनुहुन्छ
अतः = त्यसकारण
दोषनिवृत्त्यर्थम् = दोषहरू हटाउनका लागि
एतत् एव हि = यही नै
साधनम् = साधन हो
कथाश्रवणवर्जिताः = श्रीमद्भागवतको कथा श्रवण गर्नबाट वञ्चित भएका मानिसहरू
तोयेषु = पानीमा
बुद्बुदाः इव = फोका जस्तै
जन्तुषु = प्राणीहरूमा
मशकाः इव = लामखुट्टेहरू जस्तै
मरणाय एव = मर्नका लागि नै
जायन्ते = जन्मन्छन्

वाक्यार्थ— बिहान पकाएको अन्न बेलुका सडेर जान्छ। त्यस्तो अन्न खाएर पुष्ट भएको यो शरीर कसरी नित्य होला ? सप्ताह सुन्यो भने त भगवान् नजिकै भेटिनुहुन्छ। त्यसकारण कलियुगका सम्पूर्ण दोषहरू निवृत्तिका लागि भागवत कथाको श्रवण गर्नु नै एक मात्र उपाय हो। भागवतको कथा श्रवण गर्नबाट वञ्चित भएका मनुष्यहरू पानीमा फोकाहरू उत्पन्न भएझैं, प्राणीहरूमा लामखुट्टे उत्पन्न भएझैं केवल मर्नका लागि मात्र जन्म लिन्छन्।

जडस्य शुष्कवंशस्य यत्र ग्रन्थिविभेदनम् ।
चित्रं किमु तदा चित्तग्रन्थिभेदः कथाश्रवात् ॥ ६४ ॥
भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्य कर्माणि सप्ताहश्रवणे कृते ॥ ६५ ॥
संसारकर्दमालेपप्रक्षालनपटीयसि ।

कथातीर्थे स्थिते चित्ते मुक्तिरेव बुधैः स्मृता ॥ ६६ ॥

पदार्थ–
कथाश्रवात् = (श्रीमद्भागवत) कथाको श्रवणले
जडस्य = जड
शुष्कवंशस्य = सुकेको बाँसको
यत्र = जब
ग्रन्थिविभेदनम् = आँखलो फुट्छ भने
तदा = त्यसमा
चित्तग्रन्थिभेदः = चित्तको ग्रन्थि भेदन हुन्छ भन्ने कुरामा
किमु = के
चित्रं = आश्चर्य छ र
सप्ताहश्रवणे कृते = सप्ताह श्रवण गरेपछि
हृदयग्रन्थिः = हृदयको ग्रन्थि
भिद्यते = भेदन हुन्छ
सर्वसंशयाः = सबै शङ्काहरू
छिद्यन्ते = नष्ट हुन्छन्
अस्य = कथा सुन्ने व्यक्तिका
कर्माणि च = कर्महरू पनि
क्षीयन्ते = नष्ट हुन्छन्
संसारकर्दमालेपप्रक्षालन-पटीयसि = संसाररूपी हिलो लेपिएकोलाई पखाल्न समर्थ
कथातीर्थे = कथारूपी तीर्थमा
चित्ते = चित्त
स्थिते = स्थिर भएर रहेपछि
मुक्तिः एव = मुक्ति नै (हुन्छ भनी)
बुधैः = विद्वान्हरूद्वारा
स्मृता = निश्चय गरिएको छ

वाक्यार्थ– भागवतको कथा श्रवण गर्नाले जड स्वभाव भएको सुकेको बाँसको आँखलो त फुट्दोरहेछ भने पग्लने स्वभाव भएको चित्तको ग्रन्थि भेदन हुनुमा कुनै आश्चर्य मान्नुपर्ने कुरै छैन। सप्ताह श्रवण गरेपछि हृदयको ग्रन्थिभेदन हुन्छ, सम्पूर्ण शङ्काहरूको समाधान हुन्छ र सम्पूर्ण कर्महरू पनि नष्ट हुन्छन्। संसाररूपी हिलोलाई पखाल्न समर्थ भएको कथारूपी तीर्थमा चित्त स्थिर भएपछि कथाश्रवण गर्ने व्यक्तिको मुक्ति अवश्य नै हुन्छ भनी विद्वान्हरूले निश्चय गरेका छन्।

एवं ब्रुवति वै तस्मिन् विमानमागमत् तदा ।
वैकुण्ठवासिभिर्युक्तं प्रस्फुरद्दीप्तिमण्डलम् ॥ ६७ ॥
सर्वेषां पश्यतां भेजे विमानं धुन्धुलीसुतः ।
विमाने वैष्णवान् वीक्ष्य गोकर्णो वाक्यमब्रवीत् ॥ ६८ ॥

पदार्थ–
एवं वै = यस प्रकार
तस्मिन् ब्रुवति = त्यो धुन्धुकारीले बोलिरहँदा
तदा = त्यस वेला
प्रस्फुरद्दीप्तिमण्डलम् = चारैतिर मण्डलाकार प्रकाश फैलाउँदै
वैकुण्ठवासिभिः = वैकुण्ठवासीहरूद्वारा
युक्तं = सहित भएको
विमानम् = विमान
आगमत् = आयो
सर्वेषां पश्यतां = सबै मानिसले हेर्दाहेर्दै
धुन्धुलीसुतः = धुन्धुलीको छोरो धुन्धुकारी
विमानं = विमानमा
भेजे = बसाइयो
विमाने = विमानमा
वैष्णवान् = विष्णुभक्तहरूलाई
वीक्ष्य = देखेर
गोकर्णः = गोकर्णले
वाक्यम् = यो कुरा
अब्रवीत् = भने

वाक्यार्थ– जब धुन्धुकारीले यस प्रकारसँग सप्ताहश्रवणको महिमा बताइरहेको थियो त्यसै समयमा चारैतिर मण्डलाकार प्रकाश फैलाउँदै वैकुण्ठनिवासी पार्षदहरूले युक्त भएको विमान

आइपुग्यो। सबैले हेर्दा–हेर्दै धुन्धुकारीलाई विमानमा विराजमान गराइयो। विमानमा विष्णुभक्त–हरूलाई देखेर गोकर्णले भने।

गोकर्ण उवाच (गोकर्णले भने)

अत्रैव बहवः सन्ति श्रोतारो मम निर्मलाः।

आनीतानि विमानानि न तेषां युगपत् कुतः॥ ६९॥

श्रवणं समभागेन सर्वेषामिह दृश्यते।

फलभेदः कुतो जातः प्रब्रुवन्तु हरिप्रियाः॥ ७०॥

पदार्थ–

हरिप्रियाः = हे भगवान् हरिका प्रिय पार्षदहरू
अत्र एव = यहाँ नै
बहवः = धेरै
निर्मलाः = शुद्ध चित्त भएका
श्रोतारः = श्रोताहरू
सन्ति = छन्
तेषां = तिनीहरूका लागि
विमानानि = विमानहरू
कुतः = किन
युगपत् = सँगसँगै
न आनीतानि = ल्याइएनन्
इह = यहाँ
सर्वेषाम् = सबैको
श्रवणं = सुनाइ
समभागेन = उस्तै किसिमको
दृश्यते = देखिन्छ
फलभेदः = फलमा भिन्नता
कुतः = कसरी
जातः = भयो
मम = मलाई
प्रब्रुवन्तु = भन्नुहोस्

वाक्यार्थ– हे भगवान् हरिका प्रिय पार्षदहरू ! यहाँ शुद्ध चित्त भएका अरू पनि धेरै मेरा कथाका श्रोताहरू छन्। ती श्रोताहरूका लागि पनि तपाईंहरूले सँगसँगै नै अरू विमानहरू किन ल्याउनुभएन ? सबै श्रोताहरूले उत्तिकै श्रद्धापूर्वक समभावले कथा श्रवण गरेका हुन् तर फलमा भने यो भिन्नता कसरी भयो ? यसको कारण मलाई बताइदिनुहोस्।

हरिदासा ऊचुः (श्रीहरिका पार्षदहरूले भने)

श्रवणस्य विभेदेन फलभेदोऽत्र संस्थितः।

श्रवणं तु कृतं सर्वैर्न तथा मननं कृतम्।

फलभेदस्ततो जातो भजनादपि मानद॥ ७१॥

पदार्थ–

मानद = हे मान दिने स्वभाव भएका गोकर्ण
अत्र = यहाँ
श्रवणस्य = श्रवणको
विभेदेन = भेदले
फलभेदः = फलमा भेद
संस्थितः = भएको हो
सर्वैः = सबैद्वारा
श्रवणं तु = श्रवण त
कृतं = गरियो
तथा = त्यसै प्रकारले
मननं = मनन
न कृतम् = गरिएन
ततः = त्यस कारणले गर्दा
भजनात् अपि = सँगै बसेर भजन गरे पनि
फलभेदः = फलमा भेद

जातः = भयो

वाक्यार्थ– हे गोकर्ण ! श्रवणमा भेद भएकाले फलमा भेद भएको हो। सुन्न त सबैले सुनेका छन् तर अरूले त्यस प्रकार मनन गरेनन्। अतः सँगसँगै बसेर भजन गरे तापनि फलमा भेद भएको हो।

सप्तरात्रमुपोष्यैव प्रेतेन श्रवणं कृतम्।
मननादि तथा तेन स्थिरचित्ते कृतं भृशम्॥ ७२॥
अदृढं च हतं ज्ञानं प्रमादेन हतं श्रुतम्।
संदिग्धो हि हतो मन्त्रो व्यग्रचित्तो हतो जपः॥ ७३॥
अवैष्णवो हतो देशो हतं श्राद्धमपात्रकम्।
हतमश्रोत्रिये दानमनाचारं हतं कुलम्॥ ७४॥
विश्वासो गुरुवाक्येषु स्वस्मिन् दीनत्वभावना।
मनोदोषजयश्चैव कथायां निश्चला मतिः॥ ७५॥
एवमादि कृतं चेत् स्यात् तदा वै श्रवणे फलम्।
पुनः श्रवान्ते सर्वेषां वैकुण्ठे वसतिर्ध्रुवम्॥ ७६॥

पदार्थ–

सप्तरात्रम् एव = सात रातसम्म नै
उपोष्य = निराहारपूर्वक
प्रेतेन = प्रेत (धुन्धुकारी)द्वारा
श्रवणं = सुन्ने काम
कृतम् = गरियो
तथा = त्यसै गरी
तेन = ऊद्वारा
स्थिरचित्ते = स्थिर चित्तमा
भृशम् = ज्यादै नै
मननादि = मनन आदि
कृतं = गरियो
अदृढं = दृढ नभएको
ज्ञानम् = ज्ञान
हतं = व्यर्थको हो
प्रमादेन = घमन्डपूर्वक
श्रुतम् च = सुनेको पनि
हतं = व्यर्थ हो
हि = निश्चय नै
संदिग्धः = शङ्काले भरिएको
मन्त्रः = मन्त्र
हतः = व्यर्थ हो
व्यग्रचित्तः = मन एकत्रित नभई गरिएको
जपः = जप
हतः = व्यर्थ हो
अवैष्णवः = विष्णुका भक्तहरू नभएको
देशः = ठाउँ
हतः = व्यर्थको हो
अपात्रकम् = अपात्रमा दिइएको
श्राद्धम् = श्राद्ध
हतम् = व्यर्थ हो
अश्रोत्रिये = वेद नपढेका ब्राह्मणमा
दानम् = दिइएको दान
हतं = व्यर्थ हो
अनाचारं = आचारले रहित भएको
कुलम् = कुल
हतं = व्यर्थको हो
गुरुवाक्येषु = गुरुका वाणीहरूमा
विश्वासः = विश्वास
स्वस्मिन् = आफूमा
दीनत्वभावना = दीनत्वको भाव
मनोदोषजयः = मनका

दोषहरूमाथि विजय	**कृतं चेत्** = गरेमा	**सर्वेषां वै** = सबैलाई नै
कथायां च एव = कथामा पनि	**श्रवणे** = श्रवणमा	**वैकुण्ठे** = वैकुण्ठमा
निश्चला = निश्चल	**फलम्** = फल	**वसतिः** = वास
मतिः = बुद्धि	**पुनः** = फेरि	**ध्रुवम्** = निश्चय नै
एवम् आदि = यस प्रकारका कामहरू	**श्रवान्ते** = सुनेपछि	**स्यात्** = हुनेछ
	तदा = त्यस वेला	

वाक्यार्थ– सात दिनसम्म केही पनि नखाईकन प्रेत धुन्धुकारीले राम्ररी सप्ताह श्रवण गऱ्यो। त्यसै गरी चित्तलाई एकाग्र बनाएर सुनेको कुराको मनन पनि गऱ्यो। त्यस कारण उसैका लागि यो विमान आएको हो। दृढ नभएको ज्ञान त व्यर्थको हुन्छ। प्रमादपूर्वकको श्रवण पनि व्यर्थको हुन्छ। मन डुलाएर गरिएको जप, विष्णुभक्तहरू नभएको देश, अपात्रमा गरिएको श्राद्ध, वेद नपढेका ब्राह्मणलाई दिइएको दान, आचारहीन कुल आदि सब व्यर्थकै हुन्। त्यस कारण गुरुवाक्यमा दृढ विश्वास, आफूमा दीनत्वको भावना, मनका दोषहरूमाथि विजय र कथाश्रवणमा निश्चल बुद्धि गरी श्रवण गरेमा श्रवणको राम्रो फल प्राप्त हुन्छ। फेरि एकपटक यसरी बताइएअनुसार सप्ताह श्रवण गर्नुहोस्। तपाईंहरू सबैलाई वैकुण्ठ प्राप्त हुन्छ। यसमा कत्ति पनि शङ्का छैन।

गोकर्ण तव गोविन्दो गोलोकं दास्यति स्वयम्।
एवमुक्त्वा ययुः सर्वे वैकुण्ठं हरिकीर्तनाः॥ ७७॥

पदार्थ–	**गोलोकं** = गोलोक	**हरिकीर्तनाः** = हरिकीर्तन गर्दै
गोकर्ण = हे गोकर्ण	**दास्यति** = दिनुहुनेछ	**वैकुण्ठं** = वैकुण्ठमा
तव = तपाईंलाई	**एवम्** = यसो	**ययुः** = गए
गोविन्दः = भगवान् श्रीकृष्णले	**उक्त्वा** = भनेर	
स्वयम् = आफैं	**सर्वे** = विमानमा बसेका सबै	

वाक्यार्थ– हे गोकर्णजी ! गोविन्द भगवान्ले तपाईंलाई गोलोक प्रदान गर्नुहुनेछ। यसो भनेर विमानमा बसेका सबै पार्षदहरू हरिकीर्तन गर्दै वैकुण्ठतिर लागे।

श्रावणे मासि गोकर्णः कथामूचे तथा पुनः।
सप्तरात्रवतीं भूयः श्रवणं तैः कृतं पुनः॥ ७८॥
कथासमाप्तौ यज्जातं श्रूयतां तच्च नारद॥ ७९॥
विमानैः सह भक्तैश्च हरिराविर्बभूव ह।
जयशब्दा नमःशब्दास्तत्रासन् बहवस्तदा॥ ८०॥
पाञ्चजन्यध्वनिं चक्रे हर्षात् तत्र स्वयं हरिः।

गोकर्णं तु समालिङ्ग्याकरोत् स्वसदृशं हरिः ॥ ८१ ॥

पदार्थ–
श्रावणे = श्रावण
मासि = महिनामा
गोकर्णः = गोकर्णले
पुनः = फेरि
तथा = त्यसै गरी
सप्तरात्रवतीं = सात रातसम्म
कथाम् = भागवत कथा
ऊचे = भने
तैः = ती पहिलाका श्रोताहरूद्वारा
पुनः = फेरि
भूयः = बारम्बार
श्रवणं = श्रवण
कृतं = गरियो
नारद = हे नारद
कथासमाप्तौ = कथा समाप्त भएपछि
यत् = जे
जातं = भयो
तत् च = त्यो पनि
श्रूयतां = सुन्नुहोस्
विमानैः = विमान र
भक्तैः च सह = भक्तहरूका साथमा
हरिः = भगवान् नारायण
ह आविर्बभूव = प्रकट हुनुभयो
तदा = त्यस वेला
तत्र = त्यहाँ
बहवः = धेरै
जयशब्दाः = जय शब्दहरू
नमःशब्दाः = नमः शब्दहरू
आसन् = भए (उच्चारण गरिए)
हर्षात् = खुसीका कारणले
तत्र = त्यहाँ
स्वयं = स्वयं
हरिः = भगवान् श्रीहरिले
पाञ्चजन्यध्वनिं चक्रे = पाञ्चजन्य शङ्ख बजाउनुभयो
हरिः तु = श्रीहरिले त
गोकर्णं = गोकर्णलाई
समालिङ्ग्य = अँगालो हालेर
स्वसदृशं = आफूजस्तै
अकरोत् = बनाउनुभयो

वाक्यार्थ– गोकर्णले फेरि अर्को पटक श्रावण महिनामा सात दिनसम्म भागवत कथा भने। ती पहिलेका श्रोताहरूले भगवान्का पार्षदहरूले बताएअनुसार विधिपूर्वक एकाग्रचित्त लगाएर मनन सहितको श्रवण गरे। कथा समाप्त भएपछि भगवान् नारायण आफैँ नै भक्तहरूले भरिएका विमानहरू लिएर कथास्थलमा प्रकट हुनुभयो। त्यस समयमा त्यहाँ धेरै बेरसम्म जयशब्द र नमःशब्दहरू उच्चारण गरिए। भगवान् नारायण अत्यन्त प्रसन्न भएर आफैँले पाञ्चजन्य शङ्ख बजाउनुभयो र गोकर्णलाई अँगालो हालेर उहाँले आफूजस्तै बनाउनुभयो।

श्रोतॄनन्यान् घनश्यामान् पीतकौशेयवाससः।
किरीटिनः कुण्डलिनस्तथा चक्रे हरिः क्षणात्॥ ८२ ॥
तद्ग्रामे ये स्थिता जीवा आश्वचाण्डालजातयः।
विमाने स्थापितास्तेऽपि गोकर्णकृपया तदा ॥ ८३ ॥
प्रेषिता हरिलोके ते यत्र गच्छन्ति योगिनः।
गोकर्णेन स गोपालो गोलोकं गोपवल्लभम्।
कथाश्रवणतः प्रीतो निर्ययौ भक्तवत्सलः॥ ८४ ॥

पदार्थ—
हरिः = भगवान् नारायणले
क्षणात् = त्यही क्षणमा नै
अन्यान् = अरू
श्रोतॄन् = श्रोताहरूलाई
घनश्यामान् = मेघको वर्ण जस्तै श्याम वर्णका
पीतकौशेयवाससः = पहेँलो रेसमी वस्त्र लगाएका
किरीटिनः = किरीटधारी
तथा = त्यस्तै
कुण्डलिनः = कुण्डलधारी
चक्रे = बनाउनुभयो
तदा = त्यस वेला
तद्ग्रामे = त्यस गाउँमा
ये = जो
आश्वचाण्डालजातयः = कुकुर, चाण्डाल आदि जातका
जीवाः = जीवहरू
स्थिताः = रहेका थिए
ते अपि = तिनीहरू पनि
गोकर्णकृपया = गोकर्णको कृपाले
विमाने = विमानमा
स्थापिताः = राखिए
ते = तिनीहरू
हरिलोके = वैकुण्ठ लोकमा
प्रेषिताः = पठाइए
यत्र = जहाँ
योगिनः = योगीहरू
गच्छन्ति = जान्छन्
कथाश्रवणतः = कथा सुनेर
प्रीतः = खुसी भएका
भक्तवत्सलः = भक्तहरूलाई माया गर्ने
सः = ती
गोपालः = भगवान् श्रीकृष्ण
गोकर्णेन = गोकर्णका साथ
गोपवल्लभम् = गोपहरूलाई अत्यन्त प्यारो लाग्ने
गोलोकं = गोलोक धाममा
निर्ययौ = जानुभयो

वाक्यार्थ— अरू श्रोताहरूलाई भगवान् नारायणले त्यही क्षणमा मेघको वर्ण जस्तै श्याम वर्ण भएका, पहेँलो रेसमी वस्त्र लगाएका, किरीट, कुण्डल आदि आभूषण लगाएका बनाइदिनुभयो। त्यस गाउँमा बस्ने कुकुर र चाण्डालहरूलाई समेत गोकर्णका इच्छाअनुसार विमानमा राखेर भगवान्ले वैकुण्ठधाममा पठाइदिनुभयो। कथाश्रवणबाट प्रसन्न हुनुभएका भक्तवत्सल भगवान् श्रीकृष्ण गोकर्णलाई साथमा लिएर त्यसै गरी गोपहरूलाई अत्यन्त प्यारो लाग्ने गोलोकधाम जानुभयो।

अयोध्यावासिनः पूर्वं यथा रामेण संगताः।
तथा कृष्णेन ते नीता गोलोकं योगिदुर्लभम्॥ ८५॥
यत्र सूर्यस्य सोमस्य सिद्धानां न गतिः कदा।
तं लोकं हि गतास्ते तु श्रीमद्भागवतश्रवात्॥ ८६॥

पदार्थ—
पूर्वं = पहिले
यथा = जसरी
अयोध्यावासिनः = अयोध्यावासीहरू
रामेण संगताः = भगवान् रामचन्द्रका साथ (साकेतधाम) गएका थिए
तथा = त्यसै गरी
ते = तिनीहरू
कृष्णेन = श्रीकृष्णद्वारा
योगिदुर्लभम् = योगीहरूका लागि पनि दुर्लभ
गोलोकं = गोलोक धाम
नीताः = लगिए
यत्र = जहाँ
सूर्यस्य = सूर्यको
सोमस्य = चन्द्रमाको
सिद्धानां = सिद्धहरूको
गतिः = गति
कदा = कहिल्यै (पनि)
न = छैन (हुन सक्दैन)
श्रीमद्भागवतश्रवात् = श्रीमद्भागवतको श्रवणले

ते तु = तिनीहरू त	**लोकं** = लोकमा
तं हि = त्यही नै	**गताः** = गए

वाक्यार्थ— जसरी पूर्वकालमा अयोध्यावासीहरूलाई साथमा लिएर भगवान् साकेतधाम जानुभएको थियो त्यसरी नै भगवान् श्रीकृष्णले पनि श्रीमद्भागवतको श्रवण गर्ने व्यक्तिहरूलाई जुन गोलोकमा सूर्य, चन्द्र अनि ठुला-ठुला योगीहरूको पनि प्रवेश हुन सक्दैन त्यस्तो लोकमा लिएर जानुभयो।

ब्रूमोऽत्र ते किं फलवृन्दमुज्ज्वलं सप्ताहयज्ञेन कथासु संचितम्।
कर्णेन गोकर्णकथाक्षरो यैः पीतश्च ते गर्भगता न भूयः॥ ८७॥
वाताम्बुपर्णाशनदेहशोषणैस्तपोभिरुग्रैश्चिरकालसंचितैः।
योगैश्च संयान्ति न तां गतिं वै सप्ताहगाथाश्रवणेन यान्ति याम्॥ ८८॥

पदार्थ—	**गोकर्णकथाक्षरः** = गोकर्णले	**तां** = त्यो (अवस्थामा)
सप्ताहयज्ञेन = सप्ताह यज्ञद्वारा	भनेको कथाको एक अक्षर पनि	**वै** = निश्चय नै
कथासु = कथामा	**पीतः** = पिइएको थियो	**वाताम्बुपर्णाशनदेहशोषणैः** =
संचितम् = जम्मा गरिएको	**ते च** = तिनीहरू पनि	हावा, पानी र पातहरू मात्र
उज्ज्वलं = उज्ज्वल	**भूयः** = बारम्बार	खाएर शरीरलाई सुकाउने
फलवृन्दम् = फलको समूह	**गर्भगताः न** = गर्भमा प्रवेश	**चिरकालसंचितैः** = धेरै
ते = तपाईंलाई	गर्दैनन्	समयसम्म गरिएको
किं = के	**सप्ताहगाथाश्रवणेन** = भागवत	**उग्रैः** = कठोर
ब्रूमः = भनौं	सप्ताह कथा श्रवणले	**तपोभिः** = तपस्याद्वारा
यैः = जुन श्रोताहरूद्वारा	**याम्** = जुन	**योगैः च** = योगसाधनाद्वारा पनि
अत्र = यहाँ	**गतिं** = अवस्थामा	**न संयान्ति** = पुग्न सक्दैनन्
कर्णेन = कानद्वारा	**यान्ति** = जान्छन्	

वाक्यार्थ— सप्ताह यज्ञद्वारा कथामा सञ्चित भएको उज्ज्वल फलका विषयमा हे नारदजी! हामीहरू तपाईंहरूलाई के भनौं? जुन श्रोताहरूले गोकर्णले भनेको भागवत कथाको एक अक्षर पनि आफ्ना कानद्वारा प्रेमपूर्वक श्रवण गरेका छन् ती श्रोताहरू फेरि आमाका गर्भमा प्रवेश गर्दैनन्। मुमुक्षुहरूले सप्ताहकथा श्रवणद्वारा जुन पदलाई प्राप्त गर्दछन् त्यो पद या गतिलाई हावा, पानी र पातहरू मात्र खाएर धेरै समयसम्म गरिएको तपस्याद्वारा र योगद्वारा पनि प्राप्त गर्न सक्दैनन्।

इतिहासमिमं पुण्यं शाण्डिल्योऽपि मुनीश्वरः।
पठते चित्रकूटस्थो ब्रह्मानन्दपरिप्लुतः॥ ८९॥

पदार्थ—	**इमं** = यो	**पुण्यं** = पवित्र

इतिहासम् = इतिहास	**मुनीश्वरः** = मुनीश्वर	**ब्रह्मानन्दपरिप्लुतः** = ब्रह्मानन्दमा मग्न भएर
चित्रकूटस्थः = चित्रकूटमा रहनुभएका	**शाण्डिल्यः अपि** = शाण्डिल्य पनि	**पठते** = पढ्नुहुन्छ

वाक्यार्थ– चित्रकूटमा विराजमान हुनुभएका ठुला मुनि शाण्डिल्य पनि ब्रह्मानन्दमा मग्न भएर यस परम पवित्र इतिहास (भागवत)को पाठ गर्नुहुन्छ।

आख्यानमेतत् परमं पवित्रं श्रुतं सकृद् वै विदहेदघौघम्।
श्राद्धे प्रयुक्तं पितृतृप्तिमावहेन्नित्यं सुपाठादपुनर्भवं च ॥ ९० ॥

पदार्थ–

एतत् = यो	**श्रुतं** = सुन्नाले	**पितृतृप्तिम् आवहेत्** = पितृहरूलाई तृप्ति मिल्दछ
परमं = ज्यादै	**अघौघम्** = पापराशिलाई	**नित्यं** = सधैँ
पवित्रं = पवित्र	**विदहेत्** = डढाउँछ	**सुपाठात्** = राम्ररी पाठ गर्नाले
आख्यानम् = कथा	**श्राद्धे** = श्राद्धमा	**अपुनर्भवं च** = मोक्ष पनि प्राप्त हुन्छ
सकृत् = एक पटक	**प्रयुक्तं** = प्रयोग (पाठ) गर्नाले	
	वै = निश्चय नै	

वाक्यार्थ– यो कथा अत्यन्त पवित्र छ। एक पटक श्रवण गर्नाले पनि सम्पूर्ण पापराशिलाई यसले खरानी पारिदिन्छ। श्राद्धका दिन पाठ गर्नाले पितृहरूलाई तृप्ति मिल्दछ र सधैँ राम्ररी पाठ गर्नाले मोक्ष पनि प्राप्त हुन्छ।

विवरण– धुन्धुकारीको यो कथालाई प्रतीकात्मक रूपमा पनि लिन सकिन्छ। यसरी हेर्दा यस कथामा आएको प्रसङ्गलाई यसरी व्याख्या गर्न सकिन्छ। आत्मदेव जीवात्माका प्रतीक हुन्। आत्मदेवकी पत्नी धुन्धुली मनकी प्रतीक हुन्। आत्मदेवको सन्तानप्राप्तिको इच्छा मानिसको केही वस्तु प्राप्त गर्ने इच्छा हो। आत्मदेवको वनगमन अन्तर्मुखी हुनु हो। आत्मदेवसँग वनमा भेट भएका योगनिष्ठ संन्यासी अन्तरात्माका प्रतीक हुन्। संन्यासीद्वारा दिइएको फल अन्तरात्माद्वारा दिइएको उपयुक्त मार्गनिर्देशन हो। धुन्धुलीले त्यो फल नखानु अन्तरात्माद्वारा दिइएको निर्देशनलाई मनले नमान्नु हो। धुन्धुलीकी बहिनी अशुद्ध मनको बहिर्मुखी प्रवृत्तिकी प्रतीक हुन्। धुन्धुकारी दुष्कर्म गर्ने व्यक्तिको प्रतीक हो। मनको बहिर्मुखी प्रवृत्तिद्वारा नै दुष्कर्मको उत्पत्ति हुन्छ। गाई मानिसभित्र रहेको अन्तर्मुखी चेतनाको प्रतीक हो। अन्तरात्माद्वारा दिइएको निर्देशनलाई बहिर्मुखी चेतनारूप धुन्धुलीले स्वीकार गर्दिनन् भने अन्तर्मुखी चेतनारूप गाईले स्वीकार गर्छिन्। गोकर्ण अन्तरात्माको मार्गनिर्देशनलाई मान्ने व्यक्तिका प्रतीक हुन्। बहिर्मुखी चेतनाबाट धुन्धुकारी उत्पन्न हुन्छ भने अन्तर्मुखी चेतनाबाट गोकर्ण उत्पन्न हुन्छन्। दुबैको उत्पत्ति चेतनाबाट नै हुने भएकाले उनीहरूलाई दाजुभाइ भनिएको हो। पाँच वेश्याहरू पञ्चज्ञानेन्द्रिय (नाक, कान, आँखा, त्वक् र जिब्रो)का प्रतीक हुन्। धुन्धुकारी वेश्यामा आसक्त हुनु भनेको मानिस ज्ञानेन्द्रियका विषयहरू (गन्ध, शब्द, रूप, स्पर्श र रस)मा आसक्त हुनु हो। विषयमा गरिएको आसक्तिले नै मानिसलाई पतित गराउँछ। यही नै धुन्धुकारी मरेर प्रेत बन्नु हो। दुष्कर्मबाट दुःख पाएपछि मानिस सत्कर्म गर्नतर्फ अग्रसर हुन्छ। यही नै दुःखबाट मुक्ति पाउनका लागि धुन्धुकारी गोकर्ण भएको ठाउँमा

जानु हो। गया प्राणको आधारस्थान वा विज्ञानमयकोश (जहाँ मनका कल्मषहरू नष्ट भएका हुन्छन्) हो, अर्थात्, मनको अत्यन्त निर्मल स्थिति नै गया हो। श्रद्धाको अर्थ धारण गर्नु हो। यसैले मनको निर्मल अवस्थालाई धारण गर्नु नै गयाश्राद्ध हो। गोकर्णले गयाश्राद्ध गर्नुको अर्थ उनले आफ्नो मनलाई निर्मल बनाउनु हो। मनको निर्मल अवस्था एकले अर्कालाई हस्तान्तरण गर्न सक्दैन, त्यसैले गोकर्णले गयाश्राद्ध गर्नाले धुन्धुकारीको मन निर्मल भएन। प्रत्येक मानिसले प्रेतत्व वा पतनबाट मुक्तिका लागि आफैँ नै प्रयास गर्नुपर्छ। कुनै मानिसले अर्को मानिसलाई मार्गनिर्देशन त दिन सक्छ तर मनको शुद्धता वा पवित्रता प्रदान गर्न सक्दैन। धुन्धुकारीको प्रेतत्वमुक्तिका लागि उपाय बताउने सूर्य आत्माका प्रतीक हुन्। अन्तर्मुखी चेतनाले युक्त व्यक्तिले उपयुक्त समयमा आत्माबाट मार्गनिर्देशन प्राप्त गर्दछ। प्रेतत्वमा प्राप्त भएको धुन्धुकारी भागवतश्रवणका लागि सात ग्रन्थि (आँखला) भएको बाँसमा प्रवेश गर्दछ। बाँसका सात ग्रन्थि मानिसका पाँच ज्ञानेन्द्रिय, मन र बुद्धिका प्रतीक हुन्। बाँसका सात आँखला फुट्नु भनेको यी सात ग्रन्थिको भेदन भई मानिस आत्मस्वरूपमा अवस्थित हुनु हो। अन्त्यमा धुन्धुकारीले वैकुण्ठलोक प्राप्त गर्दछ। वैकुण्ठलोक भनेको कुण्ठा (अज्ञान) रहित स्थिति अथवा आत्मज्ञानको अवस्था हो।

इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये

गोकर्णमोक्षवर्णनं नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

अथ षष्ठोऽध्यायः

सप्ताह यज्ञको विधि

कुमारा ऊचुः (कुमारहरूले भन्नुभयो)

अथ ते सम्प्रवक्ष्यामः सप्ताहश्रवणे विधिम्।
सहायैर्वसुभिश्चैव प्रायः साध्यो विधिः स्मृतः॥ १॥
दैवज्ञं तु समाहूय मुहूर्तं पृच्छ्य यत्नतः।
विवाहे यादृशं वित्तं तादृशं परिकल्पयेत्॥ २॥
नभस्य आश्विनोर्जौ च मार्गशीर्षः शुचिर्नभाः।
एते मासाः कथारम्भे श्रोतॄणां मोक्षसूचकाः॥ ३॥

पदार्थ–
अथ = यसपछि
ते = तपाईंलाई
सप्ताहश्रवणे = सप्ताहश्रवणमा
विधिम् = विधि
सम्प्रवक्ष्यामः = बताउनेछौँ
विधिः = विधि
प्रायः = प्रायःजसो
सहायैः = सहयोगीहरू र
वसुभिः च एव = धनद्वारा नै
साध्यः = सम्पन्न गर्न सकिने
स्मृतः = बताइएको छ
दैवज्ञं = ज्योतिषीलाई
समाहूय तु = बोलाएर त
मुहूर्तं = राम्रो समय
पृच्छ्य = सोधेर
विवाहे = विवाहमा
यत्नतः = प्रयासपूर्वक
यादृशं = जति
वित्तं = धन (जम्मा गरिन्छ)
तादृशं = त्यति नै
परिकल्पयेत् = व्यवस्था गर्नुपर्छ
नभस्यः = भदौ
आश्विनोर्जौ = असोज र कार्त्तिक
मार्गशीर्षः = मंसिर
शुचिः = असार
नभाः = साउन
एते = यी
मासाः च = महिनाहरू पनि
कथारम्भे = कथा सुरु गर्नका लागि
श्रोतॄणां = श्रोताहरूलाई
मोक्षसूचकाः = मोक्ष प्रदान गर्नेवाला छन्

वाक्यार्थ– यसपछि हामीहरू तपाईंलाई सप्ताहश्रवणको विधि बताउँछौँ। यो विधि धेरैजसो मानिसहरूको र धनको सहायताद्वारा साध्य छ। सर्वप्रथम ज्योतिषीलाई बोलाएर कुन समयमा भागवत लगाउन उचित छ सोध्नुपर्छ। विवाहका लागि जति धनको आवश्यकता पर्दछ, त्यति नै धनको व्यवस्था गर्नुपर्दछ। कथाको आरम्भका लागि भदौ, असोज, कार्त्तिक, मंसिर, असार, साउन यी छ महिनाहरू ग्राह्य छन् र श्रोताहरूका लागि मोक्ष प्रदान गर्ने खालका छन्।

मासानां विप्र हेयानि तानि त्याज्यानि सर्वथा।
सहायाश्चेतरे तत्र कर्तव्याः सोद्यमाश्च ये॥ ४॥

पदार्थ–
विप्र = हे ब्राह्मण
मासानां = यी महिनाहरूमध्ये
हेयानि = (भद्रा, व्यतिपात आदि कुयोग पर्नाले) त्याज्य भनेर बताइएका जुन छन्
तानि = ती
सर्वथा = सधैँ नै
त्याज्यानि = त्याज्य हुन्छन्
इतरे च = अरू
ये = जो
सोद्यमाः च = उत्साही पनि
तत्र = त्यहाँ
सहायाः = सहायक
कर्तव्याः = बनाउनुपर्छ

वाक्यार्थ– कथाको आरम्भका लागि राम्रो भनी मानिएका यी छ महिनाहरूमा पनि बिचमा यदि भद्रा, व्यतिपात आदि कुयोग परेको छ भने ती महिनाहरूको पनि परित्याग गर्नुपर्छ। सप्ताह महायज्ञमा काम गर्नका लागि उत्साही व्यक्तिलाई सहयोगी बनाउनुपर्छ।

देशे देशे तथा सेयं वार्ता प्रेष्या प्रयत्नतः।
भविष्यति कथा चात्र आगन्तव्यं कुटुम्बिभिः॥ ५॥

पदार्थ–
तथा च = त्यसै गरी
प्रयत्नतः = प्रयासपूर्वक
देशे देशे = देश–देशमा
सा इयं वार्ता = यो समाचार
प्रेष्या = पठाउनुपर्छ
अत्र = यहाँ
कथा = भागवत कथा
भविष्यति = हुनेछ
कुटुम्बिभिः = परिवारजनका साथ
आगन्तव्यं = आउनुहोला

वाक्यार्थ– त्यसै गरी प्रयासपूर्वक देश–देशमा यो समाचार पठाउनुपर्छ। यहाँ भागवत कथा हुनेछ परिवारजनका साथ आउनुहोला।

दूरे हरिकथाः केचिद् दूरे चाच्युतकीर्तनाः।
स्त्रियः शूद्रादयो ये च तेषां बोधो यतो भवेत्॥ ६॥
देशे देशे विरक्ता ये वैष्णवाः कीर्तनोत्सुकाः।
तेष्वेव पत्रं प्रेष्यं च तल्लेखनमितीरितम्॥ ७॥

पदार्थ–
ये च = जो
स्त्रियः = स्त्रीहरू
शूद्रादयः = शूद्र इत्यादि
दूरे हरिकथाः = हरिकथाबाट टाढा परेका छन्
केचित् = केही
दूरे च अच्युतकीर्तनाः = भगवान्को कीर्तनबाट टाढा परेका छन्
तेषां = तिनीहरूको
बोधः = बोध
यतः = जसबाट
भवेत् = हुन्छ
देशे देशे = विभिन्न ठाउँमा
ये = जुन
वैष्णवाः = वैष्णवहरू
विरक्ताः = विरक्तहरू
कीर्तनोत्सुकाः च = हरिकीर्तन गर्न उत्सुक पनि छन्
तेषु = तिनीहरूलाई
पत्रं = पत्र
प्रेष्यं एव = पठाउनै पर्छ
तल्लेखनम् = त्यो निमन्त्रणापत्रमा लेख्नुपर्ने बेहोरा
इति = यस प्रकार
ईरितम् = बताइएको छ

वाक्यार्थ– प्रायः स्त्रीहरू र शूद्रहरूले पनि भगवान्को कथा श्रवण गर्ने र कीर्तन गर्ने पनि अवसर पाएका हुँदैनन् तिनीहरूका लागि पनि आयोजकहरूले छुट्टै विशेष व्यवस्था मिलाउनुपर्छ।

ठाउँ-ठाउँमा नजिक-टाढा जो विष्णुका भक्तहरू छन्, विरक्तहरू छन् अनि हरिकीर्तनमा रुचि राख्नेहरू छन् तिनीहरूका लागि निम्न प्रकारको बेहोराको निमन्त्रणापत्र पठाउनुपर्छ।

सतां समाजो भविता सप्तरात्रं सुदुर्लभः।
अपूर्वरसरूपैव कथा चात्र भविष्यति ॥ ८ ॥
श्रीभागवतपीयूषपानाय रसलम्पटाः।
भवन्तश्च तथा शीघ्रमायात प्रेमतत्पराः ॥ ९ ॥
नावकाशः कदाचिच्चेद् दिनमात्रं तथापि तु।
सर्वथागमनं कार्यं क्षणोऽत्रैव सुदुर्लभः ॥ १० ॥

पदार्थ–
सप्तरात्रं = सात रातसम्म
सुदुर्लभः = अत्यन्त दुर्लभ
सतां = सज्जनहरूको
समाजः = भेला
भविता = हुनेछ
अत्र = यहाँ
अपूर्वरसरूपा = अपूर्व रसमय
कथा च एव = कथा पनि
भविष्यति = हुनेछ
भवन्तः = तपाईंहरू
रसलम्पटाः = भगवान्को कथासागरमा डुब्ने रसिक हुनुहुन्छ
श्रीभागवतपीयूषपानाय = श्रीमद्भागवतको कथारूपी अमृत पान गर्नका लागि
प्रेमतत्पराः च = प्रेमी पनि हुनुहुन्छ
तथा = त्यसैले
शीघ्रम् = चाँडै
आयात = आउनुहोला
कदाचित् = कुनै विशेष कारणले
अवकाशः = फुर्सत, अनुकूल
न चेत् = नभएमा
तथा अपि = पनि
दिनमात्रं तु = एकै दिन मात्र पनि
सर्वथा एव = जसरी पनि
आगमनं कार्यं = आउनुहोला
अत्र = यहाँ
सुदुर्लभः = ज्यादै दुर्लभ
क्षणः = समय छ

वाक्यार्थ– यहाँ सात दिनसम्म अत्यन्त दुर्लभ सज्जनहरूको भेला हुँदैछ, अपूर्व रसमय कथावाचन हुँदैछ, यहाँहरू भगवान्का रसका रसिक हुनुहुन्छ र श्रीमद्भागवतको कथारूपी अमृत पान गर्नमा अत्यन्त प्रेमी पनि हुनुहुन्छ, यदि यहाँहरूलाई सातै दिनका लागि आउन अनुकूल भएन भने एकै दिनका लागि मात्र भए पनि अवश्य पाल्नुहोला, ज्यादै दुर्लभ अवसर यहाँ उपलब्ध छ।

एवमाकारणं तेषां कर्तव्यं विनयेन च।
आगन्तुकानां सर्वेषां वासस्थानानि कल्पयेत् ॥ ११ ॥

पदार्थ–
एवम् = यस प्रकार
विनयेन = नम्रतापूर्वक
तेषां आकारणं = तिनीहरूलाई निमन्त्रणा
कर्तव्यं = गर्नुपर्छ
आगन्तुकानां = कथा सुन्न आउनेहरू
सर्वेषां = सबैका लागि
वासस्थानानि च = बस्ने (खाने-सुत्ने) ठाउँ पनि
कल्पयेत् = व्यवस्था

मिलाउनुपर्छ

वाक्यार्थ– यस प्रकार कथारसिकहरूलाई अत्यन्त नम्रतापूर्वक निमन्त्रणा पठाउनुपर्छ। कथा सुन्नका लागि टाढा-टाढाबाट आउने सबैका लागि बस्ने (खाने-सुत्ने) ठाउँको राम्रो व्यवस्था मिलाउनुपर्छ।

तीर्थे वापि वने वापि गृहे वा श्रवणं मतम्।

विशाला वसुधा यत्र कर्तव्यं तत् कथास्थलम्॥ १२॥

पदार्थ–
तीर्थे वा = तीर्थमा
वने वा अपि = अथवा वनमा
गृहे वा अपि = अथवा घरमा पनि
श्रवणं = कथा श्रवण
मतम् = राम्रो मानिन्छ
यत्र = जहाँ
विशाला = विस्तृत
वसुधा = भूमि छ
तत् = त्यो ठाउँलाई
कथास्थलम् = कथा भन्ने ठाउँ
कर्तव्यं = बनाउनुपर्छ

वाक्यार्थ– तीर्थमा, वनमा अथवा घरैमा पनि कथा श्रवण गर्नु राम्रो मानिएको छ। जहाँ विस्तृत भूमि (ठाउँ) छ त्यहीं कथा भन्ने ठाउँको व्यवस्था गर्नुपर्छ।

शोधनं मार्जनं भूमेर्लेपनं धातुमण्डनम्।

गृहोपस्करमुद्धृत्य गृहकोणे निवेशयेत्॥ १३॥

पदार्थ–
भूमेः = भूमिको
शोधनं = सफाइ
मार्जनं = विशेष सफाइ
लेपनं = लिपपोत (गरी)
धातुमण्डनम् = रङ्गी-विरङ्गी धातुहरूद्वारा त्यो ठाउँ सिँगार्नुपर्छ
गृहोपस्करम् = घरका सामग्रीहरूलाई
उद्धृत्य = उठाएर
गृहकोणे = घरको एक कुनातिर
निवेशयेत् = राख्नुपर्छ

वाक्यार्थ– सर्वप्रथम कथा भन्ने ठाउँको राम्ररी सफाइ र लिपपोत गर्नुपर्छ अनि विभिन्न प्रकारका रङ्गी-विरङ्गी धातुहरूद्वारा त्यो ठाउँ सिँगार्नुपर्छ र घरभित्रका सम्पूर्ण सामग्रीहरूलाई घरको एक कुनातिर थुपार्नुपर्छ।

अर्वाक् पञ्चाहतो यत्नादास्तीर्णानि प्रमेलयेत्।

कर्तव्यो मण्डपः प्रोच्चैः कदलीखण्डमण्डितः॥ १४॥

फलपुष्पदलैर्विष्वग् वितानेन विराजितः।

चतुर्दिक्षु ध्वजारोपो बहुसम्पद्विराजितः॥ १५॥

ऊर्ध्वं सप्तैव लोकाश्च कल्पनीयाः सविस्तरम्।

तेषु विप्रा विरक्ताश्च स्थापनीयाः प्रबोध्य च॥ १६॥

पूर्वं तेषामासनानि कर्तव्यानि यथोत्तरम्।
वक्तुश्चापि तदा दिव्यमासनं परिकल्पयेत्॥ १७॥

पदार्थ—
पञ्चाहतः = पाँच दिनभन्दा
अर्वाक् = पहिलादेखि
यत्नात् = प्रयासपूर्वक
आस्तीर्णानि = मण्डपमा ओछ्याउने सामानहरू
प्रमेलयेत् = मिलाउनुपर्छ
कदलीखण्डमण्डितः = केराका खम्बाहरूद्वारा सुशोभित
प्रोच्चैः = अग्लो
मण्डपः = मण्डप
कर्तव्यः = बनाउनुपर्छ
विष्वक् = चारैतिर
फलपुष्पदलैः = फल, फूल र पातहरू
वितानेन = टाँगेर
विराजितः = सुशोभित
चतुर्दिक्षु = चारैतिर
ध्वजारोपः = ध्वजाहरू टाँग्नुपर्छ
बहुसम्पद्भिराजितः = धेरै सामग्रीहरूद्वारा मण्डप सजिएको हुनुपर्छ
ऊर्ध्वं = मण्डपको माथिल्लो भागमा
सविस्तरम् = फैलिएको
सप्त एव लोकाः च = सात लोकहरूको पनि
कल्पनीयाः = कल्पना गर्नुपर्छ
तेषु = ती लोकहरूमा
विरक्ताः = विरक्तहरू
विप्राः च = ब्राह्मणहरू पनि
प्रबोध्य = आवाहन गरेर
स्थापनीयाः च = राख्नुपर्छ पनि
पूर्वं = पहिले
तेषाम् = ती विरक्त ब्राह्मणहरूको
आसनानि = आसन
कर्तव्यानि = बनाउनुपर्छ
यथोत्तरम् = त्यसपछि
वक्तुः च अपि = वक्ताको पनि
तदा = त्यस वेला
दिव्यम् = दिव्य
आसनं = आसन
परिकल्पयेत् = बनाउनुपर्छ

वाक्यार्थ— पाँच दिन पहिलेदेखि नै मण्डपमा श्रोताहरूलाई बस्ने व्यवस्था मिलाउन थाल्नुपर्छ। मण्डप अलि अग्लो बनाउनुपर्छ। मण्डपलाई केराका खम्बा, फल, फूल, पात, अरू विभिन्न सामग्रीहरूद्वारा सजाउनु पर्दछ। मण्डपका चारैतिर विभिन्न प्रकारका ध्वजा-पताकाहरू टाँग्नुपर्छ। मण्डपको माथिल्लो भागमा ठुला-ठुला सातवटा लोकहरूको कल्पना गरेर ती लोकहरूमा विरक्त र ब्राह्मणहरूलाई बोलाएर तिनलाई त्यहाँ राख्नुपर्छ। त्यसपछि वक्ताका लागि दिव्य आसनको व्यवस्था गर्नुपर्छ।

उदङ्मुखो भवेद् वक्ता श्रोता वै प्राङ्मुखस्तदा।
प्राङ्मुखश्चेद् भवेद् वक्ता श्रोता चोदङ्मुखस्तदा॥ १८॥
अथवा पूर्वदिग्ज्ञेया पूज्यपूजकमध्यतः।
श्रोतृणामागमे प्रोक्ता देशकालादिकोविदैः॥ १९॥

पदार्थ—
वक्ता = वक्ता
उदङ्मुखः भवेत् = उत्तरतर्फ फर्केर कथा वाचन गर्ने अवस्था हुँदा
तदा = त्यस वेला
श्रोता = श्रोताले
वै = निश्चय नै
प्राङ्मुखः = पूर्वतर्फ फर्केर कथा श्रवण गर्नुपर्छ
वक्ता = वक्ता
प्राङ्मुखः = पूर्वतर्फ फर्केका

भवेत् चेत् = भए भने
तदा = त्यस वेला
श्रोता च = श्रोता चाहिँ
उदङ्मुखः = उत्तरतर्फ फर्केर कथा सुन्नुपर्छ
अथवा = अथवा
पूज्यपूजकमध्यतः = वक्ता र श्रोता दुबैथरी
पूर्वदिक् ज्ञेया = पूर्वतर्फ फर्केर बसे पनि हुन्छ
देशकालादिकोविदैः = देश र काल जान्ने विद्वान्हरूद्वारा
आगमे = शास्त्रहरूमा
श्रोतॄणाम् = श्रोताहरूका लागि
प्रोक्ता = यही (नियम) बताइएको छ

वाक्यार्थ– वक्ता उत्तरतिर मुख फर्केर बसेका छन् भने श्रोताले पूर्वतिर फर्केर सुन्नुपर्छ। यदि वक्ता पूर्वतिर फर्केर बस्छन् भने श्रोताले उत्तरतिर फर्केर सुन्नुपर्छ। अथवा श्रोता र वक्ता दुबै नै पूर्वतिर फर्केर बसे पनि हुन्छ। देश र काल जान्ने विद्वान्हरूले शास्त्रहरूमा श्रोताहरूका लागि यही नियम बताइएका छन्।

विरक्तो वैष्णवो विप्रो वेदशास्त्रविशुद्धिकृत्।
दृष्टान्तकुशलो धीरो वक्ता कार्योऽतिनिःस्पृहः॥ २०॥
अनेकधर्मविभ्रान्ताः स्त्रैणाः पाखण्डवादिनः।
शुकशास्त्रकथोच्चारे त्याज्यास्ते यदि पण्डिताः॥ २१॥
वक्तुः पार्श्वे सहायार्थमन्यः स्थाप्यस्तथाविधः।
पण्डितः संशयच्छेत्ता लोकबोधनतत्परः॥ २२॥

पदार्थ–
वेदशास्त्रविशुद्धिकृत् = वेद र शास्त्रहरूको स्पष्टसँग व्याख्या गर्न सक्ने
दृष्टान्तकुशलः = विभिन्न दृष्टान्तहरूद्वारा बुझाउन सिपालु
धीरः = विवेकी
अतिनिःस्पृहः = ज्यादै नै आसक्तिहीन
विरक्तः = विरक्त
वैष्णवः = वैष्णव
विप्रः = ब्राह्मणलाई
वक्ता = वक्ता
कार्यः = बनाउनुपर्छ
यदि = यदि
पण्डिताः = पण्डित भए पनि
अनेकधर्मविभ्रान्ताः = विभिन्न धर्मका चक्करमा परेर अल्मलिएका
स्त्रैणाः = स्त्रीलम्पट
पाखण्डवादिनः = पाखण्डी (छन् भने)
शुकशास्त्रकथोच्चारे = श्रीमद्भागवतकथा वाचनका लागि
ते = तिनीहरू
त्याज्याः = त्याज्य हुन्छन्
वक्तुः = वक्ताको
पार्श्वे = साथमा
सहायार्थम् = वक्तालाई सघाउनका लागि
लोकबोधनतत्परः = विभिन्न दृष्टान्त दिएर श्रोतालाई राम्ररी बुझाउन सक्ने
संशयच्छेत्ता = शङ्काको समाधान गर्न सक्ने
तथाविधः = वक्ता जस्तै
अन्यः = अर्को
पण्डितः = पण्डित
स्थाप्यः = वरण गरेर राख्नुपर्छ

वाक्यार्थ– वेद र अन्य शास्त्रको स्पष्टरूपमा व्याख्या गर्न सक्ने, दृष्टान्त दिन सिपालु, विवेकी,

आसक्तिहीन र विरक्त विष्णुभक्त ब्राह्मणलाई श्रीमद्भागवतको कथाको वक्ताको रूपमा वरण गर्नुपर्छ। वक्ताका सहायताका लागि सहयोगीका रूपमा त्यस्तै खालका अर्का एक पण्डितको पनि वरण गर्नुपर्छ। विभिन्न धर्मका चक्करमा परेका, स्त्रीलम्पट, त्यस्तै पाखण्डी छन् भने त्यस्ता व्यक्ति पण्डित नै भए पनि भागवत शास्त्रको वक्ताका रूपमा (वाचकका रूपमा) वरण गर्नु हुँदैन।

वक्त्रा क्षौरं प्रकर्तव्यं दिनादर्वाग् व्रताप्तये ।
अरुणोदयेऽसौ निर्वर्त्य शौचं स्नानं समाचरेत् ॥ २३ ॥
नित्यं संक्षेपतः कृत्वा सन्ध्याद्यं स्वं प्रयत्नतः ।
कथाविघ्नविघाताय गणनाथं प्रपूजयेत् ॥ २४ ॥
पितॄन् संतर्प्य शुद्ध्यर्थं प्रायश्चित्तं समाचरेत् ।
मण्डलं च प्रकर्तव्यं तत्र स्थाप्यो हरिस्तथा ॥ २५ ॥
कृष्णमुद्दिश्य मन्त्रेण चरेत् पूजाविधिं क्रमात् ।
प्रदक्षिणनमस्कारान् पूजान्ते स्तुतिमाचरेत् ॥ २६ ॥

पदार्थ—
व्रताप्तये = व्रत लिनका लागि
दिनात् अर्वाक् = एक दिन पहिला
वक्त्रा = वक्ताद्वारा
क्षौरं = मुण्डन (कपाल खौरने काम)
प्रकर्तव्यं = गर्नुपर्छ
असौ = यी कर्ताले पनि
अरुणोदये = घाम झुल्किँदा
शौचं निर्वर्त्य = शौच क्रिया समाप्त गरेर
स्नानं = स्नान
समाचरेत् = गर्नुपर्छ
स्वं = आफ्नो
संध्याद्यं = सन्ध्या आदि
नित्यं = नित्यकर्म
संक्षेपतः = संक्षेपमा
कृत्वा = गरेर
कथाविघ्नविघाताय = कथामा आइपर्ने विघ्नको नाश गर्नका लागि
गणनाथं = गणेशलाई
प्रयत्नतः = प्रयासपूर्वक
प्रपूजयेत् = पूजा गर्नू
पितॄन् = पितृहरूलाई
संतर्प्य = तर्पण दिएर
शुद्ध्यर्थं = शुद्धिका लागि
प्रायश्चित्तं = प्रायश्चित्त
समाचरेत् = गर्नू
मण्डलं च = मण्डल पनि
प्रकर्तव्यं = बनाउनू
तथा = त्यसै गरी
तत्र = त्यहाँ
हरिः = भगवान् हरिको
स्थाप्यः = स्थापना गर्नू (प्राणप्रतिष्ठा गरेर मूर्ति राख्नू)
कृष्णम् उद्दिश्य = भगवान् श्रीकृष्णलाई लक्ष्य गरेर
मन्त्रेण = मन्त्रोच्चारणपूर्वक
क्रमात् = क्रमशः
पूजाविधिं चरेत् = षोडशोपचारले) पूजा गर्नू
पूजान्ते = पूजा समाप्त भएपछि
प्रदक्षिणनमस्कारान् = प्रदक्षिणा र नमस्कार गर्नू
स्तुतिम् = स्तुति
आचरेत् = गर्नू

वाक्यार्थ— सप्ताह श्रवण गराउने वक्ताले व्रत ग्रहण गर्नका लागि एक दिन पहिले नै मुण्डन गर्नू। कर्ताले पनि अरुणोदयका समयमा शौचक्रियाबाट निवृत्त भएर स्नान र संक्षेपमा सन्ध्या

आदि नित्यकर्म गर्नू। कथामा कुनै प्रकारको विघ्नबाधा नपरोस् भनेर गणेशजीको विधिपूर्वक पूजा गर्नू। त्यसपछि पितृहरूलाई तर्पण दिएर प्रायश्चित्त गर्नू। एक सुन्दर मण्डल बनाएर त्यहाँ भगवान् नारायणको स्थापना गर्नू। भगवान् श्रीकृष्णलाई लक्ष्य गरेर मन्त्रोच्चारणपूर्वक षोडशोपचारले क्रमशः पूजा गर्नू। पूजा समाप्त भएपछि प्रदक्षिणा र नमस्कार गर्नू। त्यसपछि यस प्रकारको स्तुति गर्नू।

संसारसागरे मग्नं दीनं मां करुणानिधे।

कर्ममोहगृहीताङ्गं मामुद्धर भवार्णवात्॥ २७॥

पदार्थ–
करुणानिधे = हे करुणाका खानि भगवान्
संसारसागरे = संसाररूपी सागरमा
मग्नं = डुबेको
दीनं = दुःखी
कर्ममोहगृहीताङ्गं = कर्मको मोहरूपी गोहीद्वारा समातिएको
मां = मलाई
भवार्णवात् = संसारसागरबाट
उद्धर = उद्धार गर्नुहोस्

वाक्यार्थ– करुणाका खानि भएका हे भगवान्! म संसाररूपी सागरमा डुबिरहेको छु, अत्यन्त दुःखी छु, कर्मको मोहरूपी गोहीले मलाई समातेको छ, यो संसारसागरबाट मेरो उद्धार गरिदिनुहोस्।

श्रीमद्भागवतस्यापि ततः पूजा प्रयत्नतः।

कर्तव्या विधिना प्रीत्या धूपदीपसमन्विता॥ २८॥

ततस्तु श्रीफलं धृत्वा नमस्कारं समाचरेत्।

स्तुतिः प्रसन्नचित्तेन कर्तव्या केवलं तदा॥ २९॥

पदार्थ–
ततः = त्यसपछि
श्रीमद्भागवतस्य अपि = श्रीमद्भागवतको पनि
प्रीत्या = प्रेमले
विधिना = विधिपूर्वक
प्रयत्नतः = प्रयासपूर्वक
धूपदीपसमन्विता = धूप, बत्तीयुक्त
पूजा = पूजा
कर्तव्या = गर्नुपर्छ
ततः तु = त्यसपछि चाहिँ
श्रीफलं = नरिवलको फल
धृत्वा = हातमा लिएर
नमस्कारं = नमस्कार
समाचरेत् = गर्नू
तदा = त्यस वेला
प्रसन्नचित्तेन = प्रसन्न चित्तले
केवलं = केवल
स्तुतिः = स्तुति
कर्तव्या = गर्नुपर्छ

वाक्यार्थ– त्यसपछि श्रीमद्भागवत ग्रन्थको प्रेमपूर्वक धूप, बत्ती आदि सहित पूजा गर्नुपर्छ अनि नरिवल हातमा लिएर नमस्कार गर्नू। त्यसपछि प्रसन्न चित्तले यस प्रकार स्तुति गर्नुपर्दछ।

श्रीमद्भागवताख्योऽयं प्रत्यक्षः कृष्ण एव हि।

स्वीकृतोऽसि मया नाथ मुक्त्यर्थं भवसागरे॥ ३०॥

मनोरथो मदीयोऽयं सफलः सर्वथा त्वया ।

निर्विघ्नेनैव कर्तव्यो दासोऽहं तव केशव ॥ ३१ ॥

पदार्थ—
श्रीमद्‌भागवताख्यः = श्रीमद्‌भागवत भनिने
अयं = यो ग्रन्थ
प्रत्यक्षः = साक्षात्
कृष्णः एव हि = कृष्ण नै (हुनुहुन्छ)
नाथ = हे नाथ
मया = मद्द्वारा
भवसागरे = भवसागरबाट
मुक्त्यर्थं = छुट्‌कारा पाउनका लागि
स्वीकृतः असि = स्वीकार गरिएको छ
मदीयः = मेरो
अयं = यो
मनोरथः = मनोरथ
त्वया = तपाईंद्वारा
निर्विघ्नेन एव = निर्विघ्नतापूर्वक नै
सर्वथा = पूर्ण मात्रामा
सफलः = सफल
कर्तव्यः = गरिदिइयोस्
केशव = हे केशव
अहं = म
तव = तपाईंको
दासः = सेवक हुँ

वाक्यार्थ— तपाईं श्रीमद्‌भागवत ग्रन्थका रूपमा साक्षात् श्रीकृष्ण भगवान् नै हुनुहुन्छ, भवसागरबाट मोक्ष प्रदान गर्नका लागि मैले तपाईंको शरण ग्रहण गरेको छु, निर्विघ्नपूर्वक तपाईंले मेरो मनोरथलाई सफल गराइदिनुहोस्, हे केशव ! म तपाईंको सेवक हुँ।

एवं दीनवचः प्रोच्य वक्तारं चाथ पूजयेत् ।

सम्भूष्य वस्त्रभूषाभिः पूजान्ते तं च संस्तवेत् ॥ ३२ ॥

शुकरूप प्रबोधज्ञ सर्वशास्त्रविशारद ।

एतत्कथाप्रकाशेन मदज्ञानं विनाशय ॥ ३३ ॥

पदार्थ—
एवं = यस प्रकार
दीनवचः = दीनवचन
प्रोच्य = उच्चारण गरेर
अथ च = त्यसपछि
वक्तारं = वक्तालाई
पूजयेत् = पूजा गर्नू
पूजान्ते = पूजा गरिसकेपछि
वस्त्रभूषाभिः = कपडा र गहनाहरूद्वारा
सम्भूष्य = विभूषित गरेर
तं च = ती वक्तालाई पनि
संस्तवेत् = स्तुति गर्नू
प्रबोधज्ञ = अरूलाई बुझाउन जान्ने
सर्वशास्त्रविशारद = सबै शास्त्रमा पारङ्गत
शुकरूप = शुकस्वरूप हे भगवान्
एतत्कथाप्रकाशेन = यो कथालाई प्रकाशित गरेर
मदज्ञानं = मेरो अज्ञान
विनाशय = नाश गरिदिनुहोस्

वाक्यार्थ— त्यसपछि वक्ताको विधिपूर्वक पूजा गर्नू र पूजा गरिसकेपछि वस्त्र र गहनाहरूले वक्तालाई सिँगार्नू र उनको निम्न प्रकार स्तुति गर्नू— आफूले जानेका कुरा अरू भक्त-हरूलाई सम्झाउन-बुझाउन अत्यन्त कुशल, सम्पूर्ण शास्त्रहरूमा पारङ्गत हे साक्षात् शुकस्वरूप भगवान् ! यस कथाको प्रकाशन (व्याख्या) गरेर मेरो अज्ञानलाई नाश गरिदिनुहोस् ।

तदग्रे नियमः पश्चात् कर्तव्यः श्रेयसे मुदा ।
सप्तरात्रं यथाशक्त्या धारणीयः स एव हि ॥ ३४ ॥

पदार्थ—
पश्चात् = त्यसपछि
तदग्रे = वक्ताको अगाडि
श्रेयसे = आफ्नो कल्याणका लागि
मुदा = प्रसन्नतापूर्वक
नियमः = नियम
कर्तव्यः = ग्रहण गर्नुपर्छ
सप्तरात्रं = सात रातसम्म
सः एव हि = त्यही नै
यथाशक्त्या = यथाशक्ति
धारणीयः = पालन गर्नुपर्छ

वाक्यार्थ— आफ्नो कल्याणको लागि वक्ताको अगाडि नियमग्रहण गर्नुपर्छ। सात दिनसम्म त्यही नियमलाई यथाशक्ति पालन गर्नुपर्छ।

वरणं पञ्चविप्राणां कथाभङ्गनिवृत्तये ।
कर्तव्यं तैर्हरेर्जाप्यं द्वादशाक्षरविद्यया ॥ ३५ ॥

पदार्थ—
कथाभङ्गनिवृत्तये = कथामा विघ्न नपरोस् भनेर
पञ्चविप्राणां = पाँच जना ब्राह्मणहरूको
वरणं = वरण
कर्तव्यं = गर्नुपर्छ
तैः = तिनीहरूद्वारा
द्वादशाक्षरविद्यया = द्वादशाक्षरमन्त्रद्वारा
हरेः = भगवान् श्रीहरिको नाम
जाप्यं = जप गर्नुपर्छ

वाक्यार्थ— कथामा विघ्न नपरोस् भनेर पाँच जना अन्य ब्राह्मणहरूको वरण गर्नुपर्छ। ती ब्राह्मणहरूले भगवान्को द्वादशाक्षरी मन्त्रको जप गर्नुपर्छ।

ब्राह्मणान् वैष्णवांश्चान्यांस्तथा कीर्तनकारिणः ।
नत्वा सम्पूज्य दत्ताज्ञः स्वयमासनमाविशेत् ॥ ३६ ॥

पदार्थ—
तथा = त्यस्तै
कीर्तनकारिणः = भजन-कीर्तन गर्ने
अन्यान् = अरू
वैष्णवान् = विष्णुभक्त
ब्राह्मणान् च = ब्राह्मणहरूलाई पनि
नत्वा = नमस्कार गरेर
सम्पूज्य = पूजा गरेर
दत्ताज्ञः = उहाँहरूबाट आज्ञा प्राप्त गरेर
स्वयम् = आफू
आसनम् = आसनमा
आविशेत् = बस्नू

वाक्यार्थ— कीर्तन गर्ने अरू ब्राह्मणहरूलाई नमस्कार गरेर अनि पूजा गरेर उनीहरूको आज्ञा लिएर कर्ता आफ्नो आसनमा बस्नू।

लोकवित्तधनागारपुत्रचिन्तां व्युदस्य च ।
कथाचित्तः शुद्धमतिः स लभेत् फलमुत्तमम् ॥ ३७ ॥

पदार्थ—
लोकवित्तधनागारपुत्रचिन्तां च = लोक, सम्पत्ति, धन, घर र पुत्र

आदिको चिन्तालाई पनि
व्युदस्य = छाडेर
शुद्धमतिः = शुद्ध चित्त भएर
कथाचित्तः = कथामा मात्र ध्यान लगाउने
सः = त्यस व्यक्तिले
उत्तमम् = उत्तम
फलम् = फललाई
लभेत् = प्राप्त गरोस्

वाक्यार्थ– लोक, सम्पत्ति र धन, घर र पुत्र आदिको चिन्तालाई छोडेर शुद्ध चित्तले कथामा मात्र ध्यान दिएर सुनेमा श्रोतालाई उत्तम फल प्राप्त हुन्छ।

आसूर्योदयमारभ्य सार्धत्रिप्रहरान्तकम्।
वाचनीया कथा सम्यग् धीरकण्ठं सुधीमता॥ ३८॥

पदार्थ–
सुधीमता = बुद्धिमान् वक्ताद्वारा
आसूर्योदयम् = सूर्योदय भएपछि
आरभ्य = कथा प्रारम्भ गरेर
सार्धत्रिप्रहरान्तकम् = साढे तीन प्रहरसम्म
धीरकण्ठं = मध्यम स्वरले
सम्यक् = राम्रोसँग
कथा = कथा
वाचनीया = वाचन गरिनुपर्छ

वाक्यार्थ– बुद्धिमान् वक्ताले सूर्योदय भएपछि कथाको आरम्भ गरेर साँढे तीन प्रहर (लगभग १० घण्टा ३० मिनेट) सम्म मध्यमस्वरले कथा वाचन गर्नुपर्छ।

कथाविरामः कर्तव्यो मध्याह्ने घटिकाद्वयम्।
तत्कथामनु कार्यं वै कीर्तनं वैष्णवैस्तदा॥ ३९॥

पदार्थ–
मध्याह्ने = मध्याह्नका समयमा
घटिकाद्वयम् = दुई घडी
कथाविरामः = कथाको विश्राम
कर्तव्यः = गर्नुपर्छ
तदा = त्यस वेला
तत्कथाम् अनु = कथाको प्रसङ्गअनुसार
वैष्णवैः = विष्णुका भक्तहरूद्वारा
कीर्तनं = कीर्तन
वै = निश्चय नै
कार्यं = गर्नुपर्छ

वाक्यार्थ– मध्याह्नमा दुई घडीसम्म कथाको विश्राम गर्नुपर्छ। त्यस समयमा पनि कथाको प्रसङ्गसँग मिल्ने गरी भगवान्‌को कीर्तन गर्नुपर्छ।

मलमूत्रजयार्थं हि लघ्वाहारः सुखावहः।
हविष्यान्नेन कर्तव्यो ह्येकवारं कथार्थिना॥ ४०॥

पदार्थ–
मलमूत्रजयार्थं = मल र मूत्रको वेगलाई विजय प्राप्त गर्नका लागि
लघ्वाहारः = अल्पाहार
सुखावहः = सुखदायक हुन्छ (यसैले)
कथार्थिना हि = कथा सुन्न चाहने श्रोताद्वारा
एकवारं = दिनको एक पटक
हविष्यान्नेन = हविष्यान्नद्वारा अल्प आहार
कर्तव्यः = गरिनुपर्छ

वाक्यार्थ– मल र मूत्रको वेगलाई विजय प्राप्त गर्नका लागि अल्पाहार सुखदायक हुन्छ। यसैले श्रोताले दिनको एक पटक हविष्यान्नद्वारा अल्प आहार गर्नु उचित हुन्छ।

उपोष्य सप्तरात्रं वै शक्तिश्चेच्छृणुयात् तदा।
घृतपानं पयःपानं कृत्वा वै शृणुयात् सुखम्॥ ४१॥
फलाहारेण वा भाव्यमेकभुक्तेन वा पुनः।
सुखसाध्यं भवेद् यत् तु कर्तव्यं श्रवणाय तत्॥ ४२॥

पदार्थ–	**कृत्वा** = गरेर	**सुखसाध्यं** = सुखपूर्वक कथा
शक्तिः चेत् = शक्ति छ भने	**सुखम्** = सुखपूर्वक	सुन्न सकिने
सप्तरात्रं = सात दिनसम्म	**शृणुयात्** = सुनोस्	**भवेत्** = होला
उपोष्य वै = निराहार रहेर नै	**एकभुक्तेन वा पुनः** = एक छाक	**श्रवणाय** = सुन्नका लागि
शृणुयात् = सुनोस्	खानुपर्छ	**तत्** = त्यही
तदा वै = त्यस वेला	**फलाहारेण वा भाव्यम्** = अथवा	**कर्तव्यं** = गर्नुपर्दछ
पयःपानं = दुध पिउने	फलाहार गर्नुपर्छ	
घृतपानं = घिउ खाने (वा)	**यत् तु** = जे गर्दा चाहिँ	

वाक्यार्थ– सकिन्छ भने सात दिनसम्म निराहार रहेर अथवा दुध मात्र पिएर अथवा घिउ र फलाहार गरेर अथवा एक समय भोजन गरेर जे गर्दा आफूलाई सुविधा हुन्छ त्यही गरेर कथाश्रवण गर्नुपर्छ।

भोजनं तु वरं मन्ये कथाश्रवणकारकम्।
नोपवासो वरः प्रोक्तः कथाविघ्नकरो यदि॥ ४३॥

पदार्थ–	**वरं** = श्रेष्ठ हो भन्ने	विघ्न पर्छ भने
कथाश्रवणकारकम् = कथा	**मन्ये** = म मान्दछु	**उपवासः** = उपवास
सुन्नमा सजिलो बनाउँछ भने	**यदि** = यदि	**वरः न प्रोक्तः** = उचित होइन
भोजनं तु = भोजन चाहिँ	**कथाविघ्नकरः** = कथा सुन्नमा	

वाक्यार्थ– उपवास गर्दा कथा श्रवण गर्न असुविधा हुन्छ र भोजन गर्दा सुविधा हुन्छ भने उपवास नगरेर भोजन गरेरै कथा श्रवण गर्नुपर्छ।

सप्ताहव्रतिनां पुंसां नियमाञ्छृणु नारद।
विष्णुदीक्षाविहीनानां नाधिकारः कथाश्रवे॥ ४४॥

पदार्थ–	**पुंसां** = मानिसहरूको	विष्णुदीक्षा नलिएका
नारद = हे नारदजी	**नियमान्** = नियमहरू	मानिसहरूको
सप्ताहव्रतिनां = नियमपूर्वक	**शृणु** = सुन्नुहोस्	**कथाश्रवे** = कथा सुन्नमा
सप्ताह सुन्ने	**विष्णुदीक्षाविहीनानां** =	**अधिकारः** = अधिकार

न = छैन

वाक्यार्थ– हे नारदजी ! नियमपूर्वक सप्ताह सुन्ने मानिसहरूको नियमहरू सुन्नुहोस्, जसले विष्णुदीक्षा (विष्णुमा अनन्य भक्ति) ग्रहण गरेको छैन उसलाई श्रीमद्भागवतको कथा सुन्ने अधिकार छैन।

ब्रह्मचर्यमधःसुप्तिः पत्रावल्यां च भोजनम्।
कथासमाप्तौ भुक्तिं च कुर्यान्नित्यं कथाव्रती ॥ ४५॥

पदार्थ–
कथाव्रती = नियमपूर्वक कथा सुन्नेले
ब्रह्मचर्यम् = ब्रह्मचर्य व्रतको पालन गर्नुपर्छ
अधःसुप्तिः च = जमिनमा सुत्ने पनि गर्नुपर्छ
पत्रावल्यां च = पात (टपरी आदि)मा
भोजनम् = भोजन गर्नुपर्छ
नित्यं = सधैं
कथासमाप्तौ = कथा समाप्त भएपछि
भुक्तिं = भोजन
कुर्यात् = गर्नू

वाक्यार्थ– कथाव्रतीले ब्रह्मचर्यको पालन र भुईंमा सुत्ने गर्नू अनि कथा सुनिसकेपछि पातमा (टपरी आदिमा) भोजन गर्नू।

द्विदलं मधु तैलं च गरिष्ठान्नं तथैव च।
भावदुष्टं पर्युषितं जह्यान्नित्यं कथाव्रती ॥ ४६ ॥

पदार्थ–
कथाव्रती = नियमपूर्वक कथा सुन्नेले
द्विदलं = दाल
मधु = मह
तैलं च = तेल पनि
तथा एव = त्यसै गरी
गरिष्ठान्नं = गरिष्ठ अन्न
भावदुष्टं = भावद्वारा दूषित पदार्थ
पर्युषितं च = बासी पदार्थ पनि
नित्यं = सधैं
जह्यात् = खान छाडोस्

वाक्यार्थ– कथाव्रतीले दाल, मह, तेल, गरिष्ठ भोजन, भावदूषित पदार्थ र बासी पदार्थको सेवन नगर्नू।

कामं क्रोधं मदं मानं मत्सरं लोभमेव च।
दम्भं मोहं तथा द्वेषं दूरयेच्च कथाव्रती ॥ ४७ ॥

पदार्थ–
कथाव्रती = नियमपूर्वक कथा सुन्नेले
कामं = काम
क्रोधं = क्रोध
मदं = घमन्ड
मानं = मान
मत्सरं = ईर्ष्या
लोभम् एव च = लोभ पनि
तथा = त्यस्तै
दम्भं = दम्भ
मोहं = मोह
द्वेषं च = द्वेषलाई पनि
दूरयेत् = टाढै छाडोस्

वाक्यार्थ– त्यसै गरी नियमपूर्वक कथा-पुराण सुन्नेले काम, क्रोध, घमन्ड, मान, ईर्ष्या, लोभ,

दम्भ, मोह र द्वेषलाई टाढै छाड्नू।

वेदवैष्णवविप्राणां गुरुगोव्रतीनां तथा ॥

स्त्रीराजमहतां निन्दां वर्जयेद् यः कथाव्रती ॥ ४८ ॥

पदार्थ–
यः = जो
कथाव्रती = नियमपूर्वक कथा सुन्ने व्यक्ति छ उसले
वेदवैष्णवविप्राणां = वेद, वैष्णव र ब्राह्मणहरूको
तथा = त्यस्तै
गुरुगोव्रतीनां = गुरु र गाईको सेवा गर्नेहरूको
स्त्रीराजमहतां = स्त्री, राजा र महापुरुषहरूको
निन्दां = निन्दालाई
वर्जयेत् = त्यागिदेओस्

वाक्यार्थ– कथाव्रतीले वेद, विष्णुभक्त, ब्राह्मण, गुरु, गोसेवक, स्त्री, राजा र महापुरुषहरूको निन्दा नगर्नू।

रजस्वलान्त्यजम्लेच्छपतितव्रात्यकैस्तथा।

द्विजद्विड्वेदबाह्यैश्च न वदेद् यः कथाव्रती ॥ ४९ ॥

पदार्थ–
यः = जो
कथाव्रती = नियमपूर्वक कथा सुन्ने व्यक्ति छ उसले
रजस्वलान्त्यजम्लेच्छपतित-व्रात्यकैः = रजस्वला भएकी स्त्री, अन्त्यज, म्लेच्छ, पतित, गायत्रीहीन ब्राह्मणसँग
तथा = त्यस्तै
द्विजद्विड्वेदबाह्यैः च = ब्राह्मणसँग द्वेष गर्ने र वेदलाई नमान्नेहरूसँग पनि
न वदेत् = नबोल्नू

वाक्यार्थ– कथाव्रतीले रजस्वला भएकी स्त्री, अन्त्यज, म्लेच्छ, पतित, गायत्रीहीन ब्राह्मण, ब्राह्मणसँग द्वेष गर्ने र वेदलाई नमान्ने मनुष्यहरूसँग नबोल्नू।

सत्यं शौचं दयां मौनमार्जवं विनयं तथा।

उदारमानसं तद्वदेवं कुर्यात् कथाव्रती ॥ ५० ॥

पदार्थ–
कथाव्रती = नियमपूर्वक कथा सुन्नेले
सत्यं = सत्य बोल्नू
शौचं = पवित्र बन्नू
दयां = दया
मौनम् = मौनता
आर्जवं = सोझोपन
विनयं = विनयीपन
तथा = त्यस्तै
तद्वत् = त्योजस्तै
एवं = अन्य पनि
उदारमानसं = उदार मन
कुर्यात् = गरोस्

वाक्यार्थ– त्यसै गरी कथाव्रतीले सत्यभाषण, पवित्रता, दया, मौनता, सरलता, नम्रता र उदारताको व्यवहार गर्नू।

दरिद्रश्च क्षयी रोगी निर्भाग्यः पापकर्मवान्।

अनपत्यो मोक्षकामः शृणुयाच्च कथामिमाम्॥ ५१॥

पदार्थ—
दरिद्रः = गरिब
क्षयी = क्षय रोगबाट पीडित
रोगी = रोगी
निर्भाग्यः = अभागी
पापकर्मवान् = पाप कर्म गरेको
अनपत्यः च = सन्तान भएकोले पनि
मोक्षकामः च = मोक्षको इच्छा गर्नेले पनि
इमाम् = यो
कथाम् = कथा
शृणुयात् = सुनोस्

वाक्यार्थ— दरिद्र, क्षयरोगले पीडित, अन्य रोगले पीडित, भाग्यहीन, पापी, सन्तानहीन र मोक्ष चाहने मनुष्यले श्रीमद्भागवतको कथा सुनोस्।

अपुष्पा काकवन्ध्या च वन्ध्या या च मृतार्भका।
स्त्रवद्गर्भा च या नारी तया श्राव्या प्रयत्नतः॥ ५२॥

पदार्थ—
अपुष्पा = रजोदर्शन रोकिएकी
काकवन्ध्या = एक पटक सन्तान भएपछि फेरि सन्तान हुन रोकिएकी
वन्ध्या च = बाँझीले पनि
या च मृतार्भका = जसको चाहिँ बालक मरेको छ
या च स्त्रवद्गर्भा नारी = जुन नारीको गर्भ तुहिएको छ
तया = तिनीद्वारा पनि
प्रयत्नतः = प्रयासपूर्वक
श्राव्या = भागवतकथा सुनिनुपर्छ

वाक्यार्थ— जुन नारीको रजोदर्शन रोकिएको छ, एक पटक सन्तान भएर फेरि अर्को पटक सन्तान हुन रोकिएको छ, जो बाँझी छ, जसको सन्तान मरेको छ, जसको गर्भ बारम्बार तुहिइरहन्छ, त्यस्ती नारीले प्रयत्नपूर्वक यो भागवत सुन्नू।

एतेषु विधिना श्रावे तदक्षयतरं भवेत्।
अत्युत्तमा कथा दिव्या कोटियज्ञफलप्रदा॥ ५३॥

पदार्थ—
एतेषु = यी
विधिना = विधिअनुसार
श्रावे = सुनेमा
तदक्षयतरं = अक्षय फल प्राप्ति
भवेत् = हुन्छ
अत्युत्तमा = ज्यादै उत्तम
दिव्या = दिव्य
कथा = कथा
कोटियज्ञफलप्रदा = करोडौँ यज्ञको फल प्रदान गर्नेवाला छ

वाक्यार्थ— विधिपूर्वक सुनेमा यस कथाबाट अक्षय फल प्राप्त हुन्छ, यो कथा अत्युत्तम, दिव्य र करोडौँ यज्ञको फल प्रदान गर्नेवाला छ।

एवं कृत्वा व्रतविधिमुद्यापनमथाचरेत्।
जन्माष्टमीव्रतमिव कर्तव्यं फलकाङ्क्षिभिः॥ ५४॥

पदार्थ—
एवं = यस अनुसार
व्रतविधिम् = व्रतको विधि

कृत्वा = पालना गरेर
अथ = त्यसपछि
उद्यापनम् = समापन
आचरेत् = गर्नू
फलकाङ्क्षिभिः = विशेष फलको इच्छा राख्ने व्यक्तिहरूद्वारा
जन्माष्टमीव्रतम् इव = कृष्णजन्माष्टमीको उद्यापन गरेजस्तै
कर्तव्यं = गर्नू

वाक्यार्थ— यस प्रकार व्रतविधिको पालन गरेर व्रतको समापन गर्नू। विशेष फलको इच्छा राख्ने व्यक्तिले श्रीकृष्णजन्माष्टमीको व्रतको समान नै व्रतको समापन गर्नू।

अकिंचनेषु भक्तेषु प्रायो नोद्यापनाग्रहः।

श्रवणेनैव पूतास्ते निष्कामा वैष्णवा यतः॥ ५५॥

पदार्थ—
प्रायः अकिंचनेषु = लगभग केही नभएका
भक्तेषु = भक्तहरूमा
उद्यापनाग्रहः = समापन समारोह
न = देखिँदैन
श्रवणेन एव = श्रवणद्वारा नै
ते = तिनीहरू
पूताः = पवित्र हुन्छन्
यतः = किनभने (तिनीहरू)
निष्कामाः = कामनारहित
वैष्णवाः = वैष्णव हुन्

वाक्यार्थ— जोसँग अरू केही छैन त्यस्ता भगवद्भक्तहरूले उद्यापन गर्नुपर्ने आवश्यकता छैन, तिनीहरू श्रवणद्वारा नै पवित्र हुन्छन् किनभने तिनीहरू निष्कामभावले सुन्ने वैष्णव हुन्।

एवं नगाहयज्ञेऽस्मिन् समाप्ते श्रोतृभिस्तदा॥

पुस्तकस्य च वक्तुश्च पूजा कार्यातिभक्तितः॥ ५६॥

पदार्थ—
एवं = यस प्रकार
अस्मिन् = यो
नगाहयज्ञे = सप्ताहयज्ञ
समाप्ते = समाप्त भएपछि
तदा = त्यस वेला
श्रोतृभिः = श्रोताहरूले
अतिभक्तितः = अत्यन्तै भक्तिपूर्वक
पुस्तकस्य च = पुस्तकको र
वक्तुः च = वक्ताको पनि
पूजा = पूजा
कार्या = गर्नुपर्छ

वाक्यार्थ— यस प्रकार सप्ताह यज्ञ समाप्त भएपछि श्रोताहरूले पुस्तकको र वक्ताको पनि अत्यन्तै भक्तिपूर्वक पूजा गर्नुपर्छ।

प्रसादतुलसीमाला श्रोतृभ्यश्चाथ दीयताम्।

मृदङ्गताललतितं कर्तव्यं कीर्तनं ततः॥ ५७॥

जयशब्दं नमःशब्दं शङ्खशब्दं च कारयेत्।

विप्रेभ्यो याचकेभ्यश्च वित्तमन्नं च दीयताम्॥ ५८॥

पदार्थ—
अथ च = त्यसपछि
प्रसादतुलसीमाला = प्रसाद र

तुलसीको माला
श्रोतृभ्यः = श्रोताहरूलाई
दीयताम् = दिनुपर्छ
ततः = त्यसपछि
मृदङ्गतालललितं = मादलको र मुजुराको मधुर ध्वनिले
कीर्तनं = भजन-कीर्तन
कर्तव्यं = गर्नुपर्छ
जयशब्दं = जय शब्द
नमःशब्दं = नमः शब्द
शङ्खशब्दं च = शङ्ख बजाउने काम पनि
कारयेत् = गर्नुपर्छ
विप्रेभ्यः = ब्राह्मणहरूलाई
याचकेभ्यः च = माग्नेहरूलाई पनि
वित्तम् = धन
अन्नं च = अन्न पनि
दीयताम् = दिनुपर्छ

वाक्यार्थ– श्रोताहरूलाई प्रसाद र तुलसीको माला दिनुपर्दछ। त्यसपछि मादल र मुजुराको मिठो ध्वनिले युक्त कीर्तन गर्नुपर्छ। कीर्तन गर्दा बिच-बिचमा जय शब्द र नमः शब्दको पनि उच्चारण गर्नुपर्छ, त्यसै गरी शङ्ख पनि बजाउनुपर्छ। ब्राह्मणहरूलाई र याचकहरूलाई धन र अन्न पनि दिनुपर्छ।

विरक्तश्चेद् भवेच्छ्रोता गीता वाच्या परेऽहनि।
गृहस्थश्चेत् तदा होमः कर्तव्यः कर्मशान्तये॥ ५९॥

पदार्थ–
श्रोता = श्रोता
विरक्तः = विरक्त
भवेत् चेत् = भएमा
परे अहनि = अर्को दिन
गीता वाच्या = गीतापाठ गर्नुपर्छ
गृहस्थः चेत् = गृहस्थ (छ) भने
तदा = त्यस वेला
कर्मशान्तये = कर्मको शान्तिका लागि
होमः = हवन
कर्तव्यः = गर्नुपर्छ

वाक्यार्थ– श्रोता यदि विरक्त छ भने अर्को दिन गीतापाठ गर्नुपर्छ, यदि गृहस्थ छ भने अर्को दिन कर्मसमाप्तिका लागि हवन गर्नुपर्छ।

प्रतिश्लोकं तु जुहुयाद् विधिना दशमस्य च।
पायसं मधु सर्पिश्च तिलान्नादिकसंयुतम्॥ ६०॥

पदार्थ–
दशमस्य = (हवन गर्दा भागवतको) दशम स्कन्धको
प्रतिश्लोकं = प्रत्येक श्लोक पढेर
पायसं = खिर
मधु = मह
तिलान्नादिकसंयुतम् = तिल, अन्न आदिले युक्त
सर्पिः च = घिउ
विधिना = विधिअनुसार
जुहुयात् = होम गरोस्

वाक्यार्थ– हवन गर्दा दशम स्कन्धको प्रत्येक श्लोक पढेर विधिपूर्वक खिर, मह, तिल र अन्न आदि सामग्रीले युक्त घिउद्वारा आहुति दिनू।

अथवा हवनं कुर्याद् गायत्र्या सुसमाहितः।
तन्मयत्वात् पुराणस्य परमस्य च तत्त्वतः॥ ६१॥

पदार्थ–
अथवा = अथवा
सुसमाहितः = एकाग्र चित्तले

गायत्र्या = गायत्री मन्त्रद्वारा
हवनं = होम
कुर्यात् = गरोस्
परमस्य पुराणस्य = यो श्रीमद्भागवत महापुराण
तत्त्वतः = वास्तविक रूपमा
तन्मयत्वात् च = गायत्रीरूप नै हुनाले

वाक्यार्थ– अथवा एकाग्र चित्तले गायत्री मन्त्रद्वारा हवन गर्नुपर्छ। किनभने यो पुराण वस्तुतः गायत्रीस्वरूप नै हो।

होमाशक्तौ बुधो हौम्यं दद्यात् तत्फलसिद्धये।
नानाच्छिद्रनिरोधार्थं न्यूनताधिकतानयोः॥ ६२॥
दोषयोः प्रशमार्थं च पठेन्नामसहस्रकम्।
तेन स्यात् सफलं सर्वं नास्त्यस्माद्धिकं यतः॥ ६३॥

पदार्थ–
होमाशक्तौ = होम गर्न नसकेमा
तत्फलसिद्धये = हवनको फल प्राप्त गर्नका लागि
बुधः = बुद्धिमान् कर्ताले
हौम्यं = होमका सामग्री
दद्यात् = दान गर्नू
नानाच्छिद्रनिरोधार्थं = विभिन्न किसिमका त्रुटिहरूलाई हटाउनका लागि
न्यूनताधिकता = काममा न्यूनता र अधिकतारूप
अनयोः = यी दुई
दोषयोः = दोषको
प्रशमार्थं च = निराकरणका लागि चाहिँ
नामसहस्रकम् = विष्णुसहस्रनाम
पठेत् = पढ्नू
तेन = त्यसद्वारा
सर्वं = सबै
सफलं = सफल
स्यात् = हुन्छ
यतः = किनभने
अस्मात् = यसभन्दा
अधिकं = ठुलो
न अस्ति = अरू केही छैन

वाक्यार्थ– होम गर्ने सामर्थ्य नभए हवनको फल प्राप्त गर्नका लागि ब्राह्मणलाई हवन सामग्री दान गर्नुपर्छ। विभिन्न प्रकारका त्रुटिहरूलाई हटाउनका लागि, कम-बेसी पर्न गई भएको दोषलाई हटाउनका लागि विष्णुसहस्रनाम पाठ गर्नुपर्छ। विष्णुसहस्रनामको पाठभन्दा श्रेष्ठ कर्म अरू कुनै नहुनाले विष्णसहस्रनामको पाठद्वारा सम्पूर्ण कर्महरू सफल हुन्छन्।

द्वादश ब्राह्मणान् पश्चाद् भोजयेन्मधुपायसैः।
दद्यात् सुवर्णं धेनुं च व्रतपूर्णत्वहेतवे॥ ६४॥

पदार्थ–
पश्चात् = त्यसपछि
द्वादश ब्राह्मणान् = बाह्र जना ब्राह्मणलाई
मधुपायसैः = मह, खिर आदि पदार्थहरू
भोजयेत् = खुवाउनू
व्रतपूर्णत्वहेतवे = व्रतको पूर्णत्वका लागि
सुवर्णं = सुन
धेनुं च = गाई पनि
दद्यात् = दिनू

वाक्यार्थ– त्यसपछि बाह्र जना ब्राह्मणहरूलाई खिर र मह आदि उत्तम पदार्थहरूको भोजन गराउनू। व्रतको पूर्णताका लागि गाई र सुवर्णको दान दिनू।

शक्तौ पलत्रयमितं स्वर्णसिंहं विधाय च।
तत्रास्य पुस्तकं स्थाप्यं लिखितं ललिताक्षरम्॥ ६५॥
सम्पूज्यावाहनाद्यैस्तदुपचारैः सदक्षिणम्।
वस्त्रभूषणगन्धाद्यैः पूजिताय यतात्मने॥ ६६॥
आचार्याय सुधीर्दत्त्वा मुक्तः स्याद् भवबन्धनैः।
एवं कृते विधाने च सर्वपापनिवारणे॥ ६७॥
फलदं स्यात् पुराणं तु श्रीमद्भागवतं शुभम्।
धर्मकामार्थमोक्षाणां साधनं स्यान्न संशयः॥ ६८॥

पदार्थ–
शक्तौ = सामर्थ्य छ भने
पलत्रयमितं = तीन तोलाको
स्वर्णसिंहं = सुनको सिंहासन
विधाय = बनाएर
तत्र च = त्यहाँ चाहिँ
ललिताक्षरम् = सुन्दर अक्षरद्वारा
लिखितं = लेखिएको
अस्य = श्रीमद्भागवतको
पुस्तकं = पुस्तक
स्थाप्यं = राख्नू
आवाहनाद्यैः = आवाहन आदि
तदुपचारैः = ती विधिहरूद्वारा
सम्पूज्य = पूजा गरेर
सदक्षिणम् = दक्षिणासहित
वस्त्रभूषणगन्धाद्यैः = वस्त्र, गहना, चन्दन आदिद्वारा
पूजिताय = पूजा गरिएका
यतात्मने = जितेन्द्रिय
आचार्याय = आचार्यलाई
दत्त्वा = दिएर
सुधीः = बुद्धिमान् कर्ता
भवबन्धनैः = संसारबन्धनबाट
मुक्तः = मुक्त
स्यात् = होस्
एवं = यस प्रकार
सर्वपापनिवारणे = सबै पापलाई नाश गर्ने
विधाने = यो सप्ताह यज्ञको विधान
कृते च = गरेपछि चाहिँ
पुराणं = यो भागवत पुराण
शुभम् = शुभ (अभीष्ट)
फलदं = फल प्रदान गर्ने
स्यात् = हुन्छ
श्रीमद्भागवतं तु = श्रीमद्भागवत त
धर्मकामार्थमोक्षाणां = धर्म, काम, अर्थ र मोक्षको
साधनं = साधन
स्यात् = हुन्छ
संशयः न = यसमा शङ्का छैन

वाक्यार्थ– आफूमा सामर्थ्य भए तीन तोला सुनको सुन्दर सिंहासन बनाएर सुन्दर अक्षरमा लेखिएको श्रीमद्भागवतको पुस्तक त्यो सिंहासनमाथि राखेर आवाहन, वस्त्र, गहना, चन्दन, दक्षिणा आदि विविध उपचारहरूद्वारा पुस्तकको पूजा गरेर त्यो पुस्तक जितेन्द्रिय आचार्यलाई दान गरेमा दान गर्ने व्यक्ति संसारबन्धनबाट मुक्त हुन्छ। सम्पूर्ण पापलाई नाश गर्ने यस प्रकारको विधिले श्रीमद्भागवत महापुराणको श्रवण गरेमा मनुष्यलाई धर्म, अर्थ, काम र मोक्षरूप चारै पुरुषार्थहरूको प्राप्ति हुन्छ।

कुमारा ऊचुः (कुमारहरूले भन्नुभयो)

इति ते कथितं सर्वं किं भूयः श्रोतुमिच्छसि।
श्रीमद्भागवतेनैव भुक्तिमुक्ती करे स्थिते॥ ६९॥

पदार्थ–
इति = यस प्रकार
ते = तपाईंलाई
सर्वं = सबै
कथितं = बताइयो
श्रीमद्भागवतेन एव = श्रीमद्भागवतद्वारा नै
भुक्तिमुक्ती = भुक्ति र मुक्ति
करे स्थिते = = प्राप्त हुन्छन्
भूयः = फेरि
किं = के
श्रोतुम् = सुन्न
इच्छसि = चाहनुहुन्छ

वाक्यार्थ– हे नारदजी ! हामीले यस प्रकार तपाईंलाई सबै कुरा बतायौँ। फेरि तपाईं के सुन्न चाहनुहुन्छ ? श्रीमद्भागवतको श्रवणद्वारा भोग र मोक्ष दुबै प्राप्त हुन्छन्।

सूत उवाच (सूतजीले भन्नुभयो)

इत्युक्त्वा ते महात्मानः प्रोचुर्भागवतीं कथाम्।
सर्वपापहरां पुण्यां भुक्तिमुक्तिप्रदायिनीम्॥ ७०॥

पदार्थ–
इति = यसो
उक्त्वा = भनेर
ते = ती
महात्मानः = महात्माहरूले
सर्वपापहरां = सम्पूर्ण पापलाई नष्ट गर्ने
पुण्यां = पुण्य
भुक्तिमुक्तिप्रदायिनीम् = भुक्ति र मुक्ति प्रदान गर्ने
भागवतीं = भागवतको
कथां = कथा
प्रोचुः = भन्नुभयो

वाक्यार्थ– यसो भनेर ती महात्माहरूले सम्पूर्ण पापहरूलाई नष्ट गर्ने र भुक्ति एवं मुक्ति प्रदान गर्ने श्रीमद्भागवतको कथा भन्नुभयो।

शृण्वतां सर्वभूतानां सप्ताहं नियतात्मनाम्।
यथाविधि ततो देवं तुष्टुवुः पुरुषोत्तमम्॥ ७१॥

पदार्थ–
नियतात्मनाम् = ध्यानपूर्वक
सप्ताहं = सप्ताह
यथाविधि = विधिअनुसार
शृण्वतां = श्रवण गर्ने
सर्वभूतानां = सबै प्राणीहरूले
ततः = त्यसपछि
पुरुषोत्तमम् = पुरुषोत्तम
(नारायण)
देवं = भगवान्को
तुष्टुवुः = स्तुति गरे

वाक्यार्थ– ध्यानपूर्वक विधिअनुसार श्रवण गर्ने सबै श्रोताहरूले पुरुषोत्तम भगवान् नारायणको स्तुति गरे।

तदन्ते ज्ञानवैराग्यभक्तीनां पुष्टता परा।
तारुण्यं परमं चाभूत् सर्वभूतमनोहरम्॥ ७२॥

पदार्थ—
तदन्ते = त्यसको अन्त्यमा
ज्ञानवैराग्यभक्तीनां = ज्ञान, वैराग्य र भक्तिलाई
परा पुष्टता = परम पुष्टि
सर्वभूतमनोहरम् = सबै प्राणीहरूको मन आकर्षित गर्ने
परमं = आकर्षक (ज्यादै राम्रो)
तारुण्यं च = युवावस्था पनि
अभूत् = भयो

वाक्यार्थ— त्यसपछि ज्ञान, भक्ति र वैराग्य अत्यन्त पुष्ट भए। उनीहरूलाई अत्यन्त सुन्दर युवावस्था पनि प्राप्त भयो।

नारदश्च कृतार्थोऽभूत् सिद्धे स्वीये मनोरथे।
पुलकीकृतसर्वाङ्गः परमानन्दसम्भृतः॥ ७३॥

पदार्थ—
स्वीये = आफ्नो
मनोरथे = मनोरथ
सिद्धे = पूर्ण भएपछि
नारदः च = नारदजी पनि
पुलकीकृतसर्वाङ्गः = शरीरका सम्पूर्ण अङ्ग खुसी भएका
परमानन्दसम्भृतः = परमानन्दले युक्त
कृतार्थः = कार्य सफल भएका
अभूत् = हुनुभयो

वाक्यार्थ— आफ्नो मनोरथ सफल भएको हुनाले रोमाञ्चित र परमानन्दले युक्त भएका नारदजी पनि कृतार्थ हुनुभयो।

एवं कथां समाकर्ण्य नारदो भगवत्प्रियः।
प्रेमगद्गदया वाचा तानुवाच कृताञ्जलिः॥ ७४॥

पदार्थ—
भगवत्प्रियः = भगवान्का प्रिय
नारदः = नारदजीले
एवं = यस प्रकार
कथां = कथा
समाकर्ण्य = सुनेर
कृताञ्जलिः = अञ्जलि बाँधेर
प्रेमगद्गदया = प्रेमले गद्गद् भएको
वाचा = वाणीद्वारा
तान् = तिनीहरूलाई
उवाच = भन्नुभयो

वाक्यार्थ— कथाश्रवण गरेपछि भगवान्का प्रिय भक्त नारदजीले हात जोडेर प्रेमले गद्गद भएको वाणीले ती सनक आदिलाई भन्नुभयो।

नारद उवाच (नारदजीले भन्नुभयो)

धन्योऽस्म्यनुगृहीतोऽस्मि भवद्भिः करुणापरैः।
अद्य मे भगवाँल्लब्धः सर्वपापहरो हरिः॥ ७५॥

पदार्थ—
धन्यः = धन्य
अस्मि = छु
करुणापरैः = दयालु
भवद्भिः = तपाईंहरूद्वारा
अनुगृहीतः = अनुगृहीत
अस्मि = छु
अद्य = आज
मे = मलाई
सर्वपापहरः = सबै पापलाई हरण गर्ने
भगवान् हरिः = भगवान् श्रीहरि
लब्धः = प्राप्त हुनुभएको छ

वाक्यार्थ– आज म धन्य भएको छु। दयालु तपाईंहरूद्वारा अनुगृहीत छु, किनभने तपाईंहरूको कृपाले नै आज मैले सम्पूर्ण पापहरूलाई नष्ट गर्ने भगवान् श्रीहरिलाई प्राप्त गरेको छु।

श्रवणं सर्वधर्मेभ्यो वरं मन्ये तपोधनाः।

वैकुण्ठस्थो यतः कृष्णः श्रवणाद् यस्य लभ्यते॥ ७६॥

पदार्थ–
तपोधनाः = तपस्या नै धन भएका हे कुमारहरू
सर्वधर्मेभ्यः = सबै धर्महरूमा
श्रवणं = भागवत श्रवण
वरं = उत्तम
मन्ये = मान्दछु
यतः = किनभने
यस्य = जसको (भागवतको)
श्रवणात् = श्रवणबाट
वैकुण्ठस्थः = वैकुण्ठमा रहनुभएका
कृष्णः = श्रीकृष्ण
लभ्यते = प्राप्त हुनुहुन्छ

वाक्यार्थ– तपस्या नै धन भएका हे कुमारहरू ! सम्पूर्ण धर्महरूमध्ये श्रीमद्भागवतको श्रवण नै सर्वश्रेष्ठ धर्म हो भन्ने मलाई लाग्दछ, किनभने जुन भागवतको श्रवण गर्नाले वैकुण्ठमा बस्ने भगवान्‌लाई हामीहरू प्राप्त गर्न सक्दछौँ।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं ब्रुवति वै तत्र नारदे वैष्णवोत्तमे।

परिभ्रमन् समायातः शुको योगेश्वरस्तदा॥ ७७॥

पदार्थ–
वैष्णवोत्तमे = विष्णुभक्तहरूमा श्रेष्ठ
नारदे = नारदजीले
एवं = यसो
ब्रुवति = भन्दै गर्दा
तत्र = त्यहाँ
तदा = त्यस वेला
वै = नै
योगेश्वरः = योगेश्वर
शुकः = श्रीशुकदेवजी
परिभ्रमन् = घुम्दै
समायातः = आइपुग्नुभयो

वाक्यार्थ– यस प्रकार विष्णुका भक्तहरूमा श्रेष्ठ देवर्षि नारदजी भन्दै हुनुहुन्थ्यो, त्यसै वेला श्रीशुकदेवजी घुम्दै त्यहाँ आइपुग्नुभयो।

तत्रायय‍ौ षोडशवार्षिकस्तदा व्यासात्मजो ज्ञानमहाब्धिचन्द्रमाः।

कथावसाने निजलाभपूर्णः प्रेम्णा पठन् भागवतं शनैः शनैः॥ ७८॥

पदार्थ–
कथावसाने = कथा समाप्त भएपछि
तदा = त्यस वेला
षोडशवार्षिकः = सोह्र वर्षका
व्यासात्मजः = व्यासका छोरा
ज्ञानमहाब्धिचन्द्रमाः = ज्ञानरूपी महासागरको चन्द्रमा जस्ता भएका
निजलाभपूर्णः = आत्मलाभले पूर्ण भएका
प्रेम्णा = प्रेमपूर्वक
भागवतं = भागवत
पठन् = पढ्दै
शनैः शनैः = बिस्तारै-बिस्तारै
तत्र = त्यहाँ
आययौ = आइपुग्नुभयो

वाक्यार्थ– कथा समाप्त भएपछि सोह्र वर्षका, ज्ञानरूपी महासागरलाई बढाउनका लागि चन्द्रमा जस्ता भएका, आफैंमा परिपूर्ण व्यासपुत्र श्रीशुकदेवजी बिस्तारै-बिस्तारै भागवत पढ्दै त्यहाँ आइपुग्नुभयो।

दृष्ट्वा सदस्याः परमोरुतेजसं सद्यः समुत्थाय ददुर्महासनम्।
प्रीत्या सुरर्षिस्तमपूजयत् सुखं स्थितोऽवदत् संशृणुतामलां गिरम्॥ ७९॥

पदार्थ–	**महासनम्** = ठुलो (उच्च) आसन	**सुखं** = आरामसँग
परमोरुतेजसं = ज्यादै तेजस्वी (श्रीशुकदेवजीलाई)	**ददुः** = दिए	**स्थितः** = बसेर
दृष्ट्वा = देखेर	**सुरर्षिः** = देवर्षि नारदजीले	**अमलां** = निर्मल
सदस्याः = सदस्यहरूले	**तम्** = उहाँलाई	**गिरम्** = वाणी
सद्यः = तत्काल	**प्रीत्या** = प्रेमपूर्वक	**संशृणुत** = सुन्नुहोस्
समुत्थाय = उठेर	**अपूजयत्** = पूजा गर्नुभयो	**अवदत्** = भन्नुभयो

वाक्यार्थ– अत्यन्त तेजस्वी श्रीशुकदेवजीलाई देखेर तुरुन्त सम्पूर्ण सभाका सदस्यहरू उठेर उहाँलाई अत्यन्त उच्च आसन प्रदान गरे। देवर्षि नारदजीले श्रीशुकदेवजीलाई प्रेमपूर्वक पूजा गर्नुभयो। सुखपूर्वक बसिसकेपछि श्रीशुकदेवजीले भन्नुभयो– हे सदस्यहरू ! मेरो निर्मल वाणी सुन्नुहोस्।

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

निगमकल्पतरोर्गलितं फलं शुकमुखादमृतद्रवसंयुतम्।
पिबत भागवतं रसमालयं मुहुरहो रसिका भुवि भावुकाः॥ ८०॥
धर्मः प्रोज्झितकैतवोऽत्र परमो निर्मत्सराणां सतां
वेद्यं वास्तवमत्र वस्तु शिवदं तापत्रयोन्मूलनम्।
श्रीमद्भागवते महामुनिकृते किं वा परैरीश्वरः
सद्यो हृद्यवरुध्यतेऽत्र कृतिभिः शुश्रूषुभिस्तत्क्षणात्॥ ८१॥
श्रीमद्भागवतं पुराणतिलकं यद्वैष्णवानां धनं
यस्मिन् पारमहंस्यमेवममलं ज्ञानं परं गीयते।
यत्र ज्ञानविरागभक्तिसहितं नैष्कर्म्यमाविष्कृतं
तच्छृण्वन् प्रपठन् विचारणपरो भक्त्या विमुच्येन्नरः॥ ८२॥

यी तीन पद्यहरू श्रीमद्‌भागवत मूलको पहिलो स्कन्धको प्रथम अध्यायको तेस्रो र दोस्रो अनि र बाह्रौँ स्कन्धको तेह्रौँ अध्यायको अठारौँ श्लोकको रूपमा आएका हुनाले यी पद्यहरूको अर्थ सोही स्थानमा दिइएको छ।

स्वर्गे सत्ये च कैलासे वैकुण्ठे नास्त्ययं रसः।
अतः पिबन्तु सद्‌भाग्या मा मा मुञ्चत कर्हिचित्॥ ८३॥

पदार्थ–	**अयं** = यो	**पिबन्तु** = यो रस पिउनुहोस्
स्वर्गे = स्वर्गलोकमा	**रसः** = रस (भागवतकथारस)	**कर्हिचित्** = कहिल्यै पनि
सत्ये = ब्रह्मलोकमा	**न अस्ति** = छैन	**मा मा मुञ्चत** = पिउन छाड्दै
कैलासे = कैलासमा	**अतः** = त्यसकारण	नछाड्नुहोस्
वैकुण्ठे च = वैकुण्ठमा पनि	**सद्‌भाग्याः** = हे भाग्यवान्‌हरू	

वाक्यार्थ– यो भागवतरूपी रस स्वर्गमा, ब्रह्मलोकमा, कैलासमा र वैकुण्ठमा पनि प्राप्त गर्न सकिँदैन। अतः हे भाग्यवान् श्रोताहरू ! तपाईंहरूले यो रसलाई खुब पिउनुहोस्, यसलाई पिउन कहिल्यै पनि नछाड्नुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं ब्रुवाणे सति बादरायणौ मध्ये सभायां हरिराविरासीत्।
प्रह्लादबल्युद्धवफाल्गुनादिभिर्वृतः सुरर्षिस्तमपूजयच्च तान्॥ ८४॥

पदार्थ–	**मध्ये** = बिचमा	**आविरासीत्** = प्रकट हुनुभयो
एवं = यस प्रकार	**प्रह्लादबल्युद्धवफाल्गुनादिभिः** =	**सुरर्षिः** = नारदजीले
बादरायणौ = भगवान्	प्रह्लाद, बलि, उद्धव र अर्जुन	**तम्** = उहाँ (भगवान्)लाई
श्रीशुकदेवजीले	आदिद्वारा	**तान् च** = तिनीहरू (भगवान्‌का
ब्रुवाणे सति = भन्दै गर्नुहुँदा	**वृतः** = घेरिनुभएका	पार्षदहरू)लाई पनि
सभायां = सभाको	**हरिः** = भगवान् श्रीहरि	**अपूजयत्** = पूजा गर्नुभयो

वाक्यार्थ– यस प्रकार भगवान् श्रीशुकदेवजी भन्दै हुनुहुन्थ्यो, सभाको बिचमा प्रह्लाद, बलि, उद्धव र अर्जुन आदि पार्षदहरूका साथ साक्षात् श्रीहरि प्रकट हुनुभयो। देवर्षि नारदले भगवान् र भगवान्‌का पार्षदहरूलाई पूजा गर्नुभयो।

दृष्ट्वा प्रसन्नं महदासने हरिं ते चक्रिरे कीर्तनमग्रतस्तदा।
भवो भवान्या कमलासनस्तु तत्रागमत् कीर्तनदर्शनाय॥ ८५॥

पदार्थ–	**प्रसन्नं** = प्रसन्न मुखमुद्रामा	**तदा** = त्यस वेला
महदासने = ठुलो (उच्च)	**हरिं** = भगवान् श्रीहरिलाई	**ते** = उनीहरूले (पार्षदहरूले)
आसनमा	**दृष्ट्वा** = देखेर	**अग्रतः** = भगवान्‌को अगाडि

कीर्तनम् = कीर्तन	**भवः** = भगवान् शिव	**कीर्तनदर्शनाय** = कीर्तन हेर्नका
चक्रिरे = गर्न लागे	**कमलासनः तु** = भगवान् ब्रह्मा	लागि
भवान्या = पार्वतीले सहित	पनि	**आगमत्** = आउनुभयो
भएका	**तत्र** = त्यहाँ	

वाक्यार्थ– उच्च आसनमा प्रसन्नतापूर्वक भगवान् बस्नुभएको देखेर, भगवान्को अगाडि भगवान्का पार्षदहरूले कीर्तन प्रारम्भ गरे। कीर्तन हेर्नका लागि पार्वतीका साथ भगवान् शङ्कर र ब्रह्माजी पनि त्यहाँ आउनुभयो।

प्रह्लादस्तालधारी तरलगतितया चोद्धवः कांस्यधारी
वीणाधारी सुरर्षिः स्वरकुशलतया रागकर्तार्जुनोऽभूत्।
इन्द्रोऽवादीन्मृदङ्गं जय जय सुकराः कीर्तने ते कुमारा
यत्राग्रे भाववक्ता सरसरचनया व्यासपुत्रो बभूव ॥ ८६ ॥

पदार्थ–	**वीणाधारी** = वीणा बजाउन	कुमारहरू
तरलगतितया = फूर्तिलो हुनाले	थाल्नुभयो	**जय जय सुकराः** = राम्रोसँग जय
प्रह्लादः = प्रह्लाद	**अर्जुनः च** = अर्जुन चाहिँ	जयकार गर्न थाल्नुभयो
तालधारी = करताल बजाउन	**रागकर्ता** = राग अलाप्ने व्यक्ति	**यत्र** = जहाँ
लाग्नुभयो	**अभूत्** = बन्नुभयो	**अग्रे** = अगाडि
उद्धवः = उद्धवजी	**इन्द्रः** = इन्द्रले	**व्यासपुत्रः** = व्यासपुत्र
कांस्यधारी = मुजुरा बजाउन	**मृदङ्गं** = मादल	श्रीशुकदेवजी
थाल्नुभयो	**अवादीत्** = बजाउनुभयो	**सरसरचनया** = विभिन्न सरस
सुरर्षिः = देवर्षि नारद	**कीर्तने** = कीर्तनमा बिचबिचमा	संरचनाद्वारा
स्वरकुशलतया = गायनमा	**ते** = ती	**भाववक्ता** = भाव बताउने व्यक्ति
कुशल हुनाले	**कुमाराः** = सनक आदि	**बभूव** = बन्नुभयो

वाक्यार्थ– फूर्तिला भएकाले प्रह्लादले करताल बजाउन लाग्नुभयो, उद्धवजी मुजुरा बजाउन लाग्नुभयो, देवर्षि नारद गायनमा कुशल हुनाले वीणा बजाउन लाग्नुभयो, गानविद्यामा कुशल हुनाले अर्जुन राग अलाप्न लाग्नुभयो, इन्द्र मादल बजाउन लाग्नुभयो, सनकादिहरू बिचबिचमा जयजयकार गर्न लाग्नुभयो अनि सबैका अगाडि श्रीशुकदेवजी विभिन्न प्रकारका सरस संरचनाद्वारा भाव बताउन लाग्नुभयो।

ननर्त मध्ये त्रिकमेव तत्र भक्त्यादिकानां नटवत् सुतेजसाम्।
अलौकिकं कीर्तनमेतदीक्ष्य हरिः प्रसन्नोऽपि वचोऽब्रवीत् तत् ॥ ८७ ॥
मत्तो वरं भाववृताद् वृणुध्वं प्रीतः कथाकीर्तनतोऽस्मि साम्प्रतम्

श्रुत्वेति तद्वाक्यमतिप्रसन्नाः प्रेमार्द्रचित्ता हरिमूचिरे ते ॥ ८८ ॥

नगाहगाथासु च सर्वभक्तैरेभिस्त्वया भाव्यमिति प्रयत्नात् ।

मनोरथोऽयं परिपूरणीयस्तथेति चोक्त्वान्तरधीयताच्युतः ॥ ८९ ॥

पदार्थ—
तत्र = त्यहाँ
मध्ये = बिचमा
सुतेजसाम् = अत्यन्त तेजस्वी
भक्त्यादिकानां = भक्ति, ज्ञान र वैराग्य
त्रिकम् एव = यी तीनको समूह नै
नटवत् = नट झैं
ननर्त = नाच्यो
एतत् = यो
अलौकिकं = अलौकिक
कीर्तनम् = कीर्तन
ईक्ष्य = देखेर
प्रसन्नः = खुसी हुनुभएका
हरिः अपि = भगवान् श्रीहरिले पनि
तत् वचः = यो कुरा
अब्रवीत् = भन्नुभयो
साम्प्रतम् = अहिले
कथाकीर्तनतः = कथा र कीर्तनबाट
प्रीतः = खुसी भएको
अस्मि = छु
भाववृतात् = भावभक्तिले वशीभूत भएको
मत्तः = मबाट
वरं = वर
वृणुध्वं = माग
इति = यस्तो
तद्वाक्यम् = भगवान्को वचन
श्रुत्वा = सुनेर
अतिप्रसन्नाः = ज्यादै खुसी भएका
प्रेमार्द्रचित्ताः = प्रेमले पग्लेको हृदय भएका
ते = तिनीहरूले
हरिम् = श्रीहरिलाई
ऊचिरे = भने
नगाहगाथासु = सप्ताह यज्ञहरूमा
एभिः = यी
सर्वभक्तैः = सबै भक्तहरूका साथ
त्वया च = हजुरद्वारा पनि
भाव्यम् = होइनुपर्छ
इति अयं = यस प्रकारको यो
मनोरथः = इच्छा
प्रयत्नात् = प्रयासपूर्वक
परिपूरणीयः = पूरा गरिदिइयोस्
तथा = त्यसै हुनेछ
इति च = यसो पनि
उक्त्वा = भनेर
अच्युतः = भगवान् श्रीहरि
अन्तरधीयत = अन्तर्धान हुनुभयो

वाक्यार्थ— कीर्तनकर्ताहरूका बिचमा अत्यन्त तेजस्वी भक्ति, ज्ञान र वैराग्य नट झैं नाच्न लागे। तिनीहरूको अलौकिक कीर्तन देखेर भगवान् प्रसन्न हुनुभयो र उहाँले भन्नुभयो— 'हे श्रोताहरू ! तिमीहरूको भावपूर्ण कथाश्रवण र कीर्तनबाट म अहिले ज्यादै प्रसन्न भएको छु। मबाट तिमीहरूले वर माग।' भगवान्को यस्तो प्रेमपूर्ण वचन सुनेर त्यहाँ उपस्थित सम्पूर्ण श्रोताहरूले एक स्वरले भगवान्सँग प्रार्थना गरे— 'पछि हुने सप्ताह यज्ञहरूमा पनि हजुरले यसै गरी आफ्ना पार्षदका साथ सवारी हुनुपर्छ, हाम्रो यही इच्छा छ।' त्यसपछि भगवान् 'तथास्तु' भनेर अन्तर्धान हुनुभयो।

ततोऽनमत् तच्चरणेषु नारदस्तथा शुकादीनपि तापसांश्च ।

अथ प्रहृष्टाः परिनष्टमोहाः सर्वे ययुः पीतकथामृतास्ते ॥ ९० ॥

पदार्थ–

ततः = त्यसपछि
नारदः = नारदजीले
तच्चरणेषु = भगवान् र भगवान्का पार्षदहरूको चरणमा
अनमत् = ढोग्नुभयो
तथा = त्यसै गरी
शुकादीन् = श्रीशुकदेवजी आदि
तापसान् अपि च = मुनिहरूलाई पनि (ढोग्नुभयो)
अथ = त्यसपछि
पीतकथामृताः = भगवान्को कथारूपी अमृत पिएका
प्रहृष्टाः = खुसी भएका
परिनष्टमोहाः = मोह नष्ट भएका
ते = ती
सर्वे = सबै
ययुः = आ-आफ्नो ठाउँमा गए

वाक्यार्थ– त्यसपछि नारदजीले भगवान् र भगवान्का पार्षदहरूको चरणमा नमस्कार गर्नुभयो। त्यसै गरी श्रीशुकदेवजी आदि मुनिहरूलाई र तपस्वीहरूलाई पनि नमस्कार गर्नुभयो। त्यसपछि श्रीमद्भागवतरूपी अमृतको पान गरेर मोह नष्ट भई अत्यन्त प्रसन्न भएका ती श्रोताहरू आ-आफ्नो ठाउँमा गए।

भक्तिः सुताभ्यां सह रक्षिता सा शास्त्रे स्वकीयेऽपि तदा शुकेन।
अतो हरिर्भागवतस्य सेवनाच्चित्तं समायाति हि वैष्णवानाम्॥ ९१॥

पदार्थ–

तदा = त्यस वेला
शुकेन = श्रीशुकदेवजीद्वारा
स्वकीये = आफ्नो
शास्त्रे अपि = शास्त्र (भागवत)मा पनि
सा = ती
भक्तिः = भक्ति
सुताभ्यां = दुई छोरा (ज्ञान र वैराग्य)का
सह = साथमा
रक्षिता = सुरक्षित गरिइन्
अतः = त्यसकारण
भागवतस्य = भागवतको
सेवनात् = सेवन (पाठ, श्रवण) गर्नाले
हि = निश्चय नै
हरिः = श्रीहरि
वैष्णवानाम् = विष्णुभक्तहरूको
चित्तं = चित्तमा
समायाति = आउनुहुन्छ

वाक्यार्थ– भगवान् श्रीशुकदेवजीले आफ्नो शास्त्र श्रीमद्भागवतमा पनि ज्ञान र वैराग्यसहित भक्तिलाई स्थापित गर्नुभयो। यस कारण श्रीमद्भागवतको श्रवण गर्नेबित्तिकै विष्णुभक्तहरूको चित्तमा भगवान् प्रकट हुनुहुन्छ।

दारिद्र्यदुःखज्वरदाहितानां मायापिशाचीपरिमर्दितानाम्।
संसारसिन्धौ परिपातितानां क्षेमाय वै भागवतं प्रगर्जति॥ ९२॥

पदार्थ–

दारिद्र्यदुःखज्वरदाहितानां = गरिबीको दुःखरूपी ज्वरद्वारा पिल्सिएका
मायापिशाचीपरिमर्दितानाम् = मायारूपी पिशाचीद्वारा सताइएका
संसारसिन्धौ = संसाररूपी सागरमा
परिपातितानां = डुबाइएका मानिसहरूको
क्षेमाय = कल्याणका लागि
वै = निश्चय नै
भागवतं = श्रीमद्भागवत
प्रगर्जति = सिंहनाद गर्दछ

वाक्यार्थ– जो दरिद्रताको दुःखरूपी जरोको ज्वालाले जलिरहेका छन्, मायारूपी पिशाचीले

जसलाई बारम्बार सताइरहेको छ, जो संसारसागरमा डुबेका छन्, त्यस्ता मनुष्यहरूको कल्याणका लागि श्रीमद्भागवत सिंहनाद गर्दछ।

शौनक उवाच (शौनकजीले भन्नुभयो)

शुकेनोक्तं कदा राज्ञे गोकर्णेन कदा पुनः।
सुरर्षये कदा ब्राह्मैश्छिन्धि मे संशयं त्विमम्॥ ९३॥

पदार्थ—

शुकेन = श्रीशुकदेवजीद्वारा	**पुनः** = फेरि	**कदा** = कहिले (भनियो)
राज्ञे = राजा परीक्षित्‌लाई	**गोकर्णेन** = गोकर्णद्वारा	**इमम्** = यो
कदा = कहिले	**कदा** = कहिले (भनियो)	**मे** = मेरो
उक्तं = भनियो	**ब्राह्मैः** = सनक आदिद्वारा	**संशयं तु** = शङ्का त
	सुरर्षये = देवर्षि नारदलाई	**छिन्धि** = नष्ट गर्नुहोस्

वाक्यार्थ— यो श्रीमद्भागवतको उपदेश श्रीशुकदेवजीले राजा परीक्षित्‌लाई कहिले गर्नुभएको थियो ? फेरि गोकर्णले धुन्धुकारीलाई कहिले सुनाउनुभएको थियो र फेरि सनक आदिले देवर्षि नारदलाई कहिले बताउनुभएको थियो ? यो मेरो संशयलाई नष्ट गरिदिनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

आकृष्णनिर्गमात् त्रिंशद्वर्षाधिकगते कलौ।
नवमीतो नभस्ये च कथारम्भं शुकोऽकरोत् ॥ ९४॥

पदार्थ—

आकृष्णनिर्गमात् = श्रीकृष्ण आफ्नो धाममा जानुभएपछि	**त्रिंशद्वर्षाधिकगते** = तीस वर्षभन्दा केही बढी वर्ष बितेपछि	**नवमीतः** = नवमी तिथिदेखि
कलौ = कलिको	**नभस्ये** = भाद्र महिनामा	**शुकः च** = श्रीशुकदेवजीले चाहिँ
		कथारम्भं = कथा भन्न सुरु
		अकरोत् = गर्नुभयो

वाक्यार्थ— भगवान् श्रीकृष्ण आफ्नो धाममा गइसकेपछि कलियुगको तीस वर्षभन्दा केही बढी वर्ष बितेपछि भाद्र महिनाको (शुक्लपक्षको) नवमीदेखि श्रीशुकदेवजीले परीक्षित्‌लाई यो कथा सुनाउनुभएको थियो।

परीक्षिच्छ्रवणान्ते च कलौ वर्षशतद्वये।
शुद्धे शुचौ नवम्यां च धेनुजोऽकथयत् कथाम्॥ ९५॥

पदार्थ—

परीक्षिच्छ्रवणान्ते = राजा परीक्षित्‌ले श्रवण गरेपछि	**कलौ** = कलिको	**शुचौ** = आषाढ महिनामा
	वर्षशतद्वये च = दुई सय वर्ष बितेपछि चाहिँ	**शुद्धे** = शुक्ल पक्षमा
		नवम्यां = नवमी तिथिमा

धेनुजः च = गोकर्णले चाहिँ | **कथाम्** = कथा | **अकथयत्** = भने

वाक्यार्थ– राजा परीक्षित्ले सुनिसकेपछि कलियुगको दुई सय वर्ष बितेपछि आषाढ शुक्ल नवमीदेखि गोकर्णले कथा सुनाउनुभएको थियो।

तस्मादपि कलौ प्राप्ते त्रिंशद्वर्षगते सति।
ऊचुरूर्जे सिते पक्षे नवम्यां ब्रह्मणः सुताः॥ ९६॥

पदार्थ–
तस्मात् अपि = त्यसपछि पनि
कलौ प्राप्ते सति = कलियुग लागेको
त्रिंशद्वर्षगते = तीस वर्ष बितेपछि
ऊर्जे = कार्त्तिक महिनाको
सिते = शुक्ल
पक्षे = पक्षमा
नवम्यां = नवमी तिथिमा
ब्रह्मणः = ब्रह्माका
सुताः = छोराहरू (सनक आदि)ले
ऊचुः = कथा भन्नुभयो

वाक्यार्थ– भगवान् श्रीकृष्ण आफ्नो धाममा गइसकेपछि कलियुग लागेको तीस वर्ष बितेपछि कार्त्तिक महिनाको शुक्लपक्षको नवमीदेखि सनक आदि कुमारहरूले यो कथा सुनाउनुभएको थियो।

इत्येतत् ते समाख्यातं यत् पृष्टोऽहं त्वयानघ।
कलौ भागवती वार्ता भवरोगविनाशिनी॥ ९७॥

पदार्थ–
अनघ = हे निष्पाप शौनकजी
अहं = म
त्वया = तपाईंद्वारा
पृष्टः = सोधिएको थिएँ
इति = त्यसैले
एतत् = यो कुरा
ते = तपाईंलाई
समाख्यातं = बताएँ
यत् = किनभने
कलौ = यो कलियुगमा
भागवती = भागवतको
वार्ता = कथा
भवरोगविनाशिनी = संसारको रोगलाई नष्ट गर्ने किसिमको छ

वाक्यार्थ– हे निष्पाप शौनकजी ! तपाईंले मलाई जुन कुरा सोध्नुभएको थियो, त्यसको उत्तर मैले तपाईंलाई दिएँ। यस कलियुगमा श्रीमद्भागवतको कथा भवरोगलाई नाश गर्ने किसिमको छ।

कृष्णप्रियं सकलकल्मषनाशनं च मुक्त्येकहेतुमिह भक्तिविलासकारि।
सन्तः कथानकमिदं पिबतादरेण लोके हि तीर्थपरिशीलनसेवया किम्॥ ९८॥

पदार्थ–
कृष्णप्रियं = श्रीकृष्णलाई प्यारो लाग्ने
सकलकल्मषनाशनं च = सबै पापहरूलाई नष्ट पनि गर्ने
मुक्त्येकहेतुम् = मुक्तिको एक मात्र कारण भएको
भक्तिविलासकारि = भक्तिलाई बढाउने
इदं = यो
कथानकम् = कथा
सन्तः = हे सज्जनहरू
इह = यहाँ
आदरेण = आदरपूर्वक
पिबत = पिउनुहोस्
हि = निश्चय नै
लोके = संसारमा
तीर्थपरिशीलनसेवया = तीर्थाटन

आदि कामको

किम् = के प्रयोजन छ र

वाक्यार्थ– हे सज्जनहरू ! भगवान् श्रीकृष्णलाई अत्यन्त प्यारो लाग्ने, सम्पूर्ण पापहरूलाई नाश गर्ने, मुक्तिको एक मात्र कारण, भक्तिलाई बढाउने श्रीमद्भागवतको कथारूपी अमृतको आदरपूर्वक पान गर्नुहोस्। श्रीमद्भागवतको कथा श्रवण गरेपछि अरू तीर्थादि सेवनको कुनै आवश्यकता पर्दैन।

स्वपुरुषमपि वीक्ष्य पाशहस्तं वदति यमः किल तस्य कर्णमूले।

परिहर भगवत्कथासु मत्तान् प्रभुरहमन्यनृणां न वैष्णवानाम्॥ ९९॥

पदार्थ–
पाशहस्तं = पासो हातमा लिएका
स्वपुरुषम् = आफ्ना दूतहरूलाई
वीक्ष्य अपि = देखेर पनि
यमः = यमराज
किल = निश्चय नै
तस्य = तिनको
कर्णमूले = कानको नजिकै गएर
वदति = भन्नुहुन्छ
भगवत्कथासु = भगवत्कथा-हरूमा
मत्तान् = मस्त भएकाहरूलाई
परिहर = छाडिदेओ
अहम् = म
अन्यनृणां = अन्य मानिसहरूको
प्रभुः = मालिक (दण्ड दिनेवाला हुँ)
वैष्णवानाम् न = विष्णुभक्त-हरूको होइन (उनीलाई दण्ड दिने क्षमता ममा छैन)

वाक्यार्थ– हातमा पाश लिएको आफ्नो दूतलाई देखेर यमराज उनको कानमा भन्नुहुन्छ– 'हे दूत ! जो व्यक्ति भगवान्को कथामा मस्त छ उसलाई टाढैबाट छोडिदिनू, अरू मानिसहरूलाई दण्ड दिने अधिकार मलाई भए तापनि भगवान्को भक्तलाई दण्ड दिने अधिकार ममा छैन।

असारे संसारे विषयविषसङ्गाकुलधियः

क्षणार्धं क्षेमार्थं पिबत शुकगाथातुलसुधाम्।

किमर्थं व्यर्थं भो व्रजत कुपथे कुत्सितकथे

परीक्षित् साक्षी यच्छ्रवणगतमुक्त्युक्तिकथने॥ १००॥

पदार्थ–
असारे = कुनै सार नभएको
संसारे = संसारमा
विषयविषसङ्गाकुलधियः = विषयरूप विषसेवनको कारणले व्याकुल चित्त भएका हे मानिसहरू
क्षेमार्थं = कल्याणका लागि
क्षणार्धं = आधा क्षणका लागि भने पनि
शुकगाथातुलसुधाम् = श्रीमद्भागवतरूपी अतुलनीय अमृत
पिबत = पान गर
भो = हे मानिसहरू
कुत्सितकथे = निन्दित कथाले युक्त
कुपथे = खराब बाटोमा
किमर्थं = किन
व्यर्थं = बेकारमा
व्रजत = हिँड्दछौ ?
यत् = किनभने
श्रवणगतमुक्त्युक्तिकथने = श्रीमद्भागवतको श्रवणबाट मुक्ति हुन्छ भन्ने कुरामा
परीक्षित् = परीक्षित्
साक्षी = साक्षी हुनुहुन्छ

वाक्यार्थ– यो केही पनि सार नभएको संसारमा विषयरूप विषसेवनको कारणले व्याकुल चित्त भएका हे मनुष्यहरू ! आफ्ना कल्याणको लागि एकछिन भए पनि श्रीमद्भागवतको कथाको श्रवण गर। निन्दित कथाले युक्त भएको कुपथमा विना कारण किन भट्किइरहेका छौ ? श्रीमद्भागवतको कथा कानभित्र प्रवेश गर्नेबित्तिकै मोक्ष हुन्छ भन्ने कुरामा राजा परीक्षित् नै प्रमाण हुनुहुन्छ।

रसप्रवाहसंस्थेन श्रीशुकेनेरिता कथा।
कण्ठे सम्बध्यते येन स वैकुण्ठप्रभुर्भवेत्॥ १०१॥

पदार्थ–
रसप्रवाहसंस्थेन = रसको प्रवाहले युक्त भएका
श्रीशुकेन = श्रीशुकदेवजीद्वारा
ईरिता = भनिएको
कथा = कथा
येन = जसद्वारा
कण्ठे सम्बध्यते = कण्ठसँग सम्बन्धित गराइन्छ
सः = ऊ
वैकुण्ठप्रभुः = वैकुण्ठलोकको मालिक
भवेत् = बन्दछ

वाक्यार्थ– भगवान् श्रीशुकदेवजीले प्रेमरसको प्रवाहमा स्थित भएर यो कथा बताउनुभएको हो। जसको कण्ठसँग यो कथाको सम्बन्ध हुन्छ ऊ वैकुण्ठको मालिक बन्दछ।

इति च परमगुह्यं सर्वसिद्धान्तसिद्धं
सपदि निगदितं ते शास्त्रपुञ्जं विलोक्य।
जगति शुककथातो निर्मलं नास्ति किञ्चित्
पिब परसुखहेतोर्द्वादशस्कन्धसारम्॥ १०२॥

पदार्थ–
शास्त्रपुञ्जं = विभिन्न शास्त्रहरूको थुप्रो
विलोक्य = अवलोकन गरेर
सर्वसिद्धान्तसिद्धं = सम्पूर्ण शास्त्रहरूको निचोड
परमगुह्यं च = ज्यादै गोप्य
इति = यो
सपदि = अहिले
ते = तपाईंलाई
निगदितं = भनियो
जगति = संसारमा
शुककथातः = श्रीशुकदेवजीको कथाभन्दा
निर्मलं = पवित्र
किञ्चित् = केही पनि
न अस्ति = छैन
परसुखहेतोः = परम सुख प्राप्न गर्नका लागि
द्वादशस्कन्धसारम् = द्वादशस्कन्धरूप सार (रस)
पिब = पिउनुहोस्

वाक्यार्थ– हे शौनकजी ! सम्पूर्ण शास्त्रहरूको अध्ययन गरेर, सम्पूर्ण सिद्धान्तहरूको निचोड अनि परम गोपनीय कुरा मैले अहिले तपाईंलाई बताएँ। यस संसारमा श्रीमद्भागवतको कथाभन्दा पवित्र अरू कुनै वस्तु छैन। यस कारण परम सुखको प्राप्तिका लागि यो श्रीमद्भागवतको द्वादशस्कन्धरूप रसलाई पान गर्नुहोस्।

एतां यो नियततया शृणोति भक्त्या
यश्चैनां कथयति शुद्धवैष्णवाग्रे।
तौ सम्यग्विधिकरणात् फलं लभेते
याथार्थ्यान्न हि भुवने किमप्यसाध्यम्॥ १०३॥

पदार्थ—

यः = जसले

एतां = यो कथा

नियततया = नियमपूर्वक

शृणोति = सुन्दछ

भक्त्या = भक्तिपूर्वक

यः च = जसले चाहिँ

शुद्धवैष्णवाग्रे = शुद्ध अन्तःकरण भएका विष्णुभक्तहरूका अगाडि

एनां = यो कथा

कथयति = भन्दछ

तौ = ती दुबैले

विधिकरणात् = सुन्ने र सुनाउने विधिको राम्रोसँग पालना गरेको हुनाले

सम्यक् = राम्रो

फलं = फल

लभेते = प्राप्त गर्नेछन्

याथार्थ्यात् = वास्तवमा

भुवने = यस संसारमा

किम् अपि = केही पनि

असाध्यम् = असंभव

न हि = छैन नै

वाक्यार्थ– जसले नियमपूर्वक यो भागवत सुन्दछ र शुद्ध अन्तःकरण भएका वैष्णवहरूलाई भक्तिपूर्वक सुनाउँछ, सुन्ने र सुनाउने दुबै काम पूरा गरेका हुनाले ती दुबैले यसको यथार्थ फललाई प्राप्त गर्दछन्। सुन्ने र सुनाउने ती दुबैका लागि यस संसारमा असंभव वस्तु केही पनि छैन।

इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये

श्रवणविधिकथनं नाम षष्ठोऽध्यायः॥ ६॥

स्कन्दपुराणस्थं श्रीमद्भागवतमाहात्म्यम्

अथ प्रथमोऽध्यायः

भगवान्का लीलाको रहस्य र व्रजभूमिको महत्त्व

व्यास उवाच (व्यासजीले भन्नुभयो)

श्रीसच्चिदानन्दघनस्वरूपिणे कृष्णाय चानन्तसुखाभिवर्षिणे ।
विश्वोद्भवस्थाननिरोधहेतवे नुमो वयं भक्तिरसाप्तयेऽनिशम् ॥ १ ॥

पदार्थ—
श्रीसच्चिदानन्दघनस्वरूपिणे = सत्, चित् र आनन्दस्वरूप भएका
अनन्तसुखाभिवर्षिणे = अनन्त सुखको वर्षा गर्ने र
विश्वोद्भवस्थाननिरोधहेतवे च = संसारको उत्पत्ति, स्थिति र प्रलयका कारण पनि भएका
कृष्णाय = श्रीकृष्णलाई
वयं = हामीहरू
भक्तिरसाप्तये = भक्तिरसको प्राप्तिका लागि
अनिशम् = सधैँ
नुमः = नमस्कार गर्दछौँ

वाक्यार्थ— सच्चिदानन्दस्वरूप भएका, अनन्त सुखको वर्षा गर्ने एवं संसारको उत्पत्ति, स्थिति र प्रलयका कारण भएका भगवान् श्रीकृष्णलाई भक्तिरसको प्राप्तिका लागि हामी सधैँ नमस्कार गर्दछौँ।

नैमिषे सूतमासीनमभिवाद्य महामतिम् ।
कथामृतरसास्वादकुशला ऋषयोऽब्रुवन् ॥ २ ॥

पदार्थ—
नैमिषे = नैमिषारण्य क्षेत्रमा
आसीनम् = रहनुहुने
महामतिम् = विशाल बुद्धि भएका
सूतम् = सूतजीलाई
अभिवाद्य = नमस्कार गरेर
कथामृतरसास्वादकुशलाः = भगवान्को कथारूपी अमृतको रसास्वादन गर्नका लागि अत्यन्त कुशल
ऋषयः = शौनक आदि ऋषिहरूले
अब्रुवन् = भने

वाक्यार्थ— नैमिषारण्य क्षेत्रमा रहनुहुने, विशाल बुद्धि भएका सूतजीलाई नमस्कार गरेर भगवान्को कथारूपी अमृतको रसास्वादन गर्न ज्यादै सिपालु शौनक आदि ऋषिहरूले भने।

ऋषय ऊचुः (ऋषिहरूले भन्नुभयो)

वज्रं श्रीमाथुरे देशे स्वपौत्रं हस्तिनापुरे ।
अभिषिच्य गते राज्ञि तौ कथं किं च चक्रतुः ॥ ३ ॥

पदार्थ—
श्रीमाथुरे = मथुरा प्रदेशमा
वज्रं = वज्र (अनिरुद्धका छोरा)

लाई र
हस्तिनापुरे देशे = हस्तिनापुर देशमा
स्वपौत्रं च = आफ्ना नाति परीक्षित्लाई पनि
अभिषिच्य = अभिषेक गरेर
राज्ञि गते = राजा युधिष्ठिर (हिमालयतिर) गएपछि
तौ = ती वज्र र परीक्षित्ले
कथं = कसरी
किं = के
चक्रतुः = गर्नुभयो

वाक्यार्थ– मथुरा प्रदेशमा अनिरुद्धका छोरा वज्रलाई र हस्तिनापुर देशमा आफ्ना नाति परीक्षित्लाई अभिषेक गरेर राजा युधिष्ठिर हिमालयतिर गएपछि ती वज्र र परीक्षित्ले के-के काम कसरी-कसरी गर्नुभयो ?

सूत उवाच (सूतजीले भन्नुभयो)

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ॥ ४ ॥

पदार्थ–
नारायणं = भगवान् नारायणलाई
नरोत्तमम् = नरहरूमा श्रेष्ठ
नरं = नरलाई
सरस्वतीं देवीं = सरस्वती देवीलाई
व्यासं च एव = व्यासलाई पनि
नमस्कृत्य = नमस्कार गरेर
ततः = त्यसपछि
जयम् = इतिहासपुराणरूप जयको
उदीरयेत् = उच्चारण गर्नू

वाक्यार्थ– भगवान् नारायणलाई, नरहरूमा श्रेष्ठ नरलाई, देवी सरस्वतीलाई र भगवान् वेदव्यासलाई नमस्कार गरेर इतिहासपुराणरूप जयको उच्चारण गर्नू।

महापथं गते राज्ञि परीक्षित् पृथिवीपतिः ।
जगाम मथुरां विप्रा वज्रनाभदिदृक्षया ॥ ५ ॥

पदार्थ–
विप्राः = हे ब्राह्मणहरू
राज्ञि = राजा युधिष्ठिर
महापथं = महापथ (स्वर्ग जानका लागि हिमालय) तिर
गते = गएपछि
पृथिवीपतिः = पृथ्वीका पति
परीक्षित् = राजा परीक्षित्
वज्रनाभदिदृक्षया = वज्रनाभलाई भेट्ने इच्छाले
मथुरां = मथुरा
जगाम = जानुभयो

वाक्यार्थ– धर्मराज युधिष्ठिर स्वर्ग जानका लागि हिमालयतिर प्रस्थान गरेपछि राजा परीक्षित् एक दिन वज्रनाभलाई भेट्ने इच्छाले मथुरा जानुभयो।

पितृव्यमागतं ज्ञात्वा वज्रः प्रेमपरिप्लुतः ।
अभिगम्याभिवाद्याथ निनाय निजमन्दिरम् ॥ ६ ॥

पदार्थ–
पितृव्यम् = पितातुल्य परीक्षित्
आगतं = आउनुभएको
ज्ञात्वा = थाहा पाएर
वज्रः = वज्र
प्रेमपरिप्लुतः = प्रेमले गद्गद भएर
अभिगम्य = उहाँको नजिकै गएर

अभिवाद्य = उहाँलाई अभिवादन गरेर
अथ = त्यसपछि
निजमन्दिरम् = आफ्नो महलमा
निनाय = ल्याए

वाक्यार्थ— पितातुल्य परीक्षित् आउनुभएको थाहा पाएर मथुराका राजा वज्र प्रेमले अत्यन्त गद्गद भए, त्यसपछि उनले राजा परीक्षित्लाई अभिवादन गरी उहाँलाई आफ्नो महलमा ल्याए।

परिष्वज्य स तं वीरः कृष्णैकगतमानसः।
रोहिण्याद्या हरेः पत्नीर्ववन्दायतनागतः॥ ७॥

पदार्थ—
कृष्णैकगतमानसः = भगवान् श्रीकृष्णमा मात्रै मन लगाएका
आयतनागतः = घरमा आइपुगेका
सः = ती
वीरः = वीर परीक्षित्ले
तं = ती वज्रलाई
परिष्वज्य = आलिङ्गन गरेर
रोहिण्याद्याः = रोहिणी आदि
हरेः = भगवान् श्रीकृष्णका
पत्नीः = पत्नीहरूलाई
ववन्द = नमस्कार गर्नुभयो

वाक्यार्थ— भगवान् श्रीकृष्णमा मात्रै मन लगाएका, घरमा आइपुगेका ती वीर राजा परीक्षित्ले ती वज्रलाई आलिङ्गन गर्नुभयो, त्यसपछि रोहिणी आदि भगवान्का पत्नीहरूलाई नमस्कार गर्नुभयो।

ताभिः संमानितोऽत्यर्थं परीक्षित् पृथिवीपतिः।
विश्रान्तः सुखमासीनो वज्रनाभमुवाच ह॥ ८॥

पदार्थ—
ताभिः = ती कृष्णपत्नीहरूद्वारा
अत्यर्थं = ज्यादै
संमानितः = सम्मान गरिएका
पृथिवीपतिः = पृथिवीका पति
परीक्षित् = परीक्षित्
विश्रान्तः = विश्राम गरेर
सुखम् = सुखपूर्वक
आसीनः = बसेपछि (उहाँले)
वज्रनाभम् = वज्रनाभलाई
उवाच ह = निश्चय नै भन्नुभयो

वाक्यार्थ— कृष्णपत्नीहरूद्वारा ज्यादै सम्मान गरिएका पृथिवीका पति परीक्षित् विश्राम गरेर सुखपूर्वक बसेपछि उहाँले वज्रनाभलाई यस प्रकार भन्नुभयो।

परीक्षिदुवाच (परीक्षित्ले भन्नुभयो)

तात त्वत्पितृभिर्नूनमस्मत्पितृपितामहाः।
उद्धृता भूरिदुःखौघादहं च परिरक्षितः॥ ९॥

पदार्थ—
तात = हे प्रिय !
नूनम् = निश्चय नै
त्वत्पितृभिः = तिम्रा बाबुबाजेहरूद्वारा
अस्मत्पितृपितामहाः = हाम्रा बाबुबाजेहरू
भूरिदुःखौघाद् = ठुलो दुःखसमुद्रबाट
उद्धृताः = उद्धार गरिए
अहं च = म पनि
परिरक्षितः = बचाइएँ

वाक्यार्थ— हे प्रिय वज्र ! निश्चय नै तिम्रा बाबुबाजेहरूद्वारा हाम्रा बाबुबाजेहरू ठुलो

दुःखसमुद्रबाट उद्धार गरिए र म पनि बचाइएँ।

न पारयाम्यहं तात साधु कृत्वोपकारतः।

त्वामतः प्रार्थयाम्यङ्ग सुखं राज्येऽनुयुज्यताम्॥ १०॥

पदार्थ–

तात = हे प्रिय वज्र

अहं = म

उपकारतः = उपकारद्वारा

साधु कृत्वा = राम्रो काम गरेर पनि

न पारयामि = बदला चुकाउन सक्दिनँ

अतः = त्यसकारण

अङ्ग = हे प्रिय वज्र

राज्ये = राजकाजमा

सुखं = सुखपूर्वक

अनुयुज्यताम् = लागिरहनुहोस् भनी

त्वाम् = तपाईंलाई

प्रार्थयामि = अनुरोध गर्दछु

वाक्यार्थ– हे प्रिय वज्र ! म उपकारद्वारा राम्रो काम गरेर पनि तिम्रा बाबुबाजेले गरेको उपकारको बदला चुकाउन सक्दिनँ, त्यसकारण हे प्रिय वज्र ! राजकाजमा सुखपूर्वक लागिरहनुहोस् भनी तपाईंलाई अनुरोध गर्दछु।

कोशसैन्यादिजा चिन्ता तथारिदमनादिजा।

मनागपि न कार्या ते सुसेव्याः किन्तु मातरः॥ ११॥

पदार्थ–

कोशसैन्यादिजा = कोश र सेना आदिबाट उत्पन्न हुने

तथा = त्यस्तै

अरिदमनादिजा = शत्रुदमन आदिबाट उत्पन्न हुने

चिन्ता = चिन्ता

मनाक् अपि = अलिकति पनि

न कार्या = नगरियोस्

किन्तु = तर

ते = तिम्रा

मातरः = आमाहरू

सुसेव्याः = राम्ररी सेवा गरियून्

वाक्यार्थ– कोश एवं सेना आदिबाट उत्पन्न हुने र शत्रुदमन आदिबाट उत्पन्न हुने चिन्ता अलिकति पनि नगर तर आफ्ना आमाहरूको सेवा राम्ररी गर।

निवेद्य मयि कर्तव्यं सर्वाधिपरिवर्जनम्।

श्रुत्वैतत् परमप्रीतो वज्रस्तं प्रत्युवाच ह॥ १२॥

पदार्थ–

मयि = मलाई

निवेद्य = निवेदन गरेर

सर्वाधिपरिवर्जनम् = सम्पूर्ण चिन्तालाई हटाउने काम

कर्तव्यं = गर्नुपर्छ

एतत् = यो

श्रुत्वा = सुनेर

परमप्रीतः = ज्यादै खुसी भएका

वज्रः = वज्रले

तं = ती राजा परीक्षित्लाई

प्रत्युवाच ह = भने

वाक्यार्थ– कुनै कुराको चिन्ता आइपरेमा सो कुरा मलाई निवेदन गरेर सम्पूर्ण चिन्ता हटाऊ भनी परीक्षित्ले भनेको सुनेर ज्यादै खुसी भएका वज्रले उहाँलाई भने।

वज्रनाभ उवाच (वज्रनाभले भने)

राजन्नुचितमेतत् ते यदस्मासु प्रभाषसे ।

त्वत्पित्रोपकृतश्चाहं धनुर्विद्याप्रदानतः ॥ १३ ॥

पदार्थ—
राजन् = हे राजा परीक्षित्
यत् = जुन कुरा
प्रभाषसे = भन्दै हुनुहुन्छ
एतत् = यो
ते = तपाईंका लागि
उचितम् = उचित छ
अस्मासु = हामीहरूलाई
धनुर्विद्याप्रदानतः = धनुर्विद्या प्रदान गरेको हुनाले
अहं च = म पनि
त्वत्पित्रा = तपाईंका पिताजीबाट
उपकृतः = उपकृत छु

वाक्यार्थ— हे राजा परीक्षित् ! जुन कुरा भन्दै हुनुहुन्छ यो तपाईंका लागि उचित छ, हामीहरूलाई धनुर्विद्या प्रदान गरेको हुनाले म पनि तपाईंका पिताजीबाट उपकृत छु।

तस्मान्नाल्पापि मे चिन्ता क्षात्रं दृढमुपेयुषः ।

किन्त्वेका परमा चिन्ता तत्र किञ्चिद् विचार्यताम् ॥ १४ ॥

पदार्थ—
तस्मात् = त्यसैले
दृढम् क्षात्रं उपेयुषः = दृढ क्षत्रिय धर्ममा रहेको
मे = मलाई
अल्पा अपि = अलिकति पनि
चिन्ता = चिन्ता
न = छैन
किन्तु = तर
एका = एउटा
परमा = ठुलो
चिन्ता = चिन्ता छ
तत्र = त्यस विषयमा
किञ्चित् = केही
विचार्यताम् = विचार गरियोस्

वाक्यार्थ— त्यसैले दृढ क्षत्रिय धर्ममा रहेको मलाई अलिकति पनि चिन्ता छैन तर एउटा ठुलो चिन्ता छ त्यस विषयमा केही विचार गरिदिनुहोस्।

माथुरे त्वभिषिक्तोऽपि स्थितोऽहं निर्जने वने ।

क्व गता वै प्रजात्रत्या यत्र राज्यं प्ररोचते ॥ १५ ॥

पदार्थ—
माथुरे = मथुरामा
अभिषिक्तः अपि = अभिषिक्त भएको भए पनि
अहं तु = म त
निर्जने = निर्जन
वने = वनमा
स्थितः = रहेको छु
अत्रत्या = यहाँका
प्रजा = प्रजा
क्व = कता
गता = गए
यत्र वै = प्रजाहरू भएको ठाउँमा नै
राज्यं = राज्य
प्ररोचते = रुचिकर (सुखदायी) हुन्छ

वाक्यार्थ— मथुरामा अभिषिक्त भएको भए पनि म त निर्जन वनमा रहेको छु, यहाँका प्रजा कता गए ? प्रजाहरू भएको ठाउँमा नै राज्य सुखदायी हुन्छ।

इत्युक्तो विष्णुरातस्तु नन्दादीनां पुरोहितम्।

शाण्डिल्यमाजुहावाशु वज्रसन्देहनुत्तये॥ १६॥

पदार्थ–	**वज्रसन्देहनुत्तये** = वज्रको शङ्का हटाउनका लागि	**आशु** = तुरुन्त
इति उक्तः = वज्रद्वारा यस प्रकार बताइएका	**नन्दादीनां** = नन्द आदिका	**आजुहाव** = बोलाउन लगाउनुभयो
विष्णुरातः तु = राजा परीक्षित्ले त	**पुरोहितम्** = पुरोहित	
	शाण्डिल्यम् = शाण्डिल्यलाई	

वाक्यार्थ– वज्रद्वारा यस प्रकार बताइएका राजा परीक्षित्ले उनको शङ्का हटाउनका लागि नन्द आदिका पुरोहित शाण्डिल्यलाई तुरुन्त बोलाउन लगाउनुभयो।

अथोटजं विहायाशु शाण्डिल्यः समुपागतः।

पूजितो वज्रनाभेन निषसादासनोत्तमे॥ १७॥

पदार्थ–	**आशु** = तुरुन्त	**पूजितः** = पूजा गरिएका (ती शाण्डिल्य)
अथ = त्यसपछि	**शाण्डिल्यः** = शाण्डिल्य	**आसनोत्तमे** = उत्तम आसनमा
उटजं = कुटी	**समुपागतः** = आइपुग्नुभयो	**निषसाद** = बस्नुभयो
विहाय = छाडेर	**वज्रनाभेन** = वज्रनाभद्वारा	

वाक्यार्थ– त्यसपछि कुटी छाडेर तुरुन्त शाण्डिल्य आइपुग्नुभयो, वज्रनाभद्वारा पूजा गरिएका शाण्डिल्य ऋषि उत्तम आसनमा बस्नुभयो।

उपोद्घातं विष्णुरातश्चकाराशु ततस्त्वसौ।

उवाच परमप्रीतस्तावुभौ परिसान्त्वयन्॥ १८॥

पदार्थ–	**ततः** = त्यसपछि	**तौ** = ती
विष्णुरातः = राजा परीक्षित्ले	**परमप्रीतः** = ज्यादै खुसी भएका	**उभौ तु** = दुबैलाई नै
उपोद्घातं चकार = पहिला भनिएको कुरा खुलाउनुभयो	**असौ** = यी शाण्डिल्यले	**परिसान्त्वयन्** = सान्त्वना दिँदै
	आशु = तुरुन्त	**उवाच** = भन्नुभयो

वाक्यार्थ– राजा परीक्षित्ले पहिला भनिएको कुरा खुलाउनुभयो, त्यसपछि ज्यादै खुसी भएका शाण्डिल्यले तुरुन्त ती दुबैलाई सान्त्वना दिँदै भन्नुभयो।

शाण्डिल्य उवाच (शाण्डिल्यले भन्नुभयो)

शृणुतम् दत्तचित्तौ मे रहस्यं व्रजभूमिजम्।

व्रजनं व्याप्तिरित्युक्त्या व्यापनाद् व्रज उच्यते॥ १९॥

पदार्थ–	**मे** = मैले भनेको	**व्रजभूमिजम्** = व्रज भूमिको

रहस्यं = रहस्यलाई
दत्तचित्तौ = ध्यान दिएर तपाईंहरू दुईले
शृणुतम् = सुन्नुहोस्
व्रजनं व्याप्तिः = व्रजन भनेको व्याप्ति वा ढाक्नु हो
इति उक्त्या = यस्तो भनाइ रहेको हुनाले
व्यापनाद् = व्यापक हुनाले
व्रजः = व्रज
उच्यते = भनिन्छ

वाक्यार्थ– मैले भनेको व्रज भूमिको रहस्य तपाईंहरू ध्यान दिएर सुन्नुहोस्– 'व्रजन भनेको व्याप्ति वा ढाक्नु हो' यो भनाइ अनुसार व्रज भूमि व्यापक भएको हुनाले उक्त भूमिलाई व्रज भनिएको हो।

गुणातीतं परं ब्रह्म व्यापकं व्रज उच्यते।
सदानन्दं परं ज्योतिर्मुक्तानां पदमव्ययम्॥ २०॥

पदार्थ–
गुणातीतं = प्रकृतिका तीन गुणहरूबाट माथि उठेको
सदानन्दं = सधैं आनन्दस्वरूप
परं = परम
ज्योतिः = ज्योतिर्मय
अव्ययम् = अविनाशी
मुक्तानां = जीवन्मुक्तहरूको
पदम् = स्वरूप
व्यापकं = व्यापक
परं ब्रह्म = पर ब्रह्मलाई नै
व्रजः = व्रज
उच्यते = भनिन्छ

वाक्यार्थ– प्रकृतिका तीन गुणहरूबाट माथि उठेको, सधैं आनन्दस्वरूप र परम ज्योतिर्मय भएको, अविनाशी एवं जीवन्मुक्तहरूको स्वरूप भएको व्यापक परब्रह्मलाई नै व्रज भनिन्छ।

तस्मिन् नन्दात्मजः कृष्णः सदानन्दाङ्गविग्रहः।
आत्मारामश्चाप्तकामः प्रेमाक्तैरनुभूयते॥ २१॥

पदार्थ–
तस्मिन् = त्यही परम ब्रह्मस्वरूप व्रजमा
नन्दात्मजः = नन्दका छोरा
सदानन्दाङ्गविग्रहः = सदा आनन्दस्वरूप भएका
आत्मारामः = आत्मामा रमाउने र
आप्तकामः च = मनोरथ पनि पूर्ण भएका
कृष्णः = भगवान् श्रीकृष्ण
प्रेमाक्तैः = प्रेमरसमा डुबेका भक्तहरूद्वारा
अनुभूयते = अनुभव गरिनुहुन्छ

वाक्यार्थ– त्यही परम ब्रह्मस्वरूप व्रजमा नन्दका छोरा, सदा आनन्दस्वरूप भएका, आत्मामा रमाउने र मनोरथ पनि पूर्ण भएका भगवान् श्रीकृष्ण प्रेमरसमा डुबेका भक्तहरूद्वारा अनुभव गरिनुहुन्छ।

आत्मा तु राधिका तस्य तयैव रमणादसौ।
आत्मारामतया प्राज्ञैः प्रोच्यते गूढवेदिभिः॥ २२॥

पदार्थ–
तस्य = ती भगवान् श्रीकृष्णको
आत्मा तु = आत्मा चाहिँ
राधिका = राधिका हुनुहुन्छ
तया = उहाँसँग
रमणात् एव = रमण गरेको

हुनाले नै
असौ = उहाँ भगवान् श्रीकृष्ण
गूढवेदिभिः = रहस्य जान्ने
प्राज्ञैः = प्राज्ञहरूद्वारा
आत्मारामतया = आत्माराम भनेर
प्रोच्यते = भनिनुहुन्छ

वाक्यार्थ– ती भगवान् श्रीकृष्णको आत्मा चाहिँ राधिका हुनुहुन्छ, उहाँसँग रमण गरेको हुनाले नै उहाँ भगवान् श्रीकृष्णलाई रहस्य जान्ने प्राज्ञहरूले आत्माराम भन्दछन्।

कामास्तु वाञ्छितास्तस्य गावो गोपाश्च गोपिकाः।
नित्याः सर्वे विहाराद्या आप्तकामस्ततस्त्वयम्॥ २३॥

पदार्थ–
वाञ्छिताः तु = इच्छा गरिएका पदार्थहरू चाहिँ
कामाः = कामहरू हुन्
तस्य = उहाँ भगवान् श्रीकृष्णका
गावः = गाईहरू
गोपाः = ग्वाला साथीहरू
गोपिकाः = गोपिनीहरू र
सर्वे = सबै
विहाराद्याः च = विहार आदि पनि
नित्याः = नित्य प्राप्त हुन्
ततः तु = त्यसैले नै
अयम् = उहाँ भगवान् श्रीकृष्ण
आप्तकामः = आप्तकाम हुनुहुन्छ

वाक्यार्थ– इच्छा गरिएका पदार्थहरू चाहिँ कामहरू हुन्, भगवान् श्रीकृष्णका गाईहरू, ग्वाला साथीहरू, गोपिनीहरू र सबै विहार आदि पनि श्रीकृष्णलाई नित्य प्राप्त छन्, त्यसैले नै उहाँ भगवान् श्रीकृष्ण आप्तकाम हुनुहुन्छ।

रहस्यं त्विदमेतस्य प्रकृतेः परमुच्यते।
प्रकृत्या खेलतस्तस्य लीलान्यैरनुभूयते॥ २४॥

पदार्थ–
एतस्य = यी भगवान् श्रीकृष्णको
इदम् = यो
रहस्यं तु = रहस्य चाहिँ
प्रकृतेः = प्रकृतिभन्दा
परम् = माथिको हो भनेर
उच्यते = भनिन्छ
प्रकृत्या = भगवान् श्रीकृष्णले प्रकृतिका साथ
खेलतः = लीला गर्नाले नै
तस्य = उहाँको
लीला = लीला
अन्यैः = अरूद्वारा
अनुभूयते = अनुभव गरिन्छ

वाक्यार्थ– यी भगवान् श्रीकृष्णको यो रहस्य चाहिँ प्रकृतिभन्दा माथिको हो भनेर भनिन्छ, भगवान् श्रीकृष्णले प्रकृतिका साथ लीला गर्नाले नै उहाँको लीला अरूद्वारा अनुभव गरिन्छ।

सर्गस्थित्यप्यया यत्र रजःसत्त्वतमोगुणैः।
लीलैवं द्विविधा तस्य वास्तवी व्यावहारिकी॥ २५॥

पदार्थ–
यत्र = जुन परमात्मामा
रजःसत्त्वतमोगुणैः = रजोगुण सत्त्वगुण र तमोगुणद्वारा
सर्गस्थित्यप्ययाः = उत्पत्ति, स्थिति र प्रलयको प्रतीति हुन्छ
एवं = यस प्रकार
तस्य = ती परमात्माको
लीला = लीला

वास्तवी = वास्तविक र
व्यावहारिकी = व्यावहारिक
द्विविधा = दुई प्रकारको हुन्छ

वाक्यार्थ– जुन परमात्मामा रजोगुण, सत्त्वगुण र तमोगुणद्वारा उत्पत्ति, स्थिति र प्रलयको प्रतीति हुन्छ ती परमात्माको लीला वास्तविक र व्यावहारिक दुई प्रकारको हुन्छ।

वास्तवी तत्स्वसंवेद्या जीवानां व्यावहारिकी।
आद्यां विना द्वितीया न द्वितीया नाद्यगा क्वचित्॥ २६॥

पदार्थ–
वास्तवी = वास्तवी लीला
तत्स्वसंवेद्या = उहाँ भगवान् र आफू भक्तद्वारा मात्र जानिन्छ
जीवानां = जीवहरूका अगाडि हुने लीला चाहिँ
व्यावहारिकी = व्यावहारिकी हो
आद्यां विना = वास्तवी लीला नभईकन
द्वितीया न = व्यावहारिकी लीला संभव छैन
द्वितीया = दोस्रो व्यावहारिकी लीलाको
न आद्यगा क्वचित् = पहिलो वास्तवी लीलामा कहिल्यै पनि प्रवेश संभव छैन

वाक्यार्थ– वास्तवी लीला भगवान् र भक्तद्वारा मात्र जानिन्छ, जीवहरूका अगाडि हुने लीला चाहिँ व्यावहारिकी लीला हो। वास्तवी लीला नभईकन व्यावहारिकी लीला संभव छैन, व्यावहारिकी लीलाको वास्तवी लीलामा कहिल्यै पनि प्रवेश संभव छैन।

युवयोर्गोचरेयं तु तल्लीला व्यावहारिकी।
यत्र भूरादयो लोका भुवि माथुरमण्डलम्॥ २७॥

पदार्थ–
युवयोः गोचरा = तपाईंहरू दुईले देख्नुभएको
इयं = यो
तल्लीला तु = उहाँको लीला चाहिँ
व्यावहारिकी = व्यावहारिकी हो
यत्र = जहाँ
भूरादयः = पृथ्वी आदि
लोकाः = लोकहरू र
भुवि = पृथ्वीमा रहेको
माथुरमण्डलम् = मथुरा मण्डल पनि पर्दछ

वाक्यार्थ– तपाईंहरू दुई जनाले देख्नुभएको यो उहाँको लीला चाहिँ व्यावहारिकी लीला हो जुन लीला अन्तर्गत पृथ्वी आदि लोकहरू र पृथ्वीमा रहेको मथुरा मण्डल पनि पर्दछ।

अत्रैव व्रजभूमिः सा यत्र तत्त्वं सुगोपितम्।
भासते प्रेमपूर्णानां कदाचिदपि सर्वतः॥ २८॥

पदार्थ–
अत्र एव = यहीँ नै
सा = त्यो
व्रजभूमिः = व्रजभूमि पर्दछ
यत्र = जहाँ
तत्त्वं = भगवान्को वास्तविक लीला
सुगोपितम् = गुप्त रूपले रहेको छ
कदाचित् अपि = कहिलेकाहीं चाहिँ
प्रेमपूर्णानां = प्रेमपूर्ण हृदय भएका भक्तहरूका लागि
सर्वतः = सबैतिर
भासते = भासित हुन्छ

वाक्यार्थ– यहीं नै त्यो व्रजभूमि पर्दछ जहाँ भगवान्को वास्तविक लीला गुप्त रूपले रहेको छ, कहिलेकाहीँ चाहिँ प्रेमपूर्ण हृदय भएका भक्तहरूका लागि त्यो लीला सबैतिर भासित हुन्छ।

कदाचिद् द्वापरस्यान्ते रहोलीलाधिकारिणः।
समवेता यदात्र स्युर्यथेदानीं तदा हरिः॥ २९॥
स्वैः सहावतरेत् स्वेषु समावेशार्थमीप्सिताः।
तदा देवादयोऽप्यन्येऽवतरन्ति समन्ततः॥ ३०॥

पदार्थ–
कदाचित् = कुनै समयको
द्वापरस्य = द्वापरको
अन्ते = अन्त्यमा
रहोलीलाधिकारिणः = रहस्यमय लीलाका अधिकारी भक्तजन
अत्र = यहाँ
समवेताः स्युः = एकत्रित भएका हुनेछन्
यदा = जुन समयमा
यथा = जसरी
इदानीं = अहिले (को केही समय पहिला) एकत्रित भएका थिए
तदा = त्यस वेला पनि
हरिः = भगवान् नारायणले
स्वैः सह = आफ्ना अन्तरङ्ग प्रेमी भक्तहरूका साथ
अवतरेत् = अवतार ग्रहण गर्नुहुनेछ
तदा = त्यस समयमा
स्वेषु = आफ्ना अन्तरङ्ग प्रेमीहरूका साथ
समावेशार्थम् = सम्मिलित हुनका लागि
ईप्सिताः = चाहिरहेका
अन्ये = अन्य
देवादयः अपि = देवता, ऋषि आदिले पनि
समन्ततः = सबैतिरबाट
अवतरन्ति = अवतार ग्रहण गर्नेछन्

वाक्यार्थ– कुनै समयको द्वापरको अन्त्यमा रहस्यमय लीलाका अधिकारी भक्तजन यहाँ एकत्रित हुनेछन्, जसरी अहिलेको केही समय पहिला एकत्रित भएका थिए त्यसरी नै त्यस वेला पनि भगवान् नारायण आफ्ना अन्तरङ्ग प्रेमी भक्तहरूका साथ अवतार ग्रहण गर्नुहुनेछ र आफ्ना अन्तरङ्ग प्रेमीहरूका साथ सम्मिलित हुनका लागि चाहिरहेका अन्य देवता, ऋषि आदिले पनि सबैतिरबाट अवतार ग्रहण गर्दछन्।

सर्वेषां वाञ्छितं कृत्वा हरिरन्तर्हितोऽभवत्।
तेनात्र त्रिविधा लोकाः स्थिताः पूर्वं न संशयः॥ ३१॥

पदार्थ–
सर्वेषां = आफ्ना सबै भक्तहरूको
वाञ्छितं कृत्वा = अभिलाषा पूर्ण गरेर
हरिः = भगवान् श्रीहरि
अन्तर्हितः = अन्तर्धान
अभवत् = हुनुभयो
तेन = त्यसकारण
अत्र = यहाँ
त्रिविधाः = तीन प्रकारका
लोकाः = भक्तजनहरू
पूर्वं = पहिल्यैदेखि
स्थिताः = रहेका छन्
न संशयः = यसमा सन्देह छैन

वाक्यार्थ– आफ्ना सबै भक्तजनहरूको अभिलाषा पूर्ण गरेर भगवान् हरि अन्तर्धान हुनुभयो त्यसकारण यहाँ तीन प्रकारका भक्तहरू पहिल्यैदेखि रहेका छन् यसमा सन्देह छैन।

नित्यास्तल्लिप्सवश्चैव देवाद्याश्चेति भेदतः।

देवाद्यास्तेषु कृष्णेन द्वारकां प्रापिताः पुरा॥ ३२॥

पदार्थ—
नित्याः = भगवान्का नित्य अन्तरङ्ग पार्षदहरू (जसको भगवान्सँग कहिल्यै वियोग हुँदैन)
तल्लिप्सवः = भगवान्को अन्तरङ्ग लीलामा प्रवेश गर्न चाहनेहरू र
देवाद्याः च एव = देवताहरू पनि छन्
इति = यस प्रकारको
भेदतः = भेदले
तेषु = तिनीहरूमा
देवाद्याः च = देवताहरू चाहिँ
पुरा = पहिले
कृष्णेन = भगवान् श्रीकृष्णद्वारा
द्वारकां = द्वारकामा
प्रापिताः = पुऱ्याइएका थिए

वाक्यार्थ— (माथि बताइएका तीन प्रकारका भक्तजनहरूमध्ये) भगवान्का नित्य अन्तरङ्ग पार्षदहरू (जसको भगवान्सँग कहिल्यै वियोग हुँदैन), भगवान्को अन्तरङ्ग लीलामा प्रवेश गर्न चाहनेहरू र देवताहरू हुन्। तिनीहरूमा देवताहरू चाहिँ पहिले भगवान् श्रीकृष्णद्वारा द्वारकामा पुऱ्याइएका थिए।

पुनर्मौसलमार्गेण स्वाधिकारेषु चापिताः।

तल्लिप्सूंश्च सदा कृष्णः प्रेमानन्दैकरूपिणः॥ ३३॥

विधाय स्वीयनित्येषु समावेशितवांस्तदा।

नित्याः सर्वेऽप्ययोग्येषु दर्शनाभावतां गताः॥ ३४॥

पदार्थ—
पुनः = फेरि
मौसलमार्गेण = ब्राह्मणहरूको श्रापबाट उत्पन्न भएको मुसललाई निमित्त बनाएर
स्वाधिकारेषु च आपिताः = स्वर्गमा पठाएर आ-आफ्नो अधिकारमा स्थापित गरिए
कृष्णः = श्रीकृष्णले
सदा = सधैँ
तल्लिप्सून् च = ती भगवान्लाई मात्र प्राप्त गर्न चाहने भक्तहरूलाई पनि
प्रेमानन्दैकरूपिणः = प्रेमानन्दस्वरूप
विधाय = बनाएर
स्वीयनित्येषु = आफ्ना नित्य अन्तरङ्ग पार्षदहरूमा
समावेशितवान् = सम्मिलित गरिदिनुभयो
तदा = त्यस वेला
सर्वे अपि = सबै नै
नित्याः = नित्य पार्षदहरू
अयोग्येषु = अनधिकारीहरूका लागि
दर्शनाभावतां गताः = दर्शन गर्न नसकिने भएका छन्

वाक्यार्थ— भगवान् श्रीकृष्णले फेरि (यदुकुलमा उत्पन्न भएका देवताहरूलाई) ब्राह्मणहरूको श्रापबाट उत्पन्न भएको मुसललाई निमित्त बनाएर स्वर्गमा पठाएर आ-आफ्नो अधिकारमा स्थापित गरिदिनुभयो। यसै गरी श्रीकृष्णले उहाँलाई मात्र प्राप्त गर्न चाहने भक्तहरूलाई पनि प्रेमानन्दस्वरूप बनाएर सधैँका लागि आफ्ना नित्य अन्तरङ्ग पार्षदहरूमा सम्मिलित गरिदिनुभयो, ती नित्य पार्षदहरू (अहिले पनि यहाँ गुप्तरूपले हुने नित्य लीलामा सधैँ रहन्छन् तर उनीहरू)

अनधिकारीहरूद्वारा दर्शन गर्न नसकिने भएका छन्।

व्यावहारिकलीलास्थास्तत्र यन्नाधिकारिणः।

पश्यन्त्यत्रागतास्तस्मान्निर्जनत्वं समन्ततः॥ ३५॥

पदार्थ—

व्यावहारिकलीलास्थाः = व्यावहारिक लीलामा रहेकाहरू
यत् = जुन नित्यलीलादर्शन हो
तत्र = त्यस काममा
अधिकारिणः न = अधिकारी हुँदैनन्
तस्मात् = त्यस कारण
अत्र आगताः = यहाँ आएका मनुष्यहरू
समन्ततः = चारैतिर
निर्जनत्वं पश्यन्ति = कोही पनि नभएको देख्छन्

वाक्यार्थ— व्यावहारिक लीलामा रहेकाहरू नित्यलीलादर्शन गर्ने कार्यमा अधिकारी हुँदैनन्, त्यस कारण व्यावहारिक लीलामा रहेकाहरू चारैतिर कोही पनि नभएको देख्छन्।

तस्माच्चिन्ता न ते कार्या वज्रनाभ मदाज्ञया।

वासयात्र बहून् ग्रामान् संसिद्धिस्ते भविष्यति॥ ३६॥

पदार्थ—

तस्मात् = त्यसकारण
वज्रनाभ = हे वज्रनाभ
ते = तिमीद्वारा
चिन्ता = चिन्ता
न कार्या = नगरियोस्
मदाज्ञया = मेरो आज्ञाले
अत्र = यहाँ
बहून् = धेरै
ग्रामान् = गाउँहरू
वासय = बसाल
ते = तिम्रो
संसिद्धिः = मनका इच्छाहरूको सिद्धि
भविष्यति = हुनेछ

वाक्यार्थ— त्यसकारण हे वज्रनाभ तिमीले चिन्ता नगर्नू, मेरो आज्ञाले यहाँ धेरै गाउँहरू बसाल, तिम्रो मनका इच्छाहरू पूर्ण हुनेछन्।

कृष्णलीलानुसारेण कृत्वा नामानि सर्वतः।

त्वया वासयता ग्रामान् संसेव्या भूरियं परा॥ ३७॥

पदार्थ—

कृष्णलीलानुसारेण = भगवान् श्रीकृष्णको लीला अनुसार
सर्वतः = सबैतिर
नामानि कृत्वा = नामहरू राखेर
ग्रामान् = गाउँहरू
वासयता = बसाल्दै
त्वया = तिमीद्वारा
इयं परा भूः = यो दिव्य व्रज भूमिको
संसेव्या = सेवा गरियोस्

वाक्यार्थ— भगवान् श्रीकृष्णको लीला अनुसार सबैतिर नामहरू राखेर गाउँहरू बसाल्दै तिमीले यो दिव्य व्रज भूमिको सेवा गर्नू।

गोवर्द्धने दीर्घपुरे मथुरायां महावने।

नन्दिग्रामे बृहत्सानौ कार्या राज्यस्थितिस्त्वया॥ ३८॥

पदार्थ—
त्वया = तिमीद्वारा
गोवर्द्धने = गोवर्द्धनमा
दीर्घपुरे = दीर्घपुरमा
मथुरायां = मथुरामा
महावने = गोकुलमा
नन्दिग्रामे = नन्दीग्राममा र
बृहत्सानौ = बृहत्सानु (बरसाना)मा
राज्यस्थितिः = राज्यस्थापना
कार्या = गरियोस्

वाक्यार्थ— तिमीले गोवर्द्धनमा, दीर्घपुरमा, मथुरामा, गोकुलमा, नन्दीग्राममा र बृहत्सानु (बरसाना)मा राज्यस्थापना गर्नू।

नद्यद्रिद्रोणिकुण्डादिकुञ्जान् संसेवतस्तव।
राज्ये प्रजाः सुसम्पन्नास्त्वं च प्रीतो भविष्यसि॥ ३९॥

पदार्थ—
नद्यद्रिद्रोणिकुण्डादिकुञ्जान् = नदी, पहाड, भन्ज्याङ, कुण्ड आदि र कुञ्जवनहरूको
संसेवतः = सेवन गर्दागर्दै
तव = तिम्रो
राज्ये = राज्यमा
प्रजाः = प्रजाहरू
सुसम्पन्नाः = अत्यन्त सम्पन्न हुनेछन्
त्वं च = तिमी पनि
प्रीतः = प्रसन्न
भविष्यसि = हुनेछौ

वाक्यार्थ— नदी, पहाड, भन्ज्याङ, कुण्ड आदि र कुञ्जवनहरूको सेवन गर्दागर्दै तिम्रो राज्यमा प्रजाहरू अत्यन्त सम्पन्न हुनेछन् र तिमी पनि प्रसन्न हुनेछौ।

सच्चिदानन्दभूरेषा त्वया सेव्या प्रयत्नतः।
तव कृष्णस्थलान्यत्र स्फुरन्तु मदनुग्रहात्॥ ४०॥

पदार्थ—
त्वया = तिमीद्वारा
एषा = यो
सच्चिदानन्दभूः = सच्चिदानन्दरूप व्रजभूमिको
प्रयत्नतः = प्रयत्नपूर्वक
सेव्या = सेवा गरियोस्
मदनुग्रहात् = मेरो अनुग्रहले
अत्र = यहाँ
कृष्णस्थलानि = भगवान् श्रीकृष्णका दिव्य स्थलहरू
तव स्फुरन्तु = तिम्रा लागि परिचित बनून्

वाक्यार्थ— तिमीले यो सच्चिदानन्दरूप व्रजभूमिको प्रयत्नपूर्वक सेवा गर्नू, मेरो अनुग्रहले यहाँ भगवान् श्रीकृष्णका दिव्य स्थलहरू तिम्रा लागि परिचित बनून्।

वज्र संसेवनादस्य उद्धवस्त्वां मिलिष्यति।
ततो रहस्यमेतस्मात् प्राप्स्यसि त्वं समातृकः॥ ४१॥

पदार्थ—
वज्र = हे वज्र !
अस्य = यो व्रज भूमिको
संसेवनात् = सेवा गर्नाले
उद्धवः = उद्धव
त्वां = तिमीसँग
मिलिष्यति = मिल्नेछन्
ततः = त्यसपछि
एतस्मात् = ती उद्धवबाट
समातृकः = आमाहरूले सहित भएका
त्वं = तिमीले

रहस्यम् = (व्रजभूमि र भगवान्को लीलाको) रहस्यलाई | **प्राप्स्यसि** = प्राप्त गर्नेछौ

वाक्यार्थ– हे वज्र ! यो व्रज भूमिको सेवा गर्नाले उद्धवसँग तिम्रो भेट हुनेछ, त्यसपछि ती उद्धवबाट आमाहरूले सहित भएका तिमीले व्रजभूमि र भगवान्को लीलाको रहस्यलाई प्राप्त गर्नेछौ।

एवमुक्त्वा तु शाण्डिल्यो गतः कृष्णमनुस्मरन्।
विष्णुरातोऽथ वज्रश्च परां प्रीतिमवापतुः॥ ४२॥

पदार्थ–	**कृष्णम्** = श्रीकृष्णलाई	**विष्णुरातः** = राजा परीक्षित्ले र
एवम् = यसो	**अनुस्मरन्** = सम्झँदै	**वज्रः च** = वज्रले पनि
उक्त्वा तु = भनेपछि चाहिँ	**गतः** = जानुभयो	**परां प्रीतिम्** = परम आनन्द
शाण्डिल्यः = शाण्डिल्य ऋषि	**अथ** = त्यसपछि	**अवापतुः** = प्राप्त गर्नुभयो

वाक्यार्थ– यसो भनेपछि शाण्डिल्य ऋषि श्रीकृष्णलाई सम्झँदै जानुभयो, त्यसपछि राजा परीक्षित्ले र वज्रले पनि परम आनन्द प्राप्त गर्नुभयो।

#it ïlSkaNde mhapura[@kazlitsahö(a< s<ihtaya< iÖtIye vE:[vo{fe ïImdœÉavgtmahaTMye zai{fLyaepid:qìjÉUimmahaTMyv[Rn< nam àwmae=Xyay>. 1.

अथ द्वितीयोऽध्यायः

यमुना र श्रीकृष्णपत्नीहरूको संवाद

ऋषय ऊचुः (ऋषिहरूले भन्नुभयो)

शाण्डिल्ये तौ समादिश्य परावृत्ते स्वमाश्रमम्।
किं कथं चक्रतुस्तौ तु राजानौ सूत तद् वद ॥ १ ॥

पदार्थ—
तौ = ती राजा परीक्षित् र वज्रनाभलाई
समादिश्य = आदेश दिएर
शाण्डिल्ये = शाण्डिल्य ऋषि
स्वम् आश्रमम् = आफ्नो आश्रमतर्फ
परावृत्ते तु = फर्किनुभएपछि चाहिँ
तौ राजानौ = ती दुई राजाले
किं = के
कथं = कसरी
चक्रतुः = गर्नुभयो
सूत = हे सूतजी
तत् = त्यो
वद = बताउनुहोस्

वाक्यार्थ— राजा परीक्षित् र वज्रनाभलाई आदेश दिएर शाण्डिल्य ऋषि आफ्नो आश्रमतर्फ फर्किनुभएपछि ती दुईजना राजाले कुन-कुन काम कसरी-कसरी गर्नुभयो ? यो कुरा तपाईं हामीहरूलाई बताउनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

ततस्तु विष्णुरातेन श्रेणीमुख्याः सहस्रशः।
इन्द्रप्रस्थात् समानाय्य मथुरास्थानमापिताः ॥ २ ॥

पदार्थ—
ततः तु = त्यसपछि चाहिँ
विष्णुरातेन = राजा परीक्षित्द्वारा
सहस्रशः = हजारौँ
श्रेणीमुख्याः = ठुला-ठुला सेठहरू
इन्द्रप्रस्थात् = इन्द्रप्रस्थबाट
समानाय्य = ल्याएर
मथुरास्थानम् = मथुरामा
आपिताः = पुर्‍याइए

वाक्यार्थ— त्यसपछि राजा परीक्षित्ले हजारौँ ठुला-ठुला सेठहरू इन्द्रप्रस्थबाट मथुरामा ल्याउनुभयो।

माथुरान् ब्राह्मणांस्तत्र वानरांश्च पुरातनान्।
विज्ञाय माननीयत्वं तेषु स्थापितवान् स्वराट् ॥ ३ ॥
वज्रस्तु तत्सहायेन शाण्डिल्यस्याप्यनुग्रहात्।
गोविन्दगोपगोपीनां लीलास्थानान्यनुक्रमात् ॥ ४ ॥

विज्ञायाभिधयास्थाप्य ग्रामानावासयद् बहून्।
कुण्डकूपादिपूर्तेन शिवादिस्थापनेन च॥ ५॥

पदार्थ–
तत्र = त्यहाँ
माथुरान् = मथुराका
ब्राह्मणान् = ब्राह्मणहरूलाई र
पुरातनान् = पहिलेका
वानरान् च = वानरहरूलाई पनि
माननीयत्वं विज्ञाय = आदरयोग्य सम्झेर
स्वराट् = राजा परीक्षित्ले
तेषु स्थापितवान् = त्यहाँ (मथुरामा) बसाउनुभयो
वज्रः तु = वज्रले चाहिँ
तत्सहायेन = ती राजा परीक्षित्को सहायताले
शाण्डिल्यस्य = शाण्डिल्य ऋषिको
अनुग्रहात् अपि = कृपाले पनि
अनुक्रमात् = क्रमशः
गोविन्दगोपगोपीनां = भगवान् श्रीकृष्ण, गोप र गोपीहरूका
लीलास्थानानि = लीला गरेका ठाउँहरू
विज्ञाय = पत्ता लगाएर
अभिधया = लीलाकै अनुसार ती स्थानहरूको नामकरण गरेर
आस्थाप्य = लीलाविग्रहको स्थापना गरेर
कुण्डकूपादिपूर्तेन = भगवान्को नाममा कुण्ड, कुवा आदि बनाउने पूर्तकार्य गरेर र
शिवादिस्थापनेन च = शिव आदि देवताहरूको स्थापना पनि गरेर
बहून् = धेरै
ग्रामान् = गाउँहरू
आवासयत् = बसाए

वाक्यार्थ– त्यहाँ मथुराका ब्राह्मणहरूलाई र पहिलेका वानरहरूलाई पनि आदरयोग्य सम्झेर उनीहरूलाई त्यहाँ ल्याई राजा परीक्षित्ले मथुरामा बस्ती बसाउनुभयो। वज्रले चाहिँ राजा परीक्षित्को सहायताले र शाण्डिल्य ऋषिको कृपाले भगवान् श्रीकृष्ण, गोप र गोपीहरूका लीला गरेका ठाउँहरू पत्ता लगाई लीलाकै अनुसार ती स्थानहरूको नामकरण गरी लीलाविग्रहको स्थापना गरी भगवान्को नाममा कुण्ड, कुवा आदि बनाउने पूर्तकार्य गरेर र शिव आदि देवताहरूको स्थापना पनि गरेर धेरै गाउँहरू बसाए।

गोविन्दहरिदेवादिस्वरूपारोपणेन च।
कृष्णैकभक्तिं स्वे राज्ये ततान च मुमोद ह॥ ६॥

पदार्थ–
गोविन्दहरिदेवादिस्वरूपारोपणेन च = गोविन्ददेव, हरिदेव आदि नामका भगवद्विग्रहको स्थापना पनि गरेर
स्वे = आफ्नो
राज्ये = राज्यमा
कृष्णैकभक्तिं = भगवान् श्रीकृष्णको भक्तिलाई
ततान = विस्तार गरे र
ह = निश्चय नै
मुमोद च = प्रसन्न पनि भए

वाक्यार्थ– उनले गोविन्द, हरि आदि नामका भगवद्विग्रहको स्थापना पनि गरेर आफ्नो राज्यमा भगवान् श्रीकृष्णको भक्तिलाई विस्तार गरे र उनी प्रसन्न पनि भए।

प्रजास्तु मुदितास्तस्य कृष्णकीर्तनतत्पराः।
परमानन्दसम्पन्ना राज्यं तस्यैव तुष्टुवुः॥ ७॥

पदार्थ—
तस्य = ती वज्रनाभका
प्रजाः तु = प्रजाहरू चाहिँ
मुदिताः = खुसी भएर
कृष्णकीर्तनतत्पराः = सधैँ भगवान् श्रीकृष्णको कीर्तनमा लागिरहेर
परमानन्दसम्पन्नाः = परमानन्दले युक्त भएर
तस्य एव = तिनै वज्रनाभको
राज्यं = राज्यको
तुष्टुवुः = प्रशंसा गर्दथे

वाक्यार्थ— ती वज्रनाभका प्रजाहरू खुसी भई सधैँ भगवान् श्रीकृष्णको कीर्तनमा लागिरहन्थे र परमानन्दले युक्त भएर उनीहरू तिनै वज्रनाभको राज्यको प्रशंसा गर्दथे।

एकदा कृष्णपत्न्यस्तु श्रीकृष्णविरहातुराः।
कालिन्दीं मुदितां वीक्ष्य पप्रच्छुर्गतमत्सराः॥ ८॥

पदार्थ—
एकदा = एक दिन
श्रीकृष्णविरहातुराः = श्रीकृष्णको विरहले आतुर भएका
गतमत्सराः = ईर्ष्याले रहित भएका
कृष्णपत्न्यः = श्रीकृष्णका पत्नीहरूले
कालिन्दीं तु = यमुनालाई चाहिँ
मुदितां = खुसी भएको
वीक्ष्य = देखेर
पप्रच्छुः = सोधे

वाक्यार्थ— एक दिन श्रीकृष्णको विरहले आतुर भएका अनि ईर्ष्याले रहित भएका श्रीकृष्णका पत्नीहरूले यमुनालाई चाहिँ खुसी भएको देखेर उनलाई सोधे।

श्रीकृष्णपत्न्य ऊचुः (श्रीकृष्णका पत्नीहरूले भने)
यथा वयं कृष्णपत्न्यस्तथा त्वमपि शोभने।
वयं विरहदुःखार्तास्त्वं न कालिन्दि तद् वद॥ ९॥

पदार्थ—
शोभने = हे सुन्दरी कालिन्दी
यथा = जसरी
वयं = हामीहरू
कृष्णपत्न्यः = भगवान् श्रीकृष्णका पत्नीहरू हौँ
तथा = त्यसै गरी
त्वम् अपि = तिमी पनि श्रीकृष्णकै पत्नी हौ
वयं = हामीहरू
विरहदुःखार्ताः = विरहवेदनाले पीडित छौँ
कालिन्दि = हे कालिन्दी
त्वं न = तिमी विरहले पीडित छैनौ
तत् = त्यसको कारण
वद = बताऊ

वाक्यार्थ— हे कालिन्दी ! हामीहरू जसरी भगवान् श्रीकृष्णका पत्नीहरू हौँ त्यसै गरी तिमी पनि श्रीकृष्णकै पत्नी हौ। हामीहरू भने विरहवेदनाले पीडित छौँ तर तिमी भने पीडित छैनौ। यसको कारण के हो, हामीलाई बताऊ।

तच्छ्रुत्वा स्मयमाना सा कालिन्दी वाक्यमब्रवीत्।
सापत्न्यं वीक्ष्य तत् तासां करुणापरमानसा॥ १०॥

पदार्थ—
तच्छ्रुत्वा = त्यो सुनेर
तत् तासां सापत्न्यं वीक्ष्य = यी कृष्णपत्नीहरू मेरा सौताहरू हुन् भन्ने जानेर
करुणापरमानसा = दयायुक्त

हृदय भएकी	**सा** = ती	**अब्रवीत्** = भनिन्
स्मयमाना = मुसुक्क हाँस्दै गरेकी	**कालिन्दी** = कालिन्दीले	
	वाक्यम् = यो कुरा	

वाक्यार्थ– यो कुरा सुनेर यी मेरा सौताहरू हुन् भन्ने ठानेर यमुनाको चित्त पग्ल्यो र उनले मुसुक्क हाँस्दै भनिन्।

कालिन्द्युवाच (कालिन्दीले भनिन्)

आत्मारामस्य कृष्णस्य ध्रुवमात्मास्ति राधिका।

तस्या दास्यप्रभावेण विरहोऽस्मान् न संस्पृशेत्॥ ११॥

पदार्थ–	**आत्मा** = आत्मा	प्रभावले
आत्मारामस्य = आत्माराम	**अस्ति** = हुनुहुन्छ	**विरहः** = भगवान् श्रीकृष्णको विरहले
कृष्णस्य = भगवान् श्रीकृष्णकी	**तस्याः** = उहाँको	
ध्रुवम् = निश्चय नै	**दास्यप्रभावेण** = दास्यभावले सेवा गरेको हुनाले त्यसको	**अस्मान्** = मलाई
राधिका = राधिका		**न संस्पृशेत्** = स्पर्श गरेको छैन

वाक्यार्थ– आत्माराम भगवान् श्रीकृष्णको आत्मा राधिका हुनुहुन्छ। मैले दासी जस्तो भएर राधिकाको सेवा गरेको हुनाले त्यही सेवाको प्रभावले मलाई भगवान् श्रीकृष्णको विरहले स्पर्श गर्न सकेको छैन।

तस्या एवांशविस्ताराः सर्वाः श्रीकृष्णनायिकाः।

नित्यसम्भोग एवास्ति तस्याः साम्मुख्ययोगतः॥ १२॥

पदार्थ–	**अंशविस्ताराः** = अंशका विस्तार हुन्	**नित्यसम्भोगः एव** = श्रीकृष्णका साथ नित्य सम्भोग नै
सर्वाः = सबै		
श्रीकृष्णनायिकाः = श्रीकृष्णका रानीहरू	**साम्मुख्ययोगतः** = परस्पर एक-अर्काको सम्मुख हुनाले	**अस्ति** = छ
तस्याः एव = ती राधिकाका नै	**तस्याः** = ती राधिकाको	

वाक्यार्थ– भगवान् श्रीकृष्णका जति पनि रानीहरू छन् ती सबै राधिकाका अंशका विस्तार मात्र हुन्। भगवान् श्रीकृष्ण र राधिका परस्पर एक-अर्काको सम्मुख भएकाले उहाँहरू दुबैको नित्य सम्भोगको स्थिति रहन्छ।

स एव सा स सैवास्ति वंशी तत्प्रेमरूपिका।

श्रीकृष्णनखचन्द्रालिसङ्गाच्चन्द्रावली स्मृता॥ १३॥

पदार्थ–	**सः एव** = श्रीकृष्ण नै हुनुहुन्छ	**सा एव अस्ति** = ती राधिका नै हुनुहुन्छ
सा = ती राधिका	**सः** = उहाँ भगवान् श्रीकृष्ण	

तत्प्रेमरूपिका = उहाँहरूको प्रेमस्वरूप
वंशी = वंशी हो
श्रीकृष्णनखचन्द्रालिसङ्गात् = भगवान्को नङ्रूपी चन्द्रपङ्क्तिको सेवामा आसक्त भएको हुनाले
चन्द्रावली स्मृता = (राधिकाकी सखीलाई) चन्द्रावली भनिएको हो

वाक्यार्थ— राधिका श्रीकृष्ण नै हुनुहुन्छ, भगवान् श्रीकृष्ण पनि राधिका नै हुनुहुन्छ। वंशी उहाँहरूको प्रेम हो। भगवान्को नङ्रूपी चन्द्रपङ्क्तिको सेवामा आसक्त भएको हुनाले राधिकाकी सखीलाई चन्द्रावली भनिएको हो।

रूपान्तरमगृह्णाना तयोः सेवातिलालसा।
रुक्मिण्यादिसमावेशो मयात्रैव विलोकितः॥ १४॥

पदार्थ—
तयोः = ती राधा र भगवान् श्रीकृष्णको
सेवातिलालसा = सेवामा अत्यन्त चाहना राख्ने हुनाले
रूपान्तरम् अगृह्णाना = राधा र श्रीकृष्णदेखि भिन्न आफ्नो अर्को रूपलाई नलिई चन्द्रावली रहेकी छिन्
अत्र एव = उनै राधिकामा
रुक्मिण्यादिसमावेशः = रुक्मिणी आदिको समावेश भएको
मया = मद्वारा
विलोकितः = देखिएको छ

वाक्यार्थ— राधा र भगवान् श्रीकृष्णको सेवामा अत्यन्त चाहना राख्ने हुनाले राधा र श्रीकृष्णदेखि भिन्न आफ्नो अर्को रूपलाई नलिई चन्द्रावली रहेकी छिन्, उनै राधिकामा रुक्मिणी आदिको समावेश भएको मैले देखेकी छु।

युष्माकमपि कृष्णेन विरहो नैव सर्वतः।
किन्तु एवं न जानीथ तस्माद् व्याकुलतामिताः॥ १५॥

पदार्थ—
युष्माकम् अपि = तिमीहरूको पनि
सर्वतः = सर्वांशमा
कृष्णेन = श्रीकृष्णसँग
विरहः = विरह
न एव = छैन
किन्तु = तर
एवं = यस्तो कुरा
न जानीथ = तिमीहरू जान्दैनौ
तस्मात् = त्यस कारण
व्याकुलताम् इताः = व्याकुलतामा प्राप्त भएका छौ

वाक्यार्थ— तिमीहरूको पनि सर्वांशमा श्रीकृष्णसँग विरह छैन तर यस्तो कुरा तिमीहरू जान्दैनौ, त्यस कारण तिमीहरू व्याकुल बनेका छौ।

एवमेवात्र गोपीनामक्रूरावसरे पुरा।
विरहाभास एवासीदुद्धवेन समाहितः॥ १६॥

पदार्थ—
अत्र = यहाँ
पुरा = पहिला
अक्रूरावसरे = भगवान् श्रीकृष्णलाई मथुरा लैजानका लागि अक्रूर आउँदा पनि

गोपीनाम् = गोपीहरूको
एवम् एव = यस्तै नै
विरहाभासः = विरहको आभास
आसीत् = भएको थियो
उद्धवेन = उद्धवद्वारा
समाहितः एव = त्यसको समाधान गरिएको थियो

वाक्यार्थ— यहाँ पहिला भगवान् श्रीकृष्णलाई मथुरा लैजानका लागि अक्रूर आउँदा पनि गोपीहरूको यस्तै विरहाभासको अवस्था थियो, उद्धवले त्यसको समाधान गर्नुभएको थियो।

तेनैव भवतीनां चेद् भवेदत्र समागमः।
तर्हि नित्यं स्वकान्तेन विहारमपि लप्स्यथ॥ १७॥

पदार्थ—
तेन एव = त्यसै किसिमले
भवतीनां = तिमीहरूको
अत्र = यहाँ
समागमः = उद्धवका साथ भेट
भवेत् चेत् = भयो भने
तर्हि = त्यसो भएमा
नित्यं = सधैँ
स्वकान्तेन = आफ्ना प्रिय श्रीकृष्णका साथ
विहारम् अपि = विहार गर्ने अवसर पनि
लप्स्यथ = पाउनेछौ

वाक्यार्थ— त्यही किसिमले तिमीहरूको यहाँ उद्धवका साथ भेट भयो भने तिमीहरूले सधैँ आफ्ना प्रिय श्रीकृष्णका साथ विहार गर्ने अवसर पाउनेछौ।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवमुक्तास्तु ताः पत्न्यः प्रसन्नां पुनरब्रुवन्।
उद्धवालोकनेनात्मप्रेष्ठसङ्गसलालसाः॥ १८॥

पदार्थ—
एवम् = यस प्रकार
उक्ताः = उपदेश गरिएका
उद्धवालोकनेन = उद्धवको दर्शनले
आत्मप्रेष्ठसङ्गसलालसाः = आफ्ना प्रिय श्रीकृष्णसँग मिल्न अत्यन्त लालायित
ताः = ती
पत्न्यः तु = श्रीकृष्णका पत्नीहरूले त
प्रसन्नां = प्रसन्न भएकी कालिन्दीलाई
पुनः = फेरि
अब्रुवन् = भने

वाक्यार्थ— यस प्रकार कालिन्दीले उपदेश गरेपछि उद्धवको माध्यमले आफ्ना प्रियतम भगवान् श्रीकृष्णसँग मिल्न अत्यन्त लालायित ती श्रीकृष्णपत्नीहरूले प्रसन्न भएकी ती कालिन्दीलाई फेरि भन्न लागे।

श्रीकृष्णपत्न्य ऊचुः (श्रीकृष्णका पत्नीहरूले भने)

धन्यासि सखि कान्तेन यस्या नैवास्ति विच्युतिः।
यतस्ते स्वार्थसंसिद्धिस्तस्या दास्यो बभूविम॥ १९॥

पदार्थ—
सखि = हे सखी
धन्या असि = तिमी धन्य छौ
यस्याः = जसको
कान्तेन = आफ्ना प्रिय श्रीकृष्णका साथ

विच्युतिः = वियोग
न एव अस्ति = छैन नै
यतः = राधिकाको दास्यभावले सेवा गरेको हुनाले
ते = तिम्रो
स्वार्थसंसिद्धिः = अभीष्टको सिद्धि भयो
तस्याः = ती राधिकाको
दास्यः = दासी
बभूविम = भयौँ

वाक्यार्थ– हे सखी ! तिमी ज्यादै धन्य छौ, जसको आफ्ना प्रिय श्रीकृष्णका साथ वियोग छैन, ती राधिकाको दास्यभावले सेवा गरेको हुनाले तिम्रो अभीष्टको सिद्धि भयो र हामी पनि तिनै राधिकाका दासी भयौँ।

परन्तूद्धवलाभे स्यादस्मत्सर्वार्थसाधनम्।
तथा वदस्व कालिन्दि तल्लाभोऽपि यथा भवेत्॥ २०॥

पदार्थ–
परन्तु = तर
उद्धवलाभे = उद्धवजीसँग भेट भएपछि
अस्मत्सर्वार्थसाधनम् = हाम्रा सबै मनोरथहरू पूर्ण
स्यात् = हुन्छन्
कालिन्दि = हे कालिन्दी
तल्लाभः = ती उद्धवजीसँग हाम्रो भेट
यथा = जसरी
भवेत् = होला
तथा = त्यस्तो (उपाय)
अपि = पनि
वदस्व = बताउनुहोस्

वाक्यार्थ– उद्धवजीसँग भेट भएपछि मात्र हाम्रा सबै मनोरथहरू पूर्ण हुन्छन्, अतः हे कालिन्दी ती उद्धवजीसँग हाम्रो भेट हुने उपाय बताउनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवमुक्ता तु कालिन्दी प्रत्युवाचाथ तास्तथा।
स्मरन्ती कृष्णचन्द्रस्य कलाः षोडशरूपिणीः॥ २१॥

पदार्थ–
एवम् = यस प्रकार
उक्ता = कृष्णपत्नीहरूद्वारा निवेदन गरिएकी
कालिन्दी तु = कालिन्दीले त
कृष्णचन्द्रस्य = चन्द्रमारूपी भगवान् श्रीकृष्णको
षोडशरूपिणीः कलाः स्मरन्ती = सोह्र कलाहरूको स्मरण गर्दै
अथ = त्यसपछि
ताः = ती कृष्णपत्नीहरूलाई
तथा = त्यस प्रकार
प्रत्युवाच = भनिन्

वाक्यार्थ– यस प्रकार कृष्णपत्नीहरूले निवेदन गरेपछि कालिन्दीले भगवान् श्रीकृष्णचन्द्रको सोह्रकलाहरूको स्मरण गर्दै ती कृष्णपत्नीहरूलाई भनिन्।

साधनभूमिर्बदरी व्रजता कृष्णेन मन्त्रिणे प्रोक्ता।
तत्रास्ते स तु साक्षात् तद्वयुनं ग्राहयंल्लोकान्॥ २२॥

पदार्थ–
व्रजता = आफ्नो धामतिर फर्कन लाग्नुभएका
कृष्णेन = भगवान् श्रीकृष्णद्वारा
मन्त्रिणे = आफ्ना मन्त्री उद्धवलाई

बदरी = बदरीकाश्रम
साधनभूमिः = साधनभूमि (हो भनी)
प्रोक्ता = बताइएको थियो
सः = ती उद्धव
तु = त
तत्र = त्यहाँ
साक्षात् = आफ्नै स्वरूपले
तद्वयुनं = आफ्नो ज्ञानस्वरूप शरीर
लोकान् = मानिसहरूलाई
ग्राहयन् = उपदेश गर्दै
आस्ते = निवास गर्नुहुन्छ

वाक्यार्थ– आफ्नो धामतिर फर्कन लाग्नुभएका भगवान् श्रीकृष्णद्वारा आफ्ना मन्त्री उद्धवलाई बदरीकाश्रम साधनभूमि (हो भनी) बताइएको थियो र त्यही भूमिमा बसेर उहाँ मानिसहरूलाई ज्ञानको उपदेश गर्नुहुन्छ।

फलभूमिर्व्रजभूमिर्दत्ता तस्मै पुरैव सरहस्यम्।
फलमिह तिरोहितं सत्तदिहेदानीं स उद्धवोऽलक्ष्यः॥ २३॥

पदार्थ–
इह = यहाँ
पुरा एव = पहिले नै
व्रजभूमिः = व्रजभूमि
फलभूमिः = फल (साधना) भूमिको रूपमा
सरहस्यम् = रहस्यले सहित बनाएर
तस्मै = ती उद्धवलाई
दत्ता = दिइएको थियो
इह = यहाँ
तत् = त्यो
फलम् = फलभूमि (भगवान्का साथ)
तिरोहितं सत् = अदृश्य भएपछि
इदानीं = अहिले
सः = ती
उद्धवः = उद्धव
अलक्ष्यः = नदेखिने हुनुभयो

वाक्यार्थ– यहाँ पहिले नै व्रजभूमि फलभूमिको रूपमा रहस्यले सहित बनाएर ती उद्धवलाई दिइएको थियो, यहाँ त्यो फलभूमि भगवान्का साथ अदृश्य भएपछि अहिले ती उद्धव नदेखिने हुनुभयो।

गोवर्द्धनगिरिनिकटे सखीस्थले तद्रजःकामः।
तत्रत्याङ्कुरवल्लीरूपेणास्ते स उद्धवो नूनम्॥ २४॥

पदार्थ–
गोवर्द्धनगिरिनिकटे = गोवर्द्धन गिरिको नजिकै
सखीस्थले = गोपिनीहरूको क्रीडास्थलमा
तद्रजःकामः = ती गोपिनीहरूको चरणधूलि प्राप्त गर्ने चाहना गर्दै
तत्रत्य = त्यहाँको
अङ्कुरवल्लीरूपेण = आँकुरा र लताको रूपमा
सः = ती
उद्धवः = उद्धव
नूनम् = निश्चय नै
आस्ते = रहनुहुन्छ

वाक्यार्थ– उद्धव अदृश्य भए पनि गोवर्द्धन गिरिको नजिकै गोपिनीहरूको क्रीडास्थलमा ती गोपिनीहरूको चरणधूलि प्राप्त गर्ने चाहना गर्दै त्यहाँका आँकुरा र लताको रूपमा उहाँ रहनुहुन्छ।

आत्मोत्सवरूपत्वं हरिणा तस्मै समर्पितं नियतम्।
तस्मात् तत्र स्थित्वा कुसुमसरःपरिसरे सवज्राभिः॥ २५॥

वीणावेणुमृदङ्गैः कीर्तनकाव्यादिसरससङ्गीतैः ।
उत्सव आरब्धव्यो हरिरतलोकान् समानाय्य ॥ २६ ॥
तत्रोद्धवावलोको भविता नियतं महोत्सवे वितते ।
यौष्माकीणामभिमतसिद्धिं सविता स एव सवितानाम् ॥ २७ ॥

पदार्थ–
हरिणा = भगवान् श्रीहरिद्वारा
तस्मै = ती उद्धवलाई
आत्मोत्सवरूपत्वं = आफ्नो उत्सवरूप
नियतम् = निश्चय नै
समर्पितं = दिइएको थियो
तस्मात् = त्यसैले
तत्र = त्यहाँ
स्थित्वा = रहेर
कुसुमसरःपरिसरे = कुसुम सरोवरको नजिकै
सवज्राभिः = वज्रनाभका साथ
वीणावेणुमृदङ्गैः = वीणा, बाँसुरी र मृदङ्गका साथ
कीर्तनकाव्यादिसरससङ्गीतैः = कीर्तन, काव्यकथा, रसपूर्ण सङ्गीतद्वारा
हरिरतलोकान् = श्रीहरिमा मन समर्पित गरेका व्यक्तिहरूलाई
समानाय्य = जम्मा गरेर
उत्सवः = उत्सव
आरब्धव्यः = आरम्भ गर्नुपर्दछ
तत्र = त्यहाँ
महोत्सवे = उक्त महोत्सव
वितते = विस्तार भएपछि
उद्धवावलोकः = उद्धवको दर्शन
नियतं = निश्चय नै
भविता = हुनेछ
सः एव = उहाँले नै
यौष्माकीणाम् = तपाईंहरूको
सवितानाम् = सविस्तारमा
अभिमतसिद्धिं = चाहनापूर्ति
सविता = जन्माइदिनुहुनेछ (गरिदिनुहुनेछ)

वाक्यार्थ– भगवान् श्रीहरिद्वारा ती उद्धवलाई आफ्नो उत्सवरूप निश्चय नै दिइएको थियो त्यसैले त्यहाँ रहेर कुसुम सरोवरको नजिकै वज्रनाभका साथ वीणा, बाँसुरी र मृदङ्गका साथ कीर्तन, काव्यकथा, रसपूर्ण सङ्गीतद्वारा श्रीहरिमा मन समर्पित गरेका व्यक्तिहरूलाई जम्मा गरेर उत्सव आरम्भ गर्नुपर्दछ, त्यहाँ उक्त महोत्सव विस्तार भएपछि उद्धवको दर्शन निश्चय नै हुनेछ, उहाँले नै तपाईंहरूको सविस्तारमा चाहनापूर्ति गरिदिनुहुनेछ।

सूत उवाच (सूतजीले भन्नुभयो)

इति श्रुत्वा प्रसन्नास्ताः कालिन्दीमभिवन्द्य तत् ।
कथयामासुरागत्य वज्रं प्रति परीक्षितम् ॥ २८ ॥

पदार्थ–
इति = यो
श्रुत्वा = सुनेर
प्रसन्नाः = प्रसन्न भएका
ताः = ती श्रीकृष्णपत्नीहरूले
कालिन्दीम् = कालिन्दीलाई
अभिवन्द्य = नमस्कार गरेर
आगत्य = फर्केर आएपछि
तत् = त्यो कुरा
वज्रं = वज्र र
परीक्षितम् प्रति = परीक्षित्‌लाई
कथयामासुः = बताए

वाक्यार्थ– यो सुनेर प्रसन्न भएका ती श्रीकृष्णपत्नीहरूले कालिन्दीलाई नमस्कार गरेर फर्केर आएपछि त्यो कुरा वज्र र परीक्षित्‌लाई बताए।

विष्णुरातस्तु तच्छ्रुत्वा प्रसन्नस्तद्युतस्तदा ।

तत्रैवागत्य तत् सर्वं कारयामास सत्वरम्॥ २९॥

पदार्थ–
विष्णुरातः तु = राजा परीक्षित् चाहिँ
तत् = त्यो कुरा
श्रुत्वा = सुनेर
प्रसन्नः = प्रसन्न हुनुभयो
तदा = त्यस बेला
तद्युतः = श्रीकृष्णपत्नीहरू र वज्रनाभले युक्त भएका ती परीक्षित्ले
तत्र एव = त्यही ठाउँमा
आगत्य = आएर
सत्वरम् = चाँडै नै
तत् सर्वं = त्यो सबै काम (कृष्णसङ्कीर्तन)
कारयामास = गराउनुभयो

वाक्यार्थ– राजा परीक्षित् त्यो कुरा सुनेर प्रसन्न हुनुभयो, त्यसपछि श्रीकृष्णपत्नीहरू र वज्रनाभले युक्त भएका परीक्षित्ले त्यही नै ठाउँमा आएर चाँडै नै त्यो सबै काम (कृष्णसङ्कीर्तन) गराउनुभयो।

गोवर्द्धनाददूरेण वृन्दारण्ये सखीस्थले।
प्रवृत्तः कुसुमाम्भोधौ कृष्णसङ्कीर्तनोत्सवः॥ ३०॥

पदार्थ–
गोवर्द्धनात् = गोवर्द्धनबाट
अदूरेण = नजिकै रहेको
वृन्दारण्ये = वृन्दावनको
कुसुमाम्भोधौ = कुसुम सरोवरको नजिकै रहेको
सखीस्थले = सखीहरूको क्रीडास्थलमा
कृष्णसङ्कीर्तनोत्सवः = कृष्णसङ्कीर्तनको उत्सव
प्रवृत्तः = प्रारम्भ भयो

वाक्यार्थ– गोवर्द्धनबाट नजिकै रहेको वृन्दावनको कुसुम सरोवरको नजिकै रहेको सखीहरूको क्रीडास्थलमा कृष्णसङ्कीर्तनोत्सव प्रारम्भ भयो।

वृषभानुसुताकान्तविहारे कीर्तनश्रिया।
साक्षादिव समावृत्ते सर्वेऽनन्यदृशोऽभवन्॥ ३१॥

पदार्थ–
वृषभानुसुताकान्तविहारे = वृषभानुकी छोरी राधिका र उनका प्रिय श्रीकृष्णको क्रीडास्थल
साक्षात् = प्रत्यक्ष रूपमा
कीर्तनश्रिया = कीर्तनको शोभाले
समावृत्ते = युक्त भएपछि
सर्वे = सबै भक्तहरू
अनन्यदृशः = उहाँमा मात्र चित्त समर्पित गरेका
इव = जस्तै
अभवन् = भए

वाक्यार्थ– वृषभानुकी छोरी राधिका र उनका प्रिय श्रीकृष्णको क्रीडास्थल प्रत्यक्ष रूपमा कीर्तनको शोभाले युक्त भएपछि सबै भक्तहरू उहाँमा मात्र चित्त समर्पित गरेका जस्तै भए।

ततः पश्यत्सु सर्वेषु तृणगुल्मलताचयात्।
आजगामोद्धवः स्रग्वी श्यामः पीताम्बरावृतः॥ ३२॥
गुञ्जामालाधरो गायन् वल्लवीवल्लभं मुहुः।

तदागमनतो रेजे भृशं सङ्कीर्तनोत्सवः ॥ ३३ ॥

चन्द्रिकागमतो यद्वत् स्फाटिकाट्टालभूमणिः ।

अथ सर्वे सुखाम्भोधौ मग्नाः सर्वं विसस्मरुः ॥ ३४ ॥

पदार्थ–
ततः = त्यसपछि
सर्वेषु = सबैले
पश्यत्सु = हेर्दाहेर्दै
तृणगुल्मलताचयात् = घाँस, बुट्यान र लहराको समूहबाट (प्रकट भएर)
स्रग्वी = माला लगाएका
श्यामः = श्याम वर्णका
पीताम्बरावृतः = पीताम्बर लगाएका
गुञ्जामालाधरः = गुञ्जाको माला लगाएका
उद्धवः = उद्धव
वल्लवीवल्लभं = गोपिनीका प्रियतम श्रीकृष्णको
मुहुः = बारम्बार
गायन् = कीर्तन गर्दै
आजगाम = आए
यद्वत् = जसरी
चन्द्रिकागमतः = चन्द्रिकाको आगमनबाट (जुन लागेपछि)
स्फाटिकाट्टालभूमणिः = स्फटिक मणिले बनेको कौसीको भुइँ (जसरी चम्कन्छ त्यसरी)
तदागमनतः = उनको आगमनबाट
सङ्कीर्तनोत्सवः = सङ्कीर्तनोत्सव
भृशं = अत्यन्तै
रेजे = सुशोभित भयो
अथ = त्यसपछि
सर्वे = सबै
सुखाम्भोधौ = सुखसमुद्रमा
मग्नाः = मग्न भए र
सर्वं = सबै कुरा
विसस्मरुः = बिर्से

वाक्यार्थ– त्यसपछि सबैले हेर्दाहेर्दै घाँस, बुट्यान र लहराको समूहबाट प्रकट भएर गुञ्जाको माला लगाएका, श्याम वर्णका, पीताम्बरधारी उद्धव गोपिनीका प्रियतम श्रीकृष्णको बारम्बार कीर्तन गर्दै आए। जसरी चन्द्रिकाको आगमनबाट (जुन लागेपछि) स्फटिक मणिले बनेको कौसीको भुइँ चम्कन्छ त्यसरी नै उनको आगमनबाट सङ्कीर्तनोत्सव अत्यन्तै सुशोभित भयो, त्यसपछि सबै सुखसमुद्रमा मग्न भए र उनीहरूले सबै कुरा बिर्से।

क्षणेनागतविज्ञाना दृष्ट्वा श्रीकृष्णरूपिणम् ।

उद्धवं पूजयाञ्चक्रुः प्रतिलब्धमनोरथाः ॥ ३५ ॥

पदार्थ–
क्षणेन = तत्काल
आगतविज्ञानाः = सचेत भएका
श्रीकृष्णरूपिणम् = श्रीकृष्णरूपी
उद्धवं = उद्धवलाई
दृष्ट्वा = देखेर
प्रतिलब्धमनोरथाः = आफ्नो मनोरथ पूर्ण भएका (ती वज्र, श्रीकृष्णपत्नीहरू र परीक्षित्‌ले)
पूजयाञ्चक्रुः = उनको पूजा गरे

वाक्यार्थ– श्रीकृष्णको सङ्कीर्तनमा मग्न हुनाले सबै कुरा बिर्सेका ती वज्र, श्रीकृष्णपत्नीहरू र परीक्षित् तत्काल सचेत भए र श्रीकृष्णरूपी उद्धवलाई देखेर आफ्नो मनोरथ पूर्ण भएका उनीहरूले उद्धवको पूजा गरे।

#it ïlSkaNde mhapura[@kazlitsahö(a< s<ihtaya< iÖtIye vE:[vo{fe

ïImdœÉavgtmahaTMye gaevxRnpvRtsmIpe

prIi]dadInamuÏvdzRnv[Rn< nam

iÖtIyae=Xyay>. 2.

Aw t&tIyae=Xyay>

भगवान् श्रीकृष्णको कीर्तनोत्सवमा उद्धवको प्रकटन

सूत उवाच (सूतजीले भन्नुभयो)

अथोद्धवस्तु तान् दृष्ट्वा कृष्णकीर्तनतत्परान् ।

सत्कृत्याथ परिष्वज्य परीक्षितमुवाच ह ॥ १ ॥

पदार्थ—
अथ = त्यसपछि
उद्धवः तु = उद्धवले चाहिँ
कृष्णकीर्तनतत्परान् = कृष्णको कीर्तनमा लागेका
तान् = तिनीहरूलाई
दृष्ट्वा = देखेर
सत्कृत्य = सत्कार गरेर
अथ = यसपछि
परीक्षितम् = परीक्षित्लाई
परिष्वज्य = अङ्कमाल गरेर
उवाच ह = भने

वाक्यार्थ— त्यसपछि उद्धवले कृष्णकीर्तनमा तत्पर भएका ती भक्तहरूलाई देखेर उनले ती भक्तहरूको सत्कार गरे। त्यसपछि उद्धवले परीक्षित्लाई अङ्कमाल गरेर उहाँलाई भन्न लागे।

उद्धव उवाच (उद्धवले भने)

धन्योऽसि राजन् कृष्णैकभक्त्या पूर्णोऽसि नित्यदा ।

यस्त्वं निमग्नचित्तोऽसि कृष्णसङ्कीर्तनोत्सवे ॥ २ ॥

पदार्थ—
राजन् = हे राजा परीक्षित्
धन्यः = धन्य
असि = हुनुहुन्छ
कृष्णैकभक्त्या = श्रीकृष्णको मात्र भक्तिले
पूर्णः = पूर्ण
असि = हुनुहुन्छ (किनभने)
यः = जो
त्वं = तपाईं
नित्यदा = सधैं
कृष्णसङ्कीर्तनोत्सवे = श्रीकृष्णको सङ्कीर्तनको उत्सवमा
निमग्नचित्तः = चित्त निमग्न भएका
असि = हुनुहुन्छ

वाक्यार्थ— हे राजा परीक्षित् ! तपाईं धन्य हुनुहुन्छ र श्रीकृष्णको मात्र भक्तिले पूर्ण हुनुहुन्छ किनभने तपाईं सधैं श्रीकृष्णको सङ्कीर्तनको उत्सवमा चित्त निमग्न भएका हुनुहुन्छ।

कृष्णपत्नीषु वज्रे च दिष्ट्या प्रीतिः प्रवर्त्तिता ।

तवोचितमिदं तात कृष्णदत्ताङ्गवैभव ॥ ३ ॥

पदार्थ—
कृष्णदत्ताङ्गवैभव = श्रीकृष्णद्वारा शरीर र सम्पत्ति दिइएका हे परीक्षित्
दिष्ट्या = सौभाग्यवश
कृष्णपत्नीषु = श्रीकृष्णका पत्नीहरूमा र
वज्रे च = वज्रमा पनि
(तपाईंको)
प्रीतिः = प्रेम
प्रवर्त्तिता = भएको देखिन्छ
तात = हे प्रिय परीक्षित्
इदं = यो कुरा
तव उचितम् = तपाईंका लागि उचित छ

वाक्यार्थ– श्रीकृष्णद्वारा शरीर र सम्पत्ति दिइएका हे परीक्षित् ! सौभाग्यवश श्रीकृष्णका पत्नीहरूमा र वज्रमा पनि तपाईंको प्रेम भएको देखिन्छ, यो कुरा तपाईंका लागि उचित छ।

द्वारकास्थेषु सर्वेषु धन्या एते न संशयः।
येषां व्रजनिवासाय पार्थमादिष्टवान् प्रभुः॥ ४॥

पदार्थ–
द्वारकास्थेषु सर्वेषु = समस्त द्वारकावासीहरूमध्ये
एते = यिनीहरू
धन्याः = धन्य छन्
न संशयः = यसमा सन्देह छैन
येषां = जसलाई
व्रजनिवासाय = व्रजमा निवास गराउनका लागि
प्रभुः = प्रभु श्रीकृष्णले
पार्थम् = पृथापुत्र अर्जुनलाई
आदिष्टवान् = आदेश दिनुभयो

वाक्यार्थ– समस्त द्वारकावासीहरूमध्ये यिनीहरू (परीक्षित्, वज्र र कृष्णपत्नीहरू) धन्य छन् यसमा सन्देह छैन, जसलाई व्रजमा निवास गराउनका लागि प्रभु श्रीकृष्णले पृथापुत्र अर्जुनलाई आदेश दिनुभयो।

श्रीकृष्णस्य मनश्चन्द्रो राधास्यप्रभयान्वितः।
तद्विहारवनं गोभिर्मण्डयन् रोचते सदा॥ ५॥

पदार्थ–
श्रीकृष्णस्य = भगवान् श्रीकृष्णको
मनश्चन्द्रः = मनरूपी चन्द्रमा
राधास्यप्रभया = राधाको मुहारको प्रभारूपी चाँदनीद्वारा
अन्वितः = युक्त भएर
तद्विहारवनं = उहाँको लीलाभूमि वृन्दावनलाई
गोभिः = किरणहरूद्वारा
मण्डयन् = प्रकाशित गर्दै
सदा = सधैँ
रोचते = प्रकाशमान छ

वाक्यार्थ– भगवान् श्रीकृष्णको मनरूपी चन्द्रमा राधाको मुहारको प्रभारूपी चाँदनीद्वारा युक्त भएर उहाँको लीलाभूमि वृन्दावनलाई किरणहरूद्वारा प्रकाशित गर्दै सधैँ प्रकाशमान छ।

कृष्णचन्द्रः सदा पूर्णस्तस्य षोडश याः कलाः।
चित्सहस्रप्रभाभिन्ना अत्रास्ते तत्स्वरूपता॥ ६॥

पदार्थ–
कृष्णचन्द्रः = श्रीकृष्णचन्द्र
सदा = सधैँ
पूर्णः = परिपूर्ण हुनुहुन्छ
तस्य = उहाँका
याः = जुन
षोडश कलाः = सोह्र कला छन्
चित्सहस्रप्रभाभिन्नाः = हजारौँ चिन्मयकिरणमा विभक्त भएर निस्कन्छन्
अत्र = यस वृन्दावनमा
तत्स्वरूपता = उहाँको स्वरूप
आस्ते = रहेको छ

वाक्यार्थ– श्रीकृष्णचन्द्र सधैँ परिपूर्ण हुनुहुन्छ, उहाँका जुन सोह्र कला छन् ती कलाहरू वृन्दावनमा हजारौँ चिन्मयकिरणमा विभक्त भएर निस्कन्छन्, त्यसैले यस वृन्दावनमा उहाँको स्वरूप रहेको छ।

एवं वज्रस्तु राजेन्द्र प्रपन्नभयभञ्जकः।

श्रीकृष्णदक्षिणे पादे स्थानमेतस्य वर्तते॥ ७॥

पदार्थ—
राजेन्द्र = हे राजेन्द्र परीक्षित्
एवं = यसरी
प्रपन्नभयभञ्जकः = शरणमा आएकाहरूको डर नष्ट गर्ने
वज्रः = वज्रनाभ रहेका छन्
श्रीकृष्णदक्षिणे पादे = श्रीकृष्णको दाहिने पाउमा
तु = चाहिँ
एतस्य = यी वज्रको
स्थानम् = स्थान
वर्तते = रहेको छ

वाक्यार्थ— हे राजेन्द्र परीक्षित्! यसरी शरणमा आएकाहरूको डर नष्ट गर्ने वज्रनाभ रहेका छन्, श्रीकृष्णको दाहिने पाउमा यी वज्रको स्थान रहेको छ।

अवतारेऽत्र कृष्णेन योगमायातिभाविताः।

तद्बलेनात्मविस्मृत्या सीदन्त्येते न संशयः॥ ८॥

पदार्थ—
अत्र = यस
अवतारे = अवतारमा
कृष्णेन = भगवान् श्रीकृष्णद्वारा
योगमायातिभाविताः = योगमायाद्वारा अभिभूत भएका
तद्बलेन = योगमायाको बलद्वारा
आत्मविस्मृत्या = आफ्नो स्वरूप बिर्सनाले
एते = यिनीहरू (यी व्रजवासी प्राणीहरू)
सीदन्ति = दुःखी भइरहेका छन्
न संशयः = यसमा सन्देह छैन

वाक्यार्थ— यस अवतारमा भगवान् श्रीकृष्णको योगमायाद्वारा अभिभूत भएका यी व्रजवासी प्राणीहरू योगमायाको बलद्वारा आफ्नो स्वरूप बिर्सिनाले दुःखी भइरहेका छन्, यसमा सन्देह छैन।

ऋते कृष्णप्रकाशं तु स्वात्मबोधो न कस्यचित्।

तत्प्रकाशस्तु जीवानां मायया पिहितः सदा॥ ९॥

पदार्थ—
कृष्णप्रकाशं ऋते तु = कृष्णप्रकाश विना चाहिँ
कस्यचित् = कसैलाई पनि
स्वात्मबोधः = आत्मबोध
न = हुँदैन
जीवानां = जीवहरूको
तत्प्रकाशः तु = त्यो कृष्णप्रकाश चाहिँ
सदा = सधैँ
मायया = मायाद्वारा
पिहितः = ढाकिएको छ

वाक्यार्थ— श्रीकृष्णप्रकाश विना कसैलाई पनि आत्मबोध हुँदैन, जीवहरूको त्यो कृष्णप्रकाश चाहिँ सधैँ मायाद्वारा ढाकिएको छ।

अष्टाविंशे द्वापरान्ते स्वयमेव यदा हरिः।

उत्सारयेन्निजां मायां तत्प्रकाशो भवेत् तदा॥ १०॥

पदार्थ—
अष्टाविंशे = अठ्ठाईसौँ
द्वापरान्ते = द्वापरको अन्त्यमा

यदा = जब
हरिः = भगवान् श्रीहरिले
स्वयम् एव = आफैं नै
निजां = आफ्नो
मायां = मायालाई
उत्सारयेत् = हटाइदिनुहुन्छ
तदा = त्यस वेला
तत्प्रकाशः = श्रीकृष्णप्रकाश
भवेत् = प्राप्त हुनेछ

वाक्यार्थ– अठ्ठाईसौँ द्वापरको अन्त्यमा जब भगवान् श्रीहरिले आफैं नै आफ्नो मायालाई हटाइदिनुहुन्छ त्यस वेला श्रीकृष्णप्रकाश प्राप्त हुनेछ।

स तु कालो व्यतिक्रान्तस्तेनेदमपरं शृणु।
अन्यदा तत्प्रकाशस्तु श्रीमद्भागवताद् भवेत्॥ ११॥

पदार्थ–
सः तु कालः = त्यो समय त
व्यतिक्रान्तः = बितिसक्यो
तेन = त्यसकारण
इदम् = यो
अपरं = अर्को उपाय
शृणु = सुन्नुहोस्
अन्यदा तु = अन्य समयमा चाहिँ
तत्प्रकाशः = त्यो श्रीकृष्णप्रकाश
श्रीमद्भागवताद् = श्रीमद्भागवतबाट
भवेत् = (प्राप्त) हुनेछ

वाक्यार्थ– त्यो समय त बितिसक्यो, त्यसकारण यो अर्को उपाय सुन्नुहोस्, अन्य समयमा चाहिँ त्यो श्रीकृष्णप्रकाश श्रीमद्भागवतबाट प्राप्त हुनेछ।

श्रीमद्भागवतं शास्त्रं यत्र भागवतैर्यदा।
कीर्त्यते श्रूयते चापि श्रीकृष्णस्तत्र निश्चितम्॥ १२॥

पदार्थ–
भागवतैः = भगवद्भक्तहरूद्वारा
श्रीमद्भागवतं शास्त्रं = श्रीमद्भागवत शास्त्र
यत्र = जहाँ
यदा = जहिले
कीर्त्यते = कीर्तन गरिन्छ र
श्रूयते च अपि = सुनिन्छ पनि
तत्र = त्यहाँ
श्रीकृष्णः = भगवान् श्रीकृष्ण
निश्चितम् = निश्चित रूपमा उपस्थित हुनुहुन्छ

वाक्यार्थ– भगवद्भक्तहरूद्वारा श्रीमद्भागवत शास्त्र जहाँ र जहिले कीर्तन गरिन्छ एवं सुनिन्छ, त्यहाँ भगवान् श्रीकृष्ण निश्चित रूपमा उपस्थित हुनुहुन्छ।

श्रीमद्भागवतं यत्र श्लोकं श्लोकार्द्धमेव च।
तत्रापि भगवान् कृष्णो वल्लवीभिर्विराजते॥ १३॥

पदार्थ–
यत्र = जहाँ
श्लोकं = एउटा श्लोक वा
श्लोकार्द्धम् एव च = आधा श्लोक मात्र पनि
श्रीमद्भागवतं = श्रीमद्भागवत (पढिन्छ अथवा सुनिन्छ)
तत्र अपि = त्यहाँ पनि
भगवान् कृष्णः = भगवान् श्रीकृष्ण
वल्लवीभिः = आफ्ना प्रियतमा गोपिनीहरूका साथ
विराजते = विराजमान हुनुहुन्छ

वाक्यार्थ– जहाँ एउटा श्लोक वा आधा श्लोक मात्र पनि श्रीमद्भागवत पढिन्छ अथवा सुनिन्छ,

त्यहाँ पनि भगवान् श्रीकृष्ण आफ्ना प्रियतमा गोपिनीहरूका साथ विराजमान हुनुहुन्छ।

भारते मानवं जन्म प्राप्य भागवतं न यैः।
श्रुतं पापपराधीनैरात्मघातस्तु तैः कृतः॥ १४॥

पदार्थ—
यैः = जसद्वारा
भारते = भारतवर्षमा
मानवं = मानिसको
जन्म = जुनी
प्राप्य = पाएर पनि
भागवतं = भागवत
न श्रुतं = सुनिएको छैन
पापपराधीनैः = पापको अधीनमा भएका
तैः तु = तिनीहरूद्वारा त
आत्मघातः = आत्मघात
कृतः = गरियो

वाक्यार्थ— जसले भारतवर्षमा मानिसको जुनी पाएर पनि भागवत सुन्दैनन्, पापको अधीनमा भएका तिनीहरूले आत्मघात गर्दछन्।

श्रीमद्भागवतं शास्त्रं नित्यं यैः परिसेवितम्।
पितुर्मातुश्च भार्यायाः कुलपङ्क्तिः सुतारिता॥ १५॥

पदार्थ—
यैः = जसद्वारा
श्रीमद्भागवतं शास्त्रं = श्रीमद्भागवत शास्त्र
नित्यं = सधैं
परिसेवितम् = सेवन गरिएको छ (तिनीहरूद्वारा)
पितुः = पिताको
मातुः = माताको र
भार्यायाः च = पत्नीको पनि
कुलपङ्क्तिः = कुलको समूह
सुतारिता = राम्ररी तारियो

वाक्यार्थ— जसले श्रीमद्भागवत शास्त्र सधैं सेवन गर्दछन् तिनीहरूले पिता, माता र पत्नीको कुललाई समेत राम्ररी तार्दछन्।

विद्याप्रकाशो विप्राणां राज्ञां शत्रुजयो विशाम्।
धनं स्वास्थ्यं च शूद्राणां श्रीमद्भागवताद् भवेत्॥ १६॥

पदार्थ—
श्रीमद्भागवतात् = श्रीमद्भागवतबाट (पठन र श्रवणबाट)
विप्राणां = ब्राह्मणहरूलाई
विद्याप्रकाशः = विद्याको प्रकाश प्राप्त हुन्छ
राज्ञां = राजाहरूलाई
शत्रुजयः = शत्रुमाथि विजय प्राप्त हुन्छ
विशाम् = वैश्यहरूलाई
धनं च = धन र
शूद्राणां = शूद्रहरूलाई
स्वास्थ्यं च = स्वास्थ्यलाभ
भवेत् = हुन्छ

वाक्यार्थ— श्रीमद्भागवतको पठन र श्रवणबाट ब्राह्मणहरूलाई विद्याको प्रकाश, राजाहरूलाई शत्रुमाथि विजय, वैश्यहरूलाई धन र शूद्रहरूलाई स्वास्थ्यलाभ हुन्छ।

योषितामपरेषां च सर्ववाञ्छितपूरणम्।
अतो भागवतं नित्यं को न सेवेत भाग्यवान्॥ १७॥

पदार्थ—
योषिताम् = स्त्रीहरूलाई र
अपरेषां च = अन्त्यज आदि अन्य मानिसहरूलाई पनि
सर्ववाञ्छितपूरणम् = चिताएको सबै पूर्ण हुन्छ
अतः = यसैले
भाग्यवान् = भाग्यवान् हुन चाहने
कः = कुन चाहिँ मानिसले
भागवतं = भागवत शास्त्रको
नित्यं = सधैँ
न सेवेत = सेवन नगर्ला

वाक्यार्थ— भागवतको पठन र श्रवणबाट स्त्रीहरूको र अन्त्यज आदि अन्य मानिसहरूको पनि सबै मनोरथ पूर्ण हुन्छ, यसैले भाग्यवान् हुन चाहने कुन चाहिँ मानिसले भागवत शास्त्रको सधैँ सेवन नगर्ला ?

अनेकजन्मसंसिद्धः श्रीमद्भागवतं लभेत्।
प्रकाशो भगवद्भक्तेरुद्भवस्तत्र जायते ॥ १८ ॥

पदार्थ—
अनेकजन्मसंसिद्धः = अनेक जन्मको साधनाबाट सिद्ध भएको व्यक्तिले
श्रीमद्भागवतं = श्रीमद्भागवत
लभेत् = प्राप्त गर्दछ
तत्र = त्यस्तो व्यक्तिमा
भगवद्भक्तेः = भगवद्भक्तिको
उद्भवः = प्रादुर्भाव र
प्रकाशः = श्रीकृष्णप्रकाश पनि
जायते = उत्पन्न हुन्छ

वाक्यार्थ— अनेक जन्मको साधनाबाट सिद्ध भएको व्यक्तिले श्रीमद्भागवत प्राप्त गर्दछ, त्यस्तो व्यक्तिमा भगवद्भक्तिको प्रादुर्भाव र श्रीकृष्णप्रकाश पनि उत्पन्न हुन्छ।

सांख्यायनप्रसादाप्तं श्रीमद्भागवतं पुरा।
बृहस्पतिर्दत्तवान् मे तेनाहं कृष्णवल्लभः ॥ १९ ॥

पदार्थ—
पुरा = पहिले
बृहस्पतिः = बृहस्पतिले
सांख्यायनप्रसादाप्तं = सांख्यायन ऋषिको कृपाबाट प्राप्त
श्रीमद्भागवतं = श्रीमद्भागवत
मे = मलाई
दत्तवान् = दिनुभयो
तेन = त्यसकारण
अहं = म
कृष्णवल्लभः = भगवान् श्रीकृष्णको प्रिय मित्र भएँ

वाक्यार्थ— पहिले बृहस्पतिले सांख्यायन ऋषिको कृपाबाट प्राप्त श्रीमद्भागवत मलाई दिनुभयो त्यसकारण म भगवान् श्रीकृष्णको प्रिय मित्र भएँ।

आख्यायिकां च तेनोक्तां विष्णुरात निबोध ताम्।
ज्ञायते सम्प्रदायोऽपि यत्र भागवतश्रुतेः ॥ २० ॥

पदार्थ—
विष्णुरात = हे परीक्षित्
तेन = उहाँ बृहस्पतिद्वारा
उक्तां = भनिएको
ताम् = त्यो
आख्यायिकां = कथा
निबोध = सुन्नुहोस्
यत्र = जहाँ
भागवतश्रुतेः = भागवत

श्रवणको **सम्प्रदायः च अपि** =	सम्प्रदायको क्रम पनि **ज्ञायते** = थाहा पाइन्छ

वाक्यार्थ– हे परीक्षित् ! बृहस्पतिद्वारा भनिएको त्यो कथा सुन्नुहोस्, जुन कथाबाट श्रीमद्भागवत श्रवणको सम्प्रदायको क्रम पनि थाहा पाइन्छ।

बृहस्पतिरुवाच (बृहस्पतिले भन्नुभयो)

ईक्षाञ्चक्रे यदा कृष्णो मायापुरुषरूपधृक्।
ब्रह्मा विष्णुः शिवश्चापि रजःसत्त्वतमोगुणैः॥ २१॥
पुरुषास्त्रय उत्तस्थुरधिकारांस्तदादिशत्।
उत्पत्तौ पालने चैव संहारे प्रक्रमेण तान्॥ २२॥
ब्रह्मा तु नाभिकमलादुत्पन्नस्तं व्यजिज्ञपत्।

पदार्थ–

मायापुरुषरूपधृक् = मायाद्वारा पुरुषको रूप धारण गरेका	**ब्रह्मा** = ब्रह्मा	**अधिकारान्** = अधिकार
कृष्णः = भगवान् श्रीकृष्णले	**विष्णुः** = विष्णु र	**आदिशत्** = दिनुभयो
यदा = जब	**शिवः च अपि** = शिव पनि	**नाभिकमलाद्** = भगवान्को नाभिकमलबाट
ईक्षाञ्चक्रे = (सृष्टिको) इच्छा गर्नुभयो	**त्रयः पुरुषाः** = तीन पुरुष	**उत्पन्नः** = उत्पन्न भएका
तदा = त्यस वेला	**उत्तस्थुः** = उत्पन्न हुनुभयो	**ब्रह्मा तु** = ब्रह्माले चाहिँ
रजःसत्त्वतमोगुणैः = रज, सत्त्व र तम गुणबाट (क्रमशः)	**तान्** = उहाँहरूलाई	**तं** = उहाँ भगवान्लाई
	प्रक्रमेण = क्रमैले	**व्यजिज्ञपत्** = निवेदन गर्नुभयो
	उत्पत्तौ = उत्पत्तिमा	
	पालने = पालनमा र	
	संहारे च एव = संहारमा पनि	

वाक्यार्थ– मायाद्वारा पुरुषको रूप धारण गरेका भगवान् श्रीकृष्णले जब सृष्टि गर्ने इच्छा गर्नुभयो त्यस वेला रज, सत्त्व र तम गुणबाट क्रमशः ब्रह्मा, विष्णु र शिव गरी तीन पुरुष उत्पन्न हुनुभयो, उहाँहरूलाई क्रमैले उत्पत्ति, पालन र संहारमा भगवान्ले अधिकार दिनुभयो। भगवान्को नाभिकमलबाट उत्पन्न भएका ब्रह्माले उहाँलाई यस्तो निवेदन गर्नुभयो।

ब्रह्मोवाच (ब्रह्माजीले भन्नुभयो)

नारायणादिपुरुष परमात्मन् नमोऽस्तु ते॥ २३॥
त्वया सर्गे नियुक्तोऽस्मि पापीयान् मां रजोगुणः।
त्वत्स्मृतौ नैव बाधेत तथैव कृपया प्रभो॥ २४॥

पदार्थ–

नारायण आदिपुरुष = हे	नारायण, हे आदिपुरुष

परमात्मन् = हे परमात्मा	**अस्मि** = छु	**मां** = मलाई (जसरी)
ते = हजुरलाई	**प्रभो** = हे प्रभु	**न एव बाधेत** = बाधा गर्दैन
नमः अस्तु = नमस्कार छ	**त्वत्स्मृतौ** = हजुरको स्मरण गर्नमा	**तथा एव** = त्यस्तै उपाय
त्वया = हजुरद्वारा	**पापीयान्** = पापी	**कृपया** = कृपापूर्वक (बताउनुहोस्)
सर्गे = सृष्टिकार्यमा	**रजोगुणः** = रजोगुणले	
नियुक्तः = नियुक्त भएको		

वाक्यार्थ– हे नारायण ! हे आदिपुरुष ! हे परमात्मा ! हजुरलाई नमस्कार छ, म हजुरद्वारा सृष्टिकार्यमा नियुक्त भएको छु, हे प्रभु ! जसो गर्दा पापी रजोगुणले मलाई हजुरको स्मरण गर्नमा बाधा गर्दैन त्यस्तो कुनै उपाय कृपापूर्वक बताउनुहोस्।

बृहस्पतिरुवाच (बृहस्पतिले भन्नुभयो)

यदा तु भगवांस्तस्मै श्रीमद्भागवतं पुरा।

उपदिश्याब्रवीद् ब्रह्मन् सेवस्वैनत् स्वसिद्धये॥ २५॥

पदार्थ–	**श्रीमद्भागवतं** = श्रीमद्भागवतको	**स्वसिद्धये** = आफ्नो इच्छा सिद्धिका लागि
पुरा = पहिला	**उपदिश्य** = उपदेश दिएर	**एनत्** = यसको
यदा तु = जब	**अब्रवीत्** = भन्नुभयो	**सेवस्व** = सेवन गर्नुहोस्
भगवान् = भगवान् नारायणले	**ब्रह्मन्** = हे ब्रह्माजी	
तस्मै = ती ब्रह्माजीलाई		

वाक्यार्थ– पहिला भगवान् नारायणले ती ब्रह्माजीलाई श्रीमद्भागवतको उपदेश दिएर भन्नुभयो– हे ब्रह्माजी आफ्नो इच्छा सिद्धिका लागि यसको सेवन गर्नुहोस्।

ब्रह्मा तु परमप्रीतस्तेन कृष्णाप्तयेऽनिशम्।

सप्तावरणभङ्गाय सप्ताहं समवर्तयत्॥ २६॥

पदार्थ–	**ब्रह्मा तु** = ब्रह्मा चाहिँ	**सप्तावरणभङ्गाय** = सात आवरण भङ्ग गर्नका लागि
तेन = त्यसकारण	**कृष्णाप्तये** = श्रीकृष्ण प्राप्तिका लागि	**अनिशम्** = लगातार
परमप्रीतः = अत्यन्त खुसी भएका		**सप्ताहं** = सात दिनसम्म
		समवर्तयत् = बिताउनुभयो

वाक्यार्थ– त्यसकारण अत्यन्त खुसी भएका ब्रह्माजीले चाहिँ श्रीकृष्ण प्राप्तिका लागि सात आवरण (पृथ्वी, जल, तेज, वायु, आकाश, मन र अहङ्कार) भङ्ग गर्नका लागि लगातार सात दिनसम्म बिताउनुभयो।

श्रीभागवतसप्ताहसेवनाप्तमनोरथः।

सृष्टिं वितनुते नित्यं ससप्ताहः पुनः पुनः॥ २७॥

पदार्थ—
श्रीभागवतसप्ताहसेवनाप्त-मनोरथः = श्रीमद्भागवत सप्ताहको सेवन गर्नाले मनोरथ पूर्ण भएका ब्रह्माजीले
पुनः पुनः = बारम्बार
ससप्ताहः = सप्ताहविधिका साथ
नित्यं = सधैँ
सृष्टिं = सृष्टि
वितनुते = फैलाउनुहुन्छ (गर्नुहुन्छ)

वाक्यार्थ— श्रीमद्भागवत सप्ताहको सेवन गर्नाले मनोरथ पूर्ण भएका ब्रह्माजीले बारम्बार सप्ताहविधिका साथ सधैँ सृष्टि विस्तार गर्नुहुन्छ।

विष्णुरप्यर्थयामास पुमांसं स्वार्थसिद्धये।
प्रजानां पालने पुंसा यदनेनापि कल्पितः ॥ २८ ॥

पदार्थ—
विष्णुः अपि = भगवान् विष्णुले पनि
स्वार्थसिद्धये = आफ्नो अभीष्ट सिद्धिका लागि
पुमांसं = परमपुरुष परमात्माको
अर्थयामास = प्रार्थना गर्नुभयो
यत् = किनभने (भगवान् विष्णु)
अनेन = उनै
पुंसा = परमपुरुष परमात्माद्वारा नै
प्रजानां = प्रजाहरूको
पालने अपि = पालनका लागि
कल्पितः = नियुक्त गरिनुभएको थियो

वाक्यार्थ— भगवान् विष्णुले पनि आफ्नो अभीष्ट सिद्धिका लागि परमपुरुष परमात्माको प्रार्थना गर्नुभयो किनभने भगवान् विष्णुलाई परमपुरुष परमात्माले नै प्रजाहरूको पालनका लागि नियुक्त गर्नुभएको थियो।

विष्णुरुवाच (भगवान् विष्णुले भन्नुभयो)
प्रजानां पालनं देव करिष्यामि यथोचितम्।
प्रवृत्त्या च निवृत्त्या च कर्मज्ञानप्रयोजनात्॥ २९ ॥

पदार्थ—
देव = हे भगवान्
कर्मज्ञानप्रयोजनात् = कर्म र ज्ञानको उद्देश्यले
प्रवृत्त्या च = प्रवृत्तिद्वारा र
निवृत्त्या च = निवृत्तिद्वारा पनि
यथोचितम् = यथोचित किसिमले
प्रजानां = प्रजाहरूको
पालनं = पालन
करिष्यामि = गर्नेछु

वाक्यार्थ— हे भगवान् ! कर्म र ज्ञानको उद्देश्यले प्रवृत्ति र निवृत्ति मार्गद्वारा यथोचित किसिमले प्रजाहरूको पालन गर्नेछु।

यदा यदैव कालेन धर्मग्लानिर्भविष्यति।
धर्मं संस्थापयिष्यामि ह्यवतारैस्तदा तदा ॥ ३० ॥

पदार्थ—
यदा यदा = जब-जब
कालेन = कालक्रमले
धर्मग्लानिः = धर्मको हानि
भविष्यति = हुनेछ
तदा तदा = तब-तब
एव हि = नै
अवतारैः = अवतारहरूद्वारा
धर्मं = धर्मको

संस्थापयिष्यामि = स्थापना गर्नेछु

वाक्यार्थ— जब-जब कालक्रमले गर्दा धर्मको हानि हुनेछ तब-तब म अवतारहरू ग्रहण गरेर धर्मको स्थापना गर्नेछु।

भोगार्थिभ्यस्तु यज्ञादिफलं दास्यामि निश्चितम्।
मोक्ष्यार्थिभ्यो विरक्तेभ्यो मुक्तिं पञ्चविधां तथा॥ ३१॥

पदार्थ—

भोगार्थिभ्यः तु = भोग चाहनेहरूका लागि
यज्ञादिफलं = यज्ञ आदि कर्मको फल
निश्चितम् = निश्चित रूपले
दास्यामि = दिनेछु
तथा = त्यसै गरी
विरक्तेभ्यः = विरक्त
मोक्ष्यार्थिभ्यः = मोक्षार्थीहरूलाई
पञ्चविधां = पाँच किसिमको
मुक्तिं = मुक्ति दिनेछु

वाक्यार्थ— म भोग चाहनेहरूका लागि यज्ञ आदि कर्मको फल र विरक्त मोक्षार्थीहरूलाई पाँच किसिमको मुक्ति (सालोक्य, सार्ष्टि, सामीप्य, कैवल्य र सायुज्य (एकत्व)) दिनेछु।

येऽपि मोक्षं न वाञ्छन्ति तान् कथं पालयाम्यहम्।
आत्मानं च श्रियं चापि पालयामि कथं वद॥ ३२॥

पदार्थ—

ये = जो
मोक्षं अपि = मोक्ष पनि
न वाञ्छन्ति = चाहँदैनन्
तान् = तिनीहरूलाई
अहम् = म
कथं = कसरी
पालयामि = पालन गरूँ
आत्मानं च = आफूलाई र
श्रियं च अपि = लक्ष्मीलाई पनि
कथं = कसरी
पालयामि = पालन गरूँ
वद = भन्नुहोस्

वाक्यार्थ— जो मोक्ष पनि चाहँदैनन् तिनीहरूलाई म कसरी पालन गरूँ, आफूलाई र लक्ष्मीलाई पनि म कसरी पालन गरूँ भन्नुहोस्।

तस्मा अपि पुमानाद्यः श्रीभागवतमादिशत्।
उवाच च पठस्वैनत् तव सर्वार्थसिद्धये॥ ३३॥

पदार्थ—

तस्मै अपि = ती भगवान् विष्णुलाई पनि
आद्यः पुमान् = आदिपुरुष भगवान्ले
श्रीभागवतम् = श्रीमद्भागवतको
आदिशत् = उपदेश गर्नुभयो
उवाच च = र भन्नुभयो पनि
तव = तपाईंको
सर्वार्थसिद्धये = सर्वार्थसिद्धिका लागि
एनत् = यो
पठस्व = पढ्नुहोस्

वाक्यार्थ— ती भगवान् विष्णुलाई पनि आदिपुरुष भगवान्ले श्रीमद्भागवतको उपदेश गर्नुभयो र भन्नुभयो कि तपाईं आफ्नो सर्वार्थसिद्धिका लागि यो पढ्नुहोस्।

ततो विष्णुः प्रसन्नात्मा परमार्थकपालने।

समर्थोऽभूच्छ्रिया मासि मासि भागवतं स्मरन् ॥ ३४ ॥

पदार्थ—
ततः = त्यसपछि
प्रसन्नात्मा = प्रसन्न हुनुभएका
विष्णुः = विष्णु
श्रिया = लक्ष्मीका साथ
मासि मासि = प्रत्येक महिनामा
भागवतं = भागवतको
स्मरन् = स्मरण गर्दै
परमार्थकपालने = संसारको पालनमा
समर्थः = समर्थ
अभूत् = हुनुभयो

वाक्यार्थ— त्यसपछि प्रसन्न हुनुभएका विष्णु लक्ष्मीका साथ प्रत्येक महिनामा भागवतको स्मरण गर्दै संसारको पालनमा समर्थ हुनुभयो।

यदा विष्णुः स्वयं वक्ता लक्ष्मीश्च श्रवणे रता।
तदा भागवतश्रावो मासेनैव पुनः पुनः ॥ ३५ ॥

पदार्थ—
यदा = जब
विष्णुः = भगवान् विष्णु
स्वयं वक्ता = आफैँ वक्ता बन्नुहुन्छ
लक्ष्मीः च = लक्ष्मी चाहिँ
श्रवणे = श्रवण गर्नमा
रता = लाग्नुहुन्छ
तदा = त्यस वेला
भागवतश्रावः = भागवतश्रवण गर्ने काम
पुनः पुनः = बारम्बार
मासेन एव = एक महिनामा सम्पन्न हुन्छ

वाक्यार्थ— जब भगवान् विष्णु आफैँ वक्ता बन्नुहुन्छ, लक्ष्मी चाहिँ श्रवण गर्नमा लाग्नुहुन्छ, त्यस वेला भागवतश्रवण गर्ने काम बारम्बार एक महिनामा सम्पन्न हुन्छ।

यदा लक्ष्मीः स्वयं वक्त्री विष्णुश्च श्रवणे रतः।
मासद्वयं रसास्वादस्तदातीव सुशोभते ॥ ३६ ॥

पदार्थ—
यदा = जब
लक्ष्मीः = लक्ष्मी
स्वयं वक्त्री = आफैँ वक्ता बन्नुहुन्छ
विष्णुः च = विष्णु चाहिँ
श्रवणे रतः = श्रवण गर्न लाग्नुहुन्छ
तदा = त्यस वेला
रसास्वादः = रसको आस्वादन गर्ने काम
मासद्वयं = दुई महिनासम्म (चल्छ, त्यस समयमा कथा)
अतीव = अत्यन्तै
सुशोभते = रुचिकर हुन्छ

वाक्यार्थ— जब लक्ष्मी आफैँ वक्ता बन्नुहुन्छ र विष्णु चाहिँ श्रवण गर्न लाग्नुहुन्छ त्यस वेला रसको आस्वादन गर्ने काम दुई महिनासम्म चल्छ, त्यस समयमा कथा अत्यन्तै रुचिकर हुन्छ।

अधिकारे स्थितो विष्णुर्लक्ष्मीर्निश्चिन्तमानसा।
तेन भागवतास्वादस्तस्या भूरि प्रकाशते ॥ ३७ ॥

पदार्थ—
विष्णुः = विष्णु
अधिकारे = पालन गर्ने कार्यको अधिकारमा
स्थितः = रहनुभएको छ
लक्ष्मीः = लक्ष्मीजी

निश्चिन्तमानसा = निश्चिन्त मन भएकी (कार्यव्यस्तताबाट मुक्त) हुनुहुन्छ
तेन = त्यसकारण
तस्याः = उहाँ वक्ता हुँदाको
भागवतास्वादः = भागवतको रसास्वादन
भूरि = धेरै
प्रकाशते = प्रकाशित हुन्छ

वाक्यार्थ– विष्णु पालन गर्ने कार्यको अधिकारमा रहनुभएको छ, लक्ष्मीजी निश्चिन्त मन भएकी (कार्यव्यस्तताबाट मुक्त) हुनुहुन्छ त्यसकारण लक्ष्मी वक्ता हुँदाको समयमा भागवतको रसास्वादन धेरै विस्तारमा प्रकाशित हुन्छ।

अथ रुद्रोऽपि तं देवं संहाराधिकृतः पुरा।
पुमांसं प्रार्थयामास स्वसामर्थ्यविवृद्धये॥ ३८॥

पदार्थ–
अथ = त्यसपछि
पुरा = पहिले
संहाराधिकृतः = संहार गर्ने कार्यमा नियुक्त भएका
रुद्रः अपि = रुद्रले पनि
स्वसामर्थ्यविवृद्धये = आफ्नो सामर्थ्यको वृद्धिका लागि
तं = उहाँ
पुमांसं देवं = परमपुरुष भगवान् नारायणको
प्रार्थयामास = प्रार्थना गर्नुभयो

वाक्यार्थ– त्यसपछि पहिले संहार गर्ने कार्यमा नियुक्त भएका रुद्रले पनि आफ्नो सामर्थ्यको वृद्धिका लागि परमपुरुष भगवान् नारायणको प्रार्थना गर्नुभयो।

रुद्र उवाच (रुद्रले भन्नुभयो)

नित्ये नैमित्तिके चैव संहारे प्राकृते तथा।
शक्तयो मम विद्यन्ते देवदेव मम प्रभो॥ ३९॥
आत्यन्तिके तु संहारे मम शक्तिर्न विद्यते।
महद्दुःखं ममैतत् तु तेन त्वां प्रार्थयाम्यहम्॥ ४०॥

पदार्थ–
मम = मेरा
प्रभो = हे प्रभु
देवदेव = हे देवताका पनि देवता
नित्ये = नित्य
नैमित्तिके = नैमित्तिक
तथा = र
प्राकृते = प्राकृत
संहारे = संहारमा
च एव = पनि
मम = मेरा
शक्तयः = शक्तिहरू
विद्यन्ते = छन्
आत्यन्तिके = आत्यन्तिक
संहारे तु = संहारमा चाहिँ
मम = मेरो
शक्तिः = शक्ति
न विद्यते = छैन
एतत् तु = यो चाहिँ
मम = मेरो
महद्दुःखं = ठूलो दुःख हो
तेन = त्यसकारण
अहम् = म
त्वां = तपाईंलाई
प्रार्थयामि = प्रार्थना गर्दछु

वाक्यार्थ– हे मेरा प्रभु ! हे देवताका पनि देवता ! नित्य, नैमित्तिक र प्राकृत संहारमा पनि मेरा शक्तिहरू छन् तर आत्यन्तिक संहारमा चाहिँ मेरो शक्ति छैन, यो चाहिँ मेरो ठूलो दुःखको विषय

हो, त्यसकारण म तपाईंलाई प्रार्थना गर्दछु।

बृहस्पतिरुवाच (बृहस्पतिले भन्नुभयो)

श्रीमद्भागवतं तस्मा अपि नारायणो ददौ।

स तु संसेवनादस्य जिग्ये चापि तमोगुणम्॥ ४१॥

पदार्थ—

नारायणः = नारायणले

तस्मै अपि = ती रुद्रलाई पनि

श्रीमद्भागवतं = श्रीमद्भागवत

ददौ = दिनुभयो

सः तु = उहाँ रुद्रले

अस्य = यसको

संसेवनात् = सेवनबाट

तमोगुणम् = तमोगुणलाई

च अपि = पनि

जिग्ये = जित्नुभयो

वाक्यार्थ— नारायणले रुद्रलाई पनि श्रीमद्भागवत दिनुभयो, रुद्रले यसको सेवनबाट तमोगुणलाई पनि जित्नुभयो।

कथा भागवती तेन सेविता वर्षमात्रतः।

लये त्वात्यन्तिके तेनावाप शक्तिं सदाशिवः॥ ४२॥

पदार्थ—

तेन तु = ती रुद्रद्वारा चाहिँ

भागवती कथा = भागवतको कथा

वर्षमात्रतः = एक वर्ष लगाएर

सेविता = सेवन गरियो

तेन = त्यसकारण

सदाशिवः = सदाशिव रुद्रले

आत्यन्तिके लये = आत्यन्तिक लय गर्ने कार्यमा

शक्तिं = शक्ति

अवाप = प्राप्त गर्नुभयो

वाक्यार्थ— रुद्रले चाहिँ एक वर्ष लगाएर भागवतको कथासेवन गर्नुभयो। त्यसकारण उहाँ सदाशिव रुद्रले आत्यन्तिक लय गर्ने कार्यमा शक्ति प्राप्त गर्नुभयो।

उद्धव उवाच (उद्धवले भने)

श्रीभागवतमाहात्म्य इमामाख्यायिकां गुरोः।

श्रुत्वा भागवतं लब्ध्वा मुमुदेऽहं प्रणम्य तम्॥ ४३॥

पदार्थ—

श्रीभागवतमाहात्म्ये = श्रीमद्भागवतमाहात्म्यका विषयमा रहेको

इमाम् = यो

आख्यायिकां = कथा

गुरोः = गुरु बृहस्पतिबाट

श्रुत्वा = सुनेर

भागवतं = भागवत

लब्ध्वा = प्राप्त गरेर

तम् = उहाँलाई

प्रणम्य = प्रणाम गरेर

अहं = म

मुमुदे = प्रसन्न भएँ

वाक्यार्थ— श्रीमद्भागवतमाहात्म्यका विषयमा रहेको यो कथा मैले गुरु बृहस्पतिबाट सुनेँ। भागवत प्राप्त गरेपछि उहाँलाई प्रणाम गरेर म प्रसन्न भएँ।

ततस्तु वैष्णवीं रीतिं गृहीत्वा मासमात्रतः।
श्रीमद्भागवतास्वादो मया सम्यङ्निषेवितः॥ ४४॥

पदार्थ—
ततः तु = त्यसपछि चाहिँ
वैष्णवीं रीतिं = श्रीविष्णुको तरिका
गृहीत्वा = अवलम्बन गरेर
मया = मद्वारा
मासमात्रतः = एक महिनामा नै
श्रीमद्भागवतास्वादः = श्रीमद्भागवतको आस्वादन
सम्यक् = राम्ररी
निषेवितः = गरियो

वाक्यार्थ— त्यसपछि चाहिँ भागवतको आस्वादनका लागि भगवान् विष्णुले स्वीकार गरेको तरिका अवलम्बन गरेर मैले एक महिनामा नै श्रीमद्भागवतको आस्वादन राम्ररी गरेँ।

तावतैव बभूवाहं कृष्णस्य दयितः सखा।
कृष्णेनाथ नियुक्तोऽहं व्रजे स्वप्रेयसीगणे॥ ४५॥

पदार्थ—
तावता एव = त्यही कारणले
अहं = म
कृष्णस्य = श्रीकृष्णको
दयितः = प्यारो
सखा = साथी
बभूव = भएँ
अथ = यसपछि
कृष्णेन = श्रीकृष्णद्वारा
अहं = म
व्रजे = व्रजमा
स्वप्रेयसीगणे = श्रीकृष्णका प्रेयसीहरूको समूहमा
(श्रीकृष्णको सन्देश लैजान)
नियुक्तः= नियुक्त भएँ

वाक्यार्थ— त्यही कारणले म श्रीकृष्णको प्यारो साथी भएँ, यसपछि श्रीकृष्णद्वारा म व्रजमा उहाँका प्रेयसीहरूको समूहमा उहाँको सन्देश लिएर जाने कार्यमा नियुक्त गरिएँ।

विरहार्त्तासु गोपीषु स्वयं नित्यविहारिणा।
श्रीभागवतसन्देशो मन्मुखेन प्रयोजितः॥ ४६॥

पदार्थ—
गोपीषु = गोपिनीहरू
विरहार्त्तासु = श्रीकृष्णविरहले पीडित भएको वेलामा
स्वयं नित्यविहारिणा = आफैँ नित्य विहार गर्नुहुने भगवान् श्रीकृष्णद्वारा
मन्मुखेन = मेरो माध्यमले
श्रीभागवतसन्देशः = श्रीमद्भागवतको सन्देश
प्रयोजितः = पठाइयो

वाक्यार्थ— गोपिनीहरू श्रीकृष्णविरहले पीडित भएको वेलामा उनीहरूसँग आफैँ नित्य विहार गर्नुहुने भए तापनि उहाँले मेरो माध्यमले गोपिनीहरूलाई श्रीमद्भागवतको सन्देश पठाउनुभयो।

तं यथामति लब्ध्वा ता आसन् विरहवर्जिताः।
नाज्ञासिषं रहस्यं तच्चमत्कारस्तु लोकितः॥ ४७॥

पदार्थ—
तं = त्यो सन्देशलाई
यथामति = आफ्नो बुद्धि

अनुसार	**आसन्** = भएका थिए	**चमत्कारः तु** = चमत्कार चाहिँ
लब्ध्वा = प्राप्त गरेर	**तत् रहस्यं** = त्यो रहस्यलाई	**लोकितः** = देखियो
ताः = ती गोपिनीहरू	**न अज्ञासिषं** = मैले बुझ्न सकिनँ	
विरहवर्जिताः = विरहले रहित		

वाक्यार्थ– त्यो सन्देशलाई आफ्नो बुद्धि अनुसार प्राप्त गरेर ती गोपिनीहरू विरहले रहित भएका थिए, त्यो रहस्यलाई मैले बुझ्न सकिनँ तर चमत्कार चाहिँ देखेँ।

स्ववासं प्रार्थ्य कृष्णं च ब्रह्माद्येषु गतेषु मे।
श्रीमद्भागवते कृष्णस्तद्रहस्यं स्वयं ददौ॥ ४८॥

पदार्थ–	**ब्रह्माद्येषु** = ब्रह्मा आदि देवता	**तद्रहस्यं च** = त्यो रहस्य पनि
कृष्णं = श्रीकृष्णसँग	**गतेषु** = गएपछि	**मे** = मलाई
स्ववासं = दिव्य धाममा बस्न जान	**कृष्णः स्वयं** = श्रीकृष्ण आफैँले	**ददौ** = दिनुभयो (बताइदिनुभयो)
प्रार्थ्य = प्रार्थना गरेर	**श्रीमद्भागवते** = श्रीमद्भागवतमा जुन रहस्य छ	

वाक्यार्थ– श्रीकृष्णसँग दिव्य धाममा बस्न जान प्रार्थना गरेर ब्रह्मा आदि देवता गएपछि श्रीकृष्ण आफैँले श्रीमद्भागवतमा रहेको रहस्य मलाई बताइदिनुभयो।

पुरतोऽश्वत्थमूलस्य चकार मयि तद् दृढम्।
तेनात्र व्रजवल्लीषु वसामि बदरीं गतः॥ ४९॥

पदार्थ–	**मयि** = ममा	**अत्र** = यहाँ (चाहिँ म)
अश्वत्थमूलस्य = पिपलको रुखको	**दृढम्** = दृढ	**व्रजवल्लीषु** = व्रजका लहराहरूको रूपमा
पुरतः = अगाडि	**चकार** = गरिदिनुभयो	**वसामि** = बसिरहेको छु
तद् = त्यो रहस्योद्घाटित ज्ञानलाई	**तेन** = त्यसैले	
	बदरीं = बदरी आश्रममा	
	गतः = गएँ	

वाक्यार्थ– पिपलको रुखको अगाडि त्यो रहस्योद्घाटित ज्ञानलाई श्रीकृष्णले ममा दृढ गरिदिनुभयो, म त्यसैले बदरी आश्रममा गएँ, यहाँ व्रजमा चाहिँ म लहराहरूको रूपमा बसिरहेको छु।

तस्मान्नारदकुण्डेऽत्र तिष्ठामि स्वेच्छया सदा।
कृष्णप्रकाशो भक्तानां श्रीमद्भागवताद् भवेत्॥ ५०॥

पदार्थ–	**श्रीमद्भागवतात्** = श्रीमद्भागवतबाट	**भक्तानां** = भक्तहरूका लागि
तस्मात् = त्यसकारण		**कृष्णप्रकाशः** = श्रीकृष्णप्रकाश

भवेत् = होस् (भन्ने उद्देश्यले)
अत्र = यहाँ
नारदकुण्डे = नारदकुण्डमा
स्वेच्छया = आफ्नै इच्छाले
सदा = सधैँ
तिष्ठामि = निवास गर्दछु

वाक्यार्थ– त्यसकारण श्रीमद्भागवतबाट भक्तहरूका लागि श्रीकृष्णप्रकाश होस् भन्ने उद्देश्यले म यहाँ नारदकुण्डमा आफ्नै इच्छाले सधैँ निवास गर्दछु।

तदेषामपि कार्यार्थं श्रीमद्भागवतं त्वहम्।
प्रवक्ष्यामि सहायोऽत्र त्वयैवानुष्ठितो भवेत्॥ ५१॥

पदार्थ–
तत् = त्यसकारण
एषाम् = यिनीहरूको
कार्यार्थं अपि = कामको लागि पनि
अहम् तु = म चाहिँ
श्रीमद्भागवतं = श्रीमद्भागवतको
प्रवक्ष्यामि = प्रवचन गर्नेछु
त्वया = तपाईं परीक्षित्द्वारा
अत्र एव = यहीँ नै
सहायः = सहायता
अनुष्ठितः भवेत् = गरियोस्

वाक्यार्थ– त्यसकारण यिनीहरूको कामको लागि पनि म चाहिँ श्रीमद्भागवतको प्रवचन गर्नेछु तपाईं (परीक्षित्)ले चाहिँ यहीँ नै बसी सहायता गरिदिनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)
विष्णुरातस्तु श्रुत्वा तदुद्धवं प्रणतोऽब्रवीत्।

पदार्थ–
विष्णुरातः तु = परीक्षित्ले चाहिँ
तत् = उद्धवले भनेको त्यो कुरा
श्रुत्वा = सुनेर
उद्धवं = उद्धवलाई
प्रणतः = प्रणाम गरेर
अब्रवीत् = भन्नुभयो

वाक्यार्थ– उद्धवले भनेको कुरा सुनेर राजा परीक्षित्ले उहाँलाई नमस्कार गरेर भन्नुभयो।

परीक्षिदुवाच (परीक्षित्ले भन्नुभयो)
हरिदास त्वया कार्यं श्रीभागवतकीर्तनम्॥ ५२॥
आज्ञाप्योऽहं यथा कार्यः सहायोऽत्र मया तथा।

पदार्थ–
हरिदास = हे श्रीहरिका सेवक उद्धव
त्वया = तपाईंद्वारा
श्रीभागवतकीर्तनम् = श्रीमद्भागवतकथाको कीर्तन
कार्यं = गरियोस्
अत्र = यस कार्यमा
मया = मद्वारा
यथा = जसरी
सहायः = सहायता
कार्यः = गरिनुपर्दछ
तथा = त्यस किसिमले
अहं = म
आज्ञाप्यः = आदिष्ट होऊँ

वाक्यार्थ– हे हरिदास उद्धव ! तपाईंले श्रीमद्भागवतको कीर्तन गर्नुहोस्। यस कार्यमा मैले जुन प्रकारको सहयोग गर्नुपर्छ त्यस प्रकारको सहयोगका लागि मलाई आदेश दिनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

श्रुत्वैतदुद्धवो वाक्यमुवाच प्रीतमानसः॥ ५३॥

पदार्थ–

एतत् = यो कुरा
श्रुत्वा = सुनेर
प्रीतमानसः = प्रसन्न हुनुभएका
उद्धवः = उद्धवले
वाक्यम् = यस्तो वाक्य
उवाच = भने

वाक्यार्थ– राजा परीक्षित्को यस्तो कुरा सुनेर प्रसन्न हुनुभएका उद्धवले उहाँलाई भने।

उद्धव उवाच (उद्धवले भने)

श्रीकृष्णेन परित्यक्ते भूतले बलवान् कलिः।
करिष्यति परं विघ्नं सत्कार्ये समुपस्थिते॥ ५४॥

पदार्थ–

श्रीकृष्णेन = श्रीकृष्णद्वारा
भूतले = पृथिवी
परित्यक्ते = परित्याग गरिएपछि
सत्कार्ये = सत्कार्य
समुपस्थिते = गर्न लागिएको वेलामा
बलवान् = बलवान्
कलिः = कलिले
परं = ज्यादै ठुलो
विघ्नं = विघ्न
करिष्यति = गर्नेछ

वाक्यार्थ– श्रीकृष्णले पृथिवीको परित्याग गरेपछि सत्कार्य गर्न लागिएको वेलामा बलवान् कलिले ज्यादै ठुलो विघ्न गर्नेछ।

तस्माद् दिग्विजयं याहि कलिनिग्रहमाचर।
अहं तु मासमात्रेण वैष्णवीं रीतिमास्थितः॥ ५५॥
श्रीमद्भागवतास्वादं प्रचार्य त्वत्सहायतः।
एतान् सम्प्रापयिष्यामि नित्यधाम्नि मधुद्विषः॥ ५६॥

पदार्थ–

तस्मात् = त्यसकारण (हे परीक्षित्)
दिग्विजयं = दिग्विजयका लागि
याहि = जानुहोस्
कलिनिग्रहम् = कलिलाई नियन्त्रित
आचर = गर्नुहोस्
अहं तु = म चाहिँ
त्वत्सहायतः = तपाईंको सहयोगले
मासमात्रेण = एक महिनासम्म
वैष्णवीं = वैष्णवी
रीतिम् = रीतिमा
आस्थितः = रहेर
श्रीमद्भागवतास्वादं = श्रीमद्भागवतको स्वादको
प्रचार्य = प्रचार गरेर
एतान् = यिनीहरूलाई
मधुद्विषः = मधुसूदन भगवान्को
नित्यधाम्नि = नित्य धाम गोलोकमा
सम्प्रापयिष्यामि = पुऱ्याउनेछु

वाक्यार्थ– हे परीक्षित्! त्यसकारण तपाईं दिग्विजयका लागि जानुहोस् र कलिलाई नियन्त्रित गर्नुहोस्, म चाहिँ तपाईंको सहयोगले एक महिनासम्म वैष्णवी रीतिमा रहेर श्रीमद्भागवतको स्वादको प्रचार गरेर यी श्रोताहरूलाई मधुसूदन भगवान्को नित्य धाम गोलोकमा पुऱ्याउनेछु।

सूत उवाच (सूतजीले भन्नुभयो)

श्रुत्वैवं तद्वचो राजा मुदितश्चिन्तयातुरः।
तदा विज्ञापयामास स्वाभिप्रायं तमुद्धवम्॥ ५७॥

पदार्थ–
एवं = यसरी
तद्वचः = उहाँको कुरा
श्रुत्वा = सुनेर
राजा = राजा परीक्षित्
मुदितः = प्रसन्न हुनुभयो (अनि)
तदा = त्यस वेला
चिन्तया = चिन्ताले
आतुरः = व्याकुल हुनुभएका उहाँले
स्वाभिप्रायं = आफूलाई लागेको कुरा
तम् = ती
उद्धवम् = उद्धवलाई
विज्ञापयामास = बताउनुभयो

वाक्यार्थ– उद्धवको कुरा सुनेर मलाई कलिमाथि विजय प्राप्त गर्ने अवसर मिल्यो भन्ने सोचेर राजा परीक्षित् प्रसन्न हुनुभयो तर कलियुगको निग्रह गर्न जाँदा भागवतको कथा छुट्ने भयो भन्ने सोचेर उहाँ चिन्तित पनि हुनुभयो। त्यसपछि राजा परीक्षित्ले उद्धवलाई आफ्नो अभिप्राय यस प्रकार बताउनुभयो।

परीक्षिदुवाच (परीक्षित्ले भन्नुभयो)

कलिं तु निग्रहीष्यामि तात ते वचसि स्थितः।
श्रीभागवतसम्प्राप्तिः कथं मम भविष्यति॥ ५८॥
अहं तु समनुग्राह्यस्तव पादतले श्रितः।

पदार्थ–
तात = हे मान्य उद्धव
ते = तपाईंको
वचसि = वचनमा
स्थितः = रहेर
कलिं = कलिलाई
तु = चाहिँ
निग्रहीष्यामि = नियन्त्रित गर्नेछु (तर)
मम = मलाई
श्रीभागवतसम्प्राप्तिः = श्रीमद्भागवतको प्राप्ति
कथं = कसरी
भविष्यति = होला
तव = तपाईंको
पादतले = चरणको
श्रितः = शरणमा परेको
अहं तु = म चाहिँ
समनुग्राह्यः = अनुग्रहयोग्य छु

वाक्यार्थ– हे उद्धव ! म तपाईंको आज्ञाले कलियुगलाई आफ्नो वशमा गर्नेछु तर कलियुगलाई वशमा गर्न जाँदा यता मेरो भागवतको कथा छुट्ने भयो। अतः मलाई भागवतको प्राप्ति कसरी हुन्छ भन्ने कुरा बताइदिनुहोस्। म यहाँको चरणको शरणमा परेको छु, त्यस कारण ममाथि अनुग्रह गर्नुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

श्रुत्वैतद् वचनं भूयोऽप्युद्धवस्तमुवाच ह॥ ५९॥

पदार्थ–
एतत् = यो
वचनं = कुरा

श्रुत्वा = सुनेर	**भूयः अपि** = फेरि पनि	**उवाच ह** = भने
उद्धवः = उद्धवले	**तम्** = ती राजा परीक्षित्लाई	

वाक्यार्थ– यस प्रकार राजा परीक्षित्को कुरा सुनेर उद्धवले फेरि राजा परीक्षित्लाई भने।

उद्धव उवाच (उद्धवले भने)

राजंश्चिन्ता तु ते कापि नैव कार्या कथञ्चन।

तवैव भगवच्छास्त्रे यतो मुख्याधिकारिता॥ ६०॥

पदार्थ–	**ते** = तपाईंद्वारा	**तव एव** = तपाईंको नै
राजन् = हे राजा परीक्षित्	**न एव कार्या** = नगरियोस्	**मुख्याधिकारिता** = मुख्य अधिकार छ
कथञ्चन = कुनै किसिमले	**यतः** = किनभने	
का अपि = कुनै पनि	**भगवच्छास्त्रे** = भागवत शास्त्रमा	
चिन्ता तु = चिन्ता चाहिँ		

वाक्यार्थ– हे राजा परीक्षित्! तपाईं कुनै पनि चिन्ता नगगर्नुहोस्, किनभने भागवत शास्त्रमा तपाईंको नै मुख्य अधिकार छ।

एतावत्कालपर्यन्तं प्रायो भागवतश्रुतेः।

वार्तामपि न जानन्ति मनुष्याः कर्मतत्पराः॥ ६१॥

पदार्थ–	अहिलेसम्म पनि	**प्रायः** = प्रायः
कर्मतत्पराः = कर्ममा लागेका	**भागवतश्रुतेः** = भागवत श्रवणको	**न जानन्ति** = जान्दैनन्
मनुष्याः = मानिसहरू	**वार्ताम्** = कुरा	
एतावत्कालपर्यन्तं अपि =		

वाक्यार्थ– कर्ममा लागेका मानिसहरू अहिलेसम्म पनि भागवत श्रवणको कुरा प्रायः जान्दैनन्।

त्वत्प्रसादेन बहवो मनुष्या भारताजिरे।

श्रीमद्भागवतप्राप्तौ सुखं प्राप्स्यन्ति शाश्वतम्॥ ६२॥

पदार्थ–	**भारताजिरे** = भारतवर्षमा	**सुखं** = सुख
त्वत्प्रसादेन = तपाईंको कृपाले	**श्रीमद्भागवतप्राप्तौ** = श्रीमद्भागवतलाई प्राप्त गरेर	**प्राप्स्यन्ति** = पाउनेछन्
बहवः = धेरै	**शाश्वतम्** = शाश्वत	
मनुष्याः = मानिसहरूले		

वाक्यार्थ– तपाईंको कृपाले धेरै मानिसहरूले भारतवर्षमा श्रीमद्भागवतलाई प्राप्त गरेर शाश्वत सुख पाउनेछन्

नन्दनन्दनरूपस्तु श्रीशुको भगवानृषिः।

श्रीमद्भागवतं तुभ्यं श्रावयिष्यत्यसंशयम्॥ ६३॥

पदार्थ—
नन्दनन्दनरूपः = नन्दपुत्र श्रीकृष्णको स्वरूप भएका
ऋषिः = ऋषि
भगवान् श्रीशुकः तु = भगवान् श्रीशुकदेवले चाहिँ
तुभ्यं = तपाईंलाई
श्रीमद्भागवतं = श्रीमद्भागवत
असंशयम् = निश्चय नै
श्रावयिष्यति = सुनाउनुहुनेछ

वाक्यार्थ— नन्दपुत्र श्रीकृष्णको स्वरूप भएका ऋषि भगवान् श्रीशुकदेवले चाहिँ तपाईंलाई श्रीमद्भागवत सुनाउनुहुनेछ।

तेन प्राप्स्यसि राजंस्त्वं नित्यं धाम व्रजेशितुः।

श्रीभागवतसञ्चारस्ततो भुवि भविष्यति॥ ६४॥

तस्मात् त्वं गच्छ राजेन्द्र कलिनिग्रहमाचर।

पदार्थ—
तेन = त्यसकारण
राजन् = हे राजा
त्वं = तपाईंले
व्रजेशितुः = व्रजका मालिक श्रीकृष्णको
नित्यं धाम = नित्य धाम गोलोक
प्राप्स्यसि = प्राप्त गर्नुहुनेछ
ततः = त्यसपछि
भुवि = पृथ्वीमा
श्रीभागवतसञ्चारः = श्रीमद्भागवतको प्रचार
भविष्यति = हुनेछ
तस्मात् = त्यसकारण
राजेन्द्र = हे राजा परीक्षित्
त्वं = तपाईं
गच्छ = जानुहोस्
कलिनिग्रहम् = कलिमाथि नियन्त्रण
आचर = गर्नुहोस्

वाक्यार्थ— त्यसकारण, हे राजा ! तपाईंले व्रजका मालिक श्रीकृष्णको नित्य धाम गोलोक प्राप्त गर्नुहुनेछ, त्यसपछि पृथ्वीमा श्रीमद्भागवतको प्रचार हुनेछ, त्यसकारण हे राजा परीक्षित् तपाईं जानुहोस् र कलिमाथि नियन्त्रण गर्नुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

इत्युक्तस्तं परिक्रम्य गतो राजा दिशां जये॥ ६५॥

पदार्थ—
इति = यसो
उक्तः = भनिनुभएका
राजा = राजा परीक्षित्
तं = उहाँलाई
परिक्रम्य = परिक्रमा गरेर
दिशां जये = दिग्विजयका लागि
गतः = प्रस्थान गर्नुभयो

वाक्यार्थ— उद्धवले यसो भनेपछि राजा परीक्षित्ले उहाँको परिक्रमा गरेर दिग्विजयका लागि प्रस्थान गर्नुभयो।

वज्रस्तु निजराज्येशं प्रतिबाहुं विधाय च।

तत्रैव मातृभिः साकं तस्थौ भागवताशया॥ ६६॥

पदार्थ—
वज्रः तु = वज्र चाहिँ
प्रतिबाहुं = छोरा प्रतिबाहुलाई
निजराज्येशं = आफ्नो राज्य मथुराको राजा
विधाय = बनाएर
तत्र एव च = त्यहीँ (उद्धवले भागवत भनेको ठाउँमा) नै
भागवताशया = भागवत श्रवण गर्ने इच्छाले
मातृभिः साकं = आमाहरूका साथमा
तस्थौ = बसे

वाक्यार्थ— वज्र चाहिँ छोरा प्रतिबाहुलाई आफ्नो राज्य मथुराको राजा बनाएर त्यहीँ उद्धवले भागवत भनेको ठाउँमा नै भागवत श्रवण गर्ने इच्छाले आमाहरूका साथमा बसे।

अथ वृन्दावने मासं गोवर्धनसमीपतः।
श्रीमद्भागवतास्वादस्तूद्धवेन प्रवर्त्तितः॥ ६७॥

पदार्थ—
अथ = यसपछि
गोवर्धनसमीपतः = गोवर्धनको नजिकै
वृन्दावने = वृन्दावनमा
उद्धवेन = उद्धवद्वारा
मासं = एक महिनासम्म
श्रीमद्भागवतास्वादः तु = श्रीमद्भागवत कथाको आस्वादन क्रम चाहिँ
प्रवर्त्तितः = सुरु गरियो

वाक्यार्थ— यसपछि गोवर्धनको नजिकै वृन्दावनमा उद्धवले एक महिनासम्म चल्ने श्रीमद्भागवत कथाको आस्वादन गराउने कामको थालनी गरे।

तस्मिन्नास्वाद्यमाने तु सच्चिदानन्दरूपिणी।
प्रचकाशे हरेर्लीला सर्वतः कृष्ण एव च॥ ६८॥

पदार्थ—
तस्मिन् = त्यो भागवतकथाको
आस्वाद्यमाने तु = आस्वादन गर्ने क्रममा
हरेः = भगवान् श्रीहरिको
सच्चिदानन्दरूपिणी = सच्चिदानन्दरूपी
लीला = लीला
प्रचकाशे = प्रकाशित भइरहेको थियो
सर्वतः = सबैतिर
कृष्णः एव च = श्रीकृष्ण मात्र देखिइरहनुभएको थियो

वाक्यार्थ— भागवतकथाको आस्वादन गर्ने क्रममा भगवान् श्रीहरिको सच्चिदानन्दरूपी लीला प्रकाशित भइरहेको थियो, सबैतिर श्रीकृष्ण मात्र देखिइरहनुभएको थियो।

आत्मानं च तदन्तःस्थं सर्वेऽपि ददृशुस्तदा।
वज्रस्तु दक्षिणे दृष्ट्वा कृष्णपादसरोरुहे॥ ६९॥
स्वात्मानं कृष्णवैधुर्यान्मुक्तस्तद्भुव्यशोभत।
ताश्च तन्मातरः कृष्णे रासरात्रिप्रकाशिनि॥ ७०॥

चन्द्रे कलाप्रभारूपमात्मानं वीक्ष्य विस्मिताः।

स्वप्रेष्ठविरहव्याधिविमुक्ताः स्वपदं ययुः॥ ७१॥

पदार्थ—
तदा = त्यस समयमा
सर्वे अपि = सबै श्रोताहरूले
आत्मानं = आफूलाई
तदन्तःस्थं च = भगवान्भित्र रहेको
ददृशुः = देखे
वज्रः तु = वज्रले चाहिँ
दक्षिणे कृष्णपादसरोरुहे = भगवान् श्रीकृष्णको दाहिने चरणकमलमा
स्वात्मानं = आफूलाई
दृष्ट्वा = देखेर
कृष्णवैधुर्यात् = श्रीकृष्णको विरहबाट
मुक्तः = मुक्त भएर
तद्भुवि = त्यस ठाउँमा
अशोभत = सुशोभित भए
ताः = ती
तन्मातरः च = उनका आमाहरू पनि
रासरात्रिप्रकाशिनि = रासको रातमा प्रकाशित हुने
कृष्णे चन्द्रे = श्रीकृष्णरूप चन्द्रमामा
आत्मानं = आफूलाई
कलाप्रभारूपम् = भगवान् श्रीकृष्णको कलाको प्रभाको रूपमा
वीक्ष्य = देखेर
विस्मिताः = आश्चर्यचकित भए
स्वप्रेष्ठविरहव्याधिविमुक्ताः = आफ्ना परमप्रिय भगवान् श्रीकृष्णको विरहरूपी व्याधिबाट मुक्त भएका उनीहरू
स्वपदं = आफ्नो वास्तविक स्वरूप (भगवत्स्वरूपमा)
ययुः = प्राप्त भए

वाक्यार्थ— त्यस समयमा सबै श्रोताहरूले आफूलाई भगवान्भित्रै रहेको देखे, वज्रले चाहिँ भगवान् श्रीकृष्णको दाहिने चरणकमलमा आफूलाई देखेर श्रीकृष्णको विरहबाट मुक्त भएर त्यस ठाउँमा सुशोभित भए। उनका आमाहरू पनि रासको रातमा प्रकाशित हुने श्रीकृष्णरूप चन्द्रमामा आफूलाई कृष्णचन्द्रको कलाको प्रभाको रूपमा देखेर आश्चर्यचकित भए अनि आफ्ना परमप्रिय भगवान् श्रीकृष्णको विरहरूपी व्याधिबाट मुक्त भएका उनीहरू आफ्नो वास्तविक स्वरूप (भगवत्स्वरूप)मा प्राप्त भए।

येऽन्ये च तत्र ते सर्वे नित्यलीलान्तरं गताः।

व्यावहारिकलोकेभ्यः सद्योऽदर्शनमागताः॥ ७२॥

गोवर्धननिकुञ्जेषु गोषु वृन्दावनादिषु।

नित्यं कृष्णेन मोदन्ते दृश्यन्ते प्रेमतत्परैः॥ ७३॥

पदार्थ—
अन्ये च = अरू
ये = जो
तत्र = त्यहाँ रहेका थिए
ते सर्वे = ती सबै
नित्यलीलान्तरं गताः = भगवान्को नित्यलीलामा सम्मिलित भए
व्यावहारिकलोकेभ्यः = व्यावहारिक जगत्बाट
सद्यः = तत्काल
अदर्शनम् आगताः = अन्तर्धान भए (र उनीहरू)
गोवर्धननिकुञ्जेषु = गोवर्धन पर्वतका निकुञ्जहरूमा

गोषु = गाईहरूमा
वृन्दावनादिषु = वृन्दावन आदिमा
कृष्णेन = श्रीकृष्णका साथ
नित्यं = सधैँ
मोदन्ते = प्रसन्न हुन्छन् (तिनीहरू)
प्रेमतत्परैः = श्रीकृष्णप्रेममा निमग्न भएकाहरूद्वारा
दृश्यन्ते = देखिन्छन्

वाक्यार्थ– अरू जो त्यहाँ रहेका थिए ती सबै भगवान्‌को नित्यलीलामा सम्मिलित भई व्यावहारिक जगत्‌बाट तत्काल अन्तर्धान भए र उनीहरू गोवर्धन पर्वतका निकुञ्जहरूमा, गाईहरूमा, वृन्दावन आदिमा श्रीकृष्णका साथ सधैँ प्रसन्न भएर रहन लागे, तिनीहरूलाई श्रीकृष्णप्रेममा निमग्न भएकाहरूले मात्र देख्दछन्।

सूत उवाच (सूतजीले भन्नुभयो)

य एतां भगवत्प्राप्तिं शृणुयाच्चापि कीर्तयेत्।

तस्य वै भगवत्प्राप्तिर्दुःखहानिश्च जायते॥ ७४॥

पदार्थ–
यः = जसले
एतां = यो
भगवत्प्राप्तिं = भगवत्प्राप्तिको कथा
शृणुयात् = सुन्ला
कीर्तयेत् च अपि = कीर्तन पनि गर्ला
तस्य = त्यस व्यक्तिलाई
वै = निश्चय नै
भगवत्प्राप्तिः = भगवत्प्राप्ति र
दुःखहानिः च = दुःखको नाश पनि
जायते = हुन्छ

वाक्यार्थ– जसले यो भगवत्प्राप्तिको कथा सुन्दछ र कीर्तन गर्दछ, त्यस व्यक्तिलाई भगवान्‌को प्राप्ति हुन्छ र उसको दुःखको नाश पनि हुन्छ।

#it ïISkaNde mhapura[@kazlitsahö(a< s<ihtaya< iÖtIye vE:[vo{fe prli]ÊÏvs<vade ïImdœÉavgtmahaTMye t&tIyae=Xyay>. 3.

Aw ctuwaeR=Xyay>

श्रीमद्भागवतका श्रोताहरू र उनीहरूले प्राप्त गर्ने गति

ऋषय ऊचुः (ऋषिहरूले भन्नुभयो)

साधु सूत चिरं जीव चिरमेवं प्रशाधि नः।
श्रीभागवतमाहात्म्यमपूर्वं त्वन्मुखाच्छ्रुतम्॥ १॥
तत्स्वरूपं प्रमाणं च विधिं च श्रवणे वद।
तद्वक्तुर्लक्षणं सूत श्रोतुश्चापि वदाधुना॥ २॥

पदार्थ—
सूत = हे सूतजी
चिरम् जीव = धेरै समयसम्म बाँच्नुहोस्
नः = हामीहरूलाई
चिरं = धेरै समयसम्म
एवं = यसै गरी
प्रशाधि = शिक्षा दिनुहोस्
त्वन्मुखात् = तपाईंको मुखबाट
अपूर्वं = अपूर्व
श्रीभागवतमाहात्म्यम् = श्रीमद्भागवतको माहात्म्य
साधु = राम्रोसँग
श्रुतम् = सुनियो
अधुना = अहिले
तत्स्वरूपं = त्यसको स्वरूप र
प्रमाणं च = प्रमाण अनि
श्रवणे = श्रवणको
विधिं च = विधि पनि
वद = बताउनुहोस्
सूत = हे सूतजी
तद्वक्तुः = श्रीमद्भागवतको वक्ताको र
श्रोतुः च अपि = श्रोताको पनि
लक्षणं = लक्षण
वद = बताउनुहोस्

वाक्यार्थ— हे सूतजी ! धेरै समयसम्म बाँच्नुहोस्, हामीहरूलाई धेरै समयसम्म यसै गरी शिक्षा दिनुहोस्, तपाईंको मुखबाट अपूर्व श्रीमद्भागवतको माहात्म्य राम्रोसँग सुन्यौं, हे सूतजी ! अहिले श्रीमद्भागवतको स्वरूप र प्रमाण अनि श्रवणविधि, वक्ता र श्रोताको लक्षण पनि बताउनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

श्रीमद्भागवतस्याथ श्रीमद्भगवतः सदा।
स्वरूपमेकमेवास्ति सच्चिदानन्दलक्षणम्॥ ३॥

पदार्थ—
अथ = अब (सुन्नुहोस्)
श्रीमद्भागवतस्य = श्रीमद्भागवतको र
श्रीमद्भगवतः = भगवान् श्रीकृष्णको
स्वरूपम् = स्वरूप
सदा = सधैं
सच्चिदानन्दलक्षणम् = सच्चिदानन्दलक्षण भएको र
एकम् एव = एउटै
अस्ति = छ

वाक्यार्थ— श्रीमद्भागवतको र भगवान् श्रीकृष्णको स्वरूप सधैं सच्चिदानन्दलक्षण भएको एउटै छ।

श्रीकृष्णासक्तभक्तानां तन्माधुर्यप्रकाशकम्।

समुज्जृम्भति यद्वाक्यं विद्धि भागवतं हि तत् ॥ ४ ॥

पदार्थ—
श्रीकृष्णासक्तभक्तानां = भगवान् श्रीकृष्णमा आसक्त भएका भक्तहरूको (हृदयमा)
तन्माधुर्यप्रकाशकम् = उहाँको माधुर्यभावलाई प्रकट गर्ने
यद् वाक्यं = जुन वाक्य
समुज्जृम्भति = सर्वोत्कृष्ट रूपमा उच्चरित हुन्छ
तत् हि = त्यही वाक्य नै
भागवतं = भागवत हो भन्ने
विद्धि = बुझ्नुहोस्

वाक्यार्थ— भगवान् श्रीकृष्णमा आसक्त भएका भक्तहरूको हृदयमा उहाँको माधुर्यभावलाई प्रकट गर्न सर्वोत्कृष्ट रूपमा उच्चरित हुने वाक्य नै भागवत हो भन्ने बुझ्नुहोस्।

ज्ञानविज्ञानभक्त्यङ्गचतुष्टयपरं वचः।
मायामर्दनदक्षं च विद्धि भागवतं च तत् ॥ ५ ॥

पदार्थ—
(जुन)
वचः = वाणी
ज्ञानविज्ञानभक्त्यङ्गचतुष्टयपरं
च = ज्ञान, विज्ञान, भक्ति र तिनका अङ्गभूत चार साधनलाई प्रकाशित गर्न र
मायामर्दनदक्षं च = मायालाई समाप्त गर्न सक्षम पनि (छ)
तत् = त्यसलाई
भागवतं = भागवत भनेर
विद्धि = बुझ्नुहोस्

वाक्यार्थ— जुन वाणी ज्ञान, विज्ञान, भक्ति र तिनका अङ्गभूत चार साधनलाई प्रकाशित गर्न र मायालाई समाप्त गर्न सक्षम पनि छ, त्यो वाणी भागवत हो भनेर बुझ्नुहोस्।

प्रमाणं तस्य को वेद ह्यनन्तस्याक्षरात्मनः।
ब्रह्मणे हरिणा तद्दिक् चतुःश्लोक्या प्रदर्शिता ॥ ६ ॥

पदार्थ—
हि = निश्चय नै
अनन्तस्य = अनन्त
अक्षरात्मनः = अक्षरस्वरूप
तस्य = त्यो भागवतको
प्रमाणं = आयाम
कः = कसले
वेद = जान्दछ
हरिणा = श्रीहरिद्वारा
ब्रह्मणे = ब्रह्माजीलाई
चतुःश्लोक्या = चतुःश्लोकी भागवतद्वारा
तद्दिक् = त्यसको सङ्केत
प्रदर्शिता = प्रदर्शित गरिएको थियो

वाक्यार्थ— अनन्त अक्षरस्वरूप त्यो भागवतको आयाम कति छ भन्ने कुरा कसले जान्दछ र? किनभने श्रीहरिले ब्रह्माजीलाई पनि चतुःश्लोकी भागवतद्वारा त्यसको सङ्केत मात्र गर्नुभएको थियो।

तदानन्त्यावगाहेन स्वेप्सितावहनक्षमाः।
त एव सन्ति भो विप्रा ब्रह्मविष्णुशिवादयः ॥ ७ ॥

पदार्थ—
भो विप्राः = हे ऋषिहरू
तदानन्त्यावगाहेन = त्यो भागवतको अपार गहिराइमा डुबुल्की लगाएर
स्वेप्सितावहनक्षमाः = आफ्नो अभीष्ट वस्तुलाई प्राप्त गर्न समर्थ
ते = ती

ब्रह्मविष्णुशिवादयः एव = ब्रह्मा, विष्णु र शिव आदि देवताहरू नै
सन्ति = हुनुहुन्छ

वाक्यार्थ– हे ऋषिहरू ! भागवतको अपार गहिराइमा डुबुल्की लगाएर आफ्नो अभीष्ट वस्तुलाई प्राप्त गर्न समर्थ हुने ब्रह्मा, विष्णु र शिव आदि देवताहरू नै हुनुहुन्छ।

मितबुद्ध्यादिवृत्तीनां मनुष्याणां हिताय च।
परीक्षिच्छुकसंवादो योऽसौ व्यासेन कीर्तितः॥ ८॥

पदार्थ–
यः च = जुन चाहिँ
परीक्षिच्छुकसंवादः = परीक्षित् र श्रीशुकदेवको संवादको रूपमा रहेको भागवत हो
असौ = यो
मितबुद्ध्यादिवृत्तीनां = थोरै बुद्धि भएका
मनुष्याणां = मानिसहरूको
हिताय = हितका लागि
व्यासेन = वेदव्यासद्वारा
कीर्तितः = बताइएको हो

वाक्यार्थ– राजा परीक्षित् र श्रीशुकदेवको संवादको रूपमा रहेको यो भागवत थोरै बुद्धि भएका मानिसहरूको हितका लागि वेदव्यासद्वारा बताइएको हो।

ग्रन्थोऽष्टादशसाहस्रो योऽसौ भागवताभिधः।
कलिग्राहगृहीतानां स एव परमाश्रयः॥ ९॥

पदार्थ–
यः असौ = जुन यो
भागवताभिधः = भागवत नाम गरेको
अष्टादशसाहस्रः = अठार हजार श्लोक भएको
ग्रन्थः = ग्रन्थ छ
सः एव = त्यही नै
कलिग्राहगृहीतानां = कलिरूपी गोहीद्वारा समातिएकाहरूका लागि
परमाश्रयः = परम आश्रय हो

वाक्यार्थ– अठार हजार श्लोकसंख्या भएको यो भागवत नै कलिरूपी गोहीद्वारा समातिएका मनुष्यहरूका लागि परम आश्रय हो।

श्रोतारोऽथ निरूप्यन्ते श्रीमद्विष्णुकथाश्रयाः।
प्रवरा अवराश्चेति श्रोतारो द्विविधा मताः॥ १०॥

पदार्थ–
अथ = यसपछि
श्रीमद्विष्णुकथाश्रयाः = श्रीभगवान् विष्णुको कथाको आश्रय लिने
श्रोतारः = श्रोताहरू
निरूप्यन्ते = निरूपण गरिन्छन्
प्रवराः = उत्कृष्ट र
अवराः च इति = अनुत्कृष्ट गरी
द्विविधाः = दुई किसिमका
श्रोतारः = श्रोताहरू
मताः = मानिएका छन्

वाक्यार्थ– यसपछि श्रीभगवान् विष्णुको कथाको आश्रय लिने श्रोताहरूको निरूपण गरिन्छ। उत्कृष्ट र अनुत्कृष्ट गरी श्रोताहरू दुई किसिमका हुन्छन्।

प्रवराश्चातको हंसः शुको मीनादयस्तथा।

अवरा वृकभूरुण्डवृषोष्ट्राद्याः प्रकीर्तिताः ॥ ११ ॥

पदार्थ—
प्रवराः = उत्कृष्ट श्रोताहरू
चातकः = काकाकुल
हंसः = हाँस
शुकः = सुगा
मीनादयः = माछा आदि हुन्
तथा = त्यस्तै
अवराः = अनुत्कृष्ट श्रोताहरू
वृकभूरुण्डवृषोष्ट्राद्याः = ब्वाँसो, भूरुण्ड पक्षी, गोरु, उँट आदि
प्रकीर्तिताः = बताइएका छन्

वाक्यार्थ— काकाकुल, हाँस, सुगा, माछा आदि उत्कृष्ट श्रोताहरू हुन् भने ब्वाँसो, भूरुण्ड पक्षी, गोरु, उँट आदि अनुत्कृष्ट श्रोताहरू हुन्।

अखिलोपेक्षया यस्तु कृष्णशास्त्रश्रुतौ व्रती।
स चातको यथाम्भोदमुक्ते पाथसि चातकः ॥ १२ ॥

पदार्थ—
यः तु = जो चाहिँ
अखिलोपेक्षया = सबै कुराको उपेक्षा गरेर
कृष्णशास्त्रश्रुतौ = श्रीकृष्णसम्बन्धी शास्त्र भागवतको श्रवणमा
व्रती = व्रत लिएको हुन्छ
सः = त्यो
चातकः = चातक (काकाकुल) श्रोता हो
यथा = जसरी
चातकः = काकाकुल
अम्भोदमुक्ते = बादलद्वारा बर्साइएको
पाथसि = पानीमा (मात्र निर्भर रहन्छ)

वाक्यार्थ— जसरी काकाकुल बादलद्वारा बर्साइएको पानीमा मात्र निर्भर रहन्छ त्यसै गरी सबै कुराको उपेक्षा गरेर श्रीकृष्णसम्बन्धी शास्त्र भागवतको श्रवणमा व्रत लिने श्रोता चातक श्रोता हो।

हंसः स्यात् सारमादत्ते यः श्रोता विविधाच्छ्रुतात्।
दुग्धेनैक्यं गतात् तोयाद् यथा हंसोऽमलं पयः ॥ १३ ॥

पदार्थ—
यथा = जसरी
हंसः = हाँसले
दुग्धेन ऐक्यं गतात् = दुधसँग मिसिएको
तोयात् = पानीबाट
अमलं = शुद्ध
पयः = दुध
आदत्ते = ग्रहण गर्दछ (त्यसै गरी)
यः श्रोता = जो श्रोता
विविधात् = धेरै किसिमका
श्रुतात् = शास्त्रहरूबाट
सारम् = सार तत्त्व (ग्रहण गर्दछ, त्यो)
हंसः स्यात् = हंस (हाँस) श्रोता हो

वाक्यार्थ— जसरी हाँसले दुध र पानीको मिसावटबाट दुध मात्र ग्रहण गर्दछ त्यसै गरी जो श्रोता धेरै किसिमका शास्त्रहरूबाट सार तत्त्व मात्र ग्रहण गर्दछ, त्यो हंसश्रोता हो।

शुकः सुष्ठु मितं वक्ति व्यासं श्रोतृंश्च हर्षयन्।

सुपाठितः शुको यद्वच्छिक्षकं पार्श्वगानपि ॥ १४ ॥

पदार्थ–
यद्वत् = जसरी
सुपाठितः = राम्रोसँग प्रशिक्षित
शुकः = सुगाले
शिक्षकं = प्रशिक्षक र
पार्श्वगान् अपि = नजिकमा आउनेहरूलाई पनि (प्रसन्न पार्छ त्यसरी नै जसले)
व्यासं = वक्तालाई र
श्रोतॄन् च = श्रोतालाई पनि
हर्षयन् = खुसी बनाउँदै
सुष्ठु = मिठो र
मितं = सीमित
वक्ति = बोल्छ
शुकः = (त्यो) शुक (सुगा) श्रोता हो

वाक्यार्थ– जसरी राम्रोसँग प्रशिक्षित सुगाले प्रशिक्षक र नजिकमा आउनेहरूलाई पनि प्रसन्न पार्छ त्यसरी नै जसले वक्तालाई र श्रोतालाई पनि खुसी बनाउँदै मिठो र सीमित बोल्छ त्यो शुकश्रोता हो।

शब्दं नानिमिषो जातु करोत्यास्वादयन् रसम्।
श्रोता स्निग्धो भवेन्मीनो मीनः क्षीरनिधौ यथा ॥ १५ ॥

पदार्थ–
यथा = जसरी
मीनः = माछा
क्षीरनिधौ = क्षीर सागरमा
जातु अनिमिषः = कहिल्यै आँखा नझिम्क्याई
रसम् = रसको
आस्वादयन् = आस्वादन गर्दै
शब्दं = आवाज
न करोति = निकाल्दैन (त्यसै गरी, ध्यानमग्न भएर निरन्तर कथाको रसास्वादनमा लागिरहने)
स्निग्धः = प्रेमी
श्रोता = श्रोता
मीनः भवेत् = मीन (माछा) श्रोता हो

वाक्यार्थ– जसरी माछा क्षीर सागरमा कहिल्यै आँखा नझिम्क्याइकन र आवाज ननिकालिकन रसको आस्वादन गरिरहन्छ त्यसै गरी ध्यानमग्न भएर निरन्तर कथाको रसास्वादनमा लागिरहने प्रेमी श्रोता मीनश्रोता हो।

यस्तुदन् रसिकाञ्छ्रोतॄन् विरौत्यज्ञो वृको हि सः।
वेणुस्वनरसासक्तान् वृकोऽरण्ये मृगान् यथा ॥ १६ ॥

पदार्थ–
यथा = जसरी
अरण्ये = वनमा
वृकः = ब्वाँसोले
वेणुस्वनरसासक्तान् = बाँसुरीको आवाजको रसमा मस्त भएका
मृगान् = मृगहरूलाई
विरौति = गर्जना गरेर तर्साउँछ (त्यसरी नै)
यः = जसले
रसिकान् = रसिक
श्रोतॄन् = श्रोताहरूलाई
तुदन् = पीडित बनाउँदै
हि = निश्चय नै
सः = त्यो
अज्ञः = मूर्ख
वृकः = वृक (ब्वाँसो) श्रोता हो

वाक्यार्थ– जसरी वनमा ब्वाँसोले बाँसुरीको आवाजको रसमा मस्त भएका मृगहरूलाई गर्जना गरेर तर्साउँछ त्यसरी नै जसले रसिक श्रोताहरूलाई ठुलो आवाज गर्दै पीडित बनाउँछ त्यो मूर्ख

वृकश्रोता हो।

भूरुण्डः शिक्षयेदन्याञ्छ्रुत्वा न स्वयमाचरेत्।

यथा हिमवतः शृङ्गे भूरुण्डाख्यो विहङ्गमः॥ १७॥

पदार्थ–
यथा = जसरी
हिमवतः शृङ्गे = हिमालयको शिखरमा
भूरुण्डाख्यः विहङ्गमः = भूरुण्ड नामको चरा
श्रुत्वा = सुनेपछि
अन्यान् = अरूलाई
शिक्षयेत् = सिकाउँछ
स्वयम् = आफैंले चाहिँ
न आचरेत् = गर्दैन (त्यो)
भूरुण्डः = भूरुण्ड (श्रोता हो)

वाक्यार्थ– जसरी हिमालयको शिखरमा रहने भूरुण्ड नामको चराले आफूले सुनेको कुरा अरूलाई सिकाउँछ तर आफैंले चाहिँ गर्दैन, त्यसै गरी सुनेको कुरा अरूलाई चाहिँ सिकाउने तर आफू चाहिँ आचरण नगर्ने श्रोता भूरुण्डश्रोता हो।

सर्वं श्रुतमुपादत्ते सारासारान्धधीर्वृषः।

स्वादुद्राक्षां खलिं चापि निर्विशेषं यथा वृषः॥ १८॥

पदार्थ–
यथा = जसरी
वृषः = गोरुले
स्वादुद्राक्षां = मिठो अङ्गुरलाई र
खलिं च अपि = तेलको लेदो पनि
निर्विशेषं = कुनै भेद नगरी
उपादत्ते = ग्रहण गर्दछ
श्रुतम् = सुनेको
सर्वं = सबै
सारासारान्धधीः = मुख्य र गौण कुरालाई भेद नगरी ग्रहण गर्ने अन्धो बुद्धि भएको
वृषः = वृष (गोरु)श्रोता हो

वाक्यार्थ– जसरी गोरुले मिठो अङ्गुर र तेलको लेदोलाई पनि कुनै भेद नगरी खान्छ त्यसै गरी मुख्य र गौण कुरालाई भेद नगरी सुनेको सबै कुरा ग्रहण गर्ने अन्धो बुद्धि भएको व्यक्ति वृषश्रोता हो।

स उष्ट्रो मधुरं मुञ्चन् विपरीते रमेत यः।

यथा निम्बं चरत्युष्ट्रो हित्वाम्रमपि तद्युतम्॥ १९॥

पदार्थ–
यथा = जसरी
उष्ट्रः = उँटले
तद्युतम् = त्यो माधुर्य गुणले युक्त
आम्रम् अपि = आँपलाई पनि
हित्वा = छाडेर
निम्बं = निम
चरति = खान्छ (त्यसै गरी)
यः = जसले
मधुरं = भगवान्का मधुर कथालाई
मुञ्चन् = छोड्दै
विपरीते = भगवान्का कथाका विपरीत सांसारिक कुरामा
रमेत = रमाउला
सः = त्यो
उष्ट्रः = उष्ट्र (उँट) श्रोता हो

वाक्यार्थ– जसरी उँटले माधुर्य गुणले युक्त आँपलाई पनि छाडेर निम खान्छ, त्यसै गरी जो भगवान्का मधुर कथालाई छोड्दै त्यसका विपरीत सांसारिक कुरामा रमाउँछ त्यो व्यक्ति

उष्ट्रश्रोता हो।

अन्येऽपि बहवो भेदा द्वयोर्भृङ्गखरादयः।
विज्ञेयास्तत्तदाचारैस्तत्तत्प्रकृतिसम्भवैः॥ २०॥

पदार्थ—
द्वयोः = दुई प्रकारका (उत्कृष्ट र निकृष्ट) श्रोताहरूका
अन्ये अपि = अरू पनि
भृङ्गखरादयः = भमरा, गधा आदि
बहवः = धेरै
तत्तदाचारैः = ती-ती काम र
तत्तत्प्रकृतिसम्भवैः = ती-ती श्रोताहरूको स्वभावबाट उत्पन्न
भेदाः = भेदहरू (छन् भन्ने)
विज्ञेयाः = जान्नुपर्दछ

वाक्यार्थ— माथि बताइएका दुई प्रकारका (उत्कृष्ट र निकृष्ट) श्रोताहरूका भृङ्ग (भमरा), खर (गधा) आदि अरू पनि भेद छन्, उनीहरू कुन प्रकारमा पर्दछन् भन्ने कुरा ती श्रोताहरूको काम र स्वभावबाट जान्नुपर्दछ।

यः स्थित्वाभिमुखं प्रणम्य विधिवत् त्यक्तान्यवादो हरे-
र्लीलाः श्रोतुमभीप्सतेऽतिनिपुणो नम्रोऽथ क्लृप्ताञ्जलिः।
शिष्यो विश्वसितोऽनुचिन्तनपरः प्रश्नेऽनुरक्तः शुचि-
र्नित्यं कृष्णजनप्रियो निगदितः श्रोता स वै वक्तृभिः॥ २१॥

पदार्थ—
यः = जो
अभिमुखं स्थित्वा = सामुन्ने बसेर
विधिवत् = विधिपूर्वक
प्रणम्य = नमस्कार गरेर
त्यक्तान्यवादः = अन्य गफ नगरी
हरेः = श्रीहरिका
लीलाः = लीलाकथाहरू
श्रोतुम् = सुन्ने
अभीप्सते = इच्छा गर्दछ
अतिनिपुणः = ज्यादै कुशल
नम्रः = नम्र
अथ = अनि
क्लृप्ताञ्जलिः = अञ्जलि बाँधेको
शिष्यः = शिष्यभावले रहेको
विश्वसितः = विश्वास गर्ने
अनुचिन्तनपरः = चिन्तन-मनन गरिरहने
प्रश्ने अनुरक्तः = नबुझेका कुरा प्रश्न गरिरहने
शुचिः = पवित्र
नित्यं = सधैँ
कृष्णजनप्रियः = भगवान् श्रीकृष्णका भक्तहरूसँग प्रेम गर्ने
सः वै = जो व्यक्ति छ ऊ नै
श्रोता = श्रोता हो भनी
वक्तृभिः = वक्ताहरूद्वारा
निगदितः = बताइएको छ

वाक्यार्थ— जो सामुन्ने बसेर विधिपूर्वक नमस्कार गरेर अन्य गफ नगरी श्रीहरिका लीलाकथाहरू सुन्ने इच्छा गर्दछ, जो ज्यादै कुशल र नम्र छ, अनि जो अञ्जलि बाँधेर शिष्यभावमा रहेको छ, जो गुरुवाक्यमा विश्वास गर्दछ र त्यसलाई चिन्तन-मनन पनि गरिरहन्छ अनि नबुझेका कुरामा प्रश्न गर्दछ, जो पवित्र भएर बस्दछ र सधैँ भगवान् श्रीकृष्णका भक्तहरूसँग प्रेम गर्दछ त्यही व्यक्तिलाई नै वक्ताहरूले वास्तविक श्रोता भनेका छन्।

भगवन्मतिरनपेक्षः सुहृदो दीनेषु सानुकम्पो यः।
बहुधा बोधनचतुरो वक्ता सम्मानितो मुनिभिः॥ २२॥

पदार्थ—
यः = जो
भगवन्मतिः = भगवान्मा मन लगाएको
अनपेक्षः = अरू कुराको अपेक्षा नगर्ने
सुहृदः = सबैको मित्र भएको
दीनेषु सानुकम्पः = दुःखीहरूमाथि दया गर्ने
बहुधा = विविध किसिमले
बोधनचतुरः = बुझाउन निपुण
वक्ता = वक्ता (छ, त्यो)
मुनिभिः = मुनिहरूद्वारा
सम्मानितः = सम्मानित हुन्छ

वाक्यार्थ— जसको मन सधैँ भगवान्मा लागिरहन्छ, जसलाई कुनै पनि वस्तुको अपेक्षा छैन, जो सबैको सुहृद् छ, जो दुःखीहरूमाथि दया राख्दछ, जो विभिन्न युक्तिहरूद्वारा श्रोतालाई तत्त्वको बोध गराउन सिपालु छ त्यस्तो वक्ता मुनिहरूद्वारा सम्मानित हुन्छ।

अथ भारतभूस्थाने श्रीभागवतसेवने।
विधिं शृणुत भो विप्रा येन स्यात् सुखसन्ततिः॥ २३॥

पदार्थ—
भो विप्राः = हे ऋषिहरू
अथ = अब
भारतभूस्थाने = भारतवर्षको भूमिमा
श्रीभागवतसेवने = श्रीभागवतकथा श्रवणको
विधिं = विधि
शृणुत = सुन्नुहोस्
येन = जसबाट
सुखसन्ततिः = सुखको विस्तार
स्यात् = हुनेछ

वाक्यार्थ— हे ऋषिहरू! अब भारतवर्षको भूमिमा श्रीभागवतकथा श्रवणको विधि सुन्नुहोस् जसबाट सुखको विस्तार हुनेछ।

राजसं सात्त्विकं चापि तामसं निर्गुणं तथा।
चतुर्विधं तु विज्ञेयं श्रीभागवतसेवनम्॥ २४॥

पदार्थ—
श्रीभागवतसेवनम् तु = श्रीभागवतको सेवनविधि चाहिँ
राजसं = राजस
सात्त्विकं = सात्त्विक र
तामसं = तामस
तथा = त्यसै गरी
निर्गुणं = निर्गुण
च अपि = पनि गरी
चतुर्विधं = चार किसिमको (छ भनी)
विज्ञेयं = जान्नु पर्दछ

वाक्यार्थ— श्रीभागवतको सेवनविधि चाहिँ राजस, सात्त्विक, तामस र निर्गुण गरी चार किसिमको छ भनी जान्नु पर्दछ।

सप्ताहं यज्ञवद् यत् तु सश्रमं सत्वरं मुदा।
सेवितं राजसं तत् तु बहुपूजादिशोभनम्॥ २५॥

पदार्थ–
यत् तु = जुन चाहिँ
यज्ञवत् = यज्ञ जस्तै गरी
सश्रमं = परिश्रम पूर्वक
सत्वरं = चाँडै
बहुपूजादिशोभनम् = धैरै पूजासामग्रीहरूद्वारा सुशोभित भएको
सप्ताहं = सात दिनसम्म
मुदा = खुसीका साथ
सेवितं = सेवन गरिएको (भागवतश्रवणविधि छ)
तत् तु = त्यो चाहिँ
राजसं = राजस विधि हो

वाक्यार्थ– जुन भागवतश्रवणविधिमा यज्ञमा जस्तै गरी परिश्रमपूर्वक तयारी गरिएको हुन्छ, धैरै पूजासामग्रीहरूद्वारा पूजास्थल सुशोभित भएको हुन्छ र जुन श्रवणविधि सात दिनसम्म खुसीका साथ सञ्चालित हुन्छ त्यो श्रवणविधि राजस विधि हो।

मासेन ऋतुना वापि श्रवणं स्वादसंयुतम्।
सात्त्विकं यदनायासं समस्तानन्दवर्धनम्॥ २६॥

पदार्थ–
मासेन = एक महिना लगाएर
ऋतुना वा अपि = अथवा एक ऋतु लगाएर
अनायासं = परिश्रमविना
स्वादसंयुतम् = आस्वादनपूर्वकको
यत् = जुन
श्रवणं = श्रवण गरिन्छ
समस्तानन्दवर्धनम् = सम्पूर्ण आनन्दलाई बढाउने (त्यो)
सात्त्विकं = सात्त्विक श्रवणविधि हो

वाक्यार्थ– एक महिना अथवा एक ऋतु लगाएर परिश्रमविना आस्वादन गर्दै जुन श्रवण गरिन्छ सम्पूर्ण आनन्दलाई बढाउने त्यो विधि सात्त्विक श्रवणविधि हो।

तामसं यत् तु वर्षेण सालसं श्रद्धया युतम्।
विस्मृतिस्मृतिसंयुक्तं सेवनं तच्च सौख्यदम्॥ २७॥

पदार्थ–
वर्षेण = एक वर्ष लगाएर
सालसं = अल्छी गरी-गरी (तर)
श्रद्धया युतम् = श्रद्धाले युक्त भएको
विस्मृतिस्मृतिसंयुक्तं = कहिले बिर्सिएर नगर्ने र कहिले सम्झिएर गर्ने गरिएको
यत् तु = जुन चाहिँ
सेवनं = भागवत सेवन हो
तत् = त्यो
तामसं = तामस सेवन हो
सौख्यदम् च = यो पनि सुखदायक हुन्छ

वाक्यार्थ– एक वर्ष लगाएर अल्छी गरी-गरी तर श्रद्धाले युक्त हुँदै कहिले बिर्सिएर नगर्ने र कहिले सम्झिएर गरिने भागवत सेवन तामस हो र यो पनि सुखदायक हुन्छ।

वर्षमासदिनानां तु विमुच्य नियमाग्रहम्।
सर्वदा प्रेमभक्त्यैव सेवनं निर्गुणं मतम्॥ २८॥

पदार्थ–
वर्षमासदिनानां तु = वर्ष, महिना र दिनको चाहिँ
नियमाग्रहम् = नियमको आग्रहलाई
विमुच्य = छाडेर

सर्वदा एव = सधैँ नै
प्रेमभक्त्या = प्रेम र भक्तिका साथ
सेवनं = गरिने सेवन
निर्गुणं = निर्गुण
मतम् = मानिन्छ

वाक्यार्थ– वर्ष, महिना र दिनको नियमको आग्रहलाई छाडेर सधैँ नै प्रेम र भक्तिका साथ गरिने भागवतसेवनलाई निर्गुण सेवन मानिन्छ।

पारीक्षितेऽपि संवादे निर्गुणं तत् प्रकीर्तितम्।
तत्र सप्तदिनाख्यानं तदायुर्दिनसंख्यया॥ २९॥

पदार्थ–
पारीक्षिते = राजा परीक्षित् र शुकदेवको
संवादे अपि = संवादमा पनि
सप्तदिनाख्यानं = सात दिनसम्म भागवत भनिएको थियो
तत्र = त्यहाँ
तदा = त्यस वेला
आयुर्दिनसंख्यया = राजा परीक्षित्को अवशिष्ट आयुको दिन संख्याको कारण (त्यसो गरिएको हो, तर)
तत् = त्यो भागवत श्रवण
निर्गुणं = निर्गुण
प्रकीर्तितम् = भनिएको छ

वाक्यार्थ– राजा परीक्षित् र शुकदेवको संवादमा पनि सात दिनसम्म भागवत भनिएको थियो, त्यस वेला राजा परीक्षित्को अवशिष्ट आयुको दिन संख्याको कारण त्यसो गरिएको हो, तर त्यो भागवत श्रवण पनि निर्गुण सेवनविधि नै हो।

अन्यत्र त्रिगुणं चापि निर्गुणं च यथेच्छया।
यथा कथञ्चित् कर्तव्यं सेवनं भगवच्छ्रुतेः॥ ३०॥

पदार्थ–
अन्यत्र = भारतवर्षदेखि अतिरिक्त ठाउँमा
यथेच्छया = इच्छा अनुसार
यथा कथञ्चित् = जुन कुनै किसिमले
त्रिगुणं च = राजस, सात्त्विक र तामस सेवन विधि
निर्गुणं च अपि = अथवा निर्गुण विधि अनुसार
भगवच्छ्रुतेः = भागवत श्रवणको
सेवनं = सेवन
कर्तव्यं = गर्नु पर्दछ

वाक्यार्थ– भारतवर्षदेखि अतिरिक्त ठाउँमा इच्छा अनुसार जुन कुनै किसिमले राजस, सात्त्विक र तामस सेवन विधि अथवा निर्गुण विधिअनुसार भागवतको सेवन गर्नु पर्दछ।

ये श्रीकृष्णविहारैकभजनास्वादलोलुपाः।
मुक्तावपि निराकाङ्क्षास्तेषां भागवतं धनम्॥ ३१॥

पदार्थ–
ये = जो
श्रीकृष्णविहारैकभजनास्वाद-लोलुपाः = श्रीकृष्णको लीलाको मात्रै कीर्तनको रसास्वादनका लागि लालायित भएका र
मुक्तौ अपि = मुक्तिमा पनि
निराकाङ्क्षाः = इच्छा नभएका व्यक्तिहरू छन्
तेषां = तिनीहरूको
धनम् = धन
भागवतं = भागवत हो

वाक्यार्थ– श्रीकृष्णको लीलाकीर्तनको रसास्वादनका लागि लालायित भएका र मुक्तिमा पनि इच्छा नभएका जो व्यक्तिहरू छन् तिनीहरूको धन भन्नु नै भागवत हो।

येऽपि संसारसन्तापनिर्विण्णा मोक्षकाङ्क्षिणः।
तेषां भवौषधं चैतत् कलौ सेव्यं प्रयत्नतः॥ ३२॥

पदार्थ–
ये अपि = जो
संसारसन्तापनिर्विण्णाः = संसारको सन्तापले व्याकुल भएका र
मोक्षकाङ्क्षिणः च = मोक्षको चाहना गर्ने भएका छन्
तेषां = तिनीहरूको
भवौषधं = संसाररूपी रोगको औषधि
एतत् = यो भागवत
कलौ = कलियुगमा
प्रयत्नतः = प्रयत्नपूर्वक
सेव्यं = सेवन गर्नुपर्छ

वाक्यार्थ– जो संसारको सन्तापले व्याकुल भएका र मोक्षको चाहना गर्ने व्यक्ति छन् तिनीहरूले कलियुगमा संसाररूपी रोगको औषधिरूप यस भागवतको प्रयत्नपूर्वक सेवन गर्नुपर्छ।

ये चापि विषयारामाः सांसारिकसुखस्पृहाः।
तेषां तु कर्ममार्गेण या सिद्धिः साधुना कलौ॥ ३३॥
सामर्थ्यधनविज्ञानाभावादत्यन्तदुर्लभा।
तस्मात् तैरपि संसेव्या श्रीमद्भागवती कथा॥ ३४॥

पदार्थ–
ये च अपि = जो चाहिँ
विषयारामाः = विषयमा नै रमाउँछन्
सांसारिकसुखस्पृहाः = सांसारिक सुख चाहन्छन्
तेषां तु = तिनीहरूका लागि त
कर्ममार्गेण = कर्ममार्गद्वारा (प्राप्त हुने)
या सिद्धिः = जुन सिद्धि छ
सा अधुना = त्यो अहिले
कलौ = कलि युगमा
सामर्थ्यधनविज्ञानाभावात् = सामर्थ्य, धन र विशेष ज्ञानको अभावले
अत्यन्तदुर्लभा = अत्यन्त दुर्लभ (भएको छ)
तस्मात् = त्यसकारण
तैः अपि = तिनीहरूद्वारा पनि
श्रीमद्भागवती कथा = श्रीमद्भागवत कथाको
संसेव्या = सेवन गर्नुपर्दछ

वाक्यार्थ– जो व्यक्ति विषयमा नै रमाउँछन् र सांसारिक सुख चाहन्छन् तिनीहरूले कर्ममार्गद्वारा प्राप्त गर्ने जुन सिद्धि छ त्यो अहिले कलि युगमा सामर्थ्य, धन र विशेष ज्ञानको अभावले अत्यन्त दुर्लभ भएको छ, त्यसकारण तिनीहरूद्वारा पनि श्रीमद्भागवत कथाको सेवन गर्नुपर्दछ।

धनं पुत्रांस्तथा दारान् वाहनादि यशो गृहान्।
असापत्न्यं च राज्यं च दद्याद् भागवती कथा॥ ३५॥

पदार्थ–
भागवती कथा = भागवतकथाले
धनं = धन

पुत्रान् = छोराहरू
तथा = त्यसै गरी
दारान् = पत्नी
वाहनादि = वाहन आदि
यशः = कीर्ति
गृहान् = घर
राज्यं च = राज्य पनि
असापत्न्यं च = (स्त्रीहरूलाई) सौता नहुने अवस्था
दद्यात् = देला

वाक्यार्थ– भागवतकथाले धन, छोराहरू, पत्नी, वाहन आदि, कीर्ति, घर र राज्य अनि स्त्रीहरूलाई सौता नहुने अवस्था पनि दिन्छ।

इह लोके वरान् भुक्त्वा भोगान् वै मनसेप्सितान्।
श्रीभागवतसङ्गेन यात्यन्ते श्रीहरेः पदम्॥ ३६॥

पदार्थ–
श्रीभागवतसङ्गेन = श्रीभागवतको सङ्गतले (भागवतश्रोता)
इह लोके = यस लोकमा
मनसा = मनले
ईप्सितान् = चाहेका
वरान् = उत्कृष्ट
भोगान् = भोगहरू
भुक्त्वा = भोगेर
अन्ते = अन्त्यमा
श्रीहरेः = श्रीहरिको
पदम् वै = पदमा नै
याति = पुग्दछ

वाक्यार्थ– श्रीभागवतको सङ्गतले भागवतश्रोता यस लोकमा मनले चाहेका उत्कृष्ट भोगहरू भोगेर अन्त्यमा श्रीहरिको पदमा नै पुग्दछ।

यत्र भागवती वार्ता ये च तच्छ्रवणे रताः।
तेषां संसेवनं कुर्याद् देहेन च धनेन च॥ ३७॥

पदार्थ–
यत्र = जहाँ
भागवती वार्ता = भागवतको कथाको कुरा हुन्छ
ये च = र जो
तच्छ्रवणे = भागवत सुन्ने काममा
रताः = लागेका छन्
तेषां च = तिनीहरूको पनि
धनेन = धनद्वारा र
देहेन च = शरीरद्वारा पनि
संसेवनं = सेवा (सहयोग)
कुर्यात् = गर्नू

वाक्यार्थ– जहाँ भागवतको कथाको कुरा हुन्छ र जो भागवत सुन्ने काममा लागेका छन् तिनीहरूको पनि धनद्वारा र शरीरद्वारा पनि सहयोग गर्नू।

तदनुग्रहतोऽस्यापि श्रीभागवतसेवनम्।
श्रीकृष्णव्यतिरिक्तं यत् तत् सर्वं धनसंज्ञितम्॥ ३८॥

पदार्थ–
अस्य अपि = यो सहयोग गर्ने व्यक्तिलाई पनि
तदनुग्रहतः = भगवान् श्रीकृष्णको अनुग्रहले
श्रीभागवतसेवनम् = श्रीभागवतको सेवन गरेको (पुण्य प्राप्त हुन्छ र)
श्रीकृष्णव्यतिरिक्तं = श्रीकृष्णभन्दा भिन्न
यत् = जति पनि पदार्थ छन्
तत् सर्वं = ती सबै

धनसंज्ञितम् = धन हुन्

वाक्यार्थ– सहयोग गर्ने व्यक्तिलाई पनि भगवान् श्रीकृष्णको अनुग्रहले श्रीभागवतको सेवन गरेको पुण्य प्राप्त हुन्छ। श्रीकृष्णभन्दा भिन्न जति पनि पदार्थ छन् ती सबै धन हुन्।

कृष्णार्थीति धनार्थीति श्रोता वक्ता द्विधा मतः।
यथा वक्ता तथा श्रोता तत्र सौख्यं विवर्धते॥ ३९॥

पदार्थ–
श्रोता = श्रोता र
वक्ता = वक्ता
कृष्णार्थी इति = श्रीकृष्णलाई प्राप्त गर्न चाहने र
धनार्थी इति = धन प्राप्त गर्न चाहने गरेर
द्विधा = दुई प्रकारका
मतः = मानिएका छन्
यथा वक्ता = जस्तो वक्ता हुन्छ
तथा श्रोता = त्यस्तै श्रोता भएमा
तत्र = त्यहाँ
सौख्यं = सुख
विवर्धते = बढ्दछ

वाक्यार्थ– श्रोता र वक्ता श्रीकृष्णलाई प्राप्त गर्न चाहने र धन प्राप्त गर्न चाहने गरेर दुई प्रकारका हुन्छन्, जस्तो वक्ता हुन्छ त्यस्तै श्रोता भएमा त्यहाँ सुख बढ्दछ।

उभयोर्वैपरीत्ये तु रसाभासे फलच्युतिः।
किन्तु कृष्णार्थिनां सिद्धिर्विलम्बेनापि जायते॥ ४०॥

पदार्थ–
उभयोः = श्रोता र वक्ता
वैपरीत्ये तु = विपरीत (श्रीकृष्णलाई प्राप्त गर्न चाहने र धन प्राप्त गर्न चाहने) भएमा
रसाभासे = रसको आभास मात्र हुने हुनाले
फलच्युतिः = फल प्राप्त हुँदैन
किन्तु = तर
कृष्णार्थिनां = श्रीकृष्णलाई प्राप्त गर्न चाहनेलाई चाहिँ
विलम्बेन अपि = ढिलै भए पनि
सिद्धिः = फलप्राप्ति
जायते = हुन्छ

वाक्यार्थ– श्रोता र वक्ता विपरीत (श्रीकृष्णलाई प्राप्त गर्न चाहने र धन प्राप्त गर्न चाहने) भएमा रसको आभास मात्र हुने हुनाले फल प्राप्त हुँदैन तर श्रीकृष्णलाई प्राप्त गर्न चाहनेलाई चाहिँ ढिलै भए पनि फलप्राप्ति हुन्छ।

धनार्थिनस्तु संसिद्धिर्विधिसम्पूर्णतावशात्।
कृष्णार्थिनोऽगुणस्यापि प्रेमैव विधिरुत्तमः॥ ४१॥

पदार्थ–
धनार्थिनः = धन प्राप्त गर्न चाहने व्यक्तिलाई
विधिसम्पूर्णतावशात् = अनुष्ठानको विधिको पूर्णताको आधारमा (मात्र)
संसिद्धिः = फलप्राप्ति हुन्छ
अगुणस्य अपि = गुणहीन भए तापनि
कृष्णार्थिनः तु = श्रीकृष्णलाई प्राप्त गर्न चाहने व्यक्तिका लागि चाहिँ
प्रेम एव = प्रेम नै
उत्तमः = उत्तम
विधिः = विधि हो

वाक्यार्थ– धन प्राप्त गर्न चाहने व्यक्तिलाई अनुष्ठानको विधिको पूर्णताको आधारमा फलप्राप्ति

हुन्छ, गुणहीन भए तापनि श्रीकृष्णलाई प्राप्त गर्न चाहने व्यक्तिका लागि चाहिँ प्रेम नै उत्तम विधि हो।

आसमाप्ति सकामेन कर्त्तव्यो हि विधिः स्वयम्।
स्नातो नित्यक्रियां कृत्वा प्राश्य पादोदकं हरेः॥ ४२॥
पुस्तकं च गुरुं चैव पूजयित्वोपचारतः।
ब्रूयाद् वा शृणुयाद् वापि श्रीमद्भागवतं मुदा॥ ४३॥

पदार्थ—
सकामेन = सकाम कर्म गर्ने व्यक्तिले
आसमाप्ति = अनुष्ठानको समाप्ति नहुन्जेलसम्म
स्वयम् हि = आफैं नै
विधिः = अनुष्ठानको विधि
कर्त्तव्यः = पालन गर्नुपर्छ
स्नातः = स्नान गरी
नित्यक्रियां = नित्य कर्म
कृत्वा = गरेर
हरेः = भगवान् श्रीहरिको
पादोदकं = चरणोदक
प्राश्य = आचमन गरेर
पुस्तकं च = पुस्तकको र
गुरुं च एव = गुरुको पनि
उपचारतः = विधिपूर्वक
पूजयित्वा = पूजा गरेर
मुदा = प्रसन्न भएर
श्रीमद्भागवतं = श्रीमद्भागवतको
ब्रूयात् वा = वाचन गर्नू र
शृणुयात् वा अपि = श्रवण पनि गर्नू

वाक्यार्थ— सकाम कर्म गर्ने व्यक्तिले अनुष्ठानको समाप्ति नहुन्जेलसम्म आफैं नै अनुष्ठानको विधि पालन गर्नुपर्छ। स्नान गरी नित्य कर्म गरेर भगवान् श्रीहरिको चरणोदक आचमन गरेर पुस्तकको र गुरुको पनि विधिपूर्वक पूजा गरेपछि प्रसन्न भई श्रीमद्भागवतको वाचन र श्रवण गर्नू।

पयसा वा हविष्येण मौनं भोजनमाचरेत्।
ब्रह्मचर्यमधःसुप्तिं क्रोधलोभादिवर्जनम्॥ ४४॥

पदार्थ—
पयसा = दुध
हविष्येण वा = अथवा हविष्यान्नको
मौनं भोजनम् = नबोलिकन भोजन
आचरेत् = गर्नू
ब्रह्मचर्यम् = ब्रह्मचर्य र
अधःसुप्तिं = (खाटमा नसुती) भुईंमा सुत्नू
क्रोधलोभादिवर्जनम् = क्रोध, लोभ आदि छोड्नू

वाक्यार्थ— भागवतको वक्ता र श्रोताले नबोलिकन दुध अथवा हविष्यान्नको भोजन गर्नू, ब्रह्मचर्यमा रही भुईंमा सुत्नू र क्रोध, लोभ आदि छोड्नू।

कथान्ते कीर्त्तनं नित्यं समाप्तौ जागरं चरेत्।
ब्राह्मणान् भोजयित्वा तु दक्षिणाभिः प्रतोषयेत्॥ ४५॥

पदार्थ—
कथान्ते = भागवत कथाको अन्त्यमा
नित्यं = प्रत्येक दिन
कीर्त्तनं = श्रीहरिको कीर्तन गर्नू र

समाप्तौ तु = कथासमाप्तिको दिनमा चाहिँ
जागरं चरेत् = जागरण पनि बस्नू (अनि)
ब्राह्मणान् = ब्राह्मणहरूलाई
भोजयित्वा = भोजन गराएर
दक्षिणाभिः = दक्षिणाहरूद्वारा
प्रतोषयेत् = खुसी बनाउनू

वाक्यार्थ– भागवत कथाको अन्त्यमा प्रत्येक दिन श्रीहरिको कीर्तन गर्नू र कथासमाप्तिको दिनमा चाहिँ जागरण पनि बस्नू। त्यसपछि ब्राह्मणहरूलाई भोजन गराएर दक्षिणाहरू दिएर खुसी बनाउनू।

गुरवे वस्त्रभूषादि दत्त्वा गां च समर्पयेत्।
एवं कृते विधाने तु लभते वाञ्छितं फलम्॥ ४६॥

पदार्थ–
गुरवे = कथावाचक गुरुलाई
वस्त्रभूषादि = वस्त्र, आभूषण आदि
दत्त्वा = दिएर
गां च = गाई पनि
समर्पयेत् = दिनू
एवं विधाने = यस्तो विधि
कृते तु = गरेपछि चाहिँ
वाञ्छितं = इच्छा गरेको
फलम् = फल
लभते = प्राप्त गर्दछ

वाक्यार्थ– कथावाचक गुरुलाई वस्त्र, आभूषण आदि दिएर गाई पनि दिनू। यस्तो विधि गरेपछि भागवतश्रोताले इच्छा गरेको फल प्राप्त गर्दछ।

दारागारसुतान् राज्यं धनादि च यदीप्सितम्।
परन्तु शोभते नात्र सकामत्वं विडम्बनम्॥ ४७॥

पदार्थ–
दारागारसुतान् = पत्नी, घर, छोरा आदि
राज्यं = राज्य
धनादि च = धन आदि
यत् ईप्सितम् = जे चाहेको हो त्यो (सबै प्राप्त हुन्छ)
परन्तु = तर
सकामत्वं = सकामभाव
विडम्बनम् = बिडम्बना हो
अत्र = यस भागवत कथामा
न शोभते = शोभित हुँदैन

वाक्यार्थ– भागवतकथा श्रवणबाट पत्नी, घर, छोरा, राज्य, धन आदि चाहेको कुरा प्राप्त हुन्छ तर सकामभाव लिएर भागवतकथा श्रवण गर्नु बिडम्बना हो, सकामभाव भागवत कथामा शोभित हुँदैन।

कृष्णप्राप्तिकरं शश्वत् प्रेमानन्दफलप्रदम्।
श्रीमद्भागवतं शास्त्रं कलौ कीरेण भाषितम्॥ ४८॥

पदार्थ–
कीरेण = श्रीशुकदेवद्वारा
भाषितम् = भनिएको
श्रीमद्भागवतं शास्त्रं = श्रीमद्भागवत शास्त्रले
कलौ = कलियुगमा
कृष्णप्राप्तिकरं = भगवान् श्रीकृष्णको प्राप्ति गराउँछ र
शश्वत् = नित्य
प्रेमानन्दफलप्रदम् = प्रेमानन्दरूप फल प्रदान गर्दछ

वाक्यार्थ– श्रीशुकदेवद्वारा उपदेश गरिएको श्रीमद्भागवत शास्त्रले कलियुगमा साक्षात् भगवान्

श्रीकृष्णको प्राप्ति गराउँछ र नित्य प्रेमानन्दरूप फल प्रदान गर्दछ।

इति श्रीस्कान्दे महापुराण एकाशीतिसाहस्त्र्यां संहितायां द्वितीये वैष्णवखण्डे श्रीमद्भावगतमाहात्म्ये भागवतश्रोतृवक्तृलक्षणश्रवणविधिनिरूपणं नाम चतुर्थोऽध्यायः॥ ४ ॥